# बन्दी प्रत्यक्षीकरण निर्णय संग्रह

## सर्वोच्च अदालत

## भाग २



नेपाल कानून समाज
Nepal Law Society

# बन्दी प्रत्यक्षीकरण निर्णय संग्रह

## सर्वोच्च अदालत

भाग २

**नेपाल कानून समाज**
Nepal Law Society
अनामनगर, काठमाण्डौ, नेपाल
फोनः ४२४६६५०, ४२२८४९७ फ्याक्सः ४२४६६५०
पोष्टबक्सः १३२११, ई-मेलः nls@wlink.com.np

**प्रकाशक** नेपाल कानून समाज
अनामनगर, काठमाडौं, नेपाल
पो.ब.नं. १३२११

**सर्वाधिकार ©** नेपाल कानून समाज

**प्रकाशित मिति** २०६६ भाद्र (August 2009)

**प्रकाशन प्रति** १०००

**मुद्रण** वाणी अफसेट मुद्रणालय
टेकु, काठमाण्डौ
४२६००५२

**सहयोग**

USAID | NEPAL FROM THE AMERICAN PEOPLE

The Asia Foundation

---

**यो प्रकाशन सम्बन्धित क्षेत्रका सरोकारवालाहरुको राय सुझावको आधारमा तयार पारी संयुक्त राज्य अमेरिकाको अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत् अमेरिकी जनताको सहयोगमा प्रकाशन भएको हो । यस अध्ययन प्रतिवेदनमा समाविष्ट विचार तथा विषयवस्तुका लागि नेपाल कानून समाज जिम्मेवार छ र यसले युएसएआइडी वा अमेरिकी सरकारको दृष्टिकोण प्रतिवम्बित गर्ने छैन**

# प्रकाशकीय

नेपाल कानून समाज नेपालमा न्यायिक मूल्य र मान्यताको प्रवर्द्धन गरी कानूनी राज्यको स्थापनाका निम्ति सहयोग गर्ने उद्देश्यले वि.सं. २०३८ सालदेखि कार्यरत रही आएको छ । यस बीचमा आफ्नो उद्देश्य पूरा गर्ने क्रममा नेपाल कानून समाजले न्याय र कानूनसँग सम्बन्धित विभिन्न विषयमा थुप्रै अध्ययन अनुसन्धान र प्रकाशनहरु गर्नुका अतिरिक्त तालिम, गोष्ठी र कार्यशालाहरु सञ्चालन गरी न्यायक्षेत्र सम्बद्ध सरोकारवालाहरुको क्षमता विकासमा पनि काम गरी आएको छ । बास्तवमा संविधानवाद, कानूनी राज्य, न्यायिक स्वतन्त्रता र सुशासन जस्ता लोकतन्त्रात्मक राज्यव्यवस्थाको आधारस्तम्भका रुपमा रहेका यी विषयहरुमा निरन्तर सुधार र प्रवर्धनका लागि एउटा सहयात्रीका रुपमा सहभागी हुन पाउँदा हामीले गौरवान्वित महशुस गरेका छौं ।

संवैधानिक सर्वोच्चताको संरक्षण गर्दै कानूनी राज्यको अवधारणालाई यथार्थतामा परिणत गर्ने दिशामा न्यायपालिकाले संधै पहरेदारको भूमिका खेलेको हुन्छ । खास गरेर राज्यको स्वेच्छाचारी कार्यका विरुद्ध नागरिक हक अधिकारहरुको संरक्षणका लागि न्यायपालिकाले अभिभावकत्वको भूमिका खेलेको हुन्छ । संविधान र कानूनद्वारा प्रदत्त वैयक्तिक स्वतन्त्रताको संरक्षणमा नेपालको न्यायपालिकाले पनि महत्वपूर्ण भूमिका खेली आएको छ । कानून र व्यवस्थाको सामान्य अवस्थामा मात्र होइन, राज्य जनयुद्धबाट गुज्रीरहेको कठिनतम परिस्थितिमा पनि न्यायका शास्वत मूल्य र मान्यताबाट अलिकति पनि विचलित नभई नेपालको न्यायपालिकाले अदम्य शाहस र धैर्यताका साथ आफ्नो भूमिकालाई निरन्तर अगाडि बढाई रहेको छ । यसक्रममा गैरकानूनी थुना विरुद्ध नागरिक स्वतन्त्रताको सुरक्षा कवचको रुपमा मानिने बन्दी प्रत्यक्षीकरणको रिट मार्फत सर्वोच्च अदालतले नागरिक स्वतन्त्रताका पक्षमा आफ्नो अटल आस्था मात्र व्यक्त गरिरहेको छैन कि विना आधार र कारण नागरिक हक अधिकार माथि आक्रमण गर्ने राज्यशक्तिको मनोमानी प्रयोगका विरुद्धमा खबरदारी पनि गरिरहेको छ ।

यसप्रकार न्यायपालिकाबाट महत्वपूर्ण कार्यहरु हुँदाहुँदै पनि यी कार्यहरु यथोचित मात्रामा प्रकाशनमा आउन नसक्दा कानूनी राज्यको स्थापना, नागरिक स्वतन्त्रताको रक्षा तथा लोकतान्त्रिक मूल्य र मान्यताको प्रवर्द्धन निम्ति न्यायपालिकाले पुर्‍याएको योगदान सर्वोच्च अदालतको अभिलेख शाखामा सीमित रहन पुगेको छ । नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन मार्फत केही फैसलाहरु प्रकाशन हुने गरे पनि जम्मा फैसलाको करिव ५ प्रतिशत मात्र तिनमा स्थान पाउने गरेको पाइन्छ । त्यसमा पनि यी पत्रिकाहरुको प्रकाशन र वितरण सीमित संख्यामा मात्र हुने कारणले गर्दा जनसाधारण समक्ष यिनीहरु पुग्न सकेको अवस्था छैन । साथै सर्वोच्च अदालतबाट भएका फैसला र प्रतिपादित कानूनी सिद्धान्तहरु सबै अदालत र निकायहरुका निम्ति नजिर हुने र सबैले पालन गर्नुपर्ने बाध्यता रहने कारणले पनि यिनको पर्याप्त प्रकाशन हुनु जरुरी छ । यही महत्वलाई दृष्टिगत गरी नेपाल कानून समाजले सर्वोच्च अदालतको स्थापनाकाल देखि नै बन्दी प्रत्यक्षीकरणको रिट निवेदनमा भएका फैसलाहरु पाँचवटा भागमा प्रकाशन गरी आएको थियो । यस अघि २०४६ सालसम्म भएका फैसलाहरुको प्रकाशन गरिएकोमा सोही क्रमलाई निरन्तरता दिने उद्देश्यले यसपटक २०४७ सालदेखि २०६५ सालसम्म भएका बन्दीप्रत्यक्षीकरणका फैसलाहरु दुईवटा भागमा प्रकाशन गर्न लागिएको छ । आशा छ यो प्रकाशनबाट बन्दी प्रत्यक्षीकरणको निवेदनमा सर्वोच्च अदालतबाट भएका फैसलाका सम्बन्धमा अध्ययन अनुसन्धान गर्न चाहने सबैका निम्ति सहयोग पुग्ने छ ।

अन्तमा यो प्रकाशनका निम्ति बारम्बार प्रेरणा प्रदान गर्नुहुने सम्माननीय प्रधान न्यायाधीश श्री मीनबहादुर रायमाझीज्यू प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यो प्रकाशनमा निरन्तर उत्साह थपिदिनु भएकोमा पूर्व प्रधान न्यायाधीश श्री केदार प्रसाद गिरीज्यू प्रति पनि हार्दिक आभार व्यक्त गर्दछु । यसैगरी प्रकाशन

अनुमति प्रदान गर्नु भएकोमा सम्पादन समिति सर्वोच्च अदालतप्रति धन्यवाद ज्ञापन गर्दछु । प्रस्तुत प्रकाशनका निम्ति फैसलाहरु उपलब्ध गराई सहयोग गर्नु भएकोमा सर्वोच्च अदालत सम्पादन शाखाका प्रमुख श्री तेजेन्द्र प्रसाद शर्मा तथा वहाँका सहयोगीहरु प्रति पनि धन्यवाद व्यक्त गर्न चाहन्छु । नेपाल कानून समाजले The Asia Foundation को सहयोगमा “कानूनी शासन” कार्यक्रम अन्तर्गत यस फैसला संग्रहको प्रकाशन गरिएको छ । यसको लागि The Asia Foundation का कानूनी शासनको सुदृढीकरण कार्यक्रमका प्रमुख श्री गोविन्द दास श्रेष्ठलाई नेपाल कानून समाज विशेष धन्यवाद ज्ञापन गर्दछ । त्यसैगरी प्रस्तुत प्रकाशनको प्रकाशकीय कार्यमा सहयोग गर्नु भएकोमा कार्यकारी सदस्य श्री उदय नेपाली श्रेष्ठ, कार्यकारी निर्देशक श्री कृष्णमान प्रधान र सर्वोच्च अदालतका सह-रजिष्ट्रार तिलप्रसाद श्रेष्ठलाई पनि धन्यवाद ज्ञापन गर्दछु । अन्तमा कम्प्युटर टाईप तथा डिजाईनिङ गरी सहयोग गर्नुहुने श्री भवानी कायष्ठ तथा श्री गणेशमान प्रधान पनि धन्यवादका पात्र हुनुहुन्छ ।

कुसुम श्रेष्ठ
अध्यक्ष
नेपाल कानून समाज

२०६६ भाद्र

# विषयसूची



| सि.नं. | पक्ष/विपक्षको नाम | विषय | पृष्ठ |
|---|---|---|---|
| १. | जिल्ला रुपन्देही वेतकुइया गा.वि.स. वडा नं. ४ घर भै हाल कारागार शाखा रुपन्देहीमा थुनामा रहेको महेश चमारको हकमा कानून अन्वेषण तथा श्रोत विकास केन्द्र (सेलर्ड) मा कार्यरत अधिवक्ता आशिष अधिकारी<br>विरुद्ध<br>श्री ५ को सरकार गृह मन्त्रालय, सिंहदरवार समेत | बन्दीप्रत्यक्षीकरण लगायत जो चाहिने आज्ञा आदेश वा पुर्जी जारी गरी गैर कानुनी थुनाबाट मुक्त गराई पाउँ<br>आदेश मितिः २०५९।५।३।२ | १ |
| २. | काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.१४ घर भै हाल कारागार शाखा काठमाडौं अन्तर्गत केन्द्रीय जेलमा थुनामा रहेको अर्जुन राजभण्डारी<br>विरुद्ध<br>कारागार शाखा सुन्धारा काठमाडौ समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०५९।५।११ | ६ |
| ३. | काठमाडौं जिल्ला गोलढुंगा गा.वि.स. वडा न. १ घर भै हाल का.जि.का.म.न.पा. वडा नं ३१ कानून व्यवसाय गरी बस्ने हाल पक्राउमा परेका अधिवक्ता खिमलाल देवकोटाको हकमा निजको श्रीमती लक्ष्मी देवकोटा<br>विरुद्ध<br>श्री ५ को सरकार, गृह मन्त्रालय समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०५९।६।८ | १० |
| ४. | काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३४ बस्ने अधिवक्ता रमणकुमार श्रेष्ठको हकमा ऐ. बस्ने निजको पत्नी अधिवक्ता विश्वकुमारी श्रेष्ठ<br>विरुद्ध<br>श्री ५ को सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं समेत | बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ<br>आदेश मितिः २०५९।६।१८।६ | १६ |
| ५. | कपिलवस्तु जिल्ला पथरिया गा.वि.स. वडा नं. ६ घर भई आल कारागार शाखा, काठमाडौं जगन्नाथ देवलमा थुनामा रहेका बोधराज खनाल<br>विरुद्ध<br>श्री ५ को सरकार, रक्षा मन्त्रालय समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०५९।८।१२।५ | २१ |
| ६. | काठमाडौं जिल्ला सांगला गा.वि.स. वडा नं. ९ घर भै हाल केन्द्रिय कारागार शाखा भद्रगोलमा थुनामा रहेका वर्ष १५ को नाबालक दिवाकर अधिकारीको हकमा अच्यूत अधिकारी<br>विरुद्ध<br>गृह मन्त्रालय समेत | बन्दीप्रत्यक्षीकरण, परमादेश<br>आदेश मितिः २०५९।९।२।३ | २३ |
| ७. | जि. चितवन चैनपुर गा.वि.स. वडा नं. २ घर भै हाल कारागार शाखा भरतपुरमा थुनामा रहेका एकराज डल्लाकोटीको हकमा निजका भतिजा ऐ. घर भई हाल का.म.न.पा. वडा नं. १ भोटेबहाल बस्ने सीताराम डल्लाकोटी<br>विरुद्ध<br>श्री ५ को सरकार गृह मन्त्रालय सिंहदरवार, काठमाण्डौ समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०५९।९।२६।६ | २७ |
| ८. | मोरङ जिल्ला राजघाट गा.वि.स.घर भै हाल केन्द्रिय कारागारमा थुनामा बस्ने सागर भट्टराईको हकमा यमुना खनाल<br>विरुद्ध<br>श्री ५ को सरकार गृह मन्त्रालय सिंहदरवार, काठमाण्डौ समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेशमितिः २०५९।१०।२१।२ | ३३ |

| सि.नं. | पक्ष/विपक्षको नाम | विषय | पृष्ठ |
|---|---|---|---|
| ९. | जिल्ला दोलखा खारे गा.वि.स. वडा नं. ५ घर भै हाल गैरकानूनी थुनामा रहेको हरिद्वार कुंवरको हकमा वासुदेव कुंवर<br>विरुद्ध<br>श्री ५ को सरकार गृह मन्त्रालय, काठमाडौ समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०५९।१०।२७ | ३७ |
| १०. | जि. धादिङ सल्यान गा.वि.स. घर भई हाल कारागार शाखा नख्खुमा गैरकानूनी रुपमा थुनामा रहेका देव श्रेष्ठको हकमा ललितबहादुर श्रेष्ठ<br>विरुद्ध<br>जिल्ला प्रशासन कार्यालय, ललितपुर समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०५९।११।२० | ४२ |
| ११. | जि.ललितपुर भट्टेडाँडा गा.वि.स.वा.नं. २ घर भै हाल कारागार शाखा, नख्खुजेल, ललितपुरमा थुनामा रहेका कृष्णप्रसाद तिमिल्सिनाको हकमा निजको भान्जा ऐ. माल्टा गा.वि.स. वडा नं. ७ बस्ने मणि घिमिरे<br>विरुद्ध<br>जिल्ला प्रशासन कार्यालय, ललितपुर समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०५९।११।२०।३ | ४५ |
| १२. | तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ८ घर भै हालकेन्द्रीय कारागार शाखा जगन्नाथ देवल काठमाण्डौंमा थुनामा रहेका वर्ष २३ को अतिन्द्र न्यौपानेको हकमा अभिवक्ता मदन रेग्मी<br>विरुद्ध<br>श्री ५ को सरकार, गृह मन्त्रालय सिंहदरवार काठमाण्डौं समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०५९।११।२३ | ४९ |
| १३. | काभ्रेपलान्चोक जिल्ला चापाखुरी गा.वि.स. वडा नं ४ बस्ने वर्ष २१ को मिलन लामाको हकमा निजको बाबु ऐ.ऐ. बस्ने वर्ष ५३ को बाबुलाल तामाङ्ग<br>विरुद्ध<br>जिल्ला प्रशासन कार्यालय, भक्तपुर समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०५९।११।२३ | ५३ |
| १४. | सोलुखुम्बु जिल्ला पार्वे गा.वि.स. वडा नं. १ घर भई का.जि. बौद्ध बस्ने हाल केन्द्रीय कारागार शाखा, काठमाडौंमा थुनामा रहेका गोम्बु सेर्पाको हकमा फुर ग्याल्जेन सेर्पा<br>विरुद्ध<br>श्री ५ को सरकार गृह मन्त्रालय, सिंहदरवार काठमाण्डौ समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०५९।१२।४ | ५७ |
| १५. | जिल्ला काभ्रेपलान्चोक, च्यासीखर्क गा.वि.स. वडा नं. ५ घर भै हाल कारागार शाखा काठमाण्डौमा नजरबन्द राखिएका वीरेन्द्र भ्लोन भन्ने वीरेन्द्र सिंह भ्लोनको हकमा श्याम तामाङ<br>विरुद्ध<br>जिल्ला प्रशासन कार्यालय, भक्तपुर समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०५९।१२।४ | ६० |
| १६. | जिल्ला सिन्धुली पुरानो झाँगा झोली गा.वि.स. वडा नं ४ घर भै हाल केन्द्रिय कारागार शाखामा थुनामा रहेका विनोद दाहालको हकमा पुष्करप्रसाद दाहाल<br>विरुद्ध<br>श्री ५ को सरकार, गृह मन्त्रालय, काठमाण्डौ समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०५९।१२।६ | ६३ |
| १७. | जि. काभ्रे वल्थली-६ घर भै हाल भद्रबन्दीगृह काठमाडौंमा थुनामा रहेको मानवहादुर तामाङ्गको हकमा ऐ. बस्ने धनबहादुर तामाङ्ग<br>विरुद्ध<br>श्री ५ को सरकार, गृह मन्त्रालय काठमाडौं समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०५९।१२।७६ | ६७ |
| १८. | दाङ्ग जिल्ला नारायणपुर-९ बस्ने हाल केन्द्रिय कारागार शाखा महिला बन्दीगृहमा थुनामा रहेकी कुशुम शर्माको हकमा का.जि.का.म.न.पा. वार्ड नं. ४ बस्ने कृष्णा लम्साल<br>विरुद्ध<br>श्री ५ को सरकार गृह मन्त्रालय,काठमाण्डौ समेत | बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी पाउँ<br>आदेश मितिः २०५९।१२।१७।२ | ७० |

| सि.नं. | पक्ष/विपक्षको नाम | विषय | पृष्ठ |
|---|---|---|---|
| १९. | गोरखा जिल्ला हर्मी गा.वि.स. वडा नं. ७ घर भई हाल केन्द्रीय कारागार शाखामा गैरकानूनी रुपमा थुनामा रहेका रामजी पराजुलीको हकमा श्यामसुन्दर पराजुली<br>विरुद्ध<br>श्री ५ को सरकार, गृह मन्त्रालय समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०५९।१२।१८ | ७४ |
| २०. | जाजरकोट जिल्ला नायकवाडा गा.वि.स. वार्ड नं. ९ घर भई हाल गैरकानूनी थुनामा रहेका वर्ष २५ को महेशकुमार चलाउनेको हकमा एडभोकेसी फोरमका अभिवक्ता सीताशरण मण्डल<br>विरुद्ध<br>श्री ५ को सरकार गृह मन्त्रालय समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०५९।१२।२५।३ | ७८ |
| २१. | नुवाकोट जिल्ला कुमारी गा.वि.स वडा नं. १ घर भई हाल कारागार शाखा काठमाडौं भद्रबन्दी गृहमा थुनामा बस्ने दिपकराज मुडवरीको हकमा रामप्रसाद आचार्य<br>विरुद्ध<br>कारागार शाखा काठमाडौं समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०६०।१।२।३ | ८१ |
| २२. | चन्द्रबहादुर श्रेष्ठको छोरा काभ्रेपलान्चोक जिला होक्से गा.वि.स. वडा नं. ३ घर भई हाल केन्द्रीय कारागार, जगन्नाथ देवल, सुन्धारा काठमाडौंमा गैरकानूनी रुपमा थुनामा रहेको वर्ष १८ को राजकुमार श्रेष्ठको हकमा ऐ. को पिता ऐ. ऐ. बस्ने वर्ष ४१ को चन्द्रबहादुर श्रेष्ठ<br>विरुद्ध<br>श्री ५ को सरकार, गृह मन्त्रालय, मुकाम सिंहदारवार, काठमाडौं समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०६०।१।१२ | ८४ |
| २३. | का.जि.का.म.न.पा वडा नं १४ बस्ने वर्ष ४७ को कृष्ण गोपाल गुप्ताको हकमा निजको पत्नी मीना गुप्ता<br>विरुद्ध<br>जिल्ला प्रहरी कार्यालय, हनुमानढोका, काठमाण्डौ समेत | बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ<br>आदेश मितिः२०६०।१।१५ | ८९ |
| २४. | धादिङ्ग जिल्ला वेनीघाट गा.वि.स. वडा नं. २ घर भई हाल कारागार शाखा धादिङ्गमा थुनामा रहेको वर्ष २० को दिपकराज सिलबालको हकमा ध्रुवप्रसाद सिलवाल<br>विरुद्ध<br>श्री ५ को सरकार, गृह मन्त्रालय, काठमाण्डौ समेत | बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ<br>आदेश मितिः २०६०।१।१७ | ९२ |
| २५. | काभ्रे जिल्ला पोखरीचौरी गा.वि.स. वडा नं. ३ घर भई हाल केन्द्रीय कारागार काठमाडौंमा गैरकानूनी थुनामा रहेका प्रेम चौलागाईको हकमा कृष्णकुमारी श्रेष्ठ<br>विरुद्ध<br>श्री ५ को सरकार, गृह मन्त्रालय सिंहदरबार, काठमाडौं समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०६०।१।२२।२ | ९६ |
| २६. | काभ्रे जिल्ला च्यासिखर्क वडा नं. ८ घर भई हाल केन्द्रीय कारागार काठमाडौंमा गैरकानूनी थुनामा रहेको विकास वि.क. को हकमा दुर्गाबहादुर वि.क.<br>विरुद्ध<br>गृह मन्त्रालय समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०६०।१।२३।३ | १०० |
| २७. | धादिङ जिल्ला कुम्पुर गा.वि.स. वडा नं.३ घर भै हाल जिल्ला प्रशासन कार्यालय धादिङमा गैरकानूनी थुनामा रहेको टिका दत्त शर्माको हकमा रमेश थपलिया<br>विरुद्ध<br>गृह मन्त्रालय, काठमाडौ | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०६०।२।५ | १०४ |

| सि.नं. | पक्ष/विपक्षको नाम | विषय | पृष्ठ |
|---|---|---|---|
| २८. | सिन्धुपाल्चोक जिल्ला ठूलो पाखर ४ घर भई हाल का.जि.का. म.न.पा.वा.नं. ३५ हाल कारागार शाखा चितवनमा गैर कानुनी थुनामा रहेका वर्ष २२ का संजय भन्ने टेकबहादुर श्रेष्ठको हकमा श्रीबहादुर श्रेष्ठ समेत<br>विरुद्ध<br>श्री ५ को सरकार गृह मन्त्रालय काठमाडौ समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०६०।२।७४ | १०८ |
| २९. | जापान घर भई हाल कारागार शाखा जगन्नाथ देवल त्रिपुरेश्वर काठमाडौं अन्तर्गत भद्र बन्दी गृहमा थुनामा रहेको वर्ष २२ को कोजीमा दायक्ष्यको हकमा का.जि.का.म.न.पा. वडा नं. ३० ज्याठा बस्ने वर्ष ३६ की लक्ष्मी प्रजापति<br>विरुद्ध<br>अध्यागमन कार्यालय काठमाडौं समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०६०।२।२३।६ | ११२ |
| ३०. | का.जि.का.म.न.पा. वडा नं. २१ जैशीदेवलको हाल कारागार शाखा काठमाडौं थुनामा बस्ने मैया मानन्धर<br>विरुद्ध<br>काठमाडौं जिल्ला अदालत समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०६०।३।१८।४ | ११५ |
| ३१. | चितवन जिल्ला रत्ननगर नगरपालिका वडा नं १ घर भै हाल जि . का. का. म. न. पा. वडा नं. १७ बस्ने वर्ष २६ को अधिवक्ता राजुप्रसाद चापागाई समेत<br>विरुद्ध<br>मन्त्रिपरिषद सचिवालय समेत | उत्प्रेषण लगायतको जे जो चाहिने आज्ञा आदेश जारी गरिपाऊँ<br>आदेश मितिः २०६०।५।११ | ११७ |
| ३२. | बाँके जिल्ला नौवस्ता गा.वि.स. वडा नं. ८ गिदरपुर बस्ने १८ वर्षीय राजबहादुर थारुको हकमा एडभोकेसी फोरमको तर्फबाट अभिवक्ता सीताशरण मण्डल<br>विरुद्ध<br>श्री ५ को सरकार गृह मन्त्रालय, सिहदरवार समेत | बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ<br>आदेश मितिः२०६०।७।१४ | १२३ |
| ३३. | चीन स्थित स्यान्ज्याङ प्रान्त घर भई हाल कारागार शाखा जगन्नाथदेवलमा थुनामा रहेका अबुडुकेलिम अबुलिमिटीको हकमा लक्ष्मी प्रजापति (महर्जन)<br>विरुद्ध<br>अध्यागमन विभाग, भृकुटीमण्डप, काठमाण्डौ समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०६०।७।१७ | १२७ |
| ३४. | तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं. २ घर भै हाल वडा प्रहरी कार्यालय सिंहदरवारमा थुनामा रहेको गोविन्दराज जोशीको हकमा का.म.न.पा. वडा नं. १६ पकनाजोल बस्ने मदन रेग्मी<br>विरुद्ध<br>अख्तियार दुरुपयोग अनुसन्धान आयोग बबरमहल, काठमाडौं समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०६०।७।२५।३ | १३२ |
| ३५. | तुलसीप्रसादको छोरा ल.पु.जि. भट्टेडाँडा गा.वि.स.वार्ड नं. १ घर भै हाल ल.पु.जि ल.पु.उ. म.न.पा.वार्ड नं. १७ बस्ने वर्ष ४१ को कपिलमणि चौरेलको हकमा का.जि का.म.न.पा.वार्ड नं. ३५ बस्ने निर्मल कुमार खड्का<br>विरुद्ध<br>जिल्ला प्रहरी कार्यालय, हनुमानढोका, काठमाडौं समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०६०।८।१० | १५१ |
| ३६. | डोलानाथको छोरा जिल्ला चितवन रत्ननगर न.पा. वडा नं. १३ जयमंगल घर भई हाल का.जि.का. म.न.पा. वडा नं. ७ चावहिलमा डेरा गरी बस्ने वर्ष ३५को ज्ञानेन्द्र त्रिपाठीको हकमा ऐ.ऐ बस्ने वर्ष ३३ की शर्मिला त्रिपाठी (पन्त)<br>विरुद्ध<br>श्री ५ को सरकार मन्त्रिपरिषद सचिवालय, सिंहदरवार समेत | बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ<br>आदेश मितिः २०६०।८।१२।६ | १५४ |

| सि.नं. | पक्ष/विपक्षको नाम | विषय | पृष्ठ |
|---|---|---|---|
| ३७. | म्याग्दी जिल्ला पुलाचौर गा.वि.स. वडा नं. ९ घर भई बेनीबजार बसोवास गरी आएको भूतपूर्व प्रतिनिधिसभा सदस्य चन्द्रप्रकाश बानियाँको हकमा एकाघरकी छोरी प्रमिला बानियाँ<br>विरुद्ध<br>प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय बेनी, म्याग्दी समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०६०।८।१७।४ | १५८ |
| ३८. | जिल्ला चितवन गा.वि.स. पर्सा गैरहनी गा.वि.स. वार्ड नं. ४ घर भै हाल गैह्र कानूनी रुपमा गिरफ्तारमा परी थुनामा रहेका केदार रिजालको हकमा धादिङ जिल्ला घर भै हाल का. जि. का. म. न. पा. वार्ड नं. २७ बस्ने प्रल्हाद रिजाल<br>विरुद्ध<br>श्री ५ को सरकार, रक्षा मन्त्रालय सिंहदरवार, काठमाडौं समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः२०६०।८।२२ | १६४ |
| ३९. | का.जि.का.म.न.पा. वडा नं. ७ डेरा गरी बस्ने र हाल सुरक्षा फौजले कब्जामा लिएको भनिएका सी.एन. (चेतनाथ) ढुंगानाको हकमा ऐ.ऐ. बस्ने निजकी श्रीमती अनु प्रधान (ढुंगाना)<br>विरुद्ध,<br>श्री ५ को सरकार रक्षा मन्त्रालय, सिंहदरवार समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मिति २०६०।८।२४।४ | १६८ |
| ४०. | वडा प्रहरी कार्यालय, महाराजगन्ज अन्तर्गत प्रहरी विट गोंगवु काठमाडौमा कार्यरत भई हाल जिल्ला प्रहरी कार्यालय हनुमानढोका, काठमाडौमा गैरकानूनी थुनामा रहेका प्रहरी जवान मदन नारायण श्रेष्ठको हकमा अधिवक्ता सत्यनारायण अधिकारी<br>विरुद्ध<br>प्रहरी उपरिक्षक, दीपक रञ्जित, जि.प्र.का. हनुमानढोका,काठमाडौ समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः२०६०।८।२६ | १७२ |
| ४१. | जि.सप्तरी वरही वीरपुर गा.वि.स.वा.नं. ६ मा गैरकानूनी रुपले थुनिएको भनी उल्लेख भएकी श्रीमती इन्दुदेवी झा समेत<br>विरुद्ध<br>जि.सप्तरी वरही वीरपुर गा.वि.स.वा.नं. ६ मा बस्ने हिरालाल झा समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०६०।१२।१८ | १७६ |
| ४२. | कोरीयन नागरिक हाल कारागार शाखा जगन्नाथ देवल अन्तर्गत भद्रबन्दी गृहमा थुनामा रहेको कोजीमा दायक्षुको हकमा लक्ष्मी प्रजापती (महर्जन)<br>विरुद्ध<br>अध्यागमन विभाग भृकुटी मण्डप काठमाडौं समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०६१।२।८ | १७९ |
| ४३. | जिल्ला रामेछाप, गुम्देल गाऊँ विकास समिति वडा नं. १ घर भई हाल जिल्ला प्रहरी कार्यालय, हनुमानढोकामा थुनामा रहेको तेम्डी सेर्पाको हकमा छोटी सेर्पा<br>विरुद्ध<br>श्रम तथा रोजगार प्रवर्द्धन विभाग, काठमाडौं समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०६१।२।१५ | १८२ |
| ४४. | म्याग्दी जिल्ला घतान गा.वि.स. वडा न ६ गलेश्वर घर भै हाल म्याग्दी कारागार शाखामा थुनामा रहेका रविन्द्र कार्कीको हकमा एकाघरको बाबु रुद्रबहादुर कार्की के.सी.<br>विरुद्ध<br>म्याग्दी जिल्ला अदालत समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०६१।३।५ | १८७ |
| ४५. | मकवानपुर जिल्ला गडी गा.वि.स. वडा नं. ३ घर भै हाल गैरकानूनी थुनामा रहेको शान्तबहादुर वाईवा (लामा) को हकमा निजकी छोरी मिना कुमारी वाईवा<br>विरुद्ध<br>श्री ५ को सरकार, गृह मन्त्रालय, सिंहदरवार काठमाडौं समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०६१।३।१६।४ | १९१ |

| सि.नं. | पक्ष/विपक्षको नाम | विषय | पृष्ठ |
|---|---|---|---|
| ४६. | काठमाडौं जिल्ला जोरपाटी गा.वि.स. वडा नं. ६ घर भै हाल का.म.न.पा. वडा नं. २९ सामाखुसी बस्ने नाबालक विवेक चालिसे समेत<br>विरुद्ध<br>काठमाडौं जिल्ला जोरपाटी गा.वि.स. वडानं. ६ बस्ने सत्यवती चालिसे समेत | बन्दीप्रत्यक्षीकरण<br>फैसला मितिः २०६१।६।७५ | १९५ |
| ४७. | काभ्रे जिल्ला पोखरी चौरी गा.वि.स. वाड नं. ६ घर भै काठमाडौं डेरा गरी बस्ने युवराज चौलागाईको हकमा सीतादेवी चौलागाई<br>विरुद्ध<br>श्री ५ को सरकार, गृह मन्त्रालय समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०६१।६।८।६ | २०३ |
| ४८. | ललितपुर जिल्ला खोकना गा.वि.स. वडा नं. ४ घर भै हाल जिल्ला प्रहरी कार्यालय कारागार शाखा जगन्नाथ देवल काठमाडौं अर्न्तगत थुनामा रहेका तीर्थ डंगोल<br>विरुद्ध<br>प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग, नक्साल काठमाडौं समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०६१।९।२३।६ | २०८ |
| ४९. | का.प.का.न.म.पा. वडा नं. ३२ घर भै हाल श्री ५ को सरकारको गैरकानूनी थुनामा रहेका गौरी प्रधानको हकमा श्रीमती सुम्निमा प्रधान समेत<br>विरुद्ध<br>श्री ५ को सरकार, गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०६१।११।१७।२ | २१३ |
| ५०. | काभ्रेपलाञ्चोक जिल्ला पनौति गा.वि.स. वडा न. ८ घर भै हाल कृषि अनुसन्धान केन्द्र बोडे भक्तपुरमा थुनामा रहेकी कमला थापाको हकमा कुमार थापा<br>विरुद्ध<br>श्री ५ को सरकार, गृह मन्त्रालय, सिहदरवार,काठमाण्डौ समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०६२।१।२९ | २२२ |
| ५१. | काठमाडौं जिल्ला आलापोट गा.वि.स. वडा नं.२ बस्ने महेश्वर फुयालको हकमा निजको बाबु वासुदेव फुयाल<br>विरुद्ध<br>श्री ५ को सरकार गृह मन्त्रालय सिंहदरवार समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०६२।१।३०।६ | २२६ |
| ५२. | ललितपुर जिल्ला भैंसेपाटी गा.वि.स.आवास क्षेत्रमा डेरा गरी बस्ने पूर्व उप प्रधान मन्त्री तथा गृह मन्त्री हाल महाराजगंज प्रहरी प्रशिक्षण केन्द्रमा थुनामा रहेको वामदेव गौतमको हकमा निजको पत्नी तुल्सी थापा (गौतम)<br>विरुद्ध<br>श्री ५ को सरकार गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०६२।२।३।३ | २२९ |
| ५३. | काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १७ धोवीचौर स्थायी घर भई हाल विद्युत प्राधिकरणको ट्रेनिङ्ग सेन्टर खरिपाटी, भक्तपुरमा थुनामा रहेको राजेन्द्र श्रेष्ठको हकमा निजको एकाघरको श्रीमती अञ्जली श्रेष्ठ<br>विरुद्ध<br>श्री ५ को सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं समेत | बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ<br>आदेश मितिः २०६२।२।३।३ | २३३ |
| ५४. | का.जि.का.म.न.पा. वडा नं. ३३ बस्ने हाल विद्युत प्राधिकरणको तालिम केन्द्र खरीपाटी भक्तपुरमा थुनामा रहेका गगनकुमार थापाको हकमा राजु थापा<br>विरुद्ध<br>गृह मन्त्रालय समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०६२।२।१०।३ | २३७ |
| ५५. | काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं ३२ बस्ने हाल थुनामा रहेका राजेन्द्र राईको हकमा नेपाल बार एसोसिएसनका अध्यक्ष शम्भु थापा<br>विरुद्ध<br>मन्त्रिपरिषद्का उपाध्यक्ष तुलसी गिरी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय काठमाडौं समेत | बन्दीप्रत्यक्षीकरण, अदालतको अपहेलना<br>आदेश मिति २०६२।२।६।६ | २४१ |

| सि.नं. | पक्ष/विपक्षको नाम | विषय | पृष्ठ |
|---|---|---|---|
| ५६. | का.जि. नाङ्लेभारे गा.वि.स. वडा नं.४ घर भई हाल केन्द्रीय कारागार शाखा जगन्नाथ देवलमा थुनामा रहेका भरतप्रसाद दाहाल र ऐ. घर भई हाल ऐ. मा थुनामा रहेका रमेश प्याकुरेल समेतको हकमा ऐ.ऐ. बस्ने यमनाथ दाहाल<br>विरुद्ध<br>गृह मन्त्रालय समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०६२।२।२३।२ | २४९ |
| ५७. | प्युठान जिल्ला विजुवार गा.वि.स. वडा नं.७ घर भै हाल ल.पु.हरिसिद्धि बस्ने हाल वडा प्रहरी कार्यालय का.म.न.पा. वडा नं.६ बौद्ध, काठमाडौंमा थुनामा रहेका अधिवक्ता एवं जनमोर्चा नेपाल केन्द्रीय कार्यसमितिका महासचिव नवराज सुवेदीको हकमा नेपाल वार एसोशिएशन केन्दीय समितिका अध्यक्ष अधिवक्ता शम्भु थापा<br>विरुद्ध<br>श्री ५ को सरकार गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०६२।३।१० | २५३ |
| ५८. | रामेछाप जिल्ला बेथान गा.वि.स. वडा नं. ६ घर भई हाल कारागार शाखा जगन्नाथ देवलमा नजरबन्द रहेका सजिव कुमार लामाका हकमा निजको दिदी सुन्तली तामाङ्ग<br>विरुद्ध<br>श्री ५ को सरकार, गृह मन्त्रालय, सिंहदरवार समेत | बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरीपाउँ<br>आदेश मितिः २०६२।३।१४।३ | २५९ |
| ५९. | तनहुँ जिल्ला सतिस्वाँरा गा.वि.स. वडा न. ६ घर भई हाल जिल्ला प्रहरी कार्यालय तनहुँमा थुनामा रहेका रामचन्द्र पौडेलको हकमा का.म.न.पा. वडा नं. १० वानेश्वर बस्ने अधिवक्ता राजेन्द्र बोगटी<br>विरुद्ध<br>श्री ५ को सरकार गृह मन्त्रालय काठमाडौं समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०६२।३।१४।३ | २६५ |
| ६०. | पाल्पा जिल्ला बराङ्गदी गा.वि.स. वडा नं. ८ घर भई हाल वडा प्रहरी कार्यालय सिंहदरवारमा थुनामा रहेका ठाकुर गैरे समेत<br>विरुद्ध<br>श्री ५ को सरकार गृह मन्त्रालय, सिंहदरवार काठमाडौं समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०६२।४।२५।३ | २६९ |
| ६१. | वाग्लुङ्ग जिल्ला वाग्लुङ्ग न. पा. वडा नं. ३ घर भई का. जि. का. म.न.पा. वडा नं. ३१ बागबजार बस्ने हाल श्री ५ को सरकारको गैरकानूनी थुनामा रहेका कृष्ण के.सी.को हकमा दुर्गा के.सी.<br>विरुद्ध<br>गृह मन्त्रालय सिंहदरबार, काठमाडौं समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०६२।६।६।५ | २७४ |
| ६२. | काठमाडौं जिल्ला काभ्रेस्थली गा.वि.स. वडा नं. १ घर भै हाल भद्रबन्दी गृहमा थुनामा रहेका राजेन्द्र फुयाँलको हकमा निजको पिता खगेन्द्रप्रसाद फुयाँल<br>विरुद्ध<br>श्री ५ को सरकार गृह मन्त्रालय, काठमाडौं समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०६२।७।४।६ | २८२ |
| ६३. | गुल्मी जिल्ला दोहली गा.वि.स. वडा नं. ७ चैया घर भई हाल कारागार शाखा कास्कीमा थुनामा रहेकी वर्ष ३४ की खिमादेवी बस्नेत समेत<br>विरुद्ध<br>श्री ५ को सरकार, गृह मन्त्रालय, सिंहदरवार समेत | बन्दीप्रत्यक्षीकरण लगायत जो चाहिने आदेश वा पूर्जि जारी गरी गैरकानूनी थुनाबाट मुक्त गरी पाउँ<br>आदेश मितिः २०६२।१०।१९।४ | २८८ |

| सि.नं. | पक्ष/विपक्षको नाम | विषय | पृष्ठ |
|---|---|---|---|
| ६४. | राजीव पराजुलीको हकमा संजीव पराजुली<br>विरुद्ध<br>भ्रष्टाचार नियन्त्रण शाही आयोग, हरिहरभवन ललितपुर समेत | नेपाल अधिराज्यको संविधान २०४७ को धारा २३ र ८८(१)(२) बमोजिम बन्दीप्रत्यक्षीकरण अधिकारपृच्छा लगायत अन्य उपयुक्त आज्ञा आदेश वा पुर्जी जारी गरिपाऊँ<br><br>आदेश मितिः २०६२।११।१ | २९३ |
| ६५. | इलाम जिल्ला घर भई काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३२ घट्टेकुलो बसोबास गरी हाल सशस्त्र प्रहरी वल गुहेश्वरी गण दुवाकोट भक्तपुरमा थुनामा रहेका अधिवक्ता सुवास नेम्वाङ्गको हकमा अधिवक्ता उद्धवप्रसाद सिलवाल<br>विरुद्ध<br>श्री ५ को सरकार, गृह मन्त्रालय, सिंहदरवार समेत | बन्दीप्रत्यक्षीकरण<br><br>आदेश मितिः २०६२।११।४ | ३४२ |
| ६६. | काठमाडौं बस्ने हाल प्रहरी पहरा गण त्रिपुरेश्वर काठमाडौंमा गैरकानूनी थुनामा रहेका ईश्वर पोखरेल समेत<br>विरुद्ध<br>जिल्ला प्रहरी कार्यालय नवलपरासी समेत | बन्दीप्रत्यक्षीकरण<br><br>आदेश मितिः २०६३।१।४।२ | ३४५ |
| ६७. | काठमाण्डौ बस्ने हाल महेन्द्र पुलिस क्लब, प्रदर्शनीमार्ग काठमाडौंमा गैरकानूनी थुनामा रहेका विद्या भण्डारीको हकमा अभिवक्ता उद्धवप्रसाद सिलवाल<br>विरुद्ध<br>श्री ५ को सरकार गृह मन्त्रालय सिंहदरवार, काठमाडौं समेत | बन्दीप्रत्यक्षीकरण<br><br>आदेश मितिः २०६३।१।५।३ | ३५१ |
| ६८. | काभ्रे पलान्चोक जिल्ला पोखरी चौर गा.वि. वडा नं.७ घर भई हाल गैरकानूनी थुनामा रहेको वर्ष ३७ को कर्णखर गौतमको हकमा एडभोकेसी फोरमका अधिवक्ता सीताशरण मण्डल<br>विरुद्ध<br>श्री गृह मन्त्रालय, सिंहदरवार समेत | बन्दीप्रत्यक्षीकरण लगायत जो चाहिने आदेश वा पूर्जि जारी गरिपाऊँ<br><br>आदेश मितिः २०६३।२।१ | ३५४ |
| ६९. | का.जि.का.म.न.पा. वडा नं.४ विशालनगर घर भई हाल पहरागण त्रिपुरेश्वरमा थुनामा रहेको वर्ष ६२ को रमेशनाथ पाण्डेको हकमा टीकाराम अधिकारी<br>विरुद्ध<br>श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार समेत | बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी गैरकानूनी थुनाबाट मुक्त गरिपाऊँ<br><br>आदेश मिति २०६३।२।२१।१ | ३५८ |
| ७०. | का.जि.का.म.न.पा. वडा नं. १३ बस्ने शान्ति श्रेष्ठ समेत<br>विरुद्ध<br>का.जि.का.म.न.पा. वडा नं. १३ कालीमाटी बस्ने मैयाँ वज्राचार्य समेत | बन्दीप्रत्यक्षीकरण<br><br>आदेश मितिः २०६३।२।३१।४ | ३७१ |
| ७१. | अधिवक्ता राजेन्द्रप्रसाद ढकालको हकमा रविन्द्रप्रसाद ढकाल<br>विरुद्ध<br>गृह मन्त्रालय समेत<br>विपिन भण्डारीको हकमा एकराज भण्डारी<br>विरुद्ध<br>गृह मन्त्रालय समेत<br>दिलबहादुर राइको हकमा उदयबहादुर राई<br>विरुद्ध<br>गृह मन्त्रालय समेत | बन्दीप्रत्यक्षीकरण<br><br>आदेश मितिः २०६३।५।१२।२ | ३७५ |

| सि.नं. | पक्ष/विपक्षको नाम | विषय | पृष्ठ |
|---|---|---|---|
| ७२. | झापा जिल्ला मेचीनगर नगरपालिका वडा न.८ घर भई हाल कारागारशाखा जगन्नाथदेवल त्रिपुरेश्वर काठमाण्डौमा थुनामा रहेको इन्द्रनारायण गिरी<br>विरुद्ध<br>श्री समरी जनरल सैनिक अदालत, नेपाल जङ्गी अड्डा भद्रकाली काठमाण्डौ समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०६३।९।६ | ३७९ |
| ७३. | जिल्ला काठमाडौ का.म.न.पा. वडा नं ३ विशालनगर घर भई हाल २ नं. प्रहरी पहरा गण महाराजगञ्जमा थुनुवा रहेको कमल थापाको हकमा जिल्ला काठमाडौ का.म.न.पा. वडा नं ३ बस्ने दामोदर वाग्ले<br>विरुद्ध<br>नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार काठमाडौ समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०६३।११।२४ | ३८९ |
| ७४. | जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. ३३ मैतीदेवी घर भै हाल कारागार कार्यालय काठमाडौं अन्तर्गत केन्द्रीय कारागार कार्यालय काठमाडौंमा थुनामा रहेको शिबलाल पोडे<br>विरुद्ध<br>काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौं समेत | बन्दीप्रत्यक्षीकरण<br>फैसला मितिः २०६४।२।२४ | ३९१ |
| ७५. | अधिवक्ता राजेन्द्रप्रसाद ढकालको हकमा निजको सहोदर भाई रविन्द्रप्रसाद ढकाल<br>विरुद्ध<br>नेपाल सरकार, गृहमन्त्रालय सिंहदरवार समेत<br>...................<br>लेखनाथ न्यौपाने समेत<br>विरुद्ध<br>नेपाल सरकार,गृहमन्त्रालय सिंहदरवार समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०६४।२।१८।६ | ३९५ |
| ७६. | वाग्लुङ्ग जिल्ला, बुर्तिवाङ्ग गा.वि.स. वडा नं. १ बस्ने राजेन्द्र शेरचन र ऐ वोवाङ्ग गा.वि.स. वडा नं. ८ बस्ने इमान बहादुर घर्ति मगर समेतको हकमा अधिवक्ता दिनेश प्रसाद शर्मा<br>विरुद्ध<br>जिल्ला प्रशासन कार्यालय, काठमाडौं समेत | बन्दीप्रत्यक्षीकरण<br>आदेश मितिः २०६४।१२।७५ | ४५७ |

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री अरविन्दनाथ आचार्य
माननीय न्यायाधीश श्री दिलीप कुमार पौडेल

संवत् २०५९ सालको रिट नं. १०५

आदेश मितिः २०५९।५।३२

विषय : बन्दीप्रत्यक्षीकरण लगायत जो चाहिने आज्ञा आदेश वा पुर्जी जारी गरी गैर कानुनी थुनाबाट मुक्त गराई पाउँ ।

निवेदक : जिल्ला रुपन्देही वेतकुइया गा.वि.स. वडा नं. ४ घर भै हाल कारागार शाखा रुपन्देहीमा थुनामा रहेको महेश चमारको हकमा कानून अन्वेषण तथा श्रोत विकास केन्द्र (सेलर्ड) मा कार्यरत अधिवक्ता आशिष अधिकारी

विरुद्ध

विपक्षी : श्री ५ को सरकार गृह मन्त्रालय, सिंहदरवार समेत

- **कुनै कसूरको अभियोग लागि थुना वा कैदमा बसी कैद भुक्तान गर्नुपर्ने नाबालकलाई उमेर १६ वर्ष पूरा भएपछि पनि बालसुधार गृहमा नै राख्नु पर्छ भन्ने व्यवस्था भएको नदेखिंदा निवेदकलाई बालसुधार गृहबाट निकाली कारागार शाखामा फिर्ता पठाउने सम्बन्धमा भएको निर्णय तथा कारागार व्यवस्थापन विभाग र युसेप नेपालका बीच भएका संझौताबाट निवेदकको हक अधिकारमा असर परेको नदेखिने ।**

आदेश

- न्या. अरविन्दनाथ आचार्य

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ र ८८(२) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छ ।

म निवेदक महेश चमारलाई २०५८ सालको स.फौ.नं. ३३४ को कर्तव्य ज्यान मुद्दामा श्री रुपन्देही जिल्ला अदालतको २०५८।२।१ को आदेश बमोजिम पुर्पक्षको निमित्त जिल्ला कारागार शाखा रुपन्देहीमा थुनामा राखिएकोमा मैले वयान गर्दा १५ वर्ष भएको जन्म दर्ता प्रमाणपत्र अदालतमा पेश गरेको थिए । नाबालक भएकै कारणले कारागार शाखा र बालसुधार गृह सानोठिमीको प्रयासमा मलाई बालसुधार गृह सानोठिमीमा राखिएको थियो । सो मुद्दा रुपन्देही जि.अ.मा चल्दैछ । श्री ५ को सरकार गृह मन्त्रालय कारागार व्यवस्थापन विभागले च.नं. ९४३ मिति २०५९।१।३० को जिल्ला प्रशासन कार्यालय लाई लेखेको सुरक्षा सम्बन्धी पत्रमा बालसुधार गृहमा रहेका महेश चमार मिति २०५९।२।२ बाट १७ वर्षमा प्रवेश गरेको जानकारी हुन आएकोले निजलाई बालबन्दीको सुविधा दिन मिल्ने नदेखिएकोले निज चमारलाई कारागार शाखा रुपन्देहीमा सुरक्षासाथ पठाई सहयोग गरिदिनुहुन आदेशानुसार अनुरोध छ भनी सो पत्रमा बोधार्थ

कारागार शाखा रुपन्देही, युसेप नेपाल सानो ठिमीलाई दिइएको छ । सो पत्रानुसार हाल मलाई बालसुधार गृहबाट झिकी कारागार शाखा रुपन्देहीमा थुनामा राखिएको छ ।

सो सुधार गृहबाट निकाली किन कारागारमा लगिएको भनी बुझ्दा विपक्षी विभाग र युसेप नेपाल बीच २०५८।६।१५ मा कारागारमा बन्दी रहेको बालबालिकाहरुलाई बालसुधार गृहमा राख्ने सम्बन्धमा भएको संझौता पत्रको दफा ४ बमोजिम गरिएको भनी जवाफ दिइयो । बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा १२ ले अयोग्यता वा पटक कायम नहुने भनी उल्लेख गरिराखेको सन्दर्भमा ऐनमा कतै नभएको "उमेर १६ वर्ष पूरा भएपछि कैद भुक्तान नभए पुनः सम्बन्धित कारागारमा सुरक्षासाथ फिर्ता लैजाने" भनी गरेको संझौता गैर कानुनी दण्डको सुधारात्मक सिद्धान्त तथा बालबालिका सम्बन्धी ऐन, २०४८ को भावना र मर्म विपरीत छ । सम्मानित सर्वोच्च अदालतबाट विभिन्न मुद्दामा नाबालकलाई कारागारमा नराखी बालसुधार गृहमा राख्नु भनी पटक-पटक परमादेश समेत जारी भएको अवस्थामा अदालतबाट कसूर ठहर भएकै अवस्थामा पनि ऐनले दिएको सुविधाबाट वञ्चित गर्न नमिल्नेमा मेरो उमेर बढाएर कारागारमा पठाउने गरेको कार्य त्रुटिपूर्ण छ ।

अतः नाबालकको सुविधा एक पटक प्रदान गरि बालसुधार गृहमा राखिसकेकोमा १६ वर्षको उमेर पूरा भएपछि पुन कारागार फर्काउने कानूनी व्यवस्थाको अभावमा विपक्षीहरु विचको २०५८।६।१५ को संझौताको दफा ४ तथा सो आधारमा कारागारमा फिर्ता पठाउनु भन्ने लेखेको पत्र र सो पत्रको आधारमा मलाई कारागारमा राख्ने गरेको कार्य तथा निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी गैरकानूनी थुनाबाट मुक्त गरी बालसुधार गृहमा बस्न पाउने संवैधानिक एवं कानूनी हकको संरक्षण एवं प्रचलन गराई पाउँ भन्ने समेत रिट निवेदन ।

यसमा निवेदन माग बमोजिम आदेश किन जारी हुनु नपर्ने हो ? कारण भए सबुद प्रमाण सहित आदेश प्राप्त भएका मितिले ७ दिन भित्र लिखित जवाफ पठाउनु भनी विपक्षीहरुलाई सूचना पठाई आएपछि नियमानुसार गरि पेश गर्नुभन्ने यस अदालत एक न्यायाधीशको इजलासबाट भएको आदेश ।

विपक्षी निवेदक महेश चमारलाई कर्तव्य ज्यान मुद्दामा रुपन्देही जिल्ला अदालतबाट पुर्पक्षको लागि कारागार शाखा रुपन्देहीमा राखिएकोमा बालबालिका सम्बन्धी ऐन, २०४८ बमोजिम निज बालक भएको कारण बालसुधार गृहमा राखिएको थियो । निजले रुपन्देही जिल्ला अदालतमा मिति २०५८।२।१ मा आदेश हुँदा आफ्नो उमेर १५ वर्ष भएको जन्मदर्ता प्रमाणपत्र अदालतमा पेश गरेबाट नै निज २०५९।२।२ मा १६ वर्ष पूरा भै १७ वर्ष लागेकोले बालबालिका सम्बन्धी ऐन, २०४८ को परिभाषा भित्र नपरेकोले यस विभाग र युसेप नेपाल बीच मिति २०५८।६।१५ मा सम्पन्न संझौता बमोजिम यस विभागको २०५९।१।३० को पत्रद्वारा सुरक्षा साथ कारागार शाखा रुपन्देहीमा पठाइएको हो । बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा १२ को मनशाय बालकले गरेको अपराधको कारण निजले भविष्यमा प्राप्त गर्ने कुनै सुविधाका लागि अयोग्यता वा पटक कायम नहुने मात्र हुँदा उमेर पुगे पछि दफा ४२ को सुविधा उपभोग गरी सुधार गृहमा बसी रहन पाउने नहुँदा निज निवेदकलाई उमेर पुगेको कारण मात्र कारागारमा चलन गर्न आदेश दिइएको हुँदा संझौता कानून विपरीत नभएकोले रीट खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको कारागार व्यवस्थापन विभागको लिखित जवाफ ।

श्री ५ को सरकार मन्त्रिपरिषदबाट मिति २०५७।९।२४ मा स्वीकृति भएको बालसुधार गृह सञ्चालन कार्यविधि २०४७ बमोजिम युसेप नेपाल र महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको मिति २०५७।११।१२ को संझौता बमोजिम यूसेप नेपालको कम्पाउण्ड भित्र बालसुधार गृह स्थापना भै सो को प्रशासकमा सुरज दाहाललाई मन्त्रालयबाट नियुक्त भए पछि बालसुधार गृह युसेप अन्तर्गत नभै एक

स्वतन्त्र संस्थाको रुपमा रहेको छ । बालसुधार गृह व्यवस्थापन समिति र श्री ५ को सरकार कारागार व्यवस्थापन विभाग बीच २०५८।६।१५ मा भएको सम्झौता बमोजिम कारागार व्यवस्थापन विभागले विपक्षी महेश चमारलाई बालसुधार गृहमा पठाए बमोजिम राखिएको हो । सो संझौताको दफा ४ बमोजिम कारागार व्यवस्थापन विभागले जुन व्यक्ति बालबन्दी छ सो साबालक भै सकेपछि कारागारमा फिर्ता पठाएको हुँदा सो मा यस युसेप नेपालको कुनै संलग्नता नभै हचुवाको भरमा दिएको रिट निवेदन गैर कानुनी हुँदा खारेज गरिपाऊँ भन्ने युसेप नेपालको लिखित जवाफ ।

युसेप नेपालको कम्पाउण्ड भित्र रहेको बालसुधार गृह व्यवस्थापन समिति र श्री ५ को सरकार गृह मन्त्रालय कारागार व्यवस्था विभाग बीच भएको २०५८।६।१५ को संझौतामा उल्लेखित सर्त बमोजिम निवेदक तत्काल नाबालक भएको कारणले यस गृहमा राखिएको हो । उक्त संझौताको सर्त नं. ४ मा बालसुधार गृहमा राखिएका बालबालिकाको उमेर १६ वर्ष पूरा भएपछि पनि कैद भुक्तान नभए पुनः सम्बन्धित कारागारमा फिर्ता लैजाने जिम्मेवारी श्री ५ को सरकार कारागार व्यवस्था विभागको भए बमोजिम सो विभागको च.नं. ९४३ मिति २०५९।१।३० को पत्रानुसार महेश चमारलाई जिल्ला प्रशासन कार्यालय भक्तपुर मार्फत कारागार शाखा रुपन्देहीमा फिर्ता पठाएको हो । रिट निवेदक २०५९।२।२ मा १७ वर्षमा प्रवेश गरेकोले निजलाई फिर्ता पठाई दिनु भनेको अवस्थामा यस गृहले फिर्ता गर्नुपर्ने दायित्व हो । यस गृहमा कारागार व्यवस्थापन विभागले बालबन्दी उपलब्ध गराउने र फिर्ता लैजाने कार्य पनि उसैले गर्ने र पालन पोषण गर्ने अधिकार मात्र यस गृहको हुँदा यस गृहको उक्त कार्यले निवेदकको कुनै हक हनन नभएकोले रिट निवेदन खारेज गरिपाऊँ भन्ने बालसुधार गृह व्यवस्थापन समिति सानोठिमी भक्तपुरको लिखित जवाफ ।

यस कार्यालयबाट विपक्षी उपर २०५८।१।३० मा दायर भएको कर्तव्य ज्यान मुद्दामा रिट निवेदकले अधिकार प्राप्त अधिकारी समक्ष वयान गर्दा आफ्नो उमेर १५ वर्ष भनेकोमा वयान लेख्ने क्रममा १६ वर्ष लेखेको भन्ने उल्लेख गरी यस कार्यालयलाई विपक्षी बनाई रिट दिएकोमा निजले आरोपित कसूरमा अधिकार प्राप्त अधिकारी समक्ष साविति रहि गरेको वयानमा आफनो उमेर १६ वर्ष उल्लेख गरेको र निजको उमेर बढाई लेख्नुपर्ने कुनै कारण र औचित्य नभएको, अदालतमा इन्कारी वयान गर्दा घटी उमेर लेखाए पनि इन्कारी वयानलाई पुष्टी गर्ने विश्वसनीय प्रमाण नभएको र अदालतमा विचाराधीन कर्तव्य ज्यान मुद्दामा विवादित अवस्थामा रहेको निज विपक्षीको उमेरको प्रश्न समेत सोही मुद्दाबाट निरोपण हुने हुँदा रिट बाट निजको उमेरको विषयमा प्रवेश गरी हेर्न नमिल्ने भै यस कार्यालयबाट विपक्षीको कुनै हक अधिकारमा हनन नगरिएको हुँदा रीट निवेदन खारेज गरिपाऊँ भन्ने जिल्ला सरकारी वकिल कार्यालय रुपन्देहीको लिखित जवाफ ।

विपक्षी निवेदकलाई रुपन्देही जिल्ला अदालतको च.नं. ६९९३ मिति २०५८।२।१ को पत्रद्वारा पुर्पक्षको लागि थुनामा राखिएकोमा कारागार व्यवस्था विभाग र बालसुधार गृह (युसेफ) बीच २०५८।७।१५ मा भएको संझौता बमोजिम निजलाई १६ वर्ष पूरा नभएको बालक भएको आधारमा बालसुधार गृह (सानोठिमी) भक्तपुरमा १६ वर्ष उमेर नपुगुन्जेल सम्मको लागि राख्ने र १६ वर्ष उमेर पूरा गरि सकेपछि पुन साविक बन्दी गृहमा फिर्ता हुने गरी २०२८।८।५ मा पठाइएको थियो । निज १६ वर्ष पूरा गरी १७ वर्ष लागेको हुँदा कारागार व्यवस्थापन विभागको पत्रानुसार पुनः यस कारागारमा फिर्ता भै हाल थुनामा छन् । नियम कानून विपरीत त्यसरी पठाउने र ल्याउने काम यस कारागारले नगरी केवल आदेशानुसारको पालना गरी पठाई पुनः ल्याइएको हो । यस कार्यालयबाट विपक्षीको कुनै हक अधिकारमा हनन गरेको नहुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने जिल्ला कारागार कार्यालय रुपन्देहीको लिखित जवाफ ।

विपक्षी निवेदक समेत उपर प्रतिवादी कायम गरी दायर हुन आएको कर्तव्य ज्यान मुद्दामा यी प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्ष वयान गर्दा आफनो उमेर १६ लेखाएको, सोही उल्लेख गरी अभियोग दावी लिएकोमा मिति २०५८।२।१ मा यस अदालतबाट निजलाई पुर्पक्षको लागि थुनामा राख्ने

आदेश भए उपर निजले अ.वं. १७ नं. बमोजिम पुनरावेदन अदालत वुटवलमा निवेदन गरेकोमा सम्मानित अदालतबाट कैफियत माग भै मिति २०५८।३।१४ मा यस अदालतको थुनछेक आदेश सदर भएको र निवेदकले यस अदालतको मिति २०५८।२।१ को थुनछेकको आदेशले आफनो के कुन हक हनन भयो सो स्पष्ट खुलाउन नसकेको र यस अदालतको आदेशबाट निजलाई सुधार गृहबाट कारागार मार्फत गरेको नभै निजको हक अधिकार हनन नभएको हुँदा यस अदालतको आदेश कानूनसम्मत नै हुँदा निवेदन माग बमोजिमको आदेश जारी गर्नुपर्ने नहुँदा रीट निवेदन खारेज गरिपाऊँ भन्ने रुपन्देही जिल्ला अदालतको लिखित जवाफ ।

नियम बमोजिम दैनिक पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत निवेदनमा निवेदक तर्फबाट विद्वान अधिवक्ताद्वय श्री किशोर सिलवाल र श्री आशिष अधिकारीले बालसुधार गृहमा राखिएको बालकलाई १६ वर्ष उमेर पूरा भएपछि कारागारमा फिर्ता पठाउन सक्ने अधिकार ऐनले विपक्षीहरुलाई प्रदान गरेको छैन । बालकलाई दण्डको सुधारात्मक सिद्धान्त अनुसार सुधार गृहमा राखिएकोमा १६ वर्ष उमेर पूरा भएको भनी पुनः कारागारमा फिर्ता गर्दा दण्डको सुधारात्मक सिद्धान्त विपरीत हुन्छ । विपक्षी विभागलाई बालकको उमेर निर्क्यौल गर्ने अधिकार नहुँदा बालबालिका सम्बन्धी ऐनको व्यवस्था बाहिर गै १६ वर्ष उमेर पूरा भएको बालकको कैद भुक्तान नभएमा कारागार शाखामा फिर्ता गर्नसक्ने सम्झौता गर्ने अधिकार नहुँदा एकपटक सुधार गृहमा राखिएको बालकलाई निकाली पुनः कारागारमा राख्ने गरेको निर्णय तथा कार्य तथा विपक्षीहरुले गरेको संझौताको दफा ४ ऐन कानून विपरीत हुँदा माग बमोजिमको आदेश जारी हुनुपर्छ भनी तथा विपक्षी श्री ५ को सरकारको तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री ब्रजेस प्याकुरेलले कारागार व्यवस्थापन विभाग र बालसुधार गृह व्यवस्थापन समितिका बीच भएको संझौता बमोजिम निवेदकको उमेर १६ वर्ष पूरा भै १७ वर्ष लागेको हुँदा कारागारमा फिर्ता पठाइएको हो । निज १७ वर्षको वयस्क भै नाबालक नरहेको र बालबालिका सम्बन्धी ऐनले १६ वर्ष पूरा नभएको व्यक्तिलाई बालबालिकाको परिभाषा भित्र राखेकोले १६ वर्ष पूरा भएको व्यक्ति वयस्क हुने हुँदा त्यस्तो व्यक्ति लाई बालसुधार गृहमा राख्नु पर्ने कानुनी व्यवस्था नहुँदा रीट निवेदन दावी खारेज हुनुपर्छ भनी तथा बालसुधार गृह सानोठिमी तथा युसेप नेपालको तर्फबाट विद्वान अधिवक्ताद्वय श्री माधव वास्कोटा तथा श्री सुरज अधिकारीले निवेदकले एक तर्फ गैरकानुनी थुना हुँदा बन्दी प्रत्यर्थीकरणको आदेशबाट थुनामुक्त गरिपाऊँ भन्नु हुन्छ भने अर्को तर्फ कारागारबाट झिकी सुधार गृहमा राख्ने आदेश गरिपाऊँ भनेबाट माग दावी अस्पष्ट छ । बालसुधार गृह व्यवस्थान समिति र कारागार व्यवस्थापन विभागको संझौता बमोजिम १६ वर्ष उमेर पूरा भएको निवेदकलाई कारागार व्यवस्थापन विभागको पत्रानुसार सुधार गृहबाट झिकी कारागारमा राखिएको हो । बालकलाई राख्ने सुधार गृहमा उमेर पुगेको व्यक्तिलाई राख्न नमिल्ने हुँदा रीट निवेदन खारेज हुनुपर्छ भनी वहस प्रस्तुत गर्नु भयो ।

विद्वान कानून व्यावसायिहरुले गर्नु भएको वहस जिकिर सुनि रिट निवेदन सहित मिसिल समेत अध्ययन गरी आज निर्णय सुनाउन पेश हुन आएको प्रस्तुत मुद्दामा माग बमोजिमको आदेश जारी गर्नुपर्ने हो, होइन भनी निर्णय दिनुपर्ने देखियो ।

निर्णय तर्फ विचार गर्दा, बालबालिका सम्बन्धी ऐन, २०४८ बमोजिम बालसुधार गृहमा राखिएको महेश चमार लाई विपक्षी कारागार व्यवस्थापन विभाग र बालसुधार गृह व्यवस्थापन समिति बीच भएको मिति २०५८।६।१५ को संझौता बमोजिम १६ वर्ष पूरा भएको भन्ने आधारमा बालसुधार गृहबाट झिकी कारागारमा थुनामा राख्ने गरेको कार्य संविधान, ऐन समेत विपरीत हुँदा वदर गरी बन्दीप्रत्यक्षीकरणको आदेश समेत जारी गरी बालसुधार गृहमा राख्नु भनी आदेश जारी गरिपाऊँ भन्ने रिट निवेदन तथा निवेदकलाई बाल बन्दीको रुपमा बालसुधार गृहमा राखिएकोमा १६ वर्ष पुगी वयस्क भै सकेपछि बालसुधार

गृहबाट झिकी कारागारमा राख्ने गरेको कार्य कानूनसम्मत नै हुँदा रिट निवेदन खारेज हुनुपर्छ भन्ने लिखित जवाफ रहेको देखियो ।

यसमा निवेदक महेश चमारलाई कर्तव्य ज्यान मुद्दाको सिलसिलामा भएको रुपन्देही जिल्ला अदालतको थुनछेकको आदेश बमोजिम कारागार शाखाा रुपन्देहीमा थुनामा राखिएकोमा श्री ५ को सरकार कारागार व्यवस्थापन विभाग र बालसुधार गृह व्यवस्थापन समिति बीच मिति २०५८।६।१५ को कारागारमा बन्दी जिवन बिताई रहेका बालबालिकाहरुलाई बालसुधार गृहमा राख्ने सम्बन्धमा भएको संझौतापत्रको प्रकरण नं. ४ मा बालसुधार गृहमा राखिएको बालबालिकाको उमेर १६ वर्ष पूरा भएपछि पनि कैद भुक्तान नभए पुनः सम्बन्धित कारागारमा सुरक्षा साथ फिर्ता लैजाने व्यवस्था बमोजिम कारागार व्यवस्थापन विभाग ले यी निवेदकलाई बालक भएको हुँदा कारागारबाट झिकी बालसुधार गृहमा राख्न पठाएको देखिन्छ । निवेदक लाई सो अवस्थामा बालसुधार गृहमा पठाउँदा यी निवेदक तत्काल बालक रहेको आधार लिएको पाइन्छ । बालबालिका सम्बन्धी ऐन, २०४८ आउनुको उद्देश्य बालबालिकाको हक हितको संरक्षण गरी तिनीहरुको शारीरिक मानसिक र बौद्धिक विकास गर्ने उद्देश्य रहेको पाइन्छ । सोही ऐनको दफा २ परिभाषाको खण्ड (क) मा बालक भन्नाले १६ वर्ष उमेर पूरा नगरेको बालबालिका सम्झनु पर्दछ भन्ने उल्लेख भएबाट उक्त ऐनमा भएको प्रावधानहरु १६ वर्ष उमेर पूरा नगरेको बालबालिकाहरुको लागि हुन भन्ने संझनु पर्ने हुन्छ । उक्त ऐनको समग्र अध्ययन गर्दा बालसुधार गृहमा १६ वर्ष उमेर पूरा नगरेको बालबालिका १६ वर्ष उमेर नपुग्दा सम्म मात्रै रहनसक्ने तर कसूर अपराध गर्दाको अवस्थामा बालक भै कैद भुक्तान नहुदै वयस्क अर्थात १६ वर्ष पूरा गरी १७ वर्ष लागि सकेपछि कैद भुक्तान नहुँदा सम्म बस्न पाउने भनी अर्थ गर्न मिल्ने देखिन आउदैन । बालबालिका सम्बन्धी ऐन,२०४८ बालबालिकाको हक हित तथा संरक्षण गर्न व्यवस्था भएको हुँदा सो मा भएको व्यवस्थाहरु १६ वर्ष उमेर पूरा नभएको बालबालिकाहरुलाई नै लागु हुने हो भनी मान्नु पर्ने हुन्छ ।

निवेदकले अदालतमा लेखाएको जन्म मितिको आधारमा प्रस्तुत रिट निवेदन दिंदाका बखत निजको उमेर १६ वर्ष पुगिसकेको देखिन्छ । यसरी १६ वर्ष पुगी सकेका निवेदक बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा २ (ख) ले गरेको बालबालिकाको परिभाषा भित्र पर्ने नहुँदा उक्त ऐनको दफा ४२(१) को सुविधा पाउनसक्ने देखिदैन । अतः निवेदक महेश चमार कर्तव्य ज्यान मुद्दाको पुर्पक्षको सिलसिलामा थुनामा बस्नु पर्ने व्यक्ति भएको कुरामा अन्यथा नदेखिंदा कारागार व्यवस्थापन विभाग तथा बालसुधार गृह व्यवस्थापन समिति बीचको संझौता बमोजिम कारागार व्यवस्था विभागको पत्रानुसार यी निवेदक मिति २०५९।२।२ देखि १७ वर्षमा प्रवेश गरी वयस्क भएको आधारमा बालसुधार गृह सानोठिमीबाट कारागार शाखा रुपन्देहीमा फिर्ता पठाएको कार्यलाई गैरकानुनी भन्न मिल्ने देखिन आएन । बालबालिका सम्बन्धी ऐन, २०४८ मा कुनै कसूरको अभियोग लागि थुना वा कैदमा बसी कैद भुक्तान गर्नुपर्ने नाबालकलाई निजको उमेर १६ वर्ष पूरा भएपछि पनि बालसुधार गृहमा नै राख्नुपर्छ भन्ने व्यवस्था भएको समेत नदेखिंदा निवेदक महेश चमारलाई बालसुधार गृहबाट निकाली कारागार शाखा रुपन्देहीमा फिर्ता पठाउने सम्बन्धमा भएको निर्णय तथा कारागार व्यवस्थापन विभाग र युसेप नेपालका बीच भएका संझौताबाट निवेदकको हक अधिकारमा असर परेको नदेखिंदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । मिसिल नियमानुसार गरी बुझाई दिनु ।

उक्त रायमा म सहमत छु ।

न्या. दिलीपकुमार पौडेल

संवत् २०५९ साल भाद्र ३ गते रोज २ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलास
मानननीय न्यायाधीश श्री हरिप्रसाद शर्मा
माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी

सम्वत् २०५९ सालको रिट नं. १०७

आदेश मितिः २०५९।५।११

विषयः- बन्दीप्रत्यक्षीकरण ।

निवेदक : काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १४ घर भै हाल कारागार शाखा काठमाडौं अन्तर्गत केन्द्रीय जेलमा थुनामा रहेको अर्जुन राजभण्डारी

विरुद्ध

विपक्षी : कारागार शाखा सुन्धारा काठमाडौ समेत

- **अदालती बन्दोवस्तको १७ नं. अन्तर्गत परेको निवेदनमा गरिएको आदेशलाई नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८ (२) अन्तर्गतको असाधारण अधिकार प्रयोग गरी यस अदालतले संसोधन वा परिवर्तन गर्ने गरी निर्णय गर्न नमिल्ने ।**

- **तह तह हुदै साधारण क्षेत्राधिकार अन्तर्गत पुर्पक्षको लागि थुनामा राख्ने गरी भएको आदेशलाई समर्थन गर्ने गरी आदेश भएकोमा यस अदालतलाई विपक्षी नबनाए पनि अदालतबाट भएको आदेश परिवर्तन गर्ने गरी कुनै आदेश जारी गर्न नमिल्ने ।**

आदेश

- न्या. हरिप्रसाद शर्मा

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(२) बमोजिम यस अदालतमा दायर भएको प्रस्तुत रिट निवेदन समेतको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ ।

कृष्णप्रसाद देवकोटा समेतको जाहेरीले श्री ५ को सरकार वादी र प्रतिवादी म समेत बनाइएको मूलुकी ऐन ठगीको ४ नं. को अभियोग लागेको मुद्दामा काठमाडौं जिल्ला अदालतद्वारा मलाई अदालती बन्दोवस्तको ११८ को देहाय (२) लगाई थुनामा राखी पुर्पक्ष गर्ने गरी २०५८।९।१८ मा आदेश भएकोमा उक्त आदेशमा चित्त नबुझाई अ.वं. १७ नं. बमोजिम निवेदन गर्दा कानून बमोजिम गर्नु भन्ने आदेश भयो । म मिति २०५७।११।२७ मा सुनकोशी बहुमुखी सहकारी संस्थाको खाली हुन आएको संचालक पदको साधारण सदस्य पदमा मनोनित भएको थिएं । करिव छ महिना संचालक पदमा मनोनित हुँदा मेरो आफ्नो निजी पेशा व्यवसायलाई प्रतिकूल असर परेकोले मिति २०५८।४।२९ मा स्वइच्छाले संचालक पदबाट राजिनामा दिए । करिव छ महिनाको संचालक पदको मेरो कार्य कालमा मैले कुनै निर्णय गरेको छैन । संचालकको हैसियतले सहकारी संस्थाको कुनै नितिगत कुरामा छलफल गरी निष्कर्षमा पुग्नु पर्दा मलाई

बोलाईएको अवस्थामा छलफल बाहेक मैले कुनै काम गरेको छैन । मेरो विरुद्ध कृष्णप्रसाद देवकोटा लगायतका केही व्यक्तिहरुले ठगी गऱ्यो भनी प्रहरीमा जाहेरी दरखास्त दिएछन् । अनुसन्धानको सिलसिलामा प्रहरी समक्ष र मुद्दा बुझाएपछि काठमाडौं जिल्ला अदालतमा वयान हुँदा मैले स्पष्ट शब्दमा चानचुन ५ महिनाको मेरो संचालक पदको कार्यकालमा आफूले कुनै अपराध नगरेको कुराको सत्य सांचो वयान गरेकोमा पनि विना प्रमाण केवल भावनामा वगेर र आवेशमा आएर जाहेरवालाहरुले दिएको जाहेरीको भरमा मात्र म उपर ठगी जस्तो जघन्य अपराधको अभियोग लाग्यो र आजसम्म विना कसूर थुनामा राखी पुर्पक्ष गर्ने आदेश भए अनुसार थुनामा बसी पुर्पक्ष गर्न परिरहेको छ । सहकारी संस्थाहरुले ठगी गऱ्यो भनी सहकारी संस्थामा कार्यरत कर्मचारी तथा संचालकहरु विरुद्ध मलाई जस्तै ठगीको महलको अभियोग लगाई विभिन्न मितिमा काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भएका छन र त्यस्ता मुद्दाहरुमा काठमाडौं जिल्ला अदालतबाटै अदालती बन्दोवस्तको ११८ को देहाय १० को आधारमा धरौटी मागी त्यस्ता अभियुक्तहरुले धरौटीमा छुटी मुद्दाको पुर्पक्ष गरी रहेका छन् । सहकारी संस्था संलग्न भएको ठगी मुद्दामा अभियुक्त राजेन्द्र पाण्डेलाई २,५०,०००। धरौटीमा छोड्ने र अभियुक्त मधुसुदन चालिसेलाई रु.२,००,०००। धरौटी लिई तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी आदेश भएको छ । मेरो पनि उपरोक्त मुद्दाका प्रतिवादीहरु सरहकै समान अवस्था भएकोमा एउटै अदालतले समान अवस्था र समान परिस्थितिका अभियुक्तहरुलाई कसैलाई तारेखमा छोडने कसैलाई धरौटीमा छाड्ने आदेश गरी समानता र स्वतन्त्रताको मेरो मौलिक हक काठमाडौं जिल्ला अदालतबाट अपहरित हुन पुगेको छ । यस विषयमा यस अदालतबाट सिद्धान्त कायम भै समान परिस्थितिका अभियुक्तहरु मध्ये कसैलाई थुनामा राख्ने कसैलाई धरौटीमा छाड्ने गरी भएका आदेशहरु भेदभावपूर्ण आदेश भनी त्यस्ता आदेशहरु वदर भई बन्दीप्रत्यक्षीकरणको आदेश जारी भै नागरिकका मौलिक हकहरु संरक्षित र सुरक्षित भएका छन् । फौज्दारी मुद्दामा थुनामा राखी पुर्पक्ष गर्न तत्काल प्राप्त प्रमाण हुनै पर्ने अनिवार्य व्यवस्था कानूनले गरेको छ । मेरो विरुद्ध जाहेरी दरखास्त बाहेक अन्य कुनै प्रमाण प्रहरीले प्राप्त गर्न सकेको छैन । बनावटी मुद्दामा मलाई विना प्रमाण केवल जाहेरीको भरमा थुनामा राखी पुर्पक्ष गर्ने गरी काठमाडौं जिल्ला अदालतबाट भएको मिति २०५८।९।१८ को कानून विपरीतको आदेश र कार्यले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ द्वारा प्राप्त समानताको हक हनन हुन गएको र धारा १२ अन्तर्गत प्राप्त वैयक्तिक स्वतन्त्रता अपहरण हुन गएको हुँदा धारा ८८(२) बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने समेत व्यहोराको रिट निवेदन ।

लिखित जवाफ पठाउनु भनी विपक्षीहरुको नाममा सूचना पठाउनु भन्ने यस अदालतको आदेश ।

रिट निवेदक अर्जुनराज भण्डारी समेतले जाहेरवाला वचत कर्ताहरुको जम्मा गरेको रुपैया ठगी गरेकोले मूलुकी ऐन ठगीको १ नं. तथा २ नं. विपरीत कसूर अपराध गरेको हुँदा सो कसूर अपराधमा सोही महलको ४ नं. बमोजिम कारवाही गरिपाऊँ भन्ने व्यहोराको वादी श्री ५ को सरकारको अभियोग माग दावी भएकोमा निज प्रतिवादी रिट निवेदकको वयान गराई पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल अदालती बन्दोवस्तको ११८ को देहाय २ बमोजिम निजलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी यस अदालतबाट आदेश भई निजलाई थुनामा राखी कारवाही भई रहेको छ । वेरितको आदेश वदर गरिपाऊँ भनी अर्जुन राज भण्डारीले पुनरावेदन अदालत पाटनमा निवेदन दिएकोमा पुर्पक्षको निमित्त निजलाई थुनामा राख्ने गरेको यस अदालतको आदेश परिवर्तन गर्ने अवस्था विद्यमान नरहेकोले कानून बमोजिम गर्नु भनी पुनरावेदन अदालत पाटनबाट मिति २०५८।१०।१८ मा आदेश भएको छ । त्यसपछि यस अदालतको आदेश वदर गरिपाऊँ भनी सम्मानित अदालतमा अर्जुन राज भण्डारीले निवेदन दिएकोमा अर्जुन राज भण्डारीलाई पुर्पक्षको लागि थुनामा राखी कारवाही गर्ने गरेको यस अदालतको मिति २०५८।९।१८ को आदेशलाई सदर गर्ने गरी पुनरावेदन अदालत पाटनले मिति २०५८।१०।१८ मा गरेको आदेशलाई परिवर्तन गर्नुपर्ने अवस्था विद्यमान नदेखिंदा कानून बमोजिम गर्नु भनी सम्मानित सर्वोच्च अदालतबाट मिति २०५९।३।२१ मा आदेश

भएको समेत देखिंदा कानून बमोजिम नै निज रिट निवेदकलाई थुनामा राखेको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको विपक्षी काठमाडौं जिल्ला अदालतको लिखित जवाफ ।

विपक्षी कारागार शाखाको लिखित जवाफ नपरेको ।

नियम बमोजिम पेश भएको प्रस्तुत रिट निवेदन सहितको मिसिल अध्ययन गरी रिट निवेदक तर्फबाट विद्वान अधिवक्ता श्री वलराम के.सी.ले मेरो पक्ष रिट निवेदक उपर दायर भएको ठगी मुद्दामा काठमाडौं जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा राख्ने गरी आदेश गरेको छ । मेरो पक्ष उपर दायर भएको जस्तै सहकारी संस्थाहरुले वचत कर्ताहरुको रुपैया ठगी गऱ्यो भन्ने मुद्दाका प्रतिवादीहरुलाई काठमाडौं जिल्ला अदालतले नै पुर्पक्षको लागि धरौटी लिई तारेखमा राखी कारवाही चलाएको अवस्था हुँदा अदालती बन्दोवस्तको ११८ नं. को सामान्य कानूनको भेदभाव हुने गरी प्रयोग भएकोले काठमाडौं जिल्ला अदालतको आदेशमा सामान्य कानूनको प्रयोगमा भेदभाव नगरिने भन्ने संविधानको धारा ११ को उलङ्घन भएको हुँदा निवेदकको माग बमोजिमको आदेश जारी हुनुपर्छ भन्ने समेत वहस प्रस्तुत गर्नु भयो । विपक्षी तर्फबाट विद्वान उपन्यायाधिवक्ता श्री ब्रजेश प्याकुरेलले निवेदक उपर दायर भएको ठगी मुद्दामा काठमाडौं जिल्ला अदालतले निवेदकलाई पुर्पक्षको लागि थुनामा राख्ने गरी भएको आदेश बमोजिम निवेदक थुनामा रहेको हो । सो आदेश अदालती बन्दोवस्तको १७ नं. अन्तर्गत तह तह हुँदै सदर भएको पनि छ । अदालतको आदेशबाट कानून बमोजिम थुनामा रहेको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुनुपर्छ भन्ने समेत वहस प्रस्तुत गर्नु भयो ।

उपरोक्त वहस समेतलाई दृष्टिगत गरी रिट निवेदकको माग बमोजिमको आदेश जारी गर्न मिल्ने, नमिल्ने सम्बन्धमा निर्णय दिनुपर्ने हुनआयो । निर्णय तर्फ विचार गर्दा रिट निवेदकको विरुद्धमा दायर भएको ठगी मुद्दामा निवेदकलाई काठमाडौं जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा राख्ने गरी भएको आदेश कानून विपरीतको भै बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने रिट निवेदकको माग भएकोमा निवेदकलाई पुर्पक्षको लागि थुनामा राख्ने गरी भएको आदेश पुनरावेदन अदालत पाटन र सर्वोच्च अदालतबाट समेत सदर भएकोले कानून बमोजिम नै रिट निवेदक थुनामा रहेकोले रिट निवेदन खारेज भागी छ भन्ने लिखित जवाफ व्यहोरा छ । इजलास समक्ष पेश भएको रिट निवेदक समेतको विरुद्धमा काठमाडौं जिल्ला अदालतमा चलीरहेको ठगी मुद्दाको मिसिलबाट रिट निवेदकलाई पुर्पक्षको लागि थुनामा राख्ने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०५८।९।१८ मा भएको आदेश परिवर्तन गर्नु नपर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०५८।१०।१८ मा र यस अदालतबाट मिति २०५९।३।२१ मा आदेश भएको देखियो । निवेदकले यस अदालतको आदेश समेतबाट थुनामा रहेको कार्य गैरकानूनी र असमान भएको भनी जिकिर गरेको पाइयो । तर निज निवेदकको विरुद्धमा ठगी मुद्दा चली अधिकार प्राप्त निकाय काठमाडौं जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा राख्ने गरेको आदेश उपर निवेदकले अदालती बन्दोवस्तको १७ नं. अन्तर्गतको उपचार उपयोग गरी पुनरावेदन अदालत पाटन र यस अदालतबाट समेत काठमाडौं जिल्ला अदालतको उक्त आदेश समर्थित भै सकेको अवस्थामा पुनरावेदन अदालत पाटन र यस अदालतलाई विपक्षी नबनाइएको भए पनि तह तहका सबै अदालतहरुको आदेशको विरुद्धमा प्रस्तुत रिट निवेदन रहेको देखिन आयो । निवेदकको माग बमोजिमको आदेश जारी गर्नु पर्दा यस अदालतबाट मिति २०५९।३।२१ मा भएको आदेश परिवर्तन हुने गरी आदेश गर्नुपर्ने अवस्था हुन्छ । २०२७ सालको रिट नं. ९३९ निवेदक दशरथ कुर्मी विपक्षी सर्वोच्च अदालतका तत्कालीन प्रधान न्यायाधीश रत्नबहादुर विष्ट समेत भएको उत्प्रेषण विषयको रिट निवेदनमा यस अदालतबाट मिति २०२७।१०।६।३ मा आफ्नो वा आफु भन्दा माथिल्लो वा आफु सरहकै अधिकार क्षेत्र भएको अदालत वा न्यायिक अधिकारीको न्यायिक निर्णय वदर गर्नको लागि कुनै आदेश जारी गर्न नमिल्ने भनी सिद्धान्त प्रतिपादन भएको पाइन्छ । उक्त सिद्धान्त

बमोजिम यस अदालतबाट अदालती बन्दोवस्तको १७ नं. अन्तर्गत परेको निवेदनमा गरिएको आदेशलाई नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(२) अन्तर्गतको असाधारण अधिकार प्रयोग गरी यस अदालतले संसोधन वा परिवर्तन गर्ने गरी निर्णय गर्न मिल्ने अवस्था भएन । यसरी तह तह हुदै साधारण क्षेत्राधिकार अन्तर्गत रिट निवेदकलाई पुर्पक्षको लागि थुनामा राख्ने गरी भएको काठमाडौं जिल्ला अदालतको आदेशलाई समर्थन गर्ने गरी यस अदालतबाट आदेश भएकोमा यस अदालतलाई विपक्षी नबनाए पनि उपरोक्त प्रतिपादित सिद्धान्तको आधारमा यस अदालतबाट भएको आदेश परिवर्तन गर्ने गरी कुनै आदेश जारी गर्न मिल्ने भएन । यस स्थितिमा निवेदक वेरित र गैरकानूनी थुनामा रहेको नदेखिई न्यायिक थुनामा रहेको देखिंदा निवेदकको माग बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने भै रिट निवेदन खारेज हुने ठहर्छ । मिसिल नियमानुसार बुझाई दिनु ।

उक्त रायमा सहमत छु ।

न्या. मीनबहादुर रायमाझी

इति सम्वत् २०५९ साल भदौ ११ गते रोज ३ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास
मानननीय न्यायाधीश श्री कृष्णजंग रायमाझी
माननीय न्यायाधीश श्री गोविन्दबहादुर श्रेष्ठ

सम्वत् २०५९ सालको रि.नं. ९९

आदेश मितिः २०५९।६।८

विषय : बन्दीप्रत्यक्षीकरण ।

निवेदक : काठमाडौं जिल्ला गोलढुंगा गा.वि.स. वडा न. १ घर भै हाल का.जि.का.म.न.पा. वडा नं ३१ कानून व्यवसाय गरी बस्ने हाल पक्राउमा परेका अधिवक्ता खिमलाल देवकोटाको हकमा निजको श्रीमती लक्ष्मी देवकोटा

विरुद्ध

विपक्षी : श्री ५ को सरकार, गृह मन्त्रालय समेत

- **नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२ को मौलिक हक अन्तर्गतको उपधारा १ ले कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण हुने छैन भनी स्वतन्त्रताको हकको प्रत्याभूति गरेको अवस्थामा व्यक्तिको मौलिक हक अधिकारको विषयमा समेत ध्यान पुर्‍याई तथ्यहरुको समुचित मूल्यांकन गरी निर्णयमा पुग्नु पर्ने काम कानूनले अधिकृत गरिएको अधिकारीबाट हुनुपर्ने ।**

- **कानूनले अधिकृत गरिएको अधिकारीले आतङ्ककारी तथा विध्वासात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ को दफा ९ बमोजिम कुनै व्यक्तिलाई नजरबन्दमा राख्ने आदेश गर्दा आतङ्ककारी तथा विध्वंसात्मक कार्य हुनसक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने विश्वास गर्न सकिने मनासिव आधार हुनुपर्ने ।**

- **ऐनको उल्लेखन मात्र पर्याप्त हुदैन । ऐनको प्रयोगको लागि यसका पूर्वाधार पनि विद्यमान हुनु आवश्यक हुनुपर्ने ।**

आदेश

- न्या. कृष्णजंग रायमाझी

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३।८८(२) अन्तर्गत पर्न आएको प्रस्तुत निवेदनको संक्षिप्त विवरण एवं ठहर निम्न प्रकार छः

निवेदक खिमलाल देवकोटा विगत ११ वर्ष देखि निरन्तर रुपमा कानून व्यवसाय पेशामा संलग्न रही सर्वोच्च अदालत वार ईकाइको सदस्य नेपाल वार एशोसियन, मानव अधिकार तथा जन सरोकार

समितिको सदस्य, साथै मानव अधिकारवादी संस्था जन अधिकार सरोकार अभियानको सचिव समेत रही आउनु भएको छ । कानूनसँग सम्बन्धित ठहर नामक पत्रिकाको सम्पादक समेत रही सक्नुभएका निज खिमलालले संविधान एवं कानूनसँग सम्बन्धित कतिपय पुस्तकहरु लेखी आउनु भएको छ भने यससँग सम्बन्धित निजका थुप्रै लेख रचनाहरु समेत विभिन्न सार्वजनिक पत्र पत्रिकामा छापिइसकेका छन् ।

निवेदक खिमलाल देवकोटा विगत ११ वर्ष देखि निरन्तर रुपमा कानून व्यवसाय पेशामा संलग्न रही सर्वोच्च अदालत वार ईकाइको सदस्य नेपाल वार एशोसियन, मानव अधिकार तथा जन सरोकार समितिको सदस्य, साथै मानव अधिकार वादी संस्था जन अधिकार सरोकार अभियानको सचिव समेत रही आउनु भएको छ । कानूनसँग सम्बन्धित ठहर नामक पत्रिकाको सम्पादक समेत रही सक्नु भएका निज खिमलालले संविधान एवं कानूनसँग सम्बन्धित कतिपय पुस्तकहरु लेखी आउनु भएको छ भने यससँग सम्बन्धित निजका थुप्रै लेख रचनाहरु समेत विभिन्न सार्वजनिक पत्र पत्रिकामा छापिइसकेका छन् ।

मिति २०५९।२।२८ गते बिहान करिव ९ बजे तिर आफ्नो अफिसमा आफ्नो व्यवसायसँग सम्बन्धित काम गरिरहेको अवस्थामा केही सादा पोषाकका सुरक्षाकर्मीहरु बागबजार स्थित आफ्नै ल फर्ममा आई तपाईसँग मुद्दा सम्बन्धी सल्लाह गर्नुछ भनी केही छिन बसी तत्काल ल फर्मबाट बाहिर निस्केर बाटोमा बसेका रहेछन् । करिव ९.३० बजे तिर सर्वोच्च अदालतमा वहस गर्न भनी सम्बन्धित मिसिल फाइल र आवश्यक पुस्तकहरु व्यागमा राखी कालोकाट लगाई ल फर्मबाट बाहिर निस्कन लाग्दा फर्म निजकै बाटोमा बसेका ४।५ जना साधा पोषाकका सुरक्षाकर्मीहरु र २ जना जति युनिफर्मका प्रहरीहरुले निवेदक खिमलाललाई पक्राउ गरी नम्वर थाहा नभएको प्राइभेट भ्यानमा राखी रत्नपार्क तिर लिई गए । सो घटना बाहिर तिर पसलमा बसेका र हिड्दै गरेका केही व्यक्तिहरुले देखेका छन् । करिव साढे एक घण्टा पछि शुरुमा ल फर्ममा आएका सुरक्षाकर्मी समेतका ४ जना साधा पोषाकका सुरक्षाकर्मीहरु पुनः ल फर्ममा आई फर्ममा बसी रहेका बेलबहादुर गुरुङलाई सर्वोच्च अदालतमा पेशी भै वहस गर्न भनी खिमलालले व्यागमा राखी लिएको मिसिल र एउटा पुस्तक समेत फिर्ता दिंदै आफूहरु गृह मन्त्रालय एवं रक्षा मन्त्रालय तथा प्रहरी प्रधान कार्यालय र शाही नेपाली जंगी अड्डा अन्तर्गतका सुरक्षाकर्मीहरु हौं भन्दै अब खिमलालजी हाम्रो कब्जामा हुनुहुन्छ वहाँ अहिले आउन सक्नुहुन्न । हामीले आज हनुमानढोकामा थुनामा राखी सक्यौं । वहाँलाई आवश्यक कारवाही गर्छौ भेटने भए रक्षा र र गृह मन्त्रालयको आदेश लिई आउनु होला भनी गए ।

तत्काल हनुमानढोका र गृह मन्त्रालयमा गै सम्पर्क राख्दा भेट्न नदिने बताए । हालसम्म मेरो पति खिमलाललाई प्रत्यर्थीहरुले के कति कारणले पक्राउ गरी कुन अवस्थामा राखिएको छ सो समेतको जानकारी नदिएबाट र नाक, आंखा र मुखमा कालो थैलीले छोपी पछाडिपट्टि हत्कडी लगाई खाना पानी समेत नदिई अध्यारो चिसो कोठामा थुनी निर्मम ढंगले मानसिक यातना समेत दिई जिउ ज्यान समेत जोखिमपूर्ण अवस्थामा भएको र संविधानको धारा १४(५) मा पक्राउ परेको व्यक्तिलाई कारण सहितको सूचना यथासक्य चाँडो दिई थुनामा राख्नु पर्ने, धारा १६(६) मा २४ घण्टा भित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्ने संवैधानिक प्रावधानको उपेक्षा गरी विना सूचना वा अभियोग गैरकानूनी रुपमा मेरो पतिलाई गिरफ्तार गरी भेटघाट नै गर्न नदिई नेपाल अभिराज्यको संविधानद्वारा घोषित आधारभूत मानव अधिकार एवं कानूनी शासनको प्रजातान्त्रिक अवधारणालाई चुनौति दिई संविधानको धारा ११, १२(१) १४(४) (५) र (६) द्वारा प्रदत्त मौलिक हक एवं वैयक्तिक हकमा प्रत्यर्थीहरुको काम कारवाहीबाट वञ्चित गरिएकोले वैकल्पिक कानूनी उपचारको अभावमा धारा २३।८८(२) अन्तर्गत रिट निवेदन प्रस्तुत गरेको छु । प्रत्यर्थीद्वारा गैरकानूनी रुपमा गिरफ्तार गरिएका मेरा पति खिमलाल देवकोटालाई अविलम्ब यस अदालत समक्ष उपस्थित गराई उपस्थित नगराएमा खानतलासी पुर्जी समेत जारी गरी गैरकानूनी थुनाबाट अविलम्ब मुक्त

गरी छाडी दिनु भनी प्रत्यर्थीहरुका नाममा बन्दीप्रत्यर्थीकरणको आदेश जारी गरी वैयक्तिक स्वतन्त्रताको संरक्षण गरिपाऊँ भन्ने रिट निवेदन जिकिर ।

यसमा के केसो भएको हो ? प्रत्यर्थी कार्यालयबाट लिखित जवाफ मगाई आएपछि वा अवधि नाघेपछि नियम बमोजिम पेश गर्नु भन्ने यस अदालत एक न्यायाधीशको इजलासबाट मिति २०५९।३।५ भएको आदेश ।

यस मन्त्रालयबाट निजलाई पक्राउ गर्ने थुनामा राख्ने आदेश दिइएको छैन र निजको हकाधिकारमा हनन गरिएको नहुँदा रिट खारेज होस भन्ने गृह मन्त्रालयको लिखित जवाफ ।

निवेदिकाको पतिलाई यस कार्यालयबाट कुनै किसिमको गैरकानूनी रुपबाट थुनामा नराखिएको हुँदा रिट खारेज हुनुपर्ने भन्ने समेत निमित्त प्रमुख जिल्ला अधिकारी जि.प्र.का. काठमाडौंको लिखित जवाफ ।

रिट निवेदकको पक्राउ र थुनाको सम्बन्धमा यस मन्त्रालय अनभिज्ञ भएको हुँदा विपक्षीहरुको संख्या बढाउने उद्देश्यले यस मन्त्रालयलाई समेत विपक्षी बनाई दायर गरिएको रिट निवेदन बदर भागी भएकोले खारेज गरिपाऊँ भन्ने समेत निमित्त सचिव रक्षा मन्त्रालयको लिखित जवाफ रहेछ ।

अधिवक्ता खिमलाल देवकोटा शाही नेपाल सेनाको थुनामा नरहेको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत शाही नेपाली जंगी अड्डा प्रधान कार्यालयको लिखित जवाफ ।

रिट निवेदनमा उल्लेख भए बमोजिम रिट निवेदकलाई थुनामा नराखिएकोले रिट खारेज गरिपाऊँ भन्ने समेत प्रहरी कार्यालय हनुमानढोकाको लिखित जवाफ रहेछ ।

मिति २०५९।३।१६ को दिन नेपाल वार एशोसियसनका अध्यक्ष वरिष्ठ अधिवक्ता श्री सिन्धुनाथ प्याकुरेल समेत लगायतका कानून व्यवसायीले जिल्ला प्रहरी कार्यालय हनुमानढोकामा थुनामा रहेको अवस्थामा खिमलाल देवकोटा सित भेट गरेको जानकारी गराउंछु भनी मिति २०५९।३।१७ मा र.नं. ३९६।२०५८।०५९ को पत्र नेपाल वार एशोसियनको सचिव श्री सतिस खरेलले इजलास समक्ष पेश गर्नु भएकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३५ अनुसार के कसो हो ? निवेदकलाई त्यहाँ कसको आदेशले कहिले देखि कुन अपराधमा कुन ऐन अन्तर्गत थुनामा राखिएको हो ? भएको यथार्थ विवरण खुलाई तिन दिन भित्र जानकारी गराउन जिल्ला प्रहरी कार्यालय हनुमानढोकालाई लेखी पठाउने र जवाफ आएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु भन्ने यस अदालतको २०५९।३।१७ को आदेश ।

निज खिमलाल देवकोटालाई कार्यालयको हिरासतमा नराखिएको हुँदा कानून व्यवसायीहरुले भेट गर्ने अवस्था नै नभएको भन्ने समेत जिल्ला प्रहरी कार्यालयको २०५९।३।२० को पत्रद्वारा जानकारी गराइएको भन्ने देखिएको ।

मिति २०५९।३।२१ बाट नजरबन्दमा राखेको आदेशको फोटोकपि सहित लक्ष्मी शर्माको निवेदनबाट निज खिमलाल देवकोटालाई नजरबन्दमा राख्ने आदेश गरेको देखिएकोले विपक्षी लगायत भद्रबन्दी गृह समेतबाट के कुन मितिदेखि कहां कुन ठाउँमा पक्राउ गरी थुनामा राखिएको हो लिखित जवाफ म.न्या. का. मार्फत पठाई थुनुवा निवेदकलाई २०५९।३।२८ गते दिन १० बजे भित्रै प्रस्तुत गर्नु भनी अविलम्ब लेखी पठाई नियमानुसार पेश गर्नु भन्ने यस अदालतको २०५९।३।२४ को आदेश ।

निवेदक खिमलाल देवकोटालाई यस मन्त्रालयबाट थुनामा राख्ने समतेको काम कारवाही नभएको भन्ने व्यहोराको प्रहरी प्रधान कार्यालय नक्सालको लिखित जवाफ ।

लिखित जवाफ पहिले नै प्रस्तुत गरिएको र हेरफेर गर्नुपर्ने वुदाहरु नभएको भन्ने रक्षा मन्त्रालयको लिखित जवाफ ।

विपक्षी खिमलाल देवकोटालाई २०५९।३।४ सम्म पक्राउ गरिएको थिएन तसर्थ सोही अनुसारको लिखित जवाफ सम्मानित अदालत समक्ष प्रस्तुत गरिएको थियो भने निज खिमलाल देवकोटालाई मिति २०५९।३।२१ गतेका दिन प्रहरीद्वारा काठमाडौं बागबजारमा पक्राउ गरी सोधपुछ गर्दा निज माओवादी समुहसँग आबद्ध रहेको बुझिएको हुँदा सोही दिन अर्थात २०५९।३।२१ गतेका दिन यस कार्यालयबाट निजलाई नजरबन्दमा राख्ने गरी आदेश दिइएको हो र सो कुराको पुष्टि प्रकरण ४ मा उल्लेखित कागजहरुबाट समेत हुने हुनाले निजको मिति २०५९।३।४ को रि.नं. ९९ को रिट निवेदन व्यहोरा सरासर गलत भएकोले रिट निवेदन खारेज हुन सम्मानित अदालत समक्ष अनुरोध भनी प्रकरण ४ मा प्रहरी प्रतिवेदन माओवादी आतङ्ककारी विवरण प्रतिलिपि नजरबन्दमा राख्ने आदेश जारी गरिपाऊँ भन्ने पत्र प्रतिलिपि र नजरबन्दको आदेश प्रतिलिपि साथै पेश भएको भनी उल्लेख गरेको देखिन्छ ।

कास्की लुम्ले गा.वि.स. वडा नं. ६ घर भई का.जि. बालाजु गोलढुंगा बस्ने देवीप्रसाद देवकोटाको छोरा वर्ष ३७ को खिमलाल देवकोटा जिल्ला प्रशासन कार्यालय काठमाडौंको च.न.. ३५१७ मिति २०५९।३।२१ को पत्रानुसार सोही मिति देखि यस शाखा अन्तर्गत भद्रबन्दी गृहमा नजरबन्दमा रहेका छन् । कुन मिति कुन ठाउँमा पक्राउ परेका हुन यस कार्यालयलाई थाहा हुने विषय होइन अधिकार प्राप्त अधिकारीले दिएको आदेशानुसार मात्र कारागारमा राखिएको हो । सम्मानित अदालतबाट माग भए बमोजिम निज खिमलाल देवकोटालाई यसैसाथ प्रस्तुत गरेको छु भन्ने कारागार शाखा जगन्नाथ देवलको लिखित जवाफ ।

विपक्षी रिट निवेदक खिमलाल देवकोटालाई मिति २०५९।२।२८ गते सुरक्षाफौजले पक्राउ गरी लगी शारीरिक, मानसिक यातना दिने काम कार्य नगरिएको निज विपक्षी खिमलाल देवकोटा ने.क.पा. (माओवादी) सँग आबद्ध रही हिसांलाई तिब्र बनाउने उद्देश्यबाट परिचालन भएको भन्ने बुझिन आएकोले निजलाई मिति २०५९।३।२१ गतेका दिन का.जि.का.म.न.पा. बागबजार स्थित फेला पारि सोही दिनमा नै नजरबन्दमा राख्ने आदेश जारी गरी पाउन भनी जिल्ला प्रशासन कार्यालय काठमाडौंमा मानिस मिसिल पेश गरी आतङ्ककारी तथा विध्वासात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ को दफा ९ अनुसार मिति २०५९।३।२१ गते देखि नजरबन्दमा राख्न नजरबन्दको पुर्जी सहित दिई पठाएको छ भन्ने जिल्ला प्रशासन कार्यालय काठमाडौंको मिति २०५९।३।२१ च.नं. ३५१६ को पत्र समेत प्राप्त भई निज खिमलाल देवकोटालाई नजरबन्दमा राख्ने काम कार्य भएको हो । सो बाहेक अन्य कार्य यस कार्यालयबाट गरिएको छैन भन्ने समेत जिल्ला प्रहरी कार्यालयको मिति २०५९।३।२८ को लिखित जवाफ रहेछ ।

खिमलाल देवकोटालाई मिति २०५९।२।२८ गते देखि गैरकानूनी थुनामा राखेको भन्ने जानकारी प्राप्त हुन आएकोले नेपाल वार एशोसियनका अध्यक्ष सिन्धुनाथ प्याकुरेल समेत वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरुको टोलीले मिति २०५९।३।१६ मा निजलाई भेट गरेको भन्ने नेपाल वार एशोसिएसनको मिति २०५९।३।१७ को पत्रमा उल्लेख गरेको पाइयो । उक्त पत्रमा उल्लेख गरे अनुसार उक्त मितिमा निजसँग भेट भएको हो होइन ? यस अदालतमा उपस्थित गराएका बन्दी खिमलाल देवकोटाको कागज गराई खुलाई लगाउन लगाई मिति २०५९।४।६ का दिन पेश गर्नु भन्ने समेत यस अदालतको २०५९।३।२८ को आदेश बमोजिम कागज हुँदा कानून व्यवसायीहरुबाट जिल्ला प्रहरी कार्यालय हनुमानढोकामा २ जना इन्स्पेक्टर

दर्जाका सुरक्षाकर्मीहरुको कार्यकक्षमा भेट भै गिरफ्तारी र स्थितिको वारेमा सोधपुछ भएको भनी कागज गरेको देखिन्छ ।

नियम बमोजिम दैनिक मुद्दा पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत विषयमा रिट निवेदक तर्फबाट वहसको लागि उपस्थित विव्दान अधिवक्ताहरु क्रमशः श्री हरिकृष्ण कार्की, श्री शिबराज अधिकारी, श्री सतिसकृष्ण खरेल, श्री एकराज भण्डारी, श्री सरिता शर्मा तथा श्री लक्ष्मी शर्मा समेतले अधिवक्ता खिमलाल देवकोटालाई गैरकानूनी थुनामा राखेर पनि थुनामा नराखेको भनी झुठ्ठो लिखित जवाफ विपक्षीहरुबाट पहिले प्रस्तुत भएको र नेपाल वार एशोसियसनको पदाधिकारीहरुबाट निज देवकोटा सँग भेटघाट भएपछि अदालतको आदेश बमोजिम कागज गराई खुलाइएपछि मात्र सार्वजनिक सुरक्षा ऐन अर्न्गात थुनामा राखिएको भनी पुनः लिखित जवाफ प्रस्तुत भएको छ । निवेदक खिमलाल देवकोटाले सार्वजनिक सुरक्षामा खलल हुने किसिमको कुनै पनि काम कारवाही गर्नु भएको छैन । आफ्नो वकिल अफिसबाट अदालत तर्फ जादैं गर्दाको अवस्थामा प्रहरीद्वारा विना पुर्जी र सूचना बेगर गिरफ्तार गरी संविधानद्वारा प्रदत्त स्वतन्त्रता सम्बन्धी हकमा आघात पुर्‍याउने काम विपक्षीहरुबाट भएको छ । उहां आतङ्ककारी तथा विध्वसात्मक कार्यमा कहिले पनि नलागी आफ्नो पेशा व्यवसायमा लागि रहनु भएको व्यक्ति हुदा उहां माथि त्यस्तो अभियोग लगाई अधिकार नै नभएको व्यक्तिबाट आदेश गरी नजरबन्दमा राखिनुले निजको संविधानद्वारा प्रदत्त वैयक्तिक स्वतन्त्रतामा हनन हुनुको साथै गैरकानूनी थुनामा राखेको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेशद्वारा थुनाबाट मुक्त हुनुपर्दछ भन्ने तथा विपक्षी कार्यालयहरुको तर्फबाट विव्दान सरकारी उप न्यायाधिवक्ता श्री वज्रेश प्याकुरेलले रिट निवेदकलाई निवेदनमा उल्लेख भए बमोजिम पहिलेदेखि थुनामा राखेको नदेखिंई २०५९।३।२१ मा फेला पारी माओवादी गतिविधिमा संलग्न रहेको कारणबाट सोही मिति देखि नै निमित्त प्र.जि.अ. को आदेशबाट नजरबन्दमा राखिएको भन्ने निमित्त प्र.जि.अ. को लिखित जवाफसाथ प्राप्त हुन आएको नजरबन्द आदेशबाट देखिन आएकोले गैरकानूनी थुनामा राखिएको भन्ने अवस्था छैन । रिट निवेदन खारेज हुनुपर्दछ भनी गर्नु भएको वहस जिकिर समेत सुनियो ।

यसमा आज निर्णय सुनाउन पेश हुन आएको प्रस्तुत मुद्दामा उल्लेखित वहसहरु समेतलाई ध्यानमा राखी मिसिल अध्ययन गरी निर्णय तर्फ विचार गर्दा रिट निवेदकको रिट निवेदन माग बमोजिमको आदेश जारी हुनुपर्ने हो होइन सो सम्बन्धमा निर्णय दिनुपर्ने हुन आएको छ ।

थुनामा रहेका निवेदक खिमलाल देवकोटालाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ को दफा ९ बमोजिम निमित्त प्रमुख जिल्ला अधिकारीले २०५९।३।२१ मा नजरबन्दमा राख्ने आदेश जारी गरी थुनामा राखेको देखिन्छ । दफा ९ को व्यवस्था हेर्दा, आतङ्ककारी तथा विध्वंसात्मक कार्य हुनसक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नपर्ने विश्वास गर्न सकिने मनासिव आधार भएमा सुरक्षा अधिकारीले त्यस्तो व्यक्तिलाई नब्बे दिन सम्म कुनै मानवोचित ठाउँमा नजरबन्दमा राख्ने आदेश जारी गर्नसक्नेछ भन्ने व्यवस्था रहेको देखिएको छ । ऐ. ऐनको दफा २ को खण्ड (ठ) मा गरिएको सुरक्षा अधिकारी को परिभाषाबाट प्रमुख जिल्ला अधिकारी वा श्री ५ को सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेको श्री ५ को सरकारको राजपत्रांकित अधिकृत कर्मचारी सम्झनु पर्ने भन्ने देखिन्छ । नेपाल राजपत्र खण्ड ५१ माघ ११ गते २०५८ को श्री ५ को सरकार, गृह मन्त्रालयको प्रकाशित सूचनामा आतकंकारी तथा विध्वसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०५८ को दफा २ को खण्ड (ठ) ले दिएको अधिकार प्रयोग गरी क्षेत्रीय प्रशासकलाई सुरक्षा अधिकारी तोकेको देखिन्छ तर प्रस्तुत मुद्दामा निवेदक खिमलाल देवकोटालाई नजरबन्दमा राख्ने आदेश गर्ने सो अनुसारको अधिकृत नभई निमित्त प्रमुख जिल्ला अधिकारी देखिन आएको छ । निज अधिकारीलाई श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको छ भन्ने कुरा लिखित जवाफबाट पनि भन्न सकेको पाइएन ।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२ को मौलिक हक अन्तर्गतको उपधारा १ ले कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण हुने छैन भनी स्वतन्त्रताको हकको प्रत्याभूति गरेको छ । व्यक्तिको त्यस्तो मौलिक हक अधिकारको विषयमा समेत ध्यान पुर्‍याई तथ्यहरुको समुचित मूल्यांकन गरी निर्णयमा पुग्नु पर्ने काम कानूनले अधिकृत गरिएको अधिकारीबाट हुनुपर्ने हुन्छ ।

कानूनले अधिकृत गरिएको अधिकारीले पनि उक्त ऐनको दफा ९ बमोजिम कुनै व्यक्तिलाई नजरबन्दमा राख्ने आदेश गर्दा आतङ्ककारी तथा विध्वंसात्मक कार्य हुनसक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने विश्वास गर्न सकिने मनासिव आधार हुनुपर्ने हुन्छ । निमित्त प्रमुख जिल्ला अधिकारीको उक्त आदेश र लिखित जवाफ कथनबाट समेत निवेदक खिमलालबाट उक्त ऐनको दफा ३ को आतङ्ककारी तथा विध्वंसात्मक कुन कार्य हुनसक्ने र त्यसलाई हुन नदिन निजलाई रोक्नुपर्ने विश्वास गर्न सकिने मनासिव आधार के हो उल्लेख भएको पाइदैन । ऐनको उल्लेखन मात्र पर्याप्त हुदैन । ऐनको प्रयोगको लागि यसका पूर्वाधार पनि विद्यमान हुनु आवश्यक हुन आउँछ । ने.क.पा. (माओवादी) सँग आबद्ध रही हिंसालाई तिब्र बनाउने उद्देश्यबाट परिचालन भएको भन्ने बुझिन आएको भन्ने कुरा मात्रले विश्वास गर्न सकिने मनासिव आधार भएको भन्न वाच्छनीय पनि हुदैंन ।

उल्लेखित आधारहरुबाट निवेदक खिमलाल देवकोटालाई निमित्त प्रमुख जिल्ला अधिकारीबाट नजरबन्दमा राख्ने आदेशमा अधिकारक्षेत्रात्मक त्रुटि रहनुका साथै सो आदेश र आदेश बमोजिमको थुनामा राख्ने कामकारवाही कानून संङ्गत समेत देखिएन । तसर्थ थुनामा रहेका रिट निवेदक खिमलाल देवकोटालाई बन्दीप्रत्यक्षीकरणको आदेशद्वारा कानून को थुनाबाट मुक्त गरिदिनुपर्ने ठहर्छ । निज खिमलाल देवकोटालाई अन्य कारणबाट थुनामा राख्न नपर्ने भए थुनाबाट छाडी, छाडी दिएको जानकारी समेत यस अदालतलाई दिनु भनी छिटो संचार साधनद्वारा सम्बन्धित कारागार शाखालाई लेखी पठाई दिनु भनी आजै यसै इजलासबाट छुट्टै आदेश भइसकेकोले पुनः लेखी रहनु परेन । फाइल नियम बमोजिम गरी बुझाई दिनु ।

उक्त रायमा सहमत छु ।

न्या. गोविन्दबहादुर श्रेष्ठ

इति सम्वत् २०५९ साल आश्विन ८ गते रोज ३ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री केदारनाथ उपाध्याय
माननीय न्यायाधीश श्री कृष्णकुमार वर्मा

संवत् २०५९ सालको रिट नं. २२

आदेश मितिः २०५९।६।१८।६

विषयः बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ ।

निवेदक : काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३४ बस्ने अधिवक्ता रमणकुमार श्रेष्ठको हकमा ऐ. बस्ने निजको पत्नी अधिवक्ता विश्वकुमारी श्रेष्ठ

विरुद्ध

विपक्षी : श्री ५ को सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं समेत

- **कुनै ऐनअन्तर्गतको कसूरमा मुद्दाको अनुसन्धान तहकिकातको लागि अधिकार प्राप्त अधिकारी वा अदालतबाट कानूनबमोजिम भएको आदेशले हिरासतमा राखिएको भन्ने देखिन नआउँदा कानूनबमोजिम थुनामा राखेको नदेखिने ।**

आदेश

- न्या. केदारनाथ उपाध्याय

१. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३।८८(२) अन्तर्गत दायर भई पेश भएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र निर्णय यसप्रकार छ ।

२. पति रमणकुमार श्रेष्ठ कानून व्यवसाय गरी आउनु भएको र लामो समयदेखि निज कुनै राजनीतिक दलसँग सम्बद्ध हुनुहुन्न । मिति २०५९।५।७ गतेको दिन बिहान करिव ८ बजेको समयमा पति आफ्नो व्यवसायिक कामको सिलसिलामा का.म.न.पा. बागबजार स्थित आफ्नो च्याम्वरमा जानु भएको र सो दिन निज कानून व्यवसायीको हिसावले प्रतिनिधित्व गर्नुपर्ने पेशीमा रहेका मुद्दाको बहस पैरवीको लागि आफ्नो मोटरसाईकलमा चढी अदालत तर्फ जानु भएकोमा सम्बन्धित अदालतमा नै आइपुग्नु भएन । निजलाई गैरकानूनी तवरले कसैले पक्रिएको लगायतको कुराको अनुमान वा जानकारी म निवेदकलाई भएको थिएन । निजलाई दिउसो समेत मोबाईलमा फोनमा सम्पर्क गर्ने प्रयत्न गर्दा निजको फोन बन्द रहेको वा पहुँच क्षेत्र बाहिर रहेको भन्ने स्वचालित जवाफमात्र प्राप्त भयो । साँझमा नियमित फर्किने समयसम्म फर्कि नआएको र सम्पर्क समेत हुन नसकेकोमा राती करिव ८.४५ बजे एउटा सेतो भ्यान समेत लिई करिव १०।१२ जना शाही नेपाली सेनाको पोषाकमा रहेका र एकजना सादा पोषाकमा रहेका व्यक्ति समेत निवेदकको घरमा आई विना कुनै सूचना जानकारी मेरो घर भित्र प्रवेश गरी सम्पूर्ण कोठा दराजहरूको खानतलासी लिइ करिव १० बजेतिर फर्किने बेलामा खानतलासी गर्दा कुनै हानी नोक्सानी पुर्‍याएको छैन भन्ने व्यहोराको दुई थान कागजमा मलाई सही गराएका थिए । पति कहाँ हुनुहुन्छ

भनी सोद्धा आफ्नो थुनामा राखेको र आवश्यक छानविन पश्चात् छोड्ने कुरा उल्लेख गरेपनि प्रहरी वा सेनाको कुन निकायमा कुन कसूरमा कसरी निजलाई राखिएको हो भन्ने लगायतको विषयमा उल्लेख नगरी थप कुरा बताउन नमिल्ने भनी भनेका थिए ।

३. भोलिपल्ट पनि पति रमणकुमार श्रेष्ठको खोजी गर्दा कुनै पत्तो लाग्न सकेन, जिल्ला प्रहरी कार्यालय हनुमानढोकामा गइ बुझ्दा निजलाई त्यहाँ राखिएको वा नराखिएको सम्बन्धमा कुनै कुरा भन्न नमिल्ने जवाफ मात्र पाएं । निजलाई गैरकानूनी थुनामा राखेको वारेमा मानव अधिकार आयोग लगायत विभिन्न संघ संस्थामा जानकारी गराई सकेकी छु । शाही नेपाली सेनाको मुख्य कार्यालय, गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालय र रक्षा मन्त्रालय समेतमा निजको वारेमा सोधखोज गर्दा निजलाई कहा के कुन अभियोगमा थुनामा राखिएको हो भन्ने कुरा विपक्षीले बताउन ईन्कार गरिराखेका छन् । त्यसैगरी कानून बमोजिमको अधिकार क्षेत्र भएको कुनै अड्डा अदालतमा मुद्दाको सम्बन्धमा म्याद थपको लागि पेश गरेको पनि छैन । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(५), (६) मा उल्लिखित संवैधानिक प्रावधानको उपेक्षा गरी विना कुनै सूचना, विना कुनै अभियोग निज रमण कुमार श्रेष्ठलाई गिरफ्तार गरी भेटघाट गर्न नदिई संविधान प्रदत्त वैयक्तिक स्वतन्त्रता कुण्ठित गरिएको छ । कानून बमोजिम गरिनु पर्ने सामान्य व्यवहार समेत नगरी निजलाई थुनामा राखिएको हुनाले दुबै हातमा हतकडी लगाई खाना पानी नदिई अध्यारो चिसो कोठामा थुनी निमर्म तरिकाले शारीरिक एवं मानसिक यातना समेत दिई राखेको मलाई पूर्ण विश्वास छ । निजको जीउ ज्यान जोखिमपूर्ण अवस्थामा भएको मलाई पूर्ण विश्वास छ ।

४. अतः उल्लेखित तथ्यको आधारमा मेरो पति अधिवक्ता रमन कुमार श्रेष्ठलाई के कुन कसूरमा कसरी राखिएको छ ? भन्ने जानकारी समेत नहुँदा संविधानको धारा ११, १२(१), १४(४), (५), र (६) समेतद्वारा प्रदत्त मौलिक हकमा प्रत्यर्थीहरूका कामकारवाहीद्वारा वञ्चित गरिएकोले अन्य वैकल्पिक कानूनी उपचारको अभावमा यो रिट निवेदन प्रस्तुत गरेको छु । प्रत्यर्थीहरूद्वारा गैरकानूनी रूपमा गिरफ्तार गरिएका मेरा पतिलाई अविलम्ब यस अदालत समक्ष उपस्थित गराई, उपस्थित नगराएमा खानतलासी पुर्जी समेत जारी गरी यस अदालत समक्ष उपस्थित गराइ गैरकानूनी थुनाबाट अविलम्ब मुक्त गरि छाडी दिनु भनी प्रत्यर्थीहरूका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी पति रमण कुमार श्रेष्ठको वैयक्तिक स्वतन्त्रताको संरक्षण गरिपाऊँ भन्ने समेत व्यहोराको रिट निवेदन ।

५. यसमा के कसो भएको हो ? माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक २४ घण्टा भित्र बन्दी सहित सम्बन्धित मिसिल साथ राखि लिखित जवाफ पठाउनु भनी निवेदनको एक प्रति नक्कल साथै राखी विपक्षी गृह मन्त्रालय समेतलाई सूचना पठाई लिखित जवाफ परे वा अवधि नाघेपछि पेश गर्नु भन्ने यस अदालतको २०५९।५।१२ को आदेश ।

६. निवेदनमा उल्लेखित रमण कुमार श्रेष्ठलाई पक्राउ गरी थुनामा राख्ने कार्य यस कार्यालयबाट भएको नपाइएकोले यस कार्यालय विरुद्धको रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको प्रहरी प्रधान कार्यालय, नक्सालको तर्फबाट पेश भएको लिखित जवाफ ।

७. विपक्षी रिट निवेदक रमण कुमार श्रेष्ठलाई यस जिल्ला प्रहरी कार्यालय काठमाडौंबाट पक्राउ गरी ल्याउने, थुनामा राख्ने कार्य नगरिएको र कुनै निकायबाट पक्राउ गरि हिरासतमा समेत ल्याएको नदेखिएको हुँदा जि.प्र.का. काठमाडौंमा गइ बुझ्दा राखिएको वा नराखिएको भन्ने सम्बन्धमा कुनै

कुरा भन्न नमिल्ने जवाफ दिएको भन्ने झुठा लान्छना लगाई यस कार्यालय समेतलाई विपक्षी बनाइ दायर गरेको रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको प्रत्यर्थी जिल्ला प्रहरी कार्यालय काठमाडौंको तर्फबाट पेश भएको लिखित जवाफ ।

८. विपक्षी रमण कुमार श्रेष्ठलाई यस कार्यालयबाट पक्राउ गर्न आदेश नदिएको र पक्राउ गरी थुनामा पनि नराखिएको हुँदा यस कार्यालयको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्तैन, खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय काठमाडौंको लिखित जवाफ ।

रिट निवेदक विपक्षीलाई यस मन्त्रालयबाट पक्राउ गर्ने, थुनामा राख्ने आदेश दिइएको छैन । साथै निजको कुनै हक अधिकार हनन नगरिएको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको प्रत्यर्थी गृह मन्त्रालयको तर्फबाट पेश भएको लिखित जवाफ ।

९. निवेदन व्यहोराको सम्बन्धमा यस मन्त्रालयबाट कुनै पनि नागरिकलाई गैरकानूनी थुनामा राख्ने कुनै किसिमको आदेश निर्देशन भएको छैन । यस मन्त्रालयको कुन कार्यबाट निवेदकको मौलिक हकमा आघात परेको भन्ने कुरा रिट निवेदनमा खुलाइएको पनि छैन । निजको पक्राउ र थुनाको सम्बन्धमा यस मन्त्रालय अनभिज्ञ भएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको प्रत्यर्थी रक्षा मन्त्रालयको तर्फबाट पेश भएको लिखित जवाफ ।

१०. रिट निवेदिकाको श्रीमान् रमण कुमार श्रेष्ठ भन्ने व्यक्ति सैनिक हिरासतमा नरहेको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने व्यहोराको प्रत्यर्थी शाही नेपाली जंगी अड्डा भद्रकालीको तर्फबाट पेश भएको लिखित जवाफ ।

११. यसमा निवेदक रमण कुमार श्रेष्ठलाई हिरासतमा राखेको छैन भनी सबै प्रत्यर्थीहरूको लिखित जवाफ देखिन्छ । यसै विषयमा राष्ट्रिय मानव अधिकार आयोगमा समेत तत्काल जानकारीपत्र दिएको भन्ने रिट निवेदनको प्रकरण ३ मा उल्लेख भएको देखिंदा उक्त आयोगबाट यस विषयमा कुनै कारवाही भई जानकारी भएको भए सो वारे यस अदालतलाई जानकारी पठाई दिनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३५ अनुसार राष्ट्रिय मानव अधिकार आयोगलाई लेखि जवाफ आएपछि पेश गर्नु भन्ने यस अदालतको मिति २०५९।५।२७ को आदेश ।

१२. मिति २०५९।६।१४ मा अधिवक्ता रमण कुमार श्रेष्ठ जिल्ला प्रहरी कार्यालय हनुमानढोकामा रहेको जानकारी निजकी श्रीमती विश्व कुमारी श्रेष्ठबाट आयोगमा प्राप्त भएपछि आयोगबाट अनुसन्धानको क्रममा खटाईएका अधिकृत आनन्दबहादुर चन्द जि.प्र.का. हनुमानढोकामा गइ अधिवक्ता रमण कुमार श्रेष्ठ सँग भेट गरेको व्यहोराको प्रतिवेदन आयोगमा २०५९।६।१५ गते पेश गरेको हुँदा सो को जानकारी सम्मानित अदालतलाई गराइएको व्यहोरा अनुरोध छ भन्ने राष्ट्रिय मानव अधिकार आयोगको मिति २०५९।६।१५ को प्राप्त जवाफ ।

१३. यसमा राष्ट्रिय मानव अधिकार आयोगको मिति २०५९।६।१५ को पत्रबाट उक्त आयोगका अधिकृत आनन्दबहादुर चन्द जि.प्र.का. हनुमानढोका गई अधिवक्ता रमण कुमार श्रेष्ठसँग भेट गरेको व्यहोराको प्रतिवेदन पेश भएको भन्ने देखिंदा जिल्ला प्रहरी कार्यालय हनुमानढोकालाई निज बन्दी कहिले देखि कुन अभियोगमा त्यस कार्यालयमा रहन गएको हो ? सम्पूर्ण व्यहोरा खुलाई लिखित

जवाफ सहित बन्दीलाई समेत यहि १८ गते उपस्थित गराउन लेखि पठाई पेश गर्नु भन्ने यस अदालतको मिति २०५९।६।१६ को आदेश ।

१४. रिट निवेदक रमण कुमार श्रेष्ठलाई मिति २०५९।५।१५ गते राष्ट्रिय मानव अधिकार आयोगका अधिकृत आनन्दबहादुर चन्दले यस कार्यालयमा भेट गर्नु भएको हो । निज विपक्षी रमणकुमार श्रेष्ठलाई अनुसन्धान तथा कानूनी कारवाहीको लागि शाही नेपाली जंगी अड्डा, वलाधिकृत विभाग (सै.स.) को प.सं. १२९० मिति २०५९।६।११ को पत्रसाथ यस कार्यालयमा दाखिला हुन आएकोमा निज रिट निवेदक यस कार्यालयमा रहेका र अनुसन्धान पश्चात् उक्त शाही नेपाली सेना जंगी अड्डा वलाधिकृत विभाग (सै.स.) मा नै पठाइने हुँदा यस कार्यालयमा रहेका बन्दी रमणकुमार श्रेष्ठलाई यसै लिखित जवाफ साथ पेश गरिएको व्यहोरा अनुरोध छ भन्ने जिल्ला प्रहरी कार्यालय, काठमाडौंको लिखित जवाफ ।

१५. नियमबमोजिम दैनिक पेशीसूचीमा चढी पेश भएको प्रस्तुत रिट निवेदनमा छलफलमा निवेदकको तर्फबाट उपस्थित वरिष्ठ अधिवक्ता श्री गणेशराज शर्मा, श्री सर्वज्ञरत्न तुलाधर, अधिवक्ताहरू श्री विश्वकान्त मैनाली, श्री हरिहर दाहाल, श्री हरिकृष्ण कार्की, श्री शतिषकृष्ण खरेलले रिट निवेदक श्री रमणकुमार श्रेष्ठलाई गैरकानूनी रूपमा विना अभियोग थुनामा राखेको र त्यसरी गैरकानूनी रूपमा थुनामा राख्ने विपक्षीहरूको प्रवृत्त धारणा मिसिल कागजबाट प्रष्ट भइ रहेकोले रिट निवेदन माग बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी होस भनी बहस प्रस्तुत गर्नु भयो । प्रत्यर्थी गृह मन्त्रालय समेतको तर्फबाट उपस्थित विद्वान सह-न्यायाधिवक्ता टीकाबहादुर हमालले अनुसन्धानको सिलसिलामा रिट निवेदकलाई पक्राउ गरेको भन्ने वलाधिकृत विभागको पत्र समेतबाट देखिंदा रिट निवेदन खारेज होस भनी बहस प्रस्तुत गर्नु भयो ।

१६. उपर्युक्त बहस जिकिर समेत सुनि निर्णय तर्फ विचार गर्दा, निवेदक रमण कुमार श्रेष्ठलाई विपक्षीहरूले मिति २०५९।५।७ गतेबाट पक्राउ गरी अभियोगको जानकारी तथा भेटघाट गर्न समेत नदिई नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(५),(६) गैरकानूनी रूपमा थुनामा राखेकोले बन्दीप्रत्यक्षीकरणको आदेशले निवेदकलाई उक्त गैरकानूनी थुनाबाट मुक्त गरिपाऊँ भन्ने रिट निवेदनको निवेदन जिकिर रहेको देखिन आउँछ । विपक्षीहरूको लिखित जवाफबाट रिट निवेदकलाई थुनामा नराखिएको भन्ने देखिन आएकोमा यस अदालतको मिति २०५९।५।२७ को आदेशानुसार राष्ट्रिय मानव अधिकार आयोगमा पठाएको पत्रको जवाफमा आयोगबाट खटाईएको अधिकृतले पेश गरेको प्रतिवेदनबाट जिल्ला प्रहरी कार्यालय, हनुमानढोकामा निज रमण कुमार श्रेष्ठसँग भेट गरेको देखिएको भन्ने उल्लेख भएको र तत्पश्चात्को आदेशानुसारको जवाफमा प्रत्यर्थी जिल्ला प्रहरी कार्यालय, हनुमानढोकाको लिखित जवाफमा पनि राष्ट्रिय मानव अधिकार आयोगको सो जवाफलाई पुष्टि गर्दै वलाधिकृत विभाग (सै.स.) शाही नेपाली जंगी अड्डाको मिति २०५९।६।११ को पत्रानुसार गैर सैनिक व्यक्ति निवेदक रमण कुमार श्रेष्ठलाई प्रत्यर्थी जिल्ला प्रहरी कार्यालय, हनुमानढोकामा बुझाएको भन्ने देखिन आउँछ । यसरी थुनामा राखिएका रिट निवेदकलाई के कुन अभियोगमा गिरफ्तार गरिएको हो भन्ने समेत खुलाइएको देखिन आउँदैन ।

१७. यसप्रकार रिट निवेदक गैर सैनिक व्यक्ति भएका र निजलाई शाही नेपाली जंगी अड्डा वलाधिकृत विभागको पत्रानुसार हिरासतमा राखिएको भन्ने जिल्ला प्रहरी कार्यालय, काठमाडौंको पछिल्लो लिखित जवाफबाट देखिन आएको छ । तर रिट निवेदकलाई सार्वजनिक सुरक्षा ऐन, २०४६ अन्तर्गत थुनामा राखिएको भन्ने नदेखिएको र कुनै ऐन अन्तर्गतको कसूरमा मुद्दाको अनुसन्धान तहकिकातको लागि अधिकार प्राप्त अधिकारी वा अदालतबाट कानूनबमोजिम भएको आदेशले

हिरासतमा राखिएको भन्ने पनि प्राप्त लिखित जवाफबाट देखिन आउँदैन । नेपाल समेत पक्ष रहेको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा ९(३) मा कुनै पनि फौज्दारी अभियोगमा पक्राउ गरिएको वा थुनिएको कुनै पनि व्यक्तिलाई न्यायाधीश वा कानूनद्वारा न्यायिक शक्ति प्रयोग गर्न पाउने अधिकार प्राप्त अधिकारी समक्ष तुरुन्त ल्याइनेछ भन्ने व्यवस्था रहेको र तद्नुकूल नेपाल अधिराज्यको संविधान, २०४७ को भाग ३ मा वर्णित मौलिक हक मध्ये धारा १४(६) ले पक्राउ गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाई पक्राउ भएको ठाउँबाट बाटाको म्याद बाहेक २४ घण्टा भित्र मुद्दा हेर्ने अधिकारीका समक्ष उपस्थित गराई त्यस्तो अधिकारीको आदेश बेगर सो भन्दा बढी अवधि थुनामा राख्न नपाउने प्रत्याभूति रहेको देखिन आउँछ । प्रस्तुत संवैधानिक प्रावधानको परिप्रेक्ष्यमा प्रस्तुत रिट निवेदक अधिवक्ता रमण कुमार श्रेष्ठलाई विपक्षीहरूले कानूनबमोजिम थुनामा राखेको देखिन आएन । अतः निज रमणकुमार श्रेष्ठलाई तुरुन्त त्यस्तो गैरकानूनी थुनाबाट मुक्त गरि दिनु भनी निज थुनामा रहेको कार्यालयका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ । निजलाई तुरुन्त थुना मुक्त गरी दिनु भनी लेखि पठाई सकिएकाले थप लेखि रहन परेन । मिसिल नियमानुसार गरी बुझाई दिनु ।

उक्त रायमा म सहमत छु ।

न्या. कृष्णकुमार वर्मा

इति संवत् २०५९ साल आश्विन १८ गते रोज ६ शुभम

एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी

संवत् २०५९ सालको रि.नं. ४७

आदेश मितिः २०५९।८।१२।५

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : कपिलवस्तु जिल्ला पथरिया गा.वि.स. वडा नं. ६ घर भई आल कारागार शाखा, काठमाडौं जगन्नाथ देवलमा थुनामा रहेका बोधराज खनाल

विरुद्ध

विपक्षी : श्री ५ को सरकार, रक्षा मन्त्रालय समेत

- **शंकाको आधारमा कसूरदार ठहर्‍याउन फौजदारी न्यायको सिद्धान्तले नमिल्ने ।**
- **शंकाको स्थिति र आधार मिसिल प्रमाणबाट पुष्टि हुने कुरा हो । रिट क्षेत्रबाट शंकाको स्थिति र आधारको मूल्यांकन हुनसक्ने अवस्था नरहने ।**
- **सैनिक अदालतको निर्णयलाई सदर गरेको रक्षा मन्त्रालयको निर्णय प्रमाणको मूल्यांकन नगरी शंकाको भरमा मात्र कसूरदार ठहर्‍याएको भन्ने कुराको एकिन रिट क्षेत्रबाट हुन नसक्ने ।**

आदेश

- न्या. मीनबहादुर रायमाझी

१. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३।८८(२) अन्तर्गत परेको प्रस्तुत रिट निवेदन सहितको संक्षिप्त तथ्य एवं ठहर निम्न बमोजिम छः

२. जनरल सैनिक अदालत शाही जंगी अड्डाले मलाई सैनिक ऐन, २०१६ को दफा ४४(क) बमोजिम ठहर गरी मिति २०५८।८।८ मा सैनिक हिरासतमा रहेकोमा मिति २०५८।३।१ गतेबाट गणना हुने गरी ऐ. को दफा ६२(१)(घ) बमोजिम ५ वर्ष कैद गर्ने तथा निजले चोरी गरेको रकम रु.७,७७,४००। असुल उपर गर्ने र असुल उपर नभए मूलुकी ऐन दण्ड सजायको ३८ नं. बमोजिम गर्ने र स्वयम्भु बारुदखानालाई सोधभर्ना गर्ने भनी केन्द्रिय कारागार शाखा काठमाडौंमा थुनामा राखेको र निवेदक निजामती तर्फको कर्मचारी भएको निजामती तर्फका कर्मचारीहरुलाई मात्र तलव भत्ता वितरण गर्नुपर्ने आदेश भए बमोजिम मैले वितरण गर्नु पूर्व रकम वितरण गरी प्रतिवेदन सम्बन्धित अधिकारीलाई जाहेर गरी सकेकोले म निर्दोष हुँदा उक्त रकम तिर्नु पर्ने ठहर फैसलामा चित्त नबुझी रक्षा मन्त्रालयमा पुनरावेदन गरेकोमा पुनरावेदन जिकिर पुग्न नसक्ने भनी निर्णय भएको उक्त निर्णयको उल्लेखित ऐनको दफा ४४(क), ६२()(घ), १४१, १५० र १५१ तथा मूलुकी ऐन दण्ड सजायको महलको ३८ नं. व्याख्यात्मक त्रुटि भएको र सोबाट मेरो नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२(द्द)(ङ) तथा १४ द्वारा प्रदत्त मौलिक हकको हनन हुन

गएकोले धारा ८८(२) बमोजिम बन्दीप्रत्यक्षीकरण लगायत जुनसुकै उपयुक्त आदेश जारी गरी गैरकानूनी थुनाबाट मुक्त गरिपाऊँ भन्ने समेत व्यहोराको रिट निवेदन ।

३. नियम बमोजिम पेश हुन आएको प्रस्तुत विषयमा मिसिल अध्ययन गरी हेर्दा जनरल सैनिक अदालत शाही नेपाली जंगी अड्डा काठमाडौंले मिति २०५८।८।८ मा शंकाको भरमा कसूरदार ठहर्याई सैनिक ऐन, २०१६ को दफा ६२(१)(घ) बमोजिम ५ वर्ष कैद र चोरी भएको भनिएको रु.७,७७,४००। म बाट असूल उपर गर्ने गरेको निर्णयलाई सदर गर्ने गरेको रक्षा मन्त्रालयको निर्णयमा उल्लेखित ऐनको दफा ४४, ६२(१)(घ), १४१ तथा १५० र मूलुकी ऐन दण्ड सजायको ३८ नं. को व्याख्यात्मक त्रुटि भई मेरो संविधानको धारा १२(२) (ङ) तथा १४ द्वारा प्रदत्त मौलिक हकमा उल्लंघन भएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी गैरकानूनी थुनाबाट मुक्त गरिपाऊँ भन्ने निवेदकको निवेदन जिकिर रहेको देखियो । सैनिक ऐन, २०१६ को दफा ४४(क) को कसूरमा सोही ऐनको दफा ६२(१) को खण्ड (घ) बमोजिम ५ वर्ष कैद र चोरी गरेको रकम रु.७,७७,४००। असुल उपर गर्ने गरी जनरल सैनिक अदालतबाट भएको निर्णय उपर रक्षा मन्त्रालयमा पुनरावेदन परी सोही निर्णयलाई सदर गर्ने गरी रक्षा मन्त्रालयबाट निर्णय भएको तथ्य निवेदन व्यहोराबाट देखिन्छ । शंकाको आधारमा कसूरदार ठहर्याउन फौजदारी न्यायको सिद्धान्तले नमिल्ने भनी सर्वोच्च अदालतले सिद्धान्त प्रतिपादन गरेको आधारमा प्रस्तुत रिट निवेदन पर्न आएको देखियो । शंकाको स्थिति र आधार मिसिल प्रमाणबाट पुष्टि हुने कुरा हो । रिट क्षेत्रबाट शंकाको स्थिति र आधारको मूल्यांकन हुनसक्ने अवस्था रहदैन । सैनिक अदालतको निर्णयलाई सदर गरेको रक्षा मन्त्रालयको निर्णय प्रमाणको मूल्यांकन नगरी शंकाको भरमा मात्र कसूरदार ठहर्याएको भन्ने कुराको एकिन रिट क्षेत्रबाट हुनसक्ने नहुँदा प्रथम दृष्टिमा नै लिखित जवाफ मगाइरहनु परेन । रिट निवेदन खारेज हुने ठहर्छ । फाइल नियमानुसार गरी बुझाई दिनु ।

इति सम्वत् २०५९ साल मंसिर १२ गते रोज ५ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलास
सम्मानीय प्रधान न्यायाधीश श्री केदारनाथ उपाध्याय
माननीय न्यायाधीश श्री गोविन्दबहादुर श्रेष्ठ

सम्वत् २०५९ सालको रिट नं. ५९

आदेश मितिः २०५९।९।२।३

विषयः बन्दीप्रत्यक्षीकरण, परमादेश ।

निवेदक : काठमाडौं जिल्ला सांगला गा.वि.स. वडा नं. ९ घर भै हाल केन्द्रिय कारागार शाखा भद्रगोलमा थुनामा रहेका वर्ष १५ को नाबालक दिवाकर अधिकारीको हकमा अच्यूत अधिकारी

विरुद्ध

विपक्षी : गृह मन्त्रालय समेत

- **कानून बमोजिम ९० दिनसम्म मात्र नजरबन्दमा राख्न पाउने व्यवस्था भएकोमा उक्त अवधि व्यतीत गरी थुनाबाट मुक्त भइसकेपछि त्यसको लगत्तै २, ४ दिनको अन्तरमा पक्राउ गरी पटक-पटक नजरबन्दमा राख्ने आदेश गरी कानूनद्वारा किटान गरिएको नजरबन्दमा राख्ने समयको अधिकतम हदलाई छल्न नमिल्ने ।**
- **प्रत्यक्ष वा अप्रत्यक्ष रुपले कानून मिच्न पाउने छुट कसैलाई पनि नहुने ।**
- **नजरबन्दबाट छोडिएको व्यक्तिलाई तुरुन्तै फेरि नजरबन्दमा राखिन्छ भने नजरबन्दमा राख्नु पर्ने विश्वासिलो आधार हुनुपर्ने ।**
- **एकैनासले मुद्रण भएको र प्रत्येक व्यक्तिको अवस्था र स्थिति अनुसार बेग्ला बेग्लै पर्याप्त र मनासिव आधार नखुलाइएको आदेशलाई कानून बमोजिम जारी भएको आदेश मान्न नमिल्ने ।**

आदेश

- प्र. न्या. केदारनाथ उपाध्याय

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ र ८८(२) बमोजिम पर्नआएको प्रस्तुत रिट निवेदनको संक्षिप्त व्यहोरा यस प्रकार छः

मेरो १५ वर्षीय नाबालक छोरा दिवाकर अधिकारी र १४ वर्षीय छोरी प्रभा अधिकारी श्री मानसिंह धर्म माध्यमिक विद्यालय मनमैजु काठमाडौमा कक्षा ९ मा अध्ययनरत विद्यार्थी हुन । मिति २०५८।९।४ गतेका दिन बिहान खाना खाई स्कुल जान्छु भनी गएकोमा आफ्नो कक्षामा अध्ययन गरिरहेको समयमा अकस्मात सुरक्षा अधिकारीहरुले केही कुरा सोधपुछ गर्नु छ भनी छोरा दिवाकर अधिकारीलाई लिएर गएकोभन्ने कुरा सोही दिनको बेलुकी छोरी प्रभाले बताइन । त्यसपछि विपक्षी कार्यालयहरुमा सम्पर्क गर्दै

जाँदा मेरो छोराको वारेमा थाहा नभएको भनी कुनै कुरा जानकारी गराइएन । खोज तलास गर्दै जाँदा ११ महिनापछि केन्द्रिय कारागार भद्रगोलमा राखिएको छ भन्ने कुरा थाहा लाग्यो । जिल्ला प्रशासन कार्यालय काठमााडौ २०५९।१।१२ देखि नै नजरबन्द राख्ने आदेश जारी भै नजरबन्दमा राख्दै छोड्दै पुनः राख्दै अन्तिम पटक मिति २०५९।८।६ देखि जिल्ला प्रशासन कार्यालय काठमाडौंको पत्रले केन्द्रिय कारागारमा थुनामा रहेको छ । मेरो छोरा दिवाकर अधिकारी नाबालक रहेकाले बालबालिका सम्बन्धी ऐन र संयुक्त राष्ट्र संघीय बाल अधिकार महासन्धि, १९८९ ले प्रदान गरेको अधिकारहरु समेतको प्रतिकूल क्रूर र यातना पूर्ण व्यवहार गरी थुनामा राखिएको छ । त्यस्तै १५ वर्षीय नाबालकले आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ को दफा ३(१) को विभिन्न प्रकृतिका भयंकर अपराधिक आतङ्ककारी कार्य गर्नसक्छ भन्ने अनुमान गरी गरिएको नजरबन्दको आदेश संविधानको धारा १४(१)(४) र (५) का साथै धारा १५ समेतको प्रतिकूल छ । तसर्थ कुनै पनि आतङ्ककारी गतिविधिमा संलग्न नभएको कारणले गर्दा थुनाबाट तुरुन्त मुक्त गर्नु भनी विपक्षीहरुलाई बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ र अब उप्रान्त जथाभावी विना कारण पक्राउ नगर्न परमादेश लगायतको जो चाहिने आज्ञा आदेश पूर्जिसमेत जारी गरिपाऊँ भन्ने समेत व्यहोराको रिट निवेदन पत्र ।

यसमा के कसो भएको हो ? निवेदन माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएको मितिले बाटाका म्याद बाहेक २४ घण्टा भित्र लिखित जवाफ पठाउनु भनी विपक्षीहरुको नाममा सूचना पठाउनु साथै लिखित जवाफ प्राप्त भएपछि पेशीको दिन बन्दीलाई समेत उपस्थित गराउनु भनी विपक्षीहरुलाई पेशीको सूचना दिई नियम बमोजिम पेश गर्नु भन्ने समेत व्यहोराको यस अदालत एक न्यायाधीशको इजलासको मिति २०५९।८।२३ को आदेश ।

दिवाकर अधिकारी जिल्ला प्रशासन कार्यालय काठमाडौंको प्रमुख जिल्ला अधिकारीको मिति २०५९।८।९ को आदेशले यस कारागारमा नजरबन्दमा रहेका छन् । अधिकार प्राप्त अधिकारीको आदेशले नजरबन्दमा राख्ने र रिहा गर्ने हुँदा रिट खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको कारागार शाखा काठमाडौको लिखित जवाफ ।

यस मन्त्रालयबाट दिवाकर अधिकारीलाई पक्राउ गर्ने थुनामा राख्ने आदेश दिएको छैन । साथै निजको कुनै हक अधिकार हनन नगरिएको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको गृह मन्त्रालयको लिखित जवाफ ।

दिवाकर अधिकारी नेपाल कम्युनिष्ट पार्टी (माओवादी) समुहसँग आबद्ध रही आतङ्ककारी तथा विध्वंसात्मक कार्य गर्नमा सहयोग पुऱ्याउन परिचालन भएको भन्ने बुझिएकोले निजलाई खोजी गर्ने क्रममा २०५८।१०।१२ मा फेला पारी नजरबन्दमा राख्ने आदेशको लागि कार्य भएको हो । २०५९।१।१६ मा पक्राउ गरी सोही मितिमा नै नजरबन्दमा राख्ने आदेश भएको, २०५९।४।१६ गते पुनः पक्राउ परी नजरबन्दमा राख्ने आदेश भएको र २०५९।८।५ मा काठमाडौंको कलंकीको सार्वजनिक ठाउँमा पर्चा पम्पलेट गर्दै हिडीरहेको अवस्थामा पक्राउ गरी नजरबन्दमा राख्ने आदेश भएकोले थुनामा राखेको हो भन्ने समेत व्यहोराको जिल्ला प्रहरी कार्यालय काठमाडौंको लिखित जवाफ ।

यस विभागबाट दिवाकर अधिकारीलाई थुनामा राख्ने आदेश दिएको छैन । साथै निजको कुनै हक अधिकारमा समेत आघात नपारेको हुँदा रिट निवेदन खारेज हुनुपर्दछ भन्ने समेत व्यहोराको कारागार व्यवस्थापन विभागको लिखित जवाफ ।

यस कार्यालयको मिति २०५९।८।६ को आदेशानुसार दिवाकर अधिकारीलाई आतङ्ककारी तथा विध्वसांत्मक कार्य (नियन्त्रण र सजाय) ऐन, २०५८ को दफा ९ अनुसार सोही मिति देखि नजरबन्दमा राख्ने पूर्जि दिई कानून बमोजिम नजरबन्दमा राखिएको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको जिल्ला प्रशासन कार्यालय काठमाडौंको लिखित जवाफ ।

निवेदकलाई थुनामा राख्ने तथा पक्राउ गर्ने समेतको कार्य यस कार्यालयबाट भए गरेको नपाइएकोले रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको प्रहरी प्रधान कार्यालयको लिखित जवाफ ।

नियम बमोजिम पेश हुन आएको प्रस्तुत रिट निवेदनमा रिट निवेदकको तर्फबाट विद्वान अधिवक्ता श्री बालकृष्ण मैनालीले आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजाय) ऐन, २०५८ को दफा ३ अन्तर्गतको कुन त्यस्तो अपराध गर्नबाट रोक्न परेको हो भनी कुनै पनि कारण समेत उल्लेख नगरी नजरबन्दमा राख्ने आदेश भएको छ । त्यस्तो आदेश नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १५ को प्रत्यक्ष प्रतिकूल छ । निवेदक नाबालक रहेको र निज कुनै आतंकारी गतिविधिमा समेत संलग्न छैन । ने.क.पा. (माओवादी) सँग आबद्ध हुँदैमा आतकंकारी हुन्छ भन्न समेत मिल्दैन । पटक-पटक ३, ४ दिनको फरकमा पक्राउ गरी नजरबन्दमा राख्ने आदेश भएको कार्य समेत ऐनको प्रतिकूल छ । तसर्थ रिट निवेदन माग बमोजिमको आदेश जारी हुनुपर्दछ भन्ने समेतको वहस गर्नुभयो । विपक्षी गृह मन्त्रालय समेतको तर्फबाट विद्वान उपन्यायाधिक्ता श्री ब्रजेश प्याकुरेलले आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजाय) ऐन, २०५८ को दफा ३ को कुनै पनि एउटा मात्र अपराध हुनबाट रोक्न समेत सो ऐनको दफा ९ बमोजिम नजरबन्दमा राख्न सक्छ । अधिकार प्राप्त अधिकारीले कानून बमोजिम नजरबन्दमा राखेको हुँदा रिट खारेज गरिपाऊँ भन्ने समेतको वहस गर्नुभयो ।

विद्वान कानून व्यवसायीहरुको उपरोक्तानुसारको वहस समेत सुनि निर्णय तर्फ विचार गर्दा थुनामा रहेका दिवाकर अधिकारीलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजाय) अध्यादेश, २०५८ को दफा ९(१) अनुसार मिति २०५८।१२।१२ मा जिल्ला प्रशासन कार्यालय काठमाडौंको आदेश बमोजिम नजरबन्दमा राखिएको भन्ने देखिन्छ । त्यसपछि पटक-पटक सोही कार्यालयबाट मिति २०५९।१।१६ मा मिति २०५९।४।१६ मा र मिति २०५९।८।६ मा अन्तिम पटक समेत गरी नजरबन्दमा राख्ने आदेश भएको भन्ने जिल्ला प्रहरी कार्यालय काठमाडौंको लिखित जवाफ र निवेदन साथ पेश भएका नजरबन्दको आदेशहरुको प्रतिलिपिबाट देखिन आउँछ । आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजाय) अध्यादेश, २०५८ को दफा ९ मा आतङ्ककारी तथा विध्वासात्मक कार्य हुनसक्ने कुनै काम कुरा गर्नबाट रोक्नुपर्ने मनासिव आधार भएमा सुरक्षा अधिकारीले त्यस्तो व्यक्तिलाई ९० दिनसम्म नजरबन्दमा राख्न आदेश दिनसक्ने व्यवस्था गरिएको पाइन्छ । उक्त कानूनी व्यवस्था अनुसार कुनै पनि व्यक्तिलाई ९० दिन भन्दा बढी समय नजरबन्दमा राख्न पाइने देखिदैन । कानून वमोजम ९० दिनसम्म मात्र नजरबन्दमा राख्न पाउने व्यवस्था भएकोमा उक्त अवधि व्यतित गरि थुनाबाट मुक्त भइसकेपछि त्यसको लगत्तै वा २, ४ दिनको अन्तरमा पक्राउ गरी पटक-पटक नजरबन्दमा राख्ने आदेश गरि कानूनद्वारा किटान गरिएको नजरबन्दमा राख्ने समयको अधिकतम हदलाई छल्न मिल्ने देखिन आउदैन । प्रत्यक्ष वा अप्रत्यक्ष रुपले कानून मिच्न पाउने छुट कसैलाई पनि हुदैन । नजरबन्दबाट छोडिएको व्यक्तिलाई तुरुन्तै फेरी नजरबन्दमा राखिन्छ भने त्यसरी तुरुन्तै नजरबन्दमा राख्नु पर्ने विश्वासिलो आधार हुनै पर्दछ । एकैनासले मुद्रण भएको र प्रत्येक व्यक्तिको अवस्था र स्थिति अनुसार बेग्ला बेग्लै पर्याप्त र मनासिव आधार नखुलाइएको आदेशलाई कानून बमोजिम जारी भएको आदेश मान्न मिल्दैन । तसर्थः आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजाय) अध्यादेश, २०५८ को दफा ३(१) मा उल्लेखित विभिन्न कार्यबाट रोक्न जरुरी भएकोले सो ऐनको दफा ९ ले दिएको अधिकार प्रयोग गरी रिट निवेदकका छोरा दिवाकर अधिकारीलाई मिति २०५९।१।१६ देखि पटक-

पटक नजरबन्दमा राख्ने आदेश गरी भएका विपक्षीहरुको काम कारवाही कानून अनुकूल नदेखिएकोले निजलाई गैरकानूनी थुनाबाट मुक्त गरि दिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ ।

निज दिवाकर अधिकारीलाई अन्य कारणबाट थुनामा राख्नु नपर्ने भए थुनाबाट छाडी दिन र निजलाई थुनाबाट छाडिएको जानकारी समेत यस अदालतलाई दिनु भनी सम्बन्धित कारागार शाखाको नाउँमा लेखी पठाउनु भनी आजै छुट्टै आदेश भैसकेको हुँदा यसमा अरु केही गरिरहनु परेन । विपक्षीहरुको जानकारीको लागि यो आदेशको एक प्रति प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालयमा पठाई दिनु । मिसिल नियमानुसार गरी बुझाई दिनु ।

उपयुक्त रायमा सहमत छु ।

न्या. गोविन्दबहादुर श्रेष्ठ

इति सम्वत् २०५९ साल पौष २ गते रोज ३ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री अरविन्दनाथ आचार्य
माननीय न्यायाधीश श्री दिलिपकुमार पौडेल

संवत् २०५९ सालको रिट नं. ५०

आदेश मितिः २०५९।९।२६।६

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : जि. चितवन चैनपुर गा.वि.स. वडा नं. २ घर भै हाल कारागार शाखा भरतपुरमा थुनामा रहेका एकराज डल्लाकोटीको हकमा निजका भतिजा ऐ. घर भई हाल का.म.न.पा. वडा नं. १ भोटेबहाल बस्ने सीताराम डल्लाकोटी

विरुद्ध

विपक्षी : श्री ५ को सरकार गृह मन्त्रालय सिंहदरवार, काठमाण्डौ समेत

- **व्यक्तिको वैयक्तिक स्वतन्त्रतालाई संकुचन हुने गरी भएका आदेशमा सम्बधित ऐनले कसूरको परिभाषा गरेको दफा समेत उल्लेख गरी ऐनले दिएको अधिकार प्रयोग गरी कारवाही र सजाय हुनपर्ने ।**

आदेश

- न्या. अरविन्दनाथ आचार्य

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २।८८(२) अन्तर्गत परेको प्रस्तुत रिट निवेदन सहितको संक्षिप्त तथ्य एवं ठहर निम्न बमोजिम छ:

म निवेदक एकराज डल्लाकोटी चितवन जिल्ला खैरेनी गा.वि.स. वडा नं. २ मा डल्लाकोटी पोल्ट्री फर्म र राप्ती पोल्ट्री फर्म प्रा.लि. सञ्चालन गर्दै आई रहेको छु । म उक्त फर्महरुको प्रोपाईटर हुँ । मैले उक्त फर्म सञ्चालनार्थ कृषि विकास बैंकबाट रकम रु. १ करोड भन्दा बढी ऋण लिई उक्त फर्म सञ्चालन गरेको हुँ । कृषि विकास बैंकमा तिर्नु पर्ने व्याजहरु समयमा नै तिरेको र अनुशासित ऋणी भएको नाताले बैंकले असल ग्राहकलाई प्रदान गर्ने ग्रिन कार्ड समेत मलाई उपलब्ध गराएको छ । म अण्डा उत्पादक संघ कुखुरा उत्पादक संघसँग आबद्ध उद्योग व्यवसायमा सक्रिय भै काम गर्दै आई रहेकोमा मिति २०५८।५।२६ गते बिहान ९ बजेको समयमा सादा पोसाकमा ४।५ जना प्रहरीहरु आई मलाई चितवन जिल्ला चैनपुर गा.वि.स. वडा नं. २ स्थित मेरो घरबाट पक्राउ गरी लगियो । पक्राउ गर्दा मेरो साथमा रहेको रकम रु. ४३०००।- पनि लिईयो । साथै मैले चढ्दै आई रहेको रातो प्लेटको वा.९ प १३६० नं.को मोटर साइकल पनि लगियो जुन रकम र मोटर साईकल फर्काउने काम भएको छैन ।

मिति २०५८।५।२६ मा मलाई समाति जिल्ला प्रहरी कार्यालय चितवन लगियो र दुई दिन त्यही राख्ने काम भयो । तत्पश्चात २०५८।५।२८ गते आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश २०५८ को दफा ३(ङ) र (च) अनुसार कसूर अपराध गरेको देखिएकोले उक्त कार्य रोक्न

आवश्यक भएकोले सोही अध्यादेशको दफा ९(१) ले दिएको अधिकारको प्रयोग र पालना गरी तत्कालीन का.मु.प्र.जि.अ. दुर्गा प्रसाद भण्डारीले मिति २०५८।९।२८ मा तपाईलाई ९० दिन सम्म नजरबन्दमा राखिएकोमा श्री ५ को सरकार (मन्त्रीस्तर) को मिति २०५८।११।२३ को निर्णयले सोही अध्यादेशको दफा ९(२) बमोजिम थप ९० दिन नजरबन्दमा राख्ने भनी गृह मन्त्रालयको च.नं. ३६४६ मिति २०५८।११।२४ को पत्रबाट प्राप्त हुन आएकोले मिति २०५८।११।२९ गतेबाट (ख) श्रेणीको सिदा सुविधा दिने गरी थप ९० दिन कारागार शाखा भरतपुर चितवनमा नजरबन्दमा रहने आदेश दिएको छु भनी पत्र दिने काम भयो । यसै बीच मिति २०५८।१२।,२९ मा थुनाबाट छाडि दिने विषयको पत्र दिने कार्य भयो तर छोडिएन । प्रत्यर्थी जिल्ला प्रहरी कार्यालयमा थुनामा नै राखियो । मिति २०५९।४।९ मा अर्को ९० दिन थुन्ने पूर्जि दिइयो । पुनः २०५९।७।१३ गतेबाट भनी ९० दिनको लागि नजरबन्दमा रहन आदेश पूर्जि दिईयो ।

निवेदकबाट उक्त पूर्जिमा उल्लेख भए बमोजिम कुनै पनि कार्य भएको छैन । निवेदक व्यापार व्यवसायीको रुपमा काम गर्ने व्यक्ति हुँ । व्यवसायीको आचारण र मर्यादा अनुरुप नै आफ्नो पेशामा संलग्न छु । आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) अध्यादेश २०५८ को विपरीत हुने गरी कुनै पनि कार्य निवेदकबाट भएको गरेको छैन । कुनै सम्भावना वा पूर्वावस्था पनि छैन । प्रत्यर्थीबाट दिइएको पूर्जिमा नै कुन काम कुराबाट रोक्नु पर्ने हो, पूर्वअवस्थाको वस्तुनिष्ट आधार दिन सकिएको छैन । शुरु दिइएको पूर्जिमा दफा ३(ङ) र (च) अनुसार कसूर अपराध गरेको देखिएको भन्ने उल्लेख छ । सो तर्फ मुद्दा चलाईएको छैन । कुन दफाको कुन कुराबाट रोक्न जरुरी भएको हो सो खुल्दैन । निवेदकलाई थुन्नु पर्ने विश्वास गर्नसकिने र मनासिव कारण विद्यमान भएको कुनै पूर्व अवस्था उल्लेख छैन । विपक्षीद्वारा दिइएको उक्त पूर्जि लगायतका काम कारवाही संविधानद्वारा प्रदत्त मौलिक हक एवं साविकको आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) अध्यादेश २०५८ को दफा ३(१) एवं यस सन्दर्भमा सर्वोच्च अदालतद्वारा प्रतिपादित नजिर समेतको विपरीत भै बदर भागी छ । प्रत्यर्थीहरुको उल्लेखित काम कारवाहीबाट निवेदकलाई नेपाल अधिराज्यको संविधान,२०४७ को धारा ११(१) १२(१) १४(५) १५ द्वारा प्रदत्त मौलिक एवं वैयक्तिक स्वतन्त्रताको हक साथै कानूनी हक समेतबाट वञ्चित गरी गैरकानूनी रुपमा पक्राउ गरी आफन्तलाई निर्विवाद रुपमा भेटघाट गर्न नदिएको तथा निवेदनमा सहिछाप समेत गर्न नदिएको हुँदा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ द्वारा निर्दिष्ट धारा ८८(२) बमोजिम यो रिट निवेदन प्रस्तुत गरेको छु । गैरकानूनी थुनाबाट निवेदकको ठूलो बाबु एकराज डल्लाकोटीलाई मुक्त गरी दिनु भनी प्रत्यर्थीहरुका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निवेदकको वैयक्तिक स्वतन्त्रताको संरक्षण गरी पाउँ भन्ने रिट निवेदन जिकिर ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? बाटाका म्याद बाहेक २४ घण्टा भित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नु भनी प्रत्यर्थीहरुलाई सूचना पठाई लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियम बमोजिम पेश गर्नु भन्ने यस अदालत एक न्यायाधीशको इजलाशबाट भएको आदेश ।

प्रस्तुत विषयमा विपक्षी बनाइनु भएका अन्य निकायहरुबाट छुट्टै लिखित जवाफ प्रस्तुत हुने नै छ । यस मन्त्रालयबाट निजलाई पक्राउ गर्ने थुनामा राख्ने आदेश दिइएको छैन । साथै निवेदकको कुनै हक अधिकार हनन नगरिएको हुँदा रिट खारेज गरि पाउन सादर अनुरोध गर्दछु भन्ने प्रत्यर्थी गृह मन्त्रालयको लिखित जवाफ ।

रिट निवेदकलाई पक्राउ गर्ने तथा थुनामा राख्ने समेतको कार्य यस कार्यालयबाट गरेको नपाइएकोले यस विरुद्धको रिट निवेदन खारेज गरी पाउन सादर अनुरोध गरिएको छ भन्ने प्रत्यर्थी प्रहरी प्रधान कार्यालय नक्सालको लिखित जवाफ ।

आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) अध्यादेश २०५८ मिति २०५८ मिति २०५८।८।११ मा जारी भएकोमा मिति २०५८।५।२८ गते आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) अध्यादेश, २०५८ को दफा ३(ङ) (च) अनुसारको कसूर अपराध गरेकोले उक्त कार्य रोक्न आवश्यक भएकोले सोही अध्यादेशको दफा ९(१) ले दिएको अधिकार प्रयोग र पालना गरी ९० दिन सम्मका लागि कारागारमा राखिएको भनिएको सत्य होइन । एक त अध्यादेश जारी नहुँदै अध्यादेश बमोजिम कसूर अपराध गरेको भनिदैन, अर्को निजलाई नजरबन्दमा रहन मिति २०५८।८।२८ मा आदेश दिएबाट पनि निज मिति २०५८।८।२८ देखि कारागार शाखा भरतपुर चितवनमा नजरबन्दमा राखिएको हो किन भने निजले मिति २०५८।८।२८ गते बिहान ८ बजेको समयमा चितवन जिल्ला भरतपुर नगरपालिका वडा नं. ३ शहिद चोकमा माओवादी जिन्दावाद, जनयुद्ध सफल पारौं, गणतन्त्र नेपालको स्थापना गरौं भन्ने नारा लगाउँदै पर्चा पम्प्लेट गर्ने, विध्वंसात्मक एवं अपराधिक बल प्रयोग गरी जबरजस्ती चन्दा सङ्कलन लुटपाट गर्ने, जन साधारणमा भय त्रासको वातावरण श्रृजना गर्दै नेपाल अधिराज्यको सार्वभौमसत्ता अखण्डता तथा सार्वजनिक शान्ति र व्यवस्थामा खलल एवं आघात पुऱ्याउने जस्ता आतङ्ककारी कृयाकलाप फैलाउंदै गरेको अवस्थामा प्रहरीले फेला पारी पर्चा पम्प्लेट, पोष्टर किताबहरु सहित पक्राउ गरी दशी सहित पेश गरेको हुँदा निजको उक्त कार्य आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) अध्यादेश २०५८ को दफा ३(ङ) र (च) विपरीतको कसूर गरेको देखिएकोले ऐ. अध्यादेशको दफा ९(१) ले दिएको अधिकार प्रयोग र पालना गरी मिति २०५८।८।२८ देखि ९० दिन सम्म कारागार शाखा भरतपुरमा नजरबन्दमा राखिएकोमा श्री ५ को सरकार (मन्त्रीस्तरको) को मिति २०५८।११।२३ को निर्णयले निजलाई थप नजरबन्दमा राख्न भनी गृह मन्त्रालय सु.स.शाखाको च.नं. ३६४६ मिति २०५८।११।,२४ को पत्रबाट अनुमति प्राप्त भएकोले सोही अध्यादेशको दफा ९(२) अनुसार मिति २०५८।११।२९ देखि लागु हुने गरी ९० (नब्बे) दिनसम्म सोही कारागारमा थप नजरबन्दमा राखिएकोमा मिति २०५८।१२।२९ देखि निजलाई नजरबन्द मुक्त गरिएको ।

निज एकराज डल्लाकोटीले आतङ्ककारी तथा विध्वंसात्मक कार्यमा संलग्न रही आतङ्ककारी तथा विध्वंसात्मक कार्य गर्नको लागि समुह खडा गर्ने, षडयन्त्र गर्ने, मद्दत गर्ने कार्य गर्दै आएको नै पाईएको हुँदा निजलाई खोज तलास गर्दै जाँदा आतङ्ककारीसँग सम्बन्धित किताबहरु सहित लुकि छिपी बसेको अवस्थामा फेला पारी पक्राउ गरेको, निजको उक्त कार्य आतङ्ककारी तथा विध्वसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ को दफा ३(२) र (३) को कसूर अपराध भएको हुँदा निजको उक्त कार्य तत्काल रोक्नु पर्ने, नरोकेमा नारा, जुलुश, सभा, भाषण गर्ने अपराधिक बल प्रयोग गरी चन्दा सङ्कलन लुटपाट गर्ने, सर्व साधारणमा भय त्रासको वातावरण श्रृजना गरी आतंकित तुल्याउने, हात हतियार प्रयोग गरी हत्या हिंसा गर्ने, आगजनी बम विस्फोटन गराई हानि नोक्सानी पुऱ्याउने कार्य गरी नेपाल अधिराज्यको सार्वभौमसत्ता अखण्डता तथा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल एवं आघात पुग्न जाने हुँदा निजको उक्त कार्य रोक्नको लागि ऐ ऐनको दफा ९ अनुसार नजरबन्दमा राख्नको लागि दशी सहित मिति २०५९।१।४ मा जिल्ला प्रहरी कार्यालय चितवनबाट पेश गरिएको हुँदा मिति २०५९।१।४ देखि ९० (नब्बे) दिन कारागार शाखा भरतपुर चितवनमा नजरबन्दमा राखी मिति २०५९।३।३१ बाट नजरबन्द मुक्त गरिएको ।

माथि उल्लेख गरे बमोजिम कार्य निज एकराज डल्लाकोटीबाट भए गरेको पाइएकोले उक्त कार्य रोक्नको लागि दशी सहित जिल्ला प्रहरी कार्यालय चितवनबाट मिति २०५९।४।९ मा पेश गरिएको हुँदा मिति २०५९।४।९ देखि कारागार शाखा भरतपुरमा ९० (नब्बे) दिन नजरबन्दमा राखि २०५९।७।६ मा नजरबन्द मुक्त गरिएकोमा निजले माथि उल्लेख गरे बमोजिमको कार्य गरेको पाइएकोले उक्त कार्य रोक्नको लागि पुनः दशी सहित जिल्ला प्रहरी कार्यालय चितवनबाट मिति २०५९।७।१३ मा पेश गरिएको हुँदा मिति २०५९।६।१३ देखि कारागार शाखा भरतपुर चितवनमा ९० (नब्बे) दिन नजरबन्दमा रहने आदेश गरिएको हो । निजबाट अपराधी कृयाकलाप गरेको, सो कार्य वारम्वार गर्दै आई रहेको प्रमाणित निजबाट बरामद भै

आएका तल उल्लेखित दशी प्रमाणहरुले पुष्टि गरेको । अपराधिक गतिविधिको मानिसलाई उक्त कार्य रोक्न कानून बमोजिम नजरबन्दमा राख्दा संविधानद्वारा प्रदत्त मौलिक हक एवं वैयक्तिक स्वतन्त्रताको हक साथै कानूनी हक समेतबाट वञ्चित गरिएको होइन । निवेदन व्यहोरा झुट्टा हो । खारेज गरी पाउँ भन्ने समेत प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय चितवनको लिखित जवाफ ।

एकराज डल्लाकोटीलाई मिति २०५९।११।२९ गतेबाट (ख) श्रेणीको सिधा सुविधा दिने गरी आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन,२०५८ को दफा ३ को उपदफा २ र ३ अनुसारको कसूर अपराध गरेको अभियोगमा उक्त कार्य तत्काल रोक्नु पर्ने नरोकेमा निजले अपराधिक बल प्रयोग गरी चन्दा सङ्कलन गर्ने, सर्वसाधारणलाई भय त्रासको वातावरण श्रृजना गर्ने, आगजनी गर्ने बम विस्फोट गराई हानी नोक्सानी क्षती पुऱ्याउने, हात हतियार प्रयोग गरी हिंसा गर्ने जस्ता कार्य गरी नेपाल अधिराज्यको सार्वभौम सत्ता, अखण्डता, सार्वजनिक शान्ति र व्यवस्थामा खलल पुऱ्याउन सक्ने हुँदा निजको उक्त कार्य रोक्नको लागि आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ को दफा ९ अनुसार सुरक्षा अधिकारी (प्रमुख जिल्ला अधिकारी) ले ९० दिन कारागार शाखा भरतपुरमा नजरबन्दमा रहन आदेश दिएको र निजलाई नजरबन्दबाट मुक्त गरी सकेपछि पनि पूर्ववत निज र आतंकारी गतिविधिमा निरन्तर संलग्न रही नेपाल अधिराज्यको सार्वभौम सत्ता, अखण्डता, शान्ति र सुव्यवस्था खलल पुऱ्याउने कार्यमा तिब्रताका साथ लागि नै रहेकोले पुनः पछिल्लो पटक मिति २०५९।७।१३ गतेबाट ९० दिनको लागि नजरबन्दमा मिति २०५९।७।१३ गतेबाट ९० दिनको लागि नजरबन्दमा रहन आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी सुरक्षा अधिकारीको आदेशानुसार हालसम्म कारागार शाखा भरतपुरमा निजलाई नजरबन्दमा थुनामा राखिएको हो । गैरकानूनी थुनामा राखिएको होइन छैन । कानून सम्मत थुनामा राख्ने अधिकार प्राप्त अधिकारीको आदेश बमोजिम थुनामा रहेको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने प्रत्यर्थी जिल्ला प्रहरी कार्यालय भरतपुर चितवनको लिखत जवाफ ।

जिल्ला प्रशासन कार्यालय चितवन भरतपुरको प.स.सा.स. २०५८।२०५९ च.नं. २०३ मिति २०५८।८।२८ को पत्रानुसार निज एकराज डल्लाकोटीलाई नजरबन्दमा राखिएकोमा सोही कार्यालयको प.सं. २०५८।२०५९ च.नं. ३३६ मिति २०५८।११।२९ को पत्रानुसार (ख) श्रेणीको सिदा खान पाउने गरी यस कारागारमा थुनामा राखिएको ऐ को च.नं. १५ मिति २०५८।२।२९ को प्राप्त पत्रानुसार आतंकारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) अध्यादेश २०५८ को दफा ३(२)(३) को कसूर अपराधमा मिति २०५८।११।२९ मा नजरबन्दमा रहेको व्यक्तिलाई मुक्त गरिएको । जिल्ला प्रशासन कार्यालय चितवनको च.नं. ४०६ मिति २०५९।१।४ को प्राप्त पत्रानुसार आतंकारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) ऐन, २०५९ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी (ख) श्रेणीको सिदा सुविधा दिई ९० दिन नजरबन्दमा राखिएको ऐ कार्यालयको च.नं. ६४५ मिति २०५९।३।३१ को प्राप्त पत्रानुसार सोही दफाको ३(२) र (३) अनुसार नजरबन्दबाट मुक्त गरिएको । जिल्ला प्रशासन कार्यालय चितवनको च.नं. १० मिति २०५९।४।९ को प्राप्त पत्रानुसार (ख) श्रेणकिो सुविधा खान पाउने गरी ९० दिनसम्म नजरबन्दमा राखिएकोमा सो कार्यालयको च.नं. १७९ मिति २०५९।७।५ को पत्रानुसार नजरबन्दबाट मुक्त गरिएको । जिल्ला प्रशासन कार्यालय चितवनको च.नं. २०६ मिति २०५९।७।१३ को पत्रानुसार आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) ऐन, २०५८ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी (ख) श्रेणीको सिदा सुविधा दिई ९० दिन नजरबन्दमा राखिएकोले यस कारागार शाखालाई आफु खुसी थुनामा राख्ने कुनै कानून प्रदत्त अधिकार समेत नभएकोले रिट निवेदन खारेज भागी छ भन्ने प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय कारागार शाखा चितवनको लिखित जवाफ ।

यसमा निवेदकलाई नजरबन्दमा राख्ने विषयमा गृह मन्त्रीस्तरबाट मिति २०५८।११।२३ मा भएको निर्णय र जिल्ला प्रशासन कार्यालय चितवनका प्रमुख जिल्ला अधिकारीबाट निवेदकलाई नजरबन्दमा राख्ने विषयको सक्कल कारवाही फाइल महान्यायाधिवक्ताको कार्यालय मार्फत यथासिघ्र झिकाई नियम बमोजिम पेश गर्नु भन्ने यस अदालतको संयुक्त इजलाशको मिति २०५९।९।९ को आदेश ।

नियम बमोजिम दैनिक मुद्दा पेशी सूचीमा चढी पेश भएको प्रस्तुत निवेदनको लिखित जवाफ सहितको मिसिल कागजात अध्ययन गरी निवेदक तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री विश्वकान्त मैनाली, श्री एकराज भण्डारी, श्री सरोजनाथ प्याकुरेल र श्री नन्दुराज आचार्यले निवेदकलाई पटक-पटक नजरबन्दमा राखिएको पटक-पटक छोडिएको भनी प्रत्यर्थीहरुको लिखित जवाफबाट देखिए पनि यथार्थमा नजरबन्द थुनाबाट मुक्त गरिएको छैन । लगातार नजरबन्दमा राखिएको छ । नजरबन्दबाट मुक्त गरिएको खासै प्रमाण पनि प्रत्यर्थीबाट पेश हुन सकेको छैन । निवेदक उद्योग व्यवसायी र बैंकको ग्रिन कार्ड होल्डर ऋणी समेत भएकोले प्रत्यर्थीहरुको आरोपमा सत्यता छैन । निवेदबाट त्यस्तो कृयाकलाप भए गरेको समेत छैन । गैरकानूनी थुनाबाट मुक्त हुनुपर्दछ भनी र प्रत्यर्थी कार्यालय तर्फबाट विद्वान सह न्यायाधिवक्ता श्री नरेन्द्रप्रसाद पाठकले निवेदकले आतङ्ककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण तथा सजायँ) अध्यादेश २०५८ र आतङ्ककारी तथा आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) ऐन, २०५८ को कानूनी व्यवस्था बमोजिम नजरबन्दमा सक्षम अधिकारीको आदेशबाट नजरबन्दमा राखिएको हो । थुनाबाट मुक्त भएपछि पनि निवेदकबाट उल्लेखित ऐनले निषेधित गरेका कृया कलाप पुनः भए गरेबाट ऐनकै प्रावधान बमोजिम नजरबन्द थुनामा रहेका हुन । कानून बमोजिम थुनामा रहेकाले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था छैन भनी प्रस्तुत गर्नु भएको वहस समेत सुनियो ।

निवेदन व्यहोरा विद्वान सादा पोसाकका प्रहरीहरु घरमा आई पक्राउ गरी लगिएकोमा मिति २०५८।५।२८ मा आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०५८ बमोजिम मिति २०५८।८।२८ मा ९० दिन नजरबन्दमा राखिएकोमा २०५८।११।२३ को श्री ५ को सरकार (मन्त्रीस्तर) को निर्णयले थप ९० दिन नजरबन्दमा राख्ने भन्ने पत्रानुसार २०५८।११।२९ देखि थप ९० दिन कारागार शाखा चितवनमा नजरबन्दमा रहने आदेश दिएकोमा २०५८।१२।२९ मा थुनाबाट छाडिदिने विषयको पत्र दिइए पछि थुनाबाट छीडिएन, थुनामा नै राखियो । मिति २०५९।१।४ मा अर्को थुनुवा पूर्जि दिईयो तत् पश्चात पुनः मिति २०५९।४।९ मा अर्को ९० दिन थुन्ने पूर्जि दिईयो । पुनः मिति २०५९।७।१३ बाट ९० दिनको लागि नजरबन्दमा रहने आदेश दिईयो । प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय चितवनले निवेदकलाई थुन्नु पर्ने विश्वसनीय र मनासिव आधार विद्यमानता रहेको भनी भन्न सकेको अवस्था छैन । निवेदक उद्योग व्यवसायी पनि भएकोले प्रत्यर्थीको पूर्जिमा उल्लेख भएका कुनै कार्य निवेदकबाट भएको छैन भन्ने निवेदन जिकिर रहेको देखिन्छ । २०५८।५।२८ बाट निवेदक नजरबन्दमा रहेको होइन । आतंकारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) अध्यादेश २०५८ को दफा ३ (ङ) र (च) विपरीतको कसूर गरेको देखिएकोले ऐ. अध्यादेशको दफा ९(१) ले दिएको अधिकार प्रयोग गरी २०५८।८।२८ देखि ९० दिन नजरबन्दमा थुनामा राखिएकोमा श्री ५ को सरकार मन्त्रीस्तरको मिति २०५८।११।२३ को निर्णयले निजलाई थप नजरबन्दमा राख्ने भनी प्राप्त पत्र अनुसार सोही अध्यादेशको दफा ९(२) अनुसार मिति २०५८।११।२९ देखि नजरबन्दमा राखि मिति २०५८।११।२९ देखि निजलाई नजरबन्द मुक्त गरिएकोमा पुनःआर्तककारी तथा विध्वंसात्मक कार्यमा संलग्न रही क्रिया कलाप गर्दै आएबाट निजको उक्त कार्य आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ को दफा ९ अनुसार नजरबन्दमा राख्न दशी सहित पेश भै मिति २०५९।१।४ देखि ९० दिन नजरबन्दमा राखि मिति २०५९।३।३१ बाट नजरबन्द मुक्त गरिएको । पुनः माथि उल्लेखित कार्य निज एकराज डल्लाकोटीबाट भए गरेको पाइएकोले दशी सहित पेश भै मिति २०५९।४।९ देखि ९० दिन नजरबन्दमा राखी २०४९।७।६ मा नजरबन्द मुक्त गरिएको र पुनः सोही

कृयाकलाप दोहोरी दशी सहित पक्राउ भै मिति २०५९।७।१३ देखि नजरबन्दमा रहेकोले कानून बमोजिम नै थुनामा रहेको भन्ने प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय चितवनको लिखित जवाफ र सोही व्यहोरा मिलानको कारागार शाखा चितवनको लिखित जवाफ रहेको देखिन्छ ।

निवेदक एकराज डल्लाकोटी आंतककारी तथा विध्वंसात्मक कार्य गर्नको लागि समुह खडा गर्ने, षडयन्त्र गर्ने सो कार्यमा मद्दत गर्ने जस्ता कार्यहरु निजबाट पटक-पटक हुँदै आएकाले दशी सहित पक्राउ भई आएका अवस्थामा नजरबन्द थुनामा राख्ने आदेश भएको र ९० दिन नजरबन्द भुक्तान भएपछि छुटेको अवस्थामा पनि निज सोही कृयाकलापमा पुनः संलग्न रहेबाट आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ ले निषेध गरेका कार्यबाट रोक्न सोही ऐनले दिएको अधिकारको पालना र प्रयोग गरी नजरबन्दमा रहेको भन्ने प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय चितवनको कथन रहेको देखिन्छ । प्रत्यर्थीबाट नजरबन्दबाट मुक्त गरिएको भनी लिखित जवाफमा उल्लेख गरेको समयमा पनि यथार्थमा नजरबन्दबाट मुक्त नभएको र निरन्तर थुनामा रहेको हो भन्ने वास्तविकता निवेदक तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरुबाट पनि वहसको क्रममा उठाइएको पाइयो । कानूनले निषेध गरेका कार्य भए गरेमा कानून बमोजिम कारवाही र सजाय हुनुपर्ने कुरामा विवाद हुनसक्दैन । त्यस्तो भए गरेको भए निवेदकलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजायँ) ऐन, २०५८ को कसूर अपराधमा सोही ऐन मुताविक मुद्दा चलाउन सक्ने अवस्था विद्यमान देखिन्छ । निवेदकबाट उक्त ऐनले निषेध गरेका कार्यहरु भै सकेको अवस्था दशी सहित पक्रिएको भन्ने लिखित जवाफबाट देखिएको स्थितिमा मुद्दा नचलाई केवल निवारक नजरबन्दमा राख्ने र छाड्ने प्रत्यर्थी जिल्ला प्रशासनको आदेशले ऐनको मनसाय अनुरुप गरेको भनी मान्न सकिने देखिएन । निवारक नजरबन्दमा राख्नु भनेको त्यस्तो कुनै काम हुन दिनबाट रोक्नका लागि नै हो नकि कार्य भै सकेको अवस्था समेत मान्न सकिने हो ।

साथै निवेदकलाई नजरबन्दमा राख्न पछिल्लो पटक मिति २०५९।७।१३ मा दिइएको आदेशमा आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) ऐन २०५८ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी कारागार शाखा चितवनमा ९० दिन (ख) श्रेणीको सिदा पाउने गरी नजरबन्द राख्न दिएको आदेश उक्त ऐनको कुन दफा अन्तर्गतको कार्य वा कसूरसँग सम्बन्धित कसूरमा नजरबन्द राखिएको हो सो खुल्न सकेको समेत पाइदैन । व्यक्तिको वैयक्तिक स्वतन्त्रतालाई संकुचन हुने गरी भएका आदेशमा सम्बधित ऐनले कसूरको परिभाषा गरेको दफा समेत उल्लेख गरी ऐनले दिएको अधिकार प्रयोग गरी कारवाही र सजाय हुन पर्नेमा सजाय गर्नसक्ने अधिकार प्रदान गरेको ऐनको दफा उल्लेख गरेको त पाइयो तर ऐनको कुन दफा अन्तर्गतको कसूर अपराध सम्बन्धमा कारागारबाट नजरबन्दमा राख्नुपरेको हो सो खुल्न नआएबाट नजरबन्दमा राख्ने मिति २०५९।७।१३ को प्रमुख जिल्ला अधिकारी चितवनको आदेश कानून अनुरुप नदेखिएकाले निवेदक एकराज डल्लाकोटीलाई गैरकानूनी थुनामा राखेको देखिंदा निजलाई गैरकानूनी थुनाबाट मुक्त गर्नु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ । निज एकराज डल्लाकोटीलाई थुनाबाट मुक्त गर्न आज यसै इजलाशबाट छुट्टै आदेश भै सकेकोले पुनः लेखि रहन परेन । मिसिल नियम बमोजिम गरी बुझाई दिनु ।

उक्त रायमा सहमत छु ।

न्या. दिलिपकुमार पौडेल

इति संवत् २०५९ साल पुष २६ गते रोज ६ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री हरिश्चन्द्रप्रसाद उपाध्याय
माननीय न्यायाधीश श्री केदारप्रसाद गिरी

संवत् २०५९ सालको रिट नं. ९८

आदेश मितिः २०५९।१०।२१।२

विषयः बन्दीप्रत्यक्षीकरण ।

रिट निवेदक : मोरङ जिल्ला राजघाट गा.वि.स. घर भै हाल केन्द्रिय कारागारमा थुनामा बस्ने सागर भट्टराईको हकमा यमुना खनाल

विरुद्ध

विपक्षी : श्री ५ को सरकार गृह मन्त्रालय सिंहदरवार, काठमाण्डौ समेत

- **कानूनी अधिकार प्रयोग गर्न पाउने अधिकारीले सो अधिकारको प्रयोग गर्दा कानूनले तोकी दिएको अधिकार भित्र सीमित रही प्रयोग गर्नुपर्ने ।**

- **अनुसन्धानको निमित्त नजरबन्दमा राख्न पाउने अधिकारनै प्रदान नगरेको अवस्थामा विना आधार निवेदकलाई नजरबन्दमा राखेको काम कारवाही गैरकानूनी एवं त्रुटिपूर्ण देखिने ।**

आदेश

- न्या. हरिश्चन्द्रप्रसाद उपाध्याय

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३।८८(२) अन्तर्गत पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः

निवेदक सागर भट्टराई क्याम्पसमा अध्यापन गराउने एक शिक्षक हुन । मिति २०५९।१।११ मा आफ्नै घरबाट साधा पोषाकमा आएका प्रहरीले पक्राउ गरी प्रहरी चौकीमा लगी ५ दिनसम्म राखी मिति २०५९।१।१७ मा विपक्षी जिल्ला प्रशासन कार्यालयले नजरबन्दमा राख्ने पूर्जि दिई लगातार केन्द्रिय कारागारमा थुनामा राखेको छ । विपक्षी जिल्ला प्रशासन कार्यालय भक्तपुरले मिति २०५९।१।१७ मा आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ को दफा ३(१) को विभिन्न उपदफामा उल्लेखित कार्यबाट रोक्न जरुरी भएकोले दफा ९ को अधिकारको प्रयोग गरी नजरबन्दमा राख्नु भनी पूर्जि दिएको छ । विपक्षीको नजरबन्दमा राख्ने पूर्जिमा नजर बन्दमा राख्नु पर्ने स्पष्ट आधार समेत नभएकोले सम्मानित अदालतबाट प्रतिपादित कानूनी सिद्धान्त प्रतिकूल नेपाल अधिराज्यको संविधान एवं कानुन विपरीत गैरकानूनी थुनाबाट मुक्त गरिपाउँ । साथै विपक्षीहरुले सम्मानित अदालतको आदेश उल्लंघन गर्ने गरेकोले सम्मानित अदालत वा महान्यायाधिवक्ता कार्यालयको रोहवरमा मात्र थुनामुक्त गर्नु भन्ने आदेश समेत जारी गरी पाउँ भन्ने समेतको रिट निवेदन पत्र ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? बाटाका म्याद बाहेक २४ घण्टा भित्र महान्यायाधिवक्ता कार्यालय मार्फत लिखित जवाफ पठाउनु भनी विपक्षीहरुलाई सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि पेश गर्नु, साथै प्रस्तुत मुद्दा पेशीको दिन बन्दीलाई समेत उपस्थित गराउनु भन्ने समेतको यस अदालतको आदेश ।

विपक्षीलाई जिल्ला प्रशासन कार्यालयको नजरबन्दमा राख्नु भन्ने पत्र अनुसार थुनामा राखिएको छ । अधिकार प्राप्त अधिकारीबाट नजरबन्दमा राख्ने छाड्ने कार्य गर्ने भएको हुँदा यस शाखाको हकमा रिट खारेज गरि पाउँ भन्ने समेतको कारागार शाखा काठमाण्डौको लिखित जवाफ ।

यस मन्त्रालयबाट निजलाई पक्राउ गर्ने, थुनामा राख्ने, आदेश नभएकोले निजको कुनै हक अधिकार हनन् नगरिएको हुँदा रिट निवेदन खारेज गरि पाउँ भन्ने समेतको गृह मन्त्रालयको लिखित जवाफ ।

निज सागरप्रसाद भट्टराईलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ अन्तर्गत यस कार्यालयको आदेश अनुसार अनुसन्धानको सिलसिलामा नजरबन्दमा राखिएको व्यहोरा पेश गरेको छु । अनुसन्धान प्रकृया चलिरहेको अवस्था भएकोले रिट निवेदन खारेज गरी पाउँ भन्ने समेतको जिल्ला प्रशासन कार्यालय भक्तपुरको लिखित जवाफ ।

विपक्षीको भाइ सागर भट्टराईले २०५९।१।१६ गते भ.पु.जि. कटुंजे गा.वि.स. वडा नं. ८ को बाटोमा हिड्ने सर्वसाधारण मानिसलाई डरत्रास देखाई जाम गरी माओवादी गतीविधि सम्बन्धी पर्चा पाम्पलेट टाँस्न लगाई चन्दा उठाई माओवादी पार्टीमा लाग्नुपर्छ भनी सर्वसाधारणलाई दबाब दिई रहेको अवस्थामा फेलापारी यस कार्यालयबाट सोधपूछ गर्दा समेत विगतदेखी म समेतका मानिसले यस्तो कार्य गर्दै आएको भनी बताएकोले जिल्ला प्रशासन कार्यालयमा पेश गरी २०५९।१।१७ को पत्रादेश अनुसार ९० दिन नजरबन्दमा राखिएकोमा समय समाप्त भई छुटकारा भएपछि पटक-पटक उल्लेखित कार्य दोहोऱ्याएकोले जिल्ला प्रशासन कार्यालयको नजरबन्दको आदेश अनुसार केन्दीय कारागारमा बस्न पठाएको हो । निजको हकमा परेको कपोलकल्पित रिट निवेदन खारेज गरी पाउँ भन्ने समेतको जिल्ला प्रहरी कार्यालय भक्तपुरको लिखित जवाफ ।

यस अदालतको पूर्व आदेश अनुसार कारागार शाखा काठमाण्डौबाट बन्दीलाई उपस्थित गराएको रहेछ ।

नियम बमोजिम दैनिक मुद्दा पेशी सूचीमा चढि यस इजलाश समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको रिट निवेदन सहितको सम्पूर्ण मिसिल कागजात अध्ययन गरी निवेदक तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री कृष्णप्रसाद भट्टराईले रिट निवेदकलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) ऐन, २०५८ को कुन दफाद्वारा निषेध गरेको कार्य गरेकोले दफा ९ बमोजिम नजरबन्दमा राखिएको हो, सो कुरा जिल्ला प्रशासन कार्यालयको पुर्जि र लिखित जवाफबाट खुल्दैन । जिल्ला प्रहरी कार्यालयको लिखित जवाफमा भ.पु.जि. कटूंजे गा.वि.स. वडा नं. ८ को सार्वजनिक बाटोमा सर्वसाधारणलाई धरपकड गरी माओवादी पर्चा, पम्पलेट टांसेको र चन्दा समेत उठाई विभिन्न माओवादी गतिविधि सञ्चालन गरेको भन्ने उल्लेख गरेको छ । त्यस्तो कानूनद्वारा निषेधित कार्य गरी सकेको अवस्थामा कानूनको म्यादभित्र अनुसन्धान गरी मुद्दा चलाउनु पर्ने हुन्छ । विपक्षी जिल्ला प्रशासन कार्यालयको लिखित जवाफबाट अनुसन्धानको प्रकृया चालिरहेको भनी उल्लेखको गरेको देखिन्छ । विपक्षीलाई अनिश्चित कालसम्म अनुसन्धानको लागि नजरबन्दमा राख्न पाउने अधिकार कुनै कानूनले

प्रदान नगरेको अवस्थामा गैरकानूनी रुपमा मेरो पक्षलाई नजरबन्दमा राखिएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी भई गैरकानूनी थुनाबाट मुक्त हुनुपर्छ भनी गर्नु भएको वहस र विपक्षीहरुका तर्फबाट उपस्थित सहन्यायाधिवक्ता श्री नरेन्द्र पाठकले विपक्षीलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) ऐन २०५८ द्वारा निषेधित कार्य गरेको अवस्थामा निजबाट हुनसक्ने अरु कार्यबाट रोक्न नजरबन्दमा राखिएको कार्य कानून सम्मत हुँदा रिट निवेदन खारेज हुनुपर्छ भनी गर्नु भएको वहस समेत सुनियो ।

प्रस्तुत रिट निवेदनको निर्णय तर्फ विचार गर्दा माग बमोजिमको आदेश जारी हुने हो वा होइन ? सोही कुरामा निर्णय दिनु पर्ने देखिन आयो ।

यसमा निवेदकलाई मिति २०५९।१।१७ मा नजरबन्दमा राख्न दिएको पूर्जिमा आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) ऐन, २०५८ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी नजरबन्दमा राख्न आदेश जारी गरिएको भन्ने र पुनः २०५९।४।१३ मा समेत सोही व्यहोरा उल्लेख गरी पूर्जि दिएको देखिन्छ । आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) ऐन, २०५८ को दफा ९ को कानूनी प्रावधानलाई हेर्दा आतङ्ककारी तथा विध्वंसात्मक कार्य हुनसक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नु पर्ने विश्वास गर्न सकिने मनासिव आधार भएमा सुरक्षा अधिकारीले त्यस्तो व्यक्तिलाई ९० दिनसम्म नजरबन्दमा राख्ने आदेश जारी गर्नसक्ने छ भन्ने व्यवस्था गरेको देखिन्छ । उल्लेखित कानूनी प्रावधान अनुसार नजरबन्दमा राख्ने आदेश दिन पाउने अधिकारीले त्यस्तो आदेश जारी गर्दा आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) ऐन, २०५८ ले निषेध गरेको के कस्तो प्रकारको आतङ्ककारी तथा विध्वंसात्मक कार्य रिट निवेदकबाट हुनसक्ने देखिएको हो र यसलाई रोक्नु पर्ने विश्वास गर्न सकिने मनासिव आधार के के हुन भन्ने कुरा आफ्नो आदेशमा स्पष्ट रुपमा खुलाउनु पर्ने देखिन आउँछ । त्यस्तो आधार प्रमाण खुलाई आदेश गरेको भन्ने विपक्षीहरुको लिखित जवाफ एवं मिसिल संलग्न प्रमाणबाट देखिन आउँदैन । जहाँसम्म विपक्षी जिल्ला प्रशासन कार्यालयको लिखित जवाफमा अनुसन्धानको लागि नजरबन्दमा राखिएको र अनुसन्धान प्रकृया चलिरहेको भन्ने र विपक्षी जिल्ला प्रहरी कार्यालयको लिखित जवाफमा चन्दा सङ्कलन गर्ने विभिन्न सरकारी कार्यालयमा बम विष्फोटन गराई आतंक मच्याएको भन्ने उल्लेख भएको सम्बन्धमा त्यस्तो आतङ्ककारी तथा विध्वंसात्मक कार्य गरी सकेको अवस्थामा अनुसन्धानको निमित्त हिरासतमा राख्नु परेमा मुद्दा हेर्ने अधिकारीको अनुमतिले मात्र थुनामा राख्न पाउने व्यवस्था सोही ऐनको दफा १७ (५) ले गरेको पाइन्छ । निवेदकलाई अनुसन्धानको सिलसिलामा भन्ने आधारमा पटक-पटक आदेश गरी नजरबन्दमा राख्न पाउने अधिकार उल्लेखित आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) ऐन, २०५८ ले विपक्षी प्रमुख जिल्ला अधिकारीलाई प्रदान गरेको पाइदैन । रिट निवेदकलाई दिएको नजरबन्दको पूर्जिमा अनुसन्धानको निमित्त नजरबन्दमा राखिएको भन्ने उल्लेख भएको भन्ने नदेखिएकोमा लिखित जवाफबाट अनुसन्धानको सिलसिलामा नजरबन्दमा राखिएको भन्ने उल्लेख भएकोले विपक्षी जिल्ला प्रशासन कार्यालयको काम कार्वाही विरोधाभाषपूर्ण समेत देखिन आयो । कानूनी अधिकार प्रयोग गर्न पाउने अधिकारीले सो अधिकारको प्रयोग गर्दा कानूनले तोकी दिएको अधिकार भित्र सीमित रही त्यस्तो अधिकारको प्रयोग गर्नुपर्ने हुन्छ । अनुसन्धानको निमित्त नजरबन्दमा राख्न पाउने अधिकारनै प्रदान नगरेको अवस्थामा विना आधार निवेदकलाई नजरबन्दमा राखेको विपक्षीहरुको काम कारवाही गैरकानूनी एवं त्रुटिपूर्ण देखिएकोले भट्टराईलाई कानून विपरीत देखिन आयो । तसर्थ त्यस्तो सो गैरकानूनी नजरबन्दबाट निवेदक सागर भट्टराईलाई अविलम्ब मुक्त गरिदिनु भनी विपक्षीहरुका नाउँमा बन्दी प्रत्यक्षकरणको आदेश

जारी हुने ठहर्छ । निजलाई अन्य मुद्दाबाट थुनामा राख्नु नपर्ने भए निज छुट्टै उपस्थित रहेको हुँदा निजलाई नजरबन्दबाट मुक्त गरी दिनु भनी आजै आदेश भै सकेकाले केही गर्नु परेन । आदेशको जानकारी महान्यायाधिवक्ता कार्यालय मार्फत विपक्षीहरुलाई दिई दायरी लगत कट्टा गरि मिसिल नियमानुसार बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।

न्या. केदारप्रसाद गिरी

इति संवत् २०५९ साल माघ २१ गते रोज ३ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधान न्यायाधीश श्री केदारनाथ उपाध्याय
माननीय न्यायाधीश श्री दिलीप कुमार पौडेल

सम्बत् २०५९ सालको रिट नं. १०६

आदेश मितिः २०५९।१०।२७

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : जिल्ला दोलखा खारे गा.वि.स. वडा नं. ५ घर भै हाल गैरकानूनी थुनामा रहेको हरिद्वार कुंवरको हकमा वासुदेव कुंवर

विरुद्ध

विपक्षी : श्री ५ को सरकार गृह मन्त्रालय, काठमाडौ समेत

- **कुनै व्यक्तिलाई कुनै कसूर गरेको भनी सक्षम अदालतमा सबुद प्रमाणद्वारा पुष्टी एवं प्रमाणित नै नगराई त्यसै कसूरदार करार गरी थुनामा राख्न नमिल्ने ।**
- **कुनै पनि व्यक्तिलाई कुनै अपराधको कसूरदार मानी मुद्दा नै नचलाई थुनामा राखी राख्न नमिल्ने ।**

आदेश

- प्र. न्या. केदारनाथ उपाध्याय

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ र ८८(२) अन्तर्गत यस अदालतमा पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त व्यहोरा र आदेश यस प्रकार छ :

म निवेदकको दाई हरिद्वार कुंवर मिति २०५९।३।५ मा पक्राउ परी गैरकानूनी थुनाबाट मुक्त गरिपाउँ भनी यसै सम्मानित अदालत समक्ष बन्दीप्रत्यक्षीकरणको निवेदन दायर गरेकोमा सम्मानित अदालतबाट मिति २०५९।९।२३ मा निज बन्दीलाई तत्काल छाडी सो को जानकारी गराउनु भन्ने आदेश भई सोही दिन सो आदेश लिई विपक्षी कारागारमा जाँदा भोली हनुमानढोकाबाट मुक्त गरौला भनी मौखिक जानकारी गरेकोले भोलिपल्ट मिति २०५९।९।२४ मा विपक्षी हनुमानढोकामा खाना समेत लिएर जाँदा भेटघाट गर्न दिएको र भोलिपल्ट जाँदा बेलुका खाना नल्याउनु हामी केही दिनमै निज बन्दीलाई छाडिदिन्छौ भनेकामा हाल त्यहाँबाट अन्यत्रै लगी भेटघाट समेत गर्न दिइएको छैन । महेन्द्र पुलिस क्लब, हनुमानढोका, नयाँ बानेश्वर प्रहरी चौकी र सोह्रखुट्टे प्रहरी चौकीमा निज बन्दीलाई राखिएको भनी समाचार प्रकाशित भएता पनि तत्स्थानमा जाँदा छैन भनी भेटघाट गर्न दिइएको छैन । वर्तमान संविधानको धारा ९६ बमोजिम सम्मानित अदालतको आदेश मान्न विपक्षीहरु बाध्य भएको, संविधानले ग्यारेन्टी गरेको स्वतन्त्र र सक्षम न्यायपालिका, न्यूनतम मानव अधिकार, कानूनी शासन जस्ता सम्पूर्ण मान्यताहरुको उलङ्घन गरी कानून र व्यवस्था आफनो हातमा लिई, अदालतको आदेशको समेत वेवास्ता गरी हालसम्म मेरो दाई हरिद्वार कुंवरलाई निरन्तर थुनामा राखेकोले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ र ८८(२)

तथा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३६ को आधारमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ । नागरिक सुरक्षाको संवैधानिक दायित्व वोकेको विपक्षी गृह मन्त्रालय र त्यस अन्तर्गतका विपक्षी निकायहरुले वदनियतपूर्वक नागरिक जीवनलाई असुरक्षित पार्ने गरेको र अदालतको आदेश समेत उलङ्घन गरी विधिको शासनलाई वलपूर्वक मिच्ने चेष्टा गरेकाले यस्तो अवस्थालाई सम्मानित अदालतबाट आवश्यक र प्रभावकारी सबै उपायहरु अवलम्बन गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी गैरकानूनी थुनाबाट मुक्त गरी पछि नाम खुलेमा सम्बन्धित पदाधिकारीहरु वा विपक्षी निकायका प्रमुखहरुलाई अदालतको अवहेलनामा समेत कार्यवाही गरिपाउँ भन्ने समेत व्यहोराको रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? बाटाका म्याद बाहेक २४ घण्टा भित्र लिखित जवाफ पठाउनु भनी विपक्षीहरुलाई सूचना दिनु भन्ने समेत व्यहोराको यस अदालत एक न्यायाधीशको इजलासको मिति २०५९।१०।१४ को आदेश ।

तत्कालीन अवस्थाको रिट नं. ६८ निवेदक हरिद्वार कुंवरलाई थुनाबाट छाडिदिनु भनी सम्मानित अदालतबाट च.नं. ३५० मिति ०५९।९।२३ को पत्र प्राप्त हुनुभन्दा अगाडि नै जिल्ला प्रशासन कार्यालय काठमाण्डौका प्र.जि.अ.बाट च.नं. ४३१ मिति ०५९।९।२३ को निज समेतलाई रिहा गरिदिनु भनी प्राप्त आदेशानुसार हरिद्वार कुंवर समेतलाई रिहा गरिएको हो । यस कारागार प्रशासनबाट भोली हनुमान ढोकाबाट मुक्त गरौंला भनी भनेको होइन । सम्मानित अदालतको आदेशको अवहेलना गर्ने कार्य यस कारागार प्रशासनबाट भएको छैन र हुने पनि छैन । अतः रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत व्यहोराको कारागार शाखा काठमाण्डौको लिखित जवाफ ।

प्रस्तुत विषयमा विपक्षी बनाइनु भएका अन्य निकायहरुबाट छुट्टै लिखित जवाफ प्रस्तुत हुने नै छ । यस मन्त्रालयबाट निजलाई पक्राउ गर्ने, थुनामा राख्ने आदेश दिइएको छैन । साथै निजको कुनै हक अधिकार हनन नगरिएको हुँदा रिट निवेदन खारेज गरि पाउँ भन्ने समेत व्यहोराको गृह मन्त्रालयको लिखित जवाफ ।

विपक्षी हरिद्वार कुंवर यस कार्यालयको आदेशानुसार मिति २०५९।९।२३ गते देखि नजरबन्दबाट रिहा भैसकेको हुँदा यस कार्यालयको नाममा जारी भएको बन्दीप्रत्यक्षीकरणको रिट आदेश खारेज गरि पाउँ भन्ने समेत व्यहोराको जिल्ला प्रशासन कार्यालय,काठमाण्डौको लिखित जवाफ ।

विपक्षी रिट निवेदक हरिद्वार कुंवरलाई मिति ०५९।३।५ मा पक्राउ गरी गैरकानूनी थुनामा राखेको अदालतबाट थुनामुक्त गरिदिनु भनी आदेश हुँदा समेत नछोडी अदालतको अवहेलना गरेको भनी लिएको जिकिर सरासरी झुठ्ठा हो । विपक्षी रिट निवेदक हरिद्वार कुंवर समेतका मानिसहरु ने.क.पा. (माओवादी) समुहसँग आवद्ध रही हाल चलिरहेको आतङ्ककारी तथा विध्वंसात्मक कार्यमा संलग्न भई काम कार्य गरेको बुझिन आएकोले निज समेतका मानिसहरुलाई खोजी गर्ने क्रममा मिति २०५९।३।१९ गते पक्राउ भैआएकाले मिति ०५९।३।२० गते सुरक्षा अधिकारी समक्ष प्रस्तुत गरी आतङ्ककारी तथा विध्वंसात्मक कार्य ( नियन्त्रण तथा सजाय) ऐन, २०५८ को दफा ९ (१) अनुसार नजरबन्दमा राख्ने आदेश जारी गरेको छु भन्ने सुरक्षा अधिकारीको आदेशानुसार नजरबन्दमा रहेको र मिति २०५९।६।२२ गतेका दिन का.जि.ताहाचल स्थित सार्वजनिक स्थानमा पर्चा पम्प्लेट गरिहिंडेको भन्ने बुझिन आई उक्त स्थानमा खटी जादा निज हरिद्वार कुंवर समेतका मानिसहरु फेला परेकोले निजहरु समेतलाई पक्राउ गरी दाखिला गरेकोमा ऐ.२३ गते सुरक्षा अधिकारी समक्ष प्रस्तुत गरी नजरबन्दमा राख्ने आदेश जारी गरेको छु भनी सुरक्षा अधिकारीबाट आदेश भई नजरबन्दको लागि थुनामा राख्न केन्द्रिय कारागारमा पठाउने कार्य भएको हो । सो बाहेक रिट निवेदनमा लिएको जिकिर अनुसारको कार्य नगरिएको र सम्मानित अदालतको आदेशको समेत अवहेलना

गर्नुपर्ने अवस्था समेत नभएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत व्यहोराको जिल्ला प्रहरी कार्यालय काठमाण्डौको लिखित जवाफ ।

मेरो दाई हरिद्वार कुंवर हाल कारागार शाखा ललितपुर (नख्खु जेल) मा रहेकोले गैह्र कानूनी थुनाबाट मुक्त गराई पाउँ भन्ने समेत व्यहोराको हरिद्वार कुंवरको हकमा निजको भाई वासुदेव कुंवरको मिति २०५९।१०।९ को निवेदन ।

यसमा निवेदकले मिति २०५९।१०।९ मा दिएको निवेदन लेख बमोजिम हरिद्वार कुंवर त्यस कारागारमा बन्दी रहेको भन्ने देखिंदा सो व्यहोराको जवाफ कारागार शाखा नख्खुबाट तथा थुनामा राखिएको वारेको लिखित जवाफ प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय ललितपुरबाट ३ दिनभित्र झिकाउनु भन्ने समेत व्यहोराको यस अदालत संयुक्त इजलासको मिति २०५९।१०।१३ को आदेश ।

विपक्षी निवेदकका दाजु हरिद्वार कुंवर समेतले ल.पु. जि.ल.पु. उ.म.न.पा.र गा.वि.स. का विभिन्न वडाहरुमा हिंसात्मक र ध्वंसात्मक कार्यमा संलग्न भई स्थानीय व्यक्तिहरुलाई डर, धाक, धम्की समेत दिई नारावाजी र माओवादी आतंक गतिविधिमा आवद्ध हुन दबाब दिएको र पर्चा पम्प्लेटिङ्ग गर्दै हिंडेकोले मिति ०५९।१०।५ गते ल.पु.उ.म.न.पा. वडा नं. १९ मा फेला पारी पक्राउ गरेको प्रहरी प्रतिवेदनसाथ जि.प्र.का.ल.पु.बाट आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजाय) ऐन, २०५८ को दफा ९ बमोजिम कारवाही हुन भनी पत्राचार भै आएकोमा हरिद्वार कुंवरलाई तत्काल सोधपुछ गर्दा पनि निजले प्रतिवेदन बमोजिमको कार्यहरु गरेको स्वीकार गर्नुको साथै प्रतिवेदनको विश्लेषण गर्दा निजबाट शान्ति सुरक्षामा खलल पुगी सर्वसाधारणको जिउ धनको क्षति हुनसक्ने मानसिक कारण र अवस्था देखिएकोले आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण एवं सजाय) ऐन, २०५८ को दफा ३ को उपदफा २ को कसूरमा निजलाई सोही ऐनको दफा ९ बमोजिम कारागार शाखा नख्खुमा ९० दिन सम्म नजरबन्दमा राख्ने आदेश पर्चा भएको हो । यसरी कानूनले स्पष्ट रुपमा प्रदान गरेको अधिकार एवं भावना मर्म बमोजिम कानूनले तोकेको परिधिभित्र रही हरिद्वार कुंवरलाई सूचना समेत दिई नजरबन्दमा कारागार शाखा नख्खु ललितपुरमा राखिएको हुँदा निवेदन खारेज गरि पाउँ भन्ने समेत व्यहोराको प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय ललितपुरको लिखित जवाफ।

हरिद्वार कुंवरलाई जिल्ला प्रशासन कार्यालय, ललितपुरको मिति २०५९।१०।६ को पत्रानुसार मिति २०५९।१०।६ देखि नजरबन्दमा राखिएको भन्ने व्यहोराको कारागार शाखा नख्खुको मिति २०५९।१०।१७ को पत्र ।

नियम बमोजिम दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट विद्वान अधिवक्ता श्री टिकाराम भट्टराईले हरिद्वार कुंवरलाई यसै अदालतबाट मिति २०५९।९।२३ मा थुनाबाट छाडी जानकारी दिनु भनी आदेश भएकोमा कारागार शाखा काठमाण्डौले थुनामुक्त गरेको जानकारी नै दिएन । बन्दीलाई थुनामुक्त नगरी बेपत्ता पारेकोले २०५६।९।२७ मा प्रस्तुत रिट निवेदन दायर भएको हो । निजलाई रिहा नै नगरी जिल्ला प्रशासन कार्यालय ललितपुरको प्रमुख जिल्ला अधिकारीले २०५७।१०।६ को मिति राखी पुनः अर्को नजरबन्दको आदेश दिएको देखिन्छ । उक्त आदेशमा आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ को दफा ३(२) को (ख) को कसूर गरेको भनी उल्लेख भएको छ । कसूर भैसकेपछि मुद्दा चलाउनु पर्छ । नजरबन्दमा राख्न मिल्दैन । दफा ३(२) ले नजरबन्दको आदेश दिन मिल्दैन । सो दफामा (ख) र (ङ) नै छैन । तसर्थ निवेदन माग बमोजिमको आदेश जारी हुनुपर्छ भनी तथा विपक्षी गृह मन्त्रालय समेतका तर्फबाट विद्वान उप- न्यायाधिवक्ता श्री ऋषिकेश वाग्लेले मिति २०५९।९।२३ मा यस अदालतबाट निवेदक हरिद्वार कुंवरलाई थुनामुक्त गरिदिनु भनी

भएको आदेश कारागार शाखा काठमाण्डौ पुग्नु अगावै जिल्ला प्रशासन कार्यालयको आदेशबाट सोही दिन रिहा गरिसकेको देखिन्छ । निज हरिद्वार कुंवरबाट शान्ति सुरक्षामा खलल पुगी सर्वसाधारणको जिउ धनको क्षति हुनसक्ने मनासिव कारण र आधार देखिएकोले नजरबन्दमा राख्ने गरी भएको जिल्ला प्रशासन कार्यालय ललितपुरको आदेश कानून बमोजिमको देखिएकोले रिट निवेदन खारेज हुनुपर्छ भनी गर्नु भएको बहस समेत सुनियो ।

विद्वान अधिवक्ताहरुको उल्लेखित वहस जिकिरलाई मनन गरी निवेदन लगायतका मिसिल संलग्न कागजात अध्ययन गरी हेर्दा यसमा निवेदन माग बमोजिम आदेश जारी हुनुपर्ने हो होइन निर्णय दिनुपर्ने देखिन आयो ।

निर्णय तर्फ विचार गर्दा निवेदकको दाई हरिद्वार कुंवर मिति २०५६।३।५ मा पक्राउ परी गैरकानूनी थुनामा रहेकोमा थुनाबाट मुक्त गरिपाउँ भनी बन्दीप्रत्यक्षीकरणको निवेदन दायर गरेकोमा यस अदालतबाट मिति २०५९।९।२३ मा निज बन्दीलाई तत्काल छाडी सो को जानकारी गराउनु भनी आदेश भएको थियो । तर थुनामुक्त नगरेकोले थुनामुक्त गरिपाउँ भन्ने समेत प्रस्तुत निवेदनको मांग दावी भै बुझिदा निवेदकलाई २०५९।९।२३ मा नै थुनामुक्त गरिसकिएको भन्ने लिखित जवाफ भएकोमा निवेदक तर्फबाट कारागार शाखा ल.पु.मा थुनामा राखेको भन्ने समेत व्यहोराको निवेदन पर्न आई जिल्ला प्रशासन कार्यालय ललितपुरमा लिखित जवाफ माग गर्दा उक्त कार्यालयबाट निवेदकलाई २०५९।१०।६ मा नजरबन्दको आदेश दिई थुनामा राखिएको भनी लिखित जवाफमा उल्लेख गरेको देखियो ।

यसमा रिट निवेदक वासुदेव कुंवरको दाई नाता पर्ने हरिद्वार कुंवरलाई गैरकानूनी थुनामा राखेको भनी यस अदालतबाट मिति २०५९।९।२३ मा थुनामुक्त गरी यस अदालतलाई जानकारी दिनु भनी आदेश गरिएकोमा सो बमोजिम थुनामुक्त गरिएको जानकारी यस अदालतलाई दिएको देखिन आएन । हाल निज हरिद्वार कुंवरलाई मिति २०५९।१०।६ देखि पुनः नजरबन्दमा राख्ने गरी जिल्ला प्रशासन कार्यालय ललितपुरका प्रमुख जिल्ला अधिकारीबाट आदेश गरिएकोमा निज थुनुवालाई दिएको जानकारी पत्र हेर्दा आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ को दफा ३ को उप दफा (२) को खण्ड (ख) र (ङ) को कसूरमा भन्ने उल्लेख गरी दफा ९को प्रयोग गरी नजरबन्दको आदेश गरेको भन्ने देखिन आयो । एकतः उपरोक्त ऐनको दफा ३ को उपदफा (२) मा खण्ड (ख) र (ङ) भन्ने खण्डहरु नै नभएकोले प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय ललितपुरद्वारा कानूनको प्रयोगका सम्बन्धमा पर्याप्त सोच पुऱ्याइएको देखिन आएन । अर्को तर्फ थुनामा रहेका निज हरिद्वार कुंवरलाई दफा ३ को उपदफा (२) को कसूरमा नजरबन्दमा राख्ने दफा ९ को व्यवस्था नभई आतङ्ककारी तथा विध्वंसात्मक कार्य गर्नबाट रोक्नुपर्ने विश्वास गर्न सकिने मनासिव आधार भएमासम्म नजरबन्दमा राख्ने व्यवस्था दफा ९ मा रहेको देखिन आउँछ । उल्लेखित ऐनको दफा १५ मा यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दा हेर्ने अधिकार श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी गठन गरेको वा तोकेको अदालतलाई हुनेछ भन्ने व्यवस्था रहेबाट सो ऐन अन्तर्गतको कसूर भएको अवस्थामा कानून बमोजिम मुद्दा चलाउनुपर्ने कानूनी व्यवस्था रहेको देखिन आउँछ । यसबाट कसूर गरिरहेको र गरिसकेको अवस्थामा दफा ९ को प्रयोग विवादास्पद हुनजाने स्वतः स्पष्ट छ । कुनै व्यक्तिलाई कुनै कसूर गरेको भनी सक्षम अदालतमा सबुद प्रमाणद्वारा पुष्टी एवं प्रमाणित नै नगराई त्यसै कसूरदार करार गरी थुनामा राख्न मिल्दैन । अतः कुनै पनि व्यक्तिलाई कुनै अपराधको कसूरदार मानी मुद्दा नै नचलाई थुनामा राखी राख्न नमिल्ने हुँदा प्रमुख जिल्ला अधिकारी जिल्ला प्रशासन कार्यालय ललितपुरबाट मिति २०५९।१०।६ मा निवेदकको दाजु हरिद्वार कुंवरलाई नजरबन्दमा राख्ने गरी गरेको आदेश कानूनसम्मत नहुँदा सो आदेशको आधारमा राखेको थुना प्रत्यक्षतः गैरकानूनी देखिन आएकोले निजलाई थुनामुक्त गरिदिनु भनी विपक्षीहरुका नाममा बन्दीप्रत्यक्षीकरणको

आदेश जारी हुने ठहर्छ । निज हरिद्वार कुंवरलाई अन्य मुद्दाबाट थुनामा राख्नुपर्ने नभए थुनाबाट छाडिदिनु भनी आजै छुट्टै आदेश भएकोले यसम केही गरिरहनु परेन । विपक्षीहरुको जानकारीको लागि यो आदेशको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालयलाई दिई मिसिल नियमानुसार गरी बुझाई दिनु ।

उक्त रायमा म सहमत छु ।

न्या. दिलीपकुमार पौडल

सम्बत् २०५९ साल माघ २७ गते रोज २ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री केदारनाथ उपाध्याय
माननीय न्यायाधीश श्री खिलराज रेग्मी

संवत् २०५९ सालको रिट नं. १६८

आदेश मितिः २०५९।११।२०

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : जि. धादिङ सल्यान गा.वि.स. घर भई हाल कारागार शाखा नख्खुमा गैरकानूनी रुपमा थुनामा रहेका देव श्रेष्ठको हकमा ललितबहादुर श्रेष्ठ

विरुद्ध

विपक्षी : जिल्ला प्रशासन कार्यालय, ललितपुर समेत

- **आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन अन्तर्गत थुनामा राखिएको अवस्थाबाट छाडिएको भन्ने नदेखिदा थुनामा रहेको व्यक्तिबाट थुनामै रहेको अवस्थामा के कसरी सार्वजनिक सुरक्षा ऐनको दफा ३.१ मा उल्लेखित काम कुरा हुनसक्ने हो यस अदालतमा पेश गरिएको रेकर्डबाट सन्तोषप्रद वा तर्कपूर्ण पुष्ट्याई हुने देखिन नआएको स्थितिमा रिट निवेदकलाई थुनामा राख्नु पर्ने भनी देखाइएका कारण र अवस्थाहरु रेकर्डबाट नै प्रत्यक्षतः त्रुटिपूर्ण भई कानूनसम्मत नदेखिएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।**

आदेश

- प्र.न्या. केदारनाथ उपाध्याय

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३।८८(२) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः

निवेदक विद्या अध्ययनका लागि ललितपुर जिल्लाको लुकुसी भन्ने ठाउँमा डेरा गरी बसेको अवस्थामा अप्रत्यासित रुपमा सिभिल ड्रेसमा आएका नाम नचिनेका प्रहरीहरुले मलाई विना पुर्जी पक्राउ गरी लगी मलाई यातना दिई खान लाउन र कसैलाई भेटघाट गर्न नदिई राखी मिति २०५८।११।१४ मा मलाई विपक्षी नं. १ का प्रशासकीय अधिकृतले दस्तखत गरेको तपाइलाई हाल नियन्त्रणमा नलिएमा कुनै पनि समयमा अप्रीय घटना घट्नसक्ने अवस्था देखिएकोले आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०५८ को दफा ३ को उपदफा (१) को खण्ड (ख) र (ङ) को कसूरमा सोही अध्यादेशको दफा ९(१) बमोजिम तपाईलाई कारागार शाखा ललितपुरमा राख्ने गरी स्थान हद तोकी आदेश जारी भएको नजरबन्दको आदेशको प्रतिलिपि यसैसाथ राखी मिति २०५८।११।१४ देखि नजरबन्दमा राखिएको व्यहोराको जानकारी पत्र दिइएको छ भन्ने व्यहोराको नजरबन्दमा राखिएको पत्र दिइयो । त्यसपछि म अद्यावधि निरन्तर रुपमा विपक्षीहरुको गैरकानूनी थुनामा नै छु । यसैबीच विपक्षीहरुले मलाई मिति २०५९।२।१० मा थुनाबाट छाडेको र मिति २०५९।५।१३ मा नजरबन्दमा राखिएको र मिति २०५९।८।१० मा नजरबन्दबाट छाडिएको र मिति २०५९।८।१२ मा नजरबन्दमा राखेको पत्रहरु दिने गरियो । वस्तुत कुनै एक

दिन पनि मलाई विपक्षीहरुले थुनाबाट मुक्त गरेको छैन । म निवेदकबाट आतङ्ककारी वा विध्वंसात्मक कार्य गरेको वा हुन गर्न लागेको विपक्षीहरुबाट कुनै तथ्ययुक्त, वस्तुगत, कानूनसङ्गत, न्यायोचित आधार प्रमाण पेश दाखिल गर्न सक्नु हुने छैन । यसरी तथ्ययुक्त, वस्तुगत, कानूनसङ्गत, न्यायोचित कारण आधार बेगर मलाई विपक्षीहरुले गैरकानूनी थुनामा राखेका छन् ।

विपक्षीले एकपटक मलाई उक्त अध्यादेश अन्तर्गत थुनामा राखिसकेपछि सो को अवधि बढाउनु परेमा सो अध्यादेश तथा प्रचलित ऐन नियमको प्रक्रिया नपुऱ्याई थुनाबाट मुक्त गरेको कागजमा सही गराई वस्तुत थुनाबाट मुक्त नगरी विना आधार प्रमाण अर्को नजरबन्दको पत्र दिँदै थुनामा राखिएको कार्य संविधान तथा प्रचलित ऐनको सरासर छ । अतः विपक्षीहरुको उल्लेखित काम कारवाहीबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११(१) १२(१), (२)(घ), धारा १४, १५ द्वारा प्रदत्त मेरो मौलिक हकमा प्रतिकूल असर परे पारेबाट धारा ८८(२) अनुसार बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी विपक्षीहरुको उल्लेखित सम्पूर्ण काम कारवाही निर्णय आदेश पत्र बदर गरी निवेदकलाई विपक्षीहरुको गैरकानूनी थुनाबाट मुक्त गरी दिनु भन्ने आदेश जारी गरिपाउँ भन्ने समेत व्यहोराको रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश जारी किन हुन नपर्ने हो ? यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक ३ (तीन) दिन भित्र लिखित जवाफ पठाउनु भनी विपक्षीहरुलाई सूचना दिई लिखित जवाफ आएपछि तथा अवधि नाघेपछि पेश गर्नु साथै पेशीको दिन बन्दी निवेदकलाई इजलास समक्ष उपस्थित गराउनु भनी विपक्षीहरुलाई सूचना दिनु भन्ने समेत व्यहोराको यस अदालत एक न्यायाधीशको इजलासको मिति २०५९।११।६।३ को आदेश ।

जिल्ला प्रशासन कार्यालय ललितपुरको मिति २०५९।८।१२ गतेको पत्र बमोजिम निवेदक देव श्रेष्ठलाई नजरबन्दमा राख्ने प्रयोजनार्थ यस शाखामा पठाइए मुताविक निजलाई यस कारागार शाखामा राखिएको हो । यसरी निजलाई मुद्दा हेर्ने अधिकारीको पटक-पटकको आदेश पश्चात कानूनी रीतपूर्वक पटकै पिच्छे लगत कट्टा समेत गरी थुनामुक्त गरिएको, यस कारागारबाट छुटी गएको केही दिन पश्चात मात्रै अर्को आदेश पत्रसाथ नजरबन्दमा राखिएको हुँदा आधारहीन रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत व्यहोराको विपक्षी कारागार शाखा नख्खु ललितपुरको लिखित जवाफ ।

रिट निवेदक देव श्रेष्ठलाई तत्काल नियन्त्रणमा लिई कानूनी कारवाही नगरेमा शान्ति सु-व्यवस्थामा खलल पर्ने हुँदा शान्ति सुरक्षा ऐन, २०४६ को दफा ३ अनुसार कारवाही हुन यस कार्यालयको च.नं. ४१९ मिति २०५९।११।९ गतेको पत्रसाथ जिल्ला प्रशासन कार्यालय ललितपुरमा पठाएकोमा उक्त जिल्ला प्रशासन कार्यालय ललितपुरको मिति २०५९।११।९ गतेको आदेशले कारागार शाखा नख्खु ललितपुरमा निज नजरबन्दमा छन् । निजलाई गैरकानूनी रुपमा थुनामा राखेको नभई जिल्ला प्रशासन कार्यालय ललितपुरको आदेशले कानून बमोजिम नै थुनामा राखिएको हो भन्ने समेत व्यहोराको विपक्षी मध्येको जिल्ला प्रहरी कार्यालय ललितपुरको लिखित जवाफ ।

विपक्षी निवेदक देव श्रेष्ठले जि.ललितपुर ल.पु.उ.म.न.पा. र गा.वि.स.का विभिन्न वडाहरुमा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने खालका सर्व साधारणमा त्रास उत्पन्न हुने शान्ति भंग हुने किसिमका पर्चावाजी गर्ने तथा वर्गीय संघर्षको कुरा गरी फुट पैदा गर्दै जनतामा डरत्रास र भयको वातारण सिर्जना गरेकोले निजलाई तत्काल थुनामा नलिएमा शान्ति सुव्यवस्थामा खलल पर्ने हुँदा तत्काल थुनामा राख्नपर्ने देखिएकोले सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ अनुसार कार्वाही हुन भनी जिल्ला प्रहरी कार्यालय ललितपुरबाट लेखी आएकोमा निजलाई तत्काल सोधपुछ गर्दा पनि निजले उल्लेखित कार्य गरेको स्वीकार गर्नुको साथै प्रतिवेदनको विश्लेषण गर्दा निजबाट नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता, सार्वजनिक शान्ति र

व्यवस्थामा खलल पार्न सघाउ पुऱ्याउने खालको काम कारवाही गर्नबाट रोक्नुपर्ने देखिएकोले सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ को कसूरमा निजलाई सोही ऐनको दफा ५.१ बमोजिम ९० दिनसम्म नजरबन्दमा राख्ने यस कार्यालयको निर्णयानुसार प्रशासकीय अधिकृतबाट आदेश पर्चामा दस्तखत गरी कारागार शाखा नख्खुमा राखिएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत व्यहोराको विपक्षी मध्येका जिल्ला प्रशासन कार्यालय ललितपुर समेतका तर्फबाट र आफ्नो तर्फबाट समेत ऐ.का प्रमुख जिल्ला अधिकारीको एवं सोही व्यहोराको ऐ.का प्रशासकीय अधिकृत समेतको छुट्टाछुट्टै लिखित जवाफ ।

नियम बमोजिम पेश हुन आएको प्रस्तुत रिट निवेदनमा रिट निवेदन तथा लिखित जवाफ लगायतका मिसिल संलग्न विभिन्न कागजातहरु अध्ययन गरी हेर्दा निवेदकको माग बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

प्रस्तुत रिट निवेदनमा निवेदक देव श्रेष्ठ डेरा गरी विद्या अध्ययन गरिरहेकोमा प्रहरीले पक्राउ गरी सर्वप्रथम आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश २०५८ बमोजिम नजरबन्दमा राखिएको भन्ने जिकिर लिएको देखिन आउँछ । यस बीच निजलाई मिति २०५९।२।१० मा थुनाबाट छाडेको, २०५९।२।१६ मा नजरबन्दमा राखेको, २०५९।५।७ मा थुनाबाट छाडेको, २०५९।५।१३ मा नजरबन्दमा राखेको, २०५९।८।१० मा नजरबन्दबाट छाडेको र २०५९।८।१२ मा पुनः नजरबन्दमा राखिएको पत्रहरु दिने गरेको भन्ने पनि निवेदनमा उल्लेख गरेको पाइन्छ । प्रमुख जिल्ला अधिकारी ललितपुरबाट मिति २०५९।११।१५ मा प्राप्त भएको लिखित जवाफमा निवेदक देव श्रेष्ठले ल.पु.उ.म.न.पा. र विभिन्न गा.वि.स.का विभिन्न वडाहरुमा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने खालका सर्वसाधारणमा त्रास उत्पन्न हुने किसिमका पर्चावाजी, वर्गीय संघर्षका कुरा गरी फुट पैदा गर्दै जनतामा डर त्रास र भयको वातावरण सिर्जना गरेको भनी जिल्ला प्रहरी कार्यालय ललितपुरबाट लेखी आएको कारण देखाई सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने कामबाट रोक्न सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ र ५.१ बमोजिम नजरबन्दमा राख्ने आदेश गरिएको भन्ने देखिन आउँछ । यस्तै कारागार शाखा नख्खु ललितपुरको लिखित जवाफबाट निवेदक देव श्रेष्ठ मिति २०५९।८।१२ गतेको जिल्ला प्रशासन कार्यालय, ललितपुरको पत्रबाट नजरबन्दमा रहेका भनी सो पत्रको फोटोकपी समेत पठाएको देखिन्छ ।

उपरोक्त लिखित जवाफ र सम्बन्धित रेकर्डहरुबाट नजरबन्दमा राखिएका देव श्रेष्ठलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन अन्तर्गत २०५९।८।१२ मा थुनामा राखिएको अवस्थाबाट छाडिएको भन्ने देखिदैन । यसरी थुनामा रहेको व्यक्तिबाट थुनामै रहेको अवस्थामा के कसरी सार्वजनिक सुरक्षा ऐनको दफा ३.१ मा उल्लेखित काम कुरा हुनसक्ने हो यस अदालतमा सरकारी पक्षद्वारा पेश गरिएको रेकर्डबाट समेत सन्तोषप्रद वा तर्कपूर्ण पुष्ट्याई हुने देखिन आएन । यस स्थितिमा रिट निवेदकलाई थुनामा राख्नु पर्ने भनी देखाइएका कारण र अवस्थाहरु रेकर्डबाट नै प्रत्यक्षतः त्रुटिपूर्ण भई कानूनसम्मत नदेखिएकोले विपक्षीहरुको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ । अरु मुद्दाको कारणबाट निजलाई थुनामा राख्नु पर्ने नभएमा यो आदेश प्राप्त हुनासाथ तुरुन्त थुनाबाट मुक्त गरिदिनु भनी थुनामा राख्ने विपक्षी मध्येको कारागार शाखा नख्खु ललितपुरलाई आजै लेखी पठाई सकेको हुँदा केही गरिरहन परेन । यो आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षीहरुलाई दिई मिसिल नियमानुसार बुझाई दिनु ।

उक्त रायमा सहमत छु

न्या. खिलराज रेग्मी

इति सम्बत् २०५९ साल फागुन २० गते रोज ३ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोविन्दबहादुर श्रेष्ठ
माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ

संवत् २०५९ सालको रिट नं. १७०

आदेश मितिः २०५९।११।२०।३

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : जि. ललितपुर भट्टेडाँडा गा.वि.स.वा. नं. २ घर भै हाल कारागार शाखा, नख्खुजेल, ललितपुरमा थुनामा रहेका कृष्णप्रसाद तिमिल्सिनाको हकमा निजको भान्जा ऐ. माल्टा गा.वि.स. वडा नं. ७ बस्ने मणि घिमिरे

विरुद्ध

विपक्षी : जिल्ला प्रशासन कार्यालय, ललितपुर समेत

- **सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ मा उल्लेखित नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्नसक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नु पर्ने उचित र पर्याप्त आधार भएमा स्थानीय अधिकारीले नजरबन्द राख्ने आदेश जारी गर्नसक्ने व्यवस्थाले कुनै व्यक्तिलाई नजरबन्दमा राख्ने उचित र पर्याप्त वस्तुगत आधार हुनैपर्ने ।**

- **जिल्ला प्रहरी कार्यालयबाट लेखि आएको भन्ने कुराको आधारमा नजरबन्दमा राख्ने टिप्पणी स्वीकृत गरेकालाई स्थानीय अधिकारीको लागि उचित र पर्याप्त वस्तुगत आधार भएको मान्न नमिल्ने ।**

आदेश

- न्या. गोविन्दबहादुर श्रेष्ठ

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३,८८(२) अन्तर्गत दायर भै पेश भएको प्रस्तुत रिट निवेदन समेतको संक्षिप्त तथ्य र निर्णय यस प्रकार छः

निवेदक नेपाली नागरिक हुँ । अध्ययनको सिलसिलामा ललितपुर जिल्लाको लुकुसी भन्ने ठाउँमा डेरा गरी बसेको अवस्थामा अप्रत्याशित रुपमा सिभिल ड्रेसमा आएका नाम नचिनेका प्रहरीहरुले मलाई मेरो डेराबाट बिना पूर्जि पक्राउ गरी मलाई यातना दिई खान लाउन कसैसँग भेटघाट गर्न नदिई २०५८।११।१४ मा विपक्षी प्रशासकीय अधिकृतले दस्तखत गरेको तपाईलाई हाल नियन्त्रणमा नलिएमा कुनै पनि समयमा अप्रिय घटना घट्नसक्ने अवस्था देखिएकोले आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजायँ) अध्यादेश, २०५८ को दफा ३(१) को खण्ड (ख) र (ङ) को कसूरमा सोहि अध्यादेशको दफा ९(१) बमोजिम तपाईलाई कारागारशाखा ललितपुरमा राख्ने गरी स्थानहद तोकी आदेश जारी भएको नजरबन्दको आदेश

राखि २०५८।११।१४ देखि नजरबन्दमा राखिएको व्यहोराको पत्र दिईयो । त्यसपछि म अद्यावधि निरन्तर रुपमा विपक्षीहरुको गैरकानूनी थुनामा नै छु । यसै बीच विपक्षीहरुले मलाई २०५९।२।१० मा थुनाबाट छाडेको, मिति २०५९।२।१६ मा नजरबन्दमा राखेको तथा २०५९।५।७ मा थुनाबाट छाडेको र मिति २०५९।५।१३ मा नजरबन्दमा राखिएको र २०५९।८।१० मा नजरबन्दबाट छाडिएको र मिति २०५९।८।१२ मा नजरबन्दमा राखेको पत्रहरु दिईयो । वस्तुत कुनै एकदिन पनि मलाई विपक्षीहरुले थुनाबाट मुक्त गरेको छैन ।

निवेदक कुनै आतङ्ककारी वा विध्वंसात्मक कार्यमा लागेको व्यक्ति होइन । म एक विशुद्ध विद्यार्थी हुँ । त्यसैले मलाई निष्कृय भैसकेको आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) अध्यादेश, २०५८ प्रयोग गरी थुनामा राखेको कार्य प्रष्ट रुपमा कानून विपरीत हुनुका साथै कानूनको दुरुपयोग समेत भएको छ । म आतङ्ककारी वा विध्वंसात्मक कार्यमा लागेको विपक्षीहरुबाट कुनै तथ्यगत, कानून सङ्गत न्यायोचित कारण आधार पेश दाखिल भएको छैन। एक पटक मलाई अध्यादेश अन्तर्गत थुनामा राखिसकेपछि सो को अवधि बढाउनु परेमा सो अध्यादेश तथा प्रचलित ऐन, नियमको प्रक्रिया नपुऱ्याई थुनाबाट मुक्त गरेको कागजमा सहि गराई थुनामुक्त नगरी बिना आधार प्रमाण अर्को नजरबन्दको पत्र दिँदै थुनामा राखिएको विपक्षीहरुको कार्य सम्बन्धित अध्यादेश तथा संविधान र प्रचलित ऐनको सरासर विपरीत छ ।

विपक्षी प्रशासकीय अधिकृतलाई नजरबन्दमा राख्ने आदेश जारी गर्ने अधिकार छैन । साथै मलाई नजरबन्दमा राख्न दिइएको अध्यादेशमा उल्लेखित दफा उपदफा र खण्डहरुको पनि त्रुटिपूर्ण उल्लेख गरी गैरकानूनी थुनामा राखिएको छ । मलाई नजरबन्दको आदेश पूर्जि पनि दिइएको छैन ।

अतः विपक्षीहरुको माथि उल्लेखित काम कारवाहीबाट निवेदकको नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११(१), १२(१), २(घ) धारा १४, १५ द्वारा प्रदत्त मौलिक हक र माथि उल्लेखित अध्यादेशको समेत त्रुटिपूर्ण प्रयोग गरी मेरो व्यक्तिगत स्वतन्त्रताको हकमा प्रतिकूल असर परे पारेबाट ऐ. संविधानको धारा ८८(२) अनुसार बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी विपक्षीहरुको उपरोक्त काम कारवाही र निर्णय आदेश पत्र बदर गरी निवेदकलाई विपक्षीहरुको गैरकानूनी थुनाबाट मुक्त गरी दिनु भन्ने आदेश जारी भै निवेदकको उल्लेखित संवैधानिक र कानूनी हक सुरक्षित र संरक्षित गरी न्याय पाउँ भन्ने व्यहोराको रिट निवेदन ।

यसमा निवेदन माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? बाटाका म्याद बाहेक ३ तिन दिनभित्र लिखित जवाफ पेश गर्न सूचना पठाई दिई लिखित जवाफ परे वा अवधि नाघेपछि पेश गर्नु । साथै पेशीको दिन बन्दी निवेदकलाई इजलास समक्ष उपस्थित गराउनु भनी विपक्षीहरुलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस अदालतको मिति २०५९।११।६ को आदेश ।

जिल्ला प्रशासन कार्यालय, ललितपुरको मिति २०५९।८।१२ गतेको च.नं. १८९ को पत्रसाथ ललितपुर जिल्ला भट्टेडाँडा-२ बस्ने कृष्णप्रसाद तिमिल्सिनालाई नजरबन्दमा राख्ने प्रयोजनार्थ यस शाखामा पठाइएकोले सोहि मितिदेखि यस कारागार शाखामा राखिएको छ । बन्दीलाई भेटन नदिएको भन्ने समेतका आरोप झुट्टा हुन् भन्ने समेत व्यहोराको प्रत्यर्थी कारागार शाखा, नख्खु ललितपुरको लिखित जवाफ ।

निवेदक कृष्णप्रसाद तिमिल्सिना समेतलाई तत्काल नियन्त्रणमा नलिएमा शान्ति सुव्यवस्थामा खलल पर्ने हुँदा निज कृष्ण प्रसाद तिमिल्सिनालाई पक्राउ गरी दाखिल हुन आएकाले सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३ अनुरुपको जिल्ला प्रशासन कार्यालय, ललितपुरको मिति २०५९।११।९ को आदेशले

कारागार शाखा नख्खु ललितपुरमा पठाई निज हाल नजरबन्दमा छन् । निजलाई गैरकानूनी रुपमा थुनामा राखेको नभई जिल्ला प्रशासन कार्यालय, ललितपुरको आदेशले कानुन बमोजिम थुनामा राखिएकोले रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको जिल्ला प्रहरी कार्यालय, ललितपुरको तर्फबाट पेश भएको लिखित जवाफ ।

निवेदकलाई सार्जजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ अनुसार कारवाही हुन भनी जि.प्र.मा ललितपुरबाट लेखी आएकोले उक्त दफाको कसूरमा निजलाई दफा ५(१) बमोजिम कारागार शाखामा नियमानुसार सिधा खुवाउने गरी ९० दिनसम्म नजरबन्दमा राख्ने यस कार्यालयको निर्णयानुसार प्रशासकीय अधिकृतबाट आदेश पर्चामा दस्तखत गरी आदेश पर्चा भएको हुँदा रिट निवेदन खारेज होस् भन्ने समेत व्यहोराको प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय, ललितपुरका प्र.जि.अ. तथा ऐ.का प्रशासकीय अधिकृतको एकै व्यहोराको छुट्टा छुट्टै परेको लिखित जवाफ ।

नियम बमोजिम दैनिक पेशी सूचीमा चढी पेश भएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ता नारायण अधिकारीले निवेदकलाई बिना आधार र कारण पटक-पटक नजरबन्दमा राख्ने गरेको आदेश र काम कारवाही गैरकानूनी भएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी होस् भनी र प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय, ललितपुरको तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता सुरेन्द्र बहादुर थापाले निवेदकलाई कानुन बमोजिम थुनामा राखेको कार्यलाई गैरकानूनी भन्न नमिल्ने हुँदा रिट निवेदन खारेज होस् भनी वहस प्रस्तुत गर्नुभयो ।

उपरोक्त वहस जिकिर समेत सुनी निर्णय तर्फ विचार गर्दा, रिट निवेदकलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) अध्यादेश, २०५८ अन्तर्गत २०५९।८।१२ मा जिल्ला प्रशासन कार्यालय, ललितपुरका प्रशासकीय अधिकृतको दस्तखतबाट नजरबन्दमा राख्ने गरेको आदेश पत्र र सो अनुरुपको नजरबन्द थुनामा समेत गैरकानूनी भएकाले बन्दीप्रत्यक्षीकरणको आदेशद्वारा थुनामुक्त गराई पाउन निवेदकको प्रस्तुत रिट निवेदन परेको देखिन्छ । विपक्षीहरुको लिखित जवाफ व्यहोरामा सो मितिबाट थुनामा राखे नराखेको सम्बन्धमा केही उल्लेख नगरी सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) अनुसार कारवाही हुन जिल्ला प्रहरी कार्यालय ललितपुरबाट लेखी आएकोले दफा ५(१) बमोजिम ९० दिनसम्म नजरबन्दमा राख्ने गरिएको भन्ने सम्म उल्लेख भएको देखिन आउँछ । निवेदकलाई दिइएको नजरबन्दको पूर्जिमा सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ अनुसारको काम कुरा गर्नबाट रोक्न जरुरी भएको भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ । यसरी मिति २०५९।८।१२ बाट समय किटान नगरी निवेदकलाई नजरबन्दमा राखेपछि थुनामुक्त गरेको सम्बन्धित लिखित जवाफ समेतबाट नदेखिई लगातार थुनामा राखी मिति २०५९।११।९ बाट पुनः अर्को ऐन लगाई निरन्तर नजरबन्दमा राखेको देखिन आएकोले निवेदकलाई पछिल्लो पटक थुनामा राखेको काम कारवाहीको वैधताको विषय समेत प्रस्तुत रिट निवेदनको विचारवस्तु भएको देखिन्छ ।

रिट निवेदक कृष्णप्रसाद तिमिल्सिनालाई मिति २०५९।८।१२ मा नजरबन्दमा राखिएको जिल्ला प्रशासन कार्यालय, ललितपुरको पत्रबाट निवेदकलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) अध्यादेश, २०५८ को दफा ३(२) को खण्ड (ख) र (ङ) को कसूरमा दफा ९ बमोजिम भनी नजरबन्दमा राखिएको भन्ने उल्लेख गरेको देखिन्छ । उक्त दफा अन्तर्गतको के कस्तो कार्य निवेदकबाट भएको हो, सो कुरा खुल्दैन । निवेदकलाई थुनामा राख्नु पर्ने वस्तुनिष्ठ आधार बेगर केवल अध्यादेशको दफासम्म उल्लेख गरी समय हद समेत नतोकी नजरबन्दमा राख्ने गरेको पाइयो । सोही अवधिमा पुनः सार्वजनिक सुरक्षा ऐन २०४६ को दफा ३ अन्तर्गत आवश्यक कारवाही हुन जिल्ला प्रहरी कार्यालय, ललितपुरबाट लेखि आएको भनी उक्त दफा ३.१ को कसूरमा नजरबन्दमा राख्न निर्णयार्थ पेश भएको

टिप्पणी मिति २०५९।११।९ मा स्वीकृत गरेको देखिन्छ । सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ मा उल्लेखित नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्नसक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नु पर्ने उचित र पर्याप्त आधार भएमा स्थानीय अधिकारीले नजरबन्द राख्ने आदेश जारी गर्नसक्ने व्यवस्थाले कुनै व्यक्तिलाई नजरबन्दमा राख्ने उचित र पर्याप्त वस्तुगत आधार हुनैपर्दछ । जिल्ला प्रहरी कार्यालयबाट लेखि आएको भन्ने कुराको आधारमा नजरबन्दमा राख्ने टिप्पणी स्वीकृति गरेकालाई स्थानीय अधिकारीको लागि उचित र पर्याप्त वस्तुगत आधार भएको मान नमिल्दैन । मिति २०५९।८।१२ बाट आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) अध्यादेश, २०५८ अन्तर्गत नजरबन्दमा राखिएका निवेदकबाट सार्वजनिक सुरक्षा ऐन, २०४६ अन्तर्गतको कार्य गर्नबाट रोक्न आवश्यक भएको भन्ने वस्तुगत पर्याप्त आधार बिना नजरबन्दमा राखेकोलाई कानुन सम्मत भन्न मिल्ने देखिन आएन ।

अतः उपरोक्त उल्लेख भए अनुसार रिट निवेदकलाई पर्याप्त कारण र आधार बेगर राखेको नजरबन्द थुना गैरकानूनी भई त्यस्तो कानून विपरीतको नजरबन्द थुनाबाट बन्दीप्रत्यक्षीकरणको आदेशबाट मुक्त गरि दिने ठहर्छ । यसै अदालतका उप-रजिष्ट्रारको रोहवरमा रिट निवेदकलाई थुनामुक्त गरिदिने आजै छुट्टै आदेशद्वारा थुनामुक्त गरि सकिएकोले अरु केहि गरिरहन परेन । मिसिल नियमानुसार बुझाई दिनु ।

उक्त रायमा सहमत छु ।

न्या. रामप्रसाद श्रेष्ठ

इति संवत् २०५९ साल फाल्गुण २० गते रोज ३ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलाश
मानतीय न्यायाधीश श्री कृष्ण कुमार बर्मा
माननीय न्यायाधीश श्री खिलराज रेग्मी

संवत् २०५९ सालको रिट नं. १४४

आदेश मितिः २०५९।११।२३

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ८ घर भै हालकेन्द्रीय कारागार शाखा जगन्नाथ देवल काठमाण्डौंमा थुनामा रहेका वर्ष २३ को अतिन्द्र न्यौपानेको हकमा अभिवक्ता मदन रेग्मी

विरुद्ध

विपक्षी : श्री ५ को सरकार, गृह मन्त्रालय सिंहदरवार काठमाण्डौं समेत

- **आफ्नो आदेश बमोजिम थुनामा रहेको व्यक्तिले निरन्तर थुनाकै अवस्था पुनः अर्को ऐन अन्तर्गतको निषेधित कार्य निजबाट हुने आशंका भयो भन्नु स्वाभाविक देखिदैन । यस्तो कुरालाई अधिकार प्राप्त अधिकारीको व्यक्तिको वैयक्तिक स्वतन्त्रता प्रतिको सम्मान र संविधान एवं कानूनको मर्यादा प्रति संवेदनशीलता मान्न नसकिने ।**

- **विधिसम्मत प्रकृया पुऱ्याई कानून बमोजिम नजरबन्दमा राखिएको भन्ने विपक्षीको जवाफ आफैमा अस्वाभाविक देखिन आउँदा उल्लेखित आधार कारणहरुबाट निवेदकलाई कानून बमोजिम विधिसम्मत प्रकृयापूरा गरी थुनामा राखेको भन्ने देखिन नआएबाट बन्दीप्रत्यक्षीकरण आदेश जारी हुने ।**

आदेश

- न्या. खिलराज रेग्मी

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ र ८८(२) बमोजिम यस अदालतमा पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छ ।

निवेदक अतिन्द्र न्यौपाने काठमाण्डौंबाट प्रकाशित हुने जनादेश साप्ताहिक र जनादेश दैनिक पत्रिकाको सम्वाददाता हुनुहुन्छ । नेपाल पत्रकार महासंघको साधारण सदस्य पनि हुनुहुन्छ । मिति २०५९।२।५ गते करिव १२ बजे तिर आफनै डेरामा सुतीरहेको अवस्था श्री ५ को सरकारका सुरक्षाकर्मीहरु आई अभद्र व्यवहार गरी पक्राउ गरी लगे । भोलिपल्ट निजलाई भेटन भनी प्रत्यर्थी प्रहरी कार्यालयमा जाँदा निजसँग भेटन दिइयो, निकै यातना दिइएको रहेछ । त्यसपछि धेरै समय सम्म भेटन दिइएन । मिति २०५९।८।१३ मा भेटन जाँदा जेल पठाई सकिएको छ भेट्न जानुस भनी डिउटीमा रहेका प्रहरीले भनेपछि निज सँग भेट गर्न पाइयो । निजलाई जिल्ला प्रशासन कार्यालय काठमाण्डौंबाट मिति २०५९।८।१३ मा आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) ऐन, २०५८ को दफा ३(१) को विभिन्न

उपदफाहरुमा उल्लेखित कार्यबाट तपाईलाई रोक्न् जरुरी भएकोले सो ऐनको दफा ९ ले दिएको अधिकार प्रयोग गरी नजरबन्दमा राख्नु भन्ने आदेश दिइएको व्यहोरा उल्लेख रहेछ । निवेदक अतिन्द्रबाट उक्त पुर्जिमा उल्लेख भए बमोजिमको कुनै पनि कार्य भएको छैन । प्रत्यर्थीद्वारा दिइएको उक्त पुर्जिमा कुन काम कुरा गर्न रोक्नुपर्ने हो सो को वस्तुनिष्ठ मनासिव आधार दिन सकिएको छैन । उल्लेखित ऐनको दफा ३(१) को कुन उपदफाको कुन कुराबाट रोक्नु जरुरी भएको हो सो पनि खुल्दैन भने कुन मितिबाट नजरबन्दमा राख्ने आदेश दिइएको हो सो मिति पनि खुल्दैन । निवेदकलाई थुन्नु पर्ने विश्वास गर्न सकिने मनासिव आधार नहुँदा विपक्षीद्वारा दिएको उक्त पुर्जि लगायत अन्य काम कारवाहीहरु आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) ऐन, २०५८ को दफा ३(१),९, नेपाल अधिराज्यको संविधानको धारा १५ तथा यस सन्दर्भमा सर्वोच्च अदालतद्वारा प्रतिपादित नजिर समेतको विपरीत हुँदा धारा २३ द्वारा निर्दिष्ट धारा ८८(२) बमोजिम सम्मानित अदालत समक्ष यो निवेदन प्रस्तुत गरेको छु । निवेदक अतिन्द्र न्यौपानेलाई सम्मानित अदालत समक्ष उपस्थित गराई गैर कानुनी थुनाबाट मुक्त गरिदिनु भनी प्रत्यर्थीहरुका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने समेत व्यहोराको रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? बाटाको म्याद बाहेक ३ दिन भित्र लिखित जवाफ पठाउनु भनी रिट निवेदनको प्रति नक्कल साथै राखी विपक्षीलाई सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियम बमोजिम पेश गर्नु भन्ने समेत व्यहोराको यस अदालत एक न्यायाधीशको इजलासको आदेश ।

विपक्षी निवेदकलाई २०५९।२।५ गते पक्राउ गरी गैरकानूनी रुपमा थुनामा राखेको भन्ने कुरा झुठा हो । निवेदक अतिन्द्र न्यौपाने ने.का.पा (माओवादी) समुह सँग आबद्ध रही आतङ्ककारी गतिविधिलाई तिब्र बनाउने उद्देश्यबाट परिचालन भएको भन्ने बुझिन आएबाट निजलाई खोजी गर्ने क्रममा मिति २०५९।८।१२ गते फेला पारी पक्राउ गरी २४ घण्टा भित्र सुरक्षा अधिकारी समक्ष प्रस्तुत गरी आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) ऐन, २०५८ को दफा ९(१) अनुसार नजरबन्दमा राख्ने आदेश भई नजरबन्दमा रहेको हुँदा रिट निवेदन वदर भागी छ खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको जिल्ला प्रहरी कार्यालय काठमाण्डौंको लिखित जवाफ ।

विपक्षी निवेदक अतिन्द्र न्यौपानेलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) ऐन, २०५८ को दफा ३(१) का विभिन्न खण्डहरुमा उल्लेखित कार्यहरु गर्नबाट रोक्न जरुरी भएकोले सोही ऐनको दफा ९ ले दिएको अधिकार प्रयोग गरी विधिसम्मत प्रकृया पुऱ्याई यस कार्यालयको आदेशले मिति २०५९।८।१३ गते देखि कानून बमोजिम नजरबन्दमा राखिएको हुँदा रिट निवेदन खारेज गरि पाउँ भन्ने समेत व्यहोराको जिल्ला प्रशासन कार्यालय काठमाण्डौंको लिखित जवाफ ।

विपक्षी निवेदकलाई जिल्ला प्रशासन कार्यालय काठमाण्डौंको मिति २०५९।८।१३ को प्र.जि.अ.को आदेश बमोजिम यस शाखामा नजरबन्दमा रहेका हुँदा यस शाखाको हकमा रिट निवेदन खारेज गरि पाउँ भन्ने समेत व्यहोराको कारागार शाखा काठमाण्डौंको लिखित जवाफ ।

यस मन्त्रालयबाट निवेदकलाई पक्राउ गर्ने थुनामा राख्ने आदेश दिइएको नहुँदा निजको कुनै हक अधिकार हनन गरिएको छैन । रिट निवेदन खारेज गरि पाउँ भन्ने समेत व्यहोराको गृह मन्त्रालयको लिखित जवाफ ।

नियम बमोजिम पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा रिट निवेदकका तर्फबाट विद्वान अधिवक्ताद्वय श्री उपेन्द्रकेशरी न्यौपाने र श्री एकराज भण्डारीले निवेदकलाई

जिल्ला प्रशासन कार्यालय काठमाण्डौंले दिएको नजरबन्दमा राख्ने आदेशमा आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) ऐन, २०५८ को दफा ३ अन्तर्गतको कुन कार्य रोक्न नजरबन्दमा राखिएको हो सो खुलाइएको छैन । मनासिव कारण नखुलाई थुनामा राख्न मिल्दैन । थुनामा राख्नु पर्ने पर्याप्त र मनासिव आधार नजरबन्दको आदेशबाट देखिनु पर्नेमा सो नदेखिएकोले तथा हाम्रो पक्ष निवेदकलाई २०५९।८।१३ देखि नजरबन्दमा राख्ने आदेश गरी थुनामा राखी ९० दिन पुग्दा पनि नछोडी पुनः सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) अनुसार नजरबन्दमा राख्ने पुर्जि दिई लगातार गैर कानुनी थुनामा राखिएको समेत हुँदा निवेदन माग बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्छ भनी तथा विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाण्डौं समेतका तर्फबाट उपस्थित विद्वान उप-न्यायाधीवक्ता श्री शरद खड्काले आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) ऐन, २०५८ को दफा ९ तथा सार्वजनिक सुरक्षा ऐन, २०४६ बमोजिम निवेदकलाई नजरबन्दमा राख्ने मनासिव आधार भएको हुँदा कानून प्रदत्त अख्तियारी बमोजिम नजरबन्दमा राखेकोले रिट निवेदन खारेज हुनुपर्छ भनी गर्नु भएको वहस समेत सुनियो ।

विद्वान अधिवक्ताद्वय एवं विद्वान उपन्यायाधिवक्ताको वहस जिकिरलाई मध्यनजर गरी मिसिल संलग्न निवेदन लगायतका कागजात अध्ययन गरी हेर्दा यसमा निवेदन माग बमोजिमको आदेश जारी हुनुपर्ने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

निर्णय तर्फ विचार गर्दा मिति २०५९।२।५ गते पक्राउ गरी जिल्ला प्रशासन कार्यालय काठमाण्डौंले मिति २०५९।८।१३ मा आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) ऐन, २०५८ को दफा ३(१) मा उल्लेखित कार्यबाट तपाईलाई रोक्न जरुरी भएकोले ऐ. ऐनको दफा ९ ले दिएको अधिकार प्रयोग गरी नजरबन्दमा राख्ने आदेश दिइएको तर निवेदकलाई थुनामा राख्नु पर्ने विश्वास गर्न सकिने मनासिव आधार नहुँदा विपक्षीद्वारा दिएको उक्त पुर्जि लगायतका अन्य काम कारवाहीहरुबाट निवेदकको नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४ द्वारा प्रत्याभूत मौलिक हकमा समेत प्रतिकूल असर पर्न गएको तथा यस सन्दर्भमा सर्वोच्च अदालतबाट प्रतिपादित नजिर समेतको विपरीत भएकोले विपक्षीका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने मुख्य निवेदन दावी तथा आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) ऐन, २०५८ को दफा ३(१) को विभिन्न खण्डहरुमा उल्लेखित कार्यहरु गर्नबाट रोक्न जरुरी भएकोले सोही ऐनको दफा ९ ले दिएको अधिकार प्रयोग गरी नजरबन्दको पूर्जि दिई कानून बमोजिम थुनामा राखिएको भन्ने समेत व्यहोराको विपक्षीहरुको लिखित जवाफ रहेको पाइन्छ ।

यसमा निवेदकलाई मिति २०५९।२।५ मा पक्राउ गरी आफ्नो कब्जामा राखी मिति २०५९।८।१३ देखि आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) ऐन, २०५८ को दफा ९ अनुसार नजरबन्दमा राख्ने आदेश गरी थुनामा राखी ९० दिन पुग्दा पनि नछोडी पुनः सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) अनुसारको नजरबन्दमा राख्ने पुर्जि दिई लगातार गैरकानूनी थुनामा राखेको हुँदा निवेदकलाई दिएको पुर्जिको नक्कल फोटोकपि यसैसाथ इजलास समक्ष पेश गरेको छु भनी निवेदकको तर्फबाट निवेदन पेश भएको देखियो ।

निवेदक अतिन्द्र न्यौपानेलाई २०५९।८।१३ गते देखि आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) ऐन, २०५८ को दफा ९ अनुसार निवारक नजरबन्दमा राखिएको भन्ने देखिन आएकोमा निजलाई पुनः २०५९।११।१५ गते बाट सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) मा उल्लेखित कार्य गर्नबाट रोक्न जरुरी भएको भनी नजरबन्दमा राख्ने आदेश जिल्ला प्रशासन कार्यालय काठमाण्डौंबाट जारी भै निजलाई नजरबन्दमा राखेको भन्ने प्राप्त फाइलबाट समेत देखिन आयो । उक्त फाइलमा संलग्न जिल्ला प्रहरी कार्यालय काठमाण्डौंले प्रमुख जिल्ला अधिकारी जिल्ला प्रशासन कार्यालय काठमाण्डौंलाई लेखेको च.नं. ५८५९ को पत्रमा निजको नजरबन्दमा रहने म्याद २०५९।११।१३ मा

समाप्त हुने भएको उक्त मिति पछि पनि निजलाई त्यसै छाड्न नमिल्ने भनी पुनः नजरबन्दमा राख्न आवश्यक भएको भन्ने व्यहोरा उल्लेख भएको पाइएको र त्यसैलाई आधार मानी जिल्ला प्रशासन कार्यालय काठमाण्डौंबाट २०५९।११।१५ मा सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) बमोजिम निजलाई नजरबन्दमा राख्न आदेश पर्चा खडा गरेको भन्ने देखिन आएको छ । यस प्रकार २०५९।८।१३ मा नजरबन्दमा राख्ने आदेश भई थुनामा रहेको अतिन्द्र न्यौपाने सो मिति देखि निरन्तर थुनामा रहेको देखिन आएको र त्यस्तो व्यक्तिबाट सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) बमोजिमको यो यस्तो कार्य भयो भनी भन्न र मान्न सकिने अवस्था देखिदैन । वस्तुतः यो यस्तो कार्य गर्न लागेको भन्ने वस्तुगत आधार नजरबन्द आदेशबाट पनि खुल्न आउदैन ।

नेपाल अधिराज्यको संविधान, २०४७ ले आधारभूत मानव अधिकार सुरक्षित गर्ने ग्यारेण्टी र लक्ष्य लिएको छ । संविधानको धारा १२ ले कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण नहुने व्यवस्था गरेको छ भने धारा १५ (१) ले नेपाल अधिराज्यको सार्वभौमसत्ता अखण्डता वा सार्वजनिक शान्ति व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा नराखिने व्यवस्था गरेको छ भने सार्वजनिक सुरक्षा ऐन, २०४७ को दफा ३.१ ले नेपाल अधिराज्यको सार्वभौम सत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्नसक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने उचित र पर्याप्त आधार भएमा मात्र कुनै व्यक्तिलाई नजर वन्दमा राख्न सकिने व्यवस्था गरेको पाइन्छ । परन्तु प्रस्तुत केशमा आफनो आदेश बमोजिम थुनामा रहेको व्यक्तिले निरन्तर थुनाकै अवस्था पुनः अर्को ऐन अन्तर्गतको निषेधित कार्य नीजबाट हुने आशंका भयो भन्नु स्वाभाविक देखिदैन । यस्तो कुरालाई अधिकार प्राप्त अधिकारीको व्यक्तिको वैयक्तिक स्वतन्त्रता प्रतिको संमान र संविधान एवं कानूनको मर्यादा प्रति संवेदनशीलता मान्न सकिदैन । यस स्थितिमा विधिसम्मत प्रकृया पुऱ्याई कानून बमोजिम नजरबन्दमा राखिएको भन्ने विपक्षी जिल्ला प्रशासन कार्यालयको लिखित जवाफ आफैमा अस्वाभाविक देखिन आउछ । त्यसैले उल्लेखित आधार कारणहरुबाट निज निवेदक अतिन्द्र न्यौपानेलाई कानून बमोजिम विधिसम्मत प्रकृयापूरा गरी थुनामा राखेको भन्ने देखिन नआएबाट बन्दीप्रत्यक्षीकरण आदेश जारी गरी थुनामुक्त गरी दिने ठहर्छ । गैरकानुनी थुनामा राखिएको निवेदकलाई अन्य कुराबाट थुनामा राख्नु नपर्ने भए निज निवेदक अतिन्द्र न्यौपानेलाई थुनामुक्त गरिदिनु भनी आज छुट्टै आदेश भै सकेकोले यसमा अरु केही गरिरहन परेन । आदेशको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालयलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनु ।

उक्त रायमा म सहमत छु ।

न्या. कृष्णकुमार वर्मा

इति संवत् २०५९ साल फाल्गुण २३ गते रोज ६ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री हरिप्रसाद शर्मा
माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ

सम्वत् २०५९सालको रिट नं १६५

आदेश मितिः २०५९।११।२३

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : काभ्रेपलान्चोक जिल्ला चापाखुरी गा.वि.स. वडा नं ४ बस्ने वर्ष २१ को मिलन लामाको हकमा निजको बाबु ऐ.ऐ. बस्ने वर्ष ५३ को बाबुलाल तामाङ्ग

विरुद्ध

विपक्षी : जिल्ला प्रशासन कार्यालय, भक्तपुर समेत

- **कसैलाई नजरबन्दमा राख्नको लागि आतङ्ककारी तथा विध्वंसात्मक कार्य हुनसक्ने पर्याप्त र मनासिव आधार हुनुपर्ने देखिदा निवेदकले आतंङ्ककारी तथा विध्वंसात्मक कार्य हुने यस्तो कार्य गर्न लागेको भन्ने कुनै आधार प्रमाण देखाउन सकेको पाइदैन । केवल सार्वजनिक सडकमा मानिस भेला गराई चन्दा मागेको, माओवादी पार्टीमा लाग्नुपर्छ भनेको भन्ने प्रमाण विनाको हचुवा किसिमको भनाईको आधारमा नजरबन्द राख्ने जस्तो व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुने कार्यलाई स्वाभाविक भन्न नमिल्ने ।**

- **एकपटकको नजरबन्दमा राख्ने आदेश गरी सकेपछि पनि पटक-पटक एउटै व्यहोराको आदेश गरी नजरबन्दमा राख्ने कार्यलाई कानून बमोजिम भन्न नसकिने ।**

- **कानूनको कार्यविधि पूरा नगरी उचित र पर्याप्त कारण विना राखिएको थुनालाई कानून बमोजिमको थुना मान्न नमिल्ने ।**

- **कानूनले तोकेको उचित कार्यविधि बेगर कुनै पनि व्यक्तिको स्वतन्त्रताको अपहरण गरिन नहुने ।**

आदेश

- न्या. हरिप्रसाद शर्मा

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३,८८(२) बमोजिम पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त व्यहोरा र निर्णय आदेश यस प्रकार छः

म निवेदक २०५७ साल कार्तिक देखि भक्तपुर जिल्ला कार्य विनायकमा डेरा गरी बस्ने नरबहादुर लामाको डेरामा बस्ने गरेको थिएं । यहि ०५९ साल वैशाख २० गतेका दिन काठमाण्डौ ज्याठामा बाबु बाबुलालको डेरामा जानभनी हिडेको समयमा ट्रलि वस पर्खन भनी होटलमा बसी रहेको समयमा सुरक्षा सैनिकले पक्राउ गरी लगि जिल्ला प्रहरी कार्यालय भक्तपुरमा राखियो । त्यसपछि ०५९।२।१ मा कारागार

शाखा काठमाण्डौमा लगेर राखियो । यस्तैमा २०५९।२।१ को आदेश बमोजिम भनी आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन २०५८ को दफा ९ अनुसार भनी ९० दिन सम्म नजरबन्दमा राख्ने गरी पत्र दिइयो । त्यसपछि ०५९।२।१ देखि ९० दिन सम्म नजरबन्दमा राखिएकोमा ०५९।४।२७ देखि नजरबन्दबाट मुक्त गरिएको भनी ०५९।४।२९ मा एउटा पत्र कारागार शाखामा नै बुझाइयो । सोही बखत ०५८।४।२९ देखि ९० दिन नजरबन्दमा राखिएको भनी अर्को पत्र दिईयो । फेरी ०५९।७।२५ गतेबाट मुक्त गरिएको भन्ने पत्र दिई सोही बखत फेरी ०५९।७।२७ देखि नजरबन्दमा ९० दिन सम्म राख्ने गरी अर्को पत्र दिइयो । पुन: ०५९।१०।२९ मा मलाई ९० दिन पुगेकोले छाडेको भन्ने पत्र र पुन: नजरबन्दमा राखिएको भन्ने पत्र बुझाईयो ।

यसरी विपक्षी सुरक्षा अधिकारी जिल्ला प्रशासन कार्यालय भक्तपुरका प्रमुख जिल्ला अधिकारीले नजरबन्दमा राखेको र छोडेको भन्ने पत्र पटक-पटक बनाई मिति २०५९।२।१ देखि आज ०५९।११।५सम्म लगातार थुनामा राखिएको छ । विपक्षी प्रमुख जिल्ला अधिकारीले आदेश गर्दा आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय ऐन) २०५८को दफा ९ ले दिएको अधिकार बमोजिम भनी मलाई थुनामा राख्ने आदेश गरिएको छ । उक्त दफा ९ लाई हेर्दा आतङ्ककारी तथा विध्वंसात्मक कार्य हुनसक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने विश्वास गर्न सकिने मनासिव आधार भएमा सुरक्षा अधिकारीले त्यस्तो व्यक्तिलाई ९० दिन सम्म कुनै मानवोचित ठाउमा नजरबन्दमा राख्ने आदेश गर्नसक्नेछ भन्ने व्यवस्था गरेको देखिन्छ । विपक्षीले मलाई पक्राउ गर्दा मबाट कुनै केही वरामद भएको छैन। मलाई थुनामा राख्ने आदेश गर्दा मबाट के त्यस्तो कार्य भयो जसले आतङ्ककारी तथा विध्वंसात्मक कार्य म बाट हुनसक्ने भयो केही खोलिएको छैन । उक्त ऐनको दफा (९) ले सुरक्षा अधिकारीलाई स्वविवेकीय अधिकार प्रदान गरेको छैन । गरेकै भएपनि स्वविवेकीय अधिकारको प्रयोग गर्दा पनि आधार र कारण खुलाउनु पर्छ । यसरी विना आधार कारण मलाई लगातार थुनामा राख्ने विपक्षीहरुको कार्यले मेरो संविधानद्वारा प्रदान गरिएको हकमा आघात पर्न गएको छ । अब ०५९।७।२७ बाट ९० दिन पुगेपछि पनि पुन छोडेको पत्र र फेरी ९० दिन नजरबन्दमा राखेको पत्र दिई थुनामा राख्ने पक्का देखिएको छ । अदालतबाट बन्दीप्रत्यक्षीकरणको आदेश जारी नभएमा म थुनामा रही अन्याय परिरहने निश्चित छ । त्यसैले सम्मानित सर्वोच्च अदालतबाट म बन्दी रहेको कारागार शाखा नजिकै भएकोले सम्मानित अदालतकै अधिकृत स्तरको कर्मचारीको रोहवरमा तत्काल गैरकानूनी नजरबन्दबाट मुक्त गरी दिनु भनी संविधानको धारा ८८(२) बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने रिट निवेदन व्यहोरा ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? सो आदेश प्राप्त भएको मितिले ३ दिन भित्र लिखित जवाफ दिनु भनी मगाई आएपछि वा अवधी नाघेपछि नियम बमोजिम पेश गर्नु साथै पेशीको दिन बन्दी निवेदकलाई इजलास समक्ष उपस्थित गराउनु भन्ने यस अदालतका मिति २०५९।११।६ को आदेश ।

विपक्षी बाबुलाल तामाङ्गको छोरा मिलन लामाले २०५९।१।३१ गते बिहान भ.पु.जि. भ.न.पा वडा नं १५ स्थित बाटोमा बसी आवत जावत गर्ने मानिसलाई डर त्रास देखाई जबरजस्ती चन्दा सङ्कलन गर्ने माओवादी पाटीमा लाग्नु पर्छ भनी प्रचारप्रसाद गर्ने र माओवादी सम्बन्धी पर्चा पम्प्लेट छर्ने जस्ता कार्य गरीरहेको अवस्थामा खटी गएका प्रहरीले भेटी प्रतिवेदन साथ यस कार्यालयमा पेश गरे पछि यस कार्यालयबाट जिल्ला प्रशासन कार्यालयमा पेश गरी भएको आदेश बमोजिम नजरबन्दमा राखी अवधि भुक्तान भएपछि छोडिएकोमा नजरबन्दबाट मुक्त भएपछि पनि पटक-पटक त्यस्तै कार्य दोहोऱ्याएकोले यस कार्यालयबाट पक्राउ गरी जिल्ला प्रशासन कार्यालयको आदेशले कानून बमोजिम नजरबन्द थुनामा राखिएकोले रिट निवेदन खारेज गरिपाऊँ भन्ने जिल्ला प्रहरी कार्यालय भक्तपुरको लिखित जवाफ ।

निज निवेदकका छोरा का.प.जि.चापाखुरी गा.वि.स. वडा नं ४ बस्ने मिलन लामालाई सार्वजनिक सुरक्षा नियमावली २०५८ अन्तरगत यस कार्यालयको २०५८।१०।२८ को आदेश अनुसार नजरबन्दमा राखिएको व्यहोरा अनुरोध गर्दछु भन्ने जिल्ला प्रशासन कार्यालय भक्तपुरको लिखित जवाफ ।

रिट निवेदक मिलन लामा जिल्ला प्रशासन कार्यालय भक्तपुरको चं.नं. २२६७ मिति २०५९।१०।२७ को प्रमुख जिल्ला अधिकारीको आदेश बमोजिम नजरबन्दमा रहेकोमा सोही कार्यालयको चं.नं. ३२९७ मिति २०५९।१०।२८ को आदेशबाट निजलाई रिहा गर्ने आदेश भए बमोजिम निज रिहा भै सकेकोले रीट निवेदन खारेज गरिपाऊँ भन्ने कारागार शाखा काठमाण्डौको लिखित जवाफ ।

नियम बमोजिम दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा रिट निवेदक तर्फका विद्वान अधिवक्ता श्री द्वारिकाप्रसाद भट्टराई र कृष्णप्रसाद पांडेले विना आधार प्रमाण लगातार कानूनले तोकेको कार्यविधि पूरा नगरी नजरबन्दमा राख्न पाउने अधिकार विपक्षी जिल्ला प्रशासन कार्यालय भक्तपुरलाई नहुँदा रिट निवेदन माग बमोजिमको आदेश जारी हुनुपर्छ भन्ने र विपक्षी जिल्ला प्रशासन कार्यालय समेत तर्फका उप न्यायाधिवक्ता श्री उद्धव खनालले सार्वजनिक सडकमा मानिस भेला गराई सार्वजनिक शान्ति व्यवस्थामा खलल पार्ने काम भएको अवस्थामा नजरबन्दमा राख्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई भै गरेको कार्यबाट निवेदकको हकमा आघात नपर्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुनुपर्छ भनी गर्नु भएको वहस सुनियो ।

मिसिल अध्ययन गरी विद्वान कानून व्यवसायीको वहस सुनि निर्णय तर्फ विचार गर्दा रिट निवेदन माग बमोजिमको आदेश जारी हुने हो, होइन ? भन्ने सम्बन्धमा नै निर्णय दिनुपर्ने हुन आयो ।

यसमा जिल्ला प्रशासन कार्यालय भक्तपुरको गैरकानूनी आदेशले ०५९।२।१ देखि आज मिति २०५९।११।५ गते सम्म निरन्तर रुपमा नजरबन्द थुनामा रहेकोले गैरकानूनी नजरबन्दबाट मुक्त गरी दिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने मुख्य रिट निवेदन माग रहेको देखिन्छ । निवेदक मिलन लामा नजरबन्दमा रहेको भन्ने कुरामा विवाद देखिदैन । जिल्ला प्रहरी कार्यालय भक्तपुरको लिखित जवाफमा ०५९।१।३१ गते पक्राउ गरी ०५९।२।१ को जिल्ला प्रशासन कार्यालयको आदेशले नजरबन्दमा राखेको र ९० दिनको अवधि भुक्तान भएपछि छोडिएकोमा पछि पनि आतङ्ककारी कार्य गरेकोले पुनः पक्राउ गरी जिल्ला प्रशासन कार्यालयको आदेशले नजरबन्दमा राखिएको हो भन्ने देखिन्छ भने जिल्ला प्रशासन कार्यालयको लिखित जवाफमा सार्वजनिक सुरक्षा नियमावली बमोजिम नजरबन्द थुनामा राखिएको हो भन्ने देखिन्छ । यसरी जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयको लिखित जवाफ बाट निवदेकलाई के कुन कानून बमोजिम थुनामा राखिएको हो ? भन्ने एकरुपता देखिदैन ।

आतङ्ककारी तथा विध्वसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८को दफा ९ मा आतंङ्ककारी तथा विध्वंसात्मक कार्य हुनसक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने विश्वास गर्न सकिने मनासिव आधार भएमा सुरक्षा अधिकारीले त्यस्तो व्यक्तिलाई नब्बे दिन सम्म कुनै मानवोचित ठाउँमा नजरबन्द राख्ने आदेश जारी गर्नसक्नेछ भन्ने उल्लेख भएको देखिन्छ । उपरोक्त व्यवस्थालाई हेर्दा कसैलाई नजरबन्दमा राख्नको लागि निजबाट आतङ्ककारी तथा विध्वंसात्मक कार्य हुनसक्ने पर्याप्त र मनासिव आधार हुनुपर्ने देखिन्छ । रिट निवेदक मिलन लामाले आतंङ्ककारी तथा विध्वंसात्मक कार्य हुने यस्तो कार्य गर्न लागेको भन्ने कुनै आधार प्रमाण देखाउन सकेको पाइदैन । केवल सार्वजनिक सडकमा मानिस भेला गराई चन्दा मागेको माओवादी पाटीमा लाग्नुपर्छ भनेको भन्ने प्रमाण विनाको हचुवा किसिमको भनाईको आधारमा नजरबन्द राख्ने जस्तो व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुने कार्यलाई स्वाभाविक भन्न

मिल्दैन । त्यसमा पनि एकपटकको नजरबन्दमा राख्ने आदेश गरी सकेपछि पनि पटक-पटक एउटै व्यहोराको आदेश गरी नजरबन्दमा राख्ने कार्यलाई कानून बमोजिम भन्न सकिने अवस्था हुदैंन ।

कानून बमोजिम थुनामा राख्न पाउने अधिकारीले कानूनले तोकेको कार्यविधि अवलम्बन गरी कुनै पनि व्यक्तिलाई थुनामा राख्नसक्ने हो । कानूनको कार्यविधि पूरा नगरी उचित र पर्याप्त कारण विना राखिएको थुनालाई कानून बमोजिमको थुना भन्न मिल्दैन । कानूनले तोकेको उचित कार्यविधि बेगर कुनै पनि व्यक्तिको स्वतन्त्रताको अपहरण गरिनु हुदैन ।

प्रस्तुत मुद्दामा निवेदक मिलन लामालाई उचित आधार र कारण बेगर बाध्यात्मक रुपमा पालन गर्नुपर्ने कानूनले तोकेको कार्यविधि समेत अवलम्बन नगरी थुनामा राखेको देखिंई निवेदकको थुना गैरकानूनी हुँदा निज मिलन लामालाई थुनाबाट छाडी दिनु भनी विपक्षीहरुका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ । निवेदकलाई अन्य मुद्दाको कारणबाट थुनामा राख्नु पर्ने नभए थुनाबाट छाडी दिनु भन्ने सम्बन्धित कारागार शाखाका नाउँमा छुट्टै आदेश भई सकेकोले केही गरी रहनु परेन । विपक्षीहरुको जानकारीको लागि फैसलाको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालय मार्फत पठाई दिनु । मिसिल नियमानुसार गरी बुझाई दिनु ।

उक्त रायमा म सहमत छु ।

न्या. रामप्रसाद श्रेष्ठ

इति सम्वत् २०५९ साल फागुन २३ गते रोज ६ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधान न्यायाधीश श्री केदारनाथ उपाध्याय
माननीय न्यायाधीश श्री मीन बहादुर रायमाझी
संवत् २०५९ सालको रि.नं. १९३

आदेश मितिः २०५९।१२।४

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : सोलुखुम्बु जिल्ला पार्वे गा.वि.स. वडा नं. १ घर भई का.जि. बौद्ध बस्ने हाल केन्द्रीय कारागार शाखा, काठमाडौंमा थुनामा रहेका गोम्बु सेर्पाको हकमा फुर ग्याल्जेन सेर्पा

विरुद्ध

विपक्षी : श्री ५ को सरकार गृह मन्त्रालय, सिंहदरवार काठमाण्डौ समेत

- **कुनै व्यक्तिबाट अपराधिक कार्य हुनसक्ने सम्भावित अवस्थामा सो सम्भावना सम्बन्धी तथ्यलाई उल्लेख गरी निवारक नजरबन्द** (Preventive detention) **मा राख्नु र घटित अपराधका लागि पक्राउ गरी अनुसन्धान तहकिकात र सबुद प्रमाण बुझ्ने कार्य गर्नु बेग्ला बेग्लै कानूनी आधार र सिद्धान्तका कुरा भएकाले कुनै अपराधको घटना वा वारदातको अनुसन्धान तहकिकातका लागि कुनै व्यक्तिलाई पक्राउ गरी ९० दिनसम्म थुनामा राख्न सकिने व्यवस्था कानूनले गरेको नदेखिंदा निवेदकलाई गैरकानूनी तरीकाबाट थुनामा राखेको देखिने ।**

आदेश

- प्र. न्या. केदारनाथ उपाध्याय

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ तथा ८८(२) अन्तर्गत दायर भएको प्रस्तुत रिट निवेदनको संक्षिप्त व्यहोरा एवं ठहर यस प्रकार छः

निवेदक गोम्बु सेर्पा सानो ठिमी क्याम्पसमा आई. एड.दोश्रो वर्षमा अध्ययनरत विद्यार्थी भएकोमा मिति २०४९।१।१५ गते बिहान करिब ११ बजे परीक्षा दिएर सानो ठिमीबाट निवासस्थान का.जि. बौद्ध जाँदै गर्दाको अवस्थामा काठमाण्डौंको कोटेश्वरबाट श्री ५ को सरकारका सुरक्षाकर्मीद्वारा पक्राउ गरी प्रत्यर्थी जिल्ला प्रहरी कार्यालय भक्तपुरमा लगी राखियो । लामो समय बिना पूर्जि प्रत्यर्थीको गैरकानूनी थुनामा राखी मिति २०५८।१।२४ गते प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय, भक्तपुरबाट आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) ऐन, २०५८ को दफा ९ बमोजिम पूर्जि दिइयो । उक्त पूर्जिमा तपाईबाट आतङ्ककारी तथा विध्वंसात्मक कार्य हुनसक्ने भएकोले सो काम कुराबाट रोक्नको लागि तपाईलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी मिति २०५९।१।२४ देखि नजरबन्दमा राख्ने भन्ने व्यहोराको आदेश गरिएको रहेछ । त्यसपछि २०५९।४।१७ मा रिहा पूर्जि, मिति २०५९।४।२१ मा नजरबन्दमा राख्ने पूर्जि, मिति २०५९।७।१३ मा रिहा गर्ने पूर्जि, मिति २०५९।७।१५ मा पुनः नजरबन्दमा राख्ने पूर्जि, मिति २०५९।१०।१५ मा रिहा पूर्जि, मिति २०५९।१०।१७ मा

पुनः नजरबन्दमा राख्ने पूर्जि दिइएको रहेछ । यसरी विभिन्न मितिमा नजरबन्दमा राख्ने तथा रिहा गरिएको व्यहोराको पूर्जि दिइए तापनि नछोडी, निवेदक शुरुदेखि हालसम्म लगातार थुनामा हुनुहुन्छ ।

निवेदकबाट आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) ऐन, २०५८ को ३(१) को विपरीत हुने गरी कुनै पनि कार्य भए गरेको छैन, हुने सम्भावना पनि छैन । प्रत्यर्थीद्वारा दिइएको पूर्जिमा नै कुन काम कुराबाट रोक्नु पर्ने हो सो को वस्तुनिष्ठ आधार दिन सकिएको छैन । विपक्षीद्वारा गैरकानूनी ढंगले थुनामा राखी नजरबन्दको आदेश दिइएको उक्त पूर्जि लगायतका काम कारवाही, रिहा गरिएको पूर्जि दिई नछोडी लगातार थुनामा राखेका काम कारवाही समेत आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) ऐन, २०५८ को दफा ३(१),९ तथा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १५ एवं यस सन्दर्भमा सर्वोच्च अदालतद्वारा प्रतिपादित नजिर समेतको विपरीत भएकोले निवेदक गोम्बु सेर्पालाई अदालत समक्ष उपस्थित गराई निजलाई गैरकानूनी थुनाबाट मुक्त गरी दिनु भनी विपक्षीहरुको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने समेत व्यहोराको रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक ३ दिनभित्र सम्बन्धित मिसिल साथ राखी लिखित जवाफ पठाउनु भनी विपक्षीहरुको नाममा सूचना पठाई लिखित जवाफ आएपछि नियमानुसार पेश गर्नु भन्ने समेत व्यहोराको यस अदालत एक न्यायाधीशको इजलासको मिति २०५९।११।१३ को आदेश ।

मन्त्रालयबाट निवेदकलाई पक्राउ गर्ने, थुनामा राख्ने आदेश दिइएको छैन । निजको कुनै हक अधिकार हनन् नगरिएको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको विपक्षी श्री ५ को सरकार गृह मन्त्रालयको लिखित जवाफ ।

विपक्षी फुरग्याल्जेन सेर्पाको भाइ गोम्बु सेर्पा समेतका मानिसहरुले मिति २०५९।१।२३ गते राती भक्तपुर कमल विनायक बसपार्कमा सर्वसाधरण मानिसहरुलाई डरत्रास देखाई जबर्जस्ती रुपमा भेला जम्मा गराई माओवादी सम्बन्धी पर्चा पम्प्लेटहरु छर्दै जनयुद्धमा सरीक हौ भन्दै प्रचार प्रसार गरी वर्तमान संविधान विरुद्धको कृयाकलाप गर्दै आतङ्ककारी तथा विध्वंसात्मक कार्य गर्दै रहेको अवस्थामा कार्यालयबाट खटी गएको गस्ती टोलीले पक्राउ गरी ल्याई सोधपुछ गर्दा विपक्षी गोम्बु सेर्पा र निजका साथमा रहेका मानिसहरुले निजहरुले हामी माओवादी पार्टीका सकृय कार्यकर्ता भएकाले भक्तपुर जिल्लामा विगतदेखि यस्ता क्रियाकलाप गर्दै आएका छौं भनी बताएकाले निजहरुलाई कारवाहीको लागि मिति २०५९।१।२४ को पत्रसाथ जिल्ला प्रशासन कार्यालय भक्तपुरमा पेश गरिएको हो । जिल्ला प्रशासन कार्यालयको मिति २०५९।१।२४ को पत्रसाथ ९० दिन नजरबन्दमा बस्न केन्द्रीय कारागार शाखा काठमाण्डौंमा पठाइएकोमा निजको ९० दिन को नजरबन्द भुक्तान भएपछि जिल्ला प्रशासन कार्यालय भक्तपुरको आदेशले मुक्त गरियो । निजले पटक-पटक भक्तपुर जिल्लामा आतङ्ककारी गतिविधि गर्दै रहेको अवस्थामा पक्राउ गरी नजरबन्दमा राख्न पटक-पटक जिल्ला प्रशासन कार्यालय भक्तपुरको आदेशले पठाएको हो । विपक्षीको झुठ्ठा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको विपक्षी जिल्ला प्रहरी कार्यालय भक्तपुरको लिखित जवाफ ।

निवेदक गोम्बु सेर्पालाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) ऐन, २०५८ अन्तर्गत कार्यालयको आदेशानुसार अनुसन्धानको सिलसिलामा नजरबन्दमा राखिएको हो । अनुसन्धान प्रकृया चलिरहेको अवस्था भएको र अनुसन्धान कार्य पश्चात कानून बमोजिम नै हुने हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको विपक्षी जिल्ला प्रशासन कार्यालय भक्तपुरको लिखित जवाफ ।

नियम बमोजिम पेश हुन आएको प्रस्तुत रिट निवेदन अध्ययन गरी निर्णय तर्फ विचार गर्दा, निवेदक गोम्बु सेर्पालाई मिति २०४९।१।१५ मा पक्राउ गरी आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) ऐन, २०५८ अन्तर्गत मिति २०४९।१।२४ देखि नजरबन्दमा राख्ने पूर्जि दिएको र निज निरन्तर रुपमा थुनामा नै रही रहेको अवस्थामा पटक-पटक रिहा गर्ने र नजरबन्दमा राख्ने पूर्जि दिदै यथार्थमा निज निवेदकलाई थुनाबाट नछाडि नजरबन्दमा नै राख्ने गरेको भन्ने निवेदन जिकिर रहेको देखिन्छ । विपक्षी जिल्ला प्रशासन कार्यालय भक्तपुरको लिखित जवाफमा रिट निवेदनमा उल्लेख गरिए बमोजिमको तरिकाबाट निवेदक गोम्बु सेर्पालाई थुनामा राखिएको होइन भन्न सकेको पाइदैन । निजलाई थुनामा राख्नु पर्ने कारणमा आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) ऐन, २०५८ अन्तर्गत अनुसन्धानको सिलसिलामा नजरबन्दमा राखिएको भन्ने उल्लेख भएको पाइन्छ । कुनै अपराधको अनुसन्धान तहकिकातको लागि थुनामा राख्दा त्यस्तो व्यक्तिलाई पक्राउ भएको ठाउँबाट बाटाको म्याद बाहेक २४ घण्ट भित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्ने हुन्छ । प्रत्येक नेपाली नागरिकलाई नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(६) बमोजिम संवैधानिक हकबाट संरक्षित गरिएको स्पष्ट छ । कुनै व्यक्तिबाट अपराधिक कार्य हुनसक्ने सम्भावित अवस्थामा सो सम्भावना सम्बन्धी तथ्यलाई उल्लेख गरी निवारक नजरबन्द (Preventive detention) मा राख्नु र घटित अपराधका लागि पक्राउ गरी अनुसन्धान तहकिकात र सबुद प्रमाण बुझ्ने कार्य गर्नु बेग्ला बेग्लै कानूनी आधार र सिद्धान्तका कुराहरु हुन् । तसर्थ कुनै अपराधको घटना वा वारदातको अनुसन्धान तहकिकातका लागि कुनै व्यक्तिलाई पक्राउ गरी ९० दिनसम्म थुनामा राख्न सकिने व्यवस्था कानूनले गरेको नदेखिंदा निवेदक गोम्बु सेर्पालाई गैरकानूनी तरीकाबाट थुनामा राखेको देखिंएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ । निज निवेदक गोम्बु सेर्पालाई अन्य मुद्दाको कारणले थुनामा राख्नु नपर्ने भए थुनाबाट छाडिदिनु भनी आज छुटै आदेश भै सकेकोले अरु केहि गरी रहनु परेन । मिसिल नियमानुसार गरी बुझाई दिनु ।

उपर्युक्त रायमा सहमत छु ।

न्या. मीनबहादुर रायमाझी

इति सम्बत् २०५९ साल चैत्र ४ गते रोज ३ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलाश
सम्माननीय प्रधान न्यायाधीश श्री केदारनाथ उपाध्याय
माननीय न्यायाधीश श्री मीन बहादुर रायमाझी

संवत् २०५९ सालको रि.नं. १७७

आदेश मितिः २०५९।१२।४

मुद्दाः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : जिल्ला काभ्रेपलान्चोक, च्यासीखर्क गा.वि.स. वडा नं. ५ घर भै हाल कारागार शाखा काठमाण्डौमा नजरबन्द राखिएका वीरेन्द्र भ्लोन भन्ने वीरेन्द्र सिंह भ्लोनको हकमा श्याम तामाङ

विरुद्ध

विपक्षी : जिल्ला प्रशासन कार्यालय, भक्तपुर समेत

- **कुनै अपराधको अनुसन्धान तहकिकातको लागि थुनामा राख्दा त्यस्तो व्यक्तिलाई पक्राउ भएको ठाउँबाट बाटाको म्याद बाहेक चौबिस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्ने ।**

- **कुनै व्यक्तिबाट अपराधिक कार्य हुनसक्ने सम्भावित अस्थामा सो सम्भावना सम्बन्धी तथ्यलाई उल्लेख गरी निवारक नजरबन्द (Preventive detention) मा राख्नु र घटित अपराधका लागि पक्राउ गरी अनुसन्धान तहकिकात र सबुद प्रमाण बुझ्ने कार्य गर्नु बेग्ला बेग्लै कानूनी आधार र सिद्धान्तका कुराहरु भएकाले कुनै अपराधको घटना वा वारदातको अनुसन्धान तहकिकातको लागि कुनै व्यक्तिलाई पक्राउ गरी ९० दिनसम्म थुनामा राख्न सकिने व्यवस्था कानूनले गरेको नदेखिंदा निवेदकलाई गैरकानूनी तरिकाबाट थुनामा राखेको देखिंदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।**

आदेश

- प्र. न्या. केदारनाथ उपाध्याय

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ तथा धारा ८८(२) अन्तर्गत पर्न आएको प्रस्तुत रिट निवेदनको व्यहोरा तथा आदेश यस प्रकार छः

निवेदकको साडुभाइलाई इटभट्टामा मजदुरी काम गरिरहेको समयमा मिति २०५८।१२।१६ गते दिउसो करिब ३.०० बजे सिभिल ड्रेसमा आएका ५ जना प्रहरीले डि.एस.पी. सापले सोधपुछको लागि बोलाउनु भएको छ भनी पक्राउ गरी जिल्ला प्रहरी कार्यालय भक्तपुरमा लगे । जिल्ला प्रहरी कार्यालय भक्तपुरमा थुनामा राख्दा कसैसँग भेटघाट गर्न नदिई ७ दिनपछि जिल्ला प्रशासन कार्यालय भक्तपुरले २०५८।१२।२२ को निर्णय अनुसार भनी २०५८।१२।२३ मा "तपाईबाट आतङ्कारी तथा विध्वंसात्मक कार्य हुनसक्ने भएकोले सो काम कुरा रोक्नका लागि आतङ्कारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ)

अध्यादेश २०५८ को दफा ९(१) ले दिएको अधिकार प्रयोग गरी तपाईलाई ९० दिन **"ख"** श्रेणीको सिधा खान पाउने गरी कारागार शाखा काठमाण्डौंमा नजरबन्द राख्न उक्त अध्यादेशको दफा १३(ख) बमोजिम गठित समन्वय समितिको मिति २०५८।१२।२२ को निर्णय अनुसार सुरक्षा अधिकारीद्वारा यो आदेश जारी गरिएको छ भनी नजरबन्दमा राख्ने आदेशको पत्र दिई कारागार शाखा काठमाण्डौमा थुनामा राख्न पठाइएको तर उक्त पत्रमा नजरबन्दमा राख्नु पर्ने वस्तुनिष्ठ आधार खुलाइएको छैन । उक्त आदेश बमोजिम नजरबन्दमा राखे पश्चात मिति २०५९।३।२१ मा ९० दिन पुग्नेमा सो मिति अगावै मिति २०५९।३।१७ मा तपाईलाई मिति २०५८।१२।२२ देखि ९० दिनसम्म नजरबन्दमा राखिएकोमा २०५९।३।१७ देखि नजरबन्दबाट मुक्त गरिएको व्यहोरा जानकारी गराइन्छ भनी एउटा पत्र दिई थुनाबाट मुक्त नगरिकनै जिल्ला प्रशासन कार्यालय भक्तपुरको सुरक्षा अधिकारीले मिति २०५९।३।२० देखि ९० दिनसम्म नजरबन्दमा राख्ने ऐ. व्यहोराको आदेश जारी गरी पत्र दिइयो र ९० दिन नपुग्दै २०५९।६।१६ मा थुनामा मुक्त गरेको पत्र दिई थुना मुक्त नगरी पुनः २०५९।६।१७ मा ऐ. सुरक्षा अधिकारीले उल्लेखित बमोजिमकै ९० दिनसम्म नजरबन्दमा राख्ने आदेश गरी पत्र दिइयो । र मिति २०५९।९।१५ देखि नजरबन्दबाट मुक्ता गरिएको व्यहोराको जानकारी दिई थुनामै राखी २०५९।९।१९ देखि ९० दिनसम्म कारागार शाखा काठमाण्डौमा नजरबन्द राख्न ऐ. सुरक्षा अधिकारीले उल्लेखित व्यहारा बमोजिमकै आदेश जारी गरिएको पत्र दिई हालसम्म निजलाई कारागार शाखा काठमाण्डौमा परिवारका सदस्य बाहेक अन्य कुसैलाई भेटघाट गर्न नदिई नजरबन्दमा नै राखिएको छ । संविधान तथा ऐन कानून विपरीत कुनै कार्य नगरेको अवस्थामा गैरकानूनी रुपमा थुनामा राखेको हुँदा यो निवेदन साथ उपस्थित भएको छु ।

अतः विपक्षी मध्ये जिल्ला प्रहरी कार्यालय भक्तपुरले मिति २०५८।१२।१६ गते गैरकानूनी रुपमा पक्राउ गरी बिना कुनै अभियोग ७ दिनसम्म प्रहरी हिरासतमा राखी बिना आधार कारण आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजायँ) ऐन, २०५८ को पटक-पटक दुरुपयोग गरी जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारीले आदेश दिई नजरबन्दमा राखी भाइ वीरेन्द्र भ्लोन भन्ने वीरेन्द्र सिहं भ्लोनको नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११(१), १२(१)(२), १४(१) १५(१) द्वारा प्रदत्त मौलिक हकमा आघात पुगेको हुँदा निजलाई गैरकानूनी थुनामुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने समेत व्यहोराको रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएको मितिले बाटाका म्याद बाहेक २४ घण्टा भित्र लिखित जवाफ पठाउनु भनी विपक्षीहरुलाई सूचना पठाई लिखित जवाफ आएपछि नियमानुसार पेश गर्नु भन्ने समेत व्यहोराको यस अदालत एक न्यायाधीशको इजलासको मिति २०५९।११।९ को आदेश ।

विपक्षी रिट निवेदक वीरेन्द्र भ्लोन भन्ने वीरेन्द्र सिंह भ्लोनलाई गैरकानूनी रुपमा पक्राउ गरी थुनामा राखेको नभई निजले भक्तपुर जिल्लामा आतङ्ककारी तथा विध्वंसात्मक कार्य सक्रिय रुपमा गरी भक्तपुर जिल्लामा आतंक मच्चाई सर्वसाधारण मानिसहरुलाई आतङ्कित पारी जनजीवन अस्तव्यस्त बनाएकोले पटक-पटक पक्राउ गरी जिल्ला प्रशासन कार्यालय भक्तपुरको आदेशले नजरबन्दमा बस्न पठाइएको हो, यस कार्यालय समेतलाई विपक्षी बनाई दिएको बन्दीप्रत्यक्षीकरणको रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको विपक्षी जिल्ला प्रहरी कार्यालय भक्तपरको लिखित जवाफ ।

निवेदक वीरेन्द्र भ्लोनलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) ऐन, २०५८ अन्तर्गत यस कार्यालयको आदेशानुसार अनुसन्धानको सिलसिलामा नजरबन्दमा राखिएको हो । अनुसन्धान

प्रकृया चलिरहेको अवस्था भएको र अनुसन्धान कार्य पश्चात कानून बमोजिम नै हुने हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको विपक्षी जिल्ला ष्प्रशासन कार्यालय भक्तपुरको लिखित जवाफ ।

नियम बमोजिम पेश हुन आएको प्रस्तुत रिट निवेदन अध्ययन गरी निवेदक तर्फका विद्वान अधिवक्ता श्री हरिबाबु कार्कीले र विपक्षी जिल्ला प्रशासन कार्यालय भक्तपुर समेतका तर्फबाट विद्वान उपन्यायाधिवक्ता श्री भरतलाल शर्माले गर्नु भएको बहस समेत सुनी निर्णय तर्फ विचार गर्दा, रिट निवेदकको साङभाइ वीरेन्द्र भ्लोन भन्ने वीरेन्द्र सिंह भ्लोनलाई मिति २०५८।१२।१७६ गते पक्राउ गरी मिति २०५८।१२।२२ को निर्णयानुसार भनी आतङ्ककारी तथा विध्वसात्मक कार्य (नियन्त्रण तथा सजायँ) अध्यादेश २०५८ अन्तर्गत नजरबन्दमा राख्ने आदेश गरी अद्यावधिक रुपले निरन्तर थुनामा राखेको भन्ने निवेदनको जिकिर रहेको देखिन आउँछ । नजरबन्दको निन्तरता रही रहेकै अवस्थामा पटक-पटक थुनाबाट छाडेको पत्र दिई यथार्थमा थुनाबाट नछोडि नजरबन्दमा नै राख्ने गरेको भन्ने समेत निवेदन जिकिर रहेको देखिन्छ । विपक्षी जिल्ला प्रशासन कार्यालय भक्तपुरको लिखित जवाफबाट मिसिल सहित लिखित जवाफ पठाउनु भन्ने यस अदालतको आदेश मिति २०५९।११।२७ मा प्राप्त भई मिति २०५९।११।२८ मा लिखित जवाफ पठाएको देखिन्छ भने विद्वान सरकारी उपन्याधिवक्ताले सम्बन्धित मिसिलको लागि फोनबाट तरताकेदा गर्दा समेत मिसिल प्राप्त नभएको भनी इजलासलाई जानकारी गराउनु भएको पाइयो । सो लिखित जवाफको व्यहोरा हेर्दा नजरबन्दमा राखिएका प्रस्तुत रिट निवेदनसँग सम्बन्धित वीरेन्द्र भ्लोन भन्ने वीरेन्द्र सिंह भ्लोनलाई रिट निवेदनमा उल्लेख गरिए बमोजिमको तरिकाबाट थुनामा राखेको होइन भन्न सकेको पाइदैन । निजलाई थुनामा राख्नु पर्ने कारणको हकमा आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजायिं ऐन, २०५८ अन्तर्गत अनुसन्धानको सिलसिलामा नजरबन्दमा राखेको भन्ने उल्लेख गरेको पाइन्छ । कुनै अपराधको अनुसन्धान तहकिकातको लागि थुनामा राख्दा त्यस्तो व्यक्तिलाई पक्राउ भएको ठाउँबाट बाटाको म्याद बाहेक चौबिस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेहुन्छ । प्रत्येक नेपाली नागरिकलाई नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(६) बमोजिम संवैधानिक हकबाट संरक्षित गरिएको स्पष्ट छ । कुनै व्यक्तिबाट अपराधिक कार्य हुनसक्ने सम्भावित अस्थामा सो सम्भावना सम्बन्धी तथ्यलाई उल्लेख गरी निवारक नजरबन्द (Preventive detention) मा राख्नु र घटित अपराधका लागि पक्राउ गरी अनुसन्धान तहकिकात र सबुद प्रमाण बुझ्ने कार्य गर्नु बेग्ला बेग्लै कानूनी आधार र सिद्धान्तका कुराहरु हुन् । तसर्थ कुनै अपराधको घटना वा वारदातको अनुसन्धान तहकिकातको लागि कुनै व्यक्तिलाई पक्राउ गरी ९० दिनसम्म थुनामा राख्न सकिने व्यवस्था कानूनले गरेको नदेखिंदा निवेदक वीरेन्द्र भ्लोन भन्ने वीरेन्द्र सिंह भ्लोनलाई गैरकानूनी तरिकाबाट थुनामा राखेको देखिंदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ । निज निवेदक वीरेन्द्र सिंह भन्ने वीरेन्द्र सिंह भ्लोनलाई अन्य मुद्दाको कारणले थुनामा राख्नु नपर्ने भए थुनाबाट छाडि दिनु भनी आजै छुट्टै आदेश भै सकेकोले अरु केहि गरि रहनु परेन । मिसिल नियमानुसार गरी बुझाई दिनु ।

उपर्युक्त रायमा सहमत छु ।

न्या. मीनबहादुर रायमाझी

इति संवत् २०५९ साल चैत्र ४ गते रोज ३ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री केदारप्रसाद गिरी
माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ

सम्वत् २०५९ सालको रिट नं. २२६

आदेश मितिः २०५९।१२।६

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : जिल्ला सिन्धुली पुरानो झाँगा झोली गा.वि.स. वडा नं ४ घर भै हाल केन्द्रिय कारागार शाखामा थुनामा रहेका विनोद दाहालको हकमा पुष्करप्रसाद दाहाल

विरुद्ध

विपक्षी : श्री ५ को सरकार, गृह मन्त्रालय, काठमाण्डौ समेत

- **कुनै पनि व्यक्तिलाई नजरबन्दमा राख्दा उचित र पर्याप्त आधार खुलाई तोकिएको कार्यविधि पूरा गरी मानवोचित तवरबाट मात्र थुनामा राख्नसक्ने हुन्छ सो नभए संवैधानिक रुपमा प्रदत्त कानूनले ग्यारेन्टी गरेको मौलिक हकमा कुण्ठा पर्न जाने ।**

- **कानूनी सिद्धान्तको परिपालना गर्ने कुनै पनि राज्यले नागरिकको वैयक्तिक मौलिकहकको प्रत्याभूति दिनुपर्ने दायित्वबाट विमुख हुनुहुदैन भन्ने सिद्धान्तको पालना गर्नु अदालतको दायित्व भित्रै पर्ने ।**

आदेश

- न्या. रामप्रसाद श्रेष्ठ

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ र ८८(२) बमोजिम पर्न आएको प्रस्तुत रिट निवेदनको सक्षिप्त व्यहोरा र निर्णय यस प्रकार छः

निवेदक विनोद दाहाल पत्रकार हुनुहुन्छ । मिति २०५९।१।३ गते दिउँसो १२ बजे समाचार सङ्कलनको लागि हिडीरहेको अवस्थामा सूर्य विनायकबाट श्री ५ को सरकारको सुरक्षाकर्मीद्वारा पक्राउ गरी जिल्ला प्रहरी कार्यालय भक्तपुरमा लगी एक महिना विना पूर्जि थुनामा राखी ०५९।२।१ मा जिल्ला प्रशासन कार्यालय भक्तपुरबाट आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐनको दफा ३(१) को उपदफाहरुमा उल्लेखित कार्यबाट रोक्न जरुरी भएको भनी दफा ९ प्रयोग गरी नजरबन्दमा राख्ने आदेश गरिएको रहेछ । त्यसपछि ०५९।४।२७ मा नजरबन्दबाट रिहा गर्ने पूर्जि दिए तापनि आफ्नै कब्जामा राखी ०५९।४।२९ मा पुनः साविक कै पुर्जी थमाइयो । पुनः २०५९।७।२५ मा रिहा पुर्जी दिई रिहा नगरी २०५९ र ७ र २७ मा थुनामा राख्ने पुर्जी दिइयो । पुनः ०५९।१०।२७ मा रिहा पुर्जी दिए तापनि रिहा नगरी हाल सम्म विना कारण र आधार गैरकानूनी थुनामा राखी कानूनी एंव संवैधानिक हक तथा वैयक्तिक स्वतन्त्रताको हक समेतबाट वञ्चित गरी भेटघाट तथा निवेदनमा सहिछाप समेत गर्न नदिई थुनामा राखेकोले त्यस्तो

गैरकानूनी थुनाबाट मुक्त गरी दिनु भन्ने बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने समेत रिट निवेदन पत्र ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? बाटाको म्याद बाहेक २४ घन्टा भित्र सम्बन्धित मिसिल साथ राखी महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नु भनी विपक्षीहरुका नाउँमा सूचना पठाउनु भन्ने यस अदालत एक न्यायाधीशको इजलासको मिति २०५९।११।२० को आदेश ।

यस मन्त्रालयबाट निवेदकलाई पक्राउ गर्ने थुनामा राख्ने आदेश दिइएको छैन । निजको हक अधिकार हनन नगरिएको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने गृह मन्त्रालयको लिखिल जवाफ ।

विपक्षी विनोद दाहाल समेतका मानिसले ०५९।१।३१ गते बाटोमा हिडने सर्वसाधारणलाई डर त्रास देखाई भेला गराई माओवादी गतिविधि सम्बन्धी पर्चा पम्पलेटहरु टाँस्न लगाई चन्दा सङ्कलन गर्दै तपाईहरु समेत माओवादी पार्टीमा लाग्नुपर्छ भनी दबाब दिई रहेको अवस्थामा गस्ती टोलीले फेला पारी कारवाहीको लागि दाखेल गरेका सोधपुछ गर्दा माओवादी पार्टीको सक्रिय कार्यकर्ता भएको भक्तपुर जिल्लामा सार्वजनिक स्थानमा तुलबम झुण्डयाउने, सरकारी गाडी मोटरसाइकल र भवनहरुमा बम विष्फोटन गरी आगो लगाउने गरी आएको बताएको र ०५९।२।१ को आदेशले ९० दिनको नजरबन्दमा कारागार शाखामा पठाएको मुक्त गरेपछि पनि पुनः भक्तपुर जिल्लाका एरियाहरुमा आतँक मच्चाएकोले जिल्ला प्रशासन कार्यालयको आदेशानुसार नजरबन्दमा थुनामा राखिएको हो । गैरकानूनी थुनामा राखिएको होइन । रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत जिल्ला प्रहरी कार्यालय भक्तपुरको लिखित जवाफ ।

निवेदकलाई सार्वजनिक सुरक्षा नियमावली, २०५८ अन्तर्गत यस कार्यालयको आदेशानुसार अनुसन्धानको शिलशिलामा नजरबन्दमा राखिएको र अनुसन्धान प्रकृया चलिरहेको अवस्था भएकोले रिट निवेदन खारेज हुन अनुरोध गर्दछु भन्ने जिल्ला प्रशासन कार्यालय भक्तपुरको लिखित जवाफ ।

केन्द्रिय कारागार शाखा, काठमाण्डौको नाउँको सूचना मिति २०५९।११।२६ मा तामेल भएकोमा लिखित जवाफ पेश गरेको देखिएन ।

नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत रिट निवेदनमा रिट निवेदक तर्फका विद्वान अधिवक्ता श्री सीताराम तिवारीले मेरो पक्ष एक पत्रकारको हैसियतले स्वतन्त्र पेशा गरी कुनै राजनीतिक तथा विध्वंसात्मक गतिविधिमा नलागेको व्यक्तिलाई माओवादी गतिविधिमा सँलग्न भएको आरोपमा पटक-पटक नजरबन्दमा राख्ने पटक-पटक रिहा गरेको पुर्जी दिने तर आफ्नै कब्जामा राख्ने गरी संविधान प्रदत्त मौलिक हकमा कुंठित गरेकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी गैरकानूनी थुनाबाट मुक्त गरिपाऊँ भन्ने र प्रत्यर्थी तर्फका विद्वान उपन्यायाधिवक्ता श्री महेन्द्रबहादुर कार्कीले निवेदकले आगजनी गरी सर्वसाधारणलाई आतङ्कित पार्ने गरेकोले निजलाई नजरबन्द थुनामा राखिएकोमा रिहा भै सकेपछि पनि पुनः सोही कार्य गरी जनमानसमा आतंक फैलाएकाले सर्वसाधारणको सुरक्षा र शान्तिको लागि नजरबन्दमा राखिएको कानून अनुरुप नै हुँदा रिट निवेदन खारेज होस भन्ने समेतको वहस प्रस्तुत गर्नु भयो ।

उपरोक्त वहस सुनी निर्णय तर्फ विचार गर्दा प्रस्तुत रिट निवेदनमा माग बमोजिमको आदेश जारी हुनुपर्ने हो होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

निर्णय तर्फ विचार गर्दा निवेदकलाई मिति २०५९।१।३गते पक्राउ गरी १ महिना सम्म विनापूर्जि थुनामा राखी ०५९।२।१ मा जिल्ला प्रशासन कार्यालय भक्तपुरबाट आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ को दफा ३(१) को विभिन्न उपदफाहरुमा उल्लेखित कार्यबाट रोक्न भनी दफा ९ बमोजिम पुर्जी दिई ०५९।४।२७ मा नजरबन्दबाट रिहा गर्ने पूर्जि दिई रिहा नगरी पुनः ०५९।४।२९मा थुनुवा पुर्जी दिई ०५९।७।२५ मा रिहा पूर्जि, ०५९।७।२७ मा थुनामा राख्ने पूर्जि दिई ०५९।१०।२७ मा रिहा गरेको पुर्जी दिइए तापनि रिहा नगरी हाल सम्म गैरकानूनी थुनामा राखेको भन्ने निवेदन जिकिर भएकोमा प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय भक्तपुरको लिखित जवाफमा निवेदक विनोद दाहाललाई सार्वजनिक सुरक्षा नियमावली, २०५८ अन्तर्गत अनुसन्धानको शिलशिलामा नजरबन्दमा राखिएको भन्ने देखिन्छ । जिल्ला प्रशासन कार्यालय भक्तपुरले निवेदकलाई नजरबन्दमा राख्ने गरेको मिति २०५९।२।१ को आदेशमा आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ को दफा ९ अनुसार ९० दिन सम्मको लागि भन्ने उल्लेख भै त्यस पछि पटक-पटक रिहा गर्ने पुर्जी र थुनामा राख्ने आदेश जारी गरेको रिट निवेदन संलग्न पेश भएको प्रतिलिपिहरुबाट देखिन्छ भने लिखित जवाफमा निवेदकलाई सार्वजनिक सुरक्षा नियमावली, २०५८ अनुसार नजरबन्दमा राखिएको भन्ने उल्लेख भएको देखियो ।

निवेदकलाई नजरबन्दमा राख्न जारी गरेको आदेशमा आतङ्ककारी तथा विध्वंसात्मक कार्य ( नियन्त्रण र सजाय) ऐन, २०५८ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी ९० दिन सम्म नजरबन्दमा कारागार शाखामा राख्ने भन्ने उल्लेख भएको देखिन्छ । सो पुर्जीमा कुन काम कारवाहीबाट रोक्न वा के कस्ता कसूर निवेदकबाट हुनसक्ने मनासिव आधार देखिन आयो सो कुरा उल्लेख गरेको पाइदैन । पुर्जीमा उल्लेखित ऐनको दफा ९ को अधिकार प्रयोग गरी भन्ने व्यहोरामा निवेदकबाट हुनसक्ने मनासिव आधार देखिएको कस्तो कार्यबाट रोक्नु नजरबन्दमा राख्नु पर्ने हो सो कुरा उल्लेख गरी ऐनको दफा र हुनसक्ने कार्य समेत खोली मात्र नजरबन्दमा राख्ने आदेश जारी गर्नसक्ने कानुनी प्रावधान पूरा गरी नजरबन्दको आदेश जारी गरेको देखिएन ।

कुनै व्यक्तिलाई नजरबन्द राख्नु परेमा आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजाय) ऐन, २०५८ को दफा ३ मा उल्लेखित कुनै कार्य गरेमा वा सो कार्य गर्नसक्ने मनासिव रुपबाट उचित र पर्याप्त आधारहरु हुनु आवश्यक हुन्छ । त्यस्तो आतङ्ककारी तथा विध्वंसात्मक अपराधको उचित र पर्याप्त आधार विना कुनै पनि नागरिकलाई थुना नजरबन्दमा राख्नु व्यक्तिको नैसर्गिक हकको हनन हुनजाने हुन्छ । जिल्ला प्रशासन कार्यालयले आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजाय) ऐन, २०५८ को दफा ९ अनुसार आदेश जारी गरी नजरबन्दमा राखेको पटक-पटकको पुर्जी निवेदक तर्फबाट पेश भैरहेको स्थितिमा सार्वजनिक सुरक्षा नियमावली, २०५८ अनुसार नजरबन्दमा राखिएको भन्ने लिखित जवाफबाट पनि एक ऐनको व्यवस्थाबाट थुनामा राखी अर्को नियमावलीको उल्लेख गरी अदालतमा जवाफ दिएको पाइयो । सार्वजनिक सुरक्षा नियमावली अनुसार नै निवेदकलाई नजरबन्दमा राखेको हो भने पनि नियम ३ बमोजिम उचित र पर्याप्त आधार खुलाई आदेश जारी गर्नुपर्ने, सार्वजनिक सुरक्षा ऐन ०४६ को दफा ४ बमोजिम आदेशका सूचना सम्बन्धित व्यक्तिलाई दिनुपर्ने २४ घन्टा भित्र सम्बन्धित जिल्ला अदालतमा जानकारी दिनुपर्ने जस्तो कानूनले तोकेको कार्यविधि समेत पूरा गरेको देखिएन । कुनै पनि व्यक्तिलाई नजरबन्दमा राख्दा उचित र पर्याप्त आधार खुलाई तोकिएको कार्यविधि पूरा गरी मानवोचित तवरबाट मात्र थुनामा राख्नसक्ने हुन्छ सो नभए संवैधानिक रुपमा प्रदत्त कानूनले ग्यारेन्टी गरेको मौलिक हकमा कुँठा पर्न जाने हुन्छ । कानूनी सिद्धान्तको परिपालना गर्ने कुनै पनि राज्यले नागरिकको वैयक्तिक मौलिकहकको प्रत्याभूति दिनुपर्ने दायित्वबाट विमुख हुनु हुदैन भन्ने सिद्धान्तको पालना गर्नु अदालतको दायित्व भित्रै पर्न आउछ । निवेदकलाई ०५९।२।१ देखि पटक-पटक नजरबन्दमा राख्ने र रिहा गर्ने पुर्जी थमाई तोकिएको

समय भन्दा बढी कानूनले तोकेको कार्यविधि पूरा नगरी गैरकानूनी रुपबाट थुनामा राखेको देखिंदा विपक्षीहरु उपर बन्दीप्रत्यक्षीकरणको आदेश जारी भै निवेदकलाई नजरबन्द थुनाबाट मुक्त गरिदिनुपर्ने ठहर्छ । निवेदक विनोद दाहाललाई गैरकानूनी थुनाबाट मुक्त गरिदिनु भनी आजै भएको छुट्टै आदेश अनुसार सम्बन्धित कारागारमा लेखिपठाई सकेको हुँदा केही गरिरहनु परेन । विपक्षीहरुको जानकारीको लागि यो आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय मार्फत दिई फाइल नियमानुसार बुझाई दिनु ।

उक्त रायमा म सहमत छु ।

न्या. केदारप्रसाद गिरी

इति सम्वत् २०५९ साल चैत्र ६गते रोज ५ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास
मानननीय न्यायाधीश श्री गोविन्दबहादुर श्रेष्ठ
माननीय न्यायाधीश श्री बलिरामकुमार

संवत् २०५९ सालको रिट नं. २३६

आदेश मितिः २०५९।१२।७६

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : जिल्ला काभ्रे वल्थली-६ घर भै हाल भद्रबन्दीगृह काठमाडौंमा थुनामा रहेको मानवहादुर तामाङ्गको हकमा ऐ. बस्ने धनबहादुर तामाङ्ग

विरुद्ध

विपक्षी : श्री ५ को सरकार, गृह मन्त्रालय काठमाडौं समेत

- **केवल नजरबन्दमा राख्न पाउने अधिकारीको आत्मसन्तुष्टि** (Subjective Satisfaction) **नै कसैलाई नजरबन्दमा राख्ने कार्यको आधार हो भन्न कानूनसङ्गत तथा न्यायोचित नहुने ।**
- **केवल ऐनले आफूलाई अधिकार दिने दफासम्म उल्लेख गरेर मात्र आतङ्ककारी तथा विध्वंसात्मक कार्य हुनसक्ने कुनै काम कुरा गर्नबाट निवेदकलाई रोक्नुपर्ने विश्वास गर्न सकिने मनासिव वस्तुगत आधार रहेको मान्न नमिल्ने ।**

आदेश

- न्या. वलिराम कुमार

१. नेपाल अधिराज्यको संविधान, २०४७को धारा २३।८८(२) अन्तर्गत दायर भई पेश हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र निर्णय यसप्रकार छः

२. निवेदक मानवहादुर तामाङ्ग किसान हुनुहुन्छ । मिति २०५८।१२।८ गते साँझ काठमाडौंबाट आफ्नो घर फर्कदै गर्दा भक्तपुर जाँतेबाट सरकारी सुरक्षाकर्मीद्वारा पक्राउ गरी प्रत्यर्थी जिल्ला प्रहरी कार्यालय भक्तपुरमा लगी राखियो । लामो समय विना पुर्जी प्रत्यर्थीको गैरकानूनी थुनामा राखी मिति २०५९।३।२० मा जिल्ला प्रशासन कार्यालय भक्तपुरबाट आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०५८ को दफा ९ बमोजिम नजरबन्दमा राख्ने आदेश पुर्जी दिइयो । त्यसपछि २०५९।६।१४ मा रिहा गरेको आदेश, मिति २०५९।६।१६ मा नजरबन्दमा राख्ने आदेश, मिति २०५९।९।१५ मा रिहा गरेको आदेश, २०५९।९।१६ मा पुनः नजरबन्दमा राख्ने आदेश गरिएको रहेछ । यसरी विभिन्न मितिमा नजरबन्दमा राख्ने तथा रिहा गर्ने आदेश भए तापनि रिहा नगरी निवेदक शुरु देखि हालसम्म लगातार प्रत्यर्थीको गैरकानूनी थुनामा हुनुहुन्छ ।

३. निवेदकबाट उक्त पुर्जीमा उल्लेख भए बमोजिमको कुनै कार्य भएको छैन, हुनसक्ने पूर्वावस्था पनि छैन । आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ को दफा ३(१) को

हुनेगरी कुनै पनि कार्य निवेदकबाट भए गरेको छैन । प्रत्यर्थीद्वारा दिइएको पुर्जीमा नै कुन काम कुराबाट रोक्नुपर्ने हो, सो को वस्तुनिष्ठ आधार दिनसकेको छैन । निवेदकलाई थुन्नुपर्ने विश्वास गर्न सकिने र मनासिव आधार छैन । विपक्षीद्वारा गैरकानूनी ढंगले थुनामा राखी नजरबन्दको आदेश दिएको उक्त पुर्जी लगायतका कामकारवाही समेत संविधानद्वारा प्रदत्त मौलिक हक एवं आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ को दफा ३(१), ९ र नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १५ तथा सर्वोच्च अदालतबाट प्रतिपादिन नजीर समेतको भै बदरभागी छ ।

४. अतः माथि उल्लेखित प्रत्यर्थीहरूको कामकारवाहीबाट निवेदकलाई प्राप्त कानूनी एवं संवैधानिक हक तथा वैयक्तिक स्वतन्त्रताको हक समेतबाट वञ्चित गरी गैरकानूनी रूपमा हालसम्म लगातार रूपमा थुनामा राखी निवेदनमा सहिछाप सम्म गर्न नदिएको र वैकल्पिक उपचारको अभाव समेत हुँदा संविधानको धारा २३।८८(२) बमोजिम यो रिट निवेदन गरेको छु । निवेदक मानवहादुर तामाङ्गलाई अदालत समक्ष उपस्थित गराई गैरकानूनी थुनाबाट मुक्त गरिदिनू भनी प्रत्यर्थीहरूका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निवेदकको वैयक्तिक स्वतन्त्रताको संरक्षण गरिपाऊँ भन्ने समेत व्यहोराको रिट निवेदन जिकिर ।

५. यसमा के कसो भएको हो ? विपक्षीहरूका नाममा बाटाका म्याद बाहेक २४ घण्टा भित्र लिखित जवाफ पेश गर्नु भनी सूचना पठाई लिखित जवाफ परे वा अवधि नाघेपछि पेश गर्नु भन्ने यस अदालतको मिति २०५९।११।२० को आदेश ।

६. यस मन्त्रालयबाट निवेदकलाई पक्राउ गर्ने, थुनामा राख्ने आदेश दिएको नहुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको प्रत्यर्थी गृह मन्त्रालयको तर्फबाट पेश भएको लिखित जवाफ ।

७. मिति २०५८।१२।२१ गते भक्तपुर मध्यपुर ठिमी न.पा. वडा नं. १३ बालकुमारीमा निज मानवहादुर तामाङ्गले सर्वसाधारणलाई आतंकित गरी आतङ्ककारी गतिविधिमा संलग्न गराउन जबरजस्ती गर्ने, दबाब दिने जस्ता क्रियाकलाप गरी आतंक मच्चाई रहेको अवस्थामा यस कार्यालयका प्रहरीले फेला पारी जिल्ला प्रशासन कार्यालय भक्तपुरमा पेश गरी ताँहाको मिति २०५८।१२।२२ को पत्रादेशानुसार निजलाई कारागार शाखामा नजरबन्दमा राखिएको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको प्रत्यर्थी जिल्ला प्रहरी कार्यालय भक्तपुरको लिखित जवाफ ।

८. निवेदक मानवहादुर तामाङ्गलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ अन्तर्गत यस कार्यालयको आदेशानुसार अनुसन्धानको सिलसिलामा नजरबन्दमा राखिएको, अनुसन्धान प्रक्रिया चलिरहेको र अनुसन्धान पश्चात् कानून बमोजिम हुने नै हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत व्यहोराको प्रत्यर्थी प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, भक्तपुरको लिखित जवाफ ।

९. नियमबमोजिम दैनिक पेशीसूचीमा चढी पेश भएको प्रस्तुत रिट निवेदनमा प्रत्यर्थीका तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता टीकाबहादुर हमालले निवेदकलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ अन्तर्गत नै थुनामा राखिएको भन्ने लिखित जवाफ समेतका कागजातबाट देखिंदा गैरकानूनी रूपमा थुनामा राखेको छैन, रिट निवेदन खारेज होस भन्ने बहस प्रस्तुत गर्नुभयो ।

१०. उपर्युक्त बहस जिकिर समेत सुनी निर्णय तर्फ विचार गर्दा, मिति २०५८।१२।८ गते पक्राउ गरिएका निवेदक मानवहादुर तामाङ्गलाई विपक्षीहरूले गैरकानूनी रूपमा लगातार थुनामा राखेको, पछिल्लो पटक मिति २०५९।९।१६ बाट आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ बमोजिम भनी नजरबन्दमा राख्ने गरेको आदेश पुर्जी तथा थुना समेत गैरकानूनी भएकाले त्यस्तो थुनाबाट मुक्त गरिदिनु भन्ने विपक्षीहरूका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने रिट निवेदन जिकिर रहेकोमा प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय भक्तपुरको लिखित जवाफबाट निवेदकलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ अन्तर्गत अनुसन्धानको सिलसिलामा नजरबन्दमा राखिएको भन्ने सम्म उल्लेख भई निजलाई कहिले देखि नजरबन्दमा राखिएको हो ? भन्ने कुरा देखिन आएको छैन । निवेदकलाई पटक-पटक रिहा गरेको र कानून बमोजिम थुनामा राखेको भने पनि रिहा गर्दा रिहा गरेको पुर्जी निवेदकलाई बुझाएको पनि सम्बन्धित फाइलबाट देखिदैन । निवेदकलाई मिति २०५९।९।१६ मा नजरबन्दमा राख्न जारी गरेको आदेशपुर्जी हेर्दा निवेदकबाट आतङ्ककारी तथा विध्वंसात्मक कार्य ( नियन्त्रण तथा सजाय) ऐन, २०५८ बमोजिम उक्त मितिबाट ९० (नव्वे) दिन नजरबन्दमा राख्न सुरक्षा अधिकारीले आदेश जारी गरेको देखिन्छ । सो जारी आदेशबाट निवेदकबाट के कस्तो आतङ्ककारी तथा विध्वंसात्मक कार्य हुने संभावना रहेको हो र सो रोक्नुपर्ने अपरिहार्यताको वस्तुगत आधार के हो ? उल्लेख भएको देखिदैन । केवल नजरबन्दमा राख्न पाउने अधिकारीको आत्मसन्तुष्टि (Subjective satisfaction) नै कसैलाई नजरबन्दमा राख्ने कार्यको आधार हो भन्न कानूनसङ्गत तथा न्यायोचित समेत हुँदैन । आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ को दफा ९ मा आतङ्ककारी तथा विध्वंसात्मक कार्य हुनसक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने विश्वास गर्न सकिने मनासिव आधार भएमा सुरक्षा अधिकारीले त्यस्तो व्यक्तिलाई नजरबन्द राख्ने आदेश जारी गर्नसक्नेछ भन्ने उल्लेख भएबाट मनासिव आधार भएको अवस्थामा मात्र नजरबन्दमा राख्न कानूनसम्मत मानिन्छ । केवल ऐनले आफूलाई अधिकार दिने दफा सम्म उल्लेख गरेर मात्र आतङ्ककारी तथा विध्वंसात्मक कार्य हुनसक्ने कुनै काम कुरा गर्नबाट निवेदकलाई रोक्नुपर्ने विश्वास गर्न सकिने मनासिव वस्तुगत आधार रहेको मान्न मिल्ने हुँदैन । ऐनको उल्लेखन मात्र पर्याप्त हुँदैन, ऐनको प्रयोगको लागि यसका पूर्वाधार पनि विद्यमान हुनु आवश्यक हुन्छ (२०५६ सालको रिट नं. ९९ निवेदक खिमलाल देवकोटा विपक्षी, गृह मन्त्रालय समेत मुद्दाः बन्दीप्रत्यक्षीकरण, आदेश मिति २०५९।६।८) । यी कानून तथा कानूनी सिद्धान्तको पृष्ठभूमिमा हेर्दा निवेदकलाई नजरबन्दमा राख्ने गरेको आदेश तथा सो बमोजिमको थुना समेत कानूनसम्मत देखिन आएन ।

११. अतः उपरोक्तानुसार रिट निवेदकलाई मिति २०५९।९।१६ मा जिल्ला प्रशासन कार्यालय, भक्तपुरका प्रमुख जिल्ला अधिकारीले नजरबन्दमा राख्ने गरेको आदेश पुर्जी र सो अनुरूपको थुना समेत मनासिव आधारको अभावमा गैरकानूनी देखिन आएकोले निवेदक मानवहादुर तामाङ्गलाई अविलम्ब थुनामुक्त गरी दिनू भन्ने विपक्षी भद्रबन्दीगृह, जगन्नाथदेवल काठमाडौं समेतका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ । निवेदकलाई थुनामुक्त गरिदिनु भनी आजै छुट्टै आदेशद्वारा लेखि पठाई सकिएकाले थप लेखिरहन परेन । मिसिल नियमानुसार बुझाई दिनु ।

उक्त रायमा म सहमत छु ।

न्या. गोविन्दबहादुर श्रेष्ठ

इति संवत् २०५९ साल चैत्र ७ गते रोज ६ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलास
सम्माननीय प्रधान न्यायाधीश श्री केदारनाथ उपाध्याय
माननीय न्यायाधीश श्री गोविन्दबहादुर श्रेष्ठ

संवत् २०५९ सालको रिट नं. ३००

आदेश मितिः २०५९।१२।१७।२

विषयः बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी पाउँ ।

निवेदक : दाङ्ग जिल्ला नारायणपुर-९ बस्ने हाल केन्द्रिय कारागार शाखा महिला बन्दीगृहमा थुनामा रहेकी कुशुम शर्माको हकमा का.जि.का.म.न.पा. वार्ड नं. ४ बस्ने कृष्णा लम्साल

विरुद्ध

विपक्षी : श्री ५ को सरकार गृह मन्त्रालय,काठमाण्डौ समेत

- **सार्वजनिक सुरक्षा ऐन, २०४६ को प्रयोग गर्दा सम्बन्धित अधिकारीले एकातिर सार्वजनिक शान्ति र व्यवस्था तथा जनताको सुरक्षालाई दृष्टिगत गर्नु पर्छ भने अर्को तर्फ नागरिकको हक अधिकारको पनि उचित सम्मान गर्नुपर्ने ।**

- **नजरबन्दमा राख्ने आदेशमा त्यस्तो आदेश जारी गर्नुपर्ने कारण र आधार खुलाउनु पर्नेमा नखुलाई पटक-पटक थुनुवा पूर्जि र रिहा पूर्जि दिंदा कानूनद्वारा नजरबन्दमा राख्न पाउने अधिकतम अवधिको समेत सीमा नघाई कानूनको गलत किसिमले प्रयोग गर्न पाउने छुट प्रमुख जिल्ला अधिकारीलाई नहुने ।**

आदेश

- प्र. न्या. केदारनाथ उपाध्याय

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ र ८८(२) अन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य तथा ठहर निम्न छः

निवेदिका कुशुम शर्मा आर.आर. क्याम्पस प्रदर्शनी मार्गमा अध्ययनरत हुनुहुन्छ । मिति २०५९।१।१५ गते दिउंसो २ बजे पद्मकन्या क्याम्पसबाट जाँच दिएर निस्कदै गर्दा सुरक्षाकर्मीद्वारा पक्राउ गरी जिल्ला प्रहरी कार्यालय हनुमानढोकामा लगी राखिएको । त्यसपछि मिति २०५९।१।२३ मा प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय काठमाण्डौबाट आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) ऐन, २०५८ को दफा ९ बमोजिमको पूर्जि दिइयो । उक्त पूर्जिमा ऐ. ऐनको दफा ३(१) को विभिन्न उपदफाहरुमा उल्लेखित कार्यबाट तपाईलाई रोक्न जरुरी भएकाले मिति २०५९।१।२३ देखि नजरबन्दमा राख्ने व्यहोरा उल्लेख रहेछ । त्यसपछि मिति २०५९।७।२२ मा पुनः नजरबन्दमा राख्ने आदेश गरिएको रहेछ । त्यसपछि मिति २०५९।१०।२७ मा प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय, काठमाण्डौबाट सार्वजनिक सुरक्षा ऐन, २०४६ अन्तर्गतको पूर्जि दिइयो ।

निवेदिकाबाट पूर्जिमा उल्लेख भए बमोजिम आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) ऐन, २०५८ को दफा ३(१) को विपरीत हुने गरी कुनै कार्य निवेदकबाट भएको छैन । सार्वजनिक सुरक्षा ऐन २०४६ को दफा ३(१) को कार्य हुनसक्ने पूर्वावस्था पनि छैन । अतः विपक्षीद्वारा गैरकानूनी ढंगले थुनामा राखी नजरबन्दको आदेश दिइएको र शुरुदेखि हालसम्म लगायतार गैरकानूनी रुपमा थुनामा राखी आफन्तलाई निर्बाध रुपमा भेटघाट गर्न नदिइएको तथा निवेदनमा सहिछाप समेत गर्न नदिएको हुँदा वैकल्पिक उपचारको अभावमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ र ८८(२) बमोजिम सम्मानित अदालत समक्ष रिट निवेदन लिई उपस्थित भएको छु । निवेदिका कुशुम शर्मालाई सम्मानित अदालत समक्ष उपस्थित गराई गैरकानूनी थुनाबाट मुक्त गरी दिनु भनी प्रत्यर्थीहरुका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निवेदकको वैयक्तिक स्वतन्त्रताको संरक्षण गरी पाउँ भन्ने समेतको रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? बाटाका म्याद बाहेक २४ घण्टाभित्र लिखित जवाफ पठाउनु भनी विपक्षीहरुलाई सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु भन्ने यस अदालत एक न्यायाधीशको इजलासको मिति २०५९।११।३० को आदेश ।

विपक्षी कुशुम शर्मालाई यस कार्यालयको आदेशानुसार सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) मा उल्लेखित काम गर्नबाट रोक्न जरुरी भएकोले सो ऐनले दिएको अधिकार प्रयोग गरी यस कार्यालयको आदेश पर्चामा खुलाइएका कारण र आधारमा मिति २०५९।१०।२७ देखि कारागार शाखा काठमाण्डौमा नजरबन्दको पूर्जि दिई कानून बमोजिम नजरबन्दमा राखिएको हुँदा रिट खारेज गरी पाउँ भन्ने व्यहोराको जिल्ला प्रशासन कार्यालय काठमाण्डौको लिखित जवाफ ।

यस मन्त्रालयबाट निजलाई पक्राउ गर्ने, थुनामा राख्ने आदेश नदिएको र निजको कुनै हक, अधिकार हनन नगरिएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको गृह मन्त्रालयको लिखित जवाफ ।

निवेदिका कुशुम शर्मा ने.क.पा. (माओवादी) समुहसँग आबद्ध रही देशमा चलीरहेको हिंसालाई तीव्र बनाउने उद्देश्यबाट परिचालित भएको भन्ने बुझीन आएकोले निज समेतलाई खोजी गर्ने क्रममा मिति २०५९।१।२१ मा फेला पारी पक्राउ गरिएको र निजलाई त्यसै छाडी दिंदा सर्वसाधारण मानिसको जिउधनको गम्भीर असर हुने तथा शान्ति सुव्यवस्था कायम राख्न असजिलो हुने महशुश गरी पक्राउ गरिएको २४ घण्टा भित्र जिल्ला प्रशासन कार्यालय काठमाण्डौमा पेश गरी आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ को दफा९(१) अनुसार नजरबन्दमा राख्ने आदेश भई नजरबन्दमा रहेकी हुन । नजरबन्दको अवधि समाप्त भई रिहा भई सकेको अवस्थामा पनि सोही काम कार्यमा संलग्न रहेको भन्ने बुझिन आएकाले पुनः पक्राउ गरी सुरक्षा अधिकारी समक्ष प्रस्तुत गरी सुरक्षा ऐन, २०४६ अनुसार नजरबन्दमा राख्ने आदेश भई नजरबन्दमा रहेकाले रिट निवेदन खारेज गरी पाउँ भन्ने समेतको जिल्ला प्रहरी कार्यालय काठमाण्डौको लिखित जवाफ ।

नियमानुसार पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदिकाको तर्फबाट प्रतिनिधित्व गर्नु हुने विद्वान अधिवक्ता लक्ष्मी पोखरेलले निवेदकलाई गैरकानूनी ढंगले लगातार थुनामा राखिएको छ । नजरबन्दमा राख्ने आदेश जारी गर्दा सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ४(१) बमोजिम कारण र आधार समेत खुलाइएको छैन । निवेदकको के काम कुराबाट आतङ्ककारी तथा विध्वसात्मक कार्य हुन गयो सो को विश्वास गर्न सकिने र मनासिव आधार समेत नभएकोले निवेदन माग बमोजिम बन्दीप्रत्यक्षकरणको आदेश

जारी हुनुपर्दछ भनी गर्नु भएको वहस तथा विपक्षी तर्फबाट प्रतिनिधित्व गर्नु भएका उपन्यायाधिवक्ता श्री सुरेन्द्रबहादुर थापाले निवेदिका कानून बमोजिम नै नजरबन्दमा रहेकाले निवेदन माग बमोजिमको आदेश जारी हुनुपर्ने अवस्था छैन भनी प्रस्तुत गर्नु भएको वहस समेत सुनियो ।

प्रस्तुत रिट निवेदनमा मिसिल संलग्न कागजातको व्यहेरा अध्ययन गरी रिट निवेदनको माग दावी बमोजिमको आदेश जारी हुनुपर्ने हो, होइन ? तत्सम्बन्धमा विचार गर्दा निवेदिका कसुम शर्मालाई मिति २०५९।१।१५ गते पक्राउ गरी आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) ऐन, २०५८ को दफा ९ बमोजिमको पूर्जि दिई मनासिव आधार र कारण बिना लगातार गैरकानूनी थुनामा राखेकाले त्यस्तो गैरकानूनी थुनाबाट मुक्त गरी दिनु भन्ने बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी पाउँ भन्ने निजको हकमा कृष्णा लम्सालले प्रस्तुत रिट निवेदन दायर गरेको देखिन आयो ।

साथसाथै निवेदिका कुशुम शर्मा आर.आर. क्याम्पसको विद्यार्थी भएको, पद्मकन्या क्याम्पसबाट जाँच दिएर निस्कदै गर्दा सुरक्षाकर्मीद्वारा पक्राउमा परी मिति २०५९।१।२३ मा आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) ऐन, २०५८ को दफा ९ बमोजिमको पूर्जि पाएको, तदउप्रान्त मिति २०५९।७।१९ गतेदेखि नजरबन्दबाट रिहा भएको र फेरी मिति २०५९।७।२२ मा नजरबन्दमा राख्ने आदेश गरी निरन्तर नजरबन्दमा राखिएको र पछिल्लो पटक मिति २०५९।१०।२७ मा सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) बमोजिम नजरबन्दमा राखिएको भन्ने समेत निवेदकको निवेदन जिकिरबाट देखिन आउँछ । निवेदिका कुशुम शर्मा सुरक्षा अधिकारीको आदेशले नजरबन्दमा रहेको भन्ने जिल्ला प्रहरी कार्यालय काठमाण्डौको लिखित जवाफ रहेको र निवेदिकालाई सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) मा उल्लेखित काम गर्नबाट रोक्न सो ऐनले दिएको अधिकार प्रयोग गरी यस कार्यालयको आदेश पर्चामा खुलाइएका कारण र आधारमा मिति २०५९।१०।२७ देखि नजरबन्दको पूर्जि दिई राखिएको भन्ने जिल्ला प्रशासन कार्यालय काठमाण्डौको लिखित जवाफ भएको पाइन्छ । निवेदिकालाई थुना पूर्जि र रिहा पूर्जि पटक-पटक बुझाउने गरेको भन्ने निवेदन जिकिरका सम्बन्धमा जिल्ला प्रशासन कार्यालयको लिखित जवाफमा प्रतिवाद हुन सकेको पाइदैन । निवेदिकालाई दिइएको पछिल्लो पटकको नजरबन्दको आदेशको सम्बन्धमा विचार गर्दा निजलाई सार्वजनिक सुरक्षा ऐन २०४६ को दफा ३(१) मा उल्लेखित काम गर्नबाट रोक्न जरुरी भएको भनी नजरबन्दमा राख्ने आदेश दिइएको देखिन्छ । तर सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) मा "नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्था तत्काल खलल पर्नसक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नु पर्ने उचित र पर्याप्त आधार भएमा स्थानीय अधिकारीले निजलाई कुनै खास अवधिसम्म कुनै खास ठाउँमा नजरबन्द राख्ने आदेश जारी गर्नसक्नेछ । "भन्ने व्यवस्था रहेको र सोही ऐनको दफा ४(१) मा उपदफा ३(१) वा ३(२) अन्तर्गत कुनै आदेश जारी गर्दा स्थानीय अधिकारीले त्यस्तो आदेश जारी गर्नुपर्ने कारण र आधार खुलाई सो आदेश सम्बन्धित व्यक्तिलाई दिनुपर्ने छ" भन्ने समेतको बाध्यात्मक कानूनी व्यवस्था रहेकोमा जिल्ला प्रशासन कार्यालयबाट जारी भएको त्यस्तो नजरबन्दको आदेशमा आदेश जारी गर्नुपर्ने कारण र आधार खुलाएको भने देखिंदैन । जिल्ला प्रशासन कार्यालयबाट पेश भएको लिखित जवाफमा नदरबन्दको आदेश पर्चामा कारण र आधार खुलाइएको भनिए तापनि सो आदेश पर्चा सहितको फाइल महान्यायाधिवक्ताको कार्यालयबाट ताकेता गर्दा पनि प्राप्त हुन नआएको भन्ने बुझिन आएको समेत देखिन्छ ।

नेपाल अधिराज्यको संविधान, २०४७ द्वारा संरचना गरिएको प्रजातान्त्रिक शासन व्यवस्था अन्तर्गत, सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्नसक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई नियन्त्रण गर्नुपर्ने अवस्थामा पनि कानूनको शासन एवं संविधानको सर्वोच्चताको परित्याग गर्न सकिदैन । यसका लागि सार्वजनिक सुरक्षा ऐन, २०४६ को प्रयोग गर्दा सम्बन्धित अधिकारीले

एकातिर सार्वजनिक शान्ति र व्यवस्था तथा जनताको सुरक्षालाई दृष्टिगत गर्नु पर्छ भने अर्को तर्फ नागरिकको हक अधिकारको पनि उचित सम्मान गर्नुपर्ने हुन्छ । यद्यपी त्यस्तो व्यक्ति शंकास्पद र हिरासतमा लिनुपर्ने अवस्थाको नै किन नहोस् । नजरबन्दमा राख्ने आफ्नो आदेशमा त्यस्तो आदेश जारी गर्नुपर्ने कारण र आधार खुलाउनु पर्नेमा नखुलाई पटक-पटक थुनुवा पूर्जि र रिहा पूर्जि दिंदा कानूनद्वारा नजरबन्दमा राख्न पाउने अधिकतम अवधिको समेत सीमा नघाई कानूनको गलत किसिमले प्रयोग गर्न पाउने छुट प्रमुख जिल्ला अधिकारीलाई हुने देखिन आउंदैन ।

उपरोक्त विवेचना समेतको परिप्रेक्ष्यमा रिट निवेदिकाको हकमा निजलाई नदरबन्दमा राख्ने गरेको आदेश पूर्जि र सम्बन्धित तथ्यहरु तथा इजलासलाई सम्बन्धित रेकर्डहरु प्राप्त नभएको स्थिति समेतलाई विचार गर्दा जिल्ला प्रशासन कार्यालय काठमाण्डौका प्रमुख जिल्ला अधिकारीद्वारा नजरबन्दमा राख्ने गरेको काम कानुन अनुरुप नभई गैरकानूनी देखिंदा निजलाई थुनाबाट मुक्त गरिदिनु भनी कारागार शाखा जगन्नाथ देवल काठमाण्डौको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ निजलाई थुनाबाट छाडिदिनु भनी आजैको आदेशद्वारा पत्र पठाइसकेकोले आदेशको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालयलाई जानकारीको निमित्त पठाई मिसिल नियमानुसार बुझाई दिनु ।

उक्त रायमा सहमत छु ।

न्या. गोविन्दबहादुर श्रेष्ठ

इति संवत् २०५९ साल चैत्र १७ गते रोज २ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दिलीपकुमार पौडेल
माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी

संवत् २०५९ सालको रिट नं. ३०१

आदेश मितिः २०५९।१२।१८

विषय : बन्दीप्रत्यक्षीकरण ।

निवेदक : गोरखा जिल्ला हर्मी गा.वि.स. वडा नं. ७ घर भई हाल केन्द्रीय कारागार शाखामा गैरकानूनी रुपमा थुनामा रहेका रामजी पराजुलीको हकमा श्यामसुन्दर पराजुली

विरुद्ध

विपक्षी : श्री ५ को सरकार, गृह मन्त्रालय समेत

- **नजरबन्दमा राख्न गरेको आदेश पर्चामा नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता, सार्वजनिक शान्ति र व्यवस्थामा खलल पार्न सघाउ पुऱ्याउने खालको सो ऐनमा उल्लेखित के कस्तो कार्य हुनसक्ने हो सो र सो कार्य गर्नबाट निजलाई रोक्नुपर्ने मनासिव आधारहरु के के हुन ती आधारहरु खुलेको नदेखिनुका साथै उक्त ऐनको दफा ४.१ बमोजिम त्यस्ता कारण र आधार सहितको पुर्जी बन्दीलाई दिएको देखिन नआउने ।**

- **कुनै पनि व्यक्तिलाई ऐन बमोजिम नजरबन्दमा राख्ने आदेश जारी गर्दा ऐनको दफा मात्र उल्लेख गर्नु पर्याप्त नभई सो को कारण र आधार समेत उल्लेख गर्नुपर्ने ।**

आदेश

- न्या. दिलीपकुमार पौडेल

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३।८८(२) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छः

म निवेदक अनाथालयमा रहेका बालबालिकाहरुलाई पढाउने शिक्षक हुं । मिति २०५९।७।२९ मा म मेरो गोंगबु स्थित डेरामा रहेको अवस्थामा केही सिभिल ड्रेसका सुरक्षाकर्मीले पक्राउ गरी अज्ञातस्थलमा लगी शारीरिक र मानसिक यातना दिई राखेका र मिति २०५९।८।१३ मा जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा लगी आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश २०५८ को दफा ३ को उपदफा (१) मा उल्लेखित विभिन्न कार्यबाट रोक्न सोही अध्यादेशको दफा ९(१) बमोजिम कारागार शाखामा नजरबन्दमा राख्ने आदेश जारी गरी नजरबन्दमा राखिएको छ । उक्त नजरबन्दको अवधि ९० दिन समाप्त भैसकेपछि पनि रिहा नगरी पुनः २०५९।११।१५ मा सार्वजनिक सुरक्षा ऐन अन्तर्गत नजरबन्दमा राख्ने भनी आदेश पुर्जी थमाइ अद्यावधि निरन्तर रुपमा विपक्षीहरुको गैरकानूनी थुनामा नै छु । म निवेदकबाट कुनै आतङ्ककारी वा विध्वंसात्मक कार्य गरेको वा हुन वा गर्न लागेको स्थिति पनि छैन ।

विपक्षीहरुले मबाट कुनै त्यस्तो कार्य भएगरेको वा हुनसक्ने तथ्ययुक्त, वस्तुगत, र न्यायोचित आधार प्रमाण पेश दाखिल गर्न सक्नु भएको पनि छैन । दुबै आदेशहरु कपोलकल्पित र झुट्टा हुन । यसरी विपक्षीहरुले मलाई थुनामा राखिएको कार्य संविधान तथा प्रचलित ऐनको प्रतिकूल छ । अतः विपक्षीहरुको उल्लेखित काम कारवाहीबाट नेपाल अधिराज्यको संविधान, २०४७ द्वारा प्रदत्त मेरो मौलिक हकमा प्रतिकूल असर परे पारेबाट ऐ को धारा ८८(२) अनुसार बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरि विपक्षीहरुको उल्लेखित सम्पूर्ण काम कारवाही बदर गरी निवेदकलाई विपक्षीहरुको गैरकानूनी थुनाबाट मुक्त गरी दिनु भन्ने आदेश जारी गरिपाउँ भन्ने समेत व्यहोराको रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश जारी किन हुन नपर्ने हो ? यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक चौबिस घण्टा भित्र सम्बन्धित मिसिल साथै राखी लिखित जवाफ पठाउनु भनी विपक्षीहरुलाई सूचना दिई लिखित जवाफ आएपछि तथा अवधि नाघेपछि पेश गर्नु भन्ने समेत व्यहोराको यस अदालत एक न्यायाधीशको इजलासको को आदेश ।

निवेदक ने.क.पा. माओवादीसङ्ग आबद्ध रही हिंसात्मक कार्यमा लागेको भन्ने बुझिएकाले मिति २०५८।११।२५ मा पक्राउ गरिएको र त्यसै छाडिदिंदा सर्वसाधारणको जीउ धनमा गम्भीर असर पर्न जाने देखी पक्राउ भएको २४ घण्टा भित्र जिल्ला प्रशासन कार्यालय काठमाडौंमा पेश गरिएकोमा आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ को दफा ९(१) बमोजिम कारागार शाखामा नजरबन्दमा राख्ने आदेश जारी भएकाले नजरबन्दमा राखिएको हो । नजरबन्द समाप्त भैसकेको अवस्थामा पुनः सोही कार्य गरेको भन्ने बुझिएकोले पुनः पक्राउ गरी सुरक्षा अधिकारी समक्ष पेश गरिएकोमा सार्वजनिक सुरक्षा ऐन,२०४६ अन्तर्गत नजरबन्दमा राख्ने आदेश दिएकाले नजरबन्दमा राखिएको हो । झुट्टा व्यहोरा उल्लेख गरी दायर गरेको रीट निवेदन खारेज गरिपाउँ भन्ने समेत व्यहोराको जिल्ला प्रहरी कार्यालय काठमाडौं को लिखित जवाफ ।

रिट निवेदकलाई पक्राउ गर्ने, थुनामा राख्ने लगाएतका कुनै पनि कार्य यस मन्त्रालयबाट नभएको र निजको कुनै हक अधिकारमा हनन समेत नभएको हुँदा रीट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको गृह मन्त्रालयको लिखित जवाफ ।

विपक्षी निवेदकलाई यस कार्यालयको आदेशानुसार सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ मा उल्लेखित काम गर्नबाट रोक्नलाई सो ऐनले दिएको अधिकार प्रयोग गरी आदेश पर्चामा खुलाइएको कारण र आधारमा कानूनको रीत पुर्‍याई २०५९।११।१५ देखि नजरबन्दमा राखिएको हुँदा रीट निवेदन खारेज गरिपाउँ भन्ने समेत व्यहोराको जिल्ला प्रशासन कार्यालय काठमाडौं को लिखित जवाफ ।

नियम बमोजिम मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदक तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री हरिकृष्ण कार्कीले एक पटक आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश २०५८ अन्तर्गत नजरबन्दमा राखिसकेपछि रिहा नै नगरी पुनः ०५९।११।१५ मा सार्वजनिक सुरक्षा ऐन अन्तर्गत थुनामा राखिएको छ । थुनामा राख्न दिएको आदेश पुर्जीमा पर्याप्त आधार र कारण खुलाउनु पर्ने बाध्यात्मक कानुनी व्यवस्थाको पालना समेत नगरी गैरकानूनी रुपमा थुनामा राखिएको हुनाले बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्छ भनी गर्नुभएको बहस जिकिर समेत सुनी मिसिल संलग्न कागजातहरु अध्ययन गरी हेर्दा निवेदकको माग बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

निर्णय तर्फ विचार गर्दा मलाई मिति २०५९।७।२९ मा पक्राउ गरी थुनामा राखी २०५९।८।१३ मा जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा पेश गरी आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०५८ अन्तर्गत नजरबन्दमा राख्ने आदेश जारी गरी नजरबन्दमा राखिएको र उक्त अवधि समाप्त भएपछि रिहा गरेको पुर्जी दिई रिहा नै नगरी पुनः सार्वजनिक सुरक्षा ऐन,२०४६ अन्तर्गत नजरबन्दमा राख्ने आदेश गरी पुर्जी थमाई निरन्तर रुपमा गैरकानूनी थुनामा राखिएको र विपक्षीहरुको उक्त कार्य संविधान तथा प्रचलित ऐन विपरीत भएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरि विपक्षीहरुको गैरकानूनी थुनाबाट मुक्त गरिपाऊँ भन्ने निवेदन दावी र निवेदकलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ तथा सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) मा उल्लेखित कार्यबाट रोक्नलाई सोही ऐन बमोजिम नजरबन्दमा राख्ने आदेश जारी गरी नजरबन्दमा राखिएको हुँदा कानून बमोजिमको थुना हो रीट जारी हुने अवस्था छैन खारेज हुनुपर्छ भन्ने लिखित जवाफ रहेको पाइयो । निवेदक लाई मिति २०५९।११।१५ देखि नजरबन्दमा राखिएको जिल्ला प्रशासन कार्यालय काठमाडौंको पत्र मिसिल सामेल भएको देखिन्छ । मिसिल संलग्न आदेश पुर्जीमा निवेदकलाई सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) मा उल्लेखित कार्यबाट रोक्नलाई सोही ऐनले दिएको अधिकार प्रयोग गरी नजरबन्दमा राख्ने आदेश दिइएको भन्ने व्यहोरा उल्लेख गरेको पाइन्छ ।

सार्वजनिक सुरक्षा ऐन,२०४६ को दफा ३.१ बमोजिम नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता, सार्वजनिक शान्ति र व्यवस्थामा खलल पार्न सघाउ पुर्‍याउने खालको काम कारवाही गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने उचित र प्रर्याप्त आधार भएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो व्यक्तिलाई नजरबन्दमा राख्ने आदेश जारी गर्नसक्ने भन्ने र सोही ऐनको दफा ४.१ मा त्यसरी नजरबन्दको आदेश जारी गर्दा नजरबन्दमा राख्नुपर्नाको आधार र कारण खुलाई सम्बन्धित व्यक्तिलाई पुर्जी दिनुपर्छ भन्ने कानूनी व्यवस्था गरेको पाइन्छ । मिति २०५९।११।१५ मा पछिल्लो पटक जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख जिल्ला अधिकारीले यी निवेदकलाई नजरबन्दमा राख्न गरेको आदेश पर्चामा निवेदकबाट नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता, सार्वजनिक शान्ति र व्यवस्थामा खलल पार्न सघाउ पुर्‍याउने खालको सो ऐनमा उल्लेखित के कस्तो कार्य हुनसक्ने हो सो र सो कार्य गर्नबाट निजलाई रोक्नुपर्ने मनासिव आधारहरु के के हुन ती आधारहरु खुलेको नदेखिनुका साथै उक्त ऐनको दफा ४.१ बमोजिम त्यस्ता कारण र आधार सहितको पुर्जी निवेदक बन्दीलाई दिएको देखिन आएन । कुनै पनि व्यक्तिलाई उक्त ऐन बमोजिम नजरबन्दमा राख्ने आदेश जारी गर्दा ऐनको दफा मात्र उल्लेख गर्नु पर्याप्त नभई सो को कारण र आधार समेत उल्लेख गर्नुपर्ने हुन्छ । निवेदकले मिति २०५९।७।२९ मा नै थुनामा राखिएको भनिएकोमा सो व्यहोलालाई लिखित जवाफमा खण्डन गर्न नसकेपछि सोही मिति देखिनै बन्दी रामजी पराजुलीलाई थुनामा राखिएको भन्ने तथ्य स्थापित भएको हुँदा आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन अन्तर्गत नजरबन्दमा रहेको व्यक्तिबाट के कसरी सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ अन्तर्गतको कार्य हुनसक्ने देखि रोक लगाउनु परेको हो सो को समेत पर्याप्त आधार र कारण देखिन नआएको र सार्वजनिक सुरक्षा ऐनको दफा ४(१) बमोजिमको आदेश पनि बन्दीलाई दिएको नदेखिंदा निवेदकलाई नजरबन्दमा राख्ने गरेको जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख जिल्ला अधिकारीको आदेश कानून बमोजिमको नभै गैरकानूनी देखिंदा निवेदकलाई अरु मुद्दाको कारणबाट थुनामा

राख्नु पर्ने नभएमा यो आदेश प्राप्त हुनासाथ तुरुन्त गैरकानूनी थुनाबाट मुक्त गरि दिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ। निवेदकलाई थुनामुक्त गरिदिनु भनी आजै छुट्टै आदेश भएकाले यसमा अरु केही गरिरहनु परेन । यो आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षीहरुलाई दिई मिसिल नियमानुसार बुझाई दिनु ।

उक्त रायमा सहमत छु।

न्या. मीनबहादुर रायमाझी

इति सम्बत् २०५९ साल चैत १८ गते रोज ३ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री केदारनाथ उपाध्याय
माननीय न्यायाधीश श्री राम नगिना सिंह

संवत् २०५९ सालको रि.नं ३३४

आदेश मितिः २०५९।१२।२५।३

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : जाजरकोट जिल्ला नायकवाडा गा.वि.स. वार्ड नं. ९ घर भई हाल गैरकानूनी थुनामा रहेका वर्ष २५ को महेशकुमार चलाउनेको हकमा एडभोकेसी फोरमका अभिवक्ता सीताशरण मण्डल

विरुद्ध

विपक्षी : श्री ५ को सरकार गृह मन्त्रालय समेत

- **पेशागत वा व्यवसायिक उद्देश्यले खडा भएका निवेदकको जस्तो कानून व्यवसायीको संस्थाले स-शुल्क वा निशुल्क कानूनी सेवा प्रदान गर्न पाउने भए पनि कानून व्यवसायीको रुपमा दर्ता भएको संस्थाले मानव अधिकारवादी संस्थाले गर्न पाउने कार्य अथवा थुनुवा कैदीको लागि स्वयं वादी प्रतिवादी भै मुद्दा मामिला समेत गर्ने उद्देश्यले स्थापित अन्य गैर सरकारी संस्था (NGOS) को स्थान समेत स्वतः ग्रहण गर्न नपाउने ।**

- **कुनै पनि संस्था जुन प्रयोजनको निम्ति दर्ता रजिष्टर भएको हुन्छ सो भन्दा बेग्लै प्रकृतिका काम कुराहरु सो संस्थाबाट हुन नसक्ने ।**

- **संस्था दर्ता हुँदा स्वीकृत उद्देश्य बाहिरको काम कुराको हकमा नालिश उजूर गर्ने हकदैया (Locus Standi) सो संस्थालाई स्वतः नहुने हुँदा प्रस्तुत रिट निवेदनलाई प्राकृतिक व्यक्तिले दिएको रिट निवेदन सरह मानी तहकिकात हुनसक्ने स्थिति नदेखिने ।**

आदेश

- प्र. न्या. केदारनाथ उपाध्याय

१. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३, ८८(२) अन्तर्गत पर्न आएको प्रस्तुत निवेदन सहितको व्यहोरा एवं ठहर यसप्रकार छः

२. एड्भोकेसी फोरम संकिय कानून व्यवसायीहरुद्वारा स्थापित मानव अधिकारको क्षेत्रमा क्रियाशील एक गैर सरकारी संस्था हो । जसले मानव अधिकार उलङ्घनबाट पीडितहरुलाई निशुल्क कानूनी सल्लाह प्रदान गर्ने लगायतका कार्य गर्दै आइरहेको छ । त्यसै सन्दर्भमा निज महेशकुमार चलाउनेले दिएको निवेदनका आधारमा संस्थाको तर्फबाट निज बन्दीको हकमा यो बन्दीप्रत्यक्षीकरणको निवेदन लिई उपस्थित भएको छु । निवेदक महेशकुमार चलाउने

जाजरकोटबाट घरायसी कामले राजधानी काठमाडौं आई मिति २०५८।९।७ गते घर फर्किरहेको अवस्थामा विपक्षी जिल्ला प्रहरी कार्यालयको आदेशले भनी प्रहरी भ्यानमा राखी जिल्ला प्रहरी कार्यालयमा लगी सोही दिन विस्फोटक पदार्थ अपराधमा अनुसन्धान गर्न भन्ने व्यहोराको पूर्जि दिई थुनामा राखियो । मुद्दा चलाएकोमा २०५८।४।१० मा काठमाडौं जिल्ला अदालतबाट रु.५०००।- धरौट माग भई रकम बुझाई सकेपछि पनि थुनामुक्त नगरी पक्राउ गरी २ दिनपछि सार्वजनिक अपराधको अभियोगमा म्याद थप गरी थुनामा राखियो । जिल्ला प्रशासन कार्यालयमा मिति २०५८।५।६ गते रु. ५०००।- धरौट माग भएकोमा धरौट बुझाउन नसकी थुनामा बस्नुपर्ने समय २०५८।९।६ मा सकिएपछि थुनामुक्त नगरी बिना पूर्जि थुनामा राखियो । एकै चोटी ०५८।१०।१२ मा विपक्षी प्रमुख जिल्ला अधिकारीको आदेशले आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) अध्यादेश २०५८ को दफा ३(१) को (क)(ख)(ङ) मा उल्लेखित कार्यहरु गर्नबाट रोक्न जरुरी भएको भन्ने व्यहोराको पूर्जि दिई थुनामा राखियो । उक्त पूर्जि बमोजिम थुनामा राख्न सकिने अधिकतम् ९० दिन पूरा भएपछि पुनः २०५९।१।१६ गते विपक्षी प्र.जि.अ.को आदेशले आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) ऐनको दफा ३(१) मा उल्लेखित कार्य रोक्न नजरबन्दमा राख्ने भन्ने पूर्जि दिइयो । उक्त पूर्जि अन्तर्गत थुनामा राख्नसक्ने अधिकतम हद पूरा भएपछि सोही ऐनको सोही दफा उल्लेख गरी अर्को पूर्जि दिइयो । त्यसपछि पुनः २०५९।७।१५ मा पूर्जि दिई थुनामा राखियो । ९० दिन पूरा भएपछि रिहा नगरी पुनः ०५९।१०।१७ मा सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) मा उल्लेखित कार्य गर्नबाट रोक्न भन्ने व्यहोराको नजरबन्दको पूर्जि दिई गैरकानूनी थुनामा राखिएको छ । यसरी प्रत्यर्थीहरुको काम कार्यवाहीबाट निवेदकलाई नेपाल अधिराज्यको संविधान, २०४७ द्वारा प्रदत्त मौलिक एवं वैयक्तिक स्वतन्त्रताको हक समेतबाट वञ्चित गरी थुनामा राखेको हुँदा गैरकानूनी थुनाबाट मुक्त गरी दिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरीपाउँ भन्ने समेत व्यहोराको रिट निवेदन ।

३. यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? बाटाका म्याद बाहेक ३ दिन भित्र लिखित जवाफ पठाउनु भनी विपक्षीहरुलाई सूचना पठाई नियम बमोजिम पेश गर्नु भन्ने समेत व्यहोराको यस अदालत एक न्यायाधीशको इजलासको मिति २०५९।१२।१० को आदेश ।

४. निवेदक महेशकुमार चलाउने ने.क.पा. (माओवादी) समुहसँग आबद्ध रही हिंसालाई तिब्र बनाउँने, विस्फोटक पदार्थ ओसारपसार गर्ने जस्ता कार्य गरेको बुझिन आएकोले खोजी गर्ने क्रममा विस्फोटक पदार्थ सहित पक्राउ भई आएको र २४ घण्टा भित्र मुद्दा हेर्ने अधिकारीको अनुमति लिई हिरासतमा राखिएकोमा प्रस्तुत मुद्दामा निज छुटि गएकोमा चन्दा असुल्ने जस्ता काम कार्यवाही गरेकोले खोजी गर्ने क्रममा ०५८।४।१५ मा फेलापरी केही सार्वजनिक अपराध र सजायँ ऐन, २०२७ अनुसार अनुसन्धान गर्ने क्रममा अनुमति लिई अनुसन्धान कार्य पूरा भएको हो । प्रस्तुत मुद्दाबाट छुटी गएपछि पनि आतङ्ककारी गतिविधिमा संलग्न रहेको बुझिएकोले ०५८।१०।११ मा पक्राउ गरी नजरबन्दमा राख्ने आदेश भई नजरबन्दमा रहेको अवधि समाप्त भएपछि रिहा भएको अवस्थामा पनि सोही काम गरेको भन्ने बुझिएकोले सार्वजनिक सुरक्षा ऐन, २०४६ अनुसार मिति २०५९।१०।१७ बाट नजरबन्दमा राख्ने आदेश भई नजरबन्दमा रहेकोमा गैरकानूनी थुनामा राखेको भन्ने जस्ता कुरा रची यस कार्यालय समेतलाई विपक्षी बनाई रिट निवेदन दिएको हुँदा रिट निवेदन बदरभागी छ खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको जिल्ला प्रहरी कार्यालय काठमाडौंको लिखित जवाफ ।

५.	यस मन्त्रालयबाट निजलाई पक्राउ गर्ने, थुनामा राख्ने आदेश दिइएको छैन । रिट निवेदन खारेज गरी पाउन सादर अनुरोध गर्दछु भन्ने समेत व्यहोराको गृह मन्त्रालयको लिखित जवाफ ।

६.	सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) मा उल्लेखित काम गर्नबाट रोक्न जरुरी भएकोले यस कार्यालयको आदेश पर्चामा खुलाइएको कारण र आधारमा मिति २०५६।१०।१७ देखि पूर्जि दिई नजरबन्दमा राखिएको हुँदा रिट खारेज गरी पाउन सादर अनुरोध गरिएको छ भन्ने समेत व्यहोराको जिल्ला प्रशासन कार्यालय काठमाडौं तथा ऐका प्रमुख जिल्ला अधिकारीको लिखित जवाफ ।

७.	नियमानुसार पेश भएको प्रस्तुत रिट निवेदनमा निवेदक तर्फबाट विद्वान अधिवक्ता श्री योगेन्द्र भट्टराईले गर्नु भएको वहस समेत सुनी निर्णय तर्फ विचार गर्दा रिट निवेदक एड्भोकेसी फोरम कानून व्यवसायीहरुद्वारा स्थापित एक गैर सरकारी संस्था भएको र निवेदकले जिकिर लिए बमोजिम मानव अधिकारको क्षेत्रमा देशको विभिन्न ठाउँमा प्रहरी हिरासत तथा जेलमा रहेका व्यक्तिहरुलाई निशुल्क कानूनी सेवा प्रदान गर्ने, अदालतमा प्रतिनिधित्व गर्ने लगायतका कार्य गर्दै आएको भनी नजरबन्दमा रहेका भनिएका महेशकुमार चलाउनेले सहयोगको अनुरोध गरे अनुसार सो संस्थाले प्रस्तुत रिट निवेदन दायर गरेको भनी यो रिट निवेदन यस इजलास समक्ष पेश भएको देखिन आउँछ । निवेदक एड्भोकेशी फोरम दर्ता हुँदाका अवस्थामा मानव अधिकारको क्षेत्रमा र प्रहरी हिरासत तथा जेलमा रहेका थुनुवा कैदीहरुको हकमा मुद्दा चलाउने उद्देश्यले स्थापित संस्थाको रुपमा दर्ता भएको भन्ने कुरा निवेदक पक्षका विद्वान अधिवक्ताले इजलासमा देखाउन सक्नु भएको पाइदैन । पेशागत वा व्यवसायिक उद्देश्यले खडा भएका निवेदकको जस्तो कानून व्यवसायीको संस्थाले स-शुल्क वा निशुल्क कानूनी सेवा प्रदान गर्न पाउने भए पनि कानून व्यवसायीको रुपमा दर्ता भएको संस्थाले मानव अधिकार वादी संस्थाले गर्न पाउने कार्य अथवा थुनुवा कैदीको लागि स्वयं वादी प्रतिवादी भै मुद्दा मामिला समेत गर्ने उद्देश्यले स्थापित अन्य गैर सरकारी संस्था (NGOS) को स्थान समेत स्वतः ग्रहण गर्न पाउने देखिदैन । अतः कुनै पनि संस्था जुन प्रयोजनको निम्ति दर्ता रजिष्टर भएको हुन्छ सो भन्दा बेग्लै प्रकृतिका काम कुराहरु सो संस्थाबाट हुन नसक्ने र संस्था दर्ता हुँदा स्वीकृत उद्देश्य बाहिरको काम कुराको हकमा नालिश उजूर गर्ने हकदैया (Locus Standi) सो संस्थालाई स्वतः नहुने हुँदा प्रस्तुत रिट निवेदनलाई प्राकृतिक व्यक्तिले दिएको रिट निवेदन सरह मानी तहकिकात हुनसक्ने स्थिति देखिन आएन । नजरबन्दमा भएका निज महेशकुमार चलाउनेको हकमा निजका नातेदार, इष्टमित्र साथीभाई समेतका प्राकृतिक व्यक्तिले अथवा अधिकार प्राप्त संस्थाले निवेदन दिएमा कारवाही हुने नै हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । नियमानुसार गरी मिसिल बुझाई दिनु ।

उपर्युक्त रायमा सहमत छु ।

न्या. रामनगिना सिंह

इति संवत् २०५९ साल चैत्र २५ गते रोज ३ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलास
मानननीय न्यायाधीश श्री हरिश्चन्द्रप्रसाद उपाध्याय
माननीय न्यायाधीश श्री खिलराज रेग्मी

सम्वत् २०५९ सालको रि.नं. १७९

आदेश मितिः २०६०।१।२।३

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : नुवाकोट जिल्ला कुमारी गा.वि.स वडा नं. १ घर भई हाल कारागार शाखा काठमाडौं भद्रबन्दी गृहमा थुनामा बस्ने दिपकराज मुडवरीको हकमा रामप्रसाद आचार्य

विरुद्ध

विपक्षी : कारागार शाखा काठमाडौं समेत

- **अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान र तत्काल प्राप्त प्रमाणको आधारमा अ.वं. ११८ को देहाय २ अन्तर्गत थुनामा राखी पुर्पक्ष गर्ने गरी गरिएको आदेश र सोलाई सदर गर्ने गरेको कारवाही अधिकारयुक्त निकायबाट भएको देखिदा उक्त आदेश प्रवृत्त भावनाबाट भएको भन्न नसकिने ।**

- **मुद्दाको कारवाहीमा सबुद प्रमाणको आधारमा कानून बमोजिम निर्णय हुनुपर्ने तथ्य सम्बन्धी कुरामा मुद्दा सरह गरी प्रमाणको मूल्यांकन गरी निर्णय गर्न रिट क्षेत्रबाट नमिल्ने ।**

आदेश

- न्या. खिलराज रेग्मी

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३।८८(२) अन्तर्गत पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः

प्रत्यर्थी मित्रलाल काफ्लेको जाहेरीले मृतक अर्जुन काफ्लेको मृत्यु सम्बन्धमा इलाका प्रहरी कार्यालय रानीखोला धादिङका मिति २०५९।८।२९ मा वारदात देखाई दिएको उजुरीबाट मिति २०५९।९।१ मा पक्राउ गरिएको र मिति २०५९।८।२९ मा वारदात देखाई दिएको उजुरीबाट मिति २०५९।९।१ मा पक्राउ गरिएको मिति २०५९।९।९ मा सो घटनामा निर्दोष रहेको वयान दिएको थिए । सो मुद्दामा म उपर सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १४७ र दफा १६१(२) अन्तर्गतको दावी लिई स.मु.स. ऐन, २०४९ को दफा १८(१) बमोजिम अभियोग पत्र का.जि.मा दर्ता भई मिति २०५९।१०।३ मा थुनछेक आदेश हुँदा मिसिल संलग्न तत्काल प्रमाणबाट मूलुकी ऐन, अ.वं. ११८ को देहाय (२) को अवस्था विद्यमान देखाई थुनामा राखी पुर्पक्ष गर्ने आदेश भयो । सो आदेश उपर अ.वं. १७ नं. अन्तर्गत निवेदन दिएकोमा प्रत्यर्थी पुनरावेदन अदालतबाट सोही आदेश सदर हुने गरी मिति २०५९।८।२९ मा सडकमा मृतक लाश भेटिएको भन्ने इ.प्र.का. खानीखोलाको प्र.स.नि.को प्रतिवेदनबाट मुद्दाको सिर्जना भएको छ । वारदात भएको अवस्थामा म निवेदकले वा१(ख) १९०४ नं. को वस तिब्रगतिमा हाँकेको र सोही वसको ठक्करबाट मृतक

अर्जुन काफ्लेको मृत्यु भएको देखाइएको छ। जुन सर्वथा गलत तथा भ्रामक छ। मैले हाँकेको वसको कुन साइडबाट ठक्कर लागेको हो भन्ने स्पष्ट अभियोग छैन। मैले प्रहरीमा वयान गर्दा भ्याप्ले खोलानेर एकजना पागल जस्तो मानिस सडकको दायाँ साइडमा वसि कराई रहेको थियो भनी वयान गरेको र आफ्नो साइडबाट अर्कै तर्फ गएको भनी देखाएको थिए मेरो वसको अगाडि कुनै पनि मानिस थिएन। सो सम्बन्धमा प्रहरीमा भएको वयानलाई आधार बनाई लापर्वाहीसाथ वस चलाई मानिसलाई ठक्कर दिई मृतकको मृत्यु भएको अपराधको आरोप सवारी तथा यातायात ऐन थुनामा राखी कारवाही गर्ने गरी आदेश भएको छ। प्रत्यक्ष रुपले तत्काल प्राप्त प्रमाणहरुको अभावमा थुनामा राखी पुर्पक्ष गर्ने गरी भएको आदेश र त्यसलाई सदर गर्ने गरि भएको पुनरावेदन अदालतको आदेश समेत त्रुटिपूर्ण हुँदा सो आदेश वदर गरि बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी गैरकानूनी थुनाबाट मुक्त गरिपाऊँ भन्ने समेतको रिट निवेदन पत्र।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनुपर्ने हो ? बाटाका म्याद बाहेक ३ दिन भित्र महान्यायाधिवक्ता कार्यालय मार्फत लिखित जवाफ पठाउनु भनी विपक्षीहरुलाई सूचना पठाई लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु भन्ने समेतको यस अदालतको आदेश।

मिति २०५९।८।२९ गतेका दिन विपक्षीले चलाएको वा१(ख) १९०४ नं. को मिनिवसले अर्जुनलाई ठक्कल दिई सोही चोटबाट मृत्यु भएको भन्ने जाहेरी र सोही विपक्षी दिपकराज मुडवेरीले चलाएको सवारीबाट मृतकको मृत्यु भएको हो भन्ने ना.२(ख) ६५२५ नं. को ट्रक चालक नारायण तामाङ र ना२(ख) ६४०१ नं. को ट्रक चालक हर्षबहादुर राईले प्रत्यक्षदर्शी भई अधिकार प्राप्त अधिकारी समक्ष गरेको कागज समेतका तत्काल प्राप्त प्रमाणबाट अ.वं. ११८ को देहाय २ को अवस्था विद्यमान नदेखिदा थुनामा राखी पुर्पष गर्नु भन्ने यस अदावतबाट आदेश भएकोमा अ.वं. १७ नं. बमोजिम सो आदेश वरद गरिपाऊँ भनी निवेदन परेकोमा पुनालवेदन अदालत पाटनबाट कानून बमोजिम गर्नु भन्ने आदेश भएको स्थितिमा यस अदालत र पुनरावेदन अदालत पाटनबाट भएको आदेश कानूनसङ्गत हुँदा विपक्षीको रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेतको काठमाडौं जिल्ला अदालतको लिखित जवाफ।

निवेदकले चलाएको वसको ठक्कल लागि मृतकको ज्यान गएको हो भन्ने चश्मदित गवाह भएको र निवेदकले सो कुरालाई अनुसन्धानको सिलसिलामा कागज गर्दा इन्कार गर्न नसकेको र अन्य सबुद प्रमाणहरु मूल्यांकन गरि निवेदकको हकाइमा पाँवाहीको तत्व विद्यमान थियो थिएन भनी अ.वं. १७ नं. को निवेदनबाट तल चलेको मुद्दाको औचित्यमा असर पर्ने गरी बोल्न नहुने समेतका कारणहरुबाट त्यस अदालतको आदेश वरीतबाट भएको भन्न मिलेन कानून बमोजिम गर्नु भनी भएको आदेश कानून बमोजिम भएको हुँदा रिट खारेज गरिपाऊँ भन्ने समेतको पुनरावेदन अदालत पाटनको लिखित जवाफ।

घटनास्थलका प्रत्यक्ष दशिले किटानी साथ गरिदिएको वयान, विपक्षी रिट निवेदकले अधिकार प्राप्त अधिकारी समक्ष अपराध स्वीकार गरि गरेको वयान साथै पोष्टमार्टम रिपोर्टबाट समेत सो कुरा पुष्ट्याई भै रहेकोमा विपक्षीले आरोपित कसूर गरेको होइन भन्ने अवस्था विद्यमान नभएको र काठमाडौं जिल्ला अदालतले सबुद प्रमाणको मूल्यांकन गरि तत्काल प्राप्त प्रमाणको आधार अ.वं. १८८ को देहाय २ बमोजिम थुनामा राख्ने गरि गरेको आदेश र सोही सदर गर्ने गरि भएको पुनरावेदन अदालत पाटनको आदेश कानूनसम्मत नै हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेतको मित्रलाल काफ्लेको लिखित जवाफ।

नियम बमोजिम दैनिक मुद्दा पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदन सहितको सम्पूर्ण मिसिल कागजात अध्ययन गरि निवेदक तर्फबाट विव्दान अधिवक्ता श्री जयकान्तलाल दासले निवेदकलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ बमोजिमको

अभियोजन प्रमाणित हुनै नसक्ने अवस्थामा सो बमोजिमको सजायको माग दावी लिई दायर भएको अभियोग पत्रको आधारमा तत्काल प्राप्त सबुद प्रमाणको मूल्यांकन नै नगरि अ.वं. ११८ को देहाय दफा २ बमोजिम पुर्पक्षको लागि थुनामा राख्ने गरि भएको काठमाडौं जिल्ला अदालतको आदेश वेरीतपूर्ण हुँदा हुँदै सोही आदेशलाई सदर गरेको पुनरावेदन अदालत पाटनको आदेश संविधान एवं कानून प्रतिकूल हुनुका साथै यस अदालतबाट प्रतिपादित सिद्धान्त समेतको हुँदा वदर भई निवेदकलाई गैरकानूनी थुनाबाट मुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्दछ भनी गर्नु भएको वहस र विपक्षी तर्फबाट सहन्यायाधिवक्ता श्री पुष्पराज कोइरालाले निवेदकलाई निजले अधिकार प्राप्त समक्ष गरेको वयान र घटना प्रत्यक्ष देख्ने प्रत्यक्षदर्शीको मौकाको कागज जस्ता तत्काल प्राप्त प्रमाणको आधारमा अ.वं. ११८ को देहाय २ अन्तर्गत पुर्पक्षको निमित्त थुनामा राख्ने गरी भएको शुरु जिल्ला अदालतको आदेश तथा सो उपर परेको अ.वं. १७ नं. बमोजिमको निवेदनमा पुनरावेदन अदालत पाटनबाट सोही आदेश सदर गर्ने गरि भएको आदेश समेत कानूनसम्मत हुँदा रिट निवेदन खारेज हुनुपर्दछ भनी गर्नु भएको वहस समेत सुनियो ।

यसमा निवेदक दिपकराज मुडवरी उपर सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) को सजायको माग दावी लिई अभियोग पत्र दायर भै शुरु अदालतबाट निजलाई अ.वं. ११८ को देहाय (२) को आधारमा पुर्पक्षको लागि थुनामा राख्ने गरेको आदेश सदर गरेको पुनरावेदन अदालत पाटनको आदेश उपर बन्दीप्रत्क्षीकरणको आदेश जारी गरी थुनाबाट मुक्ता गरिपाऊँ भनी प्रस्तुत रिट निवेदन परेको देखिन्छ । निवेदकलाई निजले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान र तत्काल प्राप्त प्रमाणको आधारमा अ.वं. ११८ को देहाय २ अन्तर्गत थुनामा राखी पुर्पक्ष गर्ने गरि गरिएको आदेश र सोलाई सदर गर्ने गरेको कारवाही अधिकारयुक्त निकायबाट भएको देखिन्छ । निवेदकले उक्त आदेश प्रवृत्त भावनाबाट भएको भन्न सकेको देखिदैन । मुद्दाको कारवाहीमा सबुद प्रमाणको आधारमा कानून बमोजिम निर्णय हुनुपर्ने तथ्य सम्बन्धी कुरामा मुद्दा सरह गरि प्रमाणको मूल्यांकन गरि निर्णय गर्न रिट क्षेत्रबाट नमिल्ने र मुद्दामा भएको उल्लेखित कारवाहीमा कुनै गम्भीर कानूनी त्रुटिको विद्यमान रहे भएको अवस्था नदेखिदा निवेदकको माग बमोजिमको आदेश जारी हुनसक्ने स्थिति देखिएन । तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । दायरी लगत कट्टा गरी मिसिल नियम बमोजिम बुझाई दिनु ।

उक्त रायमा सहमत छु ।

न्या. खिलराज रेग्मी

इति सम्वत् २०६० साल वैशाख २ गते रोज ३ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री राम नगिना सिँह
माननीय न्यायाधीश श्री वलिराम कुमार

सम्वत् २०५९ सालको रिट नं. ३९६

आदेश मितिः २०६०।१।१२

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : चन्द्रबहादुर श्रेष्ठको छोरा काभ्रेपलान्चोक जिला होक्से गा.वि.स. वडा नं. ३ घर भई हाल केन्द्रीय कारागार, जगन्नाथ देवल, सुन्धारा काठमाडौंमा गैरकानूनी रुपमा थुनामा रहेको वर्ष १८ को राजकुमार श्रेष्ठको हकमा ऐ. को पिता ऐ. ऐ. बस्ने वर्ष ४१ को चन्द्रबहादुर श्रेष्ठ

विरुद्ध

विपक्षी : श्री ५ को सरकार, गृह मन्त्रालय, मुकाम सिंहदारवार, काठमाडौं समेत

- **कानूनले नै निश्चित आधार र कार्यविधि तोकिदिएको स्थीतिमा सम्बन्धित अधिकारीले निःशर्त रुपमा सोही अनुरुपको कृया पूरा गरी कानूनमा उल्लेखित आधार र कार्यविधीको अवलम्बन गर्नुपर्ने ।**

- **नेपाल अधिराज्यको राष्ट्रियता, अखण्डता र सार्वभौमसत्तामा समेत तत्काल खलल पर्नसक्ने भएबाट तपाईलाई उल्लेखित कार्यबाट रोक्न अति आवश्यक भएकोले भन्नेसम्म उल्लेख गरेको पाइदा सो पूर्जिबाट के कसरी नेपाल अधिराज्यको सार्वभौमसत्ता अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्नसक्ने उचित र पर्याप्त आधार खुल्न नआउदा आदेश जारी गर्नुपर्ने कारण र आधार नै नखुलाई दिइएको थुनुवा पूर्जिलाई रीत पूर्वकको पूर्जि भन्न र आदेश दिने अधिकारीबाट कानूनले तोकेको कार्यविधी अवलम्बन गरेको भनी मान्न नमिल्ने ।**

आदेश

- न्या. रामनगिना सिंह

रिट निवेदकको नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३।८८(२) अन्तर्गत यस अदालत समक्ष पर्न आएको रीट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः

छोरा राजकुमार श्रेष्ठ का.प.जि. पाँचखाल गा.वि.स. स्थित सर्वे मंगला मा.वि. कक्षा ८ मा अध्ययन गर्दै गरेका व्यक्ति मिति २०५८।१०।२ मा दोलालघाटमा जान्छु भनी हिडेको र सो दिन देखि घर नफर्केको हुँदा लामो समयसम्म खोज तलास गर्दा पनि फेला नपरे पछि जिल्ला प्रहरी कार्यालय धुलिखेलमा गई बुझ्दा तपाईको छोरा कारागार शाखा धुलिखेलमा छ, त्यही बुझ्नु भन्ने जवाफ पाई कारागार शाखा धुलिखेलमा भेट्दा मिति २०५८।१०।२ गते स्थानीय ५२ किलो भन्ने स्थानमा (दोलालघाट नजिक) पक्राउ

गरी मिति २०५८।११।१४ सम्म स्थानीय पाँचखाल सैनिक व्यारेकमा राखि २०५८।११।१४ देखि २०५८।१२।५ सम्म जिल्ला प्रहरी कार्यालय धुलिखेल र जिल्ला कारागार शाखा धुलिखेलमा थुनामा राखिएको रहेछ । निजलाई के कुन कसूरमा थुनामा राखिएको हो भनी पटक-पटक बुझ्न खोज्दा पनि जानकारी दिइएन र थुना मुक्त पनि गरिएन । एक्कासी बन्दी राज कुमार श्रेष्ठलाई गाउँका सर्वसाधारण व्यक्तिहरुलाई डर त्रासमा पार्ने अबैध रुपमा चन्दा असूल गर्ने, नदिएको अवस्थामा हातपात समेत गरी आतंकीत पार्ने जस्ता कार्यहरु गरेको बुझिएबाट त्यसै छाडी दिदा सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३ मा उल्लेख भए बमोजिम नेपाल अधिराज्यको संविधान, अनुरुप स्थापीत वहुदलीय प्रजातन्त्र, संसदीय व्यवस्था, सार्वजनिक शान्ति र सुव्यवस्था समेतमा खलल पर्नसक्ने तथा नेपाल अधिराज्यको राष्ट्रियता, अखण्डता र सार्वभौम सत्तामा समेत तत्काल खलल पर्नसक्ने भएबाट उल्लेखित कार्यबाट रोक्न अति आवश्यक भएकोले सोही ऐनको दफा ३(१) ले दिएको अधिकार प्रयोग गरी प्रमुख जिल्ला अधिकारीले नजर वन्दमा राखेको मिति २०५९।११।२६ को पूर्जि थमाइएको रहेछ, साथै निजलाई मिति २०५९।१२।१० गते सम्म जिल्ला कारागार शाखा धुलिखेलमा गैरकानूनी थुनामा राखि मिति २०५९।१२।१० गतेबाट हालसम्म केन्द्रीय कारागार शाखा जगन्नाथ देवल, सुन्धारा काठमाडौंमा राखिएको र शुरुमा म बाबुलाई भेट्न दिइए पनि हाल भेट्न नदिइएको व्यहोरा सविनम्र निवेदन गर्दछु । प्रत्यर्थीबाट जुन ऐनको सहारा लिई जुन आरोप लगाई म बन्दीलाई थुनामा राख्ने आदेश गरिएको छ सो अनुसारको कसूर मैले गरेको छैन । बन्दीले विपक्षीले उल्लेख गरे बमोजिम शान्ति सुव्यवस्थामा खलल पार्ने प्रकृतिको कुनै कार्य नगरेको अवस्थामा अन्य नागरिक सरह कानून बमोजिम पाउनु पर्ने सम्मान संरक्षण र राज्यबाट पाउनु पर्ने समान व्यवहारको नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११(१)(२) बमोजिमको समानताको हक, कानून प्रतिकूल कुनै कार्य नगरेको अवस्थामा नेपाल अधिराज्य भर आवत जावत गर्न पाउने ऐ. को धारा १२(१) तथा १२(२)(घ) बमोजिमको स्वतन्त्रताको हक, कुनै कसूर नगरेको अवस्थामा कुनै सजाँयको भागी हुनु नपर्ने धारा १४(१) बमोजिमको फौज्दारी न्याय सम्बन्धी हक तथा नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई निवारक नजरबन्दमा नराखिने धारा १५(१) बमोजिम निवारक नजरबन्द विरुद्धको मौलिक हकमा प्रत्यर्थी बाट आघात पुऱ्याएकोले सविधान प्रदत्त मौलिक हकको प्रचलनको लागि अन्य वैकल्पिक प्रभावकारी उपचारको अभावमा ऐ. को धारा २३ एवं ८८(२) बमोजिम निवेदन पत्र लिई सम्मानित न्यायको मन्दीर समक्ष उपस्थित भएको छु । यसरी निवदेनमा उल्लेख भए बमोजिम प्रत्यर्थीहरुबाट कानुन बमोजिम प्राप्त अधिकारको दुरुपयोग गरी वदनियत र प्रवृत्त भावना लिई सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३ को कानूनी प्रावधान विपरीत नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम प्रदत्त मेरो मौलिक हक माथि ठाडो हस्तक्षेप अतिक्रमण गरी कानून प्रतीकुल म राज कुमार श्रेष्ठलाई गैरकानूनी रुपमा हाल केन्द्रीय कारागार शाखा जगन्नाथ देवल, सुन्धारामा नजरबन्दमा राखेको हुँदा उक्त गैरकानूनी थुनाबाट मुक्त गरी दिनु भनी नेपाल अधिराज्यको संधिवान, २०४७ को धारा २३ एवं ८८(२) बमोजि बन्दीप्रत्यक्षीकरण लगायत जो चाहिने आज्ञा आदेश वा पूर्जि जारी गरी गैरकानूनी थुनाबाट अविलम्ब मुक्त गरिपाऊँ । विपक्षीबाट कानून प्रतिकूल लामो समय देखि पक्राउ गरी हाल मात्र नजरबन्दमा राखिएको पूर्जि दिई विभिन्न हिरासत एवं थुनामा गैरकानूनी एवं प्रवृत्त भावना लिई वदनियत साथ ठाउँ सार्दै राखेको हुँदा प्रस्तुत मुद्दामा यथासिघ्र सुनवाई गरी गैरकानूनी थुनाबाट बन्दीलाई तत्काल छाड्नु पर्ने स्थिति हुँदा सुनवाईको दिन समेत तोकी लिखित जवाफ लिई बन्दी समेत उपस्थित गराउनु भनी प्रारम्भिक आदेश समेत गरिपाऊँ भन्ने समेतको व्यहोराको यस अदालत समक्ष पर्न आएको निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएको मितिले बाटोको म्याद बाहेक तीन दिन भित्र सम्बन्धित मिसिल साथ राखि महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ लिई प्राप्त हुन आएपछि वा अवधी नाघेपछि नियम

बमोजिम पेश गर्नु भन्ने यस अदालतको एक न्यायाधीशको इजलासबाट भएको मिति २०५९।१४।१८।३ को आदेश ।

विपक्षीले लिएको मुख्य माग दावीको सम्बन्धमा निज राज कुमार श्रेष्ठले यस जिल्ला अन्तर्गत विभिन्न गा.वि.स.हरुमा गै कथित माओवादी जनयुद्धको पक्षमा लागि सर्व साधारण गाउँलेहरुलाई आफ्नो समर्थनमा लाग्न दबाब दिने, अबैध रुपमा चन्दा सङ्कलन गर्ने तथा ठाउँ ठाउँमा एम्वुस थापी सुरक्षाकर्मी तथा सर्व साधारणलाई हताहत पार्ने जस्तो कार्य गरी हिडी आतङ्ककारी गतिविधिमा संलग्न भएको पाइएकोले निजहरुलाई कारवाहीको लागि दाखिला गरिएको छ भनी श्री जिल्ला प्रहरी कार्यालय काभ्रेबाट मिति २०५९।११।२६ गते प्रतिवेदन साथ पेश हुन आई निजलाई कारवाही नगरी त्यस्ता अवान्छीत गैह्र कानूनी एवं आतङ्ककारी कार्यहरु गरिरहन दिँदा नेपाल अधिराज्यको सार्वभौमसत्ता अखण्डता तथा सार्वजनिक शान्ति र सुव्यवस्था समेतमा तत्काल खलल पर्नसक्ने भएकोले यस्ता कार्य गर्नबाट रोक्न निजलाई खुल्ला छाडि दिन नमिल्ने भै यस कार्यालयबाट सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) बमोजिम मिति २०५९।११।२६ गते कारागार शाखा काभ्रेमा नजरबन्दमा राख्ने गरी आदेश दिइएको र सो आदेशको एकप्रति निजलाई बुझाइएको हुँदा विपक्षीको कपोलकल्पीत झुठ्ठा एवं तथ्यहीन रीट निवेदन खारेज गरिपाऊँ भन्ने विपक्षी लिखित जवाफ प्रस्तुतकर्ता श्री जिल्ला प्रशासन कार्यालय काभ्रेको यस अदालत समक्ष प्राप्त हुन आएको लिखित जवाफ ।

निज राज कुमार श्रेष्ठलाई जिल्ला प्रशासन कार्यालय काभ्रे धुलिखेलको प.सं. मु. २०५९।०६० च. नं. २३३६ मिति २०५९।११।२६ को पत्र अनुसार यस कारागारमा नजरबन्दमा राखिएकोमा निज शारीरिक रुपले विमारी भएको कारण उपचारको लागि यस कारागारको प. सं. २०५९।०६० च.नं.२२५ मिति २०५९।१२।१० को पत्र बाट केन्द्रीय कारागार जगन्नाथ देवल काठमाडौंमा स्थानान्तरण गरी पठाएको हुँदा निजलाई यस कारागारमा कुनै गैरकानूनी तवरबाट थुनामा राख्ने कार्य गरेको नहुँदा प्रस्तुत रीट निवेदन खारेज गरिपाऊँ भन्ने विपक्षी श्री कारागार शाखा काभ्रेपलान्चोक धुलिखेलबाट यस अदालत समक्ष प्रस्तुत हुन आएको लिखित जवाफ ।

मिति २०५९।११।२५ गतेका दिन साँझ १८.०० बजेको समयमा का. प. जि. अन्तर्गत काभ्रे, मेथिनकोट कटुन्जे गा.वि.स. हरुमा शान्ति सुरक्षा कायम गर्ने गराउने सिलसिलामा आवश्यक जन शक्तिको साथ खटीएको सुरक्षा कार्यको टोली ऐ. मेथिनकोट गा.वि. स. वडा नं. ९ समेतका गाउँ घरमा गै अबैध रुपमा चन्दा असूल उपर गर्ने सो नदिएमा धम्क्याउने, हताहत पार्ने र गाउँ घर समेतमा भय, त्रासको वातावरण सृजना गराई अशान्ति तथा उपद्रव मच्चाउने जस्ता कार्यहरु गरि हिडेको अवस्थामा पक्राउ परी आएको हुँदा नेपाल अधिराज्यको संविधान, २०४७ को मर्म र भावना को कार्यहरु गरेकोमा सार्वजनिक सुरक्षा ऐन, २०४६ को ३(१) अन्तरगत जिल्ला प्रशासन कार्यालय काभ्रेको आदेशले मिति २०५९।११।२६ गते बाटै कारागार शाखा धुलिखेलमा राखेको र पछि स्थानान्तरण गरी केन्द्रीय कारागार शाखा जगन्नाथ देवल काठमाडौंमा थुनामा राखेको तथा प्रस्तुत रीट निवदेनमा सत्यता नभइ निजको बुबा चन्द्रबहादुर श्रेष्ठले छोरा थुनामा राखेको मिति तथा अन्य व्यहोरा समेत फरक पारी दिएकोले यस्तो कपोल कल्पित रीट निवदेन खारेज गरिपाऊँ भन्ने समेतको विपक्षी लिखित जवाफ प्रस्तुतकर्ता जिल्ला प्रहरी कार्यालय काभ्रेपलान्चोक धुलिखेलको तर्फबाट यस अदालत समक्ष प्रस्तुत हुन आएको लिखित जवाफ ।

यस मन्त्रालयबाट निजलाई पक्राउ गर्ने, थुनामा राख्ने आदेश दिइएको छैन । साथै निजको कुनै हक अधिकार हनन, नगरिएको हुँदा प्रस्तुत रीट निवेदन खारेज गरिपाऊँ भन्ने विपक्षी मध्येको गृह मन्त्रालयको तर्फबाट यस अदालत समक्ष प्रस्तुत हुन आएको लिखित जवाफ ।

यसमा निवेदक राज कुमार श्रेष्ठलाई नजर वन्दमा राख्ने सम्बन्धमा जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकका प्रमुख जिल्ला अधिकारीबाट भए गरेको आदेश पर्चा सहितको सक्कल फाइल महा-न्यायाधिवक्ताको कार्यालय मार्फत झिकाई नियम बमोजिम पेश गर्नु भन्ने यस अदालतको २०६०।१।५।६ को संयुक्त इजलासको आदेश ।

नियम बमोजिम दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत रीट निवेदनमा निवेदक तर्फका नियक्त कानून व्यवसायी विद्वान अधिवक्ता श्री पुष्पराम पौडेलले मेरो पक्ष रीट निवेदक एक विद्यार्थी हुन् र निजलाई लगाइएको अभियोग अनुरुपको कुनै काम कारवाही निजले गर्दै नगरेकोले त्यस्तो विना आधार र कारण खुलाई झुट्ठा आरोप लगाई नजरबन्द थुनामा राखेको हुँदा त्यस्तो गैरकानूनी थुनाबाट मुक्त गरी पाउनको लागि रीट निवेदन माग दावी बमोजिम विपक्षीका नाउँमा तुरुन्त थुनाबाट मुक्त गरीदिनु भनी बन्दीप्रत्यक्षीकरणको रीट आदेश जारी हुनुपर्दछ भनी वहस प्रस्तुत गर्नुभयो । त्यस्तै श्री ५ को सरकारको तर्फबाट खटिई आउनु भएका विद्वान उप-न्यायाधिवक्ता श्री भरतलाल शर्माले विपक्षी रीट निवेदकले गाउँका सामान्य मानिसहरुलाई डर त्रास देखाई चन्दा असुल गर्ने, नदिएमा हात पात समेत गरी आतंकीत पार्ने जस्तो निजको कृयाकलाप बाट नेपाल अधिराज्यको राष्ट्रियता अखण्डता र सार्वभौमसत्तामा समेत तत्काल असर पर्न गै सामाजिक शान्तिमा खलल पर्ने भएबाट सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) अन्तर्गत जिल्ला प्रशासन कार्यालय काभ्रेले निज बन्दीलाई पक्री थुनामा राखिएको हुँदा प्रस्तुत रीट निवेदन खारेज हुनुपर्दछ भनी वहस प्रस्तुत गर्नुभयो ।

विद्वान अधिवक्ताहरुको वहस सुन्नुको साथै इजलास समक्ष पेश हुन आएको प्राप्त मिसिल कागजात समेत अध्ययन गरी हेर्दा यसमा रीट निवदेन माग दावी बमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने हो, होइन र रीट निवेदन जिकिर पुग्ने नपुग्ने के हो ? भनी निर्णय दिनुपर्ने हुन आएको प्रस्तुत रीटमा निर्णय तर्फ विचार गरी हेर्दा यसमा यी रीट निवेदक राज कुमार श्रेष्ठलाई गाउँका सर्व साधारण व्यक्तिहरुलाई डर त्रासमा पार्ने अबैध रुपमा चन्दा असूल गर्ने, चन्दा नदिएको अवस्थामा हातपात समेत गरी आतंकीत पार्ने जस्ता कार्यहरु गरेबाट त्यसै छाडी दिदा सार्वजनिक सुरक्षा ऐन २०४६ को दफा ३ मा उल्लेख भए बमोजिम सार्वजनिक शान्ति र सुव्यवस्था समेतमा खलल पर्नसक्ने तथा नेपाल अधिराज्यको राष्ट्रियता, अखण्डता र सार्वभौमसत्तामा समेत तत्काल खलल पर्नसक्ने भएबाट उल्लेखित कार्यबाट रोक्न अति आवश्यक भएकोले सोही ऐनको दफा३.१ ले दिएको अधिकार प्रयोग गरी प्रमुख जिल्ला अधिकारीले नजरबन्दमा राखेको मिति २०५९।११।२६ को पूर्जि थमाई सो पूर्जिबाट कसूर आरोपित गरिए बमोजिम मलाई गैरकानूनी ढंगले हालसम्म नजरबन्द थुनामा राखिएबाट मेरो मौलिक हकको अपहरण हुन गएकोले सो गैरकानूनी थुनाबाट मुक्त गरी पाउनको लागि बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने मूख्य रीट निवदेन माग दावी भएको र रीट निवदेकले माथि उल्लेख गरिए अनुसारको सार्वजनिक शान्ति, सुरक्षामा खलल हुने काम गरेबाट निजलाई छाडी रहदा समाजिक शान्ति सुरक्षा व्यवस्थामा खलल पर्ने हुँदा नजरबन्द थुनामा राख्नुपरेकोले प्रस्तुत रीट निवेदन खारेज गरिपाऊँ भन्ने समेतको विपक्षी जिल्ला प्रशासन कार्यालय काभ्रे समेतको तर्फबाट प्राप्त हुन आएको लिखित जवाफको मूख्य भनाई भएको पाइयो ।

यसमा रीट निवेदकले शान्ति सुरक्षामा खलल पार्ने प्रकृत्तिको कार्य गरेको भन्ने कसूर आरोपित गरेको, भन्ने सम्बन्धमा सो आरोपीत कसूर के कुन हदसम्म उचित तथा उपयुक्त छ भनी विचार गरी हेर्दा निवेदक उपर लगाइएको त्यस्तो आरोपित कसूरलाई पुष्ट्याई तथा प्रमाणित गर्ने खालको आधारभूत र मनाशिब माफिकको तथ्युक्त आधार, कारण र प्रमाण समेत विपक्षी प्रत्यर्थीले यथेष्ट मात्रामा उपलब्ध गराउन, खुलाउन तथा उल्लेख गर्न सकेको समेत प्राप्त मिसिल कागजात कही कतैबाट देखिन आउँदैन । नेपाल अधिराज्यको संविधान, २०४७ को भाग ३ को मौलिक हकको धारा १५ मा निवारक नजरबन्द

विरुद्धको हकको व्यवस्था भएको र सो को उपधारा (१) अर्थात १५(१) मा नेपाल अधिराज्यको सार्वभौमसत्ता अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन भन्ने स्पष्ट उल्लेख भैरहेको छ र त्यस्तै सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ मा नेपाल अधिराज्यको सार्वभौमसत्ता अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्नसक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने उचित र पर्याप्त आधार भएमा स्थानीय अधिकारीले निजलाई कुनै खास अवधीसम्म कुनै खास ठाउँमा नजरबन्द राख्ने आदेश जारी गर्नसक्नेछ भन्ने उल्लेख भएको पाइन्छ भने सोही ऐनको दफा ४ मा आदेश सम्बन्धी कार्यविधी भन्ने प्रावधान अन्तरगत निवारक नजरबन्दको आदेश जारी गर्दा स्थानीय अधिकारीले त्यस्तो आदेश जारी गर्नुपर्ने कारण र आधार खुलाई सो आदेश सम्बन्धित व्यक्तिलाई दिनुपर्नेछ भन्ने उल्लेख भएको पाइन्छ । यसरी कानूनले नै निश्चित आधार र कार्यविधि तोकि दिएको स्थितिमा सम्बन्धित अधिकारीले निशर्त रुपमा सोही अनुरुपको कृया पूरा गरी कानूनमा उल्लेखित आधार र कार्यविधीको अवलम्बन गर्नुपर्ने हुन आउँछ ।

तसर्थ प्रस्तुत विवादमा निवारक नजरबन्दको आदेश दिदा संविधान तथा कानूनले निर्दिष्ट कार्यविधी अवलम्बन भयो भएन भन्ने तर्फ मिसीलको अध्ययन गरी हेर्दा प्रमुख जिल्ला अधिकारीद्वारा जारी भएको थुनुवा पुर्जिमा पनि नेपाल अधिराज्यको राष्ट्रियता, अखण्डता र सार्वभौमसत्तामा समेत तत्काल खलल पर्नसक्ने भएबाट तपाईलाई उल्लेखित कार्यबाट रोक्न अति आवश्यक भएकोले भन्ने सम्म उल्लेख गरेको पाइन्छ भने सो पूर्जिबाट निज राज कुमार श्रेष्ठले गरेको कामकुराबाट के कसरी नेपाल अधिराज्यको सार्वभौमसत्ता अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्नसक्ने उचित र पर्याप्त आधार खुल्न आउँदैन । तसर्थ आदेश जारी गर्नुपर्ने कारण र आधार नै नखुलाई दिइएको थुनुवा पूर्जिलाई रीत पूर्वकको पूर्जि भन्न र आदेश दिने अधिकारीबाट कानूनले तोकेको कार्यविधी अवलम्बन गरेको भनी मान्न मिलेन । यस सन्दर्भमा नजरबन्दमा राख्नु पर्ने सम्मको संविधान र कानून बमोजिम उचित र पर्याप्त आधार तथा कारण खुल्न नसकेको अवस्थामा निवेदकलाई दिइएको थुनुवा पूर्जि गैरकानूनी एवं त्रुटिपूर्ण देखिन आउने भई बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन्छ" भनी निवेदक कृष्णध्वज खड्का विरुद्ध कानून तथा न्याय मन्त्रालय समेत भएको २०५४ सालको रीट नं. २३४५ (ने.का.प.२०५५, नि.नं. ६५३० पृष्ठ १९५) भनी यस अदालतको विशेष इजलासबाट सिद्धान्त समेत प्रतिपादन भै सकेको देखिन्छ । अतएवः यस स्थितिमा माथि उल्लेखित आधार तथा प्रतिपादित सिद्धान्त समेतको आधारमा जिल्ला प्रशासन कार्यालय काभ्रेपलान्चोकबाट जारी भएको मिति २०५९।११।२६ को पूर्जि गैरकानूनी एवं त्रुटिपूर्ण देखिदा नजरबन्दमा राखिएको निज राज कुमार श्रेष्ठलाई अन्य मुद्दाबाट थुनामा राख्न नपर्ने भए अविलम्ब थुनाबाट मुक्त गरी दिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ । दायरीको लगत कट्टी गरी मिसिल नियमानुसार गरी बुझाई दिनु ।

उक्त रायमा म सहमत छु ।

न्या. वलिराम कुमार

इति सम्वत् २०६० साल बैशाख १२ गते रोज ६ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री कृष्ण कुमार वर्मा
माननीय न्यायाधीश श्री राम नगिना सिंह

सम्वत् २०६० सालको रिट नं. ४४३

आदेश मिति:२०६०।१।१५

विषय: बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ ।

निवेदक : का.जि.का.म.न.पा वडा नं १४ बस्ने वर्ष ४७ को कृष्ण गोपाल गुप्ताको हकमा निजको पत्नी मीना गुप्ता

विरुद्ध

विपक्षी : जिल्ला प्रहरी कार्यालय, हनुमानढोका, काठमाण्डौ समेत

- **सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ को सिं.नं. १७ मा नेपाल नागरिकता ऐन, २०२० अन्तर्गत सजाय हुने मुद्दा सरकारवादी मुद्दा भई सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १४ र १५ बमोजिम अनुसन्धानको सिलसिलामा थुनामा राख्न नसकिने भन्न नमिल्ने ।**
- **मुद्दा हेर्ने अधिकारीको आदेशले थुनामा राखेकोमा रिट जारी हुन नसक्ने ।**

आदेश

- न्या. कृष्णकुमार वर्मा

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ र८८(२) अन्तर्गत यस अदालतको क्षेत्राधिकार भित्र पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र यस अदालतको आदेश यस प्रकार छ: -

मेरो पति गुप्ता कृष्णगोपालले जन्मसिद्ध नागरिकता पाउनु पर्नेमा वंशजको नाताले ०३७।४।३० मा नागरिकता प्राप्त भएकोमा गल्ती भएको अनुभव गरी सो नागरिकता प्रमाणपत्र सच्चाई पाउँ भनी जिल्ला प्रशासन कार्यालय,काठमाण्डौमा निवेदन दिंदा त्यस उपर कुनै कारवाही नभएकोले परमादेशको निवेदन पुनरावेदन अदालत पाटनमा दायर गरी वंशजको नागरिकता सच्याउने सम्बन्धमा जे जो बुझ्नु पर्छ बुझी निर्णय गर्नु भनी जिल्ला प्रशासन कार्यालय, काठमाण्डौको नाउँमा परमादेश जारी भयो । यसै बीचमा विपक्षी जिल्ला प्रशासन कार्यालयले गृह मन्त्रालयमा कारवाहीको निमित्त उक्त निवेदन पठाउदा गृहमन्त्रीज्यूबाट ०५७।१०।२५ मा नागरिकता प्रमाणपत्र रद्द गर्दै सिफारिस गर्ने एंव सनाखत गर्ने समेत निज र अन्य सम्बद्धहरुलाई नेपाल नागरिकता ऐन, २०२०को दफा १५ बमोजिम कारवाही गर्ने भन्ने निर्णय भयो । सो निर्णय उपर पुनरावेदन अदालतमा पुनरावेदन दायर भएकोमा सो निर्णय सदर भई हाल सर्वोच्च अदालतमा निवेदन परी मिसिल झिकाउने आदेश भई विचाराधीन रहेको छ । सो मुख्य विषय नै विचारणीय हुँदा पुनरावेदन अदालतको फैसला कार्यान्वयन गर्न नमिल्ने स्थिति छ ।

मेरो पति सधैं झै आफ्नो व्यापारिक कारोवारमा संलग्न रहिरहेकै अवस्थामा २०६०।१।२ गते प्रहरी प्रधान कार्यालय विशेष अनुसन्धान शाखा नक्सालबाट उपस्थित हुन वोलाईए अनुसार २०६०।१।३ गते त्यहाँ उपस्थित हुनु भयो । सो दिन दिउसो १२.०० बजे जिल्ला प्रहरी कार्यालय हनुमानढोका लगी थुनामा राखियो । सो दिन बेलुकी खाना र कपडा समेत पुऱ्याउदा के कुन विषयमा थुनामा राखेको भनी सोधिएको प्रश्नको जवाफ समेत दिइएन । मेरो पतिलाई समेत सोद्धा विनाकारण थुनामा राखेको र थुनुवा पूर्जि समेत नदिइएको भन्ने जानकारी प्राप्त हुन आयो । मेरो पति विना अपराध गैरकानूनी रुपमा थुनामा हुनुहुन्छ । अ.व.१२१ नं बमोजिमको पुर्जि समेत दिइएको छैन । निजलाई कानून बमोजिम थुनामा नराखी विपक्षीहरुले वदनियतपूर्वक र कलुषित भावनाबाट थुनामा राखेको प्रष्ट छ ।

अतः विपक्षीहरुको उपरोक्त काम कारवाहीबाट मेरो पतिको संविधानको धारा ११(१), १२(१) र १४(१) समेतको हकको प्रचलनमा अबरोध हुन गएको हुनाले विपक्षीहरुको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी मेरो पतिलाई थुनाबाट मुक्त गरिपाऊँ भन्ने व्यहोराको निवेदन ।

विपक्षीहरुबाट ३ दिन भित्र लिखित जवाफ मगाई आएपछि वा अवधि नाघेपछि पेश गर्नु भन्ने समेत यस अदालतबाट भएको आदेश ।

झुट्टा विवरण पेश गरी वंशजको नाताले नेपाली नागरिकताको प्रमाण पत्र लिने गुप्ता कृष्णगोपाललाई पक्राउ गरी नेपाल नागरिकता ऐन, २०२० को दफा १५ बमोजिमको कसूर अपराधमा सजाय हुन माग दावी लिने तर्फ अनुसन्धान गर्नुपर्ने देखिएकोले निज प्रतिवादीलाई खोजी गर्ने क्रममा मिति २०६०।१।३ गते फेला परी पक्राउ भई आएकोले पक्राउ भएको २४ घण्टा अर्थात मिति २०६०।१।४ गते सम्मानित काठमाण्डौ जिल्ला अदालत समक्ष पेश गरी सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १५(४) बमोजिम अनुसन्धान गर्नु भन्ने अनुमति प्रदान भई निज प्रतिवादीलाई अधिकार प्राप्त अधिकारी समक्ष पेश गरी वयान लिने कार्य लगायतको अनुसन्धान कार्य जारी नै छ । प्रस्तुत मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्र समावेश भएको र प्रहरीले अनुसन्धान गर्नसक्ने कानूनी व्यवस्था समेत भएको अवस्थामा गैरकानूनी रुपमा पक्राउ गरी थुनामा राखेको भन्ने नहुँदा रिट खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको जिल्ला प्रहरी कार्यालय, काठमाण्डौको लिखित जवाफ ।

निवेदक गुप्ता कृष्ण गोपाललाई यस कार्यालयको आदेशले थुनामा राखेको छैन। तसर्थ यस कार्यालयको विरुद्धमा दायर भएको रिट खारेज गरिपाऊँ भन्ने व्यहोराको जिल्ला प्रशासन कार्यालय काठमाण्डौको लिखित जवाफ ।

निवेदक गुप्ता कृष्ण गोपालले झुट्टा विवरण पेश गरी वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र लिएकोमा गृह मन्त्रालयको मिति २०५७।१०।२५ को निर्णयले निजको नागरिकता वदर भएको, यस सम्बन्धमा झुट्टा विवरण पेश गरी नागरिकता लिएको भन्ने शीर्षकमा जिल्ला प्रहरी कार्यालय काठमाण्डौमा मुद्दा दर्ता भएको र निज तत्काल फरार रहेकोमा जिल्ला प्रहरी कार्यालय काठमाण्डौबाट निजलाई पक्राउ गरी काठमाण्डौ जिल्ला अदालतमा पेश गरी सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १५(४) बमोजिम प्रहरी हिरासतमा राख्ने अनुमति लिई अनुसन्धान गर्दै रहेको बुझिन आएकोले निजलाई पक्राउ गरी थुनामा राख्ने कार्य यस कार्यालयबाट भए गरेको नपाइएकोले रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको प्रहरी प्रधान कार्यालयको लिखित जवाफ ।

नियम बमोजिम पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदक तर्फका विद्वान वरिष्ठ अधिवक्ता श्री कृष्णप्रसाद भण्डारी र विद्वान अधिवक्ताहरु श्री हरिहर दाहाल र

श्री शम्भु थापाले जन्मको नाताले नागरिकता पाउनु पर्नेमा जिल्ला प्रशासन कार्यालय काठमाण्डौको गल्तीले वंशजको नाताले नागरिकता प्राप्त भई आफुले त्यसरी नागरिकता प्राप्त गर्न नमिल्ने महसुस गरी नागरिकता संसोधन गर्न रीतपूर्वक आफैले निवेदन दिंदा सो निवेदन उपर कारवाही नभई पुनरावेदन अदालतमा परमादेशको निवेदन दायर गरी उक्त अदालतबाट संशोधन गर्ने समेतको कार्य गर्न परमादेश जारी भएकोमा सो आदेश समेत बमोजिम गर्नुपर्ने विपक्षीको कर्तव्य भएकोमा उल्टै झुट्टा विवरण दिई नागरिकता लिएको भन्ने आरोप लगाई थुनामा राख्ने गरिएको विपक्षीहरुको कार्य गैरकानूनी, स्वेच्छाचारी, वदनियतपूर्ण पूर्वाग्रही र अन्यायपूर्ण भएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निवेदकलाई थुनाबाट मुक्त गरिनु पर्छ भनी वहस प्रस्तुत गर्नु भयो । विपक्षी तर्फका विद्वान उप न्यायाधिवक्ता श्री भरतलाल शर्माले झुट्टा विवरणका आधारमा नागरिकता लिएको विषयमा अनुसन्धान गरी मुद्दा दायर गर्ने प्रयोजनको लागि सम्बन्धित जिल्ला अदालतको अनुमतिले थुनामा राखेको कार्य कानूनसम्मत हुँदा रिट खारेज हुनुपर्छ भनी वहस गर्नु भयो ।

उपरोक्त वहस वुँदा समेतमा ध्यान दिंदै निवेदकको निवेदन जिकिर र विपक्षीहरुको लिखित जवाफ समेत अध्ययन गरी हेर्दा यसमा निवेदकको माग बमोजिमको आदेश जारी गर्न मिल्ने, नमिल्ने सम्बन्धमा नै निर्णय गर्नुपर्ने हुन आयो ।

निर्णय तर्फ विचार गर्दा, यसमा जन्मसिद्ध नागरिकता पाउनुपर्नेमा वंशजको नागरिकता पाएकोले नागरिकता सच्याई पाउँ भनी जिल्ला प्रशासन कार्यालय काठमाण्डौमा निवेदन दिंदा कुनै कारवाही नभई पुनरावेदन अदालतमा परमादेशको निवेदन दायर गरी कानून बमोजिम जे जो बुझ्नु पर्छ बुझी संसोधनको कारवाही गरि दिनु भनी विपक्षीका नाउँमा परमादेश समेत जारी भएको अवस्थामा सो आदेश बमोजिम नागरिकता संशोधन गरिदिनुपर्नेमा झुट्टा विवरण भरी नागरिकता लिएको भन्ने आरोपमा गैरकानूनी रुपमा थुनामा राखिएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने निवेदन जिकिर र झुट्टा विवरण भरी नागरिकता लिएको आरोपको अनुसन्धानको सिलसिलामा अदालतको अनुमतिले कानून बमोजिम थुनामा राखिएकोले रिट खारेज हुनुपर्ने भन्ने लिखित जवाफ कथन रहेको देखिन्छ । निवेदक झुट्टा विवरण भरी नागरिकता लिएको विषयमा आरोपित भई अदालतको अनुमतिले अनुसन्धानको सिलसिलामा प्रहरी हिरासतमा रहेको भन्ने कुरामा विवाद देखिएको छैन। काठमाण्डौ जिल्ला अदालतको आदेशबाट थुनामा रहेकोलाई गैरकानूनी थुना भन्न मिल्ने अवस्था पनि देखिदैन । सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ को सिं.नं. १७ मा नेपाल नागरिकता ऐन, २०२० अन्तर्गत सजाय हुने मुद्दा सरकारवादी मुद्दा भई सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १४ र १५ बमोजिम अनुसन्धानको सिलसिलामा थुनामा राख्न नसकिने भन्न मिल्ने भएन । मुद्दा हेर्ने अधिकारीको आदेशले थुनामा राखेकोमा रिट जारी हुन नसक्ने भनी ने.का.प.२०४९ अंक १ पृष्ठ ३१ मा प्रकाशित नि.नं ४४५० मा विस्तृत व्याख्या भई सिद्धान्त प्रतिपादन भइरहेको समेत देखिन्छ ।

उपरोक्त आधारमा निवेदकको थुनालाई गैरकानूनी भन्न सकिने अवस्था विद्यमान नदेखिंदा माग बमोजिम आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । मिसिल नियमानुसार गरी बुझाई दिनु ।

उक्त रायमा म सहमत छु ।

न्या. रामनगिना सिंह

इति सम्वत् २०६० साल वैशाख १५ गते रोज २ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री कृष्ण कुमार वर्मा
माननीय न्यायाधीश श्री दिलीप कुमार पौडेल

सम्वत् २०५९ सालको रिट नं. ४११

आदेश मितिः २०६०।१।१७

विषयः बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ ।

निवेदक : धादिङ्ग जिल्ला वेनीघाट गा.वि.स. वडा नं. २ घर भई हाल कारागार शाखा धादिङ्गमा थुनामा रहेको वर्ष २० को दिपकराज सिलबालको हकमा ध्रुवप्रसाद सिलवाल

विरुद्ध

विपक्षी : श्री ५ को सरकार, गृह मन्त्रालय, काठमाण्डौ समेत

- **निवेदकलाई नजरबन्दमा राख्नका लागि कानूनले तोकेको कार्यविधि पूरा गरेको भन्ने विपक्षीहरुको लिखित जवाफ भएपनि मिसिल संलग्न सम्बन्धित कागजातबाट बनावटी प्रक्रिया पूरा गरेको जस्तो देखिदा सो प्रक्रिया उचित र सही रुपमा (Fairly) भएको नपाइने ।**

- **कानूनले तोकेको प्रक्रिया पूरा हुदैमा मात्र व्यक्तिको वैयक्तिक स्वतन्त्रतामा आघात पुगेको कुराको औचित्यता पुष्टि हुदैन, त्यस्तो स्वतन्त्रतामा आघात पुऱ्याउने अधिकार प्राप्त अधिकारीको कार्य उचित (Fair) मनासिव (Reasonable) र पर्याप्त (Sufficient) पनि हुनुपर्ने ।**

- **अघिल्लो दिन थुनाबाट रिहा गरेको व्यक्तिले अर्को दिन आदेश पूर्जिमा उल्लेख गरेको कार्य गरेको भनी विश्वास गर्न सकिने आधार हुन नसक्ने ।**

- **वैयक्तिक स्वतन्त्रता ज्यादै संवेदनशील विषय भएकोले त्यस्तो स्वतन्त्रतामा कानून बमोजिम आघात पुऱ्याउने काम गर्दा कानून बमोजिम अख्तियार प्राप्त अधिकारीले ज्यादै सतर्क रहनु पर्ने र आफुले गरेको कार्यको औचित्यता पर्याप्त रुपमा पुष्टि गर्न सक्नुपर्ने ।**

आदेश

- न्या. कृष्णकुमार वर्मा

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ र ८८ (२) अन्तर्गत यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र यस अदालतको आदेश यसप्रकार छः

निवेदक दिपकराज विद्यार्थी हुनुहुन्छ । मिति २०५८।९।१० गते धादिङ्गबाट काठमाण्डौ आउदै गर्दा धादिङ्गको वैरेनीबाट सुरक्षा कर्मीद्वारा पक्राउ गरी विपक्षी जिल्ला प्रहरी कार्यालय धादिङ्गमा लगी राखियो । लामो समय विना पूर्जि गैरकानूनी थुनामा राखी मिति २०५८।११।५ गते विपक्षी जिल्ला प्रशासन कार्यालय धादिङ्गबाट आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०५८ को दफा ३

अन्तर्गतको अभियोगमा ऐ. अध्यादेशको दफा ९(१) बमोजिम नजरबन्दमा राख्ने भन्ने व्यहोराको आदेश दिइयो । त्यसपछि मिति २०५९।२।९ मा आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ बमोजिम नजरबन्दमा राख्ने आदेश, मिति २०५९।५।४ मा रिहा गर्ने आदेश मिति २०५९।५।१० मा नजरबन्दको आदेश, मिति २०५९।८।६ मा रिहा गर्ने आदेश मिति २०५९।८।१२ मा नजरबन्दको आदेश, मिति २०५९।११।१२ मा रिहा गर्ने आदेश र २०५९।११।२१ मा सार्वजनिक सुरक्षा ऐन, २०४६ अन्तर्गत नजरबन्दको आदेश गरिएको रहेछ । यसरी विभिन्न मितिमा नजरबन्दमा राख्ने तथा रिहा गर्ने आदेश भएता पनि रिहा नगरी निवेदक शूरु पक्राउ मिति देखि हाल सम्म लगातार विपक्षीहरुको गैरकानूनी थुनामा हुनुहुन्छ ।

निवेदकबाट थुनुवा पूर्जिमा उल्लेख भए बमोजिमको कुनै पनि कार्य भएको छैन र हुनसक्ने पूर्वावस्था पनि छैन । आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८को दफा ३(१) को विपरीत हुने गरी कुनै पनि कार्य निवेदकबाट भए गरेको छैन । सार्वजनिक सुरक्षा ऐन,२०४६ को दफा ३(१) को कार्य हुनसक्ने पूर्वावस्था पनि छैन । ऐ ऐनको दफा ३(१) अनुसारको आदेश गर्दा ऐ.को दफा ४(१) अनुसारको आधार र कारण खोलिएको आदेश निवेदकलाई दिनुपर्ने हो, सो दिइएको छैन । कुन काम कुराबाट निवेदकलाई रोक्नुपर्ने हो, पुर्जीमा सो को वस्तुनिष्ट आधार दिन सकिएको छैन । निवेदकलाई थुन्नु पर्ने विश्वास गर्न सकिने र मनासिव आधार छैन । विपक्षीद्वारा गैरकानूनी ढंगले थुनामा राखी नजरबन्दको आदेश दिइएको उक्त पुर्जी लगायतका काम कारवाही, रिहा गरिएको पूर्जि दिई नछोडी लगातार थुनामा राखेका काम कारवाही समेत संविधानद्वारा प्रदत्त मौलिक हक एवं आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ को दफा ३(१) र दफा ९, सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३ (१) र ४(१) तथा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १५ एवं यस सन्दर्भमा सम्मानित सर्वोच्च अदालतद्वारा प्रतिपादित नजिर समेतको विपरीत भै वदर भागी छन ।

अत: विपक्षीहरुका उपरोक्त काम कारवाहीबाट निवेदकलाई प्राप्त कानूनी एवं संवैधानिक हक तथा वैयक्तिक स्वतन्त्रताको हक समेतबाट वञ्चित गरी गैरकानूनीरुपमा पक्राउ गरी शुरु देखि हाल सम्म लगातार गैरकानूनी रुपमा थुनामा राखी आफन्तलाई निर्बाधरुपमा भेटघाट गर्न नदिइएको तथा निवेदनमा सहीछाप समेत गर्न नदिएको हुँदा र वैकल्पिक उपचारको अभाव समेत हुँदा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २२ द्वारा निर्दिष्ट धारा ८८(२) बमोजिम सम्मानित अदालत समक्ष उपस्थित गराई निजलाई गैरकानूनी थुनाबाट मुक्त गरिदिनु भनी विपक्षीहरुका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निवेदकको वैयक्तिक स्वतन्त्रताको संरक्षण गरिपाऊँ भन्ने व्यहोराको रिट निवेदन ।

विपक्षीहरुबाट ३ दिन भित्र लिखित जवाफ मगाई आएपछि वा अवधि नाघेपछि नियम बमोजिम पेश गर्नु भन्ने यस अदालतबाट भएको आदेश ।

यस मन्त्रालयबाट निवेदकलाई पक्राउ गर्ने, थुनामा राख्ने आदेश नदिइएको र निजको हक अधिकारको हनन नगरिएको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने गृह मन्त्रालयको लिखित जवाफ ।

निवेदक दिपकराज सिलवाल आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०५८ को दफा ५ को अभियोगमा पक्राउ परी कारवाहीको लागि जिल्ला प्रशासन कार्यालय धादिङ्गमा पठाउदा सो कार्यालयले सोही अध्यादेशको दफा ३ को कसूरमा सोही अध्यादेशको दफा ९(१) अनुसार र आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ को दफा ३ को अभियोगमा सोही ऐनको दफा ९ बमोजिम ९० दिन सम्म पटक-पटकको अपराधमा पटक-पटक पक्राउ परी नजरबन्द थुनामा राखिएको र हाल निज दिपकराज सिलवाल समेतले नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पुऱ्याउने कार्य गरेकोमा निजलाई श्री जिल्ला प्रशासन कार्यालय

धादिङ्गबाट रीतपूर्वकको थुना पूर्जि दिई नजरबन्द थुनामा राख्न कारागार शाखा धादिङ्गमा राखिएको हुँदा निवेदकको माग बमोजिमको आदेश जारी हुनुपर्ने होइन, रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको जिल्ला प्रहरी कार्यालय धादिङ्गको लिखित जवाफ ।

जिल्ला प्रशासन कार्याल धादिङ्गको चं.नं. २५४४ मिति २०५९।११।२१ को पत्रसाथ निज निवेदक समेतका व्यक्तिहरु ०५९।११।२१ गते यस कारागार शाखामा दाखिल हुन आएकोले उक्त आदेश बमोजिम निज रिट निवेदकलाई (ख) श्रेणीको सिदा खान दिई सुरक्षा साथ थुनामा राखिएको सम्म हो । निजलाई गैरकानूनी रुपमा थुनामा राखिएको छैन । निजलाई कारागार मार्फत निवेदन पत्रमा सहिछाप गर्न ल्याएको पनि छैन र सहीछाप गर्न नदिइने पनि होइन । कार्यालय खुलेको समयमा निजको आफन्त नातेदारहरुलाई निर्बाध र सरल तरिकाले भेटघाट गर्न र कुराकानी गर्न दिइएकै छ । तसर्थ रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको कारागार शाखा धादिङ्गको लिखित जवाफ ।

निवेदक दिपक सिलवाल समेतलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ को दफा ९ बमोजिम पछिल्लो पटक मिति २०५९।११।१३ मा नजरबन्द थुना अवधि समाप्त भएकोले सोही मितिमा रिहा गरी २०५९।११।२० को तारेख तोकी पठाइएको थियो । तोकिएको तारेखमा निज समेत उपस्थित नभई रहेको अवस्थामा नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्नसक्ने कार्यमा सलग्न रहेकोले उल्लिखित कार्यहरु गर्नबाट रोक्न सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) बमोजिमको आदेश जारी गरिपाऊँ भन्ने व्यहोराको जिल्ला प्रहरी कार्यालय धादिङ्गको च.नं. २२९७ मिति २०५९।११।२१ को पत्रसाथ निज निवेदक समेतलाई यस कार्यालयमा दाखिल गरेकोले निज समेतलाई उल्लिखित कार्यहरु गर्नबाट तत्काल रोक्न जरुरी देखिंदा यस जिल्ला प्रशासन कार्यालय धादिङ्गका प्रमुख जिल्ला अधिकारीको आदेशले मिति २०५९।११।२१ देखि ९० दिन सम्म नजरबन्द थुनामा राख्न कारागार शाखा धादिङ्गमा पठाइएको सम्म हो । सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) बमोजिमको अधिकार प्राप्त अधिकारीबाट सोही बमोजिम आदेश भै नजरबन्दमा राख्नु पर्ने कारण र स्थान समेत खुलेको पुर्जी निज निवेदक समेतलाई सोही ऐनको दफा ४.१ बमोजिम बुझाइएको र सो को जानकारी गृह मन्त्रालयका साथैं सोही ऐनको दफा ४.२ बमोजिम धादिङ्ग जिल्ला अदालत समेतमा दिइएको र सोही ऐनको दफा ५.१ बमोजिम नजरबन्द अवधि ९० दिन किटानी गरी थुनाबाट राखिएबाट समेत सो कार्य निवेदन जिकिर बमोजिम वदर भागी छैन । साथै सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ११ मा यस ऐन अन्तरगत जारी भएको आदेश उपर कुनै अदालतमा प्रश्न उठाउन नसकिने भन्ने व्यवस्था भएकोले निवेदन माग बमोजिम रिट जारी नभई खारेज हुनुपर्छ भन्ने व्यहोराको जिल्ला प्रशासन कार्यालय धादिङ्गको लिखित जवाफ ।

नियम बमोजिम पेशी सूचीमा चढी इजलाश समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदक तर्फका विद्वान अधिवक्ता श्रीमती लक्ष्मी पोखरेलले निवेदकलाई उचित र पर्याप्त आधार विना लगातार १ वर्ष ४ महिना भन्दा बढी अवधि सम्म नजरबन्दमा राखिएको विपक्षीहरुको कार्य गैरकानूनी, वदनियतपूर्ण र पूर्वाग्रही हुँदा निज बन्दीलाई अदालत समक्ष उपस्थित गराई बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनाबाट मुक्त गर्नु पर्छ भनी गर्नु भएको वहस सुनियो । विपक्षी तर्फबाट छलफलको लागि सरकारी वकिल उपस्थित नभएकोले निवेदन जिकिर, विपक्षीहरुको लिखित जवाफ कथन र मिसिल संलग्न कागजातहरु अध्ययन गरी हेर्दा यसमा निवेदकको माग बमोजिमको आदेश जारी गर्न मिल्ने, नमिल्ने भन्ने विषयमा निर्णय गर्नुपर्ने हुन आयो ।

निर्णय तर्फ विचार गर्दा, यसमा उचित आधार र कारण बेगर निवेदकलाई २०५८।९।१० देखि हालसम्म गैरकानूनी रुपमा नजरबन्द थुनामा राखिएकोले बन्दी प्रत्यक्षी करणको आदेशद्वारा निवेदकलाई

नजरबन्दमुक्त गरिपाऊँ भन्ने निवेदन जिकिर र कानून बमोजिमको प्रक्रिया पूरा गरी निवेदकलाई नजरबन्दमा राखिएको हुँदा रिट खारेज हुनुपर्ने भन्ने समेतको लिखित जवाफ कथन देखिन्छ । निवेदकले आफुलाई २०५८।९।१० देखि सुरक्षाकर्मीले हिरासतमा लिई २०५८।११।५ गते देखि आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०५८ को दफा ३ को कसूरमा दफा ९(१) बमोजिम नजरबन्दमा राखी प्रत्येक ९० दिनको अन्तरमा नजरबन्दबाट मुक्त भएको भनी रिहा गरिएको पुर्जीमा सही गराई नजरबन्दबाट नछोडी लगातार थुनामा राखिएको र ०५९।११।२१ देखि सार्वजनिक सुरक्षा ऐन, २०४६ बमोजिम नजरबन्दमा राखेको भनी निवेदनमा उल्लेख गरेकोमा सो निवेदन जिकिरलाई विपक्षीहरुले पर्याप्त रुपमा खण्डन गर्न सकेको देखिदैन । निवेदकलाई नजरबन्दमा राख्नका लागि कानूनले तोकेको कार्यविधि पूरा गरेको भन्ने विपक्षीहरुको लिखित जवाफ भएपनि मिसिल संलग्न सम्बन्धित कागजात अध्ययन गर्दा बनावटी प्रक्रिया पूरा गरेको जस्तो देख्न सकिन्छ । तर सो प्रक्रिया उचित र सही रुपमा (Fairly) भएको पाइदैन । कानूनले तोकेको प्रक्रिया पूरा हुदैमा मात्र व्यक्तिको वैयक्तिक स्वतन्त्रतामा आघात पुगेको कुराको औचित्यता पुष्टि हुदैन, त्यस्तो स्वतन्त्रतामा आघात पुऱ्याउने अधिकार प्राप्त अधिकारीको कार्य उचित (Fair) मनासिव (Reasonable) र पर्याप्त (Sufficient) पनि हुनुपर्छ । अघिल्लो दिन थुनाबाट रिहा गरेको व्यक्तिले अर्को दिन आदेश पूर्जिमा उल्लेख गरेको कार्य गरेको भनी विश्वास गर्न सकिने आधार विपक्षीबाट प्रस्तुत हुन सकेको स्थिति छैन । वैयक्तिक स्वतन्त्रता ज्यादै संवेदनशील विषय भएकोले त्यस्तो स्वतन्त्रतामा कानून बमोजिम आघात पुऱ्याउने काम गर्दा कानून बमोजिम अख्तियार प्राप्त अधिकारीले ज्यादै सतर्क रहनु पर्ने र आफुले गरेको कार्यको औचित्यता पर्याप्त रुपमा पुष्टि गर्न सक्नु पर्छ तर प्रस्तुत विवादमा निवेदकलाई नजरबन्दमा राख्ने गरी भएको आदेश समेतका काम कारवाहीहरु हेर्दा विश्वसनीय र पर्याप्त आधारयुक्त देखिदैनन् । यसरी नजरबन्दमा राखिएकोलाई अदालतले मान्यता दिन सक्दैन ।

उपरोक्तानुसार निवेदक दिपक सिलवाललाई नजरबन्दमा राख्ने गरेको आदेश समेतका काम कारवाहीको औचित्यता विपक्षीबाट पर्याप्त रुपमा पुष्टि हुन नआई निवेदकको नजरबन्द थुना मनासिव र पर्याप्त आधार सहितको नहुँदा निज दिपक सिलवाललाई नजरबन्द थुनाबाट मुक्त गरिदिनु भनी विपक्षीहरुका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ । अन्य मुद्दाको कारणबाट थुनामा राख्नु पर्ने नभए निवेदकलाई थुनाबाट मुक्त गरिदिनु भनी छुट्टै आदेश यसै इजलासबाट भईसकेकोले केही गरिरहनु परेन । प्रस्तुत आदेशको प्रतिलिपि विपक्षीहरुको जानकारीको लागि महान्यायाधिवक्ताको कार्यालय मार्फत पठाई दिनु । मिसिल नियमानुसार गरी बुझाई दिनु ।

उक्त रायमा म सहमत छु ।

न्या. दिलीपकुमार पौडेल

इति सम्वत् २०६० साल वैशाख १७ गते रोज ४ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री केदारप्रसाद गिरी
माननीय न्यायाधीश श्री रामनगिना सिंह

सम्वत् २०५९ सालको बन्दी रिट नं. ४०२

आदेश मितिः २०६०।१।२२।२

विषय : बन्दीप्रत्यक्षीकरण ।

निवेदक : काभ्रे जिल्ला पोखरीचौरी गा.वि.स. वडा नं. ३ घर भई हाल केन्द्रीय कारागार काठमाडौंमा गैरकानूनी थुनामा रहेका प्रेम चौलागाईको हकमा कृष्णकुमारी श्रेष्ठ

विरुद्ध

विपक्षी : श्री ५ को सरकार, गृह मन्त्रालय सिंहदरबार, काठमाडौं समेत

- **कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण हुने छैन भन्ने नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२(१) ले स्वतन्त्रताको मौलिक हक सबै नागरिकलाई प्रदान गरेको कानूनबमोजिम बाहेक भन्ने शब्द समुहले** Due process of law **लाई अँगालेको हुन्छ ।** Due process of law **भित्र** Substantive due process **र** procedural due process **दुबै पर्ने हुँदा कसैको वैयक्तिक स्वतन्त्रतामा असर पर्ने गरी कारवाही गर्दा दुबै** process **लाई अनिवार्य रूपमा पालन गर्नुपर्ने ।**

- Substantive due process **र** procedural due process **मध्ये कुनै एकको पनि अभावमा कारवाही गरिएको देखिन आएमा यसरी भए गरेको कारवाहीलाई कानूनसङ्गत मान्न नसकिने ।**

आदेश

- न्या. रामनगिना सिंह

१. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ र ८८(२) अन्तर्गत दायर भई पेश हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः

२. निवेदक प्रेम चौलागाई विद्यार्थी हुनुहुन्छ । मिति २०५९।११।२४ गते दिउँसो करिब १ बजे काठमाडौंबाट काभ्रे घर तर्फ जाँदै गर्दा भक्तपुर नलिनचोकमा बसबाट नै श्री ५ को सरकारका सुरक्षाकर्मीद्वारा पक्राउ गरी प्रत्यर्थी जिल्ला प्रहरी कार्यालय भक्तपुरमा लगी राखियो । त्यसपछि मिति २०५९।११।२७ मा प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय भक्तपुरबाट सार्वजनिक सुरक्षा नियमावली, २०५८ को दफा ३(१) अनुसार नजरबन्दमा राख्ने आदेश गरिएको रहेछ । उक्त पुर्जीमा नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल असर पर्नसक्ने तपाईले गर्न लागेको वा तयारी गरी गरेको वा गराउन लागेको काम कुरा गर्नबाट तपाईलाई रोक्नुपर्ने भएकोले सार्वजनिक सुरक्षा नियमावली २०५८ को दफा ३(१) ले दिएको

अधिकार प्रयोग गरी नजरबन्दमा राख्ने भन्ने व्यहोरा उल्लेख रहेछ । निवेदक हालसम्म गैरकानूनी थुनामा हुनुहुन्छ ।

३. प्रत्यर्थीहरूका उल्लेखित कामकारवाहीबाट निवेदकलाई प्राप्त कानूनी एवं संवैधानिक हक तथा वैयक्तिक स्वतन्त्रताको हक समेतबाट वञ्चित गरी गैरकानूनी रूपमा पक्राउ गरी शुरुदेखि हालसम्म लगातार गैरकानूनी रूपमा थुनामा राखी आफन्तलाई निर्बाध रूपमा भेटघाट गर्न नदिइएको तथा निवेदनमा सहिछाप समेत गर्न नदिइएको हुँदा र वैकल्पिक उपचारको अभाव समेत हुँदा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ द्वारा निर्दिष्ट धारा ८८(२) बमोजिम सम्मानित अदालत समक्ष यो रिट निवेदन पत्र प्रस्तुत गरेको छु । निवेदक प्रेम चौलागाईलाई सम्मानित अदालत समक्ष उपस्थित गराई निजलाई गैरकानूनी थुनाबाट मुक्त गरी दिनु भनी प्रत्यर्थीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निवेदकको वैयक्तिक स्वतन्त्रताको संरक्षण गरिपाऊँ भन्ने समेत व्यहोराको रिट निवेदन जिकिर ।

४. यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? विपक्षीहरूबाट लिखित जवाफ मगाई नियमानुसार गरी पेश गर्नु भन्ने यस अदालतको आदेश ।

५. प्रस्तुत विषयमा विपक्षी बनाईनु भएका अन्य निकायहरूबाट छुट्टै लिखित जवाफ प्रस्तुत हुने नै छ । यस मन्त्रालयबाट निजलाई पक्राउ गर्ने थुनामा राख्ने आदेश दिइएको छैन । साथै निजको कुनै हक, अधिकार हनन नगरिएको हुँदा सम्मानित अदालतबाट रिट निवेदन खारेज गरी पाउन सादर अनुरोध गर्दछु भन्ने गृह मन्त्रालयको लिखित जवाफ ।

६. विपक्षी प्रेम चौलागाईले मिति २०५९।११।२६ गते भक्तपुर जिल्ला नलिन्चोक अरनिको राजमार्ग स्थित अरनिको राजमार्गमा सडकमा आवत जावत गर्ने सवारी साधनहरू चेक जाँच गर्दा काठमाडौंबाट चौतारातर्फ जाँदै गरेको गाडीमा ने.क.पा. माओवादीको भातृ सङ्गठनको लेटरप्याड, सदस्यता रसिद विभिन्न कार्यक्रमको फोटो समेत गरी चार काटुन प्रेम चौलागाईले आफै बसेको सिट मुनी राखी लिई हिडिरहेको अवस्थामा यस कार्यालयका गस्ती प्रहरीले गाडी चेक गर्दा फेला पारी यस कार्यालयमा दाखिला गर्न ल्याएकोले यस कार्यालयबाट निजलाई सोधपुछ गर्दा हाम्रो जनयुद्ध मजबुत बनाउन चन्दा सङ्कलन गर्न यो प्याड बोकी हिडेको हुँ । ठाउँ ठाउँमा हतियार प्रदर्शन गर्नको लागि प्याड बोकी फोटो बोकी हिडेको हुँ, ठाउँ ठाउँमा सर्वसाधारण मानिसहरूलाई डर त्रास देखाई माओवादी पार्टीमा लाग्न दबाब दिई रहेका छौ भनी बताएको हुँदा निजलाई यस कार्यालयबाट आवश्यक कारवाहीका लागि जिल्ला प्रशासन कार्यालय भक्तपुरमा पेश गरिएकोमा जिल्ला प्रशासन कार्यालय भक्तपुरको मिति ०५९।११।२७ गतेको पत्र आदेशानुसार सार्वजनिक सुरक्षा ऐन, २०५८ अन्तर्गत नजरबन्दमा राख्न पठाइएको हो । निजले नेपाल अधिराज्यको संविधान कार्य गरी निजले आतङ्ककारी तथा विध्वंसात्मक कार्यमा संलग्न रही सर्वसाधारण मानिसहरूलाई डर त्रास धाक, धम्कि दिई चन्दा सङ्कलन गर्ने, माओवादी सम्बन्धी भातृ सङ्गठनको प्याड, सदस्यता रसिद, विभिन्न माओवादीको कार्यक्रमको फोटो समेत बोकी हिडिंरहेको अवस्थामा फेला पारी पक्राउ गरी ल्याईएको हो निजलाई गैरकानूनी रूपमा पक्राउ गरिएको नभई निजले नेपाल अधिराज्यको संविधान कार्य गरेकोले पक्राउ गरी जिल्ला प्रशासन कार्यालय भक्तपुरको आदेशानुसार केन्द्रीय कारागार शाखा काठमाडौंमा थुनामा बस्न पठाइएको हो भन्ने व्यहोराको जिल्ला प्रहरी कार्यालय भक्तपुरको लिखित जवाफ ।

७. विपक्षी निवेदकले निवेदनमा लिएको जिकिरका सम्बन्धमा निज निवेदक काभ्रे जिल्ला पोखरीचौरी गा.वि.स. वडा नं. ३ बस्ने प्रेम चौलागाईलाई सार्वजनिक सुरक्षा ऐन, २०४६ अन्तर्गत यस कार्यालयको मिति २०५९।११।२७ को आदेश अनुसार नियमानुसार थुनुवा पुर्जी दिई नजरबन्दमा राखिएको व्यहोरा सम्मानित अदालत समक्ष पेश गर्दछु । उक्त रिट निवेदन खारेज हुन समेत सम्मानित अदालत समक्ष सादर अनुरोध गर्दछु भन्ने जिल्ला प्रशासन कार्यालय भक्तपुरको लिखित जवाफ ।

८. नियम बमोजिम दैनिक पेशीसूचीमा चढी पेश हुन आएको निवेदनमा निवेदक तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री सविता बरालले निवेदक गैरकानूनी थुनामा रहेको र कठोर अमानवीय शारीरिक एवं मानसिक यातना दिएको भन्ने बुझिएको छ । लिखित जवाफमा बन्दीलाई थुनुवा पुर्जि दिइएको भनिए तापनि वास्तवमा दिइएको छैन । गलत कानून प्रयोग गरी निवेदकलाई थुनामा राखिएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो । त्यसैगरी प्रत्यर्थी श्री ५ को सरकारकोतर्फबाट उपस्थित विद्वान उपन्यायाधीवक्ता श्री भरतलाल शर्माले निवेदक बन्दीलाई आधार समेत खुलाई थुनुवा पुर्जी दिइएको छ । निवेदकले थुनुवा पुर्जि बुझेको देखिन्छ, निवेदकलाई कार्यविधि पूरा गरी नजरबन्दमा राखिएको हुँदा रिट निवेदन खारेज हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

९. निवेदन सहितका मिसिल कागजात, महान्यायाधिवक्ताको कार्यालय मार्फत निवेदक बन्दीलाई गरिएको कारवाहीको सक्कल फाइलको अध्ययन गरी दुबै पक्षका विद्वान वकिलहरूले गर्नु भएको बहस जिकिर सुनी निर्णय तर्फविचार गर्दा यसमा निवेदक माग बमोजिमको आदेश जारी गर्न मिल्ने नमिल्ने के रहेछ ? सो सम्बन्धमा निर्णय दिनुपर्ने हुन आयो ।

१०. निर्णयतर्फ विचार गर्दा भक्तपुर जिल्लाको प्र.जि.अ. र स्थानीय अधिकारी म गेहनाथ भण्डारीले नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल असर पर्नसक्ने तपाईले गर्न लागेको वा तयारी गरी रहेको वा गराउन लागेको काम कुरा गर्नबाट तपाईलाई रोक्नुपर्ने भएकोले सार्वजनिक सुरक्षा नियमावली २०५८ को नियम ३(१) ले दिएको अधिकार प्रयोग गरी काभ्रे जिल्ला पोखरेचौरी गा.वि.स. वार्ड नं. ३ बस्ने तपाई श्री प्रेम चौलागाईलाई नजरबन्दमा राख्न यो आदेश दिएको छु भन्ने व्यहोरा जिल्ला प्रशासन कार्यालय भक्तपुरको मिति २०५९।१२।२७ को नजरबन्दको आदेशमा उल्लेख भएको छ । मिति २०५८।७।२४ खण्ड ५१ अतिरिक्तांक ४६(ग) को राजपत्रमा प्रकाशित गृह मन्त्रालयको सूचनाद्वारा सार्वजनिक सुरक्षा नियमावली, २०५८ खारेज भएको छ र सोही नियमावलीले दिएको अधिकार प्रयोग गरी निवेदकलाई प्रमुख जिल्ला अधिकारीले मिति २०५९।१२।२७ मा नजरबन्दमा राख्ने आदेश जारी गरी सोही मिति देखि थुनामा राखेको जिल्ला कार्यालयको फाइलबाट देखिन्छ ।

११. कानून बमोजिम बोहक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण हुने छैन भन्ने नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२(१) ले स्वतन्त्रताको मौलिकहक सबै नागरिकलाई प्रदान गरेको देखिन्छ । धारा १२(१) मा "कानून बमोजिम बाहेक" भन्ने वाक्यांश प्रयोग भएको छ । कानून बमोजिम बाहेक भन्ने शब्द समुहले Due process of law लाई अँगालेको हुन्छ । Due process of law leq Substentive due process / procedural due process दुबै पर्छ । कसैको वैयक्तिक स्वतन्त्रतामा असर पर्ने गरी कारवाही गर्दा दुबै उचयअभकक लाई अनिवार्य रूपमा पालन गर्नुपर्छ । दुबै process मध्ये कुनै एकको पनि अभाव गरिएको कारवाहीमा देखिन आएमा भए गरेको कारवाहीलाई कानूनसङ्गत मान्न सकिन्न । निवेदकलाई नजरबन्दमा राख्ने

आदेश गर्दा सार्वजनिक सुरक्षा नियमावली २०५८ को नियम ३(१) ले दिएको अधिकार प्रमुख जिल्ला अधिकारीले प्रयोग गरेको देखिन्छ । जुन नियमावलीले अधिकार दिएको भनी कारवाही गरिएको छ उक्त नियमावली अघि नै खारेज भई निष्कृय भै सकेको छ । जुन नियमले अधिकार दिएको थियो उक्त नियम खारेज भैसकेपछि नियम प्रयोगकर्ता अधिकारविहीन हुन गएको देखियो । अधिकार विहीन व्यक्तिले गरेको कामकारवाहीले कानूनी मान्यता पाउँदैन, उसमा पनि अघि नै खारेज भइसकेको नियमावलीलाई प्रयोग गरी भए गरेको कामकारवाही कानूनसङ्गत हुने त अवस्था नै रहदैन । यसरी अधिकार विहीन प्रमुख जिल्ला अधिकारीले नजरबन्दमा राख्ने आदेश गरी निवेदकलाई थुनामा राखेको गैरकानूनी देखिदा गैरकानूनी नजरबन्दले निरन्तरता पाउन नसक्ने हुनाले गैरकानूनी नजरबन्दबाट निवेदकलाई मुक्त गरी दिनु भनी प्रत्यर्थीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ । निवेदकलाई नजरबन्दबाट मुक्त गरि दिनु भनी आज छुट्टै आदेश भैसकेकोले केही गरी रहन परेन । आदेशको प्रतिलिपि म.न्या.का.लाई पठाई मिसिल नियमानुसार गरी बुझाई दिनु ।

उक्त रायमा म सहमत छु ।

न्या. केदारप्रसाद गिरी

इति सम्वत् २०६० साल बैशाख २२ गते रोज २ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री केदारप्रसाद गिरी
माननीय न्यायाधीश श्री रामनगिना सिंह

सम्वत् २०५९ सालको बन्दी रि.नं. ३५०

आदेश मितिः २०६०।१।२३।३

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : काभ्रे जिल्ला च्यासिखर्क वडा नं. ८ घर भई हाल केन्द्रीय कारागार काठमाडौंमा गैरकानूनी थुनामा रहेको विकास वि.क. को हकमा दुर्गाबहादुर वि.क.

विरुद्ध

विपक्षी : गृह मन्त्रालय समेत

- **थुना लगातार निरन्तर रुपमा रहेको देखिएको अवस्थामा आरोपित कसूर हुनसक्ने अवस्थाको विद्यमानता रहेको मान्ने स्थिति नदेखिने ।**
- **कुनै पनि नागरिकको वैयक्तिक स्वतन्त्रताको अपहरण हुने गरी नजरबन्दमा राख्दा प्रष्ट र पारदर्शी रुपमा दशी प्रमाणले पुष्टि हुने किसिमले आरोपित कसूर हुने संभावना रहेको तथ्य कारवाहीयुक्त फाइलबाट प्रष्ट रुपमा देखिनु पर्ने ।**
- **अदालतले थुनामा वैधताको परीक्षण गर्दा आरोप र आरोपबाट समर्थन गर्ने प्रमाणको विद्यमानता र कानूनको प्रयोग र पालना भए नभएको आधारमा गरिने हुन्छ । केवल ऐनको दफा थुनुवा पूर्जिमा उल्लेख गरेको आधारमा थुनुबाले वैधता प्राप्त गर्न नसक्ने ।**

आदेश

- न्या. रामनगिना सिंह

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३।८८(२) अन्तर्गत दायर भई पेश हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः

निवेदक विकास वि.क. गौशाला स्थित सागर रेष्टुरेन्टमा कार्यरत व्यक्ति हुनुहुन्छ । मिति २०५८।११।१८ गते बेलुका करिब ८ बजे तिर भक्तपुर कौशलटार स्थित आफ्नो डेरा कोठामा वसिरहेको अवस्थामा श्री ५ को सरकारको सुरक्षाकर्मीद्वारा पक्राउ गरी लगियो । लामो समय विना पूर्जि प्रत्यर्थीहरुले गैरकानूनी थुनामा राखी मिति २०५९।३।३२ गते प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय भक्तपुरबाट आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ को दफा ९ बमोजिमको पूर्जि दिइयो । त्यसपछि मिति २०५९।५।३ मा नजरबन्दको आदेश २०५९।६।२४ मा रिहा गर्ने आदेश मिति २०५९।६।२५ मा नजरबन्दको आदेश, मिति २०५९।६।२४ रिहा, आदेश मिति २०५९।९।२६ मा नजरबन्दको आदेश गरिएको रहेछ । यसरी विभिन्न मितिमा नजरबन्दमा राख्ने तथा रिहा गर्ने आदेश भए तापनि रिहा नगरी निवेदक

शुरु देखि हालसम्म लगातार प्रत्यर्थीहरुको गैरकानूनी थुनामा हुनुहुन्छ ।

प्रत्यर्थीहरुका उल्लेखित काम कारवाहीबाट निवेदकलाई प्राप्त कानूनी एवं संवैधानिक हक तथा वैयक्तिक स्वतन्त्रताको हक समेतबाट वञ्चित गरी गैरकानूनी रुपमा पक्राउ गरी शुरुदेखि हालसम्म लगातार गैरकानूनी रुपमा थुनामा राखी आफन्तलाई निर्बाध रुपमा भेटघाट गर्न नदिइएको तथा निवेदनमा सहिछाप समेत गर्न नदिइएको हुँदा र वैकल्पिक उपचारको अभाव समेत हुँदा नेपाल अधिराज्यको संविधान, २०४७ धारा २३ द्वारा निर्दिष्ट धारा ८८(२) बमोजिम सम्मानित अदालत समक्ष यो रिट निवेदन प्रस्तुत गरेको छु । निवेदक विकास वि.क. लाई सम्मानित अदालत समक्ष उपस्थित गराई निजलाई गैरकानूनी थुनाबाट मुक्त गरिदिनु भनी प्रत्यर्थीहरुका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निवेदकको वैयक्तिक स्वतन्त्रताको संरक्षण गरिपाऊँ भन्ने समेत व्यहोराको रिट निवेदन जिकिर ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? विपक्षीहरुबाट लिखित जवाफ मगाई नियमानुसार गरी पेश गर्नु भन्ने यस अदालतको आदेश ।

प्रस्तुत विषयमा विपक्षी बनाइनु भएका निकायहरुबाट छुट्टै लिखित जवाफ प्रस्तुत हुने नै छ । यस मन्त्रालयबाट निजलाई पक्राउ गर्ने, थुनामा राख्ने आदेश दिइएको छैन । साथै निजको कुनै हक अधिकार हनन नगरिएको हुँदा सम्मानित अदालतबाट रिट निवेदन खारेज गरि पाउन सादर अनुरोध गर्दछु भन्ने गृह मन्त्रालयको लिखित जवाफ ।

विपक्षी विकास वि.क.ले मिति २०५९।३।३१ गते यस भक्तपुर जिल्लाका विभिन्न स्थानमा सर्वसाधारण मानिसहरुलाई वलजफ्ती रुपमा भेला जम्मा गराई माओवादी पार्टीमा लाग्नु पर्छ जनयुद्धको लागि तयार हुनुपर्छ भनी डर धाक धम्की दिई भेला जम्मा गराई चन्दा सङ्कलन गराई माओवादी सम्बन्धीका पर्चा पम्पलेट टाँस्ने छर्ने कार्य गर्दै रहेको अवस्थामा यस कार्यालयबाट खटिएका गस्ति प्रहरीले फेला पारी पक्राउ गरी यस कार्यालयमा दाखिला गर्न ल्याएकोले निजलाई यस कार्यालयबाट सोधपुछ गर्दा म माओवादी पार्टीको सक्रिय कार्यकर्ता हुँ । मैले यस जिल्लाको विभिन्न स्थानमा बेला बेलामा माओवादी सम्बन्धी कार्यक्रमहरु राखी सर्वसाधारण मानिसहरुलाई भेला जम्मा गराई कार्यक्रम गर्दै आइरहेको छु । माओवादीको लागि भनी चन्दा समेत सङ्कलन गरेको हुँ माओवादी सम्बन्धी पर्चा पम्पलेट छर्ने, टाँस्ने कार्य समेत गर्दै आइरहेको हुँ र यस जिल्लाका विभिन्न स्थानमा तुल बम राख्ने मानिसहरुलाई आतंकित पार्ने जस्ता कार्य गरेको हुँ भन्ने प्रष्ट रुपमा बताएकोले निजलाई आवश्यक कारवाहीको लागि जिल्ला प्रशासन कार्यालय भक्तपुरमा पठाइएकोमा जिल्ला प्रशासन कार्यालय भक्तपुरको मिति २०५९।३।३२ गतेको पत्रको आदेशानुसार ९० दिन नजरबन्दमा राख्न पठाइएकोमा ९० दिन नजरबन्द भुक्तान भए पश्चात जिल्ला प्रशासन कार्यालय भक्तपुरको आदेशानुसार नजरबन्द मुक्त गरी छाड्नसाथ यस जिल्लाको विभिन्न स्थानमा माओवादी सम्बन्धी कार्यक्रम गरी सर्वसाधारण मानिसहरुलाई भेला जम्मा गराई डर त्रास धाक धम्कि देखाई चन्दा भनी नगद समेत सङ्कलन गर्ने माओवादी सम्बन्धीका पर्चा पम्पलेट टाँस्ने छर्ने कार्य गर्दै रहेको अवस्थामा यस कार्यालयका गस्ति प्रहरीले पटक-पटक फेला पारी पक्राउ गरी आवश्यक कारवाहीको लागि जिल्ला प्रशासन कार्यालय भक्तपुरको आदेशको विभिन्न मितिले निजलाई नजरबन्दमा राख्न पठाइएको हो भन्ने समेत व्यहोराको जिल्ला प्रहरी कार्यालय भक्तपुरको लिखित जवाफ ।

विपक्षी निवेदकले निवेदमा लिएको जिकिरका सम्बन्धमा निज निवेदक काभ्रे जिल्ला च्यासिखर्क गा.वि.स. वडा नं. ८ बस्ने विकास वि.क. लाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ अन्तर्गत यस कार्यालयको मिति २०५८।९।२६ को आदेश अनुसार नियमानुसारको थुनुवा पूर्जि दिई नजरबन्दमा राखिएको व्यहोरा सम्मानित अदालत समक्ष पेश गर्दछु । उक्त रिट निवेदन खारेज हुनु

समेत सम्मानित अदालत समक्ष सादर अनुरोध गर्दछु भन्ने व्यहोराको जिल्ला प्रशासन कार्यालय भक्तपुरको लिखित जवाफ ।

यसमा निवेदक विकास वि.क.लाई नजरबन्दमा राख्ने गरी मिति २०५९।९।१६ मा आदेश भएको कारवाही सम्बन्धी फाइल जिल्ला प्रशासन कार्यालय भक्तपुरबाट महान्यायाधिवक्ताको कार्यालय मार्फत झिकाई आएपछि नियम बमोजिम पेश गर्नु भन्ने यस अदालतको मिति २०६०।१।८ को आदेश ।

नियम बमोजिम दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत निवेदनमा निवेदक तर्फबाट उपस्थित विव्दान अधिवक्ता श्री लक्ष्मी पोखरेलले निवेदकलाई गैरकानूनी थुनामा रहेको र कठोर अमानवीय शारीरिक एवं मानसिक यातना दिएको भन्ने बुझिएको छ तसर्थ रिट निवेदन जारी हुनुपर्छ भनी वहस प्रस्तुत गर्नुभयो । यसैगरी प्रत्यर्थी तर्फबाट उपस्थित विव्दान सहन्यायाधिवक्ता श्री सरोज गौतमले निवेदक बन्दीलाई आधार कारण खुलाई थुनुवा पूर्जि बुझेको देखिन्छ । कानून बमोजिम नै थुनामा रहेको देखिदा रिट निवेदन खारेज हुनुपर्छ भनी वहस प्रस्तुत गर्नुभयो ।

निवेदन सहितका मिसिल कागजात महान्यायाधिवक्ताको कार्यालय मार्फत निवेदक बन्दीलाई गरिएको कारवाहीको सक्कल फाइलको अध्ययन गरी दुबै पक्षका विव्दान वकिलहरुले गर्नु भएको वहस जिकिरलाई मध्यनजर गरी निर्णय तर्फ विचार गर्दा यसमा निवेदन माग बमोजिमको आदेश जारी गर्न मिल्ने नमिल्ने के रहेछ ? सो सम्बन्धमा निर्णय दिनुपर्ने हुन आयो ।

निर्णय तर्फ विचार गर्दा निवेदक विकास वि.क.लाई जिल्ला प्रशासन कार्यालय भक्तपुरको मिति २०५८।९।२६ को आदेश पूर्जिले आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ बमोजिम पहिलो पटक ९० दिन थुनामा राखिएकोमा त्यस पश्चात पटक-पटकको नजरबन्दको आदेश र रिहाई गर्ने आदेश उल्लेख गरी निवेदक नजरबन्दमा रहेको देखिन आउँछ । आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ को दफा ९ मा आतङ्ककारी तथा विध्वसात्मक कार्य हुनसक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने विश्वास गर्न सकिने मनासिव आधार भएमा त्यस्तो व्यक्तिलाई ९० दिन सम्म नजरबन्दमा राख्ने आदेश गर्नसक्ने अवस्था देखिन्छ । उक्त ऐनको दफा ३ मा आतङ्ककारी तथा विध्वंसात्मक कार्यको परिभाषा दिई सो कार्य उपर ऐनको दफा १० बमोजिम सजाय हुने व्यवस्था रहेको स्थितिमा त्यस्तो विध्वंसात्मक कार्यबाट रोकन पर्ने विश्वास गर्न सकिने मनासिव आधार भएमा मात्र नजरबन्दमा राख्न सकिने हुन्छ ।

निवेदक विकास वि.क. लाई पटक-पटक उक्त दफा बमोजिम नजरबन्दमा राख्दा त्यस्तो के कस्तो कार्य निजबाट हुन गयो जसबाट निजलाई नजरबन्द मै राख्नु पर्ने स्थिति र मनासिव आधार फाइलबाट देखिन आउँदैन । निवेदकलाई पछिल्लो पटक २०५९।९।२६ का आदेश बमोजिम नजरबन्दमा राखिएको देखिन्छ निज उपर जबरजस्ती मान्छे भेला गरी माओवादी पार्टीमा लागौ भन्ने, चन्दा सङ्कलन गर्ने, पर्चा पम्पलेट टाँस्ने कार्य गरको भन्ने आरोपमा पक्राउ गरेको भनी लिखित जवाफमा जिरिक लिएकोमा निजबाट को कसलाई कहिले र कुन ठाउँमा मान्छे जम्मा गरेको, को को सँग चन्दा मागेको, कुन कुन ठाउँमा पर्चा पम्पलेट टाँस गरेको र टाँस भएका पर्चा पम्पलेट र चन्दा रसिद वरामद भै दशीको रुपमा पेश गरेको भन्ने मिसिल संलग्न रहेको पाइदैन । त्यसमाथि पनि निवेदकलाई रिहा गर्दै पक्राउ गर्दै गरेको भन्ने विश्वास प्रतित नदेखिएको स्थितिमा निवेदकको थुना लगातार निरन्तर रुपमा रहेको देखिएको अवस्थामा आरोपित कसूर निजबाट हुनसक्ने अवस्थाको विद्यमानता रहेको मान्ने स्थिति देखिदैन । कुनै पनि नागरिकको वैयक्तिक स्वतन्त्रताको अपहरण हुने गरी नजरबन्दमा राख्दा निजबाट प्रष्ट र पारदर्शी रुपमा दशी प्रमाणले पुष्टि हुने किसिमले आरोपित कसूर हुने संभावना रहेको तथ्य कारवाहीयुक्त फाइलबाट प्रष्ट रुपमा

देखिनुपर्ने हुन्छ । अदालतले थुनामा वैधताको परीक्षण गर्दा आरोप र आरोपबाट समर्थन गर्ने प्रमाणको विद्यमानता र कानूनको प्रयोग र पालना भए नभएको आधारमा गरिने हुन्छ । केवल ऐनको दफा थुनुवा पूर्जिमा उल्लेख गरेको आधारमा थुनुवाले वैधता प्राप्त गर्न सक्दैन । निवेदक विकास वि.क. उपर लगाइएको आरोप र सो आरोपका कारणबाट निजलाई नजरबन्दमा राख्नु पर्ने पर्याप्त र मनासिव आधार कानूनसम्मत रुपमा रहेको भन्ने देखिन नआएको स्थितिमा निजको नजरबन्दको थुना गैरकानूनी देखियो । गैरकानूनी थुनाले निरन्तरता पाउन नसक्ने हुँदा त्यस्तो गैरकानूनी नजरबन्दबाट निवेदकलाई मुक्त गरी दिनु भनी प्रत्यर्थीहरुको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ । निज निवेदकलाई नजरबन्दबाट मुक्त गरी दिनु भनी आज छुट्टै आदेश भैसकेकोले केही गरिरहन परेन । आदेशको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालयलाई दिई मिसिल नियमानुसार गरी बुझाई दिनु ।

उक्त रायमा म सहमत छु ।

न्या. केदारप्रसाद गिरी

इति सम्वत् २०६० साल वैशाख २३ गते रोज ३ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलाश
माननीय न्यायाधीश श्री दिलीप कुमार पौडेल
माननीय न्यायाधीश श्री खिलराज रेग्मी

सम्बत् २०५९ सालको रिट नं.१९१

आदेश मितिः २०६०।२।५

विषय : बन्दीप्रत्यक्षीकरण ।

निवेदक : धादिङ जिल्ला कुम्पुर गा.वि.स. वडा नं. ३ घर भै हाल जिल्ला प्रशासन कार्यालय धादिङमा गैरकानूनी थुनामा रहेको टिका दत्त शर्माको हकमा रमेश थपलिया

विरुद्ध

विपक्षी : गृह मन्त्रालय, काठमाडौ

- **केवल मनोगत तर्क जस्तो हलुका शब्दावलीले कुनै पनि आरोपित तथ्यलाई पुष्टि गर्न नसक्ने ।**
- **सार्वजनिक शान्ति व्यवस्थामा खलल पार्ने कार्य कसैबाट हुनसक्ने पूर्वावस्था देखिन आए मात्र मौलिक हकमा बन्देज लगाउन सकिने संवैधानिक एवं कानूनी स्थिति देखिन्छ । पर्याप्त आधार र उचित कारण विना स्वेच्छाचारी किसिमले बन्देज लगाउन नसकिने ।**
- **राष्ट्रिय सुरक्षा र नागरिकको रक्षा राज्यको प्राथमिक दायित्व भित्र पर्ने कुराको मूल्य र सिद्धान्तलाई हेर्नु पर्ने आवश्यकता एकातिर छ भने मानिसको वैयक्तिक स्वतन्त्रता र मर्यादालाई पनि उत्तिकै ध्यान पुऱ्याउनु र संरक्षण दिनुपर्ने ।**

आदेश

- न्या. खिलराज रेग्मी

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३, ८८(२) बमोजिम यस अदालतमा पर्न आएको निवेदनको संक्षिप्त तथ्य र आदेश यस प्रकार छः

निवेदक कर्मचारी भै घरमा बसि रहेको अवस्था २०५७।१०।२६ मा विपक्षीहरुले पक्राउ गरेबाट विपक्षीहरु उपर पुनरावेदन अदालत, पाटनमा दिएको बन्दीप्रत्यक्षीकरणको निवेदनमा २०५७।११।९ को फैसला बमोजिम थुना मुक्त भै घरमा बसी आएकोमा २०५८।८।१९ गते इलाका प्रहरी कार्यालय गजुरीका सुरक्षाकर्मीले पक्राउ गरि आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ बमोजिम नजरबन्दमा राखिएकोमा २०५९।११।६ मा नजरबन्दबाट मुक्त गर्ने पुर्जी दिइए तापनि मुक्त गरिएन । विपक्षहरुले लगातार ९० दिन भन्दा बढी थुनामा राखेको उक्त कार्यबाट मेरो नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११(१)(२), १२(१)(२) (घ)(ङ), १४ (१), १५(१) समेतको हक अधिकारमा आघात परेकोले यो निवेदन गरेको छु । विपक्षीहरुको गैरकानूनी थुना मुक्त गरिपाऊँ भन्ने समेत व्यहोराको निवेदन पत्र ।

यसमा निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? बाटाका म्याद बाहेक ३ दिन भित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नु भनी विपक्षीहरुका नाममा सूचना म्याद पठाउनु भन्ने यस अदालतको आदेश ।

निवेदकलाई पक्राउ नगरिएको हुँदा रिट निवेदन खारेज गरि पाउँ भन्ने गृह मन्त्रालयको लिखित जवाफ ।

निवेदकलाई पक्राउ नगरिएको हुँदा रिट निवेदन खारेज गरि पाउँ भन्ने समेत व्यहोराको सुरक्षा गुल्म धादिङको लिखित जवाफ ।

प्रहरीको प्रतिवेदनले निवेदक २०५७।११।४ मा हातहतियार खर खजाना मुद्दामा अनुसन्धानको लागि हिरासतमा रहेकोमा पुनरावेदन अदालत, पाटनको मिति २०५७।११।९ को आदेश बमोजिम छुटी गएकोमा आतङ्ककारी तथा विध्वंसात्मक गतिविधिमा लागेको पाइएबाट २०५८।८।२४ गते जिल्ला प्रशासन कार्यालय, धादिङको आदेशले आतङ्ककारी तथा विध्वसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश २०५८ बमोजिम थुनामा रहेकोमा २०५८।११।२५ बाट थुना मुक्त गरिएको भन्ने पत्रको जानकारी प्राप्त भएको र पछि सोही कृयाकलापमा संलग्न भएबाट २०५८।१२।२१ मा आतङ्ककारी तथा विध्वसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन बमोजिम नजरबन्दमा राखिएको र २०५९।३।१८ बाट निज नजरबन्दबाट मुक्त भएको जानकारी पत्र प्राप्त भएको । पुनः सोही कार्यमा संलग्न भए वापत फक्राउ गरी २०५९।४।७ गते जिल्ला प्रशासन कार्यालयको आदेशले आतङ्ककारी तथा विध्वसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ बमोजिम नजरबन्दमा राखिएकोमा २०५९।७।४ को पत्रबाट थुनामुक्त भएको देखिएको पछि सोही कार्यमा संलग्न भएकाले २०५९।८।६ गतेको जिल्ला प्रशासन कार्यालय, धादिङको आदेशले थुनामा रहेकोमा २०५९।११।६ को पत्रानुसार निज थुना मुक्त भएको देखिएकोमा पछि सोही कार्यमा संलग्न भए वापत २०५९।११।२१ मा सार्वजनिक सुरक्षा ऐन, २०४६ बमोजिम नजरबन्दमा राखिएको हुँदा निवेदन खारेज गरि पाउँ भन्ने जिल्ला प्रहरी कार्यालय, धादिङको लिखित जवाफ ।

सार्वजनिक सुरक्षा ऐन, २०४६ बमोजिम जिल्ला प्रशासन कार्यालय, धादिङको आदेश बमोजिम मिति २०५९।११।२१ देखि थुनामा रहेको हुँदा निवेदन खारेज गरि पाउँ भन्ने समेत व्यहोराको कारागार शाखा धादिङको लिखित जवाफ ।

आतङ्ककारी तथा विध्वसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ बमोजिम निवेदकलाई पछिल्लो पटक मिति २०५९।११।७ मा मुक्त गरी २०५९।११।१४ को तारखे तोकि पठाएकोमा सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) को प्रतिकूल कार्य गरेबाट सुरक्षाकर्मीद्वारा पक्राउ गरी २०५९।११।२१ मा दाखिल गर्न ल्याएबाट सोही ऐन बमोजिम निजलाई नजरबन्दमा राखिएको हुँदा निवेदन खारेज गरिपाऊँ भन्ने जिल्ला प्रशासन कार्यालय, धादिङको लिखित जवाफ ।

प्रहरी प्रतिवेदनले वादी श्री ५ को सरकार प्रतिवादी विपक्ष भएको हाल हतियार खर खजाना मुद्दामा विपक्षी २०५७।११।४ मा पक्राउ गरी जिल्ला प्रहरी कार्यालय, धादिङमा पठाइएको हो, सो पछि हालसम्म निजलाई यस कार्यालयबाट पक्राउ गर्ने कार्य नभएकोले निवेदन खारेज गरि पाउँ भन्ने समेत व्यहोराको इलाका प्रहरी कार्यालय, गजुरीको लिखित जवाफ ।

नियम बमोजिम दैनिक मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत निवेदनमा निवेदक तर्फका विद्वान अधिवक्ता श्री शरदप्रसाद कोइरालाले निवेदकलाई २०५७।१०।२६ देखि नै हालसम्म विपक्षीहरुले

गैरकानूनी थुनामा राखेको बीच बीचमा नजरबन्दबाट मुक्त गरेको पत्र दिए पनि मुक्त नगरेको र पछिल्लो पटक सार्वजनिक सुरक्षा ऐन, २०४६ बमोजिम नजरबन्दमा राख्ने आदेश गरेकोमा निवेदकलाई नजरबन्दमा राख्नुपर्ने आधार र कारण समेत नखुलेबाट थुनाबाट मुक्त गर्नु भनी आदेश हुनुपर्दछ भन्ने र विपक्षी गृह मन्त्रालय समेतको तर्फबाट विद्वान सरकारी उप-न्यायाधिवक्ता श्री ब्रजेश प्याकुरेलले निवेदकलाई २०५९।११।२१ देखि सार्वजनिक सुरक्षा ऐन अर्न्तगत नजरबन्दमा राखेको देखिएकोले सोको म्याद भुक्तान हुन बाँकी हुँदा निवेदन खारेज हुनुपर्दछ भनी गर्नु भएको बहस समेत सुनी मिसिल अध्ययन गरी हेर्दा निवेदन माग बमोजिमको आदेश जारी हुने हो होइन, सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

निर्णय तर्फ विचार गर्दा, यसमा निवेदकलाई मिति २०५८।८।१९ गते देखि आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश २०५८ र पछि ऐन बनेपछि सोही ऐन बमोजिम थुनामा राखिएको र बीच-बीचमा रिहा गर्ने पुर्जी दिइए तापनि रिहा नगरी गैरकानूनी थुनामा राखिएको हुँदा थुनाबाट मुक्त गरिपाऊँ भन्ने निवेदन जिकिर रहेको छ । विपक्षीहरुको लिखित जवाफबाट २०५९।११।२१ देखि सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) बमोजिम नजरबन्दमा राख्ने आदेश गरेको भन्ने देखियो । मिसिल संलग्न निवेदकलाई २०५९।११।२१ मा दिएको नजरबन्द आदेश हेर्दा त्यसमा खुलाइएको आधार कारणमा सर्वसाधारण जनतामा भयावह अन्यौलपूर्ण वातावरण सृजना गर्ने, डर त्रास देखाउने, सार्वजनिक सम्पत्ति तोडफोड गर्ने र लुटपाट गर्ने योजना बनाउने जस्ता कार्यमा संलग्न रहेको भन्ने उल्लेख भएको पाइन्छ । निज टिकादत्त शर्मा समेतलाई पक्राउ गरी दाखिला गरेको प्र.ना.नि.गोपाल लुइटेलको २०५९।११।२१ को प्रतिवेदनमा सर्वसाधारण जनमानसमा भय, डर त्रास देखाउने अन्यौलपूर्ण वातावरण सृजना गरी भयावह स्थिति उत्पन्न गराउने गरेको बुझिए अनुसार त्यस प्रकारको शंकास्पद कृयाकलाप गर्दै हिडी रहेको अवस्थामा फेला पारी पक्राउ गरी दाखिल गरेको भन्ने व्यहोरा उल्लेख गरेको पाइन्छ । शंकास्पद कृयाकलाप गर्दै हिडेको भन्ने कुरालाई युक्तिसङ्गत एवं उपयुक्त आधार मान्न कसरी मिल्छ ? निज प्रहरीको प्रतिवेदन कुनै तथ्यमा आधारित देखिंदैन, केवल मनोगत तर्क जस्तो हलुका शब्दावलीले कुनै पनि आरोपित तथ्यलाई पुष्टि गर्दैन । कानूनको दफा उल्लेख गर्दैमा पर्याप्त हुँदैन, आधार र कारणको पुष्टि तथ्यबाट हुनुपर्दछ ।

प्रस्तुत सन्दर्भमा ने.का.प. २०५५ नि.नं.६५३० प्रतिपादित सिद्धान्त सान्दर्भिक देखिन आउँछ । त्यसमा संविधानको प्रस्तावनामा नै कानूनी राज्यको अवधारणा, नागरिकको आधारभूत मानव अधिकार र त्यसमा पनि वैयक्तिक स्वतन्त्रता जस्तो संवेदनशील विषयमा उपयुक्त र ठोस आधार विना कसैको स्वतन्त्रताको अपहरण गर्ने गरी नजरबन्दमा राख्न नेपाल अधिराज्यको संविधानले कसैलाई पनि छुट तथा उन्मुक्ति दिएको पाईंदैन भनी सिद्धान्त कायम भै रहेको पाइन्छ भने त्यस्तै सम्बत् २०५९ सालको रि.नं. २० निवेदक सागर सापकोटा विरुद्ध गृह मन्त्रालय समेत भएको बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा सार्वजनिक शान्ति व्यवस्थामा खलल पार्ने कार्य कसैबाट हुनसक्ने पूर्वावस्था देखिन आए मात्र मौलिक हकमा बन्देज लगाउन सकिने संवैधानिक एवं कानूनी स्थिति देखिन्छ । पर्याप्त आधार र उचित कारण विना स्वच्छाचारी किसिमले बन्देज लगाउन सकिदैन । राष्ट्रिय सुरक्षा र नागरिकको रक्षा राज्यको प्राथमिक दायित्व भित्र पर्ने कुराको मूल्य र सिद्धान्तलाई हेर्नु पर्ने आवश्यकता एकातिर छ भने मानिसको वैयक्तिक स्वतन्त्रता र मर्यादालाई पनि उत्तिकै ध्यान पुर्‍याउनु र संरक्षण दिनुपर्ने भनी व्याख्या भई रहेको देखिन्छ ।

कानूनी औचित्य पुष्टि गर्न नसकिने गिरफ्तारी, नजरबन्द तथा शक्तिको प्रयोग विरुद्धको अधिकार नै वैयक्तिक स्वतन्त्रता हो भनिन्छ । आधुनिक सभ्य समाजमा वैयक्तिक स्वतन्त्रतालाई प्रजातन्त्रको मूल आधार स्तम्भको रुपमा लिइन्छ । कानून बमोजिम वा कानूनको उचित प्रकृया पूरा नगरी कसैको पनि वैयक्तिक स्वतन्त्रता अपहरित हुनसक्दैन । नेपाल अधिराज्यको संविधान, २०४७ ले निवारक नजरबन्दको

हकको रुपमा नामाकरण गरी नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा नराखिने सुनिश्चितता प्रदान गरेको छ ।

उल्लेखित तथ्यगत अवस्था, संवैधानिक एवं कानूनी स्थिति र यस अदालतले अपनाई आएको नजीर सिद्धान्त समेतको पृष्ठभूमि समेतमा प्रस्तुत केशलाई हेर्दा २०५९।११।२१ को नजरबन्द आदेश अवलोकन गरी हेरिंदा सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) मा उल्लेखित विभिन्न कार्यहरु हुन बाट निवेदकलाई रोक्नु जरुरी भएकोले भन्ने सम्मको व्यहोरा उल्लेख भएको देखिन्छ सो दफा ३(१) मा व्यवस्था भए बमोजिम नेपाल अधिराज्यको सार्वभौमसत्ता, अक्षुणता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्नसक्ने निवेदक टिकादत्त शर्माबाट के कस्तो कार्य हुनसक्ने भै सो कार्य रोक्न नजरबन्दमा राख्नु पर्ने भएको हो, सोको तथ्ययुक्त आधार र कारण समेत आदेशमा खुलेको देखिएन । यसरी कानूनको प्रकृया पूरा नगरी कानूनसम्मत आधार र कारण विना राखिएको नजरबन्दलाई कानून बमोजिम भए गरेको भन्न सकिने अवस्था नहुँदा निवेदकलाई नजरबन्दमा राख्ने गरि जिल्ला प्रशासन कार्यालय, धादिङबाट मिति २०५९।११।२१ मा भएको आदेश तथा सो आदेश बमोजिम नजरबन्दमा राख्ने गरिएको काम कारवाही समेत गैरकानूनी देखिकोले गैरकानूनी थुनाबाट निवेदकलाई मुक्त गरि दिनु भनी विपक्षीहरुका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ । निवेदक बन्दीलाई अन्य मुद्दामा थुनामा राख्न नपर्ने भए प्रस्तुत मुद्दाबाट थुनामुक्त गरि दिनु भनी छुट्टै आदेश भै लेखि गै सकेकोले केही गर्न परेन । आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षीलाई दिनु । मिसिल नियमानुसार गरि बुझाई दिनु ।

उक्त रायमा सहमत छु ।

न्या. दिलीपकुमार पौडेल

इति सम्बत २०६० साल जेठ ५ गते रोज २ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री हरिश्चन्द्रप्रसाद उपाध्याय
माननीय न्यायाधीश श्री केदारप्रसाद गिरी

सम्वत् २०५९ सालको रिट नं. ४३१

आदेश मितिः २०६०।२।७४

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : सिन्धुपाल्चोक जिल्ला ठूलो पाखर ४ घर भई हाल का.जि.का.म.न.पा.वा.नं. ३५ हाल कारागार शाखा चितवनमा गैर कानुनी थुनामा रहेका वर्ष २२ का संजय भन्ने टेकबहादुर श्रेष्ठको हकमा श्रीबहादुर श्रेष्ठ समेत

विरुद्ध

विपक्षी : श्री ५ को सरकार गृह मन्त्रालय काठमाडौ समेत

- **आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) ऐन, २०५८ को दफा ९ बमोजिम आतङ्ककारी तथा विध्वंसात्मक कार्य हुनसक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने विश्वास गर्न सकिने मनासिव आधार भएमा मात्र नजरबन्दमा राख्ने आदेश गर्न सकिने र त्यस्तो विश्वास गर्न सकिने मनासिव आधार भएमा स्पष्ट व्यहोरा सम्बन्धित व्यक्तिलाई समेत दिएको हुनुपर्ने ।**

- **फलाना ऐनको फलाना दफा अनुसारको अधिकार प्रयोग गरी नजरबन्दमा राखिएको भन्ने सम्म उल्लेख भएकोलाई विश्वास गर्न सकिने मनासिव आधार उल्लेख भएको मान्न नमिल्ने ।**

- **के कुन काम कारवाहीबाट वा के कस्तो प्रकारको भाषण जुलुसबाट आतङ्ककारी तथा विध्वंसात्मक गतिविधि हुनजाने सम्भावना देखिएको हो भन्ने वस्तुगत तथ्ययुक्त कारण उल्लेख गरिएको नपाईदा त्यस्तो गतिविधि हुनसक्ने पूर्वावस्था रहेको देखिने आधारहरु समेत उल्लेख नभएको अवस्थामा सँगोलको भाषा उल्लेख गरी दिइएको आदेशलाई उचित र प्रर्याप्त आधार भएको भनी मान्न नमिल्ने ।**

आदेश

- न्या. केदारप्रसाद गिरी

१. नेपाल अधिराज्यको संविधान, २०४७ को दफा २३ र ८८ (२) बमोजिम यस अदालतमा पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः

२. मिति २०५८।१२।२७ का दिन निवेदकलाई कोटेश्वर काठमाडौ स्थित आफनै कोठाबाट सुरक्षाकर्मीहरुले पक्राउ गरी लामो समय सम्म गैर कानुनी थुनामा राखी मिति ०५९।२।७ गते चितवन जिल्ला प्रशासन कार्यालयबाट आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) ऐन, २०५८ को दफा ९ बमोजिमको पुर्जि दिइयो । त्यसपछि मिति २०५९।५।५ मा नजरबन्दमा

राख्ने आदेश, मिति २०५९।८।१० मा नजरबन्दमा राख्ने आदेश, मिति ०५९।११।२६ मा सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३ (१) अनुसार नजरबन्दमा राख्ने आदेश गरिएको रहेछ । निवेदकहरुबाट उल्लिखित आतङ्ककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण ऐन कुनै कार्य भएको छैन । सार्वजनिक सुरक्षा ऐनको दफा ३ (१) को कार्य हुनसक्ने पूर्वावस्था पनि छैन । निवेदकलाई आधार र कारण खोलिएको पुर्जि समेत दिइएको छैन तसर्थ विपक्षीहरुको कार्यले निवेदकलाई प्राप्त कानूनी एवं संवैधानिक हक तथा वैयक्तिक स्वतन्त्रताको हक समेतबाट वञ्चित भै हाल सम्म लगातार गैर कानुनी थुनामा रहेका हुँदा निजलाई गैरकानूनी थुनाबाट मुक्त गरी दिनु भनी प्रत्यर्थीहरुका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने समेत व्यहोराको निवेदन ।

३. यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएको मितिले बाटाका म्याद बाहेक ३ दिन भित्र लिखित जवाफ पठाउनु भनपि विपक्षीहरुलाई सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियम बमोजिम पेश गर्नु भन्ने समेत व्यहोराको यस अदालत एक न्यायाधीशको इजलासबाट भएको आदेश ।

४. यस मन्त्रालयबाट निवेदकलाई पक्राउ गर्ने, थुनामा राख्ने, आदेश दिइएको छैन । साथै निजको कुनै हक हनन् नगरिएको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको श्री ५ को सरकार गृह मन्त्रालयबाट प्राप्त लिखित जवाफ ।

५. विपक्षी रिट निवेदकलाई यस कार्यालयबाट पक्राउ गर्ने थुनामा राख्ने काम कार्य नभएको हुँदा रिट निवेदन वदर भागी छ खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको जिल्ला प्रहरी कार्यालय हनुमान ढोका काठमाडौबाट प्राप्त लिखित जवाफ ।

६. मिति ०५९।११।२५ गते निवेदक समेतले सार्वजनिक स्थानमा सर्व साधारणलाई गैरकानूनी गतिविधिमा लगाउने, भडकाउने, हिंसात्मक गतिविधिमा लाग्न दुरुत्साहन गर्ने जस्ता कार्य गरी नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता, सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पुऱ्याउने हुँदा तत्काल उक्त कार्यबाट रोक्न सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) अनुसार आवश्यक कारवाहीको लागि निवेदकलाई जिल्ला प्रशासन कार्यालय चितवनमा पठाएको हो । यस कार्यालयमा गैर कानुनी थुनामा नराखिएको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको जिल्ला प्रहरी कार्यालय चितवनको लिखित जवाफ ।

७. संजय भन्ने टेकबहादुर श्रेष्ठले चितवन जिल्ला भरतपुर न.पा.वा.नं. ५ स्थित सार्वजनिक स्थानमा नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता एवं सार्वजनिक शान्ति र व्यवस्थामा खलल पुऱ्याउने किसिमको गतिविधिमा संलग्न रही अरुलाई भड्काउने, सँगठित गर्ने उत्तेजना फैसलाउने जस्ता कार्य गरेकोले उक्त कार्य गर्नबाट रोक्न मनासिव देखिएकोले सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) बमोजिम ०५९।११।२६ बाट ९० दिन कारागार शाखा भरतपुरमा कानून बमोजिम पुर्जि दिई नजरबन्दमा राखिएको हुंदा निवेदन कपोकल्पित छ, खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको जिल्ला प्रशासन कार्यालय चितवनको लिखित जवाफ ।

८. जिल्ला प्रशासन कार्यालय चितवनको ०५९।२।७ को आदेशानुसार नजरबन्दमा रही ०५९।५।२ गतेको पत्रले मुक्त भएको मिति २०५९।२।५ को पत्रानुसार नजरबन्दमा राखी ०५९।८।२ मा मुक्त गरिएको, २०५९।८।१० को पत्रानुसार थुनामा रहेकोमा ०५९।११।११ को पत्रले मुक्त गरिएको, पुन: ०५९।११।२६ को आदेशानुसार थुनामा राखिएको यस कार्यालयलाई आफू खुसी थुनामा राख्ने

अधिकार नभएको हुंदा रिट निवेदन वदर भागी छ भन्ने समेत व्यहोराको जिल्ला प्रशासन कार्यालय कारागार शाखा चितवनको लिखित जवाफ ।

९. नियमानुसार पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको निवेदन सहितको मिसिल अध्ययन गरी निवेदक तर्फबाट रहनु भएका विद्वान अधिवक्ता श्री लक्ष्मी पोखरेलले निवेदकलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (सजायँ तथा नियन्त्रण) ऐन, २०५८ तथा सार्वजनिक सुरक्षा ऐन, २०४६ अन्तर्गत थुनामा राखिएको भए तापनि थुनामै राख्नु पर्ने सम्मको कारण र आधार विपक्षीको पुर्जि तथा आदेशबाट नदेखिएको स्थितिमा गैरकानूनी थुनाबाट निवेदकलाई मुक्त गर्न बन्दी प्रत्यक्षी करणको आदेश जारी गरिपाऊँ समेत भनी गर्नु भएको वहस तथा विपक्षी श्री ५ को सरकार गृह मन्त्रालय समेतको तर्फबाट विद्वान सहन्यायाधिवक्ता श्री पुष्पराज कोइरालाले निवेदकले नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता, एवं सार्वजनिक शान्तिमा खलल पुऱ्याउने खालका गतिविधिमा संलग्न रहेकै अवस्थामा पक्राउ परी प्रतिवेदनसाथ दाखिल भएको अवस्थामा कानून बमोजिम आदेश गरी पुर्जि समेत दिई थुनामा राखिएको हुँदा उक्त कार्य कानून बमोजिमकै हुनाले रिट खारेज गरि पाउँ भनी गर्नु भएको वहस समेत सुनियो ।

१०. निवेदक तथा विपक्षी तर्फबाट रहनु भएका विद्वान अधिवक्ता तथा उपन्यायाधिवक्ताको वहस, निवेदन तथा लिखित जवाफहरु समेत मनन गर्दा यसमा निवेदन माग बमोजिमको आदेश जारी हुनुपर्ने हो होइन भन्ने विषयमा निर्णय दिनुपर्ने हुन आयो ।

११. निर्णय तर्फ विचार गर्दा, निवेदकले आफूलाई २०५८।१२।२७ गतेका दिन पक्राउ गरी ०५९।२।७ मा मात्र जिल्ला प्रशासन कार्यालय चितवनबाट आतङ्ककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण र सजाय ऐन, २०५८को दफा ९ बमोजिम नजरबन्दमा राख्ने पुर्जि दिइएकोछ, तत्पश्चात पटक-पटक थुनाबाट मुक्त गरेको तथा पुनः नजरबन्दमा राख्ने पुर्जि दिई अन्तिम पटक मिति ०५९।११।२६ मा सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) अनुसार नजरबन्दमा राख्ने आदेश दिएको भएपनि हाल सम्म लगातार थुनामानै रहेको भन्ने समेत व्यहोरा उल्लेख गरी निवेदन प्रस्तुत गरेकोमा निवेदक मिति २०५९।२।७ मा जिल्ला प्रशासन कार्यालय चितवनको आदेशानुसार आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजायँ) ऐन, २०५८ को दफा ९ अन्तर्गत थुनामा रहे पश्चात ०५९।५।२ मा मुक्त गरेको पुर्जि दिइएको, पुनः ०५९।५।५ को आदेशानुसार थुनामा राखि मिति २०५९।८।२ मा मुक्त गरेको पुर्जि दिइएको फेरी मिति ०५९।८।१० को आदेशानुसार थुनामा राखी ०५९।११।११ मा थुनामुक्त गरेको पुर्जि दिइएको तथा अन्तिम पटक ०५९।११।२६ को आदेशानुसार सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३ (१) बमोजिम सोही जिल्ला प्रशासन कार्यालय चितवनको आदनेशानुसार कारागार शाखा चितवनमा अद्यपी नजरबन्दमा रहेको तथ्य लिखित जवाफहरु समेतबाट देखिन आयो । व्यक्तिको वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गर्ने गरी नजरबन्दमा राख्दा अधिकार प्राप्त अधिकारीले सम्बन्धित कानूनको अक्षरशः पालन गर्नुपर्ने हुन्छ । आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) ऐन, २०५८ को दफा ९ बमोजिम आतङ्ककारी तथा विध्वंसात्मक कार्य हुनसक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने विश्वास गर्न सकिने मनासिव आधार भएमा मात्र नजरबन्दमा राख्ने आदेश गर्न सकिने हुन्छ र त्यस्तो विश्वास गर्न सकिने मनासिव आधार भएमा स्पष्ट व्यहोरा सम्बन्धित व्यक्तिलाई समेत दिएको हुनुपर्ने हुन्छ । तर बन्दी टेकबहादुरलाई दिइएको मिसिल संलग्न पूर्जिहरुमा त्यस्तो आधार खुलाइएको पाइएन । फलाना ऐनको फलाना दफा अनुसारको अधिकार प्रयोग गरी नजरबन्दमा राखिएको भन्ने सम्म उल्लेख भएकोलाई विश्वास गर्न सकिने मनासिव आधार उल्लेख भएको

मान्न मिल्ने देखिदैन । यसै गरी निवेदकलाई पछिल्लो पटक मिति २०५९।११।२६ मा सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ बमोजिम थुनामा राखिएकोमा त्यसरी निवेदकलाई नजरबन्दमा राख्न गरिएको मिति २०५९।११।२६ को आदेशमा यी निवेदकले चितवन भरतपुरमा नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता तथा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पुऱ्याउने किसिमको नारा जुलुस, भाषण, दुरुत्साहन, भडकाउने आदि गतिविधिमा संलग्न भएकोले त्यस्तो कार्य रोक्न आवश्यक भएको भनी उल्लेख गरिएको देखिन्छ । तर निवेदकको के कुन काम कारवाहीबाट वा के कस्तो प्रकारको भाषण जुलुसबाट त्यस्तो गतिविधि हुनजाने सम्भावना देखिएको हो भन्ने वस्तुगत तथ्ययुक्त कारण उल्लेख गरिएको पाइएन । त्यस्तो गतिविधि हुनसक्ने पूर्वावस्था रहेको देखिने आधारहरु समेत उल्लेख भएको देखिदैन । त्यसरी सँगोलको भाषा उल्लेख गरी दिइएको आदेशलाई उक्त ऐनको दफा ३.१ तथा ४ .१ मा प्रयुक्त उचित र प्रर्याप्त आधार भएको भनी मान्न मिल्ने देखिन आएन । तसर्थ निवेदक संजय भन्ने टेकबहादुर श्रेष्ठलाई पर्याप्त आधार र कारण बेगर गैर कानुनी रुपमा नजरबन्दमा राखेको देखिन आएकोले त्यस्तो गैरकानुनी नजरबन्दबाट निवेदकलाई मुक्त गरी दिनु भनी विपक्षीहरुका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ । कानून बमोजिम अन्य मुद्दाबाट थुनामा राख्नु पर्ने नभए निवेदक संजय भन्ने टेकबहादुर श्रेष्ठलाई नजरबन्दबाट मुक्त गरि दिनु भनी आज छुट्टै आदेश भै सकेकोले यसमा अरु केही गरी रहनु परेन । आदेशको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालयलाई दिई दायरीबाट प्रस्तुत रिट निवेदनको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनु ।

यसमा उक्त रायमा सहमत भई निर्णय सुनाई सकेपछि आदेशमा दस्तखत हुनुपूर्व मा.न्या. श्री हरिश्चन्द्रप्रसाद उपाध्याय परलोक हुनु भएको हुँदा दस्तखत हुन नसकेको व्यहोरा प्रमाणि गर्दछु ।

न्या. केदारप्रसाद गिरी

इति सम्वत् २०६० साल जेष्ठ ७ गते रोज ४ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोपालप्रसाद खत्री
माननीय न्यायाधीश श्री वलिराम कुमार

सम्वत् २०६० सालको रि.नं. ४८२

आदेश मितिः २०६०।२।२३।६

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : जापान घर भई हाल कारागार शाखा जगन्नाथ देवल त्रिपुरेश्वर काठमाडौं अन्तर्गत भद्र बन्दी गृहमा थुनामा रहेको वर्ष २२ को कोजीमा दायक्ष्यको हकमा का.जि.का.म.न.पा. वडा नं. ३० ज्याठा बस्ने वर्ष ३६ की लक्ष्मी प्रजापति

विरुद्ध

विपक्षी : अध्यागमन कार्यालय काठमाडौं समेत

- **प्रचलित कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको ज्यान वैयक्तिक स्वतन्त्रता नहरिने नागरिक अधिकार ऐन, २०१२ को दफा १२ ले व्यवस्था गरे बमोजिमको संरक्षण प्रत्येक व्यक्तिले पाउने हुँदा निवेदक विदेशी पर्यटकको रुपमा आएको भएपनि सो अधिकारबाट वञ्चित गर्न नमिल्ने ।**

- **कानून बमोजिम बाहेक भन्ने शब्दले कानूनको कार्यविधि पूरा गरेको हुनुपर्ने भन्ने संझनु पर्ने हुँदा निवेदकलाई निजले पाउनु पर्ने कानूनी उपचार प्रदान नगरी थुनामा राखेको देखिएकोले निज कानून बमोजिम थुनामा रहेको भन्न नमिल्ने ।**

आदेश

- न्या. गोपालप्रसाद खत्री

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३।८८(२) अन्तर्गत पर्न आएको प्रस्तुत विषयको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः

म निवेदक दक्षिण कोरियन आमा र पिता जापानिज भएकाले कोरियामा जन्मी जापानमा बसोबास गरी कोरियन पासर्पोटबाट मिति २०५८।८।७ गते जापानबाट ३ महिनाको भिसा लिई कानूनसम्मत तरिकाबाट नेपालको त्रिभूवन विमानस्थलबाट नेपाल प्रवेश गरेको हुँ । मेरो आगमन सूचीबाट पन्ती म कहिले नेपाल आएको हो भन्ने यथार्थ व्यहोरा उक्त विमानस्थलको आगमन कक्षमा मैले भरेको कागजबाट प्रष्ट हुने व्यहोरा अनुरोध गर्दछु । मेरो नेपाल आउनुको मुख्य उद्देश्य भनेको नेपालमा रहेको गरिव बाल बच्चाको आर्थिक, शैक्षिक सहयोग गर्नका लागि म आएको हुँ । नेपालको वास्तविक वस्तु स्थिति बुझ्ने क्रममा म पोखरा भ्रमणको लागि जाँदा दुर्भाग्यवस पोखरामा मेरो कार दुर्घटना पर्‍यो । मेरो ड्राइभर मनमोहन अधिकारीको मृत्यु भयो, सयोगवस म वाच्न सफल भए । तर मेरो पासर्पोट लगायतका कागजात दुर्घटनामा परि आफू अचेत अवस्थामा परेको बेला अपरिचित व्यक्तिले मेरो कागजात सहितको झोला चोरी

लग्यो । उपचार पश्चात मेरो पासर्पोट सहितको झोला हराएको व्यहोरा तत्काल प्रहरीलाई खवर गरेकोमा प्रहरीले कुनै चासो देखाएन । तत्पश्चात मैले होटलमा चाउमिन खाई रहेको अवस्थामा प्रहरीले चाउमीनमा वियर खन्याई दिएको हुँदा सामान्य झगडा भएको थियो । सोही रिसइविले प्रहरीले मलाई पक्राउ गरी अध्यागमन विभाग भृकुटीमण्डपमा लगि मलाई केही नसोधी २६-०४-१९९९ बाट १६-०१-२००२ सम्म विना भिसा नेपालमा बसेका भनी अमेरिकी डलर ६४७०। र जरिवाना रु.२५,०००। तिर्नु वुझाउनु पर्ने भनी मिति २०५८।१०।८ गते कारागार शाखा सदरखोर डिल्लीबजारमा थुनामा राख्न पठाएइको व्यहोरा अनुरोध गर्दछु । यसरी अध्यागमन ऐन, २०४९ को कुनै कार्य नै नगरेको निवेदकलाई झुठ्ठा व्यहोरा खडा गरी ने.का.प. २०४९, अंक ११, नि.नं ४६५०, पृ.९४७ मा प्रतिपादित नजिर समेत अध्यागमन कार्यालयले झुठ्ठा व्यहोरा खडा गरी थुनामा राख्ने गरी गरेको आदेश र विपक्षी कारागार शाखा त्रिपुरेश्वरले हालसम्म थुनामा राखेको कार्य नेपाल अधिराज्यको संविधान, २०४७ को धरा १४, २३।८८(२) विपरीत भएकाले म रिट निवेदकलाई अविलम्ब थुनाबाट मुक्त गरिदिनु भनी विपक्षीहरुको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने समेत व्यहोराको रिट निवेदन ।

यसमा विपक्षीहरुबाट लिखित जवाफ मगाई आएपछि पेश गर्नु भन्ने समेत व्यहोराको यस अदालतको आदेश ।

विपक्षी निवेदकलाई विना राहदानी विना भिसा नेपाल सरहदमा घुमेको भनी जिल्ला प्रहरी कार्यालय काठमाडौंको मिति २०५८।१०।५ को पत्रसाथ आवश्यक कारवाहीको लागि यस विभागमा पेश गरेको र निज विपक्षीलाई यस विभागमा वयान गराउदा म कोरियन नागरिक हुँ म नं. २९००२०५५ को राहदानीमा ६० दिने नेपाली भिसा लिई सन् १९९९ को फेब्रुअरीको २५ मा नेपाल आएँ, नेपाल घुम्न र जण्डिसको उपचार गर्ने इच्छा थियो । रकमको अभवले भिसा थप नगरी नेपालमा बसेको हुँ, सन् २००१ को जुन महिनामा राहदानी पनि हरायो र घुम्दै जाने क्रममा झापा पुगेको हुँ भन्ने व्यहोराको वयान दिएको र सोही वयानको आधारमा अध्यागमन ऐन, २०४९ को दफा ३(१) को विपरीत कसूर गरेकोले निजसँग भिसा दस्तुर तथा विलम्ब दस्तुर गरी जम्मा अमेरिकन डलर ६४७० र सोही उेनको दफा १०(४) बमोजिम जरिवाना रु.२५,०००। हुने भनी यस विभागको मिति २०५८।१०।८ मा निर्णय भएको र सो अनुसारको रकम वुझाउन सक्दिन भनी कागज गरेको हुँदा थुनुवा पूर्जि दिई निज विपक्षीलाई कानूनद्वारा प्रदत्त अधिकार प्रयोग गरी कानूनसम्मत तवरबाट नै थुनामा राखिएको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको अध्यागमन विभागको तर्फबाट पर्न आएको लिखित जवाफ ।

नियम बमोजिम पेशी सूचीमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत विषयमा निवेदक तर्फका विव्दान अधिवक्ता श्री मोहनबहादुर वन्जारा क्षेत्री र विपक्षी तर्फका विव्दान उपन्यायाधिवक्ता श्री वज्रेश प्याकुरेलले गर्नु भएको वहस समेत सुनी मिसिल संलग्न कागजात अध्ययन गरी हेर्दा निवेदन माग अनुसारको आदेश जारी हुनुपर्ने हो होइन सो सम्बन्धमा निर्णय दिनुपर्ने हुन आयो ।

निर्णय तर्फ विचार गर्दा विपक्षीले गैरकानूनी रुपले थुनामा राखेको हुँदा थुनाबाट मुक्त गरिपाऊँ भन्ने निवेदन माग दावी भै निवेदकले कानून बमोजिमको भिसा नलिई गैरकानूनी रुपले नेपालमा बसेको हुँदा निजलाई कानून अनुरुप नै थुनामा राखिएको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने लिखित जवाफ रहेको देखिन्छ ।

यसमा थुनुवा पूर्जिबाट निवेदकलाई कुन कानून अन्तर्गत भिसा दस्तुर र जरिवाना गरिएको हो सो उल्लेख भएको नदेखिनुका साथै सम्बन्धित फाइल हेर्दा निजलाई सजाय गरिएको कारण र आधार समेत सुनी पाएको कागज गराएको देखिएन । अध्यागमन ऐन, २०४९ को दफा १०(४) बमोजिम गरेको सजायमा

चित्त नबुझ्ने पक्षले पुनरावेदन गर्न पाउने व्यवस्था सोही ऐनको दफा ११ बमोजिम भएको देखिन्छ । मुद्दा फैसला गरेपछि मूलुकी ऐन अदालती बन्दोवस्तको १९३ नं. ले पुऱ्याउनुपर्ने कार्यविधि पुऱ्याउनु नितान्त आवश्यक हुन्छ जुन पुऱ्याएको देखिएन । प्रचलित कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको ज्यान वैयक्तिक स्वतन्त्रता नहरिने नागरिक अधिकार ऐन, २०१२ को दफा १२ ले व्यवस्था गरेको छ । उक्त व्यवस्था बमोजिमको संरक्षण प्रत्येक व्यक्तिले पाउने हुँदा निवेदक विदेशी पर्यटकको रुपमा आएको भएपनि सो अधिकारबाट वञ्चित गर्न मिल्दैन । कानून बमोजिम बाहेक भन्ने शब्दले कानूनको कार्यविधि पूरा गरेको हुनुपर्ने भन्ने संझनु पर्ने हुँदा निवेदकलाई निजले पाउनु पर्ने कानूनी उपचार प्रदान नगरी थुनामा राखेको देखिएकोले निज कानून बमोजिम थुनामा रहेको भन्न मिलेन । निजले के कस्तो कसूर गरेकोमा के कुन सजाय भएको हो सो समेतको जानकारी निवेदकलाई नदिई थुनामा राखेको देखिदा त्यस्तो थुना गैरकानूनी भएकोले बन्दीप्रत्यक्षीकरणको आदेशद्वारा निवेदकलाई थुनाबाट मुक्त गरिदिएको छ । निजले कानूनले सजाय हुने कसूर जे जस्तो गरेको छ निजलाई थुनाबाट झिकाई सुनाई त्यस उपर कानूनले पुनरावेदन लाग्ने भए सो समेत जे जो गुर्नपर्ने निर्णय गरी अ.वं. १९३ नं. को कार्यविधि अपनाई कानून बमोजिम गर्नु भनी परमादेशको आदेश जारी गरिदिएको छ । मिसिल नियमानुसार बुझाई दिनु ।

उक्त रायमा सहमत छु ।

न्या. वलिराम कुमार

इति सम्वत् २०६० साल जेष्ठ २३ गते रोज ६ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री भैरवप्रसाद लम्साल
माननीय न्यायाधीश श्री शुसिला सिंह शिलु

सम्वत् २०६० सालको रि.नं. ४९३

आदेश मितिः २०६०।३।१८।४

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : का.जि.का.म.न.पा. वडा नं. २१ जैशीदेवलको हाल कारागार शाखा काठमााडौं थुनामा बस्ने मैया मानन्धर

विरुद्ध

विपक्षी : काठमााडौं जिल्ला अदालत समेत

- **चोरी मुद्दामा अभियोग प्रमाणित भएमा हुनसक्ने कैद वापतमा थुनामा बसेको नदेखिई माग गरेको धरौटी रकम वा सो वरावरको जेथा जमानी दिन नसके वापत पुर्पक्षको निमित्त थुनामा बसेको देखिएको स्थितिमा हुनसक्ने कैदको उपल्लो हदभन्दा बढी थुनामा बसेको भन्न नमिल्ने ।**

आदेश

- न्या. भैरवप्रसाद लम्साल

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३।८८(२) अन्तर्गत पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः

मिति २०५९।१०।२४ मा मलाई जनसेवा प्रहरीले पक्राउ गरी हनुमानढोमा ल्याई मिति २०५९।११।१० मा नकवजनी चोरी मुद्दामा अनुसन्धानको लागि म्याद थपि मिति २०५९।१२।५ मा काठमाडौं जिल्ला अदालतमा मुद्दा पेश भई पुर्पक्षको लागि रु.५,०००। धरौटी माग भएकोमा सो धरौटी बुझाउन नसकि थुनामा बसेको छु । आरोपित कसूर गरेको ठहर भएमा १ महिना १५ दिन कैद बस्नुपर्ने हुन्छ । ३ महिना भन्दा बढी थुनामा बसी सकेकोले मूलुकी ऐन अदालती बन्दोवस्तको ११९ नं. विपरीत आरोपित कसूरको अधिकतम हद पूरा भएपछि थुनाबाट छाड्नु पर्नेमा हाल सम्म थुनामा नै राखिएको गैरकानूनी हुँदा थुनाबाट मुक्त गरी पुर्पक्ष गर्नु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने समेतको रिट निवेदन जिकिर ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? बाटाका म्याद बाहेक ३ दिन भित्र न्यायाधिवक्ता कार्यालय मार्फत लिखित जवाफ पठाउनु भनी विपक्षीहरुलाई सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि पेश गर्नु भन्ने समेतको यस अदालतको आदेश ।

कमलबहादुर खड्काको जाहेरीले वादी श्री ५ को सरकार प्रतिवादी निवेदक समेत भएको

नकवजनी चोरी मुद्दामा अ.वं. ११८ को देहाय ५।१० बमोजिम रु.५,०००। धरौटी माग गरेको र सो बमोजिमको धरौटी दाखिल गर्न नसकेकोले थुनामा राख्न पठाएको हो । अ.वं. १२४(ग) नं. बमोजिम उक्त आदेशमा चित्त नबुझे पुनरावेदन सुन्ने अड्डामा निवेदन दिनसक्ने साधारण अधिकार क्षेत्र हुँदा हुँदै असाधारण अधिकारक्षेत्र अन्तर्गत परेको प्रस्तुत रिट निवेदन खारेज भागी छ । थुनछेक आदेश अनुसार थुनामा राख्न पठाएकोलाई गैरकानूनी भन्न नमिल्ने हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेतको काठमाडौं जिल्ला अदालतको लिखित जवाफ ।

विपक्षी कारगारा शाखाको लिखित जवाफ प्रस्तुत भएको देखिएन ।

नियम बमोजिम मुद्दा दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदन सहितको सम्पूर्ण मिसिल कागजात अध्ययन गरि रिट निवेदक तर्फबाट विव्दान अधिवक्ता गोविन्दप्रसाद शर्माले निवेदकलाई निज उपरको कसूर ठहरेमा पनि चोरीको १४(१) ले १ महिना १५ दिन कैद हुनसक्नेमा ३ महिना भन्दा बढी थुनामा बसी सकेकोले हुनसक्ने कैदको उपल्लो हदभन्दा बढी थुनामा राखेको अ.वं. ११९ को भै गैरकानूनी हुँदा थुनाबाट मुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्दछ भनी गर्नु भएको वहस र विपक्षी तर्फबाट उपन्यायाधिवक्ता ऋषिराम दवाडीले विपक्षी चोरी मुद्दामा अदालतबाट थुनछेक आदेश हुँदा माग गरिएको धरौटी दाखिल गर्न नसके वापत थुनामा बसेको अवस्था छ। थुनछेक आदेश उपर चित्त नबुझे अदालती बन्दोवस्तको १२४(ग) तथा १७ नं. बमोजिम पुनरावेदन सुन्ने अड्डामा निवेदन दिनसक्ने अन्य कानूनी उपचार बाटो छँदा छँदै असाधारण क्षेत्र अन्तर्गत पर्न आएको प्रस्तुत रिट निवेदनमा माग बमोजिमको आदेश जारी गर्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुनुपर्दछ भनी गर्नु भएको वहस समेत सुनियो ।

प्रस्तुत रिट निवेदनको निर्णय तर्फ विचार गर्दा माग बमोजिमको आदेश जारी हुने हो वा होइन ? सोही कुरामा निर्णय दिनुपर्ने देखिन आयो ।

यसमा रिट निवेदकलाई कमलबहादुर खड्काको जाहेरीले वादी श्री ५ को सरकार प्रतिवादी निज भएको चोरी मुद्दामा काठमाडौं जिल्ला अदालतबाट थुनछेक आदेश बमोजिम अ.वं. ११८ नं. को देहाय ५,१० अनुसार रु.५,०००। धरौटी माग गरेकोमा सो धरौटी दाखिल गर्न नसकि थुनामा राख्न पठाएको भन्ने देखिन आयो । निवेदक मिति २०५९।११।८ बाट मात्र प्रहरी हिरासतमा बसेको देखिएकोले निजसँग माग गरिएको धरौटी वरावर थुनामा बसी कानून बमोजिम कट्टा भैसकेको भन्ने पनि देखिन आएन । रिट निवेदक उल्लेखित चोरी मुद्दामा अभियोग प्रमाणित भएमा हुनसक्ने कैद वापतमा थुनामा बसेको नदेखिई माग गरेको धरौटी रकम वा सो वरावरको जेथा जमानी दिन नसके वापत पुर्पक्षको निम्ति थुनामा बसेको देखिएको स्थितिमा हुनसक्ने कैदको उपल्लो हदभन्दा बढी थुनामा बसेको भन्न मिल्ने देखिएन । तसर्थ निवेदकको माग बमोजिमको आदेश जारी हुने अवस्था विद्यमान नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । दायरी लगत कट्टा गरी मिसिल नियमबमोजिम बुझाई दिनु ।

उक्त रायमा सहमत छु ।

न्या. सुशीला सिंह सिलु ।

इति सम्वत् २०६० साल आषाढ १८ गते रोज ४ शुभम् ।

सर्वोच्च अदालत विशेष इजलाश
सम्माननीय प्रधान न्यायाधीश श्री केदारनाथ उपाध्याय
माननीय न्यायाधीश श्री गोविन्दबहादुर श्रेष्ठ
माननीय न्यायाधीश श्री मीनबहादुर रायमाभ्ही

सम्बत् २०५७ सालको रिट नम्वर २९८६

आदेश मितिः २०६०।५।११

विषय : उत्प्रेषण लगायतको जे जो चाहिने आज्ञा आदेश जारी गरिपाऊँ ।

निवेदक : चितवन जिल्ला रत्ननगर नगरपालिका वडा नं १ घर भै हाल जि.का.का.म.न.पा. वडा नं. १७ बस्ने वर्ष २६ को अधिवक्ता राजुप्रसाद चापागाई समेत

विरुद्ध

विपक्षी : मन्त्रिपरिषद सचिवालय समेत

- **समाजमा शान्ति र व्यवस्था कायम गरी मानव अधिकारको संरक्षण र संवर्धन गर्दै सार्वजनिक हितको प्रवर्धन गर्ने सिद्धान्त राज्यको रहनुपर्ने व्यवस्था भैरहेको सन्दर्भमा समाजमा शान्ति कायम गर्ने राज्यका उचित क्रियाकलापलाई अन्यथा भन्न सकिने अवस्था सामान्यतः नरहने ।**

- **प्रजातन्त्र र देशको सर्वोपरि विकासको निमित्त शान्ति परम आवश्यकतत्व रहेकोमा विवाद हुनसक्दैन, शान्तिपूर्ण तरिकाबाट हुने विरोध वा अभिव्यक्ति वा भेलाले समाजलाई अगाडि बढाउने कार्यमा सहायक बन्दछ । शान्तिपूर्ण विरोधका अभिव्यक्ति तर्फ सरकारको ध्यान जानु प्रजातान्त्रिक प्रणालीको मूल चरित्र भित्र पर्ने ।**

- **नेपाल अधिराज्यको संविधान २०४७ ले प्रत्याभूत गरेको विचार र अभिव्यक्तिको स्वतन्त्रता होस वा विना हात हतियार भेला हुने स्वतन्त्रता शान्तिलाई खलल पार्ने कार्य संविधान सम्मत नहुने संवैधानिक संरचनाबाट नै स्पष्ट हुने ।**

- **मसाल जुलुस माथिको प्रतिबन्धले अभिव्यक्तिको स्वतन्त्रतालाई कुण्ठित नगर्ने भन्न सकिने अवस्था रहदैन तर जहाँ यस्ता कार्यबाट शान्ति सुरक्षा वा अवाञ्छित खतराहरुको सम्भावना स्पष्ट देखिन्छ त्यस बखतमा समाजकै हितको निमित्त यस्ता कार्यहरुमा रोक लगाउनु आवश्यक हुन्छ र राज्यले यस्तो कार्यलाई कानूनी व्यवस्था गरी नियन्त्रण गर्नुपर्ने भएबाट यस्तो कार्यलाई सकारात्मक कार्य** (Positive Action) **कै रुपमा लिनपर्ने हुन्छ । कानूनद्वारा यस्ता कार्य नियन्त्रण गर्न सकिने तथ्यलाई निवेदकहरुले पनि स्वीकारेको नै देखिंदा यस विषयमा अरु विवेचनाको आवश्यकता रहेको नदेखिने ।**

- **कानूनले स्पष्ट रुपमा कुनै अधिकारीलाई अधिकार र कर्तव्य तोकेको छ भने त्यस्तो अधिकार र कर्तव्यलाई असर नपर्ने गरी कानूनले तोकिए देखि बाहेकका कुराहरुमा आफ्ना मातहतका कार्यालयलाई निर्देशन दिनसक्ने ।**

- **जहाँ कानूनले कुनै अधिकारीलाई स्पष्ट रुपमा कुनै अधिकार कर्तव्य तोकेको हुन्छ त्यस्तो अधिकारीले कानूनले आफूमा सुम्पेको कार्य आफ्नै स्वविवेकमा कानून बमोजिम पूरा गर्नुपर्ने ।**

- **कानूनले कुनै अधिकारीमा सुम्पेको कार्यका सम्बन्धमा कानूनले अख्तियार गरे बाहेक माथिल्लो अधिकारी वा निकायबाट निर्देशन हुन्छ भने त्यस्तो निर्देशन कानून अनुरुप रहेको भन्न सकिने अवस्था नरहने ।**

- **समय अवस्था र स्थितिलाई विचार गरी आफ्नो क्षेत्राधिकार भित्र प्रमुख जिल्ला अधिकारीद्वारा नै मसाल जुलुसद्वारा शान्तिसुरक्षा भंग हुने नहुने विचार गरी उचित आवश्यक कार्य गर्न पाउने कुरामा नेपाल अधिराज्य भरी जुनसुकै अवस्थाको लागि पनि निषेध गर्ने गरी गृह मन्त्रालयद्वारा प्रकाशित सूचना कानून बमोजिमको नदेखिंदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।**

आदेश

- न्या. मीनबहादुर रायमाझी

नेपाल अधिराज्यको संविधान २०४७ को धारा ८८ (१) (२) अन्तर्गत पर्न आएको प्रस्तुत रिट निवेदन सहितको व्यहोरा एवम् ठहर यस प्रकार छ ।

मिति २०५७।६।१ गते विपक्षी गृह मन्त्रालयले शान्ति सुरक्षाको कारण देखाएर मशाल जुलुस प्रदर्शन गर्न रोक लगाउने प्रयोजनको लागि स्थानीय प्रशासनलाई निर्देशित गरी मिति २०५७।६।२ गते गोरखापत्रमा प्रकाशित सूचना र निर्देशनात्मक सूचनाद्वारा निश्रृत काम कार्यवाही नेपाली नागरिकहरुको बीचमा जनचासो र सरोकारको विषय बनेको परिप्रेक्षमा हामी कानून व्यवसायमा संलग्न नेपाली नागरिकहरुलाई सो सार्वजनिक सरोकारको विषयमा रिट निवेदन दायर गर्ने हकदैया नेपाल अधिराज्यको संविधान २०४७ को धारा ८८ (१)(२) अन्तर्गत प्राप्त छ । नेपाल अधिराज्यको संविधान २०४७ को महत्वपूर्ण उपलब्धि मध्येको एक राजनीतिक एवं नागरिक स्वतन्त्रता नै हो । नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२(२)(क) मा हामी निवेदक लगायतका सर्वसाधारण सम्पूर्ण नेपाली नागरिकले निर्बाध तथा नैसर्गिक रुपमा उपभोग गर्न पाउने गरी विचार र अभिव्यक्तिको स्वतन्त्रताको व्यवस्था गरिएको छ । सो स्वतन्त्रतालाई जिवन्तता प्रदान गर्न सोही उपधारा अन्तर्गत खण्ड (ख) मा शान्तिपूर्वक भेलाहुने स्वतन्त्रता, खण्ड (ग) मा सङ्घ संस्था खोल्ने स्वतन्त्रता खण्ड (घ) मा अधिराज्यभर आवत जावत गर्ने स्वतन्त्रता जस्ता विचार र अभिव्यक्तिको स्वतन्त्रताको पुरकको रुपमा व्यवस्था गरिएको छ । अभिव्यक्तिको स्वतन्त्रताले कुनै पनि माध्यमले आफ्नो विचार प्रकट गर्न पाउने वा विरोध जनाउन पाउने स्वतन्त्रतालाई समाहित गर्दछ । मशाल जुलुस पनि एउटा विचार अभिव्यक्तिको स्वतन्त्रतालाई उपभोग गर्ने माध्यम हो । यसले प्रथागत स्वतन्त्रता र अभ्यासको रुप पनि धारण गरिसकेको छ । मशाल जुलुसको माध्यमबाट विरोध प्रकट गर्न पाउने स्वतन्त्रता हामी निवेदक लगायत सम्पूर्ण नेपाली नागरिकको व्यवहारसिद्ध स्थापित महत्वपूर्ण स्वतन्त्रता भएको कुरा स्वयंसिद्ध छ । गृह मन्त्रालयको निर्देशनात्मक सूचनाले हामी निवेदक लगायत सम्पूर्ण नेपाली नागरिकको विचार र अभिव्यक्तिको मौलिक स्वतन्त्रतामा बन्देज लाग्न गएको छ । विपक्षीले पूर्ववत एवं सर्वव्यापी रुपमा लागुहुने गरी हामी निवेदक लगायत सर्वसाधारण नेपाली नागरिकको विचार र अभिव्यक्तिको स्वतन्त्रतालाई नै कुण्ठित गर्ने गरी मशाल जुलुस माथि प्रतिबन्ध लगाउने कार्य पूर्णतः असंवैधानिक एवं गैरकानूनी छ । अतः हामी निवेदक लगायत सर्वसाधारण नेपाली नागरिकको विचार र अभिव्यक्तिको मौलिक

स्वतन्त्रतामा अघात पुऱ्याउने गरी मशाल जुलुस माथि पूर्ववत सर्वव्यापी रुपमा प्रतिबन्ध लगाउने गरी जारी गरेको मिति २०५७।६।१ को मिति २०५७।६।२ मा गोरखापत्रमा प्रकाशित निर्देशनात्मक सूचना असंवैधानिक तथा गैरकानूनी भएकोले नेपाल अधिराज्यको संविधान २०४७ को प्रस्तावना, धारा ३, १२, २३ एवं ८८(१), (२) को आधारमा सो सूचना र सो द्वारा निश्रृत परिणाम समेत उत्प्रेषणको आदेशद्वारा बदर या अमान्य घोषित गरी हामी निवेदक लगायत सम्पूर्ण नेपाली नागरिकको मशाल जुलुस मार्फत विरोध प्रकट गर्न पाउने विचार र अभिव्यक्तिको स्वतन्त्रतालाई प्रचलन गराई पाउँ भन्ने समेत व्यहोराको रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको निवेदन मांग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? बाटाको म्याद बाहेक १५ दिन भित्र लिखित जवाफ पठाउनु भनी विपक्षीहरुका नाउँमा सूचना पठाई नियमानुसार गरी पेश गर्नु भन्ने समेत व्यहोराको यस अदालत एक न्यायाधीशको इजलाशको मिति २०५७।७।२ को आदेश ।

श्री ५ को सरकारले जनताको जिउधनको सुरक्षा गर्ने कार्यलाई महत्वपूर्ण दायित्वका रुपमा लिएको र सोही अनुरुप शान्ति सुरक्षाको प्रत्याभूति दिन सक्रिय रहेको छ । आगो हातमा लिई निस्कने जुलुसबाट अप्रिय घटना घट्दा हतियारको प्रयोग भन्दा पनि गम्भीर हुनसक्ने तथा संविधानको भावनाको प्रतिकूल समेत हुने हुँदा शान्ति व्यवस्था तथा अमन चैन कायम गर्नका लागि जारी भएको आदेश कानून सङ्गत नै भएको हुँदा रिट निवेदन खारेज गरी पाउन अनुरोध गर्दछु भन्ने समेत व्यहोराको जिल्ला प्रशासन कार्यालय काठमाडौंको लिखित जवाफ ।

श्री ५ को सरकारको जनताको जिउधनको सुरक्षा गर्ने दायित्व भएको हुँदा मिति ०५७।६।४ को सांझ नौ वामद्वारा गर्ने भनिएको मसाल जुलुस प्रर्दशन हुँदा शान्ति सुरक्षा भंग हुने, जनतालाई बाधा विरोध पर्ने, र जनधनको क्षति हुने संभावना भएकोले जिल्लामा शान्ति सुरक्षा कायम गर्ने दायीत्व स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ को उपदफा (३क) बमोजिम जिल्लामा त्यसकारणको मसाल जुलुस प्रदर्शन गर्न रोक लगाउन सूचना जारी गरिएको हो । रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको जिल्ला प्रशासन कार्यलय ललितपुरको लिखित जवाफ ।

यस सचिवालयको के कस्तो काम कार्यवाहीबाट निजको के कस्तो हक अधिकारको हनन भएको हो, त्यसको स्पष्ट जिकिर नलिई विना आधार र कारण दिएको रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको मन्त्रिपरिषद सचिवालयको लिखित जवाफ ।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२ को उपधारा (२) ले प्रदान गरेको विचार र अभिव्यक्तिको स्वतन्त्रतालाई असीमित तथा निरपेक्ष (Unlimited or Absolute) स्वतन्त्रताको रुपमा प्रयोग गर्न मिल्दैन । सोही उपधाराको प्रतिबन्धात्मक वाक्यांशको खण्ड (१) ले विचार र अभिव्यक्तिको स्वतन्त्रता उपर रोक लगाउन सकिने व्यवस्था गरेको छ । विचार र अभिव्यक्तिको स्वतन्त्रता त्यसबेला सम्म निर्बाध रुपमा गर्न सकिन्छ जबसम्म स्पष्ट र प्रत्यक्ष खतरा (Clear and Present danger test) उल्लंघन हुंदैन । विचार र अभिव्यक्तिको स्वतन्त्रता उपर त्यसबेला रोक लगाउन सकिन्छ, जब समाजले मूल्यांकन गर्ने अबसर उपभोग गर्न पूर्व नै यसबाट समाजलाई आघात पुग्दछ । आपराधिक कार्यसँगको सम्बन्धलाई कसरी निष्पक्ष रुपमा चित्रण गर्ने भन्ने प्रश्न लामो समय देखि उठिरहेकोमा Branden burg V. Ohio को मुद्दामा त्यस्ता शब्दले के कति कुन हदसम्म आपराधिक कार्य घटाउन मद्दत पुऱ्याउने छन् भन्ने कुरा हेर्नु पर्ने हुन्छ । त्यसको मात्रा अत्यधिक भएमा मात्रै स्पष्ट र प्रत्यक्ष खतराको सिद्धान्त आकर्षित हुन्छ भनी वोलियो । भारतीय संविधानले पनि नेपाल अधिराज्यको संविधान २०४७ ले झै यस अधिकारलाई विवेकसङ्गत रुपमा रोक लगाउन सक्ने व्यवस्था गरेको छ । मसाल जुलुस सहित अभिव्यक्त गरिएको

स्वतन्त्रताको सम्बन्ध आपराधिक कार्यसँग रहन्छ, हुन्छ । वलेको आगो वा वत्ति लिई गरिने प्रदर्शनले शहर, बजार वा घनावस्तिमा अप्रिय घटना हुन गई जनधनको क्षति हुनसक्ने हुन्छ । आन्तरिक अशान्ति हुन दिनबाट र अपराध दुरुत्साहित गर्ने कार्यबाट रक्षा गर्न मसाल जुलुस उपर वैध नियन्त्रण गर्नु औचित्यपूर्ण हुन्छ । त्यसैले गृह मन्त्रालयले स्थानीय प्रशासन ऐन, २०२८ को दफा ५ को उपदफा (१) र उपदफा (५) को खण्ड (ङ) बमोजिम वैध नियन्त्रण गर्ने गरी निर्देशन जारी गरेको हो । नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२ को उपधारा (२) को खण्ड (ख) मा विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रताको अधिकार मात्र प्रत्याभूत गरिएको छ । कानून वमोजिम नै मुनासिब आधारमा नियन्त्रण गर्ने गरी निर्देशन जारी भएको र उक्त निर्देशन संविधान सम्मत नै भएको हुँदा आधारहीन रिट निवेदन खारेज गरी पाउन अनुरोध गर्दछु भन्ने समेत व्यहोराको गृह मन्त्रालयको लिखित जवाफ ।

नियमानुसार पेश भएको प्रस्तुत रिट निवेदनमा निवेदक विद्वान अधिवक्ता श्री चन्द्रकान्त ज्ञवाली, राजुप्रसाद चापगाई, तथा निवेदक तर्फबाट विद्वान अधिवक्ता श्री माधव बस्नेतले नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२ ले दिएको विचार र अभिव्यक्तिको स्वतन्त्रतामा कानून बनाई उचित रुपमा नियन्त्रण गर्नसक्ने व्यवस्था भएपनि त्यस प्रकारको कानून नै नबनाई निर्देशनको रुपबाट नियन्त्रण गर्न खोजेको हुँदा विपक्षी गृह मन्त्रालयद्वारा जारी र प्रकाशित भएको सूचना संविधानको भावना प्रतिकूल हुँदा माग बमोजिम आदेश जारी हुनुपर्दछ भन्ने समेत र विपक्षी श्री ५ को सरकारको तर्फबाट विद्वान नायव महान्यायधिवक्ता श्री नरेन्द्र प्रसाद पाठकले शान्ति सुरक्षा कायम राख्ने कार्य गृह मन्त्रालयको भएकोले उसको अन्तरनिहित अधिकार प्रयोग गरी आदेश निर्देशन गरेको हो । रिट जारी गर्नुपर्ने अवस्था विद्यमान नहुंदा खारेज हुनपर्दछ भन्ने समेत व्यहोराको वहस प्रस्तुत गर्नु भयो ।

आज निर्णय सुनाउन तोकिएको प्रस्तुत रिट निवेदनमा निवेदकहरुको माग तथा पेश भएको वहस नोटलाई मध्यनजर राख्दा देहायका विषयहरुमा निर्णय दिनु पर्ने देखिन आयो ।

(क) मसाल जुलुस माथिको प्रतिबन्धले अभिव्यक्तिको स्वतन्त्रतालाई कुण्ठित गर्ने नगर्ने के हो ?

(ख) गृह मन्त्रालयको ०५७६।२ मा प्रकाशित निर्देशनात्मक सूचना प्रचलित कानून प्रतिकूल रहे नरहेको के हो ?

सर्वप्रथम पहिलो प्रश्न तर्फ विचार गर्दा निवेदकहरुको मुख्य माग गृह मन्त्रालयको २०५७६।२ मा गोरखापत्रमा प्रकाशित निर्देशनात्मक सूचनाले निवेदक लगायत सर्व-साधारण नेपाली नागरिकको विचार र अभिव्यक्तिको स्वतन्त्रतालाई कुण्ठित गर्ने गरी मसाल जुलुस माथि प्रतिबन्ध लगाउने गरी गरेको कार्य असंवैधानिक एवं गैरकानूनी भएबाट उत्प्रेषणको आदेशद्वारा बदर घोषित गरी मसाल जुलुस मार्फत विरोध प्रकट गर्न पाउने विचार र अभिव्यक्तिको स्वतन्त्रतालाई प्रचलन गराई पाउँ भन्ने रहेको पाइयो । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२(२) को (क) ले विचार र अभिव्यक्तिको स्वतन्त्रता (ख) ले बिना हात हतियार शान्ति पूर्वक भेला हुने स्वतन्त्रता प्रदान गरेको छ । संविधानको धारा १२(१) ले कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण हुने छैन भनी १२ (२) ले प्रदान गरेको स्वतन्त्रताको प्रत्याभूत गरेको अवस्था रहेपनि धारा १२ को प्रतिबन्धात्मक (१) देखि (५) सम्मको व्यवस्था अन्तरगतका अवस्थामा प्रतिबन्ध लगाउने कानून बनाउन सकिने गरी संवैधानिक व्यवस्था रहेको पाइयो । संवैधानिक व्यवस्थाबाट नै संविधानले प्रदान गरेको स्वतन्त्रतालाई रोक लगाउन सकिने गरी कानून बनाउन सकिने व्यवस्था भएको अवस्थामा संविधानले प्रदान गरेका स्वतन्त्रता असीमित र निरपेक्ष रहेको छ भन्न मान्न सकिने अवस्था देखिदैन । संविधानको भाग ४ मा उल्लेख गरिएका राज्यका निर्देशक सिद्धान्त तथा

नीतिहरु अदालतबाट लागु नगरिने व्यवस्था भए तापनि यी सिद्धान्त तथा नीतिहरु राज्यको क्रिया कलापको निमित्त मार्ग दर्शकको रुपमा भएबाट शासन व्यवस्थाको मौलिक सिद्धान्त (Fundamental Principles) को रुपमा रहेको छ । संविधानको धारा २५(४) ले स्पष्ट रुपमा समाजमा शान्ति र व्यवस्था कायम गरी मानव अधिकारहरुको संरक्षण र संवर्धन गर्दै सार्वजनिक हितको प्रवर्धन गर्ने सिद्धान्त राज्यको रहनु पर्ने राज्यका निर्देशक सिद्धान्तमा व्यवस्था भै रहेको सन्दर्भमा समाजमा शान्ति कायम गर्ने राज्यका उचित क्रियाकलापलाई अन्यथा भन्न सकिने अवस्था सामान्यतः रहदैन ।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२(२)(क) ले विचार र अभिव्यक्तिको स्वतन्त्रता प्रदान गरेकोमा सो धाराको प्रतिबन्धात्मक खण्डको (१) ले नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात जाती वा सम्प्रदायका बीचको सुसम्बन्धमा खलल पर्ने वा राजद्रोह, गालिबेइज्जति वा अदालतको अपहेलना हुने वा अपराध गर्न दुरुत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन सकिने आधारहरु तोकिएको देखिन्छ । निवेदकले उठाएको प्रश्नमा जनताले विरोध प्रकट गर्ने माध्यम मध्ये मसाल जुलुस प्रदर्शनमा कानूनको अख्तियार बेगर अनुचित बन्देज लगाइएको भनिएकोमा मसाल जुलुस प्रदर्शन गर्ने कार्य एक व्यक्तिबाट हुने नभै मानिसको भेलासँग सम्बन्धित हुँदा यो प्रश्नको निरुपण निमित्त धारा १२(२)(क) को साथै (ख) को व्यवस्थामा समेत अदालतको ध्यान जान आवश्यक हुन्छ । धारा १२(२)(ख) ले बिना हात हतियार शान्तिपूर्ण भेला हुने स्वतन्त्रता प्रदान गरेकोमा प्रतिबन्धात्मक खण्डको (२) ले नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता, वा सार्वजनिक शान्ति र व्यवस्थापनमा खलल पर्ने कार्यमा मुनासिव प्रतिबन्ध लगाउन कानून बनाउन सकिने गरी संविधानले स्पष्ट व्यवस्था गरेको छ । प्रजातन्त्र र देशको सर्वोपरी विकाशको निमित्त शान्ति परम आवश्यकतत्व रहेकोमा विवाद हुनसक्दैन, शान्तिपूर्ण तरिकाबाट हुने विरोध वा अभिव्यक्ति वा भेलाले समाजलाई अगाडि बढाउने कार्यमा सहायक बन्दछ । शान्तिपूर्ण विरोधका अभिव्यक्ति तर्फ सरकारको ध्यान जानु प्रजातान्त्रिक प्रणालीको मूल चरित्र भित्र पर्ने नै वस्तु हो । नेपाल अधिराज्यको संविधान २०४७ ले प्रत्याभूत गरेको विचार र अभिव्यक्तिको स्वतन्त्रता होस वा विना हात हतियार भेला हुने स्वतन्त्रता शान्तिलाई खलल पार्ने कार्य संविधान सम्मत नहुने संवैधानिक संरचनाबाट नै स्पष्ट छ । संयुक्त राज्य अमेरिका र हाम्रो संवैधानिक व्यवस्थामा स्वतन्त्रताको हक सम्बन्धमा समान स्थिति देखिदैन । हाम्रो संविधानको धारा १२(२) को प्रतिबन्धात्मक खण्डले विभिन्न अवस्थामा कानून बनाएर रोक लगाउन पाउने जस्तो व्यवस्था संयुक्त राज्य अमेरिकाको संविधानले गरेको नभए तापनि Schenck Vs United States (१९१९) को मुद्दामा Clear and Present danger Doctrine लाई स्वीकार्दै "The most stringent protection of free speech would not protect a man in falsely shouting fire in a theatre and causing a panic. It does not even protect a man from an injunction against uttering words that may have all the effect of force. The question in every case is whether the words used are used in such circumstances and are of such a nature as to create a clear and present danger that they will bring about the substantive evils that congress has a right to prevent." भनेको तथ्यलाई निवेदकहरु आफैले स्वीकार गरेबाट अभिव्यक्तिबाट हुनसक्ने दुष्परिणामलाई रोक्न त्यहाँको विधायिकालाई अधिकार रहेको भन्ने व्याख्याबाट विचार र अभिव्यक्ति निरपेक्ष स्वतन्त्रताबाट उत्पन्न हुने अशान्तिका सम्भावना तर्फ अदालत सजग रहेको स्पष्ट देखिन आउंदछ ।

मसाल जुलुस माथिको प्रतिबन्धले अभिव्यक्तिको स्वतन्त्रतालाई कुण्ठित नगर्ने भन्न सकिने अवस्था रहदैन तर जहाँ यस्ता कार्यबाट शान्ति सुरक्षा वा अवाञ्छित खतराहरुको सम्भावना स्पष्ट देखिन्छ त्यस बखतमा समाजकै हितको निमित्त यस्ता कार्यहरुमा रोक लगाउनु आवश्यक हुन्छ र राज्यले यस्तो कार्यलाई कानूनी व्यवस्था गरी नियन्त्रण गर्नुपर्ने भएबाट यस्तो कार्यलाई सकारात्मक कार्य (Positive Action) कै

रुपमा लिन पर्ने हुन्छ । कानूनद्वारा यस्ता कार्य नियन्त्रण गर्न सकिने तथ्यलाई निवेदकहरुले पनि स्वीकारेको नै देखिंदा यस विषयमा अरु विवेचनाको आवश्यकता रहेको देखिन्न ।

अब निवेदकले उठाउनु भएको दोश्रो प्रश्न तर्फ विचार गर्दा कानूनमा के कस्तो व्यवस्था रहेको छ सो तर्फ जानु आवश्यक देखिन्छ । ०५७।६।२ को गृह मन्त्रालयद्वारा प्रकाशित सूचनाले शहर, बजार र घनाबस्तिमा राती निकाल्ने मसाल जुलुसलबाट अप्रिय घटना घटी जनधनमा क्षति पुग्न सक्ने भएकोले जनधनको सुरक्षाको लागि मसाल जुलुस प्रदर्शन गर्न दिन उचित नभएको हुँदा यसलाई निषेध गर्न स्थानीय प्रशासनलाई निर्देशन दिइएको छ भनी आफ्ना मातहतका कार्यालयलाई सूचना जारी गरेको देखिन्छ । स्थानीय प्रशासन ऐन २०२८ अन्तर्गत गठन भएका कार्यालयहरु गृहमन्त्रालय अन्तर्गत भएकोमा कुनै विवाद छैन । कानूनले स्पष्ट रुपमा कुनै अधिकारीलाई अधिकार र कर्तव्य तोकेको छ भने त्यस्तो अधिकार र कर्तव्यलाई असर नपर्ने गरी कानूनले तोकिएदेखि बाहेकका कुराहरुमा आफ्ना मातहतका कार्यालयलाई निर्देशन दिनसक्ने नै हुन्छ । जहाँ कानूनले कुनै अधिकारीलाई स्पष्ट रुपमा कुनै अधिकार कर्तव्य तोकेको हुन्छ त्यस्तो अधिकारीले कानूनले आफूमा सुम्पेको कार्य आफ्नै स्वविवेकमा कानून बमोजिम पूरा गर्नुपर्ने हुन्छ । यसरी कानूनले कुनै अधिकारीमा सुम्पेको कार्यका सम्बन्धमा कानूनले अख्तियार गरे बाहेक माथिल्लो अधिकारी वा निकायबाट निर्देशन हुन्छ भने त्यस्तो निर्देशन कानून अनुरुप रहेको भन्न सकिने अवस्था रहदैन । तत्काल वहाल रहेको स्थानीय प्रशासन ऐन, २०२८ को दफा ५ को उपदफा (५) ले प्रमुख जिल्ला अधिकारीको काम, कर्तव्य र अधिकार तोकेको र दफा ६(३) ले कसैले कुनै काम गर्न लाग्दा वा कहिं केहि वस्तु रहदा वा कसैले राख्दा हुल दंगा भई शान्ति सुरक्षा भंग हुने वा कसैलाई बाधा विरोध पर्ने वा जनस्वास्थलाई खराब असर पर्ने सम्भावना भएमा प्रमुख जिल्ला अधिकारीले देहाय बमोजिमको आदेश दिनसक्ने र सो आदेश एक पटकमा दुई महिना भन्दा बढी अवधिको हुने छैन भन्दै सोही उपदफाको (क) ले कसैलाई कुनै काम गर्न दिनबाट निषेध गर्न भनी उल्लेख भएबाट खास अवस्था र स्थितिलाई विचार गरी प्रमुख जिल्ला अधिकारी स्वयम्ले शान्ति सुरक्षा भंग हुने वस्तुगत स्थितिलाई आफ्नो विवेक प्रयोग गरी मूल्यांकन गरी आवश्यक आदेश जारी गर्नसक्ने कानूनद्वारा दिएको अधिकारमा श्री ५ को सरकार गृह मन्त्रालयलाई रहेको सामान्यतया निर्देशन गर्न पाउने अवस्था बाहेकको उपरोक्त व्यवस्थालाई प्रत्यक्ष असर पर्ने गरी कुनै आदेश वा निर्देशन जारी गर्न नसकिने स्वतः स्पष्ट छ । समय अवस्था र स्थितिलाई विचार गरी आफ्नो क्षेत्राधिकार भित्र प्रमुख जिल्ला अधिकारीद्वारा नै मसाल जुलुसद्वारा शान्तिसुरक्षा भंग हुने नहुने विचार गरी उचित आवश्यक कार्य गर्न पाउने कुरामा नेपाल अधिराज्य भरी जुनसुकै अवस्थाको लागि पनि निषेध गर्ने गरी गृह मन्त्रालयद्वारा प्रकाशित ०५७।६।२ को सूचना कानून बमोजिमको नदेखिंदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । विपक्षीको जानकारीको लागि आदेशको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालय मार्फत पठाई मिसिल नियमानुसार गरी बुझाई दिनु ।

उपर्युक्त रायमा सहमत छौं ।

प्र.न्या. केदारनाथ उपाध्याय

न्या. गोविन्दबहादुर श्रेष्ठ

इति सम्बत् २०६० साल भाद्र ११ गते रोज ५ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री कृष्ण कुमार वर्मा
माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी

सम्वत् २०५९ सालको रिट नं. ५४

आदेश मितिः२०६०।७।१४

विषयः- बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ ।

निवेदक : बाँके जिल्ला नौवस्ता गा.वि.स. वडा नं. ८ गिदरपुर बस्ने १८ वर्षीय राजबहादुर थारुको हकमा एडभोकेसी फोरमको तर्फबाट अभिवक्ता सीताशरण मण्डल

विरुद्ध

विपक्षी : श्री ५ को सरकार गृह मन्त्रालय, सिहदरवार समेत

- **कानून बमोजिम बाहेक राज्यले व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण गर्न नमिल्ने ।**
- **राज्यको कुनै निकायले गैरकानूनी रुपमा बन्दी बनाएको भन्ने दावी लिई अदालत प्रवेश गरेको अवस्थामा सो कुराको यथार्थ जानकारी अदालतलाई दिनु आवश्यक हुने ।**
- **निश्चित भै बताइदिएको स्थानमा बन्दी रहे, नरहेको वारेमा सर्च वारेन्ट समेत जारी गरी बन्दीको खोजी अदालतले गर्न सक्दछ तर त्यसको निमित्त निवेदकले नै अदालतलाई बन्दी रहेको स्थान निश्चित रुपमा बताइ सहयोग पुऱ्याउनु पर्ने ।**
- **बन्दीको अवस्था र बन्दी रहेको स्थान यकिन भएपछि पुनः निवेदन दिई बन्दीप्रत्यक्षीकरणको निवेदनद्वारा बन्दीको मौलिक हकको संरक्षणका निमित अदालतमा पुनः प्रवेश गर्न संविधानतः बाधा नपर्ने ।**

आदेश

न्या. मीनबहादुर रायमाझीः नेपाल अधिराज्यको संविधान, २०४७को धारा २३ र ८८(२) अन्तर्गत यस अदालतको क्षेत्राधिकार भित्र पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र यस अदालतको आदेश यस प्रकार छः

राजबहादुर थारु बाँके जिल्ला नौवस्ता गा.वि.स. वडा नं. ८ स्थित आफ्नो घरमा बसी सामान्य खेती पाती गरी जीवन यापन गरी बसोबास गरी आएका व्यक्ति हुन् । निज धार्मिक प्रवृत्तिको व्यक्ति भएको र कुनै आतङ्ककारी राजनीतिक गतिविधिमा संलग्न नरही सामान्य जीवन यापन गरिआएका व्यक्ति हुन् । निजले आफ्नो घर सञ्चालन गरी जीविकोपार्जन गरिरहेको अवस्थामा मिति २०५९।५।१३ गतेको दिन हिन्दु परम्परा अनुसार थारु जातिमा महिलाहरु कृष्ण जन्माष्टमीको व्रत लिने भएकोले सो को सहयोगका लागि एकजना पुरुषले पनि व्रत लिने चलन अनुसार निज राजबहादुर दर खान राती ३ बजेतिर उठेको समयमा भीमकाली दल गुल्म चिसापानीबाट खटी आएका सुरक्षाकमीहरुले सो क्षेत्रमा पर्ने रत्न राजमार्गमा हवाई

फायर गरी व्रत बस्ने मानिसले दर खान निस्किएको बेला माओवादीको आशंकामा निजको घरलाई चारैतर्फबाट घेरा हाली निजलाई पक्राउ गरी हात पछाडि बाँधी घरका अन्य सदस्यहरुलाई डर, धम्की तथा अभद्र व्यवहार गरी लगेकोमा पक्राउ गर्नुको कारण तथा कुनै सूचना नदिई आफ्नै कब्जामा राखिरहेका छन । निजलाई सुरक्षा फौजले पक्राउ गरी लगेपछि निजका परिवार समेतबाट निजको वारेमा खोजी हुँदा निजको हिरासत वारे केही जानकारी पाउन सकिएको छैन् । निजलाई पक्राउ गरेपछि पक्राउ भएको जानकारी नदिइएको, मुद्दा हेर्ने अधिकारी समक्ष पेश नगरिएको, आफन्तलाई भेटघाट गर्न नदिइएको र चरम शारीरिक एवम् मानसिक यातना दिई हिरासतमा राखिएको प्रवल आशङ्का विद्यमान छ । विपक्षीहरुको उपरोक्त काम कारवाहीबाट निवेदकलाई नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११, १४(४)(५) र (६) समेतद्वारा प्रदत्त हकमा आघात पर्न गएकोले धारा ८८(२) अन्तर्गत बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निज राजबहादुर थारुको वैयक्तिक स्वतन्त्रताको संरक्षण गरिपाऊँ भन्ने समेत व्यहोराको रिट निवेदन ।

विपक्षीहरुबाट ३ दिन भित्र लिखित जवाफ मगाई आएपछि वा अवधि नाघेपछि पेश गर्नु भन्ने समेतको यस अदालतको एकल इजलाशको आदेश ।

निवेदकलाई पक्राउ गर्ने तथा थुनामा राख्ने समेतको कार्य यस कार्यालयबाट भए गरेको नपाइएकोले यस कार्यालय विरुद्धको रिट निवेदन खारेज गरिपाऊँ भन्ने व्यहोराको प्रहरी प्रधान कार्यालयको लिखित जवाफ ।

यस मन्त्रालयबाट निवेदकलाई पक्राउ गर्ने र थुनामा राख्ने ओदश दिइएको छैन। साथै निजको कुनै हक हनन नगरिएको हुँदा रिट खारेज गरिपाऊँ भन्ने व्यहोराको गृह मन्त्रालयको लिखित जवाफ ।

निवेदकले माग गरे बमोजिमका व्यक्ति राजबहादुर थारु सैनिक हिरासतमा नरहेको भन्ने व्यहोराको शाही नेपाली जंगी अड्डाको लिखित जवाफ ।

यस मन्त्रालयबाट निवेदकले निवेदनमा उल्लेख गरे बमोजिमको हक हनन नभएको हुँदा रिट खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको रक्षा मन्त्रालयको लिखित जवाफ ।

निवेदकले रिट निवेदनमा उल्लेख गरेको व्यहोरा कपोलकल्पित र असम्बन्धित हो । निज राज वहादुर थारुलाई हाल सम्म यस कार्यालयबाट पक्राउ गरिएको होइन, छैन भन्ने समेतको जिल्ला प्रहरी कार्यालय बाँकेको लिखित जवाफ ।

राजबहादुर थारुलाई यस कार्यालयबाट ०५९।५।१३ मा पक्राउ गरिएको छैन। निजलाई पक्राउ गर्नुपर्ने कारण छैन । निजलाई कारवाही गरिपाऊँ भन्ने कसैको उजुरी निवेदन समेत पर्न आएको छैन । जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, शाही नेपाली सेनाको गुल्म समेतका तालुक कार्यालयबाट निजलाई पक्राउ गर्नुपर्ने भन्ने आदेश, निर्देशन समेत नभएकोले रिट खारेज गरिपाऊँ भन्ने व्यहोराको इलाका प्रहरी कार्यालय कोहलपुरको लिखित जवाफ ।

रिट निवेदक राजबहादुर थारुलाई जिल्ला सुरक्षा समिति तथा यस कार्यालयबाट पक्राउ गरी गैरकानूनी थुनामा राख्ने कुनै काम भएको छैन । निज कहाँ छन भन्ने विषयमा यस कार्यालय समेतलाई कुनै जानकारी नभएको हुँदा निजले कपोलकल्पित तथा झुट्ठा व्यहोरा दर्शाई दिएको रिट निवेदनको व्यहोरा झुट्ठा हुँदा रिट खारेज गरिपाऊँ भन्ने व्यहोराको जिल्ला प्रशासन कार्यालय बाँकेको लिखित जवाफ ।

रिट निवेदनमा उल्लिखित राजबहादुर थारुलाई यस गुल्मले पक्राउ गरी थुनामा राखेको छैन । पक्राउ नै नगरेको तथा थुनामा नै नराखेको व्यक्तिलाई पक्राउ गरी गैरकानूनी थुनामा राखेको भनी दायर गरेको बन्दीप्रत्यक्षीकरणको रिट झुट्ठा, भ्रामक तथा कपोलकल्पित भएकोले उक्त रिट निवेदन खारेज गरिपाऊँ भन्ने एकै व्यहोराको भीमकाली गुल्म पूर्व चिसापानी र पश्चिमी पृतना हेडक्वाटर्स बाँकेको छुट्टा छुट्टै लिखित जवाफ ।

रिट निवेदनमा उल्लिखित निवेदकलाई यस कार्यालयबाट पक्राउ नगरेको, निज कहाँ रहेको भन्ने विषयमा यस कार्यालयलाई कुनै जानकारी नभएको हुँदा निजको तर्फबाट दायर भएको झुट्ठा रिट निवेदन खारेज गरिपाऊँ भन्ने व्यहोराको सशस्त्र प्रहरी कार्यालय शम्शेरगंज बाँकेको लिखित जवाफ ।

निवेदकलाई पक्राउ गरी थुनामा राखेको विषयमा राष्ट्रिय मानव अधिकार आयोगमा समेत निवेदन परी छानविन भइरहेको भन्ने निवेदक तर्फका कानून व्यवसायीले जिकिर लिनु भएकोले त्यस्तो निवेदन परी छानविन भएको हो, होइन ? छानविन भएको भए छानविन प्रतिवेदनको प्रतिलिपि र नभए सोही माफिकको जवाफ पठाउन राष्ट्रिय मानवअधिकार आयोगलाई लेखी पठाउने भन्ने यस अदालतबाट २०५९।१०।७ मा आदेश भएकोमा सो सम्बन्धी छानविन गर्दा यस कार्यालय र मातहत प्रहरी कार्यालय समेतले निजलाई पक्राउ गरेको अभिलेखबाट नदेखिएको भन्ने व्यहोराको पत्र जिल्ला प्रशासन कार्यालय बाँकेबाट प्राप्त भएको भन्ने जवाफ राष्ट्रिय मानव अधिकार आयोगबाट लेखी आएको ।

निज राजबहादुर थारुलाई २०५९।५।१३ गते राति३.०० बजे निजकै श्रीमती रुपा थारुको सामुन्नेमा भद्रकाली गुल्म चिसापानी गुल्म बाँकेबाट खटिइ आएका सुरक्षाकर्मीहरुले डर धाक दिई पक्राउ गरी लगेको हुँदा निज राजबहादुर थारुको एकाघरको श्रीमती रुपा थारुलाई यस अदालतबाट झिकाई बुझी पाउँ भन्ने व्यहोराको निवेदन ०५९।११।९ मा दर्ता भई इजलाश समक्ष पेश हुँदा यसमा भएको यथार्थ व्यहोरा के हो? भन्ने सम्बन्धमा प्रत्यर्थीहरु सँग एकिन जानकारी लिई जवाफ पेश गर्न लगाउने भनी यस अदालतबाट ०५९।११।९ मा पुनः आदेश भएको ।

उक्त आदेशानुसार महान्यायाधिवक्ताको कार्यालय मार्फत पत्राचार हुँदा निज राजबहादुर थारु यस कार्यालयबाट हालसम्म पक्राउ परेको कँही कतै रेकर्डबाट देखिन नआएको भन्ने व्यहोराको जिल्ला प्रहरी कार्यालय बाँकेको संचारबाट लेखी आएकोले सोही व्यहोरा अनुरोध छ भन्ने प्रहरी प्रधान कार्यालयको र पत्रमा उल्लिखित राजबहादुर थारुलाई शाही नेपाली सेनाबाट पक्राउ नगरिएको व्यहोरा जानकारीको लागि अनुरोध गरिन्छ भन्ने व्यहोराको श्री कार्यरथी विभाग प्राड विवाक शाही नेपाली जंगी अड्डाको जवाफ प्राप्त हुन आएको ।

नियम बमोजिम पेशी सूचीमा चढी निर्णयार्थ यस इजलाश समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदक तर्फका विद्वान अधिवक्ता श्री हरिकृष्ण कार्कीले निवेदक राजबहादुर थारुलाई निजको घरबाटै सुरक्षाकर्मीले ०५९।५।१३ मा पक्राउ गरी लगेदेखि हाल सम्म निजको वारेमा केही थाहा जानकारी समेत नभएको, मुद्दा हेर्ने अधिकारी समक्ष दाखिल समेत नगरेको र निजलाई विपक्षीहरुबाट चरम शारीरिक एवं मानसिक यातना दिई राखिएको हुनसक्ने प्रवल संभावना रहेकोले निजको वैयक्तिक स्वतन्त्रता संरक्षण गर्नका लागि अदालतले चाहेको उपयुक्त आदेश जारी हुनुपर्छ भनी वहस गर्नुभयो ।

उपरोक्त वहस बुँदाको सन्दर्भमा निवेदकको निवेदन जिकिर, विपक्षीहरुको लिखित जवाफ, यस अदालतबाट विभिन्न मितिमा भएका आदेश र प्राप्त जवाफ समेत अध्ययन गरी हेर्दा निवेदकको माग बमोजिम आदेश जारी गर्न मिल्ने, नमिल्ने सम्बन्धमा नै विचार गर्नुपर्ने हुन आयो ।

निर्णय तर्फ विचार गर्दा, २०५९।५।१३ देखि निवेदक राजबहादुर थारुलाई सुरक्षाकर्मीले पक्राउ गरी लगेको तर हाल सम्म निजको वारेमा कुनै जानकारी हुन नसकेको छ र निजलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित समेत नगराएकोले निजलाई हिरासतमा राखिएको काम कारवाही गैरकानूनी हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनाबाट मुक्त गरिपाऊँ भन्ने निवेदन जिकिर र रिट निवेदनमा उल्लिखित राजबहादुर थारु पक्राउ नपरेको, पक्राउ गर्ने आदेश निर्देशन समेत नभएको र थुनामा समेत नरहेको हुँदा झुट्टा रिट निवेदन खारेज हुनुपर्ने भन्ने विपक्षीहरुको लिखित जवाफ कथन रहेको पाइन्छ । निवेदकलाई पक्राउ गरी थुनामा राखिएको विषयमा छानविनको लागि राष्ट्रिय मानव अधिकार आयोगमा समेत निवेदन परी सो आयोगबाट छानविन हुँदा निज व्यक्ति पक्राउ परेको नदेखिएको भन्ने समेत सो आयोगबाट लेखी आएको देखिन्छ । त्यसै गरी पक्राउमा परेका राजबहादुर थारुलाई निजको पत्नी रुपा थारुको सामुन्नेबाट पक्राउ गिरी लगेकोले निजलाई बुझी पाउँ भन्ने पुनः निवेदन परी सो सम्बन्धमा तत् तत प्रमुख निकायमा पत्राचार हुँदा निज व्यक्ति पक्राउ नपरेको र थुनामा समेत नरहेको भन्ने जवाफ प्राप्त भएको पाइएको छ ।

निवेदक बन्दीलाई राज्यको निकायले कहाँ र कसरी हिरासतमा राखेको छ ? भन्ने कुराको यकिन जानकारी अदालतलाई हुनुपर्ने हुन्छ । निवेदकले रिट निवेदनमा उल्लेख गरेको, वहसको क्रममा जानकारीमा ल्याइएको र पछि परेको निवेदनमा उल्लेख गरेको सम्बन्धमा विपक्षीहरुबाट पटक-पटक जवाफ माग्दा निज पक्राउ नपरेको र हिरासतमा समेत नरहेको भन्ने जवाफ प्राप्त भएको माथि उल्लिखित तथ्यबाट प्रष्ट हुन्छ ।

कानून बमोजिम बाहेक राज्यले व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण गर्न मिल्दैन । राज्यको कुनै निकायले गैरकानूनी रुपमा बन्दी बनाएको भन्ने दावी लिई अदालत प्रवेश गरेको अवस्थामा सो कुराको यथार्थ जानकारी अदालतलाई दिनु आवश्यक हुन्छ । यथार्थ वा असत्य कुराले न्यायको मार्गमा अबरोध पुऱ्याउछ, यस तर्फ राज्यका सबै निकाय सजग रहनु आवश्यक हुन्छ । निवेदकले निश्चित भै बताइदिएको स्थानमा बन्दी रहे, नरहेको वारेमा सर्च वारेन्ट समेत जारी गरी बन्दीको खोजी अदालतले गर्न सक्दछ तर त्यसको निमित्त निवेदकले नै अदालतलाई बन्दी रहेको स्थान निश्चित रुपमा बताइ सहयोग पुऱ्याउनु पर्ने हुन्छ ।

प्रस्तुत विवादमा निवेदकले निवेदनमा उल्लेख गरिदिएका स्थानबाट बन्दीका सन्दर्भमा खोजी गर्दा समेत बन्दीको यकिन स्थितिको जानकारी हुन सकेको पाइदैन । बन्दीको अवस्था र बन्दी रहेको स्थान यकिन भएपछि पुनः निवेदन दिई बन्दीप्रत्यक्षीकरणको निवेदनद्वारा बन्दीको मौलिक हकको संरक्षणका निमित अदालतमा पुनः प्रवेश गर्न संविधानतः बाधा पर्ने समेत देखिदैन ।

अतः उपरोक्तानुसार निवेदकलाई बन्दी बनाइएको भनिएका निकायहरुबाट निज पक्राउ परेको र हिरासतमा नरहेको भन्ने जवाफ प्राप्त भएको, बन्दीको अवस्था र निज बन्दी रहेको स्थानका सम्बन्धमा निवेदक समेतबाट निश्चित जानकारी हुन नसकेको र बन्दीका सम्बन्धमा भर पर्दो एवं विश्वसनीय जानकारी प्राप्त भएका अवस्थामा जुनसुकै समयमा पनि बन्दीप्रत्यक्षीकरणको निवेदन लिई अदालतमा आउनलाई कुनै बाधा पर्ने समेत नदेखिंदा हाललाई यस निवेदनबाट कारवाही अगाडि वढाई रहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । मिसिल नियमानुसार गरी बुझाई दिनु ।

उक्त रायमा म सहमत छु ।

न्या. कृष्णकुमार वर्मा

इति सम्वत् २०६० साल कार्तिक १४ गते रोज ६ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलाश
माननीय न्यायाधीश श्री कृष्ण कुमार वर्मा
माननीय न्यायाधीश श्री गोपालप्रसाद खत्री

सम्वत् २०६० सालको रिट नं. ६७

आदेश मितिः २०६०।७।१७

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : चीन स्थित स्यान्ज्याङ प्रान्त घर भई हाल कारागार शाखा जगन्नाथदेवलमा थुनामा रहेका अबुडुकेलिम अबुलिमिटीको हकमा लक्ष्मी प्रजापति (महर्जन)

विरुद्ध

विपक्षी : अध्यागमन विभाग, भृकुटीमण्डप, काठमाण्डौ समेत

- **दण्ड सजायको ४१ नं. मा एकै मानिसलाई एकै वा धेरै मुद्दाको धेरै कलमको कैद ठेक्नु परेमा जुन कलममा कैदको सबभन्दा ठूलो हद छ सो हद ननाध्ने गरी एकै वा धेरै मुद्दामा एकै वा धेरै कलममा गरी कैद ठेक्नु पर्ने ।**

- **पासपोर्टमा जाली स्टीकर प्रयोग गरेको कसूरमा जिल्ला अदालतबाट भएको फैसलामा कैद र जरिवाना भएको देखिंदा सरकारी छाप दस्तखत किर्ते गरेको भनी दायर गरिएको मुद्दामा फैसला हुँदा कैद र जरिवाना हुने ठहरी फैसला भएकोमा सो दुबैको कैद भुक्तान भएको अवस्थामा बन्दीलाई रिहा गर्न परमादेश जारी हुने ।**

आदेश

- न्या. कृष्णकुमार वर्मा

नेपाल अधिराज्यको संविधान २०४७ को धारा २३ तथा ८८(२) अनुसार पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त व्यहोरा एवं निर्णय आदेश यस प्रकार छः

म निवेदक शाही नेपाली वाणिज्य दूतावास वेजिङ्गबाट पर्यटक भिसा प्राप्त गरी 11 May 2001 मा त्रिभुवन विमानस्थल काठमाण्डौबाट नेपाल प्रवेश गरेको हुँ । चाइनिज नागरिक वाङटियाङ र मेरो बीच दुई वटा एअर क्राफ्ट खरिद गरी नेपालस्थित यति एयरलाईन्सलाई lease मा दिने र तत्काल मैले ३ लाख अमेरिकी डलर र वाङटिआङले बाँकी रकम लगानी गरी भाडामा दिएको एअर क्राफ्ट सम्बन्धी कानून बमोजिमको सम्झौता यति एअर लाईन्स र वाङटियाङ बीच भए पनि वास्तविक रकम लगानी मेरो भएकोले उक्त रकम सम्बन्धी छलफलको लागि नेपाल आएको हुँ । भिसा म्याद समाप्त हुनु पूर्व विपक्षी अध्यागमन विभागमा वाङटियाङको साथ २७ फेववरी २००२ मा मेरो पर्यटक भिसाको म्याद २ मार्च २००२ बाट ३१ मार्च २००२ अर्थात ३० दिनको भिसा म्याद थपिएको र उक्त म्याद थपी नेपालमा वस्दा समेत निज वाङटियाङले मलाई दिनुपर्ने ३ लाख अमेरिकी डलर नबुझाएकाले पुनः भिसाको लागि मलाई भाषाको समस्या भएकोले मैले रुपैया लिनुपर्ने व्यक्ति वाङटियाङको साथ

अध्यागमन विभागमा जाँदा म सँग अमेरिकी डलर २ हजार मागी मलाई भिसामा स्टिकर टाँसी उपलब्ध गराइएको व्यहोरा मिति २०५९।५।२८ मा पक्राउ परे पछि मात्र मैले जानकारी पाएको र मिति २०५९।१२।१८ गते सम्म कानून बमोजिम नेपालमा बसेको व्यक्तिलाई करिव ४०० दिन विना भिसा नेपालमा बसेको भनी अमेरिकी डलर २४५०। र जरिवाना रु ४५ हजार हुने गरी विपक्षी अध्यागमन विभागले निर्णय गरेको मुद्दा १, सोही मितिमा जाली भिसा स्टीकर प्रयोग गरेको भनी रु ९५,६२५। धरौटी माग गरेको मुद्दा १ सोही मितिमा सरकारी छाप दस्तखत किर्ते मुद्दामा अनुसन्धानको लागि पठाउने भनी भएको निर्णय समेत मुद्दा थान ३ म माथि चलाईएको छ । मिति २०५९।९।१० गते बाट २०५९।१०।६ गते सम्म मलाई थुनामा राखी भिसा शुल्क, जरिवानाको रकम रु.१,०८,११७।२५ मैले बुझाएकोमा पुनः भिसा दिने भनी प्रलोभनमा पारेकोले मैले भिसा पाए भन्ने वाङटिपाङ सँग आफ्नो कारोवार मिल्छ भनी उल्लेखित रकम बुझाएको भोली पल्ट अर्थात २०५९।१०।७ मा दोश्रो मुद्दा जाली भिसा स्टीकर प्रयोग मुद्दामा २०६०।२।२८ मा फैसला हुँदा कैद महिना १० र रु १०,०००। जरिवाना भएकोमा २०५९।५।२८ बाट २०६०।३।२७ गते सम्म कैद भुक्तान गरी रु १०,०००। जरिवाना समेत बुझाई कैद मुक्त हुन्छु भनेकोमा मलाई थुनाबाट नछाडी पुनः सरकारी छाप दस्तखत किर्ते मुद्दाबाट १ वर्ष कैद भएकोले मूलुकी ऐन दण्ड सजायको ४१ नं मा भएको कानूनी व्यवस्था बमोजिम ठूलो कैद हद कायम हुनेमा विवाद नभएको र १ वर्ष कैद पूरा भएको र जरिवाना वापत रु ५०। भएकोमा मूलुकी ऐन दण्ड सजायको ३८,४० र ५३ ले कैद प्रति दिन रु २५। का दरले जरिवाना वापत कैद हुँदा २०६०।५।२९ गतेबाट म निवेदक गैरकानूनी थुनामा रहेको तथ्यमा विवाद नभएकोले म निवेदकलाई आज सम्म विपक्षीहरुले थुनाबाट नछाडनु गैरकानूनी भएकाले विपक्षीहरुका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? विपक्षीहरुको नाममा सूचना पठाई यो आदेश प्राप्त भएको मितिले बाटाका म्याद बाहेक ३(तिन) दिन भित्र लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियम बमोजिम पेश गर्नु भन्ने यस अदालत एक न्यायाधीशको इजलासको मिति २०६०।६।१२।२ गतेको आदेश ।

निवेदक विना भिसा नेपाल सरहद भित्र बसेको हुँदा नियमानुसार लाग्ने भिसा शुल्क र विलम्ब शुल्क गरी अमेरिकी डलर २४५०। तथा अध्यागमन ऐन, २०४९ को दफा १०(४) मा भएको कानूनी व्यवस्था अनुसार निजलाई मिति २०५९।५।२८ मा रु ४५,०००। जरिवाना हुने गरी निर्णय भएको र सो बमोजिमको रकम दाखिला गर्न सक्दिन भनी यस विभागमा कागज गरेकोले निज थुनामा रहेको छ । त्यस्तै निजले प्रयोग गरेको राहदानीमा टाँस भएको भिसा तथा स्टिकर शंकास्पद भएको भनी अनुसन्धानको लागि अध्यागमन ऐन, २०४९ को दफा ८(२) बमोजिम २०५९।५।२८ मा रु ९५,६२५। धरौट माग भै निजले दिन नसक्ने भन्ने व्यहोराको कागज गरेकोले थुनामा रहेको छ । यसै विषयलाई लिई सम्मानित अदालतमा २०५९।८।२४ मा बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा २०५९।९।९ मा अध्यागमन नियमावली २०५१ को अनुसूची ९ को क्रमसंख्या ३ को खण्ड (ख) अनुसारको लाग्ने भिसा दस्तुर दिएमा बुझी लिई थुनामा रहेका रिट निवेदकलाई अन्य कारणबाट थुनामा राख्नु नपर्ने भए थुनाबाट मुक्त गरी दिनु भन्ने आदेश प्राप्त हुन आएको र सो अनुसार यस विभागको मिति २०५९।९।३० को निर्णयानुसार निज प्रतिवादीबाट सन २००२ अप्रिल १ देखि निज थुनामा रहेको अवधि भन्दा अधि २००२ सेप्टेम्वर १२ सम्म जम्मा १६५ दिनको भिसा दस्तुर र विलम्ब शुल्क अमेरिकी डलर ८५५। लाग्ने हुँदा सो अनुसारको निर्णय भै थुनामा रहेको मिति २०५९।१०।५ सम्म जम्मा दिन १२९ को रु ३२२५। कट्टा गरी बाँकी रकम निज प्रतिवादीले २०५९।१०।६ मा दाखेल गरेको छ ।

निवेदकले प्रयोग गरेको भिसा सम्बन्धमा परराष्ट्र मन्त्रालयमा बुझ्दा सो मन्त्रालय मार्फत प्राप्त पत्रमा शाही नेपाली राजदूतावास वेजिङको अभिलेख अनुसार Sticker २३०७४ (१६४१।०५७५८) बाट मे ९, २००१ मा singal entry tourist visa जारी भएको तर पत्रमा उल्लेख भएको भिसा जारी मिति ९ जुलाई २००१

अभिलेखमा नभिडेको भनी लेखी आएको साथै स्टीकर नं ५३९९०४ को स्टीकर दैनिक खर्च किताबमा खर्च भएको नदेखिएको भनी लेखी आएको हुँदा निजले जाली स्टीकर प्रयोग गरेको र भिसाको मिति सच्याएको देखिंदा अध्यागमन ऐन, २०४९ को दफा ५(१) (२) को वर्खिलाप कसूरमा सोही ऐनको दफा १०(४) बमोजिमको सजायको माग दावी लिई काठमाण्डौ जिल्ला अदालतमा चलाईएको मुद्दामा सो अदालतबाट २०६०।२।२८ मा भएको फैसला अनुसार १० महिना कैद र रु १०,०००। जरिवाना भएको र उक्त कैद अवधिको गणना हुँदा २०५९।५।२८ देखि नै थुनामा बसेको अवधि गणना गरी यस विभागमा कारागार शाखाले उपस्थित गराएकोमा निजले भिसा दस्तुर र जरिवाना बुझाएकोमा सो कैद अवधि सम्मानित अदालतको फैसलाबाट भएको कैदमा समेत कट्टी भई दोहरो कट्टी भएको हुँदा कानूनमा दुविधा भै सो उपर पुनरावदेन सरकारी वकिल कार्यालय, पाटनबाट पुनरावेदन अदालत पाटनमा पुनरावेदन गरी सकेको छ । यसरी यस विभागलाई कानूनले प्रदान गरेको अधिकार प्रयोग गरी कानून सँगत तवरबाट कारवाही गरिएको र निजलाई सरकारी किर्ते जालसाजमा कारवाहीका लागि जिल्ला प्रहरी कार्यालय, काठमाण्डौमा पठाइएको सम्म हो । यस विभागको आदेशले निजलाई हाल थुनामा नराखिएको हुँदा विपक्षी निवेदकको बन्दीप्रत्यक्षीकरणको निवेदनको व्यहोरामा कुनै सत्यता नरहेकोले सो सँग सम्बद्ध प्रमाणहरु उल्लेख गरी विपक्षी रिट निवेदन खारेज गरिपाऊँ भनी अध्यागमन विभागको लिखित जवाफ ।

निवेदक हाल काठमाण्डौ जिल्ला अदालतको मिति २०६०।५।२६ को फैसलाबाट थुनामा रहेको देखिन्छ । निवेदकले जिल्ला अदालतलाई विपक्षी बनाएको देखिन आएन । सर्वोच्च अदालत नियमावली २०४९को नियम ४२(१) बमोजिम निवेदकलाई बन्दी प्रत्यक्षीकरणको आदेशद्वारा थुनाबाट छाडन नपर्ने कुनै कारण भए प्रमाण सहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक ३ दिन भित्र लिखित जवाफ र मिसिल पठाउनु भनी यस अदालत संयुक्त इजलासको मिति २०६०।६।३० गतेको आदेश ।

चिनिया नागरिक अवडुकेलिम अविलिमिटीले नं १४६६२६००९ को राहदानीमा भएको स्टीकर सच्याएकोले निजलाई किर्ते तर्फ आवश्यक कारवाहीको लागि दर्ता भएको अभियोग अनुसार निज निवेदकलाई वयान गर्दा overstay गरी नेपालमा बसेको र visa मा sticker सच्याएकोमा सावित रहेको साथै शाही नेपाल राजदूतावास वेजिङ्गमा मिति २०५९।११।२६ को प.सं १९८ को परराष्ट्र मन्त्रालय काठमाण्डौलाई लेखिएको पत्रमा ९ जुलाई २००१ मा जारी भएको भिसाको मिति अभिलेखमा नभिडेको भन्ने व्यहोरा उल्लेख भएको देखिन आएकोले यी प्रतिवादीले अभियोग पत्रमा उल्लेख भए बमोजिमको भिसाको मिति र स्टिकर समेत सच्याई कसूर गरेको भन्ने कुराको पुष्टि हुन आएकोले मूलुकी ऐन किर्ते कागजको ९ नं.बमोजिम १ वर्ष कैद समेत हुने ठहर्छ भन्ने २०६०।५।२६ मा भएको फैसला भएको र प्रतिवादीलाई मिति २०६०।५।१ मा अध्यागमन विभागको पत्र साथ जिल्ला प्रहरी कार्यालय, काठमाण्डौमा पठाई २०६०।५।२ मा थुनुवा पुर्जी दिई सोही मितिबाट प्रथम पटक थुनामा राख्न म्याद थप समेत भएको देखिंदा माग बमोजिम फैसला संशोधन गरी रहन परेन भन्ने २०६०।६।२ मा भएको आदेश सहितको मिसिल साथ निवेदन मांग बमोजिम रिट जारी हुनुपर्ने होइन खारेज गरिपाऊँ भन्ने काठमाण्डौ जिल्ला अदालतको लिखित जवाफ ।

नियम बमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत रिट निवेदन सहितको मिसिल फायल अध्ययन गरी रिट निवेदक तर्फबाट रहनु भएका विद्वान अधिवक्ता श्री मोहन वन्जाडाले मेरो पक्ष अबुडुकेलिमु अबुलिमिटी २०५९।५।२८गते देखि थुनामा रही पहिलो मुद्दा विना भिसा नेपालमा ४००। दिन बसेको भनी मुद्दा चलाएको दोश्रो मुद्दा जाली स्टीकर टाँस गरेको मुद्दामा काठमाण्डौ जिल्ला अदालतले १० महिना कैद र १०,०००। र तेश्रो सरकारी छाप दस्खखत किर्ते मुद्दा चलाई १ वर्ष कैद र रु ५०। जरिवाना गरेको मुद्दाबाट हाल सम्म थुनामा राखिएको छ । मूलुकी ऐन दण्ड सजायको ४१ नं. ले ठूलो कैद हुने मुद्दाबाट नै अन्य खाप्ने मुद्दाको कैद मिनहा हुने हुँदा मेरो पक्ष २०५९।५।२८ देखि २०६०।५।२७ सम्म थुनामा बस्नु पर्नेमा हाल सम्म गैरकानूनी थुनामा

रहेकोले बन्दीप्रत्यक्षीकरण रिट जारी गरी थुनाबाट मुक्त गरिपाऊँ भन्ने वहस गर्नु भयो र अध्यागमन विभाग समेतको तर्फबाट रहनु भएका विद्वान उपन्यायाधिवक्ता श्री लोक जङ्ग शाहले निवेदक विना भिसा नेपालमा बसेको मुद्दा जाली स्टीकर मुद्दा र सरकारी छाप दस्तखत किर्ते मुद्दामा काठमाण्डौ जिल्ला अदालतको फैसला अनुसार कानून बमोजिमको थुनामा रहेको हुँदा गैरकानूनी थुनामा रहेको भन्न मिल्दैन । तसर्थ प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ भन्ने गर्नु भएको वहस सुनी रिट निवेदन माग दावी अनुसार रिट जारी हुने नहुने के हो ? सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

यसमा निवेदक चाइनिज नागरिक वाङटियाङ सँग मिली नेपालमा २ वटा एअर क्राफ्ट किन्नको लागि तत्काल मैले अमेरिकी डलर ३ लाख र बाँकी याङटियाङले लगानी गरी यति एअरलाईन्सलाई भाडामा दिन सम्झौता गर्नको लागि ११ मई २००१मा शाही नेपाली राजदूतावास बेजिङ्गबाट पर्यटन भिसा पाई त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलबाट नेपालमा प्रवेश गरी नियमित रुपमा बसी आएकोमा वाङटियाङको साथ अध्यागमन विभागमा २०५९।५।२८ गते जाँदा विना भिसा ४०० दिन नेपालमा बसेको भनी २४५०। अमेरिकी डलर दस्तुर र रु ४५,०००। जरिवाना गरी अध्यागमन विभागले निर्णय गरी थुनामा पठाएको र जाली स्टीकर प्रयोग गरेको मुद्दा काठमाण्डौ जिल्ला अदालतमा चलाई २०६०।२।२८ को फैसला अनुसार १० महिना कैद र रु १०,०००। जरिवाना भएकोमा रु १०,०००। सोही मितिमा तिरी थुनाबाट मुक्त हुनुपर्नेमा पुनः सोही अभियोगमा सरकारी छाप दस्तखत किर्ते मुद्दा चलाई काठमाण्डौ जिल्ला अदालतको मिति २०६०।५।२६ को फैसलाबाट १ वर्ष कैद र ५०।-जरिवाना भएकोमा मूलुकी ऐन दण्ड सजायको ४१ नं. अनुसार सबभन्दा ठूलो कलमको मुद्दामा लागेको कैद २०५९।५।२८ देखि २०६०।५।२७ गते सम्म भुक्तान भईसकेको र जरिवाना रु ५०। वापतको रु २५ले दुई दिन अर्थात २०६०।५।२९ सम्म बस्नुपर्नेमा सो अवधिसम्म थुनामा रही भुक्तान गरी सकेपछि थुनाबाट मुक्त गर्नुपर्नेमा हालसम्म थुनामा राखेको कार्य गैर संवैधानिक एवं कानून विपरीत हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने मुख्य रिट निवेदन जिकिर र निवेदक ११ मई २००१ मा शाही नेपाली राजदूतावासबाट पर्यटक भिसा पाई त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलबाट नेपाल प्रवेश गरी विना भिसा नेपालमा ४००दिन बसेकोले भिसा शुल्क र विलम्ब शुल्क गरी अमेरिकी डलर २४५० र जरिवाना रु ४५०००। हुने गरी मिति २०५९।५।२८ मा महानिर्देशकबाट निर्णय भै सो अनुसारको रकम तिर्न सक्दिन भनी कागज गरेकोले २०५९।५।२८ देखि थुनामा पठाईएकोमा निजले प्रयोग गरेको भिसामा जाली स्टीकर रहेको पाइएकोले जाली स्टीकर प्रयोग गरेको मुद्दा मिति २०६०।२।२८ मा काठमाण्डौ जिल्ला अदालतमा चलाईएको, फैसला हुँदा १० महिना कैद र रु.१००००। जरिवाना हुने गरी फैसला भएको र निजको भिसाको सम्बन्धमा शाही नेपाली राजदूतावासमा परराष्ट्र मन्त्रालय मार्फत सोधनी हुँदा निवेदकले प्रयोग गरेको Sticker No २३०७४ (१६१४।०५७।०५८ बाट ९ May २००१ को अभिलेखमा नभिडेको हुँदा निजमाथि सरकारी छाप दस्तखत किर्ते जालसाजी मुद्दा मिति २०६०।५।२८ मा काठमाण्डौ जिल्ला अदालतमा दायर भएकोमा सोही मितिमा फैसला भै १ वर्ष कैद र रु ५० जरिवाना भै कानून बमोजिम थुनामा रहेको भनी अध्यागमन विभाग तथा काठमाण्डौ जिल्ला अदालतको लिखित जवाफ रहेको देखिन्छ ।

निवेदन अनुसार निवेदक गैरकानूनी थुनामा रहेको र निजको संवैधानिक हकमा आघात परेको छ छैन र विपक्षीहरुले कानून बमोजिम थुनामा राखेको छ छैन सो सम्बन्धमा विचार गर्दा निवेदकका विरुद्ध भिसा म्याद भन्दा ४०० दिन बढी बसेको भन्ने मुद्दामा अध्यागम विभागले अमेरिकी डलर २४५०। शुल्क र रु ४५०००। जरिवाना हुने गरी अध्यागमन ऐन, २०४९ को दफा १०(४) अनुसार २०५९।५।२८ मा निर्णय गरी सो बमोजिमको रकम तिर्न नसक्ने भनी कागज गरेकोले निज निवेदकलाई थुनामा पठाएको देखिन्छ । पासपोर्टको भिसामा जाली स्टीकर टासेको मुद्दा र त्यसरी जाली स्टीकर टास्ने कार्य गरी सरकारी अड्डाको छाप दस्तखत लागेको कागज किर्ते गरेको समेतका आरोप बेग्ला बेग्लै मुद्दा काठमाण्डौ जिल्ला अदालतमा दायर गरी सो अदालतबाट सजाय भएको देखिन्छ ।

मिसिलको तथ्यबाट निवेदकको विरुद्धको उपरोक्त कसूरहरु एउटै कार्यबाट भएको भन्ने कुरामा विवाद देखिदैन । त्यसरी एकै व्यक्तिले गरेको एउटै कार्य वारे बेग्ला बेग्लै प्रकृतिको कार्य कायम हुन आएको अवस्थामा त्यस्तो कसूर सम्बन्धी मुद्दा हेर्ने क्षेत्राधिकार बेग्ला बेग्लै निकाय भएको अवस्थामा बेग्लै दायर हुने यदि एउटै निकायबाट कारवाही किनारा हुने व्यवस्था भएकोमा एकै पटक मुद्दा दायर गर्नुपर्ने भिसा म्याद भन्दा बढी बसेको मुद्दामा विपक्षी अध्यागमन विभागबाट सजाय भै जरिवाना तिर्न नसकी थुनामा रहेको र जाली स्टीकर टासेको मुद्दामा काठमाण्डौ जिल्ला अदालतमा मिति २०६०।२।९ मा दायर गरी सो मुद्दाबाट मिति २०६०।२।२८ मा निवेदकलाई १० महिना कैद र रु.१००००। जरिवाना हुने गरी फैसला भए पछि निजमाथि सरकारी अडाको छाप दस्तखत किर्ते गरेको मुद्दा २०६०।५।२६ मा दायर भै सोही दिन भएको फैसलाबाट उक्त मुद्दामा कैद वर्ष १ र रु ५०। जरिवाना गर्ने ठहराई फैसला भएको देखिन आउँछ । यसरी एकै व्यक्ति उपर एउटै कसूरमा दुइ दुई पटक मुद्दा चलाउने गरेको कार्य मूलुकी ऐन अ.व. ७३नं को प्रतिकूल देखिन आउँछ ।

दण्ड सजायको ४१ नं. मा एकै मानिसलाई एकै वा धेरै मुद्दाको धेरै कलमको कैद ठेक्नु परेमा जुन कलममा कैदको सबभन्दा ठूलो हदछ सो हद ननाध्ने गरी एकै वा धेरै मुद्दामा एकै वा धेरै कलममा गरी कैद ठेक्नु पर्छ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ ।

निवेदकलाई पासपोर्टमा जाली स्टीकर प्रयोग गरेको कसूरमा काठमाण्डौ जिल्ला अदालतबाट मिति २०५६०।२।२८ मा भएको फैसलामा कैद महिना १० र जरिवाना रु १०,०००। भएको देखिन्छ । निजलाई सरकारी छाप दस्तखत किर्ते गरेको भनी दायर गरिएको मुद्दामा मिति २०६०।५।२६ मा फैसला हुँदा कैद वर्ष १ र रु ५०। जरिवाना हुने ठहरी फैसला भएको देखिन्छ । जाली स्टीकर मुद्दाको तपसिल खण्डमा निवेदक २०५९।५।२८ देखि हिरासतमा रही थुनामा रहेको र उक्त सरकारी छाप दस्तखत किर्ते मुद्दामा लागेको कैद मूलुकी ऐन दण्ड सजायको ४१ नं. बमोजिम भुक्तान भईसकेको देखिन्छ । तसर्थ उपयुर्क्त दुबै मुद्दाको मिसिल भिडाई निवेदक हिरासतमा रहेको मितिबाट थुनामा रहेको अवधि गणना गरी निजलाई लागेको कैद भुक्तान भए नभएको हेरी कैद म्याद भुक्तान गर्न बाँकी भए कानून बमोजिम गरी निवेदकलाई थुनाबाट छाडी दिनु भनी परमादेश मिश्रित बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ । विपक्षीको जानकारीको लागि आदेशको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालय मार्फत लेखी पठाई दिनु । मिसिल नियम बमोजिम बुझाई दिनु ।

उक्त रायमा म सहमत छु ।

न्या. गोपालप्रसाद खत्री

इति सम्वत् २०६० साल कार्तिक १७ गते रोज २ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री केदारप्रसाद गिरी
माननीय न्यायाधीश श्री खिलराज रेग्मी

सम्वत् २०६० सालको रिट नं. ८५

आदेश मितिः २०६०।७।२५।३

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं. २ घर भै हाल वडा प्रहरी कार्यालय सिंहदरवारमा थुनामा रहेको गोविन्दराज जोशीको हकमा का.म.न.पा. वडा नं. १६ पकनाजोल बस्ने मदन रेग्मी

विरुद्ध

विपक्षी : अख्तियार दुरुपयोग अनुसन्धान आयोग बबरमहल, काठमाडौं समेत

- **बन्दीप्रत्यक्षीकरणको रिट व्यक्तिको अत्यन्त संवेदनशील एवं महत्व राख्ने वैयक्तिक स्वतन्त्रताको हकसँग सम्बन्धित छ र त्यस्तो स्वतन्त्रताको संरक्षण गर्ने यो एक शक्तिशाली उपाय हो । त्यसैले बन्दीप्रत्यक्षीकरणको रिट यसको प्रभावकारिता र प्रकृतिले नै अन्य रिटहरु भन्दा फरक र बढी प्रभावकारी मानिने हुँदा उत्प्रेषण लगायतका अन्य रिट निवेदनहरु अघि देखि नै अदालतमा विचाराधीन छन् भन्ने कारण वा आधारमा मात्र बन्दीप्रत्यक्षीकरणको रिटको कारवाही स्थगित राख्न नमिल्ने ।**

- **थुनामा रहेको व्यक्तिको वैयक्तिक स्वतन्त्रताको रक्षाको लागि जोसुकैले पनि निवेदन दिन पाउने कुरालाई विचार गर्दा कारवाही अघि बढी सकेको प्रस्तुत रिटमा कार्यविधिगत औपचारिकताको प्रश्न गौण हुन पुगी वैयक्तिक स्वतन्त्रताको प्रश्नलाई गम्भीरताका साथ हेरिनु पर्ने भएको छ र उठेका अन्य प्रश्नहरुको निराकरणबाट नै प्रस्तुत रिट निवेदनको टुंगो लगाउनु न्यायिक र विवेकसम्मत हुन्छ भन्ने देखिन आउँछ । त्यसैले प्रस्तुत प्रश्नको आधारमा रिटको मूल विषयमा प्रवेश गर्न मिल्ने ।**

- **सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदनलाई टेकेर वा भर गरेर अनुसन्धान र मुद्दा दायर गर्न मिल्दैन भन्ने सन्दर्भ प्रस्तुत विवादमा गौण हुन पुगेकोले त्यस सम्बन्धमा यस मुद्दाबाट विशेष विवेचना गरिरहन पर्ने अवस्था देखिन नआउने ।**

- **अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को परिच्छेद ४ प्रारम्भिक छानविन सँग मात्र सम्बन्धित छ भनी मान्ने हो भने उक्त परिच्छेद अन्तर्गत ऐनको दफा १३(१) को भ्रष्टाचारको उजुरी सम्बन्धी व्यवस्था जसमा आयोगलाई प्राप्त जानकारीको आधारमा आयोगले यस ऐन बमोजिम अनुसन्धान र तहकिकात गर्न वा अन्य कारवाही चलाउन सक्ने छ भनिएको छ त्यसमा सामन्जस्यता नआउने ।**

- ऐनको व्याख्या गर्दा समग्र ऐनको सार्थक उपादेयता र प्रयोजनीयता हुने गरी उद्देश्यमूलक ढंगले गर्नुपर्ने हुन्छ । आयोगले थुनामा राख्नसक्ने व्यवस्था यस बाहेक अन्यत्र कतै देखिदैन । त्यसैले समग्रमा प्रयोग हुने उक्त दफालाई संकुचन गरी प्रारम्भिक छानविनमा मात्र प्रयोग हुने भनी सीमित गर्न मिल्ने नदेखिने ।

- अनुसन्धान अधिकृतले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १६ को प्रयोग गरी दिइएको थुनुवापुर्जीलाई गैरकानूनी एवं अधिकारक्षेत्रात्मक त्रुटियुक्त भन्न सकिने स्थिति र कानूनको आदेशले निवेदक थुनामा रहेको देखिन नआउने ।

- अनुसन्धान अधिकृतले आवश्यकता अनुसार कानून बमोजिम तारेख वा थुनामा राखी वयान लिनसक्ने व्यवस्था नियमले गरेको र नियम १५ बमोजिम थुनामा राख्दाको थुनुवा पुर्जीको ढाँचा अनुसूचीमा तोकिएको नपाइदा निवेदकलाई दिइएको थुनुवा पूर्जिलाई ढाँचागत र प्रक्रियागत हिसावले वेरीतको मान्न नमिल्ने ।

- पेश भएको मिसिल कागजातबाट विपक्षीको वयान गराउने समेतका अनुसन्धान तहकिकात सम्बन्धी कार्य भइरहेको देखिएकोले विपक्षीलाई थुनामा राखी अनुसन्धान तहकिकात गर्न अनुमति प्रदान गरिएको भन्ने व्यहोरा उल्लेख गरेको पाइयो । अधिकार प्राप्त न्यायिक निकायले पर्याप्त छलफल र सुनवाई गरी सम्बन्धित मिसिल कागजात हेरी बुझी मिसिलबाट देखिन आएको तथ्यगत अवस्थाबाट संतुष्ट भै थुनामा राख्न अनुमति प्रदान गरेको भन्ने देखिन आएको अवस्थामा छुट्टै थुनुवापुर्जीको आवश्यकता हुने भन्न नमिल्ने ।

- कानून बमोजिम अधिकार प्राप्त अधिकारीले थुनुवापुर्जी दिई अधिकार प्राप्त अदालतबाट अनुमति लिई थुनामा राखेकोलाई गैरकानूनी थुना भन्न नमिल्ने हुँदा न्यायोचित विधि प्रक्रिया पूरा नगरी निवेदकलाई थुनामा राखिएको छ भन्ने अवस्था नदेखिने ।

- अनुसन्धान तहकिकातको विषय आवश्यकता अनुसार आयोगले विचार गरी अगाडि बढाउने विषय हुँदा कुन चरणको कार्य कहिले गरियो भन्ने विषय न्यायिक पुनरावलोकनको विषय हुनसक्दैन र यसलाई नै बदनियतको आधार बनाउन नमिल्ने ।

- विशेष अदालतबाट निवेदकको समेत जिकिर सुनी मिसिलको छानविन गरी हेरी बुझी कानून बमोजिम थुनामा राख्न अनुमति प्रदान गरिएको अवस्थामा त्यस्तो न्यायिक कार्यलाई त्यसै दुराशयपूर्ण हो भनी अनुमान गरी टुङ्गोमा पुग्न सकिदैन । दुराशयपूर्ण र बदनियत पूर्वकको कार्य भन्दैमा स्थापित नभै युक्तियुक्त आधार र कारणले प्रमाणित हुनुपर्दछ । प्रस्तुत मुद्दामा सो अवस्था छ भन्न सकिने आधार सहितको निष्कर्षमा पुग्न सकिने अवस्था देखिन नआउंदा विपक्षीहरुको काम कारवाही दुराशययुक्त छ भन्न नसकिने ।

- सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदन नै अपराध अनुसन्धानको आधार र निवेदकलाई थुनामा राखिने अस्त्रको रुपमा प्रयोग भएको नदेखिएको हुँदा बन्दी मुक्तिको एक मात्र निर्णयकारी प्रमाण देखिन नआएको विषय वारे प्रस्तुत मुद्दाबाट बोलिरहने अवस्था नदेखिने ।

- प्रस्तुत रिट निवेदनको सन्दर्भमा उठाइएका सबै प्रश्नहरुको निरोपण बन्दीप्रत्यक्षीकरणको रिटबाटै हुन पर्दछ भन्ने सिद्धान्त पनि होइन । बन्दीप्रत्यक्षीकरणको रिट सार्वजनिक सरोकारको रिट होइन । जुन विषय बन्दी मुक्तिको आधार हुनसक्दैन, त्यस विषय वारे अदालतले बोलिरहनुपर्ने आवश्यकता

**रहदैन र यस कुरालाई यस अदालतले मानी आएको पनि छ । त्यसैले पनि सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदन वारे उठाइएका सन्दर्भहरुको विषयलाई निर्णयात्मक प्रश्न नबनाइएको र अब अरु अगाडि विवेचना गरिरहन आवश्यक नपर्ने ।**

- **कानून बमोजिम विधि प्रक्रिया पूरा नगरी निवेदकलाई थुनामा राखिएको भन्न नमिल्नुको साथै दुराशययुक्त कारवाही भयो भन्न नमिल्ने देखिए समेतका कारणहरुबाट निवेदकको थुना गैरकानूनी एवं कानूनी आधार विनाको थुना हो भन्ने देखिन नआउंदा निवेदन माग बमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने ।**

आदेश

- न्या. खिलराज रेग्मी

१. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३,८८ (२) र सर्वोच्च अदालत नियमावली २०४९ को नियम ३१(२) बमोजिम यस अदालतमा पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः

२. मेरो पक्ष गोविन्दराज जोशीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृतले मिति २०६०।२।१३ मा "तपाईले सार्वजनिक पदमा रहँदा आर्जन गरेको श्रोत नखुलेको सम्पत्ति सम्बन्धमा सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदन समेतका जानकारीहरु यस आयोगमा प्राप्त हुन आएकोले अनुसन्धानका सिलसिलामा तपाईसँग केही कुरा बुझ्नुपर्ने भएकोले मिति २०६०।२।१४ गते सिंहदरवार स्थित कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको भवनमा रहेको यस आयोगको कार्यालयमा उपस्थित हुन अनुरोध छ" भन्ने पत्र पठाएको थियो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको उल्लेखित पत्र कानूनी वलविहीन भै बदरभागी भएकोले सो पत्रलाई आधार मानी उक्त आयोग समक्ष उपस्थित हुने अवस्थै छैन । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम कारवाही अधिकारक्षेत्रविहीन एवं कानूनी त्रुटिपूर्ण भएकोले उत्प्रेषणको आदेशद्वारा बदर गरी यस सम्बन्धमा कुनै कारवाही नगर्नु नगराउनु भन्ने प्रतिषेधको आदेश र सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गराई पाउँ भन्ने परमादेशको आदेश समेतको माग गरी गोविन्दराज जोशीले मिति २०६०।२।१४ मा सर्वोच्च अदालतमा री. नं. ३४०८ को निवेदन दिनु भएको थियो । सर्वोच्च अदालतबाट मिति २०६०।२।१५ मा १५ दिन भित्र सम्बन्धित मिसिल साथै राखि लिखित जवाफ पठाउनु भन्ने विपक्षीहरुका नाममा कारण देखाउ आदेश जारी भएको छ । प्रस्तुत मुद्दामा उठाइएको विषयको प्रकृति र गम्भीरता अनुसार छिटो निर्णय गर्नुपर्ने प्रकृतिको भएकोले यसै अदालतमा चलेको रि. नं. ३३६८ को निवेदक गिरिजाप्रसाद कोइराला भएको मुद्दा साथै पेश गर्नु भन्ने समेतको आदेश भई विपक्षीहरुबाट लिखित जवाफ पेश भै सकेको छ । २०६०।६।२६ गते बिहान ६ बजे अख्तियार दुरुपयोग अनुसन्धान आयोगका कर्मचारी र प्रहरीहरुले गोविन्दराज जोशीलाई डेराबाट पक्राउ गरी दिनभर कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको भवनमा रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृतको कार्यालयमा राखी वयान गर्न प्रश्न गरिएको त्यसको भोलीपल्ट गोविन्दराज जोशीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृतले आयोगबाट विशेष अदालत काठमाडौं लगिएको थियो । थुनामा रहनु नपर्ने आधार र कारण उल्लेख गरी अख्तियार दुरुपयोग

अनुसन्धान आयोग ऐन, २०४८ को दफा १६(५) र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३१ को उपदफा (५) अन्तर्गत गोविन्दराज जोशीले विशेष अदालतमा निवेदन दिनु भएकोमा विशेष अदालतबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगको माग बमोजिम २० दिन हिरासतमा राख्ने गरी मिति २०६०।६।२९ मा आदेश भएको छ । गोविन्दराज जोशी आजका मितिसम्म वडा प्रहरी कार्यालय सिंहदरवारमा थुनामा हुनुहुन्छ । प्रष्ट रुपमा (प्राईमाफेसी) मुद्दा दायर गरी हेर्न नमिल्ने समेतको आपत्ति गरी थुनामा रहनु नपर्ने जिकिर गर्दा पनि विशेष अदालतबाट थुनामा राख्ने अनुमति दिएकोले सो समेत गैरकानूनी ठहरका लागि विशेष अदालत काठमाडौंलाई विपक्षी बनाउनु परेको हो । सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३६(ख) मा बन्दीलाई कानून वा प्रवृत्त भावनाले वा बदनियत साथ थुनामा राखेको देखिन आए थुनाबाट छाड्ने आदेश दिने व्यवस्था छ । गोविन्दराज जोशीलाई कानून प्रवृत्त भावनाले र बदनियत साथ थुनामा राखिएकोले निजको हकमा निवेदन दिन आएको छु ।

३. अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मिति २०६०।६।२६ मा गोविन्दराज जोशीलाई वयान गराउने सिलसिलामा सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदनको केही अंश भनी सुनाई त्यही सम्बन्धमा वयान गर्न दबाब दिइरहेको छ । तर सो प्रतिवेदनको पूर्ण जानकारी मेरो पक्षलाई दिइएको छैन । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गोविन्दराज जोशीलाई हिरासतमा राख्न अनुमति माग गर्दै विशेष अदालतमा पेश गरेको पत्रमा पनि सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदनलाई आधार बनाई श्रोत नखुलेको सम्पत्ति सम्बन्धमा अनुसन्धान गर्न लागेको व्यहोरा लेखेको छ । यसबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सम्पत्ति न्यायिक जाँचबुझ आयोगकै प्रतिवेदनलाई आधार बनाई गोविन्दराज जोशी उपर अनुसन्धान र तहकिकातको कारवाही चलाएको प्रष्ट छ । सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कारवाही चलाउन पाउने अधिकारक्षेत्र छैन भनी जाँचबुझ आयोग ऐन, २०२६ को दफा ८(क) अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १४ र १५, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २६ र २७ समेतको गम्भीर कानूनी प्रश्न र विषय उठाई सर्वोच्च अदालतमा गोविन्दराज जोशीले दिएको रिट निवेदन पत्रमा सर्वोच्च अदालतबाट विपक्षी अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेतका नाममा कारण देखाउने र मिसिल समेत झिकाउने गरी आदेश जारी भएको छ । सर्वोच्च अदालतमा विचाराधीन रहेका संवैधानिक कानूनी प्रश्नको निराकरण नहुँदै तिनै संवैधानिक र कानूनी प्रश्न समावेश भएको विषयमा मुद्दा चलाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गोविन्दराज जोशीलाई थुनामा राखेकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम कारवाही र थुना गैरकानूनी हुनुका साथै प्रवृत्त भावनाले प्रेरित बदनियतपूर्ण र स्वेच्छाचारी रहेको छ ।

४. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अधिकारक्षेत्रलाई चुनौती दिई सर्वोच्च अदालतमा रिट परेको छ । विषयको प्रकृति र गम्भीरतालाई हेरी सर्वोच्च अदालतले दिएको अग्राधिकारलाई वेवास्ता गरी सर्वोच्च अदालतको आदेश बमोजिम सम्बन्धित मिसिल सर्वोच्च अदालतमा किन पठाइएन ? नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९६ एवं न्याय प्रशासन ऐन, २०४८ को दफा २९ बमोजिम विपक्षी आयोगले सर्वोच्च अदालतको मान हानी गरी आदेश निष्क्रिय हुने गरी कुनै कार्वाही चलाउन सर्वथा मिल्दैन, हुँदैन । अग्राधिकार दिई पेश गर्ने आदेश भएको परिप्रेक्ष्यमा सर्वोच्च अदालतको उक्त आदेश अन्तरिम आदेश सरह रहेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रवृत्त भावना लिई बदनियत साथ न्यायिक प्रक्रियालाई दुषित बनाई गोविन्दराज जोशीलाई थुनामा राखेको गैरकानूनी समेत छ । जाँचबुझ आयोग ऐन, २०२६ को दफा ५ मा

साक्षीले आयोगको समक्ष बोलेको कुरा निजका विरुद्ध प्रमाण नलाग्ने र ती कुरालाई लिएर निजका विरुद्ध कुनै मुद्दा वा कानूनी कारवाही चलाईने छैन भनिएको छ । जाँचबुझ आयोगमा सबै साक्षी हुन्छन्, अभियुक्त हुँदैनन् । सम्पत्ति जाँचबुझ आयोगमा मैले पेश गरेको सम्पत्तिको विवरण र उक्त आयोगमा खुलाएको वयानलाई आधार बनाएर मुद्दा चलाउन वा कुनै कानूनी कारवाही चलाउन मिल्दैन । सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदनलाई टेकेर गोविन्दराज जोशीलाई कुनै मुद्दा चलाउन र कानूनी कारवाही चलाउने अधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई छैन । जाँचबुझ ऐन, २०२६ को दफा ८(क) को प्रतिबन्धात्मक वाक्यांशमा नेपाल अधिराज्यको सार्वभौमसत्ता अखण्डता वा सामरिक महत्वको वा सार्वजनिक शान्ति सुव्यवस्थामा वा जात – जाति वा सम्प्रदायहरु वीचको सुसम्बन्धमा प्रतिकूल असर पार्ने तथा मित्रराष्ट्र सँगको सम्बन्धमा प्रतिकूल असर पार्ने कुरा बाहेक प्रतिवेदनका कुरा सार्वजनिक जानकारीका लागि प्रकाशित गरिनेछ भनिएको छ । सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक हुनुपर्ने नपर्ने गम्भीर कानूनी व्याख्याको प्रश्न सर्वोच्च अदालतमा विचाराधीन छ । सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदन श्री ५ को सरकारको लिखित जिकिर बमोजिम सार्वजनिक हुन नहुने हो भने अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि सो प्रतिवेदन हेर्न, जाँच्न र त्यसलाई जानकारीमा लिएर कसै उपर कानूनी कारवाही चलाउन पाउँदैन । भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा २६ मा प्रारम्भिक छानविन गोप्यरुपमा गर्नुपर्ने, सोही ऐनको दफा २७ मा त्यसरी गोप्य रुपमा गरिएको छानविनबाट उजुरी वा जानकारी तथ्यमा आधारित भएको देखिएमा तत्सम्बन्धी विवरण उल्लेख गरी सम्बन्धित व्यक्तिसँग स्पष्टीकरण माग्ने व्यवस्था छ, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १४ र दफा १५ मा पनि त्यहि प्रक्रिया अवलम्बन गर्नुपर्ने व्यवस्था छ । भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा २६ र २७ एवं अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १४ र दफा १५ को कार्यविधि अवलम्बन गर्नुपर्ने बाध्यात्मक व्यवस्था ऐनले प्रष्ट बोलेको छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २६ र २७ एवं त्यस्तै अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १४ र १५ का प्रक्रिया अवलम्बन गरेपछि भ्रष्टाचारमा कारवाही चलाउने पर्याप्त र मनासिव आधार प्रमाण भएमा मात्र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३१ एवं त्यस्तै अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १६ को कानूनी प्रक्रिया शुरु गर्ने विधायिकाको प्रष्ट मनसाय रहेको दुबै ऐनको बनावटले प्रष्ट देखाएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रस्तुत मुद्दामा उल्लेखित बाध्यात्मक कार्यविधि अवलम्बन नगरी पक्राउ गरी थुनामा राखेको छ । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२(१) मा कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण हुने छैन भनिएको छ । यथोचित विधि प्रक्रिया विना व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुने कार्य न्यायिक वा प्रशासनिक कुनै निकायबाट गरिनु हुन्न । यथोचित विधि प्रक्रियाले सारवान र कार्य विधि ऐन दुबैलाई अङ्गालेको छ । कसैको ज्यान वा वैयक्तिक स्वतन्त्रता अपहरण गर्न सारवान ऐन र कार्यविधि सम्बन्धी ऐन दुबैको अक्षरशः पालना गरी वहुत सतर्कता र होशियारी साथ हेर्नु पर्ने भनी सर्वोच्च अदालतबाट यज्ञमूर्ति वंजाडेको बन्दीप्रत्यक्षीकरण रीटमा २०२७ सालको नि. नं. ५४७ सिद्धान्त कायम भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट बाध्यात्मक रुपमा पालना गर्नुपर्ने कार्यविधि पालना नगरेकोले गोविन्दराज जोशीलाई थुनामा राखेको गैरकानूनी हुनका साथै वदनीयतपूर्ण पनि छ । फरार रहेको भनी प्रचार प्रसार गराउनु र पत्र–पत्रिकामा नभएको सम्पत्ति विवरण भनी आयोगद्वारा प्रायोजित प्रचार गराउनुले आयोगले प्रवृत्त भावनाले काम कारवाही गरेको प्रष्ट देखिन्छ । भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा २० र ५० पश्चातदर्शी रुपमा लागु हुँदैन । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४ को उपधारा

(१) ले पश्चातदर्शी रुपमा लागु हुने ऐन बनाउन पनि मिल्दैन । गोविन्दराज जोशीले मिति २०५९।२।८ मा प्रतिनिधिसभा विघटन भए देखि सार्वजनिक पदधारण गर्नु भएको छैन । मिति २०६०।३।५ देखि लागु भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० र दफा ५० गोविन्दराज जोशीका हकमा लागु हुन र निज उपर सो दफाहरुको सजाय माग गरी भ्रष्टाचार मुद्दा दायर हुनसक्दैन । भ्रष्टाचार निवारण ऐन, २०५९ प्रारम्भ भएपछि मैले सार्वजनिक पदधारण नगरेको हुँदा मेरो हकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा चलाउन मिल्दैन । तत्कालीन भ्रष्टाचार सम्बन्धी ऐन र अख्तियार सम्बन्धी ऐन बमोजिम हाल कारवाही चलाई मुद्दा दर्ता हुने अवस्था, कारण र हदम्याद रहे भएको पनि छैन । म निवेदकलाई थुनामा राखी अनुसन्धान र तहकिकात गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १६ बमोजिम गरिएको विपक्षी अनुसन्धान अधिकृत समेतको काम कारवाही गैरकानूनी छ । सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३२(१) र ३६ मा कानून प्रतिकूल वा प्रवृत्त भावनाले वा बदनियतसाथ थुनामा राखेको देखिएमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने कानूनी व्यवस्था छ । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(२) बमोजिम गोविन्दराज जोशीलाई थुनामा राख्ने पूर्जि, आदेश र सो सम्बन्धी अनुमति लगायतका काम कारवाहीहरु पूर्ण गैरकानूनी ठहऱ्याई उक्त कार्यहरु बदर गरी बन्दी गोविन्दराज जोशीलाई थुनाबाट मुक्त गरी दिनु भन्ने र सर्वोच्च अदालतमा विचाराधीन विषयमा अन्तिम निर्णय नभएसम्म कुनै कारवाही नचलाउनु भन्ने बन्दीप्रत्यक्षीकरण, लगायत उपयरुक्त आज्ञा आदेश विपक्षीहरुका नाममा जारी गरी गोविन्दराज जोशीको प्रदत्त संवैधानिक र कानूनी हक प्रचलन गराई पूर्ण न्याय प्रदान गरिपाउँ भन्ने समेत व्यहोराको रिट निवेदन ।

५. यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक ३ दिन भित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पठाउनु भनी रिट निवेदनको नक्कल साथै राखी विपक्षीहरुलाई सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिनु । लिखित जवाफ आएपछि वा अवधि नाघेपछि सम्बन्धित मिसिल इजलासमा देखाई फिर्ता लाने गरी पेशिका दिन महान्यायाधिवक्ताको कार्यालय मार्फत वा आफैद्वारा पठाई दिनु भनी विपक्षी अनुसन्धान आयोगमा लेखी पठाई नियमानुसार गरी पेश गर्नु भन्ने यस अदालत एक न्यायाधीशको इजलासबाट भएको २०६०।७।३ को आदेश ।

६. सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदन समेतका प्राप्त जानकारीका आधारमा विपक्षीले सार्वजनिक जवाफदेहीको पदमा वहाल रहँदा आर्जन गरेको श्रोत नखुलेको सम्पत्ति सम्बन्धमा शुरु गरिएको अनुसन्धानको काम कारवाहीलाई निजले २०६०।२।१४ मा दायर गरेको रिट निवेदनको प्रारम्भिक सुनवाइ हुँदा सम्मानित अदालतबाट कारण देखाउ आदेश र रिट नं. ३३६८ (गिरिजाप्रसाद कोइरालाले दायर गरेको रिट निवेदन) का साथै राखी पेश गर्नु भन्ने आदेश भएको तर माग गरिए अनुसारको अन्तरिम आदेश जारी नभएको भन्ने कुरा निवेदनमा नै प्रष्ट उल्लेख भएको छ । जे, जुन संवैधानिक तथा कानूनी प्रश्न उठाएर अनुसन्धान तहकिकातका काम कारवाहीलाई गैरकानूनी, अधिकारक्षेत्रविहीन, हदम्याद व्यतित भै सकेको, पश्चातदर्शी, दुराशय तथा बदनियतपूर्ण काम कारवाही आदि भन्ने दावी गर्दै आयोगको काम कारवाही वदर गरि पाउँ र निज विरुद्ध कुनै कारवाही नगर्नु भन्ने आदेश जारी गरिपाउँ भन्ने माग गरी रिट दायर गरिएको हो सो मूल मुद्दा नै टुङ्गो लागि नसकेको र माग बमोजिम अन्तरिम आदेश पनि जारी नभएको अवस्थामा उल्लेखित मूल मुद्दा मै उठाएका प्रश्नहरुलाई पुनः प्रस्तुत मुद्दामा उठाउनु र सो आधारमा आयोगबाट भैरहेको काम कारवाही वदर गरि पाउँ भन्नु अर्थहीन कुरा हो । मूल मुद्दाको

न्याय निरोपण हुँदा नै निवेदकले उठाएका संवैधानिक तथा कानूनी प्रश्न समाधान हुने र आयोगबाट भएका काम कारवाही विरुद्धको निवेदकको दावी सही वा गलत के हो ? भन्ने कुरा टुंगो लाग्ने हुनाले स्वतन्त्र र पृथक रुपले टुङ्गो लगाउन नमिल्ने प्रकृतिको निवेदन दावी प्रस्तुत रिट निवेदनबाट विचार गर्न मिल्दैन । मूल मुद्दाको परिणामको आधारमा मात्र प्रस्तुत रिट निवेदनको माग दावी स्वीकारयोग्य हो वा होइन भनी टुंगो लगाउनु पर्ने हुनाले रिट निवेदन विचारयोग्य नभई खारेजभागी छ । सार्वजनिक जवाफदेहीको पदमा वहाल रहँदा आर्जन गरेको श्रोत नखुलेको सम्पत्ति सम्बन्धमा शुरु गरिएको कारवाही संविधान तथा कानून बमोजिम आयोगको क्षेत्राधिकार भित्रको कुरो भएकोमा कुनै विवाद छैन । निजका सम्बन्धमा शुरु गरेको कारवाही विरुद्ध मुद्दा परेकै कारणबाट कारवाही रोक्नु वा जारी नराख्नु भन्ने कुनै आदेश सम्मानित अदालतबाट जारी नभएको अवस्थामा विपक्षी विरुद्ध अनुसन्धान तहकिकातको कारवाही नै गर्न नहुने भनी सम्झन मिल्दैन । अनुसन्धानको अवस्था र आवश्यकताका आधारमा भ्रष्टाचारको आरोप लागेका व्यक्तिलाई स्पष्टीकरण लिने, वयान लिने, सोधपुछ गर्ने, कागज गराउने समेतका कार्य गर्न सकिने र अवस्था अनुसार थुनामा राखेर, धरौटी वा जेथा जमानत लिई वा नलिई तारेखमा राखेर अनुसन्धान गर्न सकिने समेतका कानूनी प्रावधान अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १५, १६, १९ तथा भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २८, ३०, ३१ मा रहेका छन् । विपक्षी अनुसन्धानको सिलसिलामा अनुसन्धानको विषयवस्तुका सम्बन्धमा जानकारी लिन गरिएको अनुरोधलाई अटेर गरी बसेको तर अनुसन्धानको निमित्त निजको उपस्थिति आवश्यक परेको हुँदा निजलाई पक्राउ गरी हाजिर गराई वयान लिने लगायतका काम कारवाही गर्नुपर्ने भएको र निज उपर भै रहेको अनुसन्धान तहकिकातको कार्यमा प्रतिकूल प्रभाव पर्ने गरी निजले प्रमाण लोप गर्ने, नास गर्ने तथा अनुसन्धानको काम कारवाहीमा बाधा व्यवधान पार्नसक्ने पर्याप्त कारण विद्यमान भएको हुनाले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १६, १९ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३० र ३१ को अधिकार र कार्यविधिका आधारमा कानून बमोजिम निजलाई थुनुवा पूर्जि दिई, थुनामा राखी अनुसन्धानको कार्य अघि बढाइएको हो । सक्षम निकायले आवश्यकता र औचित्यको आधारमा गरेको कारवाही र न्यायिक निकाय समेतबाट विपक्षीको निवेदन समेतमा सुनवाइ भै अनुसन्धानको कारवाहीमा सन्तुष्ट भै गरिएको आदेशलाई वदर गरिपाउँ भनी माग गर्नु न कानून सङ्गत हुन्छ न औचित्यपूर्ण नै । विपक्षीका सम्बन्धमा थुनामा राखी अनुसन्धान गर्ने गरी भएको कारवाही र विशेष अदालत, काठमाडौंबाट थुनामा राख्ने म्यादथप भएको आदेश विरुद्ध अ. वं. १७ नं. बमोजिम मर्का पर्ने पक्षले सम्मानित अदालत समक्ष निवेदन दिई उक्त कारवाही र म्याद थप गर्ने आदेशको वैधता निरोपण गर्न सकिने कानूनी उपचारको सरल एवं सामान्य प्रक्रिया छँदाछँदै असाधारण अधिकारक्षेत्र अन्तर्गत उपचार माग्न आएको र धारा ८८(२) को अन्तरवस्तु देखाउन असमर्थ भएको देखिनाले वैकल्पिक उपचारको बाटोको विद्यमानतामा प्रस्तुत निवेदन विचारणीय नभै खारेजभागी छ भन्ने समेत व्यहोराको अनुसन्धान अधिकृत प्रेमराज कार्कीको र सोही व्यहोरा मिलानको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फबाट ऐ. का निमित्त सचिव मोहन बन्जाडेको छुट्टाछुट्टै लिखित जवाफ ।

७. सार्वजनिक पदमा वहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिको सम्बन्धमा न्यायिक जाँचबुझ आयोगबाट प्राप्त प्रतिवेदन लगायत अन्य उजुरीहरु समेतका आधारमा यस आयोगबाट अनुसन्धानको कारवाहीका सिलसिलामा भु. पु. मन्त्री गोविन्दराज जोशीलाई मिति २०६०।२।१२ को पत्र द्वारा मिति २०६०।२।१४ मा यस आयोगमा उपस्थित हुन जानकारी गराइएकोमा निज जोशी स्वयंले उक्त पत्र मिति २०६०।२।१३ मा बुझी हालसम्म पनि यस आयोगमा उपस्थित नभई फरार रहेकोले हिजो मिति २०६०।६।२६ मा निज बसोबास गरेको घर खानतलासी गरिएको र

हालसम्मको अनुसन्धानबाट निजले हैसियत भन्दा अत्यधिक बढी चलअचल सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको पुष्टी हुने प्रमाणहरु प्राप्त हुन आएकोले सो सम्बन्धमा निज जोशीलाई यस आयोगको अनुसन्धान टोलीले सोही मिति २०६०।६।२६ मा साथै लिई आई निजको वयान लिने लगायतका अनुसन्धानका कार्य शुरु गरिएकोमा सो कार्य जारी नै रहेको र अनुसन्धानको क्रममा निजलाई थुनामा नराखे निज पुनः फरार भै बेपत्ता हुनसक्ने र निजले आफु विरुद्ध प्रमाण लाग्ने कागज प्रमाणहरु लोप गर्नसक्ने पर्याप्त कारण भै अनुसन्धानको कार्यमा बाधा व्यवधान पर्नसक्ने समेतका आधारहरु विद्यमान भएकोले निजलाई थुनामा राखी अनुसन्धानको कार्य गर्नुपर्ने अवस्था हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १६(४) बमोजिम यहि मिति २०६०।६।२६ देखि लागु हुने गरी दिन ३० (तीस) थुनामा राखी अनुसन्धान तहकिकात गर्ने अनुमति पाउँ भन्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति ०६०।६।२७ को पत्र रहेको, मलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उपस्थित हुन आउनु भनी बुझाइएको पत्रको विरुद्धमा मैले विपक्षी अख्तियार दुरुपयोग अनुसन्धान आयोग विरुद्ध सम्मानित सर्वोच्च अदालतमा रिट निवेदन दायर गरी विचाराधीन रहेको अवस्थामा सो निवेदन र सो मा भएको आदेश समेतको अवहेलना गरी दुराशययुक्त काम अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भएको हुँदा म थुनामा रहनु पर्ने नहुँदा थुनामा राख्न नपर्ने गरी आदेश गरिपाउँ भन्ने समेत व्यहोराको विपक्षी रिट निवेदकको यस अदालतमा मिति २०६०।६।२७ मा निवेदन परेकोमा गोविन्दराज जोशीलाई थुनामा राखि अनुसन्धान गर्न ३० दिनको अनुमति माग भई आएकोमा पेश भएको मिसिल संलग्न कागजातबाट विपक्षीको वयान गराउने समेतका अनुसन्धान तहकिकात सम्बन्धी कार्य भइरहेको देखिएकोले तत्कालको अवस्थामा थुनामा रहनु नपर्ने भन्ने विपक्षीको निवेदन माग मनासिव देखिएन । अतः अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १६(४) बमोजिम मिति ०६०।६।२६ देखि लागु हुने गरी विपक्षीलाई थुनामा राखि अनुसन्धान तहकिकात गर्न दिन २० को अनुमति प्रदान गरिदिएको छ भन्ने समेत व्यहोराको यस अदालतबाट मिति ०६०।६।२९ को आदेश भै विपक्षी निवेदकलाई थुनामा राखी अनुसन्धान गर्ने अनुमति प्रदान गरिएको कानून बमोजिम नै भएको र विपक्षी निवेदक गैरकानूनी थुनामा रहेको नहुँदा निवेदन माग बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने होइन । तसर्थ बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने निवेदन खारेज गरिपाउँ भन्ने समेत व्यहोराको विशेष अदालत अनामनगर काठमाडौंको लिखित जवाफ ।

८. विपक्षी रिट निवेदक गोविन्दराज जोशीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा छानविन अनुसन्धानको लागि सम्मानित विशेष अदालत समक्ष उपस्थित गराई थुनामा राखी अनुसन्धान गर्ने भन्ने अनुमति लिई सुरक्षाको लागि प्रहरी हिरासतमा राखी दिनुहुन भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट अनुरोध भै आएकोले सुरक्षार्थ वडा प्रहरी कार्यालय सिंहदरवारलाई अनुरोध भई आएकोले प्रहरी हिरासतमा राखी दिने कार्य भएको भन्ने बुझिन आएको हो । निजलाई यस कार्यालयको प्रहरी हिरासतमा राखिएको छैन । निवेदकलाई गैरकानूनी थुनामा राखेको भन्ने जस्ता कुरा रची यस कार्यालय समेतलाई विपक्षी बनाई रिट निवेदन दिएको हुँदा उक्त रिट निवेदन खारेज गरी पाउन सादर अनुरोध गरिएको छ भन्ने समेत व्यहोराको जिल्ला प्रहरी कार्यालय काठमाडौंको लिखित जवाफ ।

९. विपक्षी रिट निवेदकलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्रमशः च. नं. ९१, ९२, ९७, १०१, ३२६, १०७ र ११८ मिति ०६०।६।२६, २७, २८, २९, ३० मिति ०६०।७।३ र ४ गतेको पत्रद्वारा थुनामा राखी दिनु भन्ने पत्राचार भएको हुँदा यस कार्यालयमा राखिएको सम्म हो यसमा

कुनै पनि अधिकार प्राप्त कार्यालयले उपयुक्त कारण देखाई थुनामा राखी दिनु भनी पत्राचार गरीन्छ भने नराख्नु पर्ने कारण देखिदैन । तसर्थ बन्दीप्रत्यक्षीकरणको आदेश जारी गराई पाउँ भनी सम्मानित अदालतमा दायर गरेको निवेदन वदरभागी छ, वदर गरिपाउँ भन्ने समेत व्यहोराको वडा प्रहरी कार्यालय सिंहदरवारको लिखित जवाफ ।

१०. नियम बमोजिम पेशी सूचीमा चढी इजलास समक्ष पेश भएको निवेदन सहित मिसिल संलग्न प्रमाण कागजात अध्ययन गरी निवेदकका तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता श्री गणेश राज शर्मा र विद्वान अधिवक्ताहरु श्री बद्रिबहादुर कार्कि, श्री हरिहर दाहाल, श्री यज्ञमूर्ति बन्जाडे र श्री उपेन्द्र केशरी न्यौपानेले निवेदक गोविन्दराज जोशीलाई मिति २०६०।६।२६ को जुन थुनुवा पुर्जिद्वारा थुनामा राखिएको छ त्यसलाई विशेष अदालतबाट पनि निरन्तरता दिदै म्याद थपको आदेश गरिएको छ, सो दुबै कार्य अधिकारक्षेत्र विहीन छन् । अनुसन्धान अधिकृतले दिएको पुर्जिमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १६ र ऐ नियमावली २०५९ को नियम १५ बमोजिमको अधिकार उल्लेख छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को परिच्छेद ४ को चरण मूलतः प्रारम्भिक छानविनको हो जो आयोग स्वयंबाट हुनुपर्दछ र परिच्छेद ५ अन्तर्गतको अनुसन्धान तथा तहकिकात दोश्रो चरणको कार्य हो । दफा १६ अन्तर्गतको अधिकार आयोगलाई मात्र हुने र त्यस अधिकारको प्रयोग दफा १४ र १५ को प्रसँगमा मात्र हुन सक्दछ । ऐनको दफा १६ का कुनै पनि पूर्वास्था उल्लेख नै नगरी अनुसन्धान अधिकृतले थुनुवा पुर्जि दिएको र विशेष अदालतले थुनामा राख्ने अनुमति दिएको कार्य गैरकानूनी छ । निवेदक गोविन्दराज जोशी भएको सम्वत् २०६० सालको रि. नं. ३४०८ को उत्प्रेषण मुद्दामा भएको आदेशलाई अवज्ञा गर्दै त्यस मुद्दालाई निरर्थक र निष्क्रिय पार्ने प्रयास गरिएको छ । गोविन्दराज जोशीलाई थुनामा राख्ने विपक्षीहरुका काम कारवाहीहरु बदनियतपूर्ण एवं दुराशययुक्त छन् । सम्पत्ति न्यायिक जाँचबुझ आयोगको गोप्य प्रतिवेदनलाई जाहेरी प्रतिवेदनको दर्जा दिई गोविन्दराज जोशीलाई थुनामा राखी अनुसन्धानको कारवाही गर्न मिल्दैन । जाँचबुझ आयोग ऐन, २०२६ को दफा ५ को प्रतिकूल हुने गरी सम्पत्ति न्यायिक जाँचबुझ आयोगको गोप्य प्रतिवेदनलाई आधार मानी राखेको थुना गैरकानूनी छ । सम्पत्ति न्यायिक जाँचबुझ आयोगको गोप्य काम कारवाहीहरु सार्वजनिक गर्ने अधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई छैन । त्यस्तो गोप्य प्रतिवेदनको आधारमा थुनामा राख्न मिल्दैन । पुर्पक्षका लागि थुनामा राख्ने गरेको आदेश गैरकानूनी भएबाट बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुँदैमा मुद्दाको मेरिटमा असर पर्न जान्छ भन्न मिल्दैन भन्ने निवेदक स्याउली भएको (ने.का.प. २०५३, अंक ६, पृष्ठ ४९५ प्रकरण ११) बन्दीप्रत्यक्षीकरण मुद्दामा सिद्धान्त प्रतिपादन भएकोबाट विशेष अदालतबाट म्याद थप गर्दैमा बन्दीप्रत्यक्षीकरणको आदेश हुन नसक्ने होइन । ने.का.प. २०३६, पृष्ठ ४३३, निवेदक ऋषिकेश शाह, ने.का.प. २०२७, पृष्ठ १५७ निवेदक यज्ञमूर्ति बन्जाडे, ने.का.प. २०२७, पृष्ठ १८ निवेदक श्रीकृष्ण श्रेष्ठ, ने.का.प. २०२७, पृष्ठ ११८ निवेदक ॐकारप्रसाद श्रेष्ठ, ने.का.प. २०२९, पृष्ठ ७९ निवेदक राम लोटनप्रसाद वनिया र ने.का.प. २०५३, अंक ६, पृष्ठ ४९६ निवेदक स्याउली भएको मुद्दाहरुमा यस अदालतबाट स्थापित सिद्धान्तको परिप्रेक्ष्यमा गोविन्दराज जोशीलाई गैरकानूनी थुनाबाट मुक्त गर्नुपर्ने हुँदा गैरकानूनी थुनाबाट मुक्तगर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भनी वहस प्रस्तुत गर्नुभयो । त्यसैगरी कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय समेतका तर्फबाट विद्वान नायव महान्यायाधिवक्ता श्री नरेन्द्रप्रसाद पाठक र सह न्यायाधीवक्ता श्री दिनेशहरी अधिकारी र अख्तियार दुरुपयोग अनुसन्धान आयोगका तर्फबाट विद्वान अधिवक्ताहरु श्री नन्दबहादुर सुवेदी र श्री प्रकाश वस्तीले यो रिट निवेदन दर्ता भएकै दिन गोविन्दराज जोशीले वारेस मार्फत अदालतको अवहेलनाको निवेदन दर्ता गराउनु भएको छ । यसबाट सहि गर्न नसक्ने अवस्थाको सृजना

नभएकोले अन्य कसैले गोविन्दराज जोशीको हकमा निवेदन गर्न नपाउने सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३१(२) बाट स्पष्ट देखिन्छ । गोविन्दराज जोशीलाई सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदनका आधार मात्रै नभै निजका विरुद्ध परेका अन्य उजुरी समेतका आधारमा अनुसन्धान कारवाही बढाएको भन्ने रिट निवदेनको प्रकरण नं. २ मा उल्लेख भएबाट सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदनबाट मात्र गोविन्दराज जोशीलाई कारवाही चलाएको होइन । प्रस्तुत थुना न्यायिक थुना हो । अदालतमा विधिवत पेश भई निज गोविन्दराज जोशीका तर्फबाट समेत कानून व्यवसायीहरु उपस्थित भै यस रिट मै उठाए सरह कै कानूनी प्रश्नहरु उठाई व्यापक रुपमा वहस पैरवी सम्पन्न भई सो अदालतले सम्बन्धित मिसिल अध्ययन गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १६(४) मा उल्लेखित अन्तरवस्तु पूरा भएको मानी न्यायिक मन प्रयोग गरी आदेश भएको हो । विशेष अदालतको आदेशलाई पूर्वाग्रही बदनियतपूर्ण र प्रवृत्त भन्नु शोभनीय होइन । अदालतबाट म्याद थप भई थुनामा राखिएको विरुद्ध दायर भएका सुनिल मास्के विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेत भएको (२०५७ सालको रि. नं. ३३०८ फैसला मिति २०५७।९।२५) बन्दीप्रत्यक्षीकरणको रिट लगायतका विभिन्न रिटहरु खारेज भएका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनको दफा २९ ले गोविन्दराज जोशीलाई कारवाही हुनसक्ने र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४५ बमोजिम निज अनुसन्धानको दायरामा परेको हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३ ले कुनै श्रोतबाट प्राप्त जानकारीका आधारमा अनुसन्धान र तहकिकात समेत अगाडि बढ्नसक्छ भने सम्पत्ति न्यायिक जाँचबुझ आयोगको गोप्य प्रतिवेदनका आधारमा केही गर्न सकिन्न त्यो प्रतिवेदन कारवाहीका लागि होइन भन्नु न्यायसङ्गत हुँदैन । गोविन्दराज जोशीलाई आयोगको प्रतिवेदन देखाइएको, सुनाइएको छ र प्रतिवादको मौका समेत दिइएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १४(१) को सन्दर्भमा समेत अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विविध उजुरी जानकारीका आधारमा कारवाही अगाडि बढाएको गैरकानूनी हुनसक्दैन । थुनामा राखिनु पर्ने पूर्वावस्था नभएको भन्ने जिकिर वा आधारको पुष्टि रिट निवेदनमा छैन । वहसले रिट निवेदनको स्थान लिने होइन । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९ अनुसार भएको अनुसन्धान तहकिकातबाट सोही ऐनको दफा १६(१) को पूर्वावस्था विशेष अदालतले देखेबाटै थुनामा राख्न अनुमति दिएको अवस्थालाई गैरकानूनी भन्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुनुपर्दछ भन्ने समेत व्यहोराको वहस जिकिर लिनु भयो ।

११. निर्णय सुनाउन आजको तारेख तोकिएको प्रस्तुत निवेदनमा उल्लेखित रिट निवेदन तथा लिखित जवाफको व्यहोरा विद्वान कानून व्यवसायीहरुको वहस एवं दुबै पक्षबाट प्रस्तुत वहसनोट समेतलाई विचार गर्दा निम्न प्रश्नहरुमा निर्णय गर्नुपर्ने देखिन आएको छः-

१. प्रस्तुत रिट निवेदन कानूनको रीत पुगी दर्ता भएको छ, छैन ? र यसबाट उपचार दिन मिल्छ, मिल्दैन ?
२. विपक्षी अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निवेदकलाई हाल भ्रष्टाचार सम्बन्धमा अनुसन्धान गर्ने अधिकारक्षेत्र छ, छैन ?
३. निवेदकलाई अधिकार प्राप्त अधिकारीको आदेशले थुनामा राखिएको हो, होइन ?
४. कानून बमोजिमको विधि प्रक्रिया पूरा गरी निवेदकलाई थुनामा राखिएको छ, छैन ?
५. विपक्षीहरुबाट भएको काम कारवाही दुराशययुक्त छ, छैन ?
६. रिट निवेदन माग बमोजिम आदेश जारी गर्नुपर्ने हो, होइन ?

१२. प्रथमत: विपक्षी आयोगले मिति ०६०।२।१२ को पत्रद्वारा प्रारम्भ गरेको निवेदक विरुद्धको अनुसन्धान तहकिकात चालु राखेको र निवेदकले सोही पत्रद्वारा उठाइएको काम कारवाहीका विरुद्धमा उपचारको माग गर्दै रि. नं. ३४०८ को रिट निवेदन दायर गरेकोमा सो यस अदालतमा विचाराधीन अवस्थामा रहेको देखिन्छ । परन्तु उल्लेखित मूल मुद्दामै उठाएका कतिपय प्रश्नलाई पुनः प्रस्तुत मुद्दामा उठाउनु र सो आधारमा आयोगले गरेको काम कारवाही वदर गरिपाउँ भन्नु निरर्थक कुरो हो । स्वतन्त्र र पृथक रुपले टुंगो लगाउन नमिल्ने प्रकृतिको निवेदन दावीमा प्रस्तुत रिट निवेदनबाट विचार गर्न मिल्दैन भन्ने समेतको विपक्षी आयोगको तर्क रहेको छ । वस्तुत बन्दीप्रत्यक्षीकरणको रिट व्यक्तिको अत्यन्त संवेदनशील एवं महत्व राख्ने वैयक्तिक स्वतन्त्रताको हकसँग सम्बन्धित छ र त्यस्तो स्वतन्त्रताको संरक्षण गर्ने यो एक शक्तिशाली उपाय हो । त्यसैले बन्दीप्रत्यक्षीकरणको रिट यसको प्रभावकारिता र प्रकृतिले नै अन्य रिटहरु भन्दा फरक र बढी प्रभावकारी मानिने हुँदा उत्प्रेषण लगायतका अन्य रिट निवेदनहरु अघिदेखि नै अदालतमा विचाराधीन छन् भन्ने कारण वा आधारमा मात्र बन्दीप्रत्यक्षीकरणको रिटको कारवाही स्थगित राख्न मिल्दैन । यो एक स्वतन्त्र अस्तित्व राख्ने संवैधानिक उपचार हो । नि. यज्ञमूर्ति बन्जाडे वि. बागमती विशेष अदालत समेत (ने.का.प. ०२७ पृ. १३४) मा बन्दीप्रत्यक्षीकरणको रिटको मुख्य उद्देश्य हुन्छ गैरकानूनी थुनाबाट बन्दीलाई हटाउनु । यसको अगाडि कुनै पनि ढोका बन्द रहन सक्दैन । यसले न्यायिक र प्रशासकीय भेदभाव राख्दैन । बन्दी गैरकानूनी रुपमा थुनामा छ कि कानूनीरुपमा छ यही मात्र बन्दीप्रत्यक्षीकरणले हेर्दछ भन्ने सिद्धान्त यस अदालतले प्रतिपादन गरेको पाइन्छ । त्यसैले प्रस्तुत रिट निवेदनमा बन्दी मुक्तिको आधार हुनसक्ने र सो कुरासँग अभिन्न सम्बन्ध राख्ने कानूनी प्रश्नहरुवारे यहाँ विचार हुन नसक्ने भन्न मिल्ने अवस्था देखिन आएन । तसर्थ उल्लेखित प्रश्नहरु वारे विचार गरी निर्णय लिनुपर्ने अवस्था रहेको छ ।

१३. प्रारम्भिक रुपमै यो रिट निवेदन खारेजभागी छ भनी विपक्षी तर्फका विद्वान अधिवक्ता प्रकाश वस्तीले प्रश्न उठाउनु भएको छ र लिखित वहस नोटमा समेत सो कुरालाई प्रस्तुत गरिएको छ । सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३१ मा बन्दीप्रत्यक्षीकरणको रिट निवेदन सम्बन्धमा व्यवस्था गरिएको पाइन्छ । नियम ३१(२) मा निवेदन पत्रमा बन्दीले सहीछाप गरेको हुनुपर्छ तर बन्दीले सहीछाप गर्न नसक्ने कारण भएमा अन्य कुनै व्यक्तिले निजको हकमा निवेदन पत्र दिनसक्ने व्यवस्था गरिएको छ । प्रस्तुत रिटमा बन्दीले सही गर्न नसक्नाको कुनै कारण खोलिएको छैन, त्यसैले प्रस्तुत रिट निवेदन खारेजभागी छ भन्ने विपक्षी तर्फका विद्वान अधिवक्ताको कथन रहेको छ । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२(१) ले वैयक्तिक स्वतन्त्रतालाई विशेष महत्वका साथ सुरक्षित गरेको छ । बन्दीप्रत्यक्षीकरणको रिट वैयक्तिक स्वतन्त्रताको संरक्षण गर्ने महत्वपूर्ण उपाय हो । यस उपायको खोजीका लागि प्रस्तुत रिट दायर हुन आएको पाइन्छ । अहिले रिट दर्ता भई इजलासबाट कारण देखाउ आदेश जारी भए पश्चात कार्यविधिगत अङ्ग पुगी अन्तिम सुनवाइ भइरहेको अवस्था छ । सामान्य रीत पुगे नपुगेको कुरा दर्ता गर्ने सिलसिला मै हेरिने हो । त्यसैले हालको अवस्थामा थुनामा रहेको व्यक्तिले रिट निवेदनमा तत्काल सही गर्न नसक्ने अवस्था परेर नै निजको हकमा निवेदन दर्ता भएको होला भनी गरिने अनुमानलाई अन्यथा मान्नु पर्ने अवस्था देखिदैन । थुनामा रहेको व्यक्तिको वैयक्तिक स्वतन्त्रताको रक्षाको लागि जो सुकैले पनि निवेदन दिन पाउने कुरालाई विचार गर्दा कारवाही अघि बढी सकेको प्रस्तुत रिटमा कार्यविधिगत औपचारिकताको प्रश्न गौण हुनपुगी वैयक्तिक स्वतन्त्रताको प्रश्नलाई गम्भीरताका साथ हेरिनु पर्ने भएको छ र उठेका अन्य प्रश्नहरुको निराकरणबाट नै प्रस्तुत रिट निवेदनको टुंगो लगाउनु न्यायिक र विवेकसम्मत हुन्छ भन्ने देखिन आउँछ । त्यसैले प्रस्तुत

प्रश्नको आधारमा रिट निवेदन खारेजभागी छ, रिटको मूल विषयमा प्रवेश गर्न मिल्दैन भन्ने विपक्षी विद्वान कानून व्यवसायीहरुको वहस जिकिरसँग सहमत हुन सकिएन ।

१४. दोश्रो प्रश्न अधिकारक्षेत्र सम्बन्धी रहेको छ । सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदनलाई आधार मानी निवेदकलाई कुनै मुद्दा चलाउन मिल्दैन र कानूनी कारवाही चलाउने अधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई छैन । सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदन श्री ५ को सरकारको लिखित जिकिर बमोजिम सार्वजनिक हुन नहुने हो भने अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि सो प्रतिवेदन हेर्न, जाँच्न र त्यसलाई जानकारीमा लिएर कसै उपर कानूनी कारवाही चलाउन पाउँदैन । विपक्षी आयोगको काम कारवाही अधिकारक्षेत्र विहीन हुँदा त्यस्तो काम कारवाहीबाट निवेदकलाई थुनामा राखिएको गैरकानूनी छ । त्यस्तै अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को परिच्छेद ४ को चरण मूलतः प्रारम्भिक छानविनको हो, जो आयोग स्वयंबाट हुनुपर्दछ । त्यसै गरी परिच्छेद ५ अन्तर्गतको अनुसन्धान तथा तहकिकात दोश्रो चरणको कार्य हो । ऐनको कुनै पनि प्रावधानले प्रथम चरणको प्रारम्भिक अनुसन्धान पूरा नगरी दोश्रो चरणको अनुसन्धान र तहकिकात हुन सक्छ भन्ने गुन्जाइस छैन ।

१५. त्यसैगरी रिट निवेदक गोविन्दराज जोशीले ०५९।२।८ मा प्रतिनिधी सभा विघटन भए देखि कुनै सार्वजनिक पदधारण गर्नु भएको छैन । ०५९।३।५ देखि लागु भएको भ्रष्टाचार निवारण ऐन ०५९ को दफा २० र ५० पश्चातदर्शी रुपमा लागु हुँदैन । त्यसैले निज उपर सो दफाहरुको सजाँय माग गरी भ्रष्टाचार मुद्दा दायर हुनसक्दैन । अतः अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम कारवाही अधिकारविहीन भै वदरभागी छ । अधिकारक्षेत्र सम्बन्धमा यिनै कुराहरुलाई निवेदक तर्फबाट विशेष रुपमा अघि सारेको पाइन्छ ।

१६. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२(१) ले कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण नहुने व्यवस्था गरेको छ । परन्तु वैयक्तिक स्वतन्त्रता पनि निरपेक्ष होइन, कानून को कार्य वा कानूनले कसूर हुने कार्य गर्ने छुट कसैलाई हुँदैन । कानूनको शासनको अर्थ गैरकानूनी कार्यको संरक्षण पनि होइन । समाजमा शान्ति सुव्यवस्था कायम गरी अपराधमुक्त समाजको निर्माण गर्नु सुशासनको लक्ष्य हुन्छ । अन्याय कसैलाई हुनु हुँदैन सबैको लागि न्याय उपलब्ध हुनुपर्दछ भन्ने कुरामा दुईमत छैन । "An injustice is tolerable only when it is necessary to avoid an even creater injustice ..... one may think of a public conception of justice as constituting the fundamental charter of a well ordered human association (A Theory of justice, John Rawls, Page 4-5) । जसरी अपराध गर्ने छुट कसैलाई हुनसक्दैन, त्यसै गरी अभियुक्त उपर कारवाही गर्दा कानूनी व्यवस्थाको निरादर गरी मनमानीपूर्वक कारवाही गर्ने छुट कानूनले कसैलाई प्रदान गर्दैन भनी (नि. ओमकार श्रेष्ठ भएको ने.का.प. ०२८, नि. नं. ६०६) मा यस अदालतले बोलिरहेको अवस्था छ । व्यक्तिको अधिकार र राज्यको सामाजिक सुरक्षाको दायित्व एवं अधिकार बीच संतुलन ल्याउने आधार नै कानूनी आधार हो ।

१७. सम्बन्धित प्रश्न तर्फ विचार गरौं- वस्तुत सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदनका अतिरिक्त निवेदक गोविन्दराज जोशीका विरुद्ध विभिन्न उजुरीहरु आयोगमा परेका छन् । सम्पत्ति न्यायिक जाँचबुझ आयोगको गठन आदेश चुनौती रहित छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३ ले कुनै श्रोतबाट प्राप्त जानकारीका आधारमा अनुसन्धान र

तहकिकात अगाडि बढ्न सक्छ भन्ने समेतको विपक्षीहरुको कथन छ । रिट निवेदकका विरुद्ध अनुसन्धानको क्रममा रहेको इजलास समक्ष देखाइएको मिसिल हेर्दा निवेदकका विरुद्ध विभिन्न उजुरीहरु परेको र उजुरवाला समेतलाई बुझिएको अवस्था पनि देखियो । त्यसैले सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदनलाई टेकेर वा भर गरेर अनुसन्धान र मुद्दा दायर गर्न मिल्दैन भन्ने सन्दर्भ प्रस्तुत विवादमा गौण हुन पुगेकोले त्यस सम्बन्धमा यस मुद्दाबाट विशेष विवेचना गरिरहन पर्ने अवस्था देखिन आएन । निवेदक तर्फबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को परिच्छेद-४ बमोजिम प्रारम्भिक जाँचबुझ पछि मात्र परिच्छेद ५ अन्तर्गत अनुसन्धान तहकिकातको चरण आउँछ जो यहाँ भएको छैन भनी प्रश्न उठाइए तर्फ विचार गर्दा प्रारम्भिक जाँचबुझ आयोगको आन्तरिक अधिकारको विषय देखिन्छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १४ मा प्रारम्भिक छानविन गोप्य रुपमा गर्ने भनिएको छ भने दफा १५ ले अपराध गर्ने व्यक्ति र मुछिएका अन्य व्यक्तिहरुसँग स्पष्टीकरण माग गर्नसक्ने आयोगलाई स्वविवेकीय अधिकार प्रदान गरेको पाइन्छ । त्यस्तै दफा १४(२) मा प्रारम्भिक छानविन गर्दा पनि अनुसन्धान र तहकिकातको सम्बन्धमा प्राप्त अधिकार प्रयोग गर्नसक्ने व्यवस्था रहेको देखिन्छ । यसबाट के देखिन आउँछ भने प्रारम्भिक छानविन आवश्यकता अनुसार गरिने विषय हो । कुनै विषयमा प्रारम्भिक छानविन गरियो गरिएन र प्रारम्भिक छानविन पूरा नभै अनुसन्धान तहकिकात गर्न मिल्दैन भनी त्यस्तो सीमा छुट्याइएको अवस्था देखिन आएन । परिच्छेद ४ र ५ अन्तर्गतका प्रावधानहरुबाट पनि सो अवस्था देखिन आउँदैन ।

१८. जहाँसम्म निवेदकको हकमा भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २० र ५० पश्चातदर्शी हुने गरी आकर्षित हुदैन भन्ने प्रश्न छ ? अनुसन्धान अधिकृतले ०६०।२।१२ मा निवेदकलाई पठाएको पत्रमा उक्त भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० र ५० को प्रयोजनको निमित्त कारवाहीको लागि पत्र पठाएको भन्ने देखिदैन । साथै निवेदकलाई दिइएको थुनुवा पुर्जीमा पनि सो उल्लेख भएको पाइदैन । उता भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ६५(३) मा भ्रष्टाचार निवारण ऐन, २०१७ बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ भन्ने व्यवस्था गरेको पाइन्छ । तस्मात् कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४(ङ) ले खारेज भएको ऐन बमोजिमको कुनै तहकिकात, कानूनी कारवाही वा उपायलाई शुरु गर्न जारी राख्न वा लागु गर्न हुन्छ भन्ने समेतको व्यवस्था गरेको देखिन्छ । "Offences committed during the continuence of a statute can now be prosecuted and punished even after its repeal." principal of statutory interpretation, justice G.P. Singh Page 413".

१९. फेरी उल्लेखित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० र ५० को प्रयोग विपक्षी आयोगबाट अनुसन्धान तहकिकात गरी मुद्दा चलाउँदाका बखत गरिन्छ, गरिन्न, गरिने भए कुन रुपमा गरिन्छ ? अनुसन्धान पश्चात मुद्दा दायर हुँदाका बखत देखिन आउने विषय हुँदा त्यस वारे के कसो हो ? भनी अहिले नै केही भन्न मिल्ने अवस्था पनि देखिदैन । वस्तुत निवेदक सार्वजनिक पदधारण गरिसकेको व्यक्ति भएको कुरामा कुनै विवाद छैन । त्यसैले भ्रष्टाचार निवारण ऐन २०१७ ले कसूर कायम हुनसक्ने विषयमा अनुसन्धान हुनसक्ने नै हुन्छ । भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ ले अनुमानित कसूरको वारे पनि अनुसन्धान हुने र मुद्दा पनि चल्न सक्ने व्यवस्था गरेको पाइन्छ । परन्तु अपराध अनुसन्धानबाट के कस्तो प्रकृति र अवस्था देखिन आउँछ ? मुद्दा चल्ने नचल्ने के हो ? मुद्दा चल्ने भए के कस्तो अभियोग लाग्ने हो र के कस्तो सजाँय हुनसक्ने हो ? आदि सारभुत कुराहरुमा असर पर्ने गरी प्रस्तुत रिट निवेदनबाट बोल्न जसरी न्यायोचित र

विवेकपूर्ण हुँदैन त्यसरी नै पछि ठहरे बमोजिम हुने कुरामा कारवाहीको प्रारम्भ भै रोक लगाउनु उत्तिकै न्यायपूर्ण हुनसक्दैन । त्यसैले यस परिप्रेक्ष्यबाट विचार गर्दा अधिकारक्षेत्र सम्बन्धमा निवेदक तर्फबाट उठाइएका तर्कहरुसँग सहमत हुन सकिएन र अधिकारक्षेत्रात्मक त्रुटि रहेको मान्न नमिल्ने हुँदा यसलाई बन्दी मुक्तिको आधार बनाउन सकिने भएन ।

२०. तेश्रो प्रश्न निवेदकलाई अधिकारप्राप्त अधिकारीको आदेशले थुनामा राखिएको हो, होइन भन्ने रहेको छ । निवेदकलाई अनुसन्धान अधिकृत प्रेमराज कार्कीद्वारा दिइएको ०६०।६।२६ को थुनुवा पूर्जिमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १६ र ऐ. नियमावली २०५९ को नियम १५ को अधिकार उल्लेखित छ, परन्तु उक्त ऐनको दफा १६ बमोजिमको अधिकार आयोगलाई मात्र छ र त्यस अधिकारको प्रयोग दफा १४ र १५ को प्रारम्भिक छानविनको प्रसँगमा मात्र हुन सक्दछ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली २०५९ को नियम १५ प्रारम्भिक छानविनको अवस्थामा प्रयोग हुने होइन । तसर्थ अनुसन्धान अधिकृतले जारी गरेको थुनुवा पुर्जी वदरभागी छ भन्ने निवेदक तर्फको जिकिर देखिन्छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २० ले अनुसन्धान अधिकृतलाई आयोगले अनुसन्धान र तहकिकातका सम्बन्धमा भएका सबै अधिकार प्रयोग गर्न पाउने गरी नियुक्त गर्नसक्ने व्यवस्था गरेको छ । अनुसन्धानको लागि थुनामा राख्ने अधिकारलाई अनुसन्धान तहकिकातको अधिकारबाट अलग गर्न मिल्दैन । यसले गर्दा उक्त ऐनको दफा १६(१) को अधिकार अनुसन्धान अधिकृतले प्रयोग गर्नसक्छ भन्ने विपक्षीहरुको जिकिर रहेको छ । विपक्षी अनुसन्धान अधिकृत जसको आदेशद्वारा निवेदक थुनामा हुनुहुन्छ नीज अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा २० अनुसार तोकिएको अनुसन्धान अधिकृत हो भन्ने कुरामा कुनै विवाद छैन । उक्त दफा २०(२) ले अनुसन्धान तहकिकातको सम्बन्धमा आयोगलाई प्राप्त अधिकारको प्रयोग अनुसन्धान अधिकृतले गर्नसक्ने व्यवस्था गरेको पाइन्छ । जहाँसम्म ऐनको दफा १६ को प्रयोग अनुसन्धान अधिकृतले गर्न मिल्दैन भन्ने प्रश्न छ उक्त ऐनको व्यवस्था हेर्नु जरुरी छ । उक्त दफा १६(१) को व्यवस्था यस्तो छः अभियुक्तलाई थुनामा राख्नेः- (१) आयोगले भ्रष्टाचारको आरोपमा कारवाही चलाएको कुनै व्यक्तिले कुनै प्रमाण लोप वा नाश गर्नसक्ने वा आयोगको कारवाहीमा बाधा व्यवधान वा प्रतिकूल प्रभाव पार्नसक्ने पर्याप्त कारण विद्यमान भएमा आयोगले निजलाई प्रचलित कानून बमोजिम थुनुवा पूर्जि दिई थुनामा राख्नसक्ने छ ।

२१. यसबाट प्रारम्भिक छानविन र अनुसन्धान तहकिकात भनी छुट्याएको भन्ने देखिन आउँदैन । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को परिच्छेद ४ प्रारम्भिक छानविन सँग मात्र सम्बन्धित छ भनी मान्ने हो भने उक्त परिच्छेद अन्तर्गत ऐनको दफा १३(१) को भ्रष्टाचारको उजुरी सम्बन्धी व्यवस्था जसमा आयोगलाई प्राप्त जानकारीको आधारमा आयोगले यस ऐन बमोजिम अनुसन्धान र तहकिकात गर्न वा अन्य कारवाही चलाउन सक्ने छ भनिएको छ त्यसमा सामन्जस्यता आउँदैन । ऐनको व्याख्या गर्दा समग्र ऐनको सार्थक उपादेयता र प्रयोजनीयता हुने गरी उद्देश्यमूलक ढंगले गर्नुपर्ने हुन्छ । आयोगले थुनामा राख्नसक्ने व्यवस्था यस बाहेक अन्यत्र कतै देखिदैन । त्यसैले समग्रमा प्रयोग हुने उक्त दफालाई संकुचन गरी प्रारम्भिक छानविनमा मात्र प्रयोग हुने भनी सीमित गर्न मिल्ने देखिन आउँदैन । तसर्थ अनुसन्धान अधिकृतले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १६ को प्रयोग गरी दिइएको थुनुवा पुर्जीलाई गैरकानूनी एवं अधिकारक्षेत्रात्मक त्रुटियुक्त भन्न सकिने स्थिति रहेन र कानून को आदेशले निवेदक थुनामा रहेको देखिन आएन । अधिकार प्राप्त निकाय नभएमा र अधिकार प्राप्त अधिकारीको आदेश विना बन्दी रहेमा बन्दीप्रत्यक्षीकरण आदेश जारी हुने हो । अधिकारक्षेत्रको त्रुटि गरी हेरेको आदेश

गरेको वदर हुने भनी यस अदालत (ने.का.प. ०५४ नि.नं. ६४७६ पृ.ई.) समेतबाट कतिपय सिद्धान्त प्रतिपादन भएका छन् । त्यसमा कुनै विवाद छैन । परन्तुः प्रस्तुत मुद्दामा उल्लेख गरे बमोजिम सो अवस्था नदेखिदा प्रस्तुत आधारलाई बन्दी मुक्तिको आधार मान्न सकिने भएन र निवेदक तर्फबाट उठाइएका तर्कहरुसँग सहमत हुन सकिएन ।

२२. चौथो प्रश्न कानून बमोजिमको विधि प्रक्रिया पूरा गरी निवेदकलाई थुनामा राखिएको छ छैन भन्ने रहेको छ । निवेदकलाई थुनामा राख्न गरिएको अनुसन्धान अधिकृतको आदेश र थुनुवा पुर्जी तथा विशेष अदालतले थुनामा राख्न अनुमति दिएको आदेश समेत कानूनद्वारा निर्धारित कार्यविधि बमोजिम नभई स्वतः अमान्य छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १६ को पूर्वावस्था र शर्तहरुको परिपालना गरिएको अनुसन्धान अधिकृतले दिएको पूर्जि र विशेष अदालतले दिएको २०६०।६।२९ को आदेशबाट देखिदैन । अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को अनुसूची ८ मा थुनुवा पूर्जिको ढाँचा दिइएको छ, सो ढाँचा अनुसार थुनुवा पूर्जि दिइएको छैन । निधारित कार्यविधिको उल्लंघन भएको छ । अदालतले म्याद थप गरी थुनामा राख्न अनुमति दिए पछि छुट्टै थुनुवा पुर्जी दिई थुनामा राख्नु पर्नेमा सो नगरिएको हुँदा समेत थुनुवा गैरकानूनी हो भन्ने देखिएकै छ भन्ने निवेदक तर्फको मुख्य जिकिर रहेको छ । विपक्षीहरुका तर्फबाट आधार र कारण खुलाई कानून बमोजिम थुनुवापुर्जी दिई र अदालतबाट आदेश समेत भै थुनामा राखिएको हो । निवेदकबाट थुनामा बस्नु नपर्ने माग सहितको निवेदन विशेष अदालतमा परी वहस समेत गराई पर्याप्त सुनवाइ भै मिसिल कागजात हेरी अदालत संतुष्ट भै हिरासतमा राख्ने अनुमति प्रदान भएको छ । यस्तो थुनुवा वा हिरासतलाई विधि सम्मत प्रक्रिया नपुगेको भन्न मिल्दैन भन्ने समेतको जिकिर लिएको पाइन्छ ।

२३. वस्तुतः बन्दीप्रत्यक्षीकरणको रिट बन्दीको कानूनी वैधता जाँच्ने एउटा सार्थक एवं प्रभावकारी उपाय हो भन्ने कुरामा दुइमत छैन । निवेदकले देखाउनु पर्ने कुरा legality of Detention को सर्वथा अभाव छ-हो भने विपक्षीले legal justification for the detention प्रस्तुत गर्नु अनिवार्य हुन्छ । प्रस्तुत मुद्दामा न्यायोचित विधि प्रक्रिया पुगे नपुगेको कुरा हेरिनु अनिवार्य छ । विपक्षी आयोगको अधिकारक्षेत्र र अनुसन्धान अधिकृतको अधिकार एवं थुनामा राख्ने आदेश कानूनसम्मत रहेको भन्ने कुरा माथिनै व्यक्त भै सकेकोले पुनरावृत्ति गर्नुपर्ने अवस्था देखिदैन । जहाँ सम्म अनुसन्धान अधिकृतले दिएको थुनुवा पूर्जिको कुरा छ, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १६ र ऐ नियमावली, २०५९ को नियम १५ को आधारमा थुनुवापुर्जी दिइएको भन्ने देखिएको छ । उक्त ऐनको दफा १६ को प्रयोग अनुसन्धान अधिकृतले गर्नसक्ने कुराको विवेचना माथि गरिसकिएकै छ । नियम १५ को प्रयोग र ढाँचा सम्बन्धी विषयमा विचार गर्दा नियम १५ ऐनको परिपूरकको रुपमा रहेको पाइन्छ । अनुसन्धान अधिकृतले आवश्यकता अनुसार कानून बमोजिम तारेख वा थुनामा राखी वयान लिनसक्ने व्यवस्था उक्त नियमले गरेको र नियम १५ बमोजिम थुनामा राख्दाको थुनुवा पुर्जीको ढाँचा अनुसूचीमा तोकिएको नपाइदा निवेदकलाई दिइएको थुनुवा पूर्जिलाई ढाँचागत र प्रक्रियागत हिसावले वेरीतको मान्न मिलेन । नियमको अनुसूची ८ बमोजिम ढाँचा प्रयोग हुनसक्ने हो कि त भन्नलाई सो ढाँचा धरौट वा जमानी माग गरिएकोमा दिन असमर्थ भएको अवस्थाको व्यक्तिलाई मात्र प्रयोग हुनसक्ने अवस्थाको देखिंदा र उक्त अनुसूचीको सम्बन्ध नियम १९ सँग सम्बन्धित देखिएको, नियम १५ सँग सम्बन्धित नभनिएकोले पनि अनुसन्धान अधिकृतले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनको दफा १६ र ऐ. नियमावलीको नियम १५ बमोजिम थुनामा राख्दा उक्त अनुसूची ८ को प्रयोग हुनसक्नेमा सो प्रयोग नगरी कार्यविधिगत त्रुटि गरियो भन्न मिल्ने अवस्था देखिएन । विशेष अदालतबाट भएको

थुनामा राख्ने अनुमतिको आदेश र तत्पश्चात् छुट्टै थुनुवा पूर्जि निवेदकलाई दिइनु पर्ने सम्बन्धमा निवेदक तर्फबाट प्रश्न उठाइएको छ । विशेष अदालतको आदेश हेर्दा थुनामा वस्न नपर्ने भनी निवेदक तर्फबाट परेको निवेदन र विद्वान अधिवक्ताहरुको वहस समेत सुनी पेश भएको मिसिल कागजातबाट विपक्षीको वयान गराउने समेतका अनुसन्धान तहकिकात सम्बन्धी कार्य भइरहेको देखिएकोले विपक्षीलाई थुनामा राखी अनुसन्धान तहकिकात गर्न अनुमति प्रदान गरिएको भन्ने व्यहोरा उल्लेख गरेको पाइयो । अधिकार प्राप्त न्यायिक निकायले पर्याप्त छलफल र सुनवाइ गरी सम्बन्धित मिसिल कागजात हेरी बुझी मिसिलबाट देखिन आएको तथ्यगत अवस्थाबाट संतुष्ट भै थुनामा राख्न अनुमति प्रदान गरेको भन्ने देखिन आउँछ । यस अवस्थामा छुट्टै थुनुवा पुर्जीको आवश्यकता हुने भन्न मिल्ने देखिएन । फौज्दारी मुद्दाको अनुसन्धानको सिलसिलामा तथ्यगत अवस्थालाई हेरी बुझी गरिएको अदालतको आदेशलाई प्रक्रियागत हिसावले बाहेक तथ्यको छानविन गरी अ.वं. १७ नं. निवेदनमा जस्तो बन्दीप्रत्यक्षीकरणको निवेदनबाट यस अदालतले हेर्न मिल्ने हुदैन र त्यसो गर्नु हाम्रो न्यायिक परिपाटी र विकसित न्यायिक सिद्धान्तले पनि मिल्दैन । यस अदालतबाट ने.का.प. २०४९ नि.नं. ४५११ पृ. ३४९ मा रिट निवेदकलाई अभियोगको छानविनको क्रममा अदालतको अनुमति समेत लिई हिरासतमा राखिएको भन्ने आधार समेतबाट रिट निवेदन खारेज भएको पाइन्छ । त्यसैले कानून बमोजिम अधिकार प्राप्त अधिकारीले थुनुवा पुर्जी दिई अधिकार प्राप्त अदालतबाट अनुमति लिई थुनामा राखेकोलाई गैरकानूनी थुना भन्न नमिल्ने हुँदा न्यायोचित विधि प्रक्रिया पूरा नगरी निवेदकलाई थुनामा राखिएको छ भन्ने निवेदक तर्फको जिकिरसँग सहमत हुने अवस्था देखिएन ।

२४. पाँचौ प्रश्न विपक्षीहरुबाट भएको काम कारवाही दुराशययुक्त छ, छैन भन्ने रहेको छ । निवेदकलाई स्पष्टीकरणको अबसरबाट वँचित गरी र प्रारम्भिक छानविन नै नगरी अकस्मात् अनुसन्धान तहकिकातको दोश्रो चरणमा प्रयोग गर्न सकिने अधिकारको प्रयोग असल नियतले भएको मान्न सकिदैन । निवेदकले दिएको रि.नं. ३४०८ को उत्प्रेषण सम्बन्धी मुद्दामा एक न्यायाधीशको इजलासबाट सम्बन्धित मिसिल साथ राखी लिखित जवाफ पठाउनु भनी विपक्षी आयोगका नाउँमा आदेश भएको छ र सो आदेशमा सो रिटलाई अग्राधिकार दिनु भन्ने समेत उल्लेख छ । यस स्थितिमा मिसिल नपठाई कारवाही अगाडि बढाउनु वदनीयतपूर्ण छ भन्ने समेतको निवेदक तर्फको जिकिर रहेको छ । प्रस्तुत थुनुवा "न्यायिक थुनुवा" हो । एउटा न्यायिक अदालतको आदेशलाई बदनियतपूर्ण र प्रवृत्त भन्न मिल्दैन । अन्तरिम आदेश जारी नभए पनि अग्राधिकार दिइनु सो सरह हो भन्ने निवेदन कथन असङ्गत छ । कारवाही अगाडि नवढोस् भनेर निवेदकले मागेकोमा अदालतले सो आदेश जारी नगर्ने भन्नु नै कारवाही नरोक्ने भन्नु हो । मिसिल लिखित जवाफ साथ पठाइयो पठाइएन भन्ने विषय निवेदकले दायर गर्नु भएको अदालतको अपहेलना सम्बन्धी मुद्दाको विषय हो । भ्रष्टाचारको कसूरमा कारवाही गरी मुद्दा दायर गर्ने संवैधानिक निकायले संविधान र कानून बमोजिम गरेको कार्यलाई बदनियत र प्रवृत्त भावना राखी गरिएको कार्य भन्न मिल्दैन भन्ने समेतको विपक्षीहरुको जिकिर रहेको छ ।

२५. हो, डा. तिलक रावल निवेदक भएको ०५७ सालको रि.नं. २८५९ को मुद्दामा कानून बमोजिम पाएको अधिकार कानूनसङ्गत तरिकाबाट नै प्रयोग गर्नुपर्दछ । स्वेच्छाचारी बदनियतपूर्ण र आधार प्रमाण विनाको निर्णय न्यायिक पुनरावलोकनको विषय अन्तर्गत पर्दछ भन्ने सिद्धान्त यस अदालतले स्थापित गरेको छ । त्यसमा असहमत हुने अवस्था छैन । परन्तु सो कुरा प्रत्येक मुद्दाको विषय वस्तुसँग सापेक्षिक हुन्छ र सोही आधारमा उक्त कुराको निरोपण पनि गर्नुपर्दछ । निवेदकले दायर गरेको रि.नं. ३४०८ को अघिल्लो रिटमा माग बमोजिम अन्तरिम आदेश जारी नगरिएकोमा

विवाद छैन । छिटो टुङ्गो लाग्नु उपयुक्त ठानी इजलासबाट अग्राधिकार दिदैमा सो अग्राधिकारको आदेश अन्तरिम आदेश सरह भै अन्तरिम आदेशमा रुपान्तरण हुने पनि होइन । अन्तरिम आदेश र अग्राधिकार दिनु भन्ने आदेश छुट्टाछुट्टै प्रयोजन र प्रकृतिका हुन् भन्ने कुराको विशेष विवेचना गर्नु आवश्यक देखिदैन । अर्को तर्फ मुद्दा पर्दैमा कारवाही रोक्नुपर्ने भन्ने हो भने अन्तरिम आदेशको जरुरत नै पर्दैनथ्यो । फेरि मुद्दा पर्दैमा कारवाही रोकिने हो भने हरेक अपराध अनुसन्धानको कारवाही उपर यस अदालतमा रिट पर्दै जानु र तत्काल गरिनु पर्ने अत्यावश्यक अनुसन्धानको कार्य अबरुद्ध हुदै जानु एउटा नियमित प्रक्रिया हुन सक्दछ । यस्तो स्थिति सृजना हुनसक्ने अवस्थाको वातावरण बनाई दिनु न्यायिक पुनरावलोकनको उद्देश्य कदापि होइन । फौज्दारी न्याय प्रणालीमै कुठाराघात हुने कार्य गर्ने तर्फ यो अदालत अभिप्रेरित हुन पनि सक्दैन । अनुसन्धान तहकिकातको विषय आवश्यकता अनुसार आयोगले विचार गरी अगाडि बढाउने विषय हुँदा कुन चरणको कार्य कहिले गरियो भन्ने विषय न्यायिक पुनरावलोकनको विषय हुनसक्दैन र यसलाई नै बदनियतको आधार बनाउन पनि मिल्दैन । जहाँ सम्म मिसिल पठाउने सम्बन्धी प्रश्न छ, सो कुरा उल्लेखित रि.नं. ३४०८ सँग सम्बन्धित विषय वस्तु हो । सो सम्बन्धमा अदालतको अपहेलना सम्बन्धी मुद्दा यस अदालतमा दायर रहेको अवस्था छ । मुख्य कुरा मिसिल नपठाइएबाट उक्त मुद्दाको सुनवाइमा अबरोध भयो भएन, आदेशको पालना गरियो गरिएन, नगरिएको भए किन गरिएन, परिणामतः त्यसको के असर पर्‍यो, अदालतको अपहेलना हुने कार्य हुन पुग्यो पुगेन ? आदि विषयहरु उक्त दुई मुद्दामा निरोपण हुने विषयहरु हुन् जसवारे यस मुद्दाबाट बोल्नु हतारिएको हुन्छ र ती मुद्दाको विषय वस्तुमा प्रवेश गरी अग्रिम रुपमा बोलिएको हुन्छ । जो हाम्रो न्यायिक परिपाटी र सिद्धान्तले पनि मिल्दैन । त्यसैले रि.नं. ३४०८ मा जुन कार्य रोक्नको लागि अन्तरिम आदेशको माग गरिएको थियो सो जारी नभए पछि अनुसन्धानको कारवाही अगाडि बढाइएकोलाई दुराशयपूर्ण हो भन्न सकिने अवस्था रहेन । तस्मात् विशेष अदालतबाट निवेदकको समेत जिकिर सुनी मिसिलको छानविन गरी हेरी बुझी कानून बमोजिम थुनामा राख्न अनुमति प्रदान गरिएको अवस्था समेत छ । त्यस्तो न्यायिक कार्यलाई त्यसै दुराशयपूर्ण हो भनी अनुमान गरी टुङ्गोमा पुग्न सकिदैन । दुराशयपूर्ण र बदनियत पूर्वकको कार्य भन्दैमा स्थापित हुदैन युक्तियुक्त आधार र कारणले प्रमाणित हुनु पनि पर्दछ । प्रस्तुत मुद्दामा सो अवस्था छ भन्न सकिने आधार सहितको निष्कर्षमा पुग्न सकिने अवस्था देखिन आएन त्यसैले विपक्षीहरुको काम कारवाही दुराशययुक्त छ भन्ने निवेदक तर्फको जिकिरसँग सहमत हुन सकिएन ।

२६. निवेदक तर्फबाट विशेष गरेर विद्वान् वरिष्ठ अधिवक्ता गणेशराज शर्माले जाँचबुझ आयोग ऐन, २०२६ प्रतिकूलका काम कारवाहीहरु अमान्य छन् तथा जाँचबुझ आयोगका गोप्य काम कारवाहीहरु सार्वजनिक गर्ने अधिकार विपक्षी आयोगलाई छैन भनी प्रश्न उठाउनु भएको छ। प्रथमतः सम्पत्ति न्यायिक जाँचबुझ आयोगको गठन सम्बन्धी कार्य कसरी भएको रहेछ भनी हेर्नु जरुरी हुन्छ । ०५८।११।२४ को राजपत्रमा प्रकाशित श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय राजदरवारको सूचनामा उक्त आयोगले नेपाल अधिराज्यमा वि.सं. २०४७ साल देखि विभिन्न पदमा बहाल रहेका वा अवकाश प्राप्त गरेको सूचनामा उल्लिखित व्यक्तिहरुको सम्पति विवरण लिई प्राप्त सम्पत्ति विवरण उपर जाँचबुझ गर्ने र श्रोत नखुलेको संपत्तिको विवरण तयार गर्ने तथा राय सहितको प्रतिवेदन पेश गर्ने कार्य गर्ने भनी आयोगको कार्य निर्धारण गरिएको छ । उक्त आयोगको क्षेत्राधिकार र प्रस्तुत प्रतिवेदन उपर कसैको चुनौती नभई निर्विवाद स्थापित तथ्यको रुपमा रहेको छ । यिनै निवेदक भएको रि.नं. ३४०८ को रिटको सम्मानननीय प्रधानमन्त्रीको लिखित जवाफमा सम्पत्ति न्यायिक जाचवुझ आयोगको प्रतिवेदन सम्बन्धी विषयमा ०६०।१।१८ मा निर्णय गर्दा आयोगको प्रतिवेदन आवश्यक कारवाहीको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा

पठाउने भन्ने समेतका विभिन्न निर्णयहरु श्री ५ को सरकारले गरेको भन्ने उल्लेख भएको पाइन्छ। उक्त निर्णय उपर कसैको चुनौती छैन र निवेदकले पनि त्यसलाई वदर गर्न माग गर्नु भएको छैन। यस परिप्रेक्ष्यमा विचार गर्दा सम्पत्ति न्यायिक जाँचबुझ आयोगबाट श्रोत नखुलेको सम्पत्तिको विवरण तयार गरी राय सहितको प्रतिवेदन पेश हुनुको औचित्य के हो ? सो प्रतिवेदन श्री ५ को सरकारले आवश्यक कारवाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाउनुको तात्पर्यलाई कसरी लिने ? जाँचबुझ आयोग ऐन, २०२६ को दफा ५ को प्रतिबन्धात्मक वाक्यांशमा आयोगका समक्ष कुनै व्यक्तिले झुट्टा बकेको कुरा प्रमाणित भएमा सो कुराका आधारमा प्रचलित कानून बमोजिम नीज उपर मुद्दा वा कानूनी कारवाही चलाउन वा सो कुरा नीजको विरुद्ध प्रमाणमा लगाउन यस दफाले बाधा पुऱ्याएको मानिने छैन भन्ने व्यवस्था गरेको देखिएबाट प्रतिवेदन सार्वजनिक नगरे सम्म सम्पूर्ण रुपमा गोप्य रहन्छ, रहनन् र त्यसको उपयोग हुनसक्छ सक्दैन भन्ने कुरा विचारणीय प्रश्नको रुपमा उपस्थित हुन्छन् नै । वहसको क्रममा दास ढुङ्गा दुर्घटना जाँचबुझ गर्न गठित आयोगको प्रसँग उठेको थियो । यस अदालतले उक्त आयोग गठन गर्ने सम्बन्धमा श्री ५ मा आफनो राय जाहेर गरेको थियो जो स.अ. बुलेटिन ०५०, अंक १० मा प्रकाशित छ । राय दिने क्रममा विशेष इजलास गठन भै विद्वान कानून व्यवसायीहरु समेतबाट वहस हुँदा विद्वान वरिष्ठ अधिवक्ता गणेशराज शर्माले अदालतमा मुद्दा विचाराधीन हुँदा हुदै पनि प्रहरीबाट अपराधको थप तहकिकात हुनसक्ने र त्यस्तो तहकिकातबाट कसूरदार देखिएका व्यक्तिहरुलाई अ.वं. ८८ नं. बमोजिम अभियुक्तको रुपमा मुद्दामा सम्मिलित गराउन सकिने र अ.वं. ७७ नं. बमोजिम थप प्रमाण पेश गर्न सकिने कुराहरु उल्लेख गर्दै अदालतको विचाराधीन मुद्दाको विषयमा थप जाँच वुझ हुँदैमा त्यसबाट अदालतको न्यायिक प्रक्रियामा हस्तक्षेप भएको सम्झन मिल्दैन भन्ने राय प्रकट गर्नु भएको भन्ने व्यहोरा उल्लेख भएको पाइन्छ । त्यस्तै बेलायतका सुप्रशिद्ध विधिशास्त्री एवं न्यायाधीश लर्ड डेनिङ्गको अध्यक्षतामा १९६३ मा एउटा जाँचबुझ कमिशन गठन भएको रहेछ । उनले आफ्नो प्रतिवेदन वारे यसरी लेखेका छन्: "Whatever I say in this report it should not be used for the purpose of any prosecution or Proceeding against any one. But I can not, of course, prevent any one from seeking evidence aliunde (from another source) and acting on it". The due process of law, lord denning, page 70.

२७. परन्तु माथिनै भनी सकिएको छ कि सम्बन्धित अनुसन्धानको कारवाही युक्त मिसिलबाट विपक्षी आयोगमा निवेदक विरुद्ध कतिपय उजुरीहरु परेको र उजुरीकर्ता लगायतका कतिपय व्यक्तिलाई अनुसन्धानको क्रममा बुझिएको अवस्था देखिएको छ । सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदन नै अपराध अनुसन्धानको आधार र निवेदकलाई थुनामा राखिने अस्त्रको रुपमा प्रयोग भएको नदेखिएको हुँदा बन्दी मुक्तिको एक मात्र निर्णयकारी प्रमाण देखिन नआएको विषय वारे प्रस्तुत मुद्दाबाट बोलिरहने अवस्था देखिदैन । अनुसन्धान समाप्त भए पछि उक्त प्रतिवेदनलाई कुन रुपमा प्रयोग गरिन्छ, जानकारीको श्रोतको रुपमा लिइन्छ वा प्रमाणको रुपमा प्रस्तुत गरिन्छ वा प्रतिवेदनलाई टेकेर नै मुद्दा दायर गरिन्छ ? आदि प्रश्नहरु हाल अनुत्तरित रुपमा रहने र मुद्दा दायर भए पछि मात्र सही पहिचान भै निरोपण हुनसक्ने विषय वस्तु भित्र पदर्छ । तस्मात् सम्पत्ति न्यायिक जाचवुझ आयोगको प्रतिवेदन वारे उठाइएका प्रश्नहरुको निरोपण प्रतिवेदनलाई जिम्मा लिने श्री ५ को सरकारलाई विपक्षी नबनाइएबाट पनि हाल गरी रहनु पर्ने अवस्था देखिदैन ।

२८. प्रस्तुत रिट निवेदनको सन्दर्भमा उठाइएका सबै प्रश्नहरुको निरोपण बन्दीप्रत्यक्षीकरणको रिटबाटै हुनुपर्दछ भन्ने सिद्धान्त पनि होइन । बन्दीप्रत्यक्षीकरणको रिट सार्वजनिक सरोकारको रीट होइन ।

जुन विषय बन्दी मुक्तिको आधार हुनसक्दैन, त्यस विषय वारे अदालतले बोलिरहनु पर्ने आवश्यकता रहदैन र यस कुरालाई यस अदालतले मानी आएको पनि छ । त्यसैले पनि सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदन वारे उठाइएका सन्दर्भहरुको विषयलाई निर्णयात्मक प्रश्न नबनाइएको हो र अब अरु अगाडि विवेचना गरी रहन आवश्यक ठानिएन ।

२९. अब माथि गरिएको निरोपण गरिनु पर्ने प्रश्नहरुको विवेचनाको परिप्रेक्ष्यमा निवेदन माग बमोजिम आदेश जारी हुनुपर्ने हो, होइन भनी निष्कर्षमा पुग्नु पर्ने भएको छ । उपरोक्त बमोजिमको निर्णय गरिनु पर्ने प्रश्नहरुको विवेचनाबाट निवेदकले विपक्षी आयोगद्वारा प्रारम्भ गरिएको अनुसन्धानको कारवाही रोक्न भनी दायर गरेको रि.नं. ३४०८ को रिट निवेदनमा अन्तरिम आदेश जारी नभएको अवस्थामा अनुसन्धानको कारवाही अगाडि बढाउन नमिल्ने नदेखिने र निवेदकका विरुद्ध विभिन्न उजुरीहरु विपक्षी आयोगमा परी रहेको देखिएको अवस्थामा कुन प्रमाणलाई कुन रुपमा प्रयोग गरिन्छ, सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदनलाई कुन रुपमा उपयोग गरिन्छ ? भ्रष्टाचार निवारण सम्बन्धी विभिन्न कानूनी व्यवस्थाहरुको के कस्तो कसूर कायम गरी मुद्दा चलाईने हो वा होइन ? आदी विषयहरु अनुसन्धान पश्चात मुद्दा दायर हुँदाका बखत देखिन आउने विषय हुँदा तत्कालको अवस्थामा यसै हो भन्न नमिल्ने हुँदा भ्रष्टाचारको विषयमा अनुसन्धान तहकिकात गर्ने विपक्षी आयोगको अधिकार रहे भएकै देखिएको अवस्थामा अधिकारक्षेत्रात्मक त्रुटि रहेको भन्न नमिल्ने निष्कर्ष यो इजलासको रहेको छ । साथै विपक्षी आयोगबाट नियुक्त अनुसन्धान अधिकृतले अनुसन्धानको सिलसिलामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १६ को प्रयोग गरी कानून बमोजिम थुनुवा पुर्जी दिई थुनामा राखी अनुसन्धान गर्नसक्ने नै देखिएको, अधिकार प्राप्त अधिकारीले न्यायिक निकाय विशेष अदालतबाट थुनामा राख्न अनुमति प्राप्त गरी निवेदकलाई थुनामा राखेको देखिएको अवस्था र ०५७ सालको रि. नं. ३३०८ नि. सुनील मास्के विपक्षी अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेत भएको बन्दीप्रत्यक्षीकरणको रिटमा अदालतबाट म्याद थप गरी कानून बमोजिम थुनामा राखी भ्रष्टाचारको अभियोग तर्फ अनुसन्धान तहकिकात भै रहेको देखिएकोले सो कार्यबाट निवेदकको संवैधानिक हक हनन् भएको भन्न नमिल्ने भनी यस अदालतबाट सिद्धान्त कायम भै रहेको देखिएको स्थितिमा कानून बमोजिम विधि प्रक्रिया पूरा नगरी निवेदकलाई थुनामा राखिएको भन्न नमिल्नुको साथै दुराशययुक्त कारवाही भयो भन्न नमिल्ने देखिए समेतका माथि विवेचित आधार कारणहरुबाट निवेदकको थुना गैरकानूनी एवं कानूनी आधार विनाको थुना हो भन्ने देखिन आएन । तसर्थ निवेदन माग बमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने भै प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । आदेशको जनाउ महान्यायाधिवक्ताको कार्यालयलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनु ।

उक्त रायमा म सहमत छु ।

न्या. केदारप्रसाद गिरी

इति सम्वत् २०६० साल कार्तिक २५ गते रोज ३ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री हरिश्चन्द्रप्रसाद उपाध्याय
माननीय न्यायाधीश श्री रामनगिना सिंह

सम्वत् २०५८ सालको रिट नं. ५४

आदेश मितिः२०६०।८।१०

मुद्दाः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : तुलसीप्रसादको छोरा ल.पु.जि. भट्टेडाँडा गा.वि.स.वार्ड नं. १ घर भै हाल ल.पु.जि ल.पु.उ. म.न.पा.वार्ड नं. १७ बस्ने वर्ष ४१ को कपिलमणि चौरेलको हकमा का.जि का.म.न.पा.वार्ड नं. ३५ बस्ने निर्मल कुमार खड्का

विरुद्ध

विपक्षी : जिल्ला प्रहरी कार्यालय, हनुमानढोका, काठमाडौं समेत

- **नकवजनी चोरी गरेको भन्ने जाहेरी परी सम्बन्धित प्रहरी कार्यालयबाट अनुसन्धान कार्वाही पूरा गरी जिल्ला अदालतमा मुद्दा समेत दायर भै निजलाई पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी धरौटी लिई तारेखमा राख्ने गरी आदेश भैसकेको भनी पेश भएको का.जि.अ.को थुनछेक आदेशको प्रतिलिपिबाट देखिंदा चोरी मुद्दामा परेको उजुरी बमोजिम अनुसन्धान कार्वाही भै कानून बमोजिम धरौटी समेत माग गर्ने आदेश भैसकेको अवस्थामा निजलाई गैरकानूनी थुनामा राखेको मान्न मिल्ने अवस्था नदेखिने ।**

आदेश

- न्या. रामनगिना सिंह

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३,८८(२) बमोजिम परेको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण एवम ठहर यस प्रकार छ ।

मेरो चिनजानको साथी कपिलमणि चौरेललाई विपक्षी मध्येका वडा प्रहरी कार्यालय बौद्धमा मिति २०६०।४।२५ गते देखि २६ गते बेलुकी सम्म थुनामा राखेकोमा ऐ. २९ गते हाजिर हुने शर्तमा छाडिएकोमा सो २९ गते हाजिर हुन जाँदा पुनः विनाकारण फौजदारी अभियोग नलगाई वडा प्रहरी कार्यालय बौद्धले जिल्ला प्रहरी कार्यालयमा बुझाई दिएछन् । निजको वारेमा सोधपुछ गर्दा सामान्य अनुसन्धानको क्रममा राखिएको हो । आज छाडी दिन्छौ भनी कानून प्रतिकूल हिरासतमा राख्न पूर्जि विना थुनामा राखेको प्रष्ट भएको । कुनै पनि व्यक्तिलाई थुनामा राख्दा वा मुद्दाको तहकिकात अनुसन्धान गर्दा कुन मुद्दामा राखिएको हो सो को जानकारी लगायत थुनुवापूर्जि दिनुपर्नेमा विपक्षी कार्यालयबाट आज सम्म सो को जानकारी र थुनुवा पूर्जि समेत नदिईकन कानून प्रतिकूल वदनियत साथ कपिलमणि चौरेललाई थुनामा राखी अनुसन्धान तहकिकातको लागि म्याद थप समेत नभएको हुँदा सम्मानित अदालतबाट बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी गैरकानूनी थुनाबाट मुक्त गरी दिनु भन्ने जो चाहिने आज्ञा आदेश जारी गरिपाऊँ भन्ने रिट निवेदन ।

यसमा के कसो भएको हो निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक ३ दिन भित्र लिखित जवाफ पठाउनु भनी विपक्षीहरुलाई सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियम बमोजिम गर्नु भन्ने मिति २०६०।५।२२ को एक न्यायाधीशको इजलासको आदेश ।

विपक्षी रिट निवेदकको साथी कपिलमणि चौरेललाई पक्राउ गर्ने, थुनामा राख्ने तथा पक्राउ गर्न कुनै कार्यालयहरुलाई यस शाखाबाट पत्राचार नगरिएको हुँदा उक्त कार्य यस शाखाबाट भए गरेको नपाइएकोले यस शाखा विरुद्ध दिएको उल्लेखित रिट निवेदन खारेज गरी पाउन अनुरोध भन्ने उपत्यका अपराध अनुसन्धान शाखा हनुमान ढोकाको लिखित जवाफ ।

विपक्षी निवेदक कमलमणी चौरेललाई का.जि.का.म.न.पा.वार्ड नं. ६ बौद्ध बस्ने तोयानाथ खतिवडाको जाहेरी परेको चोरी मुद्दामा पक्राउ गरी कार्वाही गरिपाऊँ भन्ने निवेदन बमोजिम २०६०।५।२४ गते फेला परी पक्राउ परेकोले चोरी मुद्दामा अनुसन्धान तहकिकातको लागि हिरासतमा राख्न स.मु.स. ऐन, २०४९ को दफा १५ (२) बमोजिम श्री काठमाडौं जिल्ला अदालतमा सोही दिन पेश भै दफा १५(४) बमोजिम अनुमति लिई अनुसन्धान कार्य जारी रहेको हुँदा २०६०।४।२९ गते वडा प्रहरी कार्यालय बौद्धबाट जिल्ला प्रहरी कार्यालय काठमाडौंमा ल्याई विना कारण गैरकानूनी थुनामा राखेको भन्ने व्यहोरा झुठा हुँदा विपक्षीको रिट निवेदन खारेज गरिपाऊँ भन्ने जिल्ला प्रहरी कार्यालय काठमाडौंको लिखित जवाफ ।

निज कपिलमणि चौरेललाई यस कार्यालयबाट पक्राउ नगरिएको र जि.प्र.का. हनुमान ढोकामा समेत नपठाइएको हुँदा झुठा विवरण दिई यस कार्यालयलाई विपक्षी बनाई दिएको रिट निवेदन खारेज गरिपाऊँ भन्ने वडा प्रहरी कार्यालय बौद्धको लिखित जवाफ ।

नियम बमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको निवेदन जिकिर सहित मिसिल अध्ययन गरी विपक्षी जिल्ला प्रहरी कार्यालय, काठमाडौं समेतको तर्फबाट विद्वान सहन्यायाधिवक्ता श्री दिनेश हरि अधिकारीको वहस जिकिर समेत सुनियो ।

यसमा मिति २०६०।४।२९ गते देखि विना कारण कुनै फौजदारी अभियोग विना थुनामा राख्नु पर्ने कारण सहितको सूचना तथा थुनुवा पूर्जि समेत नदिई कानून प्रतिकूल हुने गरी कपिलमणि चौरेललाई विपक्षी जिल्ला प्रहरी कार्यालय समेतले म्याद थप समेत नगरी वदनियतसाथ गैरकानूनी थुनामा राखेकोले बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरी गैरकानूनी थुनाबाट मुक्त गरी दिनु भन्ने जो चाहिने आज्ञा आदेश जारी गरिपाऊँ भन्ने निवेदन जिकिर भएकोमा तोयानाथ खतिवडाको जाहेरीले वादी श्री ५ को सरकार भएको चोरी मुद्दामा निज कपिलमणि चौरेललाई चोरीको अभियोग लागि जाहेरी परेकोले सो चोरी मुद्दाको अनुसन्धानको क्रममा मिति २०६०।५।२४ मा पक्राउ भै सोही दिन काठमाडौं जिल्ला अदालतबाट हिरासतमा राख्ने अनुमति लिई अनुसन्धान कार्यजारी रहेको हुँदा मिति २०६०।४।२९ गते देखि विनाकारण गैरकानूनी थुनामा राखेको भन्ने व्यहोरा झुठा हुँदा रिट निवेदन खारेज गरि पाउँ भन्ने लिखित जवाफ भएको प्रस्तुत मुद्दामा निर्णय तर्फ विचार गर्दा निवेदक उपर जाहेरवाला तोयानाथ खतिवडाको नकवजनी चोरी गरेको भन्ने जाहेरी परी सम्बन्धित प्रहरी कार्यालयबाट अनुसन्धान कार्वाही पूरा गरी काठमाडौं जिल्ला अदालतमा मुद्दा समेत दायर भै निजलाई पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी धरौटी लिई तारेखमा राख्ने गरी मिति २०६०।६।८ मा आदेश भै सकेको भनी पेश भएको का.जि.अ.को थुनछेक आदेशको प्रतिलिपिबाट देखिंदा चोरी मुद्दामा परेको उजुरी बमोजिम अनुसन्धान कार्वाही भै कानून बमोजिम धरौटी समेत माग गर्ने आदेश भै सकेको अवस्थामा निजलाई गैरकानूनी थुनामा राखेको मान्न मिल्ने अवस्था

नदेखिंदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने निवेदन माग बमोजिम गरि रहनु नपरी प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । दायरी लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनु ।

यसमा उक्त निर्णय सुनाई सकेपछि फैसला तयार नहुदै सहयोगी मा.न्या. श्री हरिश्चन्द्रप्रसाद उपाध्याय स्वर्गीय हुनु भएकोले दस्तखत हुन नसकेको व्यहोरा प्रमाणित गर्दछु ।

न्या. रामनगिना सिंह

इति संवत् २०६० साल मंसिर १० गते रोज ४ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायधीश श्री कृष्णकुमार वर्मा
माननीय न्यायधीश श्री मीनबहादुर रायमाझी

संम्वत २०६० सालको रिट नं.७२

आदेश मितिः २०६०।८।१२।६

विषयः बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ ।

निवेदक : डोलानाथको छोरा जिल्ला चितवन रत्ननगर न.पा. वडा नं. १३ जयमंगल घर भई हाल का.जि.का. म.न.पा. वडा नं. ७ चावहिलमा डेरा गरी बस्ने वर्ष ३५को ज्ञानेन्द्र त्रिपाठीको हकमा ऐ.ऐ बस्ने वर्ष ३३ की शर्मिला त्रिपाठी (पन्त)

विरुद्ध

विपक्षी : श्री ५ को सरकार मन्त्रिपरिषद सचिवालय, सिंहदरवार समेत

- **कुनै व्यक्तिलाई राज्यको के कुन निकायले कसरी वैयक्तिक स्वतन्त्रताको अपहरण गरी के कुन स्थानमा राखेको छ भन्ने कुराको यकिन जानकारी अदालतलाई उपलब्ध हुन नसकेको अवस्थामा अदालतले स्पष्ट र यकिन आधार बेगर अनुमानकै आधारमा कुनै निष्कर्षमा पुग्नु न्यायको रोहमा उपयुक्त नहुने ।**

- **निवेदकले निश्चित भै बताइदिएको स्थानमा बन्दी रहे नरहेको वारेमा सर्च वारेण्ट समेत जारी गरी बन्दीको खोजी अदालतले गर्न सक्दछ तर त्यसको निमित्त निवेदकले नै अदालतलाई बन्दी रहेको स्थान निश्चित रुपमा बताइ सहयोग पुऱ्याउनु पर्ने र त्यस्तो आधार विश्वसनीय समेत हुनुपर्ने ।**

- **बन्दी रहेको स्थान वारे निवेदिका र निजतर्फका कानून व्यवसायीले समेत निश्चित रुपमा बताउन सकेको अवस्था नहुदा बन्दी रहेको स्थान यकिन भएपछि पुनः निवेदन दिई बन्दीप्रत्यक्षीकरणको निवेदनद्वारा बन्दीको मौलिकहकको संरक्षणका निमित्त अदालतमा प्रवेश गर्न संविधानतः बाधा नपर्ने ।**

आदेश

- न्या. मीनबहादुर रायमाझी

१. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ र ८८(२) अन्तर्गत यस अदालतको क्षेत्राधिकार भित्र दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छः

२. मिति २०६०।६।९ गते दिनको १०-११ बजेको समयमा मेरो श्रीमान् ज्ञानेन्द्र त्रिपाठी कोटेश्वर तीनकुनेबाट वानेश्वर शान्तिनगरतर्फ गइरहेको अवस्थामा सादा पोषाकमा आएका सुरक्षा कर्मीहरुले तपाईसँग केही कुरा बुझ्नु परेकोले माथिबाट बोलाईएको छ भनी गिरफ्तार गरी अज्ञात

स्थलतर्फ लिई गएका र उक्त समयदेखि घर परीवार, साथीहरुसँग सम्पर्क गर्न नदिएको, कुन ठाउमा कस्तो अवस्थामा राखिएको छ, कुनै जानकारी छैन । निज पतिको खोज तलास र जीवन रक्षाको लागि मानव अधिकार सङ्गठनहरुमा निवेदन दिएकी छु । मानव अधिकार सङ्गठनको तर्फबाट यस अदालतमा यस्तै रिट दायर भई कारण देखाउ आदेश जारी भएको छ ।

३. भेटघाट गर्न र थुनामा राखिएको स्थान समेत जानकारी नगराइएको हुँदा निज पतिलाई शारीरिक र मानसिक यातना एवं क्रूर र अमानवीय व्यवहार विपक्षीहरुबाट गरिने प्रवल संभावना छ । पक्राउ गरिएको र थुनामा राखिएको आधार र कारण समेत जानकारी नगराउनुको साथै पक्राउ गरेका मितिले २४ घन्टा भित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराई थुनामा राख्ने अनुमति समेत नलिई संविधानको धारा १४ को उल्लंघन गर्दै विपक्षीहरुबाट निज पतिलाई थुनामा राखेका छन् ।

४. अतः माथि उल्लेख भए अनुसार विपक्षीहरुले गैरकानूनी थुनामा राखेको हुँदा त्यस्तो थुनाबाट निज पति ज्ञानेन्द्र त्रिपाठीलाई मुक्त गरी निजको संविधानको धारा १२,१४र १५ समेतद्वारा प्रदत्त हकको संरक्षण र प्रचलन गराई पाउँ भन्ने व्यहोराको रिट निवेदन ।

५. विपक्षीहरुबाट लिखित जवाफ मगाई आएपछि वा अवधि नाघेपछि यिनै बन्दीको हकमा मानव अधिकार सङ्गठनको तर्फबाट दायर भएको रिट नं. ६९ समेत साथै राखी नियम बमोजिम पेश गर्नु भन्ने समेतको यस अदालतबाट भएको कारण देखाउ आदेश ।

६. निज ज्ञानेन्द्र त्रिपाठीलाई यस कार्यालयबाट पक्राउ गरी थुनामा राख्ने तथा अन्य इकाइहरुबाट पक्राउ गरी यस कार्यालयको प्रहरी हिरासतमा राख्ने कार्य समेत नभएको हुँदा सुरक्षाकर्मीले पक्राउ गरी भेटघाट गर्न नदिएको, के कुन स्थानमा राखेको कुनै जानकारी नदिएको भन्ने जस्ता झुट्टा कुरा रची यस कार्यालय समेतलाई विपक्षी बनाई रिट निवेदन दिएको हुँदा उक्त रिट निवेदन वदरभागी रहेकोले खारेज गरिपाऊँ भन्ने व्यहोराको जिल्ला प्रहरी कार्यालय, काठमाडौंको लिखित जवाफ ।

७. निवेदकलाई पक्राउ गर्ने तथा थुनामा राख्ने समेतको कार्य यस कार्यालयबाट भए गरेको नपाएकोले यस कार्यालय विरुद्धको उक्त रिट खारेज गरिपाऊँ भन्ने प्रहरी प्रधान कार्यालयको लिखित जवाफ ।

८. विपक्षी रिट निवेदकले यस संचिवालयको के कस्तो काम कारवाहीबाट थुनामा रहेको भनिएका व्यक्तिको के कस्तो हक अधिकारको हनन् भएको हो, त्यसको स्पष्ट जिकिर नलिई विना आधार र कारण यस सचिवालय समेतलाई विपक्षी बनाई दिएको रिट निवेदन खारेज गरिपाऊँ भन्ने मन्त्रिपरिषद सचिवालयको लिखित जवाफ ।

९. यस मन्त्रालयबाट निवेदकलाई पक्राउ गर्ने र थुनामा राख्ने आदेश दिइएको छैन । साथै निजको कुनै हक अधिकार हनन नगरिएको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने गृह मन्त्रालयको लिखित जवाफ ।

१०. निवेदकले रिट निवेदनमा उल्लेख गरे बमोजिम ज्ञानेन्द्र त्रिपाठी शाही नेपाली सैनिक हिरासतमा नरहेकोले शाही नेपाली सेनाको कुनै पनि कार्यले निवेदकको मौलिक हक हनन् नभएको स्पष्ट छ। तसर्थ निवेदन माग बमोजिमको आदेश जारी हुन नपर्ने हुँदा विपक्षीको आधारहीन रिट निवेदन खारेज गरिपाऊँ भन्ने शाही नेपाली जंगी अड्डा-१ र ऐ को मानव अधिकार सेल-१ समेतको संयुक्त लिखित जवाफ।

११. निवेदकलाई के कुन ठाउँमा थुनामा राखिएको छ भन्ने सम्बन्धमा निवेदिकाबाट जाने सम्मको सबै व्यहोरा खुलाई कागज गराई यसै सम्बन्धको रिट नं ६९ समेत साथै राखी पेश गर्नु भन्ने आदेश भई मेरो पति ज्ञानेन्द्र त्रिपाठीलाई शाही नेपाली सैनिक व्यारेक छाउनी काठमाडौंमा र सैनिक व्यारेक महाराजगंजमा आलोपालो गरी राख्ने गरेको बुझिएको भन्ने शर्मिला त्रिपाठीले यस अदालत समक्ष गरिदिएको ०६०।७।५ को कागज।

१२. २०६०।७।५ को कागज व्यहोरा अनुसार निजको हिरासतका सम्बन्धमा के कसो भएको हो? बुझी यथार्थ विवरण यथाशीघ्र पेश गर्नु भनी रक्षा मन्त्रालयलाई लेखी पठाई प्राप्त भएपछि पेश गर्नु भन्ने २०६०।७।१४ मा पुनः यस अदालतबाट आदेश भई सो अनुसार लेखी गएकोमा रक्षा मन्त्रालयबाट सत्य तथ्य छानविन गर्दा ज्ञानेन्द्र त्रिपाठी शाही नेपाली सैनिक हिरासतमा भएको नदेखिएको भन्ने व्यहोराको जवाफ प्राप्त भएको।

१३. नियम बमोजिम पेशी सूचीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदक तर्फबाट विद्वान अधिवक्ता श्री बोर्णबहादुर कार्कीले विपक्षीहरुले निवेदकलाई २०६०।६।९ देखि गैरकानूनी हिरासतमा राखेको तर अदालतलाई झुठ्ठा जवाफ दिएकोले निजहरुको विरुद्धमा सर्च वारेन्ट समेतको आदेश समेत जारी गरी हिरासतबाट मुक्त गरिनु पर्छ भनी वहस प्रस्तुत गर्नु भयो।

१४. विद्वान अधिवक्ताले गर्नु भएको वहस बुँदा समेतमा ध्यान दिदै निवेदकको निवेदन जिकिर, विपक्षीहरुको लिखित जवाफ, यस अदालतबाट भएका आदेश र त्यसको जवाफ समेतलाई अध्ययन गरी हेर्दा निवेदकको माग बमोजिमको आदेश जारी गर्नुपर्ने नपर्ने, सो सम्बन्धमा नै विचार गर्नुपर्ने हुन आयो।

१५. निर्णयतर्फ विचार गर्दा पति ज्ञानेन्द्र त्रिपाठीलाई सुरक्षाकर्मीद्वारा २०६०।६।९ देखि पक्राउ गरी हिरासतमै राखिरहेको र निजको विषयमा जानकारी समेत नदिई संविधानको धारा ११, १२, १४, १५ समेतद्वारा प्रदत्त निवेदकको हक विपक्षीहरुबाट हनन् भएकोले निजहरुको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निवेदकको मौलिक हकको संरक्षण र प्रचलन गराइनु पर्ने भन्ने निवेदन जिकिर र निवेदकलाई पक्राउ गरी हिरासतमा नराखिएको भन्ने समेतको लिखित जवाफ देखिएको छ। त्यस्तै गरी निवेदकलाई के कुन ठाउँमा बन्दी बनाई राखिएको छ, त्यसको विवरण निवेदिकाबाट खुलाउन लगाई पेश गर्न र निवेदकलाई राखिएको स्थानका वारेमा कागज गराई खुलाएपछि पुनः त्यसका सम्बन्धमा रक्षा मन्त्रालयलाई प्रतिवेदन पेश गर्न समेत यस अदालतबाट आदेश भएकोमा निवेदक ज्ञानेन्द्र त्रिपाठी शाही नेपाली सैनिक हिरासतमा नरहेको भन्ने प्रतिवेदन समेत प्राप्त भएको छ।

१६. निवेदक बन्दीलाई राज्यको निकायले कहाँ हिरासतमा राखेको छ ? भन्ने कुराको यकिन जानकारी अदालतलाई उपलब्ध हुनुपर्ने हुन्छ। निवेदिकाले कागजमा खुलाई दिएको र रिट निवेदनमा समेत

उल्लेख गरेको विपक्षीहरुबाट पटक-पटक जवाफ माग्दा हिरासतमा नराखेको भनी जवाफ प्राप्त भएको माथि उल्लेखित तथ्यबाट प्रष्ट हुन्छ । कानून बमोजिम बाहेक राज्यले व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण गर्न मिल्ने देखिदैन । व्यक्तिको मौलिकहकको संरक्षण हर हालतमा हुनुपर्छ, त्यसमा विवाद हुन सक्तैन । कुनै व्यक्तिलाई राज्यको के कुन निकायले कसरी वैयक्तिक स्वतन्त्रताको अपहरण गरी के कुन स्थानमा राखेको छ भन्ने कुराको यकिन जानकारी अदालतलाई उपलब्ध हुन नसकेको अवस्थामा अदालतले स्पष्ट र यकिन आधार बेगर अनुमानकै आधारमा कुनै निष्कर्षमा पुग्नु न्यायको रोहमा उपयुक्त हुदैन । राज्यको कुनै निकायले गैरकानूनी रुपमा बन्दी बनाएको भन्ने दावी दिई अदालत प्रवेश गरेको अवस्थामा सो कुराको यथार्थ जानकारी अदालतलाई दिनु आवश्यक हुन्छ । निवेदकले विपक्षी बनाएका निकायबाट गैरकानूनी रुपबाट थुनामा राखिएको भनिएकोमा विपक्षीले सो तथ्यलाई इन्कार गरेको छ । यसबाट निवेदिका वा विपक्षीले असत्य तथ्य अदालतमा पेश गरेको अनुमान गर्नुपर्ने हुन्छ । राज्यका निकायबाट नै असत्य वा यथार्थ का तथ्य अदालत समक्ष पेश भएमा त्यस्तो कार्यबाट न्यायको मार्गमा अबरोध पुग्न जान्छ । तसर्थ राज्यका निकाय यस तर्फ सजग रहन आवश्यक हुन्छ । निवेदकले निश्चित भै बताइदिएको स्थानमा बन्दी रहे नरहेको वारेमा सर्च वारेण्ट समेत जारी गरी बन्दीको खोजी अदालतले गर्न सक्दछ तर त्यसको निमित्त निवेदकले नै अदालतलाई बन्दी रहेको स्थान निश्चित रुपमा बताइ सहयोग पुऱ्याउनु पर्ने हुन्छ । त्यस्तो आधार विश्वसनीय समेत हुनुपर्ने हुन्छ ।

१७. प्रस्तुत विवादमा निवेदिकाले रिट निवेदन र आदेशानुसार पछि यस अदालतमा गरिदिएको कागजबाट बताइएका स्थानमा बन्दी रहे नरहेको वारेमा जवाफ माग्दा समेत बन्दी नरहेको भन्ने जवाफ प्राप्त भएको स्थिति छ । बन्दी रहेको स्थान वारे निवेदिका र निजतर्फका कानून व्यवसायीले समेत निश्चित रुपमा बताउन सकेको अवस्था छैन । बन्दी रहेको स्थान यकिन भएपछि पुनः निवेदन दिई बन्दीप्रत्यक्षीकरणको निवेदनद्वारा बन्दीको मौलिक हकको संरक्षणका निमित्त अदालतमा प्रवेश गर्न संविधानतः बाधा पर्ने नदेखिंदा पुनः प्रवेश गर्नसक्ने नै अवस्था देखियो ।

१८. अतः उपरोक्तानुसार निवेदकलाई बन्दी बनाइएको भनिएका निकायहरुबाट हिरासतमा नरहेको भन्ने जवाफ प्राप्त भएको, निवेदिका र कानून व्यवासायी समेतबाट बन्दी रहेको स्थानको निश्चित जानकारी दिन नसकेको र त्यस्तो भरपर्दो एवं विश्वसनीय जानकारी प्राप्त भएका अवस्थामा जुनसुकै समयमा पनि बन्दीप्रत्यक्षीकरणको निवेदन लिई अदालतमा आउनलाई कुनै बाधा पर्ने समेत नदेखिंदा हाललाई यस निवेदनबाट कारवाही अगाडि वढाई रहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । मिसिल नियमानुसार गरी बुझाई दिनु ।

उक्त रायमा म सहमत छु ।

न्या. कृष्णकुमार वर्मा

इति सम्वत् २०६० साल मार्ग १२ गते रोज ६ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री केदारप्रसाद गिरी
माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी

सम्वत् २०६० सालको रिट नं. १२०

आदेश मितिः २०६०।८।१७।४

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : म्याग्दी जिल्ला पुलाचौर गा.वि.स. वडा नं. ९ घर भई बेनीबजार बसोवास गरी आएको भूतपूर्व प्रतिनिधिसभा सदस्य चन्द्रप्रकाश बानियाँको हकमा एकाघरकी छोरी प्रमिला बानियाँ

विरुद्ध

विपक्षी : प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय बेनी, म्याग्दी समेत

- **ऐनले जिल्ला न्यायाधीश वा निजको अनुपस्थितिमा श्रेस्तेदारको रोहवरमा छाड्नु पर्ने अनिवार्य गरेकोमा बोधार्थ दिएको कारणले ऐनको व्यवस्थाबमोजिम छोडेको भन्न नमिल्ने । (प्रकरण नं. १३)**
- **ऐनले व्यवस्था गरेबमोजिम पुर्जी हुनु नजरबन्दको आवश्यक शर्त हुने ।**
- **गृह मन्त्रालयले स्थानीय अधिकारीको सुझाव उचित ठहऱ्याई अनुमोदन गर्नुपर्ने ऐनले अनिवार्य गरेको छ तर सो कारवाही अगाडि बढाई गृह मन्त्रालयको अनुमोदन पश्चात् नजरबन्दको अवधि बढाएको देखिन नआई गैरकानूनी रूपमा थुनामा राखिएको देखिंदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।**

आदेश

- न्या. मीनबहादुर रायमाझी

१. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३,८८(२) अन्तर्गत दायर हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः

२. मेरा पिता गैरकानूनी नजरबन्दमा रहनु भएका चन्द्रप्रकाश बानियाँ वर्तमान संविधान आएपछि पहिलो आम निर्वाचन २०४८ मा म्याग्दी जिल्लाबाट प्रतिनिधिसभाको निर्वाचनमा जनताको अत्याधिक मत प्राप्त गरी प्रतिनिधिसभा सदस्यमा निर्वाचित भई आफ्नो कार्यकाल पूरा गरी आउनु भएको मेरा पिताले एक विधायकको हैसियतले तथा संविधान तथा प्रतिनिधिसभा नियमावली, २०४८ बमोजिम सपथ लिए बमोजिम अत्यन्तै असल विधायकको भूमिका निर्वाह गरी आउनु भएको थियो । जिल्लावासी र जिल्लाको भौतिक प्रशासनिक, शैक्षिक, सामाजिक लगायत अन्य विषयमा अमूल्य योगदान दिनु भएकोले स्वाभाविक रूपमा जिल्लामा अत्यन्तै लोकप्रीय हुनु भएको छ । राष्ट्रिय विधायकको अवधि समाप्त भए पश्चात् पनि मेरो पिताले जिल्लाको चौतर्फी विकासमा विशेष भूमिका खेली आउनु भएको थियो । यसै बीच मिति २०६०।५।९ मा बेलुका १०

बजे मेरा पिता समेतका हामी सपरिवार बसोबास गरी रहेको ठाउँबाट विपक्षी नं. २ बाट खटी आएका प्रहरी तथा सेनाले मेरो पितालाई पक्राउ गरी लगे । त्यसपछि हामीलाई भेटघाट गर्न नै दिइएन । हामी परिवार तथा आफन्त समेत विपक्षी नं. १ र विपक्षी नं. २ जिल्ला सुरक्षा समितिमा रहेका पदाधिकारी, जिल्ला प्रहरी प्रमुख-१ र राष्ट्रिय अनुसन्धान प्रमुख समक्ष हाम्रा निर्दोष पितालाई दुःख नदिनुहोस् थुना मुक्त गरी दिनुहोस् भनी भन्दा हामीले केही गर्न सक्दैनौ भनी भन्नुभयो। सेनाका प्रमुखसँग हामी परिवार तथा आफन्तहरू भेट्न जाँदा अनेक प्रयास गर्दा समेत भेटघाट सम्पर्क र कुरा गर्न दिनु भएन र एक्कासी मिति २०६०।५।१४ गतेको मिति राखी देहाय बमोजिमको आदेश र सो को जनाउ पुर्जी समेत मेरा पितालाई दिनु भएको रहेछ । "नेपाल अधिराज्यको म्याग्दी जिल्लाको का. मु. प्रमुख जिल्ला अधिकारी म लक्ष्मीराज शर्मा गौतमले नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्नसक्ने तपाईले गर्न लागेको वा तयारी गरीरहेको वा गराउन लागेको शान्ति सुरक्षा एवं जनधनको सुरक्षामा खलल पुग्ने काम कुरा गर्नबाट तपाईलाई रोक्नुपर्ने देहायको उचित र पर्याप्त आधार भएकोले सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ द्वारा प्रदान गरिएको अधिकार प्रयोग गरी म्याग्दी जिल्ला पुलाचौर गा.वि.स. वडा नं. ९ घर भई हाल अर्थुङ्ग-२ बेनी बजारमा बस्ने तपाई चन्द्रप्रकाश बानियाँलाई नजरबन्द राख्न यो आदेश दिएको (जारी गरेको) छु । नजरबन्दमा राख्नुपर्ने आधारहरू (क) सार्वजनिक स्थलमा मानिस भेला गराई शान्ति सुरक्षा एवं जनधनको सुरक्षामा खलल पुग्ने कार्य गर्ने किसिमको कुराहरू गरी बनाई सर्वसाधारणलाई भड्काई सँगठित गराई रहेको पाइएको" उल्लेखित व्यहोरा नजरबन्दमा राख्नका लागि कुनै पूर्व अवस्थाको विद्यमानता नै नभएको, दुरासयपूर्ण पर्याप्त आधार कारण नै नभएको, नजरबन्द राख्ने स्थान समेत नतोकिएको र नजरबन्द बस्नुपर्ने समय नकिटिएको गैरकानूनी नजरबन्दको पुर्जी मेरा पितालाई दिई विपक्षीहरूले हामी र हाम्रा आफन्तलाई भेटघाट गर्न समेत नदिने गरी विपक्षी नं. ३ मा राखे पश्चात् हामीले विभिन्न निकायमा गई हाम्रो पिताले पुर्जी तथा आदेशमा उल्लेखित कुनै काम कुरा नगरेको तथा त्यस्तो गर्ने कुनै संभावना, नभएको आरोपित कुराको कल्पना पनि नगरेको केवल दुरासयपूर्ण तरिकाले थुनामा राखेकोले थुनामुक्त गरी पाउन अनुनय विनय तथा निवेदन गरेकोमा हालसम्म मेरा पितालाई थुनामुक्त नगरिएकोले गर्दा र निर्दोष मेरा पितालाई गैरकानूनी थुनामा राखी मेरो पिताको नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११, १२, १५ समेत द्वारा प्रदत्त मौलिकहक लगायतका कानूनी हक हनन गरिएकोले सो उपर अन्य वैकल्पिक उपचारको अभावमा बाध्य भै संविधानको धारा २३ र ८८(२) बमोजिम यो रिट निवेदन गरेको छु ।

३. हुदै नभएको कुरा उल्लेख गरी त्यस्तो पूर्व अवस्था नै नभएको कुरामा नजरबन्द राख्न मिल्ने होइन अर्को तर्फ सो कार्य गरे भएकै कल्पना गर्दा पनि संविधानको धारा १२(२) (ख) मा विना हात हतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता सबै नागरिक र व्यक्तिलाई भएकोमा सो कानूनले प्रतिबन्ध लगाए बाहेक त्यस्तो विना हात हतियार शान्तिपूर्ण भेला गरायो र तयारी गऱ्यो भन्न विपक्षीहरूले भन्न पाउने र मिल्ने होइन । विपक्षीले जारी गरेको उल्लेखित आदेश तथा सूचनामा नजरबन्दमा राख्नका लागि सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ मा उल्लेखित उचित र पर्याप्त आधार समेत उल्लेखित छैन । सो कानून बमोजिम नजरबन्दमा राख्नलाई केवल विभिन्न कुरा लेखेर मात्र हुँदैन सो कुरा पुष्टी हुने प्रमाण तथा उचित र पर्याप्त आधार कारणहरूको समेत विद्यमानता हुनुपर्छ तर सो आदेश तथा सूचना र विपक्षीहरूको नजरबन्दमा राख्ने उचित र पर्याप्त आधार कारण विद्यमानता छैन । विपक्षीहरूले गैरकानूनी रूपमा नजरबन्दमा राखेका निवेदक बन्दीले प्रतिनिधिसभा सदस्यको हैसियतले कार्य गर्दा र प्रतिनिधिसभा सदस्यको पदावधि समाप्त भएपछि हालसम्म पनि प्रतिनिधिसभा नियमावली २०४८ को नियम ५९ मा उल्लेखित तोकिएको

छलफल र बहसमा बन्देज लगाएका प्रश्नहरू उठाएको तथा संविधान वा कुनै प्रचलित कानूनबाट निषेधाज्ञा गरेका कुरामा छलफल र बहसहरू गरेको अवस्था छैन । यसरी देशको एक जिम्मेवार नागरिकलाई विना आधार कारण नजरबन्दमा राख्न पाईने होइन । सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ मा उचित र पर्याप्त आधार भएमा कुनै खास अवधिसम्म कुनै खास ठाउँमा नजरबन्दमा राख्न पाउने अधिकार विपक्षी नं. १ लाई दिइएको अवस्था छ तर विपक्षी नं. २ को दबाबमा परी विपक्षी नं. १ ले आदेशमा कुनै अवधि र कुनै ठाउँ नै नतोकी गैरकानूनी रूपमा विपक्षी नं. ३ मा बन्दी बनाई राखिएको छ । यसरी सोही दफा ३.१ जारी गरिएको उक्त आदेश वेरीतपूर्ण तथा गैरकानूनी छ । माथि उल्लेखित तथ्य कानून र सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेत विपक्षीहरूको आपसी मिलेमतोबाट विपक्षी नं. १ बाट मिति २०६०।५।१४ मा जारी नजरबन्दको आदेश सोही मितिको सूचना समेतका कामकारवाही सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ संविधानको धारा ११, १२(२), १५ समेत भएको र विपक्षीहरूको गैरकानूनी त्रुटिपूर्ण उक्त आदेश सूचना कामकारवाहीबाट बन्दी निवेदक चन्द्र प्रकाश वानिया हालसम्म बन्दी अवस्थामा रहेकोले सम्मानित सर्वोच्च अदालतबाट संविधानको धारा २३ र ८८(२) बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश लगायत अन्य जो चाहिने आदेश विपक्षीहरूका नाउँमा जारी गरी बन्दी चन्द्रप्रकाश बानियाँलाई थुना मुक्त गर्ने समेतको आदेश जारी गरिपाऊँ । साथै सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३२(१) बमोजिम प्रारम्भिक आदेश जारी गर्दा नै विपक्षीहरूको नाउँमा लिखित जवाफ र साथमा बन्दी समेत लिई बाटाका म्याद बाहेक २४ घण्टा भित्र उपस्थित हुनु भन्ने समेतको आदेश प्रत्यर्थीका नाउँमा जारी गरिपाऊँ भन्ने समेत व्यहोराको रिट निवेदन ।

४. यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? विपक्षीहरूबाट लिखित जवाफ मगाई नियमानुसार गरी पेश गर्नु भन्ने यस अदालत एक न्यायाधीशको इजलासको आदेश ।

५. यस कार्यालयबाट प्रहरी सहायक निरीक्षक श्री सुकबहादुर के.सी. को कमाण्डमा खटी गएको गस्ती टोलीले जिल्ला म्याग्दी गा.वि.स. पुलाचौर वडा नं. ९ घर भै हाल अर्थुङ्गे-३ वेनी बजारमा डेरा गरी बस्ने चन्द्रप्रकाश बानियाँले स्थानीय सर्वसाधारण जनताहरूलाई भेला जम्मा गराई सार्वजनिक शान्ति सुरक्षामा खलल पर्ने किसिमका कुराहरू गरी सर्वसाधारण जनताहरूलाई भड्काउने तथा सार्वजनिक शान्ति सुरक्षामा खलल पर्ने किसिमका क्रियाकलाप गरी रहेको अवस्थामा भेटिएको हुँदा तत्काल पक्राउ नगरेमा शान्ति सुव्यवस्थामा खलल पुग्न गई शान्ति सुरक्षा कायम गर्न बाधा पर्ने ठानी निजलाई पक्राउ गरी प्रतिवेदनका साथ निजलाई सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३ को उपदफा (१) बमोजिम नजरबन्दमा राख्ने आदेशको लागि निज चन्द्रप्रकाश बानियाँलाई यसै पत्र साथ प्रहरी जिम्मा लगाई पठाइएको व्यहोरा अनुरोध गरिएको छ भन्ने समेत व्यहोराको जिल्ला प्रहरी कार्यालय म्याग्दीको प. सं. २०६०।६१ च. नं. २३६ मिति २०६०।५।१४ को पत्र प्राप्त हुन आएकोमा जिल्ला सुरक्षा समितिको बैठक बसी छानविन गर्दा निज चन्द्रप्रकाश वानियाको विगतका क्रियाकलाप समेतलाई दृष्टिगत गर्दा नजरबन्दमा नराखी छोडी दिदा नेपाल अधिराज्यको सार्वभौमसत्ता अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्नसक्ने संभावना देखिएकोले सो कार्य रोक्नका लागि नजरबन्दमा राख्नुपर्ने मनासिव कारणहरू देखिएकोले नेपाल अधिराज्यको संविधान, २०४७ तथा प्रचलित नेपाल कानूनबाट प्राप्त अधिकार बमोजिम प्रमुख जिल्ला अधिकारीको हैसियतले सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३-१ द्वारा प्रदान गरिएको अधिकार प्रयोग गरी निज चन्द्र प्रकाश बानियाँलाई नजरबन्दमा राख्ने

आदेश दिइएको हो र सो को जानकारी यस कार्यालयको प.सं. ०६०।६१ स्था.प्र. २०१ मिति २०६०।५।१४ को पत्र साथ नजरबन्दको आदेश तथा सूचनाको १।१ प्रति जानकारीको लागि सम्मानित श्री म्याग्दी जिल्ला अदालत वेनीमा समेत पठाई सकिएको छ । निवेदक सांसद पदमा यस जिल्लाबाट विजयी भएको भएता पनि उक्त सांसद पदावधि समाप्त भएपछि देशमा व्याप्त आतङ्‌कारी गतिविधिको बखत संकटकाल घोषण हुँदाका बखत समेत उक्त सोही गतिविधिमा संलग्न रही निरन्तर नेतृत्व दिएको कारण तत्कालीन समयमा समेत शान्ति सुरक्षा कायम गर्न निजलाई नियन्त्रणमा लिइएको थियो । निजले हालसम्म पनि उक्त गतिविधिमा संलग्न रहेको तथ्यको आधारमा निजलाई कानून बमोजिम नजरबन्दमा राखिएको हो ।

६. आफू कुनै व्यक्ति, समुह वा समितिको दबाबमा नभै आफुलाई प्राप्त अधिकार र तोकिएको दायित्व बमोजिम निज चन्द्र प्रकाश वानियालाई नजरबन्दमा राख्ने आदेश जारी भएको हो । यसरी दबाबमा नजरबन्दमा राखिएको भनिएको व्यहोरा कपोलकल्पित र झुट्टा हुँदा उक्त रिट निवेदन खारेज गरि पाउँ भन्ने समेत व्यहोराको जिल्ला प्रशासन कार्यालय माग्दीको प्रमुख जिल्ला अधिकारीको र सोही व्यहोरा मिलानको जिल्ला सुरक्षा समिति म्याग्दीको छुट्टाछुट्टै लिखित जवाफ ।

७. जिल्ला प्रशासन कार्यालय, म्याग्दी बेनीको च. नं. १९९ मिति २०६०।५।१४ को नजरबन्दमा राख्न पठाएको पत्र र सोही मितिको नजरबन्दमा राख्नुपर्ने आधारहरू समेत खुलेको नजरबन्दको आदेश यस कार्यालयमा प्राप्त हुन आएको र जिल्ला प्रशासन कार्यालय तथा अर्ध न्यायिक निकायबाट कानून बमोजिमको आदेश र अनुरोध भै आएमा थुनामा राख्नुपर्ने कारागार सम्बन्धी ऐन नियम प्रष्ट व्यवस्था भएकोले सोही अनुरूप थुनामा राखिएको हो । यस कार्यालयमा रहेको बन्दी भेटघाट रजिष्टरमा भेट्न आउनेहरूको नाम नाता र मिति समेत उल्लेख गरिने गरी खडा गरिएको रजिष्टरबाट समेत बन्दीको श्रीमती, छोरी र दाजुभाई समेतका व्यक्तिहरूले निजहरूले इच्छाएको कुनै पनि कार्यालय समयमा भेटघाट सर सल्लाह समेत गरेको र भेटघाट गर्न नदिने गरी कुनै किसिमको बाधा अबरोध समेत गरिएको छैन । संविधानको धारा २३ बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने अवस्था नभएको हुँदा उक्त रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको कारागार शाखा म्याग्दीको लिखित जवाफ ।

८. नियमबमोजिम दैनिक पेशीसूचीमा चढी पेश हुन आएको प्रस्तुत निवेदनमा निवेदकका तर्फबाट उपस्थित अधिवक्ता श्री ज्योती बानियाँले निवेदक बन्दी देशको सांसद भएको अत्यन्त सचेत मर्यादित राष्ट्रवादी नागरिक हुनुहुन्छ, वहाँबाट नेपाल अधिराज्यको सार्वभौमसत्ता अखण्डता वा सार्वजनिक शान्ति व्यवस्थामा खलल पार्ने काम कुरा र सो को तयारी अरुसँग सो सम्बन्धमा अवाञ्छित साँठगाँठ हुनसक्दैन र भएको समेत छैन, वहाँ माथि लगाइएको अरोपका आधारहरूमा सत्यता छैन, निजलाई नजरबन्दमा राख्नुपर्ने पूर्व अवस्थाको विद्यमानता नभएकोले निवेदन दावी बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

९. यसैगरी प्रत्यर्थी श्री ५ को सरकारको तर्फबाट उपस्थित विद्वान उप न्यायाधिवक्ता श्री महेन्द्रबहादुर कार्कीले सार्वजनिक सुरक्षा ऐनको भावना र मर्म अनुसार निवेदकबाट शान्ति सुरक्षामा खलल पर्ने अवस्था देखिदा नजरबन्दको आदेश जारी भएको हो । निवेदक आतङ्‌कारी गतिविधिमा संलग्न रही निरन्तर नेतृत्व दिएको कारण निजलाई नियन्त्रणमा लिएको र निजको नजरबन्दको आदेश कानून बमोजिम नै भएको हुँदा रिट निवेदन खारेज हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

१०. मिसिल कागजात अध्ययन गरी दुबै पक्षको बहस समेत सुनि निर्णय तर्फ विचार गर्दा निवेदन माग बमोजिमको आदेश जारी हुने नहुने के रहेछ ? सो सम्बन्धमा निर्णय दिनुपर्ने हुन आयो ।

११. निवेदक चन्द्रप्रकाश बानियाँलाई २०६०।५।९ गते राती १० बजे सेनाले पक्राउ गरि २०६०।५।१४ को मिति राखी सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ बमोजिम नजरबन्दमा राखिएकोमा उचित र पर्याप्त आधार विना नजरबन्दमा राखिएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरि निवेदकलाई थुनामुक्त गरि पाउँ भनी मुख्य निवेदन माग भएको पाइयो ।

१२. निवेदकले ०६०।५।१४ देखि सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ बमोजिम पुर्जी दिई नजरबन्दमा राखेको भनेकोमा प्रमुख जिल्ला अधिकारीले २०६०।५।१४ को आदेश बमोजिम नजरबन्दमा राखेको तथ्यलाई स्वीकार गरेको देखियो । विद्वान सरकारी वकिलले इजलास समक्ष देखाइएको फाइलबाट कारागार शाखा वेनीको मिति २०६०।८।१४ को पत्रबाट २०६०।८।१४ मा छाडिएको भनिएबाट अदालत समक्ष देखाएको कागजपत्रहरूबाट नै ०६०।८।१४ को केहि समयसम्म थुनामा नै रहेको देखिन आयो । मिति ०६०।८।१४ को केहि समय सम्म नजरबन्दमा राखिएका व्यक्तिलाई पुनः ०६०।८।१५ मा सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) बमोजिम नजरबन्दमा राखेको पाइयो । ०६०।८।१४ मा नजरबन्दबाट छाडिएका र ०६०।८।१५ मा नजरबन्दमा परेका चन्द्र प्रकाश बानियाँले एकै दिनमा नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति व्यवस्थामा खलल गर्न के कस्तो कार्य गरेको हो केहि खुल्न आउँदैन ।

१३. सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा १२ को व्यवस्था बमोजिम जिल्ला न्यायाधीश वा निजको अनुपस्थितिमा श्रेस्तेदारको रोहवरमा बन्दीलाई छाड्नु पर्ने गरी व्यवस्था गरेको देखिन्छ । जिल्ला प्रशासन कार्यालय म्याग्दीको मिति ०६०।८।१२ मा छाडि दिने पत्रको बोधार्थ सम्म दिएको देखिन्छ । ऐनले जिल्ला न्यायाधीश वा निजको अनुपस्थितिमा श्रेस्तेदारको रोहवरमा छाड्नु पर्ने अनिवार्य गरेकोमा बोधार्थ दिएको कारणले ऐनको व्यवस्था बमोजिम छोडेको भन्न मिल्ने देखिएन । यसरी मिसिलबाट १ दिन सम्म छोडेको देखाई रीत पुऱ्याउने मनसायले सो पत्र पठाएको सम्म देखिएको हुँदा निवेदकको निरन्तर रूपमा थुनामा रहेको भन्ने भनाइलाई पेश भएको पत्रहरूबाट नजरबन्द निरन्तरताको अवस्था देखियो ।

१४. सार्वजनिक सुरक्षा ऐनको दफा ५.२.१ को व्यवस्था बमोजिम ९० दिन भन्दा बढी थुनामा राख्न आवश्यक देखिएमा त्यसको कारण र आधार सहित स्थानीय अधिकारीले श्री ५ को सरकार, गृह मन्त्रालयमा लेखि पठाउनु पर्ने छ । श्री ५ को सरकार गृह मन्त्रालयले स्थानीय अधिकारीको सुझाव उचित ठहऱ्याई अनुमोदन गर्नुपर्ने ऐनले अनिवार्य गरेको छ तर सो कारवाही अगाडि बढाई गृह मन्त्रालयको अनुमोदन पश्चात् नजरबन्दको अवधि बढाएको पनि देखिन आएन ।

१५. सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्नसक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने उचित र पर्याप्त आधार भएमा स्थानीय अधिकारीले निजलाई कुनै खास अवधिसम्म कुनै खास ठाउँमा नजरबन्दमा राख्ने आदेश जारी गर्नसक्नेछ भन्ने उल्लेख भएको पाइन्छ । उल्लेखित व्यवस्था बमोजिम अवधि र ठाउँ किटान गर्नुपर्ने सो समेत आदेशमा केही उल्लेख भएको देखिदैन । नजरबन्दको अवधि र स्थान किट्न पर्ने गरी ऐनले व्यवस्था गरेको यो स्थिति प्रयोजनहीन देखिन आउँदैन । ऐनले व्यवस्था गरे बमोजिम पुर्जी हुनु नजरबन्दको आवश्यक पूर्व शर्त रहेको देखिन्छ ।

१६. सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ४ को उपदफा १ मा भएको व्यवस्थालाई यस प्रसँगमा हेरिनु र विवेचना गरिनु प्रासांगिक हुन आउँछ उपरोक्त दफा ४ को उपदफा (१) मा भएको व्यवस्था हेर्दा उपदफा ३.१ वा ३.२ अन्तरगत कुनै आदेश जारी गर्दा स्थानीय अधिकारीले त्यस्तो आदेश जारी गर्नुपर्ने कारण र आधार खुलाई आदेश सम्बन्धित व्यक्तिलाई दिनुपर्नेछ । स्थानीय अधिकारीले सो आदेशको प्रतिलिपि सहित त्यसको जानकारी गृह मन्त्रालयलाई पनि दिनुपर्नेछ भन्ने उल्लेख भएको पाइन्छ । उक्त व्यवस्था बमोजिमको आदेश र जानकारी दिएको मिसिलबाट देखिन आएन ।

१७. उपरोक्त आधारहरूबाट निवेदक चन्द्रप्रकाश बानियाँलाई सार्वजनिक सुरक्षा ऐन, २०४६ को व्यवस्था गैरकानूनी रूपमा थुनामा राखिएको देखिदा गैरकानूनी थुनाबाट मुक्त गरि दिनु भनी विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ निज बन्दी निवेदकलाई तत्काल छाडि दिनु भनी सम्बन्धित कारागार शाखालाई छुट्टै आदेश समेत गई सकेकोले केहि गरि रहन परेन । मिसिल नियमानुसार गरि बुझाई दिनु ।

उक्त रायमा म सहमत छु ।

न्या. केदारप्रसाद गिरी

इति सम्वत् २०६० साल मंसिर १७ गते रोज ४ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलाश
माननीय न्यायाधीश श्री केदारप्रसाद गिरी
माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ

सम्वत् २०६० सालको रीट नं. ७१

आदेश मितिः२०६०।८।२२

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : जिल्ला चितवन गा.वि.स. पर्सा गैरहनी गा.वि.स. वार्ड नं. ४ घर भै हाल गैह्र कानूनी रुपमा गिरफ्तारमा परी थुनामा रहेका केदार रिजालको हकमा धादिङ जिल्ला घर भै हाल का. जि. का. म. न. पा. वार्ड नं. २७ बस्ने प्रल्हाद रिजाल

विरुद्ध

प्रत्यर्थी : श्री ५ को सरकार, रक्षा मन्त्रालय सिंहदरवार, काठमाडौं समेत

- **सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ बमोजिम नेपाल अधिराज्यको सार्वभौमसत्ता अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्नसक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने देखिएमा नजरबन्दमा राख्नसक्ने ।**

- **निवेदकलाई प्रचलित कानून बमोजिम कानूनको रित पुऱ्याई नजरबन्दको आदेशद्वारा थुनामा राखेको देखिदा निवेदकको थुना गैरकानूनी रहेको भन्ने नदेखिदा निवेदन माग बमोजिम निवेदकको रिहाईको लागि बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन नसक्ने ।**

आदेश

- न्या. केदारप्रसाद गिरी

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ र ८८(२) तथा सर्वोच अदालत नियमावली २०४९ को नियम ३१ बमोजिम पर्न आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः

निवेदक केदार रिजाल कृषि व्यवसाय गरी बस्ने सामान्य व्यक्ति हुन् । निज लामो समय देखि घरायसी काम खेतीपातीको रेखदेख गरी घरमै बसी आएका थिए । मिति २०६०।५।३१ गते भरतपुर स्थित वि. पि. मेमोरियल क्यान्सर अस्पतालमा भर्ना भई क्यान्सरको उपचार गराई रहेकी आफ्नी सानीमा ( आमाको सहोदर बहिनी) लाई बिहानको खानेकुरा पुऱ्याएर फर्किदै गर्दा अस्पतालको गेट बाहिरबाट बिहानको ९ बजेको समयमा श्री ५ को सरकारका संयुक्त सुरक्षा फौजको एउटा डफ्फाले निवेदक केदार रिजाललाई पक्राउ गरी लगेछन् । निजलाई यसरी लगेको थाहा भएपछि कहाँ लगेछन् भनी खोजी गर्ने क्रममा चितवन भरतपुर स्थित प्रत्यर्थी फष्ट राइफल गण शाही नेपाली सैनिक व्यारेक भरतपुरमा राखेको जानकारी भयो । निजलाई भेट्न भनी निजको आमा प्रत्यर्थी सैनिक व्यारेकमा जानु भयो । वहाँलाई निज केदार रिजालसँग भेट्न दिइएन । "भेट्न मिल्दैन केदार रिजाल यही छ । उसको कुनै चिन्ता लिनु पर्दैन ।

उसलाई ठिक छ । फोन गर्दै गर्नुहोला भेट्न मिल्ने भएपछि भेट्न आउनु होला" भनी एउटा ५२०२२२ को टेलिफोन नम्वर दिइयो । उक्त टेलिफोन नं. मा फोन गर्दा केदार रिजाल ठिकै रहेको जानकारी गराउने गरेको भनी निवेदक केदार रिजालको आमाले बताउनु भयो । मिति २०६०।६।७ गते निवेदक केदार रिजालको सहोदर दाजु रामचन्द्र रिजाल काम गर्ने गैडाकोट स्थित चितवन नवलपुर राइस मिल समितिको कार्यालय नजिक भृकुटी कागज कारखाना कम्पाउण्ड भित्र निवेदक केदार रिजाललाई लगी निजको दाजु रामचन्द्र रिजाललाई बोलाई सँगै आएका सुरक्षाकर्मीहरु मध्येको एकजनाले निवेदकको मुख पुरै छोपिने गरी लगाई दिएको कालो पट्टी खोली दिई दाजु तर्फ इंगीत गरेर यो तेरो दाजु हो भनी सोधिएछ । निजले हो भनेपछि दाजु रामचन्द्र रिजाललाई पनि यो तपाईको भाई हो भनी सोधिएछ । दाजुले हो भन्ने जवाफ दिएपछि "तेरो दाजुसँग जे भन्नु छ भन" भनिएपछि निवेदक भक्कानो फुटाएर रोएको, भाईलाई शारीरिक रुपले ज्यादै कमजोर थकित, सिथिल, निकै लामो समय देखिको अनिदो आतंकित, त्रसित देखेको हुँदा निवेदकलाई कठोर अमानवीय शारीरिक एवं मानसिक यातना दिएकोमा कुनै शंका नरहेको निवेदकका दाजुले बताए । मिति २०६०।६।७ गते निवेदकलाई दाजुसँग भेट गराई सकेपछि देखि सम्पर्क गर्नु भनी दिएको टेलिफोन नं. ५२०२२२ मा सम्पर्क गरी निवेदक केदार रिजालको बारेमा सोध खोज गर्दा "केदार रिजाल नाम भएको व्यक्ति यहाँ छैन । पहिले पनि थिएन" भनी जवाफ पाइयो । अब उप्रान्त निज केदार रिजाल भन्ने व्यक्तिको विषयमा जानकारी पाउने उद्देश्यले फोन नगर्नु समेत भनियो । उपरोक्त उल्लेखित तथ्यबाट निवेदक केदार रिजाल विपक्षी प्रत्यर्थीहरु मध्ये फष्ट राइफल गण शाही सैनिक व्यारेक भरतपुरमा गैह्र कानूनी थुनामा रहेको र निजलाई कठो अमानवीय शारीरिक एवं मानसिक यातना दिई राखिएको प्रष्ट छ । निजलाई हालसम्म पनि कुनै न्यायिक वा अर्धन्यायिक निकाय अधिकार प्राप्त अधिकारीको आदेश पूर्जिद्वारा थुनामा राखिएको छैन । निवेदकको संवैधानिक एवं वैयक्तिक स्वतन्त्रताको हकमा आघात परेको छ । निवेदकलाई थुनामा राखेको प्रत्यर्थीहरुको काम कारवाही नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११, १२, १४ र १५ तथा प्राकृतिक न्यायको सिद्धान्त समेतको भै बदरभागी छ । अतः मेरो भाई केदार रिजाललाई प्रत्यर्थीहरुद्वारा गैह्र कानूनी रुपमा थुनामा राखिएको हुँदा निजलाई सम्मानित अदालत समक्ष यथासक्य चाँडो उपस्थित गराई आवश्यक परे सर्च वारेण्ट समेत जारी गरी गैह्रकानूनी थुनाबाट अविलम्ब मुक्त गरी दिनु भनी प्रत्यर्थीहरुको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने समेत व्यहोराको रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? विपक्षीहरुबाट सो सम्बन्धमा लिखित जवाफ मगाई आएपछि वा अवधी नाघेपछि नियमानुसार गरी पेश गर्नु भन्ने यस अदालतको आदेश ।

निवेदकलाई पक्राउ गर्ने तथा थुनामा राख्ने समेतको कार्य यस कार्यालयबाट भए गरेको नपाईएकोले यस कार्यालय विरुद्धको उल्लेखित रिट निवेदन खारेज गरी पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध गरिएको छ भन्ने समेत व्यहोराको प्रहरी प्रधान कार्यालय नक्सालको लिखित जवाफ ।

विपक्षीले रिट निवेदनमा उल्लेख गरे बमोजिम निवेदक केदार रिजाल शाही नेपाली सैनिक हिरासतमा नरहेकोले शाही नेपाली सेनाको कुनै पनि कार्यले निवेदकको कुनै मौलिक हक हनन नभएको स्पष्ट छ । तसर्थ निवेदन माग दावी बमोजिमको आदेश जारी हुन नपर्ने हुँदा विपक्षीको आधारहीन रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको शाही नेपाली जंगी अड्डा तथा फष्ट राइफल गण समेतको लिखित जवाफ ।

यस मन्त्रालयले केदार रिजाललाई थुनामा राखेको होइन । मन्त्रालय यस विषयमा अनभिज्ञ छ । निवेदकले यस मन्त्रालयको कुन काम कारवाहीबाट संविधान प्रदत्त हक हनन भएको भनी खोल्न सक्नु

भएको पनि छैन । यस मन्त्रालय बाहेक रिट निवदेनमा विपक्षी बनाइएका अन्य निकायले गरेका कामका सम्बन्धमा सम्बन्धित निकायहरुबाट लिखित जवाफ प्राप्त हुने नै छ । तसर्थ यस मन्त्रालयका सम्बन्धमा रिट निवेदनमा उठाइएको जिकिर पुग्न नसक्ने हुँदा त्यस्तो निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको रक्षा मन्त्रालयको लिखित जवाफ ।

यस मन्त्रालयबाट निजलाई पक्राउ गर्ने, थुनामा राख्ने आदेश दिइएको छैन । साथै निजको कुनै हक, अधिकार हनन नगरिएको हुँदा सम्मानित अदालतबाट रिट निवदेन खारेज गरी पाउन सादर अनुरोध गरिन्छ भन्ने समेत व्यहोराको गृह मन्त्रालयको लिखित जवाफ ।

निवेदक चितवन जिल्ला खैरहनी गा.वि.स. वडा नं. २ बस्ने वर्ष २० को सन्देश भन्ने केदार रिजालले चितवन जिल्ला अन्तर्गत विभिन्न स्थानहरुमा गै नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता सार्वजनिक शान्ति एवं व्यवस्थामा खलल पुऱ्याउने किसिमका गतिविधिमा संलग्न रहने गरेका छन् भन्ने बुझ्न आई यस कार्यालयबाट उल्लेखित व्यक्तिहरुको गतिविधि सम्बन्धमा वास्तविक बुझी निजको खोज तलास गरी प्रतिवेदन सहित दाखिला गर्न यस कार्यालयबाट प्र. नि. सुदन सिंह बस्नेतलाई मिति २०६०।६।१२ गते खटाई पठाएकोमा निजलाई जिल्ला चिनवन खैरहनी-२ मा मिति २०६०।६।१३ गते फेला पारी निजहरुले सर्वसाधारणलाई प्रचलित कानून विपरीतको विभिन्न गतिविधिमा संलग्न गराउने उद्देश्यले सँगठित गर्ने सम्प्रदायिक एवं क्षेत्रीयताको आधारमा भड्काउने, उत्तेजना फैलाउने, नारा जुलुस भाषण गरी सर्वसाधारणलाई हिंसात्मक गतिविधि तर्फ लाग्न दुरुत्सान गर्ने जस्ता नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता र सार्वजनिक शान्ति र सुव्यवस्थामा खलल पुग्ने किसिमको गतिविधिमा संलग्न रहेको पाईएको भन्ने व्यहोरा प्रतिवेदन साथ निजलाई मिति २०६०।६।१३ गते यस कार्यालयमा दाखिला गरेको । निजलाई त्यसै छाडी दिदा पुनः त्यस प्रकारको गतिविधिमा संलग्न भई नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता, सार्वजनिक शान्ति र व्यवस्थामा खलल पुग्ने हुँदा त्यस्ता कार्य हुन गर्नबाट रोक्नको लागि जिल्ला प्रहरी कार्यालय चितवनको च. नं. ५४७ मिति २०६०।६।१४ को पत्र साथ मिसिल पेश हुन आएको र सो व्यहोरा मनासिव देखिएकोले निजलाई सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ बमोजिम "ख" श्रेणीको सिदा सुविधा पाउने गरी मिति २०६०।७।१४ गतेबाट ९० दिन कारागार शाखा भरतपुरमा कानून बमोजिम आदेश पर्चा खडा गरी थुना पूर्जि दिई राख्ने गरी आदेश जारी भएकोमा सो सम्बन्धी आदेशको प्रतिलिपि सहितको सूचना चितवन जिल्ला अदालत भरतपुर चितवनमा पठाइएको छ । निवेदकलाई गैह्र कानूनी थुनामा नराखि कानुन बमोजिम थुनामा राखिएकोले निवेदकको माग बमोजिम आदेश जारी हुनु नपर्ने भई वदरभागी भएकोले सो रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोरो जिल्ला प्रशासन कार्यालय चितवनको लिखित जवाफ ।

नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत निवेदनमा निवेदक तर्फबाट उपस्थित विद्वान अधिवक्ता शान्ता सेढाईले निवेदक गैरकानूनी थुनामा रहेको र कठोर अमानवीय शारीरिक एवं मानसिक यातना दिएको भन्ने बुझिएको छ, लिखित जवाफमा बन्दीलाई थुनुवा पुर्जि दिएको भनिए तापनि वास्तवमा दिइएको छैन । तसर्थ निवेदन माग बमोजिम रिट निवेदन जारी भै बन्दीको थुना मुक्त गरिनु पर्छ भनी वहस प्रस्तुत गर्नुभयो । यसैगरी प्रत्यर्थी तर्फबाट उपस्थित उप न्यायाधीवक्ता श्री सुरेन्द्रबहादुर थापाले निवेदक बन्दीलाई आधार समेत खुलाई थुनुवा पुर्जि दिइएको छ, निवेदकले थुनुवा पूर्जि बुझेको देखिन्छ । सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ४.१ र ४.२ बमोजिमको कार्यविधि पुऱ्याएर निवेदकलाई थुनामा राखेको देखिदा रिट निवदेन खारेज हुनुपर्छ भनी वहस प्रस्तुत गर्नुभयो ।

निवेदन सहितका मिसिल कागजात, महान्यायाधिवक्ताको कार्यालय मार्फत निवेदक बन्दीलाई गरिएको कारवाहीको सक्कल फाइलको अध्ययन गरी दुबै पक्षका विद्वान वकिलहरुले गर्नु भएको वहस

जिकिरलाई मध्यनजर गरी निर्णय तर्फ विचार गर्दा यसमा निवेदन माग बमोजिमको आदेश जारी गर्न मिल्ने नमिल्ने के रहेछ ? सो सम्बन्धमा निर्णय दिनुपर्ने हुन आयो ।

यसमा निवेदक केदार रिजाल समेतलाई पक्राउ गरी दाखिला गर्न जिल्ला प्रहरी कार्यालय चितवनको प.सं.ऐ.रि. ०९।०६०।०६१ च.नं. ५३४ मिति ०६०।६।१२ बाट प्र. नि.लाई आदेश भए बमोजिम मिति ०६०।६।१३ मा मानिस खोज तलास एवं पक्राउ गरी दाखिल गरेको प्रहरी निरिक्षकको प्रतिवेदन सहित जिल्ला प्रहरी कार्यालय चितवनमा दाखिल भएकोमा उक्त कार्यालयको प.सं.ए.रि. ०९।०६०।६१ च.नं. ५४७ मिति ०६०।६।१४ को नजरबन्दमा राख्ने आदेश गरिपाऊँ भनी जिल्ला प्रशासन कार्यालय चितवनलाई लेखि पठाएको पत्रको आधारमा जिल्ला प्रशासन कार्यालय चितवनमा मिति ०६०।६।१४ को प्रमुख जिल्ला अधिकारीको आदेश बमोजिम निज निवेदकलाई सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) बमोजिम ९० दिनको नजरबन्दको आदेश दिएको र सो आदेशको प्रतिलिपि सहित चितवन जिल्ला अदालत भरतपुरलाई प.सं. ०६०।६१ च.नं. ७५२ मिति ०६०।६।१४ को पत्रद्वारा गृह मन्त्रालय शु. स. शाखालाई प. सं. ०६०।६१ च. नं. ७०५१ मिति ०६०।६।१४ बाट नजरबन्दको आदेश वारेको जाहेरी दिएको देखियो । निवेदकलाई नजरबन्दमा राख्दा गरिएको काम कारवाहीहरु कानूनसङ्गत छन् छैनन् भनी हेर्दा सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ बमोजिम नेपाल अधिराज्यको सार्वभौमसत्ता अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्नसक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने देखिएमा नजरबन्दमा राख्नसक्ने नै देखिन्छ । सो बमोजिम कुनै व्यक्तिलाई नजरबन्दमा राख्दा ऐ. ऐनको दफा ४.१ बमोजिमको आदेश जनाउ निवेदकलाई दिई सो आदेशको जानकारी गृह मन्त्रालयलाई दिएको फाइल संलग्न पत्रबाट देखिन्छ । उक्त ऐनको दफा ४.२ बमोजिम सो जिल्लाको जिल्ला अदालतलाई सूचना दिनुपर्ने भएको अवस्था बमोजिम चितवन जिल्ला अदालतलाई नजरबन्दमा राख्ने वारेको आदेशको जानकारी दिइको पाइयो ।

यसरी निवेदकलाई प्रचलित कानून बमोजिम कानूनको रित पुऱ्याई नजरबन्दको आदेशद्वारा थुनामा राखेको देखिदा निवेदकको थुना गैरकानूनी रहेको भन्ने नदेखिदा निवेदन माग बमोजिम निवेदकको रिहाईको लागि बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनसक्ने स्थितिको अभावमा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । मिसिल नियमानुसार गरी बुझाई दिनु ।

उक्त रायमा म सहमत छु ।

न्या. रामप्रसाद श्रेष्ठ

इति सम्वत् २०६० साल मंसिर २२ गते रोज २ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोविन्दबहादुर श्रेष्ठ
माननीय न्यायाधीश श्री खिलराज रेग्मी

संवत् २०६० सालको रिट नं. ७५

आदेश मिति २०६०।८।२४।४

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदिका : का.जि.का.म.न.पा. वडा नं. ७ डेरा गरी बस्ने र हाल सुरक्षा फौजले कब्जामा लिएको भनिएका सी.एन. (चेतनाथ) ढुंगानाको हकमा ऐ.ऐ. बस्ने निजकी श्रीमती अनु प्रधान (ढुंगाना)

विरुद्ध,

विपक्षी : श्री ५ को सरकार रक्षा मन्त्रालय, सिंहदरवार समेत

- **कसले कहाँ पक्राउ गरी कुन ठाउँमा कसका हिरासतमा राखिएको हो स्पष्ट खुलाई कागज गराउनु भनी यस अदालतबाट भएको आदेश बमोजिम निवेदिकाले गरिदिएको कागजमा 'विपक्षीहरुको विभिन्न हिरासत तथा ठाउँ परिवर्तन गरिएको भन्ने सुनेकी छु, विभिन्न हिरासत तथा जेलमा बुझ्न जाँदा कुनै व्यहोरा थाहा जानकारी नभएको भन्ने सम्बन्धित अधिकारीहरुको भनाई भएको' भन्ने समेत व्यहोरा लेखाएको देखिदा यसरी निवेदिकाका पतिलाई कसले पक्राउ गरी कुन ठाउँमा कसका हिरासतमा राखिएको भन्ने सम्बन्धमा निजले गरिदिएको उक्त कागजबाट खुलाउन सकेको नदेखिएको स्थितिमा निवेदिकाका पतिलाई यो यसले पक्राउ गरी यस ठाउँमा हिरासतमा राखिएको होला भनी अदालत आफैले अनुमान गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने ।**

आदेश

- न्या. खिलराज रेग्मी

१. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३।८८(२) अन्तर्गत यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छः

२. मेरा श्रीमान सी.एन. (चेतनाथ) ढुंगानालाई ०६०।५।४ गते २ बजेको समयमा डिल्लिबजार कालिकास्थानको पिपलकबोटबाट सादा पोषाकमा आएका सुरक्षाकर्मीहरुले समातेर लगेको भन्ने स्थानीय व्यक्तिहरुले बताएपछि थाहा पाएं । नजिकैको वडा प्रहरी कार्यालय सिंहदरवारमा बुझ्दा पक्राउ गरी नल्याएको बताइएको र जिल्ला प्रहरी कार्यालय, हनुमानढोकामा गई बुझ्दा समेत भेटघाट गर्न नमिल्ने र भित्र पस्न नमिल्ने भनी फर्काइयो । भाद्र ९ गते एक प्रहरी अधिकृतले मेरा श्रीमानलाई छानविनका लागि छाउनी व्यारेक लगिएको भनी मौखिक जानकारी दिनु भएकाले राष्ट्रिय मानव अधिकार आयोग तथा रेडक्रसको अन्तर्राष्ट्रिय समितिमा उजुरी दिई श्रीमानको यथास्थिति वारे जानकारी राख्ने प्रयत्न गरी राखेको छु । हालसम्म पनि निजको अवस्था अज्ञात नै

छ । श्रीमानको गिरफ्तारी र अज्ञात स्थितिको अवस्था संवैधानिक, कानूनी र मानव अधिकारका अन्तर्राष्ट्रिय प्रावधान हुँदा निजलाई अदालतमा उपस्थित गराई हिरासतको कानूनी वैधता स्पष्ट गरी थुनाबाट मुक्त गराई पाउँ ।

३. निवेदिकाको श्रीमानलाई विपक्षीहरुको मिलेमतोमा गैरकानूनी रुपमा गिरफ्तारी गरी गैरकानूनी थुनामा राखिनुबाट निजको नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावना, धारा ११(१),(२) १२(२), १४(५) (६) र १५(१), नागरिक अधिकार ऐन, २०१२ को दफा ६, १२ र १५(१),(२), मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा १,३,५,७,९,१८ र १९, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा ६(१), ७ र ९, यातना तथा अन्य क्रुर अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि १९४८ को धारा १, २ समेतबाट प्राप्त हक अधिकारहरुमा प्रत्यक्ष आघात पुग्न गएको हुँदा यो रिट निवेदन लिई उपस्थित भएकी छु । मेरा श्रीमानलाई गैरकानूनी थुनाबाट मुक्त गरि दिनु भनी प्रत्यर्थीहरुका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने समेत व्यहोराको रिट निवेदन मागदावी ।

४. यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक ३ दिन भित्र लिखित जवाफ पठाउनु भनी विपक्षीहरुलाई सूचना पठाई नियमानुसार पेश गर्नु भन्ने समेत व्यहोराको यस अदालत एक न्यायाधीशको इजलासबाट मिति २०६०।६।३० मा भएको आदेश ।

५. यस मन्त्रालयबाट निजलाई पक्राउ गर्ने, थुनामा राख्ने आदेश दिइएको छैन । साथै निजको कुनै हक अधिकार हनन नगरिएको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको गृह मन्त्रालयको लिखित जवाफ ।

६. रिट निवेदिकाका श्रीमान चेतनाथ ढुंगानालाई पक्राउ गर्न यस कार्यालयबाट सादा पोषाकका कुनै प्रहरी कर्मचारी नखटाइएको, निजलाई पक्राउ गरी नल्याएको र यस कार्यालयको थुनामा नरहेको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको वडा प्रहरी कार्यालय सिंहदरवारको लिखित जवाफ ।

७. यस मन्त्रालयले सी.एन. (चेतनाथ) ढुंगानालाई थुनामा राखेको होइन । मन्त्रालय यस विषयमा अनभिज्ञ छ । निवेदकले यस मन्त्रालयको कुन काम कारवाहीबाट संविधान प्रदत्त हक हनन् भएको भनी खोल्न सकेको अवस्था समेत नहुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको रक्षा मन्त्रालयको लिखित जवाफ ।

८. यस कार्यालय उपरोक्त रिट निवेदकको पक्षलाई रिट निवेदनमा उल्लेखित व्यहोराको कार्यमा संलग्न नरहेको, सरोकारै नभएको पक्षलाई सरोकारको विषय बनाइ दिएको रिट निवेदन खारेज गरीपाउँ भन्ने समेत व्यहोराको सशस्त्र प्रहरीवल प्रधान कार्यालयको लिखित जवाफ ।

९. यस कार्यालयबाट विपक्षी रिट निवेदक सी.एन. (चेतनाथ) ढुंगानालाई पक्राउ गरी थुनामा राख्ने कार्य नभएको हुँदा सुरक्षा कर्मीले पक्राउ गरी लगेको, जि.प्र.का हनुमानढोकामा गै बुझ्दा भेटघाट गर्न नदिएको भन्ने जस्ता झुठ्ठा कुरा रचि यस कार्यालय समेतलाई विपक्षी बनाइ दिएको रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको जिल्ला प्रहरी कार्यालय, हनुमानढोकाको लिखित जवाफ ।

१०. विपक्षीले रिट निवेदनमा उल्लेख गरे बमोजिम निवेदक सी.एन. (चेतनाथ) ढुंगाना शाही नेपाली सैनिक हिरासतमा नरहेकोले निवेदन माग बमोजिमको आदेश जारी हुन नपर्ने हुँदा आधारहीन रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको शाही नेपाली जंगी अड्डा काठमाडौंको लिखित जवाफ ।

११. यसमा निवेदिकाले पूर्व सल्लाह अनुसार आफ्ना श्रीमान सी.एन. (चेतनाथ) ढुंगानालाई डिल्लिबजार कालिकास्थान पिपलबोटमा भेट्न जाँदा भेट्न नसकेको र त्यस ठाउँका मानिसहरुले एक दुब्लो पातलो व्यक्तिलाई केही सादा पोषाकका मानिसहरुले समाती लगेको भनेको र वडा प्रहरी कार्यालय समेत बुझ्दा पक्राउ गरी नल्याएको बताइयो भन्ने समेत व्यहोरा लेखि कसले पक्राउ गरी कहाँ लगी कसको हिरासतमा राखिएको भन्ने स्पष्ट उल्लेख गरी दावी लिएको देखिन नआएको र प्रत्यर्थीहरुको लिखित जवाफमा समेत निवेदिकाको पति सी.एन. (चेतनाथ) ढुंगानालाई पक्राउ नगरिएको भन्ने उल्लेख भएको देखिंदा निवेदिकाको पति सी.एन. (चेतनाथ) ढुंगानालाई कसले कहाँ पक्राउ गरी कुन ठाउँमा कसका हिरासतमा राखिएको हो ? निवेदिकाबाटै स्पष्ट खुलाई कागज गराई नियमानुसार पेश गर्नु भन्ने यस अदालतको मिति २०६०।७।२१ को आदेश ।

१२. यसमा निवेदनपत्रको प्रकरण नं. २ मा श्रीमानको खोजी गरी जिवन रक्षा गरिपाऊँ भनी अन्तर्राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी दिएकी छु भन्ने उल्लेख भएको देखिंदा निवेदिका अनु प्रधान (ढुंगाना) को उल्लेखित विषयमा उजुरी निवेदन परेको छ छैन ? परेको भए त्यसमा के कस्तो कारवाही आयोगबाट गरिएको छ ? खुलाई पठाई दिनु भनी राष्ट्रिय मानव अधिकार आयोग हरिहर भवन पुल्चोकमा लेखि पठाई जवाफ आएपछि नियम बमोजिम पेश गर्नु भन्ने यस अदालतको मिति २०६०।७।२८ को आदेश ।

१३. नियम बमोजिम पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा प्रत्यर्थी रक्षा मन्त्रालय समेतको तर्फबाट उपस्थित विद्वान उप न्यायाधिवक्ता श्री महेन्द्रबहादुर कार्कीले निवेदिकाको पति सी.एन. (चेतनाथ) ढुंगानालााई प्रत्यर्थी निकायहरुले पक्राउ गरेको र हिरासतमा राखेको छैन । यो यस निकायले पक्राउ गरी अमुक ठाउँमा थुनेर राखेको भन्ने एकिन निवेदन दावी समेत नहुँदा रिट जारी हुनुपर्ने होइन । प्रस्तुत निवेदन खारेज गरिपाऊँ भनी गर्नु भएको वहस समेत सुनी रिट निवेदन सहितको फाइल अध्ययन गरि हेर्दा निवेदन माग बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने हो होइन ? भन्ने विषयमा नै निर्णय दिनुपर्ने देखिन आयो ।

१४. निर्णय तर्फ विचार गर्दा आफ्ना श्रीमान सी.एन. (चेतनाथ) ढुंगानालाई डिल्लिबजार कालिकास्थान स्थित पिपलबोट नजिक भेटने पूर्व सल्लाह भई मिति ०६०।५।४ गते दिउसो दुइबजेतिर सो ठाउँमा जाँदा भेट्न नसकेको र एक दुब्लो पातलो व्यक्तिलाई सादा पोषाकका मानिसहरुले समाती लगेको भनी स्थानीय मानिसहरुले भनेबाट विपक्षी वडा प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालय समेत बुझ्दा पक्राउ गरी नल्याएको भनी भेट्न नदिएको, श्रीमानको स्थिति हालसम्म अज्ञात रहेकोले निजलाई अदालत समक्ष उपस्थित गराई बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी पाउँ भन्ने समेत रिट निवेदन दावीमा निवेदिकाको श्रीमान सी.एन. (चेतनाथ) ढुंगानालाई पक्राउ नगरिएको, पक्राउ गर्न आदेश नदिइएको र हिरासतमा समेत नराखिएको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत प्रत्यर्थीहरुको लिखित जवाफ रहेको देखिन्छ ।

१५. यसमा निवेदिकाले निजको श्रीमानलाई प्रत्यर्थी मध्येको कुन निकायले पक्राउ गरी कुन स्थानमा बन्दी बनाएको हो भन्ने कुराको स्पष्ट निवेदन दावी लिन नसकी डिल्लीबजार कालिकास्थान पिपलबोट नजिकबाट एक दुब्लो पातलो व्यक्तिलाई सादा पोषाकका मानिसहरुले समाति लगेको भनी स्थानीय व्यक्तिहरुले बताएको भन्ने आधारबाट प्रस्तुत रिट निवेदन दिएको पाइयो । प्रत्यर्थी निकायहरुले निवेदिकाको श्रीमानलाई पक्राउ नगरिएको र हिरासतमा नराखिएको भन्ने लिखित जवाफ जिकीर लिएको सन्दर्भमा निवेदिकाका पति सी.एन. (चेतनाथ) ढुंगानालाई कसले कहाँ पक्राउ गरी कुन ठाउँमा कसका हिरासतमा राखिएको हो स्पष्ट खुलाई कागज गराउनु भनी यस अदालतबाट भएको आदेश बमोजिम निवेदिकाले ०६०।७।२६ मा गरिदिएको कागजमा 'विपक्षीहरुको विभिन्न हिरासत तथा ठाउँ परिवर्तन गरिएको भन्ने सुनेकी छु, विभिन्न हिरासत तथा जेलमा बुझ्न जाँदा कुनै व्यहोरा थाहा जानकारी नभएको भन्ने सम्बन्धित अधिकारीहरुको भनाई भएको' भन्ने समेत व्यहोरा लेखाएको देखिन्छ । यसरी निवेदिकाका पतिलाई कसले पक्राउ गरी कुन ठाउँमा कसका हिरासतमा राखिएको भन्ने सम्बन्धमा निजले गरिदिएको उक्त कागजबाट खुलाउन सकेको नदेखिएको स्थितिमा निवेदिकाका पति सी.एन. (चेतनाथ) ढुंगानालाई यो यसले पक्राउ गरी यस ठाउँमा हिरासतमा राखिएको होला भनी अदालत आफैले अनुमान गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । बन्दी बनाइएका भनिएका निवेदिकाका पति सी.एन. (चेतनाथ) ढुंगानाको अवस्था ज्ञात भए पछि एकिन र स्पष्ट स्थिति खुलाई पुनः निवेदन दिनसक्ने हक निवेदिकामा सुरक्षितै रहेको र त्यसरी निवेदन दिएको खण्डमा त्यस तर्फ विचार हुनसक्ने नै हुँदा हाल माग बमोजिमको रिट आदेश जारी गर्न नमिली प्रस्तुत निवेदन खारेज हुने ठहर्छ । फाइल नियमानुसार गरी बुझाई दिनु ।

उक्त रायमा म सहमत छु ।

न्या. गोविन्दबहादुर श्रेष्ठ

इति संवत् २०६० साल मार्ग २४ गते रोज ४ शुभम्

सर्वोच्च अदालत संयुक्त इजलाश
माननीय न्यायाधीश श्री हरिश्चन्द्रप्रसाद उपाध्याय
माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी

सम्बत २०६० सालका रिट नं. १२२

आदेश मितिः२०६०।८।२६

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : वडा प्रहरी कार्यालय, महाराजगन्ज अन्तर्गत प्रहरी विट गोंगवु काठमाडौमा कार्यरत भई हाल जिल्ला प्रहरी कार्यालय हनुमानढोका, काठमाडौमा गैरकानूनी थुनामा रहेका प्रहरी जवान मदन नारायण श्रेष्ठको हकमा अधिवक्ता सत्यनारायण अधिकारी

विरुद्ध

विपक्षी : प्रहरी उपरिक्षक, दीपक रञ्जित, जि.प्र.का. हनुमानढोका,काठमाडौ समेत

- **पक्राउ गरी पहिलो पटक हिरासतमा राख्न अनुमतिको लागि जिल्ला अदालतमा पेश गरी पटक-पटक गरी २५ दिन अनुसन्धानको लागि हिरासतमा राख्ने अनुमति माग भै अदालतबाट अनुमति प्रदान हुँदा कूल दिन २५ मात्र हिरासतमा राख्ने अनुमती प्रदान गरेको देखिन आएको सन्दर्भमा मुद्दा हेर्ने अधिकार प्राप्त अदालतबाट कानून बमोजिम पटक-पटक म्याद थप गरी २५ दिन भन्दा बढी हिरासतमा राख्ने म्याद दिएको नदेखिंदा निवेदन माग बमोजिम गैरकानूनी रुपमा थुनामा राखिएको भन्ने नदेखिनुको अतिरिक्त हाल जिल्ला अदालतमा मुद्दा समेत दायर भै अदालतको आदेश बमोजिम पुर्पक्षका लागि थुनामा रहेकोलाई गैर कानुनी थुनामा रहेको भन्न नमिल्ने ।**

आदेश

- न्या. मीनबहादुर रायमाझी

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ र ८८ (२) बमोजिम पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ ।

२०६०।७।१४ गते प्र.ज. मदन नारायण श्रेष्ठलाई कठोर यातना दिई खानपीन विना जिल्ला प्रहरी कार्यालय हनुमान ढोकामा थुनामा राखिएको भनी जानकारी हुन आएकोले निजको स्थिति बुझ्न जाँदा म्याद थप नभएकोले भेट्न नमिल्ने भनी नाम थाहा नभएका प्रहरी सहायक निरिक्षकले जानकारी गराउदा अपराध अनुसन्धान शाखाका प्र.नि. मिन रावल सँग जाँदा ०६०।७।११ गतेका दिन का.जि.का.म.न.पा. वडा नं. ४ स्थित नयाँ बसपार्कको न्यू पर्वत लेसपार होटलमा एक महिलाको हत्या भएको आरोपमा १३ गते निजलाई गिरफतार गरेर ल्याई अनुसन्धान हुदैछ प्रहरी सङ्गठन भित्रकै मानिस हुँदा अनुसन्धान पछि छाडि हाल्छौ भन्नु भयो । हामीले यातना पाएको अदालतमा म्याद थपको लागि उपस्थित नगराइएकोमा भेटघाट गर्न खानपीन गर्न समेत नदिएकोले भेटन पाउनु पर्छ भन्दा भेट्न नदिई प्र.ना. उपरिक्षकलाई सोध्नु पर्छ भन्नु भयो ।

प्र.ना. उपरिक्षक सँग भेट्न खोज्दा २०६०।७।१७ गते ४.०० बजे भेटन आउनु भनेकोले पुनः २०६०।७।१७ गते भेट गर्न जाँदा म्याद थप गर्न लागि अदालत लगेकोले भेटन नमिल्ने अनुसन्धानको काम सकिएपछि भेटनु होला फोन गर्दै गर्नुस भनी सादा पोषाक लगाएका प्रहरीले भन्नु भयो । निवेदक समेतले प्र.ना.उ.ज्यू सँग भेट्न अनुरोध गर्दा वहाँ हुनुहुन्न भनी भेट्न दिनु भएन । हामीले भेटन पाउनु पर्ने असन्तुष्टी पोखेपछि एक जना सादा पोषाकका प्रहरीले वकिल साहेबहरु मैले भनेको नभन्नु होला धेरै कुटेर मर्ने बाँच्ने दोसाँधमा छ के अदालतमा म्याद थप्न लानु, हस्पिटल नलगी नहुने भएको छ भनी जानकारी पाएपछि निजलाई यातना दिएको पुष्टी भयो ।

अतः उपरोक्त बमोजिम मदन नारायण श्रेष्ठलाई कसैलाई भेटघाट गर्न नदिई चरम यातना दिई कानून व्यवसायीलाई समेत भेट्न नदिई थुनामा राखेको कार्य गैर संवैधानिक तथा गैरकानुनी हुँदा बन्दीप्रत्यक्षीकरणको प्रस्तुत निवेदन लिई उपस्थित भएको छु । सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३२,३३,३४,३५,३६ बमोजिम बन्दीप्रत्यक्षीकरण लगायत अन्य आवश्यक आदेश जारी गरी गैर कानुनी थुनाबाट मुक्त गरिपाऊँ भन्ने समेत व्यहोराको रीट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक ३ (तीन) दिन भित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पठाउनु भनी विपक्षीहरुलाई सूचना पठाई आएपछि नियम बमोजिम पेश गर्नु भन्ने यस अदालत एक न्यायाधीशको इजलासको आदेश ।

मेरी श्रीमती रिता लामालाई २०६०।७।८ गते राती न्यू पर्वत लेसपार रेष्टुरेन्टमा मदन नारायण श्रेष्ठ भन्नेले ल्याएको भन्ने बुझिन आएकोले निज समेत भई कर्तव्य गरी मारेको शंका भएकोले छानविन अनुसन्धान गरिपाऊँ भन्ने समेत व्यहोराको ०६०।७।२१ मा कृष्णलामाको किटानी जाहेरी पर्न आई तत् सम्बन्धी छानविन जारी रहेकै अवस्थामा मिति २०६०।७।२४ मा पक्राउ भै यस कार्यालयमा दाखिला हुन आएका मदन नारायण श्रेष्ठलाई कर्तव्य ज्यान मुद्दामा अनुसन्धान गर्नुपर्ने देखिएकोले ऐ. २५ गते सम्मानित काठमाडौ जिल्ला अदालत समक्ष प्रस्तुत गरी स.मु.स. ऐन, २०४९ को दफा १५ (४) बमोजिम प्रहरी हिरासतमा राखी अनुसन्धान गर्नु भन्ने अनुमति प्रदान भै निज प्रतिवादीको वयान कागज गर्ने लगायतको अनुसन्धान कार्य जारीनै छ । यसरी विपक्षी निवेदकलाई हिरासतमा राखी अनुसन्धान भै रहेकोमा कठोर यातना दिई गैर कानुनी थुनामा राखेको भन्ने जस्ता झुठा कुरा रचि यस कार्यालय समेतलाई विपक्षी बनाई दिएको रिट निवेदन खारेज भागी हुँदा खारेज गरिपाऊँ भन्ने समेत जि.प्र.का. काठमाडौ तथा ऐ. का कार्यालय प्रमुखको लिखित जवाफ ।

विपक्षी निवेदकलाई पक्राउ गर्ने थुनामा राख्ने तथा कठोर यातना दिने समेतको कार्य नगरेकोले म माथि झुट्टा लान्छना लगाई दिएको रिट निवेदन खारेज गरी पाउन सादर अनुरोध छ भन्ने एकै व्यहोराको प्र.ना.उ. माधवप्रसाद जोशी प्र.ना.उ. डेगबहादुर जि.सी. तथा प्र.नि. मीनबहादुर रावल र उपत्यका अपराध अनुसन्धान शाखाको एकै व्यहोराको अलग अलग लिखित जवाफ ।

नियम बमोजिम दैनिक मुद्दा पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा रिट निवेदकको तर्फबाट विद्वान अधिवक्ताहरु श्री अग्नी खरेल, माधव कुमार बस्नेत, तथा श्यामबाबु काफ्लेले निवेदकलाई २०६०।७।१४ गते विना पूर्जि गिरफतार गरी शारिरिक तथा मानसिक यातना दिई थुनामा राखिएको तथा निवेदकलाई ज्यान मुद्दामा अनुसन्धानको लागि बढीमा २५ दिन सम्म मात्रै अदालतको अनुमतिले हिरासतमा राख्न मिल्नेमा २६ औ दिन पनि दिन १ को म्याद थप गरी थुनामा राखिएको कार्य प्रचलित कानून विपरीत भै निवेदकको थुना गैरकानूनी हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश

जारी गरी गैरकानूनी थुनाबाट मुक्त गरिपाऊँ भन्ने तथा प्रत्यर्थी तर्फबाट विद्वान उपन्यायाधिवक्ता श्री महेन्द्रबहादुर कार्कीले निवेदकलाई कर्तव्य ज्यान मुद्दामा परेको उजुरी जाहेरीको आधारमा मिति २०६०।७।२४ पक्राउ गरी २०६०।७।२५ गते म्याद थप गर्न अदालतमा उपस्थित गराइएको अदालतको अनुमतिले हिरासतमा राखी हाल मुद्दा दायर भै कारवाहीको अवस्थामा रहेको हुँदा निवेदकलाई गैर कानुनी थुनामा नभै कानून बमोजिमनै थुनामा राखिएको हुँदा झुठा रिट निवेदन खारेज गरिपाऊँ भनी वहस प्रस्तुत गर्नु भयो ।

विद्वान कानून व्यावसायीहरुको वहस जिकिर सुनि पुनरावेदन पत्र सहित मिसिल समेत अध्ययन गरी रिट निवेदन माग बमोजिमको आदेश जारी गर्नुपर्ने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

निर्णय तर्फ विचार गर्दा विपक्षीहरुले निवेदक मदन नारायण श्रेष्ठलाई कसैलाई भेटघाट गर्न नदिई चरम यातना दिई थुनामा राखेको कार्य गैर संवैधानिक र गैरकानूनी हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरिपाऊँ भन्ने रिट निवेदनको मुख्य दावी भएकोमा विपक्षी निवेदकलाई कृष्णलामाको जाहेरीले श्री ५ को सरकार वादी तथा प्रतिवादी निज मदन नारायण श्रेष्ठ भएको कर्तव्य ज्यान मुद्दाको शिलशिलामा २०६०।७।२४ गते पक्राउ भै अनुसन्धान गर्नुपर्ने देखिएकोले २०६०।७।२५ गते सम्मानित काठमाडौ जिल्ला अदालत समक्ष प्रस्तुत गरी स.मु.स. ऐन, २०४९ को दफा १५(४) बमोजिम हिरासतमा राखी अनुसन्धान गर्ने अनुमति प्राप्त भै हाल थुनामा रहेको छन भन्ने लिखित जवाफ रहेको देखियो ।

यसमा निवेदक तर्फका विद्वान अधिवक्ताहरुले वहसको क्रममा निवेदकलाई मिति २०६०।७।२४ मा पक्राउ गरी सोही मितिले २६ दिन अर्थात २०६०।८।१९ मा अदालतमा मुद्दा चलाउनु पर्नेमा पक्राउ भएको २६ औ दिन २०६०।८।१९ मा अदालतमा दिन १ को म्याद थप माग गरी २६ औ दिनमा समेत प्रहरी हिरासतमा राख्न म्याद थप गरेको जिल्ला अदालतको आदेश समेत त्रुटिपूर्ण तथा अधिकार विहिन हुँदा २६ औं दिन पछि मुद्दा दर्ता गरी गरेको थुनछेक आदेश समेत कानूनी त्रुटिपूर्ण हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी भै थुनामुक्त हुनुपर्छ भनी वहसको क्रममा उल्लेख गर्नु भएको पाइयो । निवेदक उपर काठमाडौ जिल्ला अदालतमा दायर भएको कर्तव्य ज्यान मुद्दाको सक्कल मिसिल तथा हिरासतमा राख्न म्याद थप गरी दिने आदेश सहितको सक्कल किताब अवलोकन गर्दा निवेदकलाई मिति २०६०।७।२५ मा पहिलो पटक दिन ५, मिति २०६०।८।१ मा दोश्रो पटक दिन ९, मिति २०६०।८।९ मा तेश्रो पटक दिन ५, मिति २०६०।८।१५ मा चौथो पटक दिन ५ तथा मिति २०६०।८।१९ मा पाँचौ पटक दिन १ को हिरासतमा राख्ने म्याद थप गरिदिएको देखियो । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४ उपधारा (६) मा "पक्राउ गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाई पक्राउ भएको ठाउँबाट बाटाको म्याद बाहेक चौविस घण्टा भित्र मुद्दा हेर्ने अधिकारीका समक्ष उपस्थित गराउनु पर्छ" भन्ने व्यवस्था गरेको देखिन्छ । निवेदकलाई मिति २०६०।७।२४ गते पक्राउ गरी मिति २०६०।७।२५ मा पहिलो पटक हिरासतमा राख्न अनुमतिको लागि काठमाडौं जिल्ला अदालतमा पेश गरी पटक-पटक गरी २५ दिन अनुसन्धानको लागि हिरासतमा राख्ने अनुमति माग भै अदालतबाट अनुमति प्रदान हुँदा कूल दिन २५ मात्र हिरासतमा राख्ने अनुमती प्रदान गरेको देखिन आयो । अत निवेदकलाई मुद्दा हेर्ने अधिकार प्राप्त अदालतबाट कानून बमोजिम पटक-पटक म्याद थप गरी २५ दिन भन्दा बढी हिरासतमा राख्ने म्याद दिएको नदेखिंदा निवेदन माग बमोजिम गैरकानूनी रुपमा थुनामा राखिएको भन्ने नदेखिनुको अतिरिक्त हाल काठमाडौ जिल्ला अदालतमा मुद्दा समेत दायर भै अदालतको आदेश बमोजिम पुर्पक्षका लागि थुनामा रहेको देखिई निवेदक गैर कानुनी थुनामा रहेको भन्न मिल्ने नदेखिंदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनसक्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ ।

उक्त रायमा सहमत हुने सहयोगी माननीय न्यायाधीश श्री हरिश्चन्द्रप्रसाद उपाध्याय निर्णय सुनाई सकेपछि दस्तखत हुनु भन्दा अगाडि परलोक हुनु भएकोले दस्तखत हुन नसकेको व्यहोरा प्रमाणित गर्दछु ।

न्या. मीनबहादुर रायमाझी

इति संवत् २०६० साल मार्ग २६ गते रोज ६ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री दिलीप कुमार पौडेल
माननीय न्यायाधीश श्री रामनगिना सिंह

सम्वत् २०६० सालको रिट नं. ५२

आदेश मितिः २०६०।१२।१८

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : जि. सप्तरी वरही वीरपुर गा.वि.स.वा.नं. ६ मा गैरकानूनी रुपले थुनिएको भनी उल्लेख भएकी श्रीमती इन्दुदेवी झा समेत

विरुद्ध

विपक्षी : जि.सप्तरी वरही वीरपुर गा.वि.स.वा.नं. ६ मा बस्ने हिरालाल झा समेत

- **अदालतको आदेश बमोजिम निवेदकले गरिदिएको कागजमा उल्लेखित ठेगानामा पुनरावेदन अदालत मार्फत खानतलासी गर्दा थुनामा रहेका भनिएका व्यक्ति आफ्नै घरमा अन्य छोराहरुका साथमा रहेको, हामीहरुलाई कसैले पनि कहिल्यै पनि थुनामा राखेको छैन भनी डोरमा भनेको समेत व्यहोरा खुलाई मुचुल्का गरिदिएको र उक्त मुचुल्कामा यी निवेदक स्वयं, थुनामा रहेका भनिएका व्यक्ति विपक्षी समेतका रोहवरमा बसी सहिछाप गरिदिएको उक्त मुचुल्काबाट देखिन आउँदा बन्दी भनिएकी व्यक्ति आफैनै घरमा छोरासँग साथमै रही बसी रहेको र निजहरुलाई थुनामा नराखेको भनी बुझिएको समेत व्यहोरा खुलाई खानतलासी कार्यमा खटिने पु.वे.अ.समेतको प्रतिवेदन प्राप्त भै सम्बन्धित खानतलासी मुचुल्कामा समेत सोही व्यहोरा खुलाई यी निवेदक र बन्दी भनिएका व्यक्ति समेतले रोहवरमा सहिछाप गरिदिएको उल्लेखित अवस्थामा माग बमोजिम रिट जारी गर्नुपर्ने औचित्य र अवस्था समेत नहुने ।**

आदेश

- न्या. दिलीपकुमार पौडेल

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३।८८(२) अन्तर्गत यस अदालत समक्ष पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ ।

श्रीमान तथा पिता विनोदानन्द झाकै कारण हामी निवेदिकाहरुलाई र अन्य सदस्य समेतलाई २०३८ साल देखि लगातार रुपमा पटक-पटक अपहरण गरी बेपत्ता पारी शारीरिक एवं मानसिक यातना समेत दिदै आएका छन् । यी विपक्षीहरुले आफू तथा प्रहरी सेना प्रशासक समेतलाई हातमा लिई र उनीहरुले समेत यिनीहरुलाई हातमा लिई कहिले थुन्ने, छोड्ने, बेपत्ता पार्ने, यातना दिने आदि कामहरु गर्दै आई राखेका छन् । यिनीहरुकै कारणबाट निवेदिकाहरु बाहेक म विनोदानन्दको परिवारका कोही सदस्यहरु गाउँ घरमा नभै बाहिरै रहे, बसेका छन् । तर अहिले पत्ता लागे अनुसार निवेदिकाहरु विपक्षीहरुका घरमा थुनि राखिएका छन् । विपक्षीप्हरुले नेपाल अधिराज्यको संविधानको धारा ११(१), ११ (२), ११ (३),१२, १४(१)

१५(१) समेतबाट प्राप्त हकहरु उपभोग गर्नबाट वञ्चित गरेका हुँदा हामीहरुलाई गैर कानुनी थुनाबाट मुक्त गरी हाम्रो अन्य सदस्यहरु समेतलाई भविष्यमा यस्ता गैरकानूनी काम व्यवहार गर्न नपाउने गरी समेत श्री ५ को सरकारको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेशको साथै हामीहरुलाई थुनुवामा राख्दा ठाउँ सारी समेत गर्नसक्ने हुँदा खोज तलास गरी हाजिर गराउने समेतका परमादेशको आदेश समेत जारी गरिपाऊँ भन्ने समेत व्यहोराको निवेदन पत्र ।

श्री ५ को सरकार मन्त्रिपरिषद सचिवालयले के कस्तो कार्य गरेको निवेदनबाट स्पष्ट नहुँदा मन्त्रिपरिषद सचिवालयबाट लिखित जवाफ मगाई रहनु परेन । यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? लिखित जवाफ लिई आफै वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनु भनी म.प.सचिवालय बाहेकका अन्य विपक्षीहरुलाई सूचना पठाई दिनु भन्ने समेत व्यहोराको यस अदालतको मिति ०६०।५।१२ को आदेश ।

यस अदालतको मिति ०६०।१०।१२ को आदेश बमोजिम निवेदक विनोदानन्द झाले मिति ०६०।१०।१३ मा कागज गरी खुलाई दिएको ठेगानामा खानतलासी गरी तयार भएको मुचुल्का तथा खान तलासी गर्ने पुनरावेदन अदालत राजविराजका शाखा अधिकृत नारायण दाहालको प्रतिवेदन सहित मिसिल संलग्न रहेको ।

यस अदालतबाट जारी भएको म्यादमा विपक्षीहरुको लिखित जवाफ प्राप्त नभएको ।

नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत निवेदन सहितको मिसिल कागजात अध्ययन गरी हेर्दा यसमा निवेदन माग बमोजिमको आदेश जारी गर्नुपर्ने हो होइन भनी निर्णय दिनुपर्ने हुन आयो ।

निर्णय तर्फ विचार गर्दा निवेदिकाहरु समेतका अन्य सदस्यहरुलाई विपक्षीहरुले पटक-पटक अपहरण गरी बेपत्ता पार्ने गरेको र हाल विपक्षीहरुको घरमा थुनामा राखिएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी गैरकानूनी थुनाबाट मुक्त गरी अन्य सदस्यहरु समेतलाई भविष्यमा यस्ता गैरकानूनी काम व्यवहार गर्न नपाउने गरी श्री ५ को सरकारको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्नेनै थुनामा रहेका भनिएका इन्दु देवी झा र सुरुची मृदुला झाका हकमा निवेदक विनोदानन्द झाबाट प्रस्तुत मूल माग दावी रहेको देखिन्छ । निवेदकले विपक्षी महलमा उल्लेख गरेका मध्येका विपक्षी श्री ५ को सरकारका तर्फबाट निवेदिकाहरुलाई गैरकानूनी थुनामा राख्न के कस्तो भूमिका रहेको हो सो सम्बन्धमा निवेदनमा केही उल्लेख भएको नदेखिएको एवं सोही आधारमा श्री ५ को सरकारबाट लिखित जवाफ माग नभएको अवस्था यस अदालतबाट भएको मिति ०६०।५।१२ को आदेशबाट देखिन्छ । लिखित जवाफ माग भएका विपक्षीहरुबाट समेत लिखित जवाफ प्राप्त नभएको प्रस्तुत रिट निवेदनमा थुनामा राखिएको भनिएका व्यक्तिहरुलाई विपक्षीहरुले के कस्तो रित सँग कहिले देखि थुनामा राखेको हो भन्ने सम्बन्धमा निवेदकले स्पष्ट सँग खुलाउन सकेको देखिदैन । यस अदालतको मिति २०६०।१०।१२ को आदेश बमोजिम निवेदक विनोदानन्द झाले यस अदालतमा गरिदिएको कागजमा उल्लेखित ठेगानामा पुनरावेदन अदालत राजविराज मार्फत खानतलासी गर्दा थुनामा रहेका भनिएका इन्दु देवी झा र सुरुची मृदुला झा आफ्नै घरमा अन्य छोराहरुका साथमा रहेको, हामीहरुलाई कसैले पनि कहिल्यै पनि थुनामा राखेको छैन भनी डोरमा भनेको समेत व्यहोरा खुलाई मिति ०६०।१०।१९ मा मुचुल्का गरिदिएको र उक्त मुचुल्कामा यी निवेदक स्वयं, थुनामा रहेका भनिएका इन्दु देवी झा मृदुला सुरुची झा, विपक्षी हिरालाल झा एवं जीवानन्द झा समेत रोहवरमा बसी सहिछाप गरिदिएको उक्त मुचुल्काबाट देखिन आएको छ । बन्दी भनिएकी आमा इन्दुदेवी झा र छोरी सुरुची मृदुला झा आफैनै घरमा छोरा तनमय प्रतीदानन्द झा समेत सँग साथमै रही

बसी रहेको र निजहरुलाई थुनामा नराखेको भनी बुझिएको समेत व्यहोरा खुलाई खानतलासी कार्यमा खटिने पु.वे.अ. राजविराजका शाखा अधिकृत नारायणप्रसाद दाहाल समेतको प्रतिवेदन प्राप्त भै सम्बन्धित खानतलासी मुचुल्कामा समेत सोही व्यहोरा खुलाई यी निवेदक र बन्दी भनिएका इन्दुदेवी झा एवं सुरुची मृदुला झा समेतले रोहवरमा सहिछाप गरिदिएको उल्लेखित अवस्थामा निवेदन माग बमोजिम रिट जारी गर्नुपर्ने औचित्य र अवस्था समेत नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । दायरीबाट यस रिट निवेदनको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनु ।

उक्त रायमा म सहमत छु ।

न्या. रामनगिना सिंह

इति संवत् २०६० साल चैत्र १८ गते रोज ४ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलाश
माननीय न्यायाधीश श्री खिलराज रेग्मी
माननीय न्यायाधीश श्री बलराम के.सी.

सम्बत् २०६० सालको रि.नं. १६७

आदेश मितिः २०६१।२।८

विषय : बन्दीप्रत्यक्षीकरण ।

निवेदक : कोरीयन नागरिक हाल कारागार शाखा जगन्नाथ देवल अन्तर्गत भद्रबन्दी गृहमा थुनामा रहेको कोजीमा दायक्षुको हकमा लक्ष्मी प्रजापती (महर्जन)

विरुद्ध

विपक्षी : अध्यागमन विभाग भृकूटी मण्डप काठमाडौं समेत

- **कानूनको वैकल्पिक उपचारको व्यवस्था नभएको अवस्थामा मात्र सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्र अन्तर्गत रिट क्षेत्रमा प्रवेश गर्न पाइने संवैधानिक भएकोमा प्रस्तुत विषयमा पुनरावेदन गर्ने वैकल्पिक कानूनी उपचारको मार्ग कानूनमा स्पष्ट व्यवस्था हुँदा हुँदै निवेदकले सो मार्ग अवलम्बन गरेको नदेखिने ।**

- **एक पटकको निर्णय उपर पुनरावेदन नगरी यस अदालतको असाधारण अधिकार क्षेत्र अन्तर्गत रिट निवेदन दिन नमिल्ने ।**

- **पुनरावेदनको मार्ग अप्रभावकारी छ भनी निवेदकले देखाउन सकेको अवस्था नहुँदा कानूनी वैकल्पिक उपचारको प्रभावकारी बाटो भएको विषयवस्तुमा रिट क्षेत्रबाट निर्णय गर्नु प्रकृयागत हिसाबले उपयुक्त नहुने ।**

- **छुट्टै अभियोग लगाएको नभै एकै मुद्दामा शुरु र पुनरावेदन तहबाट कानून बमोजिम निर्णय फैसला भएको देखिंदा अ.वं.८५ नं. प्रतिकूल भयो भन्न मिल्ने देखिन नआउने ।**

आदेश

- न्या. खिलराज रेग्मी

नेपाल अधिराज्यको संविधान २०४७ को धारा २३/८८(२) बमोजिम यस अदालतमा पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यस प्रकार छः

म निवेदक कोरीयन पासपोर्टबाट २००१ डिसेम्बर २३ नं.अर्थात मिति २०५८।८।७ गते ३ महिनाको भिसा लिई नेपालमा रहेको असहाय बाल बच्चाको आर्थिक तथा शैक्षिक सहयोगको लागि आएकोमा नेपालको वस्तुस्थिति बुझ्ने क्रममा पोखरा जाँदा दुर्घटनामा परी आवश्यक कागजात चोरी भएको, ड्राइभरको मृत्यु भएकोले निजको घर इलाममा गई फर्कदा विर्तामोडमा चाउमीन खानलाग्दा हतियार सहितका प्रहरीले २०५८।१०।५ मा पक्राउ गरी जिल्ला प्रहरी कार्यालय काठमाडौं बुझाइयो । सो प्रहरी

कार्यालयबाट कुटपीट गरेपछि उपचारको लागि वीरअस्पताल लाने भन्ने बहाना बनाई अध्यागमन विभागमा पेश गरेकोमा म सँग नाम र ठेगाना सोधी अन्य व्यहोरा आफैले लेखि २७-०४-१९९९ बाट १६-१-२००२ सम्म बिना भिसा नेपालमा बसेको भनी अमेरिकी डलर ६४७०।०० र जरिवाना रु.२५,०००।- तिर्नुपर्छ भनी मिति २०५८।१०।८ मा भनेकोमा मैले पैसा नतिरेपछि मलाई थुनामा राख्न पठाइयो ।

मैले अध्यागमन ऐन, २०४९ विपरीत कुनै कार्य नगरेकोमा सोही ऐनको दफा ५(१)(२) को विपरीतको कसूर भनी अस्वाभाविक रकम माग गरी थुनामा राखेको कार्य बदनियत र गैरकानूनी भएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भनी मैले सम्मानित अदालतमा दिएको बन्दीप्रत्यक्षीकरणको निवेदनमा २०६०।२।२३ गते अ.वं.१९३ नं.को प्रकृया पूरा नभएकोले नागरिक अधिकार ऐन, २०१२ को दफा १२ बमोजिम निजलाई थुनामा राखेको कार्य गैरकानूनी भएकोले गैरकानूनी थुनाबाट मुक्त गरी अ.वं.१९३ नं.को प्रकृया पूरा गर्नु भनी आदेश भए पश्चात बन्दीगृहबाट अध्यागमन विभागमा उपस्थित गराई पुनः रकम माग गरी अर्को त्रुटिपूर्ण थुनुवा पूर्जि दिएबाट सो उपर पुनरावेदन अदालत पाटनमा पुनरावेदन दिएकोमा २०६०।७।१३ मा अध्यागमनको निर्णय नमिलेकोले बदर गरी अब सर्वोच्च अदालतबाट बन्दीप्रत्यक्षीकरणको निवेदनमा भएको आदेश समेतलाई मध्यनजर राखी निर्णय गर्नु भनी फैसला भयो ।

अध्यागमन विभागबाट मिति २०६०।७।२८ गते दिएको पत्रमा बिना राजधानी, बिना भिसा नेपालमा बसेकोले भिसा तथा विलम्ब दस्तुर अमेरिकी डलर ६,४७०।- र नेपाली रु.४७,५४८।०३ र अध्यागमन ऐन, २०४९ को दफा १०(४) बमोजिम रु.२५,०००।- जरिवाना रकम सम्बन्धमा थुनामा रहनु भएको मिति २०५८।१०।८ देखि हालसम्म ६५९ दिनको दैनिक रु.२५।- का दरले हुने रु.१६,४७५।- कटाउँदा तपाईले बुझाउनु पर्ने रकम रु.५६,०६३।०३ देखिंदा सो रकम बुझाउन सक्दिन भनी कागज गर्नु भएकोले दण्ड सजायको ५३ नं.बमोजिम २०६६ साल मार्ग २० गतेसम्म थुनामा बस्न भनी अ.वं.१२१ नं.बमोजिम थुनुवा पूर्जि दिइयो ।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा १४(१) तथा अ.वं.७३, ८५ नं.विपरीत एउटै कसूरमा एक पटक भन्दा बढी सजाय गर्न नमिल्नेमा सो को प्रतिकूल हुने गरी गरेको निर्णयको आधारमा दिएको थुनुवा पूर्जि समेत दण्ड सजायको ३८ (२) नं.विपरीत हुँदा विपक्षीहरुको गैरकानूनी थुनाबाट मुक्त हुन बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने समेत व्यहोराको निवेदन पत्र ।

यसमा निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? बाटाका म्याद बाहेक ३ दिन भित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नु भनी विपक्षीका नाउँमा सूचना पठाउनु भन्ने यस अदालतको आदेश ।

निवेदक कोरियन नागरिक बिना भिसा नेपाल भित्र बसेकाले यस विभागबाट मिति २०५८।१०।८ मा भएको निर्णय बमोजिम भिसा तथा विलम्ब शुल्क अमेरीकन डलर ६,४७०।- र अध्यागमन ऐन, २०४९ को दफा १०(४) बमोजिम जरिवाना रु.२५,०००।- जरिवाना भएकोमा सो रकम दाखिल गर्न नसकेको कारण थुनामा रहेको र यस विभागको २०६०।३।२ को निर्णय अनुसार यस विभागको निर्णयमा चित्त नबुझे पुनरावेदन गर्न जनाउँ दिएको निजले पुनरावेदक अदालत पाटनमा पुनरावेदन गर्दा कहिलेसम्म कैदमा बस्नुपर्ने हो र डलरको हकमा नेपाली रुपैयामा परिवर्तन गरी कहिले सम्म कैदमा बस्नुपर्ने हो, कानून बमोजिम निर्णय गर्नु भन्ने उल्लेख भै आएको देखिंदा सो फैसला बमोजिम २०५८।१०।८ मा निजलाई लागेको दण्ड जरिवाना समेत निजले बुझाउन सक्दिन भनी कागज गरेबाट दण्ड सजायको ५३ नं.बमोजिम दैनिक रु.२५।- का दरले कट्टा हुने गरी कानून बमोजिम थुनामा राखिएको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको अध्यागमन विभागको लिखित जवाफ पत्र ।

नियम बमोजिम दैनिक मुद्दा पेशी सूचीमा चढी यस इजलाश समक्ष पेश हुन आएको प्रस्तुत निवेदनमा निवेदक तर्फका विद्वान अधिवक्ता मोहन बहादुर बन्जारा क्षेत्रीले एउटै कसूरमा दुई पटक सजाय गर्न मिल्ने होइन । अध्यागमन विभागबाट मागेको धरौटी कानूनी सम्मत छैन । ऐनको मनसाय भन्दा बढी सजाय गर्न मिल्ने होइन । अध्यागमन विभागको निर्णयमा पुनरावेदन गर्न पाउने नपाउने सम्बन्धमा केही बोलिएको छैन । तसर्थ माग बमोजिमको आदेश जारी हुनुपर्दछ भन्ने र विपक्षी तर्फबाट विद्वान उपन्यायाधिवक्ता श्री महेन्द्र बहादुर कार्कीले निवेदक गैरकानूनी रुपमा बिना भिसा नेपाल सरहदमा बसेकोमा अध्यागमन ऐन, २०४९ बमोजिम तिर्नुपर्ने रकमको लागि अध्यागमन विभागबाट भएको आदेश बमोजिमको रकम तिर्न सक्दिन भनी कागज गरेबाट कानून बमोजिम निजलाई थुनामा राखिएको हुँदा रिट खारेज हुनुपर्दछ भनी गर्नु भएको बहस समेत सुनी मिसिल अध्ययन गरी हेर्दा निवेदन माग बमोजिमको आदेश जारी हुने हो होइन भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो ।

निर्णय तर्फ विचार गर्दा निवेदकले यस भन्दा अघि पनि बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भनी अध्यागमन विभाग समेत उपर यस अदालतमा दिएको रि.नं.४८२ को बन्दीप्रत्यक्षीकरणको निवेदनमा अ.व.१९३ नं.को प्रकृया पूरा गरेको नदेखिंदा सो समेतको प्रकृया पूरा गर्नु भनी परमादेशको आदेश जारी भए पश्चात अध्यागमन विभागले मिति २०६०।३।२ मा गरेको निर्णय उपर निवेदकको पुनरावेदन अदालतमा पुनरावेदन परेकोमा सो अदालतबाट २०६०।३।२ को अध्यागमन विभागको निर्णय बदर भै पुनः निर्णयको लागि अध्यागमन विभागमा पठाएपछि सो कार्यालयबाट निवेदकलाई अ.वं. १९३ नं.बमोजिमको म्याद समेत दिई २०६०।७।२८ मा भएको निर्णयानुसार निवेदकलाई अ.वं. १२१ नं.बमोजिम थुनुवा पुर्जि दिई सकेपछि प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदन यस अदालतमा परेको देखिन्छ ।

अध्यागमन ऐन, २०४९ को दफा ११ अनुसार अध्यागमन विभागले गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन गर्नसक्ने कानूनी व्यवस्था भएको पाइन्छ । निवेदकलाई अ.वं.१९३ नं.बमोजिम पुनरावेदनको जानकारी समेत दिई अध्यागमन विभागबाट निर्णय भएको देखिन्छ । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(२) बमोजिम कानूनको वैकल्पिक उपचारको व्यवस्था नभएको अवस्थामा मात्र सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्र अन्तर्गत रिट क्षेत्रमा प्रवेश गर्न पाइने संवैधानिक व्यवस्था देखिन्छ । तर प्रस्तुत विषयमा पुनरावेदन गर्ने वैकल्पिक कानूनी उपचारको मार्ग कानूनमा स्पष्ट व्यवस्था हुँदा हुँदै सो मार्ग अवलम्बन निवेदकले गरेको देखिदैन । एक पटक सोही विभागको मिति २०६०।३।२ को निर्णय उपर पुनरावेदन गर्ने पुनरावेदकले २०६०।७।२८ को सोही विभागको निर्णय उपर पुनरावेदन नगरी यस अदालतको असाधारण अधिकार क्षेत्र अन्तर्गत रिट निवेदन दिन मिल्ने देखिदैन । पुनरावेदनको मार्ग अप्रभावकारी छ भनी निवेदकले देखाउन सकेको अवस्था पनि छैन । तसर्थ, कानूनी वैकल्पिक उपचारको प्रभावकारी बाटो भएको विषयवस्तुमा रिट क्षेत्रबाट निर्णय गर्नु प्रकृयागत हिसाबले उपयुक्त हुँदैन । जहाँसम्म एउटै मुद्दामा पटक-पटक कारवाही चलाई निर्णय गर्नु अ.वं. ८५ नं. विपरीत हुन्छ भन्ने प्रश्न छ, छुट्टै अभियोग लगाएको नभै उपरोक्त बमोजिम एकै मुद्दामा शुरु र पुनरावेदन तहबाट कानून बमोजिम निर्णय फैसला भएको देखिंदा अ.वं.८५ नं.प्रतिकूल भयो भन्न मिल्ने देखिन आएन ।

जहाँसम्म दण्ड सजायको ३८(२) नं.विपरीत अ.वं.१२१ नं.बमोजिमको पूँर्जि दिएको भन्ने निवेदन जिकिर छ सो सम्बन्धमा विचार गर्दा प्रस्तुत विषय पुनरावेदन तहबाट हेरिने र सोही तहबाट निराकरण हुने नै भएबाट रिट क्षेत्रबाट यस अदालतले विचार गरी रहने अवस्था भएन । तसर्थ, प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिई मिसिल नियमानुसार बुझाई दिनु ।

उक्त रायमा सहमत छु ।

न्या. वलराम के.सी.

इति सम्बत २०६१ साल जेष्ठ ८ गते रोज ६ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री हरिप्रसाद शर्मा
माननीय न्यायाधीश श्री शारदा श्रेष्ठ

संबत् २०६१ सालको रिट नम्बर २१६

आदेश मितिः २०६१।२।१५

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : जिल्ला रामेछाप, गुम्देल गा.वि.स. वडा नं. १ घर भई हाल जिल्ला प्रहरी कार्यालय, हनुमानढोकामा थुनामा रहेको तेम्डी सेर्पाको हकमा छोटी सेर्पा

विरुद्ध

विपक्षी : श्रम तथा रोजगार प्रवर्द्धन विभाग, काठमाडौं समेत

- **कानून बमोजिम जाहेरी दरखास्त परेपछि निवेदकले जिकिर गरेको करकाप मुद्दा कारवाहीयुक्त अवस्थामा रहेको भन्ने आधारमा मात्र उक्त मुद्दाको अनुसन्धान तहकिकात नै नगरी राख्नुपर्ने भन्न नमिल्ने ।**

- **अनुसन्धान तहकिकातको कार्य सम्पन्न भएपछि मुद्दा चल्ने नचल्ने कुराको निर्णय अधिकार प्राप्त अधिकारीबाट हुने हुँदा सो बमोजिम निर्णय नहुँदै तत्सम्बन्धमा एउटै कसूरमा दोहोरो कारवाही भएको भन्ने जिकिर कानूनसङ्गत देखिन नआउने ।**

- **कानूनले तोकेको प्रकृया अन्तरगत माग भएको धरौट वा जेथा दाखिल हुन नसकेको कारणबाट अदालतको अनुमति लिई कानून बमोजिम नै मुद्दाको अनुसन्धानको सिलसिलामा अधिकार प्राप्त निकायको आदेशले थुनामा राखेको देखिदा यसरी न्यायिक हिरासतमा रहेको व्यक्तिलाई गैरकानूनी थुनामा राखेको भन्न नमिल्ने ।**

आदेश

- न्या. हरिप्रसाद शर्मा

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ र ८८(२) अन्तर्गत यस अदालतमा दर्ता हुन आएको प्रस्तुत रिट निवेदन समेतको संक्षिप्त तथ्य र आदेश यस प्रकार छ ।

२०६० साल भाद्र ७ गते साँझ ६ बजेको समयमा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ७ चावहिल स्थित गोपीकृष्ण हल नगिचबाट प्रत्यर्थी मध्येका शिबबहादुर बस्नेत, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नम्वर १० बस्ने देवबहादुर गुरुङ, ऐ. ऐ. बस्ने सुजन विष्ट समेतका व्यक्तिहरुले मलाई अपहरण गरी सो हल नगिचैको घरमा लगी मेरो इच्छा विपरीत ८।९ वटा कागजहरु गराएकोमा करकाप गर्ने कार्यमा संलग्न विपक्षीहरुलाई सजाय गरिपाऊँ भनी विपक्षी शिबबहादुर बस्नेत समेत उपर काठमाडौं जिल्ला अदालतमा फौ.नं. ४५।१०६९ को मुद्दा दर्ता गराई पुर्पक्ष गरी आएको छु ।

मिति २०६१।१।२४ को दिनको १.३० बजे सोही मुद्दासँग सम्बन्धित कागजातको नक्कल उतार्न भनी काठमाडौं जिल्ला अदालतको गेटमा पुग्दा प्रत्यर्थी शिबबहादुर बस्नेत र मैले नचिनेका सादा पोषाकका प्रहरीहरुले मलाई समाती प्रहरी भ्यानमा राखी वडा प्रहरी कार्यालय दरवारमार्गमा लगी २०६१।१।२७ गते साँझ ७ बजे सम्म थुनुवा पुर्जी विनानै थुनामा राखियो । २०६१।१।२७ गते साँझ ८ बजे मलाई प्रहरी भ्यानमा राखी प्रत्यर्थी वडा प्रहरी कार्यालय, बौद्धमा पुऱ्याई मिति २०६१।१।२८ गते दिउँसो १.०० बजे सम्म सो कार्यालयमा राखी ३.३० बजे प्रत्यर्थी श्रम तथा रोजगार प्रवर्द्धन विभागमा पुऱ्याईयो । सो विभागमा पुऱ्याएपछि मैले मेरो गिरफ्तारी वारे जानकारी लिंदा प्रत्यर्थी मध्येको शिबबहादुर बस्नेतले मैले वैदेशिक रोजगारमा पठाई दिन्छु भनी रकम लिएर नपठाएको भनी दिएको जाहेरी दरखास्तको आधारमा विपक्षीहरुले मलाई गिरफ्तार गरेको कुरा जानकारी हुन आयो । जुन लिखतको विषयमा प्रत्यर्थी शिबबहादुर समेत सँग अदालतमा मुद्दा चली रहेकोछ, सो अन्तिम किनारा नभएसम्म श्रम तथा रोजगार प्रवर्द्धन विभागले म उपर मुद्दा चलाउन नपाउनेमा म उपर मुद्दा चलाउने भै सो विभागले २०६१।१।२८ गते थुनुवा पुर्जी दिई जिल्ला प्रहरी कार्यालय, हनुमानढोकाले मलाई थुनामा राखेको छ । मलाई थुनामा राख्ने म्याद थप गर्न २०६१।१।२९ मा काठमाडौं जिल्ला अदालतमा लगेकोमा सो अदालतले आफू समक्ष विचाराधीन रहेको करकाप मुद्दाको सम्बन्धमा विचारै नगरी एउटै कसूरमा दोहोरो कारवाही चलाउन पाउने भन्ने अर्थ लगाई मलाई थुनामा राख्न म्याद थप गरी दियो ।

प्रत्यर्थी मध्येको श्रम तथा रोजगार प्रवर्द्धन विभागले वैदेशिक रोजगार ऐन, २०४२ को दफा १९क.(३) बमोजिम तारेखमा राखी मुद्दा चलाउन पाउने कानूनी व्यवस्थाको विद्यमानता रहे भएको अवस्थामा मलाई थुनामा राखी मुद्दा चलाउने भनी थुनुवा पुर्जी दिने र प्रत्यर्थी काठमाडौं जिल्ला अदालतले उक्त गैरकानूनी कार्यलाई समर्थन जनाउँदै मलाई थुनामा राख्नका लागि म्याद थप गर्ने गरी भएका प्रत्यर्थीहरुका काम कारवाहीबाट म निवेदकलाई नागरिक अधिकार ऐन, २०१२ को दफा ३ द्वारा प्रदत्त नागरिक अधिकार तथा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११(१) (२) र धारा १४(२) द्वारा प्रदत्त हकमा आघात पर्न गएको र आघातित हक प्रचलन गराई लिने अन्य वैकल्पिक उपचारको मार्ग नभएको तथा भएको कानूनी उपचारको मार्ग समेत प्रभावकारी नभएको हुँदा संविधानको धारा २३ र ८८(२) बमोजिम निवेदन गर्न आएको छु । प्रत्यर्थीहरुले मलाई कानून विपरीत बद्नियतपूर्वक थुनामा राखेको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने समेत रिट निवेदन ।

यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक ३ दिन भित्र लिखित जवाफ पेश गर्नु भनी विपक्षीहरुका नाममा सूचना पठाई नियम बमोजिम पेश गर्नु भन्ने यस अदालत एक न्यायाधीशको इजलासबाट २०६१।१।३१ मा भएको आदेश ।

शिबबहादुर बस्नेतको जाहेरीले वादी श्री ५ को सरकार प्रतिवादी तेम्डी सेर्पा भएको वैदेशिक रोजगार मुद्दामा श्रम तथा रोजगार प्रवर्द्धन विभाग काठमाडौंबाट प्रतिवादीलाई पहिलो पटक २०६१।१।२९ बाट म्याद थप गर्न ल्याएकोमा ६(छ) दिनको म्याद थप गरिएको हो । सो कार्यबाट निवेदकको हकमा आघात नपुगेको हुँदा निवेदन खारेज गरिपाऊँ भन्ने समेत काठमाडौं जिल्ला अदालतको लिखित जवाफ ।

सोलुखुम्वु जिल्ला जुवु गाऊँ विकास समिति वडा नं. ९ बस्ने देवबहादुर गुरुङ, ऐ. पावै गाऊँ विकास समिति वडा नं. ८ बस्ने शिब बहादुर बस्नेत र झापा जिल्ला लखनपुर गाऊँ विकास समिति वडा नं. ७ बस्ने सुजन विष्ट समेत तीन जनाले रिट निवेदक तेम्डी सेर्पालाई विपक्षी बनाई २०६०।७।११ मा यस विभागमा वैदेशिक रोजगार ठगी सम्बन्धी जाहेरी दरखास्त दर्ता गराएकाले निज प्रतिवादीलाई उपस्थित गराउन सम्बन्धित प्रहरीलाई लेखी पठाएकोमा निज प्रतिवादीलाई २०६१।१।२८ मा पक्राउ गरी यस विभागमा दाखिल गरेको हुँदा सोही मितिमा थुनुवा पुर्जी दिई थुनामा राखिएको हो । निजलाई थप

अनुसन्धानको लागि काठमाडौं जिल्ला अदालतको अनुमतिले थुनामा राखिएको छ । निजसँग धरौट माग गर्दा दिन नसकी अदालतको अनुमतिले अनुसन्धानको क्रममा निजलाई थुनामा राखिएको कार्यबाट निजको हक हनन नभएको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत श्रम तथा रोजगार प्रवर्द्धन विभागको लिखित जवाफ ।

निवेदकसँग वैदेशिक रोजगारको विषयमा केही कुरा बुझ्नुपर्ने भै निजलाई पक्राउ गरी उपस्थित गराई दिन श्रम तथा रोजगार प्रवर्द्धन विभागबाट अनुरोध भई आएको हुँदा खोज तलास गर्दा निज २०६१।१।२७ गते बेलुका यस कार्यालयको एरियामा फेला परेकोले २४ घण्टा भित्रै २०६१।१।२८ मा सो विभागमा उपस्थित गराइएको सम्म हो । सो बाहेक यस कार्यालयबाट निज विरुद्ध कुनै काम नगरिएको हुँदा निवेदन खारेज गरिपाऊँ भन्ने समेत वडा प्रहरी कार्यालय,बौद्धको लिखित जवाफ ।

वैदेशिक रोजगार मुद्दाको अनुसन्धानको क्रममा केही कुरा बुझ्नु पर्ने भएकोले निज तेम्डी सेर्पालाई उपस्थित गराई दिन श्रम तथा रोजगार प्रवर्द्धन विभागबाट अनुरोध भई आएकोले सो अनुसार गर्न यस कार्यालयबाट वडा प्रहरी कार्यालय बौद्धलाई लेखी पठाएको हो । सो कार्यालयबाट निजलाई २०६१।१।२७ मा फेला पारी २०६१।१।२८ गते विभागमा उपस्थित गराइएकोमा सो विभागबाट सोही मितिमा उक्त मुद्दाको अनुसन्धानको सिलसिलामा प्रहरी हिरासतमा राखी दिन अनुरोध भई आएको हुँदा यस कार्यालयबाट निज तेम्डी सेर्पालाई प्रहरी हिरासतमा राख्ने सम्मको कार्य भएको हो । निजलाई बद्नियतपूर्वक थुनामा नराखिएको हुँदा निवेदन खारेज गरिपाऊँ भन्ने समेत जिल्ला प्रहरी कार्यालय, काठमाडौंको लिखित जवाफ ।

निवेदकलाई पक्राउ गर्ने तथा थुनामा राख्ने कार्य यस कार्यालयबाट नभएको हुँदा झुट्टा व्यहोरा बनाई दिएको विपक्षीको रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत वडा प्रहरी कार्यालय, दरवारमार्गको लिखित जवाफ ।

निवेदक तेम्डी सेर्पालाई यस कार्यालयबाट पक्राउ गर्ने, थुनामा राख्ने समेतको कुनै कार्य नगरिएको र यस कार्यालयको कुन काम कारवाहीबाट निवेदकको हक हनन हुन गएको हो, सो कुरा उल्लेख गर्न पनि नसकेको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत जिल्ला सरकारी वकिल कार्यालयको लिखित जवाफ ।

यसमा वादी तेम्डी सेर्पा र प्रतिवादी शिब बहादुर बस्नेत समेत भएको स.फौ.नं. ४५।१०६९ को करकाप मुद्दाको मिसिल पेशीका दिन इजलास समक्ष देखाई फिर्ता लैजाने गरी काठमाडौं जिल्ला अदालतबाट झिकाउने र वैदेशिक रोजगार सम्बन्धी मुद्दाको सम्बन्धित अनुसन्धानको क्रममा रहेको मिसिल पेशीका दिन महान्यायाधिवक्ताको कार्यालय मार्फत झिकाई नियम बमोजिम पेश गर्नु भन्ने यस अदालतको २०६१।२।१३ को आदेश ।

नियम बमोजिम पेश हुन आएको प्रस्तुत रिट निवेदनमा रिट निवेदक तर्फबाट विद्वान अधिवक्ता द्वय श्री सानुराज पोखरेल र द्वारिका प्रसाद भट्टराईले रिट निवेदकलाई करकापसँग कागज गराएको विषयमा काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भै विचाराधीन अवस्थामा रहेको छ । सोही लिखतको आधारमा दिइएको जाहेरी अनुसार गरिएको अनुसन्धानको कारवाहीबाट निवेदकलाई थुनामा राखिएको छ । यसरी अदालतको विचाराधीन विषयमा निर्णय नहुँदै लिखतलाई वैधता दिई मुद्दा चलाउन मिल्दैन । अनुसन्धान गर्नै परेमा पनि वैदेशिक रोजगार ऐन, २०४२ को दफा १९.क(३) बमोजिम निवेदकलाई तारेखमा राखेर पनि अनुसन्धान गर्न मिल्ने हुन्छ । थुनामै राखी अनुसन्धान गर्नुपर्ने अवस्था छैन । अदालतले म्याद थप गर्दा थुना कानून बमोजिम छ छैन ? विचार गर्नुपर्नेमा सो तर्फ विचारै नगरी थुनामा राख्न अनुमति दिएको छ ।

निवेदकलाई २०६१।१।२४ मा पक्राउ गरी निरन्तर रुपमा गैरकानूनी रुपमा थुनामा राखिएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुना मुक्त गरिनु पर्दछ र विपक्षी जिल्ला प्रहरी कार्यालय काठमाडौं समेतको तर्फबाट विद्वान उप न्यायाधिवक्ता श्री ब्रजेश प्याकुरेलले सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची भित्र परेको वैदिशक रोजगार ऐन, २०४२ अन्तरगतको मुद्दामा अनुसन्धानको क्रममा निवेदकलाई थुनामा राखिएको छ । निवेदकले निजबाट माग भएको धरौट दिन नसकेबाट थुनामा राखी मुद्दाको अनुसन्धान गर्नु परेको हो । निजलाई अदालतको अनुमति लिएर मात्र थुनामा राखिएको छ । मुद्दाको अनुसन्धानको प्रक्रिया पूरा भएपछि मुद्दा चल्ने नचल्ने विषयमा निर्णय हुने हो । निवेदकलाई कानून बमोजिमनै थुनामा राखिएको हुँदा रिट निवेदन खारेज हुनुपर्दछ भनी गर्नु भएको वहस समेत सुनियो ।

रिट निवेदन सहितको फाइल अध्ययन गरी हेर्दा, २०६१।१।२४ मा पक्राउ गरी निरन्तर रुपमा थुनामा राखिएको र करकापबाट गराइएको कागजको आधारमा दिइएको जाहेरीबाट करकाप सम्बन्धमा काठमाडौं जिल्ला अदालतमा चलीरहेको मुद्दालाई प्रभाव पार्ने गरी प्रारम्भ भएको अनुसन्धानको क्रममा थुनामा राखिएको तथा अदालतबाट समेत एउटै कसूरमा दोहोरो कारवाही हुने गरी थुनामा राख्ने अनुमति दिइएको हुँदा सो गैरकानूनी थुनाबाट मुक्त गरिपाऊँ भन्ने समेत रिट निवेदन र शिब बहादुर बस्नेत समेतले दिएको वैदेशिक रोजगार ठगी सम्बन्धी मुद्दामा अनुसन्धानको क्रममा माग भएको धरौट राख्न नसकी रिट निवेदक थुनामा रहेको हो । निजलाई अदालतको अनुमति लिई कानून बमोजिम नै थुनामा राखिएको हुँदा रिट निवेदन खारेज हुनुपर्दछ भन्ने समेत लिखित जवाफ रहेको देखिन्छ ।

निर्णय तर्फ विचार गर्दा, यसमा निवेदकलाई गैरकानूनी रुपमा थुनामा राखिएको हो, होइन ? र निवेदन माग बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने हो, होइन ? भन्ने सम्बन्धमा नै निर्णय दिनुपर्ने देखिन आयो ।

यसमा निवेदकलाई वडा प्रहरी कार्यालय बौद्धको २०६१।१।२८ को पत्रसाथ श्रम तथा रोजगार प्रवर्द्धन केन्द्रमा उपस्थित गराएको देखिन्छ । शिवबहादुर बस्नेत समेतको जाहेरीले वादी श्री ५ को सरकार भएको वैदेशिक रोजगार सम्बन्धी मुद्दामा यी निवेदक प्रतिवादी रहेको हुँदा अनुसन्धानको क्रममा थुनामा रहेको भन्ने देखियो । वैदेशिक रोजगार ऐन, २०४२ को दफा १९क(३) ले 'अनुसन्धान तथा तहकिकात गर्दा अनुसन्धान अधिकृतले अभियुक्तलाई वयानगराई तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने सम्मको पर्याप्त आधार भएमा तारेखमा राख्न, धरौट वा जमानत लिई छाड्न वा जमानत दिन नसकेमा मुद्दा हेर्ने अधिकारीको अनुमति लिइ थुनामा राखी कारवाही गर्न वा एक पटकमा सात दिनमा नबढाई बढीमा तीस दिनसम्म मुद्दा हेर्ने अधिकारीको अनुमति लिई थुनामा राख्नसक्नेछ...' भन्ने व्यवस्था गरेको देखिन्छ । यी निवेदक विरुद्ध वैदेशिक रोजगार सम्बन्धी विषयमा जाहेरी परेको कुरालाई निवेदकले स्वीकारै गरेको देखियो । कानून बमोजिम जाहेरी दरखास्त परेपछि निवेदकले जिकिर गरेको करकाप मुद्दा कारवाहीयुक्त अवस्थामा रहेको भन्ने आधारमा मात्र उक्त मुद्दाको अनुसन्धान तहकिकात नै नगरी राख्नुपर्ने भन्न मिल्ने देखिएन । त्यसमा पनि अनुसन्धान तहकिकातको कार्य सम्पन्न भएपछि मुद्दा चल्ने नचल्ने कुराको निर्णय अधिकार प्राप्त अधिकारीबाट हुने हुँदा सो बमोजिम निर्णय नहुँदै तत्सम्बन्धमा एउटै कसूरमा दोहोरो कारवाही भएको भन्ने निवेदन जिकिर कानूनसङ्गत देखिन आएन । 'प्रतिवादी तेम्डी सेर्पाले अनुसन्धानका क्रममा पछि ठहरे बमोजिम हुनेगरी हाललाई रु. ४,२६,०००। (चारलाख छब्बीस हजार) नगदै वा सो वरावरको जेथा धरौटी दिए साधारण तारेखमा राख्ने र दिन नसके अदालतको अनुमति लिइ हिरासतमै राखी थप अनुसन्धान गर्ने'भनी अनुसन्धान अधिकृतबाट २०६१।१।३१ मा आदेश भएकोमा माग बमोजिमको धरौट आज राख्न सक्दिन सकेमा पछि राख्नेछु भनी सोही मितिमा यी निवेदकले कागज गरेको र सो धरौट राख्न नसकेकै कारणले अदालतबाट म्याद थप भई अनुसन्धानको क्रममा थुनामा रहेको देखियो । निवेदकबाट

धरौट माग गर्दा तथा निजलाई थुनामा राख्दा समेत वैदेशिक रोजगार ऐन, २०४२ को दफा १९क.(३) अनुरुप भए गरेको देखियो । अतः निवेदकलाई कानूनले तोकेको प्रकृया अन्तरगत निजबाट माग भएको धरौट वा जेथा दाखिल हुन नसकेको कारणबाट अदालतको अनुमति लिई कानून बमोजिम नै मुद्दाको अनुसन्धानको सिलसिलामा अधिकार प्राप्त निकायको आदेशले थुनामा राखेको देखिन्छ । यसरी न्यायिक हिरासतमा रहेको व्यक्तिलाई गैरकानूनी थुनामा राखेको भन्न मिल्ने देखिएन । तसर्थ बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहन परेन । निवेदन खारेज हुने ठहर्छ । फाइल नियमानुसार गरी बुझाई दिनु ।

उक्त रायमा म सहमत छु ।

न्या. शारदा श्रेष्ठ

इति संबत् २०६१ साल जेष्ठ १५ गते रोज ६ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री मोहन प्रसाद शर्मा
माननीय न्यायाधीश श्री कृष्णजंग रायमाझी

२०५१ सालको रिट नं. ३४०२

आदेश मितिः २०६१।३।५

विषयः- बन्दीप्रत्यक्षीकरण ।

निवेदक : म्याग्दी जिल्ला घतान गा.वि.स. वडा न ६ गलेश्वर घर भै हाल म्याग्दी कारागार शाखामा थुनामा रहेका रविन्द्र कार्कीको हकमा एकाघरको बाबु रुद्रबहादुर कार्की के.सी.

विरुद्ध

विपक्षी : म्याग्दी जिल्ला अदालत समेत

- **प्रमाणहरुको औचित्यमा प्रवेश गरी अधिकार प्राप्त अदालतमा विचाराधीन मुद्दामै इन्साफ गर्ने कार्यमा हस्तक्षेप हुने गरी असाधारण अधिकार क्षेत्रबाट आदेश मिले नमिलेको हेर्न कानून सङ्गत नदेखिने ।**

- **बालबालिका सम्बन्धी ऐन, २०४९ को दफा ५०(१) ले मुद्दा हेर्न अधिकारीलाई ऐनमा उल्लेखित अवस्थामा बालकलाई थुनामा राख्न उपयुक्त हुदैन भन्ने लागेमा मुद्दाको पुर्पक्षका लागि थुनामा नराख्ने आदेश दिनसक्ने स्वविवेकीय अधिकार दिएको सम्म देखिदा यसलाई बाध्यात्मक व्यवस्था भन्न नमिल्ने ।**

- **एउटै अभियोग लागेको निवेदक समेतका प्रतिवादीहरुको वारदातमा संलग्नता, तिनका भूमिका, वारदातको अवस्था र परिस्थिति समेतलाई मध्यनजर राख्दा निवेदकलाई पुर्पक्षका लागि थुनामा राख्नुपर्ने गरी जिल्ला अदालतले गरेको पर्चामा कारण सहितको प्रमाण आधारहरु प्रष्ट खुलेको हुँदा अ.वं १२४(ग) को विपरीत भयो भन्न नमिल्ने ।**

आदेश

- न्या. कृष्णजंग रायमाझी

१. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३।८८ (२) अन्तर्गत पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त व्यहोरा यस प्रकार छः

२ म निवेदक वर्ष १४ को रविन्द्र कार्की समेत उपर ज्यान सम्बन्धीको महल १३ (३) नं. को माग दावी गर्दै प्रहरी प्रतिवेदन दायर भएकोमा विपक्षी नं. १ बाट मिति २०५०।१०।१७ मा निवेदकको हकमा अ.वं ११८ न.. को देहाय दफा २ अनुसार थुनामा राखि मुद्दाको पुर्पक्ष गर्ने आदेश भयो । उक्त आदेश उपर म निवेदकले विपक्षी नं.२ मा अ.वं. १७ नं. अनुसार उक्त आदेश वदर गरि पाउँ

भनी निवेदन गरेकोमा विपक्षी नं. २ ले उक्त आदेश सदर गर्ने गरि मिति २०५०।१२।१२ मा आदेश भयो । उक्त आदेशहरु गैरकानूनी एवं त्रुटिपूर्ण भएको व्यहोरा निम्नानुसार निवेदन गर्दछु ।

३. म निवेदकको जन्म २०३६।५।११ मा भएकोमा हाल मेरो उमेर १४ वर्ष मात्र भएको छ जसको पुष्टी जन्मकुण्डली र कालेश्वर मा.वि. म्याग्दीबाट २०४८।१।२८ प्राप्त चरित्रको प्रमाण पत्रबाट पुष्टी हुन्छ । तर १४ वर्षको उमेर नपुगी एस.एल.सी परिक्षा दिन नमिल्ने हुँदा १ वर्षको उमेर बढाएको छु । मेरो वास्तविक उमेर १४ वर्ष मात्र छ । विपक्षी नं १ मा २०५०।१०।१०मा वयान गर्दा प्रमण सहित उल्लेख गरेको छु । २०५०।१०।६ मा मेरो घाउ जाँच हुँदा निवेदकको मानसिक अवस्था अस्थीर भएको भन्ने उल्लेख भएबाट शारिरिक अवस्था ठीक नभएको प्रष्ट छ । उक्त प्रमाणहरुलाई अवलोकन नै नगरि अ.वं. ११८ देहाय २ अनुसार थुनामा राखेको आदेश त्रुटिपूर्ण एवं गैरकानूनी छ । बालबालिका सम्बन्धी ऐन, २०४८ को बालबालिकाको हक अधिकार संरक्षणको लागि वनेको एक विशेष ऐन हो । बालबालिकाको सम्बन्धमा बेग्लै प्रकृतिको कार्यविधि अवलम्बन गरी विरोध किसिमको उपचारको आवश्यकता पर्दछ । ऐ. ऐनको दफा ५५(६) बमोजिम बालबालिकाको मुद्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ को कार्यविधि अपनाउनुपर्ने हुन्छ । त्यसको विपरीत सामान्य कार्यविधि अन्तर्गत कारवाही र किनारा गरेको कार्य त्रुटिपूर्ण भै ऐ. को दफा ५५(६) को निस्तेज पारेको छ ।

४. विपक्षी नं. १ ले आदेश पर्चा गर्दा प्रत्येक प्रतिवादीको हकमा अलग अलग कारण सहित विवेचना गरी आदेश गर्नु पर्ने व्यवस्था अ.वं. १२४ ग ले गरेको छ । सो बमोजिम नगरी ७ जना प्रतिवादीको सम्बन्धमा एकमुष्ट कारण खोली थुनामा राख्ने गरेको विपक्षी नं. १ र २ को आदेशमा न्यायिक मनको अभाव भै अ.वं. १२४ ग नं. को त्रुटि भएको छ । प्रहरीमा भएको मेरो सावितीं वयानलाई आधार लिएको पनि कानून सम्मत छैन । किनकी मैले अदालतमा वयान गर्दा कुटपिट डर त्रास एवं शारीरिक यातना दिइ बाध्य भै साविती वयान गरेको भन्ने उल्लेख गरेका छु । २०५०।१०।६ मा निवेदकको घाउ जाँच भएबाट सो कुरा पुष्टी हुन्छ । प्रहरीमा भएको साविती वयानलाई मान्यता दिनु प्रमाण ऐनको दफा ९(२) (क) को (२) एवं संविधानको धारा १४(४) प्रतिकूल छ । प्रहरी हिरासतमा रहँदा कानून व्यवसायी समेतलाई भेटघाट गर्न नदिएबाट संविधानको धारा १४(४) को हकबाट वञ्चित भएको छ । अतः उक्त तथ्यहरुको आधारमा म्याग्दी जिल्ला अदालतको मिति २०५०।१०।१७ को आदेश एवं सो आदेशलाई सदर गरेको पुनारवेदन अदालत पोखराको मिति २०५०।१२।१२ को आदेशबाट बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ७, ११(३), १४,५०(१) ५५(६) को वर्खिलाप गरेको र नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११(१)(३), १२(१)(२) को (घ), १४(१) तथा ४, ५ द्वारा प्रदत्त हक समेत अबरुद्ध भएकोले बन्दीप्रत्यक्षीकरण वा उपयुक्त आदेश जारी गरि निवेदकलाई गैर कानून थुनाबाट मुक्त गरि पाउँ भन्ने समेत रिट निवेदन रहेछ ।

५. यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? विपक्षीहरुबाट लिखित जवाफ मगाई आइ सकेपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु भन्ने यस अदालत एक न्यायाधीशको इजलासबाट मिति २०५१।१।१७ मा भएको आदेश ।

६. रिट निवेदकको हकमा तत्काल प्राप्त प्रमणबाट कसूरदार हुन भन्ने मुद्दा संकलित मिसिल प्रमाणहरुबाट देखिन आएकोले निजलाई अ.व. ११८ नं. को देहाय २ बमोजिम थुनामा राखि पुर्पक्ष गर्ने आदेश भएको, सोही आदेशलाई पुनरावेदन अदालत पोखराबाट सदर आदेश भएको छ । यस

अदालतबाट भएको आदेशबाट निवेदकको कुनै हकहनन् नभएबाट रिट निवेदन खारेज गरि पाऊ भन्ने समेत म्याग्दी जिल्ला अदालतको लिखित जवाफ ।

७. मुद्दाको कारवाहीको सिलसिलामा सक्षम अदालबाट कानून बमोजिम आदेश भएको अवस्थामा निवेदकको संवैधानिक हक अधिकार हनन भएको भन्ने कुरा कानून नमिल्ने भएकोले विपक्षीको निवेदन खारेज गरि पाउन सादर अनुरोध छ भन्ने समेत पुनरावेदन अदालत पोखराको लिखित जवाफ ।

८. टेक बहादुर अधिकारीको जाहेरीले वादी श्री ५ को सरकार, प्रतिवादी निज रविन्द्र कार्की समेत भएको कर्तव्य ज्यान मुद्दामा म्याग्दी जिल्ला अदालतको मिति २०५०।१०।१७ को प्राप्त पत्रानुसार उक्त मुद्दाको पुर्पक्षको लागि यस कारागार शाखामा थुनामा राखिएको हो । निजको रिट निवेदनमा लिइएका जिकिरहरु निराधार एवं कपोलकल्पित हुँदा रिट खारेज गरि पाउन सादर अनुरोध छ भन्ने समेत कारागार शाखा म्याग्दीको लिखित जवाफ ।

९. नियम बमोजिम पेश हुन आएको प्रस्तुत मुद्दामा निवेदक तर्फबाट रहनु भएका विद्वान वरिष्ठ अधिवक्ता द्वय श्री कृष्णप्रसाद भण्डारी, श्री कृष्ण प्रसाद पन्त र अधिवक्ता श्री देवेन्द्र प्रधानले वादी श्री ५ को सरकार प्रतिवादी रविन्द्र कार्की समेत भएको ज्यान मुद्दामा मृतकलाई मार्नु पर्नेसम्मको रिस इवी भएको तथ्य प्रमाण मिसिलबाट देखिदैन । निवेदक नाबालक भएको भन्ने कुरा जन्मकुण्डली र चारित्रिक प्रमाणबाट स्पष्ट भएको हुँदा बालबालिका सम्बन्धी ऐन,२०४८ को दफा ५०(१) अनुसार थुनामा राख्न नहुने स्पष्ट छ । अलग अलग प्रतिवादीहरुको हकमा अलग अलग आधार खुलाई आदेश गर्नुपर्नेमा सो भएको समेत नदेखिंदा निवेदक गैरकानूनी थुनामा बस्नु परेको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्छ भनी र विपक्षी तर्फबाट उपस्थित विद्वान उप सरकारी अधिवक्ता श्री दिनेश अधिकारीले रिट निवेदकले ज्यान मुद्दामा वयान गर्दा उल्लेख गरेको वर्षको एक रुपता नभएबाट नाबालक भनी भन्न नमिल्ने भएको थुनछेकको आदेशमा स्पष्ट आधारहरु लेखेको साथै अधिकार प्राप्त अदालतबाट सबुद प्रमाणका विवेचना गरि गरेको आदेशलाई रिट क्षेत्रबाट गैरकानूनी भन्न नमिल्ने भएबाट रिट निवेदन खारेज हुनुपर्छ भनी गर्नु भएको वहस समेत सुनियो ।

१०. यसमा निर्णय तर्फ विचार गर्दा म नाबालक निवेदकलाई गैरकानूनी तवरबाट भएको म्याग्दी जिल्ला अदालतको मिति २०५०।१०।१७ थुनामा राखि पुर्पक्ष गर्ने भन्ने भएको आदेशबाट गैरकानूनी रुपमा थुनामा बसिरहनु परेको हुनाले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी पाउँ भन्ने रिट निवेदन भएकोमा तत्काल प्राप्त प्रमाणबाट कसूरदार हुन भन्ने कुरा संकलित मिसिल प्रमाणबाट कसूरदार हुन भन्ने कुरा संकलित मिसिल प्रमाणहरुबाट देखिन आएकोले निवेदकलाई अ.वं. ११८ नं. को देहाय २ बमोजिम थुनामा राखि पुर्पक्ष गर्ने आदेश कानून बमोजिम नै भएको जसबाट कुनै हक हनन नभएबाट रिट निवेदन खारेज गरि पाउँ भन्ने लिखित जवाफ भएको पाइन्छ । रिट निवेदक समेतलाई प्रतिवादी बनाइ अधिकार प्राप्त अदालतमा ज्यान मुद्दा दायर भै अदालतले तत्काल प्राप्त प्रमाणहरुको आधारमा प्रमाणहरु समेत उल्लेख गरि पुर्पक्षलाई थुनामा राखेको देखिन्छ । सरकारी वकिलले इजलास समक्ष देखाएको वादी श्री ५ को सरकार प्रतिवादी रविन्द्र कार्की समेत भएको ज्यान मुद्दाको मिसिल अध्ययन गर्दा ज्यान सम्बन्धी महलको १३(३) नं. को अभियोग रहेकोमा निवेदक समेत अन्य अभियुक्तहरु ज्यान मार्ने वारदातमा संलग्न रहेको र एक आपसमा पोल गरी अधिकार प्राप्त अधिकारी समक्षको वयानमा कसूरमा सावित भएको जाहेरवालाले कर्तव्यमा उजुरी दिएको अदालतमा वयान गर्ने प्रतिवादी मध्ये प्रमिला भण्डारी,

रोशनी सर्किनी, मोति सर्किनी समेतले निवेदक रविन्द्र कार्की म समेत कर्तव्यवाला हुन भनी भनेको भन्ने समेतका प्रमाणहरुका आधारमा निवेदकलाई अ.वं. ११८ (२) बमोजिम पुर्पक्षका लागि थुनामा राख्ने आदेश म्याग्दी जिल्ला अदालतबाट भएको देखियो । यी प्रमाणहरुको औचित्यमा प्रवेश गरी अधिकार प्राप्त अदालतमा विचाराधीन मुद्दा मै इन्साफ गर्ने कार्यमा हस्तक्षेप हुने गरी असाधारण अधिकार क्षेत्रबाट आदेश मिले नमिलेको भनी हेर्न कानून सङ्गत देखिदैन । म १४ वर्षको नाबालक भएकोले बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५०(१) ले थुनामा राख्न नहुने र थुनछेक आदेश पर्चा गर्दा प्रत्येक प्रतिवादीहरुको हकमा स्पष्ट रुपमा अलग अलग कारण सहित विवेचना सहित आदेश गर्नुपर्ने अ.वं. १२४(ग) को व्यवस्था विपरीत भएको छ भन्ने रिट निवेदनमा जिकिर रहेको र वहसमा समेत प्रश्न उठाइएको छ । त्यस तर्फ विचार गर्दा प्रथमतः निवेदक समेत उपर ज्यान सम्बन्धीको १३(३) नं. को दावी रहेको र अधिकार प्राप्त अधिकारी समक्षको वयानमा निजको उमेर १६ वर्ष भए भनी लेखाएको देखिएको छ । यस्तो अवस्थामा रिट क्षेत्रबाट प्रमाणको आधारमा ठहर यकिन गर्नुपर्ने कुरामा प्रमाण बुझी ठहर गर्ने अवस्था भएन । फेरी बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५०(१) ले मुद्दा हेर्ने अधिकारीलाई ऐनमा उल्लेखित अवस्थामा बालकलाई थुनामा राख्न उपयुक्त हुदैन भन्ने लागेमा मुद्दाको पुर्पक्षका लागि थुनामा नराख्ने आदेश दिनसक्ने स्वविवेकीय अधिकार दिएकोसम्म देखिन्छ । बाध्यात्मक व्यवस्था देखिदैन । जहाँसम्म अ.वं. १२४(ग) विपरीत आदेश भयो भन्ने छ अड्डाले कुनै अभियुक्तलाई थुनामा राख्दा कारण सहित पर्चा खडा गर्नुपर्छ भनिएको छ । प्रस्तुत मुद्दामा निवेदकलाई के कति कारणले पुर्पक्षलाई थुनामा राख्नुपरेको हो प्रमाण आधार खुलाई पर्चा गरेको देखिन्छ । एउटै अभियोग लागेको निवेदक समेतका प्रतिवादीहरुको वारदातमा संलग्नता, तिनका भूमिका वारदातको अवस्था र परिस्थिति समेतलाई मध्नजर राखि हेर्दा निवेदकलाई पुर्पक्षका लागि थुनामा राख्नु पर्ने गरि म्याग्दी जिल्ला अदालतले गरेको पर्चामा कारण सहितको प्रमाण आधारहरु प्रष्ट खुलेको हुँदा अ.वं १२४ (ग) को विपरीत भयो भन्न मिलेन । यस अवस्थामा पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी पुर्पक्षको लागि रविन्द्र कार्कीलाई थुनामा राख्ने गरेको म्याग्दी जिल्ला अदालतको मिति २०५०।१०।१७ को आदेश बमोजिम पुर्पक्षका लागि थुनामा रहेकोलाई गैरकानूनी थुनामा रहेको भनी मान्न सकिने अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ ।

उक्त रायमा सहमत छु ।

न्या. मोहनप्रसाद शर्मा

इति सम्वत् २०५१ साल आषाड ५ गते रोज १ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री शारदा श्रेष्ठ

संवत २०६० सालको रि.नं. १९९

आदेश मितिः २०६१।३।१६।४

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : मकवानपुर जिल्ला गडी गा.वि.स. वडा नं. ३ घर भै हाल गैरकानूनी थुनामा रहेको शान्तबहादुर वाईवा (लामा) को हकमा निजकी छोरी मिना कुमारी वाईवा

विरुद्ध

विपक्षी : श्री ५ को सरकार, गृह मन्त्रालय, सिंहदरवार काठमाडौं समेत

- **कुनै पनि व्यक्तिलाई कसैले गैरकानूनी रुपमा पक्री कब्जामा लिएको अवस्था पुष्टि भएमा अदालतद्वारा त्यस्तो पक्राउ गर्ने व्यक्ति वा निकाय उपर बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी बन्दी छुट्न सक्ने ।**

- **बन्दी बनाइएका भनिएको व्यक्ति कहाँ कुन अवस्थामा बन्दी छन् भन्ने कुरा निवेदक समेतले अदालतलाई यकिन हुने गरी भन्न नसकेको र सम्पूर्ण लिखित जवाफ प्रस्तुतकर्ताहरुले पनि निवेदकलाई पक्राउ गरेको थुनामा राखेको छैन भनी अनभिज्ञता देखाइएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी बन्दीलाई थुनाबाट मुक्त गर्नसक्ने अवस्था नदेखिने ।**

आदेश

- न्या. रामप्रसाद श्रेष्ठ

१. नेपाल अधिराज्यको संविधान २०४७ को धारा २३।८८ (२) बमोजिम दर्ता हुन आएका प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छ :

२. निवेदक शान्तबहादुर वाईवा (लामा) मकवानपुर जिल्ला गडी गा.वि.स. वडा नं. ३ मञ्जुश्री सामुदायिक वन उपभोक्ता समितिको अध्यक्ष पदमा कार्यरत व्यक्ति हुनुहुन्छ । मिति २०६० साल कार्तिक महिना १३ गते बिहान करिव १०.०० बजे आफ्नो जिम्माको सामुदायिक वन निरीक्षण गरी घर तर्फ फर्कने क्रममा कान्तिराज पथ जितपुरबाट हेटौंडा तर्फ आउँदै गरेको वस नं. ना.१.ख. ९११८ को ध्रुवतारा बस चढेर घर फर्कदै गर्दा सामरीपुल नजिकै उक्त बस रोकी सुपारीटार व्यारेकका सैनिकहरु आर्मी पोसाकमा आई निवेदक शान्तबहादुर वाईवा (लामा) तथा देशी भुलोन समेतलाई लिई सुपारीटार व्यारेक तर्फ गएको र हाल सम्म निजलाई कुन ठाउँमा राखिएको छ भन्ने कसैलाई जानकारी समेत दिइएको छैन । तत्काल प्रत्यर्थी जिल्ला प्रहरी कार्यालय मकवानपुर, सुपारीटार व्यारेक सामरीपुल, मकवानपुरमा गई निजलाई पक्राउ गरिएको वारे बुझ्न खोज्दा कुनै

पनि कुरा थाहा पाउन सकिएन । निजलाई पक्राउ गरेको देख्ने प्रत्यक्षदर्शी सो बसका चालक ध्रुव न्यौपाने, कण्डक्टर उत्तर थापा मगर, मोहनराज स्याङ्तान, प्रेमबहादुर बोम्जन, पुतलीमाया लगायतका व्यक्तिले देखेका छन् । निवेदकको गैरकानूनी थुना सम्बन्धमा मानव अधिकार आयोग लगायतका संस्थामा निवेदन दिँदा पनि निवेदकको वारेमा कुनै कुरा थाहा पाउन सकिएन । निज निवेदकलाई प्रत्यर्थीहरुद्वारा के कति कारणले पक्राउ गरियो ? कुन अवस्थामा राखिएको छ ? भन्ने समेत कुनै कुराको जानकारी दिएको छैन । हालसम्म कुनै अड्डा अदालतमा मुद्दाको सम्बन्धमा म्याद थपको लागि पेश गरेको पनि थाहा छैन । मेरो बुबा शान्तबहादुर वाईवा (लामा) लाई के कुन कसूरमा कसरी राखिएको छ ? भन्ने समेत जानकारी नहुँदा नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११, १२(१), १४(४)(५) समेतद्वारा मेरो बुबा शान्तबहादुर वाईवा (लामा) लाई प्रदत्त वैयक्तिक एवम् मौलिक हकबाट प्रत्यर्थीहरुका काम कारवाहीद्वारा वञ्चित गरिएकोले अन्य वैकल्पिक कानूनी उपचारको अभावमा शान्तबहादुर वाईवा (लामा) लाई यस अदालत समक्ष उपस्थित गराई गैरकानूनी थुनाबाट अविलम्ब मुक्त गरी दिनु भनी प्रत्यर्थीहरुको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निवेदक शान्तबहादुर वाईवा (लामा) को वैयक्तिक स्वतन्त्रताको संरक्षण गरिपाऊँ भन्ने समेतको निवेदन जिकिर ।

३. यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएको मितिले बाटाका म्याद बाहेक ३ (तिन) दिन भित्र सम्बन्धित मिसिलसाथ राखी महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पठाउनु भनी विपक्षीहरुलाई सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियम बमोजिम पेश गर्नु भन्ने मिति २०६०।१२।२४ को कारण देखाउ आदेश ।

४. विपक्षी रिट निवेदकलाई पक्राउ गर्ने तथा थुनामा राख्ने समेतको कार्य यस कार्यालयबाट भए गरेको नपाइएकोले यस कार्यालय विरुद्धको उल्लेखित रिट निवेदन खारेज गरी पाउन सादर अनुरोध छ भन्ने प्रहरी प्रधान कार्यालयको लिखित जवाफ ।

५. यस मन्त्रालयबाट रिट निवेदकहरुलाई पक्राउ गर्ने थुनामा राख्ने आदेश दिइएको छैन । साथै निजको कुनै हक अधिकार हनन् नगरिएको हुँदा सम्मानित अदालतबाट रिट खारेज गरी पाउन सादर अनुरोध छ भन्ने श्री ५ को सरकार गृह मन्त्रालयको लिखित जवाफ ।

६. यस मन्त्रालयले सन्तबहादुर वाईवालाई थुनामा राखेको छैन मन्त्रालयको कुन काम कारवाहीबाट संविधान प्रदत्त हक हनन भएको भनी खोल्न सकेको पनि देखिँदैन, निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको रक्षा मन्त्रालयको लिखित जवाफ ।

७. निवेदक सैनिक हिरासतमा नरहेकोले शाही नेपाली सेनाको कुनै पनि कार्यले निजको मौलिक हक हनन् नभएको स्पष्ट छ, रिट निवेदन खारेज गरिपाऊँ भन्ने शाही नेपाली जङ्गी अड्डाको लिखित जवाफ ।

८. निवेदकलाई यस कार्यालयबाट पक्राउ तथा थुनछेकको कुनै प्रकारको कारवाही पनि भए गरेको छैन । विपक्षी सो सम्बन्धमा कुनै कुराको सोधपुछ गर्न समेत नआएकोले निवेदन खारेज गरिपाऊँ भन्ने समेतको जिल्ला प्रशासन कार्यालय मकवानपुरको लिखित जवाफ ।

९. निवेदकलाई पक्राउ गरेको भनी कतैबाट उजुर परेको पनि छैन, कहिं कतै निज समेतलाई पक्राउ गरेको भनी यस कार्यालयलाई कुनै किसिमको जानकारी समेत नभएको र यस कार्यालय सँग सरोकार नरहेको मानिसलाई पक्राउ नगरिएको हुँदा बुझ्न खोज्दा थाहा पाउन सकिन भन्ने भनाइ राखी दिएको निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको जिल्ला प्रहरी कार्यालय मकवानपुरको लिखित जवाफ ।

१०. निवेदकलाई यस गणबाट पक्राउ गरिएको छैन । यस गणसँग सरोकार नरहेका मानिसलाई पक्राउ नगरिएको हुँदा बुझ्न खोज्दा थाहा पाउन सकिन भन्ने भनाइ राखी दिएको निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको देवीदत्त गण सुपारीटारको लिखित जवाफ ।

११. सन्तबहादुर वाईवालाई कहाँ थुनामा राखिएको छ, छोरी मीना कुमारीबाट खुलाउनु भन्ने यस अदालतको मिति २०६१।२।२७ को आदेशानुसार मिति २०६१।३।११ मा निज मीना कुमारीको कानून व्यवसायीले गरेको कागज मिसिल सामेल रहेको ।

१२. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदक तर्फका विद्वान अधिवक्ता श्री शान्ता सेढाईले २०६०।७।१३ मा आफनो घर फर्कने क्रममा निवेदक ना.१.ख. ९११८ को वस चढी आउँदा सुपारीटार व्यारेकका सैनिकले बस रोकी शान्तबहादुर वाईवालाई पक्राउ गरी लगेको कुरा प्रत्यक्षदर्शीहरु समेत रहेको हुँदा निजलाई पक्राउ गरेको छैन, थुनेको छैन भन्न मिल्ने होइन भन्ने समेतको र विपक्षी तर्फबाट उपस्थित विद्वान उप न्यायाधिवक्ता श्री महेन्द्रबहादुर कार्कीले निवेदकलाई कहाँ के कुन व्यारेकमा कसले पक्राउ गरी राखेका छन निज हाल कहाँ छन भन्ने कुराको यकिन हुन नसकेको अवस्थामा विना कुनै आधार प्रमाण रिट जारी हुनसक्ने होइन खारेज गरिपाऊँ भनी गर्नु भएको वहस समेत सुनियो । प्रस्तुत रिट जारी हुन सक्छ सक्दैन भन्ने कुराको निर्णय दिनुपर्ने देखिन आयो ।

१३. निर्णय तर्फ विचार गर्दा, सन्त बहादुर वाईवाको हकमा निवेदन दिने मीना कुमारी वाईबाले आफ्नो निवेदनमा २०६०।७।१३ को बिहान १० बजे आफ्नो जिम्माको सामुदायिक वन निरीक्षण गरी घर तर्फ फर्कने क्रममा कान्तीराज पथमा ना.१.ख. ९११८ को बस चढेर घर फर्कदै गर्दा सामरी पुल नजिकै उक्त बस रोकी सुपारीटार व्यारेकका सैनिकहरुले सन्तबहादुरलाई समेत लिई सुपारीटार व्यारेक तर्फ गएको कुरा बसका चालक समेतका व्यक्तिले देखेको र निजको अवस्था हाल सम्म पनि थाहा हुन नआएबाट निवेदकलाई बन्दीप्रत्यक्षीकरणको आदेशबाट थुनामुक्त गर्न निवेदन दिएकोमा सम्पूर्ण विपक्षीहरुले निजको थुनाको वारेमा अनभिज्ञता देखाई पक्रने थुन्ने कार्य गरेको छैन भनी लिखित जवाफ फिराएको पाइन्छ ।

१४. सन्तबहादुर वाइवालाई थुनेको भनी निजको हकमा निवेदन दिने निजको छोरी यी निवेदिका मीना कुमारी वाईबाले सुपारीटार व्यारेक सामरीपुल भैंसे मकवानपुरका सैनिकहरुले आफ्नो पितालाई पक्री बन्दी बनाएको भन्ने कुराको मूल आधार प्रत्यक्षदर्शी भनिएका बसका चालक ध्रुव न्यौपाने समेतको भनाइलाई लिएको पाइन्छ तर लिखित जवाफ समेतबाट सो व्यारेकले सो कुरालाई इन्कार गरेको हुँदा बन्दीको अवस्था यकिन हुन सकेको पाइन्न । यस अदालतको आदेशानुसार मिति २०६१।३।११ मा बुझिएकी निज सन्तबहादुरको छोरी मीना कुमारीको कानून व्यवसायीले समेत हाल सन्तबहादुरलाई कसले कहाँ थुनेको छ भनी यकिन रुपमा भन्न नसकी प्रत्यक्षदर्शीहरुले देखेको भन्ने सम्म लेखाई दिएको र निवेदन लेखको प्रकरण नं. ३ मा समेत मानव अधिकार आयोग लगायतका सँस्थामा निवेदन दिँदा समेत कुनै कुरा थाहा पाइएन भन्ने उल्लेख भएको

देखिन्छ । कुनै पनि व्यक्तिलाई कसैले गैरकानूनी रुपमा पक्री कब्जामा लिएको अवस्था पुष्टि भएमा अदालतद्वारा त्यस्ता पक्राउ गर्ने व्यक्ति वा निकाय उपर बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी बन्दी छुटन सक्ने हुन्छ । बन्दी बनाइएका भनिएको सन्तबहादुर कहाँ कुन अवस्थामा बन्दी छन् भन्ने कुरा निवेदक समेतले अदालतलाई यकिन हुने गरी भन्न नसकेको र सम्पूर्ण लिखित जवाफ प्रस्तुतकर्ताहरुले पनि निवेदकलाई पक्राउ गरेको थुनामा राखेको छैन भनी अनभिज्ञता देखाइएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी बन्दीलाई थुनाबाट मुक्त गर्नसक्ने अवस्था देखिएन । यी बन्दी भनिएका व्यक्ति सन्तबहादुरको थुनाको अवस्था यकिन हुने गरी कुनै पनि बेला निवेदन परेका बखत फेरी पनि बन्दीप्रत्यक्षीकरणको निवेदन दिन सकिने नै हुँदा हाल प्रस्तुत रिट जारी गरी रहन पर्ने अवस्था देखिएन । प्रस्तुत निवेदन खारेज हुने ठहर्छ । लगत काटी मिसिल नियमानुसार गरी बुझाई दिनु ।

उक्त रायमा सहमत छु ।

न्या. शारदा श्रेष्ठ

इति सम्वत् २०६१ साल असार १६ गते रोज ४ शुभम् ।

सर्वोच्च अदालत पूर्ण इजलास
माननीय न्यायाधीश श्री हरिप्रसाद शर्मा
माननीय न्यायाधीश श्री दिलीपकुमार पौडेल
माननीय न्यायाधीश श्री बलराम के.सी.

सम्बत् २०६१ सालको फौ.पू.इ.नं. १९

फैसला मितिः २०६१।६।७।५

मुद्दाः बन्दीप्रत्यक्षीकरण ।

पुनरावेदक निवेदक : काठमाडौं जिल्ला जोरपाटी गा.वि.स. वडा नं. ६ घर भै हाल का.म.न.पा. वडा नं. २९ सामाखुसी बस्ने नाबालक विवेक चालिसे समेत

विरुद्ध

प्रत्यर्थी विपक्षी : काठमाडौं जिल्ला जोरपाटी गा.वि.स. वडानं. ६ बस्ने सत्यवती चालिसे समेत

- **नाबालकहरुको आमा प्राकृतिक र कानूनी संरक्षक** (Natural & Legal Guardian) **हुँदाहुँदै विपक्षी बजै नाताकीले पुनरावेदिकाको नाबालक छोराछोरीलाई आफ्नो आमाको संरक्षकत्वबाट वञ्चित गरी जन्माउने आमालाई भेटघाट गर्नसम्म पनि नदिई घरमा सीमित गरी राखेबाट नाबालक बच्चाहरुको कानूनले प्रदान गरेको हिडडुल गर्न पाउने लगायतका स्वतन्त्रताको हक गैरकानूनी तरिकाले अपहरण हुनुका अतिरिक्त आफ्नो आमाको संरक्षकत्वबाट पालनपोषण हुन पाउने हकबाट समेत वञ्चित हुन गएको देखिने ।**

- **बन्दीप्रत्यक्षीकरणको प्रयोजनको लागि खान लाउन नदिई गैरकानूनीरुपले कानून विपरीत प्रहरीले नै थुनामा राखेको हुनुपर्छ भन्ने मात्र नभै कसैलाई कसैले घरमा नजरबन्द राख्नु, इच्छा विपरीत कसैलाई कसैले कोहीसँग भेटघाट गर्न नदिई बन्धक बनाई आवत - जावत, हिंडडुल, घुमफिर, ओहोर-दोहोर, बन्द गरी भेटघाट तथा हिडडुलको अधिकारमा सीमित गर्नु वा प्रतिबन्ध लगाउनु,** House arrest **वा कुनै क्षेत्रको** Area **वा टोल वा जिल्ला वा क्षेत्र आदिको हद तोकी कानून विपरीत ओहोर दोहोर हिडडुलमा लगाइएको प्रतिबन्धले समेत पनि वैयक्तिक स्वतन्त्रता अपहरण हुने ।**

- **नाबालकलाई आमा पुनरावेदिकासँग भेटघाट गर्न नदिई घरमा राखेबाट पनि यी नाबालकहरु आमाको संरक्षकत्वमा रही पालनपोषण शिक्षादीक्षा गर्न पाउने कानूनी हकबाट गैरकानूनी रुपबाट वञ्चित हुनु परेको देखिन आएको हुँदा आमा मञ्जु चालिसेको मञ्जुरी विना निजको संरक्षकत्वमा रहेका नाबालकहरुलाई विपक्षीले वलजफ्ती लगिराखेको र टेलिफोनबाट कुरा गर्न सम्म नदिने र स्कूलमा समेत आमालाई भेट गर्न नदिने अमानवीय कार्य भएको समेत देखिनाले नाबालक छोराछोरीको स्वतन्त्रता सम्बन्धी हक अपहरण भएको देखिने ।**

- **नाबालक छोराछोरीको आमा संरक्षक देखिन आएको स्थितिमा आमा हुँदाहुँदै हजूरआमालाई संरक्षकत्वको अधिकार भएको भन्न नमिल्ने ।**

- **संरक्षकत्व प्रदान गर्न पाउने अधिकार भएकी नाबालकहरुको आमाको मञ्जुरी बेगर हजूरआमाले नाबालकहरुलाई आमासँग भेटघाट गर्न समेत नदिई आफ्नो घरमा लगिराखेको क्रियालाई गैरकानूनी कार्य मान्नु पर्ने ।**

फैसला

- न्या. हरिप्रसाद शर्मा

१. पुनरावेदन अदालत पाटनको मिति २०५७।१०।२७ को फैसला उपर परेको पुनरावेदनमा संयुक्त इजलासका माननीय न्यायाधीशहरु बीच मतैक्य हुन नसकी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) अनुसार पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र निर्णय यसप्रकार छः

२. नेविनाथको नाती मणिराम चालिसेको छोरा का.जि.जोरपाटी गा.वि.स. वडा नं ६ बस्ने शशीराम चालिसेसँग म मञ्जुको मिति २०४५।१०।२१ मा विवाह भै मिति २०४७।३।१७ मा छोरा विवेक र मिति २०४९।७।२४ मा छोरी विविका चालिसेको जायजन्म भयो । मेरो पति शशीराम चालिसे पागल हुनुहुन्छ । मलाई झुक्याई निज पागलसँग विवाह गरिएको थियो । केही वर्ष यता निज पुरै पागल भई घाँटी थिच्न समेत आई मिति २०५४।१।१० गते बिहान खान लाउन नदिई घरबाट निकाला गरी दिएकोले ज्याला मजदुरी गरी बाल बच्चाको शिक्षा दिक्षा गर्दै आइरहेकी छु । मिति २०५७।६।८ मा मेरो सासू समेतसँग जोरपाटी गा.वि.स. अध्यक्षको रोहवरमा छोराछोरी म मञ्जु चालिसेसँग रही पालनपोषण गर्ने कागज समेत भएको छ । मेरो पति शशीराम चालिसेसँग सम्बन्धविच्छेद हुने ठहर्‍याई काठमाडौं जिल्ला अदालतबाट मिति २०५७।८।१५ गते फैसला भएको छ । लोग्नेस्वास्नीको महलको ३ नं. तथा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ४(१) बमोजिम बच्चाबच्चीको संरक्षण गर्ने अधिकार म मञ्जु चालिसेमा रहेको छ । यस्तैमा मिति २०५७।८।२०गते बिहान ९.०० बजे तिर बच्चाको मुख हेरौं र कागज पत्र समेत गरौं भनी प्रहरी चौकी वसुन्धरामा जाउँ भनी उपरोक्त विपक्षीहरु समेत आई नाबालक विवेक र विविकालाई अपहरण गरी विपक्षी मध्येका दिवाकर चालिसे तथा सत्यवतीको घरमा गैरकानूनी बन्दी बनाई थुनामा राखिएको हुँदा आवश्यक खानतलासी पुर्जी समेत जारी गरी छोरा विवेक चालिसे र छोरी विविका चालिसेलाई विपक्षीहरुको गैरकानूनी थुनाबाट मुक्त गरी दिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने निवेदन माग दावी ।

३. यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश किन जारी हुनु नपर्ने हो ? यो आदेश जारी हुन नपर्ने कारण भए मिति २०५७।८।२६।२ का दिन विपक्षी नं. १ र ४ का नाउँमा लिखित जवाफ सहित नाबालक विवेक र विविका चालिसेलाई यस अदालतमा लिई उपस्थित हुन र अन्य विपक्षीका नाउँमा लिखित जवाफ पेश गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना जारी गरी मिति २०५७।८।२६।२ का दिन नियमानुसार पेश गर्नु भन्ने पुनरावेदन अदालत पाटनको मिति २०५७।८।२१ को आदेश ।

४. विपक्षीको रिट निवेदन झुठ्ठा हो । नाबालक विवेक चालिसे र विविका चालिसे आफ्नो पिता र हजुरआमासँग आफू जन्मेको घरमा बसेका छन् । २०५७ सालको दशैंको छुट्टी भए सम्मको लागि बच्चा लान्छु भनी पछि सम्बन्धविच्छेदको फैसला समेत गराएको भन्ने सुनेको हो । विपक्षीले बच्चालाई अपरिचित ठाउँमा राखी यातना समेत दिएकोले भागेर घरमा आएको भन्ने सुनेका छौ ।

आफू जन्मेको घरमा पिता र हजुरआमासँग रहेको बच्चालाई बन्दी भन्न नमिल्ने हुँदा निवेदन खारेज गरिपाऊँ भन्ने विपक्षीहरु रवि चालिसे, गीता चालिसे, प्रल्हाद चालिसे, रमा चालिसे, अच्युतराम चालिसे, सुरेन्द्र चालिसे, शंकरकुमार अधिकारी, विनोद चापागाईको संयुक्त लिखित जवाफ ।

५. विपक्षीको निवेदन झुट्ठा हो । विपक्षीलाई निवेदन दिने हकदैया छैन भने अर्कोतर्फ बच्चाको पिता तथा वडा प्रहरी कार्यालयलाई विपक्षी बनाएको छैन । नाबालक विवेक चालिसे र विविका चालिसे निजको पिता तथा हजुरआमा सत्यवती चालिसेको संरक्षणमा बसेकोले गैरकानूनी थुना र कब्जा भन्न मिल्दैन । विपक्षी मञ्जुको र शशीराम चालिसेसँगको मिति २०५७।९।१५ मा काठमाडौं जिल्ला अदालतबाट सम्बन्धविच्छेद हुने गरी फैसला भएको छ । मिति २०५४।१।१० देखि आफ्नो छोराछोरी र घर समेत छोडी माइतीमा समेत नबसी मनकामना मा.वि. जोरपाटीमा शिक्षक काम गर्ने श्याम मौर्य भन्ने केटासँग विपक्षीले विवाह गरी सकेकीले विपक्षीलाई यो निवेदन दिने हकदैया र अधिकार छैन । दशैंको स्कुल छुट्टीको समयमा माइतीमा समेत नलगी बेपत्ता पारी बच्चाको पढाई समेत विगारेकोले बच्चा राजीखुसी र मञ्जुरीले हाम्रो जिम्मामा आएका हुन् । विपक्षीको ज्यामी कामको आयस्ताले बच्चालाई पढाउन तथा पालनपोषण हुनसक्दैन । विवेक र विविका आफ्ना बाबु र एकाघरको हजुरआमा समेतको संरक्षक भएको अवस्थामा पोइल गएकी विपक्षीलाई नाबालकको संरक्षक हुने हैसियत र अधिकार छैन । दुबै पक्षको रोहवरमा बच्चाको कागज गरिपाऊँ र निवेदन खारेज गरिपाऊँ भन्ने विपक्षी सत्यवती चालिसे र दिवाकर चालिसेको लिखित जवाफ ।

६. २०५७।८।१९ मा विवाहको कुरा चली सोधपुछ गर्दा मैले विवाह गरें र मञ्जु मेरी श्रीमती हुन भन्ने कुरा हामी १०, १२ जनाका बीचमा श्याम मौर्यले भनेका हुन् भन्ने समेतको जगन्नाथ देवकोटाले पुनरावेदन अदालतको आदेशानुसार गरेको वयान ।

७. निवेदकाको आफ्नै निवेदन व्यहोराबाट २०५७।८।१५ मा आफ्नो लोग्नेसँग सम्बन्धविच्छेद गरी बसेको व्यहोरा उल्लेख छ । २०५८।८।३०मा यस अदालतको संयुक्त इजलासमा छलफल हुँदा विवेक चालिसे र विविका चालिसेलाई इजलास समक्ष उपस्थित गराइएको, इजलासबाट निजहरुसँग जानकारी लिंदा आफूहरुलाई अपहरण नगरेको, आफ्नो घरमा हजुरआमासँग रहेको, स्कूलमा पढिरहेको समेत व्यहोरा इजलाशलाई अवगत गराइएको समेत तथ्य छ । अपहरण गरिएको भनिएको बच्चाबच्ची आफ्नो घरमा आफ्नै सम्पतिद्वारा पोषित छन् । घरमा बाबु पागल भए तापनि हजुरआमा सत्यवती चालिसेको संरक्षणमा रहेका हुन् र बच्चाबच्ची स्कूलमा अध्ययन गरिरहेको अवस्था सरस्वती सेकेन्डरी स्कूलको रेकर्डबाट देखिएको हुँदा निवेदकको दावी बमोजिम अपहरण गरी वलजफ्ती बन्दी बनाई राखेको भन्न सकिने अवस्था नभएबाट बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने स्थितिको अभावमा प्रस्तुत निवेदन खारेज हुने ठहर्छ भन्ने पुनरावेदन अदालत पाटनको मिति २०५७।१०।२७ को फैसला ।

८. बन्दीप्रत्यक्षीकरणको निवेदन दिनु भन्दा अगावै वडा अध्यक्षको रोहवरमा २०५७।६।८ मा भएको हामीहरुको कागजबाट नाबालक बच्चाहरु म सँग रहेको पुष्टि हुन्छ । यसै गरी मैले दिएको २०५७।६।१० को सम्बन्धविच्छेदको निवेदनमा नै बच्चाहरु म सँग रहेको उल्लेख छ । मैले दिएको बन्दीप्रत्यक्षीकरणको निवेदनको प्रकरण ३ बाट पनि सत्यवतीले २०५७।८।२०मा अपहरण गरी कब्जामा लिएको पुष्टि हुन्छ । नाबालक बच्चाहरुको पिता पागल भएको कुरा विपक्षीहरु लगायत अदालत समेतले स्वीकार गरेको छ । सम्बन्धविच्छेद भएपछि मूलुकी ऐन, लोग्नेस्वास्नीको महलको ३(२) नं. अनुसार नाबालक बच्चा पाल्ने अधिकार मलाई रहेको छ । यसैगरी बालबालिका सम्बन्धी

ऐन, २०४८ को दफा ४ एवं २२ अनुसार नाबालक बच्चाहरुको संरक्षण गर्न पाउने अधिकार आमामा रहेकोमा सम्बन्धविच्छेद हुँदैमा पोइल गएको सम्भन मिल्दैन ।

९. बच्चाहरु हजुरआमा सत्यवती चालिसेसँग पहिलेदेखि नरहेको, २०५७।८।२० देखि विपक्षीहरुले बन्दी बनाउनु भन्दा अगाडिको मितिको स्कूलको सम्पूर्ण कागजपत्रहरु म सँग रहेको फोटो कपी यसैसाथ पेश गरेकी छु । मेरो संरक्षण कब्जामा रहेका बच्चाहरुलाई विपक्षीहरुले वलजफ्ती आफ्नो कब्जामा लिई अपहरण गरेको कार्य नै गैरकानूनी बन्दी बनाएको पुष्टि हुन्छ । अतः मेरा नाबालक छोराछोरीहरु विवेक चालिसे र विविका चालिसेलाई वलजफ्ती म कानूनी संरक्षक आमाको सहमति विना कब्जा गरी बन्दी बनाएको हुँदा बन्दी नबनाएको ठहराएको पुनरावेदन अदालत पाटनको मिति २०५७।१०।२७ को फैसला उल्टी गरिपाऊँ भन्ने निवेदिकाको यस अदालतमा पर्न आएको पुनरावेदन पत्र ।

१०. मूलुकी ऐन लोग्नेस्वास्नीको महलको ३ को देहाय २ मा पाँच वर्षदेखि माथिका नाबालकलाई पोइल नगएको अवस्थामा आमाले आफै पाल्न चाहेमा निजैले र निजले पाल्न नचाहेमा बाबुले पाल्नुपर्ने कानूनी व्यवस्था रहेको देखिन्छ । प्रस्तुत विवादमा पुनरावेदिकाले आफैले पाल्ने चाहना व्यक्त गरेको स्थितिमा विपक्षी मध्येकी सत्यवतीको कब्जामा रहेका नाबालकहरुले आफ्नी आमाको साथमा नबस्ने भनी इच्छा व्यक्त गरेको भन्ने प्रमाण समेतको अभाव रहेको स्थितिमा निवेदिकाको निवेदन खारेज गर्ने गरेको पुनरावेदन अदालत पाटनको आदेश विचारणीय हुँदा अ.वं.२०२ नं.बमोजिम छलफलको लागि विपक्षीहरुलाई झिकाई आएपछि वा म्याद नाघेपछि नियमानुसार गरी पेश गर्नु भन्ने यस अदालत संयुक्त इजलासको मिति २०५९।८।६ को आदेश ।

११. बालबालिकाहरुलाई थुनछेक गरी बन्दी नबनाई शिक्षादीक्षा अध्ययन गरिरहेका बालबालिकाहरु कसको संरक्षणमा राख्ने भनी निर्णय गर्ने विषयवस्तु पनि बन्दीप्रत्यक्षीकरणको विषयवस्तु भन्दा बाहिरको कुरा हो । यस्तो विवादको कुरालाई बन्दीप्रत्यक्षीकरणको कुरा भित्र नराखी शुरु जिल्ला अदालतबाट हेरिने मुद्दाको क्षेत्राधिकार भित्र राखेको पाइन्छ । यस्तो विवादको निष्कर्षमा पुग्न मुद्दाको अति सूक्ष्म प्रमाणहरु केलाई हेर्नुपर्ने अवस्था देखिंदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारज गर्ने गरेको पुनरावेदन अदालत पाटनको आदेश मनासिव ठहर्छ, पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने समेत माननीय न्यायाधीश श्री भैरवप्रसाद लम्सालको राय र मूलुकी ऐन लोग्नेस्वास्नीको महलको ३ नं. को देहाय २ बमोजिम नाबालक विवेक र विविकाको संरक्षणको अधिकार आमा मञ्जुमा रहने हुँदा आमा मञ्जु चालिसेको संरक्षणबाट हटाई निजहरुको हजुरआमाले आफ्नो संरक्षणमा राखेको कुरा गैरकानूनी देखिनाले निवेदन खारेज गरेको पुनरावेदन अदालत पाटनको निर्णय वदर भै विपक्षीहरुको नियन्त्रणबाट मुक्त गरी आमा मञ्जु चालिसेको जिम्मा लगाई दिनु भन्ने बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ। निवेदन खारेज हुने ठहराएको माननीय न्यायाधीश श्री भैरवप्रसाद लम्सालको रायसँग सहमत हुन नसकेकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१) (क) अनुसार पूर्ण इजलासमा पेश गर्नु भन्ने समेत माननीय न्यायाधीश श्री सुशीला सिंह शिलुको छुट्टै राय सहितको २०६०।१०।२३।६ को फैसला ।

१२. नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदन सहितको मिसिल अध्ययन गरी पुनरावेदक निवेदक तर्फबाट विद्वान अधिवक्ता श्री सतीशकृष्ण खरेलले नाबालक छोराछोरीको संरक्षक मूलुकी ऐन लोग्नेस्वास्नीको महलको ३ नं. ले मेरो पक्ष आमा मञ्जु चालिसे हुने भन्ने स्पष्ट छ । लोग्ने शशीराम पागल भएको र ज्यान मार्ने सम्मको कार्य गरी मेरो पक्षलाई खान लाउन नदिई घरबाट निकाला गरे पनि आफ्नो बालबच्चाको संरक्षण गरेकी छु भनी मेरो पक्ष

मञ्जुले दिएको सम्बन्ध विच्छेद मुद्दामा प्रतिउत्तर लगाउँदा मेरो पक्षलाई संरक्षक नभएको वा संरक्षकले संरक्षण नगरेकोले विपक्षीले आफै संरक्षक हुन पाउँ भनेको अवस्था छैन । गाली बेइज्जती मुद्दाबाट मेरो पक्षको गाली बेइज्जती ठहर भएबाट मेरो पक्ष पोइल पनि नगएको र अर्को विवाह पनि नगरेको पुष्टि भैरहेको हुँदा मेरो पक्ष आमाको संरक्षकत्वबाट बच्चाहरु झिकेर लान पाउने होइन । तसर्थ बन्दीप्रत्यक्षीकरणको रिट जारी गर्ने गरेको माननीय न्यायाधीश श्री सुशीला सिंह शिलुको राय सदर हुनुपर्छ भन्ने बहस गर्नु भयो । प्रत्यर्थी तर्फबाट विद्वान अधिवक्ता श्री बालकृष्ण न्यौपानेले बालबालिका सँग सम्बन्धित विवाद बालबालिका ऐन, २०४८ लागू भइसकेको स्थितिमा सो ऐन बमोजिम गठन भएको जिल्ला अदालतले मात्र विवाद निरोपण गर्नसक्छ । बालबालिका ऐन, २०४८ लागू भएपछि लोग्नेस्वास्नीको महलको ३ नं. निष्प्रयोजित भएको छ । बालबालिका ऐन लागू भएको सन्दर्भमा सो ऐनले बालबालिकाको हित गर्नमा मात्र निर्दिष्ट गरेको र विपक्षी मञ्जु चालिसेको आयश्रोत ज्यालामजदूरी मात्र भएकोले यी बालबालिकाको उचित पालनपोषण शिक्षादीक्षा हुन गाह्रो छ, जुन हजुरआमा सित रहेकोमा राम्रो हुन्छ । बाबु पागल भएपनि निजको पनि संरक्षक हजुरआमाले संरक्षकत्व प्रदान गरेको अवस्था छ, रिट क्षेत्रबाट प्रस्तुत विषयवस्तु हेर्न मिल्दैन । तसर्थ रिट खारेज गरेको पुनरावेदन अदालत पाटनको निर्णय सदर गरेको माननीय न्यायाधीश श्री भैरवप्रसाद लम्सालको राय सदर हुनुपर्छ भनी गर्नु भएको बहस समेत सुनियो

१३. विद्वान कानून व्यवसायीहरुको बहस सुनी निर्णय तर्फ विचार गर्दा, शशीराम चालिसेसँग २०४५।१०।२१ मा विवाह भै २०४७ सालमा छोरा विवेक र २०४९ सालमा छोरी विविकाको जन्म भएको थियो । पति शशीराम चालिसे पागल भएको कारण मलाई घांटी थिच्ने कुटपिट गर्ने गरी मिति २०५४।१।१०गते घरबाट निकाली दिएकोले ज्याला मजदूरी गरी आफ्नो बाल बच्चाको शिक्षादीक्षा आफैले गरी आएकी छु । पतिसँग मेरो सम्बन्ध विच्छेद हुने ठहरी फैसला भएको पनि छ । यस्तैमा मेरो लोग्ने पट्टीबाट विपक्षीहरुको हुलले २०५७।८।२० गते मेरो नाबालक छोराछोरीको अपहरण गरी सासू सत्यवती चालिसेको घरमा मलाई भेटघाट गर्न नदिई बन्दी बनाएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने निवेदन माग दावी भएकोमा लिखित जवाफमा नाबालक विवेक चालिसे र विविका चालिसे निजको पिता तथा हजुरआमा सत्यवती चालिसेको संरक्षणमा बसेकोले गैरकानूनी थुना र कब्जा भन्न मिल्दैन । श्याम मौर्य भन्ने केटासँग विपक्षीले विवाह गरी सकेकीले विपक्षीलाई यो निवेदन दिने हकदैया छैन । दशैंको स्कूल छुट्टीको समयमा माईतीमा समेत नलगी बेपत्ता पारी बच्चाको पढाई समेत विगारेकोले बच्चा राजीखुशी र मञ्जुरीले हाम्रो जिम्मामा आएका हुन् । विपक्षीको ज्यामी कामको आयस्ताले बच्चालाई पढाउन तथा पालनपोषण हुनसक्दैन । आफ्नो बाबु र एकाघरको हजुरआमा समेत संरक्षक भएको अवस्थामा पोइल गएकी विपक्षीलाई नाबालकको संरक्षक हुने हैसियत र अधिकार नहुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत लिखित जवाफ रहेको छ । प्रस्तुत मुद्दाबाट देहाय बमोजिमको विषयमा निर्णय गर्नु पर्ने देखियोः

(१) बाबु आमाको सम्बन्ध विच्छेद भएको अवस्थामा विद्यमान नेपाल कानूनले नाबालक छोराछोरीको पालनपोषण, रेखदेख र संरक्षणमा बाबु आमा मध्ये कसलाई प्राथमिक अधिकार प्रदान गरेको छ ?

(२) सम्बन्ध विच्छेद भएको बाबु वा आमा मध्ये कुनै एकले नाबालक छोराछोरीलाई बलजफ्ती कब्जामा लिई बाबु वा आमालाई भेटघाट गर्न नदिई आफ्नो नियन्त्रणमा राखेकोमा

बन्दीप्रत्यक्षीकरणको रिट जारी हुन सक्छ, सक्दैन ? र छोरा बुहारीको सम्बन्ध विच्छेद भएको अवस्थामा नाती नातीनीको संरक्षक हजुरआमा हुन पाउने वा नपाउने ?

१४. पहिलो प्रश्न तर्फ विचार गर्दा, छोराछोरी हुने बाबु आमाको वैवाहिक सम्बन्ध विधिवत विच्छेद भएमा पांच वर्ष मुनिका नाबालकलाई पाँच वर्ष उमेर नपुगेसम्म आमाले आफैले पाल्न चाहेमा आमाले पाल्न पाउने, यदि आमाले पाल्न नचाहेमा मात्र बाबुले पाल्न पाउने व्यवस्था गरी आमाले पाल्न चाहेमा प्राथमिक अधिकार मूलुकी ऐन लोग्नेस्वास्नीको महलको ३ देहाय १ नं. ले आमालाई नै दिएको देखिन्छ । यसै गरी सम्बन्ध विच्छेद भई आमाले अर्को विवाह नगरेको अवस्थामा पनि आमाले नै पाल्न चाहेमा आमालाई नै छोराछोरी पाल्न पाउने प्राथमिक अधिकार सोही ऐनको ३ को देहाय २ नं. ले प्रदान गरेको देखिन्छ । बालबालिकाको हित संरक्षणको लागि बनेको विशेष ऐन बालबालिका सम्बन्धी ऐन, २०४८ हो । उक्त ऐनको दफा २२ मा बाबु आमा मानसिक अशक्तताको कारण बालकको पालनपोषण तथा रेखदेख गर्न नसक्ने भएमा मात्र त्यस्तो बालकलाई पालनपोषणको लागि संरक्षकको नियुक्ति हुने व्यवस्था भएको देखिन्छ । प्रस्तुत मुद्दामा यी पुनरावेदिकाको पति मानसिक रोगले पीडित भै छोराछोरीको पालनपोषण तथा रेखदेख गर्न नसक्ने अवस्थामा भएको तर नाबालकलाई जन्माउने आमा यी पुनरावेदिका मानसिक एवं शारीरिक रुपमा तन्दुरुस्त भएको मात्र होइन, आफूले जन्माएको दुबै छोराछोरीलाई पाल्न मानसिक एवं आर्थिकरुपले समेत सक्षम एवं प्रयत्नरत रहेको भन्ने देखिन आएको छ ।

१५. प्रस्तुत विवादमा नाबालकहरुको बाबु शशीराम, आमा मञ्जु र हजुरआमा सत्यवती भएकोमा विवाद देखिंदैन । प्रचलित कानून अनुसार बालबालिकाको बाबु, आमा जीवित र तन्दुरुस्त भए सम्म अरुले संरक्षकत्वको अधिकार नपाउने र नाबालकको पालनपोषण गर्नुपर्ने कर्तव्य र दायित्व पनि कानूनले बाबु आमालाई नै तोकी दिएको देखिन्छ । नाबालकहरु पहिले आमा मञ्जु चालिसेको संरक्षकत्वमा रही शिक्षादीक्षा एवं पालनपोषण गरेको भन्ने प्रस्तुत मुद्दाको रिट निवेदन र मञ्जु चालिसेले पति शशीरामसँग सम्बन्ध विच्छेदको मुद्दा दिंदा त्यसमा पनि नाबालकहरुको निजले नै पालनपोषण संरक्षण गरेको भन्ने देखिन्छ । सो सम्बन्ध विच्छेद मुद्दामा पुनरावेदकको पति तथा नाबालक छोराछोरीको बाबु शशीराम चालिसेको तर्फबाट प्रतिउत्तर दिन जोरपाटी गा.वि.स. को सिफारिस सहित छोरा शशीराम केही समयदेखि बहुलाएको कारण अ.वं.८३ नं.को सुविधा लिई पुनरावेदिकाको सासू तथा शशीराम चालिसेको आमा सत्यवती चालिसेले छोराको तर्फबाट प्रतिउत्तर लगाएकोले नाबालकहरुको बाबु शशीराम चालिसे मानसिक रोग लागि बहुलाएको कारण छोराछोरीको पालनपोषण गर्न असमर्थ रहेको भन्ने देखिन्छ । मिति २०५७।६।८ मा जोरपाटी गा.वि.स. को वडाध्यक्षको रोहवरमा भएको सम्बन्ध विच्छेदको कागजमा नाबालकहरु आमा मञ्जु चालिसेसँग बस्ने र छोराछोरीको पालनपोषण पुनरावेदिका आमाले नै गर्ने गरी प्रत्यर्थीको समेत मञ्जुरी भएको देखिन्छ । सम्बन्ध विच्छेद मुद्दामा मञ्जु चालिसेले नाबालकहरु आफ्नो संरक्षकत्वमा रहेको उल्लेख गरेकोमा त्यसमा शशीरामको संरक्षक बनी आमा सत्यवती चालिसेले प्रतिउत्तर लगाउँदा पनि नाबालकहरुको संरक्षक मञ्जु चालिसे होइन भनी उल्लेख सम्म गर्न सकेको देखिंदैन र सो सम्बन्ध विच्छेद हुने ठहरी अन्तिम रहेको समेत मिसिलबाट देखिन्छ ।

१६. यिनै पुनरावेदिका मञ्जु चालिसेले यिनै प्रत्यर्थी सत्यवती चालिसे समेत उपर म कसैसँग पोइल पनि नगएको र विवाह पनि नगरेकोलाई पोइल गएको समेत भनी गाली बेइज्जती गरी बन्दीप्रत्यक्षीकरण मुद्दामा लिखित जवाफ लगाएको भनी दिएको गाली बेइज्जती मुद्दामा गाली बेइज्जती गरेको ठहर भै सो पनि अन्तिम भएर रहेको उक्त गाली बेइज्जती मुद्दाहरुबाट देखिन

आएको समेत छ । नाबालक छोरा विवेक २०४७ सालमा र छोरी विविका २०४९ सालमा जन्मेका भनेबाट निजहरु ५ वर्ष भन्दा बढी उमेरका देखिन आएका छन् । मूलुकी ऐन लोग्नेस्वास्नीको महलको ३ नं. को देहाय २ मा पाच वर्ष देखि माथिका नाबालकलाई आमाले अर्को विवाह नगरेको अवस्थामा आमाले आफैले पाल्न चाहेमा निजैले र निजले पाल्न नचाहेमा वा आमाले अर्को विवाह गरेको अवस्थामा मात्र बाबुले पाल्नुपर्छ भन्ने स्पष्ट कानूनी व्यवस्था भइरहेको देखिन्छ । नाबालक छोराछोरीलाई मेरो संरक्षकत्वमा पालनपोषण शिक्षादीक्षा गरी आएकोमा विपक्षीहरुले अपहरण गरी लगी बलजफ्ती बन्दी बनाएको भनी प्रस्तुत विवाद उठेको र उपरोक्त सम्बन्ध विच्छेद र गाली बेइज्जती मुद्दाहरु समेतबाट निज मञ्जु चालिसे अद्यापि कोही कसैसँग विवाह नगरी रहे बसेको देखिन आएको स्थितिमा नाबालकहरुको आमा मञ्जु चालिसे प्राकृतिक र कानूनी संरक्षक (Natural & Legal Guardian) हुँदाहुँदै प्रत्यर्थी बजै नाताकी सत्यवती चालिसेले पुनरावेदिका मञ्जु चालिसेको नाबालक छोराछोरीलाई आफ्नो आमाको संरक्षकत्वबाट वञ्चित गरी जन्माउने आमालाई भेटघाट गर्न सम्म पनि नदिई घरमा सीमित गरी राखेबाट निज नाबालक बच्चाहरुको कानूनले प्रदान गरेको हिडडुल गर्न पाउने लगायतका स्वतन्त्रताको हक गैरकानूनी तरिकाले अपहरण भएको मात्र होइन, आफ्नो आमाको संरक्षकत्वबाट पालनपोषण हुन पाउने हकबाट समेत वञ्चित हुन गएको देखिन्छ ।

१७. अब दोश्रो प्रश्न तर्फ विचार गर्दा, पुनरावेदिकाको छोराछोरीलाई सासू सत्यवतीले आमासँग भेट गर्न नदिने गरेको भन्ने प्रमाणित भएको छ । पुनरावेदिकाको छोरा विवेक २०४७ सालमा र छोरी विविका २०४९ सालमा जन्मेको भन्ने देखिन्छ । आज फैसला हुँदाको मिति सम्म पनि पुनरावेदिकाको छोराछोरी दुबै नाबालक रहेका देखिन्छन् । छोराछोरीलाई पठन-पाठनको लागि स्कूलमा पढाउन घर बाहिर पठाउने बाहेक सत्यवतीले आमा पुनरावेदिकासँग भेटघाट गर्न समेत नदिने गरेको भन्ने पुनरावेदिकाको आरोपमा लिखित जवाफमा सो खण्डन हुन् नसक्नुको साथै सुनवाईको दिन कानून व्यवसायीको बहस पूरा भएपछि इजलास समक्ष पुनरावेदिका तथा निजको सासू दुबैसँग वास्तविकताको बारेमा जानकारी माग्दा पुनरावेदिकाको छोराछोरीलाई आमासँग भेटघाट बन्द गरी घरमा सीमित गरी राख्ने गरेको भन्ने आरोपमा सासू सत्यवतीबाट कुनै खण्डन नभई सो हदसम्म पुनरावेदिकाको भनाइलाई स्वीकारै गरेको पाइयो ।

१८. बन्दीप्रत्यक्षीकरणको प्रयोजनको लागि खान लाउन नदिई गैरकानूनीरुपले कानून विपरीत प्रहरीले नै थुनामा राखेको हुनुपर्छ भन्ने होइन । कसैलाई कसैले घरमा नजरबन्द राख्नु, इच्छा विपरीत कसैलाई कसैले कोही सँग भेटघाट गर्न नदिई बन्धक बनाई आवत-जावत, हिंडडुल, घुमफिर, ओहोर-दोहोर, बन्द गरी भेटघाट तथा हिडडुलको अधिकारमा सीमित गर्नु वा प्रतिबन्ध लगाउनु, House arrest वा कुनै क्षेत्रको Area वा टोल वा जिल्ला वा क्षेत्र आदिको हद तोकी कानून विपरीत ओहोर दोहोर हिडडुलमा लगाइएको प्रतिबन्धले पनि वैयक्तिक स्वतन्त्रता अपहरण गर्दछ । प्रस्तुत मुद्दामा पुनरावेदिकाको छोराछोरीलाई बज्यै नाताकी सत्यवतीले घरबाट स्कूल र स्कूलबाट घर आउने जाने स्वतन्त्रतामा मात्र सीमित गरी नाबालक बच्चा एवं आमाको इच्छा विपरीत आमासँग भेटघाट गर्न र सो प्रयोजनको लागि हिडडुल गर्न पनि प्रतिबन्ध लगाएको भन्ने प्रमाणित भएको हुँदा पुनरावेदिकाको छोराछोरीको स्वतन्त्रतापूर्वक एवं आफ्नो इच्छानुसार हिडडुल गर्ने हकबाट वञ्चित भएकोमा विवाद छैन ।

१९. मेरो संरक्षकत्वमा पालन पोषण शिक्षादीक्षा गरिरहेका नाबालक छोराछोरीलाई विपक्षीहरुले अपहरण गरी लगी घरमा बन्दी बनाएको भन्दै वडाध्यक्ष समेतको रोहवरमा नाबालकहरुको मैले

पालनपोषण समेत गर्ने गरी कागज समेत भएको र पालनपोषण समेत गरेको भन्ने समेत निवेदनमा उल्लेख गरेकोमा प्रत्यर्थीले सोलाई अन्यथा केही भन्न सकेको देखिंदैन । सो कागजमा प्रत्यर्थी समेतको मञ्जुरी भएको देखिन्छ भने यिनै पुनरावेदिकाले पति शशीरामसँग सम्बन्ध विच्छेद मुद्दा दिंदा नाबालक छोराछोरी आफ्नो संरक्षकत्वमा रहेको उल्लेख गरेकोमा सोमा शशीरामको संरक्षक बनी आमा सत्यवतीले प्रतिउत्तर लगाउँदा पनि नाबालकहरुको संरक्षक मञ्जु चालिसे होइन भनी उल्लेख गर्न सकेको देखिंदैन । तर व्यवहारमा नाबालकलाई आमा पुनरावेदिकासँग भेटघाट गर्न नदिई घरमा राखेबाट पनि यी नाबालकहरु आमा मञ्जु चालिसेको संरक्षकत्वमा रही पालनपोषण शिक्षादीक्षा गर्न पाउने कानूनी हकबाट गैरकानूनी रुपबाट वञ्चित हुनु परेको देखिन आएको हुँदा आमा मञ्जु चालिसेको मञ्जुरी विना निजको संरक्षकत्वमा रहेका नाबालकहरुलाई विपक्षीले वलजफ्ती लगि राखेको र टेलिफोनबाट कुरा गर्न सम्म नदिने र स्कूलमा समेत आमालाई भेट गर्न नदिने अमानवीय कार्य भएको समेत देखिनाले निज नाबालक छोराछोरीको स्वतन्त्रता सम्बन्धी हक अपहरण भएको देखिन्छ । यसरी व्यक्तिले व्यक्तिलाई लगी राखेकोमा व्यक्ति-व्यक्ति पक्ष, विपक्ष भएको विषय बन्दीप्रत्यक्षीकरणको रिट क्षेत्र भित्र पर्न आउने कुरा यसै अदालतको पूर्ण इजलासबाट प्रशन्नध्वज प्रधान विरुद्ध भक्तध्वज प्रधान भएको (ने.का.प. २०५१, नि.नं. ४९५४, पृष्ठ ६०२) बन्दीप्रत्यक्षीकरणको रिटमा स्थापित भैरहेकोबाट प्रस्तुत विवादमा पनि बन्दी प्रत्यक्षीकरणको रिट क्षेत्र आकर्षित नहुने भन्न मिल्दैन ।

२०. माथि गरिएको विवेचनाबाट नाबालक छोराछोरीको आमा मञ्जु चालिसे निजहरुको संरक्षक देखिन आएको स्थितिमा आमा हुँदाहुंदै हजूरआमा सत्यवती चालिसेलाई संरक्षकत्वको अधिकार भएको भन्न मिलेन । संरक्षकत्व प्रदान गर्न पाउने अधिकार भएकी त्यस्ता नाबालकरुको आमा मञ्जु चालिसेको मञ्जुरी बेगर हजूरआमा सत्यवती चालिसेले नाबालकहरुलाई निजहरुको आमासँग भेटघाट गर्न समेत नदिई आफ्नो घरमा लगिराखेको क्रियालाई गैरकानूनी कार्य मान्नु पर्ने हुन्छ ।

२१. तसर्थ निवेदन खारेज गर्ने गरेको पुनरावेदन अदालत पाटनको निर्णय बदर गरी नाबालकहरु विवेक र विविकालाई विपक्षीहरुको नियन्त्रणबाट मुक्त गरी आमा मञ्जु चालिसेको जिम्मा लगाइदिने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहराएको माननीय न्यायाधीश श्री सुशीला सिंह शिलुको राय सदर हुने ठहर्छ । विपक्षीले नाबालक बच्चाहरु विवेक चालिसे र विविका चालिसेलाई काठमाडौं जिल्ला अदालतको रोहवरमा निवेदिका आमा मञ्जु चालिसेलाई जिम्मा लगाइदिनु भनी फैसलाको प्रतिलिपि समेत साथै राखी काठमाडौं जिल्ला अदालतमा लेखी पठाई दिनु । मिसिल नियमानुसार गरी बुझाई दिनु ।

उक्त रायमा सहमत छौं ।

न्या. दिलीपकुमार पौडेल

न्या. वलराम के.सी.

इति सम्बत् २०६१ साल आश्विन ७ गते रोज ५ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलास
मानननीय न्यायाधीश श्री बद्रीकुमार बस्नेत
माननीय न्यायाधीश श्री बलराम के.सी.

सम्वत् २०६१ सालको रिट नं. १३३

आदेश मितिः २०६१।६।८।६

विषयः- बन्दीप्रत्यक्षीकरण ।

रिट निवेदक : काभ्रे जिल्ला पोखरी चौरी गा.वि.स. वाड नं. ६ घर भै काठमाडौं डेरा गरी बस्ने युवराज चौलागाईको हकमा सीतादेवी चौलागाई

विरुद्ध

विपक्षी : श्री ५ को सरकार, गृह मन्त्रालय समेत

- **गिरफ्तार गरेको समयबाट २४ घण्टा भित्र कुनै मुद्दा हेर्ने अधिकारी समक्ष निवेदकलाई प्रस्तुत गरी त्यस्तो मुद्दा हेर्ने अधिकारीको अनुमतिले थुनामा राखिएको भन्ने उल्लेख नभएको हुँदा निवेदक न्यायिक हिरासत** Judicial Custdody **मा रहेको नभइ निवारक नजरबन्द अर्थात** Preventive Detention **मा थुनामा रहेको देखिने ।**

- **निवारक नजरबन्दमा राख्ने कानूनले अपराध हुनुबाट रोक्न अर्थात** Preventive **को काम सम्म मात्र गर्ने हो, निवारक नजरबन्द राख्ने कानून अन्तर्गत सजाय हुन नसक्ने ।**

- **थुनुबाले अपराध गरिसकेको भन्ने देखिदा अपराध घटिसकेपछि** Prevent **गर्ने अर्थात रोक्ने भन्ने प्रश्न नै नआउने ।**

आदेश

- न्या. वलराम के.सी.

१. नेपाल अधिराज्यको सविंधान २०४७ को धारा २३,८८(२) अर्न्तगत पर्न आएको प्रस्तुत रिट निवेदन को संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः

२. मिति २०६०।५।१७ गते बिहान करिब १० बजेको समयमा तिनकुने स्थित निवेदकको कोठामा सुतिरहेको अवस्थामा श्री ५ को सरकार का सुरक्षाकर्मी सादा पोषाकमा आई कोठा खानतलाशी गरि कुनै अबैध चिज फेला नपारेपछि कोठाका सबै सदस्यहरुलाई भित्र वस्न भनी निवेदक युवराज चौलागाईलाई गाडीमा राखी लिएर गएको मितिदेखि सिंहदरवार व्यारेक मा थुनामा राखिएको छ । प्रत्यक्षदर्शीहरुद्वारा के कति कारणले पक्राउ गरियो र कुन अवस्थामा राखिएको छ भन्ने समेत कुनै कुराको जानकारी हालसम्म नदिएको ले नेपाल अधिराज्यको सविंधान एवं कानून विपरीत गैरकानूनी रुपमा थुनामा राखिएकोले निज युवराज चौलागाईलाई सम्मानित अदालत समक्ष उपस्थित गराई गैरकानूनी थुनाबाट मुक्त गरिपाउँ भन्ने समेत को रिट निवेदन पत्र ।

३. यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? बाटाका म्याद बाहेक ३ दिन भित्र लिखित जवाफ पठाउनु भनी विपक्षीहरुलाई सूचना पठाई लिखित जवाफ परेपछि वा अवधि नाघेपछि नियमअनुसार पेश गर्नु भन्ने समेत को यस अदालतको आदेश ।

४. विपक्षी युवराज चौलागाई लाई यस कार्यालयको आदेश पर्चा मा खुलाइएको कारण र आधारमा आतङ्ककारी तथा विध्वंसात्मक कार्य र (नियन्त्रण तथा सजाय) अध्यादेश २०६० को दफा ३ अनुसार ऐ अध्यादेशको दफा ९ अनुसार अनुसन्धानको लागि मिति २०६१।२।४ गते देखि श्री जंग गण सिंहदरवार व्यारेक मा नजरबन्दको पुर्जि दिई कानून बमोजिम नजरबन्द मा राखिएको मा मिति २०६१।४।३० बाट रिहा भै सकेको हँदा रिट खारेज गरि पाउँ भन्ने समेतको विपक्षी जिल्ला प्रशासन कार्यालय को मिति २०६१।५।३ को लिखित जवाफ ।

५. विपक्षी युवराज चौलागाई लाई जिल्ला प्रशासन कार्यालय को आदेश अनुसार नजरबन्दमा राखिएकोमा मिति २०६१।४।३० गते रिहा भैसकेको भन्ने उक्त कार्यालयको बोधार्थ पत्रबाट देखिन आएकोले विपक्षी को रिट निवेदन खारेज गरिपाउँ भन्ने समेतको जिल्ला प्रहरी कार्यालय काठमाडौं को लिखित जवाफ ।

६. यस मन्त्रालय यस विषयमा अनभिज्ञ छ । यस मन्त्रालयको कुन कामकार्वाहीबाट कुन संविधान प्रदत हक हनन् भएको हो ? खुलाउन नसकेकोले रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत को रक्षा मन्त्रालय को लिखित जवाफ ।

७. रिट निवेदक युवराज चौलागाई लाई जिल्ला प्रशासन कार्यालय काठमाडौंको आदेश अनुसार आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश २०६० को दफा ९ अनुसार मिति २०६१।५।४ गतेको मितिबाट मात्र उक्त दफामा उल्लेखित कार्य गर्नबाट रोक्न जरुरी भएको भनी निवेदक लाई श्री जंग गण सिंहदरवार व्यारेकमा नजरबन्दमा राखिएको हो । कानून बमोजिम नजरबन्दमा राखिएकोले विपक्षीका माग बमोजिम आदेश जारी हुनु नपर्ने हुदाँ रिट निवेदन खारेज गरि पाउँ भन्ने समेत को श्री जंग गण व्यारेकक सिंहदरवारको व्यारेको मिति २०६१।५।१० को लिखित जवाफ ।

८. यस मन्त्रालयबाट निजलाई पक्राउ गर्ने, थुनामा राख्ने आदेश दिइएको छैन । निवेदकको कुनै हक अधिकार हनन् नगरिएको हुँदा रिट निवेदन खारेज गरि पाउँ भन्ने समेत को विपक्षी गृहमन्त्रालयको लिखित जवाफ ।

९. जिल्ला प्रशासन कार्यालय को लिखित जवाफबाट निवेदकलाई मिति २०६१।४।३० मा थुनाबाट छाडी सकेको भन्ने उल्लेख भएकोमा विपक्षी मध्ये श्री जंग गण सिंहदरवार को लिखित जवाफबाट मिति २०६१।५।४ गते देखि निवेदकलाई थुनामा राखिएको भन्ने देखिदा निवेदक लाई २०६१।५।४ गते देखि थुनामा राख्ने आदेश जिल्ला प्रशासन कार्यालय काठमाडौंले दिइएको हो होइन ? हो भने सो को पुष्टि हुने प्रमाण समेत राखि जवाफ पठाउन जिल्ला प्रशासन कार्यालय काठमाडौंलाई लेखी जवाफ आए माथि पेश गर्न भन्ने समेतको यस अदालतको आदेश ।

१०. विपक्षी युवराज चौलागाई लाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश २०६० को दफा ३ अनुसार कसूर गरेको देखिएको ले उक्त ऐन को दफा ९ अनुसार

अनुसन्धान कार्वाही को लागि यस कार्यालय को आदेश पर्चामा खुलाइएको कारण र आधारमा मिति २०६१।५।४ गते देखि कारागार शाखा जगन्नाथ देवलमा नजरबन्दको पुर्जि दिई कानून बमोजिम नजरबन्द मा राखिएको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेतको विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौ को मिति २०६१।५।३० को लिखित जवाफ ।

११. नियम बमोजिम दैनिक मुद्दा पेशी सूचीमा चढि यस इजालाश समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदन सहित को सम्पूर्ण मिसिल कागजात अध्ययन गरि रिट निवेदकका तर्फबाट विद्वान अधिवक्ता श्री शान्ता सेढाई ले निवेदक लाई मिति २०६० साल भाद्र १७ गते देखि पक्राउ गरि लामो समय सम्म विना पुर्जि गैरकानूनी रुपमा थुनामा राखी आफन्तहरुलाई समेत भेटघाट गर्न दिइएको छैन र हाल विपक्षी जिल्ला प्रशासन कार्यालयको लिखित जवाफमा मिति २०६१।२।४ देखि नजरबन्दमा राखिएको भन्ने उल्लेख गरि मिति २०६१।४।३० मा छाडिएको भनिएको छ भने थुनामा राखिएको भनिएको श्री जंग गण सिंहदरवार व्यारेकको लिखित जवाफबाट मिति २०६१।५।४ गतेबाट नजरबन्दमा राखिएको भन्ने देखिन्छ । सम्मानित अदालतको आदेश अनुसार विपक्षी जिल्ला प्रशासन कार्यालयले मिति २०६१।५।३० मा पठाएको लिखित जवाफबाट मिति २०६१।५।४ को आदेश अनुसार अनुसन्धान कार्वाहीको लागि कारागार शाखा जगन्नाथ देवलमा नजरबन्दमा राखिएको भनी उल्लेख गरेको पाइन्छ । विपक्षीहरुको यस्तो विरोधाभाषपूर्ण लिखित जवाफ रहेकोले निवेदकलाई विना कसूर गैरकानूनीरुपमा थुनामा राखिएको भन्ने पुष्टि हुन्छ । विपक्षी प्रमुख जिल्ला अधिकारी लाई आतङ्ककारी तथा विध्वंसात्मक (नियन्त्रण तथा सजाय) अध्यादेश विपरीत को कसूर गरिसकेको अवस्थामा अनुसन्धान को सिलसिलामा थुनामा राख्नपाउने अधिकारनै नभएको र नजरबन्दमा राख्ने आदेश गर्दा पनि ९० दिन भन्दा बढी नजरबन्दमा राख्न नपाउनेमा कानूनले प्रदान गरेको अधिकारक्षेत्र भन्दा वहिर गै नेपाल अधिराज्यको सविंधान एवं कानून प्रदत्त वैयक्तिक स्वतन्त्रतामा बन्देज लगाउने गरि सैनिक हिरासतमा राख्ने गरेको समेतका विपक्षीहरुको सम्पूर्ण कामकार्वाही गैरकानूनी एवं त्रुटिपूर्ण भएकोले बन्दीप्रत्यक्षीकरण को आदेश जारी भई कानूनी थुनाबाट निवेदक ले अविलम्ब छुटकारा पाउनुपर्छ भनी प्रस्तुत गर्नुभएको वहस र विपक्षीहरुका तर्फबाट उपन्यायाधिवक्ता ब्रजेश प्याकुरेलले विपक्षी रिट निवेदकलाई आतंकारी तथा विधवंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश २०६० ले दिएको अधिकार प्रयोग गरि सोहि अध्यादेशको दफा ३ मा उल्लेखित कार्य गर्नबाट रोक्न जरुरी भएको भनी कानून बमोजिम नजरबन्दको पुर्जि दिई नजरबन्दमा राखिएको काम कार्वाही कानून अनुरुप कै हुदा माग बमोजिमको आदेश जारी हुन नपर्ने हुँदा रिट निवेदन खारेज हुनुपर्दछ भनी प्रस्तुत गर्नु भएको वहस समेत सुनियो ।

१२. प्रस्तुत रिट निवेदनको निर्णय तर्फ विचार गर्दा निवेदन माग बमोजिमको आदेश जारी हुने हो वा होइन ? सोही कुरामा निर्णय दिनुपर्ने देखियो ।

१३. यसमा रिट निवेदकलाई मिति २०६०।५।१७ मा पक्राउ गरि सो समय देखी नै आफन्तलाई भेटघाट गर्न समेत नदिई थुनामा राखिएकोले गैरकानूनी थुनाबाट मुक्त गरि दिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरि पाउँ भन्ने मुख्य रिट निवेदन जिकिर देखिन्छ । यस सम्बन्धमा जिल्ला प्रशासन कार्यालयको २०६१।५।३ को लिखित जवाफमा निवेदकलाई २०६१।२।४ देखी आतङ्ककारी तथा विध्वसात्मक कार्य नियन्त्रण तथा सजाय अध्यादेश २०६० को दफा ३ को कसूरमा अनुसन्धानको लागि श्री जग गण सिहदरवार नजरबन्दमा राखिएकोमा २०६१।४।३० मा नजरबन्दमुक्त गरेको भन्ने देखिएको छ । तर विपक्षी श्रीजंग गणको लिखित जवाफमा भने जिल्ला प्रशासन कार्यालयको आदेशअनुसार २०६१।५।४ गतेबाट नजरबन्दमा राखेको भन्ने देखिएकोले नजरबन्दमा राखेको

सम्बन्धमा एक अर्कोको लिखित जवाफमा विरोधाभाष भएको हुँदा पुनः लिखित जवाफ माग गरिदा आतङ्ककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण तथा सजाय अध्यादेश २०६० को दफा ३ को कसूरमा अनुसन्धान कार्यका लागि निवेदकलाई उक्त अध्यादेशको दफा ९ को अधिकार प्रयोग गरी कारागार शाखा जगन्नाथ देवलमा नजरबन्दमा राखिएको भन्ने जिल्ला प्रशासन कार्यालय काठमाडौंको मिति २०६१।५।३० को लिखित जवाफबाट देखीयो । नागरिकको वैयक्तिक स्वतन्त्रता जस्तो संवेदनशील विषयमा यस अदालतले मागेको जवाफमा यसरी आपसमा परस्पर बाझिने गरी एउटा निकायले अनुसन्धानका लागि नजरबन्दमा राखेको भने अर्को निकायले त्यसको विपरीत छाडी सकेको भन्ने र पुनः जवाफ माग्दा अनुसन्धानको लागि थुनामा राखेको भन्ने जवाफ प्राप्त भएको हुँदा निवेदकले रिट निवेदनमा उल्लेख गरे बमोजिम गिरफ्तार भएको मिति देखीनै लगातार थुनामा रहेको होकी भन्ने जस्तो देखिन्छ ।

१४. मिति २०६१।५।३० को जिल्ला प्रशासन कार्यालय काठमाडौंको लिखित जवाफमा आतङ्ककारी तथा विध्वसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश २०६० को दफा ३ को कसूर गरेको देखिएकोले अनुसन्धानको लागि थुनामा राखेको भन्ने उल्लेख छ तर गिरफ्तार गरेको समयबाट २४ घण्टा भित्र कुनै मुद्दा हेर्ने अधिकारी समक्ष निवेदकलाई प्रस्तुत गरी त्यस्तो मुद्दा हेर्ने अधिकारीको अनुमतिले थुनामा राखिएको भन्ने उल्लेख नभएका हुँदा निवेदक न्यायिक हिरासत Judicial Custdody मा रहेको नभइ निवेदक प्रशासकीय अधिकारीको आदेशले निवारक नजरबन्द अर्थात Preventive Detention मा थुनामा रहेको भन्ने देखियो । सरकारी वकिलबाट प्राप्त फाइल र निवेदकलाई थुनामा राख्ने पूर्जि हेर्दा पूर्जिमा आतङ्ककारी तथा विध्वंसात्मक कार्य ( नियन्त्रण तथा सजाय) अध्यादेश २०६० को दफा ३ को कसूर गरेको देखिएकोले अनुसन्धानको लागि निवेदकलाई थुनामा राखिएको भनेको देखिन्छ । उक्त अध्यादेश निवारक नजरबन्दमा राख्ने कानून होइन । अध्यादेशमा अपराधको परिभाषा गरी सजाय समेत गर्ने व्यवस्था गरिएकोले अध्यादेश दण्डनीय कानून हो । अध्यादेशको दफा ९ एउटा दफामा मात्र निवारक नजरबन्द राख्ने व्यवस्था भएको देखिन्छ । नजरबन्द राख्ने सम्बन्धी दफा ९ बाहेक अध्यादेशको अन्य सबै व्यवस्थाहरुले अध्यादेशलाई दण्डनीय कानून Penal Law भन्नु पर्ने हुन्छ । अध्यादेशको दफा ३ मा कसूरको परिभाषा गरिएको दफा १० मा सजायको व्यवस्था गरिएको, दफा १५ मा मुद्दा हेर्ने अधिकारी र पुनरावेदनको व्यवस्था र दफा १६ मा अध्यादेश अन्तर्गतको मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूचीको १ मा समावेस भएको कारणले गर्दा कसूर वा अपराधको प्रहरीले अनुसन्धान गर्ने र सरकारी वकिलले मुद्दा चल्ने नचल्ने निर्णय गर्ने व्यवस्था भएको देखिन्छ । निवारक नजरबन्दमा राख्ने कानूनले अपराध हुनुबाट रोक्न अर्थात Preventive को काम सम्म मात्र गर्ने हो, निवारक नजरबन्द राख्ने कानून अन्तर्गत सजाय हुन सक्तैन । निवारक नजरबन्दमा राख्ने कानूनको श्रोत नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १५ मान्न पर्दछ । कसैबाट नेपालको सार्वभौम सत्ता अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा असर पर्ने काम हुन सक्ने पर्याप्त आधार भएमा तोकिएको अधिकारको आदेशले तोकिएको अवधी सम्म थुनामा राख्न सकिन्छ, तर प्रस्तुत निवेदनका सम्बन्धमा प्राप्त लिखित जवाफ हेर्दा थुनुवाले अपराध गरिसकेको भन्ने देखिन्छ । अपराध घटीसकेपछी Prevent गर्ने अर्थात रोक्ने भन्ने प्रश्न नै आउँदैन । जबकी दण्डनीय कानून जसमा अपराधको परिभाषा साथै सजायको व्यवस्था समेत गरिएको हुन्छ । अपराध घटीसकेपछिको अवस्था हो भने उक्त ऐनको दफा ३, दफा १० र दफा १६ ले गरेको व्यवस्था अनुसार कानून बमोजिम अनुसन्धान तहकिकात गरी सबुद सङ्कलन गरी प्रमाणका आधारमा अभियोग लगाई सजाय माग गरी मुद्दा नै चलाउनु पनि सकिने हुन्छ । प्रस्तुत निवेदनमा लिखित जवाफबाट निवेदकले कसूर नै गरीसकेको भन्ने देखिन्छ । अध्यादेश अन्तर्गतको

अपराध स.मु.स. ऐन, २०४९ को अनुसूची १ मा समावेश भएको र कसूर नै गरी सकेको भनेको हुँदा निवेदकले कसूर गरेको हो भने सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ बमोजिम थुनामा राखेर नै अनुसन्धान गर्ने संविधानको धारा १४ को उपधारा (६) को व्यवस्था बमोजिम पक्राउ गरेको मितिले २४ घण्टा भित्र निवेदकलाई मुद्दा हेर्ने अधिकारी समक्ष पेश गरी मुद्दा हेर्ने अधिकारीको आदेशानुसार मात्र थुनामा राख्नुपर्नेमा अपराध घटी सकेपछि पनि मुद्दा हेर्ने अधिकारी समक्ष पेश नगरी उल्लिखित विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेशको दफा ९ बमोजिम नजरबन्दमा राखेको कार्य संविधानको धारा १४(६) विपरीत मुद्दा हेर्ने अधिकारी समक्ष पेश नगरी जिल्ला प्रशासन कार्यालयको प्रशासकीय आदेश अनुसार निवेदकलाई निवारक नजरबन्दमा राखेको कार्य र राख्ने निर्णयले निवेदकको थुना गैरकानूनी भएको हुँदा निवेदकको माग बमोजिम बन्दीलाई नजरबन्दबाट मुक्त गर्नु भनी विपक्षीहरुको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरि दिने ठहर्छ । निवेदकलाई अन्य मुद्दामा थुनामा राख्नु पर्ने नभए प्रस्तुत मुद्दाको नजरबन्दबाट तुरुन्त छाडी यस अदालतलाई जानकारी दिनु भनी आजै छुट्टै आदेश भएकाले अरु केही गर्नु परेन दायरी लगत कट्टा गरि मिसिल नियमानुसार बुझाई दिनु ।

उक्त रायमा सहमत छु ।

न्या. बद्रीकुमार बस्नेत

इति सम्वत् २०६१ साल असोज ८ गते रोज ६ शुभम् ।

एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ

सम्वत् २०६१ सालको रिट नं. २१५

आदेश मितिः २०६१।९।२३।६

मुद्दाः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : ललितपुर जिल्ला खोकना गा.वि.स. वडा नं. ४ घर भै हाल जिल्ला प्रहरी कार्यालय कारागार शाखा जगन्नाथ देवल काठमाडौं अर्न्तगत थुनामा रहेका तीर्थ डंगोल

विरुद्ध

विपक्षी : प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग, नक्साल काठमाडौं समेत

- **बन्दीप्रत्यक्षीकरणको रिट जारी हुन संवैधानिक हक हनन् भएको देखिनुपर्ने हुन्छ । साधारण अधिकारक्षेत्र अर्न्तगत आफ्नो अनुकूल फैसला नभएको आधारमा असाधारण अधिकारक्षेत्र अर्न्तगतको सुविधा प्राप्त गर्नसक्ने संवैधानिक व्यवस्था हो भनी मान्न उपयुक्त नदेखिने ।**

- **फौज्दारी न्याय सम्बन्धी हक प्रचलित कानून विपरीत अपराधिक कार्य नगर्ने र सो को पालना गर्ने तर्फ परिलक्षित भएको मान्नुपर्ने ।**

- **बन्दीप्रत्यक्षीकरणको रिट निवेदनबाट साधारण अधिकारक्षेत्रबाट निर्णय दिइसकेको कुरालाई प्रभाव पार्ने गरी लागूऔषध मुद्दामा प्रमाणको मूल्याङ्कन भए नभएको भन्न प्रस्तुत निवेदनको रोहबाट नमिल्ने ।**

- **कानून विपरीतको अपराध गरी मौलिकहक हनन भयो भनी अमूर्त रुपमा रिट निवेदनमा उल्लेख गर्दैमा मौलिक हक हनन भएछ भनी अदालत निष्कर्षमा पुग्न उचित नहुने ।**

- **बन्दीलाई कानून विपरीत वा बदनियत साथ थुनामा राखेको देखिन आएमा बन्दीप्रत्यक्षीकरणको रिट जारी हुने अवस्था हुन्छ । परन्तु ती कुनै आधारहरु खुलाउन सकेको नपाइदा अदालतले कानूनबमोजिम फैसला गरी कसूरदार ठहरी कैद भुक्तान गरिरहेका निवेदकका हकमा बन्दीप्रत्यक्षीकरणको रिट जारी गर्न नमिल्ने ।**

आदेश

१. नेपाल अधिराज्यको संविधान २०४७ को धारा २३ र ८८(२)बमोजिम पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः

२. म निवेदकलाई २०५६ साल फाल्गुण १२ गतेका दिन भक्त बहादुर श्रेष्ठ समेतका व्यक्तिहरुले अबैध रुपमा लागूऔषध बिक्री वितरण ओसारपसार गर्ने गरेकोले निजहरुलाई पक्राउ गरी कानूनबमोजिम आवश्यक कारवाही गरि पाउँ भनी पदम राज जोशीको प्रतिवेदनका आधारमा

विपक्षी नं.१ को टोलीले नियन्त्रणमा लिई मिति २०५६।११।१३।६ का दिन बिजुली बजार धोबीखोलाको पुलमा कथित २५४ ग्राम सेतो हेरोइन बरामद गरेको भनी गैरकानूनी बरामदी मुचुल्का खडा गरी सोही बरामद गरिएको कथित सेतो हेरोइनलाई प्रहरी प्रधान कार्यालयको केन्द्रीय प्रहरी वैज्ञानिक प्रयोगशालाबाट कथित हेरोइन र म्याथाडोन नामाकरण गराइ सोही परीक्षणलाई आधार लिइ मलाई कुटपीट गरी पूर्व तयारी बयानमा सही गराइ म समेत विरुद्ध अबैध लागूऔषध सेतो हेरोइन खरिद बिक्री ओसार पसा गर्न र सो कार्य गर्नमा सहयोग गरी लागूऔषध नियन्त्रण ऐन, २०३३ को दफा ४ को देहाय (घ), (च) र दफा १७ अनुसार कसूर अपराध गरेको पुष्टी भएकाले हाल पक्राउ परेका प्रतिवादी तीर्थ डंगोलका हकमा सोही ऐनको दफा १४(१)(छ) को देहाय ३ अनुसार हदैसम्म सजाय हुन प्रतिवादी तीर्थ डंगोललाई यसै अभियोग पत्र साथ प्रस्तुत गरिएको छ भनी लागूऔषध विक्री वितरण गर्ने कथित अभियोग पत्र सम्मानित काठमाडौं जिल्ला अदालतमा मिति २०५७।२।१२।५ मा म विरुद्ध दायर गरियो । मैले सम्मानित का.जि.अ. को मिति २०५७।२।१३ गते बयानको स.ज. १० मा प्रहरीले मलाई जबरजस्ती एउटा कागजमा सहीछाप गर्न लगाए र मैले सहीछाप गरि दिएँ । प्रहरी आफैले त्यस किसिमको बरामदी मुचुल्का लेखी सहीछाप गर्न लगाएका हुन, बरामदी मुचुल्कामा उल्लेख भएको कथित सेतो हेरोइन मबाट बरामद भएको होइन भनी आफ्नो कुरा स्पष्ट राखेको, प्रहरीमा मलाई कुटपीट गरी जबरजस्ती साविती बयान गराइएको हो भन्ने कुरा समेत मैले सम्मानित का.जि.अ. को बयानको स.ज.४ मा व्यक्त गरिसकेको अवस्थामा गैरकानूनी बरामदी मुचुल्का, प्राप्त भएको नमूनामा प्रतिबन्धित लागूऔषध सेतो हेरोइन नपाइएको भन्ने राष्ट्रिय विधिविज्ञान प्रयोगशालाका विशेषज्ञहरुको बोर्डबाट पठाइएको परीक्षण प्रतिवेदन समेतले मेरो निर्दोषिताको पुष्टि गरी रहेको अवस्थामा मलाई अभियोग दावी नै नभएको लागूऔषध (नियन्त्रण) ऐन २०३३ को दफा १७(क) बमोजिम लागूऔषध बिक्री वितरण, संचय, ओसारपसार गर्नेलाई हुने सजायको आधा सजाय गरेको सम्मानित काठमाडौं जिल्ला अदालतको मिति २०५९।२।२२ को फैसला दोषी मनोभावनायुक्त, गैरकानूनी, गैर संवैधानिक र प्रजातान्त्रिक पद्धतिको विरुद्धमा छ । उक्त फैसला उपर मेरो चित्त नबुझी पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्दा समेत मैले उल्लेखित तथ्यहरुलाई उठाएको र सम्मानित पुनरावेदन अदालतले ती तथ्यहरुलाई वेवास्ता गरी मेरो विरुद्धमा मिति २०६०।४।२० मा जिल्ला अदालतले गरेको फैसलालाई सदर गरी मलाई सजाय गरे उपर पुनः सर्वोच्च अदालतमा मिति २०६०।५।२९ मा द.नं.३२७० मा दोहोर्‍याई पाउँ भन्ने निवेदन दर्ता गरेकोमा उक्त निवेदन समेत खारेज भएकाले अन्य उपचारको बाटो समाप्त भई ती उपचारहरुले मेरो पक्षमा रहेका खम्बीर कानूनी तथा संवैधानिक आधारलाई विश्लेषण नै नगरी मेरो विरुद्धमा फैसला गरेकाले अन्तिम उपचारको निम्ति यो अदालतको असाधारण अधिकारक्षेत्र गुहार्न आएको छु । मेरा मिसिल संलग्न तथ्य प्रमाणको न्यायोचित विश्लेषण गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुना मुक्त गरिपाऊँ । मबाट बरामद नै नभएको वस्तुलाई गैरकानूनी बरामदी मुचुल्का खडा गरी म विरुद्ध सेतो हेरोइन बिक्री वितरण गर्न हिडेको भन्ने अभियोग लगाई मुद्दा दायर गरेको अवस्थामा विशेषज्ञहरुले जाँच गर्दा कथित सेतो हिरोइन भन्ने वस्तु नमुनामा फेला नपरेको र फेला परेको क्लोरोप्रोमाजिन संयुक्त राष्ट्रसंघको Convention of narcotic drugs and psychotropic substancex, 1971 with amend ments, 1993 को निषेधित पदार्थको सूचीमा राखिएको छैन भन्ने प्रतिवेदन अदालतलाई प्राप्त हुदा समेत मलाई काठमाडौं जिल्ला अदालतले मागदावी भन्दा बाहिर गइ गरेको लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७(क) बमोजिमको सजाय गैरकानूनी छ । अतः म निर्दोष निवेदकलाई लागूऔषध बिक्री वितरण, ओसारपसार गर्ने गरेकोले निजहरुलाई पक्राउ गरी कारवाही गरिपाउँ भन्ने मिति

२०५६।११।१२।५ को पदमराज जोशीको प्रतिवेदनका आधारमा प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागबाट मिति २०५६।११।१३ मा मलाई पक्राउ गरी मबाट बरामदै नभएको पदार्थ मबाट भएको भनी सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा (८) अन्तर्गत रोहवरमा अनिवार्यरुपमा राख्नुपर्ने व्यक्तिलाई रोहवरमा नराखी गैरकानूनी बरामदी मुचुल्का खडा गरी म विरुद्ध अभियोग लगाइएको, सेतो हेरोइन परीक्षण गर्दा हेरोइन भन्ने पदार्थ नपाइएको भन्ने विशेषज्ञहरुको प्रतिवेदन प्राप्त हुदा हुदै मलाई लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७(क) बमोजिम ७ वर्ष ६ महिना कैद र रु. २,५०,०००।- जरिवाना हुने ठहराई गरेको मिति २०६०।४।२० को पु.वे.अ. पाटनको फैसला सरासर नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(१) विपरीत मेरो मौलिकहकको विरुद्ध भएकाले उक्त फैसलाको आधार मलाई गरिएको कैद समेत मौलिकहक उपर अनुचित बन्देज भएकाले गैर संवैधानिक छ । अतः म निवेदकलाई तत्काल प्रचलित कानूनले सजाय हुनै नसक्ने वस्तुलाई लागूऔषध लिइ बिक्री वितरण गर्न हिडेको भनी गैरकानूनी बरामदी मुचुल्का खडा गरी मलाई नियन्त्रणमा लिने प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग विपक्षी नं.१ ले अह्राएबमोजिम मलाई थुनामा राख्ने विपक्षी नं.२ गैरकानूनी बरामदी मुचुल्काको आधार लिइ फेला पारिएको भनिएको कथित लागूऔषध नभए पनि लागूऔषध भन्ने विश्वासमा पारी बिक्री वितरण गर्न हिडेको भनी लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७(क) बमोजिम सजाय गर्ने (विपक्षी नं. ३) र विपक्षी नं.३ को फैसलालाई सदर गर्ने विपक्षी नं.४ को कार्यले मिति २०५६।११।१३ देखी आज यो निवेदन दायर गर्दाका मितिसम्म म गैरकानूनी र गैर संवैधानिक रुपमा थुनामा बस्नु परेकोले विपक्षीहरुको कार्य नेपाल अधिराज्यको संविधान २०४७ को धारा १४(१) तथा मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ ले प्रत्याभूत गरेको मौलिकहक तथा मानव अधिकारमा आघात पर्न गएकाले कैदबाट मुक्त गरि दिनु भनी नेपाल अधिराज्यको संविधान २०४७ को धारा ८८(२)बमोजिम विपक्षीहरुको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश गरी थुनामुक्त गरिपाऊँ भनी निवेदकको यस अदालतमा पर्न आएको रिट निवेदन ।

३. नियमबमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री कृष्णप्रसाद न्यौपानेले रिट निवेदकले तत्काल प्रचलित कानूनले सजाय हुनै नसक्ने वस्तुलाई लागूऔषध लिई बिक्री वितरण गर्न हिडेको भनी गैरकानूनी बरामदी मुचुल्का खडा गरी नियन्त्रणमा लिने विपक्षी प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागले अराएबमोजिम थुनामा राख्ने विपक्षी जिल्ला प्रंहरी कार्यालय हनुमान ढोका गैरकानूनी बरामदी मुचुल्काको आधार लिई फेला पारिएको भनिएको कथित लागूऔषध भन्ने विश्वासमा पारी बिक्री वितरण गर्न हिडेको भनी लागूऔषध (नियन्त्रण) ऐन २०३३ को दफा १७(क) बमोजिम सजाय गर्ने विपक्षी काठमाडौं जिल्ला अदालत र सो फैसलालाई सदर गर्ने पुनरावेदन अदालत पाटनको फैसलाले अद्यापि सम्म मेरो पक्ष गैरकानूनी र गैरसंवैधानिक रुपमा थुनामा बस्नु परेकोले विपक्षीहरुको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरिपाऊँ भनी बहस गर्नु भयो ।

४. निर्णय तर्फ विचार गर्दा, यसमा मिति ०५६।११।१३ मा मलाई पक्राउ गरी म बाट बरामदै नभएको पदार्थ मबाट बरामद भएको भनी सरकारी मुद्दा सम्बन्धी ऐन, ०४९ को दफा (८) अर्न्तगत रोहवरमा अनिवार्य राख्नु पर्नेमा रोहवरमा नराखी गैरकानूनी बरामदी मुचुल्का खडा गरी विशेषज्ञहरुले सेतो हेरोइन परीक्षण गर्दा हेरोइन भन्ने पदार्थ नपाइएको भन्ने प्रतिवेदन प्राप्त हुँदा हुँदै मलाई लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७(क)बमोजिम कैद र जरिवाना गर्ने ठहराएको पुनरावेदन अदालत पाटन समेतको फैसला नेपाल अधिराज्यको संविधान, ०४७ को धारा

१४(१) विपरीत मेरो मौलिकहकको विरुद्ध भएकोले धारा ८८(२) बमोजिम विपक्षीहरुको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुना मुक्त गरिपाऊँ भन्ने रिट निवेदन देखिन्छ । यसमा रिट निवेदक तीर्थ डंगोललाई काठमाडौं जिल्ला अदालतले लागूऔषध (नियन्त्रण) ऐन, ०३३ को दफा १७(क) अनुसार ७ वर्ष ६ महिना कैद र २ लाख ५० हजार जरिवानाको सजाय गरेको पाइयो । उक्त सजायमा चित्त नबुझी यी निवेदकले पुनरावेदन अदालत पाटनमा पुनरावेदन गरेकोमा पुनरावेदन अदालत पाटनले समेत निवेदक प्रतिवादीलाई कैद वर्ष ७ वर्ष ६ महिना कैद र २ लाख ५० हजार जरिवाना गरेको काठमाडौं जिल्ला अदालतको फैसलालाई सदरै गरेको पाइयो । तत्पश्चात निवेदकले न्याय प्रशासन ऐन, ०४८ को दफा १२ अनुसार मुद्दा दोहोऱ्याई पाउँ भनी निवेदन गरे उपर यस अदालतबाट दोहोऱ्याउने निस्सा प्रदान गर्न नमिली कानूनबमोजिम गर्नु भनी मिति ०६०।१२।४ मा निर्णय भएको देखिन्छ । यस अदालतको साधारण अधिकारक्षेत्र समेतबाट कसूरदार ठहरिएपछि त्यसको परिणामलाई समेत विचार गरी निवेदक यस अदालतको असाधारण अधिकारक्षेत्र अर्न्तगतको बन्दीप्रत्यक्षीकरणको रिट क्षेत्रमा प्रवेश गरेको पाइयो । वस्तुतः संविधानद्वारा प्रदत्त मौलिकहकको प्रचलनको लागि अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अप्रयान्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलन समेतको लागि नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(२) अन्तर्गत यस अदालतको असाधारण अधिकारक्षेत्र अर्न्तगत उपचारको माग गर्न सकिने संवैधानिक व्यवस्था भएको देखिन्छ । बन्दीप्रत्यक्षीकरणको रिट जारी हुन संवैधानिक हक हनन् भएको देखिनुपर्ने हुन्छ । साधारण अधिकारक्षेत्र अर्न्तगत आफ्नो अनुकूल फैसला नभएको आधारमा असाधारण अधिकारक्षेत्र अर्न्तगतको सुविधा प्राप्त गर्नसक्ने उक्त संवैधानिक व्यवस्था हो भनी मान्न उपयुक्त देखिएन । जहाँसम्म रिट निवेदकले तत्काल प्रचलित कानूनबमोजिम सजाय नहुने कुनै काम गरे वापत कुनै व्यक्ति सजायको भागी हुने छैन भन्ने संवैधानिक व्यवस्था छ सो नागरिकको फौज्दारी न्याय सम्बन्धी मौलिकहक हो भन्ने कुरामा विवाद देखिएन । उक्त फौज्दारी न्याय सम्बन्धी हक प्रचलित कानून विपरीत अपराधिक कार्य नगर्ने र सो को पालना गर्ने तर्फ परिलक्षित भएको मान्नु पर्ने हुन्छ नकी कानून विपरीत कार्य गर्ने उपर/रिट निवेदकले तत्काल प्रचलित कानून लागूऔषध (नियन्त्रण) ऐन, ०३३ को दफा १७(क) अनुसार ७ वर्ष ६ महिना कैद र २ लाख ५० हजार जरिवाना सजाय गरेको ठहरी यस अदालतबाट समेत अन्तिम फैसला भै रहेको अवस्था रहेको देखिन्छ । तसर्थ तत्काल प्रचलित कानून लागूऔषध (नियन्त्रण) ऐन, ०३३ को विपरीत कसूर गर्ने यी रिट निवेदकले उल्लेखित फौज्दारी न्याय सम्बन्धी हकको सुविधा प्राप्त गर्ने रहेछ भन्न मिलेन । जहाँसम्म अदालतले निर्णय गर्दा प्रमाणको न्यायोचित मूल्याकंन नगरी आफ्नो मौलिकहक हनन् गऱ्यो भन्ने निवेदन जिकिर छ यस सम्बन्धमा रिट निवेदकले पुनरावेदन अदालत पाटन र यस अदालत समेत गरी २ तह पुनरावेदन र मुद्दा दोहोऱ्याई पाउँ भनी निवेदन गरेकोमा उक्त पुनरावेदन र निवेदन जिकिरका सम्बन्धमा आवश्यक प्रमाणको मूल्याङ्कन गर्दै निजले कसूर गरेको ठहर्ने गरी अदालत न्यायिक निष्कर्षमा पुगेको मान्नुपर्ने हुन्छ । निवेदकको माग बमोजिम असाधारण अधिकारक्षेत्र अर्न्तगत बन्दीप्रत्यक्षीकरणको रिट निवेदनबाट साधारण अधिकारक्षेत्रबाट निर्णय दिइ सकेको कुरालाई प्रभाव पार्ने गरी लागूऔषध मुद्दामा प्रमाणको मूल्याङ्कन भए नभएको भन्न प्रस्तुत निवेदनको रोहबाट मिल्ने पनि देखिएन । रिट निवेदकलाई प्राप्त मौलिकहक संविधान र कानून विपरीत अपराधिक कार्य गरेबाट समेत छुटकारा पाउने हो भनी परिकल्पना गर्न मिल्दैन । आफ्नो मौलिकहक हनन् भयो भन्ने रिट निवेदकले संविधान र कानून प्रतिको आफ्नो कर्तव्य के हो सो बुझ्नु पर्ने र पालना गर्नुपर्ने हुन्छ । कानून विपरीतको अपराध गरी मौलिकहक हनन भयो भनी अमूर्त रुपमा रिट निवेदनमा उल्लेख गर्दैमा निजको मौलिकहक हनन भएछ भनी

अदालत निष्कर्षमा पुग्नु पनि उचित हुदैन । सामान्यतयः बन्दीलाई कानून विपरीत वा बदनियत साथ थुनामा राखेको देखिन आएमा बन्दीप्रत्यक्षीकरणको रिट जारी हुने अवस्था हुन्छ । परन्तु ति कुनै आधारहरु निवेदक ले निवेदनमा खुलाउन सकेको पाइएन । अतः अदालतले कानूनबमोजिम फैसला गरी कसूरदार ठहरी कैद भुक्तान गरिरहेका निवेदकका हकमा बन्दीप्रत्यक्षीकरणको रिट जारी गर्न मिल्ने देखिएन । अदालतले कानूनबमोजिम निर्णय गरी फैसलाबमोजिम कैद भुक्तान गरिरहेको व्यक्तिलाई बन्दीप्रत्यक्षीकरणको रिटबाट मुक्त गर्न मिल्दैन भनी डा.के.आई सिंह विरुद्ध विशेष अदालत काठमाडौं ने.का.प.२०२१ पृष्ठ १५० मा कानूनी सिद्धान्त समेत प्रतिपादित भएको देखिन्छ । यस अदालतबाट निवेदक उपरको लागूऔषध मुद्दामा दोहऱ्याई हेर्न निस्सा प्रदान गर्न मिलेन भनी आदेश भै सकेपछि उक्त लागूऔषध मुद्दाको फैसलामा कानूनी त्रुटि भयो भनी बन्दीप्रत्यक्षीकरणको असाधारणक्षेत्र प्रवेश गर्न मिल्ने देखिन आएन । तसर्थ गैरकानूनी अपराधिक कार्य गर्ने यी रिट निवेदकले अदालतको फैसला बमोजिम कैद भुक्तान गरिरहेको पाइएकोले निराधार रिट निवेदनको आधारमा विपक्षीहरुबाट लिखित जवाफ मगाइ रहन परेन । प्रस्तुत बन्दीप्रत्यक्षीकरणको रिट खारेज हुने ठहर्छ । मिसिल नियमानुसार गरी बुझाइ दिनु ।

इति सम्वत् २०६१ साल पौष महिना २३ गते रोज ६ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री अनुपराज शर्मा
माननीय न्यायाधीश श्री अर्जुनप्रसाद सिंह

सम्वत् २०६१ सालको रिट नं. २४४

आदेश मितिः २०६१।११।१७।२

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : का.प.का.न.म.पा. वडा नं. ३२ घर भै हाल श्री ५ को सरकारको गैरकानूनी थुनामा रहेका गौरी प्रधानको हकमा श्रीमती सुम्निमा प्रधान समेत

विरुद्ध

विपक्षी : श्री ५ को सरकार, गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं समेत

- **नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५(८) को प्रतिबन्धात्मक वाक्यांशले बन्दीप्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक निलम्बन नगरिने स्पष्ट संवैधानिक प्रत्याभूति भएको अवस्थामा बन्दीप्रत्यक्षीकरण एउटा स्वतन्त्र संवैधानिक व्यवस्था भएको स्पष्ट हुन आएकोले यसलाई संकटकालीन अवस्थाको घोषणा वा आदेश तथा सो समयमा कानून सरह लागु हुने आदेशबाट संकुचित पार्न नसकिने ।**

- **बन्दीप्रत्यक्षीकरणको हक तथा यस सम्बन्धी संवैधानिक उपचार प्राप्त गर्ने हक संकटकालीन अवस्थामा समेत निर्बाध रुपले प्राप्त हुने नै देखिन्छ र संकटकालीन अवस्थामा समेत गैरकानूनी थुनालाई बन्दीप्रत्यक्षीकरणको आदेशद्वारा थुनामुक्त गर्न सकिने ।**

- **सार्वजनिक विदाको दिन पक्राउ गर्न मिल्ने तर पक्राउको कारण सहितको सूचना विदाको दिनमा दिन नसकिने कार्यालय खुल्ने दिनसम्म पर्खनुपर्ने भन्ने तर्कसँग सहमत हुन नसकिने ।**

- **निवेदकलाई कहिले पक्राउ गरिएको हो भन्ने सामान्य कुरासम्म नखुलाई आदेश गरेको मिति भन्दा अगावैबाट लागु हुने गरी भूतप्रभावी आदेश जारी गर्नुबाट पनि गैरकानूनी तरिकाबाट थुनामा राखिएको र गैरकानूनी थुनालाई कानूनी बनाई वैधता प्रदान गर्ने प्रयास प्रमुख जिल्ला अधिकारीबाट भएको स्पष्ट देखिने ।**

- **सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) बमोजिम निवेदकलाई आदेश पूर्जि दिंदा सो आदेश पूर्जिमा सोही ऐनको दफा ४(१) बमोजिम कुन कारण र आधार थियो सो कुरा समेत उल्लेख नभएको अवस्थामा निवेदकको थुना गैरकानूनी भएको देखिने ।**

आदेश

- न्या. अनुपराज शर्मा

१. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३, ८८(२) र ११५(८) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः

२. निवेदक गौरी प्रधान बालबालिका सम्बन्धी ऐन बमोजिम गठित केन्द्रीय बाल कल्याण समितिको अध्यक्ष, नेपाल बाल मजदुर सरोकार केन्द्र (सिविन) को अध्यक्ष, राष्ट्रिय मानव अधिकार तथा सामाजिक न्याय मञ्च नेपालको अध्यक्ष राष्ट्रिय श्रम प्रतिष्ठानको अध्यक्ष, Child Works in Asia का उपाध्यक्ष, बाल श्रम विरुद्ध विश्व यात्राका क्षेत्रीय संयोजक, गैरसरकारी संस्था महासंघ नेपालका निवर्तमान अध्यक्ष हुनुहुन्छ । बाल अधिकार तथा मानव अधिकारको सम्बर्द्धन र प्रवर्द्धनमा राष्ट्रिय तथा अन्तराष्ट्रिय ख्याति प्राप्त निज बन्दी नेपाल अधिराज्यको संविधान प्रति पूर्णतः प्रतिबद्ध रहनु भएको छ र गैरकानूनी तथा गैरसंवैधानिक कुनै पनि क्रियाकलापमा संलग्न रहनु भएको छैन । आफन्तजन र कानून व्यवसायी समेतलाई भेटघाट गर्न दिइएको छैन । ३१ जनवरी देखि ४ फेब्रुअरी २००५ मा नेरल्याण्डमा भएको International Council Meeting of Global March तथा ५ फेब्रुअरी देखि ८ फेब्रुअरी २००५ मा जेनेभामा भएको NGO Committee on the Rights of the Child मा भाग लिई ईटली हुंदै नेपाल फर्कने क्रममा मिति २०६१ साल फाल्गुण ६ गते Thai Airlines को TG 319 बाट नेपाल फर्कने क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल काठमाडौंबाट २०६१।११।६ गते दिनको करिव १.०० बजे निजलाई सादा पोषाकका ५-६ जना सुरक्षाकर्मीहरुले गिरफ्तार गरी हालसम्म गैरकानूनी रुपमा विपक्षीहरुको पकडमा राखिएको छ । निजलाई हाल प्रहरी प्रधान कार्यालय नक्साल काठमाडौंमा राखिएको छ र जुनसुकै समयमा त्यहाँबाट जहाँसुकै लैजान सक्ने प्रवल संभावना छ । निज निवेदकलाई प्रत्यर्थीहरुद्वारा के कति कारणले पक्राउ गरियो ? कुन अवस्थामा राखिएको छ ? भन्ने समेत कुनै कुराको जानकारी दिइएको छैन । हालसम्म कुनै अड्डा अदालतमा मुद्दाका सम्बन्धमा म्याद थपको लागि पेश गरेको पनि थाहा छैन । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(५) मा पक्राउ परेको व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना यथासक्य चाँडो दिई मात्र थुनामा राख्नु पर्ने र धारा १४ (६) मा पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई पक्राउ परेको २४ घण्टा भित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्ने संवैधानिक प्रावधान रहेको छ तर प्रत्यर्थीद्वारा उक्त संवैधानिक प्रावधानको उपेक्षा गरि विना कुनै सूचना एवं विना कुनै अभियोग गैरकानूनी रुपमा गिरफ्तार गरी भेटघाट नै गर्न नदिई नेपाल अधिराज्यको संविधानद्वारा घोषित आधारभूत मानव अधिकार एवं कानूनी शासनको प्रजातान्त्रिक अवधारणालाई चुनौती दिई संविधानद्वारा प्रदत्त निवेदकको उक्त मौलिकहक एवं वैयक्तिक स्वतन्त्रताको हक कुण्ठित गरिएको छ । अतः उल्लेखित तथ्यको आधारमा गौरी प्रधानलाई के कुन कसूरमा कसरी राखिएको छ ? भन्ने समेत जानकारी नहुँदा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११, १२(१), १४(४) (५)(६) समेतद्वारा गौरी प्रधानलाई प्रदत्त वैयक्तिक स्वतन्त्रता एवं मौलिकहकबाट प्रत्यर्थीहरुका काम कारवाहीद्वारा वञ्चित गरिएकोले अन्य वैकल्पिक कानूनी उपचारको अभावमा संविधानको धारा २३।८८(२) अन्तर्गत सम्मानित अदालत समक्ष निवेदक गौरी प्रधानको हकमा यो रिट निवेदन प्रस्तुत गरेको छु । बन्दीप्रत्यक्षीकरणको संवैधानिक र शाव्दिक व्याख्याको आधारमा पनि बन्दीलाई श-शरिर अदालत समक्ष उपस्थित गराउनु भन्नु नै हो । त्यसैले निवेदकलाई प्रस्तुत निवेदनको प्रारम्भिक सुनवाई

हुँदा कै बखत लिखित जवाफ सहित बन्दीलाई अदालतमा उपस्थित गराउनु भन्ने आदेश समेत जारी गरिपाऊँ । प्रत्यर्थीहरुद्वारा गैरकानूनी रुपमा गिरफ्तार गरी थुनामा राखिएका गौरी प्रधानलाई यस अदालत समक्ष उपस्थित गराई आवश्यक परे स. अ. नियमावली २०४९ को नियम ३४ अन्तर्गत खानतलासी पूर्जि समेत जारी गरी गैरकानूनी थुनाबाट अविलम्ब मुक्त गरि दिनु भनी प्रत्यर्थीहरुको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निवेदकको वैयक्तिक स्वतन्त्रताको संरक्षण गरिपाऊँ भन्ने व्यहोराको रिट निवेदन जिकिर ।

३. यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक ३ दिन भित्र विपक्षीहरुबाट लिखित जवाफ पेश गर्न सूचना पठाई आएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु साथै प्रस्तुत निवेदनमा सुनवाई ०६१।११।१७ गते तोकी सो दिन बन्दी सहित उपस्थित हुनु भनी विपक्षीहरुलाई जानकारी दिनु भन्ने व्यहोराको यस अदालतको एक न्यायाधीशको इजलासको मिति ०६१।११।११ को आदेश ।

४. मूलुकको शान्ति सुव्यवस्था प्रति अत्यन्त संवेदनशील हुनुपर्ने हालको परिस्थितिमा निवेदकबाट मूलुकको शान्ति व्यवस्था र अखण्डतामा खलल पर्नसक्ने मनासिव र पर्याप्त आधार भएको हुनाले सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) बमोजिम निज निवेदकलाई नजरबन्दमा राखिएको हुनाले रिट निवेदकको माग बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने अवस्था विद्यमान नभएको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने व्यहोराको जिल्ला प्रशासन कार्यालयको तर्फबाट प्रमुख जिल्ला अधिकारी वामनप्रसाद न्यौपानेको लिखित जवाफ ।

५. निवेदक गौरी प्रधानलाई सम्बन्धित प्रमुख जिल्ला अधिकारीको आदेशले कानून बमाुजिम थुनामा राखिएको बुझिन आएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ भन्ने व्यहोराको गृह मन्त्रालयको लिखित जवाफ ।

६. रिट निवेदकलाई पक्राउ गर्ने तथा थुनामा राख्ने समेतको कार्य प्रहरी प्रधान कार्यालयबाट नभएको र सो सम्बन्धमा यथार्थ व्यहोराको लिखित जवाफ जिल्ला प्रहरी कार्यालय काठमाडौंबाट प्रस्तुत हुने नै हुनाले यस कार्यालय विरुद्धको उल्लेखित रिट निवेदन खारेज गरिपाऊँ भन्ने व्यहोराको प्रहरी प्रधान कार्यालयको लिखित जवाफ ।

७. निवेदकले यस मन्त्रालयको कुन काम कारवाहीबाट संविधान प्रदत्त हक हनन् भएको भनी स्पष्ट खोल्न नसकेको र यस मन्त्रालय बाहेक रिट निवेदनमा विपक्षी बनाइएका अन्य निकायले गरेको कामका सम्बन्धमा सम्बन्धित निकायहरुबाट लिखित जवाफ प्राप्त हुने नै हुँदा यस मन्त्रालयका सम्बन्धमा रिट निवेदनमा उठाइएको जिकिर पुग्न नसक्ने हुँदा निवेदन खारेज गरिपाऊँ भन्ने व्यहोराको रक्षा मन्त्रालयको लिखित जवाफ ।

८. निवेदक गौरी प्रधानलाई मिति २०६१।११।६ गते पक्राउ गरी गैरकानूनी थुनामा राखेको भनी लिएको जिकिर झुट्टा हो । निज निवेदक समेतले मूलुकको शान्ति सुव्यवस्था र अखण्डतामा खलल पुऱ्याउन सक्ने प्रवल संभावना देखिएकोले मिति २०६१।११।७ गते पक्राउ गरी ७, ८ र ९ गते सार्वजनिक विदा परेकोले ऐ. १० गते जिल्ला प्रशासन कार्यालयमा तत्सम्बन्धी मिसिल कागजातहरु पेश गरी सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) मा उल्लेखित काम कुरा रोक्न सोही ऐनले दिएको अधिकार प्रयोग गरी जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख जिल्ला अधिकारीबाट भएको आदेशानुसार मिति २०६१।११।८ गते देखि नजरबन्दमा राखिएको हुँदा मिति ०६१।११।६ गते

गैरकानूनी थुनामा राखेको भन्ने झुट्टो कुरा रची दिएको रिट निवेदन खारेज गरिपाऊँ भन्ने व्यहोराको जिल्ला प्रहरी कार्यालय काठमाडौंको लिखित जवाफ ।

९. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत रिट निवेदनमा रिट निवेदकका तर्फबाट उपस्थित हुनु भएका विद्वान वरिष्ठ अधिवक्ता दमननाथ ढुंगाना, विद्वान अधिवक्ताहरु सुवास नेम्वाङ, शम्भु थापा, शेरबहादुर के.सी., मुक्ति नारायण प्रधान, अग्नि खरेल, टीकाराम भट्टराई, सुरेन्द्र भण्डारी, दिनेश त्रिपाठी, शान्ता सेढाई समेतले बन्दीप्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हकलाई संकटकालीन अवस्थामा समेत निलम्बन गर्न नसकिने संवैधानिक प्रत्याभूति समेत रहेको र निवेदकलाई गैरकानूनी रुपमा २०६१।११।६ गते विदेशबाट फर्कने क्रममा एयरपोर्टबाट पक्राउ गरी थुनामा राखिएको र मिति ०६१।११।१० मा बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दायर भएपछि मात्र निवेदकलाई निजबाट मूलुकको शान्ति सुव्यवस्थामा खलल पुऱ्याउन सकिने भन्ने काल्पनिक आशंकाको आधारमा सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) बमोजिम भनी सोही १० गते प्रमुख जिल्ला अधिकारीले ८ गते बाटै लागु हुने गरी जारी गरेको भूतप्रभावी आदेश स्वतः गैरकानूनी भएकोले यस्तो गैरकानूनी थुनामा रहेका निवेदक बन्दीलाई बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुना मुक्त गरिपाऊँ भनी ने.का.प. २०५७ नि.नं. ६७२५, ऐ. २०५६, नि.नं. ६७७५ मा बन्दीप्रत्यक्षीकरणको सम्बन्धमा सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) को व्याख्या गरिएको नजिर समेत उल्लेख गरी गर्नु भएको बहस तथा विपक्षी गृह मन्त्रालय समेतका तर्फबाट उपस्थित विद्वान नायव महान्यायाधिवक्ता नरेन्द्रप्रसाद पाठक र विद्वान सहन्यायाधिवक्ता दुर्गावन्धु पोखरेलले श्री ५ महाराजाधिराजबाट मिति २०६१।१०।१९ गते शाही घोषणा बक्स भै सोही दिनबाट लागु हुने गरी संकटकालीन अवस्थाको आदेश जारी गरिबक्सी संविधान प्रदत्त अधिकांश मौलिकहकहरु निलम्बन गरी यस्तो संकटकालीन अवस्थामा कानून सरह लागु हुने गरी विभिन्न आदेशहरु समेत जारी गरी बक्सेको वर्तमान असहज परिस्थितिमा मूलुकको शान्ति सुरक्षामा खलल पुऱ्याउने र आदेशको पालना नगर्ने व्यक्तिलाई स्थानीय प्रशासनले नजरबन्दमा राख्नसक्ने कानूनी व्यवस्था समेत रहेको हुँदा र रिट निवेदकबाट मूलुकको शान्ति सुरक्षामा खलल पुग्न सक्ने तथा उच्छृखंल गतिविधि हुनसक्ने पर्याप्त संभावना भएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिल्ने अवस्था नभएको र निवेदकका तर्फबाट उल्लेखित नजिरहरु सबै सहज अवस्थामा संकटकाल नलागेको स्थितिमा जारी भएका हुन् ती नजिरहरु अहिलेको असहज परिस्थितिमा आकर्षित हुँदैनन् धारा १५ समेत निलम्बित भएको अवस्थामा रिट निवेदन खारेज गरिपाऊँ भनी गर्नु भएको बहस समेत सुनियो ।

१०. प्रस्तुत निवेदनमा प्रत्यर्थीहरुद्वारा गैरकानूनी रुपमा गिरफ्तार गरी थुनामा राखिएका गौरी प्रधानलाई प्रस्तुत निवेदनको प्रारम्भिक सुनवाई हुँदाको बखत लिखित जवाफ सहित बन्दीलाई यस अदालत समक्ष उपस्थित गराई गैरकानूनी थुनाबाट अविलम्ब मुक्त गरि दिनु भनी प्रत्यर्थीहरुका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निवेदकको वैयक्तिक स्वतन्त्रताको संरक्षण गरिपाऊँ भन्ने मुख्य रिट निवेदन जिकिर रहेको देखिन्छ भने विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौंको लिखित जवाफमा निवेदकबाट मूलुकको शान्ति सुरक्षामा खलल पर्नसक्ने पर्याप्त आधार भएको हुनाले सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) बमोजिम नजरबन्दमा राखिएको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने, गृह मन्त्रालयको लिखित जवाफमा निवेदकलाई प्रमुख जिल्ला अधिकारीको आदेशले कानून बमोजिम थुनामा राखिएको बुझिन आएको र यस मन्त्रालयबाट निजको संविधान प्रदत्त हक हनन् नभएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ भन्ने, प्रहरी प्रधान कार्यालयको लिखित जवाफमा यस प्रधान कार्यालयबाट निवेदकलाई पक्राउ गर्ने तथा

थुनामा राख्ने कार्य नभएको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने, रक्षा मन्त्रालयको लिखित जवाफमा यस मन्त्रालयबाट रिट निवेदकको कुनै हक हनन् नभएको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने तथा जिल्ला प्रहरी कार्यालय काठमाडौंको लिखित जवाफमा निवेदकले शान्ति, सुव्यवस्थामा खलल पुऱ्याउन सक्ने प्रवल संभावना भएकोले निजलाई ०६१।११।७ गते पक्राउ गरी ७, ८, ९ गते विदा परेको हुँदा १० गते जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख जिल्ला अधिकारीबाट सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) बमोजिम भएको आदेशानुसार ०६१।११।८ देखि लागू हुने गरी नजरबन्दमा राखिएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ भनी उल्लेख भएको देखिन्छ । दुबैतर्फबाट आएका बहस समेतलाई मद्देनजर राखी असहज परिस्थिति उपस्थित भएको संकटकालीन अवस्थामा बन्दीप्रत्यक्षीकरणको उपचार प्राप्त गर्नसक्ने हक कुण्ठित हुन्छ कि हुँदैन भन्ने मूलभूत प्रश्नको विवेचना गरी निष्कर्षमा निवेदकको माग बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी बन्दीलाई थुनामुक्त गर्नुपर्ने हो वा होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन्छ ।

११. संकटकालीन अवस्थामा बन्दीप्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक निर्बाध रुपले प्राप्त हुने हो होइन भन्ने प्रश्नतर्फ विचार गर्दा नेपाल अधिराज्यको संविधान, २०४७ को भाग ३ अन्तर्गत धारा ११ देखि २३ सम्म विभिन्न मौलिकहकहरुको व्यवस्था गरी संविधानको धारा ८८ को तरिका अनुसार संवैधानिक उपचार प्राप्त गर्ने हक समेत संरक्षण गरेको देखिन्छ भने संविधानको धारा ११५(१) मा नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, वाह्य आक्रमण सशस्त्र विद्रोह वा चरम आर्थिक विसृंखलताको कारणले गम्भीर संकट उत्पन्न भएमा श्री ५ बाट नेपाल अधिराज्यभर वा कुनै खास क्षेत्रमा मात्र लागु हुने गरी संकटकालीन अवस्थाको घोषणा गर्न वा आदेश जारी गर्न सकिबक्सने छ" भन्ने व्यवस्था रहेको सोही धारा ११५(८) मा त्यस्तो संकटकालीन अवस्थाको घोषणा वा आदेश गरिबक्सदा सो घोषणा बहाल रहेसम्मको लागि संविधानको धारा १२ को उपधारा २ को खण्ड (क)(ख)(घ) र (ङ) धारा १३(१), धारा १५, १६, १७, २२ र २३ निलम्बन गर्न सकिबक्सनेछ तर धारा २३ अन्तर्गत बन्दीप्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक निलम्बन गरिने छैन भन्ने व्यवस्था गरेको देखिन्छ । नेपाल अधिराज्यको संविधान, २०४७ को निर्माण गर्दा संविधानको प्रस्तावना मार्फत नेपाली जनतालाई चीरकालपर्यन्त सामाजिक, राजनीतिक एवं आर्थिक न्याय प्राप्त हुन सकोस् भन्ने उद्देश्य राखी प्रत्येक नेपाली नागरिकको आधारभूत मानव अधिकार सुरक्षित गरिने, कानूनी राज्यको अवधारणालाई साकार पार्ने समेतको उद्देश्य लिएको र प्रस्तावनामा उल्लेखित उद्देश्यहरु प्राप्त गर्न संविधानका विभिन्न भाग अन्तर्गत ती उद्देश्यहरुलाई आकार र मूर्तरुप दिने व्यवस्था गरिएको छ । मानिसको आधारभूत मानव अधिकार भित्र वैयक्तिक स्वतन्त्रताको हक नै सर्वोपरि रहि आएको छ । प्रजातान्त्रिक मूलुकले यसलाई आफ्नो संवैधानिक व्यवस्थामा आधारशिला कै रुपमा राखेको हुन्छ । वास्तवमा प्रजातन्त्रको कसी नै वैयक्तिक स्वतन्त्रताको प्रत्याभूति नै हो । प्रजातान्त्रिक व्यवस्थामा यो हकलाई कुनै पनि वहानामा कुण्ठित गरिदैन । तानाशाही व्यवस्था र प्रजातान्त्रिक व्यवस्था बीचको मूलभूत अन्तर्भेद नै वैयक्तिक स्वतन्त्रताको नियन्त्रण वा त्यसको प्रत्याभूतिको रोजाई हो । प्रजातान्त्रिक व्यवस्थामा यसको प्रत्याभूति स्पष्ट शब्द, वाक्यांश र भावनाद्वारा प्रतिविम्बित रहेको हुन्छ । संवैधानिक राजतन्त्र र वहुदलीय प्रजातन्त्रलाई अङ्गीकार गरेको हाम्रो मूलुकको संविधानले वैयक्तिक स्वतन्त्रताको हकलाई धारा १२(१) मार्फत स्पष्ट शब्द वाक्यांश र संविधानको प्रस्तावनाको भावना मार्फत प्रत्याभूत गरेको छ । यो हक संकटकालमा पनि निलम्बन नहुने र यो हक कुण्ठित भएमा बन्दीप्रत्यक्षीकरणको उपचारको हक प्राप्त गर्न सकिने संवैधानिक व्यवस्था तर्फ दृष्टि दिनु अत्यन्त आवश्यक छ । श्री ५ महाराजाधिराजबाट यहि २०६१ साल माघ १९ गते शाहि घोषणा मार्फत

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५(१) बमोजिम नेपाल अधिराज्यभर तत्काल लागु हुने गरी संकटकालीन अवस्थाको आदेश जारी गरि बक्सेको छ । श्री ५ महाराजाधिराजबाट जारी गरिबक्सेको आदेशमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२ को उपाधार (२) को खण्ड (क)(ख) र (घ) धारा १३ को उपधारा (१) र धारा १५, १६, १७, २२ र २३ ( बन्दीप्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक बाहेक) निलम्बन गरि बक्सेको छ । श्री ५ महाराजाधिराजबाट जारी गरीबक्सेको आदेशमा नेपाल अधिराज्यको संविधानको धारा १२(१) निलम्बीत गरिबक्सेको छैन र सोहि आदेशमा स्पष्ट शब्दमा बन्दीप्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक निलम्बन नभएको उद्घोषण गरिबक्सेको छ । श्री ५ महाराजाधिराजबाट जारी गरीबक्सेको संकटकालीन आदेश र नेपाल अधिराज्यको संविधान, २०४७ को भाग १८ धारा ११५ को संकटकालीन व्यवस्था वारे गरिएको संवैधानिक प्रावधानतर्फ नै यस अदालतको ध्यान गम्भीरताका साथ आकर्षित भएको छ । देश अहिले संकटकालीन अवस्थामा छ यो सामान्य परिस्थिति नभई असहज परिस्थिति नै हो तर संकटकाल लागु रहेको अवस्थामा समेत वैयक्तिक स्वतन्त्रता कानून बमोजिम बाहेक अपहरण हुन नसक्ने हक यथावत रहि निलम्बित नगरिएको हुँदा यसलाई संकटकालले ग्रहण लगाउन नसक्ने र बन्दीप्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक यथावत रहि रहने कुरा श्री ५ महाराजधिराजबाट जारी गरीबक्सेको शाहि घोषणामा व्यक्त गरिबक्सेको छ । संकटकालीन अवस्थामा केहि समयको लागि कतिपय संवैधानिक हकहरु निलम्बनमा परि त्यसमा ग्रहण लाग्ने गर्दछ र संकटकाल समाप्त भएपछि निलम्बन फुकुवा हुन्छ तर शाही घोषणा र नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५ ले बन्दीप्रत्यक्षीकरणको उपचारको हकलाई संकटकालको असहज परिस्थितिले प्रतिकूल असर नगरेको त्यस्तो हक प्रचलन गराई माग्न पाउने निवेदकको निवेदनमा उठाइएको विषयमा विवेचना विश्लेषण हुनसक्ने नै देखिन्छ । प्रस्तुत रिट निवेदनमा संकटकालको अमूर्त रेखा कोरी वारी र पारी बस्नु पर्ने स्थिति देखिदैन । बन्दीप्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक निलम्बित नभएको अवस्थामा जुन कानून देखाई निवेदकलाई बन्दी बनाइएको हो त्यो कानून प्रयोग गर्ने अधिकारीको अधिकार, उसको नियत, उसले आधार लिएको कानूनी व्यवस्था त्यसको कार्यविधि इत्यादि कुराहरु र यस सम्बन्धमा स्थापित नजिरहरु सबै यस अदालतको विवेचना भित्र पर्न आउने र त्यस अन्तर्गत बन्दीप्रत्यक्षीकरणको सम्बन्धमा उचित आदेश जारी गर्नसक्ने नै देखिदा संकटकालीन असहज परिस्थितिको परिप्रेक्ष्यमा बन्दीप्रत्यक्षीकरणको रिट हेर्नुपर्ने भन्ने विद्वान नायव महान्यायाधिवक्ता र सहन्यायाधिवक्ताको वहस जिकिर सँग सहमत हुन सकिएन ।

१२. यसरी संकटकालीन अवस्था विद्यमान रहदा समेत बन्दीप्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक निलम्बन नगरिने संवैधानिक प्रत्याभुति दिइएको परिप्रेक्ष्यमा बन्दीप्रत्यक्षीकरणलाई संकटकालीन अवस्थाको घोषणा वा आदेशसँग-सँगै राखेर हेर्न मिल्ने देखिदैन । यसको साथै यस संवैधानिक व्यवस्थाले संकटकालीन अवस्थामा समेत बन्दीप्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक निलम्बन नहुने संवैधानिक प्रत्याभूति गरेर संकटकालका बेला संकटकालका नाममा राज्यका विभिन्न निकाय वा पदाधिकारीहरुबाट हुनसक्ने पदको दुरुपयोग र वैयक्तिक स्वतन्त्रताको अपहरणलाई समेत रोक लगाउन खोजेको देखिन्छ । संकटकालीन अवस्था संवैधानिक प्रक्रिया नै भएको र यसको उद्देश्य राज्यमा तत्काल विद्यमान रहेको संकट वा असहज परिस्थितिलाई शान्तिमा परिणत गरी परिस्थितिलाई सहज बनाउँनु भएकोले संकटकालीन अवस्थामा संकटकालका नाममा संविधान तथा कानून विपरीत व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण गर्ने तथा नागरिकलाई गैरकानूनी तरिकाबाट जथाभावी गिरफ्तार गर्ने पक्रने थुन्ने र निलम्बन नभएको फौजदारी न्याय सम्बन्धी हक अन्तर्गत पक्राउ भएको व्यक्तिलाई पक्राउको कारण सहितको सूचना यथासक्य चाँडो पाउने हक,

आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिने र पुर्पक्ष गर्ने हक र पक्राउ गरिएको र थुनामा राखिएको व्यक्तिलाई बाटाको म्याद बाहेक २४ घण्टा भित्र मुद्दा हेर्ने अधिकारीका समक्ष उपस्थित गराउने हक र त्यस्तो मुद्दा हेर्ने अधिकारीको आदेशले बाहेक सो अवधि भन्दा बढी थुनामा बस्नु नपर्ने हक जस्ता संवैधानिक मौलिकहकहरुलाई संकटकालको नाममा पालना नगर्ने कार्यलाई उचित मान्न नसकिने हुँदा र नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५(८) को प्रतिबन्धात्मक वाक्यांशले बन्दीप्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक निलम्बन नगरिने स्पष्ट संवैधानिक प्रत्याभूति भएको अवस्थामा बन्दीप्रत्यक्षीकरण एउटा स्वतन्त्र संवैधानिक व्यवस्था भएको स्पष्ट हुन आएको हुँदा यसलाई संकटकालीन अवस्थाको घोषणा वा आदेश तथा सो समयमा कानून सरह लागु हुने आदेशबाट संकुचित पार्नसक्ने देखिदैन । बन्दीप्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हकको संवैधानिक प्रत्याभूति रहि रहेको अवस्थामा सो हकको सम्बन्धमा संकुचित व्याख्या गर्न मिल्दैन । यसप्रकार बन्दीप्रत्यक्षीकरणको हक तथा यस सम्बन्धी संवैधानिक उपचार प्राप्त गर्ने हक संकटकालीन अवस्थामा समेत निर्बाध रुपले प्राप्त हुने नै देखिन्छ र संकटकालीन अवस्थामा समेत गैरकानूनी थुनालाई बन्दीप्रत्यक्षीकरणको आदेशद्वारा थुनामुक्त गर्न सकिने नै देखिन्छ ।

१३. अब निवेदकको माग बमोजिम निजलाई थुनामा राख्ने कार्य गैरकानूनी हो होइन र बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निवेदकलाई थुनामुक्त गर्नुपर्ने हो होइन भन्ने प्रश्नतर्फ विचार गर्दा निवेदक गौरी प्रधानलाई नेदरल्याण्डमा भएको International Council Meeting of Global March र जेनेभामा भएको NGO Committee on the Rights of the Child मा भाग लिई नेपाल फर्कने क्रममा मिति ०६१।११।६ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट दिनको १.०० बजे सादा पोषाकका सुरक्षाकर्मीहरुद्वारा गिरफ्तार गरिएको र आफन्तजन तथा कानून व्यवसायी समेतलाई भेटघाट गर्न नदिइएको तथ्यलाई विपक्षीहरुको लिखित जवाफबाट स्पष्ट खण्डन गर्न सकेको देखिदैन । निवेदक स्वयं वालबालिका सम्बन्धी ऐन, २०४८ बमोजिम गठित केन्द्रिय बाल कल्याण समितिको अध्यक्ष रहेको तथ्यलाई समेत विपक्षीहरुबाट स्वीकार गरी राखेकै अवस्था देखिन्छ । निवेदकले आफूलाई मिति ०६१।११।६ मा पक्राउ गरेको जिकिर लिएकोमा जिल्ला प्रशासन कार्यालयको लिखित जवाफमा प्रमुख जिल्ला अधिकारीको मिति २०६१।११।१० को आदेश अनुसार मिति ०६१।११।८ गतेबाट लागू हुने गरी नजरबन्दमा राखिएको कुरा स्वीकार गरेको देखिन्छ भने जिल्ला प्रहरी कार्यालय काठमाडौंको लिखित जवाफमा श्री ५ महाराजाधिराजबाट मिति ०६१।१०।१९ गते शाही घोषणा बक्स भै नेपाल अधिराज्यको संविधानको धारा ११५(१) बमोजिम नेपाल अधिराज्यभर तत्काल लागु गरी संकटकालीन अवस्थाको आदेश जारी गरी बक्सी सोही ११५(८) बमोजिम अधिकांश मौलिकहकहरु समेत निलम्बन गरी बक्सेको र उपरोक्त शाही घोषणाको विरोधमा निवेदकले मूलुकको शान्ति सुव्यवस्था र अखण्डतामा खलल पुऱ्याउन सक्ने प्रवल संभावना भएकोले ०६१।११।७ गते फेला पारी ७, ८ र ९ गते विदा परेको हुँदा १० गते यस सम्बन्धी कागजातहरु जिल्ला प्रशासन कार्यालयमा पेश गरेपछि प्रमुख जिल्ला अधिकारीबाट सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) बमोजिम निवेदकलाई नजरबन्दमा राखिएको कुरा उल्लेख भएको देखिन्छ । यसरी एउटै घटनाको विषयमा जिल्ला प्रहरी कार्यालयबाट ७ गते नै पक्राउ गरेको कुरा स्वीकार्नु र जिल्ला प्रशासन कार्यालयले पक्राउ परेको मिति समेत नखुलाई ०६१।११।८ बाट लागू हुने गरी ०६१।११।१० गते नजरबन्दमा राख्ने गरी भूतप्रभावी आदेश गरेको देखिन्छ । विपक्षी निकायहरुबाट परस्पर विरोधी भनाइ आउनुबाट पनि निवेदकको थुना गैरकानूनी भएको कुरा स्पष्ट देखिन आउँछ । यसका साथै जिल्ला प्रहरी कार्यालयको लिखित जवाफ अनुसार निवेदकलाई ०६१।११।७ गते पक्राउ गरी ७, ८ र ९ गते विदा परेकोले पक्राउको कारण सहितको

सूचना दिन नसकेको र १० गते जिल्ला प्रशासन कार्यालयमा पेश गरेपछि प्रमुख जिल्ला अधिकारीबाट सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) बमोजिम निवेदकलाई नजरबन्दमा राखिएको कुरा उल्लेख भएको देखिन्छ । निवेदकलाई ०६१।११।७ गते पक्राउ गरी ७, ८ र ९ गते विदा परेकोले पक्राउको कारण सहितको सूचना दिन नसकेको र १० गते जिल्ला प्रशासन कार्यालयमा पेश गरेको भन्ने भनाइलाई हेर्दा यहां पक्राउ समेत विदा कै दिन गरिएको भनी विपक्षीहरुले जिकिर लिई राखेको देखिन्छ । सार्वजनिक विदाको दिन पक्राउ गर्न मिल्ने तर पक्राउको कारण सहितको सूचना विदाको दिनमा दिन नसकिने कार्यालय खुल्ने दिनसम्म पर्खनु पर्ने भन्ने विपक्षीहरुको तर्कसँग सहमत हुनसक्ने देखिएन । पक्राउ गर्ने प्रहरीलाई सार्वजनिक सुरक्षा ऐन, २०४६ बमोजिम सो ऐन प्रयोग गर्न पाउने अधिकार समेत भएको देखिदैन । पक्राउ भएको व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना यथासक्य चाँडो नदिई थुनामा राखिने छैन भन्ने नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(५) को व्यवस्था तर्फ हेर्दा पक्राउ भएको व्यक्तिलाई पक्राउको कारण सहितको शीघ्र सूचना दिनुपर्ने कुराको प्रत्याभूति गरेको देखिन्छ । यस परिप्रेक्ष्यमा जिल्ला प्रशासन कार्यालयको लिखित जवाफमा निवेदकलाई पक्राउ गरेको मिति समेत नखुलाई ०६१।११।१० गते आदेश जारी गरी ०६१।११।८ गतेबाटै लागु हुने गरी नजरबन्दको भुतप्रभावी आदेश जारी गरेको देखिन्छ । निवेदकलाई कहिले पक्राउ गरिएको हो भन्ने सामान्य कुरासम्म नखुलाई आदेश गरेको मिति भन्दा अगावैबाट लागु हुने गरी भूतप्रभावी आदेश जारी गर्नुबाट पनि निवेदकलाई गैरकानूनी तरिकाबाट थुनामा राखिएको र गैरकानूनी थुनालाई कानूनी बनाई वैधता प्रदान गर्ने प्रयास प्रमुख जिल्ला अधिकारीबाट भएको स्पष्ट देखिन्छ ।

१४. श्री ५ महाराजाधिराजबाट २०६१ माघ १९ गते संकटकालीन अवस्थाको घोषणा गरी माघ २५ गते संविधानको धारा ११५(७) बमोजिम जारी गरिएको आदेशको दफा ८ मा उक्त आदेश विपरीत कार्य गर्ने, आदेशको पालना नगर्ने असहयोग गर्ने व्यक्तिलाई स्थानीय प्रशासनले तुरुन्त नजरबन्दमा राखी कारवाही गर्न गराउन सक्ने उल्लेख छ, तर विपक्षीहरुले लिखित जवाफमा निवेदकको के कस्तो कार्य उक्त आदेश विरुद्ध भए गरेको हो भन्ने कुरा खुलाउन सकेको देखिदैन, खाली निवेदकबाट शान्ति व्यवस्थामा खलल पुऱ्याउन सक्ने भन्ने आत्मगत आधारमा मात्र निवेदकलाई पक्राउ गरेको देखिन्छ । यसैगरी सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) मा नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्नसक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने उचित र पर्याप्त आधार भएमा स्थानीय अधिकारीले निजलाई कुनै खास अवधिसम्म कुनै खास ठाउँमा नजरबन्द राख्ने आदेश जारी गर्नसक्नेछ भन्ने व्यवस्था छ । प्रस्तुत रिट निवेदनमा निवेदकलाई यसै कानूनी व्यवस्थाको आधारमा नजरबन्दमा राखिएको कुरा विपक्षीहरुबाट प्रस्तुत भएको पाइयो, तर निवेदकलाई नजरबन्दमा राख्दा निवेदकबाट नेपाल अधिराज्यको सार्वभौमसत्ता अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने काम हुनसक्नेसम्म उल्लेख भएको तर त्यस मध्ये कुने कार्य वा सबै कार्यको उचित र पर्याप्त आधार समेत आदेश पूर्जिमा उल्लेख भएको नदेखिएको हुनाले निवेदकको थुना गैरकानूनी भएको कुरा स्पष्ट देखिन आउँछ । यसको साथै सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ४(२) मा दफा ३ (१) अन्तर्गत जारी गरिएको नजरबन्दको आदेशको प्रतिलिपि सहितको जानकारी सम्बन्धित जिल्ला अदालतलाई २४ घण्टा भित्र पठाउनु पर्ने व्यवस्था भएकोमा प्रस्तुत नजरबन्दको आदेशको बोधार्थ खण्डमा जिल्ला अदालतसम्म उल्लेख गरे पनि सो जानकारीको भरपाई समेत पेश हुन सकेको छैन । संकटकालका बेला निलम्बन गर्न सकिने धारा १२(२)(ङ) अन्तर्गतको कुनै पेशा रोजगार उद्योग र व्यापार गर्ने स्वतन्त्रताको हक समेत हाल

निलम्बन नरहेको अवस्थामा निवेदक उल्लेखित आफ्नो पेशा व्यवसायको सिलसिलामा विदेशबाट फर्कने क्रममा पक्राउ परेको देखिदा समेत निजको थुना गैरकानूनी रहेको पुष्टी हुन आउँछ ।

१५. अतः नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५(१) बमोजिम संकटकालीन घोषणा भएको अवस्थामा सोही धारा ११५(८) को प्रतिबन्धात्मक वाक्यांशले धारा २३ अन्तर्गत बन्दीप्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक निलम्बन नहुने संवैधानिक व्यवस्था रहेबाट थुनामा परेका व्यक्तिको थुना गैरकानूनी रहेमा संकटकालीन अवस्थामा पनि त्यस्तो गैरकानूनी थुना विरुद्ध धारा ११५(८) बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनसक्नेनै देखिन्छ । निवेदकलाई सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) अनुसार थुनामा राखेको देखिन्छ । प्रमुख जिल्ला अधिकारीको नजरबन्दको आदेशमा निवेदकलाई नजरबन्दमा राख्नु पर्ने सोही ऐनको दफा ४(१) मा उल्लेख भए बमोजिमका कारण वा आधार खुलाएको देखिदैन । निवेदकलाई मिति ०६१।११।७ मा पक्राउ गर्दा सार्वजनिक सुरक्षा ऐन बमोजिम पक्राउ गरेको भनेको तर त्यस्तो पक्राउ गर्दा प्रमुख जिल्ला अधिकारीले आदेश दिएको पनि देखिदैन । साथै सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) बमोजिम निवेदकलाई आदेश पूर्जि दिंदा सो आदेश पूर्जिमा सोही ऐनको दफा ४(१) बमोजिम कुन कारण र आधार थियो सो कुरा समेत उल्लेख नभएको अवस्थामा निवेदकको थुना गैरकानूनी भएको देखिन्छ । यस्तै अवस्था वारे व्याख्या गरी बन्दीप्रत्यक्षीकरणको रिट जारी गरेको ने.का.प. २०५६, नि. नं. ६७७५ को खिम देवकोटा वि. श्री ५ को सरकार गृह मन्त्रालय समेत भएको रिटमा भएको व्याख्यासँग असहमत हुनुपर्ने कारण नभएको र निलम्बन नभएको नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२(१) ले कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिहरुको वैयक्तिक स्वतन्त्रता अपहरण नहुने कुराको प्रत्याभूति गरेको अवस्थामा निवेदकको थुना गैरकानूनी समेत देखिदा संविधानको धारा २३ र ८८(२) बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ । बन्दीलाई अविलम्ब थुनाबाट मुक्त गरि दिनु । मिसिल नियमानुसार गरी बुझाई दिनु ।

उक्त रायमा म सहमत छु ।

न्या. अर्जुनप्रसाद सिंह

इति सम्वत् २०६१ साल फागुन १७ गते रोज २ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री केदार प्रसाद गिरी
माननीय न्यायाधीश श्री बद्री कुमार बस्नेत

सम्वत् २०६१ सालको रिट न.४७६

आदेश मितिः २०६२।१।२९

विषयः- बन्दीप्रत्यक्षीकरण ।

निवेदक : काभ्रेपलाञ्चोक जिल्ला पनौति गा.वि.स. वडा नं. ८ घर भै हाल कृषि अनुसन्धान केन्द्र बोडे भक्तपुरमा थुनामा रहेकी कमला थापाको हकमा कुमार थापा

विरुद्ध

विपक्षी : श्री ५ को सरकार, गृह मन्त्रालय, सिहदरवार,काठमाण्डौ समेत

- **निवेदिकालाई कुन कार्यको लागि थुनामा राख्नु पर्ने हो त्यसलाई Specific रुपमा उल्लेख गर्न सकेको छैन । उचित र पर्याप्त आधार केलाई भन्ने सम्बन्धमा कुनै पनि वैयक्तिको मौलिक हकमा बन्देज लगाउनु पूर्व निजको राज्य विरुद्धको कुन अपराध गर्नबाट रोक्नुपर्ने हो, त्यसको यर्थाथ रुपमा उल्लेख हुनुपर्ने ।**

- **उचित र पर्याप्त आधार थुनामा राख्ने व्यक्तिलाई मात्र महसुस हुने नभै थुनिने व्यक्ति र सर्वसाधारणलाई थाहा जानकारी हुनसक्ने किसिमको हुनुपर्ने ।**

- **सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ मा उल्लेख भएको नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्नसक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने उचित र पर्याप्त आधार भएमा थुनामा राख्ने नजरबन्दको आदेश जारी गर्नसक्ने कानूनी व्यवस्था रहेको पाइदा निवेदिकाले उपरोक्त उल्लेखित कुन कार्य गरेको हो सो कार्य गर्नबाट रोक्नु परेको हो सो कुरा प्रमुख जिल्ला अधिकारीबाट दिएको आदेश पुर्जीमा स्पष्ट रुपमा खुल्न सक्नुपर्ने ।**

आदेश

- न्या. बद्रीकुमार बस्नेत

नेपाल अधिराज्यको संविधान,२०४७ को धारा २३ तथा ८८(२) बमोजिम पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छः

मेरो पत्नी कमला थापालाई मिति २०६१।१२।२६ गते दिउँसो करिव ३.०० बजे का.जि.का.म.न.पा. वडा न. १४ स्थित आफ्नो निवासस्थानमा बसिरहेको अवस्थामा श्री ५ को सरकारका सुरक्षाकर्मीहरु आई मेरी पत्नी कमला थापालाई पक्राउ गरी लगियो ।

मिति २०६१।१२।२९ गते प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय, काठमाण्डौबाट सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) बमोजिमको आदेश पुर्जी दिई हाल कृषि अनुसन्धान केन्द्र बोडे भक्तपुरमा नजरबन्दमा राखिएको छ । मेरो पत्नी कमला थापा शुरु पक्राउ मिति देखि हाल सम्म लगातार प्रत्यर्थीको गैरकानूनी थुनामा हुनुहुन्छ ।

कमला थापालाई थुनामा राख्न सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) अनुसारको आदेश गर्दा ऐ को दफा ४(१) अनुसारको आधार र कारण खोलिएको आदेश सहितको पुर्जी दिनुपर्ने हो, सो दिएको छैन । मेरो पत्नीबाट आदेशमा उल्लेखित कुनै पनि कार्य हुने सम्भावना पनि छैन । विपक्षीद्वारा गैरकानूनी ढंगले थुनामा राखी नजरबन्दको आदेश दिइएको उक्त पुर्जी लगायतको काम कारवाही सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१), ४(१) तथा नेपाल अधिराज्यको संविधान, २०४७ द्वारा प्रदत्त मौलिक हक एवं संविधानको धारा १२(१), १४ एवं यस सन्दर्भमा सम्मानित सर्वोच्च अदालतद्वारा प्रतिपादित नजिर समेतको विपरीत भै वदर भागी छ ।

कमला थापालाई गैरकानूनी रुपमा पक्राउ गरी शुरु पक्राउ मितिदेखि हाल सम्म लगातार गैरकानुनी रुपमा थुनामा राखी आफन्तलाई निर्बाध रुपमा भेटघाट गर्न नदिएको हुँदा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ द्वारा निर्दिष्ट धारा ८८(२) बमोजिम सम्मानित अदालत समक्ष यो रिट निवेदन प्रस्तुत गरेको छु । मेरो पत्नी कमला थापालाई सम्मानित अदालत समक्ष उपस्थित गराई निजलाई गैरकानूनी थुनाबाट मुक्त गरिदिनु भनी प्रत्यर्थीहरुका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निजको वैयक्तिक स्वतन्त्रताको संरक्षण गरी पाउ भन्ने रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको मांग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? यो आदेश प्राप्त भएको मितिले बाटाका म्याद बाहेक ३ दिन भित्र जवाफ पठाउनु भनी विपक्षीहरुलाई सूचना पठाई लिखित जवाफ आए पछि वा अवधि नाघे पछि नियम बमोजिम पेश गर्नु भन्ने यस अदालत एक न्यायाधीशको इजलासको मिति २०६२।१।२१ को आदेश ।

विपक्षी कमला थापालाई यस मन्त्रालयबाट थुनामा राख्ने आदेश वा निर्देशन नदिइएको र निजको मौलिक हक अधिकार हनन हुने कुनै काम कारवाही समेत नगरिएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ भन्ने गृह मन्त्रालयको लिखित जवाफ ।

श्री ५ महाराजाधिराज सरकारबाट मिति २०६१।१०।१९ गते बिहान शाही घोषणा बक्स भई नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११५ को उपधारा (१) बमोजिम नेपाल अधिराज्यभर तत्काल लागु हुने गरी संकटकालीन अवस्थाको आदेश जारी गरी बक्सी सोही धाराको उपधारा (८) बमोजिम नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२ को उपधारा (२) को खण्ड (क) (ख) र (घ) धारा १३ को उपधारा (१) र धारा १५, १६,१७,२२र २३ बन्दीप्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक बाहेक निलम्बन गरीबक्सेको विरोधमा शान्ति सुव्यवस्था खलल पुग्ने किसिमको काम कार्य वैयक्तिको पहिचान गरी पक्राउ गर्न आदेश निर्देशन भए अनुसार विपक्षी रिट निवेदक कमला थापा समेतले मिति २०६१।१२।२६ गते दिउसो का.जि. खिचापोखरी सार्वजनिक सडकमा शाही घोषणा विरुद्ध विभिन्न नारा जुलुस गर्दै हिडेको अवस्थामा पक्राउ भई आएकोले निजलाई त्यसै छाडी दिंदा शान्ति र सुव्यवस्थामा खलल पुग्ने सम्भावना देखिएबाट जिल्ला प्रशासन कार्यालय, काठमाण्डौमा पेश गरी सार्वजनिक सुरक्षा ऐन,२०४६को दफा ३(१) बमोजिम नेपाल अधिराज्यको सावैभौमसत्ता,अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने कामकुरा हुनबाट रोक्न २०६१।१२।२७ गते देखि लागु हुने गरी नजरबन्दमा राख्न ऐ ऐनको दफा ४(१) बमोजिमको कारण खोलिएको आदेश पुर्जी दिएको छु भन्ने प्रमुख जिल्ला अधिकारीको

आदेशानुसार नजरबन्दमा रहेकोमा गैरकानूनी पक्राउ गरी थुनामा राखेको भन्ने जस्ता झुट्टा व्यहोरा उल्लेख गरी यस कार्यालय समेतलाई विपक्षी बनाई दिएको रिट निवेदन खारेज गरिपाऊँ भन्ने जिल्ला प्रहरी कार्यालय, काठमाण्डौको लिखित जवाफ ।

श्री ५ महाराजाधिराज सरकारबाट मिति २०६१।१०।१९ गते शाही घोषणा बक्स भै नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५ को उपधारा (१) बमोजिम नेपाल अधिराज्यभर तत्काल लागु हुने गरी संकटकालीन अवस्थाको आदेश जारी गरिबक्सेकोले यो आदेशको विरोधमा मिति २०६१।१२।२६ गते १४.०० बजे का.जि. असनमा नारा जुलुस गरिरहेको अवस्थामा निवेदक प्रमोद रिमाललाई प्रहरीले पक्राउ गरी प्रतिवेदन साथ यस कार्यालयमा पेश गर्न ल्याएकोले निजले नेपाल अधिराज्यको शान्ति व्यवस्थामा खलल पुऱ्याई सर्वसाधारण जनताको हितमा प्रतिकूल प्रभाव पुऱ्याउने किसिमका गतिविधि सञ्चालन गर्नसक्ने स्थिति र अवस्था हुनसक्ने देखिएकाले त्यस्ता गतिविधि रोकी सार्वजनिक शान्ति व्यवस्था कायम गरि राख्न निवेदकलाई नजरबन्दमा राख्नु पर्ने कारण सहितको आदेश पुर्जी दिई सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३ को उपदफा (१) बमोजिम अर्को आदेश नभए सम्म वा बढिमा ९० दिन सम्म नजरबन्दमा राख्ने गरी यस कार्यालयबाट मिति २०६१।१२।२७ र २८ गतेको सार्वजनिक विदा परेको हुँदा मिति २०६१।१२।२९ गतेको आदेश अनुसार मिति २०६१।१२।२७ बाट लागु हुने गरी आदेश भएको र सोही आदेश बमोजिम रिट निवेदकलाई श्री जिल्ला प्रहरी कार्यालय, काठमाण्डौमा नजरबन्दमा राखिएकोमा मिति २०६१।१२।३१ गतेबाट स्थानान्तरण गरी श्री जिल्ला प्रहरी कार्यालय, भक्तपुरमा नजरबन्दमा राखिएको छ भन्ने जिल्ला प्रशासन कार्यालय, काठमाण्डौको लिखित जवाफ ।

नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत रिट निवेदन सहितको फायल अध्ययन गरी निवेदक तर्फबाट रहनु भएका विद्वान अधिवक्ता श्री शेर बहादुर के.सीं र शान्त सेढाईले निवेदिका कमला थापा काठमाण्डौको के कुन ठाउँमा के कसरी आतंकवादी गतिविधि गर्नु भएको हो सो कुरा नजरबन्दको पुर्जीमा खुलाइएको छैन । कमला थापा साधारण गृहिणी महिला हुँदा निजबाट कुनै किसिमको नारा जुलुस जस्ता कार्य भएको छैन । तसर्थ निवेदिकालाई गैरथुना मुक्त गरी पाउन बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी पाउँनु पर्दछ र विपक्षी श्री ५ को सरकारका तर्फबाट विद्वान सह न्यायाधिवक्ता श्री दुर्गाबन्धु पोखरेलले निवेदिका कमला थापाले काठमाण्डौका विभिन्न ठाउँमा श्री ५ महाराजाधिराज सरकारको मिति २०६१।१०।१९ गतेको विरोधमा नारा जुलुस लगाइरहेको अवस्थामा सुरक्षाकर्मीले पक्राउ गरी जिल्ला प्रशासन कार्यालय, काठमाण्डौको आदेशबाट कानून बमोजिमको नजरबन्दको थुनामा रहेकोले रिट निवेदन खारेज हुनुपर्दछ भन्ने गर्नु भएको वहस सुनियो ।

विद्वान कानून व्यवसायीहरुको वहस सुनी रिट निवेदन माग दावी बमोजिमको आदेश जारी हुनुपर्ने हो होइन ? सो सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

निर्णय तर्फ विचार गर्दा निवेदिका कमला थापालाई नजरबन्दमा राख्न पुर्जीमा दिएको आदेश अनुसारको कार्य नभएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने मुख्य निवेदन र निवेदिका कमला थापा काठमाण्डौका विभिन्न ठाउँमा नारा जुलुस गरी शान्ति सुव्यवस्थामा खलल पुऱ्याउने कार्य गरेकोले सो गतिविधि रोक्न नजरबन्दमा राख्ने आदेश पुर्जी दिएको हो भन्ने जिल्ला प्रशासन कार्यालय, काठमाण्डौ समेतको लिखित जवाफ रहेको देखिन्छ ।

निवेदिका कमला थापालाई जिल्ला प्रशासन कार्यालय, काठमाण्डौले मिति २०६१।१२।१९ मा थुनुवा पुर्जी दिंदा सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) बमोजिम ९० दिनको नजरबन्दको आदेश दिएको देखिन्छ । उक्त दफा ३(१) बमोजिम थुनुवा पुर्जी दिंदा सोही ऐनको दफा ४(१) मा उल्लेखित कारण र

आधार खुलाई सो आदेश निवेदिकालाई दिनुपर्ने भन्ने कानूनी व्यवस्था भए बमोजिम सो अनुसार उक्त नजरबन्दको पुर्जीमा खुलाएको देखिएन । सोही ऐनको दफा ४.२ मा वर्णित कानूनी व्यवस्था बमोजिम निवेदिका कमला थापालाई नजरबन्दमा राखेको आदेशको प्रतिलिपि शुरु काठमाण्डौ जिल्ला अदालतमा २४ घण्टा भित्र जानकारी दिनुपर्नेमा महान्यायाधिवक्ताको कार्यालय मार्फत प्राप्त फायलबाट दिएको देखिएन । निवेदिकालाई कुन कार्यको लागि थुनामा राख्नु पर्ने हो त्यसलाई Specific रुपमा उल्लेख गर्न सकेको छैन । उचित र पर्याप्त आधार के लाई भन्ने सम्बन्धमा कुनै पनि वैयक्तिको मौलिक हकमा बन्देज लगाउनु पूर्व निजको राज्य विरुद्धको कुन अपराध गर्नबाट रोक्नुपर्ने हो, त्यसको यर्थाथ रुपमा उल्लेख हुनुपर्छ । उचित र पर्याप्त आधार थुनामा राख्ने व्यक्तिलाई मात्र महसुस हुने नभै थुनिने व्यक्ति र सर्वसाधारणलाई थाहा जानकारी हुनसक्ने किसिमको हुनुपर्छ । सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ मा उल्लेख भएको नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्नसक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने उचित र पर्याप्त आधार भएमा थुनामा राख्ने नजरबन्दको आदेश जारी गर्नसक्ने कानूनी व्यवस्था रहेको पाइन्छ । निवेदिका कमला थापाले उपरोक्त उल्लेखित कुन कार्य गरेको हो सो कार्य गर्नबाट रोक्नु परेको हो सो कुरा प्रमुख जिल्ला अधिकारीबाट दिएको आदेश पुर्जीमा स्पष्ट रुपमा खुल्न सक्नुपर्छ । निवेदिका कमला थापाले काठमाण्डौका के कुन स्थानमा के कस्ता गतिविधि गरेको हो जसबाट नेपाल अधिराज्यको सार्वभौमसत्ता र शान्ति सुव्यवस्था असर पर्नसक्ने भन्ने सो कुरा प्राप्त फायलबाट देखिदैन । यसरी वैयक्तिको वैयक्तिक स्वतन्त्रता जस्तो हकलाई कुण्ठित गरी गैरकानूनी रुपमा नजरबन्दको पुर्जी दिई थुनामा राखेको देखिएकोले विपक्षीहरुको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी दिएको छ । निवेदिकालाई अन्य मुद्दामा थुनामा राख्न नपर्ने भए प्रस्तुत मुद्दाबाट थुना मुक्त गरी दिनु भनी आजै भएको छुट्टै आदेशबाट निवेदिका थुनामा रहेको विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाण्डौमा लेखी पठाई सकेको देखिंदा अन्य केही गर्नु परेन । मिसिल नियम बमोजिम बुझाई दिनु ।

उक्त रायमा म सहमत छु ।

न्या. केदारप्रसाद गिरी

इति सम्वत् २०६२ साल वैशाख २९ गते रोज ५ शुभम्

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री रामनगिना सिंह
माननीय न्यायाधीश श्री शारदा प्रसाद पण्डित

सम्बत् २०६१ को रिट नं.४११

आदेश मितिः २०६२।१।३०।६

विषय : बन्दीप्रत्यक्षीकरण ।

निवेदक : काठमाडौं जिल्ला आलापोट गा.वि.स. वडा नं. २ बस्ने महेश्वर फुयालको हकमा निजको बाबु वासुदेव फुयाल

विरुद्ध

विपक्षी : श्री ५ को सरकार गृह मन्त्रालय सिंहदरवार समेत

- **आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ को दफा ९ अनुसार आतङ्ककारी तथा विध्वंसात्मक कार्य हुनसक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने विश्वास गर्न सकिने मनासिव आधार भएमा सुरक्षा अधिकारीले ६ महिनासम्म नजरबन्दमा राख्न सकिने हो । त्यस्तो मनासिव आधार बेगर नजरबन्दमा राख्न मनासिव नहुने ।**

- **आतङ्ककारी तथा विध्वंसात्मक कार्य हुनसक्ने कुनै काम कुरा गर्नबाट रोक्नुपर्ने विश्वास गर्न सकिने मनासिव आधार तथ्यगत रुपमा देखिनुपर्ने ।**

- **अधिकार प्रयोग गर्ने अधिकारीको मनोगत रुपको आत्मगत सन्तुष्टि हुने किसिमको हुन नसक्ने ।**

आदेश

- न्या. रामनगिना सिंह

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३/८८(२) बमोजिम दायर भै पेश भएको प्रस्तुत रिट निवेदन समेतको संक्षिप्त तथ्य र निर्णय यस प्रकार छः

मेरो छोरा महेश्वर फुयाल लगनखेलस्थित टि.टि.आई.आर.मा भेटनरी सम्बन्धी अध्ययन गर्दै आएको छ । सरकारी सुरक्षाकर्मीहरु निजलाई खोज्न घरमा आएकोमा के रहेछ भनी व्यारेकमा जाँदा २०६१।१०।८ गते सो व्यारेकबाट नै पक्राउ गरी हाल कारागार शाखा जगन्नाथदेवल, काठमाडौंमा गैरकानूनी थुनामा राखिएको छ । २०६१।१०।८ गते प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ को दफा ३(१) को विभिन्न उपदफाहरुमा उल्लेखित कार्यहरु गर्नबाट रोक्न जरुरी भएकोले नजरबन्दमा राख्ने भन्ने आदेश पूर्जि दिइयो ।

मेरो छोराबाट उक्त पूर्जिमा उल्लेख भए बमोजिमको कुनै पनि कार्य भएको छैन र हुनसक्ने पूर्वावस्था पनि छैन । सो पूर्जिमा कुन काम कुराबाट रोक्नुपर्ने हो, सो को वस्तुनिष्ठ आधार दिन सकेको

छैन । निजको कुन काम कुराबाट आतङ्ककारी तथा विध्वंसात्मक कार्य हुनसक्ने हो, त्यस्तो काम कुरा गर्नबाट रोक्नुपर्ने विश्वास गर्न सकिने मनासिव आधार सो पूर्जिबाट खुल्दैन । विपक्षीहरुद्वारा गैरकानूनी थुनामा राखी नजरबन्दको दिएको आदेश पूर्जि लगायतको थुना नेपाल अधिराज्यको संविधान, २०४७ द्वारा प्रदत्त हक तथा आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजाय) अध्यादेश, २०६१ को दफा ३(१), ९ समेतको विपरीत हुँदा धारा २३/८८(२) बमोजिम मेरो छोरा महेश्वर फुयाललाई सम्मानित अदालत समक्ष उपस्थित गराई गैरकानूनी थुनाबाट मुक्त गरिदिनु भन्ने बन्दीप्रत्यक्षीकरणको आदेश प्रत्यर्थीहरुका नाममा जारी गरी निजको वैयक्तिक स्वतन्त्रताको संरक्षण गरिपाउँ भन्ने रिट निवेदन ।

यो आदेश प्राप्त भएको ३ (तीन) दिनभित्र लिखित जवाफ पेश गर्न विपक्षीहरुको नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि नाघेपछि पेश गर्नु भन्ने मिति २०६२।१।७ को आदेश ।

निवेदकलाई गैरकानूनी थुनामा राखेको छैन । आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ को दफा ९ बमोजिम जिल्ला प्रशासन कार्यालय काठमाडौंको आदेशले नजरबन्दमा राखिएको हुँदा रिट निवेदन खारेज होस् भन्ने विपक्षी जिल्ला प्रहरी कार्यालय काठमाडौंको लिखित जवाफ ।

निवेदकलाई यस मन्त्रालयबाट थुनामा राख्ने आदेश वा निर्देशन नदिइएको हुँदा रिट निवेदन खारेज होस् भन्ने विपक्षी गृह मन्त्रालयको लिखित जवाफ ।

निवेदक महेश्वर फुयाललाई यस कार्यालयको आदेशबाट आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ को दफा ३ मा व्यवस्था गरेअनुसार निजबाट आतङ्ककारी तथा विध्वंसात्मक कार्य हुनसक्ने देखिएकोले त्यस्तो कार्य हुनबाट रोक्नुपर्ने भएको हुँदा ऐ. दफा ९ अनुसार अनुसन्धान कारवाहीको लागि आदेश पर्चामा खुलाइएको कारण र आधारमा २०६१।१०।८ गतेबाट कारागार शाखा जगन्नाथदेवलमा नजरबन्दमा राखिएको हो र निज हाल छानविनकै क्रममा रहेको हुँदा रिट निवेदन खारेज होस् भन्ने विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौंको लिखित जवाफ ।

निवेदकलाई नजरबन्दमा राख्ने गरी भएको जिल्ला प्रशासन कार्यालय काठमाडौंको २०६१।१०।८ को आदेश सहितको मिसिल झिकाई पेश गर्नु भन्ने २०६२।१।२३ को आदेश ।

नियम बमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ता शान्ता सेढाईले निवेदकले के कुन आतङ्ककारी तथा विध्वंसात्मक कार्य गरेको वा गर्ने अवस्था रहेको भन्ने लिखित जवाफ तथा आदेश पूर्जि समेतबाट स्पष्ट हुँदैन । आधार र कारण बेगरको पूर्जिबाट गैरकानूनी रुपमा थुनामा राखेको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी होस् भनी बहस गर्नुभयो । विपक्षी जिल्ला प्रशासन कार्यालय समेतको तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता डिल्लीरमण आचार्यले निवेदकलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ को दफा ३(१) मा उल्लखित कार्य गर्नबाट रोक्न अधिकार प्राप्त अधिकारीले कानून बमोजिम दिएको आदेश अन्यथा नहुँदा रिट निवेदन खारेज होस् भनी बहस प्रस्तुत गर्नुभयो ।

रिट निवेदन तथा लिखित जवाफ र बहसमा उठाइएका बुंदाहरु समेतलाई दृष्टिगत गर्दा, निवेदकलाई राखिएको थुना कानून अनुकूल छ छैन ? मांग बमोजिमको रिट जारी हुनसक्छ सक्दैन ? भन्ने प्रश्नको निरोपण गर्नुपर्ने देखियो । सो तर्फ विचार गर्दा, निवेदकलाई २०६१।१०।८ गते सुरक्षाकर्मीहरुले पक्राउ गरी ऐ.मा जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण

तथा सजाय) अध्यादेश, २०६१ को दफा ३(१) को विभिन्न उपदफाहरुमा उल्लखित कार्यहरु गर्नबाट रोक्न जरुरी भएको भनी दिएको नजरबन्दमा राख्ने पूर्जि तथा सो अनुरुपको नजरबन्द समेत त्रुटिपूर्ण हुँदा उक्त गैरकानूनी थुनाबाट मुक्त गरिदिनु भनी प्रत्यर्थीहरुका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने रिट निवेदन जिकिर रहेको पाइयो । विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौंको लिखित जवाफमा निवेदकबाट अध्यादेशको दफा ३ मा व्यवस्था गरेअनुसार आतङ्ककारी तथा विध्वंसात्मक कार्य हुनसक्ने देखिएकोले त्यस्तो कार्य हुनबाट रोक्नुपर्ने भएको हुँदा अनुसन्धान कारवाहीको लागि यस कार्यालयको आदेश पर्चामा खुलाइएको कारण र आधारमा २०६१।१०।८ गतेबाट छानविन तथा अनुसन्धानको लागि नजरबन्दमा राखिएको र हाल निज छानविनकै क्रममा रहेको भन्ने उल्लेख गरेको देखियो । लिखित जवाफबाट निवेदकलाई नजरबन्दमा राख्नुपर्ने स्पष्ट कारण र आधार दिन सकेको पाइएन । यस कार्यालयको आदेश पर्चामा खुलाएको कारण र आधारमा थुनामा राखिएको भन्ने उल्लेख भएको र विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौंको मिति २०६१।१०।८ को आदेश पर्चामा- महेश्वर फुयाल माओवादी गतिविधिमा संलग्न रहेको पुष्टि हुन आएकोले आतङ्ककारी तथा विध्वंसात्माक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ को दफा ९ अनुसार ६ महिनासम्म नजरबन्दमा राख्न आदेश दिएको भन्ने उल्लेख गरेकोमा कारण र आधार खुलेको देखिएन । निवेदकलाई दिएको नजरबन्दको आदेशमा आतङ्ककारी तथा विध्वंसात्मक कार्य ( नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ को दफा ३(१) का विभिन्न उपदफाहरुमा उल्लिखित काम गर्नबाट रोक्न जरुरी भएकोले भन्ने उल्लेख छ । उक्त आदेश पर्चा तथा आदेशमा निवेदकलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ को दफा ३(१) को देहायका कुन खण्डमा उल्लिखित के कस्तो काम कुरा गर्नबाट रोक्न जरुरी भएको भन्ने स्पष्टतः खुल्दैन । निवेदकलाई नजरबन्दमा राख्नुपर्ने विश्वसनिय आधार के हो ? उक्त आदेशबाट खुल्दैन । उक्त अध्यादेशको दफा ९ अनुसार आतङ्ककारी तथा विध्वंसात्मक कार्य हुनसक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने विश्वास गर्न सकिने मनासिव आधार भएमा सुरक्षा अधिकारीले ६ महिनासम्म नजरबन्दमा राख्न सकिने हो । त्यस्तो मनासिव आधार बेगर नजरबन्दमा राख्न मनासिव हुँदैन । आतङ्ककारी तथा विध्वंसात्मक कार्य हुनसक्ने कुनै काम कुरा गर्नबाट रोक्नुपर्ने विश्वास गर्न सकिने मनासिव आधार फायलबाट तथ्यगत रुपमा देखिनुपर्छ । अधिकार प्रयोग गर्ने अधिकारीको मनोगत रुपको आत्मगत सन्तुष्टि हुने किसिमको हुनसक्दैन । निवेदकलाई दिइएको आदेश पर्चा तथा पूर्जिबाट निवेदकलाई नजरबन्दमा राख्नुपर्ने मनासिव आधार र कारण रहेको देखिन आएन । साथै आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ को दफा ३(१) अन्तर्गतको आतङ्ककारी तथा विध्वंसात्मक कार्यमा दफा १६ बमोजिम मुद्दा चलाउनु पर्नेमा नचलाई आधार र कारण बेगरको पूर्जिको आडमा लगातार कानून विपरीत नजरबन्दमा राखेको देखिन आयो ।

अतः उपरोक्त उल्लेख भएबमोजिम निवेदकलाई नजरबन्द राख्ने गरेको आदेश तथा नजरबन्द थुना समेत कानून अनुकूल नदेखिंदा त्यस्तो कानून प्रतिकूलको नजरबन्दबाट बन्दीप्रत्यक्षीकरणको आदेशद्वारा मुक्त गरिदिने ठहर्छ । विपक्षीहरुले नजरबन्दमा राखेका निवेदक महेश्वर फुयाललाई अविलम्ब थुनामुक्त गरिदिनु भनी आज छुट्टै आदेश भई सो बमोजिम लेखि पठाई सकेकोले थप केहि गरिरहनु परेन । यो आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षीहरुलाई दिई मिसिल नियमानुसार गरी बुझाई दिनु ।

उक्त रायमा सहमत छु ।

न्या. शारदाप्रसाद पण्डित

इति सम्बत् २०६२ वैशाख ३० गते रोज ६ शुभम् ।

श्री सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री अनूपराज शर्मा
माननीय न्यायाधीश श्री बद्री कुमार बस्नेत

सम्बत २०६२ सालको रिट नं.४८७

आदेश मितिः २०६२।२।३।३

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : ललितपुर जिल्ला भैंसेपाटी गा.वि.स. आवास क्षेत्रमा डेरा गरी बस्ने पूर्व उप-प्रधान मन्त्री तथा गृह मन्त्री हाल महाराजगंज प्रहरी प्रशिक्षण केन्द्रमा थुनामा रहेको वामदेव गौतमको हकमा निजको पत्नी तुल्सी थापा (गौतम)

विरुद्ध

विपक्षी : श्री ५ को सरकार गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं समेत

- **गैरकानूनी पुर्जिको निरन्तरता दिदा गैरकानूनी कामकै निरन्तरता नै मान्नु पर्ने हुँदा जिल्ला प्रशासन कार्यालयको नजरबन्दको आदेश पुर्जि समेत र सचिवस्तरको निर्णय समेत गैरकानूनी देखिंदा निवेदकलाई जिल्ला अदालतको न्यायाधीशको रोहवरमा तत्काल थुनाबाट मुक्त गरी दिनु साथै यस आदेशको पालना गर्ने तर्फ प्रत्यर्थीहरुले उचित ध्यान पुऱ्याउनु पर्ने तर्फ समेत प्रत्यर्थीहरुको ध्यानाकर्षण गराउने ।**

आदेश

- न्या. अनुपराज शर्मा

नेपाल अधिराज्यको संविधान २०४७ को धारा २३, ८८(२) बमोजिम यसै अदालतको अधिकार क्षेत्र भित्र पर्ने भै प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ ।

मिति २०६१।१०।१९ गतेको शाही घोषणा सुन्दा सुन्दैको अवस्थामा मेरा पतिलाई आफ्नो घरबाट तपाईसँग केही बुझ्नु छ भनी श्री ५ को सरकारका सुरक्षाकर्मीले पक्राउ गरी लगेका हुन् । धेरै दिनको प्रयास पछि महाराजगंज प्रहरी प्रशिक्षण केन्द्रमा थुनामा रहेको जानकारी पाइयो । ०६१।१०।१९ को मिति राखि मिति २०६१।१०।२० गते सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) बमोजिम नेपाल अधिराज्यको सार्वभौमसत्ता अखण्डता वा सार्वजनिक शान्ति व्यवस्थामा तपाईबाट खलल पर्ने काम कुरा हुनसक्ने देखिएकोले बढीमा ९० दिन नजरबन्दमा राख्ने आदेश पुर्जि दिइएको छ भनी जिल्ला प्रशासन कार्यालय काठमाडौंले पुर्जि दिई रेडियो पत्रपत्रिका संचारबाट वञ्चित गरी यातना दिई थुनामा राखिएको छ । ९० दिन पुगेकै दिन २०६२।१।१६ को सचिव स्तरको निर्णय बमोजिम भनी सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) बमोजिम ०६२।१।१८ गतेबाट पुनः ०६१।१०।१९ गते देखि ६ महिना सम्म नजरबन्दमा राख्ने भन्ने आदेश पुर्जि दिइयो । आदेशमा उल्लेख भए बमोजिमको कार्य निवेदकबाट नभएको, हुनसक्ने सम्भावना नरहेको र आदेश पुर्जिमा निवेदकलाई कुन काम कुरा रोक्नबाट नजरबन्दमा राख्नुपरेको हो ऐनको दफा

४(१) बमोजिम खुलाउनु पर्ने पर्याप्त आधार कारण उल्लेख गरिएको छैन । घरमा टेलिभिजन हेरिरहेको व्यक्तिबाट सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) बमोजिमको कार्य हुन्छ भनी आदेश पुर्जिमा उल्लेख गरे नजरबन्दमा राख्नु प्रजातान्त्रिक व्यवस्था र पद्धतिको उलङ्घन हो, व्यक्तिको वैयक्तिक स्वतन्त्रतालाई कानूनको उचित प्रकृया अवलम्बन नगरी अतिक्रमण गरिने कुरा गैरकानूनी हुने र त्यस्तो क्रियालाई नेपालको संविधानले आत्मसाथ गरेको छैन । विपक्षीहरुको गैरकानूनी कार्यले निवेदकलाई नेपाल अधिराज्यको संविधान, २०४७ को द्वारा प्रत्याभूत मौलिक हक एवं धारा १२(१), १४ का साथै सर्वोच्च अदालतद्वारा प्रतिपादित सिद्धान्त प्रतिकूल गैरकानूनी रुपमा नजरबन्दमा राखिएको छ । तसर्थ नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ द्वारा निर्दिष्ट धारा ८८(२) बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी गैरकानूनी थुनाबाट मुक्त गरिपाऊँ भन्ने निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? सूचना प्राप्त गरेका मितिले बाटाका म्याद बाहेक ३ दिन भित्र लिखित जवाफ पेश गर्नु भन्ने सूचना विपक्षीलाई दिई लिखित जवाफ परे पछि वा अवधि नाघे पछि पेश गर्नु भन्ने यस अदालतको आदेश ।

निवेदकलाई पक्राउ गर्ने तथा थुनामा राख्ने समेतको कार्य यस कार्यालयबाट भए गरेको नपाइएकोले रिट निवेदन खारेज गरिपाऊँ भन्ने प्रहरी प्रधान कार्यालयको लिखित जवाफ ।

निवेदकलाई प्रमुख जिल्ला अधिकारीको आदेशले कानून बमोजिम थुनामा राखिएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ भन्ने श्री ५ को सरकार गृह मन्त्रालयको लिखित जवाफ ।

निवेदकलाई जिल्ला प्रशासन कार्यालयको ०६१।१०।१९ र दोश्रो ०६२।१।१८ को आदेश पुर्जि बमोजिम थुनामा राखिएको भनी निवेदकले निवेदन मै उल्लेख गरेको हुँदा समेत निजलाई थुनामा राख्ने सम्बन्धमा यस कार्यालयको कुनै भूमिका रहेको छैन । सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) तथा ५(२) १ को अधिकार प्रयोग गरी थुनामा राखेको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने राष्ट्रिय प्रहरी प्रतिष्ठानको लिखित जवाफ ।

श्री ५ महाराजाधिराज सरकारबाट ०६१।१०।१९ मा भएको शाही घोषणको विरोधमा निस्केको अवस्थामा प्रहरीले पक्राउ गरी प्रतिवेदन साथ यस कार्यालयमा पेश गर्न ल्याएको, निजबाट देशको शान्ति व्यवस्था, सार्वभौमसत्ता, अखण्डतामा खलल पर्नसक्ने स्थिति देखिएकोले त्यस्ता गतिविधि रोकी सार्वजनिक शान्ति व्यवस्था कायम गरी राख्न निवेदकलाई सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) बमोजिम अर्को आदेश नभए सम्म बढीमा ९० दिन सम्म नजरबन्दमा राख्ने आदेश भएकोमा श्री ५ को सरकार गृह मन्त्रालयबाट पहिलो पटक नजरबन्दमा राखेको मितिले ६ महिना सम्म नजरबन्दमा राख्ने अनुमोदन भए बमोजिम ०६२।१।१८ को यस कार्यालयको आदेश बमोजिम निजलाई नजरबन्दमा राखिएको कानून सम्मत हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने जिल्ला प्रशासन कार्यालय, काठमाडौंको लिखित जवाफ ।

नियम बमोजिम दैनिक पेशी सूचीमा समावेश भई निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदक तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ताहरु श्री विश्वकान्त मैनाली, श्री शम्भु थापा, श्री हरिप्रसाद उप्रेती, श्री भोजराज जोशी, श्री रवि खनाल, श्री रमेश बडाल, श्री शंकर सुवेदी, श्री बोर्ण बहादुर कार्की, श्री ज्योति बानियाले निवेदक घरमा बसेको अवस्था छ, टेलिभिजन हेरी बसेको अवस्थामा नेपालको सार्वभौमसत्ता अखण्डता र शान्ति व्यवस्थामा खलल पुऱ्याउन सक्ने अवस्था रहदैन, निवेदकलाई नजरबन्दमा राख्न दिइएको दुई पटक कै आदेश पुर्जिमा निवेदकको कुन कस्तो काम क्रियाले आदेशमा उल्लेख गरे बमोजिमको काम हुन गएको उल्लेख छैन, पर्याप्त र उचित आधार कारण

उल्लेख नगरी लगातार थुनामा राख्नु गैरकानूनी कार्य हो निवेदकलाई कुन ठाउँबाट पक्राउ गरेको हो भनी लिखित जवाफमा समेत उल्लेख छैन । घरमा टिभि हेरी बसेको निवेदकलाई नजरबन्दमा राख्नु पर्ने उचित र पर्याप्त आधार कारण नखोली लगातार थुनामा राखिने कार्य गैर संवैधानिक हुँदा बन्दीप्रत्यक्षीकरण आदेश जारी गरी थुनाबाट मुक्त गरिपाऊँ भन्ने एकै मिलानको गर्नु भएको बहस र महान्यायाधिवक्ताको कार्यालय तर्फबाट उपन्यायाधिवक्ता श्री सुरेन्द्र बहादुर थापाले शाही घोषणाको विरोधमा निस्केको अवस्थामा निवेदकको गतिविधि एंव कृयाकलापले देशको शान्ति व्यवस्था अमनचयनमा बाधा पुग्ने, सार्वभौमसत्ता अखण्डतामा खलल पुग्ने देखिई प्रहरीले पक्राउ गरी प्रतिवेदन साथ पेश गरेको अवस्थामा निवेदकको त्यस्तो कार्य रोक्न आवश्यक हुँदा सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) बमोजिम मिति २०६१।१०।१९ देखि लागु हुने गरी गृह मन्त्रालयबाट पुनः सोही मितिबाट थप ६ महिना नजरबन्दमा राख्ने कुरा अनुमोदन भए बमोजिम ऐनको दफा ५.२.१ बमोजिम जिल्ला प्रशासन कार्यालय काठमाडौंको आदेश बमोजिम निवेदकलाई थुनामा राखिएको हुँदा रिट निवेदन खारेज हुनुपर्दछ भनी गर्नु भएको बहस समेत सुनियो ।

उपरोक्तानुसार अधिवक्ताहरुको बहस समेत सुनि निवेदकको माग बमोजिमको आदेश जारी हुनुपर्ने नपर्ने के हो भनी निर्णय दिनुपर्ने देखिन आयो ।

निर्णय तर्फ विचार गर्दा ०६१।१०।१९ गते घरमा बसी टेलिभिजन हेरिरहेको अवस्थामा श्री ५ को सरकारको सुरक्षाकर्मी आई पक्राउ गरी ऐ.१९ गतेबाट लागु हुने गरी सार्वजनिक सुरक्षा ऐनको दफा ३.१ बमोजिम बढीमा ९० दिन नजरबन्दमा र २०६२।१।१८ मा ऐ.ऐनको दफा ३ (१) बमोजिमको अर्को पुर्जि दिई अघिल्लो मिति देखि थप ६ महिना नजरबन्दमा राख्ने गृह मन्त्रालयको अनुमोदन बमोजिम भनी पुनः नजरबन्दमा राख्ने आदेश पुर्जि दिई विपक्षले गैरकानूनी रुपमा थुनामा राख्नुपर्ने उचित र पर्याप्त आधार कारण बेगर थुनामा राखेको हुँदा संविधानको धारा २३ द्वारा निर्दिष्ट धारा ८८ (२) बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनाबाट मुक्त गरिपाऊँ भन्ने निवेदन दावी र शाही घोषणाको विरोधमा निस्केको अवस्थामा देशको शान्ति व्यवस्था सार्वभौमसत्ता अखण्डता खलल पुग्न सक्ने स्थिति देखिई कानुन बमोजिम नजरबन्दमा राखेको हुँदा रिट निवेदन खारेज हुनुपर्दछ भन्ने लिखित जवाफ रहेको देखिन्छ ।

निवेदक नजरबन्दमा रहेको कुरामा विवाद देखिदैन । जिल्ला प्रहरी कार्यालय काठमाडौंबाट निवेदकलाई पक्राउ पुर्जि जारी गर्दा सार्वजनिक सुरक्षा ऐन, २०४६ को अपराधको अनुसन्धानको सिलसिलामा पक्राउ पुर्जि जारी गरेको देखिन्छ । सार्वजनिक सुरक्षा ऐन, २०४६ को व्यवस्था हेर्दा स्थानीय अधिकारीको आदेश नभई सार्वजनिक सुरक्षा ऐन, २०४६ अन्तर्गत प्रहरीले पक्राउ पुर्जि जारी गर्नसक्ने अधिकार देखिदैन । निवेदक वामदेव गौतमलाई जिल्ला प्रशासन कार्यालय, काठमाडौंले ०६१।१०।१९ मा आदेश पुर्जि जारी गर्दा सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) बमोजिम नेपाल अधिराज्यको सार्वभौमसत्ता अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्था तत्काल खलल पुग्ने काम कुरा हुनसक्ने भन्ने आधारमा पुर्जि दिइएको देखिन्छ । निवेदकको के कस्तो क्रियाकलापबाट नेपाल अधिराज्यको सार्वभौमसत्ता अखण्डता वा सार्वजनिक शान्ति व्यवस्थामा तत्काल खलल पार्ने कुरा भएको हो । सो कुरा आदेश पुर्जिमा खुलाएको देखिदैन । सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ४.१ ले दफा ३.१ बमोजिमको आदेश जारी गर्दा कारण र आधार खुलाएको हुनुपर्ने व्यवस्था अनुसार कारण र आधार खुलाएको अवस्था नदेखिंदा सो मिति २०६१।१०।१९ को आदेश गैरकानूनी देखिन आएको छ र त्यस्तो गैरकानूनी आदेशलाई सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ५.२ बमोजिम निरन्तरता दिन मिल्दैन । गैरकानूनी पुर्जिको निरन्तरता दिदा सो गैरकानूनी कामको नै निरन्तरता नै मान्नुपर्ने हुँदा २०६२।१।१८ को जिल्ला प्रशासन कार्यालय काठमाडौंको नजरबन्दको आदेश पुर्जि समेत र श्री ५ को सरकार सचिव स्तरको मिति २०६२।१।१८ को निर्णय समेत

गैरकानूनी देखिंदा निवेदक वामदेव गौतमलाई काठमाडौं जिल्ला अदालतको न्यायाधीशको रोहवरमा तत्काल थुनाबाट मुक्त गरी दिनु साथै यस आदेशको पालना गर्ने तर्फ प्रत्यर्थीहरुले उचित ध्यान पुऱ्याउनुपर्ने तर्फ समेत प्रत्यर्थीहरुको ध्यानाकर्षण गराई दिने ठहर्छ । पर्याप्त आधार कारण बेगर निवेदकलाई नजरबन्दमा राखेको देखिई थुनाबाट मुक्त गरी दिन आदेश भई सकेको हुँदा अरु केही गरी रहनु परेन । मिसिल नियमानुसार बुझाई दिनु ।

उक्त रायमा सहमत छु ।

न्या. बद्रीकुमार बस्नेत

इति सम्बत २०६२ साल जेष्ठ ३ गते रोज ३ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलाश
माननीय न्यायाधीश श्री खिलराज रेग्मी
माननीय न्यायाधीश श्री शारदा श्रेष्ठ

सम्बत् २०६२ सालको रिट नं. ५०३

आदेश मितिः २०६२।२।३।३

विषयः बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ ।

निवेदक : काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १७ धोवीचौर स्थायी घर भई हाल विद्युत प्राधिकरणको ट्रेनिङ्ग सेन्टर खरिपाटी, भक्तपुरमा थुनामा रहेको राजेन्द्र श्रेष्ठको हकमा निजको एकाघरको श्रीमती अञ्जली श्रेष्ठ

विरुद्ध

प्रत्यर्थी : श्री ५ को सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं समेत

- **संकटकालीन आदेशको विरोध गरेको विषय सार्वजनिक सुरक्षा ऐन अन्तर्गत नपर्ने ।**
- **संकटकालीन स्थितिको समाप्ति भैसकेकोले संकटकालीन अवस्थाको घोषणाको विरोध गरेको भन्ने आधारमा थुनामा राखी राख्नुको कुनै औचित्य समेत नरहने ।**

आदेश

- न्या. खिलराज रेग्मी

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ र धारा ८८(२) अन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः

निज बन्दीलाई विपक्षीहरुले मिति ०६२।१।२ गते काठमाडौं असनमा हिडिरहेको अवस्थामा श्री ५ को सरकारका सुरक्षाकर्मीहरुले पक्राउ गरी मिति ०६२।१।५ मा प्रत्यर्थी जिल्ला प्रशासन कार्यालयका प्रमुखले सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) उल्लेख गरी आदेश पूर्जि दिई निरन्तर रुपमा उल्लेखित स्थानमा नजरबन्दमा राखिएको अवस्था छ । निज राजेन्द्र श्रेष्ठ नेपाल कम्युनिष्ट पार्टी एमाले केन्द्रीय कमिटी सदस्य तथा काठमाडौं जिल्लाको पूर्व सांसद एवं पूर्व मन्त्री समेत हुनुहुन्छ । राजनीतिक आस्थाको आधारमा गरिने विभेद र निरंकुश शासन व्यवस्थाको त्यो स्वरुपलाई बदलेर प्रजातान्त्रिक व्यवस्था र स्वतन्त्र न्यायापालिकाको स्थापना गर्ने ०४६ सालको ऐतिहासिक जनआन्दोलनको परिणाम स्वरुप वर्तमान नेपाल अधिराज्यको संविधान, २०४७ नेपाली जनताले निर्माण गरेको विषय सर्वविदितै छ । यस संविधान निर्माण पश्चात विधिवत रुपमा कार्य सञ्चालन गर्दै आएको नेपाल कम्युनिष्ट पार्टी (एमाले) मा आबद्ध भई कार्य गर्ने सिलसिलामा हाल उहाँ उक्त पार्टीको केन्द्रीय कमिटी सदस्य र सो पार्टीले प्रदान गरेको जिम्मेवारी निर्वाह गर्दै आउनु भएको छ । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११२ ले राजनीतिक दलहरुलाई कुनै पनि अवस्थामा प्रतिबन्ध लगाउन नपाइने व्यवस्था गरेको छ भने विचार तथा

अभिव्यक्तिको स्वतन्त्रतालाई संविधानको धारा ११ तथा १२ ले स्पष्ट रुपमा परिभाषित, व्यवस्थित गरी प्रत्याभूत समेत गरेको छ । संसदीय शासन प्रणाली वर्तमान संविधानको आधारभूत संरचना भएकोले राजनीतिक दलहरुका गतिविधि वा सिद्धान्त र सङ्गठनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै पनि प्रकारको नियन्त्रण वा बन्देज लगाउने कार्य पूर्णतया असंवैधानिक हुने स्पष्ट नैं छ । विधिको शासन र संवैधानिक सर्वोच्चता भएको हाम्रो मूलुकमा संविधान र कानून भन्दा माथि कुनै पनि व्यक्ति निकाय वा संरचनाहरु रहेका छैनन् र रहन सक्दैनन् । तसर्थ संवैधानिक सीमा र नियन्त्रण बाहेकको सबै आदेश वा निर्देशनहरु असंवैधानिक हुने स्पष्ट नैं छ । राजनीतिक दलहरुमा प्रतिबन्ध लगाउन नसकिने हुनाले सबै राजनीतिक दलका गतिविधिहरु स्वतन्त्र रुपमा यथावत क्रियाशील हुनलाई कसैको इच्छा वा आदेशको आवश्यकताको परिकल्पना वर्तमान संविधानले गरेको छैन । राजनीतिक दलका जिम्मेवार नेता वा कार्यकर्ताको हैसियतले वर्तमान संविधानको संरक्षण र सम्वर्धन गर्ने दायित्व निज निवेदक समेतमा रहेको हुनाले दलीय गतिविधिमा संलग्न हुनु निजको मौलिक हकका अलावा संवैधानिक दायित्व भित्रकै विषय हो । संविधानले तोकेको दायित्व संवैधानिक सीमाभित्र रहेर पालना गर्दा संविधान अन्तर्गत बनेका कुनै पनि कानूनको विरुद्धमा हुनसक्दैन ।

मेरो पतिलाई ०६२।१।२ गते असनबाट हिडिंरहेको अवस्थामा गिरफ्तार गरी ०६२।१।५ गतेको पश्चातदर्शी असर पुग्ने गरी पूर्जि दिई हालसम्म निरन्तर बन्दी बनाइएको तथा पूर्जिमा उल्लेखित काम कारवाही मेरो पतिबाट हुनसक्ने सम्भावना नैं नरहेको र विधायिकाले एक उद्देश्यका लागि निर्माण गरेको कानूनलाई अर्के उद्देश्यले बदनियतपूर्ण ढंगले प्रयोग गरिएको कारणबाट समेत निज बन्दीको थुना असंवैधानिक र गैरकानूनी रहेको तथा ऐनमा उल्लेखित अनिवार्य पूर्व शर्त तथा कार्यविधिको समेत पालना नगरिएकोले निवेदकको थुना प्रथम दृष्टिमा नैं दुराशययुक्त र गैरकानूनी रहेकोले उक्त थुनाबाट अविलम्ब मुक्त गरी पाउन सम्मानित अदालत समक्ष यो निवेदन पेश गरेकी छु । तसर्थ उपरोक्त आधार तथा कारण र नजिर सिद्धान्तको आधारमा निज बन्दीको थुना नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११, १२, १४, १५, सार्वजनिक सुरक्षा ऐन, २०४६ मा उल्लेखित सारवान तथा कार्यविधिगत त्रुटिपूर्ण र सम्मानित अदालतबाट प्रतिपादित नजिर समेतको प्रतिकूल भई पूर्णतया असंवैधानिक, गैरकानूनी र न्यायका मान्य सिद्धान्तको समेत विरुद्धमा रहेको हुनाले निजलाई यस निवेदनपत्रको प्रारम्भिक सुनवाई हुँदाका बखत नैं सम्मानित अदालतमा उपस्थित गराई निजलाई अविलम्ब गैरकानूनी थुनाबाट मुक्त गर्नु भनी नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३/८८(२) तथा सर्वोच्च अदालत नियमावली, २०४९ बमोजिम विपक्षीहरुका नाममा बन्दीप्रत्यक्षीकरण्को आदेश जारी गरिपाऊँ भन्ने निवेदन मागदावी ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै कारण भए ३ (तीन) दिनभित्र लिखित जवाफ पेश गर्नु भन्ने यस अदालतको आदेश ।

निवेदक राजेन्द्र श्रेष्ठ समेतले मिति ०६२।१।२ गते दिउँसो शाही घोषणाको विरोधमा भोटाहिटी स्थित सडकमा आन्दोलनमा सरिक भै विभिन्न आन्दोलन गरौं भन्ने जस्ता कार्य गरी हिडेको अवस्थामा फेला पारी पक्राउ भई आएकोले निजलाई त्यसै छाडिदिंदा शान्ति र सुव्यवस्थामा खलल पुग्ने सम्भावना देखिएबाट जिल्ला प्रशासन कार्यालय काठमाडौंमा पेश गरी सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) बमोजिम नजरबन्दमा राख्न आदेश दिइए अनुसार ०६२।१।३ देखि नजरबन्दमा राखिएको हुँदा झुठा रिट निवेदन खारेज गरिपाऊँ भन्ने विपक्षी जिल्ला प्रहरी कार्यालय काठमाडौंको लिखित जवाफ ।

राजेन्द्र श्रेष्ठलाई यस मन्त्रालयबाट थुनामा राख्ने आदेश वा निर्देशन नदिइएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ भन्ने विपक्षी गृह मन्त्रालयको लिखित जवाफ ।

निवेदक राजेन्द्र श्रेष्ठलाई आन्दोलन गरिरहेको अवस्थामा प्रहरीले पक्राउ गरी प्रतिवेदन साथ यस कार्यालयमा पेश गर्न ल्याएकोले निजबाट उच्छृंखल गतिविधि सञ्चालन गरी शान्ति व्यवस्थामा खलल पुग्न सक्ने हुँदा निजलाई सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ बमोजिम नजरबन्दमा राख्ने गरी मिति ०६२।१।३ र ४ गते विदा परेको हुँदा ०६२।१।५ मा दिइएको आदेशानुसार निज नजरबन्दमा रहेको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौंको तर्फबाट प्रस्तुत लिखित जवाफ ।

नियम बमोजिम पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदक तर्फबाट उपस्थित विद्वान अधिवक्ता द्वय श्री बोर्णबहादुर कार्की र श्री टिकाराम भट्टराईले निवेदकलाई प्रहरीले पक्राउ गरी पेश गरेको कार्य नमिलेको, शाही घोषणाको विरोध गरेको भनी सार्वजनिक सुरक्षा ऐनको प्रयोग गर्न नमिल्ने, भैसकेको कार्यमा यो ऐन प्रयोग गर्न नमिल्ने, संकटकाल र सार्वजनिक सुरक्षा ऐनको अवस्था बेग्लाबेग्लै हुने र हाल संकटकाल पनि विद्यमान नहुँदा विपक्षीहरुको गैरकानूनी कार्यको आधारमा निवेदकलाई बन्दी बनाइएको गैरकानूनी हुँदा रिट निवेदन माग बमोजिमको आदेश जारी हुनुपर्छ भनी तथा विपक्षी तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री दुर्गाबन्धु पोखरेलले निवेदकलाई कानून बमोजिम थुनामा राखिएको हुँदा रिट निवेदन खारेज हुनुपर्छ भनी गर्नुभएको बहस सुनि मिसिल संलग्न कागजातको अध्ययन गर्दा रिट निवेदकलाई नजरबन्दमा राख्ने सम्बन्धमा जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख जिल्ला अधिकारीबाट भएको मिति ०६२।१।५ को आदेश पर्चा कानून सम्मत छ, छैन ? निवेदकको माग बमोजिमको आदेश जारी हुनुपर्ने हो, होइन ? निर्णय दिनुपर्ने देखियो ।

निर्णय तर्फ विचार गर्दा यसमा निवेदकलाई नजरबन्दमा राख्ने आदेश मिति ०६२।१।५ मा हुनुभन्दा अगावै मिति ०६२।१।२ मा नैं प्रहरीले निजलाई पक्राउ गरी दाखेला गरेको देखिन्छ । निवेदकलाई नजरबन्दमा राख्ने सम्बन्धमा प्रमुख जिल्ला अधिकारीबाट जारी मिति ०६२।१।५ को उक्त आदेश पर्चामा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५(७) बमोजिमको आदेश बर्खिलाप कामकुरा गरेको भनी संकटकालीन आदेशको घोषणाको विरोधको कुरा देखाई सार्वजनिक सुरक्षा ऐन अन्तर्गत नजरबन्दमा राखिएको भन्ने उल्लेख गरी उक्त ऐनको प्रयोग गरेको देखिन्छ । संकटकालीन आदेशको विरोध गरेको विषय सार्वजनिक सुरक्षा ऐन अन्तर्गत नपर्ने हुँदा नमिलेको देखिन्छ । सो देखि बाहेक उक्त ०६२।१।५ को आदेश पर्चा र पूर्जिमा रिट निवेदकलाई नजरबन्दमा राख्नुपर्ने अन्य कुनै उचित र पर्याप्त आधार कारण उल्लेख भएको पाइदैन । हाल संकटकालीन स्थितिको समाप्ति भैसकेको हुँदा पनि संकटकालीन अवस्थाको घोषणाको विरोध गरेको भन्ने आधारमा रिट निवेदकलाई थुनामा राखी राख्नुको कुनै औचित्य समेत रहने देखिंदैन । यसप्रकार रिट निवेदकलाई थुनामा राख्ने विपक्षीहरुको कार्य कानून सम्मत एवं औचित्यपूर्ण देखिएन । अर्को तर्फ नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२(१) ले कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुने छैन भनी वैयक्तिक स्वतन्त्रता सुनिश्चित गरेको र ऐ. धारा १५(१) ले नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन भन्ने व्यवस्था गरी निवारक नजरबन्द विरुद्धको हक प्रदान गरेको छ । तर उल्लेखित संवैधानिक व्यवस्थाले सुनिश्चित गरी तोकेको प्रकृया र आधार कारण बिना उपयुक्त कानूनी व्यवस्थाको समुचित प्रयोग नगरी त्रुटिपूर्ण ढङ्गले निवेदकलाई नजरबन्दमा राखेको भन्ने उल्लेखित तथ्य विवरणबाट खुल्न आएको छ ।

तसर्थ, निवेदक राजेन्द्र श्रेष्ठलाई नजरबन्दमा राख्ने गरी भएको मिति ०६२।१।५ को जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख जिल्ला अधिकारीको आदेश कानून बमोजिम भएको नदेखिएको र उक्त आदेशको आधारमा निवेदकलाई थुनामा राखिरहनु औचित्यपूर्ण पनि नदेखिएको हुँदा निवेदकलाई थुनामा

राख्ने विपक्षीहरुको कार्य संविधान एवं कानून विपरीत देखिएकोले निवेदक राजेन्द्र श्रेष्ठलाई अविलम्ब थुनाबाट मुक्त गरिदिनु भनी विपक्षीहरुको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ । निवेदकलाई थुनाबाट छाडिदिने सम्बन्धमा आज छुट्टै आदेश भैसकेको हुँदा अरु केही गरिरहनु परेन, मिसिल नियमानुसार बुझाई दिनु ।

उक्त रायमा सहमत छु ।

न्या. शारदा श्रेष्ठ

इति सम्वत् २०६२ साल जेष्ठ ३ गते रोज ३ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी
माननीय न्यायाधीश श्री अर्जुनप्रसाद सिंह

सम्वत् २०६२ सालको रिट नं. ५२५

आदेश मितिः २०६२।२।१०।३

विषय : बन्दीप्रत्यक्षीकरण ।

निवेदक : का.जि.का.म.न.पा. वडा नं. ३३ बस्ने हाल विद्युत प्राधिकरणको तालिम केन्द्र खरीपाटी भक्तपुरमा थुनामा रहेका गगनकुमार थापाको हकमा राजु थापा

विरुद्ध

विपक्षी : गृह मन्त्रालय समेत

- **गैरकानूनी थुनाबाट मुक्त गर्ने अदालतको आदेशको परिपालन नै नगरी गैरकानूनी थुनालाई निरन्तरता दिने कार्य संविधानको मूल लक्ष्य र कानूनविपरीत देखिन आउने ।**

- **गैरकानूनी थुनालाई निरन्तरता दिएको र स्थानीय अधिकारीले नजरबन्दमा राख्ने आदेश गरेपश्चात् मात्र पक्राउ गर्न सकिनेमा नजरबन्दमा राख्ने आदेश नहुँदै पक्राउ गरी उचित, पर्याप्त आधार र कारण नखुलाई बन्दीलाई नजरबन्दमा राखिएको कामकारवाही कानून अनुकूल देखिन नआएबाट बन्दीलाई गैरकानूनी रूपमा राखिएको अवस्था देखिने ।**

आदेश

- न्या. मीनबहादुर रायमाझी

१. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ तथा ८८(२) बमोजिम यस अदालतमा दायर भएको प्रस्तुत रिट निवेदन सहितको तथ्य एवं ठहर यसप्रकार छः

२. गगनकुमार थापालाई मिति २०६२।१।१३ गते बिहान करिव २ बजे का.जि. का.म.न.पा. वडा नं. २९ स्थित सन्देश अधिकारीको निवास स्थानमा सुतिरहेको अवस्थामा श्री ५ को सरकारका सुरक्षाकर्मीहरूले पक्राउ गरी वडा प्रहरी कार्यालय सोह्रखुट्टेमा लगी राखिएको सम्बन्धमा सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दायर गरी सर्वोच्च अदालतबाट मिति २०६२।१।२२ मा निजलाई रिहा गर्ने आदेश भई जिल्ला प्रहरी कार्यालय काठमाडौंबाट रिहा गर्ने क्रममा रिहा नगरी गगनकुमार थापालाई सोही दिन अर्थात् मिति २०६२।१।२२ मा नै उक्त कार्यालयबाट नै श्री ५ को सरकारका सुरक्षाकर्मीहरूद्वारा गैरकानूनी पकडमा राखी मिति २०६२।१।२३ मा जिल्ला प्रशासन कार्यालय भक्तपुरबाट सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ बमोजिम नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने काम कुरा तपाईबाट हुनसक्ने देखिएकोले तपाईलाई नजरबन्दमा राख्ने भन्ने व्यहोराको आदेश पुर्जि दिई हाल

विद्युत प्राधिकरणको तालिम केन्द्र भक्तपुरमा नजरबन्दमा राखिएको छ । गगनकुमार थापाबाट उक्त पुर्जिमा उल्लेख भए बमोजिमको कुनै पनि कार्य भएको छैन र हुनसक्ने पूर्वावस्था पनि छैन । सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ अनुसारको आदेश गर्दा सोही ऐनको दफा ४.१ अनुसारको आधार र कारण खोलिएको आदेश सहितको पुर्जि दिनुपर्ने हो, सो दिइएको छैन । विपक्षीद्वारा दिइएको पुर्जिमा नै कुन काम कुराबाट रोक्नुपर्ने हो सो को वस्तुनिष्ठ आधार र कारण छैन । विपक्षीद्वारा गैरकानूनी ढंगले थुनामा राखी नजरबन्दको आदेश दिइएको उक्त पुर्जि लगायतको कामकारवाही सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१, ४.१ तथा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२(१), १४, १५ द्वारा प्रदत्त मौलिक हकको विपरीत हुँदा गगनकुमार थापालाई गैरकानूनी थुनाबाट मुक्त गरि दिनु भनी विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने रिट निवेदन ।

३. लिखित जवाफ पठाउनु भनी विपक्षीहरूको नाममा सूचना पठाउनु भन्ने यस अदालतको आदेश ।

४. गगन थापालाई यस मन्त्रालयबाट थुनामा राख्ने आदेश वा निर्देशन नदिइएको र निजको मौलिक हक अधिकार हनन हुने कुनै कामकारवाही समेत नगरिएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने विपक्षी गृह मन्त्रालयको लिखित जवाफ ।

५. गगनकुमार थापाले मिति २०६२।१।२२ गते बेलुकी २ बजे भक्तपुर जिल्ला मध्यपुर ठिमी न.पा. वडा नं. १७ लोकन्थलीमा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पुग्ने विभिन्न कार्यक्रमहरूको आयोजना गर्न, विभिन्न कार्यक्रममा सहभागी हुन हिंडिरहेको र निजलाई तत्काल पक्राउ नगरेमा निजले पछि पनि त्यस्ता किसिमका गतिविधि सञ्चालन गरी सार्वजनिक शान्ति सुव्यवस्थामा खलल पर्ने प्रवल सम्भावना भएको हुँदा निजलाई नियन्त्रणमा लिई यसै प्रतिवेदनसाथ दाखिला गरेका छौं कानूनबमोजिम होस् भन्ने व्यहोराको प्र.नि. लालसिंह थापा समेतको प्रतिवेदन पर्न आएकोमा यस कार्यालयको मिति २०६२।१।२३ को पत्रसाथ गगनकुमार थापालाई कानूनबमोजिम आवश्यक कारवाही गरिपाऊँ भनी जिल्ला प्रशासन कार्यालय भक्तपुरमा पेश गरिएकोमा उक्त कार्यालयको मिति २०६२।१।२३ को पत्रद्वारा निज गगनकुमार थापालाई सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ अनुसार थुनामा राखि दिने भन्ने जिल्ला प्रशासन कार्यालय भक्तपुरको आदेशानुसार निज गगनकुमार थापालाई थुनामा राखिएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको विपक्षी जिल्ला प्रहरी कार्यालय भक्तपुरको लिखित जवाफ ।

६. गगनकुमार थापाले भक्तपुर जिल्ला मध्यपुर ठिमी न.पा. वडा नं. १७ मा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पुग्ने विभिन्न किसिमका कार्यक्रम आयोजना गर्न हिंडिरहेको अवस्थामा जिल्ला प्रहरी कार्यालयबाट खटि गएको गस्ती प्रहरीले पक्राउ गरी प्रहरी प्रतिवेदनसाथ यस कार्यालयमा पेश गरेकोले निज गगनकुमार थापाबाट सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ बमोजिम नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति व्यवस्थामा तत्काल खलल पर्नसक्ने अवस्था देखिएबाट निजलाई तत्काल उक्त कार्य गर्नबाट रोक्नुपर्ने भई सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ ले दिएको अधिकार प्रयोग गरी गगनकुमार थापालाई नियमानुसारको नजरबन्दको पुर्जी दिई मिति २०६२।१।२३ देखि ९० दिनसम नजरबन्दमा राखिएको व्यहोरा अनुरोध छ । रिट निवेदकलाई गैरकानूनी तवरले नजरबन्दमा नराखिएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने विपक्षी जिल्ला प्रशासन कार्यालय भक्तपुरको लिखित जवाफ ।

७. नियमबमोजिम पेश भएको प्रस्तुत रिट निवेदन सहितको मिसिल अध्ययन गरियो । रिट निवेदक तर्फबाट विद्वान अधिवक्ताहरू श्री हरिहर दाहाल, श्री यज्ञमूर्ति बन्जाडे, श्री सुवास नेम्वाङ्ग, श्री शम्भु थापा, श्री पुष्पा भुषाल र श्री शान्ता सेढाइले गगनकुमार थापालाई अघि नजरबन्दमा राखेको गैरकानूनी देखिएको भनी अदालतबाट छोड्ने आदेश भएकोमा सो बमोजिम नछोडी निरन्तर रूपमा थुनामा राखिएको छ । पछी दिइएको पुर्जीमा पनि नजरबन्दमा राख्नुपर्ने वस्तुनिष्ठ कारण र आधार खुलाइएको छैन । संविधानको धारा १५ बमोजिम वस्तुनिष्ठ आधार र कारण बेगर नजरबन्दमा राख्न मिल्दैन । निवेदकको क्रियाकलाप र आस्था आतङ्ककारीसँग सम्बन्धित छैन । मिति २०६२।१।२२ को प्रहरी प्रतिवेदन पारेर सो प्रतिवेदनको आधारमा २०६२।१।२३ मा नजरबन्दमा राखेको भन्ने लिखित जवाफ भएकोले प्रमुख जिल्ला अधिकारीको आदेशको आधारमा पक्रेको नभई पहिले पक्राउ गरिसकेपछि नजरबन्दमा राखेको गैरकानूनी हुँदा बन्दी गगनकुमार थापालाई सम्बन्धित जिल्ला अदालतको रोहवरमा छोड्नु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्छ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो ।

८. विपक्षी तर्फबाट विद्वान उपन्यायाधिवक्ता श्री ब्रजेश प्याकुरलले अघि नजरबन्दमा राख्ने निकायले अदालतको आदेश बमोजिम छोडेन भन्ने हो भने ती निकायहरूलाई विपक्षी नबनाएकोले अदालतको मिति २०६२।१।२२ को आदेश बमोजिम निवेदकलाई छोडी सकेको भन्ने कुरालाई स्वीकार गरेको देखिन्छ । छोडी सकेपछि पुनः पक्राउ गर्न आवश्यक भएबाट पक्राउ गरी कानूनबमोजिम नजरबन्दमा राखेको हुँदा रिट निवेदन खारेजभागी छ भन्नेबहस प्रस्तुत गर्नुभयो ।

९. उपरोक्तबहस समेतलाई विचार गरी निर्णय तर्फ विचार गर्दा बन्दी गगनकुमार थापालाई मिति २०६२।१।१३ मा पक्राउ गरी थुनामा राखेको सम्बन्धमा परेको रिट नं. ४६५ मा सर्वोच्च अदालतबाट मिति २०६२।१।२२ मा निजलाई गैरकानूनी थुनाबाट मुक्त गर्ने आदेश भएपनि थुना मुक्त नगरी सोही मितिमा पक्राउ गरेको भनी मिति २०६२।१।२३ मा विना कुनै आधार र कारण नजरबन्दमा राख्न भनी पुनः अर्को आदेश दिई गैरकानूनी रूपमा नजरबन्दमा राखिरहेकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी गैरकानूनी थुनाबाट मुक्त गरिपाउँ भन्ने रिट निवेदन माग दावी भएको देखियो । गगनकुमार थापाले सार्वजनिक शान्ति र व्यवस्थामा खलल पुग्ने विभिन्न किसिमका कार्यक्रम आयोजना गर्न हिंडिरहेको अवस्थामा जिल्ला प्रहरी कार्यालयबाट खटि गएको गस्ती प्रहरीले पक्राउ गरी प्रतिवेदनसाथ पेश गरेकोले निजबाट नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति व्यवस्थामा तत्काल खलल पर्नसक्ने अवस्था देखिएबाट निजलाई तत्काल उक्त कार्य गर्नबाट रोक्नुपर्ने भई सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ ले दिएको अधिकार प्रयोग गरी निजलाई कानूनबमोजिम नजरबन्दमा राखिएको हुँदा रिट निवेदन खारेजभागी छ भन्ने बन्दी गगनकुमार थापालाई नजरबन्दमा राख्न आदेश दिने विपक्षी जिल्ला प्रशासन कार्यालय भक्तपुरको लिखित जवाफ जिकिर भएको पाइयो । २०६२।१।२२ मा गगनकुमार थापालाई गैरकानूनी थुनाबाट मुक्त गर्नु भनी यस अदालतबाट बन्दीप्रत्यक्षीकरणको आदेश जारी भएको देखिन आयो । सो आदेश बमोजिम बन्दीलाई मुक्त नगरी पुनः सोही मिति २०६२।१।२२ मा पक्राउ गरेको भन्ने भएकोमा अदालतको आदेश बमोजिम बन्दीलाई मुक्त गरेको आधार प्रमाण अदालत समक्ष केही पेश हुन आएको छैन । प्रहरी निरीक्षक लाल सिंह थापा समेतको मिति २०६२।१।२२ को प्रतिवेदनबाट मिति २०६२।१।२२ मा नै बन्दी गगनकुमार थापा पक्राउ परेको देखिएको र जिल्ला प्रशासन कार्यालय भक्तपुरबाट मिति २०६२।१।२३ मा नजरबन्दमा राख्ने आदेश भएको देखिन आएको हुँदा यथार्थमा अदालतको आदेश बमोजिम बन्दी गगनकुमार थापा गैरकानूनी थुनाबाट मुक्त भएको अवस्था देखिन आएन । कानूनी राज्य नेपाल अधिराज्यको संविधान, २०४७ को मूल

लक्ष्य रहेको, गैरकानूनी थुनाबाट मुक्त गर्ने अदालतको आदेश भएकोमा सो आदेशको परिपालन नै नगरी गैरकानूनी थुनालाई निरन्तरता दिने कार्य संविधानको मूल लक्ष्य र कानून विपरीत देखिन आयो ।

१०. विपक्षी जिल्ला प्रशासन कार्यालय भक्तपुरको लिखित जवाफबाट गगनकुमार थापालाई प्रहरीले पक्राउ गरी प्रहरी प्रतिवेदनसाथ जिल्ला प्रशासन कार्यालय भक्तपुरमा पेश गरेको सो पश्चात् प्रमुख जिल्ला अधिकारीले सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ बमोजिम मिति २०६२।१।२३ मा नजरबन्दमा राख्ने आदेश दिएको भन्ने देखिन आएकोले पहिले प्रहरीले पक्राउ गरी प्रतिवेदनसाथ दाखिल गरेको र त्यसपछि प्रमुख जिल्ला अधिकारीले नजरबन्दमा राख्ने गरी आदेश गरेको अवस्था देखिन आयो । सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ ले नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति वा व्यवस्थामा तत्काल खलल पर्नसक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने उचित र पर्याप्त आधार भएमा स्थानीय अधिकारीले कुनै खास अवधिसम्म कुनै खास ठाउँमा नजरबन्दमा राख्ने आदेश दिनसक्ने व्यवस्थाबाट सो ऐन अन्तर्गत प्रहरीलाई पक्राउ गर्नसक्ने अधिकार प्रदान गरेको नभै स्थानीय अधिकारीको नजरबन्दमा राख्ने आदेश भए पश्चात् मात्र पक्राउ गर्न सकिने स्पष्ट कानूनले व्यवस्था गरेको देखिन्छ ।

११. सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ ले कुनै व्यक्तिलाई नजरबन्दमा राख्ने आदेश जारी गर्दा स्थानीय अधिकारीले त्यस्तो आदेश जारी गर्नुपर्ने कारण र आधार खुलाउनु पर्ने व्यवस्था गरेको पाइन्छ । बन्दी गगनकुमार थापालाई दिइएको मिति २०६२।१।२३ को नजरबन्दको आदेश पुर्जिमा उल्लेख भए अनुसार निजलाई नजरबन्दमा राख्नु पर्ने कारण नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने काम कुरा निज बन्दीबाट हुनसक्ने देखिएको भन्ने देखिन्छ । नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्नसक्ने के कस्तो काम कुरा गर्नबाट रोक्नुपर्ने अवस्था परेको र त्यसको उचित र पर्याप्त आधार नजरबन्दमा राख्ने आदेशमा खुलाइएको देखिन आएन ।

१२. माथि विवेचना गरिए बमोजिम बन्दी गगनकुमार थापालाई गैरकानूनी थुनाबाट मुक्त गर्नु भन्ने यस अदालतको मिति २०६२।१।२२ को आदेशलाई संविधानको मूल लक्ष्य र कानून विपरीत हुने गरी यथार्थमा परिपालन नै नगरेर गैरकानूनी थुनालाई निरन्तरता दिएको र स्थानीय अधिकारीले नजरबन्दमा राख्ने आदेश गरे पश्चात् मात्र पक्राउ गर्न सकिनेमा नजरबन्दमा राख्ने आदेश नहुँदै प्रहरी निरीक्षकले पक्राउ गरी नजरबन्दमा राख्नुपर्ने उचित र पर्याप्त कारण र आधार नखुलाई नजरबन्दमा राख्ने आदेश गरी बन्दी गगनकुमार थापालाई नजरबन्दमा राखिएको कामकारवाही कानून अनुकूल भएको देखिन नआएबाट बन्दी गगनकुमार थापालाई गैरकानूनी रूपमा नजरबन्दमा राखिएको अवस्था देखिन आयो । बन्दी गगनकुमार थापालाई गैरकानूनी नजरबन्दबाट मुक्त गर्नु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिएको छ । गगनकुमार थापालाई थुनाबाट मुक्त गर्नु भनी आजैका मितिमा छुट्टै आदेश भई सकेकोले त्यस तर्फ अरु केही गरिरहन परेन । मिसिल नियमानुसार बुझाई दिनु ।

उक्त रायमा म सहमत छु ।

न्या. अर्जुनप्रसाद सिंह

इति सम्वत् २०६२ साल जेष्ठ १० गते रोज ३ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री केदारप्रसाद गिरी
माननीय न्यायाधीश श्री खिलराज रेग्मी

सम्वत् २०६२ सालको रिट नं. ५५५

आदेश मिति २०६२।२।६।६

विषयः बन्दीप्रत्यक्षीकरण, अदालतको अपहेलना ।

निवेदक : काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं ३२ बस्ने हाल थुनामा रहेका राजेन्द्र राईको हकमा नेपाल बार एसोसिएसनका अध्यक्ष शम्भु थापा

विरुद्ध

विपक्षी : मन्त्रिपरिषद्का उपाध्यक्ष तुलसी गिरी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय काठमाडौं समेत

- **थुनाको वैधतालाई चुनौती दिनु निवेदकको संविधानतः उपचारात्मक अधिकार हो भने बन्दीप्रत्यक्षीकरणको मुद्दामा थुनाको वैधता देखाउनु वा प्रमाणित गर्नु आदेश जारी गर्ने अधिकारी वा विपक्षीहरूको दायित्व हुने ।**

- **निवेदकको थुना अदालतबाट गैरकानूनी ठहर गरी थुनामुक्त गर्ने आदेश पश्चात पनि निरन्तररूपमा नै थुनामा रहेको देखिएको र छुट्टै निकायको नजरबन्द आदेशले थुनामा रहेको भन्ने कुराले कानूनी वैधता राख्न नसक्ने समेतबाट कानूनबमोजिमको थुना भन्न नमिल्ने ।**

आदेश

- न्या. खिलराज रेग्मी

१. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ र ८८(२) अन्तर्गत पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एव. आदेश यसप्रकार छः

२. निवेदक बन्दी राजेन्द्र राईलाई २०६१ साल माघ १९ गते देखि थुनामा राखिएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भनी निवेदन दर्ता गराएकोमा २०६२।१।३० गते सुनवाइ हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी भै निज थुनुवालाई सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा १२ बमोजिम जिल्ला अदालतको रोहवरमा छाडिदिनु भन्ने आदेश समेत भई २०६२।२।२ गते बन्दीलाई काठमाडौं जिल्ला अदालत समक्ष उपस्थित गराई जिल्ला न्यायाधीश श्री ओम प्रकाश मिश्रको रोहवरमा छाडिएको व्यहोरामा बन्दीलाई हस्ताक्षर गराइएको थियो । उपरोक्त बमोजिम नजरबन्दबाट रिहा गरिएको हस्ताक्षर गराइएता पनि निज बन्दीलाई काठमाडौं जिल्ला अदालतको परिसरबाटै बेलुका ५.३० बजे लाठी चार्ज गरी जर्बजस्तीढंगले विपक्षी मध्येका वडा प्रहरी कार्यालयका प्रमुखको कमाण्डमा रहेका प्रहरीहरूले निज राजेन्द्र राईलाई पक्राउ गरी हालसम्म

बेपत्ता पारिएको छ । निज राईलाई पक्राउ गर्ने क्रममा दर्जनौ कानून व्यवसायी एवं पत्रकारहरूलाई समेत निर्ममतापूर्वक लाठी चार्ज गरिएको छ । यस सम्बन्धी सचित्र समाचारहरू अधिकांश दैनिक समाचारपत्र र स्वदेशी तथा विदेशी टेलिभिजन च्यानलहरूले समेत प्रसारण गरेका छन् । नेपाल बार एसोसिएसन कार्य समितिका पदाधिकारीहरू, दर्जनौ स्वदेशी तथा विदेशी पत्रकारहरू, संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्च आयोगका नेपाल आएका प्रतिनिधिहरू, दर्जनौ मानव अधिकारकर्मी, काठमाडौं जिल्ला अदालतका मुख्य न्यायाधीश र अन्य न्यायाधीशहरू समेतको अगाडि निज बन्दीलाई लछारपछार र अभद्र व्यवहार गरी लाठी चार्ज गरी अदालत परिसर भित्रैबाट अदालतलाई युद्धस्थल जस्तो बनाई अदालत घेराउ गरी निज बन्दीलाई पुनः गिरफ्तार गरी हाल सम्म कोही कसैलाई भेटघाट गर्न नदिई बेपत्ता पारिएको छ ।

३. नेपाल अधिराज्यको संविधान, २०४७ले आधारभूत संरचनामा राखेको स्वतन्त्र न्यायपालिकाको कुनै पनि आदेश वा निर्णय विपक्षी निकायहरूलाई बाध्यात्मक हुने व्यवस्था संविधानको धारा ९६(१)(२) मा गरिएको छ भने न्याय सम्बन्धी अन्तिम अधिकार पनि न्यायालयमै रहेको छ । सर्वोच्च तहको न्यायालयको आदेशको पूर्ण अवज्ञा र अपमान गर्ने कार्यले न्यायालयको सर्वोच्चता र स्वतन्त्रतामा नै गम्भीर प्रश्न चिन्ह उठने र न्यायलयको गरिमा र स्वतन्त्रतामा नै गम्भीर प्रश्न चिन्ह उठेको छ । विपक्षी मध्येका मन्त्रिपरिषद्का उपाध्यक्ष भनिएकाहरू नै कार्यकारी निकायको सर्वोच्च तहमा बसेकोले निजहरूकै निर्देशन तथा आदेशको आधारमा अदालतको अपहेलना, संविधान माथिको थिचोमिचो र गैरकानूनी गिरफ्तारी गरिएकोले निजहरू नै अन्तिम तहका जिम्मेवार व्यक्ति भएको स्पष्ट छ ।

४. अतः विपक्षीहरूले सम्मानित सर्वोच्च अदालतको आदेशको जानाजानी र मनसायपूर्वक तथा हुलहुज्जत समेत गरी अवज्ञा गरेकाले विपक्षीहरूलाई स्वयं अदालतमा उपस्थित गराई सर्वोच्च अदालत ऐन, २०४८ को दफा ७(१) बमोजिम हदै सम्मको कारवाही गरी भविष्यमा त्यसप्रकारको कार्य पुनः नदोहोऱ्याउनु भनी सचेत गराई पाउँ । साथै निज बन्दी राजेन्द्र राईको माघ १९ गते देखिको थुना सम्मानित अदालतले गैरकानूनी घोषित गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिसकेको र विपक्षीहरूले निजलाई थुनामुक्त नगरी निरन्तररूपमा थुनामा नै राखिएकोले निज बन्दीलाई नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११,१२,१४ तथा धारा २३ र ८८(२) र सर्वोच्च अदालत नियमावली, २०४९ बमोजिम अदालतमा नै उपस्थित गराई बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी गैरकानूनी थुनाबाट मुक्त गराई पाउँ भन्ने समेत व्यहोराको रिट निवेदन ।

५. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश किन जारी हुन नपर्ने हो ? सबै व्यहोरा खुलाई महान्यायधिवक्ताको कार्यालय मार्फत भोली २०६२।२।६ गते शुक्रवारका दिन दिनको १२ बजे भित्र लिखित जवाफ र बन्दी राजेन्द्र राईलाई सशरीर यस अदालतमा उपस्थित गराउनु भनी विपक्षी मध्येका गृह मन्त्रालय, रक्षा मन्त्रालय, प्रहरी प्रधान कार्यालय, वडा प्रहरी कार्यालय सिहदरबार, प्रहरी प्रशिक्षण प्रतिष्ठान केन्द्र महाराजगंज र जिल्ला प्रशासन कार्यालय काठमाडौंका नाउँमा निवेदन र प्रस्तुत आदेशको प्रतिलिपि साथै राखी म्याद सूचना जारी गरी नियमबमोजिम पेश गर्नु । साथै अदालतको अपहेलनाको निवेदन माग सम्बन्धमा हेर्दा, निवेदकको मागबमोजिम यस अदालतको अवहेलनामा कारवाही र सजाय किन गर्नु नपर्ने हो स्पष्ट आधार कारण खुलाई बाटाका म्याद बाहेक १५ दिन भित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पठाउनु भनी निवेदन र आदेशको प्रतिलिपि साथै राखि विपक्षीहरूको

नाउँमा म्याद सूचना जारी गरी नियमानुसार पेश गर्नु भन्ने यस अदालत एक न्यायाधीशको इजलासको मिति २०६२।२।५ को आदेश ।

६. निवेदकले यस मन्त्रालयको कुन कामकारवाहीबाट सविधान प्रदत्त हक हनन भएको हो सो स्पष्ट खुलाउन नसक्नु भएबाट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको रक्षा मन्त्रालयको लिखित जवाफ ।

७. निवेदकलाई पक्राउ गर्ने तथा थुनामा राख्ने समेतको कार्य प्रहरी प्रधान कार्यालयबाट भए गरेको नपाइएको साथै निजलाई जिल्ला प्रशासन कार्यालय ललितपुरको २०६२।२।३ को अनुरोध अनुसार हाल निजलाई राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगंजमा राखिएको बुझिन आएको हुनाले यस कार्यालय विरुद्धको निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको प्रहरी प्रधान कार्यालयको लिखित जवाफ ।

८. निवेदकलाई यस कार्यालयबाट सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा १२ बमोजिमको प्रक्रिया पुर्‍याई छाडिएको र निवेदक राजेन्द्र राईलाई यस कार्यालयबाट पक्राउ गर्नु भन्ने कुनै आदेश नदिनुका साथै पक्राउ समेत गरेको नहुँदा निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको जिल्ला प्रशासन कार्यालय काठमाडौंको लिखित जवाफ ।

९. निवेदक राजेन्द्र राईलाई यस वडा प्रहरी कार्यालय सिहरदवारबाट खटिएका प्रहरी कर्मचारीहरूले पक्राउ गरी ल्याई थुनामा राख्ने कार्य नभएको र अन्य कार्यालयबाट पक्राउ गरी यस कार्यालयको हिरासतमा राख्न ल्याएको समेत देखिदैन । निजको हकमा बुझ्दै जाँदा २०६२।२।२ गते जिल्ला प्रहरी कार्यालय ललितपुर अन्तर्गतबाट पक्राउ भई जिल्ला प्रशासन कार्यालय ललितपुरको आदेशानुसार सार्वजनिक सुरक्षा ऐन, २०४६ बमोजिम नजरबन्दमा राख्ने आदेश भई नजरबन्दमा रहेको भन्ने बुझिन आएको हुँदा निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको वडा प्रहरी कार्यालय सिहदरबारको लिखित जवाफ ।

१०. निवेदक राजेन्द्र राईलाई स्थानीय अधिकारीको आदेशले प्रचलित कानूनबमोजिम थुनामा राखिएको बुझिन आएको हुँदा निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको गृह मन्त्री र गृह मन्त्रालयको एकै मिलानको छुट्टा छुट्टै लिखित जवाफ ।

११. नियमबमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुने प्रस्तुत निवेदनमा निवेदक तर्फका विद्वान वरिष्ठ अधिवक्ता सिन्धुनाथ प्याकुरेल, विश्वकान्त मैनाली, राधेश्याम अधिकारी र अधिवक्ताहरू धुवनाथ पन्त, सुवास नेम्वाङ्ग, हरिहर दाहाल, शम्भु थापा, योगेन्द्र अधिकारी, टिका भट्टराई, शान्ता सेढाईले सबै विपक्षीहरूले आफ्नो लिखित जवाफ मा जवाफदेही पन्छाउने र तथ्य लुकाउने काम गरेका छन । कुन स्थानीय अधिकारीबाट पक्राउ गरिएको हो, गृह मन्त्रालयबाट खुलाइएको छैन । निवेदकलाई नजरबन्दमा राख्ने गरी भएको आदेश सम्मानित अदालतबाटै अमान्य घोषित गरी बदर भै सकेको छ । अदालतको आदेशको पालना गर्नु विपक्षीहरूको कर्तव्य भएकोमा सो नगरी ठाडै उल्लंघन गर्ने कार्य भएको छ । राज्यले वल प्रयोग गरी शक्तिको दुरूपयोग गरेको छ । राज्यको तौर तरिकालाई महसुस गरेर नै न्यायालयले जिल्ला अदालतका न्यायाधीशको रोहवरमा छाडने आदेश गरेको हो । गृह मन्त्री र गृह मन्त्रालय समेतका राज्य यन्त्रले को कसको आदेशले थुनामा राखिएको हो, हामीलाई थाहा छैन भनी लिखित जवाफ मा लेखाएको कुरा आश्चर्यजनक छ । थुनामा राखेको भन्ने स्वीकार गरेको र हिरासतबाटै निवेदकलाई अदालत समक्ष उपस्थित

गराएको हुँदा पक्राउ नगरिएको भन्ने अवस्था छैन । कार्यकारिणीले न्यायपालिकालाई समेत आफ्नो वशमा पार्नका लागि प्रयत्न गरेको भन्ने कुरा जिल्ला न्यायाधीशको रोहवरमा छाडिएको निवेदकलाई पुनः पक्राउ गर्नुबाट पुष्टि भएको छ । गैरकानूनी थुनाको निरन्तरतालाई गैरकानूनी घोषणा गरी अदालतको आदेशको पालना गर्न विपक्षीहरू उपर न्यायिक टिप्पणी हुनुपर्ने र अदालतको आदेशबाट निवेदकलाई छाडी दिनु भनिएको भए पनि पुनः पक्राउ गरी निरन्तर थुनामा नै राखेको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्छ भनी र त्यस्तै विपक्षीहरू तर्फका विद्वान उपन्यायाधिवक्ता सुरेन्द्रबहादुर थापाले सम्मानित अदालतको आदेशको पालना गरी जिल्ला न्यायाधीशको रोहवरमा निवेदकलाई छाडी सकिएको छ । पुनः निवेदकले शान्ति व्यवस्था खलवल्याउन ललितपुर कुपण्डोलमा योजना बनाई हिडिरहेको अवस्थामा सुरक्षा कर्मीले पक्राउ गरी अधिकार प्राप्त अधिकारी समक्ष पेश गरी कानूनबमोजिम अख्तियार प्राप्त अधिकारीबाट निवेदकलाई नजरबन्दमा राख्ने गरी आदेश भएको र सार्वजनिक सुरक्षा ऐन, २०४६ बमोजिम निवेदकलाई नजरबन्दमा राख्ने गरी आदेश भएको हुदा मागबमोजिमको आदेश जारी हुनुपर्ने अवस्था छैन भनी गर्नु भएकोबहस समेत सुनियो ।

१२. उल्लिखित विद्वान कानून व्यवसायीहरूको बहस जिकिर विवादित विषयको तथ्य विवरण एवं उठाइएका कानूनी प्रश्न समेतलाई अध्ययन मनन गर्दा निम्न बमोजिमका प्रश्नहरू निराकरण गर्नुपर्ने भएको छ ?

(क) यिनै थुनामा रहेका राजेन्द्र राईको हकमा परेको रि.नं. ४७८ को बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा २०६२।१।३० मा भएको यस अदालतको आदेशानुसार निज राजेन्द्र राई २०६२।२।२ मा वास्तविक रूपमा छुटेको हो वा निजको थुना पहिले देखिकै निरन्तरता हो ?

(ख) हाल निवेदक राजेन्द्र राईलाई थुनामा राखिएको कानूनी वा गैरकानूनी के हो ?

(ग) निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने हो, होइन ?

१३. प्रथमतः प्रस्तुत निवेदनमा बन्दीप्रत्यक्षीकरण र अदालतको अपहेलना तर्फ दावी जिकिर लिइएकोमा एक न्यायाधीशको इजलासको आदेश बमोजिम बन्दी उपस्थित गराई बन्दीप्रत्यक्षीकरणको सम्बन्धमा यस इजलास समक्ष प्रस्तुत हुन आएको पाईदा त्यसतर्फ मात्रै हेरी निर्णय दिनुपर्ने भएको छ ।

१४. प्रस्तुत निवेदनमा उठाइएको निवेदक राजेन्द्र राईको थुनाको विवाद निजको तर्फबाट परेको ०६२ सालको रिन.४७८ को बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा यस अदालत संयुक्त इजलासबाट निजलाई थुना मुक्त गर्नु भनी भएको २०६२।१।३० को आदेशको कार्यान्वयनको क्रमबाट भएको देखिन्छ । उक्त रि.नं. ४७८ को रिट निवेदनमा नजरबन्दमा राख्ने आदेशमा ऐनको दफा सम्म उल्लेख भएको नजरबन्दमा राख्नुपर्ने आधार कारण केही खुलेको नदेखिंदा बन्दी राजेन्द्र राईलाई नजरबन्दमा राख्ने गरी दिइएको २०६२।१।१८ को आदेश कानून अनुकूल नदेखिंदा निजलाई गैरकानूनी थुनाबाट मुक्त गर्नु भनी आदेश दिइएको भन्ने देखिन्छ। जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख जिल्ला अधिकारीको लिखित जवाफ मा रिट निवेदकलाई २०६२।२।२ गते काठमाडौं जिल्ला अदालतको रोहवरमा छाडी सकिएको छ । रिट निवेदक राजेन्द्र राईलाई यस कार्यालयबाट पक्राउ गर्नु भन्ने कुनै आदेश नदिएको र पक्राउ समेत गरेको नहुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेतको व्यहोरा उल्लेख भएको पाइन्छ । प्रस्तुत रिट निवेदनमा रि.नं. ४७८ को रिट निवेदनमा यस अदालतबाट भएको २०६२।१।३०को आदेशबमोजिम २०६२।२।२ गते निज

बन्दी राजेन्द्र राईलाई काठमाडौं जिल्ला अदालत समक्ष उपस्थित गराई माननीय न्यायाधीश ओम प्रकाश मिश्रज्यूको रोहवरमा छाडिएको व्यहोरामा बन्दीलाई हस्ताक्षर गराइएको थियो भनिएको छ । यसबाट के कुरामा दुबै पक्षको मुख मिलेको पाइन्छ भने कागजीरूपमा निज बन्दी राजेन्द्र राईलाई यस अदालतको २०६२।१।३० को आदेश बमोजिम छाडिएको लिखत तयार भएको थियो ।

१५. अब घटनाक्रमको यही विन्दुबाट प्रस्तुत विवादको शुरुवात भएको निवेदकको दावी छ । नजरबन्दबाट रिहा गरिएको हस्ताक्षर गराइए तापनि निज बन्दीलाई काठमाडौं जिल्ला अदालतको परिसरबाटै बेलुकी ५.३० बजे लाठी चार्ज गरी जबर्जस्ती ढंगले विपक्षी मध्येका वडा प्रहरी कार्यालयका प्रमुखको कमाण्डमा रहेका करीव १५० बन्दुकधारी र सोही संख्यामा रहेका विनावर्दीका प्रहरीहरूले निज राजेन्द्र राईलाई पक्राउ गरी हाल सम्म बेपत्ता बनाएकाले रिट निवेदन दिन आएको व्यहोरा निवेदनमा उल्लेख गरिएको छ । साथै निज राजेन्द्र राईलाई गिरफ्तार गरिए सम्बन्धी सचित्र समाचारहरू अधिकाश दैनिक समाचारपत्र र स्वदेशी तथा विदेशी टेलिभिजन च्यानलहरूले समेत प्रसारण गरेका छन । अदालत घेराउ गरी निज बन्दीलाई पुनः गिरफ्तार गरी हालसंम्म कोही कसैलाई भेटघाट गर्न नदिई बेपत्ता पारिएको छ भन्ने समेत व्यहोरा उल्लेख गरिएको पाइन्छ । घटनाक्रममा रोहवरमा रहेको प्रत्यक्षदर्शी भनिएका विद्वान अधिवक्ता ( काठमाडौं जिल्ला अदालत वार इकाइका अध्यक्ष) योगेन्द्र अधिकारीले कागजी रूपमा बन्दीलाई छाडिएको देखाइए पनि अदालत परिसरबाटै निज राजेन्द्र राईलाई पक्राउ गरी लगिएको हो, भौतिकरूपमा बन्दी थुना मुक्त भएका छैनन् । थुनाको निरन्तरता छ । अदालतको आदेश भौतिकरूपमा व्यवहारत कार्यान्वयन भएकै होइन, छैन । अदालतको आदेशको अपमान भएको छ । संविधान, कानूनको घोर उल्लंघन भएको छ भन्ने समेतको व्यहोराबाट आफ्नोबहस प्रस्तुत गर्नु भएको छ । यस्तैबहस बुंदाको कथन निवेदक तर्फका विद्वान वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरूको रहेको छ ।

१६. विपक्षीहरूबाट लिखित जवाफ प्रस्तुत गर्ने क्रममा वडा प्रहरी कार्यालय सिहदरबारको लिखित जवाफ मा रिट निवेदक राजेन्द्र राईलाई वडा प्रहरी कार्यालय प्रमुखको कमाण्डमा खटिएका प्रहरीले पक्राउ गरी बेपत्ता पारेको भनी लिएको जिकिर झुठ्ठा हो भन्ने जिकिर लिएको पाइन्छ । अन्य विपक्षीहरूको लिखित जवाफ मा राजेन्द्र राईलाई स्थानीय अधिकारीको आदेशले प्रचलित कानूनबमोजिम थुनामा राखिएको बुझिन आएको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने सम्म उल्लेख गरेको देखिन्छ । निवेदनको व्यहोरा यो यति कारणले झुठ्ठा हो भनी तथ्यको खण्डन गरी लिखित जवाफ प्रस्तुत गर्न सकेको पाइदैन । निवेदकलाई २०६२।२।२ मै काठमाडौं जिल्ला अदालत परिसरबाटै पक्राउ गरिए सम्बन्धको सचित्र समाचारहरू अधिकांश दैनिक समाचारपत्र र स्वदेशी तथा विदेशी टेलिभिजन च्यानलहरूले समेत प्रसारण गरेको भन्दै निवेदक तर्फबाट विभिन्न मितिमा विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचार र तस्वीरको फोटोकपीहरू समेत प्रस्तुत गरिएकोमा विपक्षीहरूका तर्फबाट तथ्ययुक्त एवं तर्कसङ्गत रूपमा कुनै खण्डन गर्न सकेको पाइन्न । इन्कार र खण्डनको अभावमा तथ्य आफै बोल्छ भन्ने कुरा स्थापित हुन पुगेको अवस्था देखिन आएको छ । गिरफ्तारी एवं पक्राउ सम्बन्धी धरपकडको तस्वीर समाचारपत्रहरू र टेलिभिजन च्यानलहरूमा प्रकाशित र प्रदर्शित कुरा ती सामग्रीहरू हेर्ने पढने सबैका जानकारीमा आएको सार्वजनिक तथ्यलाई स्वीकार गर्नु बाहेक इन्कार गर्न वा गलत हो भन्न सकिने अवस्था पनि छैन । यसप्रकारको अवस्थामा यस अदालतको आदेश बमोजिम काठमाडौं जिल्ला अदालतका न्यायाधीशको रोहवरमा २०६२।२।२ मा छाडिएका भनिएका राजेन्द्र राई भौतिकरूपमा प्रहरीको

निगरानी र घेराबन्दीबाट बाहिरिई गएको भन्ने तथ्य स्थापित भएको नदेखिंदा निजको थुनाको निरन्तरता वारे अरु आधार र कारण हेर्नु र खोज्नुपर्ने आवश्यकता र अवस्था देखिदैन ।

१७. कानूनी शासनको मान्यता कुनै पनि कानून प्रणालीको एउटा महत्वपूर्ण विशेषता हो । न्याय तथा कानूनको उचित प्रक्रिया कानूनको शासनको मापदण्ड पनि हो । नेपाल अधिराज्यको संविधान, २०४७ ले कानूनमा आधारित राज्यको (A state based on Law) परिकल्पना गरेको छ । कानूनको निरपेक्ष सर्वोच्चता व्यक्तिको निजी अधिकारको संरक्षण व्यक्तिको जिउज्यान र स्वतन्त्रताको संरक्षण एवं राज्यका अङ्गहरूको कार्यको वैधताको परीक्षण जस्ता कुराहरूले कानूनद्वारा शासित हुने, कानूनको सम्मान गर्ने राज्यको रूपमा देशको शासन व्यवस्थालाई परिभाषित गर्न सकिन्छ । कुनै पनि नागरिकको संमानपूर्वक बाँच्न पाउने अधिकारको मर्यादा गर्नु पनि न्यायपूर्ण शासन प्रणालीको दायित्व र विशेषता हो । यस्तै कार्यपालिका वा प्रशासकीय निकाय राज्यमा शान्ति व्यवस्था अथवा कानून र व्यवस्था (Law and order) कायम गर्ने सन्दर्भमा जिम्मेवार मानिन्छ । राज्यमा शान्ति सुव्यवस्थाको प्रंवन्धलाई समानरूपमा कायम गरी जनताले राहत वा शान्ति सुरक्षाको अनुभूति प्राप्त गर्ने परिस्थिति कायम गर्ने काम प्रशासनिक निकायमा रहन्छ । यस परिप्रेक्ष्यबाट हेर्दा कानूनी राजको अवधारणालाई क्रियाशील तुल्याउने सन्दर्भमा कार्यपालिकीय दृढता महत्वपूर्ण आवश्यकता हुन जान्छ ।

१८. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२(१) मा कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण हुने छैन भन्ने व्यवस्था गरिएको पाइन्छ भने धारा १५(१) मा नेपाल अधिराज्यको सार्वभौमसत्ता अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन भन्ने व्यवस्था रहेको देखिन्छ । संविधानले वैयक्तिक स्वतन्त्रता र देशको शान्ति सुव्यवस्थालाई उत्तिकै महत्व र संमान दिएको छ । स्वेच्छाचारी तवरले नागरिकको स्वतन्त्रतामा हस्तक्षेप गर्न सकिदैन भने कसैको कार्यबाट देशको शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने देखिए नजरबन्दमा राख्न पनि सकिने नै हुन्छ । परन्तु राष्ट्रिय एवं सार्वजनिक सुरक्षाको सबाल छ भन्दैमा व्यक्तिको अधिकार कुण्ठित गर्ने असीमित अधिकार राज्यको पनि हुदैन । आ-आफ्नो कानूनी एवं संवैधानिक सीमा र दायित्व भित्र सबैले बस्नुपर्ने हुन्छ ।

१९. Human rights are not a stage for national distructions; they can not justify undermining national security in every case and in all circumstances. National security cannot justify undermining human rights in every case and under all circumstances. National security does not grant an unlimited license to harm the individual. A balance is required between the freedom and dignity of the individual and national security and public security. A judge on judging: The role of Supreme Court in a democracy By A haron Barak President of the Supreme Court of Israel Harvard Law Review Page 14, Nov 2002

२०. प्रस्तुत मुद्दामा सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ मा उल्लिखित काम कुरा गर्नबाट रोक्न भनी निवेदकलाई नजरबन्दमा राख्नका लागि गरिएको ०६१।१।१८ को आदेश र दिइएको पुर्जी कानून अनुकूल नभएको भनी यस अदालतबाट बन्दीप्रत्यक्षीकरणको आदेश जारी भएको अवस्था हुँदा २०६२।२।२ मा निज राजेन्द्र राईलाई काठमाडौं जिल्ला अदालतमा लगी छाडिएको लिखत तयार हुनु अघिको थुना यस अदालतबाट गैरकानूनी घोषित भै सकेको अवस्था छ । तत्पश्चात्

पनि निवेदक राजेन्द्र राई वास्तविक एवं भौतिक रूपमा स्वतन्त्र नभएको र प्रहरीकै पंजामा रहन पुगेको कुरा माथि विवेचना भै सकेको छ । यस्तो धरपडक र हिरासतलाई गैरकानूनी स्वेच्छाचारी वा मनमानी भन्नु सिवाय अरु केही भन्न सकिदैन । उल्लिखित नेपाल अधिराज्यको संविधान, २०४७को धारा १२(१) र १५(१) को व्यवस्थाले गैरकानूनी एवं स्वेच्छाचारी कारवाही र थुनालाई निषेधित गरेको छ । यसका साथै जुन सुकै प्रकारको गैरकानूनी रूपमा कुनै व्यक्तिको व्यक्तिगत स्वतन्त्रता अपहरण भएमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न हुने । त्यस्तै अपराध गर्ने छुट कसैलाई नभए जस्तै कानूनी व्यवस्थाको निरादर गरी मनमानी पूर्वक अभियुक्त उपर कारवाही गर्ने छुट कानूनले कसैलाई प्रदान नगर्ने भनी यस अदालतले व्याख्या र सिद्धान्त कायम गरेको नै छ । (ने.का.प. २०२८ नि.नं ६०६ अंक ६ पृष्ठ १७७)

२१. The term personal liberty has been given a very wide conotation, covering a variety of rights, which constitute personal liberty. It's deprivation shall be only as per procedure has to be fair, just and reasonable-By M.P. Jain on fifty years of the Supreme Court of India, Page 25.

२२. उल्लिखित विवादित तथ्य, संवैधानिक व्यवस्था, यस अदालतबाट प्रतिपादित सिद्धान्त एवं वैयक्तिक स्वतन्त्रतासम्बन्धी मान्य सैद्धान्तिक अवधारणा समेतको परिप्रेक्ष्यबाट निवदेक राजेन्द्र राईको थुनाको कारवाही, छाडिएको भनेको अवस्था र पक्राउ गरी हिरासत मै निरन्तर राखिएको कारवाही न्यायिक निष्पक्ष र युक्तियुक्तताको हिसावले त्रुटियुक्त र स्वेच्छाचारी देखिन आयो ।

२३. जहाँसम्म निज (राजेन्द्र राई) को हकमा बुझ्दै जाँदा २०६२।२।२ का दिन साँझ जिल्ला प्रहरी कार्यालय ललितपुर अन्तर्गतबाट पक्राउ भई जिल्ला प्रशासन कार्यालय ललितपुरको आदेशानुसार सार्वजनिक सुरक्षा ऐन, २०४६ बमोजिम नजरबन्दमा राख्न आदेश भई नजरबन्दमा रहेको भन्ने बुझिन आएको भन्ने वडा प्रहरी कार्यालय सिहदरबारको लिखित जवाफ को प्रश्न छ, उक्त लिखित जवाफ ले थुनामा रहेका राजेन्द्र राईको वर्तमान थुना ललितपुर जिल्ला अन्तर्गत छुट्टै अधिकारक्षेत्रका अधिकृतको आदेशानुसार भएको देखाई थुनाको वैधता दर्शाउन खोजेको पाइन्छ । त्यस्तै विपक्षी तर्फबाट प्रतिरक्षाको लागि उपस्थित हुनु भएका विद्वान उप न्यायाधिवक्ता सुरेन्द्रबहादुर थापाले अनौपचारिक रूपमा २०६२।२।२ गते साझ ६.१५ बजे कुपण्डोलमा निज राजेन्द्र राई पक्राउ भई जिल्ला प्रशासन कार्यालय ललितपुरका प्रमुख जिल्ला अधिकारीको २०६२।२।३को आदेशले सार्वजनिक सुरक्षा ऐन,२०४६ अन्तर्गत नजरबन्दमा राखिएको भन्दै तत्सम्बन्धी कागजातको प्रतिलिपि देखाउनु भएको छ । प्रस्तुत तथ्य वारे निवेदक तर्फका विद्वान अधिवक्ताहरूले पछिको बनावटी कारवाहीको कुनै औचित्य छैन, थुनाको निरन्तरता हुँदा नयाँ तथ्य वारे यस इजलासले विचार गरी रहनु पर्ने अवस्थै पर्दैन । अघिको थुना गैरकानूनी ठहर भै सकेपछि पनि तत्पश्चात् निरन्तर थुनाको अवस्था हुँदा अन्य कारवाहीहरू स्वक्त गैरकानूनी हुन्छन् भन्ने तर्क अघि सार्नु भएको छ ।

२४. वस्तुतः निवेदक राजेन्द्र राई २०६२।२।२ भन्दा अघि देखि गैरकानूनी रूपमा थुनामा रहेकोमा र २०६२।२।२ पश्चात् पनि निजको थुना निरन्तर थुनाकै अङ्गको रूपमा रहेको देखिन आएको अवस्था छ । त्यसैले उल्लिखित २०६२।२।३ को जिल्ला प्रशासन कार्यालय ललितपुरको नजरबन्द आदेश वारे औपचारिक रूपमा बढि बुझिरहनु पर्ने र विवेचना गरिरहनु पर्ने आवश्यकता देखिदैन । तस्मात् यस अदालतले २०६२।१।३० मा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्दाको आधार र कारणको अवस्था र हाल उपरोक्त बमोजिम जिल्ला प्रशासन कार्यालय ललितपुरबाट पर्चामा खुलाइएको

आधार र कारण उस्तै प्रकृतिको सामीप्य रूपकै देखिन्छ । वस्तुगत आधार र कारण स्थापित हुन सकेको पाइदैन । यस परिप्रेक्ष्यबाट हेर्दा पनि जिल्ला प्रशासन कार्यालय ललितपुरको २०६२।२।३ को भनिएको निज राजेन्द्र राई विरुद्धको नजरबन्द आदेशको वैधता स्वक्त खण्डित एवं कानूनी वलहीन देखिन्छ ।

२५. अन्ततः थुनाको वैधतालाई चुनौती दिनु निवेदकको संविधानतः उपचारात्मक अधिकार हो भने बन्दीप्रत्यक्षीकरणको मुद्दामा थुनाको वैधता देखाउनु वा प्रमाणित गर्नु आदेश जारी गर्ने अधिकारी वा विपक्षीहरूको दायित्व हुनजान्छ । Once the petitioner shows that his right has been taken away, it is for the state to justify the impugned law by showing that the restriction is reasonable on that the procedure is not arbitrary, but is just, fair and reasonable, Indian Constitutional Law, By M.P. Jain Page 588. माथि विवेचना गरिएको आधार र कारणबाट यस अदालतबाट निवेदक राजेन्द्र राईको थुना गैरकानूनी ठहर गरी थुना मुक्त गर्ने भन्ने २०६२।१।३० मा भएको आदेशपश्चात् पनि निज निरन्तररूपमा नै थुनामा रहेको देखिएको र २०६२।२।३ मा छुट्टै निकायको नजरबन्द आदेशले थुनामा रहेको भन्ने कुराले कानूनी वैधता राख्न नसक्ने देखिए समेतबाट निज राजेन्द्र राईको थुनालाई कानूनबमोजिमको थुना भन्न मिलेन । तसर्थ बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी उपस्थित गराईएका बन्दी राजेन्द्र राईलाई यस अदालतबाट नै छाडी थुना मुक्त गरी दिने ठहर्छ । प्रस्तुत रिट निवेदनमा अदालतको अपहेलनामा समेत कारवाही गरिपाऊँ भन्ने माग हुँदा बन्दीप्रत्यक्षीकरणको लगत कट्टा गरी अपहेलनातर्फ विविध फौजदारी दायरीमा दर्ता गरी नियमबमोजिम पेश गर्नु ।

उक्त रायमा म सहमत छु ।

न्या. केदारप्रसाद गिरी

इति सम्वत् २०६२ साल जेष्ठ ६ गते रोज ६ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी
माननीय न्यायाधीश श्री हरिजंग सिजापति

सम्बत २०६२ सालको रिट नः ५४८

आदेश मितिः २०६२।२।२३।२

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : का.जि. नाङ्लेभारे गा.वि.स. वडा नं. ४ घर भई हाल केन्द्रीय कारागार शाखा जगन्नाथ देवलमा थुनामा रहेका भरतप्रसाद दाहाल र ऐ. घर भई हाल ऐ. मा थुनामा रहेका रमेश प्याकुरेल समेतको हकमा ऐ.ऐ. बस्ने यमनाथ दाहाल

विरुद्ध

विपक्षी : गृह मन्त्रालय समेत

- **सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को व्यवस्थाबमोजिम अनुसन्धान तहकिकात गरी मुद्दा चलाउनुपर्ने अवस्था भएमा मुद्दा नै चलाउनुपर्नेमा सो नगरी आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ को दफा ३ अनुसारको कार्य गरेको भन्ने आधारमा बन्दीहरूलाई निरोधात्मक प्रकृतिको नजरबन्दमा राखेको कानून अनुकूल देखिन नआउने ।**

- **मनासिव आधारसमेत उल्लेख नगरी बन्दीहरूलाई नजरबन्दमा राख्ने गरेको कामकारवाही आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ को दफा ९ को कानूनी व्यवस्था विपरीतको देखिन आउने ।**

आदेश

- न्या. मीनबहादुर रायमाझी

१. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ तथा ८८ (२) बमोजिम यस अदालतमा दायर भएको प्रस्तुत रिट निवेदन सहितको तथ्य एवं ठहर यसप्रकार छः

२. निवेदक भरतप्रसाद दाहाल र रमेश प्याकुरेललाई २०६१।११।३ गते बिहान ३:३० बजे आ-आफ्नो निवासमा सुतिरहेको अवस्थामा श्री ५ को सरकारका २०।२२ जना सुरक्षाकर्मीहरू आई पक्राउ गरी नाङ्लेभारे बेसक्याम्प लम्सेफेदी जर्सिङ्ग पैवामा लगियो । लामो समयसम्म विना पुर्जी विपक्षीहरूको गैरकानूनी थुनामा राखी २०६१।११।२७ मा विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ को दफा ३(१) को विभिन्न उपदफाहरूमा उल्लेखित काम गर्नबाट तपाईलाई रोक्न जरुरी भएकोले सो अध्यादेशको दफा ९ ले दिएको अधिकार प्रयोग गरी तपाईलाई नजरबन्दमा राख्ने भन्ने व्यहोराको आदेश पुर्जी दिई निजलाई केन्द्रीय कारागार शाखा जगन्नाथदेवलमा गैरकानूनी थुनामा राखिएको छ ।

निवेदकहरूबाट उक्त पुर्जीमा उल्लेख भएबमोजिमको कुनै पनि कार्य भएको छैन र हुनसक्ने पूर्वावस्था पनि छैन । विपक्षीद्वारा दिइएको पुर्जीमा नै कुन काम कुरा गर्नबाट रोक्न पर्ने हो सो को वस्तुनिष्ठ आधार दिन सकिएको छैन । निजहरूको कुन काम कुराबाट आतङ्ककारी तथा विध्वंसात्मक कार्य हुनसक्ने हो, त्यस्तो काम कुरा गर्नबाट रोक्नुपर्ने विश्वास गर्न सकिने मनासिव आधार सो पुर्जीबाट खुल्दैन । विपक्षीद्वारा गैरकानूनी ढंगले थुनामा राखी नजरबन्दको आदेश दिइएको उक्त पुर्जी लगायतको कामकारवाही समेत आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ को दफा ३(१), ९ तथा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १५ समेतको विपरीत भएकोले निवेदक भरतप्रसाद दाहाल र रमेश प्याकुरेललाई गैरकानूनी थुनाबाट मुक्त गरि दिनु भन्ने बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने रिट निवेदन ।

३. लिखित जवाफ पठाउनु भनी विपक्षीहरूको नाममा सूचना पठाउनु भन्ने यस अदालतको आदेश ।

४. रिट निवेदक रमेश प्याकुरेल र भरतप्रसाद दाहाललाई जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट २०६१।११।२७ को पत्र आदेशानुसार आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ को दफा ९ अनुसार मिति २०६१।११।२७ बाट नजरबन्दमा राख्न भनी श्रीजंग गण व्यारेकलाई पत्राचार भई केन्द्रीय कारागार जगन्नाथ देवललाई नजरबन्दमा राख्न हुन भनी सोही पत्रमा उल्लेख भएको र यस कार्यालयलाई बोधार्थ पत्र दिइएको देखिएको हुँदा पक्राउ गरी गैरकानूनी थुनामा राखेको भन्ने झुठ्ठा व्यहोरा उल्लेख गरी यस कार्यालय समेतलाई विपक्षी बनाई दिइएको रिट निवेदन खारेज गरिपाउँ भन्ने विपक्षी जिल्ला प्रहरी कार्यालय काठमाडौंको लिखित जवाफ ।

५. भरतप्रसाद दाहाल र रमेश प्याकुरेललाई प्रमुख जिल्ला अधिकारीको आदेशले कानून बमोजिम थुनामा राखिएको बुझिन आएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने विपक्षी गृह मन्त्रालयको लिखित जवाफ ।

६. रमेश प्याकुरेल र भरतप्रसाद दाहाललाई २०६१।११।२५ मा पक्राउ गरी प्रारम्भिक सोधपुछ गर्दा खुलाएको घटना प्रतिवेदन र श्रीजंग गण, सिंहदरबार व्यारेकको २०६१।११।२६ को पत्र प्राप्त भई काठमाडौं जिल्ला सुरक्षा समिति समक्ष पेश हुँदा रिट निवेदकहरू आतङ्ककारी गतिविधिमा संलग्न रही सुरक्षा फौजको हरकत वारे माओवादी आतङ्ककारीलाई जानकारी दिने र माओवादीको सुराकीको रूपमा कार्य गरी आएको खुलेको हुँदा मिति २०६१।११।२६ को काठमाडौं जिल्ला सुरक्षा समितिको निर्णयको आधार प्रमाण समेतबाट रिट निवेदकहरूलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ को दफा ३ अनुसारको कार्य गरेकोले सो कार्य रोक्न सोही अध्यादेशको दफा ९ अनुसार ६ महिनासम्म २०६१।११।२७ बाट लागू हुने गरी यस कार्यालयको नजरबन्दको आदेश पर्चामा खुलाइएको आधार प्रमाण समेतबाट कारागार शाखा जगन्नाथ देवलमा नजरबन्दमा राखिएको छ । रिट निवेदकहरू माओवादी गतिविधिमा संलग्न रही रहेकोले छानविन तथा अनुसन्धानको क्रममा रिट निवेदकहरूलाई नजरबन्दमा राखिएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौंको लिखित जवाफ ।

७. विपक्षी कारागार शाखाको लिखित जवाफ नपरेको ।

८. नियम बमोजिम पेश भएको प्रस्तुत रिट निवेदन सहितको मिसिल अध्ययन गरियो । रिट निवेदक तर्फबाट विद्वान अधिवक्ता श्री लक्ष्मी पोखरेल र विपक्षी तर्फबाट विद्वान उपन्यायाधीवक्ता श्री तेज नारायण पौडेलले गर्नु भएको बहस समेत सुनी निर्णय तर्फ विचार गर्दा बन्दीहरू भरतप्रसाद दाहाल र रमेश प्याकुरेललाई कुन काम कुरा गर्नबाट रोक्नु परेको भन्ने वस्तुनिष्ठ आधार विना गैरकानूनी रूपमा नजरबन्दमा राखिएकोले निजहरूलाई गैरकानूनी थुनाबाट मुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने रिट निवेदन मागदावी भएको पाइयो । निज बन्दीहरूलाई कानून बमोजिम नजरबन्दमा राखिएको हुँदा रिट निवेदन खारेजभागी छ भन्ने व्यहोराको विपक्षीहरूको लिखित जवाफ जिकिर रहेको देखियो । निज बन्दीहरूलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ अन्तर्गत नजरबन्दमा राखिएको अवस्था देखिन आयो । बन्दी भरतप्रसाद दाहाल र रमेश प्याकुरेललाई नजरबन्दमा राख्ने आदेश दिने विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौंको लिखित जवाफबाट काठमाडौं जिल्ला सुरक्षा समितिको निर्णयको आधार प्रमाण समेतबाट आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ को दफा ३ अनुसार कार्य गरेकोले सो कार्य रोक्न सोही अध्यादेशको दफा ९ अनुसार नजरबन्दमा राखिएको भन्ने देखिन आयो । लिखित जवाफबाट सुरक्षा समितिको निर्णय अनुसार नजरबन्दमा राख्ने आदेश भएको भन्ने सम्बन्धमा आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ को दफा ९ ले कुनै व्यक्तिलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य हुनसक्ने कुनै काम कुरा गर्नबाट रोक्नुपर्ने मनासिव आधार रहे नरहेको आदेश दिने सुरक्षा अधिकारी (अध्यादेशको परिभाषा अनुसार प्रमुख जिल्ला अधिकारी) ले स्वतन्त्रपूर्वक निर्णय गर्नुपर्ने हुन्छ । कसैको निर्णयको आधारमा गरिएको निर्णयलाई स्वतन्त्रपूर्वक भएको निर्णय भन्न सकिने अवस्था नहुँदा बन्दीहरू भरतप्रसाद दाहाल र रमेश प्याकुरेललाई नजरबन्दमा राख्ने गरी प्रमुख जिल्ला अधिकारीबाट भएको आदेश स्वतन्त्रपूर्वक भएको भन्न मिल्ने अवस्था देखिन आएन ।

९. बन्दीहरू भरतप्रसाद दाहाल र रमेश प्याकुरेलले आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ को दफा ३ अनुसारको कार्य गरेको भन्ने पनि विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौंको लिखित जवाफबाट देखिन आएको छ । आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ को दफा ९ ले गरेको व्यवस्था अनुसार आतङ्ककारी तथा विध्वंसात्मक कार्य हुनसक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नको लागि नजरबन्दमा राख्ने आदेश जारी गर्नसक्ने देखिन्छ । आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ अन्तर्गतको मुद्दा श्री ५ को सरकार वादी हुने र सो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा परेको मानिनेछ भन्ने सो अध्यादेशको दफा १६ मा उल्लेख भएको पाइन्छ । आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ अन्तर्गतको मुद्दा श्री ५ को सरकार वादी हुने र सो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा परेको मानिने कानूनी व्यवस्था भएपछि बन्दीहरू भरतप्रसाद दाहाल र रमेश प्याकुरेललाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ अन्तर्गतको कसूर अपराध भएको अवस्था भए उपरोक्त कानूनी व्यवस्था अनुसार सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को व्यवस्था बमोजिम अनुसन्धान तहकिकात गरी मुद्दा चलाउनु पर्ने अवस्था भएमा मुद्दा नै चलाउनु पर्नेमा सो नगरी आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ को दफा ३ अनुसारको कार्य गरेको भन्ने आधारमा निज बन्दीहरूलाई निरोधात्मक प्रकृतिको नजरबन्दमा राखेको कानून अनुकूल देखिन आएन ।

१०. आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ को दफा ९ ले गरेको व्यवस्था बमोजिम आतङ्ककारी तथा विध्वंसात्मक कार्य हुनसक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने विश्वास गर्न सकिने मनासिव आधार भएमा सुरक्षा अधिकारीले त्यस्तो व्यक्तिलाई नजरबन्दमा राख्ने आदेश जारी गर्नसक्ने अवस्था देखिन्छ । बन्दीहरू भरतप्रसाद दाहाल र रमेश प्याकुरेललाई नजरबन्दमा राख्ने गरी दिइएको आदेश पुर्जीमा आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ को दफा ३(१) को विभिन्न उपदफाहरूमा उल्लखित काम गर्नबाट रोक्न जरुरी भएको भनी अध्यादेशको दफा सम्म उल्लेख गरेको देखिन्छ । उक्त दफा ३(१) मा उल्लिखित विभिन्न कार्यहरू मध्ये के कस्ता कार्यबाट रोक्नु परेको र सो को विश्वास गर्न सकिने मनासिव आधार समेत उल्लेख नगरी बन्दीहरूलाई नजरबन्दमा राख्ने गरेको कामकारवाही आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ को दफा ९ को कानूनी व्यवस्था विपरीतको देखिन आयो ।

११. माथि विवेचना गरिए बमोजिम नजरबन्दमा राख्ने आदेश दिने सुरक्षा अधिकारीले बन्दीहरू भरतप्रसाद दाहाल र रमेश प्याकुरेललाई नजरबन्दमा राख्ने गरी गरेको आदेश स्वतन्त्रपूर्वक गरेको देखिन नआएको, अपराधजन्य कार्य नै भइसकेकोमा कानून बमोजिम अनुसन्धान तहकिकात गरी मुद्दा नै चलाउनु पर्नेमा निज बन्दीहरूले आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ को दफा ३ अनुसारको कार्य नै गरिसकेको भन्ने आधारमा नजरबन्दमा राखेको र नजरबन्दमा राख्ने आदेशमा नजरबन्दमा राख्नुपर्ने मनासिव आधार उल्लेख नगरी बन्दी भरतप्रसाद दाहाल र रमेश प्याकुरेललाई नजरबन्दमा राख्ने गरेको विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौंको २०६१।११।२७ को आदेश कानूनको व्यवस्था विपरीत देखिंदा निज बन्दीहरूलाई गैरकानूनी थुनामा राखेको अवस्था देखिन आएबाट बन्दी भरतप्रसाद दाहाल र रमेश प्याकुरेललाई गैरकानूनी थुनाबाट मुक्त गर्नु भन्ने बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिएको छ । भरतप्रसाद दाहाल र रमेश प्याकुरेललाई थुनाबाट मुक्त गर्ने सम्बन्धमा आजैको मितिमा छुट्टै आदेश भएकोले त्यस तर्फ अरु केही गरिरहन परेन । मिसिल नियमानुसार बुझाई दिनु ।

उक्त रायमा म सहमत छु ।

न्या. हरिजंग सिजापति

इति सम्बत २०६२ साल जेष्ठ २३ गते रोज २ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री अनूपराज शर्मा
माननीय न्यायाधीश श्री राजेन्द्रकुमार भण्डारी

सम्वत् २०६२ सालको रिट नं. ६१८

आदेश मितिः २०६२।३।१०

मुद्दाः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : प्युठान जिल्ला विजुवार गा.वि.स. वडा नं. ७ घर भै हाल ल.पु. हरिसिद्धि बस्ने हाल वडा प्रहरी कार्यालय का.म.न.पा. वडा नं. ६ बौद्ध, काठमाडौंमा थुनामा रहेका अधिवक्ता एवं जनमोर्चा नेपाल केन्द्रीय कार्यसमितिका महासचिव नवराज सुवेदीको हकमा नेपाल वार एसोशिएशन केन्दीय समितिका अध्यक्ष अधिवक्ता शम्भु थापा

विरुद्ध

प्रत्यर्थी : श्री ५ को सरकार गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं समेत

- **कानूनको सर्वोच्चता व्यक्तिको निजी अधिकारको संरक्षण, व्यक्तिको जिउज्यान र स्वतन्त्रताको संरक्षण एवं राज्यका अङ्गहरुको कार्यको वैधताको परिक्षण जस्ता कुराहरुले कानूनद्वारा शाषित हुने, कानूनको सम्मान गर्ने राज्यको रुपमा देशको शासन व्यवस्थालाई परिभाषित गर्न सकिने ।**

- **कुनै पनि नागरिकको सम्मानपूर्वक बाँच्न पाउने अधिकारको मर्यादा गर्नु पनि न्यायपूर्ण शासन प्रणालीको दायित्व र विशेषता हो । यस्तै प्रकृतिका कार्यमा कार्यपालिकाका प्रशासकीय निकायहरु राज्यमा शान्ति व्यवस्था र कानून व्यवस्था कायम गर्ने सम्बन्धमा जिम्मेवार हुनुपर्दछ । राज्यमा शान्ति सुरक्षाको प्रबन्धलाई समान रुपमा कायम गर्न सकि जनताले राहत वा शान्ति सुरक्षाको अनुभूति प्राप्त गर्ने परिस्थिति कायम गर्ने काम पनि कार्यपालिका निकायमा रहन जान्छ । यस सन्दर्भबाट हेरिदा कानूनी शासनको अवधारणा कृयाशील तुल्याउने कार्यमा कार्यपालिकाको आवश्यकता महत्वपूर्ण हुनजाने ।**

- **स्वेच्छाचारी तवरले नागरिकको स्वतन्त्रतामा हस्तक्षेप गर्न सकिदैन भने कसैको कार्यबाट देशको शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने देखिए नजरबन्दमा राख्न नै नपाउने भन्ने होइन तर सो कार्यविधि सम्मत हुनुपर्ने ।**

- **सार्वजनिक सुरक्षाको सबाल देखाउदैमा व्यक्तिको अधिकार विना आधार र कारण कुण्ठित गर्ने असीमित अधिकार राज्यसँग हुन नसक्ने ।**

- **राज्यले सबैलाई समान रुपमा अभिभावकीय दायित्वको निर्वाह गर्नु पर्दछ र सबै राज्यका अङ्ग आ-आफ्नो कानूनी एवं संवैधानिक सीमा र दायित्व भित्र बस्नु पर्ने ।**

- **शान्ति सुरक्षाको महत्वपूर्ण अभिभारा बोकेको गृह मन्त्रालयले निवेदकको नजरबन्दको जानकारी जिल्ला प्रशासन कार्यालयको बोधार्थ मार्फत पाउदा पाउदै थुनामा नराखेको भनी लिखित जवाफ फिराएको देखिदा त्यस्तो बदनियतपूर्वक कार्य नगर्न सचेत गराइन्छ र कानून बमोजिम चल्न तथा**

**जता पायो त्यतै मनोमानी ढंगले सर्वसाधारणलाई कानूनी आधार र कारण विना थुनामा नराख्न यो इजलास विपक्षीहरुको ध्यानाकर्षण गराउदै अदालतको आदेशको सम्मान गर्न विपक्षी निकायहरुलाई यो छुट्टै न्यायिक टिप्पणी समेत जारी गरिएको छ।**

आदेश

- न्या. अनुपराज शर्मा

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३।८८।(२) अनुसार यसै अदलतको क्षेत्राधिकार भित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः

बन्दी नवराज सुवेदी अधिवक्ता एवं नेपाल वार एसोसिएशन पुनरावेदन अदालत, पाटन ललितपुर एकाइको सदस्य एवं जनमोर्चा नेपालको केन्द्रीय महासचिव हुनुहुन्छ। निज नवराज सुवेदी South Asian Face Media Association द्वारा इस्लामावाद, पाकिस्तानमा आयोजित सार्क स्तरीय कन्फरेन्समा भाग लिन भनी मिति २०६२।१।३१ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पुगेको अवस्थामा दिउसो १२.३० बजेको समयमा विपक्षीहरुले पक्राउ गरी सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३ (१) र ४ (१) बमोजिम कथित नजरबन्दको पुर्जि दिई गैरकानूनी थुनामा राखेको हुँदा सम्मानित सर्वोच्च अदालत समक्ष मिति २०६२।२।२३ मा रिट नं.५९८ को रिट निवेदन दायर गरी मिति २०६२।२।३१ गते निज बन्दीको थुना गैरकानूनी ठहर गर्दै थुना मुक्त गर्नु भन्ने आदेश भई मिति २०६२।३।१ मा काठमाडौं जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीशज्यूको रोहवरमा थुनामुक्त गरिएकोमा निज सुवेदी जनमोर्चा नेपाल केन्द्रीय कार्यालय सुन्धारामा जानु भई तहाँबाट निस्कन लाग्दा साँझ ५.३० बजे श्री ५ को सरकारका सादा पोषाकमा केही बर्दिमा रहेको सुरक्षाकर्मीहरु आई जबरजस्ती पक्राउ गरी गैरकानूनी पकडमा लिएको र जिल्ला प्रहरी कार्यालय हनुमानढोकामा निज नवराज सुवेदीको श्रीमती परिवारले भेटन जाँदा ताहाँ नरहेको जानकारी दिइयो। नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११२ ले राजनीतिक दलहरुलाई कुनै पनि अवस्थामा प्रतिबन्ध लगाउन नपाइने व्यवस्था गरेको छ। तसर्थ निज बन्दीको थुना नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११, १२, १४,१५,९६ प्रतिकूल भई पूर्णतया असंवैधानिक, गैरकानूनी र न्यायका मान्य सिद्धान्तको समेत विरुद्धमा रहेको हुनाले र सम्मानित सर्वोच्च अदालतको मिति २०६२।२।३१ को आदेशलाई विपक्षीहरुले जानाजान र मनसायपूर्वक ढंगले अवज्ञा गरी बन्दीलाई निरन्तर थुनामा राखेको हुँदा पुनः विपक्षीहरुले प्रस्तुत रिट निवेदनमा जारी हुने आदेश पनि अवज्ञा गर्ने पूर्ण सम्भावना भएकोले यो रिट निवेदनको सुनवाई हुँदाका बखत निज बन्दीलाई यस सम्मानित अदालत समक्ष स-शरिर उपस्थित गराई गैरकानूनी थुनाबाट अविलम्ब मुक्त गर्नु भनी नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ र ८८(२) तथा सर्वोच्च अदालत नियमावली २०४९ बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने निवेदन दावी।

यसमा के कसो भएको ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएको मितिले ३ (तीन) दिन भित्र सम्बन्धित मिसिल साथ राखि महान्यायाधीवक्ताको कार्यालय मार्फत लिखित जवाफ पठाउनु भनी विपक्षीहरुलाई सूचना पठाई त्यसको बोधार्थ महान्यायाधीवक्ताको कार्यालयमा पठाई दिनु लिखित जवाफ आए पछि नियम बमोजिम पेश गर्नु भन्ने यस अदालतको आदेश।

विपक्षी रिट निवेदक नवराज सुवेदीलाई सर्वोच्च अदालतको मिति २०६२।२।३१ को आदेशानुसार ०६२।३।१ मा काठमाडौं जिल्ला अदालतको रोहवरबाट मुक्त गरी सकिएको हुँदा पुनः पक्राउ गरी निजलाई नजरबन्दमा राखिएको छैन । निवेदन दावी झुट्टा हो भनी निवेदनमा विपक्षी बनाइएका श्री ५ को सरकार गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं, जिल्ला प्रशासन कार्यालय, काठमाडौं, प्रहरी प्रधान कार्यालय नक्साल, काठमाडौं, जिल्ला प्रहरी कार्यालय हनुमानढोका, काठमाडौ, वडा प्रहरी कार्यालय का.म.न.पा. वडा नं.६ बौद्ध काठमाडौं समेतको एकै मिलानको इनकारी लिखित जवाफ ।

नियम बमोजिम दैनिक मुद्दा पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदन सहितको सम्पूर्ण मिसिल अध्ययन गरियो । निवेदक तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री विश्वकान्त मैनाली, श्री राधेश्याम अधिकारी तथा अधिवक्ताहरु श्री सुवासचन्द्र नेम्वाङ्ग, श्री हरिहर दाहाल, श्री शम्भु थापा, श्री मुक्ति नारायण प्रधान, श्री शेरबहादुर के.सी., श्री दिनेश त्रिपाठी, श्री हरिकृष्ण कार्की, श्री चण्डेश्वर श्रेष्ठ एवं निवेदक अधिवक्ता श्री नवराज सुवेदीले विपक्षीहरुले निवेदकलाई नाटकीय ढंगले गिरफ्तार गरी अज्ञात स्थलमा लुकाई राखेको तथ्यलाई आफ्नो लिखित जवाफमा नखुलाई आफ्नो जवाफदेही पन्छाउने र तथ्य लुकाउने काम गरेका छन । निवेदकलाई नजरबन्दमा राख्ने गरी भएको पूर्व आदेश गैरकानूनी भई सम्मानित अदालतले निवेदकलाई काठमाडौं जिल्ला अदालतका जिल्ला न्यायाधीशज्यूको रोहवरबाट मुक्त गरी सके पछि आफ्नो पार्टी कार्यालय पुग्न नपाउँदै पुनः पक्राउ गरी ठाउँ छली ललितपुरमा पक्राउ गरेको कागज बनाई पुनः गैरकानूनी थुनालाई निरन्तरता दिइएको छ । एक पटक गैरकानूनी थुना करार गरी अदालतबाट निवेदकलाई छाडी सके पछि सो आदेशको पालना गर्नु विपक्षीको कर्तव्य भएकोमा सो नगरी ठाडै उल्लङ्घन गर्ने कार्य भएको छ । राज्यले कानून विपरीत बल प्रयोग गरी शक्तिको दुरुपयोग गरी सर्वसाधारणलाई बलजफ्ती थुन्न मिल्दैन गृह मन्त्रालय समेतका राज्य यन्त्रले को कसको आदेशले थुनामा राखिएको हो हामीलाई थाहा छैन भनी लिखित जवाफमा लेखाएको कुरा आश्चर्यजनक छ । जिल्ला प्रशासन कार्यालय, ललितपुरले निवेदकलाई पक्राउ गरेको कुरा गृह मन्त्रालयलाई बोधार्थ मार्फत जानकारी गराएको अवस्थामा समेत गृह मन्त्रालयले त्यसको वेवास्ता गरी पक्राउको जानकारी नै नभएको र पक्राउ गर्ने आदेश नदिएको भन्नु बदनियतपूर्ण मनसाययुक्त छ र अदालतलाई ढाट्ने कार्य भएको छ । थुनामा राखेको अस्वीकार गरेको तर हिरासतबाटै निवेदकलाई अदालत समक्ष उपस्थित गराएको हुँदा पक्राउ नगरिएको भन्ने अवस्था छैन । राज्यको कार्यकारीणी अङ्गले स्वतन्त्र न्यायपालिकाको अस्तित्वलाई मानमर्दन गर्दै आफ्नो बसमा पार्ने असफल प्रयास गरेको छ । यस्तो गैरकानूनी थुनाको निरन्तरतालाई गैरकानूनी घोषणा गरी अदालतको आदेशको पालना गर्न विपक्षीहरु उपर न्यायिक टिप्पणी समेत हुनुपर्दछ र अदालतको आदेशबाट छाडिएका निवेदकलाई पुनः पक्राउ गरी निरन्तर थुनामा नै राखेको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्छ भनी बहस प्रस्तुत गर्नु भयो ।

त्यसै गरी विपक्षीहरु तर्फबाट उपस्थित विद्वान उप-न्यायाधिवक्ता श्री सुरेन्द्र बहादुर थापाले सम्मानित अदालतको आदेशको पालना गरी काठमाडौं जिल्ला अदालतको रोहवरबाट निवेदकलाई छाडे पछि निवेदकले ललितपुरको हरिसिद्धि इलाकामा शान्ति सुव्यवस्था खलबल्याउन योजना बनाई हिडिरहेको अवस्थामा सुरक्षाकर्मीहरुले पक्राउ गरी जिल्ला प्रशासन कार्यालय, ललितपुरका प्रमुख जिल्ला अधिकारीको आदेशले पुनः नजरबन्दमा राखिएको हो । निजको थुना गैरकानूनी पनि छैन र पूर्व थुनाको निरन्तरता पनि होइन साथै निवेदकले पक्राउ गर्ने निकायलाई विपक्षी नबनाई पक्राउ नगरेका निकायलाई विपक्षी बनाएको हुँदा माग बमोजिमको रिट जारी हुनुपर्ने व्यवस्था छैन भनी बहस प्रस्तुत गर्नु भयो ।

माथि उल्लेखित विद्वान कानून व्यवसायीहरुको बहस जिकिर समेत सुनी निर्णय तर्फ विचार गर्दा निम्न प्रश्नहरुको निराकरण गर्नुपर्ने देखिन आयो ।

(क) थुनामा रहेका निवेदक नवराज सुवेदीको हकमा परेको रिट नं.५९८ को बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा मिति २०६२।२।३१ मा भएको यस अदालतको आदेशानुसार निज मिति २०६२।३।१ मा वास्तविक रुपमा छुटेको हो वा निजको थुना पहिले देखिकै निरन्तरता हो ?

(ख) निवेदक नवराज सुवेदीलाई थुनामा राखिएको कार्य कानूनी वा गैरकानूनी के हो ?

(ग) निवेदक माग बमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन ?

प्रथम प्रश्न तर्फ विचार गर्दा प्रस्तुत निवेदनमा उठाइएको निवेदक नवराज सुवेदीको थुनाको विवाद निजको तर्फबाट परेको मिति २०६२ सालको रिट नं.५९८ को बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा यस अदालतको संयुक्त इजलासबाट निजलाई थुना मुक्त गर्नु भनी भएको मिति २०६२।२।३१ को आदेशको कार्यान्वयनको क्रमबाट भएको देखिन्छ । उक्त रिट नं.५९८ मा भएको आदेशमा निवेदकलाई नजरबन्दमा राख्ने आदेशमा आधार र कारण खुलेको नदेखिंदा निजलाई नजरबन्दमा राख्ने आदेश गैरकानूनी घोषित भएको पाइन्छ । निवेदनमा विपक्षी बनाइएको निकायहरुले निवेदक सुवेदीलाई पक्राउ नगरिएको, पक्राउ गर्ने आदेश पनि नदिएको भनी लिखित जवाफ फिराएको देखिन्छ । यस अदालतको मिति २०६२।२।३१ को आदेश मिति २०६२।३।१ मा कार्यान्वयन हुँदा काठमाडौं जिल्ला अदालतका जिल्ला न्यायाधीशको रोहवरमा निवेदकलाई छाडेको समेत देखिन आयो । तर थुना मुक्त भई निवेदक आफ्नो पार्टी कार्यालयमा पुग्दा निजलाई त्यहीबाट सुरक्षाकर्मीले गिरफ्तार गरी वडा प्रहरी कार्यालय लगिएको निवेदन दावीबाट देखिन्छ । सो मुताविक निजलाई पुनः नजरबन्दमा राख्नु पर्ने आदेश आधार र कारण केही नखोली मात्र ऐनको दफा उल्लेख गरी ललितपुरका प्रमुख जिल्ला अधिकारीले निवेदकलाई नजरबन्दमा राख्ने आदेश दिएको पाइयो । यसबाट के देखिन्छ भने कागजी रुपमा निवेदक नवराज सुवेदीलाई यस अदालतको मिति २०६२।२।३१ को आदेशानुसार छाडिएको लिखत तयार भएको पाइयो । प्रस्तुत विवादको घटनाक्रम यही विन्दुबाट शुरुवात भएको देखिदा निवेदकको दावी सत्य देखियो । नजरबन्दबाट रिहा गरिएको हस्ताक्षर गराइए तापनि निज बन्दीलाई काठमाडौं जिल्ला अदालतको परिसरबाट छाडिए पनि निजको पार्टी कार्यालयमा गएर उत्रन लाग्दा लाग्दै सुरक्षाकर्मीले पुनः लगतै पक्राउ गरेको देखिन्छ । सो समाचारहरु विभिन्न राष्ट्रिय पत्र पत्रिका र अन्तर्राष्टिय समाचार माध्यमबाट पनि लगातार छापिएका र समाचार प्रशारित भएको समेत पाइन्छ । यस कारण भौतिक रुपमा निवेदक नवराज सुवेदी मुक्त पनि नभएको कारण थुनाको निरन्तरता रहेको देखिन आयो । यसबाट अदालतको आदेशको अपमान भएको र बन्दी भौतिक रुपमा नछाडिएको हुँदा कानूनको घोर उल्लघन भएको निवेदक तर्फबाट उपस्थित विद्वान कानून व्यवसायीहरुको बहस जिकिर सत्यतामा आधारित रहेको पाइयो ।

निवेदकले आफ्नो निवेदनमा उल्लेखन गरी विपक्षी बनाइएका निकायहरुले निवेदकलाई पक्राउ नै नगरेको लिखित जवाफ प्रस्तुत गर्ने क्रममा निवेदन व्यहोरा झुठ्ठा हो भनी उल्लेख गरे तापनि निवेदक नवराज सुवेदी भौतिक रुपमा प्रहरीको निगरानी र घेराबन्दीबाट बाहिरिई गएको भन्ने तथ्य स्थापित भएको नदेखिंदा निजको थुनाको निरन्तरता बारे अरु आधार र कारण हेर्नु र खोज्नु पर्ने आवश्यकता र अवस्था देखिन आएन । कुनै पनि कानून प्रणालीमा कानूनको शासनको मान्यता महत्वपूर्ण चरित्र हो । न्याय र कानूनको उचित प्रकृया विना पक्राउ नगरिनु कानूनको शासनको मापदण्ड हो । नेपाल अधिराज्यको संविधान, २०४७ ले कानूनमा आधारित राज्यको परिकल्पना गरेको तथ्य यहाँ दोहोऱ्याइ रहनु पर्दैन । कानूनको सर्वोच्चता व्यक्तिको निजी अधिकारको संरक्षण, व्यक्तिको जिउज्यान र स्वतन्त्रताको संरक्षण एवं राज्यका अङ्गहरुको कार्यको वैद्यताको परिक्षण जस्ता कुराहरुले कानूनद्वारा शाषित हुने, कानूनको सम्मान गर्ने राज्यको रुपमा देशको शासन व्यवस्थालाई परिभाषित गर्न सकिन्छ । कुनै पनि नागरिकको सम्मानपूर्वक बाँच्न पाउने अधिकारको मर्यादा गर्नु पनि न्यायपूर्ण शासन प्रणालीको दायित्व र विशेषता हो । यस्तै प्रकृतिका कार्यमा कार्यपालिकाका प्रशासकीय निकायहरु राज्यमा शान्ति व्यवस्था र कानून व्यवस्था

कायम गर्ने सम्बन्धमा जिम्मेवार हुनुपर्दछ । राज्यमा शान्ति सुरक्षाको प्रबन्धलाई समान रुपमा कायम गर्न सकि जनताले राहत वा शान्ति सुरक्षाको अनुभूति प्राप्त गर्ने परिस्थिति कायम गर्ने काम पनि कार्यपालिका निकायमा रहन जान्छ । यस सन्दर्भबाट हेरिदा कानूनी शासनको अवधारणा कृयाशील तुल्याउने कार्यमा कार्यपालिकाको आवश्यकता महत्वपूर्ण हुन जान्छ । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२(१) मा कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण हुने छैन भन्ने व्यवस्था गरिएको पाइन्छ भने धारा १५(१) मा नेपाल अधिराज्यको सार्वभौमसत्ता अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने प्रर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन भन्ने व्यवस्था गरेको देखिन्छ । यसरी संविधानले वैयक्तिक स्वतन्त्रता र देशको शान्ति सुव्यवस्थालाई उत्तिकै महत्व र सम्मान दिएको पाइन्छ । स्वेच्छाचारी तवरले नागरिकको स्वतन्त्रतामा हस्तक्षेप गर्न सकिदैन भने कसैको कार्यबाट देशको शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने देखिए नजरबन्दमा राख्न नै नपाउने भन्ने होइन तर सो कार्यविधि सम्मत हुनुपर्दछ । सार्वजनिक सुरक्षाको सबाल देखाउदैमा व्यक्तिको अधिकार विना आधार र कारण कुण्ठित गर्ने असीमित अधिकार राज्यसँग हुनसक्दैन । राज्यले सबैलाई समान रुपमा अभिभावकीय दायित्वको निर्वाह गर्नु पर्दछ । र सबै राज्यका अङ्ग आ-आफ्नो कानूनी एवं संवैधानिक सीमा र दायित्व भित्र बस्नु पर्दछ ।

प्रस्तुत मुद्दामा सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३ (१) मा उल्लेखित काम कुरा रोक्न भनी निवेदकलाई नजरबन्दमा राख्नका लागि गरिएको ०६२।१।३१ को आदेश र दिइएको पुर्जि कानून अनुकूल नभएको भनी यस अदालतबाट बन्दीप्रत्यक्षीकरणको आदेश जारी भएको हुँदा ०६२।३।१ मा निवेदक नवराज सुवेदीलाई काठमाडौं जिल्ला अदालतमा लगि छाडिएको लिखत तयार हुनु अघिको थुना यस अदालतबाट गैरकानूनी घोषित भई सकेको देखियो । तत्पश्चात पनि निवेदक वास्तविक एवं भौतिक रुपमा स्वतन्त्र नभएको र सुरक्षाकर्मीकै निगरानीमा रहेको कुरा माथि विवेचना भइ सकेको छ । यस्तो धरपकड र हिरासतलाई गैरकानूनी एवं स्वेच्छाचारी कारवाही वा मनोमानी भन्नु बाहेक अन्याय भन्न सकिदैन ।

उपरोक्त उल्लेखित संविधानको धारा १२(१) र १५(१) को व्यवस्थाले गैरकानूनी एवं स्वेच्छाचारी कारवाही र थुनालाई निषेधित गरेको पाइन्छ । यसका साथै जुनसुकै प्रकारले गैरकानूनी रुपले राज्यले कुनै व्यक्तिको व्यक्तिगत स्वतन्त्रता अपहरण भएमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी भई त्यस्तो व्यक्ति गैरकानूनी थुनाबाट मुक्त हुन सक्दछ । कानूनी व्यवस्थाको अनादर गरी मनमानीपूर्वक कुनै व्यक्तिलाई कारवाही गर्ने छुट राज्यका कुनै पनि अङ्गलाई छैन । यस प्रकार उल्लेखित विवादित तथ्य, संवैधानिक व्यवस्था एवं वैयक्तिक स्वतन्त्रता सम्बनधी मान्य सैद्धान्तिक अवधारणा समेतबाट निवेदक नवराज सुवेदीको थुनाको कारवाही छाडिएको भनेको व्यवस्था, निवेदक स-शरिर उपस्थित भई गरेको बहस समेत वा निवेदकको थुना गैरकानूनी देखिनुका साथै पूर्व थुनाकै निरन्तरता देखिन आयो ।

अब दोश्रो प्रश्न तर्फ विचार गर्दा निवेदक नवराज सुवेदीको हकमा बुझ्दै जादा ०६२।३।२ का दिन जिल्ला प्रहरी कार्यालय ललितपुर अन्तर्गतबाट पक्राउ भई जिल्ला प्रशासन कार्यालय, ललितपुरको आदेशानुसार सार्वजनिक सुरक्षा ऐन, २०४६ बमोजिम नजरबन्दमा राख्न आदेश भई नजरबन्दमा रहेको भन्ने सो कार्यालयबाट प्राप्त महान्यायाधिवक्ताको कार्यालय मार्फत पेश भएको फायलबाट देखियो । सो आधारमा विपक्षी विद्वान उपन्यायाधिवक्ताले थुनामा रहेका नवराज सुवेदीको वर्तमान थुना ललितपुर जिल्ला अन्तर्गत छुट्टै अधिकार क्षेत्रका अधिकृतको आदेशानुसार भएको देखाई थुनाको वैधता दर्शाउन खोजेको आफ्नो बहसको क्रममा देखिन्छ । प्रस्तुत तथ्य बारे निवेदक स्वंय र निज तर्फबाट उपस्थित विद्वान कानून व्यवसायीहरुले पछिको बनावटी कारवाहीको कुनै औचित्य छैन पूर्व थुनाको निरन्तरता हुँदा नयाँ तथ्य बारे यस इजलासले विचार गरिरहनु पर्ने अवस्था पर्दैन । अघिको थुना गैरकानूनी ठहर भइसकेपछि पनि तत्पश्चात निरन्तरता थुनाको अवस्था हुँदा अन्य कारवाहीहरु स्वतः गैरकानूनी हुन्छन भन्ने बहस अघि सार्नु

भएको छ । वस्तुतः निवेदक सुवेदी ०६२।३।२ भन्दा अघि देखि गैरकानूनी रुपमा थुनामा रहेकोमा र ०६२।३।२ पश्चात पनि निजको थुना निरन्तर थुनाकै अङ्गको रुपमा रहेको अवस्था देखिन आयो । त्यस कारण उल्लेखित ०६२।३।२ को जिल्ला प्रशासन कार्यालय, ललितपुरको नजरबन्द आदेश बारे औपचारिक रुपमा बढी बुझ्‍ि रहनुपर्ने र विवेचना गरिरहनु पर्ने आवश्यक देखिदैन । यस अदालतले ०६२।२।३१ मा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्दाको आधार र कारणको अवस्था र हाल उपरोक्त बमोजिम जिल्ला प्रशासन कार्यालय, ललितपुरबाट पर्चामा खुलाइएको आधार र कारण उस्तै प्रकृतिको देखिंदा वस्तुगत आधार र कारण स्थापित हुनसकेको पाइदैन । यस परिप्रेक्ष्यबाट हेर्दापनि जिल्ला प्रशासन कार्यालय, ललितपुरको ०६२।३।२ को भनिएको निवेदक नवराज सुवेदी विरुद्धको नजरबन्द आदेशको वैधता स्वतः खण्डित एवं कानूनी रुपमा बलहीन देखिन्छ ।

साथै निवेदकलाई ०६२।३।२ मा थुनामा राखेको भनी जिल्ला प्रशासन कार्यालय, ललितपुरले सोही मितिमा आफ्नो तालुकदार मन्त्रालय गृह मन्त्रालयलाई जानकारी दिइएको देखिन्छ । तर त्यस्तो बोधार्थ प्राप्त गर्ने गृह मन्त्रालयका तर्फबाट पर्न आएको मिति ०६२।३।८ को लिखित जवाफमा त्यसको उल्लेख नगरी पक्राउ नगरेको भनी लिखित जवाफ यस अदालतमा प्रस्तुत गरेबाट स्वंय गृह मन्त्रालयले सूचना लुकाई आलटाल गरेको समेत पाइयो । तसर्थ ललितपुर जिल्ला प्रशासन कार्यालयबाट प्राप्त सक्कल फायल हेर्दा कानून बमोजिम निवेदकलाई थुनामा राखेको देखिन आएन । यस परिप्रेक्ष्यमाबाट निवेदक नवराज सुवेदीको थुनाको कारवाही, छाडिएको भनेको अवस्था र पक्राउ गरी हिरासत मै निरन्तर राखिएको कारवाही न्यायिक तवरले नभई त्रुटिपूर्ण स्वेच्छाचारी र गैरकानूनी देखिन आयो ।

अब तेश्रो प्रश्न तर्फ विचार गर्दा निवेदकलाई यस अदालतमा उपस्थित गराइ सकिएको र जिल्ला प्रशासन कार्यालय, ललितपुरबाट प्राप्त सक्कल फायल नै प्राप्त भइ सकेको अवस्थामा On the face of the record थुनामा राखेको कारवाही गैरकानूनी, स्वेच्छाचारी देखिइ सकेपछि त्यस्तो थुनालाई कुनै हालतमा पनि निरन्तरता दिन नमिल्ने हुँदा निवेदकलाई उक्त थुनाको वैधतालाई चुनौति दिने हक निवेदकको संविधानतः उपचारात्मक अधिकार हो भने बन्दीप्रत्यक्षीकरणको थुनामा वैधता देखाउनु वा प्रमाणित गर्नु आदेश जारी गर्ने अधिकारी वा विपक्षीको दायित्व हुन जान्छ । विपक्षीहरुबाट सो दायित्व पूरा नगरी अदालतलाई ढाँटने छल्ने काम भएको देखिन आयो । शान्ति सुरक्षाको महत्वपूर्ण अभिभारा बोकेको गृह मन्त्रालयले निवेदकको नजरबन्दको जानकारी जिल्ला प्रशासन कार्यालयको बोधार्थ मार्फत पाउदा पाउदै थुनामा नराखेको भनी लिखित जवाफ फिराएको देखिदा त्यस्तो बदनियत पूर्वक कार्य नगर्न सचेत गराइन्छ र कानून बमोजिम चल्न तथा जता पायो त्यतै मनोमानी ढंगले सर्वसाधारणलाई कानूनी आधार र कारण विना थुनामा नराख्न यो इजलास विपक्षीहरुको ध्यानाकर्षण गराउदै अदालतको आदेशको सम्मान गर्न विपक्षी निकायहरुलाई यो छुट्टै न्यायिक टिप्पणी समेत जारी गरिएको छ । अतः माथि विवेचना गरिएको आधार र कारणबाट निवेदकको थुना गैरकानूनी ठहर गरी थुना मुक्त गर्ने भन्ने ०६२।२।३१ मा भएको आदेश पश्चात पनि निवेदक निरन्तर रुपमा नै थुनामा रहेको देखिएको र ०६२।३।२ मा छुट्टै निकायको नजरबन्दको आदेशले थुनामा रहेको भन्ने कुराले वैधता राख्न नसक्ने देखिंदा तथा निवेदक स्वयमलाई इजलास समक्ष उपस्थित गराइएको अवस्था हुँदा निवेदक नवराज सुवेदीको थुनालाई कानून मुताविकको थुना भन्न मिलेन । तसर्थ बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी यस इजलास समक्ष उपस्थित गराइएका बन्दी नवराज सुवेदीलाई यस अदालतमा रजिष्ट्रारको रोहवरमा छाडी थुना मुक्त गरी दिने ठहर्छ । प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षीहरुलाई दिई प्रस्तुत निवेदनको डायरी लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनु ।

उक्त रायमा सहमत छु ।
न्या. राजेन्द्रकुमार भण्डारी
इति सम्बत २०६२ साल अषाढ १० गते रोज ६ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री केदार प्रसाद गिरी
माननीय न्यायाधीश श्री शारदा प्रसाद पण्डित

सम्वत् २०६२ सालको रिट नं. ६०१

आदेश मितिः २०६२।३।१४।३

विषयः बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरीपाउँ ।

निवेदक : रामेछाप जिल्ला बेथान गा.वि.स. वडा नं. ६ घर भई हाल कारागार शाखा जगन्नाथ देवलमा नजरबन्द रहेका सजिव कुमार लामाका हकमा निजको दिदी सुन्तली तामाङ्ग

विरुद्ध

विपक्षी : श्री ५ को सरकार, गृह मन्त्रालय, सिंहदरवार समेत

- **नजरबन्दमा राख्न आदेश दिने अधिकारीले नजरबन्दमा राख्न आदेश गरिएको व्यक्तिबाट ऐनमा निषेधित गरिएको के कुन कार्यबाट आतङ्ककारी वा विध्वंसात्मक कार्य हुनसक्ने सम्भावना हुन गएको हो, त्यसको मनासिव आधार र कारण उल्लेख गर्नुपर्ने ।**
- **केवल नजरबन्दमा राख्न पाउने अधिकारीको आत्मसन्तुष्टि** (Subjective Satisfaction) **नै कसैलाई नजरबन्दमा राख्ने कार्यको आधार हो भन्न कानूनसङ्गत तथा न्यायोचित नहुने ।**
- **आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, ०५८ को दफा ९ ले दिएको अधिकार अन्तर्गत सुरक्षा अधिकारीले ९० दिन सम्म नजरबन्दमा राख्ने आदेश जारी गर्नसक्ने देखिए तापनि ९० दिनको अवधि समाप्त भएपछि रिहा गरी वा वास्तविक रुपमा रिहा नै नगरी पुनः सोही दफा बमोजिम नजरबन्दमा राख्न पाउने हुन्छ भन्न नमिल्ने ।**
- **९० दिनको अवधि समाप्त भै रिहा भएको व्यक्तिले पुनः सोही ऐनले निषेध गरेको कार्य गर्नसक्ने भएमा वा कार्य गरेमा सोही ऐन बमोजिम मुद्दा चलाउनुपर्ने ।**

आदेश

- न्या. केदारप्रसाद गिरी

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ तथा ८८(२) बमोजिम पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छः

म निवेदकको भाई संजिव कुमार लामा विगत तीनवर्ष देखि थाङ्का आर्ट गर्ने पेशासँग सम्बद्ध रही भक्तपुर जि. भक्तपुर न.पा. वडा नं. १५ स्थित पदमबहादुर तामाङको थाङ्का कारखानामा थाङ्का पेन्टिङ्ग गर्ने मजदुरको रुपमा काम गर्दै आएको थिए । निज भाई कारखानामा काम गरिरहेको अवस्थामा ०६०।८।१ गते बिहान अं. ७ बजे सुरक्षाकर्मीहरु आई भाई संजिव लगायत अन्य ४ जना समेतलाई गिरफ्तार गरी सिंहनाथ

गण सूर्य विनायक व्यारेकमा लगि राखिएको थाहा पाए । भोलीपल्ट उक्त व्यारेक र जिल्ला प्रशासन कार्यालयमा गई बुझ्दा निजलाई केही कुरा सोधपुछ गर्नका लागि गिरफ्तार गरिएको र केहि दिन भित्रै छोड्ने जवाफ पायौं । तर विपक्षी मध्येको जिल्ला प्रशासन कार्यालय भक्तपुरका प्रमुख जिल्ला अधिकारीको मिति २०६०।११।२ को आदेश अनुसार आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, ०५८ को दफा ९(१) बमोजिमको अधिकार प्रयोग गरी निजलाई कारागार शाखा जगन्नाथ देवलमा नजरबन्दमा राखियो । निजलाई नजरबन्द राख्दैको अवस्थामा पुनः २०६१।२।४ र २०६१।५।७ मा गरी तीनपटक सम्म नजरबन्दमा राख्ने अवधि नतोकिकनै नजरबन्दको आदेश भयो भने सो आदेशबाट नजरबन्दमा रहँदैको अवस्थामा मिति २०६१।८।१५।३ मा सिंहनाथ गण सूर्यविनायक व्यारेकको २०६१।८।१५ को पत्र १, जिल्ला सुरक्षा समितिबाट अनुसन्धानको लागि गठित जिल्ला सुरक्षा समन्वय उपसमितिको २०६१।८।१४ को प्रतिवेदन १ र भाई संजिव कुमार लामाको वयान १ समेतको आधार र कारण खुलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजाय) अध्यादेश ०६१ को दफा ९ बमोजिमको अधिकार प्रयोग गरी पुनः ६ महिनाको लागि नजरबन्दमा राख्ने आदेश भई सोही बमोजिम निरन्तर नजरबन्दमा राख्ने कार्य भयो । सो आदेशको मितिले ६ महिना पूरा भएकै दिन मिति २०६२।२।१५।१ मा जिल्ला प्रशासन कार्यालय, भक्तपुरको प्रमुख जिल्ला अधिकारीद्वारा ऐ. ऐनको ऐ. अधिकार प्रयोग गरी पुनः ६ महिनाको नजरबन्द आदेश जारी भई भाई संजिव कुमार लामालाई निरन्तर रुपमा कारागार शाखा जगन्नाथ देवलमा नजरबन्दमा राखिएको छ । यसरी मेरो भाईलाई मिति २०६०।८।१ मा सुरक्षा अधिकारीहरुले गिरफ्तार गरी जिल्ला प्रशासन कार्यालय भक्तपुरका प्रमुख जिल्ला अधिकारीको मिति २०६०।११।२, २०६१।२।४, २०६१।५।७, २०६१।८।१५ र २०६२।२।१५ गरी ५ पटकसम्म नजरबन्दको आदेश गरी निरन्तर रुपमा १ वर्ष ६ महिना भन्दा बढी अवधि सम्म विना कसूर विना आधार लगातार रुपमा नजरबन्द राख्ने कार्य भएको छ । आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, ०६१ को दफा ९ बमोजिम नजरबन्दको अवधि ६ महिना पूरा भई सकेपछि पुनः ६ महिना थप गर्न पर्ने भएमा श्री ५ को सरकार, गृह मन्त्रालयको स्वीकृति लिई ६ महिनाको अवधि थप्नुपर्ने स्पष्ट कानूनी व्यवस्था रहेको छ । तर विपक्षी जिल्ला प्रशासन कार्यालयद्वारा जारी आदेशले उक्त अवधि समाप्त भइसकेपछि पनि भाई संजिवलाई निरन्तररुपमा नजरबन्दमा राखिरहने अधिकार कुनै कानूनले दिएको छैन ।

भाई संजिवलाई विपक्षीहरुबाट निरन्तररुपमा नजरबन्दमा राख्ने कार्यबाट नेपाल अधिराज्यको संविधान, ०४७ को धारा १५ द्वारा प्रत्याभूत गरेको निवारक नजरबन्द विरुद्धको हक निस्तेज भएको छ । विपक्षीहरुबाट भाई संजिवलाई निरन्तर रुपमा नजरबन्दमा राख्ने कार्यबाट निजको व्यक्तिगत स्वतन्त्रता, मानव अधिकार, संविधानबाट प्रत्याभूत मौलिक हक समेत कुण्ठित हुनुको साथै जीउ ज्यान समेतको असुरक्षा हुने भएकोले नेपाल अधिराज्यको संविधान, ०४७ को धारा २३ तथा ८८(२), सर्वोच्च अदालत नियमावली, ०४९ को नियम ३१(२) अन्तर्गत यो निवेदन गरेकी छु । भाई संजिव कुमार लामालाई अविलम्ब यस अदालत समक्ष उपस्थित गराई गैरकानूनी थुनाबाट छाडी दिनु भनी विपक्षीहरुका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरीपाउँ भन्ने समेत व्यहोराको रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? बाटाको म्याद बाहेक १५ दिन भित्र लिखित जवाफ पठाउनु भनी विपक्षीहरुलाई सूचना पठाई नियमानुसार पेश गर्नु भन्ने यस अदालत एक न्यायाधीशको इजलासको २०६२।२।२५ को आदेश ।

निवेदकले यस मन्त्रालयको कुन काम कारवाहीबाट संविधान प्रदत्त हक हनन भएको भनी स्पष्ट खोल्न सक्नु भएको छैन । रिट निवेदनमा विपक्षी बनाइएका अन्य निकायले गरेका कामको सम्बन्धमा सम्बन्धित निकायबाट लिखित जवाफ प्राप्त हुने नै छ । यस मन्त्रालयका सम्बन्धमा जिकिर पुग्न नसक्ने

हुदा रिट निवेदन खारेज गरीपाउँ भन्ने समेत व्यहोराको विपक्षी श्री ५ को सरकार, रक्षा मन्त्रालयको लिखित जवाफ ।

आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, ०६१ को दफा ९ अनुसार स्थानीय अधिकारीको आदेशले नजरबन्दमा राखिएका रामेछाप जिल्ला बेथाम ६ बस्ने संजिव कुमार लामालाई ६ महिनाको नजरबन्दको अवधि पूरा हुने मितिबाट अर्को थप ६ महिना नजरबन्दमा राख्न स्वीकृति दिइएको हो । निजलाई आवश्यकता र औचित्यको आधारमा कानून बमोजिम नजरबन्दमा राखिएको हुँदा रिट निवेदन औचित्यहीन छ खारेज गरीपाउँ भन्ने समेत व्यहोराको विपक्षी श्री ५ को सरकार, गृह मन्त्रालयको लिखित जवाफ ।

विपक्षीको रिट निवेदनको प्रकरण नं. २ मा नै जिल्ला प्रशासन कार्यालय, भक्तपुरको आदेशले रिट निवेदक कारागार जगन्नाथ देवलमा नजरबन्दमा रहेको भन्ने कुरा स्पष्ट भएकोले विपक्षी सिंहनाथ गणको हिरासतमा नरहेको प्रष्ट हुन्छ । विपक्षीको आधारहीन रिट निवेदन खारेज गरीपाउँ भन्ने समेत व्यहोराको विपक्षी सिंहनाथ गण सूर्य विनायक व्यारेक भक्तपुरको लिखित जवाफ ।

विपक्षी रिट निवेदक संजिव कुमार लामाले आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, ०५८ को दफा ३(१) बमोजिमको कार्यहरु गरिरहेको अवस्थामा सुरक्षा निकायले पक्राउ गरी यस कार्यालयमा दाखिला गरेको, निजलाई तत्काल उक्त कार्य गर्नबाट रोकी शान्ति सुव्यवस्था कायम राख्ने सिलसिलामा आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, ०५८ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी निजलाई यस कार्यालयको मिति २०६०।११।२ को आदेश बमोजिम ९० दिनसम्म नजरबन्दमा राखी आएकोमा कार्यालयको च.नं. ३५२४ मिति २०६१।२।१ को पत्रबाट नजरबन्द मुक्त गरिएकोमा निजबाट सोही प्रकारका कार्यहरु भै रहेको भनी सुरक्षा निकायले पुनः यस कार्यालयमा पेश गर्न ल्याएकोले निजलाई सोही ऐनको दफा ९ ले दिएको अधिकार प्रयोग गरी मिति २०६१।२।४ को आदेश बमोजिम ९० दिन सम्म नजरबन्दमा राखी मिति २०६१।५।३ को पत्रबाट नजरबन्द मुक्त गरेकोमा निजबाट पुनः सोही प्रकारको कार्य भै रहेको भनी सुरक्षा निकायले पक्राउ गरी यस कार्यालयमा पेश गरेकोले मिति २०६१।५।७ को आदेश बमोजिम पुनः ९० दिनसम्म नजरबन्दमा राखी आएकोमा मिति २०६१।८।७ को पत्रबाट नजरबन्द मुक्त गरिएको व्यहोरा अनुरोध छ । निज संजिवकुमार लामाबाट पुनः माओवादी सङ्गठन विस्तारका लागि परिचालित भै रहेको अवस्थामा सिंह नाथ गण सूर्यविनायक व्यारेकको मिति २०६१।८।१५ को पत्रसाथ यस कार्यालयमा दाखेल गर्न ल्याएकोले निजलाई तत्काल उक्त कार्य गर्नबाट तत्काल रोक्नुपर्ने उचित र पर्याप्त आधार भएकोले आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, ०६१ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी २०६१।८।१५ को आदेश बमोजिम पहिलो पटक ६ महिनाका लागि नजरबन्दमा राखिएकोमा सो नजरबन्दको अवधि भुक्तान भएपछि ऐ. अध्यादेशको दफा ९ बमोजिम श्री ५ को सरकार, गृह मन्त्रालयको च.नं. ४६९२ मिति ०६२।२।१५ को स्वीकृति पत्र बमोजिम मिति २०६२।२।१५ देखि थप ६ महिना कारागार शाखा काठमाडौंमा नियमानुसार नजरबन्दको पूर्जि दिई नजरबन्दमा राखिएको व्यहोरा अनुरोध । निजलाई गैरकानूनी तवरले नजरबन्दमा नराखिएको हुँदा रिट निवेदन खारेज गरीपाउँ भन्ने समेत व्यहोराको विपक्षी जिल्ला प्रशासन कार्यालय, भक्तपुरको लिखित जवाफ ।

विपक्षी कारागार शाखा जगन्नाथ देवल काठमाडौंको नामको सूचना मिति २०६२।३।१ मा तामेल भै विपक्षीका तर्फबाट लिखित जवाफ नपरेको ।

नियम बमोजिम पेश भएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट विद्वान अधिवक्ता कुन्साङ लामाले कार्य भई सकेको स्थितिमा आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश,

२०६१ को दफा ९ ले नजरबन्दमा राख्न मिल्दैन । मेरो पक्षलाई थुनामुक्त गरी फेरी पक्राउ गरिएको भनिए तापनि विपक्षी जिल्ला प्रशासन कार्यालयको आदेशले निरन्तर रुपमा नजरबन्दमा नै राखिएको छ । कानूनले गरेको व्यवस्था बमोजिम १ वर्षसम्म नजरबन्दमा राख्न पाउने अधिकार विपक्षीको भएकोमा मेरो पक्षलाई करिव डेढवर्ष भन्दा बढी अवधिसम्म निरन्तर रुपमा नजरबन्दमा राखिरहेको अवस्था हुँदा निवेदन माग बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनाबाट मुक्त गरीपाउँ भनी वहस प्रस्तुत गर्नुभयो । विपक्षी श्री ५ को सरकार, गृह मन्त्रालय समेतका तर्फबाट विद्वान उपन्यायाधिवक्ता श्री महेन्द्र बहादुर कार्कीले निवेदकलाई निरन्तर रुपमा नजरबन्दमा राखिएको छैन । निवेदकलाई नजरबन्दबाट छोडिसकेपछि निवेदक फेरी सोही गतिविधिमा संलग्न भएको देखि पक्राउ गरी कानून बमोजिम अधिकार प्राप्त अधिकारीको आदेशले निजलाई पुनः नजरबन्दमा राखिएको हुँदा रिट निवेदन खारेज हुनुपर्छ भनी वहस प्रस्तुत गर्नुभयो ।

विद्वान कानून व्यवसायी तथा उपन्यायाधिवक्ताले गर्नु भएको वहस जिकिर समेत सुनी मिसिल संलग्न कागजात अध्ययन गरी हेर्दा, निवेदन मांग बमोजिमको आदेश जारी हुने हो, होइन ? सो सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

निर्णय तर्फ विचार गर्दा, निवेदिकाको भाई संजिव कुमार लामालाई मिति २०६०।८।१ मा सुरक्षाकर्मीले गिरफ्तार गरी विपक्षी जिल्ला प्रशासन कार्यालय भक्तपुरका प्रमुख जिल्ला अधिकारीको मिति २०६०।११।२ को आदेश अनुसार आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०५८ को दफा ९(१) बमोजिमको अधिकार प्रयोग गरी कारागार शाखा जगन्नाथ देवलमा नजरबन्दमा राखिएकोमा सो पश्चात विपक्षी प्रमुख जिल्ला अधिकारीको मिति २०६१।२।४, २०६१।५।७, २०६१।८।१५ र मिति २०६२।२।१५ को आदेशले हालसम्म ५ पटक सम्म गरी निरन्तर रुपमा १ वर्ष ६ महिना भन्दा बढी विनाकारण विना कसूर गैरकानूनी रुपमा नजरबन्दमा राखिरहेको हुँदा विपक्षीहरुका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनाबाट मुक्त गरीपाउँ भन्ने मुख्य निवेदन जिकिर रहेको देखिन्छ । निवेदक संजिव कुमार लामालाई नजरबन्दमा राख्न भनी आदेश गर्ने विपक्षी जिल्ला प्रशासन कार्यालय, भक्तपुरका प्रमुख जिल्ला अधिकारीको लिखित जवाफ हेर्दा, निवेदक संजिव कुमार लामाले आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, ०५८ को दफा ३(१) बमोजिम कार्यहरु गरिरहेको अवस्थामा पक्राउ भएको, निजलाई तत्काल उक्त कार्य गर्नबाट रोकी शान्ति सुव्यवस्था कायम राख्ने सिलसिलामा ऐ. ऐनको दफा ९ ले दिएको अधिकार प्रयोग गरी मिति २०६०।११।२ को आदेश बमोजिम ९० दिन सम्म नजरबन्दमा राखिएको र मिति ०६१।२।१ मा नजरबन्दबाट मुक्त गरिएको, निजले पुनः सोही प्रकारको कार्य गरेको भनी सुरक्षा निकायले पेश गरेकोमा निजलाई ऐ. ऐनको अधिकार प्रयोग गरी मिति ०६१।२।४ को आदेश बमोजिम ९० दिनसम्म नजरबन्दमा राखिएको र मिति ०६१।५।३ बाट नजरबन्द मुक्त गरिएको, निजबाट पुनः सोही प्रकारको कार्यहरु भै रहेको भनी सुरक्षा निकायले पक्राउ गरी पेश गरेकोमा ०६१।५।७ को आदेशले पुनः ९० दिनसम्म नजरबन्दमा राखिएको र ०६१।८।७ मा नजरबन्दबाट मुक्त गरिएको, निज संजिव कुमार लामा माओवादी सङ्गठन विस्तारका लागि परिचालित भैरहेको अवस्थामा सिंहनाथ गण सूर्यविनायक व्यारेकको ०६१।८।१५ को पत्रले दाखेल गर्न ल्याएकोले निजलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी मिति ०६१।८।१५ को आदेशले पहिलो पटक ६ महिनाका लागि नजरबन्दमा राखिएकोमा सो अवधि भुक्तान भएपछि ऐ. को दफा ९ बमोजिम श्री ५ को सरकार, गृह मन्त्रालयको मिति ०६२।२।१५ को स्वीकृति बमोजिम ०६२।२।१५ देखि थप ६ महिनाको नजरबन्द पूर्जि दिई नजरबन्दमा राखिएको व्यहोरा उल्लेख भएको पाइन्छ । आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, ०५८ को दफा ९ मा आतङ्ककारी तथा विध्वंसात्मक कार्य हुनसक्ने कुनै काम कुराबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने विश्वास गर्न सकिने मनासिव आधार भएमा सुरक्षा अधिकारीले त्यस्तो व्यक्तिलाई ९० दिनसम्म नजरबन्दमा राख्ने आदेश जारी गर्नसक्नेछ

भन्ने व्यवस्था रहेको पाइन्छ । यो कानूनी व्यवस्थालाई दृष्टिगत गर्दा कुनै व्यक्तिबाट आतङ्ककारी तथा विध्वंसात्मक कार्य हुनसक्ने मनासिव आधार भएको अवस्थामा मात्र कानूनले तोकेको अवधिसम्म अधिकार प्राप्त अधिकारीले नजरबन्दमा राख्नसक्ने देखियो । निवेदक संजिव कुमार लामालाई जिल्ला प्रशासन कार्यालय, भक्तपुरका प्रमुख जिल्ला अधिकारीले मिति ०६०।११।२ मा दिएको पहिलो नजरबन्दको आदेशमा नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र सुव्यवस्थामा तत्काल असर पर्नसक्ने तपाईले गर्न लागेको वा गर्न तयारी भैरहेको वा गराउन लागेको काम कुराबाट तपाईलाई रोक्नुपर्ने भएकोले आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, ०५८ को दफा ९(१) ले दिएको अधिकार प्रयोग गरी नजरबन्दमा राख्न यो आदेश दिएको" भन्ने व्यहोरा उल्लेख भएको पाइन्छ । यो आदेशमा निवेदकबाट के कस्तो कार्य भएको वा हुन लागेको हो, सो सम्बन्धमा कुनै वस्तुनिष्ट आधार खुलाउन सकेको पाइँदैन । नजरबन्दमा राख्न आदेश दिने अधिकारीले नजरबन्दमा राख्न आदेश गरिएको व्यक्तिबाट ऐनमा निषेधित गरिएको के कुन कार्यबाट आतङ्ककारी वा विध्वंसात्मक कार्य हुनसक्ने सम्भावना हुन गएको हो, त्यसको मनासिव आधार र कारण उल्लेख गर्नपर्ने हुन्छ । सो नगरी नजरबन्दमा राख्ने गरी भएको आदेशलाई कानून अनुकूल भएको मान्न मिल्दैन । यस्तै विषय समावेश भएको सर्वोच्च अदालत बुलेटिन वर्ष १२ अंक ४ पूर्णांक २६२ पृष्ठ ८ निवेदक मान बहादुर तामाङ विरुद्ध श्री ५ को सरकार, गृह मन्त्रालय समेत भएको बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा केवल नजरबन्दमा राख्न पाउने अधिकारीको आत्मसन्तुष्टि (Subjective Satisfaction) नै कसैलाई नजरबन्दमा राख्ने कार्यको आधार हो भन्न कानून सङ्गत तथा न्यायोचित समेत हुँदैन" भनी सिद्धान्त प्रतिपादन समेत भइरहेको देखिन्छ । यस प्रतिपादित सिद्धान्तबाट समेत आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी नजरबन्दमा राख्न आदेश दिने अधिकारीले नजरबन्दमा राख्नुपर्ने आधार कारण वस्तुनिष्ठ रुपमा उल्लेख गर्नुपर्ने अनिवार्यता देखिन्छ ।

जहाँसम्म निवेदक संजिव कुमार लामालाई मिति ०६०।८।१ मा सुरक्षाकर्मीले पक्राउ गरी हालसम्म निरन्तर रुपमा थुनामा राखीरहेको भन्ने निवेदन जिकिर छ, सो सम्बन्धमा विचार गर्दा विपक्षी जिल्ला प्रशासन कार्यालयको लिखित जवाफमा निवेदकलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, ०५८ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी मिति ०६०।११।२ को आदेश बमोजिम ९० दिनसम्म थुनामा राखी मिति ०६१।२।१ मा नजरबन्दबाट मुक्त गरिएको, यसरी नजरबन्दबाट मुक्त गरिएको र निज निवदेक सोही गतिविधिमा संलग्न रहेकोमा पक्राउ गरी नजरबन्दमा राखी पुनः नजरबन्दबाट मुक्त गरिएको व्यहोरा उल्लेख गरी पटक-पटक नजरबन्दमा राख्ने र नजरबन्दबाट मुक्त गर्ने कार्य उल्लेख गर्दै हाल निवेदकलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, ०६१ को दफा ९ बमोजिम ६ महिना नजरबन्दमा राखी गृह मन्त्रालयको स्वकिृति लिई पुनः ६ महिना थप गरी नजरबन्दमा राखिएको व्यहोरा उल्लेख भएको पाइन्छ । निवेदक संजिव कुमार लामालाई नजरबन्दबाट मुक्त गरिएको हो, होइन भन्ने सम्बन्धमा विपक्षी जिल्ला प्रशासन कार्यालय भक्तपुरबाट प्राप्त सम्बन्धित मिसिल हेर्दा, जिल्ला प्रशासन कार्यालय, भक्तपुरको निवेदकलाई नजरबन्दबाट मुक्त गर्ने सम्बन्धी पत्रमा नजरबन्दबाट मुक्त गरी सुरक्षाकर्मी जिम्मा लगाई कार्यालयमा पठाई दिने भनी उल्लेख भएको पाइन्छ । निवेदकलाई नजरबन्दबाट मुक्त गरेको सम्बन्धमा कुनै पूर्जि कागजात मिसिल संलग्न रहेको देखिँदैन । यस स्थितिमा निवेदक संजिव कुमार लामा सुरक्षाकर्मी तथा विपक्षीहरुको कब्जाबाट मुक्त भई बाहिर आएको भन्न मिल्ने अवस्था देखिएन । आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, ०५८ को दफा ९ ले दिएको अधिकार अन्तर्गत सुरक्षा अधिकारीले ९० दिन सम्म नजरबन्दमा राख्ने आदेश जारी गर्नसक्ने देखिए तापनि उक्त ९० दिनको अवधि समाप्त भएपछि रिहा गरी वा वास्तविक रुपमा रिहा नै नगरी पुनः सोही दफा बमोजिम नजरबन्दमा राख्न पाउने हुन्छ भन्न मिल्ने देखिँदैन । यसरी ९० दिनको अवधि समाप्त भै रिहा भएको व्यक्तिले पुनः सोही ऐनले निषेध गरेको कार्य गर्नसक्ने भएमा वा कार्य गरेमा सोही ऐन बमोजिम

मुद्दा चलाउनुपर्ने हुन्छ। कानूनले तोकेको प्रकृया अवलम्बन गरी मुद्दा चलाउनु पर्नेमा सो नगरी पटक-पटक उक्त ऐनको दफा ९ प्रयोग गरी नजरबन्दमा राखिएको कार्यबाट नेपाल अधिराज्यको संविधान, ०४७ ले प्रत्याभूत गरेको निवारक नजरबन्द विरुद्धको हक निस्तेज हुनाको साथै सुरक्षा अधिकारीबाट उक्त दफाको स्वेच्छाचारी ढंगले प्रयोग हुनसक्ने हुँदा पटक-पटक नजरबन्दमा राख्ने र नजरबन्दबाट मुक्त गरेको कार्य कानून अनुकूल भएको देखिएन।

तसर्थ माथि गरिएको विवेचनाबाट निवेदक संजिव कुमार लामालाई विपक्षीहरुले नजरबन्दमा राख्न भनी गरेको सम्पूर्ण काम कारवाही गैरकानूनी एवं त्रुटिपूर्ण देखिएकोले निज निवेदक संजिव कुमार लामालाई त्यस्तो गैरकानूनी थुनाबाट अविलम्ब मुक्त गरिदिनु भनी विपक्षीहरुका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ। निवेदक संजिव कुमार लामालाई आजै थुनाबाट अविलम्ब छाडिदिनु भनी छुट्टै आदेश गरि सकिएको हुँदा केही गरिरहनु परेन। मिसिल नियमानुसार बुझाई दिनु।

उक्त रायमा सहमत छु।

न्या. शारदाप्रसाद पण्डित

इति सम्वत् २०६२ साल आषाढ १४ गते रोज ३ शुभम्।

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी
माननीय न्यायाधीश श्री अर्जुन प्रसाद सिंह

सम्वत् २०६२ सालको रिट नं. ६२३

आदेश मितिः २०६२।३।१४।३

विषयः-बन्दीप्रत्यक्षीकरण ।

निवेदक : तनहुँ जिल्ला सतिस्वाँरा गा.वि.स. वडा न. ६ घर भई हाल जिल्ला प्रहरी कार्यालय तनहुँमा थुनामा रहेका रामचन्द्र पौडेलको हकमा का.म.न.पा. वडा नं. १० वानेश्वर बस्ने अधिवक्ता राजेन्द्र बोगटी

विरुद्ध

विपक्षी : श्री ५ को सरकार गृह मन्त्रालय काठमाडौं समेत

- **स्थानीय अधिकारी अर्थात् प्रमुख जिल्ला अधिकारीको आदेशले मात्र नजरबन्दमा राख्न सकिनेमा प्रहरी नायव उपरीक्षकको पत्रबाट पहिले प्रहरी अधिकारीबाट पक्राउ गरिएको त्यसपछि मात्र प्रमुख जिल्ला अधिकारीबाट नजरबन्दमा राख्ने आदेश दिएको र आदेशमा नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्नसक्ने के कस्तो कार्यबाट रोक्नुपर्ने हो सो को उचित र पर्याप्त आधार खुलेको देखिन नआउने ।**

- **प्रहरी प्रतिवेदनमा अवाञ्छित तत्वबाट निवेदकको जीउज्यानको क्षति हुनसक्ने अवस्थामा त्यस्ता व्यक्तिको सुरक्षा गर्नु राज्यको कर्तव्य भएको, नागरिकलाई नजरबन्दमा राखी जीउज्यान जोगाउने भन्ने अवधारणा कानून स्वीकार्य नहुने ।**

- **सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ४.१ बमोजिमको आधार र कारण खुलेको आदेश दिएको नदेखिनुका अतिरिक्त बन्दीलाई सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ५.२.१ बमोजिम नजरबन्दमा राख्न स्वीकृति प्रदान गरिएको गृह मन्त्रालयको निर्णय र सो निर्णयबमोजिम प्रमुख जिल्ला अधिकारीबाट भएको नजरबन्दमा राख्ने आदेशमा नजरबन्दमा राख्नुपर्ने आधार र कारण खुलेको नदेखिंदा कानून अनुसार नजरबन्दमा राखेको देखिन नआएबाट गैरकानूनी थुनाबाट मुक्त हुने ।**

आदेश

- न्या. मीनबहादुर रायमाझी

१. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३,८८(२) बमोजिम पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः

२. २०६१।१०।१९ का दिन तनहुँ जिल्ला व्यास नगरपालिका स्थित आफ्नै कोठामा बसी शाही सम्बोधन सुनिरहेको अवस्थामा जिल्ला प्रहरी कार्यालय तनहुँबाट खटी आएका प्रहरीले पक्राउ गरी २०६१।१०।२१ मा मात्र सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ अनुसार नेपाल अधिराज्यको शान्ति र व्यवस्थामा खलल पर्नसक्ने कार्यलाई सघाउ पुऱ्याउने खालका काम कुरा गर्नबाट रोक्न जरुरी भएकोले भन्दै मलाई जिल्ला प्रहरी कार्यालय तनहुँमा नजरबन्दमा राख्न प्रमुख जिल्ला अधिकारीद्वारा दस्तखत गरिएको पत्र दिइयो । उक्त पत्रलाई निरन्तरता दिदै ०६२।१।१८ मा मिति २०६१।१०।१९ देखि लागु हुने गरी ६ महिना सम्म नजरबन्दमा राख्न श्री ५ को सरकार गृह मन्त्रालयबाट निर्णय भै आएको भन्ने समेत जानकारी गराइयो । सार्वजनिक सुरक्षा ऐन, ०४६ को दफा ३.१ बमोजिम उचित कारण र आधार बेगर मलाई पक्राउ गरिएको एवं अघिबाट थुनामा राखी पछिबाट मात्र पुर्जि दिइएकोले स्वेच्छाचारीढंगले दुराशय राखी मलाई बन्दी बनाइएको हुँदा कानून विपरीत थुनामा राख्ने विपक्षीहरूको आदेश बदर गरी बन्दी जीवनबाट रिहा गरिपाउँ भन्ने समेत व्यहोराको बन्दीको तर्फबाट अधिवक्ता गजेन्द्र बोगटीको रिट निवेदन ।

३. यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? बाटाको म्याद बाहेक ३ दिन भित्र लिखित जवाफ पठाउनु भनी विपक्षीहरूलाई सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियम बमोजिम पेश गर्नु भन्ने यस अदालत एक न्यायाधीशको इजलासबाट भएको मिति ०६२।३।७ को आदेश ।

४. ०६१।१०।१९ गते श्री ५ महाराजाधिराज सरकारबाट देशवासीका नाउँमा भएको संबोधनको विरोधमा जिल्लाको शान्ति सुरक्षामा खलल पुग्नसक्ने काम कारवाही निवेदककै निर्देशन एवं संलग्नतामा भएको र सर्व साधारण जनतालाई नारा जुलुस गर्न लगाई सरकारी कामकाजमा खलल पुग्ने काम गरेकोले पक्राउ गरी कानूनबमोजिम नजरबन्दमा राखिएको हो भन्ने समेत व्यहोराको जिल्ला प्रहरी कार्यालय तनहुँको लिखित जवाफ ।

५. सार्वजनिक सुरक्षा ऐन, ०४६ को दफा ३.१ बमोजिम स्थानीय अधिकारीको आदेशले २०६१।१०।१९ देखि नजरबन्दमा राखिएका रामचन्द्र पौडेललाई सोही ऐनको दफा ५.२.१ बमोजिम २०६२।१।१६ को निर्णय अनुसार नजरबन्दमा राख्ने आदेश जारी भएको मितिबाट ६ महिनासम्म नजरबन्दमा राख्न अनुमति दिइएको हो । निजलाई आवश्यकता र औचित्यको आधारमा कानून बमोजिम नजरबन्दमा राख्न अनुमति दिएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत व्यहोराको श्री ५ को सरकार, गृह मन्त्रालयको लिखित जवाफ ।

६. २०६१।१०।१९ मा श्री ५ महाराजाधिराज सरकारबाट देशवासीका नाउँमा बक्स भएको सम्बोधन पश्चात् विकसित घटनाक्रम अनुसार यस जिल्लाको शान्ति सुरक्षामा खलल पुग्ने कामकारवाही निज निवेदककै निर्देशन एवं संलग्नतामा भए गरेको र भविष्यमा पनि गर्नसक्ने देखिएकोले निजलाई कानून बमोजिम नजरबन्दमा राखिएको हुँदा रिट निवेदन खारेज गरि पाउँ भन्ने समेत व्यहोराको जिल्ला प्रशासन कार्यालय तनहुँको लिखित जवाफ ।

७. नियमानुसार दैनिक पेशीसूचीमा चढी पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदक तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारी एवं अधिवक्ताहरू श्री यज्ञमूर्ति बन्जाडे, श्री शेरबहादुर के.सी. र श्री हरिहर दाहालले निवेदकलई ०६१।१०।१९ मा पक्राउ गरी २ दिन पछि मात्र पत्र दिनुका साथै निजलाई उचित र पर्याप्त आधार विना पक्राउ गरी नजरबन्दमा राखिएको छ । निवेदककै सुरक्षाका लागि भनी नजरबन्दमा राख्न नमिल्ने हुँदा रिट जारी हुनुपर्दछ भन्ने समेत

बहस गर्नु भयो । त्यस्तै श्री ५ को सरकार तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री सुरेन्द्र बहादुर थापाले निवेदक समेतको सुरक्षाका लागि नजरबन्दमा राख्नुपरेको र कानून बमोजिम नै थुनामा राखिएको हुँदा रिट निवेदन खारेज हुनुपर्दछ भनी गर्नु भएको बहस समेत सुनियो ।

८. प्रस्तुत रिट निवेदनमा मिसिल संलग्न कागजात एवं ०६२।१।१६ मा गृह मन्त्रालयबाट भएको निर्णय सहितको फाइल समेत अध्ययन गरी रिट निवेदन माग बमोजिम बन्दीप्रत्यक्षीकरणको रिट जारी हुनुपर्ने, हो होइन ? भन्ने विषयमा निर्णय दिनु परेको छ । निवेदक रामचन्द्र पौडेललाई ०६१।१०।१९ मा पक्राउ गरी ०६१।१०।२१ मा मात्र पुर्जी दिएको सार्वजनिक सुरक्षा ऐन, ०४६ को दफा ३.१ को पूर्वावस्था बेगर पक्राउ गरिएको एवं स्वेच्छाचारीढंगले दुराशय राखी बन्दी तुल्याएको हुँदा बन्दी जीवनबाट रिहा गरि पाउँ भन्ने रिट निवेदन माग र निवेदकले सर्व साधारणलाई नारा जुलुस गर्न लगाई सरकारी काम काजमा खलल पुग्ने काम गरेको एवं निजको निर्देशन र संलग्नतामा जिल्लाको शान्ति सुरक्षामा खलल पुग्नसक्ने कामकारवाही भएकोले निजलाई पक्राउ गरी कानूनबमोजिम नजरबन्दमा राखिएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने लिखित जवाफको व्यहोरा भएको पाइयो ।

९. मिति २०६१।१०।१९ मा प्र.स.नि. रमेश न्यौपानेको २०६१।१०।१९ गते श्री ५ महाराजाधिराज सरकारबाट भएको सम्बोधन पश्चात् विकसित घटनाक्रम रामचन्द्र पौडेल आबद्ध संस्थाको भातृ सङ्गठनबाट निजको निर्देशन एवं संलग्नतामा भएको साथै निज उपर अवाञ्छित तत्वबाट समेत जीउ ज्यानको क्षति हुनसक्ने बुझिन आएको भन्ने प्रतिवेदन र प्रहरी नायव उपरीक्षकले २०६१।१०।२० मा जिल्ला प्रशासन कार्यालयलाई लेखेको पत्र सोही प्रतिवेदनसँग मिल्दो जुल्दो भै पक्राउ गरी आवश्यक कारवाहीका लागि भनी जिल्ला प्रशासन कार्यालय तनहुँमा पठाएको पाइयो । सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ ले नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्नसक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने उचित र पर्याप्त आधार भएमा स्थानीय अधिकारीले निजलाई कुनै खास अवधि सम्म कुनै खास ठाउँमा नजरबन्द राख्ने आदेश जारी गर्नसक्नेछ भन्ने भएपछि स्थानीय अधिकारी अर्थात् प्रमुख जिल्ला अधिकारीको आदेशले मात्र नजरबन्दमा राख्न सकिनेमा २०६१।१०।२० को प्रहरी नायव उपरीक्षकको पत्रबाट पहिले प्रहरी अधिकारीबाट पक्राउ गरिएको त्यसपछि ०६१।१०।२१ मा मात्र प्रमुख जिल्ला अधिकारीबाट नजरबन्दमा राख्ने आदेश दिएको र सो ०६१।१०।२१ को आदेशमा नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्नसक्ने के कस्तो कार्यबाट रोक्नुपर्ने भएको हो सो को उचित र पर्याप्त आधार खुलेको देखिन नआएको अवस्था एका तर्फ छ भने अर्को तर्फ प्रहरी प्रतिवेदनमा अवाञ्छित तत्वबाट रामचन्द्र पौडेलको जीउ ज्यानमा क्षति हुनसक्ने भन्ने भएकोमा जीउ ज्यानको क्षति हुनसक्ने अवस्थामा त्यस्ता व्यक्तिको सुरक्षा गर्नु राज्यको कर्तव्य भएको, नागरिकलाई नजरबन्दमा राखी जीउ ज्यान जोगाउने भन्ने अवधारणा कानून स्वीकार्य नभएको, निजको सम्बन्धमा सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ४.१ बमोजिमको आधार र कारण खुलेको आदेश दिएको नदेखिनुको अतिरिक्त सरकारी वकिल मार्फत प्राप्त गृह मन्त्रालयको फाइलबाट बन्दी रामचन्द्र पौडेललाई सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ५.२.१ बमोजिम नजरबन्दमा राख्न स्वीकृति प्रदान गरिएको गृह मन्त्रालयको मिति २०६२।१।१६ को निर्णय र सो निर्णय बमोजिम जिल्ला प्रशासन कार्यालय तनहुँका प्रमुख जिल्ला अधिकारीबाट मिति २०६२।१।१८ मा भएको नजरबन्दमा राख्ने आदेशमा नजरबन्दमा राख्नुपर्ने आधार र कारण खुलेको नदेखिंदा निवेदक रामचन्द्र पौडेललाई कानूनको व्यवस्था अनुसार गरी नजरबन्दमा राखेको देखिन नआएबाट बन्दी

रामचन्द्र पौडेललाई गैरकानूनी थुनाबाट मुक्त गर्नु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिएको छ । निजलाई थुनाबाट मुक्त गरि दिने सम्बन्धमा आजैका मितिमा छुट्टै आदेश भइसकेकोले त्यस तर्फ अरु केहि गरिरहनु परेन । मिसिल नियमानुसार बुझाई दिनु ।

उक्त रायमा म सहमत छु ।

न्या. अर्जुनप्रसाद सिंह

इति सम्वत् २०६२ साल असार १४ गते रोज ३ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री अर्जुन प्रसाद सिंह
माननीय न्यायाधीश श्री हरिजंग सिंजापती

सम्वत् २०६२ सालको रिट नं ७९

आदेश मितिः २०६२।४।२५।३

विषयः:- बन्दीप्रत्यक्षीकरण ।

निवेदक : पाल्पा जिल्ला बराङ्गदी गा.वि.स. वडा नं. ८ घर भई हाल वडा प्रहरी कार्यालय सिंहदरवारमा थुनामा रहेका ठाकुर गैरे समेत

विरुद्ध

प्रत्यर्थी : श्री ५ को सरकार गृह मन्त्रालय, सिंहदरवार काठमाडौं समेत

- **सम्बन्धित अधिकारीले कानून बमोजिम आदेश गरी थुनामा राखेको मुद्दाको विषयवस्तु भित्र प्रवेश गरी चलिरहेको मुद्दालाई असर पर्ने गरी रिटक्षेत्रबाट हेर्न नमिल्ने भएपनि चलाईएको मुद्दा कानून अनुरुपको हो, होइन, कानूनको अख्तियारी अनुरुप थुनामा राखिएको हो, होइन ? थुनामा राख्दा कानूनको जालसाजीपूर्ण प्रयोग गरिएको छ छैन ? थुनामा राख्दा अनिवार्य रुपमा पालन गर्नुपर्ने आधारभूत कानूनी प्रक्रियाको अवलम्बन गरिएको छ छैन ? जस्ता कानूनी तथा सैद्धान्तिक दृष्टिकोणले कुनै व्यक्तिलाई थुनामा राखिएको कार्यको न्यायिक परीक्षण रिटक्षेत्रबाट गर्न मिल्ने ।**

- **थुनामा राखिएको कार्य गैरकानूनी देखिन आउँछ भने अन्य प्रश्नहरु तर्फ विचार नगरी त्यस्तो गैरकानूनी थुनाबाट मुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनसक्ने ।**

- **अ.वं. ११८ को देहाय (५) मा कसूरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिव आधार भएमा भन्ने उल्लिखित वाक्य संरचनाबाट नै धरौट वा जमानत लिनसक्ने अधिकार निःशर्त र निरपेक्ष रहेको नभई सशर्त र सापेक्षिक रहेको मान्नु पर्ने ।**

- **विश्वास गर्नसक्ने आधार आदेश गर्ने अधिकारीको आत्मगत सन्तुष्टीको विषय मात्र नभई आदेशबाट असर पर्ने पक्षले आदेश अध्ययन गर्दा समेत बुझ्नन र सन्तुष्ट हुनसक्ने गरी बोलिएको आदेश (Speaking order) को रुपमा रहनु आवश्यक हुने ।**

- **आधार र कारण सहितको आदेश एवं निर्णयनै निष्पक्ष स्वतन्त्र एवं अपेक्षित न्यायको सिद्धान्तको प्रमुख शर्त हो भन्नेमा दुईमत नरहने ।**

- **कानूनी एवं तथ्यगत आधार र कारण नखुलेको आदेशलाई कानून अनुरुपको आदेशको संज्ञा दिन नमिल्ने ।**

आदेश

▪ न्या. अर्जुनप्रसाद सिंह

१. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ तथा ८८ (२) बमोजिम पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त व्यहोरा यसप्रकार छः

२. निवेदकहरु विभिन्न विद्यार्थी संघ सङ्गठनको पदाधिकारी तथा सदस्य हुनुहुन्छ । निजहरुलाई मिति २०६२।३।३० गते का.जि.का.म.न.पा. वडा नं.१० नयाँ वानेश्वरबाट शान्तिपूर्ण विरोध प्रदर्शनीका क्रममा प्रत्यर्थीहरुद्वारा पक्राउ गरी हालसम्म गैरकानूनी थुनामा राखिएको छ, हालसम्म निजहरुलाई के कारणले थुनामा राखिएको भन्नेवारेमा कुनै पूर्जि आदेश दिइएको छैन । विपक्षीहरुको कार्यले नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२(१), १४(४),(५),(६) समेतद्वारा निवेदकहरुलाई प्राप्त वैयक्तिक स्वतन्त्रता एवं मौलिक हक समेतको उपयोग गर्नबाट वञ्चित हुनु परेको हुँदा धारा २३ र ८८(२) अन्तर्गत बन्दीप्रत्यक्षीकरणको रिट जारी गरी निवेदकहरुलाई गैरकानूनी थुनाबाट मुक्त गरिपाऊँ भन्ने समेत व्यहोराको रिट निवेदन ।

३. यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश प्राप्त भएका मितिले ३ दिन भित्र लिखित जवाफ पेश गर्नु भनी विपक्षीहरुलाई सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमानुसार गरी पेश गर्नु भन्ने यस अदालतको एक न्यायाधीशको इजलासको मिति २०६२।४।१६ को आदेश ।

४. निवेदकहरु ठाकुर गैरे, प्रदीप पौडेल, वि.पि. रेग्मी, सरोज थापा, नारायण भारती, पुष्प कुमार शाही समेत ६ जनाले केही सार्वजनिक (अपराध र सजाय) ऐन २०२७ को दफा २ को (क), (ख), (ग), (ज), र (ट) अनुसारको कसूर गरेकोले सोही ऐनको दफा ६(१) बमोजिम सजायको माग दावी लिई २०६२।४।१६मा यस कार्यालयमा अभियोग पत्र दायर भएकोमा पछि ठहरे बमोजिम हुने गरी प्रतिवादी हरु ६ जनासँग जनही रु.५००।- नगद वा जेथा धरौट माग गरिएकोमा निजहरुले दाखिल गर्न नसक्नु भएकोले पुर्पक्षको निमित्त थुनामा राख्न कारागार शाखा, जगन्नाथ देवल, काठमाडौंमा पठाइएको हो । अ.वं. १२१ नं. बमोजिमको थुनुवा पुर्जि मिति ०६२।३।३१ गते बुझाउंदा बुझ्न नमानेको हुँदा सोही व्यहोराको मुचुल्का खडा गरिएको छ । तसर्थ रिट निवेदन खारेज गरीपाउँ भन्ने समेत व्यहोराको जिल्ला प्रशासन कार्यालय काठमाडौंको लिखित जवाफ ।

५. रिट निवेदकलाई पक्राउ गर्ने तथा थुनामा राख्ने समेतको कार्य यस कार्यालयबाट भए गरेको नपाइएकोले यस कार्यालय विरुद्धको रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको प्रहरी प्रधान कार्यालयको लिखित जवाफ ।

६. निवेदकहरुलाई मुद्दा हेर्ने अधिकारीद्धारा माग गरिएको धरौटी रकम दाखिला नगरेका कारणले थुनामा राखिएको भन्ने बुझिन आएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको गृह मन्त्रालयको लिखित जवाफ ।

७. श्री ५ महाराजाधिराज सरकारबाट मिति ०६१।१०।१९ मा नेपाल अधिराज्यभर लागु हुने गरी संकटकालीन अवस्थाको आदेश जारी गरी बक्सेकोमा सो आदेशको विरोध कार्यक्रम गर्ने सिलसिलामा मिति २०६२।३।३० का दिन वडा नं. ३४ स्थित सडकमा विपक्षी रिट निवेदकहरुले उच्छृङखल कार्य गरी शान्ति सुरक्षाका लगि खटिएका राष्ट्रसेवक प्रहरी कर्मचारीहरुलाई गाली

गलौज अश्लील शब्द प्रयोग गरी हातपात गरी प्रहरीको कर्तव्यमा बाधा पुऱ्याएको ले पक्राउ गरी ऐ. ११ गते मुद्दा हेर्ने अधिकारी समक्ष पेश गरिएकोमा सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ को दफा १५(४) बमोजिम प्रहरी हिरासतमा राख्न अनुमति प्रदान भै आए बमोजिम हिरासतमा राखिएको कार्य कानून बमोजिम हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको वडा प्रहरी कार्यालय सिंहदरवार तथा जिल्ला प्रहरी कार्यालय काठमाडौको लिखित जवाफ ।

८. नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदक तर्फबाट रहनु भएका विद्वान अधिवक्ताहरु श्री सुवास नेम्वाङ, शम्भु थापा, शेरबहादुर के.सी. र टिकाराम भट्टराईले यो रिट दर्ता गर्दा सम्म कुनै पूर्जि दिइएको थिएन लिखित जवाफ दिंदा मात्र मुद्दा चलाएको जानकारी दिइयो । वारदात २०६२।३।३० मा भएकोछ, तर अभियोगपत्र २०६२।४।१६ मा दायर गरिएकोले हदम्याद नाघेकोछ, मुनासिव माफिकको कारण भए नभएको सम्बन्धमा न्यायिक परिक्षण हुन पर्दछ । पक्राउ गरिएको क्षेत्र निषेधित क्षेत्र नहुँदा संविधानलेनै शान्तिपूर्ण विरोध गर्न पाउने स्वतन्त्रता प्रत्याभूत गरेको अवस्थामा यस्तो कार्यले सार्वजनिक शान्ति भंग भयो भन्न मिल्दैन । प्रहरी माथि हातपात गरेको प्रमाण छैन यसरी चलाउनै नपाउने मुद्दा चलाई गैरकानूनी थुनालाई कानूनी बनाउने प्रयास गरिएको छ। प्रमुख जिल्ला अधिकारीले ०६२।४।१६ मा गरेको भनिएको आदेशमा कुन कानून अन्तर्गतको मुद्दाका सम्बन्धमा कुन कानूनको अधिकार प्रयोग गरी धरौटी माग भएको भन्ने उल्लेख छैन, धरौटी मागेको कार्य नै गैरकानूनी भएपछि धरौटी नदिएको भन्ने आधारमा थुनामा राख्नु पनि गैरकानूनी हो । केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०१७ को दफा ५ को उपदफा (२) ले प्रमुख जिल्ला अधिकारीले विशेष अदालत ऐन, २०५९ को कार्यविधि मात्र प्रयोग गर्ने हो । अधिकार होइन मुद्दा चलाउँदैमा बन्दीप्रत्यक्षीकरण रिट आकर्षित नहुने होइन । मुक्ति नारायण प्रधान वि. गृह मन्त्रालय समेत, कृष्ण सेन इच्छुक विरुद्ध गृह मन्त्रालय समेत, यज्ञमूर्ति बन्जाडे विरुद्ध वाग्मती विशेष अदालत समेत जस्ता कतिपय रिटहरुमा मुद्दा चलिसके पनि बन्दीप्रत्यक्षीकरणको आदेश जारी भएको छ । तसर्थ यस रिटमा पनि बन्दीहरुलाई गैरकानूनी थुनाबाट मुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्छ भनी वहस गर्नु भयो ।

९. विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौं समेतको तर्फबाट उपस्थित हुनु भएका विद्वान सहन्यायाधिवक्ता श्री डिल्लीरमण आचार्यले निवेदकहरुलाई ०६२।३।३० मा पक्राउ गरेपछि ०६२।३।३१ मै हिरासतमा राख्न पूर्जि दिई सोही मितिमा मुद्दा हेर्ने अधिकारीले म्याद थप गरेको हुँदा नत हदम्याद नाघेको छ, न त विना पूर्जि थुनामा राखेको भन्न मिल्छ । दिएको पूर्जि बुझ्न नमानेपछि सो को मुचुल्का गरिएको छ भन्ने सम्बन्धित अधिकृत स्तरको कर्मचारीले प्रमाणित पनि गरेको छ । प्रमुख जिल्ला अधिकारीले अदालती बन्दोवस्तको महलको ११८(५) नं. बमोजिम धरौटी माग गरेको हो न कि विशेष अदालत ऐन अन्तर्गत । अर्धन्यायिक निकायको आदेशले थुनामा राखेपछि अ.वं. १७ नं. अन्तर्गत निवेदन लाग्ने हो बन्दीप्रत्यक्षीकरणको रिट लाग्ने होइन न्यायिक प्रक्रियामा रहेको मुद्दामा असर पर्ने गरी रिट क्षेत्रबाट बोल्न मिल्दैन । तसर्थ रिट निवेदन नै खारेज हुनुपर्दछ भनी वहस गर्नु भयो ।

१०. पेश हुन आएको रिट निवेदन, लिखित जवाफ समेतका मिसिल कागजात अध्ययन गरी विद्वान कानून व्यवसायीहरुद्वारा प्रस्तुत वहस जिकिर समेत मध्यनजर गर्दा रिट निवेदकको माग बमोजिमको आदेश जारी हुने हो होइन भन्ने तर्फनै निर्णय दिनुपर्ने हुन आयो ।

११. निर्णय तर्फ विचार गर्दा बन्दी निवेदकहरु ठाकुर गैरे, प्रदीप पौडेल, सरोज थापा, नारायण बहादुर भारती, पुण्य कुमार शाही, तथा वि.पी. रेग्मी समेत जना ६ लाई मिति २०६२।३।३० गतेका दिन

शान्तिपूर्ण विरोध प्रदर्शनीका क्रममा रहेको बेला नयाँ वानेश्वरबाट पक्राउ गरी हाल सम्म कुनै पूर्जि नदिई कुनै आदेश नगरी गैरकानूनी थुनामा राखिएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरिपाऊँ भन्ने निवेदन दावी रहेकोमा निजहरुलाई केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा २ को (क) (ख) (ग) (ज) र (ट) अनुसारको कसूर गरेकोले सोही ऐनको दफा ६ (१) बमोजिम सजायको माग दावी लिई मिति २०६२।४।१६ मा अभियोगपत्र दायर भई विपक्षी जिल्ला प्रशासन कार्यालयको आदेशले मुद्दा पुर्पक्षका लागि र ५००। नगद वा जेथा धरौट माग गर्दा नदिएकोले थुनामा राख्न पठाइएको भन्ने विपक्षीहरुको मुख्य लिखित जवाफ व्यहोरा रहेको पाइन्छ । यसका साथै निवेदकहरुलाई मुद्दा अनुसन्धानको लागि हिरासतमा राख्न २०६२।३।३१ गते थुनुवा पुर्जि बुझाउँदा तथा मुद्दा पुर्पक्षको लागि अ.वं. १२१ नं. बमोजिम थुनुवा पूर्जि बुझाउँदा समेत बुझ्न नमानेकोले उक्त व्यहोराको मुचुल्का खडा गरी तथा प्रमाणित गरी थुनामा राख्न पठाइएको भन्ने समेत उल्लेख गरेको देखिन आयो ।

१२. प्रत्यर्थीहरुका तर्फबाट उपस्थित हुनु भएका विद्वान सहन्यायाधिवक्ताले यी निवेदकहरु उपर कानून बमोजिम अभियोगपत्र दायर भई कानून बमोजिम मुद्दा हेर्न तोकिएको अधिकारीको आदेशले थुनामा राखिएको हुँदा थुना वेरितको भए अ.वं. १७ नं. बमोजिम पुनरावेदन अदालतमा उजुरी गर्नुपर्नेमा रिट क्षेत्राधिकार अन्तर्गत सर्वोच्च अदालतमा रिट दायर गरेको हुँदा यस्तो विषयमा रिट क्षेत्रबाट हेर्न मिल्दैन भनी प्राविधिक प्रश्न उठाउनु भएको हुँदा सर्वप्रथम सोही प्रश्नको निरोपण गर्नुपर्ने देखियो । सिद्धान्ततः कुनै सक्षम अदालत वा अधिकारीका समक्ष विचाराधीन रहेको मुद्दामा प्रत्यक्ष वा परोक्ष असर पर्ने गरी रिट क्षेत्रबाट कुनै निर्णय गर्न मिल्दैन यस सैद्धान्तिक अवधारणसँग असहमत हुनुपर्ने अवस्था छैन । तर यो रिट निवेदननै बन्दीप्रत्यक्षीकरणको भएको र थुनामा रहनु पर्ने अवस्थामा नेपाल अधिराज्यको संविधान, २०४७, नागरिक अधिकार ऐन,२०१२, तथा नेपालले मान्यता प्रदान गरेका विभिन्न अन्तर्राष्ट्रिय प्रबन्धहरु एवं मानव अधिकार सम्बन्धी मान्यता समेतबाट संरक्षित र प्रत्याभूत वैयक्तिक स्वतन्त्रताको हकबाट नै वञ्चित हुनुपर्ने हुँदा सम्बन्धित अधिकारीले कानून बमोजिम आदेश गरी थुनामा राखेको मुद्दाको विषय वस्तु भित्र प्रवेश गरी चलिरहेको मुद्दालाई असर पर्ने गरी रिट क्षेत्रबाट हेर्न नमिल्ने भए पनि चलाईएको मुद्दा कानून अनुरुपको हो, होइन, कानूनको अख्तियारी अनुरुप थुनामा राखिएको हो, होइन ? थुनामा राख्दा कानूनको जालसाजीपूर्ण प्रयोग गरिएको छ छैन ? थुनामा राख्दा अनिवार्य रुपमा पालन गर्नुपर्ने आधारभूत कानूनी प्रक्रियाको अवलम्बन गरिएको छ छैन ? जस्ता कानूनी तथा सैद्धान्तिक दृष्टिकोणले कुनै व्यक्तिलाई थुनामा राखिएको कार्यको न्यायिक परीक्षण रिटक्षेत्रबाट गर्न नमिल्ने भन्ने हुँदैन । थुनामा राखिएको कार्य गैरकानूनी देखिन आउँछ भने अन्य प्रश्नहरु तर्फ विचार नगरी त्यस्तो गैरकानूनी थुनाबाट मुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनसक्नेनै हुन्छ । यस सम्बन्धमा कृष्णसेन इच्छुक वि. गृह मन्त्रालय समेत (सम्वत् २०५७ सालको रि.फु.ई.नं. १७३) यज्ञमूर्ति बन्जाडे वि. बाग्मती विशेष अदालत समेत (ने.का.प. २०२७, पृष्ठ १५७, नि.नं. ५४७) जस्ता कतिपय विवादमा यस अदालतबाट थुनामा राखिएको कार्यको रिट क्षेत्रबाट न्यायिक परिक्षण भै सकेको हुँदा प्रस्तुत रिट निवेदन रिट क्षेत्राधिकारबाट हेर्न नमिल्ने भन्ने विद्वान सहन्यायाधिवक्ताको वहस जिकिर सँग सहमत हुन सकिएन ।

१३. बन्दी निवेदकहरुलाई केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०१७ को दफा २ को खण्ड (क) (ख) (ग) (ज) र (ट) अनुसारको कसूर गरेको भनी अभियोग पत्र दायर भएको हुँदा मुद्दा पुर्पक्षको लागि जनही ५००। नगद वा जेथा धरौटी माग गरेकोमा नदिएकोले थुनामा राख्न पठाइएको र थुनुवा पूर्जि बुझाउँदा बुझ्न नमानेको भन्ने समेत व्यहोरा विपक्षी जिल्ला प्रशासन कार्यालयबाट

प्रस्तुत लिखित जवाफमा उल्लेख भएको पाइन्छ । सम्बन्धित मिसिलमा रहेको, प्रमुख जिल्ला अधिकारीबाट मिति २०६२।४।१६ मा भएको आदेश पर्चा अवलोकन गर्दा प्रहरी प्रतिवेदन अभियोगपत्र समेतका आधारमा पछि ठहरे बमोजिम हुने गरी प्रतिवादीहरु सँग जनही रु ५००। नगद वा सो वरावरको जेथा धरौट माग गर्नु, सो दिए तारिखमा राखी र नदिए थुनामा राखी कारवाही गर्नु "भन्ने सम्म उल्लेख भएको पाइन्छ । उक्त आदेशमा यी प्रतिवादीहरुले के कुन कानूनको उलङ्घन गरी के कस्तो कसूरमा मुद्दा पुर्पक्ष गर्नु परेको हो भन्ने खुलाइएको पाइएन । अभियोगपत्रमा लगाइएको अभियोगका सन्दर्भमा पुर्पक्ष गर्नुपर्ने भएको भनी मान्ने हो भने पनि के कुन कानूनको अख्तियारी अन्तर्गत के कति आधारमा प्रतिवादीहरुसँग नगद वा जेथा धरौटी माग गरेको हो ? पुर्पक्ष गरिनु पर्ने मुद्दामा निवेदक बन्दीहरुको के कस्तो संलग्नता के कसरी देखिएको हो ? के कस्तो कारणले निजहरुलाई साधारण तारिखमा राख्न नसकिएको हो आदि जस्ता आधार कारण खुलाइएको पाइदैन ।

१४. उक्त आदेशको प्रतिरक्षा गर्ने क्रममा विद्वान सहन्यायाधिवक्ता श्री डिल्लीरमण आचार्यले सो आदेश विशेष अदालत ऐन, २०५९ अन्तर्गत जारी गरिएको नभई मूलुकी ऐन अदालती बन्दोवस्तको महलको ११८ नं. को देहाय (५) अनुरुप गरिएको भनी जिकिर लिनु भएको छ । उक्त ११८ (५) मा देहाय (२) वा (३) बमोजिम थुनामा राख्नु पर्ने अवस्थामा बाहेक तत्काल प्राप्त प्रमाणबाट कुनै अभियुक्त कसूरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिव आधार भएमा अड्डाले निजसँग धरौट वा जमानत लिई मुद्दाको पुर्पक्ष गर्नसक्ने व्यवस्था भएको पाइन्छ । तर विचाराधीन मुद्दामा मिति ०६२।४।१६ मा भएको आदेशमा कुनै आधार कारणनै नखुलाइएको तथ्य माथि चर्चा भै सकेको छ । अ.वं. ११८ को देहाय (५) मा कसूरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिव आधार भएमा 'भन्ने उल्लिखित वाक्य संरचनाबाट नै त्यसरी धरौट वा जमानत लिनसक्ने अधिकार निःशर्त र निरपेक्ष रहेको नभई सशर्त र सापेक्षिक रहेको मान्नु पर्ने हुन्छ । यस्तो विश्वास गर्नसक्ने आधार आदेश गर्ने अधिकारीको आत्मगत सन्तुष्टीको विषय मात्र नभई आदेशबाट असर पर्ने पक्षले आदेश अध्ययन गर्दा समेत बुझ्न र सन्तुष्ट हुनसक्ने गरी बोलिएको आदेशको (Speaking order) को रुपमा रहनु आवश्यक हुन्छ । आधार र कारण सहितको आदेश एवं निर्णयनै निष्पक्ष स्वतन्त्र एवं अपेक्षित न्यायको सिद्धान्तको प्रमुख शर्त हो भन्नेमा दुईमत रहदैन । यसरी कानूनी एवं तथ्यगत आधार र कारण नखुलेको आदेशलाई कानून अनुरुपको आदेशको संज्ञा दिन मिल्ने देखिएन ।

१५. तसर्थ विपक्षी जिल्ला प्रशासन कार्यालयबाट रिट निवेदकहरुसँग रु ५००। वरावरको नगद वा जेथा धरौटी माग गर्ने गरी मिति ०६२।४।१६ मा भएको आदेश नै गैरकानूनी देखिएकोले उक्त आदेश कार्यान्वयनको सिलसिलामा धरौटी दिन नसकेको भनी निजहरुलाई थुनामा राख्न पठाइएको कार्य समेत गैरकानूनी हुने हुँदा यस्तो गैरकानूनी थुनाबाट निवेदकहरु, ठाकुर प्रसाद गैरे, प्रदीप पौडेल, सरोज थापा, नारायण बहादुर भारती, पुष्प कुमार शाही, वि.पी. रेग्मी समेत ६ जनालाई मुक्त गर्न विपक्षी जिल्ला प्रशासन कार्यालय समेतका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ । निजहरुलाई आजै थुनामुक्त गर्नु भनी छुट्टै आदेशद्वारा लेखी गैसकेको हुँदा यसमा थप उल्लेख गर्नु परेन । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनु ।

उक्त रायमा सहमत छु ।

न्या. हरिजंग सिजापति

इति सम्वत् २०६२ साल श्रावण २५ गते रोज ३ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलाश
माननीय न्यायाधीश श्री शारदा श्रेष्ठ
माननीय न्यायाधीश श्री दामोदर प्रसाद शर्मा

सम्वत् २०६० सालको रिट. नं. १७२

आदेश मितिः २०६२।६।६।५

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : वाग्लुङ्ग जिल्ला वाग्लुङ्ग न.पा. वडा नं. ३ घर भई का.जि.का.म.न.पा. वडा नं. ३१ बागबजार बस्ने हाल श्री ५ को सरकारको गैरकानूनी थुनामा रहेका कृष्ण के.सी.को हकमा दुर्गा के.सी.

विरुद्ध

विपक्षी : गृह मन्त्रालय सिंहदरबार, काठमाडौं समेत

- **मानिसको आधारभूत मानव अधिकार भित्र वैयक्तिक स्वतन्त्रताको हक नै सर्वोपरी रही आएको परिप्रक्ष्यमा प्रजातान्त्रिक मूलुकले यसलाई आफ्नो संवैधानिक व्यवस्थामा आधारशिला कै रुपमा राखेको हुन्छ । वास्तवमा प्रजातन्त्रको कसी नै वैयक्तिक स्वतन्त्रताको प्रत्याभूति नै हो । प्रजातान्त्रिक व्यवस्थामा यो हकलाई कुनै पनि वहानामा कुण्ठित गरिदैन । वहुदलीय प्रजातन्त्रलाई अङ्गीकार गरेको हाम्रो मूलुकको संविधानले वैयक्तिक स्वतन्त्रताको हकलाई धारा १२(१) मार्फत स्पष्ट शब्द वाक्यांश र संविधानको प्रस्तावनाको भावना मार्फत प्रत्याभूत गरेको छ । यसरी संविधानद्धारानै वैयक्तिक स्वतन्त्रताको स्पष्ट प्रत्याभूति गरिएको अवस्थामा संविधान तथा कानून विपरीत वैयक्तिक स्वतन्त्रताको अपहरण गर्ने कार्यलाई मनासिव भन्न नसकिने ।**

आदेश

- न्या. शारदा श्रेष्ठ

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३, एवं ८८(२) अन्तर्गत दायर भै पेश हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः

निवेदक कृष्ण के.सी. लामो समयदेखि वामपन्थी राजनीतिक विचारधाराबाट प्रभावित रही अनेरास्ववियु (क्रान्तिकारी) को पूर्व केन्द्रिय उपाध्यक्ष समेत रहनु भएको व्यक्ति हुनुहुन्छ । मिति २०६० साल भाद्र महिना २७ गते दिनको करिव १.३० बजे का. जि. का. म. न. पा. ३६ कोटेश्वरमा आफ्ना मित्र पत्रकार सीताराम बरालसँग हिडिरहेको अवस्थामा श्री ५ को सरकारका सुरक्षाकर्मीहरु सादा पोषाकमा आई पक्राउ गरि लगियो र हालसम्म निजलाई कुन ठाउँमा राखिएको छ भन्ने कसैलाई जानकारी समेत दिएको छैन । निवेदक कृष्ण के.सी. सँगै पक्राउ परेका जनआस्था साप्ताहिक पत्रिकाका सह-सम्पादक सीताराम बराललाई जिल्ला प्रहरी कार्यालय काठमाडौंबाट मिति २०६०।५।३१ गते रिहा गरिएकोमा निवेदक कृष्ण के.सी.को पक्राउ बारे सम्पूर्ण कुरा थाहा पाउने सीताराम बराललाई साक्षीको रुपमा बुझ्ने कुनै आदेश नै

नगरी सम्मानित सर्वोच्च अदालतबाट मिति २०६०।८।१२ गते २०६० सालको रि. नं. ६१ को बन्दी प्रत्यक्षीकरणको रिट निवेदन खारेज गरियो । निवेदक कृष्ण के.सी. लाई हाल भैरवनाथ गण महाराजगञ्जमा नै राखिएको कुरा थाहा भएको र राष्ट्रिय मानव अधिकार आयोगका प्रतिनिधीहरुले समेत निजलाई भैरवनाथ गण महाराजगञ्जमा नै भेट गरेको र अदालतको आदेश भएमा राष्ट्रिय मानव अधिकार आयोगको संरक्षण शाखाले सो कुराको जानकारी अदालतलाई दिने भन्ने जानकारी प्राप्त भएको हुँदा राष्ट्रिय मानव अधिकार आयोगको संरक्षण शाखामा बुझी निवेदकको वैयक्तिक स्वतन्त्रताको संरक्षण गरी पाऊँ । निज निवेदकलाई प्रत्यर्थीहरुद्वारा के कति कारणले पक्राउ गरियो ? कुन अवस्थामा राखिएको छ ? भन्ने समेत कुनै कुराको जानकारी दिइएको छैन । हालसम्म कुनै अड्डा अदालतमा मुद्दाको सम्बन्धमा म्याद थपको लागि पेश गरेको पनि थाहा छैन । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(५) मा पक्राउ परेको व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना यथासक्य चाँडो दिई मात्र थुनामा राख्नु पर्ने र धारा १४(६) मा पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई पक्राउ परेको समयले २४ घण्टा भित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्ने संवैधानिक प्रावधान रहेको छ तर प्रत्यर्थीहरुद्वारा उक्त संवैधानिक प्रावधानको उपेक्षा गरी विना कुनै सूचना एवं विना कुनै अभियोग गैरकानूनी रुपमा गिरफ्तार गरी भेटघाट नै गर्न नदिई नेपाल अधिराज्यको संविधानद्वारा घोषित आधारभूत मानव अधिकार एवं कानूनी शासनको प्रजातान्त्रिक अवधारणालाई चुनौती दिई संविधानद्वारा प्रदत्त निवेदकको मौलिक हक एवं वैयक्तिक स्वतन्त्रताको हक कुण्ठित गरिएको छ । अतः उल्लेखित तथ्यको आधारमा मेरो पति कृष्ण के.सी. लाई के कुन कसूरमा कसरी राखिएको छ ? भन्ने समेत जानकारी नहुँदा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११, १२(१), १४(४)(५)(६) समेतद्वारा मेरो पति कृष्ण के.सी. लाई प्रदत्त वैयक्तिक एवं मौलिक हकबाट प्रत्यर्थीहरुका काम कारवाहीद्वारा वञ्चित गरिएकोले अन्य वैकल्पिक कानूनी उपचारको अभावमा संविधानको धारा २३ द्वारा निर्दिष्ट धारा ८८(२) अन्तर्गत सम्मानित अदालत समक्ष निवेदक कृष्ण के.सी. को हकमा यो रिट निवेदन प्रस्तुत गरेको छु । प्रत्यर्थीहरुद्वारा गैरकानूनी रुपमा गिरफ्तार गरी थुनामा राखिएको कृष्ण के.सी. लाई यस अदालत समक्ष उपस्थित गराई आवश्यक परे स. अ. नियमावली २०४९ को नियम ३४ अन्तर्गत खानतलासी पूर्जि जारी गरी गैरकानूनी थुनाबाट अविलम्ब मुक्त गरिदिनु भनी प्रत्यर्थीहरुको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निवेदक कृष्ण के.सी. को वैयक्तिक स्वतन्त्रताको संरक्षण गरिपाऊँ भन्ने रिट निवेदन जिकिर ।

विपक्षीहरुबाट ३ दिन भित्र लिखित जवाफ मगाई रिट निवेदनमा उल्लेखित २०६० सालको रि. नं. ६१ म यस अदालतबाट मिति ०६०।८।१२ मा रिट निवेदन खारेज गर्ने गरी भएको आदेश सहितको रेकर्ड मिसिल समेत साथै राखी नियमानुसार पेश गर्नु भन्ने एकल इजलासको मिति ०६०।११।१३ को आदेश ।

यस मन्त्रालयले कृष्ण के.सी.लाई थुनामा राखेको छैन । निवेदकले यस मन्त्रालयको कुन काम कारवाहीबाट संविधान प्रदत्त हक हनन भएको भनी खोल्न सक्नु भएको नहुँदा यस मन्त्रालयको हकमा रिट निवेदन खारेज गरी पाऊँ भन्ने रक्षा मन्त्रालयको लिखित जवाफ ।

कृष्ण के.सी. लाई मिति २०६०।५।२७ गते सुरक्षाकर्मीले थुनामा राखेको भन्ने निवेदन जिकिर झुट्टा हो । निज कृष्ण के.सी. उपर यस प्रहरी कार्यालयमा कुनै उजुरी निवेदन पर्न नआएको र पक्राउ गरी यस कार्यालयको प्रहरी हिरासतमा राख्न पठाएको समेत नहुँदा रिट निवेदन खारेज गरी पाऊँ भन्ने जिल्ला प्रहरी कार्यालय काठमाडौंको लिखित जवाफ ।

यस मन्त्रालयबाट निवेदक कृष्ण के.सी.लाई पक्राउ गर्ने र थुनामा राख्ने आदेश नदिइएको र निजको कुनै हक अधिकार हनन नगरिएको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने गृह मन्त्रालयको लिखित जवाफ ।

निवेदक कृष्ण के.सी. सैनिक हिरासतमा नरहेको र सोही व्यहोराको लिखित जवाफ यिनै विपक्षीले दायर गरेको ०६० सालको रि. नं. ६१ मा दिई सकिएकोले शाही नेपाली सेनाको कुनै पनि कार्यले निज निवेदकको मौलिक हक हनन नभएको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने भैरवनाथगण महाराजगञ्जको लिखित जवाफ ।

निवेदक कृष्ण के.सी. सँगै पक्राउ परेका सीताराम बरालको नाम साक्षीको रुपमा उल्लेख भएपनि निज सीताराम बराललाई बुझिएको नदेखिएको र सीताराम बरालले राष्ट्रिय मानव अधिकार आयोग समक्ष बयान गर्दा आफुसँग निवेदक कृष्ण के.सी. लाई समेत पक्राउ गरी थुनामा राखेको भन्ने उल्लेख गरेको सीताराम बरालले राष्ट्रिय मानव अधिकार आयोगलाई सम्बोधन गरी लेखेको पत्रमा समेत कृष्ण के.सी.लाई पक्राउ गरी थुनामा राखेको देखिएको, साथै निवेदक कृष्ण के.सी. ले दाजु वीरेन्द्र मित्र गगन तथा आफ्नो परिवारलाई सम्बोधन गरी लेखेको मिति ०६०।११।१२ समेतका पत्रहरुबाट निवेदक कृष्ण के.सी. भैरवनाथ गण महाराजगञ्जमा रहेको देखिदा निवेदकसँगै पक्राउ परेका सीताराम बराललाई झिकाई यस अघि नै निवेदकको थुना सम्बन्धमा छानविन गरीसकेको राष्ट्रिय मानव अधिकार आयोगलाई यथाशीघ्र आफ्ना प्रतिनिधीलाई भैरवनाथ गण पठाई निवेदक थुनामा रहे नरहेको भन्ने सम्बन्धमा जाँचबुझ गरी प्रतिवेदन दिई सहयोग गर्न अनुरोध सहित लेखी पठाई आएपछि नियमानुसार पेश गर्नु भन्ने मिति ०६१।२।१८ को आदेश ।

यस अदालतको मिति ०६१।२।१८ को आदेशानुसार निवेदक कृष्ण के.सी. भैरवनाथगण महाराजगञ्जमा थुनामा रहे नरहेको सम्बन्धमा जाँचबुझ गरी प्रतिवेदन पेश गर्ने प्रयोजनको लागि खटाइएको आफ्नो टोलीलाई आफ्नो कार्य सम्पन्न गर्न भैरवनाथ गणका सेनाले असहयोग गरी आफ्नो कार्यमा बाधा पुऱ्याएको भन्ने राष्ट्रिय मानव अधिकार आयोगको च. नं. ४४८४ मिति ०६१।२।२६ को पत्र ।

यस अदालतको मिति ०६१।२।१८ को आदेश बमोजिम जाँचबुझ गर्ने काममा बाधा पुऱ्याएको भन्ने राष्ट्रिय मानव अधिकार आयोगको पत्रबाट देखिदा उक्त पूर्वादेश बमोजिमको कार्य सम्पन्न गर्न आवश्यक व्यवस्था मिलाई दिन रक्षा मन्त्रालयलाई लेखी सोको बोधार्थ राष्ट्रिय मानव अधिकार आयोगलाई दिई काम सम्पन्न भई आएपछि नियमानुसार पेश गर्नु भन्ने मिति ०६१।२।३२ को आदेश ।

आयोगको टोली दोस्रो पटक मिति ०६१।३।१७ मा भैरवनाथ गणमा गएकोमा उक्त गणमा विनोद दहाल समेतका तीनजना अन्य बन्दीहरु रहेको, ती बाहेक अन्य बन्दीहरु कोही नरहेको भन्ने गणपतिको भनाई रहेको, आयोगको टोलीले व्यारेक भित्रका २ कोठा बाहेक अन्य ठाउँहरुमा अवलोकन गर्न नपाएको भए तापनि टोलीले बन्दी विनोद दाहालसँग निवेदक कृष्ण के.सी. को सम्बन्धमा सोधपुछ गर्दा उक्त गणमा ५०।६० जना महिला र २/३ सय जति पुरुष बन्दीहरु थुनामा रहेका र कृष्ण के.सी. पनि यसै गणमा बन्दी अवस्थामा रहेका छन् भनी आयोगका टोलीको प्रतिवेदन समेतका आधारमा निवेदक कृष्ण के.सी. सैनिक हिरासतमा नरहेको भनी निष्कर्षमा पुग्न सकिएन भन्ने समेतको राष्ट्रिय मानव अधिकार आयोगको च. नं. १७० मिति ०६१।४।२५ को पत्र ।

निवेदक बन्दीका सम्बन्धमा थप कुनै कारवाही र सूचना प्राप्त भएको छ, छैन राष्ट्रिय मानव अधिकार आयोग बुझी नियमानुसार पेश गर्नु भन्ने मिति ०६१।६।४ को आदेश ।

थप अनुसन्धान तथा कारवाही भइरहेको छ भन्ने च. नं. १२५२ मिति ०६१।९।२२ को राष्ट्रिय मानव अधिकार आयोगको पत्र ।

निवेदक बन्दी भैरवनाथ गण महाराजगञ्जमा थुनामा रहेको भन्ने राष्ट्रिय मानव अधिकार आयोगको ठहर रहेको भन्ने निवेदकको भनाई रहेको तर भैरवनाथ गणको तर्फबाट शाही नेपाली जंगी अड्डाका सेना प्राड विए.कुमार शर्माले दिएको लिखित जवाफमा कृष्ण के.सी. सैनिक हिरासतमा नरहेको उल्लेख भएको देखिदा आयोगको ठहर विपरीत लिखित जवाफ दिनुको कारण सहितको जवाफ पठाउनु भनी प्रधान सेनापति शाही नेपाली जंगी अड्डालाई लेखी पठाई आएपछि नियमानुसार पेश गर्नु भन्ने मिति ०६१।१०।१८ को आदेश ।

यस अघि सैनिक हिरासतमा नरहेका कृष्ण के.सी. लाई सम्मानित अदालतको आदेशानुसार खोजतलास गर्दा गोरखा जिल्लामा मिति ०६१।११।३ मा संयुक्त सुरक्षाफौजले फेला पारी पक्राउ गरिएको निज अनेरास्ववियु (क्रान्तिकारी) को उपाध्यक्ष समेत रहेका र विभिन्न क्रान्तिकारी सभा सम्मेलनमा भाग लिई सकेको देखिएको र निज नै यस रिट नं. १७२ दायर गरेका कृष्ण के.सी. हुन् भन्ने पुष्टी भएको हुँदा निजलाई मिति ०६१।११।४ मा जिल्ला प्रशासन कार्यालय गोरखामा पेश गरेकोमा जिल्ला सुरक्षा समितिको निर्णयानुसार निजलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ को दफा ९ बमोजिम श्री दिफेमस महीन्द्रदल गण गोरखामा नजरबन्दमा राखिएको छ भन्ने शाही नेपाली जंगी अड्डाका प्रधानसेनापति महारथी प्यारजंग थापाको जवाफ ।

निवेदक कृष्ण के.सी. सैनिक हिरासतमा रहेको भन्ने मिति ०६१।१०।६ को राष्ट्रिय मानव अधिकार आयोगका ठहर ।

निवेदकलाई श्री दि फेमस महीन्द्र दल गण गोरखामा नजरबन्दमा राखिएको भन्ने प्रधानसेनापतिको जवाफ रहेको देखिदा सो सम्बन्धी सक्कल फाइल सहितको लिखित जवाफ ३ दिन भित्र पठाउनु भनी प्रमुख जिल्ला अधिकारी जिल्ला प्रशासन कार्यालयलाई लेखि आएपछि पेश गर्नु भन्ने मिति ०६१।१२।५ को आदेश ।

निवेदक कृष्ण के.सी. लाई मिति ०६१।११।३ मा संयुक्त सुरक्षाफौजको टोलीले गोरखा जिल्ला बुंकोट गा.वि.स. वडा नं. २ मा चन्दा असुल्ने तथा आतंक फैलाउने कार्य गर्दै रहेको अवस्थामा सकेट बम चन्दा प्याड र आतङ्ककारीसँग सम्बन्धित कागजात सहित पक्राउ गरी ०६१।११।४ देखि आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ को दफा ९ बमोजिम जिल्ला सुरक्षा निकाय संयुक्त हेडक्वाटर गोरखामा नजरबन्दमा राखिएको छ भन्ने प्र. जि. अ. जिल्ला प्रशासन कार्यालय गोरखाको लिखित जवाफ ।

निवेदक वादी कृष्ण के.सी. लाई दि फेमस महीन्द्र दल गण गोरखामा गैरकानूनी थुनामा राखेकोमा मिति ०६१।१२।१५ गते रेन्जर गण छाउनी १ नं. गेटमा सारिएको भनी कृष्ण के.सी. को हकमा निजको श्रीमती दुर्गा के.सी. को यस अदालतमा निवेदन पर्न आएकोले निज बन्दी कृष्ण के.सी. हाल रेञ्जर गण छाउनी १ नं. गेटमा थुनामा राखिएको भए पेशीको दिन बन्दीलाई इजलास समक्ष उपस्थित गराउन भनी रक्षा मन्त्रालयलाई लेखी पठाउनु भन्ने मिति ०६२।४।३१ को आदेश ।

निवेदक कृष्ण के.सी. लाई वीरेन्द्र अस्पताल छाउनीमा उपचार गराई पुनः श्री महावीरगण (रेञ्जर) हिमालय व्यारेक छाउनीबाट निजलाई पून दि फेमस महीन्द्रदल गण गोरखामा थुनामा राख्न पठाई सकिएको भन्ने शाही नेपाली जंगी अड्डाको च. नं. २१२ मिति ०६२।५।८ को पत्र ।

निवेदक कृष्ण के.सी. लाई पेशीका दिन महान्यायाधिवक्ताको कार्यालय मार्फत उपस्थित गराउन लेखी पठाउनु साथै जिल्ला प्रशासन कार्यालय गोरखाबाट निजलाई हाल कुन कानून अन्तर्गत नजरबन्दमा

राखिएको हो ? यस सम्बन्धी कागजातको प्रतिलिपि सहित ३ दिन भित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत जवाफ पठाउनु भनी जिल्ला प्रशासन कार्यालय गोरखालाई लेखी पठाई जवाफ आएपछि नियमानुसार पेश गर्नु भन्ने मिति ०६२।५।१२ को आदेश ।

निवेदक कृष्ण के.सी. लाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ को दफा ९ बमोजिम मिति ०६१।११।४ देखि नजरबन्दमा राखिएकोमा निजको ६ महिनाको नजरबन्दको अवधि मिति ०६२।५।३ मा पूरा हुने हुँदा सो सम्बन्धमा मिति ०६२।४।१० गते बसेको जिल्ला सुरक्षा समितिको बैठकबाट निजलाई छाड्न सक्ने स्थिति नभएकोले सम्भावित आतङ्ककारी घटनालाई रोक्न थप ६ महिना नजरबन्दमा राख्न गृह मन्त्रालयमा लेखी पठाउने निर्णय भै लेखी पठाउँदा उक्त अध्यादेशको दफा ९ बमोजिम अनुसन्धान कार्य शीघ्र सम्पन्न गर्ने गरी निजको नजरबन्दको अवधि समाप्त हुने मिति ०६२।५।४ बाट अर्को थप ६ महिनासम्म नजरबन्दमा राख्न श्री ५ को सरकार सचिव स्तरबाट मिति ०६२।४।१८ मा भएको निर्णयानुसार अवधि थप भै आएकोले मिति ०६२।५।४ देखि पुनः ६ महिना सम्म रहने गरी म्याद थप गरी नजरबन्दमा राखिएको हो भन्ने प्र. जि. अ. जिल्ला प्रशासन कार्यालयको लिखित जवाफ ।

जिल्ला प्रशासन कार्यालय गोरखाको लिखित जवाफमा ०६२।४।१८ को श्री ५ को सरकार सचिवस्तरीय निर्णयानुसार अवधि थप भै नजरबन्दमा राखिएको भन्ने उल्लेख भएको देखिदा उक्त निर्णय महान्यायाधिवक्ताको कार्यालय मार्फत झिकाई चांडै पेशीमा चढाई बन्दी समेत उपस्थित गराई नियमानुसार पेश गर्नु भन्ने मिति ०६२।६।३ को आदेश ।

नियम बमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु सुवास नेम्वाङ, सतीशकृष्ण खरेल, बाबुराम गिरी, तारा प्रकाश पौडेल, बोर्ण बहादुर कार्की, शान्ता सेढाई र सरिता शर्माले निवेदकलाई ०६०।५।२७ गते सादा पोषाकमा आएका सुरक्षाकर्मीहरुले काठमाडौंको कोटेश्वरबाट पक्राउ गरी लामो समयसम्म बेपत्ता बनाई सैनिक हिरासतमा राखेकोमा सम्मानित सर्वोच्च अदालतको आदेश बमोजिम राष्ट्रिय मानव अधिकार आयोगको विशेष योगदान र पहलमा विपक्षीहरुले हाल बाध्य भै बन्दीको स्थिति सार्वजनिक गरेको र पक्राउ परेको ०६०।५।२७ देखि ०६१।११।३ सम्म डेढ वर्ष गैरकानूनी रुपमा बेपत्ता पारी गैरकानूनी रुपमा थुनामा राखिएको स्पष्ट भएको हुँदा पहिले देखि नै गैरकानूनी रुपमा राखिएको थुनालाई पछि पछिल्लो मितिमा पक्राउ गरी नजरबन्दमा राख्ने कार्यले कानूनी थुनाको मान्यता पाउन नसक्ने तथा अघिल्लो थुना गैरकानूनी भएपछि पछिल्लो थुना समेत स्वतः गैरकानूनी हुने हुँदा निवेदकलाई बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुना मुक्त गरी बन्दीको संविधान प्रदत्त वैयक्तिक स्वतन्त्रताको संरक्षण गरिपाऊँ भनी तथा सरकारी पक्षबाट उपस्थित हुनुभएका विद्वान उपन्यायाधिवक्ता महेन्द्र बहादुर कार्कीले निवेदकलाई मिति ०६१।११।३ मा गोरखाको बुंकोटमा पक्राउ गरी आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ को दफा ९ बमोजिम नजरबन्दमा राखिएको हुँदा रिट निवेदन खारेज गरी पाऊँ भनी गर्नु भएको बहस समेत सुनियो । अब निवेदकको थुना गैरकानूनी हो, होइन र निजलाई थुनामुक्त गर्नुपर्ने हो, होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

निर्णय तर्फ विचार गर्दा निवेदकलाई मिति २०६०।५।२७ गते दिनको १.३० बजे आफ्ना मित्र पत्रकार सीताराम बरालसँग हिडिरहेको अवस्थामा सादा पोषाकका सुरक्षाकर्मीहरुले दुबैजनालाई पक्राउ गरी बेपत्ता पारिएकोमा पत्रकार सीताराम बराललाई २०६०।५।३१ मा नै जिल्ला प्रहरी कार्यालय काठमाडौंबाट रिहा गरिएकोमा त्यसपछि निवेदक कृष्ण के.सी. लाई बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरिपाऊँ भनी ०६० सालको रिट नं. ६१ दायर गरेकोमा निज सँगै पक्राउ परेका पत्रकार सीताराम

बराललाई नबुझी विपक्षी निकायहरुको निवेदकलाई पक्राउ नगरिएको भन्ने लिखित जवाफको आधारमा मात्र खारेज गरिएकोमा राष्ट्रिय मानव अधिकार आयोगको पहलमा निवेदक कृष्ण के.सी. हाल भैरवनाथ गण महाराजगञ्जमा रहेको बुझिएको हुँदा निजको गैरकानूनी थुनाको विषयमा बुझी निजलाई थुना मुक्त गर्नु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुना मुक्त गरिपाऊँ भन्ने नै मुख्य रिट निवेदन जिकिर रहेको देखिन्छ भने विपक्षी सरकारी सुरक्षा निकायहरुले निवेदकलाई पक्राउ नगरिएको र थुनामा नराखिएकोले रिट निवेदन खारेज गरिपाऊँ भनी लिखित जवाफ पेश गरेको देखिन्छ । यसै विषयको २०६० सालको रि. नं. ६१ समेत खारेज भै सकेको र प्रस्तुत रिट निवेदनमा समेत विपक्षी निकायहरुले निवेदकलाई बन्दी बनाएको कुरा अस्वीकार गरी लिखित जवाफ पेश गरेको स्थितिमा निवेदनमा उल्लेख भए बमोजिम यस अदालतको आदेशानुसार राष्ट्रिय मानव अधिकार आयोगले निवेदकको सम्बन्धमा गरेको पहल खोजतलास तथा अनुसन्धानबाट निवेदक सैनिक हिरासतमा रहेको देखिन्छ । विपक्षीहरुले निवेदकलाई पक्राउ गरी थुनामा नराखेको लिखित जवाफ दिए तापनि निजसँगै पक्राउ परेका र यस अदालतबाट बुझिएका पत्रकार सीताराम बरालले यस अदालतमा दिएको बयान कागज तथा मानव अधिकार आयोगमा निजले दिएको बयान निवेदकले थुनामा रहेका बखत हिरासतबाट आफ्ना दाजु, मित्र तथा परिवारलाई लेखेका पत्रहरु त्था राष्ट्रिय मानव अधिकार आयोगबाट भएको जाँचबुझ लगायतका प्रयासहरुबाट निवेदक कृष्ण के.सी. लाई सैनिक हिरासतमा गैरकानूनी रुपमा बन्दी बनाएको पुष्टी हुन आएको पाइन्छ । यस अदालतको मिति ०६१।२।१८ को आदेशानुसार बुझिएका निवेदकसँगै पक्राउ परी चार दिनपछि रिहा भएका पत्रकार सीताराम बरालले ०६१।२।२२ गते सर्वोच्च अदालतमा उपस्थित भई निजलाई आफूसँगै पक्राउ गरी सैनिक हिरासतमा राखिएको छ भनी वयान गरेको देखिन्छ । एम्नेष्टी इन्टरनेशनल लगायतका मानव अधिकारवादी संस्थाहरुले निवेदक कृष्ण के.सी. भैरवनाथ गणमा नै सैनिक हिरासतमा रहेको भनी प्रकाशित विज्ञप्तीहरुले समेत निवेदकलाई सोही गणमा राखिएको भन्ने कुराको थप समर्थन मिल्न आउँछ । यिनै तथ्य आधार र कारणको आधारमा मिति ०६१।१०।६ मा राष्ट्रिय मानव अधिकार आयोगले निवेदक कृष्ण के.सी. भैरवनाथ गण महाराजगन्जमा नै सैनिक हिरासतमा रहेको भन्ने ठहर गरी निजलाई कानूनी कारवाहीमा लैजान आग्रह गरेको देखिन्छ ।

राष्ट्रिय मानव अधिकार आयोगले निवेदक कृष्ण के.सी. भैरवनाथ गणमा नै थुनामा रहेको ठहर गरेको तर भैरवनाथ गणको तर्फबाट कृष्ण के.सी. सैनिक हिरासतमा नरहेको उल्लेख गरी लिखित जवाफ दिएकोले आयोगको ठहर विपरीत लिखित जवाफ दिनुको कारण सम्बन्धमा यस अदालतको मिति २०६१।१०।१८ को आदेशानुसार जवाफ मागिएपछि मात्र मिति २०६१।११।१८ मा कृष्ण के.सी. लाई पक्राउ गरेको स्वीकार गरी जवाफ पेश गरेको देखिन्छ । जवाफमा अदालतको आदेशानुसार कृष्ण के.सी. लाई खोजतलास गर्दा गोरखामा ०६१।११।३ मा संयुक्त सुरक्षा फौजले फेला पारी पक्राउ गरिएको र निज अनेरास्ववियु (क्रान्तिकारी) को पूर्व उपाध्यक्ष समेत रहेको विभिन्न सभा सम्मेलनमा भाग लिई सकेको हुँदा पक्राउ गरिएको भन्ने उल्लेख छ । उक्त जवाफमा निवेदक कृष्ण के.सी. लाई अदालतको आदेशानुसार खोजतलास गरी पक्राउ गरिएको भन्ने देखिन्छ । पक्राउ गरी बन्दी बनाइएका निवेदकलाई के कुन कारणले पक्राउ गरी कहाँ राखिएको छ भन्ने कुराको जवाफ मात्र यस अदालतको सो कज आदेश लगायत त्यसपछिका अन्य आदेशहरुमा माग गरिएको देखिन्छ । प्रस्तुत रिट निवेदन बन्दीप्रत्यक्षीकरण भएको र बन्दीप्रत्यक्षीकरण रिटको मूलभूत अर्थ र मान्यता नै बन्दीको थुनाको औचित्य र आधार खोज्ने र सो बमोजिम नभएमा थुना मुक्त गर्ने नै हो ।

यस अदालतको मिति ०६१।१२।५ को आदेशानुसार निवेदकलाई गोरखामा पक्राउ गरी त्यहाँ स्थित दि फेमस महीन्द्रदल गणमा नजरबन्दमा राखिएको भन्ने सेनाको जवाफ सम्बन्धमा जिल्ला प्रशासन कार्यालय गोरखाको जवाफ माग हुँदा जिल्ला प्रशासन कार्यालय गोरखाबाट निवेदक कृष्ण के.सी. लाई

मिति ०६१।११।३ मा गोरखा जिल्ला बुंकोट गा.वि.स. वडा नं. २ मा पक्राउ गरिएको र निजको साथबाट सकेटवम, आतङ्ककारी सँग सम्बन्धित कागजात र चन्दा प्याड समेत फेला पारिएकोले मिति ०६१।११।४ मा बसेको सुरक्षा समितिले निजलाई नजरबन्दमा राख्ने निर्णय गरिएकोले नजरबन्दमा राखिएको भन्ने उल्लेख भएको देखिन्छ । उक्त जिल्ला प्रशासन कार्यालयको जवाफमा निजबाट सकेटबम चन्दा प्याड लगायतका कागजात फेला परेको भनी उल्लेख भए तापनि सो को वस्तुनिष्ठ प्रमाण पेश गर्न सकेको देखिदैन भने लिखित जवाफमा समेत उक्त फेला पारिएका वस्तु तथा कागजात र सो को वरामदी मुचुल्का समेत उल्लेख गर्न सकेको देखिदैन । यस बाहेक, जिल्ला सुरक्षा समितिलाई नजरबन्दमा राख्ने अधिकार नभएको र निजबाट बम चन्दा प्याड तथा कागजातहरु फेला परेको भए सो सम्बन्धमा प्रचलित कानून अनुसार अदालतको अनुमतिले अभियुक्तलाई हिरासतमा राखी अनुसन्धान गरी अधिकार प्राप्त अधिकारी समक्ष मुद्दा चलाउनु पर्नेमा सो समेत भए गरेको नदेखिदा निवेदकको थुना गैरकानूनी भएको देखिन आयो । विपक्षीहरुले निवेदकलाई हिरासतमा के कुन प्रयोजनको लागि राखिएको हो र त्यस्तो प्रयोजनको सम्बन्धमा के के अनुसन्धान गरियो भन्ने समेत खुलाउन सकेको नदेखिदा निवेदक विपक्षीहरुको गैरकानूनी हिरासतमा नै रहेको देखियो । यस अदालतबाट मिति ०६२।५।१२ मा पुनः पेशीका दिन बन्दीलाई उपस्थित गराउन लेखी पठाउने तथा निवेदक हाल कुन कानून अन्तर्गत के व्यहोरा आदेशले थुनामा रहेको हो सो को जवाफ माग भएकोमा जिल्ला प्रशासन कार्यालय गोरखाबाट निज निवेदकको नजरबन्दको अवधि ०६२।५।३ मा पूरा भएको र जिल्ला सुरक्षा समितिको बैठकबाट निजलाई छाड्न सक्ने स्थिति नभएकोले उक्त अध्यादेशको दफा ९ बमोजिम गृह मन्त्रालय लेखी पठाई सचिव स्तरको ०६२।४।१८ को निर्णयानुसार थप ६ महिनासम्म नजरबन्द राख्ने अवधि थप भै आएकोले अनुसन्धान कार्य शीघ्र सम्पन्न गर्ने गरी ०६१।५।४ देखि पुनः नजरबन्दमा राखिएको भनी जवाफ प्राप्त भएको देखिन्छ । सो जवाफमा निवेदकलाई त्यसै छाड्न सक्ने स्थिति नभएको भन्ने उल्लेख भएको, तर के कुन कारणले छाड्न नसकिने हो भन्ने उल्लेख भएको देखिदैन । साथै शीघ्र अनुसन्धान कार्य सम्पन्न गर्ने गरी नजरबन्दमा राखिएको भन्ने भनाई हेर्दा निजलाई गत ६ महिनासम्म नजरबन्द राख्दा के कति अनुसन्धान कार्य सम्पन्न भयो र अब के कुन अनुसन्धान प्रकृया पूरा हुन बाँकी छ भन्ने समेत खुलाउन सकेको नदेखिदा निवेदकलाई वस्तुनिष्ठ ढंगबाट नभई आत्मनिष्ठ र हचुवा तवरमा नजरबन्दमा राखेको देखियो । उल्लेखित तथ्य एवं आधार कारण समेतको आधारमा निवेदकको थुना गैरकानूनी देखियो ।

नेपाल अधिराज्यको संविधान, २०४७ ले आफ्नो प्रस्तावनामा नै प्रत्येक नेपाली नागरिकको आधारभूत मानव अधिकार सुरक्षित गरी स्वतन्त्रता र समानता कायम गर्ने तथा स्वतन्त्र एवं सक्षम न्याय प्रणालीको व्यवस्था गरी कानूनी राज्यको अवधारणा कायम राख्ने कुरा उल्लेख गरेको छ भने धारा १२ ले कानून बमोजिम वैयक्तिक स्वतन्त्रताको अपहरण नहुने कुराको प्रत्याभूति समेत गरेको छ । नेपाल अधिराज्यको संविधान, २०४७ को निर्माण गर्दा संविधानको प्रस्तावना मार्फत नेपाली जनतालाई चीरकालपर्यन्त सामाजिक, राजनीतिक एवं आर्थिक न्याय प्राप्त हुन सकोस् भन्ने उद्देश्य राखी प्रत्येक नेपाली नागरिकको आधारभूत मानव अधिकार सुरक्षित गरिने, कानूनी राज्यको अवधारणालाई साकार पार्ने समेतको उद्देश्य लिएको र प्रस्तावनामा उल्लेखित उद्देश्यहरु प्राप्त गर्न संविधानका विभिन्न भाग अन्तर्गत ती उद्देश्यहरुलाई आकार र मूर्त रुप दिने व्यवस्था गरिएको छ । मानिसको आधारभूत मानव अधिकार भित्र वैयक्तिक स्वतन्त्रताको हक नै सर्वोपरी रही आएको छ । प्रजातान्त्रिक मूलुकले यसलाई आफ्नो संवैधानिक व्यवस्थामा आधारशिला कै रुपमा राखेको हुन्छ । वास्तवमा प्रजातन्त्रको कसी नै वैयक्तिक स्वतन्त्रताको प्रत्याभूति नै हो । प्रजातान्त्रिक व्यवस्थामा यो हकलाई कुनै पनि वहानामा कुण्ठित गरिदैन । वहुदलीय प्रजातन्त्रलाई अङ्गीकार गरेको हाम्रो मूलुकको संविधानले वैयक्तिक स्वतन्त्रताको हकलाई धारा १२(१) मार्फत स्पष्ट शब्द वाक्यांश र संविधानको प्रस्तावनाको भावना मार्फत प्रत्याभूत गरेको छ । यसरी संविधानद्वारानै

वैयक्तिक स्वतन्त्रताको स्पष्ट प्रत्याभूति गरिएको अवस्थामा संविधान तथा कानून विपरीत वैयक्तिक स्वतन्त्रताको अपहरण गर्ने कार्यलाई मनासिव भन्न सकिदैन ।

अतः उल्लेखित आधार कारणहरु समेतको आधारमा निवेदकलाई वस्तुनिष्ठ आधार र कारण विना गैरकानूनी रुपमा थुनामा राखिएको देखिंदा निवेदक बन्दीलाई थुनामुक्त गर्नु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी दिएको छ । बन्दीलाई तुरुन्त थुना मुक्त गरी दिनु । मिसिल नियमानुसार गरी बुझाई दिनु ।

उक्त रायमा म सहमत छु ।

न्या. दामोदरप्रसाद शर्मा

इति सम्वत् २०६२ साल आश्विन ६ गते रोज ५ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी
माननीय न्यायाधीश श्री वलराम के.सी.

सम्वत् २०६२ सालको रिट नं. १६२

आदेश मितिः २०६२।७।४।६

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : काठमाडौं जिल्ला काभ्रेस्थली गा.वि.स. वडा नं. १ घर भै हाल भद्रबन्दी गृहमा थुनामा रहेका राजेन्द्र फुयाँलको हकमा निजको पिता खगेन्द्रप्रसाद फुयाँल

विरुद्ध

विपक्षी : श्री ५ को सरकार गृह मन्त्रालय, काठमाडौं समेत

- **थुनामा राख्न आदेश गर्ने र थुनामा राख्ने अवधि समाप्त भैसकेपश्चात् पनि बन्दीलाई नछाडी अदालतलाई देखाउन मात्र बन्दी छाडेको कागज तयार गर्ने र पुनः थुनामा राख्ने आदेश गर्ने राज्यपक्षबाट हुने गैरजिम्मेवारी कार्यलाई यस अदालतले** Tolerate **गर्न नसक्ने ।**

- **निवेदकलाई थुनाबाट मुक्त गरी कानून विपरीत राज्यको तर्फबाट हुने** Gross and Systematic Violation of Human and Fundamental Right **का घटना दोहोरिन नदिन उचित र आवश्यक कदम चाल्नु पर्ने ।**

आदेश

- न्या. वलराम के.सी.

१. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३, ८८(२) अन्तर्गत परेको प्रस्तुत रिट निवेदनको संक्षिप्त व्यहोरा र आदेश यसप्रकार छः

२. कान्तिपुर सेक्युरिटी सर्भिस अन्तर्गत रही शहरी विकास विभाग बबरमहलमा सेक्युरिटी गार्डको रूपमा कार्यरत छोरा राजेन्द्र फुयाँललाई मिति २०६१।१।११ गते अन्दाजी बेलुका ५ बजेको समयमा धुम्बाराही स्थित शंख पार्क नजिकको मूल सडकमा हिडिरहेको अवस्थामा ५-७ जना सादा पोषाकमा ट्याक्सीमा आएका शाही नेपाली सेनाले एक्कासी गोली चलाउँदा निजको छातीमा र हातमा १।१ गोली लागे पछि निज भुईमा ढलेर बेहोस भएको अवस्थामा सोही ट्याक्सीमा राखी छाउनी हस्पिटलमा लगी २०६१।२।११ सम्म उक्त अस्पतालमा राखी मिति २०६१।२।१२ देखि विपक्षी जगदल गण छाउनीमा राखी २०६१।३।२५ का दिन आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजांय) अध्यादेश, २०६१ को दफा ९ बमोजिम पहिलो पटक ३ महिना नजरबन्दमा राखी तत्पश्चात् मिति २०६१।६।२० का दिन रिहा गरेको पुर्जी बुझाई रिहा नगरी पुनः पक्राउ गरी २०६१।६।२५ का दिन सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) र ५.२.१ बमोजिम मिति

२०६१।९।२० को श्री ५ को सरकार सचिवस्तरको निर्णय बमोजिम भनी ६ महिना सम्मको नजरबन्दको आदेश दिई थुनामा राखेकोमा २०६१।१२।२५ का दिन पुनः नजरबन्दबाट रिहा गर्ने आदेश गरी सो बमोजिम रिहा नगरी केन्द्रिय कारागार त्रिपुरेश्वरबाट बाहिर निकाली विपक्षी जि.प्र.का. काठमाडौंको हिरासतमा राखियो । पुनः मिति २०६१।१२।३० को दिन आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजाय) अध्यादेश, २०६१ को दफा ३(१) मा उल्लेखित काम कुराबाट रोक्नका लागि भनी दफा ९ ले दिएको अधिकार प्रयोग गरी नजरबन्दमा राख्ने गरी दिएको आदेशबमोजिम निजलाई हाल विपक्षी भद्रबन्दी गृहमा गैरकानूनी थुनामा राखिएको छ । यसरी निवेदकलाई २०६१ साल वैशाख देखि लगातार विपक्षीहरूले नजबन्दको आदेश दिई थुनामा राखि रहेको कार्यबाट निवेदकको नेपाल अधिराज्यको संविधान २०४७ द्वारा प्रत्याभूत मौलिकहक तथा नागरिक अधिकार ऐन, २०१२ द्वारा प्रदत्त हकमा समेत अनुचित बन्देज लगाएकोले विपक्षीको नाउँमा उपयुक्त र आवश्यक आदेश जारी गरी निवेदक राजेन्द्र फुयाँललाई अदालत समक्ष उपस्थित गराउन लगाई संविधानको धारा ८८(२) बमोजिम बन्दीप्रत्यक्षीकरण लगायत जो चाहिने आदेश वा पुर्जी जारी गरी निजको हकको संरक्षण गरी गैरकानूनी थुनाबाट मुक्त गरिपाऊँ भन्ने मिति २०६२।६।७ को निवेदन ।

३. यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश जारी गर्नु नपर्ने भए ३ दिन भित्र लिखित जवाफ पेश गर्नु भन्ने व्यहोराको यस अदालतको आदेश ।

४. रिट निवेदकलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजांय) अध्यादेश २०६१ अनुसार सम्बन्धित सुरक्षा अधिकारीको आदेशले नजरबन्दमा राखेको बुझिन आएकोले प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ भन्ने विपक्षी गृह मन्त्रालयको लिखित जवाफ ।

५. निवेदकलाई गैरकानूनी थुनामा राखेको भन्ने भनाई झुट्टा हो । निवेदक नेपाल अधिराज्यको सार्वभौम सत्ता अखण्डता वा सार्वजनिक शान्ति भंग गर्ने कार्यमा संलग्न रहेको भन्ने बुझिन आई खोजी गर्ने क्रममा २०६१।६।२५ मा बौद्धमा फेला पारी पक्राउ भई आएकोले सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३ को उपदफा १ बमोजिम नजरबन्दमा राख्ने आदेश भै नजरबन्दमा रहेकोमा नजरबन्दबाट रिहा भएकोमा पुनः निजले आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजाँय) अध्यादेश २०६१ को दफा (१) मा उल्लेखित कसूर गरेको देखिएकोले मिति २०६१।१२।२९ मा पक्राउ गरी सोही अध्यादेशको दफा ९ बमोजिम नजरबन्दमा राख्ने आदेश भै नजरबन्दमा रहेको हुँदा झुट्टा रिट निवेदन खारेज गरिपाऊँ भन्ने विपक्षी जिल्ला प्रहरी कार्यालय काठमाडौंको लिखित जवाफ ।

६. निवेदक भद्रबन्दी गृहको थुनामा रहेको भन्ने उल्लेख भएकोले निज शाही नेपाली सेनाको हिरासतमा नरहेको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने विपक्षी शाही नेपाली जंङ्गी अड्डाको तर्फबाट प्रस्तुत लिखित जवाफ ।

७. रिट निवेदक राजेन्द्र फुयाँल माओवादी आतङ्ककारी किसान सङ्गठनका सदस्य समेत रही आतङ्ककारी गतिविधिमा सक्रिय रहेकोले निजलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजाँय) अध्यादेश २०६१ को दफा ३(१) (क) को काम गर्नबाट रोक्न सोही अध्यादेशको दफा ९ बमोजिम २०६१।१२।३० देखि लागु हुने गरी छानविन तथा अनुसन्धानको लागि नजरबन्दमा राखिएकोमा निज राजेन्द्र फुयाँल जितपुर फेदी गा.वि.स.कार्यालयमा बम विष्फोट गराएको अभियोगमा प्रचलित कानून बमोजिम कारवाही गरी मुद्दा चलाउनु पर्ने देखिएकोले निज उपर कानून बमोजिम कारवाही

गर्न जि.प्र.का.काठमाडौंलाई बोधार्थ दिई छानविन तथा अनुसन्धान केन्द्र सुन्दरीजल काठमाडौंमा च.नं. १३० मिति २०६२।५।२८ मा पत्र लेखि सकिएको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौंको तर्फबाट प्रस्तुत लिखित जवाफ ।

८. निवेदक भद्रबन्दी गृहमा थुनामा रहेको भन्ने उल्लेख भएको हुँदा निज जगदल गणको हिरासतमा नहरेकोले रिट निवेदन खारेज गरिपाऊँ भन्ने विपक्षी जगदल गणको तर्फबाट प्रस्तुत लिखित जवाफ ।

९. नियमबमोजिम पेश हुन आएको प्रस्तुत निवेदनमा निवेदक तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री हरिकृष्ण कार्कीले निवेदक राजेन्द्र फुयाँललाई विपक्षीहरूले संविधान र कानूनको न्यूनतम पालना सम्म पनि नगरी गैरकानूनी रूपमा थुनामा राखेकोले निवेदकलाई त्यस्तो गैरकानूनी थुनाबाट मुक्त गरी दिनु भनी विपक्षीहरूको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्छ भनी तथा विपक्षी गृह मन्त्रालय समेतको तर्फबाट उपस्थित विद्वान उप न्यायाधीवक्ता श्री जनकबहादुर अधिकारीले निवेदक राजेन्द्र फुयाँललाई बम विष्फोटनको अभियोगमा मुद्दा चलाउने तयारी भै रहेको हुँदा रिट निवेदन खारेज हुनुपर्छ भनी गर्नु भएको बहस सुनी मिसिल संलग्न कागजातको अध्ययन गर्दा रिट निवेदक राजेन्द्र फुयाँललाई विपक्षीहरूले गैरकानूनी थुनामा राखेको हो, होइन ? निवेदन माग बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने हो, होइन ? निर्णय दिनुपर्ने देखियो ।

१०. निर्णय तर्फ विचार गर्दा रिट निवेदक राजेन्द्र फुयाँललाई नजरबन्दमा राख्ने सम्बन्धको जिल्ला प्रशासन कार्यालय काठमाडौंको मिसिल संलग्न प्रारम्भिक सोधपुछ विवरण हेर्दा निज बन्दीलाई मिति २०६०।१०।२९ गते धुम्बाराही शंख पार्कमा निजको मीत दाईलाई भेटन जाँदा सादा पोषाकमा आएका सुरक्षाकर्मीले बोलाई चेक जाँच गर्दा भागेकोले गोली प्रहार गरी घाइते बनाई पक्रिएको भन्ने उल्लेख भएको देखिन्छ । सोही विवरणमा २०६१ साल वैशाख १० गते शंखपार्कमा मीतदाईलाई भेटी कुरा गरी रहेको समयमा ३।४ जनाको समुहमा आएका सादा पोषाकका सुरक्षाकर्मीहरूको कारवाहीमा २ गोली लागि निज घाइते भएको निजले वयानमा बताएको भन्ने समेत उल्लेख भएको छ । यसरी निवेदक राजेन्द्र फुयाँललाई विपक्षीहरूले मिति २०६१।१।१० गते नै पक्राउ गरी सकेको भन्ने उक्त विवरणबाट प्रष्ट रूपमा देखिई रहेकोमा निज निवेदकलाई पहिलो पटक २०६१।३।२५ गतेका दिन आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजाय) अध्यादेश २०६० को दफा ९ बमोजिम जिल्ला प्रशासन कार्यालय काठमाडौंको आदेशले ३ महिना नजरबन्दमा राखि २०६१।६।२ गते रिहा पुर्जी दिएको तर रिहा गरे लगत्तै पक्राउ गरी २०६१।६।२५ गतेका दिन अर्को कानून सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) र पुनः दफा ५.२.१ बमोजिम २०६१।९।२० गतेको श्री ५ को सरकार सचिव स्तरको निर्णय अनुसार ६ महिना थप नजरबन्दमा राखेको देखियो । तत् पश्चात् २०६१।१२।२५ गते रिहा गर्ने पुर्जी दिई रिहा नगरी जि.प्र.का. हनुमानढोका लगि मिति २०६१।१२।३० गते देखि पुनः आतङ्ककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण अध्यादेश २०६१ को दफा ९ बमोजिम अर्को नजरबन्दको आदेश गरी निवेदकलाई पहिलो पटक नजरबन्दमा राखेदेखि लगातार नजरबन्दमा राखेको भन्ने देखिन आयो । विपक्षीहरूको लिखित जवाफ र सरकारी वकिलबाट प्राप्त फाइलबाट पनि निवेदकलाई कहिले एउटा ऐन र कहिले अर्को ऐन लगाई विना आधार र कारण पटक-पटक म्याद थप गर्दै नजरबन्दमा राखेको र नजरबन्दमा राख्ने अवधि समाप्त भएपछि कानून बमोजिम निवेदकलाई नजरबन्दबाट रिहा गर्नुपर्नेमा कागजमा मात्र रिहा गरेको देखाई लगातार नजरबन्दमा राखेको देखियो । प्राप्त फाइलबाट त्यति लामो अवधि विना आधार र कारण लगातार थुनामा राखेपछि अब बम विष्फोटन

गराएको आरोपमा मुद्दा चलाउने भन्ने छानविन तथा अनुसन्धान केन्द्रको मिति २०६२।५।२४ को पत्रबाट देखिए तापनि आज प्रस्तुत मुद्दाको यस इजलासमा सुनवाई हुँदाको अवस्था सम्म निवेदकलाई मुद्दा पनि नचलाएको र कुनै अदालतमा पेश गरी थुनामा राख्ने अनुमति पनि नलिएको सरकारी वकिलको बहस समेतबाट खुल्न आएको हुँदा र निजको नजरबन्द २०६२।६।२२ मा पूरा हुने भन्ने प्राप्त फाइल संलग्न २०६२।५।२३ को जिल्ला प्रशासन कार्यालय काठमाडौंको पत्रबाट देखिई रहेकोमा निवेदक आज सम्म गैरकानूनी थुनामा रहेको भन्ने स्पष्ट हुनआयो ।

११. यसरी निवेदकलाई मिति २०६१।१।१० मा पक्राउ गरेपश्चात् २०६१।३।२४ सम्म विना कुनै आदेश थुनामा राखेको पाइयो । तत् पश्चात् २०६१।३।२५ मा मात्र आतङ्ककारी तथा विध्वंसात्मक कार्य ( नियन्त्रण र सजांय) अध्यादेश अन्तर्गत नजरबन्दमा राखेको र सो नजरबन्दबाट रिहा नगरी सार्वजनिक सुरक्षा ऐन, २०४६ बमोजिम ६ महिना नजरबन्दमा राखेको पाइयो । उक्त नजरबन्दबाट पनि रिहा नगरी २०६१।१२।३० देखि पुन आतङ्ककारी तथा विध्वंसात्मक कार्य ( नियन्त्रण र सजाँय) अध्यादेश, २०६१ अन्तर्गत ६ महिनाको लागि अर्को नजरबन्दमा राखिएकोबाट निवेदकलाई कहिले एउटा कानून त कहिले अर्को कानून अन्तर्गत निरन्तर करिव १ वर्ष ३ महिना भन्दा बढी नजरबन्दमा राखि रहेको देखिंदा आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजाँय) अध्यादेश २०६१ को दफा ९ तथा सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) र ५(२)(१) ले तोकेको नजरबन्दमा राख्न सकिने अधिकतम अवधि ६ महिना भन्दा पनि बढी अवधि सम्म निवेदकलाई नजरबन्दमा राखिएको पाइयो । उपरोक्त कानूनले दिएको अधिकार भन्दा बढी अवधी नजरबन्दमा राख्ने गरी विपक्षीहरूबाट स्वेच्छाचारी रूपमा उपरोक्त कानूनको दुरूपयोग गरी निवेदकलाई नजरबन्दको आदेश दिई थुनामा राखेको पाइयो । निवेदकलाई नजरबन्दमा राख्ने सम्बन्धमा विपक्षीहरूबाट प्रयोग भएका उपरोक्त कानूनहरूले पनि विपक्षीहरूलाई यस्तो प्रकारको स्वेच्छाचारी रूपमा नजरबन्दको आदेश जारी गर्ने अधिकार दिएको छैन । यस अवस्थामा निवेदक राजेन्द्र फुयाँललाई नजरबन्दमा राख्ने सम्बन्धमा विपक्षीहरूबाट भएको आदेश कानूनसम्मत रूपमा भएको देखिएन । अर्को तर्फ त्यस्तो गैरकानूनी आदेशबाट नजरबन्दमा राखिएको त्यस्तो नजरबन्दको अवधि समेत २०६२।६।२२ मै समाप्त भैसकेको अवस्थामा पनि निवेदकलाई विपक्षीहरूबाट हालसम्म निरन्तररूपमा थुनामा राखिएको कार्यलाई कुनै पनि हालतमा न्यायोचित मान्न सकिदैन । अतः यस्तो थुनालाई कानूनबमोजिम थुनामा राखेको भन्न नमिल्नुका साथै (Malafied Intention) बद्नियतबाट निवेदक थुनामा रहेको भन्नु पर्ने हुन्छ । कानूनी राजको आधारमा राज्य सञ्चालन हुने, कानून बमोजिम बाहेक कसैको वैयक्तिक स्वतन्त्रता अपहरण हुन नसक्ने हाम्रो संवैधानिक व्यवस्था, नेपालले हस्ताक्षर गरी नेपाल कानून सरह लागु भएको मानव अधिकार सम्बन्धी विभिन्न महासन्धिका प्रावधानहरू, नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(६) र धारा १५(१) को व्यवस्था बमोजिम पक्राउ परेको व्यक्तिलाई २४ घण्टा नघाई हिरासतमा राख्नु पर्दा अदालतको अनुमति लिनु पर्ने बाध्यात्मक व्यवस्था, निवारक नजरबन्दमा राख्नु पर्दा पर्याप्त आधार र कारण भएमात्र राख्न सकिने उपरोक्त संवैधानिक व्यवस्था तथा निवारक नजरबन्द सम्बन्धमा आतङ्ककारी तथा विध्वसात्मक कार्य (नियन्त्रण र सजाय) अध्यादेश २०६१ को दफा ९ र सार्वजनिक सुरक्षा ऐन, २०४८ को दफा ३(१) का सम्बन्धमा यस अदालतबाट पटक-पटक भएको व्याख्या विपरीत निवेदकलाई गैरकानूनी तरिकाले आजसम्म थुनामा राखी निवेदकको मौलिकहक कानून विपरीत अपहरण भएकोमा यस अदालतले बडो गम्भीरता साथ लिएको छ । नागरिकको हकको राज्यबाट भएको यस्तो Gross and Systematic Violation of Human and Fundamental Right को घटना नदोहोरिन अब उचित र आवश्यक कदम चाल्नु भनी श्री ५ को सरकारको ध्यानाकर्षण गराइएको छ । अतः माथि

उल्लेखित आधार कारणहरूबाट निवेदक राजेन्द्र फुयाँललाई नजरबन्दमा राख्ने सम्बन्धमा विपक्षीहरूबाट भएको आदेश तथा सम्पूर्ण कामकारवाही गैरकानूनी एवं बद्नियतपूर्ण देखिएकोले निवेदकको थुना संविधान एवं कानून विपरीतको हुँदा निवेदक राजेन्द्र फुयाँललाई अविलम्ब थुनाबाट मुक्त गरी दिनु भनी विपक्षीहरूको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ ।

१२. कानूनबमोजिम निवारक नजरबन्दमा राख्दा यस अदालतबाट स्थापित सिद्धान्त र संवैधानिक व्यवस्थालाई ध्यानमा राखी थुनामा राख्नुपर्ने पर्याप्त आधार र कारण भएमा मात्र थुनामा राख्न सकिनेमा त्यसको विपरीत थुनामा राख्न आदेश गर्ने र थुनामा राख्ने अवधि समाप्त भैसके पश्चात् पनि बन्दीलाई नछाडी अदालतलाई देखाउन मात्र बन्दी छाडेको कागज तयार गर्ने र पुनः थुनामा राख्ने आदेश गर्ने राज्य पक्षबाट हुने गैरजिम्मेवारी कार्यलाई यस अदालतले Tolerate गर्न सक्दैन । त्यसरी आदेश गर्ने र बन्दीलाई कागजमा मात्र छाडेको देखाउने सम्बन्धित कर्मचारी र यदि कसैको आदेशानुसार त्यसो गरिएको हो भने त्यस्तो आदेश गर्ने अधिकारीलाई समेत कानूनबमोजिम विभागीय कारवाही गरी सो को जानकारी यस अदालतलाई दिनु भनी विपक्षी गृह मन्त्रालयलाई लेखि पठाउनु । निवेदक राजेन्द्र फुयाँललाई थुनाबाट मुक्त गरी दिनु र कानून विपरीत राज्यको तर्फबाट हुने यस्ता Gross and Systematic Violation of Human and Fundamental Right का घटना दोहोरिन नदिन उचित र आवश्यक कदम चाल्नु भनी माननीय गृह मन्त्रीलाई समेत यो आदेशको प्रतिलिपि दिनु भन्ने सम्बन्धमा आज यसै इजलासबाट छुट्टै आदेश भैसकेको हुँदा थप केही गरी रहन परेन ।

१३. यसका अतिरिक्त नागरिकहरूको मानव अधिकारको हनन र वैयक्तिक स्वतन्त्रताको अपहरणबाट सरकार प्रजातान्त्रिक हो वा Dictatorial हो देखिन्छ । प्रजातान्त्रिक सरकारले नागरिकहरूको मौलिक हक एवं मानव अधिकारको संरक्षण गर्दछ । प्रजातान्त्रिक सरकारले Rule of Law र संविधानलाई राज्य सञ्चालनको मूल मन्त्र बनाउँछ । मानव अधिकारको उलङ्घन गर्दैन यदि उलङ्घन भई हाले पनि तुरुन्त कारवाही गर्दछ । सरकार गठन पश्चात् सत्ता सम्हाल्नु अगाडि सपथ ग्रहण गर्दा सपथ ग्रहणको Operative part मा उल्लेखित संविधानलाई Uphold, preserve, protect and defend the constitution भन्ने वाक्यलाई सपथ ग्रहण गर्दा रीत पुऱ्याउनलाई पढ्ने मात्र होइन त्यसको अक्षरशः पालना समेत गर्दछ । प्रजातान्त्रिक सरकार जहिले पनि संविधान र कानूनीराज प्रति Accountable हुन्छ तर Dictatorial Regime यसको विपरीत हुन्छ । प्रजातन्त्र, मानव अधिकार Rule of Law नारा Slogan मा सीमित हुन्छ । Dictatorial regime, Human Right / Rule of law एकअर्काका Mutually exclusive भने पनि हुन्छ । । Dictatorial regime को Human Right संस्कार नै होइन भने पनि हुन्छ । प्रस्तुत मुद्दामा निवेदकको नजरबन्द यसको प्रमाण हो । निवेदक जतिसुकै ठूलो आतङ्ककारी नै भएपनि एकपटक निवेदकलाई सार्वजनिक सुरक्षा ऐन, २०४६ अन्तर्गत निवारक नजरबन्दमा राखियो त्यसपछि पुनः नजरबन्दमा बढाइयो । त्यतिले नपुगेर निवेदकलाई विध्वंसात्मक तथा आतङ्ककारी अध्यादेश अन्तर्गत निवारक नजरबन्दमा राखियो । त्यसपछि नजरबन्दमा रहेकोलाई छाडेको भन्ने देखाइयो । त्यतिले नपुगेर यस अदालतमा निवेदकको निवेदन परेपछि अब आतङ्ककारी कार्यमा Criminal Investigation गर्ने भनी Judicial Custody मा राख्ने भनियो जुन लिखित जवाफबाट देखिन्छ । यो कस्तो प्रजातन्त्र हो ? नागरिकहरूको हकको संरक्षण गर्ने जिम्मा लिने र सुरक्षा निकायलाई कानूनबमोजिम मात्र परिचालन गर्ने जिम्मा वोकेको गृहमन्त्रीले यसको जिम्मा लिनु नपर्ने ? नेपाल भित्र राज्यमा शान्ति र व्यवस्था अर्थात् Law and Order को जिम्मा लिएको गृहमन्त्रीको तर्फबाट यस्तो Gross and Systematic violation of Human Right हुने तर

यही देशको परराष्ट्र मन्त्रीले UN Resolution को 1603 अन्तर्गत गठित UN Human Right Commission मा नेपालले मानव अधिकार उलङ्घन गरेको छैन भनी प्रतिवेदन पठाउने गर्न मिल्छ ? नेपालको संविधान, नेपालले हस्ताक्षर गरी अनुमोदन गरेको विभिन्न Human Right Covenant हरू तथा Vienna Convention of Law of Treaties/UN Charter ले गर्दा नेपाल Civilized Community of Nations को सदस्य भएको नाताले सबै Treaty/ International Law लाई मान्ने कानूनी कर्तव्य भएको राष्ट्रले आफ्नो Treaty Obligation बाट यसरी Derogate गर्न मिल्छ ? यस तर्फ समेत श्री ५ को सरकारको ध्यानाकर्षण गर्न लेखि पठाई मिसिल नियमानुसार गरी बुझाई दिनु ।

उक्त रायमा सहमत छु ।

न्या. मीनबहादुर रायमाझी

इति सम्वत् २०६२ साल कार्तिक ४ गते रोज ६ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री राजेन्द्रकुमार भण्डारी
माननीय न्यायाधीश श्री ताहिरअली अन्सारी

सम्बत् २०६२ सालको रिट नं. १४७

आदेश मितिः २०६२।१०।१९।४

विषयः बन्दीप्रत्यक्षीकरण लगायत जो चाहिने आदेश वा पूर्जि जारी गरी गैरकानूनी थुनाबाट मुक्त गरी पाउँ ।

निवेदक : गुल्मी जिल्ला दोहली गा.वि.स. वडा नं. ७ चैया घर भई हाल कारागार शाखा कास्कीमा थुनामा रहेकी वर्ष ३४ की खिमादेवी बस्नेत समेत

विरुद्ध

विपक्षी : श्री ५ को सरकार, गृह मन्त्रालय, सिंहदरवार समेत

- **निवारक नजरबन्द भैसकेको कार्य रोक्ने होइन, त्यस्तो संभावित कार्य हुनबाट रोक्न जारी हुने हो तर यहाँ आतङ्ककारी तथा विध्वशात्मक कार्य घटित भैसकेको देखिएको अवस्थामा निवारक नजरबन्दमा होइन, कानून बमोजिम अनुसन्धान तहकिकात गरी सक्षम अदालतमा मुद्दा दायर गर्नुपर्ने ।**
- **६ महिना भन्दा बढी नजरबन्दमा राख्नु पर्ने भएमा पनि आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६२ को दफा ९(१) बमोजिम श्री ५ को सरकार गृह मन्त्रालयको स्वीकृति लिनु पर्नेमा त्यस्तो स्वीकृति लिएको भन्ने नदेखिंदा यसरी थुनामा राखिएको जिल्ला प्रशासन कार्यालयको नजरबन्द आदेश कानून अनुरुप भएको मान्न नमिल्ने ।**
- **निवेदकहरुलाई पर्याप्त आधार र कारण विना कानूनको प्रक्रिया समेत पूरा नगरी नजरबन्द थुनामा राखेको देखिन आई निजहरुको थुना कानून विपरीत हुँदा थुनाबाट मुक्त हुने ।**

आदेश

- न्या. राजेन्द्रकुमार भण्डारी

१. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ र ८८(२) अन्तर्गत यस अदालतमा दायर हुन आएको प्रस्तुत रिटको तथ्य र यस अदालतको ठहर यसप्रकार छः

२. हामी निवेदकहरु स्वतन्त्रपूर्वक आफ्नो जीविकोपार्जन गरिआएका थियौं । हामीहरु कुनै पनि आतङ्ककारी गतिविधिमा संलग्न छैनौं र हुनु हुँदैन भन्ने हाम्रो मान्यता रहिआएको छ । यस्तैमा मिति २०६१।१२।१९ का दिन गुल्मीको तम्घासबाट खटिई आएका सुरक्षा फौजले हामी निवेदकहरुलाई आफ्नै गाउँबाट पक्राउ गरी गुल्मी शाही सेनाको व्यारेकमा ६ दिन सम्म राखी २०६१।१२।२३ मा जिल्ला प्रहरी कार्यालय गुल्मीबाट तपाईलाई आतङ्ककारी तथा विध्वंसात्मक अपराध मुद्दामा अनुसन्धान र तहकिकातको सिलसिलामा प्रहरी हिरासतमा राखिएको भनी एकै व्यहोराका पूर्जि थमाइयो । ०६१।१२।२४ का दिन जिल्ला प्रशासन कार्यालय गुल्मीका प्र.जि.अ.ले

आतङ्ककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण तथा सजाय अध्यादेश, २०६१ को अधिकार प्रयोग गरी आतङ्ककारी तथा विध्वंसात्मक कार्य हुने काम कुराबाट रोक्नका लागि सोही अध्यादेशको दफा ९ अनुसार ६ महिनासम्म नजरबन्दमा राख्ने एकै व्यहोराका आदेश दिइयो । सोही आदेशका आधारमा केही दिन गुल्मी कारागारमा राखी हाल जिल्ला कारागार शाखा कास्की पोखरामा राखिएको छ ।

३. हामी निवेदकहरु कुनै पनि आतङ्ककारी तथा माओवादी गतिविधिमा संलग्न छैनौं भन्ने कुरा जिल्ला प्रशासन कार्यालय गुल्मीबाट दिइएको आदेशबाटै प्रष्ट हुन्छ । हाम्रो कुन त्यस्तो गतिविधिबाट अध्यादेशको दफा ९ बमोजिम नजरबन्दमा राख्नु पर्ने अवस्था विद्यमान देखियो, त्यो खुलाउन सकिएको छैन । अध्यादेशको दफा ३ मा उल्लिखित कुनै कार्य गर्ने मनासिव आधार र कारण विना नै स्वेच्छाचारी ढंगबाट आदेश जारी गरी हामीलाई नजरबन्दमा राखिएको छ । पहिलो पटक हामीलाई थुनुवा पूर्जि दिंदा अनुसन्धान तथा तहकिकातको सिलसिलामा हिरासतमा राखेको भनी पूर्जि दिइएको छ तर हाल सम्म पनि मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित नगराई गोश्वारा ढंगबाट नजरबन्दमा राख्ने गरी दिइएको आदेश बमोजिम राखिएको थुना गैरकानूनी एवं प्रवृत्त भावनाबाट ग्रसित छ ।

४. विपक्षीहरुद्वारा गरिएका उल्लिखित कार्यबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११, १२ र १४ नेपाल पक्ष राष्ट्र भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध, १९६६ को धारा ६,७ ९ र १४ तथा यातना तथा कुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि, १९८४ को धारा १ र २ समेतले प्रदान गरेको निवेदकहरुको निर्बाध ढंगबाट उपभोग गर्न पाउने आधारभूत हकहरुमा गंभीर आघात पुग्न गएको हुँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३२,३३,३४ र ३५ मा उल्लिखित प्रक्रिया अपनाई उपयुक्त र आवश्यक आदेशहरु जारी गरी निवेदकलाई यस अदालत समक्ष उपस्थित गराउन लगाई सोही नियमावलीको नियम ३६ र संविधानको धारा ८८(२) बमोजिमको बन्दीप्रत्यक्षीकरण लगायत जो चाहिने आज्ञा, आदेश वा पूर्जि जारी गरी निवेदकहरुको उल्लेखित सम्पूर्ण हकको संरक्षण गरी गैरकानूनी थुनाबाट समेत मुक्त गरिपाऊँ भन्ने व्यहोराको रिट निवेदन ।

५. विपक्षीहरुबाट ३ दिन भित्र लिखित जवाफ मगाई आएपछि वा अवधि नाघेपछि पेश गर्नु भन्ने यस अदालतबाट भएको कारण देखाउ आदेश ।

६. रिट निवेदक खिमादेवी बस्नेत समेतलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण तथा सजाय अध्यादेश, २०६१ अनुसार सम्बन्धित सुरक्षा अधिकारीको आदेशले नजरबन्दमा राखेको बुझिन आएकोले प्रस्तुत रिट निवेदन खारेज गरी पाउ भन्ने व्यहोराको गृह मन्त्रालयको लिखित जवाफ ।

७. रिट निवेदनमा उल्लिखित खिमादेवी बस्नेत समेत ६ जनालाई स्थानीय जनताहरुले निजहरुले गरेको स्थानीय जनता माथिको ज्यादती र अत्याचार सहन नसकी मिति २०६१।१२।१९ गते आफ्नो नियन्त्रणमा लिई भैरवप्रसाद गुल्म गुल्मी व्यारेकमा बुझाएको र निजहरुलाई सुरक्षा फौजले घर गाउबाट पक्राउ गरी ल्याएको भन्ने कुरा मुद्दा हो । त्यसरी ल्याइएका निवेदक खिमादेवी बस्नेत, भुवन कुवर र निरचन्द्र बस्नेत समेतलाई सो गुल्ममा राखिएकोमा आवश्यक सोधपुछ पश्चात निजहरुसँगबाट वरामद भएका २ थान सकेट बम तथा अन्य कागजातसहित सो भैरवप्रसाद गुल्मबाट ०६१।१२।२३ गते यस प्रहरी कार्यालयमा बुझाइएको थियो । प्रहरी हिरासतमा राख्नको लागि ०६१।१२।२३ गते पक्राउ पूर्जि तथा थुनुवा पूर्जि दिई मिति २०६१।१२।२४ गते नै आवश्यक कारवाही गरिपाऊँ भनी जिल्ला प्रशासन कार्यालयमा पठाइएको र सो कार्यालययको आदेशानुसार

नजरबन्दमा राखिएको हो । यसरी निवेदकहरुको कार्य प्रकृति र कसूरबमोजिम आतङ्ककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण अध्यादेश, २०६१ को दफा ९ अनुसार कानुन बमोजिम थुनुवा पूर्जि दिई अधिकार प्राप्त अधिकारीको आदेशले थुनामा राखिएको हुँदा झुट्टा र कपोलकल्पित रिट खारेज गरिपाऊँ भन्ने व्यहोराको जिल्ला प्रहरी कार्यालय गुल्मीको लिखित जवाफ ।

८. निवेदकहरुले गाउँघरमा शान्तिसँग रहे बसेका जनतालाई आतङ्ककारीको नाममा चन्दा उठाउने र चन्दा नदिनेलाई कुटपीट गर्ने, यातना दिने आदि कार्य गरेकोले गाउले जनताले पक्राउ गरी सुरक्षासाथ सुरक्षा फौजमा बुझाएको र निजहरुलाई छानविन गर्दा आतङ्ककारी समुहमा लागि त्यस्तो कार्य गर्दै आएको कुरा स्वीकार गरेकोले निजहरु समेतलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ को दफा ३(१) को कसूरमा ऐ. अध्यादेशको दफा ९ अनुसार ६ महिनाको नजरबन्दमा कारागार शाखा गुल्मीमा राखिएकोमा यस जिल्लाको कारगारमा क्षमताभन्दा बढी कैदी भएकोले शान्ति सुरक्षाको स्थितिलाई ध्यानमा राखी जिल्ला प्रशासन कार्यालय कारागार शाखा कास्कीमा पठाइएको छ । रिट निवेदनमा उल्लेख भएका कुरा कपोलकल्पित र निराधार छन् । निजहरुलाई उक्त अध्यादेश अनुसार कारागार शाखामा राख्दा कुनै अमानवीय व्यवहार नभएको र नेपाल अधिराज्यको संविधान तथा अन्य कानूनद्वारा प्रदत्त निजहरुको हकमा आघात पार्ने कम भएको छैन । यसरी निवेदकहरुले सर्वसाधारण गाउँलेलाई हातहतियार देखाई जबर्जस्ती चन्दा दिन लगाउने र धम्काउने समेतको कार्य गरेबाट गाउँलेद्वारा न पक्राउ भई कानून बमोजिम कारवाही गरी थुनामा राखिएको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने एकै व्यहोराको जिल्ला प्रशासन कार्यालय गुल्मी र ऐ.को प्रमुख जिल्ला अधिकारीको छुट्टा छुट्टै लिखित जवाफ ।

९. निवेदकहरुलाई जिल्ला प्रशासन कार्यालय गुल्मीको च.नं. ६६२ मिति २०६१।१२।२४ को पत्रादेशले यस कारागारमा नजरबन्द थुनामा राखिएको हो । यस कारागारले कारागार नियमावली, २०२० को नियम ४ बमोजिम प्र.जि.अ.ले थुनामा राख्न पठाएका थुनुवाहरुलाई बुझी लिई थुनामा राख्नु पर्ने हुन्छ । यस कारागारले आफू खुशी थुनामा राखेको होइन, निवेदन झुट्टा हो । निजहरुको मौलिक हक हनन गरिएको छैन, रिट खारेज गरिपाऊँ भन्ने व्यहोराको कारागार शाखा कास्कीको लिखित जवाफ ।

१०. ०६२।८।१० को पत्रसहितको कागजातबाट निवेदकहरु जिल्ला प्रशासन कार्यालय कास्कीको मिति ०६२।७।१ को आदेशबाट नजरबन्दमा रहेको देखिएकोले जिल्ला प्रशासन कार्यालय कास्कीलाई ३ दिन भित्र लिखित जवाफ पठाउन सूचना पठाई आएपछि पेश गर्नू भन्ने यस अदालतबाट ०६२।८।३० मा भएको आदेश ।

११. ने.क.पा. माओवादी आतङ्ककारीहरुले नेपाल अधिराज्यको विभिन्न शहरी क्षेत्रहरु तथा आसपासका गा.वि.स. क्षेत्रहरुमा आफ्ना कार्यकर्ताहरुलाई परिचालन गराई पार्टीको सङ्गठन विस्तार गर्ने, चन्दा उठाउने, प्रशिक्षण दिने, शान्ति सुरक्षामा खलल पुऱ्याउने जस्ता कार्यहरु गरेका छन् भन्ने विशेष सूत्रबाट बुझिन आएको हुँदा त्यस्ता कार्य रोक्न सुरक्षा फौजको टोली पोखरा उ.म.न.पा. तथा आसपासका गा.वि.स.हरुमा परिचालित गराइएकोमा २०६१।६।३१ गते कास्की जिल्ला कालिका गा.वि.स. वडा नं. ६ सुनपदेली भन्ने स्थान विजयपुर खोलाको छेउ पुग्दा केही व्यक्तिहरु भेला जम्मा भएको र निजहरुलाई नियन्त्रणमा लिई पक्राउ गर्न सफल भएका केही व्यक्तिहरुलाई तत्काल सोधपुछ गर्ने क्रममा निजहरु माओवादी आतङ्ककारी समुहमा आबद्ध भई कार्य गरेको कुरा प्रष्टसँग बताएका हुँदा आवश्यक कारवाहीको लागि दाखिल गरेका छौं भन्ने प्रहरीको प्रतिवेदन

साथ दाखिला भई आएको हुँदा निजहरुले कुनै पनि समयमा अन्य जघन्य प्रकृतिका घटनाहरु घटाउन सक्ने संभावना रहेकोले निजहरुलाई तत्काल नजरबन्दमा नराख्दा नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता,सार्वजनिक शान्ति र व्यवस्थामा खलल पुग्ने अवस्था विद्यमान हुँदा निजहरुलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य(नियन्त्रण तथा सजाय)अध्यादेश,२०६१ को दफा ९ बमोजिम सम्बन्धित कागजात र निवेदक समेतका मानिसहरु समेत दाखिल गरिएको भनी जिल्ला प्रहरी कार्यालय कास्कीको च.नं. ३६१० मिति २०६२।७।१ को पत्रसाथ यस कार्यालयमा पेश हुन आएको थियो । माथि उल्लिखित आधारहरु समेतबाट निज निवेदकहरु समेतलाई कानून बमोजिमको प्रक्रिया पुऱ्याई नजरबन्दमा राख्न मनासिव हुने आधार प्रमाणहरु देखिएकोले ०६२।७।१ देखि लागू हुने गरी बढीमा ६ महिना सम्मको लागि आतङ्ककारी तथा विध्वसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, ०६१ को दफा ९ बमोजिम कारागार शाखा कास्कीमा नजरबन्दमा राखिएको हुँदा रिट खारेज गरिपाऊँ भन्ने व्यहोराको जिल्ला प्रशासन कार्यालय कास्कीको लिखित जवाफ ।

१२. नियम बमोजिम पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदक तर्फबाट विद्वान अधिवक्ता श्री अम्बर राउतले निवेदकहरुलाई २०६१।१२।१९ देखि सुरक्षाकर्मीले पक्राउ गरेदेखि हालसम्म निरन्तर थुनामा राखिएको छ । ०६१।१२।१९ मा पक्राउ गरिए पनि ०६१।१२।२३ मा अनुसन्धान गर्न भनी थुनुवा पूर्जि दिइएको छ । ०६२।६।२५ मा थुनाबाट छोडिएको भन्ने कागजबाट देखाइएको छ । वास्तविक रुपमा निजहरुलाई छोडिएकै छैन । निजहरुलाई पक्राउ गरेको ५ दिन पछि अर्थात २०६१।१२।२४ मा जिल्ला प्रशासन कार्यालयले आतङ्ककारी तथा विध्वंसात्मक (अपराध र सजाय) अध्यादेश, २०६१ को दफा ९ बमोजिम थुनामा राखेको पनि पूर्जि दिइएको छ । सो अध्यादेशको दफा पूर्जिमा उल्लेख हुनु मात्र पर्याप्त हुँदैन, कुन कुन अवस्था र आधार विद्यमान थियो त्यो खुल्नु र देखिनु पर्छ । पुनः म्याद थपका लागि श्री ५ को सरकार गृह मन्त्रालयबाट स्वीकृति लिनु पर्नेमा सो पनि लिएको देखिँदैन । तसर्थ निवेदकहरुको नजरबन्द थुना गैरकानूनी हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निजहरुलाई थुनाबाट मुक्त गरिनु पर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

१३. विपक्षी तर्फबाट विद्वान सह न्यायाधिवक्ता श्री डिल्लीरमण आचार्यले जिल्ला प्रशासन कार्यालय गुल्मीको च.नं. ८४१ मिति २०६२।६।२३ को पत्रानुसार निवेदकहरु थुनाबाट मुक्त भैसकेकोमा निजहरु पुनः आतङ्ककारी गतिविधि गरिरहेको अवस्थामा पुनः पक्राउ परी जिल्ला प्रशासन कार्यालय कास्कीको ०६२।७।१ को पूर्जि अनुसार ६ महिनाको लागि नजरबन्दमा राखिएको हो । आतङ्ककारी तथा विध्वंसात्मक कार्य र (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६२ को दफा ९ बमोजिम नजरबन्दमा रहेकोलाई कानून विपरीत भन्न नमिल्ने हुँदा रिट खारेज हुनुपर्छ भनी बहस गर्नुभयो ।

१४. उपरोक्त बहस बुँदा, निवेदन जिकिर, विपक्षीहरुको लिखित जवाफ र सम्बद्ध कागजात सहितको फाइल समेत अध्ययन गर्दा यसमा निवेदकको माग वमोमिजको आदेश जारी गर्न मिल्ने, नमिल्ने सम्बन्धमा नै निर्णय गर्नुपर्ने हुन आयो ।

१५. यसमा निवेदकले आफूहरुलाई २०६१।१२।१९ मा पक्राउ गरेकोमा ०६१।१२।२३ मा आतङ्ककारी तथा विध्वंसात्मक कार्य अपराधमा अनुसन्धान र तहकिकातका सिलसिलामा प्रहरी हिरासतमा राखी मुद्दाको अनुसन्धान कार्य गर्न भनी जिल्ला प्रहरी कार्यालय गुल्मीबाट र ०६१।१२।२४ गते जिल्ला प्रशासन कार्यालय गुल्मीबाट आतङ्ककारी तथा विध्वंसात्मक कार्य हुने काम कुरा गर्नबाट रोक्न भनी आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, ०६१ को दफा ९ बमोजिम ०६१।१२।२४ गते देखि ६ महिना सम्मका लागि नजरबन्दमा राख्ने पूर्जि दिई ०६१।१२।१९

देखि हाल सम्म लगातार थुनामा राखेको गैरकानूनी भएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनाबाट मुक्त गरिपाऊँ भन्ने निवेदन जिकिर र निवेदकहरु आतङ्ककारी र विध्वंसात्मक गतिविधिमा संलग्न रहेको पाइएकोले त्यस्ता गतिविधि रोक्नका लागि अध्यादेशले दिएको अधिकार अन्तर्गत नजरबन्द थुनामा राखिएको कानूनसम्मत हुँदा रिट खारेज हुनुपर्ने भन्ने विपक्षीहरुको लिखित जवाफ कथन रहेको छ ।

१६. निवेदकहरुबाट सकेट बम थान २ समेत वरामद भएको भन्ने जिल्ला प्रहरी गुल्मीको लिखित जवाफ र त्यससँग पेश भएका कागजातबाट देखिन्छ । सोही आधारमा निजहरुलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य अपराध मुद्दाको अनुसन्धान र तहकिकात गर्न प्रहरी हिरासतमा राख्न थुनुवा पूर्जि दिएको भन्ने देखिएकोमा सो बमोजिम अनुसन्धान तहकिकात गरी अधिकार प्राप्त अदालत समक्ष मुद्दा दायर हुन सकेको अवस्था देखिंदैन । आतङ्ककारी तथा विध्वंसात्मक कार्यमा संलग्न रहेको देखिइरहेको अवस्थामा त्यस्तो कार्य गर्न रोक्न भनी जिल्ला प्रशासन कार्यालय गुल्मीका प्रमुख जिल्ला अधिकारीबाट ०६१।१२।२४ मा अध्यादेशको दफा ९ बमोजिम ६ महिनाको लागि नजरबन्द आदेश समेत भएको देखिन्छ । निवारक नजरबन्द भैसकेको कार्य रोक्ने होइन, त्यस्तो संभावित कार्य हुनबाट रोक्न जारी हुने हो तर यहाँ आतङ्ककारी तथा विध्वशात्मक कार्य घटित भैसकेको देखिएको छ । यस अवस्थामा निवारक नजरबन्दमा होइन, कानुन बमोजिम अनुसन्धान तहकिकात गरी सक्षम अदालतमा मुद्दा दायर गर्नुपर्ने हुन्छ । तर प्रस्तुत विवादमा अपराध घटित भएको अवस्थामा पनि नजरबन्द आदेश जारी भएको छ, जुन निवारक नजरबन्दको सिद्धान्त विपरीत भई त्रुटिपूर्ण रहेको देखिन्छ भने अर्को तर्फ यी निवेदकहरुलाई ०६२।७।१ देखि लागू हुने गरी पुनः ६ महिनाको लागि जिल्ला प्रशासन कार्यालय कास्कीबाट नजरबन्दमा राख्ने आदेश भएको देखिन्छ । जिल्ला प्रशासन कार्यालय गुल्मीको २०६१।१२।२४ को नजरबन्द आदेश कानूनसम्मत नै मानिएको अवस्थामा पनि सो आदेश बमोजिमको ६ महिनाको अवधि व्यतीत भएपछि निजहरुलाई थुनाबाट मुक्त गरिएको भन्ने पनि देखिंदैन । सरकारी वकिलले ०६२।६।२३ मा मुक्त गरिएको भन्नु भएपनि मिसिलबाट सो कुराको पुष्टि हुन सकेको छैन । थुनाबाट मुक्त भएको आधार केही नदेखिंदा निवेदकहरुको थुना लगातार रहेको भन्ने मान्नु पर्ने हुन्छ । यसरी ६ महिना भन्दा बढी नजरबन्दमा राख्नु पर्ने भएमा पनि आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६२ को दफा ९(१) बमोजिम श्री ५ को सरकार गृह मन्त्रालयको स्वीकृति लिनु पर्ने हुन्छ तर फाइल अवलोकन गर्दा त्यस्तो स्वीकृति लिएको भन्ने पनि देखिंदैन । यसरी थुनामा राखिएको जिल्ला प्रशासन कार्यालय कास्कीको ०६२।७।१ को नजरबन्द आदेश कानून अनुरुप भएको मान्न मिलेन ।

१७. यसरी निवेदकहरुलाई पर्याप्त आधार र कारण विना कानूनको प्रक्रिया समेत पूरा नगरी नजरबन्द थुनामा राखेको देखिन आई निजहरुको थुना कानून विपरीत हुँदा निवेदकहरु खिमादेवी बस्नेत, निरचन्द्र बस्नेत र भुवनसिंह कुंवरलाई त्यस्तो कानून विपरीतको थुनाबाट मुक्त गरिदिनु भनी विपक्षीहरुका नाउमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ । कास्की जिल्ला अदालतको रोहवरमा निज निवेदकहरुलाई थुनाबाट मुक्त गरिदिनु भनी आजै छुट्टै आदेश भइसकेकोले केही गरिरहनु परेन । विपक्षीको जानकारीको लागि प्रस्तुत आदेशको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालय मार्फत पठाइदिनु । मिसिल नियमानुसार गरी बुझाई दिनु ।

उक्त रायमा म सहमत छु ।

न्या. ताहिरअली अन्सारी

इति सम्बत् २०६२ साल माघ १९ गते रोज ४ शुभम् ।

सर्वोच्च अदालत विशेष इजलास
माननीय न्यायाधीश श्री केदारप्रसाद गिरी
माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी
माननीय न्यायाधीश श्री रामनगिना सिंह
माननीय न्यायाधीश श्री अनुपराज शर्मा
माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ

२०६२ सालको रिट नं. ११८

आदेश मितिः २०६२।११।१

विषयः नेपाल अधिराज्यको संविधान २०४७ को धारा २३ र ८८(१)(२) बमोजिम बन्दीप्रत्यक्षीकरण अधिकारपृच्छा लगायत अन्य उपयुक्त आज्ञा आदेश वा पुर्जी जारी गरिपाऊँ ।

निवेदक : राजीव पराजुलीको हकमा संजीव पराजुली

विरुद्ध

विपक्षी : भ्रष्टाचार नियन्त्रण शाही आयोग, हरिहरभवन ललितपुर समेत

- **नेपाल अधिराज्यको राजकीयसत्ता र सार्वभौमसत्ता नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम नै प्रयोग हुने भएपछि नेपाल अधिराज्यको संविधान, २०४७ लागू हुनुपूर्वको नेपालको संविधान, २०१९ ले व्यवस्था गरेबमोजिम नेपालको सार्वभौमसत्ता श्री ५ मा निहित रहेको, कार्यकारिणी, व्यवस्थापिका र न्यायसम्बन्धी सबै अधिकार श्री ५ बाट निश्रृत हुने भनी सम्झन नमिल्ने ।**

- **संवैधानिक परिवर्तनपछि नेपाल अधिराज्यको राजकीयसत्ता र सार्वभौम अधिकार नेपाल अधिराज्यको संविधान, २०४७ ले व्यवस्था गरेबमोजिम मात्र प्रयोग हुनसक्ने स्पष्ट संवैधानिक व्यवस्था भइरहेको स्थितिमा राजकीयसत्ता सम्बन्धमा अलमल गरी विवाद उठाउनु र नेपालको संविधान, २०१९ खारेज भएको छैन भन्ने जस्ता तर्क गर्नु संवैधानिक आधार र व्यवस्था विपरीत हुनजाने ।**

- **लिखित संविधान भएका मूलुकहरुमा शासनको सिद्धान्त एवं व्यवस्था, क्रियाकलाप, राज्यका विभिन्न अङ्गहरुमा राजकीयसत्ताको बाँडफाँड संविधानले नै तय गरेको हुन्छ । संविधानले गरेको व्यवस्था र निर्धारण गरेका विषयवस्तुको उल्लंघन गर्नु संविधान विपरीत हुन्छ र यस्तो उल्लंघनको अवस्थाले संवैधानिक समस्या सिर्जना हुने हुँदा यस्तो स्थिति आउन नदिनु वा टार्नु राज्यको हितमा हुने ।**

- **संवैधानिक सर्वोच्चताको अवधारणालाई स्वीकार गरिएको स्थितिमा राज्यशक्ति संवैधानिक व्यवस्था विपरीत प्रयोग भएको भनी संवैधानिक विवाद उठाई सर्वोच्च अदालत प्रवेश गरेकोमा सर्वोच्च अदालतबाट संवैधानिक प्रश्नको निरुपण नहुने हो भने नेपाली जनताको शान्ति र उन्नतिको संवैधानिक आधारमा विध्न आउन सक्ने ।**

- **संविधान तथा कानूनले संरक्षण गरेका जनताका हकहरुको प्रचलन वा संवैधानिक विवादको न्यायिक निरोपणको जिम्मेवारी संविधानको धारा ८८ ले सर्वोच्च अदालतलाई सुम्पिएकोले संवैधानिकताको प्रश्नमा सर्वोच्च अदालत प्रवेश गर्न नपाउने भन्नु संविधान अनुकूल नहुने ।**

- समान विवादका विषयहरु समावेश भएका दुबै रिट निवेदनहरु एकैसाथ सुनवाइ हुनु न्याय प्रशासनको दृष्टिकोणले समेत उचित भएकोले उल्लिखित दुबै रिट निवेदनहरु एकैसाथ पेश गर्ने गरी भएको आदेशलाई संविधान तथा कानून विपरीत मान्न नमिल्ने ।

- नेपाल अधिराज्यको राजकीयसत्ता र सार्वभौम अधिकार नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम नै हुने गरी श्री ५ बाट संविधान जारी गरिबक्सेको अवस्थामा भ्रष्टाचार नियन्त्रण शाही आयोगको गठनसम्बन्धी संवैधानिक विवाद संविधानले तय गरेको राजकीयसत्ता प्रयोगसम्बन्धी व्यवस्था समेतको आधारमा निरुपण गर्नुपर्ने ।

- आवश्यकताको सिद्धान्तले भइरहेको संवैधानिक संरचनालाई तहसनहस पार्ने कार्य गर्ने नभै तत्काल समाधान हुनुपर्ने, समाधानको विकल्प नै नभएको अवस्थामा स्पष्ट संवैधानिक व्यवस्था विपरीत नहुने गरी निरुपणसम्म गर्ने ।

- अनुचित कार्य वा भ्रष्टाचार नियन्त्रणका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग संविधानतः महत्वपूर्ण संरचना भएबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई संविधानले तोकेको जिम्मेवारी संवैधानिक व्यवस्था यथावत् रहेसम्म संवैधानिक व्यवस्था अनुशरण गर्नु नै संविधानसम्मत हुनजाने ।

- कुनै कारण देखाएर संवैधानिक अङ्गलाई प्रदान गरिएको काम कर्तव्य र अधिकारमा प्रत्यक्ष, अप्रत्यक्षरुपमा प्रभाव पार्ने, अतिक्रमण हुने या संवैधानिक निकाय प्रभावित वा प्रभावहीन अवस्थामा पुग्ने कार्यबाट संवैधानिक जग कमजोर मात्र होइन खलवलिन पुगी संविधानवाद र संविधानको विकासमा समेत अबरोध पुग्नजाने ।

- आदेशको दफा २ र ६ को व्यवस्था हेर्दा छानविन गर्ने र सजाय गर्ने अधिकार भ्रष्टाचार नियन्त्रण शाही आयोगमानै रहेपछि छानविन गरी मुद्दा चलाउने भ्रष्टाचार नियन्त्रण शाही आयोगभित्रको छुट्टै निकायले गर्नेगर्छ भन्ने भनाइले कानूनको दृष्टिमा कुनै महत्व नराख्ने ।

- नेपाल अधिराज्यको संविधानले भ्रष्टाचार सम्बन्धमा अनुसन्धान तहकिकात गर्ने निकाय र मुद्दा हेर्ने निकायको छुट्टाछुट्टै व्यवस्था गरेकोमा छानविन कारवाही गर्ने र सजाय गर्ने समेतको कार्य एउटै निकायलाई तोक्ने कार्य संविधानको उद्देश्य र भावना अनुकूल रहेको भन्न नमिल्ने ।

- धारा ११५(७) बमोजिम जारी भएको आदेश संकटकालीन अवस्था विद्यमान भएसम्म बहाल रहने भन्ने संविधानले स्पष्ट किटानी व्यवस्था गरेको विषयमा अरु नै धाराको सहारा लिई संकटकालीन अवस्थालाई निवारण गर्न जारी भएको आदेशलाई निरन्तरता दिने कार्यको अन्तत्वोगत्वा अप्रत्यक्षरुपमा नतिजामा संकटकालीन अवस्था कायम राख्नुसरह हुने हुँदा संविधानले स्पष्टरुपमा व्यवस्था गरेका कुरामा सो विपरीतको कार्य संविधानसम्मत नहुने ।

- संविधानको धारा १२७ ले स्पष्टरुपमा बाधाअड्काउ फुकाउने आदेशको हैसियत संविधानसरह हुने भन्ने उल्लेख नभएपछि यसको हैसियत पनि पूर्व संविधान बमोजिम नै हुने भनी सम्झन नसकिने ।

- संवैधानिक रिक्तता वा गतिरोध समाप्त गर्न धारा १२७ अन्तर्गत जारी गरिएको आदेशले कसैको व्यक्तिगत हकमा कुनै आघात नपार्ने ।

- **कुनै व्यक्तिको इच्छा विरुद्ध उसको वयान लिने, सपथ ख्वाउने, उपस्थित हुन बाध्य गर्ने, कुनै घर वा ठाउँको तलासी लिने जस्तो संविधान प्रदत्त मौलिक हकमा अतिक्रमण हुने कार्यहरु गर्न अधिकारका लागि धारा १२७ प्रयोग गर्न नमिल्ने ।**

- **विवादित गठन आदेश संविधान, ऐन वा अध्यादेश प्रकृतिको नभए पनि विवादित गठन आदेशबाट भ्रष्टाचार नियन्त्रण शाही आयोगले अदालत, विशेष अदालतको समेत अधिकार प्राप्त निकाय देखिंदा कानूनकै शक्ति धारण गरेको आदेश संसदमा जानकारी नगराएको भन्ने आधारमा मात्र धारा ८८(१)(२) को न्यायिक पुनरावलोकनको क्षेत्रभित्र नपर्ने भन्ने जिकिरसँग सहमत हुन नसकिने ।**

आदेश

- न्या. मीनबहादुर रायमाझी

१. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३, धारा ८८(१)(२) अन्तर्गत पर्न आएको प्रस्तुत रिट निवेदन सहितको व्यहोरा एवं ठहर यसप्रकार छः

२. दाजु राजीव पराजुलीले पाँचपटक सम्म मन्त्री भई विभिन्न मन्त्रालयहरूको जिम्मेवारी सम्हाली पदमुक्त भए पश्चात् दाजु र दाजुका संयुक्त परिवारका सदस्यहरूको नाममा रहेको सम्पत्तिहरूको वैधताको सम्बन्धमा शंका उत्पन्न गरी संविधान बमोजिम गठन भएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट उक्त सम्पत्ति र सम्पत्तिका श्रोतहरूको सम्बन्धमा छानविन तथा अनुसन्धान तहकिकात भई कुनै कारवाही हुन नसक्ने ठहर गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट अ.दु.अ.आ.ऐन, २०४८ को दफा ३५ बमोजिम तामेलीमा राख्ने गरी मिति २०६१/१/२३ मा निर्णय भई मिति २०६१।२।१ को पत्रबाट निजलाई जानकारी गराएको छ । यसरी राखिसकेको विषयमा पुनः प्रत्यर्थी आयोगबाट छानविनको कारवाही आरम्भ गरी पत्र प्राप्त भएको मितिले २४ घण्टा भित्र आयोगमा वयान गर्न उपस्थित हुनु भनी मिति २०६१/१/२८ को पत्र निज दाजुलाई बुझाइएकोले प्राप्त पत्र बमोजिम वयानको लागि मिति २०६१/५/१३ मा प्रत्यर्थी आयोगमा उपस्थित भएकोमा सोही मितिमा बयान आरम्भ गरी बयान नसकिएकोले थुनामा राख्न पठाइएकोले निज दाजुलाई जिल्ला प्रहरी कार्यालय ललितपुरमा थुनामा गैरकानूनी रूपमा थुनामा राखिएको छ । प्रत्यर्थी आयोग गठनसम्बन्धी सूचना धारा ८८(१) बमोजिम बदर हुने भएकोले प्रत्यर्थी आयोगबाट कुनै कारवाही गर्न नमिल्ने भई बन्दीलाई राखिएको थुना नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११(१), १२(२)(घ), (ङ) १४(१),(२) समेतको विपरीत भएकोले गैरकानूनी थुनाबाट मुक्त गरी पाउन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ र ८८(१),(२) अन्तर्गत यो निवेदन गर्न आएको छु ।

३. प्रत्यर्थी आयोगले पत्र लेखेको तथा वयान गराएको सम्पत्तिहरूको वैधता र श्रोतको सम्बन्धमा नेपाल अधिराज्यको संविधान २०४७ को धारा ९७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २(ख) बमोजिम अधिकार सम्पन्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट प्रचलित कानून बमोजिम अनुसन्धान तहकिकात तथा छानविन भएको छ । यसरी छानविन हुँदाको अवस्थामा कुनै पनि सम्पत्तिहरू गैरकानूनी तथा अनियमित तवरबाट प्राप्त नगरेको सबै सम्पत्तिहरू वैध र कानूनसम्मत रहेको कारणबाट सम्पत्ति र सम्पत्तिको श्रोतको

सम्बन्धमा कारवाही गर्नु नपर्ने ठहर गरिसकिएको छ । कसूर गर्दाको अवस्थामा तोकिए भन्दा बढी सजायको भागिदार बनाउन तथा त्यसै कसूरमा एकपटक भन्दा बढी मुद्दा चलाई सजाय गर्न नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(१), (२) ले सर्वथा निषेध गरेको छ । नागरिकको यो हकलाई मौलिकहकको रूपमा व्यवस्था गरिएको छ । नागरिकको यो मौलिक संवैधानिक हक अन्यथा र नियन्त्रित हुनसक्दैन । बन्दी दाजु र संयुक्त सगोल परिवारका सदस्यहरूको नाममा रहे भएका सम्पत्तिहरूको सम्बन्धमा संविधान र कानून बमोजिम क्षेत्राधिकार सम्पन्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट छानविन भई कानूनसम्मत र वैध ठहर भइसकेको विषयमा अनुसन्धान तहकिकात गरिएको कार्य तथा त्यस्तो अनुसन्धानको आधारमा राखिएको थुना नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(१), (१) को विपरीत छ । क्षेत्राधिकार सम्पन्न निकायबाट भएको निर्णय कानून बमोजिम बदर वातिल भई अन्यथा नभएसम्म यथावत रहिरहने र सबै निकायहरूको लागि मान्य हुने व्यवस्था न्याय प्रशासन ऐन, २०४८ को दफा १९ ले गरेको छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भए गरिएका निर्णयहरूको सम्बन्धमा पुनरावेदन सुन्ने वा अन्य कुनै तरिकाबाट अमान्य र बदर घोषित गर्नेक्षेत्राधिकार प्रत्यर्थी आयोगलाई कुनै प्रचलित नेपाल कानूनले प्रदान गरेको छैन ।

४. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८४ ले नेपाल अधिराज्यको न्याय सम्बन्धी अधिकार संविधान र अन्य कानून तथा न्यायका मान्य सिद्धान्तअनुसार अदालत तथा अन्य न्यायिक निकायहरूबाट प्रयोग हुने व्यवस्था गरेको छ । उल्लेखित संवैधानिक व्यवस्थाको बनौटको अध्ययनबाट संविधानले व्यवस्था र परिकल्पना गरे बमोजिमका संविधान र कानून बमोजिम गठन र स्थापना भएका अदालत तथा न्यायिक निकायहरूबाट मात्र न्याय सम्बन्धी अधिकार प्रयोग गराउने संविधान निर्मातृको मनसाय रहेको सहज रूपबाट पुष्टि हुन्छ । भ्रष्टाचार नियन्त्रण शाही आयोग संविधानको धारा ८४ ले व्यवस्था र परिकल्पना गरे बमोजिम संविधान र प्रचलित नेपाल कानून बमोजिम गठन र स्थापना नै नभएकोले यस्तो आयोगले न्यायिक अधिकार प्रयोग गर्नसक्ने अवस्था कदापी पनि छैन । यस्तो आयोगको गठनलाई सम्मानित अदालतले उपयुक्त आदेश जारी गरी तत्काल र शून्य घोषित गर्ने विवादरहित छ । स्वतन्त्र र सक्षम न्यायपालिकाको स्थापनाको लागि संविधान र प्रचलित नेपाल कानूनबमोजिम निश्चित र खास योग्यता अनुभव र दक्षता भएका योग्य व्यक्तिहरूलाई मात्र न्यायकर्ताको रूपमा नियुक्त गरी न्यायसम्पादनको कार्य गराउने व्यवस्था समेत संविधानले गरेको छ । गठित आयोगका अध्यक्ष एवं सदस्यहरूको योग्यता नतोकिएकोबाट जोसुकैलाई नियुक्त गर्नसक्ने भन्ने देखिन्छ । संविधान र संविधानबमोजिम जारी भएका कानूनहरूले निर्धारण गरेका योग्यता अनुभव र दक्षता नभएका व्यक्तिहरूबाट न्याय सम्पादनको कार्य गर्नु गराउनु न्यायिक मान्यता र संविधानको प्रस्तावना समेतको विपरीत भएकोले आयोग अधिकारशून्य छ । आयोगको गठन संविधानको धारा ११५(७) को अधिनमा भएको गठन आदेशबाट देखिन्छ । ११५(७) को प्रयोग धारा ११५(१) प्रयोग भई जारी भएको आदेश क्रियाशील रहँदाको अवस्थासम्म मात्र क्रियाशील हुन सक्तछ । धारा ११५ को प्रयोग दीर्घकालीन रूपमा दीर्घकालीन कार्यको लागि प्रयोग हुने नभई तत्काल उत्पन्न गम्भीर सङ्कटलाई नियन्त्रणमा लिनको लागि नितान्तै छोटो समयको लागि मात्र प्रयोग हुनसक्ने धारा हो । नितान्त छोटो समयको लागि प्रयोग हुनसक्ने धाराको प्रयोगबाट अनिश्चित कालसम्म कायम रहन र असीमित अधिकार प्रयोग गर्नसक्ने आयोगको गठन भई क्रियाशील राख्नु संवैधानिक मूल्य र मान्यताको सर्वथा विपरीत रहेको छ । २०६२/१/१६ बमोजिमको सङ्कटकाल घोषणाको आदेश नै समाप्त भएपछि धारा १२७ बमोजिम जारी आदेशले आयोगको निरन्तरता कायम रहन सक्दैन । धारा ९८ ले अख्तियार दुरूपयोग अनुसन्धान आयोगको व्यवस्था गरी अनुसन्धान तहकिकात गर्न तोकेका

विषयहरू लगायतमा अनुसन्धान तहकिकात गर्ने तथा संविधानको धारा ८५ बमोजिमका अदालतहरूले हेरी किनारा गर्ने मुद्दाहरूको अनुसन्धान तहकिकात दर्ता र फैसला लगायत गर्ने अधिकार भ्रष्टाचार नियन्त्रण शाही आयोगलाई रहेको देखिन्छ । यसरी संविधानतः स्थापना भएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट गरिने अनुसन्धान तहकिकात तथा सम्बन्धित अदालतहरूले उजुरी दावी ग्रहण गरी गर्नुपर्ने मुद्दाको कारवाही किनारा गर्ने समानान्तरक्षेत्राधिकार प्रदान गर्नुबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोग तथा सम्बन्धित अदालतहरूको क्षेत्राधिकारमा अतिक्रमण हुन गएको छ । सिद्धान्ततः समान प्रयोजनका लागि समानान्तर क्षेत्राधिकार भएका निकायहरूको स्थापना गर्न मिल्दैन । संविधानले नै क्षेत्राधिकारको सृष्टि गरेको अवस्थामा अन्य कुनै माध्यमबाट यो क्षेत्राधिकार संकुचित र नियन्त्रण गर्न नमिल्ने भएकोले आयोगको गठन धारा ८५ र ९८ को विपरीत छ । धारा ११५ र १२७ को समान रूपबाट समान प्रयोजनका लागि मिश्रित भई क्रियाशील हुन कदापी सक्दैनन् । यी धाराहरूको प्रयोजन र क्रियाशीलताको अवस्था नितान्त पृथक छन् । एउटा धाराको प्रयोग अर्को धाराको परिपूरकको रूपमा प्रयोग हुनसक्दैनन् । धारा ११५ को प्रयोगको आदेश फिर्ता भई निष्क्रिय भइसकेको अवस्थामा धारा १२७ को प्रयोगले पुनर्जीवित गर्न सक्दैन । त्यसमा पनि धारा १२७ केवल संविधानमा प्रयोग भएको बाधा अडकाउ फुकाउने सम्बन्धमा मात्र भएकोले संविधान बाहिरको विषयको लागि यो धारा प्रयोग हुनै सक्दैन । संविधानको धारा १ ले संविधानसँग बाझिएको कानून अमान्य हुने व्यवस्था गरेको छ । यस भित्र कानून सरह लागू हुने सबै प्रकृतिका आदेश निर्देशनहरू स्वतः समाहित हुन्छन् । आयोगको गठन आदेश नेपाल कानून सरह लागू हुने भएकोले यो आदेश धारा ८८(१)(२) अन्तर्गत संवैधानिक परीक्षण हुनसक्ने विवादरहित छ । कानूनी राज्यमा उपचारविहीनताको अवस्थाको सृष्टि हुँदैन । सदा सर्वदा उपचारको हक प्रत्याभूत हुन्छ । नेपाल अधिराज्यको संविधान, २०४७ ले समेत उपचार विहीनताको अवस्थाको परिकल्पना गरेको छैन । यस अन्तर्गत श्री ५ बाट जारी भएका आदेशहरूलाई समेत हक प्रभावित हुने व्यक्तिले चुनौति गर्न सक्दछन् । त्यसमा पनि धारा ३५(२) बमोजिमको अख्तियारी नरहेको र कार्यकारीको हैसियतबाट भए गरिएका कार्यहरूको वैधता पुष्टि भएको हुनुपर्दछ । श्री ५ बाट कार्यकारी अधिकार प्रयोग गरे भए गरिएका आदेशहरूले यस्तो वैधताको पुष्टि गर्न नसकेको कारण गैरन्यायिक, गैरकानूनी र शून्यपूर्ण छन् । हक प्रभावित भए नभएको विषयमा संविधान बमोजिम हेरी निरूपण गर्नेक्षेत्राधिकार यस सम्मानित अदालतलाई धारा ८८ बमोजिम सर्वथा रहेकोले सम्मानित अदालतबाट निरूपण हुन निर्विवाद छ । आफै वादी बनी मुद्दाको सृष्टि गरी अनुसन्धान तहकिकात र सजायको प्रस्ताव गरी अभियोग दायर गर्ने र अभियोग दावी बमोजिम सजाय हुने नहुने के हो भन्ने सम्बन्धमा समेत आफै निरूपण गर्नसक्ने पद्धतिलाई वर्तमान संविधानले स्वीकार गरेको छैन । संविधान मै भएको कानूनी राज्यको अवधारणा आत्मसात गर्ने देशहरूमा यस्तो व्यवस्था हुन पनि सक्दैन । यस्तो व्यवस्थाको प्राकृतिक न्यायको विवादरहित सिद्धान्त समेतको प्रतिकूल हुन्छ । आयोगलाई मुद्दाको सृष्टि गर्ने, अनुसन्धान तहकिकात गर्ने, सजायको प्रस्ताव गरी अभियोग दायर गर्ने र अभियोग दावी बमोजिम हुनसक्ने नसक्ने विषयमा निरूपण गर्ने लगायतका सम्पूर्ण अधिकारहरू प्रदान गरिएबाट आयोग प्राकृतिक न्यायको विवादरहित सिद्धान्तको प्रत्यक्षः विपरीत भएकोले प्रारम्भतः शून्य पूर्ण छ । संविधानको धारा १२७ को प्रयोग अन्य धाराहरूले व्यवस्था गरेको विषयलाई प्रभावित पार्ने गरी हुनसक्दैन । यो धारा अन्य धाराले व्यवस्था नगरेका विषयहरूमा संवैधानिक नियन्त्रण कायम गरी निकासा दिन मात्र प्रयोग हुन सक्दछ । धारा ८४ ले न्यायिक अधिकार प्रयोग गर्न विशेष अदालत लगायतका न्यायिक निकायहरूको व्यवस्था गरी अधिकार प्रदान गरेको अवस्थामा यसरी व्यवस्था भएको विषयमा अन्य व्यवस्था गर्न धारा १२७ को

प्रयोग हुन नै नसक्ने भएकोले आयोग गैरसंवैधानिक छ । आयोग गठन आदेशको दफा ६(२) मा आयोगको निर्णय उपर यस सम्मानित अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गरेको छ । संविधान, सर्वोच्च अदालत ऐन, र न्याय प्रशासन ऐन लगायत अन्य कुनै प्रचलित नेपाल कानूनले यस्तो आयोगले गरेको फैसला उपर पुनरावेदन ग्रहण गरी फैसला गर्न यस सम्मानित अदालतलाई तोकेको छैन । संविधानको अन्तिम व्याख्या गर्नेक्षेत्राधिकार सम्पन्न यो सम्मानित अदालत गैरसंवैधानिक सूचना तामेल गर्न बाध्य छैन । यसरी संविधान र संविधान अन्तर्गत बनेका कानूनहरूले पुनरावेदन सुन्न नतोकेको अवस्थामा संवैधानिक र कानूनी हैसियत शून्य आदेशले पुनरावेदन सुन्ने भनी तोकेको आदेश सूचना संविधानको धारा ८४, ८५, ८६ र न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को प्रत्यक्षतः विपरीत छ । संविधानको धारा ११० ले श्री ५ को सरकार वादी भई चल्ने मुद्दाहरू महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरू मार्फत दायर हुने र यस्ता मुद्दाहरू दायर गर्ने नगर्ने विषयको निर्णय गर्ने अधिकार समेत महान्यायाधिवक्ता र मातहत कार्यालयहरूलाई प्रदान गरेको छ । सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २३ ले अनुसूची १ र २ मा परेका मुद्दाहरूमा श्री ५ को सरकार वादी हुने र १७ ले श्री ५ को सरकार वादी हुने मुद्दा महान्यायाधिवक्ता कार्यालय र मातहत कार्यालयबाट मात्र दायर हुनसक्ने व्यवस्था गरेको छ । कथित आयोगलाई यो अधिकार प्रदान गरिएको छैन । आयोग गठनको आदेशमा समेत यस्तो केही उल्लेख भएको छैन । अभियोग दायर गर्दा तथा फैसला गर्दा वादी श्री ५ को सरकार भनी उल्लेख भएको छ । यसरी अनुसूचीमा नपरेको तथा संविधान र कुनै प्रचलित नेपाल कानूनले श्री ५ को सरकारको तर्फबाट मुद्दा मामिला गर्ने भनी अधिकार प्रदान नै नगरेको अवस्थामा स्वघोषित रूपबाट अधिकारको सृष्टि गरेको कार्य र आयोग उल्लेखित संवैधानिक तथा कानूनी व्यवस्थाहरूका विपरीत छन् ।

५. अतः प्रत्यर्थी आयोग गठन सम्बन्धी सूचना धारा ८८(१) बमोजिम बदर हुने भएकोले प्रत्यर्थी अयोगबाट कुनै कारवाही गर्न नमिल्ने भई बन्दीलाई राखिएको थुना नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११(१), १२(२)(घ), (ङ)१४(१), (२) समेतको विपरीत भएकोले गैरकानूनी थुनाबाट मुक्त गरी पाउन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ र ८८(१)(२) अन्तर्गत यो निवेदन गर्न आएको छु । प्रत्यर्थी आयोगको गठन सम्बन्धी सूचना धारा ८८(१) बमोजिम अमान्य र बदर घोषित गरी प्रत्यर्थीहरू कोही पनि न्यायाधीशका हैसियतले कार्यसम्पादन गर्न योग्य नभएकोले हुनाले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनाबाट तत्काल रिहा गर्नु र नेपाल अधिराज्यको संविधानको प्रतिकूल रहेन गरी न्यायाधीशको कार्य गर्न नपाउने भन्ने समेत अधिकारपृच्छा लगायत सार्वजनिकरूपमा सबैलाई जानकारी दिनको निमित्त प्रत्यर्थी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाममा न्यायिक टिप्पणी जारी गरी अधिकारपृच्छा लगायत अन्य जो चाहिने आज्ञा आदेश पुर्जी धारा ८८(२) वमोजिम पूर्ण न्यायको लागि जारी गरिपाऊँ । अधिकारविहीन निकायले राखेको थुनाले निरन्तरता प्राप्त गर्न नसक्ने भएकोले तत्काल थुना मुक्त गरीदिनु भन्ने बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुना मुक्त गरी अनधिकृत निकायले अनुसन्धान तहकिकात र फैसला गर्न नमिल्ने भएकोले प्रस्तुत निवेदन पत्रको किनारा नभए निज बन्दीसँग वयान गराउने, आरोपपत्र दायर र ग्रहण गर्ने, कुनै आदेश गर्ने लगायतका कुनै पनि कार्यहरू नगर्नु नगराउनु यथावस्थामा राख्ने भन्ने अन्तरिम आदेश सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम प्रत्यर्थीहरूको नाममा जारी गरिपाऊँ भन्ने समेत व्यहोराको रिट निवेदन ।

६. यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? प्रस्तुत निवेदन उपरको सुनवाई ०६२।५।२३ गते हुने भएकोले सो अगावै सम्बन्धित मिसिल साथै राखि महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पठाउनु भनी रिट निवेदनको एकप्रति नक्कल साथै राखी विपक्षी भ्रष्टाचार निवारण शाही आयोग समेतलाई सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाई दिनु । साथै अन्तरिम आदेशको मागको सम्बन्धमा विचार गर्दा निवेदकको बयान लगायतको कारवाही प्रक्रिया अघि बढिसकेको भन्ने जानकारीको अवस्था रहेको कुरालाई निवेदक तर्फका विद्वान अधिवक्ताले स्वीकारै गर्नु भएको स्थिति समेतबाट विचार गर्दा तत्काल अन्तरिम आदेश जारी हुने अवस्था देखिएन । निवेदकले उठाएको संवैधानिक र कानूनी प्रश्नहरूको गाम्भीर्यताबाट विचार गर्दा प्रस्तुत रिट निवेदनलाई नियमअनुसार अग्राधिकार दिने र प्रस्तुत रिट निवेदन २०६२।५।२३ का दिन पेश गर्नु भन्ने समेत व्यहोराको यस अदालत एक न्यायाधीशको इजलासको मिति २०६२।५।१६ को आदेश ।

७. प्रथमतः संविधानको धारा ११५ क्रियाशील भएको अवस्थामा ११५ (७) बमोजिम गठित आयोगलाई निरन्तरता दिन धारा १२७ को प्रयोग गर्न मिल्दैन भन्ने पहिलो जिकिरलाई हेर्दा श्री ५ महाराजाधिराजबाट देशको तत्कालीन परिस्थितिलाई मनन गरिबक्सी संविधानको धारा ११५ को उपधारा (१) बमोजिम नेपाल अधिराज्यभर लागू हुने गरी संकटकालीन स्थितिको घोषणा गरिबक्सेको र सोही धारा ११५ को उपधारा (७) बमोजिम आदेश जारी गरिबक्सी मिति २०६१/११/५ मा यस आयोगको गठन गरिबक्से पश्चात् मिति २०६१।११।१० देखि आयोगले कार्य प्रारम्भ गरी उजुरी लिने, छानविन अनुसन्धान गर्ने र आयोगलाई तोकिएको कार्यक्षेत्र अन्तर्गत रही कारवाही किनारा गर्ने समेतका कार्य सुचारु रहेकै अवस्थामा संविधानको धारा ११५(११) बमोजिम श्री ५ बाट मिति २०६२/१/१६ मा आदेश जारी गरिबक्सी संकटकालीन अवस्थाको आदेश फिर्ता लिइबक्सेबाट धारा ११५(७) को क्रियाशीलताबाट सिर्जित काम कारवाहीको निरन्तरताका लागि संविधानको कार्यान्वयनमा बाधा पर्न गएको महसूस गरिबक्सी श्री ५ बाट तत्कालीन अवस्थाको बाधा अड्काउ फुकाउनका लागि संविधानको धारा १२७ बमोजिम आदेश जारी गरिबक्सेपछि यस आयोगले निरन्तरता प्राप्त गरेको हो । निज राजीव पराजुली सार्वजनिक पदधारण गरेको व्यक्ति भएको र भ्रष्टाचार निवारण ऐन बमोजिम निजले भ्रष्टाचारको कसूर गरेको छ भन्ने सूचना प्राप्त भई आयोग गठन आदेशको दफा २ द्वारा निर्दिष्ट कार्यक्षेत्र अन्तर्गत रही मिति २०६१।१२।१८ मा निजलाई उपस्थित हुन सूचना जारी गरी अनुसन्धान अधिकृतबाट वयान लिने, विवरण दाखिल गराउने समेतका कार्यबाट प्रारम्भ गरिएको अनुसन्धानको प्रारम्भिक चरणमा निजले आयोगको वैधानिकतालाई स्वीकार गरी अनुसन्धान कार्यमा आयोगलाई सहयोग समेत गरेको, मिति २०६२/५/१३ मा अनुसन्धान अधिकृतबाट आरोपपत्र साथ पेश गरिएपछि वयान प्रारम्भ गरी वयान नसकिएको कारण कानून बमोजिम हिरासतमा राख्न पठाइएको र वयान कार्य सम्पन्न भई मिति २०६२/५/१५ मा थुनछेक आदेश हुँदा निजसँग विशेष अदालत ऐन, २०५९ को दफा ७(घ) बमोजिम रु. ५१,००,०००।- धरौट जमानत माग गर्ने आदेश भएकोमा निजले सो बमोजिमको धरौट दाखिल नगरेकाले कानूनले प्रदान गरेको अख्तियारी बमोजिम न्यायिक थुनामा राखिएको हो । तसर्थ, अख्तियार प्राप्त निकायले कानून बमोजिमको अधिकार प्रयोग गरी गरेको आदेशबाट रहेको न्यायिक थुनालाई गैरकानूनी थुना भन्न मिल्दैन । निज राजीव पराजुलीले मिति २०६१/१२/१८ देखि मिति २०६२/५/१३ सम्म भए गरेका काम कारवाही प्रति समयमै कुनै प्रतिक्रिया नजनाई सो कारवाहीलाई स्वीकारै गरेको र आफू थुनामा परेपछि मिति २०६२/५/१४ मा सम्मानित अदालतमा निवेदन दिएको देखिएकाले एउटै कारवाहीलाई स्वीकार पनि इन्कार पनि गर्न विपक्षीलाई Doctrine of Election ले रोक्दछ ।

८. संविधानको धारा १४(१) ले तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे बापत कुनै व्यक्ति सजायभागी हुने छैन भन्ने समेत र धारा १४(२) ले कुनै व्यक्ति उपर अदालतमा त्यसै कसूरमा एकपटक भन्दा बढी मुद्दा चलाईने र सजाय गरिने छैन भन्ने व्यवस्था गरेको छ । यस आयोगको गठन सम्बन्धी आदेशको दफा २ ले आयोगको काम, कर्तव्य र अधिकार तोकेको र आयोगको कार्यक्षेत्र समेत सोही आदेशले निश्चित गरेको छ । भ्रष्टाचार निवारण ऐन अनुसारको कसूरमा आयोगले अनुसन्धान तहकिकात, अभियोजन र मुद्दाको कारवाही किनारा गर्नसक्ने गरी अख्तियारी प्राप्त भैरहेको र निज राजीव पराजुली विरुद्ध विभिन्न मितिमा यस आयोगमा ६ वटा उजुरीहरू पर्न आएअनुसार भएको अनुसन्धान र अभियोजनलाई संविधानको धारा १४(२) विपरीत भयो भन्न मिल्ने देखिँदैन । मूलतः धारा १४(२) ले एउटै कसूरमा दोहोरो मुद्दा चलाउने र सजाय गर्ने कार्यलाई निषेध गरेको हो । निज राजीव पराजुली उपर यस अघि आरोप-पत्र सहित कुनै निकायमा मुद्दा दायर भई निर्णय निरोपण समेत भइसकेको भनी निवेदकले देखाउन सकेको स्थिति छैन । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ को व्यवस्थाले भ्रष्टाचारको कसूरको अन्त्य गर्ने होइन ।

९. श्री ५ महाराजाधिराजबाट मिति २०६१/१०/१९ गते राष्ट्रका नाममा बक्सेको शाहीघोषणा अनुसार देशमा निरन्तर झाङ्गिदै गएको भ्रष्टाचारले प्रशासनलाई समेत दूषित बनाई प्रगती तर्फ उन्मुख हुनुपर्ने देशको पाइला पनि अबरुद्ध पारेको र कानूनप्रति आम जनताको विश्वास धरमराउन थालेको हुँदा जनताको चाहना र सुशासनको आवश्यकता पूरा गर्न न्यायको सिद्धान्त उल्लंघन नहुने गरी भ्रष्टाचार नियन्त्रणका लागि प्रभावकारी कदम अविलम्ब चालिने छ भन्ने घोषणा गरिबक्से अनुरूप मिति २०६१/११/५ मा यस आयोगको गठन गरिबक्सी काम, कर्तव्य र अधिकार तोकिबक्सेको हो ।

१०. आयोगका पदाधिकारीहरूको योग्यता र सक्षमताका सम्बन्धमा विपक्षीले उठाउनु भएको जिकिर तर्फ हेर्दा मिति २०६१/११/५ को आदेश जारी हुँदाका अवस्थामा नै श्री ५ बाट गठन आदेशको दफा १ अनुसारका पदाधिकारीहरूले भ्रष्टाचार निवारण ऐन अन्तर्गतका कसूरको कारवाही किनारा गर्न योग्य र सक्षम छन् भन्ने महसूस गरिबक्सी पदाधिकारीहरू तोकिबक्सेको हो । तसर्थ, श्री ५ को विवेकबाट तोकिएका आयोगका पदाधिकारीहरूको योग्यता र सक्षमताको सम्बन्धमा निवेदकलाई प्रश्न उठाउने कुनै हकदैया रहेको देखिँदैन । आयोगका पदाधिकारीहरूले निर्णय निरोपणका क्रममा गरेको आदेश वा इन्साफमा चित्त नबुझ्ने व्यक्तिले सम्मानित अदालत समक्ष निवेदन, पुनरावेदन गर्नसक्ने प्रावधान आयोग गठन आदेशमा नै रहे भएकोले सम्मानित अदालतले मुद्दाको रोहमा त्यस्ता आदेश वा निर्णयको पुनरावलोकन गर्नसक्ने नै हुँदा निवेदकको जिकिर कानूनसम्मत छैन । आयोग गठन सम्बन्धी आदेशको दफा २(४) बमोजिम आयोगले विशेष अदालत ऐन, २०५९ अनुसार विशेष अदाललताई प्राप्त हुने अधिकार प्रयोग गर्नसक्ने हुँदा आयोगले न्यायाधिकरण (Tribunal) को अवधारणा अनुरूप कार्य गरेको स्पष्ट हुन्छ । जसलाई संविधानको धारा ८५ ले समाहित गरेको छ । तसर्थ आयोगले संविधान, कानून र न्यायको मान्य सिद्धान्तलाई उल्लंघन गर्ने प्रश्नै उठ्दैन । आयोगले न्यायिक अधिकारको प्रयोग गर्दा कथम कदाचित त्रुटि हुन गएमा सम्मानित अदालतले आयोग गठन आदेशको दफा ६(२) बमोजिम पुनरावेदकीय क्षेत्राधिकार ग्रहण गरी न्याय निरोपण गर्नसक्ने व्यवस्था हुँदा यसको गठन संविधानको प्रस्तावनाको भावना र धारा ८४ को विपरीत छ भन्न मिल्दैन ।

११. त्यसैगरी आयोग आफैले मुद्दा चलाउने, मुद्दाको कारवाही किनारा गर्ने कार्य संविधान विपरीत छ भन्ने निवेदकको भनाइ पनि यथार्थपरक छैन । एउटै निकायबाट मुद्दाको अनुसन्धान, अभियोजन र निर्णय निरूपण सम्बन्धमा प्रचलित भन्सार ऐन, २०१९, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र वन ऐन, २०४९ समेतमा भएका प्रावधानअनुसार नेपालको कानून प्रणालीले तत्सम्बन्धी व्यवस्थालाई अंगिकार गरिसकेको देखिंदा निवेदकको जिकिर कानूनसम्मत छैन । गठन आदेशको दफा १२ बमोजिम आयोगले आफ्नो कार्यविधि आफै निर्धारण गर्नसक्ने प्रावधान रहे भएकोले आयोगले मिति २०६१/१२/१ मा जारी गरेको कार्यविधि २०६१ को व्यवस्था अनुसार अनुसन्धान अधिकृत नियुक्त गर्नसक्ने, अनुसन्धानका आधारमा कसूर भएको देखिएमा अनुसन्धान अधिकृतले आयोगको इजलास समक्ष कार्यविधिको दफा १० अनुसार आरोप-पत्र दायर गर्ने व्यवस्था छ । एउटै छाता निकायबाट भ्रष्टाचार निरोपणलाई छुट्याई कार्य सम्पादन हुने गरेकाले प्राकृतिक न्याय सिद्धान्त विपरीत भयो भन्ने मिल्ने देखिंदैन । सम्मानित सर्वोच्च अदालतबाट अधिवक्ता ज्योति वानिया विरुद्ध प्रतिनिधिसभा समेत भएको उत्प्रेषणको आदेश जारी गरिपाऊँ भन्ने रिट (ने.का.प. २०५६, अंक १, पृ.२३) मा प्रतिपादित सिद्धान्तले पनि विपक्षीको उक्त जिकिर खण्डित गर्दछ । श्री ५ बाट कार्यकारिणी अधिकार प्रयोग गरी जारी गरिबक्सेको आदेशमा धारा ३५(२) को अख्तियारी पुष्टि नभए त्यस्तो आदेश धारा ८८(१) र (२) अन्तर्गत परीक्षण हुन र मर्का पर्ने व्यक्तिले उपचार प्राप्त गर्नसक्छ भनी लिइएको जिकर तर्फ हेर्दा प्रथमतः श्री ५ बाट मिति २०६२।१।१६ मा यस आयोगलाई निरन्तरता दिन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२७ बमोजिम आदेश जारी गरिबक्सिदा कार्यकारिणी अधिकारको प्रयोग गरिबक्सेको नभई नेपालको संवैधानिक रीतिस्थिति, परम्परा र श्री ५ बाट प्रयोग भइआएको स्वविवेकीय अधिकार प्रयोग गरिबक्सी आदेश जारीगरिबक्सेको हो । त्यस्तो आदेश संविधानको धारा १२७ बमोजिम संविधानकै अभिन्न अङ्गको रूपमा परे सरह मानिने हुँदा विधायिकी कानूनको पुनरावलोकन भएझैं न्यायिक पुनरावलोकनको विषय हुनसक्दैन । अतः श्री ५ बाट स्वविवेक प्रयोग गरिबक्सी आदेश जारी भई आयोगको काम, कर्तव्य र अधिकार तोकिबक्सेको विषय न्यायिक पुनरावलोकनको दायराभित्र नपर्ने स्वतः सिद्ध छ । तसर्थ श्री ५ बाट स्वविवेक प्रयोग गरिबक्सी नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२७ बमोजिम आयोगका पदाधिकारी सहित यस आयोगलाई निरन्तरता प्रदान गरिबक्सेको कार्य संविधानसम्मत भएको र श्री ५ बाट गरिबक्सेको कुनै कामका सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाइने छैन भनी संविधानको धारा ३१ ले प्रष्ट व्यवस्था गरेको तथा आयोग गठन आदेशले निर्दिष्ट गरे अनुसारको काम, कर्तव्य र अधिकारको पालन र प्रयोग गरी आयोगबाट सम्पन्न भएका काम कारवाही संविधान र कानूनसम्मत भएकोले निवेदकका दाजु पूर्वमन्त्री राजीव पराजुलीलाई यस आयोगले कानूनद्वारा तोकिएको अख्तियारी अन्तर्गत रही न्यायिक थुनामा राखेको विषयलाई गैरकानूनी थुनामा राखेको भन्न नमिल्ने हुँदा निवेदकको जिकिर अनुसारको आदेश जारी गरिरहनु पर्ने नदेखिंदा रिट निवेदन खारेज गरी पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध गर्दछौं भन्ने समेत व्यहोराको विपक्षी शाही आयोग र ऐ का अध्यक्ष तथा सदस्यहरूको संयुक्त लिखित जवाफ ।

१२. रिट निवेदकले यस कार्यालयको के कस्तो कामकारवाहीबाट निजको के कस्तो हक अधिकारको हनन भएको हो ? त्यसको स्पष्ट जिकिर नलिई विना आधार र कारण यस कार्यालय समेतलाई विपक्षी बनाई रिट निवेदन दिएको र निवेदनपत्रमा उल्लेख गरिएका व्यक्तिलाई सम्बन्धित निकायले कानून बमोजिम थुनामा राखेको विषयलाई लिएर यस कार्यालयलाई समेत विपक्षी बनाई दिइएको रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ ।

१३. राजीव पराजुलीलाई भ्रष्टाचार नियन्त्रण शाही आयोगद्वारा भ्रष्टाचार सम्बन्धी कसूरको सिलसिलामा प्रचलित कानून बमोजिम थुनामा राखिएको बुझिन आएको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोरा गृह मन्त्रालयको लिखित जवाफ ।

१४. निवेदकको रिट निवेदन सरसर्ती अध्ययन गर्दा निवेदकले उल्लेख गर्नु भएका विषयमा नेपाल अधिराज्यका महान्यायाधिवक्तालाई रिट निवेदनको विरुद्ध खण्डमा उल्लेख गर्नु बाहेक निवेदकको विरुद्धमा महान्यायाधिवक्ताबाट के कस्ता कामकारवाही भएको हो र नेपाल अधिराज्यका महान्यायाधिवक्ताको के कस्तो कामकारवाहीबाट निवेदकको हक हनन् भयो वा सो कामकारवाही संविधान विपरीत भयो भन्ने कुरा निवेदकले आफ्नो निवेदनमा उल्लेख गर्न सक्नु भएको छैन । केवल विरुद्ध खण्डमा नाम उल्लेख हुँदैमा कसैका विरुद्ध रिट जारी हुन सक्तैन । निवेदकले उठाउनु भएको विषय संविधानले महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार भनी तोकेको विषयवस्तु नभएको र महान्यायाधिवक्ता र महान्यायाधिवक्ताको कार्यालय समेत बाट भए गरेको कामसँग सम्बन्धित समेत नभएको स्थितिमा रिट निवेदन स्वयं खारेजभागी छ भन्ने समेत व्यहोराको महान्यायाधिवक्ताको कार्यालयको लिखित जवाफ ।

१५. गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने मुद्दामा वयान समय अभावले नभ्याएकोले थुनामा राखि दिने भन्ने व्यहोराको सम्मानित भ्रष्टाचार नियन्त्रण शाही आयोगको च.नं. ३५२ मिति २०६२/०५/१३ गतेको पत्र साथ विपक्षी राजीव पराजुली यस कार्यालयमा दाखिला हुन आएको र निज विपक्षीलाई आदेशानुसार ल्याउने लैजाने गरी रहेकोमा, वादी श्री ५ को सरकार प्रतिवादी राजीव पराजुली समेत भएको गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दामा थुनछेकको क्रममा आदेश बमोजिम माग भएको धरौटी दाखिला गर्न नसकेकोले निज प्रतिवादी राजीव पराजुलीलाई यसै पत्र साथ ताहाँ पठाईएको छ । सुरक्षा साथ राख्नु हुन अनुरोध गरिन्छ भन्ने भ्रष्टाचार नियन्त्रण शाही आयोग हरिहरभवन, ललितपुरका च.नं. ३८५ मिति २०६२/०५/१५ गतेको पत्र सहित दाखिला भएकोले विपक्षी राजीव पराजुलीलाई गैरकानूनीरूपमा थुनामा राखिएको नभई सम्मानित आयोगको आदेशानुसार कानून बमोजिम नै यस कार्यालयमा थुनामा राखिएकोले रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको प्रहरी कार्यालय ललितपुरको लिखित जवाफ ।

१६. प्रस्तुत रिट निवेदन २०६२।५।२८।३ मा हेर्दाहेर्दैको पेशी तोकी बन्दी राजीव पराजुलीलाई सो दिन अदालतमा उपस्थित गराउनु भनी लेखी पठाई लगाउन रिट नं. ५७ तथा निवेदन नं. ७४५ को निवेदन समेत साथै राखी नियमानुसार पेश गर्नु भन्ने समेत व्यहोराको यस अदालत ५ सदस्यीय विशेष इजलासको मिति २०६२।५।२३ को आदेश ।

१७. राजीव पराजुलीका सम्बन्धमा श्रोत नखुलेको सम्पत्तिको अनुसन्धान सम्बन्धी कारवाही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राखिदिने गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट २०६१।१।२३ मा निर्णय भएको देखिएको, प्रस्तुत निवेदनको बहस नटुङ्गिएको सन्दर्भमा पछि निवेदनको टुङ्गो लागि ठहरे बमोजिम हुने गरी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३३(क) बमोजिम बन्दी राजीव पराजुलीलाई निवेदन पेशी हुँदाका दिन उपस्थित गराउने गरी निजको कानूनी व्यवसायी अधिवक्ता शम्भु थापाको यसै अदालतबाट हाजिर जमानी लिई थुनाबाट मुक्त गरी तारेखमा राख्नु । सो को जानकारी भ्रष्टाचार नियन्त्रण शाही आयोगलाई दिनु भन्ने समेत व्यहोराको यस अदालत ५ सदस्यीय विशेष इजलासको मिति २०६२।५।२८ को आदेश ।

१८. नियमानुसार पेश भएको प्रस्तुत रिट निवेदन र समान विषय समावेश भएको साथै पेश भएको लगाउको निवेदक अधिवक्ता श्री सन्तोष महतो भएको रिट नं. ५७ समेतमा मिति २०६२।५।२३ देखि मिति २०६२।५।२८, २०६२।५।३०, २०६२।६।६, २०६२।६।१२, २०६२।७।२७, २०६२।७।२९, २०६२।८।६, २०६२।८।७, २०६२।८।१२, २०६२।८।१३, २०६२।८।२१, २०६२।८।२३, २०६२।८।२९ समेतका दिन निवेदक, निज तर्फका विद्वान कानून व्यवसायीहरू र विपक्षी तर्फका विद्वान कानून व्यवसायीहरू तथा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४२ अन्तर्गत सरिक हुनुभएका समेत ३९ जना विद्वान कानून व्यवसायीहरूले देहायबमोजिमको बहस जिकिर प्रस्तुत गर्नुभयो ।

निवेदक र निवेदक तर्फका कानून व्यवसायीहरू तर्फबाटः

अधिवक्ता श्री शम्भु थापा (दुबैमा):

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२ ले कानून बमोजिम बाहेक व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण गर्न पाइदैन । नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा २(ड) ले कानूनको परिभाषा गरेको र सो परिभाषा संविधानको हकमा समेत लागू हुने हुँदा धारा १२७ को आडमा जारी भएको भएको आदेश सो व्याख्या अनुरूपको कानून हो होइन हेरिनु पर्दछ । संविधानको धारा ११५ अन्तर्गत जारी भएको आदेशले निरन्तरता पाउने अवस्था छैन । धारा ११५ आफैमा स्वतन्त्र धारा भएको ले यस अन्तर्गतको आदेशले संविधानका केही धारा निलम्बन गर्नसक्दछ तर संविधानद्वारा अर्को अङ्गलाई दिइएको अधिकार भिकेर अरुलाई दिन मिल्दैन । संविधान देशको राष्ट्र प्रमुखदेखि नागरिक सबैलाई एउटै संरचनामा राख्ने यन्त्र हो । धारा ११५ अन्तर्गत जारी भएको संकटकालको अवस्था निवारणका लागि आदेश जारी गर्न सकिने र संकटकाल फिर्ता लिएपछि वा संकटकाल घोषणको अवधि सकिएपछि सो धारा ११५ अन्तर्गत जारी भएको आदेश पनि स्वतः निष्क्रिय हुन्छ । धारा १२७ प्रयोग गरेर धारा ११५ अन्तर्गत जारी आदेशलाई निरन्तरता दिन मिल्दैन । धारा १२७ को बाधाअड्काउ फुकाउने आदेश जारी भएपछि बाधा फुकेर सबै संवैधानिक प्रक्रिया सञ्चालित हुन पर्छ । जुन संवैधानिक अड्चन परेको हो सो कुरा खुल्नु पर्‍यो । भ्रष्टाचार नियन्त्रण शाही आयोग गठन गर्न बाधा कसरी पर्न गयो । भारतीय संविधानमा पनि यस किसिमको बाधाअड्काउ फुकाउने सम्बन्धी व्यवस्था धारा ३९२ ले गरेको छ । भारतीय राष्ट्रपतीले जारी गरेको आदेशका उपर अदालतमा प्रश्न उठी भारतीय सर्वोच्च अदालतले बाधा अड्काउ फुकाउने आदेशको न्यायिक पुनरावलोकन हुनसक्ने निर्णय गरेको छ । मानिसलाई पक्राउ गर्ने, वयान लिने, थुन्ने जस्ता अधिकारका कुरा राजाको अधिकार भित्र पर्दैन भनी बेलायतको अदालतले समेत निर्णय गरेको छ । धारा १२७ को बाधाअड्काउ फुकाउने अवस्था सम्बन्धमा दासढुङ्गा दुर्घटना सम्बन्धी विवादमा श्री ५ बाट यस अदालतसँग राय मागिबक्सेको विषयमा छलफल भै सो को धारा १२७ को समेत उक्त रायमा विश्लेषण भएको छ । त्यो राय कै रूपमा भएपनि सो अनुरूप श्री ५ बाट र सरकारबाट समेत काम कार्यवाही भएको हुँदा यस मुद्दामा पनि लागू गर्न बाधा पर्दैन । आदेश जारी श्री ५ बाट भएकोले धारा ३१ को व्यवस्थाअनुसार अदालतमा प्रश्न उठ्न नसक्ने भन्ने लिखित जवाफका सम्बन्धमा हाम्रो लिखित संविधान भएकोले बेलायतमा जस्तो विशेष अधिकार Prerogative Power छ भन्ने कुरा मान्न सकिदैंन । धारा ३१ का सम्बन्धमा प्रधानमन्त्री मनमोहन अधिकारीले संसद् विघटन गरे सम्बन्धमा परेको मुद्दामा निर्णय भइसकेको छ । धारा ३१ धारा ५६ सँग जोडी हेर्नुपर्छ । संविधानले व्यवस्था गरेको श्री ५, संसद् र अदालत तीनैको अधिकारका सम्बन्धमा एक अर्काले छुन मिल्दैन । तर तीन निकाय वा संस्थाका बीचको विवाद आयो भने त्यसको निराकण अदालतले नै गर्ने हो । निवेदक आफ्नो वैयक्तिक स्वतन्त्रता अपहरण हुन लाग्यो भनी आएको हो । प्रत्येक नागरिकलाई स्वतन्त्रता संरक्षणको अधिकार संविधानले प्रदान गरेको हुँदा सो अन्तर्गत आएको अवस्थामा प्रश्न उठाउन नपाउने भन्न मिल्दैन । श्री ५ स्वयंको कुरामा र संसद्को

स्थितिसम्बन्धमा बाहेक अरु कुरामा संवैधानिक परीक्षण हुन धारा ८८ को व्यवस्थाले बाधा पर्दैन । लिखित जवाफमा उल्लेख भएको ज्योति वानियाको रिट निवेदनमा भएको निर्णयको प्रसँग यस मुद्दामा आकर्षित हुदैन । वन ऐन, स्थानीय प्रशासन ऐन, भंसार ऐन संसद्ले बनाएका कानून अन्तर्गतका कुरा हुन् । विपक्षी आयोग कानून अन्तर्गत गठन भएको होइन । आयोगका पदाधिकारीहरूको योग्यता प्रष्ट छैन । धारा ८४ र ८५ को मर्म विपरीतको काम भएको छ । आयोगका पदाधिकारीको योग्यताको प्रश्न उठाइ निवेदन परेपछि योग्यता प्रमाणित गर्ने दायित्व आउँछ । योग्यताका सम्बन्धमा पन्छिन पाइदैन । संविधान मूल कानून हो । मूल कानूनले नै भ्रष्टाचार नियन्त्रण सम्बन्धमा धारा ९८ ले अख्तियार दुरूपयोग अनुसन्धान आयोगको गठन गरेको छ र भ्रष्टाचार निवारण ऐन अन्तर्गतका मुद्दाको समेत अनुसन्धान तहकिकात भै मुद्दा चल्ने अदालत समेतको छुट्टै व्यवस्था संविधानले नै गरिरहेको अवस्थामा समानान्तर निकाय खडा गर्न मिल्दैन । आयोगले चलाउने मुद्दा पनि भ्रष्टाचार निवारण ऐन अन्तर्गत भएको सो ऐन अन्तर्गत चल्ने मुद्दाको वादी श्री ५ को सरकार हुन्छ । वादी श्री ५ को सरकार भएको मुद्दा चलाउने नचलाउने भन्ने अन्तिम निर्णय गर्ने अधिकार धारा ११० ले नेपाल अधिराज्यका महान्यायाधिवक्ता र मातहत सरकारी वकिलको हुने व्यवस्था छ । सो को समेत उल्लघंन आयोगको गठन कामकार्वाहीबाट हुन गएको छ । आयोगको फैसला उपर यस अदालतमा पुनरावेदन लाग्न सक्दैन । संविधानको धारा ८८(३) मा भएको व्यवस्थाअनुरूप यस अदालको पुनरावेदकीय क्षेत्राधिकार तोकिन सक्दछ । श्री ५ बाट जारी आदेश कानून नभएको हुँदा त्यस्तो आदेशले पुनरावेदन लाग्ने गरी गरेको व्यवस्था भए पनि सो अनुरूप पुनरावेदन लाग्ने भन्न मिल्दैन । कानून के हो भन्ने विश्लेषण आरक्षण सम्बन्धी मुद्दामा संयुक्त इजलासले गरेको छ । आदेशलाई ऐन, कानून मान्ने हो भने न्यायिक पुनरावलोकन हुनसक्छ । यदि आदेश ऐन कानून होइन भने त्यो स्वतः निष्क्रिय हुनुपर्छ । संविधानको धारा ७१ र ७२ को प्रक्रिया नअपनाई ऐन बन्न सक्दैनन् । यस्ता आयोगले नागरिकलाई सजाय गर्न मिल्दैन । इमान सिंहको मुद्दाको नजीरको प्रसँगबाट पनि यस कुराको पुष्टी गर्दछ । भारतीय सर्वोच्च अदालतले सर्वोच्च अदालतकोक्षेत्राधिकार सम्बन्धमा AIR 2001 sc180 मा विश्लेषण भएको छ ।

अधिवक्ता श्री सुभाष नेम्बाङ्ग (दुबैमा):

लिखित जवाफमा श्री ५ बाट रीतिथिति, परम्परा, र श्री ५ मा निहित राजकीयसत्ता प्रयोग गरी स्वविवेकमा आयोग गठन आदेश जारी गरेको भन्ने उल्लेख भए सम्बन्धमा नेपालको संविधान २०१९ ले जस्तो श्री ५ मा राजकीयसत्ता रहने व्यवस्था नेपाल अधिराज्यको संविधान, २०४७ ले गरेको छैन । संविधानको प्रस्तावनाबाट नै सो कुरा प्रष्ट हुन्छ । प्रस्तावनामा नै संवैधानिक राजतन्त्र रहने कुरा स्वीकार गरी श्री ५ बाट नै संविधान जारी गरिबक्सेको हो । संविधानको व्याख्या गर्दा प्रस्तावनालाई पनि आधार मान्नुपर्ने कुरा मनमोहन अधिकारीको संसद् विघटनसम्बन्धी मुद्दामा यस अदालतबाट बोली सकिएको छ । प्रस्तावनाको मूलभूत कुरालाई प्रभावित पार्ने गरी कुनै आदेश जारी हुनसक्दैन । रीतिथिति परंपरा अनुसार गर्न सकिने भन्ने कुरा वर्तमान संविधानमा कहीं उल्लेख छैन । राजकीयसत्ता र सार्वभौम अधिकार यसै संविधान बमोजिम हुने भन्ने संविधानमा भएको उद्घोष श्री ५ को हो । सार्वभौमसत्ता धारा ३ ले जनतामा निहित रहने उल्लेख गरेको छ । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३१को व्यवस्था राजाले गल्ती गर्दैनन् भन्ने आधारमा गरिएको हो । राजाले गल्ती गर्दैनन् भन्ने आधारमा बेलायतको राजालाई दिइएको अधिकारहरू श्री ५ लाई रहने व्यवस्था संविधानले गरेको छ । हाम्रो संविधानले अन्तरनिहित वा अवशिष्ट अधिकारको व्यवस्था गरेको छैन । यस्तो आयोग गठन गर्नसक्ने संकेतसम्म संविधानले गरेको छैन । धारा १२७ को आदेश संविधानको अङ्ग हुने व्यवस्था संविधानले गरेको छैन । भारतीय संविधानले पनि धारा ३९२ मा बाधाअड्काउ सम्बन्धी व्यवस्था गरेपनि त्यो व्यवस्था सन् १९३५ को Government of India Act बाट भारतीय संविधानमा आउँदा परेको अप्ठ्यारो हटाउन व्यवस्था गरिएको र पहिलो संसद् शुरु भएपछि त्यस्तो आदेशले मान्यता पाउदैन भन्ने व्यवस्था गरिएको छ । नेपालमा पनि संसद्

बसिसकेपछि सारै अपवादात्मकरूपमा धारा १२७ प्रयोग हुनसक्छ । संविधान संशोधन गर्ने अधिकार संसद्लाई भएकोले बाधाअड्काउ फुकाउने कुरा पनि संसद्सँग सम्बन्धित भएको हो । सर्वोच्च अदालतले संविधान संशोधनको समेत परीक्षण गर्नसक्ने अधिकार छ । विवादित आदेश संविधानको अङ्ग मानिने कुरा पहिलेको नेपालको संविधान २०१९ को धारा ९०क. को जस्तो व्यवस्था अहिलेको धारा १२७ ले गरेको नहुँदा आदेश संविधानको अङ्ग भन्ने लिखित जवाफ संविधानसम्मत छैन । धारा १२७ को अधिकार स्वविवेकीय पनि होइन । अधिवक्ता राधेश्याम अधिकारीको मुद्दामा श्री ५ बाट वा श्री ५ बाट मात्र वा श्री ५ को स्वविवेकीय अधिकार प्रयोग गरी गरिने कार्यको सम्बन्धमा विवेचना भएको छ । दासढुङ्गा दुर्घटनाका सम्बन्धमा दिएको रायमा परिवर्तित स्थितिमा २०३६ सालमा जसरी शाही आयोग गठन आदेश जारी गरेजस्तो गरी आयोग गठन गर्न नसकिने कुराको विश्लेषण भएको छ । कानून बनाई मौलिक हकमा बन्देज लगाउन संविधानले बाधा गर्दैन तर यस्तो आदेश जारी गरी मौलिक हक कुण्ठित हुने कार्य गर्न मिल्दैन । सोही रायमा अरु वैकल्पिक व्यवस्था नभएको अवस्थामा मात्र धारा १२७ को प्रयोग हुने भन्ने समेत व्याख्या भएको छ । कुनै कुराको नियन्त्रण गर्छु भन्नलाई पनि गलतबाटो समातेर गर्न पाइदैन । संविधान बमोजिम रही न्याय र कानूनका मान्य सिद्धान्त नमर्ने गरी त्यस्ता कार्य गरिनु पर्दछ । दासढुङ्गा कै मुद्दामा नागरिकको हक अधिकारमा हस्तक्षेप गर्ने परे संसद्ले बनाएको कानूनबाट मात्र सकिन्छ भनेको छ । भ्रष्टाचार नियन्त्रण सम्बन्धमा धारा ९७, ९८ ले व्यवस्था र परिकल्पना गरेको निकाय गठन भै कार्य गरिरहेको अवस्थामा वैकल्पिक व्यवस्था नरहेको भन्ने अर्थजस्तो गरी गठित आयोग संविधानसम्मत छैन । बाधाअड्काउ फुकाउन के कारण पऱ्यो लिखित जवाफबाट खुल्दैन । यसरी धारा १२७ को प्रयोग गर्न पाइने हो भने सोही धारा प्रयोग गरी अरु समानान्तर संवैधानिक अङ्ग पनि गठन गर्न पाइन्छ भन्ने बुझिन जान्छ । धारा १२७ को मनसाय त्यो होइन । यसरी जारी भएको आदेशले संविधानको संशोधन कै रूप लिएकोछ । तर संविधान यसरी संशोधन हुने होइन । संविधान संशोधनले पनि स्वतन्त्र न्यायपालिकालाई असर पुऱ्याउन पाउदैन । धारा १२७ को आदेशले भइराखेको संवैधानिक अङ्गलाई विस्थापित गर्न सक्दैन । त्यसरी विस्थापित गर्न संशोधन नै आउनुपर्दछ । शाही आयोगको गठनले एकै प्रकृतिको मुद्दामा दुई प्रकृतिको अनुसन्धानदेखि मुद्दा चलाउने समेतको कार्य हुनगएबाट यसले नागरिकको समान अवस्थाका नागरिकका बीचमा असमान कार्य गरेको छ । सबै नागरिकलाई समान अवस्थामा समान कानून प्रयोग गरिने भन्ने समानताको सिद्धान्तको विपरीतको कार्य भएको छ । आयोगमा जो सुकै व्यक्तिलाई नियुक्त गर्न सकिने व्यवस्था स्वेच्छाचारीतामा आधारित हुँदा यो पनि असमान व्यवहार हो । संविधान अन्तर्गतको विषय अदालतले हेर्न नमिल्ने अवस्था छैन । हाम्रो संविधानले संवैधानिक सर्वोच्चतालाई स्वीकार गरेको हुँदा संविधान प्रतिकूल आदेश छ छैन भनी हेर्न नपाइने भन्न मिल्दैन । संविधानको प्रस्तावनाको भावना विपरीत रहेको भनी उजुर परेको विषयमा सर्वोच्च अदालतले हेर्न नपाउने भन्न मिल्दैन । सम्पतकुमारको मुद्दामा भारतीय सर्वोच्च अदालतले न्यायिक पुनरावलोकन गर्ने कुरा अदालतको आधारभूत संरचना (Basic Features) हो भन्ने कुरा स्वीकार गरेको छ। लिखित जवाफबाट सर्वोच्च अदालतको अधिकारलाई सीमित गर्न खोजिएको छ । धारा ३१ को सम्बन्धमा विद्वान अधिवक्ता शम्भु थापाले प्रकाश पारेको कुराबाट पनि प्रस्तुत आदेश न्यायिक पुनरावलोकन भित्र पर्न सक्छ । आफ्नो मुद्दा आफै हेर्न हुदैन भन्ने मान्याताको विपरीत समेत आयोग गठन भएको हुँदा मांगबमोजिम आदेश जारी हुनुपर्दछ ।

अधिवक्ता श्री यज्ञमूर्ती बञ्जाडे

(निवेदक राजीव पराजुलीको तर्फबाट):

लिखित जवाफमा श्री ५ बाट आदेश जारी भएकोले हेर्न नमिल्ने भन्ने जिकिर लिइएको छ । श्री ५ बाट जारी भएको आदेशको पनि न्यायिक पुनरावलोकन हुनसक्छ भनी संसद् विघटनका सम्बन्धमा परेका

निवेदक रविराज भण्डारी र निवेदक हरिप्रसाद नेपालको रिट निवेदनमा यस अदालतबाट निर्णय भइसकेको अवस्था हुँदा यस तर्फ अलमलिनु पर्ने अवस्था छैन । संविधानको धारा २७(३) मा गरिएको व्यवस्था अनुसार संविधानको पालना श्री ५ बाट पनि हुनुपर्छ । संविधान नाघेर जान सक्ने विशेषाधिकार श्री ५ लाई छैन । Lord Denning ले बेलायतको राजाका सम्बन्धमा राजा पनि कानून अन्तर्गत हुन्छन् भनेका छन् । श्री ५ बाट जारी भएको आदेशलाई कानून होइन भन्ने हो भने त्यसले कसैलाई दण्ड सजाय गर्न मिल्दैन । कानून हो भने संविधानको धारा ८८(१) अन्तर्गत न्यायिक पुनरावलोकन हुनसक्छ । विपक्षीहरूले सर्वप्रथम यो कुरा प्रष्ट गर्नु पऱ्यो । न्यायिक पुनरावलोकन गर्न पाइदैन भन्ने हो भने संविधान नै नरहे सरह हुन्छ । आयोग धारा ११५(७) अन्तर्गत जारी भएको आदेशबाट गठन भएको हो । धारा ११५ मा भ्रष्टाचार बढेको भनी संकटकाल घोषणा गर्न सकिने व्यवस्था गरेको छैन । शाही आयोग गठन धारा ११५(७) अनुकूल छैन । धारा ११५(७) को आदेश कानून सरह हुने भन्ने भएकोले त्यसमा पनि न्यायिक पुनरावलोकन हुनसक्छ । धारा ११५(७) अनुसार संकटकाल निवारणको लागि भनी जारी भएको आदेश संकटकाल घोषणको आदेश फिर्ता भएपछि पनि त्यस्तो आदेशलाई निरन्तरता दिइन्छ भने त्यो संविधान प्रति गरिने धोखा (Fraud) हो । संविधान बमोजिम चल्ने भनी श्री ५ बाट आफै स्वीकार गरीसकेपछि रीति थिति परंपरा भनी कुनै कार्य गर्न मिल्दैन । बेलायतमा पनि शाही विशेषाधिकार (Royal Prerogative) ले नयाँ कुरा दिन सक्दैन भन्ने कुरा स्वीकार गरिएको छ । न्याय संपादन सम्बन्धी कार्य कानूनका ज्ञाताबाट गरिनु पर्छ भन्ने न्यायका मान्य सिद्धान्त हो । स्वतन्त्र र निश्पक्ष न्यायाधीशहरूद्वारा दिइएको न्यायमा मात्र न्याय र कानूनका मान्य सिद्धान्त प्रयोग भएको मानिन सक्छ । संयुक्त राष्ट्र संघको सन् १९८५ मा पारित स्वतन्त्र न्यायपालिका सम्बन्धी आधारभूत सिध्दान्त (Basic Principles on the Independence of the Judiciary) ले कानूनका ज्ञाता र न्याय तथा कानूनका सम्बन्धमा उपुयक्त तालिम लिएका व्यक्तिबाट न्याय संपादनको कार्य हुनुपर्ने कुरालाई स्वीकार गरिएको छ । न्याय संपादनको कार्यको जिम्मेवारी पाएको विपक्षी आयोगका सदस्यको योग्यताको प्रश्न उठेकोमा योग्यता कसैले खुलाउन सकेका छैनन् । आयोगको गठन उल्लिखित UNO द्वारा स्वीकृत गरिएको मान्यताको विपरीत हुन गएको छ । धारा १२७ को आदेश स्थायी प्रकृतिको हुदैन । संविधानमा व्यवस्था नभएको तर तत्काल काम चलाउन आवश्यक परेको छ भन्ने लागेमा मात्र धारा १२७ अन्तर्गत आदेश जारी गरी काम चलाउने हो । काम चलाएपछि त्यसको प्रयोजन सकिन्छ । आयोगको गठन र तोकिएको काम कार्यवाहीबाट स्वच्छ सुनवाई (Fair Trial) सम्बन्धी प्राकृतिक न्यायको सिध्दान्त (Principal of Natural Justice) जस्ता न्याय र कानूनका मान्य सिद्धान्तलाई प्रभावित पारेको छ । बन्दीप्रत्यक्षीकरणको मुद्दाबाट पनि उठेका सबै प्रश्नको निराकरण हुनसक्छ । उपयुक्त आदेश बन्दीप्रत्यक्षीकरणको रिट निवेदनबाट पनि हुनसक्छ भन्ने कुरा निवेदक म आफै भएको २०२७ को मुद्दा र निवेदक ओमकार श्रेष्ठ विरुद्ध बागमती अञ्चलाधीश कार्यालयको मुद्दामा समेत स्वीकार गरिएको छ ।

वरिष्ठ अधिवक्ता श्री श्रीहरि अर्याल (दुबैमा):

वर्तमान संविधानले प्रजातन्त्रको खाका तोक्ने र सबैलाई बाध्ने कार्य गरेको छ । धारा १ ले संविधानको पालना गर्नुपर्ने सबैको कर्तव्य तोकेको छ । धारा १४ ले कानून बमोजिम बाहेक सजाय नगरिने प्रत्याभूति गरेको छ । संविधानले भ्रष्टाचार नियन्त्रणका सम्बन्धमा एक आयोगको गठन गरकोछ । प्रत्येक संवैधानिक अङ्गको योग्यता के हुने सो समेत तोकेको छ । २०६१।१०।१९ को घोषणामा पनि न्यायका मान्य सिद्धान्तको विपरीत नहुने गरी आयोग गठन गर्ने भन्ने उल्लेख भएबाट संविधान बाहिर बसेर घोषणा गर्छु भनेको देखिदैन । शाही आयोगको गठन यो घोषणाको विपरीत भै घोषणासँग बाझिएको छ । संवैधानिक विवाद उठाई आएको अवस्था हुँदा त्यसको निराकरणको लागि संविधानसँग सम्बन्धित सबै कुरा हेरी निर्णय गर्नुपर्छ । सर्वोच्च अदातल बुलेटिन वर्ष ११ अंक ८ पूर्णाङ्क २४२ पृष्ठ ७ मा प्रकाशित निर्णयमा संविधानको व्याख्या गर्दा संविधान निर्माणका क्रममा तयार भएको व्याख्यात्मक टिप्पणीलाई पनि आधार लिन सकिन्छ

भनिएको छ । धारा ८४ अन्तर्गतका अदालत र न्यायाधिकरणले मात्र कानून र न्यायका मान्य सिद्धान्तका कुरालाई अगांल्न सक्दछ । शाही आयोगको निर्णय उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने भन्ने व्यवस्था भएपनि सर्वोच्च अदालतले संविधान र कानून अन्तर्गत रहेका जिल्ला अदालत पुनरावेदन अदालत विशेष अदालत र अन्य अर्धन्यायिक निकायलाई जस्तो गरी निरीक्षण नियन्त्रण गर्नसक्ने अवस्था छैन । यसर्थ शाही आयोगको गठन संवैधानिक होइन । संविधानको धारा ३५(२) को व्यवस्थाअनुसार श्री ५ बाट आफ्नो स्वविवेक वा स्वइच्छाबाट यस्तो आदेश जारी गर्न सकिबक्सने अवस्था देखिदैन । संविधान बचाउने किसिमबाट संविधानको व्याख्या हुनपर्ने भएको छ । संविधान विपरीतको शाही आयोग राख्न मिल्दैन ।

अधिवक्ता श्री हरिहर दाहाल (दुबैमा):

संकटकाल घोषणा सँगसँगै आयोग गठन आदेश जारी भएको होइन । देशमा व्याप्त हिंसा हत्या रोक्न भनेर संकटकाल घोषणा भएको छ । संविधानको धारा ११५(७) अनुसार भनी संकटकाल घोषणासँग असम्बन्धित विषयमा आयोग गठन आदेश जारी भएको संविधानसम्मत छैन । यस्तो असंवैधानिक आयोगलाई निरन्तरता दिन भनी धारा १२७ को बाधाअड्काउ फुकाउने आदेश जारी भएको छ । कुनै संस्था सिर्जना गर्ने कुरामा धारा १२७ आकर्षित हुनसक्दैन । यस्तो आयोग जन्माउने अख्तियारी धारा १२७ ले दिएको छैन । दासढुङ्गा दुर्घटनाका सम्बन्धमा यस अदालतबाट व्यक्त रायमा विकल्प नभएको अवस्थामा मात्र धारा १२७ को प्रयोग हुने राय व्यक्त भएको छ । कुनै आदेशले सर्वोच्च अदालतको अधिकार संकुचित वा विस्तारित हुनसक्दैन । शाही आयोग गठन आदेशले संविधानको व्यवस्था उलघंन गरेको छ । सर्वोच्च अदालतकोक्षेत्राधिकारको विस्तार संसद्ले बनाएको कानूनद्वारा मात्र हुन सक्दछ । धारा १२७ अन्तर्गत जारी भएको आदेशले धारा ३१ अन्तर्गतको संरक्षण पाउन सक्दैन । संविधानको आधारभूत संरचनालाई प्रभावित पार्ने गरी धारा १२७ को प्रयोग भएको छ । धारा ३१ को संरक्षण राजाले गल्ती गर्दैनन् भन्ने सिद्धान्तमा आधारित छ । राजाले आफै काम नगर्ने हुनाले यो संवैधानिक संरक्षण दिइएको हो । संविधानको परिधि बाहिर श्री ५ पनि जान मिल्दैन । सरकार प्रमुखको हैसियतले गरेको काम कुरालाई धारा ३१ले संरक्षण दिएको मान्न मिल्दैन। यस्तो आदेशको संवैधानिक परीक्षण सर्वोच्च अदालतले गर्न नपाउने हो भने संविधानको प्राण नै हरण हुन जान्छ । धारा ३१ ले सर्वोच्च अदालतको न्यायिक पुनरावलोकनको अधिकारलाई संकुचित गर्न सक्दैन । संविधानको भावना मर्म अनुकूल कार्य भएको कुरालाई लिएर धारा २७(३) ले संरक्षण प्रदान गरेको छ । यो सकारात्मक (Positive) कुरा हो । तर प्रस्तुत विवादमा संविधानको उलघंन भएको अवस्था छ । संरक्षण सकारात्मक कुराको लागि हो । धारा ८५ देखि बाहेकका अदालतले मुद्दा हेर्न पाउदैन । धारा ८५ को परिधि बाहिर गई आयोग गठन भएको हुँदा यस्तो कार्यले संरक्षण पाउने अवस्था छैन ।

अधिवक्ता श्रीकुमार रेग्मी

(निवेदक राजीव पराजुलीकोमा मात्र):

प्रस्तुत विवादमा मूल रूपमा अधिकारपृच्छा, उत्प्रेषण, कानून अमान्य गरिपाऊँ भन्ने र बन्दीप्रत्यक्षीकरणको आदेश समेत ४ विषयमा छलफल हुनुपर्ने अवस्था छ । निवेदकले अधिकारपृच्छाको अधिकार प्रयोग गरी विपक्षी आयोगका पदाधिकारीहरूको योग्यताको प्रश्न उठाएकोमा त्यस्तो प्रश्नको जवाफ जसलाई सोधिएको हो उसैले दिनुपर्छ । अधिकारपृच्छा नियुक्त गर्नेलाई सोधिने विषय होइन । नियुक्त भएका व्यक्तिका सम्बन्धमा हो । कुन अधिकारबाट बसेको भनेर सोधिने हो । सार्वजनिक जवाफदेहिताको निकायमा बसेका व्यक्तिको हकमा सोधिने हुँदा जवाफ दिन्न भन्न पाइदैन । श्री ५ बाट नियुक्त भएकोले बसेको भन्ने जवाफ दिएर पुग्दैन । के योग्यताले बसेको हो जवाफ दिनुपर्छ । धारा १२७ को आदेश संसद्मा

पेश गर्नपर्ने भन्ने भएबाट संसद् नभएको र मन्त्रिपरिषद् नभएको अवस्थामा धारा १२७ प्रयोग हुनसक्दैन । संविधानले श्री ५ लाई कुन स्थानमा राखेको छ व्याख्या हुनुपर्ने अबस्था आएको छ । भारतीय सर्वोच्च अदालतबाट B.K. Kapoor v. State of Tamilnadu को मुद्दामा AIR 2001 sc 3435 मा अधिकारपृच्छा र राष्ट्रप्रमुखको संरक्षण वा उन्मुक्ति (Immunity) का सम्बन्धमा निर्णय भएको छ । जुन यस प्रसँगमा पनि महत्वपूर्ण हुन सक्दछ । संविधानको व्याख्याका सम्बन्धमा विभिन्न ५ वटा माध्यम अपनाइनु पर्ने सिद्धान्त रही आएको छ । जसमध्ये पहिलो स्वयं संविधान कै पुस्तकको आधारमा संविधानको व्याख्या गरिनुपर्छ । त्यसपछि संविधानको Original Intention र Structural Reasoning का साथै Moral Reasoning अर्थात् Liberal Interpretetion र अदालतका पूर्व अभ्यास वा नजीरहरूको आधारमा व्याख्या हुनपर्छ । यस व्याख्याको सिद्धान्तको परिधिबाट धारा ३१ र धारा १२७ का सम्बन्धमा व्याख्या हुनुपर्छ । धारा ३१ धारा ३५ सँग सम्बन्धित छ । धारा ३१ आफैमा स्वतन्त्र धारा होइन । धारा ३५(२) बाट मात्र धारा ३१ ले पूर्णता पाउँछ । धारा ३१ लाई एक्लै हेर्दा भ्रम सिर्जना हुन्छ । धारा ३५(२) बाटै श्री ५ ले कस्तो कामगरी बक्सने र कस्तो काममा प्रश्न उठाउन नपाइने भन्ने प्रष्ट हुन्छ । हाम्रो लिखित संविधान भएकोले संविधान बाहिर श्री ५ पनि जान मिल्दैन । भारतीय सर्वोच्च अदालतले राष्ट्रपतीलाई के कस्तो सिफारिस भएको भन्ने हेर्न नपाइने भन्ने निर्णय भएपनि राष्ट्रपतीको आदेशको न्यायिक पुनरावलोकन हुनसक्छ भन्ने कुरा State of Rajsthan v. Union of India को मुद्दामा निर्णय भएको छ । साथै S.R. Bomai को मुद्दामा भएको व्याख्या पनि हाम्रो संविधानको धारा ३५(६) को व्याख्याको सम्बन्धमा सान्दर्भिक छ । यस मुद्दामा सार्वजनिक हितको लागि के कस्ता कुराहरू मन्त्रिपरिषद्ले सिफारिस गरेको थियो ? त्यो न्यायिक पुनरावलोककोक्षेत्र भित्र पर्न सक्छ भन्ने निर्णय भएको छ । अहिले जारी भएको आदेश धारा ३५(२) अनुरूप मन्त्रिपरिषद्को सिफारिसमा श्री ५ बाट भएको भए धारा ३१ बमोजिम श्री ५ को कार्य माथि प्रश्न गर्न पाइदैन थियो । धारा ३५(२) लाई छोडेर हेर्ने हो भने संविधानमा केही बाँकी रहदैन । उन्मुक्तिको दावी पनि संविधानसम्मत हुनुपर्छ ।

अधिवक्ता श्री माधवकुमार बस्नेत (दुबैमा):

लिखित संविधानको अन्तरनिहित चरित्रअनुसार नै विवाद हेर्ने अन्तिम अधिकार अदालतलाई दिइएको हुन्छ । संकटकाल जारी भएको ठीक छ छैन भनेर हेरिदैन । प्रस्तुत विवादमा समावेश भएका विषयहरू अदालतलाई हेर्ने अधिकार छैन भन्ने हो भने संवैधानिक अङ्गका बीच उत्पन्न भएको अन्तरद्वन्द्वको निराकरण वा संविधानमा आएको अस्पष्टताको निराकरण कसले गर्ने ? यी सबैको निर्क्योल गर्ने अदालत नै हो । अमेरिकी जनताले आफूले बनाएको कानूनका सम्बन्धमा समेत ९ जना न्यायाधीशहरूले जे भन्छन् त्यही हुन्छ भनिन्छ । अदालतमा सम्बन्धित विषयका ज्ञाता रहन्छन् भन्ने आधारमा ती कुराहरूलाई स्वीकार गरिन्छ । बाधाअड्काउको अवस्था आएको छ छैन भनेर छुट्याई दिने अदालतले नै हो । प्रश्न उठाउन नपाइने भनी लिएको आधार प्रष्ट छैन । राजनीतिक कारणले हो भने रविराजको मुद्दाबाट धेरै कुराको निर्क्योल भइसकेको छ । धारा ११५(७) अन्तर्गतको आदेश संकटकाल रहेसम्म रहने भन्ने भएबाट श्री ५ बाट संकटकाल फिर्ता लिएपछि सो आदेश पनि स्वतः समाप्त हुन्छ । त्यसलाई निरन्तरता दिन मिल्दैन । मिल्छ भन्ने हो भने त्यो संविधानप्रति गरिएको धोखा Fraud हो । आदेशको निरन्तरता दिन बाधा परेको भनी धारा १२७ प्रयोग भएको छ । संवैधानिक बाधाअड्काउ परेमा मात्र सो धारा प्रयोग हुने हो । कुनै आदेश कार्यान्वयन गर्न बाधा परेको अवस्थामा होइन । धारा ११५(७) अन्तर्गतको आदेश जीवित छ भन्ने हो भने संकटकाल पनि बांकी नै छ भन्ने जनाउँछ । धारा ११५(७) अन्तर्गतको आदेश हो भन्ने मानिएकै अवस्थामा पनि सो आदेश कानून सरह हो त्यसलाई संविधानको अङ्ग मान्न मिल्दैन । संविधानले सार्वभौम जनतामा निहित रहने व्यवस्था गरेको हुँदा राजकीयसत्ता श्री ५ मा रहेको कुरा स्वीकार गर्न सकिदैन । श्री

५ लाई स्वविवेक प्रयोग गर्न पाउँने व्यवस्था धारा २८ र १२१ ले गरेको छ । सोदेखि बाहेक धारा ३५(२) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा मात्र श्री ५ बाट कार्य गर्न सकिबक्सन्छ ।

अधिवक्ता श्री बद्रीबहादुर कार्की (दुबैमा):

हामी लिखित संविधानबाट शासित छौं । संविधानले राज्यको सबै अङ्गको क्षेत्राधिकार तोक्नुको साथै ती अङ्गहरूको प्रयोग के कसरी गर्ने भन्ने कुरा पनि तोकिदिएको छ । विपक्षीहरूलाई लागू हुने संविधान पनि यही हो । अहिले संविधानले व्यवस्था गरेको कार्यकारिणी अधिकार समेतको व्याख्या र विश्लेषण हुनुपर्ने भएको छ । संविधानको व्याख्याको सम्बन्धमा पाकिस्तानी सर्वोच्च अदालतले पाकिस्तानको संसद् विघटन सम्बन्धी मुद्दामा संविधानको व्याख्या गर्दा मूलतः सम्बन्धित धाराको अर्थका साथै लिखित संविधानका संपूर्ण व्यवस्था र नजीर समेतको रोहमा व्याख्या गरिनु पर्ने भन्ने कुरा स्वीकार गरिएको छ । फिलिपिन्सको संविधानको व्यवस्था र हाम्रो संविधानको व्यवस्था धेरै मिल्दोजुल्दो छ । फिलिपिन्सका राष्ट्रपती एष्टार्डाको सपथग्रहणका सम्बन्धमा परेको मुद्दामा संविधानको व्याख्या गर्दा Rule of constructions को प्रयोग गर्नुपर्छ भन्ने निर्क्योल गरी व्याख्या गर्दा संविधानको सबै व्यवस्थाको रोहमा व्याख्या गरिनु पर्दछ भनिएको छ । अदालतलाई Faithful Guardian of the constitution भन्ने गरिन्छ । संविधान अन्तर्गत रही कार्य गर्नुपर्ने निकायले काम गरेको छैन भन्ने विवाद आउँछ भने त्यसको निराकरण गर्ने अधिकार र जिम्मेवारी सर्वोच्च अदालत कै हो । यस अदालतले धारा ८८ अन्तर्गतको न्यायिक व्याख्या गरी निर्णय गर्न पाउने अधिकारलाई धारा १२७ ले छेकेको छैन । धारा ११६ अन्तर्गतको कुरामा न्यायिक पुनरावलोकन गर्न पाउँने कुरालाई रोकेको छैन भने धारा १२७ को आदेशलाई हेर्न नमिल्ने भन्ने अर्थ गर्न मिल्दैन । संविधानको मर्म र भावना विपरीत न्यायसम्बन्धी अधिकार अदालत बाहेक अरुलाई दिन मिल्दैन । धारा २८(३) ले राजगद्दी उत्तराधिकारी सम्बन्धी ऐन बनाउने श्री ५ लाई मात्र अधिकार दिएको भएपनि सो ऐनका सम्बन्धमा पनि न्यायिक पुनरावलोकन हुनसक्ने रहेछ भन्ने कुरा निवेदक कृष्णप्रसाद सिवाकोटी विरुद्ध मन्त्रिपरिषद् सचिवालय समेत भएको मुद्दामा यस अदालतबाट ने.का.प. २०५४, पृष्ठ २९५ मा प्रकाशित मुद्दाबाट पुष्टी भएको छ । यस्तो अवस्थामा विपक्षी आयोग गठनका सम्बन्धमा हेर्न नमिल्ने भन्ने अवस्थै आउँदैन । श्री ५ बाट जारी हुने ऐन, नियम, आदेश सबै राजपत्रमा प्रकाशित हुने हुँदा त्यस्तो ऐन समेतको न्यायिक पुनरावलोकन हुन नसक्ने होइन । संवैधानिक राजतन्त्रबाट सबैकाम अरुको सिफारिसमा हुने भएको र कुनै पनि काम आफ्नो तर्फबाट हुदैन भन्ने सिद्धान्तका आधारमा धारा २७ ले संरक्षण प्रदान गरको हो । लिखित संविधान हुनुको अर्थ नै परम्परा र रीतिथितिका कुरालाई मान्यता नदिनु हो । परम्परा रीतिथितिको कुरा नआओस् भनेरै संविधान आउने हुँदा संविधानअनुसार सर्वोच्च अदालतले गरेको निर्णय मान्छौ भन्ने लिखित जवाफ आउनुपर्नेमा प्रश्न उठाउन पाइदैन भन्ने जवाफ दिएर राज्यका अङ्गले पाउँन सक्दैन । हाम्रो संविधान मिति २०४७।७।२३ बाट एकै दिन सबै धारा लागु भएको अवस्था हुँदा धारा १२७ को बाधा अड्काउको प्रावधान नै नरहनु पर्ने हो । संविधान क्रियाशील भएपछि यस्तो व्यवस्थाको आवश्यकतानै पर्दैन । यस्तो व्यवस्था राखिएकै भएपनि त्यसको प्रयोग गरी एउटा अङ्गको काम झिकेर अर्को अङ्गलाई दिन मिल्दैन । धारा १२७ अन्तर्गतको आदेश विधायिकी (Legislative) प्रकृतिको हो । त्यसैले यो आदेशलाई संसद् समक्ष राखिनु पर्छ भन्ने व्यवस्था गरिएको हो । संसद्मा पेश गर्ने विषय भएको भन्दैमा धारा ८८(१) अन्तर्गतको अधिकार बमोजिम न्यायिक पुनरावलोकन हुन नसक्ने भन्न मिल्दैन । धारा ११५ को व्यवस्था श्री ५ बाट मन्त्रिपरिषद्को सिफारिसमा हुने भन्ने व्यवस्था भएबाट यस्तो आदेशका सम्बन्धमा श्री ५ बाट उन्मुक्तिको दावी गर्नै पर्दैन । विपक्षी आयोग गठन आदेशमा अदालतलाई भए सरहको पक्राउ गर्ने वयान गराउने समेतको अधिकार दिइएकोछ जुन कुरा धारा १२७ अन्तर्गत यस्ता आदेश जारी हुनसक्दैन भनी दासढुङ्गा दुर्घटनाका सम्बन्धमा यस अदालतबाट व्यक्त रायको प्रतिकूल भएको छ । श्री ५ बाट State Function अन्तर्गत गरिएको कार्यबाट कुनै नागरिकको अधिकारमा बाधा वा हस्तक्षेप पुऱ्याउँछ भने

संविधानकै व्यवस्था अनुसार आफ्नो हक रक्षार्थ यस अदालतमा आउन नपाउने होइन । यसरी अधिकारमा आघात परेको भनी परेको मुद्दाबाट हेर्न नमिल्ने भन्ने जिकिर लिन मिल्दैन ।

निवेदक अधिवक्ता श्री सन्तोष महतोः

शाही आयोगलाई कानूनी अधिकार प्रयोग गर्ने र व्यक्तिलाई सजाय तोक्ने अधिकार समेत प्रदान गरिएको हुँदा आयोग गठन आदेश कानून नै हो । संविधानको धारा ३१ को प्रश्न निवेदन दर्ता गर्ने आदेश हुँदा नै निराकरण भै सकेको छ । फेरी यो प्रश्न उठाउन मिल्दैन । धारा ३१ को व्याख्या गर्दा धारा ३५(२) सँग मिलाएर गर्नुपर्छ । श्री ५ बाट स्वविवेकमा हुनसक्ने काम कार्यवाहीमा प्रश्न उठाउन नसकिने हो । सो बाहेक जनताको हक अधिकारसँग सम्बन्धित कार्य भएको अवस्थामा प्रश्न उठाउन नमिल्ने होइन । विवादित आदेश श्री ५ को स्वविवेकबाट जारी हुने विषय नभएकोले धारा ३१ ले संरक्षण प्रदान गरेको छ भन्न मिल्दैन । धारा १२७ को प्रयोग पहिलो पटक प्रधानमन्त्रीको सिफारिसमा भएको हो । बाधाअड्काउ केमा परेको हो कसरी फुकाउन खोजिएको हो सोही आदेशमा उल्लेख हुनुपर्छ । शाही आयोग गठन आदेशमा संविधानको कुन धारा कार्यान्वयन गर्न बाधाअड्काउ परेको हो भन्ने उल्लेख छैन । २०५९।६।१८ मा जारी भएको आदेशबाट बाधाअड्काउ परी आदेश जारी भएको कुरा प्रष्ट गरिएको छ । २०६१।१०।२५ मा जारी भएको आदेश कानून सरह हुने भएकोले त्यस्तो कानून कार्यान्वयनमा बाधा परेका हो भन्न मिल्दैन । कानून कार्यान्वयनमा बाधा परे ऐन संशोधन वा खारेज गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ । हाल संसद् क्रियाशील नभएको हुँदा संसद्को क्षेत्राधिकार भनी रिट निवेदन खारेज गर्न मिल्दैन ।

अधिवक्ता श्री अरुण ज्ञवाली

(निवेदक राजीव पराजुलीकोमा):

ने.का.प. २०५३, निर्णय नं ६२०५, पृष्ठ ४५० मा प्रकाशित यस अदालतको पूर्व निर्णयबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई सशक्त र शक्तिशाली निकायको रूपमा स्थापित गरेको कुरा स्वीकार गरिएकोछ । नेपालको संविधान, २०१९ ले अनुसन्धान र निर्णय आफैले गर्ने गरी स्थापना भएको अख्तियार दुरूपयोग निवारण आयोगको कार्य प्रकृति प्राकृतिक न्यायको सिद्धान्त विपरीत भएको भन्ने महशुश गरी हालको संविधानले अनुसन्धान गर्ने र मुद्दा हेर्ने अलगअलग निकायको व्यवस्था गरेको हुँदा शाही आयोगको गठन संविधान अनुकूल छैन ।

अधिवक्ता श्री हरिप्रसाद उप्रेती

(निवेदक राजीव पराजुलीकोमा मात्र):

धारा २७(३) ले तोकेको जिम्मेवारी धारा ३५ (२) को अवस्था पूरा गरेपछि मात्र हुनसक्छ । संविधानको प्रस्तावनामा नै यो संविधान बमोजिम राजकीयसत्ता प्रयोग हुने भन्ने उल्लेख भएबाट धारा ३५(२) को अवस्थाबाट नगरी प्रयोग हुनसक्दैन । धारा १२७ मा श्री ५ बाट मात्र वा श्री ५ को स्वविवेकबाट मात्र आदेश जारी हुने भन्ने व्यवस्था नभएकोले धारा ३५(२) बमोजिम नगरी धारा १२७ प्रयोग हुनसक्दैन । धारा १२७ को आदेशमा कानूनी आधार छैन । आयोगको गठन, क्षेत्राधिकार कानूनद्वारा तोकिएको अवस्था नहुँदा कार्यवाही गर्न पाउदैन । धारा १२७ को आदेश कार्यकारिणी आदेश हो । धारा २७, ३५ र १२७ लाई एकै ठाउँमा मिलाएर हेर्दा स्पष्टता आउँछ । संसद् भएको अवस्थामा मात्र संसद्मा राख्ने हो । आदेशले कानूनी हैसियत नै प्राप्त नगरेको हुँदा धारा ८८(२) बमोजिम पनि आदेश बदर हुनुपर्छ ।

अधिवक्ता श्री हरिकृष्ण कार्की

(निवेदक राजीव पराजुलीको मात्र):

प्रस्तुत विवादमा निराकरण गर्नुपर्ने विषय राजनीतिक विषय होइन । संविधान् आफैमा एउटा राजनीतिक Document हो । संवैधानिक प्रश्नको निराकरण हुनुपर्ने अवस्था छ । धारा ३१ को (३) को विश्लेषण निवेदक रविराज भण्डारी भएको संसद् विघटन मुद्दामा भएको छ । संकटकालको घोषणा आदेशमा भ्रष्टाचारको प्रसँग उल्लेख नभएकोले धारा ११५(७) को आदेशको धारा १२७ को आदेश अनुसारको कार्य कार्यान्वयन भइसकेपछि संसद्मा राख्नु नराख्नुको कुनै अर्थ छैन । असंवैधानिकताको प्रश्न उठेको अवस्थामा अदालतबाट परीक्षण नहुने भन्न सकिदैन ।

अधिवक्ता श्री प्रकाश राउत

(निवेदक सन्तोष महतोकोमा मात्र):

धारा १२७ प्रयोग हुन संविधानको कार्यान्वयनमा बाधाअड्काउ परेको हुनुपर्छ । शाही आयोग नहुँदा संविधानको कुन व्यवस्था कार्यान्वयनमा बाधा परेको सूचनामा उल्लेख छैन । बाधा परेको भनी मिथ्याकारण बनाएर आदेश जारी गर्न मिल्दैन । संवैधानिक परीक्षण हुँदा संवैधानिकताको पुष्टी गर्न सक्नुपर्छ । धारा १२७ श्री ५ बाट स्वविवेकमा प्रयोग हुने धारा होइन । स्वविवेक भएपनि त्यो असीमित र अनियन्त्रित हुँदैन । संविधानले यस्तो शाही आयोगको परिकल्पना गरेको छैन । धारा १२७ पटक-पटक प्रयोग भएको भन्दैमा यसले मान्यता पाउँछ भन्न मिल्दैन । कानून व्याख्यासम्बन्धी ऐन, २०१० को व्यवस्थाले पनि आदेश कानून सरह हुनसक्छ तर संविधानको भाग हुनसक्दैन । एउटै निकायबाट अनुसन्धान र तहकिकातका साथै मुद्दा समेत हेर्ने व्यवस्थामा निष्पक्ष सुनवाई र निष्पक्ष निर्णय हुनसक्दैन । धारा ११५ (७) को आदेशलाई निरन्तरता दिने संवैधानिक व्यवस्था छैन यसले संवैधानिक सर्वोच्चता र विधिको शासनलाई आघात पुऱ्याएको छ ।

वरिष्ठ अधिवक्ता श्री वासुदेव प्र. ढुङ्गाना (दुबैमा):

धारा १२७ को आदेश जारी हुन संविधानको कार्यान्वयनमा आएको बाधा व्यवधान देखाउनु पर्छ । वस्तुनिष्ठ (Objectively) तवरमा त्यो अवस्था रहेको देखिएको हुनुपर्छ । त्यस्तो अवस्था को अभावमा त्यसको प्रयोग गरी नागरिकको हक अधिकार हरण गर्न मिल्दैन । पहिलोपटक २०५१ सालमा चुनाव सार्ने प्रयोजनको लागि धारा १२७ को प्रयोग हुँदा त्यसले नागरिकको हक अधिकार हनन गरेको थिएन । जारी भएको आदेशले बाधा व्यवधान परको पूर्वावस्था देखाउन सकेको छैन । संविधान भन्दा बाहिरको निकाय गठन गरेर कार्य सञ्चालन गर्न बाधा व्यवधान आएको भन्ने आधारमा धारा १२७ प्रयोग हुनसक्दैन । धारा ८८(५) ले सर्वोच्च अदालतसँग श्री ५ बाट राय लिन सकिबक्सने व्यवस्थाले नै संविधानले श्री ५ को अधिकार सीमित रहेको पुष्टी हुन्छ । कानूनको अन्तिम व्याख्या सर्वोच्च अदालत बाहेकका अरुले गर्न सक्दैन । २००९ सालको वेदकृष्ण श्रेष्ठको मुद्दामा पनि श्री ५ बाट भएको काममा श्री ५ लाई विपक्षी नबनाए पनि भएको काम कानून विपरीत र असंवैधानिक देखिए त्यस्तो काम बदर गर्न सकिन्छ भन्ने सिद्धान्त स्थापना भएको छ । "King can do no wrongÆ भन्ने सिद्धान्तका आधारमा पनि विपक्षी नबनाइने हो । श्री ५ बाट जति कार्यकारिणी सम्बन्धी काम गरिबक्सन्छ सबै मन्त्रिपरिषद्को सिफारिसबाट हुने हो । यसैले रिट सुनवाई गर्न बाधा छैन ।

विपक्षी तर्फका कानून व्यवसायीहरू तर्फबाट

महान्यायाधिवक्ता श्री पवनकुमार ओझा

(विपक्षी शाही आयोग समेतको तर्फबाट):

निवेदक राजीव पराजुलीलाई मिति २०६१।११।६ मा भएको पहिलो शाही आदेशद्वारा गठित आयोगबाटै अनुसन्धान शुरु भएको हो । आयोगमा उपस्थित भै बयान र थुनछेक कार्यमा सरिक भएपछि धरौटी दिन नसकी थुनामा परेपछि आयोगले अनुसन्धान गरेको धेरै समयपछि निवेदन परेको छ । जुनबेला कार्य प्रारम्भ भएको थियो त्यहिबेला निवेदन गर्न आउनु पर्थ्यो । संकटकालको अवस्थामा जारी भएको आदेशलाई दुबैले रिट निवेदनमा स्वीकार गरेको छ । संसद्को चुनाव हुन नसकेकोले निर्वाचित जनप्रतिनिधिको सरकार बन्न सकेको छैन । चुनाव हुन सकेको भए संविधान यथास्थानमा आउने थियो । अहिलेको समस्या संसद् विघटन भएर सिर्जना भएको हो । संसद्को निर्वाचन भै नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३६ र धारा ४२ अन्तर्गतको सरकार हाल नरहेको अवस्था हुँदा न्यायपालिका सम्बन्धी अधिकार बाहेक सबै कार्यकारिणी र व्यवस्थापिकीय अधिकार श्री ५ मा रहन गएको छ । यी अधिकार अरुमा निहित भएकै अवस्थामा पनि संविधानको पालना र संरक्षण गराउने जिम्मेवारी धारा २७(३) र धारा ४३ ले श्री ५ मा रहको छ । नेपाल अधिराज्यका जनताको सर्वोत्तम हित र सम्मुन्नतिको लागि श्री ५ ले उपयुक्त कदम चालिबक्सन धारा २७(३) ले अख्तियारी प्रदान गरेको छ । जनताको सर्वोत्तम हितमा चालिने कार्य नै कानून हो । कार्यकारिणी अधिकार भएको मन्त्रिपरिषद् गठन भएकै अवस्थामा पनि श्री ५ लाई यो अधिकार छ । संसद्को निर्वाचन हुन नसकेको अवस्थामा क्रियाशील हुने भनिएको धारा ७२ र १२७ नै हो । यी दुइवटा धाराको प्रयोगबाट राज्य व्यवस्था सञ्चालन भइरहेको छ । मिति २०६१।१०।१९ को शाही घोषणामा भ्रष्टाचार फैलिएको र देश विकासमा बाधा परेको समेतका कारणबाट भ्रष्टाचार नियन्त्रण हुनुपर्ने र गरिने कुरा उल्लेख गरिएको छ । धारा ३५(२) मा उल्लेखित मन्त्रिपरिषद् भनेको निर्वाचित प्रतिनिधिको मन्त्रिपरिषद् हो । अहिले त्यस्तो अवस्था छैन । अहिलेको मन्त्रिपरिषद् धारा १२७ अन्तर्गत गठन भएकोले श्री ५ ले गर्ने निर्णयहरू कसैको सिफारिसमा गर्नुपर्ने होइन । श्री ५ आफैले गर्ने हो । कार्यकारिणी अधिकार श्री ५ मा नै रहेको हुँदा धारा १२७ प्रयोग गर्दा धारा ३५(२) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा हुनुपर्ने भन्ने कुराको अर्थै छैन । नेपालको अहिलेको अवस्था विशिष्ट प्रकृतिको रहेको छ । श्री ५ ले काम चलाउ सरकार गठन गरेको होइन । श्री ५ ले शासन व्यवस्था सञ्चालन गर्नुपर्ने अवस्था विशिष्ट प्रकृतिको अवस्था हो । बिग्रिएको कार्यलाई ठीक मार्गमा ल्याउने कार्य भएको छ । श्री ५ को व्यवस्था संविधानको धारा २७ ले गरेको छ । धारा २७(१) मा उल्लेख भएको हिन्दू धर्मावलम्वी श्री ५ हुने भएबाट पूर्वीय परम्परा र चलिआएका कुरालाई मनन् गर्दा पनि श्री ५ ले जिम्मेवारी वहन गर्नु परेको छ । हिन्दूधर्म र संस्कृतिको पृष्टपोषक र त्यसबाट निर्देशित हुने श्री ५ को परम्परा र अवस्था हो । वैदिक पद्धति अनुरूप श्री ५ बाट जनताको हरेका सुखदुःखमा विचार पुऱ्याउनु पर्ने हुन्छ । भ्रष्टाचार बढेको र सुशासन नभएकै कारण अहिलेको अवस्था आइपुगेको हो । भ्रष्टाचार समेतको कारणबाट द्वन्द्वको अवस्था आई संकटकाल लागू भएको हो । भ्रष्टाचारले जरा गाडेको र विकृति फैलाएको कुरा तत्कालीन राष्ट्रियसभाका सदस्य महादेवप्रसाद यादवको संयोजकत्वमा गठित समितिको प्रतिवेदनले तयार गरेको प्रतिवेदनले समेत पुष्टी गरेको छ । मूलुक अहिलेको अवस्थामा आइपुग्नुको एक कारण भ्रष्टाचार तत्व पनि हो । यसको उपयुक्त उपचार र नियन्त्रण हुनुपर्छ भनी जिम्मेवारी लिने अहिले एकमात्र संस्था राजसंस्था नै हो । श्री ५ को सन्तुष्टीबाट हरेक कार्य हुने हो । धारा ११५(७) अन्तर्गत श्री ५ को सन्तुष्टीमा गरिएको कार्यका सम्बन्धमा अदालतमा प्रश्न उठाउन मिल्दैन । मिति २०६१।१०।१९ को घोषणामा पनि यस्तो आयोग गठन गर्ने कुरा परेको छ । धारा ११५(७) मा संकटकाल निवारण गर्न भन्ने बाहेक अरु शर्त नतोकिएकोले यस्तो आयोग

गठन गर्न मिल्दैन भन्न मिल्दैन । सो अन्तर्गतको आदेश कानून सरह लागू हुने व्यवस्था छ । तर यो ऐन सरह होइन । यो संविधान सरहको हो । संविधान पनि कानून नै भएकोले सो आदेश पनि सोही बमोजिम संविधानकै अङ्ग हो । झंक कडेल समेतको निवेदनमा यस अदालतबाट भएको निर्णयमा संविधानलाई पनि कानून नै हो भन्ने मानिएकोले पनि यो आदेश संविधानकै अङ्ग हो । धारा ११५(७) अन्तर्गत आयोग गठन भै उजुरी छानविन, मुद्दा दर्ता, निर्णय समेतका कार्य प्रारम्भ भै ती कार्यहरू विचाराधीन रहेको अवस्थामा श्री ५ बाट मिति २०६२।१।५ संकटकाल फिर्ता लिइबक्सेकोले आयोगमा विचाराधीन मुद्दाहरू अन्य निकायमा पठाउने व्यवस्था समेत नभै कार्य सचालनमा बाधाअड्काउ परी आयोगको काम कार्यवाहीलाई निरन्तरता दिन श्री ५ ले धारा १२७ बमोजिम आदेश गरिबक्सेको हो । संविधानमा बाधाअड्काउ फुकाउने सम्बन्धमा २००४ सालको वैधानिक कानून र २०१५ साल र २०१९ सालको संविधानले पनि श्री ५ लाई अधिकार दिएको थियो । २०१९ सालको संविधानले यस्तो आदेशलाई संविधानको एक अङ्ग हुने कुरा उल्लेख गरेको तर अहिलेको संविधानको धारा १२७ मा यस सम्बन्धी व्यवस्था नपरेकोले व्याख्या हुनुपर्ने देखिन्छ । संविधानको क्रियाशीलतामा आउने बाधाअड्काउ फुकाउने आदेश भै संविधानको कार्यान्वनले गति लिने हुँदा यस्तो आदेश संविधानमै परेको मान्नु पर्छ । जुन ऐन अन्तर्गतको बाधा फुकाउने आदेश जारी हुन्छ त्यो आदेश त्यही ऐनको अङ्ग मानिने हुँदा यसर्थ पनि संविधानको बाधाअड्काउ फुकाउन जारी हुने आदेशलाई संविधानकै अङ्ग मान्नुपर्छ । बाधाअड्काउ सम्बन्धी व्यवस्था फराकिलो व्यवस्था हो भन्ने कुरा भारतीय अदालतबाट पनि स्वीकार गरिएको छ । यसरी र यस्तो मात्र गर्न पाउँछ भन्ने छैन । धारा ११५(७) को आदेश कानून सरह भै संविधानको एक अङ्ग भएकोले त्यसैले सिर्जना गरेको कार्यलाई निरन्तरता दिन धारा १२७ बमोजिम आदेश भएको छ । संविधानको व्याख्यागर्दा जुन हदसम्म मिल्छ मिलाई व्याख्या गर्नुपर्ने भन्ने मान्य सिद्धान्त रहिआएको छ । धारा ९८ ले सार्वजनिक पदधारण गरेका व्यक्तिको हकमा मात्र अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अनुसन्धान गरी मुद्दा चलाउने अधिकार तोकिएको छ । शाही आयोगलाई त्यो बाहेक अरु व्यक्ति सार्वजनिक संघ संस्था, बैंक तथा वित्तिय संस्थामा कार्यरत निजि व्यक्ति र ठेक्का पट्टा राजश्व ठगी, तस्करी जस्ता अपराधका सम्बन्धमा समेत अनुसन्धान गरी मुद्दा हेर्ने व्यवस्था हुँदा एउटै कार्यको लागि दुइवटा संस्था गठन भएको होइन । आयोगको दफा २ ले आयोगलाई दिइएको अधिकार र धारा ९८ अन्तर्गतको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको गठनको आधार फरक-फरक छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगको काम कार्यवाहीको बोझलाई न्यून गर्न पनि शाही आयोग गठन भएको हो । यी दुबै निकायको काम कार्यवाही र अधिकारमा केही मिलेको जस्तो देखिएको भएपनि छुट्टाछुट्टै रूपमा कार्य भएको र अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आफ्नो कार्यक्षेत्रमा असर परेको भनी आएको अवस्था समेत नहुँदा संविधानको सामञ्जस्यपूर्ण व्याख्या गरी आयोगको गठन संविधानसम्मत रहेको ठहर हुनुपर्दछ । वर्तमान संविधानले फौजदारी न्यायसम्बन्धी दुई पद्धतिमध्ये प्रतिद्वन्द्वात्मक पद्धतिलाई मात्र स्वीकार गरेको भन्ने उल्लेख छैन । वन ऐन, भंसार ऐन, स्थानीय प्रशासन ऐनमा भएको व्यवस्थाले अन्वेषणात्मक पद्धतिलाई पनि स्वीकार गरेको छ र यस व्यवस्थालाई यस अदालतले संविधानसम्मत मानेको हुँदा आयोगलाई अनुसन्धान गर्ने मुद्दा आफैले चलाउने र मुद्दा निणर्य गर्न दिएको अधिकार न्यायका मान्य सिद्धान्त र प्राकृतिक न्यायका सिद्धान्त विपरीत भन्ने भनाइ संविधान र कानूनसम्मत छैन । त्यसमा पनि महान्यायाधिवक्ताको कार्यालयबाट खटी गएका अधिकृतहरूले अनुसन्धान अधिकारीको हैसियतबाट मुद्दा अनुसन्धान गरी निजहरूले मुद्दा दर्ता गरे पछि आयोगबाट मुद्दाको सुनवाई गर्ने व्यवस्था भएकोले एउटै निकायबाट सबै काम भएको पनि छैन । प्रतिरक्षा गर्न चाहनेलाई उपयुक्त समय पनि दिइएको छ । स्वच्छ निष्पक्ष न्यायसम्पादन हुने व्यवस्था छ । आयोगको निर्णय उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था समेत भएबाट आयोगबाट कानून र न्यायका मान्य सिद्धान्तको प्रतिकूल निर्णय भएको रहेछ भने मुद्दाबाट पनि परीक्षण भै सर्वोच्च अदालतले नियन्त्रणमा राख्न सक्छ । लामो प्रशासकीय अनुभव भएका व्यक्तिहरू आयोगमा रहेका छन् । योग्यता दक्षता पनि तिनमा रहेकोछ । पूर्णरूपमा अदालत जस्तो नभएपनि

अर्धन्यायिक निकायले अपनाई आएको प्रारूपको रूपमा आयोग गठन भएको छ । कार्य न्यायिक निकायकै जस्तो भएको छ । धारा १२७ को आदेश संसद् समक्ष राखिनेछ भन्ने व्यवस्था भएकोले यो प्रश्न पहिले राजनीतिक रूपबाट विचार हुनुपर्ने भन्ने देखिन्छ । यो आदेशको जाँचबुझ गर्ने अख्तियारी संसद्को हो । श्री ५ को कामका सम्बन्धमा धारा ३१ ले मुद्दा लाग्न सक्ने अवस्था छैन । धारा ७२ अन्तर्गत जारी हुने अध्यादेश व्यवस्थापकीय अधिकार अन्तर्गतको पर्ने हुँदा त्यसमा अदालतले न्यायिक पुनरावलोकन गर्नसक्ने भए पनि धारा १२७ अन्तर्गतको आदेशमा न्यायिक पुनरावलोकन हुनसक्दैन । निवेदकहरूबाट हाम्रो अहिलेको अवस्थासँग मिल्दोजुल्दो निर्णय र आधिकारिक दस्तावेजहरू प्रस्तुत भएका छैनन् । मूलुकमा व्याप्त भ्रष्टाचार नियन्त्रणको प्रयासको लागि यस्तो आदेश भएकोले मांग बमोजिम आदेश हुने अवस्था छैन ।

नायव महान्यायाधिवक्ता श्री द्रोणराज रेग्मी

(विपक्षी शाही आयोग समेतको तर्फबाट):

संवैधानिक अभ्यासको क्रममा हालको स्थिति आइपरेको हो । मिति २०६१।१०।१९ को शाही घोषणाको दफा १२ मा भ्रष्टाचार नियन्त्रण गर्नु आवश्यक परेको उल्लेख भएबमोजिम श्री ५ बाट भ्रष्टाचार निवारण शाही आयोगको घोषणा भएको हो । शाही घोषणामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई श्रोत साधनले सम्पन्न गराउने कुरा समेत उल्लेख भएकोले सो आयोगको काममा हस्तक्षेप हुने गरी शाही आयोग गठन भएको होइन । निवेदक सन्तोष महतोको निवेदनमा मिति २०६१।११।५ मा जारी भएको पहिलो आदेशलाई मान्यता दिएको छ । भ्रष्टाचार राष्ट्रिय अपराधका रूपमा रहेको हुँदा सो को नियन्त्रणको लागि आयोग गठन भएको हो । धारा ११५(७) अन्तर्गत जारी भएको आदेशबाट गठन भएको आयोगको काम कार्यवाहीमा श्री ५ बाट संकटकाल फिर्ता लिइबक्सेपछि आयोगको काम कार्यवाहीमा बाधा परेको कुरा जग जाहेरै छ । राज्यको आवश्यकताको आधारमा शाही आयोगलाई निरन्तरता दिइनु पर्ने अवस्था आई धारा १२७ बमोजिम आदेश भएको हो । धारा ११५(७) को आदेशलाई निरन्तरता दिन मिल्दैन भन्ने अर्थ गर्ने हो भने धारा १२७ लाई नियन्त्रण गरेको हुन जान्छ । धारा १२७ को आदेश जारी गर्दा पूरा गर्नुपर्ने पूर्व शर्त केही तोकिएको छैन । यसै धारा अन्तर्गत जारी भएको आदेश संसद् समक्ष राखिने र राजनीतिक छलफलबाट निराकरण हुने प्रकृतिको आदेश हो । यस विषयमा अदालतबाट विचार हुँदा संसद्को अधिकारमा हस्तक्षेप हुनजान्छ । पूर्णमान शाक्यको रिट निवेदनमा संसद्को क्षेत्राधिकारका सम्बन्धमा विश्लेषण भएको छ । धारा १२७ अनुरूप निरन्तरता प्राप्त गरेको आयोगको प्रकृति संवैधानिक नै हो । झंक कडेल र उपेन्द्रनन्दन तिमिल्सिनाको निवेदनमा यस अदालतबाट भएको आदेशमा धारा १२७ अन्तर्गत जारी भएको आदेशमा पनि धारा ३१ बमोजिमको संरक्षण रहने कुरा यस अदालतले स्वीकार गरिसकेकोछ । संविधानको व्यवस्थालाई टेकेर आयोग गठन भएकोले असंवैधानिक भनी प्रश्न गर्न मिल्दैन । सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था भएको हुँदा न्यायको मान्य सिद्धान्त विपरीत आयोगबाट निर्णय भएको अवस्थामा पनि यस अदालतबाट सो को परीक्षण भै नियन्त्रण हुनसक्छ । आयोगको काम कार्यवाही न्यायिक पद्धतिमा आधारित रहेर कार्यान्वयन भएका छन् । आयोगको निर्णय उपर यस अदालतमा निवेदन पुनरावेदन समेत दर्ता भै यस अदालतबाट निवेदनमा निर्णय समेत भइसकेको अवस्था हुँदा आयोगलाई असंवैधानिक भन्न मिल्दैन । संवैधानिक परम्पराको रूपमा धारा १२७ को प्रयोग भएको छ । यो प्रक्रिया संविधानको श्रोतको रूपमा आएको छ । आदेश संविधानको नै भाग भएकोले त्यसको न्यायिक पुनरावलोकन हुनसक्दैन ।

ना. महान्यायाधिवक्ता श्री नरेन्द्रप्रसाद पाठक

(विपक्षी शाही आयोग समेतको तर्फबाट):

प्रस्तुत विवादको निराकरणको लागि नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५(७), १२७, धारा ८४, ८५, धारा ३५(२) र धारा २७ को विश्लेषण हुनुपर्ने देखिन्छ। आयोग गठन गर्नुको औचित्य मिति २०६१।१०।१९ को शाही घोषणामा नै उल्लेख छ। अपराधको प्रकृति तोकी त्यस्ता अपराधका सम्बन्धमा अनुसन्धान गर्न, मुद्दा चलाउन र मुद्दामा निर्णय गर्ने अधिकार तोकिएको छ। धारा ११५(७) को आदेशलाई कानून सरह हुने भनिएको र संविधान पनि कानून नै भएकोले यो आदेश संविधानकै एक अङ्ग हो। आयोग गठन भै कार्य गरिरहेको अवस्थामा त्यसको कार्य सञ्चालनमा बाधा परेको कारणबाटै बाधाअड्काउ फुकाई आयोगको कार्यमा निरन्तरता प्रदान गरिएको हो। संसद् बसेको अवस्था भएपनि नभएपनि धारा १२७ को प्रयोग गर्ने अधिकार श्री ५ लाई नै संविधानले प्रदान गरेको छ। भारतीय संविधानको धारा ३९२ मा रहेको बाधाअड्काउ फुकाउने व्यवस्था र हाम्रो व्यवस्थामा फरक यति मात्र छ। अरु व्यवस्था समान छ। असहज परिस्थितिमा संविधानको व्याख्या कसरी गर्नुपर्ने भन्ने कुरा निवेदक सन्तोष महतोले सभामुख तारानाथ रानाभाटका विरुद्ध दिएको रिट निवेदनमा यस अदालतबाट विश्लेषण भइसकेको छ। हाम्रो संविधानले श्री ५ सहितको कार्यपालिका र व्यवस्थापिकाको व्यवस्था गरेको छ। धारा १२७ को आदेशले संविधानको अरु धारा क्रियान्वित हुने हुँदा यो धारा अन्तर्गतको आदेश संविधानकै भाग हो। सम्माननीय प्रधानन्यायाधीशको नियुक्तिका लागि संवैधानिक परिषद्को गठनमा परेका बाधाअड्काउ फुकाउने आदेश भइ संविधान क्रियाशील गरिएको हुँदा धारा १२७ को आदेश संविधानकै भाग हो भन्ने पुष्टी गर्दछ। धारा १२७ अरु धारा जस्तै प्रयोग हुने धारा हो। यो धाराको प्रयोग अहिले राज्यको आवश्यकताको आधारमा आवश्यकताको सिद्धान्त बमोजिम भएको छ। निवेदक विनोद कार्कीको रिट निवेदनमा यस अदालतको विशेष इजलासबाट भएको निर्णयमा र ने.का.प. २०५१, पृष्ठ ५५३ मा प्रकाशित रिट निवेदनमा राज्यको आवश्यकताको आधारमा अध्यादेश जारी हुने र पूरानै कानूनले मान्यता पाउँने निर्णय भएको छ। तीन प्रकारका अदालतबाट न्याय निरोपण गरिने प्रचलन रहेको छ। सामान्य अदालत, कुनै खास मुद्दा हेर्न तोकिएको खास अदालत र न्यायाधीकरणहरू यस अन्तर्गत पर्दछन्। यस अन्तर्गत न्यायको काम गर्ने तर सामान्य वा विशेष अदालतको प्रकृति जस्तो नदेखिने अदालतको प्रकृतिकै काम गर्ने जस्तै निकायहरू पनि Tribunal का रूपमा रहेको हुन्छ। यस्ता Tribunal पनि कानूनका मान्य सिद्धान्त भित्रै अटेका हुन्छन्। तर तिनले गरेको काम भने खुला र तर्कपूर्ण हुनुपर्दछ। इमानसिंह गुरुङको मुद्दामा भएको निर्णय यस प्रसँगसँग मिल्न आउदैन। एउटै निकायले अनुसन्धान गरी मुद्दा हेर्दैमा न्याय हुनसक्दैन भन्न मिल्दैन। अरु निकायबाट सङ्कलन भएको सबुद प्रमाण भन्दा आफ्नै प्रयासबाट संकलित सबुद प्रमाणमा विश्वसनीयता धेरै हुने हुन्छ। न्यायिक काम कार्यवाही वा प्रणालीका सम्बन्धमा यस अदालतमा पहिले पनि विवाद आएको थियो। ने.का.प. २०५६, पृष्ठ २३ र रिट नं ३२६४ मा मिति २०५८।२।५ मा भएको निर्णयमा संविधानको धारा ८४, ८५ समेतको रोहमा विशेष अदालत र अर्धन्यायिक निकायका सम्बन्धमा तिनलाई संविधानसम्मत मानी निर्णय भएको छ। आयोगले अनुसन्धान तहकिकात गर्दाकै अवस्थादेखि आफ्नो कुरा भन्न पाउँने, वहस पैरवी हुने, आयोगको निर्णय उपर पुनरावेदन समेत लाग्ने व्यवस्था भएकोले आयोगको गठन र काम कार्यवाही न्यायका मान्य सिद्धान्त विपरीत छ भन्न मिल्दैन। कस्तो अदालत वा निकाय गठन गर्ने र कस्तो मुद्दा हेर्ने अधिकार दिने भन्ने कुरा कार्यपालिकाको नीतिगत कुरा हो। भ्रष्टाचार नियन्त्रण ऐन, २०५९ को दफा ६५ ले यस ऐन अन्तर्गतका मुद्दा अरु निकायले हेर्न पाउने कुरालाई स्वीकार गरेकोछ। सामान्य अदालतबाट पनि मुद्दाको आफै तहकिकात हुनसक्ने निर्णय भएको छ। बद्नियतपूर्वक रूपमा वा दुरासय भावनाबाट काम भएको भन्ने उल्लेख गरेर मात्र हुदैंन सोको पुष्टी पनि गर्न सक्नुपर्दछ। धारा १२७ बमोजिम श्री ५ बाट जारी भएको आदेश परीक्षण हुदैंन भन्ने निर्णय भइसकेको छ। नागरिकता विधेयकको

सम्बन्धमा यस अदालतबाट दिएको रायमा समेत धारा २७(३) को व्याख्या र विश्लेषण भएको छ । धारा ८८(१) अन्तर्गतको यस अदालतको अधिकार प्रयोग हुन कुनै कानूनको व्यवस्था संविधानसँग बाझिएको हुनुपर्ने संविधानकै व्यवस्थाहरू परस्परमा बाझिएको विषय ८८(१) अनुसार हेर्न नमिल्ने भनी निवेदक चन्द्रकान्त ज्ञवालीको रिट निवेदनमा यस अदालत विशेष इजलासबाट निर्णय भएको छ। अदालतले काल्पनिक कुराको निर्णय गर्दैन भन्ने यस अदालतबाट पूर्व भएका निर्णयहरू समेतबाट रिट निवेदन हेर्न मिल्ने अवस्था छैन ।

का.मु.ना.म.न्या. श्री पुष्पराज कोइराला

(विपक्षी शाही आयोग समेतको तर्फबाट):

श्री ५ बाट आयोग गठन गरिबक्सेको हो । श्री ५ बाट धारा १२७ को प्रयोग गरिबक्सी प्रधानमन्त्री नियुक्त गरीबक्सेको सम्बन्धमा परेको रिट निवेदनहरूबाट धारा १२७ को प्रयोगको कुरालाई अदालतले स्वीकार गरिसकेको छ । संविधानको संरक्षण र पालना गर्ने धारा २७(३) को व्यवस्थालाई Conventional रूपमा स्वीकार भै सकेको छ। श्री ५ बाट धारा १२७ प्रयोग गरिबक्सी भएको आदेश Supreme Law हो । यो कुनै कानून, नियम,विनियम अन्तर्गत आएको होइन । यसैले यो धारा ८८ को परिधी भित्र आउन सक्दैन। धारा ९८ ले भ्रष्टाचार नियन्त्रणका सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग बाहेक अरु निकाय गठन हुनसक्दैन भन्ने व्यवस्था गरेको छैन । विशेष अदालत ऐन, २०५९ ले निश्चित गरिएका प्रक्रिया अपनाई कार्य गर्ने गरिएकोले धारा ८४, ८५ विपरीत आयोग गठन भएको भन्न मिल्दैन । धारा १२७ अन्तर्गतको आदेश बाधाअड्काउ फुकाउने सम्मको आदेश हो संविधान संशोधन गरिएको होइन । प्रचलित नेपाल कानूनमा अझै पनि Inqusitorial System अपनाएको अवस्था छ। जिउमास्ने बेच्ने (कार्य नियन्त्रण) ऐन, २०४३ ले अदालतको अनुमतिबाट बाहेक मुद्दा चल्न नसक्ने व्यवस्था गरेबाट पनि यस तथ्यको पुष्टि हुन्छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पनि अनुन्धान गर्ने मात्र होइन आफैले निर्णय गर्ने व्यवस्था पनि रहेको छ । धारा १२७ प्रयोग गरी समानान्तर रूपको अर्को निकाय गठन गर्न पाइदैन भन्ने व्यवस्था गरेको छैन । धारा १२७ मा जस्तो शब्द परेको छ सोही बमोजिमको व्याख्या हुनुपर्दछ।

सहन्यायाधिवक्ता श्री टीकाबहादुर हमाल

(विपक्षी शाही आयोग समेतको तर्फबाट):

रिट निवेदक राजीव पराजुलीको रिट निवेदनमा कुन मितिको आदेश बदरको मांग गरेको उल्लेख छैन । आदेश कसरी बाझिएको हो सो पनि प्रष्ट खुलाइएको छैन । रिट निवेदक सन्तोष महतोको रिट निवेदनमा २०६२।१।१६ को आदेशलाई मात्र बदरको मांग गरी मिति २०६१।११।५ को आदेशलाई मान्यता दिइएको छ । मिति २०६२।१।१६ मा मिति २०६१।११।५ को आदेशलाई निरन्तरता दिन आदेश भएको हो । आदेश जारी गर्ने अधिकार भएकालाई निरन्तरता दिने आदेश जारी गर्ने अधिकार पनि हुन्छ। कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा २१ को व्यवस्थाले सो कुरा पुष्टी गर्दछ। राजीव पराजुलीको रिट निवेदनमा प्रष्ट जिकिर नभएकोले ने.का.प. २०४६, नि.नं. २३४६ मा प्रकाशित सिद्धान्तअनुसार निवेदन लाग्न सक्दैन । धारा ३१(३) ले श्री ५ बाट गरिबक्सने कामलाई जनाउँछ । त्यस्तोमा प्रश्न उठाउन मिल्दैन । धारा २७(३) श्री ५ को स्वविवेकमा प्रयोग हुने धारा हो। संविधानको धारा २८, ४३, १२१ को व्यवस्था बाहेक श्री ५ बाट परम्परा र निहित राजकीयसत्ता प्रयोग गरी कार्य गरिबक्सने व्यवस्था रही आएको छ । तत्कालीन प्रधानमन्त्री श्री सूर्यबहादुर थापाले संसद् विघटनको सिफारिसका सम्बन्धमा र नागरिकता विधेयकका

सम्बन्धमा यस अदालतको राय बुझिबक्सेबाट पनि सो कुरा पुष्टी गर्दछ । दासढुंगा दुर्घटनाका सम्बन्धमा यस अदालतबाट पेश गरिएको रायमा कुनै निकायले काम गर्न नसक्ने स्थिति सिर्जना भएमा तत्कालको समस्या समाधान गर्न धारा १२७ प्रयोग गर्न सकिने व्यहोरा उल्लेख छ । हरिप्रसाद नेपालको रिट निवेदनमा पनि श्री ५ मा संवैधानिक उन्मुक्ति रहेको विश्लेषण भएको छ । ने.का.प. २०१६, पृष्ठ २३४ मा प्रकाशित वेदकृष्ण श्रेष्ठको मुद्दामा King can do no wrong भन्ने निर्णय भएको छ । निवेदकले उठाएका प्रश्नहरू राजनीतिक प्रकृतिका हुन् । जनताको सर्वोत्तम हितलाई ध्यान दिइबक्सी धारा २७(३) समेतको आधारमा आदेश जारी भएकोले आदेश संविधानसम्मत छ । धारा १४(२) ले दुई पटक अनुसन्धान हुनसक्दैन भन्ने व्यवस्था गरेको छैन । एउटै विवादका सम्बन्धमा पनि अलग-अलग ऐन अन्तर्गत कार्यवाही गर्न मिल्ने निर्णय २०५९ सालको रिट नं. २८४५ निवेदक किशोर श्रेष्ठको रिट निवेदनमा भएको छ । राष्ट्र प्रमुखलाई जनताको सर्वोत्तम हितको निम्ति जस्तोसुकै कदम चाल्न सकिने अन्तरनिहित अधिकार रहन्छ भन्ने निर्णय भारतीय सर्वोच्च अदालतले पनि गरेको छ । जन निर्वाचित सरकारको अवस्थिति नै छैन भने धारा ३५(२) को सिफारिस चाहिन्छ भन्न मिल्दैन ।

वरिष्ठ अधिवक्ता श्री कुञ्जविहारीप्रसाद सिंह

(विपक्षी शाही आयोगको तर्फबाट):

नेपाल अधिराज्यको संविधान, २०४७ को व्यवस्था अत्यन्त राम्रो छ । संविधानको कार्यान्वयनमा बाधाअड्काउ फुकाउने धारा १२७ को व्यवस्था नभएको भए देशमा अहिले कुनै पनि निकायले काम गर्न सक्दैन थियो । धारा ५३(४) को कार्यान्वयनमा बाधा परी सो धाराको प्रयोग भै श्री ५ बाट शाही घोषणाहरू भएका हुन् । निवेदक झंक कडेल समेतको निवेदनमा श्री ५ बाट धारा १२७ को प्रयोग गरि गठन भएको मन्त्रिपरिषद्का विरुद्ध रिट निवेदन लाग्न नसक्ने यस अदालतबाट धारा ३१(३) को व्याख्या भइसकेको छ । संसद् विघटन भै चुनाव हुन नसकेको परिप्रेक्षमा संविधानको धारा २७(३) समेतको आधारमा संविधानको संरक्षण र पालना गरिबक्सी मिति २०६१।१०।१९ को शाही घोषणा भै संकटकालको समेत घोषण भएको र सो घोषणामा उल्लेख भएबमोजिम देशमा झांगिदै गएको भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले धारा ११५(७ को संवैधानिक व्यवस्था बमोजिम आदेश जारी भै २०६१।११।५ मा भ्रष्टाचार नियन्त्रण शाही आयोगको गठन भएको हो । धारा ११५(७) बमोजिमको आदेश संकटकाल रहेसम्म लागू हुने हुँदा मिति २०६२।१।१६ मा श्री ५ बाट संकटकाल घोषणा फिर्ता लिईबक्सेको र २०६१।११।५ का आदेश बमोजिम गठित आयोगको कार्य सञ्चालनमा बाधा परेको कारणबाट आयोगमा परिरहेका मुद्दाहरू र उजुरीहरू हेरी कार्यवाही किनारा गर्न निरन्तरता प्रदान भएको हो । निवेदक सन्तोष महतोले रिट निवेदनमा यो यो कारणबाट आदेश संविधानसँग बाझिएको भनी खुलाउन सकेको छैन । अदालत मांगसँग सीमित रहनुपर्ने हुन्छ । धारा १२७ प्रयोग गरी मन्त्रिपरिषद्को गठन गर्न हुन्छ भने कार्यकारिणीको एक सानो भागको रूपमा रहेको शाही आयोग गठन हुन नसक्ने होइन । निवेदनमा धारा २७ को व्याख्या गराई पाउँ भन्ने मांग छैन । विवादित आदेश श्री ५ बाट जारी भएको भन्ने कुरामा विवाद छैन । श्री ५ को सरकारको कर्मचारीबाट यस्तो कार्य नभएको श्री ५ को सरकार विपक्षी पनि नभएको हुँदा यस विवादमा धारा ३१ को संरक्षण नपाउने भन्ने अवस्था नै छैन । दासढुङ्गाको सम्बन्धमा उधृत गरिएको यस अदालतबाट मुद्दा मामिलाको सुनवाई हुँदा निर्णय भएको विषय नभै राय भएको हुँदा नजीर मान्न मिल्दैन । धारा १२७ अन्तर्गतको आदेश पहिले संसद्मा पेश गरेपछि मात्र त्यसको वैधानिकता अदालतले जाँच गर्न पाउने हो । विवादित आदेश संसद्मा पेश नगरी रिट परेको हुँदा रिट निवेदनलाई परिपक्व मान्न मिल्दैन । निवेदन दर्ता गर्ने गरि भएको आदेश मिलेको छैन । लिखित जवाफ सबै विपक्षीसँग नमागिएको र लिखित जवाफ पेश गर्ने समयावधि पनि कम दिएको हुँदा यस इजलासबाट पूर्ण सुनवाई गर्न मिल्दैन । एक न्यायाधीशको इजलासमा पठाई सो प्रक्रिया पूरा गराईपाउँ ।

अधिवक्ता श्री प्रेमबहादुर विष्ट

(विपक्षी शाही आयोगका अध्यक्ष भक्तबहादुर कोइरालाको तर्फबाट):

निर्वाचित प्रधानमन्त्री अभावको कारण धारा १२७ अन्तर्गत गठन भएको मन्त्रिपरिषद्लाई स्वीकारी आएको अवस्था छ । २०६११११९ को घोषणामा उल्लेख भएबमोजिम शाही आयोगको गठन भएको हो । गठन आदेश मै पदाधिकारीको योग्यता, आयोगको कामकार्यवाही र अधिकार तोकिएको हुँदा आयोग अख्तियार दुरूपयोग अनुसन्धान आयोगको समानान्तर निकायको रूपमा रहेको छ भन्न मिल्दैन । धारा ११५(७) अन्तर्गत गठित आयोगका उपर उजूर गर्न नसकेको हुँदा त्यसलाई निरन्तरता दिएको सम्बन्धमा मात्र रिट परेको छ । धारा २७(३) कै परिधिभित्र रही श्री ५ बाट शाही घोषणा भएको र सोही अनुरूप आयोग पनि गठन भएको हो । श्री ५ मा राजकीयसत्ता रहेको कुरा संविधानको प्रस्तावनाले स्वीकार गरेको हुँदा सोही आधारमा आयोगको गठन भएको कुरा लिखित जवाफबाट पनि पुष्टी भएकोछ । राजीव पराजुलीका हकमा पहिले अदालतमा मुद्दा नचलेको हुँदा दोहोरो कार्यवाही भएको भन्न मिल्दैन । सामान्य अदालतबाट भ्रष्टाचार मुद्दाको कार्यवाही किनारा गर्दा समय बढी लिने भएकोले यसप्रकारको आयोग गठन भएको हो । आयोग अस्थायी प्रकृतिको हो । संसद् आएपछि यसको समस्या आफै समाधान हुन्छ ।

अधिवक्ता श्री कृष्णराम श्रेष्ठ

(विपक्षी शाही आयोगका अध्यक्ष भक्तबहादुर कोइरालाको तर्फबाट):

आयोगको गठन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२७ को प्रयोग गरि गरिएको हुँदा राजकीयसत्ता प्रयोग गरि वा श्री ५ बाट स्वविवेक प्रयोग गरी गठन गरेको हो भन्न मिल्दैन । धारा १२७ संविधानको अन्तिम तिर रहेको भएपनि यो धारा महत्वपूर्ण र शक्तिशाली छ । यस धाराले अन्य धारालाई संकुचन वा नियन्त्रण पनि गर्न सक्दछ । धारा ५३ बमोजिम ६ महिना ननघाई हुनुपर्ने संसद्को चुनावको तोकिएको मिति परसार्ने सिफारिस धारा १२७ बमोजिम भएकोले यसले धारा ५३ को व्यवस्थालाई संकुचन गरेको मान्नुपर्ने हुन्छ । निर्वाचित सरकारको अभाव भएको अवस्थामा यहि धारा प्रयोग गरेर मन्त्रीमण्डल पनि गठन हुने हुदा सरकार गठन सम्बन्धी अन्य संविधानको व्यवस्थामा थपघट जेपनि यस धाराले गर्नसक्ने भन्ने देखिन्छ । धारा १२७ अन्तर्गत जारी हुने आदेश संविधानकै एक अङ्ग हो । संविधानले व्यवस्था गरेको अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आयोग स्थापनाको उद्देश्य पूरा गर्न नसकोको हुँदा आयोग गठन भएको होला । शाही सन्देश र सरकारको २१ बुंदे कार्यक्रममा पनि भ्रष्टाचार नियन्त्रण सम्बन्धी कुरा उल्लेख भएको हुँदा आर्थिक विश्रृङखलताबाट भएको भ्रष्टाचार नियन्त्रणको लागि आयोग गठन भएको हो । आयोग गठन भै कार्यरत रहेको हुँदा निरन्तरता दिन धारा १२७ बमोजिम आदेश जारी भएको हो । आयोगलाई निरन्तरता दिन नपाइने अवस्था छैन । दासढुङ्गाको राय अदालतको आन्तरिक छलफलबाट आएको कुरा हुँदा त्यसलाई धारा ९६ अन्तर्गतको मानी नजीर मान्न मिल्दैन । धारा १२७ को आदेशले संविधानको अन्य व्यवस्थालाई संकुचन विस्तार गर्नसक्ने हुँदा यो संविधानको अङ्ग नै भएकोले धारा ८८(१) अन्तर्गत जाँच हुनसक्दैन । जुन आदेश वा व्यवस्था अन्तर्गत नियुक्त भएको हो त्यसले योग्यता तोकिएको अवस्थामा मात्र सो अनुरूपको योग्यता पुगे नपुगेको हेर्ने हो । त्यस्तो आदेशमा उल्लेख नभएको वा सो आदेशले कुनै कुरा बन्देज नगरेको अवस्थामा जुनसुकै व्यक्ति नियुक्त गर्न बाधा पर्दैन । आयोगको काम कार्यवाही ठीक छ छैन भनेर सर्वोच्च अदालतबाट जाँच हुनसक्ने व्यवस्था समेत आदेशले गरेको हुँदा आयोगको कामकार्यवाही न्यायका मान्य सिद्धान्त विपरीत भएमा पालना गर्न सर्वोच्च अदालतले लगाउन सक्छ । आयोग सर्वोच्च अदालत मातहतकै एउटा अङ्ग हो । आयोगबाट के कसरी कार्य सम्पादन गरिने हो भन्ने सम्बन्धमा नियमले व्यवस्था गरी अनुसन्धान र निर्णय गर्ने छुट्टाछुट्टै व्यवस्था गरेको हुँदा एउटै

निकायबाट सबै काम भएको भन्न मिल्दैन । आयोग गठनको उद्देश्य भ्रष्टाचार नियन्त्रण गरी देश र नागरिकलाई फाइदा पुऱ्याउने रहेको हुँदा यसले संविधान नै संशोधन भएको भन्ने अर्थ गर्न मिल्दैन ।

अधिवक्ता श्री गणेशबहादुर ढुङ्गाना

(विपक्षी शाही आयोगका सदस्य प्रेमबहादुर खातीको तर्फबाट):

आयोगमा योग्यता पूरा भएका र दक्ष्य मानिसहरू रहेका छन् । देशमा भ्रष्टाचार व्याप्त भै देशनै असफल हुने स्थितिमा पुगेको हुँदा जनताको दबाबमा आयोग गठन भएको हो । धारा ३५(२) को र संसद्को अधिकार समेत श्री ५ मा गइसकेको हुँदा श्री ५ मा अन्तरनिहित विशेष अधिकार प्रयोग गरिबक्सी आयोगको गठन भएको हो । आयोगको गठन संवैधानिक छ ।

अधिवक्ता श्री कौशल किशोर दुवेदी

(विपक्षी शाही आयोगका सदस्य हरिबाबु चौधरीको तर्फबाट):

निवेदकले उठाएको प्रश्नहरूको निराकरणको लागि हाम्रो संवैधानिक व्यवस्थानै पर्याप्त छ । विदेशी व्यवस्थाहरूको सन्दर्भ आवश्यक छैन । देश असहज स्थितिमा रहेको बेला संविधान क्रियाशील हुनसक्दैन । देशमा रहेको शान्ति सुरक्षा समेतको दृष्टिबाट उपयुक्त पाइला चाल्न आवश्यक परेको हो । विदेशी राजतन्त्रको व्यवस्था र हाम्रो व्यवस्था फरक छ । अमेरिकी र भारतीय संवैधानिक व्यवस्था पनि हाम्रोसँग मेल खाँदैन । हाम्रो संविधानले जे जस्तो अबस्था आई परेपनि श्री ५ लाई चुपलागेर बस्नुपर्ने गरेको छैन । देशको शासन व्यवस्था सञ्चालनमा रोकावट आई श्री ५ बाट मिति २०६१।१०।१९ को कदम चालिबक्सेको हो । घोषणामानै कारण र उद्देश्य उल्लेख छ । शाही घोषणा पछि लागू गरिएको संकटकालका अवस्थामा जारी भएको आदेशको निरन्तरताको लागि नै धारा १२७ अनुरूप आदेश जारी भएको हो । राजीव पराजुलीलाई शाही आयोगले छानविन गर्नु पूर्व निजका विरुद्ध सोही आरोपमा कुनै अदालतमा मुद्दा परी अदालतबाट निर्णय भएको अवस्था नहुँदा अनुसन्धान र अन्वेषण गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले तामेलीमा राख्दैमा दुईपटक मुद्दा चलाएको भनी संबिधानको धारा १४ विपरीत रहेको भन्ने अवस्था छैन । भ्रष्टाचारको सम्बन्धमा अर्को निकाय गठन गर्न नपाउने गरी संविधानले बन्देज लगाएको छैन । छिटोछरितो रूपमा भ्रष्टाचारजन्य अपराधको काम कार्यवाही गर्न आयोग गठन भएको हो । धारा १२७ आफै प्रष्ट छ । व्याख्या गर्नुपर्ने अवस्थाको छैन । यस धारा अन्तर्गतको आदेश न्यायिक पुनरावलोकनको क्षेत्रभित्र पर्दैन । दासढुङ्गा दुर्घटनाका सम्बन्धमा यस अदालतले दिएको रायको तथ्य र प्रस्तुत विवादको तथ्य फरक-फरक छ । यससँग मेल खादैन । धारा २७(३) अन्तर्गत गरिएको कार्य सोही धाराले प्रदान गरेको जिम्मेवारी अनुरूप भएको छ । आयोगका सदस्यहरूलाई न्यायाधीश मानेर नियुक्त गरेको होइन । आयोगको सदस्यको रूपमा तिनको क्षमता र दक्षता हेरी नियुक्त गरिएको हो । यो विषय न्यायिक पुनरावलोकनको विषय हुनसक्दैन ।

अधिवक्ता श्री मिथिलेशकुमार सिंह

(विपक्षी शाही आयोगका सदस्य हरिबाबु चौधरीको तर्फबाट):

धारा १२७ अन्तर्गत जारी भएका आदेशहरू धारा ७२ अन्तर्गत जारी भएको अध्यादेश जस्तै पहिले संसद्बाट अनुमोदन हुनुपर्ने संवैधानिक व्यवस्था हो । संविधानको व्याख्या अक्षरश होइन समन्वयात्मक रूपमा हुनुपर्छ भनी ने.का.प. २०५१ नि.नं. ४८५२ मा सिद्धान्त प्रतिपादन भएको छ । अहिले देशमा

द्वन्द्वात्मक स्थितिको अवस्था भएको हुँदा राष्ट्र प्रमुखबाट केही न केही व्यवस्था गर्नुपर्ने अवस्था सिर्जना भएको छ । यस्तो अवस्थामा सबै दक्षिण एशियाली मूलकहरूमा राष्ट्र प्रमुखबाट महत्वपूर्ण व्यवस्थाहरू गरिएका छन् । २०१५,२०१९ र २०४७ सालको संविधानले श्री ५ मा राजकीयसत्ता रहेको कुरा स्वीकार गरेको छ । २०४७ सालको संविधान घोषणा हुँदा श्री ५ बाट राजकीयशत्ता नै प्रयोग गरी भएको हो । भ्रष्टाचार समाजमा फैलिएको प्लेग रोग जस्तै हो । त्यस्तो भ्रष्टाचारजन्य कार्य रोक्नको लागि आयोग गठन भएको हो । आयोग गठन गरेको सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग वा राष्ट्रिय सतर्कता केन्द्र आफ्नो अधिकारमा हस्तक्षेप भएको भनी रिट लिएर आएको छैन । आयोग २०६१।११।५ को आदेशद्वारा गठन गरिएको भएपनि सो उपर निवेदकको उजूर छैन । बाधाअड्काउ सम्बन्धी व्यवस्था २०१५,२०१९ र २०४७ सालका तीनवटै संविधानले गरेको र तीनैवटामा श्री ५ बाट आदेश जारी हुने व्यवस्था गरेको देखिन्छ । निवेदक सन्तोष महतोले निवेदनमा कुन कानून संविधानको कुन व्यवस्थासँग कसरी बाझिएको हो खुलाएको पाइदैन । आदेश अस्थायी प्रकृतिको हुँदा अमान्य हुनसक्दैन । २०६२।१।१६ को आदेश नयाँ हो यसले पहिलेको आदेशलाई निरन्तरता दिएको होइन । पहिलेको भन्दा पछिको आदेश फरक छ । नयाँ गठन बमोजिम आयोगको अध्यक्ष सदस्यको पनि परिवर्तन हुन सक्थ्यो । आदेशले कुन हकको अपहरण गरेको हो निवेदनमा उल्लेख छैन । यसबाट धारा ८८ (१) बमोजिम निवेदन दर्ता हुन र यस अदालतले हेर्न मिल्ने अवस्था देखिदैन । पहिलेको संविधान अन्तर्गत पनि श्री ५ बाट विभिन्न प्रकारका आयोग गठन गरिबक्सदै आएको हो । २००७ सालदेखि पटक-पटक विभिन्न आयोगहरू श्री ५ बाट गठन गरिबक्सेको हुँदा यो आयोगमात्र गठन गर्न नपाउने भन्न मिल्दैन । राजतन्त्र भएको देशमा यस्तो आदेश पटक-पटक हुन्छ । राजाबाट गल्ती हुदैन भन्ने मान्य सिद्धान्त अनुसार पनि श्री ५ बाट जारी भएको आदेश धारा ३१ (३) अनुसार यस अदालतबाट परीक्षण हुनसक्दैन ।

अधिवक्ता श्री जुक्तीजंग लामिछाने

(विपक्षी शाही आयोगका सदस्य रघुचन्द्र बहादुर सिंहको तर्फबाट):

रिट निवेदन गंम्भीर र जटिल विषयको छ । परम्परा, कानून, नियमको आधारमा निर्णयमा पुग्नुपर्ने देखिन्छ । निवेदक कार्यवाही शुरु भई मध्यभागमा पुगेपछि रिट निवेदन लिई अदालत प्रवेश गरेका छन् । आयोग गठन असंवैधानिक रहेको भन्ने जिकिर लिएको छैन । आयोगका पदाधिकारीका सम्बन्धमा प्रश्न उठाउने अधिकार निवेदकलाई छैन । मर्का परेको भए समयमै अदालतमा आउनु पर्ने थियो । निवेदक स्वच्छ र सफा हात लिई आएका छैनन् । धारा ११५(७) को आदेशको समय बितिसकेपछि परेको रिट निवेदनमा लिखित जवाफ प्रष्टरूपमा आएको छ । निवेदकले उठाएको जस्तो अवस्था विद्यमान छैन । आयोग अदालत होइन । (Tribunal) हो । Tribunal गठन गर्न पाउने संविधानकै व्यवस्था हो । हाम्रो व्यवस्था राजसंस्था सहितको भएकोले राजा सम्बन्धी पूर्वीय दर्शनलाई पनि हेर्नु पर्छ । पाश्चात्य सिद्धान्त र निर्णयबाट हेर्न मिल्दैन । प्रस्तुत विवादको व्याख्या गर्दा विदेशी संवैधानिक कानूनी व्यवस्था मात्र हेरेर पुग्दैन । वेद, उपनिषद्, स्मृतिहरूलाई हेर्नुपर्छ । धारा २७(३) को व्यवस्था नै श्री ५ मा सम्पूर्ण अधिकार रहने व्यवस्था हो । श्री ५ को अधिकारलाई कुनै पनि धाराले नियन्त्रित गरेको छैन । सर्वोत्तम हित र समुन्नतिको लागि भन्ने अर्थ संविधान पालना गर्नुपर्छ भन्ने होइन । सम्पूर्ण जनताको हित हुने कार्य हुन सकेन भने श्री ५ बाट जुनसुकै कदम चालिबक्सन सकिबक्सन्छ । धारा १२७ को प्रयोग सिधै श्री ५ बाट भएको होइन । तत्कालीन प्रधानमन्त्रीको सिफारिसमा प्रयोग भएको हो । धारा १२७ शर्तयुक्त छैन । धारा ११५(७) सानो धारा हो सानो धारा प्रयोग गर्न श्री ५ बाट सकिबक्सने भएपछि ठूलो धाराको रूपमा रहेको धारा १२७ आफ्नै स्वविवेकमा प्रयोग गर्न नपाइने होइन ।

अधिवक्ता श्री कृष्णकुमार थापा

(विपक्षी शाही आयोगका सदस्य रघुचन्द्र बहादुर सिंहको तर्फबाट):

भ्रष्टाचारले देश असहज परिस्थितिमा पुगेको कारणले आयोग गठन भएको गरेको हो । धारा १२७ प्रयोग गरिबक्सी श्री ५ बाट नेपालीको मानमर्यादाको संरक्षण गरिबक्सेको छ । धारा १२७ कोक्षेत्र व्यापक छ । आयोगको गठन प्रक्रिया र क्षेत्राधिकार अख्तियार दुरूपयोग अनुसन्धान आयोगको भन्दा भिन्दै प्रकृति छ । अ.दु.अ.आ. स्थायी प्रकृतिको हो । यो आयोग अस्थायी हो । अ.दु.अ.आ.ले नभेटेको नदेखेको र गर्न नसकेको काम गर्न शाही आयोग गठन भएको हो । बाधाअड्काउ फुकाउने गरी जारी भएको आदेश संसद्ले हेर्ने हो अदालतले त्यसको आवश्यकता र औचित्यता विचार गर्ने होइन ।

अधिवक्ता श्री त्रिलोचन गौतम

(विपक्षी शाही आयोगका सदस्य शम्भुप्रसाद खनालको तर्फबाट):

आयोगको गठनले संविधानको आधारभूत संरचनालाई असर पुऱ्याएको छैन । धारा २५ ले व्यवस्था गरेको सामाजिक न्याय प्रदान गर्ने लक्ष्य अनुरूप आयोग गठन भएको हो । राज्यका निर्देशित सिद्धान्त बमोजिम कुनै कार्यको थालनी हुन्छ भने मौलिक हकमा नियन्त्रण हुनसक्छ । संविधान निरपेक्ष दस्तावेज (Absolute Document) होइन । राज्यको प्रमुख दायित्व नै सकारात्मक दायित्व Positive Responsibility पूरा गर्नु हो । राजतन्त्र भएको देशमा असहज परिस्थितिमा Positive Obligation पूरा गर्नुपर्ने कर्तव्य राजसंस्थामा हुन्छ । संविधानको धारा २७ (३) र धारा १२७ को सम्बन्ध रहेको छ । धारा १२७ को आदेश संसद् समक्ष नराखी परिपक्व हुँदैन । संसद् नआएसम्म नेपालको संविधान २०१९ को धारा ९० क जस्तै वैध भै संविधानकै अङ्गको रूपमा रहन्छ । संविधानमा जे लेखिएको छ त्यसरी नै व्याख्या गर्नुपर्ने भन्ने हाम्रो संविधानले मानेको छैन । दासढुंगाका सम्बन्धमा गरिएको राय राय माग गर्नेलाई त मान्य हुनसक्दैन भने अदालतलाई कसरी मान्य हुन्छ ? धारा ८४, ८५ ले न्याय सम्बन्धी अधिकार अदालतले मात्र गर्ने भन्ने कुरा स्वीकार गरेको छैन । अमेरिकी संविधानको -'Total judicial power vested to the supreme court' जस्तो व्यवस्था हाम्रो संविधानले गरेको छैन । हाम्रो संविधानले न्यायिक अधिकार के कसरी प्रयोग गर्ने भनी निर्क्यौल गर्ने अधिकार व्यवस्थापिकालाई प्रदान गरेकोले पनि यो तथ्य पुष्टी हुन्छ । धारा २७ (३) र १२७ ले दिएको अधिकार नियन्त्रित हो भन्ने हो भने संविधानले नै नियन्त्रण गर्नुपर्छ । अदालतले रोक्न मिल्दैन । शाही आयोग गठन सम्बन्धी आदेश धारा ९८ को प्रतिकूल छैन । आयोगको नामैले पनि भिन्नता देखाएको छ । Public Domain लाई मात्र नभई Private Domain समेतलाई कार्यवाही गर्नसक्ने अधिकार शाही आयोगलाई दिइएको छ ।

अधिवक्ता श्री बालकृष्ण नेउपाने

(विपक्षी शाही आयोगका अध्यक्ष भक्तबहादुर कोइरालाको तर्फबाट):

धारा १२७ को आदेश संयुक्त सदनमा पेश गरिने व्यवस्था संयुक्त सदन सञ्चालन सम्बन्धी कार्यविधिका व्यवस्था भएको हुँदा धारा १२७ को आदेश धारा ११५ (७) को भन्दा माथिल्लो स्तरमा रहन्छ । श्री ५ बाट चाहिबक्सेकोमा संविधान संशोधन आदेश पनि धारा १२७ अन्तर्गत जारी हुनसक्छ । यस्तो आदेश धारा ८८(१) अन्तर्गत न्यायिक पुनरावलोकनको विषय हुनसक्दैन । संविधानले नागरिकता ऐन, २०२० लाई समेत निरन्तरता दिएको र धारा ११५ (७) अन्तर्गत जारी आदेश पनि कानून सरह हुने तथा संविधान पनि कानून नै भएको हुँदा धारा ११५ (७) को आदेशलाई धारा १२७ ले निरन्तरता दिन सकिन्छ ।

धारा १२७ को प्रयोगबाट नै मूलुक चलेको छ । धारा १२७ को प्रयोग पटकपटक भइसकेको छ । गुण दोषका कुरा गठन गर्नेले जिम्मा लिने विषय हो । संविधानमा केही हेरफेर गर्नुपर्‍यो कुनै निकाय गठन गर्नुपर्‍यो भने यहि धारा १२७ को प्रयोगबाट गर्न सकिन्छ । तर स्थायी रूपबाट होइन केही समयको लागि गर्नुपर्छ । अध्यादेशले नसमेटेका कुरा पनि धारा १२७ को प्रयोगबाट आउन सक्छ । धारा १२७ को आदेश जन प्रतिनिधित्वले नै हेर्छन । अहिलेको आदेश संसद्मा राखिएको छैन । एक प्रकारको विधेयकको रूपमा रहेको छ । संविधान संशोधन सम्बन्धमा अदालतले न्यायिक पुनरावलोकन गरे पनि धारा ८८(१) निर्णय भइसकेको छ । धारा ११५ (७) बमोजिम निकाय गठन गर्न सकिने तर धारा १२७ बमोजिम नसकिने भन्न मिल्दैन । धारा १२७ को दायरा फराकिलो पारिनु पर्छ । संकुचन गर्न मिल्दैन । आवश्यकताले कानून हेर्दैन । आयोगको अनुहार हेरेर निर्णय हुनु हुँदैन । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले काम गरेन भने अर्को आयोग गठन गर्न किन नपाउने ? धारा ९८ ले अर्को आयोग गठन गर्न नपाइने भनेको छैन । भ्र.नि.ऐन, २०५९ ले पनि ऐन अन्तर्गतको कार्यवाही गर्न अर्को निकायको पनि गठन हुन सक्ने स्वीकार गरेको छ । कानून बनाएर आफैले अनुसन्धान गरी मुद्दा हेर्न सकिने व्यवस्था गरेकोमा प्राकृतिक न्याय सिद्धान्तको उलङ्घन भयो भन्न पाइदैन ।

अधिवक्ता श्री हरि गौतम

(विपक्षी शाही आयोगका सदस्य हरिबाबु चौधरीको तर्फबाट):

विवाद कानूनी होइन । राजनीतिक हो । अदालतले निराकरण गर्ने विषय होइन । हाम्रो देशले पूर्वीय संस्कृतिलाई नहेरी हुँदैन । शाही आयोग चाहिन्न भन्नु भ्रष्टाचारीलाई सजाय गर्न हुन्न भन्नु हो । श्री ५ को कर्तव्य नै संविधानलाई पालना गर्नु हो । आयोग गठन देश र देशवासीको हितको लागि भएको हो । आयोगको गठन संवैधानिक छ ।

अधिवक्ता श्री लक्ष्मीप्रसाद पोखरेल

(विपक्षी शाही आयोगका सदस्य हरिबाबु चौधरीको तर्फबाट):

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निवेदकका सम्बन्धमा अनुसन्धान मात्र गरी कारवाही तामेलीमा राखेको हुँदा दोहोरो कार्यवाही गरेको भन्न मिल्दैन । तामेलीमा राखिएको अवस्थामा पुनः कार्यकारी हुनसक्छ । धारा ११५ (७) को फिर्ता भै सकेको आदेश समेत बदरको मांग औचित्यपूर्ण छैन । नेपालको सबै संविधान श्री ५ बाट बक्स भएको हो । संविधान नै जारी गर्नसक्ने राजकीयसत्ता निहित श्री ५ बाट अरु आदेश जारी गर्न नमिल्ने होइन ।

अधिवक्ता श्री कामाख्यालाल कर्ण

(विपक्षी शाही आयोगका सदस्य रघुचन्द्र बहादुर सिंहको तर्फबाट):

श्री ५ बाट सबै संविधान बक्स भएको हो । परम्परा समेतको आधारमा श्री ५ मा सबै शक्ति रहेको नेपालको संविधान, २०१९ को धारा २० को व्यवस्थाले पुष्टी गर्दछ । वर्तमान संविधानले जनतालाई प्रदान गरेको सार्वभौमशक्ति यो संविधानमा उल्लेख भएबमोजिम प्रयोग गर्ने व्यवस्था गरेको हो । धारा २८, ७२, ११५ र १२१ ले श्री ५ लाई सर्वशक्तिमान अधिकार प्रदान गरेको छ । श्री ५ बाट गरिबक्सेको कार्य सर्वमान्य हुन्छ । धारा ११५(७) को आदेश कार्यान्वयनमा बाधा परे पनि धारा १२७ प्रयोगमा आउन सक्छ । धारा ८८(१) संसद्ले बनाएको कानूनका सम्बन्धमा मात्र आकर्षित हुन्छ । संपूर्ण किसिमको बाधा अडकाउ

फुकाउन सकिने धारा १२७ को हैसियत हो । आर्थिक विश्रृङखलता हाल सम्म कायम रहेकोले आयोगलाई निरन्तरता दिइएको कार्य संविधानसम्मत छ ।

अधिवक्ता श्री राजकुमार थापा

(विपक्षी शाही आयोगका सदस्य रघुचन्द्र बहादुर सिंहको तर्फबाट):

धारा १२७ को विषयमा अदालतले हेर्ने हो भने धेरै धाराको संशोधन हुन जान्छ । संविधानले नै राजकीयसत्ता श्री ५ रहने व्यवस्था गरेको छ । कार्यपालिकीय, संसदीय र न्यायपालिकीय सबै अधिकार श्री ५ मा निहित छ । राजकीयसत्ता राष्ट्र प्रमुखको पदीय अधिकार हो । राजकीयसत्ता र सार्वभौम अधिकार एउटै सिक्काका दुईपाटा हुन । धारा १२२ को व्यवस्थाले न्यायपालिकीय अधिकार पनि श्री ५ मा निहित छ । धारा १२७ को प्रयोग २०५१ सालदेखि नै हुँदै आएको हो ।

अधिवक्ता श्री मोहनप्रसाद आचार्य

(विपक्षी शाही आयोगका सदस्य प्रेमबहादुर खातीको तर्फबाट):

कानून जहिले पनि समाजको हित तिर लक्षित हुनुपर्छ । अहिले पनि व्याख्या यसैगरी हुनुपर्छ । राज्यमा अहिले दण्डहीनताको स्थिति रहेको छ । भ्रष्टाचार चरम रूपमा बढी राज्यकोष खाली हुँदै गएको कारणले आयोग गठन भएको हो। आयोगलाई निरन्तरता धारा १२७ को व्यवस्थाको आधारमा संविधान भित्रै रहेर दिइएको हुँदा असंवैधानिक रहेको भन्न मिल्दैन । श्री ५ बाट आदेश जारी गर्ने वा घोषणा गर्ने परम्परा रही आएबाट पनि गैरसंवैधानिक आदेश भन्न मिल्दैन । बाधाअड्काउ फुकाउने व्यवस्था पछि आउने कार्यलाई लक्षित गरी गरिएको हुन्छ । संविधानमा यस्तो व्यवस्था रहेबाट जुनसुकै कार्य र प्रयोजनका लागि प्रयोग हुनसक्छ । राजाको महत्वलाई इतिहास र हाम्रा हरेक कार्यले स्वीकार गरेको छ । २०१९ सालको संविधान खारेज भएको छैन । श्री ५ मा अधिकार पूरै रहेको छ । देशमा अप्ठेरो परेको स्थितिमा बेलायती Crown ले पनि जुनसुकै कार्य गर्नसक्छन् भन्ने कुरा विद्वान डायसीले स्वीकार गरेका छन् । धारा १२७ प्रयोग गरी धारा ११५(७) को आदेशलाई निरन्तरता दिन सकिन्छ । श्री ५ मा विशेष कार्य गर्नसक्ने अधिकार छ । वर्तमान संविधानको धारा २७(३) ले संवैधानिक रूपमै अधिकार रहेको स्वीकार गरेको छ । कानूनद्वारा व्यवस्था भएको विषयमा प्राकृतिक न्यायको सिद्धान्त आकर्षित हुँदैन भन्ने कुरा कुसुम श्रेष्ठको अवहेलना मुद्दामा विश्लेषण भएको छ । जुनसुकै दृष्टिकोणबाट पनि आदेश संवैधानिक छ । निवेदकको मौलिक हक हनन भएको छैन ।

अधिवक्ता श्री अवधेशकुमार सिंह

(विपक्षी शाही आ.का अध्यक्ष भक्तबहादुर कोइरालाको तर्फबाट):

धारा १२७ को प्रयोग पटकपटक भएको छ । निवेदक रविराज भण्डारी भएको संसद् विघटन सम्बन्धी मुद्दामा श्री ५ बाट स्वविवेकमा भएको कार्यमा न्यायिक पुनरावलोकन हुन नसक्ने निर्णय भएको छ। श्री ५ को सन्तुष्टी र स्वविवेकबाट धारा १२७ प्रयोग गरी आयोगलाई निरन्तरता प्रदान भएकोले न्यायिक पुनरावलोकन हुनसक्दैन ।

वरिष्ठ अधिवक्ता श्री लक्ष्मीबहादुर निराला

(विपक्षी शा.आ.का अध्यक्ष भक्तबहादुर कोइरालाको तर्फबाट):

संविधानको व्याख्याद्वारा नै विवादको निराकरण हुन्छ । व्याख्या गणितीय हुंदैन । आवश्यकतामा निर्भर गर्दछ । समय र परिस्थितिअनुसार व्याख्यालाई डोराएर लैजानुपर्दछ । देश काल परिस्थितिअनुसार त्यसको व्याख्या हुनुपर्दछ । चुनाव सार्न सिफारिस गरिएअनुसार संवैधानिक शून्यताको स्थिति आएबाट धारा १२७ को प्रयोग भएको हो । धारा ३५(२) लाई क्रियाशील गर्न धारा १२७ प्रयोग भएको हो । धारा २७(३) को व्यवस्थाले श्री ५ बाट बाध्यातावश यो कदम चालिबक्सेको हो । धारा ३१ ले श्री ५ को कदममा प्रश्न उठाउन नपाइने कुराको निराकरण उपेन्द्रनन्दनको निवेदनमा भइसकेको छ । धारा ३५(२) निष्क्रिय छ । श्री ५ बाट सिधै जारी भएको आदेश हुँदा धारा ३१(३) को संरक्षण प्राप्त छ । कानूनको परीक्षण गर्न सकिने व्यवस्था भएकोले अध्यादेशको परीक्षण हुनसक्ने हुन्छ । धारा १२७ को आदेश अध्यादेश सरह नभएकोले त्यस्तो हो भनी वलपूर्वक व्याख्या गर्न मिल्दैन । श्री ५ ले शासन गर्न मिल्छ मिल्दैन भन्ने विषय राजनीतिक हो । प्रत्यक्ष परोक्ष दुबै रूपबाट यस सम्बन्धमा अदालतले विचार गर्न मिल्दैन । धारा १२७ स्पष्ट छ । यसलाई अरु उपायद्वारा व्याख्या गर्न मिल्दैन । समानान्तर निकाय गठन भएको होइन । नाम, काम र क्षेत्राधिकारबाटै शाही आयोग र अख्तियार दुरूपयोग अनुसन्धान आयोग भिन्न छन् । संविधानको प्रस्तावनाले अब उप्रान्त श्री ५ मा राजकीयसत्ता नरहने भन्ने व्यवस्था गरेको छैन । जहाँ भ्रष्टाचारको बिगबिगी रहन्छ त्यहाँ Rule of law रहन सक्दैन । अनुसन्धानका क्रममा भएका कामको सम्बन्धमा अ.वं. ८५ नं. लागू हुंदैन । भारतमा १० वटा एजेन्सीले छानविन गरेपछि पनि CBI ले फेरी जाँचबुझ गर्छ । जुन आदेश परीक्षण नै हुनसक्ने अवस्था देखिदैन भने अधिकारपृच्छाको मांगका सम्बन्धमा विचार गरी रहनु पर्दैन ।

सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४२ बमोजिम सरिक हुनुभएका कानून व्यवसायीहरूको तर्फबाट

अधिवक्ता श्री वासुदेव शर्मा:

दुबै पक्षबाट धारा १२७ को स्पष्टकानूनी व्याख्या आउन सकेको छैन । धारा १२७ अनुसार जारी हुने आदेश कार्यकारिणी आदेश हो । त्यो संसद्मा पेश हुने हुँदा संसद्ले जाँच नगरी परिपक्व हुँदैन । धारा १२७ बाधाअड्काउ फुकाउने प्रयोजनका लागि प्रयोग हुने हो । बाधाअड्काउ कानूनीरूपमा परेको हुनुपर्छ । राजनीतिक उद्देश्य पूरा गर्न धारा १२७ अन्तर्गतको बाधाअड्काउ परेको भन्न मिल्दैन । २०१५ सालको संविधानले बाधाअड्काउ फुकाउ आदेश संविधान मै परेको मानिने भन्ने व्यवस्था गरेकोमा वर्तमान संविधानमा त्यस्तो व्यवस्था छैन । धारा १२७ प्रयोग गर्न बाधाअड्काउ परेको कुरा पहिले यकिन हुनु पर्‍यो । मूलुकमा भ्रष्टाचार व्याप्त छ भन्दैमा धारा १२७ प्रयोग गर्न पाइदैन । शाही आयोगको गठनलाई संसद्ले स्वीकार गर्ने अवस्था छैन । शाही आयोग संवैधानिक छैन । शाही आयोगको निरन्तरताका लागि जारी आदेश र अरु कार्यको प्रयोजनका लागि जारी आदेशको प्रकृति फरक-फरक छ । धारा १२७ जुनसुकै रूपमा पनि प्रयोग गर्न पाइदैन । ०५९।६।१८ को आदेश संवैधानिक रिक्तता पूरा गर्न आएको हो । संविधानको कुनै धाराको व्याख्या गर्दा सम्पूर्णधारा उपधाराको अध्ययन हुनुपर्छ । धारा १२७ को आदेश संसद्को लागि जारी भएकोले संसद् मै जानुपर्छ र संसद्ले नै हेर्नुपर्छ । ऐनको जस्तो बाधाअड्काउ फुकाउने व्यवस्था जस्तै संविधानको व्यवस्थालाई लिन मिल्दैन । व्यक्तिगत मौलिक हननको विषय भएकोले धारा १२७ को आदेश संसद्मा पेश हुने विषय हो भन्दैमा अदालतले हेर्न नमिल्ने होइन । धारा ८८(२) को उपचार प्रदान गर्न

बाधा पर्ने देखिदैन । धारा १२७ को आदेश संसद्मा पेश हुने भन्ने देखिएको भन्ने आधारमा निवेदकले उठाएका विषयको उपचार सहितको न्यायिक निर्णय हुनुपर्छ ।

अधिवक्ता श्री धर्मराज रेग्मीः

आयोगको गठनलाई निरन्तरता दिएको कसरी संविधानको प्रस्तावना र धारा १२७ को विपरीत भएको रिट निवेदनमा खुलाइएको छैन । धारा १२७ बमोजिम जारी आदेश संसद्मा पेश गरिने भन्ने स्पष्ट व्यवस्था छ । सो आदेश कानून हो । संसद्मा पेश नभै अदालतबाट यस विषयमा बोल्दा संसद्को अधिकार कटौती हुनजान्छ ।

१९. आज निर्णय सुनाउन तोकिएको प्रस्तुत रिट निवेदनमा रिट निवेदन जिकिर, विपक्षीहरूको लिखित जवाफ तथा दुबै तर्फका विद्वान कानून व्यवसायीहरूले प्रस्तुत गरेको बहस जिकिर तथा लिखित बहसनोट समेतको अध्ययन गर्दा प्रस्तुत रिट निवेदनमा देहायका प्रश्नका सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

१. नेपाल अधिराज्यको संविधान, २०४७ ले राजकीयसत्ताको प्रयोगको सम्बन्धमा के कस्तो व्यवस्था गरेको छ ?

२. श्री ५ बाट गरिबक्सेको कुनै कामका सम्बन्धमा अदालतमा प्रश्न उठाउन सकिने नसकिने र त्यसको संवैधानिक परीक्षण हुनसक्ने नसक्ने के हो ?

३. प्रस्तुत विवाद राजनीतिक वा संवैधानिक के हो ?

४. भ्रष्टाचार नियन्त्रण शाही आयोगको गठन र त्यसलाई निरन्तरता दिने कार्य संविधानसम्मत छ, वा छैन ?

५. निवेदकको मांगबमोजिमको आदेश जारी हुनुपर्ने हो, वा होइन ?

२०. सर्बप्रथम पहिलो प्रश्न तर्फ विचार गर्दा भ्रष्टाचार नियन्त्रण शाही आयोगको लिखित जवाफमा मुख्यरूपमा नेपालको संवैधानिक रीति स्थिति परम्परा र श्री ५ बाट प्रयोग भई आएको स्वविवेकीय अधिकार प्रयोग गरी धारा १२७ बमोजिम आदेश जारी गरिबक्सेको भन्ने भएकोमा भ्रष्टाचार नियन्त्रण शाही आयोग र आयोगका सदस्यहरू तर्फबाट रहनु भएका विद्वान कानून व्यवसायीहरूबाट श्री ५ हिन्दूराजा रहिबक्सेको, हिन्दू धर्म बमोजिम राजाले आफ्नो कर्तव्य पालन गर्नुपर्ने, श्री ५ लाई संविधानले नियन्त्रण गर्न नसक्ने, राजकीयसत्ता श्री ५ मा नै निहित रहेको हुनाले जनताको हित हुने कार्य श्री ५ बाट आफ्नै स्वविवेकमा गर्न सकिबक्सने, नेपालको संविधान, २०१९ खारेज नभएकोले उक्त संविधानमा भएको व्यवस्थाअनुसार सार्वभौम अधिकार श्री ५ मा नै रहेको आदि कुराहरू बहसमा उठाउनु भएको हुँदा नेपाल अधिराज्यको राजकीयसत्ताको प्रयोगको सम्बन्धमा नेपाल अधिराज्यको संविधान, २०४७ लागू हुनु भन्दा अगाडि के कस्तो व्यवस्था थियो र उक्त संविधान लागू भएपछि त्यस सम्बन्धमा संविधानमा के कस्तो व्यवस्था रहेको छ ? त्यस तर्फ इजलासको ध्यान जानु आवश्यक भएको छ । नेपाल अधिराज्यको संविधान, २०१५ को धारा ६८ ले संविधान र तत्काल प्रचलित कानूनमा व्यवस्था गरिएदेखि बाहेकका श्री ५ मा निहित अरु सम्पूर्ण राजकीय अधिकार मौसूफमा निहित रहेको भनी राजकीय अधिकारका सम्बन्धमा स्पष्ट व्यवस्था गरिएको पाइयो । नेपालको संविधान, २०१९ को धारा २० को उपधारा (२) ले नेपालको सार्वभौमसत्ता श्री ५ मा निहित रहेको छ । कार्यकारिणी, व्यवस्थापिका र न्याय सम्बन्धी सबै

अधिकार मौसूफबाट निश्चित हुनेछ भन्ने व्यवस्था गर्नुका अतिरिक्त धारा ९० ले संविधान वा तत्काल प्रचलित अन्य कानूनमा व्यवस्था गरिएदेखि बाहेकका श्री ५ का अरु सबै अन्तरनिहित अधिकार मौसूफमा नै निहित रहनेछन् भन्ने व्यवस्थाबाट धारा २०(२) को व्यवस्था बमोजिमका श्री ५ बाट निश्चित हुने कार्यकारिणी, व्यवस्थापिका र न्याय सम्बन्धी अधिकार समेतका सबै राजकीयसत्ता सम्बन्धित अवशिष्ट अधिकार श्री ५ मा नै स्पष्टरूपमा निहित गरेको देखिन आयो ।

२१. नेपालको संविधान, २०१९ लाई प्रतिसंहरण गरी जारी गरिएको नेपाल अधिराज्यको संविधान, २०४७ ले नेपाल अधिराज्यको राजकीयसत्ता र सार्वभौम अधिकारको बारेमा के कस्तो व्यवस्था गरेको छ ? भन्ने सम्बन्धमा संविधानको प्रस्तावना अध्ययन गर्दा स्वतन्त्र र सार्वभौम सत्ता सम्पन्न नेपाल अधिराज्यको राज्यशक्तिको श्रोत नेपाली जनता नै हो भन्ने तथ्यलाई हृदयङ्गम गरी लोकसम्मति अनुकूल शासन व्यवस्था सञ्चालन गर्ने संकल्प समय समयमा अभिव्यक्त भएको र नेपाली जनताले केही समय अघि भएको जन आन्दोलनको माध्यमबाट संवैधानिक परिवर्तन गर्ने इच्छा अभिव्यक्त गरेकोले सो अनुरूप नेपाली जनतालाई चीरकाल पर्यन्त सामाजिक राजनीतिक एवं आर्थिक न्याय प्राप्त हुन सकोस् भन्ने उद्देश्यबाट नेपाल अधिराज्यको संविधान, २०४७ निर्माण भएको भन्ने उल्लेख भएको देखिन्छ। प्रस्तावनामा उल्लेख गरिएको उक्त व्यहोराबाट नेपाली जनता नै राज्यशक्तिको श्रोत भएको तथ्यलाई आत्मसात गरिएको र नेपाली जनताले आन्दोलनको माध्यमबाट नेपालको संविधान, २०१९ अनुसारको संवैधानिक व्यवस्थामा परिवर्तन चाहेको मूल कारणबाट नै नेपाल अधिराज्यको संविधान, २०४७ को आवश्यकता भएको भन्ने स्पष्ट हुन्छ। प्रस्तावनाको दोश्रो अनुच्छेदमा नेपाल अधिराज्यको शासन व्यवस्थाको स्वरूप कस्तो हुने भन्ने सम्बन्धमा प्रत्येक नेपालीको आधारभूत मानव अधिकार सुरक्षित गर्ने, स्वतन्त्रता र समानताको आधारमा नेपाली जनताका बीच भ्रातृत्व र एकता कायम गर्ने, वालिग मताधिकार, संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र, तथा बहुदलीय प्रजातन्त्रलाई सुदृढ गर्ने, स्वतन्त्र एवं सक्षम न्याय प्रणालीको व्यवस्था गरी कानूनीराज्यको अवधारणालाई साकार पार्ने जस्ता लक्ष्य हासिल गर्ने उद्देश्य समेत संविधानले लिएको देखिन्छ । प्रस्तावना कै तेश्रो अनुच्छेदमा नेपाली जनताको इच्छा अनुसार संविधान प्रारम्भ भएपछि नेपाल अधिराज्यको राजकीयसत्ता र सार्वभौम अधिकार यसै संविधान बमोजिम प्रयोग हुने गरी श्री ५ बाट प्रयोग भइआएको राजकीयसत्ताको प्रयोग गरिबक्सी मन्त्रिपरिषद्को सल्लाह र सम्मतिअनुसार संविधानको घोषणा गरी लागू गरिबक्सेको भन्ने उल्लेख छ । संविधानको धारा ३ मा नेपालको सार्वभौमसत्ता नेपाली जनतामा निहित रहनेछ जसको प्रयोग यस संविधानमा व्यवस्था भएबमोजिम हुनेछ भन्ने व्यवस्था छ । त्यस्तै गरी वर्तमान संविधानले शासन व्यवस्था सम्बन्धी कार्यकारिणी, व्यवस्थापकीय तथा न्याय सम्बन्धी मूलभूत अधिकारहरू राज्यका प्रमुख तीन अङ्गमा विभाजन गरी शक्ति पृथकीकरणको सिद्धान्तलाई अनुशरण गरेको अवस्था समेत रहेको देखिन्छ ।

२२. नेपाली जनताको इच्छाअनुसार यो संविधान प्रारम्भ भएपछि नेपाल अधिराज्यको राजकीयसत्ता, सार्वभौम अधिकार यसै संविधान बमोजिम प्रयोग हुने भन्ने नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावनाले स्पष्टरूपमा व्यक्त गरेको अवस्था छ । नेपाल अधिराज्यको राजकीयसत्ता र सार्वभौमसत्ता नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम नै प्रयोग हुने भएपछि नेपाल अधिराज्यको संविधान, २०४७ लागू हुनु पूर्वको नेपालको संविधान, २०१९ ले व्यवस्था गरे बमोजिम नेपालको सार्वभौमसत्ता श्री ५ मा निहित रहेको, कार्यकारिणी, व्यवस्थापिका र न्यायसम्बन्धी सबै अधिकार श्री ५ बाट निश्रृत हुने भनी सम्झन मिल्ने अवस्था देखिंदैन । संवैधानिक परिवर्तन पछि नेपाल अधिराज्यको राजकीयसत्ता र सार्वभौम अधिकार नेपाल

अधिराज्यको संविधान, २०४७ ले व्यवस्था गरे बमोजिम मात्र प्रयोग हुनसक्ने स्पष्ट संवैधानिक व्यवस्था भइरहेको यस स्थितिमा राजकीयसत्ता सम्बन्धमा अलमल गरी विवाद उठाउनु र नेपालको संविधान, २०१९ खारेज भएको छैन भन्ने जस्ता तर्क गर्नु संवैधानिक आधार र व्यवस्था विपरीत हुन जान्छ । संविधानले मूल एवं शक्तिशाली कानूनको स्थान ग्रहण गर्दछ । लिखित संविधान भएका मूलुकहरूमा शासनको सिद्धान्त एवं व्यवस्था, क्रियाकलाप, राज्यका विभिन्न अङ्गहरूमा राजकीयसत्ताको बाँडफाँड संविधानले नै तय गरेको हुन्छ । संविधानले गरेको व्यवस्था र निर्धारण गरेका विषयवस्तुको उल्लंघन गर्नु संविधान विपरीत हुन्छ र यस्तो उल्लंघनको अवस्थाले संवैधानिक समस्या सिर्जना हुने हुँदा यस्तो स्थिति आउन नदिनु वा टार्नु राज्यको हितमा हुने हुन्छ ।

२३. अब दोश्रो प्रश्न तर्फ विचार गर्दा विपक्षी तर्फबाट रहनु भएका विद्वान कानून व्यवसायीहरूले श्री ५ बाट गरिबक्सेको कुनै कामका सम्बन्धमा अदालतमा प्रश्न उठाउन पाइने व्यवस्था संविधानले गरेको नहुँदा भ्रष्टाचार नियन्त्रण शाही आयोगको गठनको विषय अदालत प्रवेश गर्न नसक्ने भन्ने बहस प्रस्तुत गर्नु भएको छ । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३१ को व्यवस्थाका सम्बन्धमा निवेदक हरिप्रसाद नेपाल समेत विरुद्ध सम्माननीय प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला समेत भएको उत्प्रेषणको आदेश जारी गरिपाऊँ भन्ने निवेदन (ने.का.प.स्वर्ण शुभजन्मोत्सव विशेषांक २०५२, पृष्ठ ८८) मा यस अदालतका ११ जना माननीय न्यायाधीशको विशेष इजलासबाट श्री ५ बाट मन्त्रिपरिषद् वा अन्य कुनै पदाधिकारी वा निकायको सल्लाह र सिफारिसमा गरिबक्सने कार्यको उत्तरदायित्व सो सुझाव दिने पदाधिकारी वा निकायले नै व्यहोर्नु पर्ने भनी बोलिएको त्यस्तै निवेदक रविराज भण्डारी विरुद्ध सम्माननीय प्रधानमन्त्री मनमोहन अधिकारी समेत भएको उत्प्रेषणको आदेश जारी गरिपाउँ भन्ने निवेदन (ने.का.प.स्वर्ण शुभजन्मोत्सव विशेषांक २०५२, पृष्ठ १) मा यस अदालतका ११ जना माननीय न्यायाधीशहरूको विशेष इजलासबाट संवैधानिक राजतन्त्रात्मक व्यवस्थाको मर्म र आदर्श अनुरूप श्री ५ बाट मौसूफको स्वविवेकमा गरिबक्सेको कार्यको प्रकृति र विस्तारलाई संविधानले नै सीमांकन गरेको त्यस्ता कार्यहरू साधारणतः राजनीतिक प्रकृतिको हुने भएकोले संविधान बमोजिम श्री ५ बाट मौसूफको स्वविवेकमा गरिबक्सने कार्यहरूका सम्बन्धमा धारा ३१ को व्यवस्था निसन्देह विचारणीय हुन्छ तर मौसूफबाट संविधान बमोजिम अन्य संवैधानिक अङ्ग निकाय वा पदाधिकारीको सल्लाह र सिफारिसमा गरिबक्सने वा गरिबक्सेको कार्य पनि धारा ३१ को आधारमा न्यायिक पुनरावलोकनको क्षेत्रबाट अलग राख्नुपर्ने भन्ने हो भने लिखित संविधान, सीमित सरकार, उत्तरदायी शासन व्यवस्था, कानूनको राज्य जस्ता संविधानद्वारा अगिंकृत अवधारणाको कुनै अर्थ हुँदैन भनी धारा ३१ का सम्बन्धमा व्याख्या भइरहेको अवस्था देखिन आयो ।

२४. संयुक्त अधिराज्यको संवैधानिक विकासको क्रममा राजाबाट राज्यको व्यवस्था, राजकीयसत्ता मन्त्रिपरिषद् वा जिम्मेवार पदाधिकारीको सिफारिस वा सल्लाहमा प्रयोग हुने परिपाटीले राजाबाट गल्ति र गैरकानूनी कार्य हुँदैनन् भन्ने अवधारणाको विकास भयो । यथार्थमा जब राजाबाट कसैको परामर्श वा सल्लाहमा मात्र कुनै कार्य हुन्छ भने राजाले गल्ति गरेको भन्ने प्रश्न नै उठन सक्दैन । गल्ति यदि हुन्छ भने त्यस्तो कार्यको जिम्मेवारी सल्लाह वा परामर्श दिने पदाधिकारीमा नै रहन्छ । यहि सिद्धान्तलाई नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३१ ले अवलम्बन गरेको देखिन्छ । संविधानको धारा ३१ को क्षेत्र पहिचान गर्न श्री ५ बाट गरिबक्सने कार्यको प्रकृति हेर्नुपर्ने हुन्छ । यस निमित्त संविधानमा श्री ५ बाट गरिबक्सने कार्यका सम्बन्धमा भएका व्यवस्था त्यसमा पनि

धारा ३५ को उपधारा (२) को व्यवस्था विशेषरूपबाट हेरिनुपर्ने हुन्छ । संविधानको धारा ३५(२) लाई बाहेक गरेर धारा ३१ को व्याख्या हुनसक्ने अवस्था देखिंदैन ।

२५. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३५ को उपधारा (२) ले श्री ५ बाट गरिबक्सने कार्यलाई तीन वर्गमा विभाजित गरेको पाइयो । प्रथमतः श्री ५ बाट वा मौसूफको स्वविवेकमा गरिबक्सने कार्य, दोश्रो कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गरिबक्सने भनी किटानी साथ व्यवस्था भएका कार्य, तेश्रो, मन्त्रिपरिषद्को सल्लाह र सम्मतिबाट गरिबक्सने कार्य । संवैधानिक व्यवस्था अनुसारका श्री ५ बाट मात्र वा मौसूफको स्वविवेकमा सम्पन्न हुने कार्यको सम्बन्धमा यदाकदा संवैधानिकताको प्रश्न गम्भीर रूपमा उठ्नु स्वाभाविकै हुन सक्दछ । श्री ५ बाट मात्र वा मौसूफको स्वविवेकमा संविधान बमोजिम गरिबक्सेको गम्भीर संवैधानिकताको प्रश्न बाहेक अन्य कुराहरूका सम्बन्धमा अदालतमा प्रश्न उठाउनु उपयुक्त देखिंदैन । नेपाल अधिराज्यको संविधान, २०४७ ले सामाजिक राजनीतिक एवं आर्थिक समुन्नतिको आधार नेपाल अधिराज्यको संविधान, २०४७ को संवैधानिक व्यवस्थालाई स्वीकार गरी संवैधानिक सर्वोच्चताको अवधारणालाई ग्रहण गरेको छ । संविधानको धारा २७ को उपधारा (३) मा श्री ५ बाट नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिको लागि संविधानको पालन र संरक्षण गरिबक्सनेछ भन्ने व्यवस्था भएकोले संवैधानिक व्यवस्थाबाट मात्र नेपाली जनताको सर्वोत्तम हित हुने भएबाट नेपाली जनताको सर्वोत्तम हित निमित्त संविधानको पालन र संरक्षणको दायित्व संविधानले श्री ५ मा तोकेको अवस्था छ । संवैधानिक व्यवस्था नै नेपाली जनताको सर्वतोमुखी प्रगतीको आधार भन्ने कुराको अठोट संविधानको रहेको र संवैधानिक सर्वोच्चताको अवधारणालाई स्वीकार गरिएको स्थितिमा राज्यशक्ति संवैधानिक व्यवस्था विपरीत प्रयोग भएको भनी संवैधानिक विवाद उठाई सर्वोच्च अदालत प्रवेश गरेकोमा सर्वोच्च अदालतबाट संवैधानिक प्रश्नको निरूपण नहुने हो भने नेपाली जनताको शान्ति र उन्नतिको संवैधानिक आधारमा विघ्न आउन सक्ने स्थिति पर्न सक्दछ । संवैधानिक विवादहरू अनिर्णित अवस्थामा रहनु हुँदैन । यसको समाधान उपयुक्त माध्यमबाट नभए अपठ्यारो र असहज परिस्थिति सिर्जना हुन जान्छ र राज्य व्यवस्था असहज अवस्थामा पुग्न जान्छ । संविधान तथा कानूनले संरक्षण गरेका जनताका हकहरूको प्रचलन वा संवैधानिक विवादको न्यायिक निरोपणको जिम्मेवारी संविधानको धारा ८८ ले सर्वोच्च अदालतलाई सुम्पिएको संवैधानिकताको प्रश्नमा सर्वोच्च अदालत प्रवेश गर्न नपाउने भन्नु संविधान अनुकूल हुन जादैन ।

२६. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३१ जस्तै नेपालको संविधान, २०१९ को धारा ८७ को व्यवस्था रहेको देखिन्छ र उक्त संविधानको धारा २१(२) बमोजिम राजगद्दी उत्तराधिकारी सम्बन्धी कानून बनाउने संशोधन गर्ने वा खारेज गर्ने सम्पूर्ण अधिकार श्री ५ मा मात्र रहेको र श्री ५ मा मात्र रहेको त्यस्तो अधिकार प्रयोग गरी बनाइबक्सेको राजगद्दी उत्तराधिकारी सम्बन्धी ऐन, २०४४ को दफा १३ मा व्यवस्था भएको मृत्युदण्ड सम्बन्धमा निवेदक कृष्णप्रसाद सिवाकोटी विरुद्ध मन्त्रिपरिषद् सचिवालय समेत भएको संविधानको धारा ८८(१) बमोजिम संविधानसँग बाझिएको कानून बदर गरिपाउँ भन्ने विषयको निवेदन (ने.का.प. २०५४, नि.नं. ६३८७, पृष्ठ २९५) मा उक्त कानूनी व्यवस्थाको संवैधानिक परीक्षण भई धारा १३१ को प्रतिबन्धात्मक वाक्यांश खण्डले संविधानसँग बाझिने पुराना कानून स्वतः निष्क्रिय हुने व्यवस्था गरेको हुँदा बदर र अमान्य घोषित नभए पनि क्रियाशील रहिरहने अवस्था पर्दैन भनी संवैधानिक प्रश्नको परीक्षण भई उठेको संवैधानिक विवादको निरूपण समेत भएको अवस्था भएबाट श्री ५ मा मात्र रहेको अधिकार प्रयोग भै श्री ५ बाट बनाइबक्सेको ऐनको व्यवस्थाकै संवैधानिकताको प्रश्नको परीक्षण यस अदालतबाट भएको नै अवस्था भएबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५ मा

व्यवस्थित संकटकालीन अधिकार, धारा १२७ मा व्यवस्थित बाधा अड्काउ फुकाउने अधिकार सम्बन्धमा उब्जिएको संवैधानिक प्रश्नमा सर्वोच्च अदालतमा प्रश्न उठाउन नपाइने भन्न मिल्ने अवस्था देखिन आएन ।

२७. न्यायाधीशहरू निश्चय नै आफूले प्रतिपादन गरेका सिद्धान्त वा आफ्ना पूर्व अवधारणाप्रति प्रतिबद्ध रहन आवश्यक छ । तथापि बदलिंदो परिस्थितिमा न्यायाधीश न्यायको निमित्त आफ्नो पुरानो धारणाप्रति प्रतिबद्ध रहिरहनु उपयुक्त नहुने स्थिति पनि रहन सक्दछ । आफूले प्रतिपादन गरेका पूर्व सिद्धान्त आफ्नो पूर्व अवधारणा वा अडान विपरीत न्यायको निमित्त निर्णय गर्नुपर्ने अवस्था परेमा आफ्नो पूर्व अवधारणा गलत वा बदलिदो परिस्थितिमा अनुकूल नरहेको आधार र कारण न्यायाधीशले स्पष्टरूपमा उल्लेख गर्नु जरुरी हुन्छ । विपक्षी तर्फका विद्वान कानून व्यवसायीहरूले यस अदालतको एक न्यायाधीशको इजलासबाट निवेदक अधिवक्ता उपेन्द्र नन्दन तिमिल्सिना विरुद्ध श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालय समेत भएको सम्वत् २०५९ सालको निवेदन नं. ३१३० मा संविधान कार्यान्वयन गर्न बाधा अडकाउ परेमा त्यस्तो बाधा अडकाउ फुकाउन संविधानको धारा १२७ प्रयोग गरिबक्सेको काम कुरामा संविधानको धारा ३१ आकर्षित हुने भनी मिति २०५९।८।१७ मा आदेश भएकाले उक्त आदेश समेतको आधारमा प्रस्तुत विवादका सम्बन्धमा पनि संविधानको धारा ३१ अनुसार यस अदालतले प्रश्न उठाउन मिल्दैन भन्ने जिकिर लिनु भएको छ । यस सम्बन्धमा उक्त निवेदन संविधानको धारा ३५(३) अनुसार मूलुकको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषद्मा भएकोले उक्त व्यवस्थालाई क्रियाशील गराई कार्यान्वयन गर्न श्री ५ बाट संविधानको धारा १२७ प्रयोग गरी मन्त्रिपरिषद्को गठन गरिबक्सेको विषयसँग सम्बन्धित रहेको देखिन्छ । उक्त निवेदनमा प्रस्तुत रिट निवेदनमा जस्तो संविधानको धारा १२७ प्रयोग गरी छुट्टै निकाय गठन गरिएको विवाद समावेश भएको देखिंदैन । यसैले प्रस्तुत विवाद भन्दा भिन्दै प्रकृतिको विवादमा एक न्यायाधीशको इजलासबाट मिति २०५९।८।१७ मा भएको आदेशको आधारमा प्रस्तुत रिट निवेदनसँग सम्बन्धित विषयमा संविधानको धारा ३१ अनुसार यस अदालतले हेर्न नमिल्ने भन्ने विद्वान कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन सकिएन ।

२८. विपक्षी भ्रष्टाचार नियन्त्रण शाही आयोग तर्फका विद्वान वरिष्ठ अधिवक्ता कुञ्जविहारीप्रसाद सिंह समेतले रिट नं. ५७ को निवेदक अधिवक्ता सन्तोषकुमार महतो भएको रिट निवेदनमा यस अदालतको एक न्यायाधीशको इजलासबाट मिति २०६२।५।१९ मा लिखित जवाफ माग गर्ने गरी भएको आदेश नै असंवैधानिक र गैरकानूनी भएको बहस जिकिर प्रस्तुत गर्नु भएको छ । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८ मा व्यवस्थित यस अदालतको असाधारण अधिकारक्षेत्र समन्यायिक तथा स्वविवेकीय प्रकृतिको अधिकारक्षेत्र हो। यस अधिकारक्षेत्र अन्तर्गत यस अदालतले विवादको विषयवस्तुको प्रकृतिको आधारमा सम्बन्धित पक्षबाट लिखित जवाफ माग्ने लगायतका उपयुक्त आदेश जारी गर्नसक्छ । त्यस सम्बन्धमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४० को उपनियम (४) मा संविधानको धारा ८८(१) र (२) बमोजिमको निवेदन पत्रको प्रारम्भिक सुनवाई गर्दा अदालतको विचारमा निवेदकको जिकिर उचित र कानूनसङ्गत जस्तो देखिएमा निवेदनपत्रमा माग गरिए बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै कारण भए तोकिएको तारिखको दिन उपस्थित हुन भनी तारेख तोकी प्रत्यर्थीको नाउँमा आदेश जारी गर्नुपर्छ भन्ने व्यवस्था गरिएको पाइन्छ । रिट नं. ५७ को रिट निवेदनमा संविधानको धारा ११५(७) बमोजिम मिति २०६१।११।५ मा भ्रष्टाचार नियन्त्रण शाही आयोग गठन गर्ने आदेश जारी भएको र मिति २०६२।१।१६ मा संविधानको धारा ११५(११) अनुसार संकटकालीन अवस्थाको आदेश फिर्ता भए

पछि संविधानको धारा १२७ प्रयोग गरी भ्रष्टाचार नियन्त्रण शाही आयोगलाई निरन्तरता दिने कार्य संविधानको धारा १२७ विपरीत भएको भनी संविधानको विभिन्न धाराहरू उल्लेख गरी विपक्षी आयोगको संवैधानिकताको प्रश्न उठाएको र रिट नं. ११८ को राजीव पराजुलीको हकमा संजीव पराजुली निवेदक भएको बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा पनि मूल रूपमा समान प्रकृतिको विवाद समावेश भएको देखिएको तथा उक्त रिट निवेदनमा मिति २०६२।५।२३ मा पेश गर्ने आदेश भइसकेको अवस्था समेतलाई विचार गरी समान विवादका विषयहरू समावेश भएका दुबै रिट निवेदनहरू एकैसाथ सुनवाई हुनु न्याय प्रशासनको दृष्टिकोणले समेत उचित भएकोले उल्लेखित दुबै रिट निवेदनहरू एकै साथ पेश गर्ने गरी भएको आदेशलाई संविधान तथा कानून विपरीत मान्न मिल्दैन । यसका अतिरिक्त यस अदालतको एक न्यायाधीशको इजलासबाट मिति २०६२।५।१९ मा विपक्षी आयोगबाट लिखित जवाफ माग गर्ने आदेश जारी भएकोमा उक्त आदेश अनुसार विपक्षी आयोगबाट यस अदालतमा लिखित जवाफ पेश गरिसकिएको देखिन्छ । उक्त लिखित जवाफमा यस अदालतबाट भएको आदेशका सम्बन्धमा कुनै जिकिर लिएको पाइदैन । यस अदालतबाट भएको आदेश कार्यान्वयन भई लिखित जवाफ पेश भइसकेको र सम्बन्धित पक्षले त्यस सम्बन्धमा कुनै विवाद नउठाएको अवस्थामा पक्षको तर्फबाट सुनवाईको लागि उपस्थित हुने कानून व्यवसायीले लिखित जवाफमा उठाउँदै नउठाएको विषयमा विवाद उठाई यस अदालतबाट भएको आदेश गैरकानूनी र गैरसंवैधानिक भएको भनी लिइएको बहस जिकिर कानून अनुकूल मान्न मिलेन ।

२९. अब तेश्रो प्रश्न तर्फ विचार गर्दा अदालतले आफू समक्ष आएका विवाद न्यायिक निरोपणको मापदण्ड (Judicially Manageable Standard) भित्र पर्ने नपर्ने के हो ? निक्यौंल गर्नुपर्ने हुन्छ । संवैधानिक वा कानूनी प्रश्न समावेश नभएको, न्यायिक निरोपणको लागि योग्य नभएको राजनीतिक प्रश्नमा निश्चय नै अदालत प्रवेश गर्नु हुँदैन । कुनै विवादलाई राजनीतिक भनेर भन्दैमा त्यो विषय राजनीतिक हुनसक्ने होइन । विवादको विषय राजनीतिक हो वा होइन ? भनी छुट्टयाउन त्यस्तो विवादको प्रकृति वा चरित्र बुझ्न आवश्यक हुन्छ । संवैधानिक कानूनी वा न्यायिक निरोपणको मापदण्ड भित्र नपर्ने राज्य र शासन व्यवस्थाका नीतिगत कुराहरू एवं न्यायपालिकाले भन्दा कार्यपालिका, व्यवस्थापिका वा अन्य निकायबाट प्रभावकारी किसिमले निरोपण हुनसक्ने राजनीतिक विवादलाई नै राजनीतिक प्रश्नको रूपमा लिनु पर्ने हुन्छ । श्री ५ बाट संविधानको धारा ११५(७) बमोजिम गठन गरिबक्सेको भ्रष्टाचार नियन्त्रण शाही आयोगको गठनलाई मिति २०६२।१।१६ मा संविधानको धारा १२७ अनुसारको आदेश जारी गरी निरन्तरता दिइबक्सेको आदेश माघ १९, २०६१ को शाही घोषण अनुरूप जनताको हित निमित्त श्री ५ मा निहित राजकीयसत्ता प्रयोग गरी गरिबक्सेको कार्य हुँदा राजनीतिक प्रश्न समावेश भएको विषय हो भन्ने विपक्षीहरूको जिकिर रहेको छ । नेपाल अधिराज्यको राजकीयसत्ता र सार्वभौम अधिकार नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम नै हुने गरी श्री ५ बाट संविधान जारी गरिबक्सेको अवस्थामा भ्रष्टाचार नियन्त्रण शाही आयोगको गठन सम्बन्धी संवैधानिक विवाद संविधानले तय गरेको राजकीयसत्ता प्रयोग सम्बन्धी व्यवस्था समेतको आधारमा निरोपण गर्नुपर्ने भएकोले त्यस्तो विवाद रहित संवैधानिक विषयलाई राजनीतिक विवादको संज्ञा दिन मिल्ने देखिएन ।

३०. अब चौथोप्रश्न भ्रष्टाचार नियन्त्रण शाही आयोगको गठन र त्यसलाई निरन्तरता दिने कार्य संविधानसम्मत छ वा छैन ? भन्ने सम्बन्धमा विचार गर्दा यस सम्बन्धमा निवेदक तर्फबाट आयोगको गठन २०६१।१०।१९ मा श्री ५ बाट जारी भएको संकटकालीन घोषणाको निवारण प्रयोजनसँग सम्बन्धित नभएको, नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५(७) अन्तर्गत

यस्तो आयोग गठन गर्न सकिदैन, संविधानको धारा १२७ ले यस्तो आयोग गठन गर्न वा धारा ११५(७) अन्तर्गत गठन भएको आयोगलाई धारा १२७ ले निरन्तरता दिन मिल्दैन । आयोगको कामकार्यवाही प्राकृतिक न्यायको सिद्धान्त अनुरूप नभएको, नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ को व्यवस्था प्रतिकूल समेत भएको भन्ने रिट निवेदनमा र बहस तथा प्रस्तुत गर्नु भएको लिखित बहस जिकिरमा उल्लेख गरेको देखिन्छ । मूलुकमा भ्रष्टाचार व्यापकरूपमा फैलिई द्वन्द्वको स्थिति आएकोले सो रोक्नुपर्ने राज्यले आवश्यकता महशुश गरी आयोगको गठन भएको हो । आयोगको क्षेत्राधिकार र अख्तियार दुरूपयोग अनुसन्धान आयोगको क्षेत्राधिकार फरक-फरक रहेबाट धारा ९८ प्रतिकूल हुने गरी आयोगको गठन गरिएको होइन । धारा १२७ ले सो अन्तर्गत जारी आदेश संसद् समक्ष पेश गरिनेछ भन्ने व्यवस्था गरेको सो प्रक्रिया पूरा नभएको अवस्था छ । श्री ५ को सन्तुष्टीमा धारा १२७ बमोजिम निरन्तरता दिएको विषयमा अदालतले हेर्न मिल्दैन भन्ने विपक्षीहरूको लिखित जवाफ र बहसका क्रममा विद्वान महान्यायाधिवक्ता सहित विपक्षीहरू तर्फबाट उपस्थित हुनु भएका विद्वान कानून व्यवसायीहरूको बहस जिकिर र लिखित बहसनोट समेत रहेको देखिन आउँछ ।

३१. भ्रष्टाचार नियन्त्रण शाही आयोग गठन आदेश श्री ५ बाट जारी भएकोले अदालतमा प्रश्न उठ्न नसक्ने भन्ने विपक्षीहरूको जिकिरका सम्बन्धमा धारा २७(३) र ३१ (३) का सम्बन्धमा प्रश्न नं.२ मा सो कुराको विश्लेषण भएको निष्कर्षबाट र महान्यायाधिवक्ताको कार्यालयबाट प्राप्त लिखित बहसनोटको पृष्ठ ४ प्रकरण ६. मा "सम्मानित अदालतबाट Judical Review को माध्यमबाट हेरिने विषय भनेको शाही आयोगको आदेश संविधानसम्मत छ छैन भन्ने मात्र हो" भन्ने उल्लेखबाट आदेशका सम्बन्धमा विचार हुन नसक्ने देखिन आएन ।

३२. "मुलुकमा व्याप्त भ्रष्टाचारलाई नियन्त्रण गरी दोषी उपर प्रभावकारी रूपमा कार्यान्वयन गर्न र यस्तो कार्यवाहीका प्रक्रिया छिटो छरितो सरल बनाउन आवश्यक भएको परिप्रेक्षमा State Necessity अन्तर्गत आयोग गठन गरिएको हो । State Necessity अर्थात् Doctrine of Necessity को आधारमा राज्यले उपयुक्त कदम चाल्न सक्ने २०६१ सालको रिट नं.५९ मा यस अदालतबाट मिति २०६२।२।२७ मा भएको निर्णयबाट समेत आयोगको गठन संविधानसम्मत रहेको" भन्ने महान्यायाधिवक्तको कार्यालयबाट प्रस्तुत लिखित बहसनोटमा जिकिर उल्लेख भएको देखिन्छ । साथै धारा ११५(१) बमोजिम संकटकालीन अवस्था घोषणा भएको बेलामा धारा ११५(७) अनुरूप श्री ५ बाट आदेश जारी गरी यस्तो आयोग गठन गर्न सकिबक्सने व्यवस्था बमोजिम आयोगको गठन भएको भन्ने समेत लिखित जवाफ र विपक्षीहरूको बहसनोटमा उल्लेख भएको देखिदां नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५ का विभन्न व्यवस्था र श्री ५ बाट मिति २०६१।१०।१९ मा जारी संकटकालीन घोषणाको आदेश समेतको यहां सुक्ष्म अध्ययन गर्न आवश्यक भएको छ । खण्ड ५४), काठमाडौं मिति माघ १९ गते २०६१ साल (अतिरिक्ताङ्क ४७(ख) भाग ४ को नेपाल राजपत्रमा श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय राजदरबारको विज्ञप्ति यसप्रकार रहेको देखिन्छ:

३३. "श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता एवं सुरक्षामा गम्भीर संकट उत्पन्न हुन गएकोले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५ को उपधारा (१) बमोजिम नेपाल अधिराज्यभर तत्काल लागू हुने गरी संकटकालीन अवस्थाको आदेश जारी गरिबक्सी सोही धाराको उपधारा (८) बमोजिम नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२

को उपधारा (२) को खण्ड (क),(ख), (ग) र (घ), धारा १३ को उपधारा (१) र धारा १५, १६, १७, २२ र २३ (बन्दीप्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक बाहेक) निलम्बन गरिबक्सेको छ ।"

३४. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५ को विभिन्न उपधाराहरू रहेका छन् । ती मध्ये प्रस्तुत विवादसँग सम्बन्धित सो धाराको उपधारा (१), उपधारा (७) र उपधारा (११) मा क्रमसः देहाय बमोजिमको व्यवस्था रहेको देखिन आउँछः

"धारा ११५(१):

नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, वाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विश्रृङखलताको कारणले गम्भीर संकट उत्पन्न भएमा श्री ५ बाट नेपाल अधिराज्यभर वा कुनै खासक्षेत्रमा लागू हुने गरी सङकटकालीन अवस्थाको घोषणा गर्न वा आदेश जारी गर्न सकिबक्सनेछ ।"

"धारा ११५(७):

उपधारा (१) बमोजिम संकटकालीन अवस्थाको घोषणा वा आदेश भएपछि त्यस्तो अवस्थाको निवारण गर्न श्री ५ बाट आवश्यक आदेश जारी गर्न सकिबक्सनेछ । त्यसरी जारी भएको आदेश सङकटकालीन अवस्था वहाल रहेसम्म कानून सरह लागू हुनेछ ।"

"धारा ११५(११):

श्री ५ बाट उपधारा (१) बमोजिम गरिएको सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश सो घोषणा वा आदेश वहाल रहेसम्म जुनसुकै बखत पनि फिर्ता लिन सकिबक्सनेछ ।"

३५. संवैधानिक व्यवस्था अनुसार नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता, कुनै भागको सुरक्षा, युद्ध वाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विश्रृखलता के कारणले संकट उत्पन्न भएको हो संकटकालीन अवस्था लागू हुने घोषणा वा आदेशमा उल्लेख हुनु जरुरी छ । संकटकालीन घोषणा वा आदेश जारी भएकोमा घोषणा वा आदेशमा जुन कारण उल्लेख भएको हो सोही कारणबाट संकटकालको स्थिति उत्पन्न भएको सम्झनु पर्ने हुन्छ । संकटकालीन अवस्थाको घोषणा वा आदेश भएपछि धारा ११५(७) अनुसार त्यस्तो अवस्थाको निवारण गर्न श्री ५ बाट आवश्यक आदेश जारी गर्न सकिबक्सने र त्यस्तो आदेश संकटकाल बहाल रहेसम्म कानून सरह लागू हुने भन्ने व्यवस्थाबाट नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता, कुनै भागको सुरक्षा, युद्ध, वाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विश्रृखलता के कारणबाट संकटकालीन अवस्थाको घोषणा भएको हो सोही अवस्थाको निवारणको निमित्तमात्र धारा ११५(७) बमोजिम आदेश जारी गर्न सकिबक्सने हुँदा संकटकाल घोषणा वा आदेशमा उल्लेख भएदेखि बाहेकको अवस्थाका सम्बन्धमा धारा ११५(७) को व्यवस्था आकर्षित हुनसक्ने स्पष्ट संवैधानिक व्यवस्थाको अभाव देखिन्छ । भ्रष्टाचारले गाँजेको कारण भ्रष्टाचार बढेको र आर्थिक विश्रृखलता उत्पन्न भएबाट भ्रष्टाचारलाई नियन्त्रण गर्न भ्रष्टाचार नियन्त्रण शाही आयोग गठन भएको हो भन्ने तर्क पेश हुन आएको छ । उल्लेख भएको २०६१ साल माघ १९ को नेपाल राजपत्र अतिरिक्ताङ्क ४७(ख) भाग ४ मा श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय, राजदरबारबाट प्रकाशित विज्ञप्ति अवलोकन गर्दा श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता एवं सुरक्षामा गंभीर संकट उत्पन्न भएकोले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५(१) बमोजिम नेपाल अधिराज्य

भरी लागू हुने गरी संकटकालीन आदेश जारी गरिबक्सेको देखिन आउँछ । संकटकाल लागू गरिएको आदेशमा जुन कारणबाट संकटकालीन अवस्था विद्यमान रहेको भनी भनिएको छ, त्यसभन्दा भिन्न र अलग आधार कारणबाट पनि संकटकाल लागू भएको रहेछ भनी कल्पना गर्नु संविधानसम्मत हुँदैन । संकटकालीन अवस्था लागू गरिएको सम्बन्धमा मिति २०६१।१०।१९ मा जारी गरिएको आदेशमा संकटकालीन अवस्था जारी हुने अवस्थामा आर्थिक विश्रृखलता उल्लेख नभएको र साथै सोही मितिमा श्री ५ बाट बक्सेको शाही घोषणाको दफा १२ मा पनि आर्थिक विश्रृखलताको कुरा उल्लेख नगरिबक्सेको न्यायको सिद्धान्त उल्लंघन नहुने गरी भ्रष्टाचार नियन्त्रणको कदम चालिने छ भन्ने सम्म उल्लेख भएको कारणले विद्वान कानून व्यवसायीहरूले जिकिर लिए जस्तो गरी आर्थिक विश्रृखलताको कारण भ्रष्टाचार नियन्त्रण शाही आयोगको गठन भएको भनी भन्न सकिने संवैधानिक आधार केही पेश हुन आएको छैन । जुन अवस्थाको कारण संकटकाल घोषणा वा आदेश जारी गरिएको हो सो अवस्थाको निवारण हेतु धारा ११५(७) बमोजिम आदेश जारी गर्न सकिने हुँदा संकटकालीन घोषणा वा आदेशमा नपरेको संवैधानिक अवस्था वा कारण बाहेकको अवस्थाका सम्बन्धमा धारा ११५(७) को व्यवस्था प्रयोग हुन नसक्ने संवैधानिक मनसाय स्पष्ट देखिन्छ । त्यसमा पनि खण्ड ५५ (काठमाडौं, वैशाख १६ गते २०६२ साल (अतिरिक्ताङ्क ७ मा श्री ५ महाराजाधिराजको प्रमुख सचिवालय राजदरबारको विज्ञप्तिमा "श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५ को उपधारा (१) बमोजिम २०६१ साल माघ १९ गते नेपाल अधिराज्यभर लागू हुने गरी जारी गरिबक्सेको संकटकालीन अवस्थाको आदेश सोही धाराको उपधारा (११ बमोजिम आजैका मिति देखि लागू हुने गरी फिर्ता लिइबक्सकोछ ।" भनी प्रकाशित व्यहोराबाट धारा ११५(१) को सङकटकालीन अवस्था र सो निवारण प्रयोजनको लागि भनी धारा ११५(७) बमोजिम जारी आदेश स्वतः निष्प्रयोजित भई शून्यको स्थितिमा पुगेको संवैधानिक व्यवस्थाबाट स्पष्ट देखिन्छ । यसरी एउटा संवैधानिक व्यवस्था क्रियाशील भई भएको काम कार्यवाही संविधान कै व्यवस्था बमोजिम गरिएको अर्को कार्यबाट शून्यको अवस्थामा पुगेकोमा स्पष्ट संवैधानिक व्यवस्थाको अभावमा शून्यमा पुगी सकेको स्थितिलाई निरन्तरता दिन सकिने, पाइने भन्ने अर्थ निकाल्ने हो भने त्यस्तो कार्य वलपूर्वक भएको मान्नुपर्ने हुन्छ र त्यस्तो कार्यबाट संवैधानिक विकासको क्रममा अबरोध उत्पन्न हुनजान्छ ।

३६. अब State Necessity का कारण आयोगको गठन गर्नु परेको भन्ने सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालय, विद्वान वरिष्ठ अधिवक्ता कुञ्ज विहारीप्रसाद सिंह, विद्वान अधिवक्ताहरू मिथिलेशकुमार सिंह, अवधेशकुमार सिंह समेतले लिखित बहस नोटमा समेत सो कुरालाई विशेष जोडदिनु भएको छ । "That is necessary which cannot be otherwise . Necessity defenses or justifies what it compels. Necessity is the law of time & place. Necessity makes the lawful which otherwise is not lawful." भन्ने आधार पनि महान्यायाधिवक्ताको कार्यालयको लिखित बहसमा उल्लेख गरी माथि उल्लेख भएको विनोद कार्की, कृष्णप्रसाद लम्साल तथा विनोदप्रसाद अधिकारीको रिट निवेदनमा यस अदालतबाट भएका निर्णयहरूको उल्लेखन र आधार आफ्नो जिकिरको समर्थनमा उल्लेख गर्नु भएको देखिन्छ ।

३७. निवेदक विनोद कार्कीको रिट निवेदनमा यस अदालतबाट आवश्यकताको सिद्धान्तको सम्बन्धमा गरिएको विश्लेषणलाई बहस जिकिरमा समेत सबै जसो विपक्षी कानून व्यवसायीहरूले उल्लेख गर्नु भएकोले सो निवेदनमा के कस्तो निर्णय भएको रहेछ हेर्नु पर्ने देखिन आयो ।

३८. सो रिट निवेदनमा निवेदकले संसद् समक्ष मात्र पेश गर्नुपर्ने राजश्व तथा व्ययको वार्षिक अनुमान तथा प्रतिनिधिसभामा मात्र पेश गरिनु पर्ने आर्थिक ऐनले मात्र करको दरमा थपघट गर्न सकिनेमा अध्यादेशको आधारमा जनप्रतिनिधित्व विना कर लगाउन नमिल्ने भनी प्रतिनिधिसभा विघटनको स्थितिमा जारी भएको आर्थिक अध्यादेश ०५९।०६०, ०६०।०६१ ०६१।०६२ अमान्य र बदर घोषित गरिपाऊँ भन्ने जिकिर लिई सो रिट निवेदन परेको देखिन्छ । सो रिट निवेदनमा यस अदालतबाट आवश्यकताको सिद्धान्तको चर्चा गरी “जस्तोसुकै असाधारण र असहज परिस्थितिमा पनि राष्ट्रलाई जोगाई राख्न राज्यका कामकारवाहीहरू सञ्चालन गरिनु अति आवश्यक छ । त्यस्तो अवस्थामा सरकारबाट संपादन गरिएका कार्यहरू संविधानले सामान्य अवस्थाका लागि निर्धारण गरेका प्रावधान अनुकूल नभए तापनि यदि संवैधानिक प्रावधान विपरीत हुँदैन भने आवश्यकताको सिद्धान्त (doctrine of necessity) अनुसार त्यस्ता कामकारवाहीले औचित्यता प्राप्त गर्दछ । सामान्य अवस्थामा राज्यका जुनसुकै कामकारवाही संविधानको अक्षर र भावना (Letter and Spirit) अनुकूल संपादन गरिनु पर्दछ र त्यस अनुरूप गरिएको नपाइएमा त्यस्तो कामकारवाहीलाई संवैधानिक तथा कानूनी मान्यता दिन मिल्दैन । तर असामान्य अवस्थामा जहाँ कुनै विकल्पनै छैन भने त्यस्तो अवस्थामा संविधानको कुनै प्रष्ट प्रावधानको उलङ्घन गरेको अवस्थामा बाहेक संविधानद्वारा अवलम्बित आधारभूत संरचना वा मूलभूत अवधारणा प्रतिकूल न्यूनतम रूपमा राज्य व्यवस्था सञ्चालनको सिलसिलामा राज्यबाट संपादन गरिने कार्यलाई अपरिहार्य आवश्यकता (inevitable necessity) को आधारमा सम्पन्न गरिएको मान्नु न्यायिक उपयुक्तता (Judicial propriety) को दृष्टिकोणबाट समेत मनासिव हुन्छ ।” भन्ने आधारमा प्रतिनिधिसभा विघटन भएको अवस्थामा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ बमोजिम जारी भएको आर्थिक अध्यादेशलाई संविधानको व्यवस्था विपरीत नभएको भनी संविधानसम्मत हुने निर्णय गरेको देखिन्छ । सो निवेदनमा निर्णय हुँदा आवश्यकताको सिद्धान्तको आधारमा संवैधानिक,कानूनी विकल्प भएको अवस्थामा संविधानको व्यवस्था विपरीतको कामले संवैधानिक मान्यता पाउने भन्ने स्पष्टोक्ति गरेको नहुँदा सो मा विश्लेषण गरिएको आवश्यकताको सिद्धान्तको आधारबाट प्रस्तुत विवादलाई वल पुग्ने वा पुष्टि हुने आधार देखिँदैन । अन्य रिट निवेदनहरू निजामती कर्मचारी सम्बन्धी विषयको कुरा भएको यस विवादसँग प्रत्यक्ष परोक्ष्यरूपमा सादृश्यता रहेको ती रिटनिवेदनमा भएको निर्णयबाट देखिँदैन । आवश्यकताको सिद्धान्तले भइरहेको संवैधानिक संरचनालाई तहसनहस पार्ने कार्य गर्ने होइन । तत्काल समाधान हुनु पर्ने,समाधानको विकल्पनै नभएको अवस्थामा स्पष्ट संवैधानिक व्यवस्था विपरीत नहुने गरी त्यस्तो अवस्थाको निरूपणसम्म गर्ने हो ।

३९. भ्रष्टाचार देशको कलङ्क हो, यसले सुशासनको अवधारणालाई तहस-नहस पार्दछ, नैतिक मूल्य र मान्यताको शत्रुको रूपमा रहेको भ्रष्टाचारलाई झाँगिन नदिई नियन्त्रणमा राख्नु अनिवार्य छ । कानूनी राज्यलाई नै शासनको मूल आधार हाम्रो संविधानले तय गरेकोछ । यसैले भ्रष्टाचार नियन्त्रणको बलियो आधार संविधानसम्मत विश्वसनीय र प्रभावकारी कानूनी व्यवस्था बाहेक अरु बन्न सक्दैन । भ्रष्टाचार नियन्त्रण निमित्त प्रभावकारी कानूनी व्यवस्था आवश्यक परेको, त्यसको विकल्प नभएको अवस्थामा राज्यले संविधान विपरीत नहुने गरी कानूनद्वारा उपयुक्त व्यवस्था गर्न बाधा पर्ने होइन । तर अतिरिक्त व्यवस्था गर्नु पूर्व मूलकानूनको रूपमा रहेको संविधानले के कस्तो व्यवस्था गरेको छ त्यसलाई हेर्नुपर्ने हुन्छ र संविधानसम्मत रूपबाट आवश्यक देखिएको व्यवस्था गर्न पर्ने हुन्छ । भ्रष्टाचार नियन्त्रणका सम्बन्धमा नेपाल अधिराज्यको संविधान, २०४७ लागू हुनु पूर्वका प्रयास र व्यवस्थालाई समेत दृष्टिगत गरी प्रभावकारी संयन्त्रको रूपमा नेपाल अधिराज्यको संविधान, २०४७ को भाग १२ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको व्यवस्था रहेको छ ।

सार्वजनिक पदधारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरूपयोग गरेको सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कानून बमोजिम अनुसन्धान वा तहकिकात गर्ने वा गराउन पाउने अधिकार धारा ९८(१) ले अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई प्रदान गरेको र अनुसन्धान तहकिकातबाट सार्वजनिक पदधारण गरेको कुनै व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सार्वजनिक पदधारण गरेको व्यक्ति र अपराधमा संलग्न अन्य व्यक्ति उपर कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा चलाईने व्यवस्था भएबाट अनुचित कार्य वा भ्रष्टाचारका सम्बन्धमा अनुसन्धान तहकिकात गरी अधिकार प्राप्त अदालतमा मुद्दा चलाउने अधिकार अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा रहेको देखियो । अनुचित कार्य वा भ्रष्टाचार नियन्त्रणका सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग संविधानतः महत्वपूर्ण संरचना भएबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई संविधानले तोकेको जिम्मेवारी संवैधानिक व्यवस्था यथावत रहेसम्म संवैधानिक व्यवस्था अनुशरण गर्नु नै संविधानसम्मत हुन जान्छ । कुनै कारण देखाएर संवैधानिक अङ्गलाई प्रदान गरिएको काम कर्तव्य र अधिकारमा प्रत्यक्ष, अप्रत्यक्ष रूपमा प्रभाव पार्ने, अतिक्रमण हुने या संवैधानिक निकाय प्रभावित वा प्रभावहीन अवस्थामा पुग्ने कार्यबाट संवैधानिक जग कमजोर मात्र होइन खलबलिन पनि पुग्दछ, संविधानवाद र संविधानको विकासमा समेत अवरोध पुग्न जान्छ ।

४०. श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११५(७) प्रयोग गरी भ्रष्टाचार नियन्त्रण शाही आयोग गठन गरिबक्सेको २०६१।११।५ अतिरिक्तांक ५५ मा प्रकाशित आदेश अध्ययन गर्दा आदेशको दफा २ ले तस्करी गरेको वा राजस्व छलेको, अनियमित ठेक्का पट्टा वा कमिसनमा संलग्न भएको, प्रचलित कानून बमोजिम भ्रष्टाचार मानिने अन्य काम गरेको अवस्था देखिए छानविन गरी कारवाही गर्ने काम, कर्तव्य, अधिकारका अतिरिक्त दफा २(४) ले भ्रष्टाचार सम्बन्धी प्रचलित कानन बमोजिम अनुसन्धान अधिकारीले प्रयोग गर्न पाउने सबै अधिकार र विशेष अदालत ऐन, २०५९ बमोजिम विशेष अदालतलाई प्राप्त अधिकार प्राप्त हुने भन्ने उल्लेख गरिएको देखिन्छ । दफा ६ ले भ्रष्टाचार सम्बन्धी प्रचलित कानून बमोजिम कसूर गरेको प्रमाणित भएमा आयोगले निजलाई सोही कानून बमोजिम सजाय गर्नसक्नेछ भन्ने व्यवस्थाबाट आयोगको नाममा आयोगबाट गरिने छानविन सम्बन्धी कार्य र गरिने सजाय समेतका सबै कार्य र अधिकारको प्रयोग भ्रष्टाचारसँग सम्बन्धित देखिन आएकोछ । आदेशको दफा २ र ६ को व्यवस्था हेर्दा छानविन गर्ने र सजाय गर्ने अधिकार भ्रष्टाचार नियन्त्रण शाही आयोगमानै रहेपछि छानविन गरी मुद्दा चलाउने भ्रष्टाचार नियन्त्रण शाही आयोग भित्रको छुट्टै निकायले गर्ने गर्छ भन्ने भनाइ कानूनको दृष्टिमा कुनै महत्व राख्ने देखिदैन । छानविन गरी कार्यवाही गर्ने र सजाय गर्ने दुवै अधिकार भ्रष्टाचार नियन्त्रण शाही आयोगमा निहित रहेको स्पष्ट देखिन आएकोछ । नेपाल अधिराज्यको संविधान २०४७ को धारा ९८ ले सार्वजनिक पदधारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियार दुरूपयोग गरेकोमा अनुसन्धान तहकिकात गरी सार्वजनिक पदधारण गरेको व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने काम गरेको देखिएमा कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्ने अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई काम, कर्तव्य र अधिकार तोकिएको अवस्थामा अनुसन्धान गर्ने निकाय र मुद्दा सुन्ने निकाय एउटै नभई छुट्टाछुट्टै हुनुपर्ने संवैधानिक व्यवस्था स्पष्ट छ । नेपाल अधिराज्यको संविधानले भ्रष्टाचार सम्बन्धमा अनुसन्धान तहकिकात गर्ने निकाय र मुद्दा हेर्ने निकायको छुट्टाछुट्टै व्यवस्था गरेकोमा भ्रष्टाचार नियन्त्रण शाही आयोगलाई छानविन कारवाही गर्ने र सजाय गर्ने

समेतको कार्य एउटै निकायलाई तोक्ने कार्य संविधानको उद्देश्य र भावना अनुकूल रहको भन्न मिल्ने समेत देखिन आएन ।

४१. न्यायिक जिम्मेवारी वहन गर्ने व्यक्तिहरूले आफू न्यायिक पदमा नियुक्त भएपछि पदमा वहाल हुनु भन्दा पूर्व आफ्नो पदको सपथ लिनु पर्ने हुन्छ । न्यायिक जिम्मेवारीका सम्बन्धमा सपथ लिने कार्य कानूनी व्यवस्थाको अभिन्नअङ्गको रूपमा रहेको हुन्छ । सपथ भन्नासाथ कानूनले सपथको रूपमा प्रतिज्ञा वा घोषणा गर्नुपर्नेले गरेको सपथको रूपमा गरेको प्रतिज्ञा वा घोषणा सम्झनु पर्ने हुन्छ र सपथ लिएपछि आफूले लिएको सपथ प्रति प्रतिबद्ध रहनु नैतिक दायित्व हो । यसैकारणबाट नै सपथको कानूनी महत्व विशेष रहेको हुन्छ । सर्वोच्च अदालतको न्यायाधीश नेपाल अधिराज्यको संविधान, २०४७ प्रतिवफादार र इमान्दार रहने सपथ लिन्छन् । पुनरावेदन अदालत, विशेष अदालत, प्रशासकीय अदालतका न्यायाधीश एवं जिल्ला अदालतका न्यायाधीशले कानून, संविधानप्रति वफादार र इमान्दारिताको सपथ लिनुपर्ने व्यवस्थाबाट न्यायिक जिम्मेवारीको वा न्यायाधीश समानको जिम्मेवारी लिने व्यक्तिले संविधान कानूनप्रति वफादारीका साथै इमान्दारिताको सपथ लिनुपर्ने हुन्छ । तर भ्रष्टाचार नियन्त्रण शाही आयोगको गठन आदेशमा व्यवस्था भएबमोजिम आयोगका अध्यक्ष एवं सदस्यले पद तथा गोपनीयताको सपथ लिनुपर्नेमा संविधान कानूनको सपथ लिनु पर्ने अवस्था देखिन आएन । संविधान र कानूनको प्रतिबद्धता प्रति सपथ लिनु नपर्ने र सो बाहेक अन्य कुराको सपथ लिनु पर्नेले आफूले सपथ लिएको कुरामा नै प्रतिबद्ध रहने भन्ने धारणा अस्वाभाविक देखिदैन ।

४२. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५(१) बमोजिम जारी गरिबक्सेको संकटकालीन घोषणा वा आदेशको अवधि सीमित अवधि निमित्त हुने संविधानले स्पष्ट गरेको छ । संकटकालीन अवस्थाको घोषणा वा आदेश भएमा घोषणा वा आदेश भएको ३ महिनाभित्र अनुमोदनको निमित्त प्रतिनिधिसभाको बैठकमा पेश गर्नुपर्ने र प्रतिनिधिसभाको उपस्थित दुई तिहाई वहुमतले अनुमोदन गरेमा घोषणा वा आदेश भएको मितिले ६ महिनासम्म लागू रहने ६ महिनाको अवधि भुक्तान नहुँदै संकटकालीन अवस्थाको स्थिति अझै विद्यमान छ भनी प्रतिनिधिसभाको बैठकमा उपस्थित सदस्यको दुई तिहाई वहुमतले प्रस्तावाट निर्णय गरी अर्को एक पटक ६ महिनामा नबढाई संकटकालीन अवस्थाको घोषणा वा आदेशको म्याद बढाउन सकिने अवस्था संविधानले तोकेको छ । संकटकालीन अवस्थाको घोषणा वा आदेशमा जुन कारणबाट संकटकालको अवस्था सिर्जना भएको हो त्यस्तो अवस्थाको निवारण निमित्त श्री ५ बाट आदेश जारी गर्न सकिबक्सने र त्यस्तो आदेश संकटकालीन अवस्था वहाल रहेसम्म कानून सरह लागू हुने भनी संकटकालीन अवस्थाको निवारण निमित्त धारा ११५(७) बमोजिम जारी हुने आदेशको हैसियत निर्धारण गरेको अवस्था छ । धारा ११५(७) बमोजिम जारी भएको आदेश संकटकालीन अवस्था विद्यमान भएसम्म वहाल रहने भन्ने संविधानले स्पष्ट किटानी व्यवस्था गरेको विषयमा अरुनै धाराको सहारा लिई संकटकालीन अवस्थालाई निवारण गर्न जारी भएको आदेशलाई निरन्तरता दिने कार्यको अन्तःत्वोगत्वा अप्रत्यक्ष रूपमा नतिजामा संकटकालीन अवस्था कायम राख्नु सरह हुने हुँदा संविधानले स्पष्टरूपमा व्यवस्था गरेका कुरामा सो विपरीतको कार्य संविधानसम्मत हुने देखिदैन ।

४३. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ ले सार्वजनिक पदधारण गरेको कुनै व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र अपराधमा संलग्न व्यक्ति उपर कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न गराउन सक्नेछ भन्ने स्पष्ट व्यवस्था गरेको छ । संविधानको धारा ८४

ले न्याय सम्बन्धी अधिकार संविधान, कानून तथा न्यायका मान्य सिद्धान्त अनुसार अदालत तथा अन्या न्यायिक निकायबाट प्रयोग गरिने भन्ने र धारा ८५ ले सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालत गरी तीन तहका अदालत रहने व्यवस्था गरी खास खास किसिमका मुद्दा हेर्ने कानूनद्वारा खास किसिमका अदालत वा न्यायाधीकरणको स्थापना गर्न सकिने व्यवस्था गरेको छ कानूनद्वारा बाहेक न्यायिक अधिकार प्रयोग गर्ने निकाय गठन हुन नसक्ने स्पष्ट संवैधानिक व्यवस्था रहेकोछ । आयोगको गठन आदेशको दफा ६(२) मा आयोगले गरेको निर्णय उपर चित्त नबुझ्नेले सर्वोच्च अदालतमा पुनरावेदन दिनसक्नेछ भन्ने व्यवस्था गरेकोमा संविधानको धारा ८८(३) ले सर्वोच्च अदालतलाई कानूनमा व्यवस्था भएबमोजिम मात्र पुनरावेदन सुन्ने अधिकार रहेकोछ । संविधानले संरचना गरेको सर्वोच्च अदालत, पुनरावेदन अदालत, जिल्ला अदालत बाहेकका अदालतमा कानूनद्वारा गठित प्रशासकीय अदालत, विशेष अदालत, राजश्व न्यायाधिकरण, श्रम अदालत आदी कार्यरत् रहेका छन् । यी सबै कानूनद्वारा गठन भएका अदालत र न्यायाधीकरण हुन् र यिनीहरूको काम कर्त्तव्य र अधिकार कानूनद्वारा व्यवस्थित गरिएकोछ । भ्रष्टाचार नियन्त्रण शाही आयोग कुनै ऐन वा अध्यादेशको व्यवस्था बमोजिम आएको नभै संविधानको धारा ११५(७) बमोजिम श्री ५ बाट जारी गरिबक्सेको आदेशबाट गठन भएकोमा धारा ११५(७) कै व्यवस्थाले संकटकालको अवस्था समाप्त हुनासाथ त्यस्तो आदेश जीवित नरही कानून सरह लागू हुने अवस्था देखिदैन । श्री ५ महाराजाधिराजबाट २०६१ साल माघ १९ गते जारी गरिबक्सेको संकटकालीन अवस्था २०६२ साल वैशाख १६ गते देखि फिर्ता लिइबक्सेपछि नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२७ बमोजिम आदेश जारी गरिबक्सी भ्रष्टाचार नियन्त्रण शाही आयोगलाई निरन्तरता दिइबक्सेको अवस्था देखिन आयो। श्री ५ बाट यो संविधान कार्यान्वित गर्न कुनै बाधाअड्काउ परेमा त्यस्तो बाधाअड्काउ फुकाउन आदेश जारी गरिबक्सने छ त्यस्तो आदेश संसद् समक्ष राखिनेछ भन्ने धारा १२७ को संवैधानिक व्यवस्थाका सम्बन्धमा धारा १२७ कोक्षेत्र के कस्तो रहेछ सो हेर्नुपर्ने हुन आयो । बाधाअड्काउ फुकाउने सम्बन्धमा पूर्व संविधानमा के कस्तो व्यवस्था गरेको रहेछ भनी हेर्दा नेपाल अधिराज्यको संविधान, २०१५ को धारा ७७ ले बाधाअड्काउ फुकाउने अधिकार श्री ५ मा निहित राखेको, बाधाअड्काउ फुकाउन जारी गरिएको प्रत्येक आदेश संसद्को दुबैसदन सम्मुख राखिने, ऐनद्वारा खारेज हुनसक्ने, संशोधन वा खारेज नभएसम्म संविधानमा परे सरह मानिनेछ भन्ने व्यवस्था गरेको, त्यस्तै नेपालको संविधान, २०१९ को धारा ९० क. ले संविधान कार्यान्वयन गर्न कुनै बाधाअड्काउ परेमा सो बाधाअड्काउ फुकाउन श्री ५ बाट आवश्यक सम्झी बक्सेको आदेश जारी गर्न सकिबक्सने र त्यस्तो आदेश संविधानमा परे सरह मानिने व्यवस्थाबाट नेपाल अधिराज्यको संविधान, २०१५ नेपालको संविधान २०१९ ले बाधाअड्काउ फुकाउन श्री ५ बाट गरिने आदेशको हैसियतको स्पष्ट व्यवस्था गरेकोमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२७ ले संविधान कार्यान्वित गर्न बाधाअड्काउ परेमा बाधाअड्काउ फुकाउने आदेशको हैसियत संवैधानिक वा कानून के हो ? केही उल्लेख गरेको अवस्था छैन । बाधाअड्काउ फुकाउने अधिकारलाई संविधानले जुन हैसियत प्रदान गरेकोछ त्यही अर्थमा बुझ्नु पर्ने हुन्छ । नेपाल अधिराज्यको संविधान, २०४७ भन्दा पूर्व संविधानले बाधाअड्काउ फुकाउने अधिकारलाई संविधान सरह भनेको नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२७ ले स्पष्टरूपमा बाधाअड्काउ फुकाउने आदेशको हैसियत संविधान सरह हुने भन्ने उल्लेख नभएपछि यसको हैसियत पनि पूर्व संविधान बमोजिम नै हुने भनी सम्झन सकिने अवस्था रहेन ।

४४. संविधानको धारा १२७ को उद्देश्य र लक्ष्य नेपाल अधिराज्यको संविधान २०४७ ले व्यवस्था गरेको कुनै संवैधानिक प्रावधानलाई कार्यमा परिणत गर्न बाधाअड्काउ परेमा सो बाधा अड्काउ फुकाई

संवैधानिक व्यवस्था वा संरचनालाई क्रियाशीलता प्रदान गर्ने रहेको देखिन्छ । अझ स्पष्ट हुनु पर्दा संवैधानिक व्यवस्थाको कार्यान्वयनमा कुनै बाधाअड्काउ परेमा त्यसलाई फुकाई भइ राखेको संविधान बमोजिमको व्यवस्थालाई सञ्जिवनी प्रदान गरी संवैधानिक व्यवस्थालाई सुचारु रूपले सञ्चालन गराउनु धारा १२७ को भावना र उद्देश्य रहेको पाइन्छ । मिति २०५९।२।८ मा प्रतिनिधिसभाको विघटन पश्चात् तोकिएको मितिमा विभिन्न कारणवश संसद्को निर्वाचन हुन नसकी धारा ३६ वा ४२ अन्तर्गत मन्त्रिपरिषद् गठन हुन नसकि सो को कार्यान्वयनमा पर्न गएको बाधाअड्काउ फुकाई लोकेन्द्रबहादुर चन्दको प्रधानमन्त्रीत्वमा वा त्यसपछि पनि गठन गरिएका मन्त्रिपरिषद् धारा ३५(१) को क्रियाशीलताको लागि धारा १२७ प्रयोग हुनु राज्यको आवश्यक्ताको कुरा हुन सक्दछ । प्रधानन्यायाधीशको नियुक्ति हुन नसकी धारा ११७ बमोजिमको संवैधानिक परिषद्को गठनमा संवैधानिक बाधाअड्काउ परी प्रधान न्यायाधीशको नियुक्तिका लागि बहालवाला प्रधानन्यायाधीशको अध्यक्षतामा संवैधानिक परिषद्को गठन धारा १२७ को उद्देश्य भित्रै परेको मानिनु पर्ने हुन्छ । संविधानमा बाधाअड्काउ फुकाउने सम्बन्धमा गरिएको व्यवस्था संविधानको कुनै धाराको कार्यान्वयनमा कुनै बाधा अड्चन आई कार्यान्वित हुन नसक्ने अवस्था भएमा संविधान क्रियाशील बनाउन धारा १२७ बमोजिम जारी गरिने आदेश संविधानले व्यवस्था गरेदेखि बाहेकका अन्य कुरामा आकर्षित हुन नसक्ने र संवैधानिक व्यवस्था निष्क्रिय वा संवैधानिक संरचना बदलिन जाने अवस्था सिर्जना हुने प्रकारको पनि हुन मिल्ने देखिदैन ।

४५. धारा १२७ को प्रयोग क्षेत्र र सीमाका सम्बन्धमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(५) बमोजिम श्री ५ मा जाहेर गरेको मिति २०५०।५।१८ को २०५० सालको विशेष संवैधानिक निर्देशन नं. १ मा धारा १२७ को प्रयोगको सम्बन्धमा यस अदालतको विशेष इजलासले "कुनै संवैधानिक अङ्ग वा निकायको गठन हुन नसकी कुनै संवैधानिक व्यवस्था कार्यान्वित हुन नसक्ने अवस्था उत्पन्न भएमा वा कुनै संवैधानिक संयन्त्रले संविधानमा व्यवस्था भएबमोजिम काम गर्न नसक्ने अवस्था भै एउटा शून्यको स्थिति वा संवैधानिक गतिरोध (Stalemate) उत्पन्न भएमा त्यसको निवारण गरी संवैधानिक संयन्त्रलाई क्रियाशील गराउनको लागि तत्कालिक समाधानको उपयुक्त एवं आवश्यक व्यवस्था गर्न बाधाअड्काउ फुकाउने अधिकारको प्रयोग हुनसक्छ । अप्रत्याशित रूपमा उत्पन्न भएको संवैधानिक गतिरोध वा रिक्तता समाप्त गर्ने अरु कुनै संवैधानिक वा कानूनी विकल्प नभएको अवस्थामा मात्र बाधाअड्काउ फुकाउने असाधारण अधिकारको प्रयोग हुनसक्छ तर जुन बाधाअड्काउको निवारण संसद्ले कानून बनाएर अथवा संसद् नरहेको अवस्थामा श्री ५ महाराजाधिराजबाट अध्यादेश जारी गरिबक्सेर हुनसक्छ त्यसको लागि संविधान कार्यान्वित हुन नसकेको भन्ने मिथ्या धारणा बनाएर धारा १२७ को प्रयोग हुन कति पनि उपयुक्त हुदैंन । संवैधानिक रिक्तता वा गतिरोध समाप्त गर्न उक्त धारा अन्तर्गत आदेश जारी गर्नु एउटा कुरा हो, त्यसले कसैको व्यक्तिगत हकमा कुनै आघात पर्दैन । तर कुनै व्यक्तिको इच्छा विरुद्ध उस्को वयान लिने, सपथ ख्वाउने, उपस्थित हुन बाध्य गर्ने, कुनै घर वा ठाउँको तलासी लिने जस्तो संविधान प्रदत्त मौलिकहकमा अतिक्रमण हुने कार्यहरू गर्न अधिकार प्रदान विलकूल अलग कुरा हो त्यसको लागि धारा १२७ प्रयोग गर्न मिल्दैन । त्यसरी संविधानद्वारा प्रत्याभूत वैयक्तिक स्वतन्त्रता वा साम्पत्तिक हकमा अतिक्रमण हुने गरी कुनै अधिकारको प्रयोग गर्न लागि संविधानमा निर्दिष्ट गरिएको व्यवस्थापन प्रक्रिया बमोजिम संसद्ले बनाएको कानूनद्वारा अधिकार प्रदान गरिएको हुनुपर्छ । संवैधानिक गतिरोध वा रिक्तता समाप्त गरी संवैधानिक संयन्त्रलाई क्रियाशील गराउने उद्देश्यले व्यवस्थित बाधाअड्काउ फुकाउने अधिकारको प्रयोग व्यक्तिको वैयक्तिक स्वतन्त्रता वा अन्य कुनै मौलिक हकमा अतिक्रमण गर्नको लागि हुनसक्दैन । त्यसो हुने

गरी धारा १२७ अन्तर्गत कुनै आदेश जारी भएमा त्यो असंवैधानिक हुन्छ" भन्ने राय प्रकट गरिएको छ ।

४६. श्री ५ महाराजाधिराजबाट दासढुङ्गा दुर्घटनाको जाँचबुझ गर्न आयोग गठन गर्ने सम्बन्धमा धारा ८८(५) बमोजिम राय बुझ्न चाहिबक्से बमोजिम सर्वोच्च अदालतको विशेष इजलासले श्री ५ मा जाहेर गरेको राय प्रस्तुत विवादमा सान्दर्भिक र महत्व कति राख्दछ भन्ने प्रश्न उठेको छ । धारा ८८(५) को रायले संविधानको धारा ९६ को स्थान ग्रहण गर्न नसक्ने हुँदा अदालतको ध्यान त्यस तर्फ आकर्षित हुन नसक्ने जिकिर विपक्षीहरूको रहेको छ । निश्चयनै धारा ८८(५) बमोजिम श्री ५ बाट राय बुझ्न चाहिबक्सेको र सर्वोच्च अदालतले आफ्नो राय जाहेर गरेकोमा संविधानको धारा ९६ अनुरूपको सर्वोच्च अदालतको फैसलाको स्थान ग्रहण गर्नसक्ने अवस्था रहदैन । राय र फैसलाको भिन्दाभिन्दै अवस्था हुँदा धारा ८८(५) अन्तर्गतको राय र फैसलाको तुलना समकक्षमा हुनसक्दैन । फैसलाको पालना अनिवार्य हुन्छ तर रायको पालना राय माग्नेको निमित्त अनिवार्य हुन्छ भन्न मिल्ने अवस्था हुदैन । धारा ८८(५) अन्तर्गतको राय दिनु अगाडि अदालतले आवश्यक देखेका विषयवस्तुका विशेषज्ञताको राय र Amicus Curiae को रूपमा उपस्थित कानून व्यवसायीहरूको बहस एवं विचार समेतको आधारमा अदालतको राय निर्माण भै सोही राय श्री ५ समक्ष पेश हुने हुन्छ । श्री ५ लाई अदालतले पेश गरेको राय सम्बन्धमा संविधानले बाध्य नगरेको अवस्थामा श्री ५ बाध्य होइबक्सन्न तथापी संविधान वा अन्य कुनै कानूनको व्याख्या सम्बन्धमा जटिल कानूनी प्रश्नमा श्री ५ बाट सर्वोच्च अदालतको राय बुझ्न चाहिबक्सेमा सर्वोच्च अदालतले श्री ५ मा राय चढाउनु महत्वपूर्ण जिम्मेवारी भएको र यो जिम्मेवारी संविधान र कानून प्रतिकूल नहुने गरी धेरै होशियारी र सावधानीका साथ दिनुपर्ने र यस्तो दिइएको रायबाट संवैधानिक विवाद टर्ने अवस्था हुन्छ । नेपाल अधिराज्यको संविधान, २०४७ लागू भएपछि धारा ८८(५) बमोजिम अदालतसँग राय माग गरिबक्सी अदालतबाट प्रस्तुत गरेको राय अस्वीकार गरिबक्सेको अवस्था नदेखिएकोमा सर्वोच्च अदालतबाट प्रदान गरेको त्यस्तो श्री ५ बाट अस्वीकार नगरिबक्सेको सर्वोच्च अदालतको रायको कुनै संवैधानिक महत्व रहदैन भन्न सकिने अवस्था रहदैन । सर्वोच्च अदालतले प्रदान गरेको रायका आधारमा कुनै कार्य अगाडि बढेको वा निकाश भएकोमा पछि आएर त्यस्तो रायको संवैधानिक आधार नभएको भन्नु कुनै पनि दृष्टिकोणबाट मिल्ने अवस्था देखिदैन । "कुनै संवैधानिक अङ्ग वा निकायको गठन हुन नसकी कुनै संवैधानिक संयन्त्रको संविधानमा व्यवस्था भएबमोजिम काम गर्न नसक्ने अवस्था भै एउटा शून्यताको वा संविधानको गतिरोध उत्पन्न भएमा त्यसको निवारण गरी संवैधानिक संयन्त्रलाई क्रियाशील गराउनको लागि तत्कालीन समाधानको उपयुक्त एवं आवश्यक व्यवस्था गर्न बाधाअड्काउ फुकाउने अधिकार प्रयोग हुनसक्दछ । अप्रत्यशित रूपमा उत्पन्न भएको संवैधानिक गतिरोध वा रिक्तता समाधान गर्ने अरु कुनै संवैधानिक वा कानूनी विकल्प नरहेको अवस्थामा मात्र बाधाअड्काउ फुकाउने असाधारण अधिकार प्रयोग हुन सक्दछ । तर जुन बाधाअड्काउको निवारण संसद्ले कानून बनाएर अथवा संसद् नरहेको अवस्थामा श्री ५ बाट अध्यादेश जारी गरेर हुनसक्दछ त्यसको लागि संविधान कार्यान्वयन हुन नसक्ने भन्ने मिथ्या धारणा बनाएर धारा १२७ प्रयोग गर्न मिल्दैन" भन्ने समेत ७ जना न्यायाधीशको विशेष इजलासले श्री ५ मा राय पेश भई सोही रायका आधारमा उपयुक्त कदम चालिबक्सेपछि संविधानको धारा १२७ को सम्बन्धमा संविधानको विकाशक्रम शुरु नभएको भन्न मिल्दैन । संवैधानिक व्यवस्था अनुसार संविधानको व्याख्या सम्बन्धमा सर्वोच्च अदालत भन्दा आधिकारिक निकाय अरु हुनसक्दैन । संविधानको व्याख्या सम्बन्धमा उठेको जटिल कानूनी प्रश्नमा श्री ५ बाट संविधानको धारा ८८(५) बमोजिम सर्वोच्च अदालतको राय मागिबक्सेमा श्री ५ मा चढाएको रायले संवैधानिकताको प्रश्न निर्क्योल हुने हुँदा यस्तो रायले संविधानको सही अनुशरण

तथा संवैधानिक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । यसैले यस्तो रायको संवैधानिक विकासमा विशेष महत्व राख्दछ । फितलो तर्कको आधारमा कुनै महत्व नराख्ने भन्न मिल्दैन ।

४७. धारा १२७ बमोजिम जारी आदेश संसद्ले परीक्षण पहिले गरिनु पर्ने भन्ने विपक्षीहरूको जिकिर तर्फ विचार गर्दा धारा १२७ अन्तर्गतको आदेश संविधान सरहको वा ऐन वा कानून सरह वा कुनै नियम सरहको हैसियतको हो भन्ने संविधानले स्पष्ट गरेको देखिन आउँदैन । धारा १२७ अन्तर्गत जारी भएको आदेश संसद् समक्ष राखिनेछ भन्ने व्यवस्थासम्म भएको संविधानले संसद्मा पेश गर्न पर्ने प्रक्रिया खुलाएको छैन । संसद्को संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०४८ को नियम २२ ले "श्री ५ बाट संविधानको धारा १२७ बमोजिम संविधान कार्यान्वियत गर्न कुनै बाधाअड्काउ फुकाउने आदेश बक्सेमा सो आदेश प्रधानमन्त्रीले संयुक्त बैठकमा प्रस्तुत गर्नुपर्ने छ ।" भन्ने व्यवस्था गरेको देखिन्छ । सो बाहेक यस्तो आदेश सम्बन्धमा अरु कुनै व्यवस्था देखिदैन । संयुक्त समितिमा नियम १२ अनुसार विधेयक माथि छलफल हुने, विधेयक पारित गर्ने नियम १३ को विधेयक माथि संशोधन पेश गर्ने जस्तो समेतका कुनै प्रक्रिया पूरा गर्नुपर्ने वा धारा १२७ अन्तर्गतको आदेशका सम्बन्धमा छलफल संशोधन हुने आदि कुनै कुराको संकेत गरेको छैन । यसबाट धारा १२७ को आदेश सामान्य तवरबाट संसद्को जानकारीको लागि मात्र पेश गरिनु पर्ने संवैधानिक व्यवस्था रहेको देखिन्छ । विवादित गठन आदेश संविधान, ऐन वा अध्यादेश प्रकृतिको नभए पनि विवादित गठन आदेशबाट भ्रष्टाचार नियन्त्रण शाही आयोगले अदालत, विशेष अदालतको समेत अधिकार प्राप्त गरेको निकाय देखिंदा कानूनकै शक्ति धारण गरेको आदेश संसद्मा जानकारी नगराएको भन्ने आधारमा मात्र धारा ८८(१)(२) को न्यायिक पुनरावलोकनको क्षेत्र भित्र नपर्ने भन्ने जिकिरसँग सहमत हुन सकिएन ।

४८. माथि उल्लेखित आधार र कारणहरूबाट भ्रष्टाचार नियन्त्रण शाही आयोगको गठन सम्बन्धमा मिति २०६१।११।५ मा श्री ५ महाराजाधिराजको प्रमुख सचिवालयको सूचना र त्यसलाई निरन्तरता दिने मिति २०६२।१।१६ को श्री ५ महाराजाधिराजको प्रमुख सचिवालयको सूचना नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८४, धारा ८५, धारा ८८(३), धारा ९८, धारा ११५(७) र धारा १२७ को उद्देश्य र भावना अनुकूल देखिन आएन ।

४९. अब निवेदकको माग बमोजिमको आदेश जारी हुनुपर्ने हो, होइन ? भन्ने प्रश्न तर्फ विचार गर्दा मिति २०६१।११।५ को आदेशद्वारा गठित भ्रष्टाचार नियन्त्रण शाही आयोगलाई निरन्तरता दिन मिति २०६२।१।१६ मा भएको आदेश नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८४, धारा ८५, धारा ८८(३), धारा ९८, धारा ११५(७) र धारा १२७ को उद्देश्य र भावना विपरीत भई संविधानसँग बाझिएको माथि उल्लेखित आधार र कारणबाट देखिन आयो । गठन आदेश र निरन्तरता दिने आदेश संविधानको धारा ७१ को व्यवस्था बमोजिम ऐन वा धारा ७२ बमोजिमको अध्यादेश बमोजिम कानून नभएको अवस्था भएपनि गठन र निरन्तरता दिने आदेशबाट भ्रष्टाचार सम्बन्धी प्रचलित कानून बमोजिम अनुसन्धान अधिकारीले प्रयोग गर्ने सबै अधिकार, विशेष अदालत ऐन, २०५९ बमोजिम विशेष अदालतलाई भएको अधिकार र कतिपय कुराहरूमा अदालतलाई भए सरहको अधिकार प्राप्त गरेको भई कानूनले मात्र प्रदान गर्नसक्ने अधिकार प्रदान गरेको देखिंदा संविधानसँग बाझिने गरी मिति २०६१।११।५ को भ्रष्टाचार नियन्त्रण शाही आयोग गठन गर्ने गरेको आदेश नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५(१) अन्तर्गत जारी भएको संकटकालीन अवस्थाको आदेश सोही धाराको उपधारा (११) बमोजिम मिति २०६२।१।१६ मा फिर्ता लिइएको कारणबाट सो मिति २०६१।११।५ को आदेश प्रभावहीन भैसकेको हुँदा प्रभावहीन

भइसकेको आदेशका सम्बन्धमा अमान्य वा बदर केही बोलिरहनु पर्ने अवस्था नभएबाट क्रियाशील रहेको निरन्तरता दिन भएको मिति २०६२।१।१६ को आदेश नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(१) बमोजिम आजका मिति देखि अमान्य घोषित गरिएकोछ ।

५०. भ्रष्टाचार नियन्त्रण शाही आयोगलाई निरन्तरता दिने गरी भएको मिति २०६२।१।१६ को आदेश अमान्य घोषित भएको हुँदा भ्रष्टाचार नियन्त्रण शाही आयोग कायम रहन सक्ने अवस्था नहुँदा आजैका मितिबाट खारेज गरिएको छ ।

५१. माथि विवेचना गरिएको आधार र कारणबाट भ्रष्टाचार नियन्त्रण शाही आयोगलाई गठन एवं निरन्तरता दिने कार्य संविधानको व्यवस्था र उद्देश्य विपरीत भई संविधानसम्मत नभएको आधारमा आजै मिति २०६२।१।१६ मा जारी भएको मिति २०६१।११।५ को आदेशलाई निरन्तरता दिन भएको आदेश अमान्य घोषित भएको गैरसंवैधानिक आयोगबाट भए गरेको कामकारवाहीले कानूनी मान्यता प्राप्त गर्न नसक्ने हुँदा विपक्षी आयोगको गैरकानूनी कारवाहीका आधारमा निवेदकसँग विशेष अदालत ऐन, २०५९ को दफा ७(घ) बमोजिम रु. ५१,००,०००। धरौट माग गरेको तथा धरौट दाखिल गर्न नसकेको आधारमा निजलाई थुनामा राख्ने गरी भएको आदेश तथा कामकारवाही कानूनसम्मत नदेखिंदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिदिएको छ । यस अदालतको मिति २०६२।५।२८ को आदेश बमोजिम निवेदकलाई नेपाल बार एशोसिएशनका अध्यक्ष अधिवक्ता श्री शम्भु थापाको जमानतमा थुनाबाट मुक्त गरिसकिएकोले अरु केही गरिरहन पर्ने भएन ।

५२. विपक्षीहरूको जानकारीको लागि आदेशको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालय मार्फत पठाई नियम बमोजिम गरी मिसिल बुझाइ दिनु ।

उपर्युक्त रायमा सहमत छौं ।

न्या. केदारप्रसाद गिरी
न्या. रामनगिना सिंह
न्या. अनुपराज शर्मा
न्या. रामप्रसाद श्रेष्ठ

इति सम्बत् २०६२ साल फाल्गुण १ गते रोज २ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री परमानन्द झा
माननीय न्यायाधीश श्री राजेन्द्रप्रसाद कोइराला

सम्बत् २०६० सालको रिट नं. ३७७

आदेश मितिः २०६२।११।४

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : इलाम जिल्ला घर भई काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३२ घट्टेकुलो बसोबास गरी हाल सशस्त्र प्रहरी वल गुहेश्वरी गण दुवाकोट भक्तपुरमा थुनामा रहेका अधिवक्ता सुवास नेम्वाङ्गको हकमा अधिवक्ता उद्धवप्रसाद सिलवाल

विरुद्ध

विपक्षी : श्री ५ को सरकार, गृह मन्त्रालय, सिंहदरवार समेत

- **सम्पन्न भइसकेको कार्यको लागि कानून बमोजिम दावी लिई मुद्दा नै चलाउनु पर्ने ।**
- Preventive Nature **मा प्रयोग हुने सार्वजनिक सुरक्षा ऐन, २०४६ सम्पन्न भै सकेको कार्यको लागि प्रयोग गर्न नमिल्ने ।**
- **निवेदकलाई दिइएको नजरबन्दको आदेश पूर्जि उचित कारण र आधार विनाको गैरकानूनी देखिदा उक्त गैरकानूनी नजरबन्दको थुनाबाट अविलम्ब थुनामुक्त हुने ।**

आदेश

- न्या. परमानन्द झा

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ तथा ८८(२) अन्तर्गत यसै अदालतको अधिकार क्षेत्रभित्र पर्ने प्रस्तुत मुद्दाको तथ्य र ठहर यसप्रकार छः

बन्दी सुवास नेम्वाङ्गलाई मिति २०६२।१०।६ गते श्री ५ को सरकारका सुरक्षाकर्मीद्वारा पक्राउ गरी प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट मिति २०६२।१०।६ गते बाटै लागु हुने गरी सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) बमोजिम गैरकानूनी नजरबन्दमा राखिएको छ । निज बन्दी सुवास नेम्वाङ्गबाट उक्त नजरबन्दको पूर्जिमा उल्लेख भए बमोजिमको सुरक्षा ऐन, २०४६ को दफा ३(१) को आदेश गर्दा ऐ. ऐनको दफा ४(१) अनुसारको आधार कारण समेत खुलेको छैन । प्रत्यर्थीद्वारा दिएको पूर्जिमा नै के कुन काम कुराबाट रोक्नुपर्ने हो सो को कारण समेत नखुलाई थुनामा राखिएको कार्यबाट निवेदकको संविधान प्रदत्त मौलिक हक अधिकारमा आघात पुगेको हुँदा प्रत्यर्थीहरुको गैरकानूनी थुनाबाट निवेदकलाई अविलम्ब मुक्त गर्न निवेदन माग बमोजिमको आदेश जारी गरिपाऊँ भन्ने समेत व्यहोराको निवेदन पत्र ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश प्राप्त भएपछि सम्बन्धित मिसिलसाथ राखी महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ ।

मिति २०६२।११।१४ गते १०।३० बजे भित्रै पठाउनु भनी रिट निवेदनको एक प्रति नक्कल साथै राखी विपक्षीहरुलाई सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाई दिनु । लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियम बमोजिम पेश गर्नु साथै निवेदक कानून व्यवसायी भएको र निज आफैले प्रतिरक्षा गर्नसक्ने अवस्था समेतलाई विचार गर्दा निजलाई समेत पेशीका दिन उपस्थित गराउनु भनी २०६२।११।४ को पेशी तोकि विपक्षीलाई लेखी पठाई नियमानुसार गर्नु भन्ने यस अदालतको आदेश ।

निवेदकको नाममा जिल्ला प्रशासन कार्यालय कठमाडौंको च.नं. ४०१ मिति २०६२।१०।६ गतेको पत्रानुसार सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) बमोजिम नजरबन्दको आदेश पूर्जि जारी भएकोले निजलाई थुनामा राखिएको हो । रिट निवेदकले यस गणबाट पक्राउ नै नगरिएको कुरालाई पक्राउ गरिएको र नियमानुसार नजरबन्दमा रहेकोमा गैरकानूनी थुनामा राखेको आफन्तसँग भेटघाट गर्नबाट वञ्चित गराएको भनी झुठ्ठा रिट निवेदन दिएको देखिदा झुठ्ठा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको सशस्त्र प्रहरी वल गुहेश्वरी गण दुवाकोट भक्तपुरको् लिखित जवाफ ।

रिट निवेदकले मिति २०६२।१०।५ गते काठमाडौं महानगरपालिका वडा नं. २४ मा भ्रामक कुरा सर्वसाधारण मानिसहरुलाई उत्तेजित पारी शान्ति सुरक्षामा खलल पुऱ्याएको हुँदा सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) बमोजिम मिति २०६२।१०।६ गतेबाट लागु हुने गरी नजरबन्दमा राखिएको छ । निवेदकलाई कानून बमोजिम नजरबन्दमा राखिएको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको जिल्ला प्रशासन कार्यालय काठमाडौंको लिखित जवाफ ।

रिट निवेदकलाई यस जिल्ला प्रहरी कार्यालय काठमाडौंमा थुनामा राखेको नदेखिएको र निजलाई पक्राउ गरी गैरकानूनी थुनामा राखेको भनी यस कार्यालयलाई समेत विपक्षी बनाई रिट निवेदन दिएको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने जिल्ला प्रहरी कार्यालय हनुमानढोका काठमाडौंको लिखित जवाफ ।

यस मन्त्रालयबाट रिट निवेदकको मौलिक हक अधिकार हनन हुने गरी कुनै काम कारवाही नगरिएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ भन्ने श्री ५ को सरकार गृह मन्त्रालय सिंहदरवारको लिखित जवाफ,

रिट निवेदकलाई पक्राउ गर्ने तथा थुनामा राख्ने समेतको कार्य यस कार्यालयबाट नभए नगरेको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको प्रहरी प्रधान कार्यालय नक्सालको लिखित जवाफ ।

नियम बमोजिम दैनिक मुद्दा पेशी सूचीमा चढी निर्णयार्थ आज यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत बन्दीप्रत्यक्षीकरण मुद्दाको निवेदनपत्र सहितको मिसिल अध्ययन गरियो । निवेदक तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु सिन्धुनाथ प्याकुरेल, श्रीहरि अर्याल, विश्वकान्त मैनाली, वसन्तराम भण्डारी, राधेश्याम अधिकारी र अभिवक्ताहरु हरिहर दाहाल, शम्भु थापा, पुष्पा भुसाल, हरिकृष्ण कार्की, अग्नि खरेल, केदार कार्की, रामप्रसाद भट्टराई रमेश वडाल, शान्ता सेढाई समेतको निवेदक सुवास नेम्वाङ्गलाई उचित आधार र कारण विना गैरकानूनी रुपले थुनामा राखेको हुँदा अविलम्ब थुना मुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्छ भनी र प्रत्यर्थी गृह मन्त्रालय समेतको तर्फबाट उपस्थित विद्वान सरकारी उपन्यायाधिवक्ता श्री महेन्द्रबहादुर कार्कीले निवेदक सुवास नेम्वाङ्गलाई सार्वजनिक सुरक्षा ऐन,

२०४६ को दफा ३(१) बमोजिम रीतपूर्वक नजरबन्दको पूर्जि दिई थुनामा राखेको हुँदा रिट निवेदन खारेज हुनपर्छ भनी वहस गर्नुभयो । उपयुक्त विद्वान कानून व्यवसायीहरुको वहस बुँदा र मिसिल संलग्न कागज प्रमाण समेतलाई मनन गरी निवेदन माग बमोजिमको आदेश जारी हुनुपर्ने हो होइन ? त्यस विषयमा निर्णय दिनुपर्ने देखियो ।

निर्णय तर्फ विचार गर्दा निवेदक सुवास नेम्वाङ्गलाई भ्रामक कुरा गरी सर्वसाधारणलाई उत्तेजित पारी शान्ति सुरक्षामा खलल पुऱ्याएको भनी सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) बमोजिम नजरबन्दमा राखिएको देखिन्छ । यसरी सार्वजनिक सुरक्षा ऐन, २०४६ को ३(१) बमोजिम नजरबन्दको आदेश दिदा ऐ. ऐनको दफा ४(१) अनुसारको उचित कारण र आधार खुलाउनु पर्ने भन्ने स्पष्ट कानूनी व्यवस्था भएकोमा सो बमोजिम खुलाएको देखिदैन । निवेदकलाई नजरबन्दमा राख्न दिएको आदेश पूर्जिमा जुन कार्यबाट रोक्न निजलाई नजरबन्दमा राखेको हो सो कार्य सम्पन्न भइसकेको भन्ने उक्त आदेश पूर्जिबाट देखिन्छ । त्यस्तो सम्पन्न भइसकेको कार्यको लागि कानून बमोजिम दावी लिई मुद्दा नै चलाउनु पर्ने हुन्छ । Preventive Nature मा प्रयोग हुने सार्वजनिक सुरक्षा ऐन, २०४६ प्रयोग गर्न मिल्ने देखिदैन ।

अतः निवेदकलाई दिइएको नजरबन्दको आदेश पूर्जि उचित कारण र आधार विनाको गैरकानूनी देखिदा उक्त गैरकानूनी नजरबन्दको थुनाबाट निवेदक सुवास नेम्वाङ्गलाई अविलम्ब थुनामुक्त गर्नु भनी विपक्षीहरुको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ । निवेदक आज यसै अदालतको पूर्व आदेशानुसार थुना मुक्त भइसकेको हुँदा केहि गरिरहनु परेन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी नियमानुसार गर्नु ।

उक्त रायमा म सहमत छु ।

न्या. राजेन्द्रप्रसाद कोइराला

इति सम्वत् २०६२ साल फागुन महिना ४ गते रोज ५ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री बद्रीकुमार बस्नेत
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ

संवत २०६० सालको रि.नं. ५०९

आदेश मितिः २०६३।१।४।२

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : काठमाडौं बस्ने हाल प्रहरी पहरा गण त्रिपुरेश्वर काठमाडौंमा गैरकानूनी थुनामा रहेका ईश्वर पोखरेल समेत

विरुद्ध

विपक्षी : जिल्ला प्रहरी कार्यालय नवलपरासी समेत

- **निवेदकहरुले कुनै कार्यमा आफ्नो असहमति जनाई कुनै कुरा व्यक्त गर्न विधि सम्मत बाटाहरु अवलम्बन गर्नेदेखि बाहेक अन्य कार्यहरु गर्न लागेकोमा त्यस्ता अभिव्यक्तिका माध्यमहरु निषेध गरेको अवस्था छ छैन देखाउनु पर्ने ।**
- **संविधानको धारा १२(१)(क) अन्तर्गत अभिव्यक्ति स्वतन्त्रताको प्रचलनको सिलसिलामा गर्न पाउने कुनै कुराको लागि अग्रिम रुपमा निवारक नजरबन्दको पूर्जि वा लिखित जवाफमा उल्लेख भएका शब्दहरुलाई जस्तै नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता, सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्नसक्ने आदि शब्दहरु प्रयोग हुँदैमा त्यस्तो प्रयोजनको लागि नजरबन्दमा राखेको भन्ने स्वतः निष्कर्ष निकाल्न नमिल्ने ।**
- **संविधानले व्यक्तिगत स्वतन्त्रतालाई अत्यन्त उच्च स्थानमा मान्यता दिएको परिप्रेक्ष्यमा त्यस्तो स्वतन्त्रतालाई रोक्ने कुनै कार्यलाई अदालतले विशेष निगरानी साथ हेनुपर्ने ।**
- **जुन उद्देश्यले नजरबन्दमा राख्न खोजेको भनिएको छ सोसँग गर्न लागेको भनेको कामको सिधा र तर्कसङ्गत सम्बन्ध देखिन नआएसम्म व्यक्तिगत स्वतन्त्रतामा हस्तक्षेप गर्नको लागि लिइएको कुनै आधार मान्य नहुने ।**
- **कुनै समय विशेषको परिस्थिति नियन्त्रणको लागि जारी भएको पूर्जि समय व्यतित भएपछि परिस्थितिमा भएको परिवर्तन अनुरुप पुनर्विचार गरी निरन्तर गर्न वा आदेश खारेज गर्न नयाँ आदेश गर्नुपर्नेमा त्यस्तो नगरी पूर्ववत् नजरबन्द निरन्तर गर्न नमिल्ने हुनाले पुर्नविचार गरी नयाँ आदेश जारी भएमा बाहेक उपरोक्त व्यहोराले थुनामा राखेको व्यक्तिहरुको हकमा थुनाबाट मुक्त गरी दिनुपर्ने हुँदा यसलाई एउटा निर्देशनको रुपमा विपक्षीहरुले पालना गर्नुपर्ने ।**
- **थुनामा रहेका व्यक्तिहरु मध्ये थुनुवा पिच्छे छुट्टाछुट्टै विकेकसम्मत ढंगले विचार गर्नुको साटो सबै निवेदकहरुको हकमा एउटै गोश्वारा जवाफ दिएको पाइदा सबैले एक किसिमको एकै गुरुत्व र दायित्व भएको कार्य गरेको हुन गाह्रो छ । त्यस तर्फ ध्यान दिई एउटै गोश्वारा जवाफ दिएबाट गोश्वारा दृष्टिकोणले व्यवहार गरेको भन्ने निष्कर्षमा पुग्न बाध्य गरेको छ । अझ निवेदकहरु मध्ये कति जना थुनाबाट मुक्त गरिसकिएको छ र कति जनाको थुना अद्यावधिक छ भन्ने पनि विपक्षीहरुलाई थाहै नभएको जस्तो गरी गोश्वारा जवाफ दिएको पाइन्छ । यसबाट लिखित जवाफ**

**दिने कुरामा समेत आवश्यक समय दिन नसकेको र होस नपुऱ्याएको देखिन आउँछ । पूर्जिहरु एकनासको हुनु, लिखित जवाफ पनि एकनासको हुनु, छुटिसकेका व्यक्तिहरुको समेत हेक्का नहुनु आदि कारणले यस विषयलाई गम्भीरतापूर्वक नलिएको भन्ने देखिन आउने ।**

- **थुनामा राख्ने अधिकारीले जुन आधार उल्लेख गरी थुनेको हो सो आधारलाई पुष्टि गर्ने खालको तथ्य उल्लेख नगरिकन थुनामा राख्ने आदेश गरेको देखिएकोले अधिकारको विकेकसम्मत प्रयोग गरेको मान्न नमिल्ने ।**
- **निवेदकहरुलाई थुनामा राख्न लिएको आधारहरु र तथ्यको बीचमा तालमेल नभएकोले ऐनको सही प्रयोग मान्न नमिल्ने ।**

आदेश

- न्या. कल्याण श्रेष्ठ

नेपाल अधिराज्यको संविधान २०४७ को धारा २३।८८ (२) अनुसार यस अदालतमा पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :

निज बन्दीहरुलाई विपक्षीहरुले पक्राउ गरी गैरकानूनी थुनामा राखेको हुँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३१ अन्तर्गत निजहरुलाई बन्दीप्रत्यक्षीकरणको निवेदन पत्रमा सहिछाप गर्न नदिएको र सरल किसिमले भेटघाट समेत गर्न नदिएको हुँदा म निवेदक निज बन्दीहरुको हकमा सम्मानित अदालत समक्ष नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३।८८(२) बमोजिम निम्न लिखित व्यहोराको निवेदन प्रस्तुत गर्दछु:

निज बन्दीहरु ने.क.पा. एमालेसँग आबद्ध भई राजनीतिमा सकृय व्यक्तित्वहरु हुनुहुन्छ । निज बन्दीहरु मध्ये ईश्वर पोखरेल ने.क.पा. एमाले स्थायी समित सदस्य तथा कृष्ण गोपाल श्रेष्ठ केन्द्रिय कमिटि सदस्य हुनुहुन्छ । सात राजनीतिक दलद्वारा आव्हान गरिएको शान्तिपूर्ण आम हडतालका क्रममा पार्टीद्वारा आव्हान गरिएको शान्तिपूर्ण विरोध प्रदर्शन, आमसभा लगायत जनपरिचालन गरी लोकतन्त्र पुनर्वहालीको अहिंसात्मक आन्दोलनमा निर्वाह गरिएको बन्दीहरुको भूमिका नेपाल अधिराज्यको संविधान, २०४७ र प्रचलित कानूनद्वारा प्रत्याभूत मौलिक हकको दायरा भित्र रहेको छ ।

सोही क्रममा मिति २०६२।१२।२४ गते देखि २०६२।१२।२७ गतेसम्म सात दलको आव्हानमा आयोजना गर्न लागिएको आम हडताललाई विफल पार्ने कुत्सित मनसायका साथ निज बन्दीहरुलाई सात राजनीतिक दलद्वारा आव्हान गरिएको शान्तिपूर्ण आम हडतालको क्रममा विभिन्न मितिमा श्री ५ को सरकारका सुरक्षाकर्मीहरुले पक्राउ गरी प्रहरी पहरा गण त्रिपुरेश्वरमा गैरकानूनी थुनामा राखेको छ । निज बन्दीलाई प्रत्यर्थीद्वारा के कति कारणले पक्राउ गरियो ? कुन अवस्थामा राखिएको छ ? भन्ने समेत कुनै कुराको जानकारी दिइएको छैन । हालसम्म कुनै अड्डा अदालतमा मुद्दाको सम्बन्धमा म्याद थपको लागि पेश गरेको पनि छैन ।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(५) मा पक्राउ परेका व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना यथाशक्य चाँडो दिई मात्र थुनामा राख्नुपर्ने र धारा १४(६) मा पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई पक्राउ परेको २४ घण्टा भित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्ने

संवैधानिक प्रावधान रहेको छ तर प्रत्यर्थीद्वारा उक्त संवैधानिक प्रावधानको उपेक्षा गरी विना कुनै सूचना एवं विना कुनै अभियोग गैरकानूनी रुपमा गिरफ्तार गरी भेटघाट नै गर्न नदिई नेपाल अधिराज्यको संविधान, २०४७ द्वारा घोषित आधारभूत मानव अधिकार एवं कानूनी शासनको प्रजातान्त्रिक अवधारणालाई चुनौति दिई संविधानद्वारा प्रदत्त निज बन्दीहरुको उक्त मौलिक हक एवं वैयक्तिक स्वतन्त्रताको हक कुण्ठित गरिएको छ ।

अतः उल्लेखित तथ्यको आधारमा निज बन्दीहरुलाई के कुन कसूरमा कसरी राखिएको छ ? भन्ने समेत जानकारी नहुँदा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११, १२(१), १४(४)(५)(६) र १५ समेतद्वारा प्रदत्त वैयक्तिक स्वतन्त्रता एवं मौलिक हकबाट प्रत्यर्थीहरुका काम कारवाहीद्वारा वञ्चित गरिएकोले अन्य वैकल्पिक कानूनी उपचारको अभावमा संविधानको धारा २३,८८(२) अन्तर्गत सम्मानित अदालत समक्ष निज बन्दीहरुको हकमा यो रिट निवेदन प्रस्तुत गरेको छु । प्रत्यर्थीहरुद्वारा गैरकानूनी रुपमा गिरफ्तार गरिएका निज बन्दीहरुलाई प्रस्तुत निवेदनपत्रको सुनवाई हुँदाका बखत यस सम्मानित अदालत समक्ष उपस्थित गराई निजहरुलाई गैरकानूनी थुनाबाट अविलम्ब मुक्त गरी दिनु भनी प्रत्यर्थीहरुको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निजहरुको वैयक्तिक स्वतन्त्रताको संरक्षण गरिपाऊँ भन्ने समेत व्यहोराको रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक ३ दिन भित्र लिखित जवाफ लिई उपस्थित हुनु भनी विपक्षीहरुलाई सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु भन्ने मिति २०६२।१२।३०।४ को यस अदालतको आदेश ।

यस मन्त्रालयको तर्फबाट रिट निवेदकहरुको मौलिक हक हनन हुने कुनै काम कारवाही नगरिएको हुँदा प्रस्तुत रिट निवेदन कानूनतः औचित्यहीन छ । खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको विपक्षी गृह मन्त्रालयको लिखित जवाफ,।

चैत्र महिनाको अन्तिम हप्तामा गर्ने भनिएको कथित आम हडताल तथा जनअसहयोग कार्यक्रमका दिन अप्रिय घटनाहरु घटाउन रिट निवेदकहरु क्रियाशील रहनु भएकोले निजहरुलाई नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि पेश गरेको छ भन्ने जिल्ला प्रहरी कार्यालय काठमाडौंको मिति २०६२।१२।२५ को पत्र समेत प्राप्त हुन आएको हुँदा त्यस्तो कार्य गर्न रोक्न नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता, सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्नसक्ने भएकोले सार्वजनिक शान्ति र सुरक्षा कायम राख्न सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३ को उपदफा ३.१ बमोजिम ऐ. ऐनको दफा ५ को उपदफा ५.१ बमोजिम ९० दिन सम्म नजरबन्दमा राख्न आदेश जारी गरी कानून बमोजिम नजरबन्दमा राखिएको हुँदा रिट निवेदकको रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौंको लिखित जवाफ ।

निवेदकहरुलाई यस गणले थुनामा राखेको नभै जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट निज निवेदकहरुलाई थुनामा राखिएको हो । सो बन्दी सम्बन्धमा उक्त कार्यालयबाट यस गणलाई कुनै पनि लिखित पत्राचार, आदेश प्राप्त भएको छैन । यस गणले बस्ने थलोसम्म उपलब्ध गराएको हो र बन्दीहरुलाई मानवोचित व्यवहारका साथ सम्मानपूर्ण सुविधा उपलब्ध गराई यस गणले सुरक्षाका साथ राखेको छ । के कुन व्यहोराले थुनामा राखिएको हो ? कति दिनसम्म राख्नुपर्ने हो ? यस गणमा कुनै अभिलेख सूचना, आदेश प्राप्त भएको छैन । तसर्थ बन्दी सम्बन्धमा यथार्थ व्यहोरा सहित जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट प्रस्तुत हुन आउने नै छ विपक्षीको कुनै पनि संवैधानिक हक एवं) कानूनी हकमा यस गणले

कुनै आघात नपुऱ्याएको हुँदा विपक्षीको रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको प्रहरी पहरा गण त्रिपुरेश्वरको लिखित जवाफ ।

नियम बमोजिम दैनिक मुद्दा पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी पुनरावेदन तर्फबाट विद्वान अधिवक्ताद्वय श्री सुवास नेम्वाङ्ग र श्री टिकाराम भट्टराईले प्रथमतः पूर्जि त्रुटिपूर्ण छ । पूर्जिमा चैत्र महिनाको अन्तिम हप्तामा गर्ने कार्यलाई थुन्ने भनेर वैशाखसम्म थुन्न पाइन्छ ? यसरी गैरकानूनी रुपमा १ मिनेट पनि कुनै पनि नागरिकलाई थुन्न पाइन्न । जुन कानूनी शासनको ठूलो अपमान हो नजरबन्दको पूर्जिमा उल्लेखित आधार र सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) को अवस्था बीच प्रत्यक्ष सम्बन्ध छैन र ती आधारहरु मुनासिव पनि छैनन । तसर्थ प्रमुख जिल्ला अधिकारीको गैरकानूनी हिरासतमा राख्ने भन्ने आदेश वदर भागी छ निवेदकहरु गैरकानूनी हिरासतबाट तत्काल मुक्त हुनुपर्छ भनी वहस गर्नुभयो । विपक्षीहरुको तर्फबाट उपस्थित हुनु भएका महान्यायाधिवक्ताको कार्यालयका सहन्यायाधिवक्ता श्री राजेन्द्र पोखरेलले कानून बमोजिम नजरबन्दमा राखेको हुँदा गैरकानूनी थुना हैन । कुनै काम कुरा गर्नबाट रोक्नका लागि नजरबन्दको आदेश दिने हो । आदेश अधिकार प्राप्त समक्ष निकायबाट दिएको हुँदा निवेदन माग बमोजिमको आदेश जारी हुनुपर्ने अवस्था नहुँदा रिट निवेदन खारेज हुनुपर्दछ भनी वहस प्रस्तुत गर्नुभयो ।

रिट निवेदक ईश्वर पोखरेल समेतलाई मिति २०६२।१२।२४ गते पक्राउ गरी गैरकानूनी रुपमा थुनामा राखी भेटघाट गर्न समेत नदिएको हुँदा निजहरुलाई गैरकानूनी थुनाबाट अविलम्ब मुक्त गरी दिनु भनी प्रत्यर्थीहरुको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी रिट निवेदकहरुको वैयक्तिक स्वतन्त्रताको संरक्षण गरिपाऊँ भन्ने निवेदन र निज रिट निवेदकहरुलाई जिल्ला प्रशासन कार्यालय काठमाडौंले सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३ को उपदफा ३.१ बमोजिमको अधिकार प्रयोग गरी अधिकार प्राप्त अधिकारीको आदेशले नजरबन्दमा राखेको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको लिखित जवाफ भएको प्रस्तुत मुद्दामा निवेदकहरुको माग बमोजिमको आदेश जारी हुने नहुने के रहेछ ? निर्णय दिनुपर्ने हुन आयो ।

निर्णय तर्फ विचार गर्दा रिट निवेदक ईश्वर पोखरेल समेतलाई २०६२।१२।२४ गते पक्राउ गरी सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा २ को उपदफा ३.१. बमोजिम २०६२।१२।२४ गतेबाट लागु हुने गरी ऐ ऐनको दफा ५ को उपदफा ५.१ बमोजिम ९० दिन सम्म नजरबन्दमा राखिएको भन्ने उल्लेख छ ।

रिट निवेदन साथ संलग्न जि.प्र.का. काठमाडौंको नजरबन्दको आदेशको फोटोकपीबाट निवेदकहरुलाई २०६२।१२।२४ गतेबाट सार्वजनिक सुरक्षा ऐन २०४६ को दफा ३ को उपदफा ३.१ बमोजिम नजरबन्दको पूर्जि दिइएको देखियो । निवेदकलाई नजरबन्दमा राखिएको कानून सार्वजनिक सुरक्षा ऐन, २०४६ को प्रावधान अध्ययन गर्दा नेपाल अधिराज्यको सार्वभौमसत्ता अखण्डतामा वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्नसक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने उचित र पर्याप्त कारण भएमा स्थानीय अधिकारीले निजलाई कुनै खास अवधिसम्म कुनै खास ठाउँमा नजरबन्दमा राख्ने आदेश जारी गर्नसक्ने छ भन्ने व्यवस्था भएको पाइन्छ ।

नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता, शान्ति र व्यवस्थामा असर पर्ने सम्मको काम त्यस्तो व्यक्तिबाट हुने वा हुनसक्ने कुराको पर्याप्त आधार र कारण भएमा मात्र नजरबन्दमा राख्न सकिने हो । महान्यायाधिवक्ताको कार्यालयबाट प्राप्त जिल्ला प्रशासन कार्यालयको फाइल अध्ययन गर्दा निवेदकहरुलाई नजरबन्दमा नराखेको खण्डमा निवेदकहरुबाट सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थाको लागि खतरा हुने भन्ने कुराको पनि कुनै आधार उल्लेख भएको देखिएन ।

निवेदकहरु ईश्वर पोखरेल समेतलाई सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३ को उपदफा ३.१ अन्तर्गत दिएको नजरबन्दको पूर्जि हेर्दा चैत्र महिनाको अन्तिम हप्तामा गर्ने भनेको कथित आम हडताल तथा जनअसहयोग कार्यक्रमको दिन अप्रिय घटनाहरु घटाउन तपाई क्रियाशील रहनु भएको भन्ने जानकारी प्राप्त हुन आएको भन्ने आधारमा २०६२।१२।२४ गतेबाट लागु हुने गरी ९० दिनसम्म प्रहरी पहरागण त्रिपुरेश्वरमा नजरबन्दमा राखेको देखिन आउँछ ।

विपक्षी प्रमुख जिल्ला अधिकारीले दिएको लिखित जवाफमा लोकतन्त्र स्थापनाको लागि माओवादीसँग आन्तरिक समझदारी भए अनुसार देशभरि नै आतंक मच्याई शान्ति भंग गर्ने र श्री ५ को सरकारले पुष्टि गरेको निषेधाज्ञाको आदेश समेत भंग गर्ने सन्दर्भमा जुलुस निकाली शहरका विभिन्न भागमा जानुको साथै सरकारको योजनालाई निस्तेज पार्ने र लोकतन्त्र स्थापनाको लागि २०६२ सालको चैत्र महिनामा गर्ने भएको कथित अम हडताल तथा जनअसहयोग कार्यक्रमको दिन अप्रिय घटनाहरु घटाउन रिट निवेदहरु क्रियाशील भएको भन्दै नजरबन्दमा राखेको स्वीकार गरी निवेदन खारेज गरि पाउन माग गरेको देखिन्छ ।

उपरोक्त लिखित जवाफबाट नजरबन्दको पूर्जिमा उल्लेख भए भन्दा बढी आधार देखाई लिखित जवाफमा उल्लेख भएपनि त्यस्तो अवस्थामा नजरबन्दको पूर्जिमा नै लेख्न सक्नुपर्ने र नजरबन्दमा राखिने व्यक्तिले थाहा पाउनु पर्ने हुँदा अतिरिक्त कारण उल्लेख भएको कारणले मात्रै थुनामा राखेको कारणले वैधता पाउने नभै नजरबन्दमा राखेको पूर्जिमा उल्लेखित आधार विधिसम्मत छ वा छैन ? र त्यस्ता आधारमा थुनामा राख्ने गरेको कार्य वैध छ वा छैन ? हेर्नु पर्ने भएको छ ।

निवेदकलाई दिएको नजरबन्दको पूर्जिमा उल्लेखित चैत्र महिनाको अन्तिम हप्तामा गर्ने भनेको आम हडताल र जन असहयोग गर्ने भनेको कार्यमा निवेदकहरु कसरी संलग्न हुने भन्ने बुझिएको हो भन्ने खुल्न आउदैन । आम हडताल र जनअसहयोग भन्ने शब्दहरु आफैमा गैरकानूनी हो भन्ने पनि विपक्षी तर्फबाट देखाउन सकेको छैन । निवेदकहरुले कुनै कार्यमा आफ्नो असहमति जनाई कुनै कुरा व्यक्त गर्न विधिसम्मत बाटाहरु अवलम्बन गर्नेदेखि बाहेक अन्य कार्यहरु गर्न लागेकोमा त्यस्तो अभिव्यक्तिका माध्यमहरुलाई निषेध गरेको अवस्था छ छैन देखाउन पर्ने हुन्छ । त्यस्तो देखाउन सकेको अवस्था देखिन्न । अन्यथा संविधानको धार १२(१)(क) अन्तर्गत अभिव्यक्ति स्वतन्त्रताको प्रचलनको सिलसिलामा गर्न पाउने कुनै कुराको लागि अग्रिम रुपमा निवारक नजरबन्दको पूर्जि वा लिखित जवाफमा उल्लेख भएका शब्दहरुलाई जस्तै नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता, सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्नसक्ने आदि शब्दहरु प्रयोग हुँदैमा त्यस्तो प्रयोजनको लागि नजरबन्दमा राखेको भन्ने स्वतः निष्कर्ष निकाल्न मिल्दैन । हाम्रो संविधानले व्यक्तिगत स्वतन्त्रतालाई अत्यन्त उच्च स्थानमा मान्यता दिएको परिप्रेक्ष्यमा त्यस्तो स्वतन्त्रतालाई रोक्ने कुनै कार्यलाई अदालतले विशेष निगरानी साथ हेनुपर्ने हुन आउँछ । प्रस्तुत मुद्दामा जुन उद्देश्यले नजरबन्दमा राख्न खोजेको भनिएको छ । सो सँग निवेदकहरुले गर्न लागेको भनेको कामको सिधा र तर्कसङ्गत सम्बन्ध देखिन नआए सम्म व्यक्तिगत स्वतन्त्रतामा हस्तक्षेप गर्नको लागि लिइएको कुनै आधार मान्य हुदैन । प्रस्तुत मुद्दामा त्यस्तो अवस्था रहेर निवारक नजरबन्दमा राखेको भन्ने देखिन आउदैन ।

अझ भन्ने हो भन्ने निवेदकहरुलाई चैत्र महिनाको अन्तिम हप्तामा हुने आम हडताल र जनअसहयोगको कार्यक्रममा सहभागी हुन रोक्न आदेश जारी भए पनि पूर्जिको म्याद ९० दिन तोकेका देखिन्छ । चैत्रको अन्तिम हप्ताको आम हडतालको लागि ९० दिन सम्म नजरबन्दमा राख्नुपर्ने तार्किक आधार देखिन्न । २०६३ सालको वैशाख महिना भैसक्दा पनि विपक्षीले पुरानो पूर्जिलाई पुर्नविचार समेत नगरी यथावत वहाल राख्नु युक्तिसङ्गत देखिन्न । जबकी सार्वजनिक सुरक्षा ऐन, २०४६ कोदफा ४ को

उपदफा ४.३ को व्यवस्थाले तुरुन्तै पुर्नविचार गर्नुपर्ने देखिन्छ । सो सम्बन्धी ऐनको व्यवस्था निम्न बमोजिम छः

उपदफा ३.१ वा ३.२ बमोजिमको आदेश जारी गर्नु परेको कारण विद्यमान नरहेको २४ घण्टा भित्र स्थानीय अधिकारीले त्यस्तो आदेश खारेज गर्नुपर्ने छ

उक्त व्यवस्थालाई गम्भीरतापूर्वक हेर्न जरुरी छ । यस सम्बन्धमा निवेदक तर्फका अधिवक्ता सुवास नेम्वाङ्गले यस्तै अवस्थाका अन्य धेरै बन्दीहरु थुनामा रहेकोले स्थायी आदेश हुनुपर्छ भनी माग गर्नु भएको छ । कुनै समय विशेषको परिस्थिति नियन्त्रणको लागि जारी भएको पूर्जि समय व्यतित भएपछि परिस्थितिमा भएको परिवर्तन अनुरुप पुर्नविचार गरी निरन्तर गर्न वा आदेश खारेज गर्न नयाँ आदेश गर्नुपर्ने हुन्छ । त्यस्तो नगरी पूर्ववत नजरबन्द निरन्तर गर्न नमिल्ने हुनाले पुर्नविचार गरी नयाँ आदेश जारी भएमा बाहेक उपरोक्त व्यहोराले थुनामा राखेको व्यक्तिहरुको हकमा थुनाबाट मुक्त गरी दिनुपर्ने हुँदा यसलाई एउटा निर्देशनको रुपमा विपक्षीहरुले पालना गर्नुपर्ने हुन्छ ।

विपक्षीहरुले निवेदकहरुलाई पूर्जि दिदा विपक्षी गृह मन्त्रालय र जिल्ला अदालतलाई समेत यथार्थ जानकारी हुनुपर्छ । तर प्रस्तुत मुद्दामा त्यस्तो गरेको देखिन आउदैन । वैयक्तिक स्वतन्त्रतामा बन्देज मनोमानी ढंगले नहोस भन्ने उद्देश्यले राखिएका यस्ता सुरक्षा कवचरुपी व्यवस्थाहरुको अक्षरशः पालना गर्न जरुरी छ । अन्यथा थुनालाई गैरकानूनी घोषित गर्न अदालत बाध्य हुन्छ । यस मानेमा पनि थुना गैरकानूनी देखिन्छ ।

विपक्षी थुनामा रहेका व्यक्तिहरु मध्ये थुनुवा पिच्छे छुट्टाछुट्टै विकेकसम्मत ढंगले विचार गर्नुको साटो सबै निवेदकहरुको हकमा एउटै गोश्वारा जवाफ दिएको पाइन्छ । सबैले एक किसिमको एकै गुरुत्व र दायित्व भएको कार्य गरेको हुन गाह्रो छ । त्यस तर्फ ध्यान दिई एउटै गोश्वारा जवाफ दिएबाट गोश्वारा दृष्टिकोणले व्यवहार गरेको भन्ने निष्कर्षमा पुग्न बाध्य गरेको छ । अझ निवेदकहरु मध्ये कति जना थुनाबाट मुक्त गरिसकिएको छ र कति जनाको थुना अद्यावधिक छ भन्ने पनि विपक्षीहरुलाई थाहै नभएको जस्तो गरी गोश्वारा जवाफ दिएको पाइन्छ । यसबाट लिखित जवाफ दिने कुरामा समेत आवश्यक समय दिन नसकेको र होस नपुर्‍याएको देखिन आउँछ । पूर्जिहरु एकनासको हुनु, लिखित जवाफ पनि एकनासको हुनु, छुटिसकेको व्यक्तिहरुको समेत हेक्का नहुनु आदि कारणले यस विषयलाई गम्भीरतापूर्वक नलिएको भन्ने देखिन आउँछ ।

अतः थुनामा राख्ने अधिकारीले जुन आधार उल्लेख गरी थुनेको हो सो आधारलाई पुष्टि गर्ने खालको तथ्य उल्लेख नगरिकन थुनामा राख्ने आदेश गरेको देखिएकोले अधिकराको विकेकसम्मत प्रयोग गरेको मान्न मिलेन । निवेदकहरुलाई थुनामा राख्न लिएको आधारहरु र तथ्यको बीचमा तालमेल नभएकोले ऐनको सही प्रयोग मान्न नमिल्ने हुनाले प्रस्तुत मुद्दामा विपक्षीहरुलाई नजरबन्दमा राख्ने गरेको आदेश कानूनमा आधारित नहुँदा निवेदकहरु अद्यापि थुनामा रहेको तथा अदालतको पूरक निवेदन लिई निवेदक कायम गरेका व्यक्तिहरु समेतलाई बन्दीप्रत्यक्षीकरणको आदेशद्वारा रिहाइ गरी दिने ठहर्छ । सो को सूचना विपक्षीहरुलाई दिनु ।

उक्त रायमा सहमत छु ।

न्या. बद्रीकुमार बस्नेत

इति सम्वत् २०६३ साल वैशाख ४ गते रोज २ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री बलराम के.सी.
माननीय न्यायाधीश श्री परमानन्द झा

संवत् २०६२ सालको रिट निवेदन नं. ५१८

आदेश मितिः २०६३।१।५।३

मुद्दाः- बन्दीप्रत्यक्षीकरण ।

निवेदक : काठमाण्डौ बस्ने हाल महेन्द्र पुलिस क्लब, प्रदर्शनीमार्ग काठमाडौंमा गैरकानूनी थुनामा रहेका विद्या भण्डारीको हकमा अभिवक्ता उद्धवप्रसाद सिलवाल

विरुद्ध

विपक्षी : श्री ५ को सरकार गृह मन्त्रालय सिंहदरवार, काठमाडौं समेत

- **नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२ ले नागरिकलाई शान्तिपूर्ण भेला हुने लगायतका वैयक्तिक स्वतन्त्रता प्रदान गर्नुका साथै नेपालले अनुमोदन गरेको** (International Covenant on civil and political Rights, 1966) **ले पनि नागरिकहरुलाई शान्तिपूर्ण तरिकाले विभिन्न अधिकारहरु उपभोग गर्ने स्वतन्त्रता प्रदान गरेको देखिदा निवेदकका गतिविधिबाट सार्वजनिक शान्ति र सुरक्षामा खलल पर्नसक्ने भनी सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ५(१) बमोजिम नजरबन्दमा राखेको देखिन आयो । साथै संविधानको धारा १५(१) ले सार्वजनिक शान्ति र सुरक्षामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि नजरबन्दमा राखिने छैन भनी उल्लेख गरेको देखिए पनि निवेदकलाई दिएको पूर्जिबाट त्यस्तो आधार र कारण केही उल्लेख भएको नदेखिदा पूर्जिमा केवल ऐनको भाषा सम्म मात्र उतार गरेको अवस्थाको नजरबन्द संविधान र मानव अधिकारको सिद्धान्त विपरीत भई निवेदकहरुको कानून विपरीत स्वतन्त्रताको हक हनन भएको हुँदा निवेदकहरुको नजरबन्द गैरकानूनी देखिन आउने ।**

आदेश

- न्या. वलराम के.सी.

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ र ८८ (२) बमोजिम यस अदालतको क्षेत्राधिकार भित्रको प्रस्तुत रिट निवेदन सहितको मुद्दाको संक्षिप्त तथ्य सहित ठहर यस प्रकार छः

निज बन्दी ने.क.पा. एमाले सँग आबद्ध भई राजनीतिमा सक्रिय व्यक्तित्व हुनुहुन्छ । मिति २०६२।१२।२४ गते देखि २०६२।१२।२७ गते सम्म सातदलको आव्हानमा आयोजना गर्न लागिएको आम हड्तालालाई विफल पार्न श्री ५ को सरकारका सुरक्षाकर्मीहरुले पक्राउ गरी महेन्द्र पुलिस क्लब प्रदर्शनी मार्ग काठमाडौंमा गैरकानूनी थुनामा राखिएको छ । निज बन्दीलाई प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३ को उपदफा ३.१ बमोजिम सोही ऐनको दफा ५ को उपदफा ५.१ बमोजिम ९० दिन सम्म नजरबन्दमा राख्न पूर्जि दिई महेन्द्र पुलिस क्लब काठमाडौमा

गैरकानूनी थुनामा राखिएको छ । थुनुवा पूर्जि बाहिर ल्याउन नदिएको हुँदा पेश गर्न सकिएको छैन । प्रत्यर्थीहरुका उल्लिखित काम कारवाहीबाट बन्दीलाई प्राप्त कानूनी एवं संवैधानिक हक तथा वैयक्तिक स्वतन्त्रताको हक समेतबाट वञ्चित गरी गैरकानूनी रुपमा पक्राउ गरी हालसम्म लगातार थुनामा राखी आफन्तलाई भेटघाट गर्न नदिइएको हुँदा अन्य वैकल्पिक उपचारको अभाव समेत हुँदा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ द्वारा निर्दिष्टधारा ८८(२) बमोजिम निवेदनको सुनवाई हुँदाका दिन बन्दीलाई उपस्थित गराई थुनाबाट मुक्त गरी दिनु भनी प्रत्यर्थीहरुको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने समेत निवेदन माग दावी ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? मिति २०६३।१।५ गतेका दिन मुद्दा सुनवाई हुने भएकोले उक्त दिन ११.०० बजे भित्र सम्बन्धित मिसिल र आदेश जारी हुन नपर्ने कुनै आधार र कारण भए सो समेत खुलाई महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पठाउनु भनी विपक्षीहरुलाई सूचना पठाई नियम बमोजिम गर्नु भन्ने यस अदालतको मिति २०६२।१२।३१ को आदेश ।

लोकतन्त्र स्थापनाको लागि २०६२ साल चैत्र महिनाको अन्तिम हप्तामा गर्ने भनिएको आम हडताल तथा जनअसहयोग कार्यक्रमका दिन अप्रिय घटनाहरु घटाउन रिट निवेदक क्रियाशील रहनु भएको र त्यस्तो कार्यमा सक्रिय भूमिका रहने जानकारी प्राप्त भएकोले निजहरुलाई नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि मिति २०६२।१२।२५ को पत्रसाथ जिल्ला प्रहरी कार्यालयले पेश गरेको र सार्वजनिक शान्ति र सुरक्षा कायम राख्न सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३ को उपदफा ३.१ बमोजम मिति २०६२।१२।२५ गतेबाट लागू हुने गरी सोही ऐनको दफा ५ को उपदफा ५.१ बमोजिम ९० दिन सम्म नजरबन्दमा राख्न आदेश जारी गरी नजरबन्दमा राखिएको छ भन्ने जिल्ला प्रशासन कार्यालय काठमाडौंको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ ।

मिति २०६२।१२।२४ देखि ऐ.२७ गते सम्म सात राजनीतिक दलहरुले आयोजना गर्ने कथित कार्यक्रममा आतङ्ककारीहरुको सक्रिय सहयोग र सहभागिता रहने वक्तव्य आएको सन्दर्भमा काठमाडौं महानगरपालिकाको चक्रपथ भित्रको क्षेत्रमा निषेधित क्षेत्र घोषणा गरिएको छ भन्ने जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट २०६२।१२।२३ गते आदेश जारी भएकोमा उक्त आदेशलाई अवज्ञा गरी निवेदक विद्या भण्डारीले हाम्रो र माओवादीको संयुक्त जुलुसको अगाडि कसैको केही चल्दैन भनी नारा जुलुस गरी अप्रिय घटना घटनाउन कृयाशील रहेको पाइएकोले निजलाई सुरक्षाकर्मीले पक्राउ गरी सार्वजनिक सुरक्षा ऐन, २०४६ बमोजिम प्रमुख जिल्ला अधिकारीबाट दिएको नजरबन्दको पूर्जि सहित यस क्लबमा राखिएको हो । गैरकानूनी थुनामा राखी भेटघाट गर्न नदिएको भन्ने व्यहोरा उल्लेख गरी दिएको निवेदन खारेज गरिपाऊँ भन्ने महेन्द्र पुलिस क्लबको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ ।

यस मन्त्रालयको तर्फबाट रिट निवेदकको मौलिक हक अधिकार हनन हुने कुनै काम कारवाही नगरिएको हुँदा प्रस्तुत रिट निवेदन कानूनतः औचित्यहीन छ खारेज गरिपाऊँ भन्ने गृह मन्त्रालयको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ ।

नियम बमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा रिट निवेदन सहितको मिसिल अध्ययन गरियो । रिट निवेदकका तर्फबाट रहनु भएका विद्वान अधिवक्ता सुवास नेम्वाङ्गले निवेदक एमालेसँग आबद्ध राजनीतिमा सक्रिय हुनुहुन्छ । सात दलद्वारा गर्ने भनिएको शान्तिपूर्ण जुलुसलाई विफल पार्न निवेदकलाई गैरकानूनी थुनामा राखिएको छ । निवेदकले शान्तिपूर्ण राजनीतिक कार्यक्रममा विश्वास गर्नु हुन्छ । शान्तिपूर्ण जुलुस तथा आमसभा गर्न पाउनु संविधान प्रदत्त अधिकार हो । सार्वजनिक शान्ति र

सुरक्षा भङ्ग हुने अवस्था नहुँदा सार्वजनिक सुरक्षा ऐनको प्रावधान लागु हुने अवस्था छैन । गैरकानूनी रुपमा थुनामा राखिएको हुँदा निवेदकलाई थुनामुक्त गरिपाऊँ भन्ने समेत प्रस्तुत गर्नु भएको वहस र विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौं समेतका तर्फबाट रहनु भएका विद्वान उप न्यायाधिवक्ता श्री महेन्द्र बहादुर कार्कीले माओवादीसँग समझदारी भए अनुसार सरकारबाट जारी निषेधाज्ञा तोडि शान्ति भंग गर्नसक्ने अवस्था भएको र निवेदक त्यसमा क्रियाशील रहनु भएको भनी अधिकार प्राप्त अधिकारीले कानून बमोजिम नजरबन्दमा राखेको हुँदा निवेदन खारेज गरिपाऊँ भनी प्रस्तुत गर्नु भएको वहस सुनियो ।

उपर्युक्त वहस जिकिर सुनी निवेदकको माग बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने हो, होइन भनी निर्णय दिनु परेको प्रस्तुत मुद्दामा निर्णय तर्फ विचार गर्दा, सातदलद्वारा मिति २०६२।१२।२४ देखि २०६२।१२।२७ सम्म गर्ने भनिएको आम हड्तालालाई विफल पार्न संविधान तथा कानून प्रतिकूल निवेदकलाई सार्वजनिक सुरक्षा ऐन, २०४६ अनुसार नजरबन्दमा राखिएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरिपाऊँ भन्ने निवेदन मागदावी भएकोर श्री ५ को सरकारले जारी गरेको निषेधाज्ञाको आदेश समेत भग गरी नेपाल अधिराज्यको सार्वभौमसत्ता र शान्ति व्यवस्थामा खलल पर्नसक्ने भएकोले सार्वजनिक शान्ति सुरक्षा कायम राख्न सार्वजनिक सुरक्षा ऐन, २०४६ अनुसार नजरबन्दमा राखिएको भन्ने समेत जिल्ला प्रशासन कार्यालय काठमाडौंको तर्फबाट परेको लिखित जवाफबाट देखिन्छ । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२ ले नागरिकलाई शान्तिपूर्ण भेला हुने लगायतका वैयक्तिक स्वतन्त्रता प्रदान गरेको छ । त्यसका साथै नेपालले अनुमोदन गरेको (nternational Covenant on civil and political Rights, 1966) ले पनि नागरिकहरुलाई शान्तिपूर्ण तरिकाले विभिन्न अधिकारहरु उपभोग गर्ने स्वतन्त्रता प्रदान गरेको देखिन्छ । निवेदकका गतिविधिबाट सार्वजनिक शान्ति र सुरक्षामा खलल पर्नसक्ने भनी सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ५ (१) बमोजिम नजरबन्दमा राखेको देखिन आयो । संविधानको धारा १५ (१) ले सार्वजनिक शान्ति र सुरक्षामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि नजरबन्दमा राखिने छैन भनी उल्लेख गरेको देखिए पनि निवेदकलाई दिएको पूर्जिबाट त्यस्तो आधार र कारण केही उल्लेख भएको देखिएन । पूर्जिमा केवल ऐनको भाषा सम्म मात्र उतार गरेको देखियो । यस्तो अवस्थाको नजरबन्द संविधान र मानव अधिकारको सिद्धान्त विपरीत भई निवेदकहरुको कानून विपरीत स्वतन्त्रताको हक हनन भएको हुँदा निवेदकहरुको नजरबन्द गैरकानूनी देखिन आएकोले निवेदकलाई नजरबन्दबाट मुक्त गरिदिनु भनी विपक्षीको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ । निवेदकलाई नजरबन्दबाट मुक्त गरि दिनु भनी आज यस इजलासबाट छुट्टै आदेश भैसकेको देखिंदा थप केही गरी रहनु परेन । प्रस्तुत रिट निवेदनको दायरीको लगतकट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनु ।

उक्त रायमा म सहमत छु ।

न्या. परमानन्द झा

इति सम्वत् २०६३ साल वैशाख ५ गते राज ३ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलाश
सम्माननीय प्रधान न्यायाधीश श्री दिलीप कुमार पौडेल
माननीय न्यायाधीश श्री केदार प्रसाद गिरी

संवत् २०६३ सालको रि. नं. ५९७

आदेश मितिः २०६३।२।१

मुद्दाः बन्दीप्रत्यक्षीकरण लगायत जो चाहिने आदेश वा पूर्जि जारी गरिपाऊँ ।

निवेदक : काभ्रेपलान्चोक जिल्ला पोखरी चौर गा.वि.स. वडा नं. ७ घर भई हाल गैरकानूनी थुनामा रहेको वर्ष ३७ को कर्णखर गौतमको हकमा एडभोकेसी फोरमका अधिवक्ता सीताशरण मण्डल

विरुद्ध

विपक्षी : श्री गृह मन्त्रालय, सिंहदरवार समेत

- **आतंकारी तथा विध्वंसात्मक कार्य सम्बन्धी अपराधमा अनुसन्धान गरी सक्षम अदालतमा मुद्दा दायर गर्नुपर्ने हुन्छ । तर सो कार्य भएको देखिंदैन । निवारक नजरबन्द केवल कुनै कार्य नहुँदै वा घट्ना नघट्दै त्यसलाई रोक्नका लागि पहिले गरिने निवारक उपाय हो तर कुनै कार्य भैसकेपछि वा घट्ना घटि सकेपछि त्यस्तो कार्य वा घट्नाका सम्बन्धमा निवारक नजरबन्द आकर्षित नहुने ।**

- **सम्बन्धित अदालतमा मुद्दा दायर गरी न्यायिक अधिकारीको आदेशबाट मात्र थुनामा राख्ने गरी कानूनले प्रक्रिया निर्धारण गरेको छ । आतङ्ककारी र विध्वंसात्मक अपराधमा पनि सोही अध्यादेशको दफा १५ बमोजिम सम्बन्धित पुनरावेदन अदालतमा मुद्दा दायर हुनुपर्ने ।**

- **प्रस्तुत विवादमा आतङ्ककारी तथा विध्वंसात्मक कार्य भएको भनी पूर्जिमा दिइएको छ तर त्यस्तो कसूरमा मुद्दा दायर गर्ने गरेको देखिदैन । यस्तो अवस्थामा निवारक नजरबन्दमा नै राख्न नमिल्नेमा निवारक नजरबन्दमा राखेकोलाई कानून अनुरुप भएको मान्न नमिल्ने ।**

आदेश

- प्र. न्या. दिलीपकुमार पौडेल

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ र ८८(२) अन्तर्गत यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको तथ्य यस अदालतको आदेश यस प्रकार रहेको छः

निवेदकलाई ०६२।३।१ गते काभ्रेस्थित शिखर अम्बोटे भन्ने ठाउँमा आफन्त भेट गर्न गएको समयमा शाही नेपाली सेनाको गस्ती टोलीले पक्राउ गरी लगेकोमा १२ दिनसम्म काभ्रेस्थित ६ नं. वाहिनी भकुण्डेबेसीमा राखी पछि धुलिखेल कारागारमा २ महिनासम्म राखियो । त्यसपछि छानविन तथा अनुसन्धान गृह सुन्दरीजलमा ल्याई २ महिनाभन्दा बढी राखी ०६२।८।१५ मा विपक्षी भद्रबन्दी गृहमा स्थानान्तरण गरी हालसम्म सोही स्थानमा गैरकानूनी थनुामा राखिएको छ । सेनाको हिरासतमा रहँदा निवेदकलाई गरेको

कुटपीट र यातनाको कारणले शरीरको दायाँ भाग र खुट्टामा पक्षघात भएको छ । निजलाई ०६२।९।४ मा विपक्षी जिल्ला प्रशासन कार्यालयले आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजायँ) अध्यादेश, २०६२ को दफा ९ बमोजिम नजरबन्द आदेश दिए उपर यसै अदालतमा बन्दीप्रत्यक्षीकरणको निवेदन दायर गरेकोमा काबु बाहिरको परिस्थितिको कारणले तारेख गुज्री ०६३।१।२५ मा तामेलीमा राख्ने आदेश भएको छ। निजलाई हालसम्म पनि सोही आदेशकै आधारमा लगातार गैरकानूनी रुपमा थुनामा राखिएको छ । नियमित रुपमा उपचार गराउनु पर्ने निजलाई बिना उपचार गैरकानूनी थुनामा राखिएकोले निजको हकमा यो निवेदन लिई उपस्थित भएको छु ।

निजलाई दिएको नजरबन्द आदेशमा विस्फोटक पदार्थ साथमा राखी हिड्ने, आतङ्ककारी सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, चन्दा असूल उपर गर्ने र आतंक मच्चाउने जस्तो अवाञ्छित र आतङ्ककारी क्रियाकलाप गरी हिड्ने गरेका भन्ने उल्लेख भए पनि त्यस्तो अभियोगमा मुद्दा दायर गरिएको छैन । त्यसबाट निवेदकको निर्दोषिता भए पनि त्यस्तो अभियोगमा मुद्दा दायर गरिएको छैन । त्यसबाट निवेदकको निर्दोषिता पुष्टि भएको छ । उचित र पर्याप्त आधार बिना नजरबन्दमा राखी नागरिक हक अधिकारमा अनुचित बन्देज लगाई मौलिक हकको प्रचुर उल्लंघन भएको छ । पक्राउ परेको लामो अवधिसम्म पक्राउ भएको कारण सहितको सूचना नदिई केवल ६ महिनापछि आधार र कारण बिनाको नजरबन्द आदेश दिने र न्यायिक अधिकारी समक्ष पेश नगरी लगातार थुनामा राख्ने कार्य बदनियत तथा प्रवृत्त भावनाबाट प्रेरित छ। संविधानको धारा १४(५) बमोजिम पक्राउ परेका व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना यथाशक्य चाडो दिई थुनामा राख्नु पर्ने र धारा १४(६) बमोजिम त्यसरी पक्राउ परेको व्यक्तिलाई २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेमा सो बाध्यात्मक व्यवस्थाको पालना विपक्षीहरुबाट भएको छैन ।

विपक्षीहरुको उपरोक्त कार्यबाट निवेदकको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्रको धारा ६,७,९ र १४ द्वारा प्रत्याभूत हक तथा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११, १२, १४(५), (६) द्वारा प्रत्याभूत मौलिक हक हनन् भएकोले उक्त हकहरुले सुनिश्चित गर्न सर्वोच्च अदालत नियमावली,२०४९ को नियम ३२, ३३, ३४ र ३५ मा उल्लिखित प्रक्रिया बमोजिम निजलाई यस अदालतमा उपस्थित गराउन लगाई नियम ३६ र संविधानको धारा ८८(२) बमोजिम बन्दीप्रत्यक्षीकरण लगायत जो चाहिने आदेश वा पूर्जि जारी गरी निजको हकको संरक्षण गरी गैरकानूनी थुनाबाट मुक्त गरिपाऊँ भन्ने व्यहोराको रिट निवेदन ।

निवेदकको माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै कारण भए बन्दी सहित ०६३।२।१ मा लिखित जवाफ पेश गर्नु भन्ने समेतको यस अदालतबाट भएको कारण देखाउ आदेश ।

निवेदक कर्णखर गौतमलाई संयुक्त सुरक्षा फौजको गस्ती टोलीले मिति २०६२।९।३ गते बिहान साठीघर भगवतीस्थान गा.वि.स. वडा नं.३ मा घेराहाली पक्राउ गर्दा निजको साथबाट स्केट बम थान १ र माओवादी दस्तावेज पत्रिका समेत फेला पारी संयुक्त सुरक्षा फौजले जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकमा पेश गरी सो कार्यालयबाट सकेट बम दस्तावेजहरु सहित यस कार्यालयमा पेश गरेकोले निजलाई त्यसै छाड्दा कुनै पनि समयमा अप्रिय घटना घट्न सक्ने र शान्ति सुरक्षामा समेत खलल पुग्न सक्ने अवस्था रहेकोले आतङ्ककारी तथा विध्वंसात्मक कार्य र (नियन्त्रण र सजायँ) अध्यादेश २०६२ को दफा ९ बमोजिम यस कार्यालयबाट ०६२।९।४ को आदेश अनुसार नजरबन्दमा राखिएको हो । निजालई कुनै प्रकारले गैरकानूनी तरिकाले थुनामा राखिएको छैन र थुनुवा पूर्जि दिई कारागार शाखा काठमाण्डौं जगन्नाथ देवलमा नजरबन्दमा राखिएको छ । त्यसैले रिट निवेदन खारेज गरिपाऊँ भन्ने जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकको लिखित जवाफ ।

कारागार शाखाको नाउँमा म्याद तामेल भएको तर लिखित जवाफ पेश हुन नआई बन्दीलाई इजलाश समक्ष उपस्थित गराएको ।

नियम बमोजिम पेश हुन आएको प्रस्तुत रिट निवेदनमा आदेश बमोजिम उपस्थित गराइएका निवेदक बन्दीलाई रोहवरमा राखी निवेदक तर्फबाट विद्वान अधिवक्ता श्री हरिकृष्ण कार्कीले निवेदकलाई ०६२।३।१ देखि हालसम्म लगातार गैरकानूनी रुपमा थुनामा राखिएको, २०६२।९।४ मा मात्र नजरबन्दमा राखिएको पूर्जि दिइएको, नजरबन्दमा राख्नु पर्ने उचित र मनासिव आधार र कारण नभएको, नजरबन्द आदेशमा उल्लेख भए बमोजिमको कार्य उपर मुद्दा दायर गर्ने समेतको काम समेत नभएकोले निवेदकको थुनामा गैरकानूनी रहेकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निवेदकलाई थुनामुक्त गरिनु पर्छ भनी र विपक्षी तर्फबाट विद्वान उपन्यायाधिवक्ता श्री सुरेन्द्र बहादुर थापाले निवेदक आतङ्ककारी तथा विध्वंसात्मक कार्यमा संलग्न रहेको कारणबाट सुरक्षा फौजले पक्राउ गरी सुरक्षा अधिकारीको नजरबन्द आदेशबाट थुनामा राखिएको र त्यस्तो थुनामा राखेको कार्य कानुन अनुकूल नै हुँदा रिट खारेज हुनुपर्छ भनी वहस गर्नु भयो ।

उपरोक्त वहस बुंदा तथा निवेदकको रिट निवेदन जिकिर, विपक्षीहरुको लिखित जवाफ कथन र नजरबन्द आदेश समेत अध्ययन गरी हेर्दा निवेदकको माग बमोजिमको आदेश जारी गर्न मिल्ने, नमिल्ने सम्बन्धमा निर्णय गर्नुपर्ने हुन आयो ।

निर्णय तर्फ विचार गर्दा, यसमा निवेदकलाई ०६२।३।१ देखि पक्राउ गरी हालसम्म लगातार थुनामा राखिएको, ०६२।९।४ मा आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ) अध्यादेश, ०६२ को दफा ९ बमोजिमको नजरबन्द आदेश प्रदान गरिएको र सो आदेशमा उल्लिखित आधार र कारण उचित र पर्याप्त नभई निवेदकको थुना गैरकानूनी भएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनाबाट मुक्त गरिपाऊँ भन्ने निवेदन जिकिर र निवेदकबाट समेत बम र माओवादी दस्तावेज बरामद भएको र निजलाई त्यसै छाड्दा कुनै पनि समयमा अप्रिय घट्ना घट्न सक्ने र शान्ति सुरक्षामा समेत खलल पुग्न सक्ने अवस्था रहेकोले आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजायँ) अध्यादेश, ०६२ को दफा ९ बमोजिम नजरबन्दमा राखिएको भन्ने लिखित जवाफ कथन रहेको देखिन्छ ।

निवेदकलाई नजरबन्दमा राख्न २०६२।९।४ मा गरिएको आदेशमा विगत केही समयदेखि कथित माओवादी जुनयुद्धको पक्षमा लागि अबैध हातहतियार विस्फोटक पदार्थ (सकेट बम) साथमा राखी हिड्ने, आतङ्ककारी सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, सर्वसाधारणलाई डर त्राशमा पारी चन्दा असूल उपर गर्ने तथा आतंक मच्चाउने जस्ता अवांछित क्रियाकलाप गरी आतङ्ककारी गतिविधिमा संलग्न रहनु भएको देखिएको हुँदा तपाईलाई त्यसै छाडिदिइंदा नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता, सार्वजनिक शान्ति र सुव्यवस्थामा तत्काल खलल पर्नसक्ने भएकोले तपाईलाई उल्लिखित कार्यबाट रोक्न आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजायँ) अध्यादेश, २०६२ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी नजरबन्द आदेश जारी गरिएको भन्ने उल्लेख भएको देखिन्छ ।

उक्त नजरबन्द आदेशको व्यहोराबाट निवेदकलाई आतंकारी तथा विध्वंसात्मक कार्य सम्बन्धी अपराधमा अनुसन्धान गरी सक्षम अदालतमा मुद्दा दायर गर्नुपर्ने हुन्छ । तर सो कार्य भएको देखिदैन । निवारक नजरबन्द केवल कुनै कार्य नहुदै वा घट्ना नघट्दै त्यसलाई रोक्नका लागि पहिले गरिने निवारक उपाय हो तर कुनै कार्य भैसकेपछि वा घट्ना घटि सकेपछि त्यस्तो कार्य वा घट्नाका सम्बन्धमा निवारक नजरबन्द आकर्षित हुदैन । यस्तोमा सम्बन्धित अदालतमा मुद्दा दायर गरी न्यायिक अधिकारीको आदेशबाट मात्र थुनामा राख्ने गरी कानूनले प्रक्रिया निर्धारण गरेको छ । आतङ्ककारी र विध्वंसात्मक अपराधमा पनि

सोही अध्यादेशको दफा १५ बमोजिम सम्बन्धित पुनरावेदन अदालतमा मुद्दा दायर हुनुपर्ने हुन्छ । प्रस्तुत विवादमा आतङ्ककारी तथा विध्वंसात्मक कार्य भएको भनी पूर्जि दिइएको छ तर त्यस्तो कसूरमा मुद्दा दायर गर्ने गरेको देखिँदैन । यस्तो अवस्थामा निवारक नजरबन्दमा नै राख्न नमिल्नेमा निवारक नजरबन्दमा राखेकोलाई कानून अनुरुप भएको मान्न मिलेन । यस आधारमा निवेदकको थुना गैरकानूनी देखिन आएकोले निजलाई थुनाबाट मुक्त गरिदिनू भनी विपक्षीहरुका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ । निवेदकलाई यस अदालतका रजिष्ट्रारको रोहवरमा थुनामुक्त गरिदिनू भनी आज यसै इजलाशबाट छुट्टै आदेश भइसकेकोले केही गरिरहन परेन । विपक्षीको जानकारीको लागि प्रस्तुत आदेशको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालय मार्फत पठाई दिनू । मिसिल नियमानुसार गरी बुझाइ दिनू ।

उक्त रायमा म सहमत छु ।

न्या. केदारप्रसाद गिरी

संवत् २०६३ साल जेष्ठ १ गते रोज २ शुभम् ।

सर्वोच्च अदालत, बृहत पूर्ण इजलास
माननीय प्रधान न्यायाधीश श्री दिलीपकुमार पौडेल
माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी
माननीय न्यायाधीश श्री रामनगिना सिंह
माननीय न्यायाधीश श्री अनुपराज शर्मा
माननीय न्यायाधीश श्री खिलराज रेग्मी

संवत् २०६३ सालको रिट पूर्ण इजलास नं. १६

आदेश मिति २०६३।२।२१।१

विषय: बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी गैरकानूनी थुनाबाट मुक्त गरिपाऊँ ।

निवेदक : का.जि.का.म.न.पा. वडा नं. ४ विशालनगर घर भई हाल पहरागण त्रिपुरेश्वरमा थुनामा रहेको वर्ष ६२ को रमेशनाथ पाण्डेको हकमा टीकाराम अधिकारी

विरुद्ध

विपक्षी : श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार समेत

- **निवारक नजरबन्द सम्बन्धी संवैधानिक व्यवस्था, तत्सम्बन्धी कानूनी व्यवस्था र त्यससँग सम्बन्धित विवादहरूमा अदालतबाट प्रतिपादित सिद्धान्त अविचलित र यथास्थितिमा रहिरहेको अवस्थामा त्यसको प्रयोग र परिपालनामा २०६३।१।११ को घोषणा र परिवर्तित विशेष परिस्थितिको सम्बन्धमा भैरहेको कानूनी व्यवस्था एवं प्रतिपादित कानूनी सिद्धान्तको परिपालनामा जटिलता भएको भन्ने परिकल्पना गर्नु कानूनको शासन अनुकूल हुन नजाने ।**

- **ऐनमा परेको वाक्यलाई एकमुष्टरुपमा उल्लेख गरी नजरबन्द आदेश जारी गरिएकोमा ऐनमा परेको वाक्य उल्लेख गर्नु मात्र नजरबन्दमा राख्नको लागि पर्याप्त नभै त्यसमा लिइएको आधार र कारण उचित र पर्याप्त देखिनुपर्ने ।**

- **आदेशमा उल्लेख भएका कुराहरू निवेदकलाई दिइएको पूर्जिमा उल्लेख गरिएको भनी लिइएको जिकिर मात्रले ऐनले तोकेको अनिवार्य कार्यविधि पूरा भएको मान्न नसकिने अवस्थामा निवेदकलाई नजरबन्द आदेश जारी गरी थुनामा राखेको विपक्षीको निर्णय र कामकारवाहीलाई कानूनअनुरुप मान्न नसकिने ।**

आदेश

- न्या. मीनबहादुर रायमाझी

१. नेपाल अधिराज्यको संविधान,२०४७ को धारा २३ र ८८(२) अन्तर्गत यस अदालतमा दायर भई सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ को उपनियम (१) को खण्ड (घ) बमोजिम

संयुक्त इजलासको २०६३।२।१४ को आदेश अनुसार यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र यस अदालतको आदेश यसप्रकार छः

२. निवेदक लामो समयसम्म पत्रकारीता गरी राष्ट्रियसभाको सदस्य भई विभिन्न समयमा मन्त्री पद सम्हालेको र पछिल्लो समयमा श्री ५ को अध्यक्षतामा गठित मन्त्रीमण्डलमा समेत परराष्ट्रमन्त्रीको जिम्मेवारी पाई आफ्नो ज्ञान र विवेकले भ्याएसम्म नेपाल र नेपालीको हितमा काम गरिआएको व्यक्ति निवेदक हुँ । कुनै राजनीतिक क्रियाकलाप नगरी आफ्नो घरमा नै बसिराखेको अवस्थामा मिति २०६३।१।२९ मा विपक्षी निकायका प्रहरी कर्मचारी आई सार्वजनिक सुरक्षा ऐन, २०४६ बमोजिमको नजरबन्दको पूर्जि दिई हाल पहरागण त्रिपुरेश्वरमा कानून विपरीत थुनामा राखिएको छ । सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ को पूर्ववस्था हुनुपर्ने, दफा ४.१ बमोजिम आदेशको प्रतिलिपि दिनुपर्ने र उचित एवं पर्याप्त आधार बेगर नजरबन्दमा राख्न नमिल्ने भनी यस अदालतबाट धेरै मुद्दामा नजिर स्थापित गरेको हुँदाहुदै पनि विपक्षी निकायले निवेदकलाई कानून विपरीत थुनामा राखेकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनाबाट मुक्त गरिनुपर्ने अवस्था विद्यमान छ भन्दै निम्नानुसारको जिकिर लिनु भएको छ ।

(१) नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १५ को उपधारा (१) मा नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्तिमा खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि नजरबन्दमा राखिने छैन भन्ने कानूनी व्यवस्था रहेको छ। निवेदकलाई दिइएको नजरबन्द पूर्जिमा गोप्य बैठक लगायत षड्यन्त्र गरेको भनिएको छ । मैले कुनै बैठक र षडयन्त्र गरेको छैन, बैठक गरेको प्रमाणित पनि छैन र बैठक गर्ने कुरालाई प्रचलित नेपाल कानूनले रोक लगाएको छैन । यस्तो अवस्थामा सार्वजनिक सुरक्षा ऐन, २०४६ प्रयोग गर्न मिल्दैन । यो कार्य संविधानको धारा १५(१) को विपरीत छ ।

(२) सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ को प्रयोग कुनै कामकुरा गर्नबाट रोक्नको लागि मात्र जारी हुन सक्छ, भइसकेको काम कुरामा यो दफा प्रयोग हुन सक्तैन । प्रयोग गर्दाको अवस्थामा पनि उचित र पर्याप्त आधार हुनुपर्छ । निवेदकलाई दिएको पूर्जिमा उल्लेख भएको कुरा प्रमाणित हुने कुनै उचित र पर्याप्त आधार छैन । त्यसैले सो पूर्जि उक्त दफा ३.१ को विपरीत छ ।

(३) सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ अन्तर्गतको कुनै आदेश जारी गर्दा सोही ऐनको दफा ४.१ बमोजिम स्थानीय अधिकारीले त्यस्तो आदेश जारी गर्नुपर्ने कारण र आधार खुलाई सो आदेश सम्बन्धित व्यक्तिलाई दिनुपर्ने तथा त्यसको प्रतिलिपि सहितको जानकारी गृह मन्त्रालयलाई समेत दिनुपर्ने व्यवस्था रहेको छ । त्यस्तो प्रतिलिपि निवेदकलाई दिइएको छैन । यसबाट कानूनबमोजिम बाहेक व्यक्तिगत स्वतन्त्रता अपहरण नहुने संविधानको धारा १२(१) को समेत उल्लंघन भएको छ ।

(४) सार्वजनिक सुरक्षा ऐन, २०४६ अन्तर्गत नजरबन्दमा राखिएका बन्दीप्रत्यक्षीकरणका प्रायः सबै मुद्दामा उचित आधार र कारण नखोलिएको तथा आदेशको प्रतिलिपि नदिइएको आधारमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने गरी यस अदालतबाट सिद्धान्त प्रतिपादित भइरहेका पनि छन् ।

३. उपरोक्त निवेदन उपर प्रारम्भिक सुनवाई गरी यस अदालतको एकल इजलासबाट निवेदकको मागबमोजिमको आदेश जारी हुनु नपर्ने सम्बन्धमा ३ दिनभित्र विपक्षीहरूबाट लिखित जवाफ मगाउने र यो निवेदनको प्रतिलिपि एवं प्रस्तुत आदेशको व्यहोरा समेत निवेदकलाई सुनाई सो निवेदन निजको इच्छा वा सहमतिमा दिइएको हो, होइन निजको कागज गराई लिखित जवाफ सँगै पठाउन निवेदक बन्दी रहेको स्थानमाा लेखी पठाउनु भन्ने व्यहोराको कारण देखाई आदेश जारी भएको देखिन्छ ।

४. उक्त आदेशानुसार सबै विपक्षीबाट लिखित जवाफ प्राप्त भएको छ । विपक्षी मध्येको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ मा त्यस कार्यालयको के कस्तो कामकारवाहीबाट निवेदकको के कस्तो हक अधिकारको हनन् भएको हो, त्यसको स्पष्ट जिकिर नलिई बिना आधार र कारण त्यस कार्यालयलाई विपक्षी बनाएको हुँदा रिट खारेज हुनुपर्ने भन्ने उल्लेख गरिएको देखिन्छ भने अर्को विपक्षी गृह मन्त्रालयको लिखित जवाफ मा रिट निवेदकले जन आन्दोलनबाट प्राप्त जनताको सार्वभौमसत्ता र जनअधिकारलाई खलल पुऱ्याउने किसिमको गोप्य बैठक लगायतका षडयन्त्रमूलक क्रियाकलाप गरिरहेको भन्ने बुझिन आएकोले त्यस्तो कार्य गर्नबाट नरोकेमा नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्नसक्ने हुँदा उक्त कृयाकलाप गर्नबाट रोक्न जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख जिल्ला अधिकारीले निज रिट निवेदकलाई सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ बमोजिम २०६३।१।२९ देखि लागू हुने गरी नब्बे दिनसम्म नजरबन्दमा राख्ने आदेश जारी गरी तदनुरुप पूर्जि दिई नजरबन्दमा राखेको बुझिन आएकोले कानूनद्वारा तोकिएको प्रक्रिया बमोजिम भएको कामकारवाहीबाट निवेदकको मौलिक हक हनन् भएको भन्न नमिल्ने हुँदा रिट खारेज गरिपाऊँ भन्ने उल्लेख गरिएको पाइन्छ ।

५. विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौंको लिखित जवाफ मा २०६३।१।११ को परिवर्तन पश्चात रिट निवेदक परराष्ट्र मन्त्रीबाट पदमुक्त हुनु भएको र जन आन्दोलनबाट प्राप्त जनताको सार्वमौमसत्ता र जनअधिकारलाई उल्टाउने उद्देश्यले सार्वजनिक शान्ति र सुव्यवस्था खलल पुऱ्याउने, जन आन्दोलन ताका प्रयोग गरेका भिजिलान्ते परिचालन गर्न गोप्य बैठक लगायत शान्ति सुरक्षामा खलल पुऱ्याउने किसिमको षडयन्त्रमूलक क्रियाकलाप गरिरहेको भन्ने मिति २०६३।१।२९ मो प्रहरीको प्रतिवेदन प्राप्त हुन आएकोले निजलाई त्यस्तो कार्यबाट नरोकेमा नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता, सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्नसक्ने हुँदा उक्त ऐनको दफा ३.१ बमोजिम २०६३।१।२९ बाट लागू हुने गरी ९० दिन नजरबन्दको आदेश पूर्जि समेत जारी गरी प्रहरी पहरागण त्रिपुरेश्वरमा नजरबन्दमा राखिएको हो । नजरबन्दमा राख्दा उक्त ऐनको दफा ४.१ बमोजिम पूरा गर्नुपर्ने सम्पूर्ण कार्यविधि पूरा गरिएको छ । सार्वजनिक सुरक्षा ऐन, २०४६ विशेष परिस्थितिमा प्रयोग हुने प्रकृतिको ऐन भएको र जन आन्दोलनबाट २०६३।१।११ पश्चात विकसित भएको परिस्थितिको कारण देशको सार्वभौमसत्ता, अखण्डता, सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्नसक्ने कार्य र गतिविधिलाई रोक्नु पर्ने कानूनी दायित्व उक्त ऐन बमोजिम स्थानीय अधिकारीको भएकोले सो दायित्को वहन गरिएको हो । सार्वजनिक सुरक्षा ऐन भविष्यमा घट्न सक्ने सम्भावित घटना रोक्नको लागि प्रयोग हुने विशेष प्रकृतिको कानून हो । निवेदकको कार्य तथा गतिविधि नरोक्दा नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्नसक्ने संभावना रहेको हुँदा त्यस्तो कार्य गर्नबाट रोक्न पर्ने आधार र कारण नजरबन्दको आदेश तथा पूर्जिमा उल्लेख गरी रिट निवेदकलाई पूर्जि दिई कानूनबमोजिम नजरबन्दमा राखिएको हो ।

६. प्रजातान्त्रिक समाज र देशमा निवारक नजरबन्दलाई आवश्यक खराबीको रुपमा स्वीकार गरिएको हुन्छ । भविष्यमा कुनै व्यक्तिबाट शान्ति र व्यवस्थामा खलल पर्नसक्ने संभावनालाई रोक्ने उद्देश्यले निवारक नजरबन्द अनिवार्य मानिन्छ । जन आन्दोलन दमन गर्न रिट निवेदक लागि पर्नु भएको र जन आन्दोलनको सफलता पश्चात स्थापित भएको नेपाली जनतामा अन्तरनिहित सार्वभौमसत्ता र राजकीय सत्तालाई प्रतिक्रान्तिद्वारा उल्टाउन निजले षडयन्त्र गर्ने, देशमा अराजकता र अशान्तिको अवस्था सिर्जना गरी मूलुकको शान्ति र सुव्यवस्थामा खलल पुऱ्याउने उद्देश्यले गोप्य बैठक गरी पूर्व सरकारका समर्थकहरू परिचालन गर्ने तैयारी गर्नु भएकोले त्यस्तो कार्य गर्नबाट रोक्नु आवश्यक थियो । देशमा भएको राजनीतिक परिवर्तन पश्चात उत्पन्न विशेष परिस्थितिका कारण रिट निवेदकबाट विगतमा गरिएको कार्य तथा वर्तमानमा निजबाट गरिएका गोप्य बैठक लगायतका क्रियाकलाप रोक्न कानूनबमोजिम नजरबन्दमा राख्ने कार्य गरिएकोले गैरकानूनी थुना भन्न नमिल्ने हुँदा रिट खारेज गरिपाऊँ भन्ने उल्लेख भएको छ ।

७. विपक्षीमध्येको निवेदकलाई नजरबन्दमा राखिएको प्रहरी पहरागण त्रिपुरेश्वरको लिखित जवाफ मा जिल्ला प्रहरी कार्यालय काठमाडौंबाट निवेदकलाई थुनामा राखिएको, त्यस कार्यालयले निवेदकलाई राख्ने ठाउँसम्म उपलब्ध गराएको, बन्दीलाई मानवोचित व्यवहारका साथ स-सम्मान पूर्ण सुविधा उपलब्ध गराई सुरक्षापूर्वक राखिएको, के कुन व्यहोराले थुनामा राखिएको हो, कति दिन सम्म राख्नुपर्ने हो, सो कार्यालयलाई कुनै जानकारी नभएको र निवेदकको संवैधानिक एवं कानूनी हकमा सो कार्यालयले आघात नपुऱ्याइएकोले रिट खारेज गरिपाऊँ भन्दै निवेदकलाई गराइएको सनाखत कागज समेत साथै पठाइएको भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ ।

८. विपक्षीहरूबाट लिखित जवाफ पेश भएपछि सुनवाईको लागि संयुक्त इजलासमा पेश भएकोमा सो इजलासबाट सुनवाई भई नेपाल अधिराज्यको संविधान, २०४७ लागु भए पश्चात सार्वजनिक सुरक्षा ऐन,२०४६ मा २०४८ सालमा भएको दोश्रो संशोधनले उल्लेख गरेको सो ऐनको प्रस्तावना, दफा ३.१ र ४.१ को सन्दर्भमा यस अदालतको विशेष इजलासबाट २०५४ सालको रिट २३४५ निवेदक कृष्णध्वज खडका विरुद्ध श्री ५ को सरकार भएको बन्दीप्रत्यक्षीकरणको रिट निवेदनम मिति २०५४।८।६ मा भएको आदेश एवं २०५४ सालको रि.पू.ई.नं. ५२ निवेदक वेनोज अधिकारी विरुद्ध श्री ५ को सरकार भएको बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा यस अदालतको पूर्ण इजलासबाट मिति २०५४।६।१० मा भएको आदेश र उक्त आदेशलाई अनुशरण गर्दै यस अदालतको संयुक्त इजलासहरूबाट सिद्वान्त प्रतिपाादन भई आएकोमा मिति २०६३।१।११ को घोषणा र परिवर्तित विशेष परिस्थितिको सन्दर्भमा उपरोक्त कानूनी व्यवस्था तथा प्रतिपादित सिद्धान्तको परिपालनामा जटिलता उत्पन्न भई सो को निरोपण यस अदालतको ३ जना भन्दा बढी न्यायाधीशहरू रहेको पूर्ण इजलासबाट हुन उपयुक्त देखिंदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ को उपनियम (१) को खण्ड (घ) बमोजिम पूर्ण इजलास समक्ष पेश गर्नु भनी २०६३।२।१४ मा आदेश भएको देखिन्छ ।

९. संयुक्त इजलासको उपरोक्त आदेश बमोजिम यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदक तर्फबाट विद्वान वरिष्ट अधिवक्ता तथा विद्वान अधिवक्ताबाट निम्नलिखित वहस जिकिर प्रस्तुत भएको छ ।

वरिष्ठ अधिवक्ता श्री गणेशराज शर्माः

निवेदकलाई पक्राउ गर्नुपर्ने आधार र कारणहरू उल्लेख गरी पक्राउको आदेशको आधारमा थुनामा राख्ने पूर्जि दिनुपर्ने कुरा सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ र ४.१ मा उल्लेख भएकोमा निवेदकलाई थुनामा राख्ने पूर्जि मात्र दिइएको छ, ऐन बमोजिमको आदेशको प्रतिलिपि दिइएको छैन । ऐनको ४.२ को व्यवस्था अनुसार व्यक्तिलाई नजरबन्दमा राख्ने जिल्लाको जिल्ला अदालतलाई २४ घंटा भित्र आदेशको प्रतिलिपि पठाउनु पर्ने बाध्यात्मक कानूनी व्यवस्थाको अनुशरण भएको छैन । यस्तै प्रतिलिपि पठाई सूचीत नगरेको त्रुटिको आधारमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी भएका नजीरहरू प्रशस्त छन् । निवेदकलाई प्राप्त पूर्जिको स्वरुप र व्यहोरा हेर्दा व्यक्ति विशेषकाो बारेमा छानविन र विचार भई नजरबन्दमा राख्ने निर्णय भएको नभई पक्राउ गरिसकेपछि मात्रै थुनामा राख्नको लागि पूर्जि दिइएको स्पष्ट देखिन्छ । यान्त्रिक ढाँचाको एउटै प्रकारको पूर्जि निवेदक लगायतका यसैसाथ पेश भएका अन्य निवेदकहरूलाई समेत दिइएको छ । यो ढाँचा यथार्थमा थुनुवा पूर्जि हो तर ऐनले आदेशको प्रतिलिपि नै दिनुपर्ने अनिवार्य ठानेको छ । ऐनको दफा ३.१ र ४.१ अन्तर्गत निर्धारीत उचित र पर्याप्त पूर्वावस्था हुनै पर्ने, त्यस्तो आधार विश्वास गर्न सकिने हुनुपर्ने, आदेशमा उल्लिखित सम्भावना वस्तुगत र तथ्यत हुनुपर्ने, उल्लेख गरिएका कार्यहरू भरपर्दो तथ्यबाट पुष्टि नभएको अवस्थामा केवल प्रहरी प्रतिवेदन पर्याप्त नहुने, भइसकेको अपराधिक कार्यको लागि निवारक नजरबन्दको आदेश जारी हुन नसक्ने भनी यस अदालतबाट विभिन्न समयमा प्रशस्त व्याख्या भई नजीर कायम गरिएको छ पूर्जिमा लेखिए बमोजिमको गोप्य बैठक कहिले, कुन ठाउँमा, कस कसका साथ भएको हो ? त्यसको कुनै उल्लेखन लिखित जवाफ मा समेत दिन सकिएको छैन । संविधानद्वारा प्रदत्त नागरिकका विभिन्न मौलिक हक र स्वतन्त्रताहरूको प्रयोग राज्यको कुनै निकायलाई असैह्य भए पनि ती संरक्षित छन् र कानूनको यथोचित प्रक्रिया बाहेक कुनै पनि नागरिकलाई त्यसबाट वञ्चित गर्न मिल्दैन । पञ्चायतकालीन कठोर शासन व्यवस्था रहँदाका बखतमा यज्ञमूर्ति बन्जाडे समेतका मुद्दा (ने.का.प. २०२७, पृष्ठ १५७, प्रकरण २०) मा यस अदालतले प्रजातान्त्रिक व्यवस्था र अधिनायकवादी व्यवस्थामा स्वतन्त्रताको मात्रामा फरक हुन्छ भन्दै प्रजातान्त्रिक व्यवस्थामा स्वतन्त्रताको मात्रा बढी हुने हुनाले कुनै काम कानूनले गर्न हुन्न भनी मनाही गरेको छैन भने गर्न हुन्छ भन्ने व्याख्या भएको छ । यस परिप्रेक्ष्यमा निवेदकले कुनै बैठक गर्न नपाउने, राज्यसँग कुनै असहमति पनि व्यक्त गर्न नपाउने र प्रहरी उपस्थित राखि बैठक गर्ने जस्ता हास्यास्पद निष्कर्ष हुनसक्ने आधारमा व्यक्तिको वैयक्तिक स्वतन्त्रतालाई अपहरण गरी निवारक नजरबन्दमा राख्ने नजीर यस अदालतबाट कदापि स्थापित हुन सक्तैन । तसर्थ निवेदकलाई नजरबन्दमा राखिएको आदेश अमान्य गरी अविलम्ब मुक्त गर्ने आदेश जारी हुनुपर्छ ।

अधिवक्ता बालकृष्ण नेउपानेः

परिवर्तित राजनीतिक परिस्थितिको कारणबाट निवेदकलाई नजरबन्दमा राखिएको भए पनि नेपाल अधिराज्यको संविधान, २०४७ ले सबै नागरिकलाई प्रदान गरेको मौलिक हक र स्वतन्त्रताहरू निवेदकलाई समेत प्रदत्त छन् । संविधानको धारा ८८(२) बमोजिम संवैधानिक उपचार निवेदकले नपाउने कुरै छैन । संकटकालीन अवस्थामा समेत निलम्बन हुने बन्दीप्रत्यक्षीकरणको उपचार अन्य अवस्थामा निस्क्रीय हुनसक्दैन । नेपाल अधिराज्यको संविधान, २०४७ र सुरक्षा सम्बन्धी कानून यथावत छन् । सार्वजनिक सुरक्षा ऐन, २०४६ नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता, सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्नसक्ने आशंका भएको अवस्थामा प्रयोग हुनसक्नेमा गोप्य बैठक लगायतका षडयन्त्रमूलक क्रियाकलाप गरेको भनी भइसकेको कार्यमा निवेदकलाई नजरबन्द थुनामा राखिएको कानूनसम्मत छैन । निवेदकको के कस्तो कार्यबाट सार्वभौमसत्ता, अखण्डता, सार्वजनिक शान्ति र व्यवस्थामा खलल परेको भन्ने पूर्वावस्थाको

समेत अभाव छ । सार्वजनिक सुरक्षा ऐन, २०४६ को ४.१ बमोजिमको आदेश निवेदकलाई प्रदान गरिएको छैन । सम्बन्धित अदालत र गृह मन्त्रालयलाई जानकारी दिनुपर्ने प्रक्रिया समेत अवलम्बन भएको छैन । निवेदकलाई प्रदान गरेको थुनुवा पूर्जिमा थुनामा रहने स्थान पनि उल्लेख गरिएको छैन । यस अदालतबाट बन्दीप्रत्यक्षीकरणका विभिन्न मुद्दामा विचार धाराको प्रचार गर्न पाइने, गरिसकेको काममा निवारक नजरबन्दमा राख्न नपाउने, उचित र पर्याप्त आधार र कारण हुनुपर्ने गरी व्याख्या भई नजीर कायम भएका छन् । त्यसैले कानूनको आधारभूत प्रक्रिया पूरा नगरी निवेदकलाई थुनामा राखिएको गैरकानूनी हुँदा थुनाबाट मुक्त हुने आदेश जारी हुनुपर्छ ।

अधिवक्ता विष्णुप्रसाद भट्टराईः

नेपाल अधिराज्यको संविधान, २०४७ र सार्वजनिक सुरक्षा ऐन,२०४६ यथावत रहेकोले उक्त संविधान र ऐनको परिधिभन्दा बाहिर गई नजरबन्दमा राख्न मिल्दैन । संविधान र सुरक्षा कानून यथावत रहेकोले विशेष परिस्थिति विद्यमान छैन । २०६१।१।११ पछिको परिवर्तित परिस्थिति नागरिकको हक र स्वतन्त्रतालाई संकुचित गर्न आएको नभई बढी सुनिश्चित गर्न आएकोले परिवर्तित परिस्थितिको कारण निवेदक थुनामा रहनु पर्ने वा वैयक्तिक स्वतन्त्रता गुमाउनु पर्ने कुनै कानूनसम्मत र तर्कसङ्गत आधार छैन । यस सम्बन्धमा यस अदालतबाट प्रतिपादित सिद्धान्त यथावत छन् र ती सिद्धान्त कहिल्यै अप्रासंगिक हुंदैनन् । देवशंकर पौडेलको मुद्दा (स.अ. बुलेटिन, ०६२ पूर्णाङ्क ३१० पृष्ठ १५) मा प्रहरी प्रतिवेदनको आधारमा राखिएको नजरबन्द आदेश गैरकानूनी हुने भनी, ने.का.प. २०६१ अंक १ पृष्ठ ६५ मा सार्वभौमसत्ता अखण्डता, सार्वजनिक शान्ति र व्यवस्थामा खलल पुऱ्याएको भन्ने अलग-अलग शब्द भएकोले सँगोलको भाषा प्रयोग गरी नजरबन्दमा राख्न मिल्दैन भनी, ने.का.प. २०६१ पृष्ठ १९० मा कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता हनन् गर्दा Substantive & Procedural Due Process लाई अनिवार्य रुपमा अनुशरण गर्नु पर्छ भनी यस अदालतबाट प्रतिपादित नजीर निवेदकका हकमा ज्यादै सान्दर्भिक छन् । ०६३।१।११ पछिको परिवर्तन २०४७ सालको संवैधानिक परिस्थितिलाई Deviate गर्न नभई strengthen गर्नका लागि भएको हो । निवेदकले ०६३।१।११ पछिको परिस्थितिलाई कमजोर पार्ने किसिमको कुनै कामकारवाही नगरेको र कानूनको अनिवार्य प्रक्रिया पूरा नगरी नजरबन्दमा राखिएकोलाई कानूनसम्मत मान्न नमिल्ने हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरिनु पर्छ ।

१०. यसै गरी विपक्षी तर्फबाट लिखित जवाफ लाई समर्थन गर्दै विद्वान महान्यायाधिवक्ता एवं नायव महान्यायाधिवक्ता द्वयबाट निम्न बमोजिमको वहस प्रस्तुत हुन आएको छ ।

महान्यायाधिवक्ता श्री यज्ञमूर्ति बन्जाडेः

संविधानको सर्वोच्चता कि संसदको सर्वोच्चता भन्ने कुरा निवेदन र लिखित जवाफ मा उठेको छैन, वहसमा उठाइएको कुरा भएकोले त्यस तर्फ इजलास प्रवेश गर्न उपयुक्त छैन । मूलतः निवेदकलाई थुनामा रोखेको कानूनसम्मत छ, छैन त्यसैमा सीमित रहनु पर्छ । Magnacarta र Bill of Rights संसदले बनाएका कानून थिएनन्, घोषणा थिए, ती आफैमा संविधान र कानून नभए पनि संविधान र कानूनको मान्यता ग्रहण गरेका छन् । २०६१।१।११ को शाही घोषणाले राजकीयसत्ता जनतामा सीमित गरेको छ र आन्दोलरत सात दलको मार्गचित्रलाई मान्यता प्रदान गरेको छ । २०६३।२।४ को प्रतिनिधिसभाको घोषणाले सो घोषणासँग बाझिए जति कानून बदर हुने व्यवस्था गरेको छ । निवेदकको थुना संवैधानिक, कानूनसम्मत र जनचाहना अनुकूल छ । संविधानको धारा १२(२) अन्तर्गतको स्वतन्त्रता निवेदकलाई भएपनि त्यस्तो स्वतन्त्रताको प्रयोगमा कानून बनाई रोक लगाउने अधिकार राज्यलाई प्राप्त छ । त्यस अन्तर्गत सार्वजनिक सुरक्षा ऐन, २०४६ को प्रयोग भएको हो । निवेदकले देशको शान्ति र सुरक्षामा खलल

पुऱ्याउन सक्ने Immediate threat को अवस्था रहेकोले थुनामा राखिएको हो । अगाडि पनि केही कामकारवाही गरेको र त्यस्तो कार्य पछि पनि हुनसक्ने अवस्थाको सन्तुष्टि सुरक्षा अधिकारीलाई भएमा नजरबन्दमा राख्न सकिन्छ । यो आम मान्यता हो । यसमा प्रमााणबाट पुष्टि गरिरहनु पर्दैन । अहिलेको राजनीतिक परिवर्तन सानोतिनो होइन, ठूलो परिवर्तन (Regime change) भएको हो । निवेदक सार्वभौमसत्ता राजामै निहित हुनुपर्छ भनी मान्यता राख्ने, लेख लेख्ने र भाषण गर्ने व्यक्ति हुनुहुन्छ । हाल असहज र विशेष परिस्थिति विद्यमान छ । यस्तै परिस्थितिमा सार्वजनिक सुरक्षा ऐनको प्रयोग हुन्छ । सो ऐन बमोजिम आदेश र पूर्जि अलग-अलग दिइनु पर्ने जरुरी छैन । दफा ४.१ अन्तर्गतको कुरा उल्लेख गरी निवेदकलाई पूर्जि दिइएको छ । आदेश जारी गर्नु पर्नाको आधार र कारण पूर्जिमा खुलाइएकै छ । गृह मन्त्रालय र जिल्ला अदालतलाई जानकारी गराइएको छ । मानवोचित ठाउँमा थुनामा रहेकोले पूर्जिमा नै सो कुरा उल्लेख हुनु जरुरी छैन । आफूलाई यस ठाउँमा थुनामा राखेको भनी निवेदनमा पनि खुलाइएको अवस्था छ । २०६१।१।११ भन्दा अगाडि र पछाडिका थुनाको स्थिति फरक-फरक हो । अहिलेको थुना जनताले प्राप्त गरेको उपलब्धिलाई संरक्षण गर्ने उद्देश्यले राखिएकोले पहिलेको निरंकुश शासनको परिप्रेक्ष्यमा प्रतिपादित सिद्धान्त हाल आकर्षित हुनसक्दैनन् । अशान्ति र उपद्रव मच्याउने उद्देश्यको बैठक भएकोले त्यस्तो गोप्य बैठकलाई गैरकानूनी ठहर गरी थुनामा राख्ने आधार बनाइएको हो । कानूनसम्मत र जनचाहना अनुकूलका कामकारवाहीका विरुद्ध दायर गरिएको रिट खारेज हुनुपर्छ ।

नायव महान्यायाधिवक्ता श्री द्रोणराज रेग्मीः

सार्वजनिक सुरक्षा ऐन, २०१८ अस्तित्वमा रहँदा सार्वजनिक सुरक्षा नियमावली, २०१९ जारी भई कार्यविधिको व्यवस्था गरेको थियो तर सार्वजनिक सुरक्षा ऐन, २०४६ को कार्यविधिलाई व्यवस्थित गर्ने छुट्टै नियमावली नबनेको कारणले कार्यविधिगत अन्यौलता परिरहन्छ र कार्यविधि पूरा नगरिएको आधारमा बन्दीप्रत्यक्षीकरणको रिट जारी हुने गरेको यथार्थता हामीसँग छ । प्रहरी ऐन, २०१२ ले प्रहरी कर्मचारीलाई शान्ति सुरक्षा बारे सूचना दिनुपर्ने कर्तव्य तोकेको छ । सो कर्तव्य प्रहरीबाट पूरा गर्ने क्रममा निवेदकहरूले गोप्य बैठक गरी षडयन्त्र गरेको भन्ने प्रतिवेदन दिइएको र सो प्रतिवेदनमा औल्याइएका कुराहरूमा स्थानीय सुरक्षा अधिकारी सन्तुष्ट भई सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ बमोजिमको पूर्जि निवेदकलाई दिइएको हो । सो पूर्जिमा नजरबन्दमा राख्नुपर्ने उचित आधार र कारण खोलिएको छ । पूर्जिमा नै आधार र कारण खोलिएको अवस्थामा छुट्टै आदेशसहितको पूर्जि दिनु आवश्यक छैन । निवेदकले गोप्य बैठक लगायतका षडयन्त्रमूलक क्रियाकलाप गरी देशको सार्वभौमसत्ता, अखण्डता, सार्वजनिक शान्ति र व्यवस्थामा खलल पुऱ्याउने सम्भावना रहेको भनी पूर्जिमा उल्लेख गरिएकोले आधार र कारण नभएको मान्न मिल्दैन । आधार र कारण नखोली पूर्जि दिइएका र नजरबन्दमा राखिएका बन्दीप्रत्यक्षीकरणका मुद्दामा विगतमा गरिएका व्याख्या हालको नयाँ परिस्थितिमा आधार र कारण खोली दिइएका पूर्जिका सन्दर्भमा लागू हुनसक्दैनन् । हालको विशेष परिस्थितिलाई यस अदालतले विशेष रुपमा नै ग्रहण गरी व्याख्या गर्नु पर्छ ।

नायव महान्यायाधिवक्ता श्री नरेन्द्रप्रसाद पाठकः

नजरबन्द आदेशको परीक्षण गर्दा संविधान र कानूनले अख्तियारी प्रदान गरेको छ, छैन ? कानूनले तोकको अधिकारीले त्यस्तो आदेश दिएको छ कि छैन ? त्यस्तो आदेश असल नियतले गरिएको छ कि छैन ? भन्ने जस्ता कुराहरूलाई आधार वा मापदण्ड बनाउने गरिन्छ । प्रस्तुत सन्दर्भमा संविधानको धारा १२(२) र १५ तथा सार्वजनिक सुरक्षा ऐन, २०४६ बमोजिम स्थानीय अधिकारीले आधार र कारण खोली पूर्जि जारी गरिएको र देशको सार्वभौमसत्ता, अखण्डता, सार्वजनिक शान्ति र व्यवस्था कायम राखी राख्नका लागि असल नियतले नजरबन्दमा राखिएको अवस्था हुँदा निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने अवस्था विद्यमान छैन, रिट खारेज हुनुपर्छ ।

उपरोक्त वहस, निवेदन जिकिर, लिखित जवाफ र निर्णयपर्चा सहितको सम्बन्धित सक्कल फाइल समेत अध्ययन गरी हेर्दा यसमा निम्नलिखित प्रश्नहरूको निरोपण यस इजलासले गर्नुपर्ने देखियो ।

(१) संयुक्त इजलासको आदेश बमोजिम निवारक नजरबन्द सम्बन्धी कानूनी व्यवस्था र तत्सम्बन्धमा यस अदालतबाट प्रतिपादित सिद्धान्तको परिपालनामा जटिलता उत्पन्न भएको हो, होइन ?

(२) निवेदकलाई नजरबन्द राख्दा प्रचलित कानून र यस अदालतबाट प्रतिपादित सिद्धान्तको परिपालना भएको छ, छैन ?

(३) निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने हो, होइन ?

११. पहिलो प्रश्न तर्फ विचार गर्दा, प्रस्तुत निवेदन सुनवाइको लागि संयुक्त इजलासमा पेश भएकोमा सो इजलासबाट सार्वजनिक सुरक्षा ऐन, २०४६ को प्रस्तावना तथा दफा ३.१ र ४.१ को सन्दर्भमा यस अदालतबाट विभिन्न सिद्धान्त प्रतिपादन भइ आएकोमा मिति २०६३।१।११ को घोषणा र परिवर्तित विशेष परिस्थितिमा सार्वजनिक सुरक्षा ऐनको कानूनी व्यवस्था र प्रतिपादित सिद्धान्तको परिपालनामा जटिलता उत्पन्न भई त्यसको निरोपण यस अदालतको ३ जना भन्दा बढी न्यायाधीशहरू रहेको पूर्ण इजलासबाट हुन उपयुक्त देखिएको भन्दै यस इजलास समक्ष पेश गर्ने आदेश भएकोले त्यसको निरोपण सर्व प्रथम हुनु जरुरी छ ।

१२. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२ मा स्वतन्त्रताको हक अन्तर्गत कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण नहुने र सबै नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता, बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, संघ र संस्था खोल्ने स्वतन्त्रता, अधिराज्यभरी आवत जावत र बसोवास गर्ने स्वतन्त्रता र कुनै पेशा, रोजगार उद्योग र व्यापार गर्ने स्वतन्त्रता प्रदान गरिएको, धारा १५ मा निवारक नजरबन्द विरुद्धको हक अन्तर्गत नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन भनी उल्लेख भएको र धारा २३ मा ती हक समेतको प्रचलनका लागि धारा ८८ मा लेखिएको तरिका अनुसार कारवाही चलाउन पाउने हक सुरक्षित गरिएको अवस्था छ । संविधानद्वारा प्रत्याभूत यी हकहरू यथावत अवस्थामा रहेका छन् र धारा ८८(२) बमोजिम सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्र समेत यथास्थितिमा रहिरहेको छ । धारा १५ को निवारक नजरबन्द विरुद्धको हकलाई व्यवस्थित गरी अझ सुनिश्चितता प्रदान गर्न सार्वजनिक सुरक्षा ऐन, २०४६ मा २०४७ र २०४८ मा क्रमश: पहिलो र दोश्रो संशोधन भई प्रयोगमा आइरहेको छ । नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्था, सर्वसाधारण जनताको हित वा विभिन्न जातजाति वा विभिन्न सम्प्रदाय बीचको सुसम्बन्ध कायम राख्न कुनै व्यक्तिलाई निवारक नजरबन्दमा राख्ने प्रयोजनका लागि सार्वजनिक सुरक्षा ऐन, २०४६ आएको र सो ऐनको प्रयोग नेपाल अधिराज्यको संविधान, २०४७ ले गरेको व्यवस्थाको परिधिभित्र रही भएको छ, छैन र नजरबन्दको आदेश गर्दाका अवस्थामा ऐनले निर्धारण गरेको व्यवस्थाको अनुशरण गरिएको छ, छैन भन्ने सन्दर्भमा अदालतमा प्रवेश गरेका विभिन्न विवादका रोहमा विभिन्न समयमा यस अदालतबाट व्याख्या भई स्थापित गरिएका सिद्धान्त र मान्यताहरू समेत यथाअवस्थामा रहिरहेका छन् । नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावनाले स्वतन्त्र र सक्षम न्यायप्रणालीको स्थापना गर्ने उद्देश्य लिई नेपाल अधिराज्यको न्याय सम्बन्धी अधिकार यो संविधान र अन्य कानून तथा न्यायका मान्य सिद्धान्त अनुसार अदालत तथा न्यायिक निकायहरूबाट प्रयोग गरिने भनी धारा ८४ मा उल्लेख भएको छ ।

यस अतिरिक्त मुद्दा मामिलाको रोहमा अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त सबैले मान्नु पर्ने गरी धारा ९६ ले व्यवस्था गरेको छ । सार्वजनिक सुरक्षा ऐन, २०४६ यथास्थितिमा रहिरहेको अवस्था छ । हालै भएको राजनीतिक परिवर्तन र २०६३।१।११ को घोषणा समेतले उपरोक्त ऐन, कानून र संविधानका उल्लेखित धाराहरूमा परिवर्तन, संशोधन वा खारेज गरेको अवस्था छैन । यी संवैधानिक र कानूनी व्यवस्था एवं यिनीहरूको कार्यान्वयनका सम्बन्धमा कुनै परिवर्तन नभै यथास्थितिमा रहिरहेको अवस्थामा न्यायिक स्वतन्त्रताको मान्यता अनुकूल यो अदालतले आफ्ना कारवाही र निर्णय प्रचलित संविधान, ऐन कानूनबमोजिम नै गर्नुपर्ने हुन्छ । अदालत संवैधानिक एवं कानूनी व्यवस्था र न्यायिक मूल्य एवं मान्यताहरूबाट निर्देशित हुन्छ । निश्चय नै अदालत सार्वभौम जनता प्रतिको जिम्मेवारीबाट पन्छिन सक्दैन । अदालतले संविधान, कानून र न्यायिक मूल्यप्रति दृढ रही सार्वभौम जनताप्रतिको आफ्नो जिम्मेवारी र कर्तव्य पूरा गर्दछ । निवारक नजरबन्द सम्बन्धी संवैधानिक व्यवस्था, तत्सम्बन्धी कानूनी व्यवस्था र त्यससँग सम्बन्धित विवादहरूमा अदालतबाट प्रतिपादित सिद्धान्त अविचलित र यथास्थितिमा रहिरहेको अवस्थामा त्यसको प्रयोग र परिपालनामा २०६३।१।११ को घोषणा र परिवर्तित विशेष परिस्थितिको सम्बन्धमा भै रहेको कानूनी व्यवस्था एवं प्रतिपादित कानूनी सिद्धान्तको परिपालनामा जटिलता भएको भन्ने परिकल्पना गर्नु कानूनको शासन अनुकूल हुनजाने देखिदैन । यस्तो स्पष्ट रुपमा विद्यमान नभएको जटिलता बारे अस्पष्ट र अवोधगम्य धारणा राखी पूर्ण इजलासमा पठाउनु उचित हुदैन । जटिलता छ भने के कसरी जटिलता भयो ? सो कुरा स्पष्टरुपमा व्यक्त हुनुपर्छ,सो भए गरेको देखिन आएन

१३. अब दोश्रो प्रश्न तर्फ विचार गरौं । यो प्रश्न मूलत निवेदकलाई नजरबन्दमा राख्दा कानूनले तोकेको र यस अदालतबाट यस्तै मुद्दाको रोहमा प्रतिपादन गरेको सिद्धान्तको परिपालना गरिएको छ, छैन र नजरबन्दमा राख्ने गरेको आदेश कानूनसम्मत छ,छैन भन्ने विषयसँग सम्बन्धित छ । जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख जिल्ला अधिकारीद्वारा २०६३।१।२९ मा निवेदकको विरुद्ध जारी गरिएको नजरबन्दको पूर्जिमा "तपाइले जन आन्दोलनबाट प्राप्त जनताको सार्वभौमसत्ता र जन अधिकारलाई खलल पुऱ्याउने किसिमको गोप्य बैठक लगायतका षडयन्त्रमूलक क्रियाकलाप गरिरहेको भन्ने बुझिन आएकोले त्यस्तो कार्य गर्नबाट नरोकेमा नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता, सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्नसक्ने हुँदा उक्त क्रियाकलाप गर्नबाट रोक्न सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३ को उपदफा (१) बमोजिम मिति २०६३।१।२९ गतेबाट लागू हुने गरी सोही ऐनको दफा ५ को उपदफा (१) बमोजिम ९० दिनसम्म नजरबन्दमा राख्ने आदेश जारी भएकोले यो पूर्जि दिइएको छ" भन्ने उल्लेख छ ।

१४. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १५(१) मा नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन भन्ने व्यवस्था छ । सार्वजनिक सुरक्षा ऐन (संशोधन सहित), २०४६ को दफा ३.१ मा नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्नसक्ने काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नु पर्ने उचित र पर्याप्त आधार भएमा स्थानीय अधिकारीले कुनै खास ठाउँमा खास अवधिसम्म नजरबन्द राख्ने आदेश जारी गर्नसक्ने, दफा ४.१ मा उक्त दफा ३.१ अन्तर्गत आदेश जारी गर्दा स्थानीय अधिकारीले त्यस्तो आदेश जारी गर्नुपर्ने कारण र आधार खुलाई सो आदेश सम्बन्धित व्यक्तिलाई दिनुपर्ने, सो आदेशको प्रतिलिपि सहित त्यसको जानकारी गृह मन्त्रालयलाई दिनुपर्ने र

दफा ४.२ मा सम्बन्धित जिल्लाको जिल्ला अदालतलाई समेत जानकारी गराउनु पर्ने व्यवस्था रहेको देखिन्छ ।

१५. नेपाल अधिराज्यको संविधान, २०४७ जारी भए पश्चात यस अदालतबाट संविधानको धारा १२,१५(१) र सार्वजनिक सुरक्षा ऐन,२०४६ को नजरबन्द सम्बन्धी व्यवस्था र यसको प्रयोगका सन्दर्भमा विभिन्न मुद्दाहरूमा विभिन्न सिद्धान्तहरू प्रतिपादित गरेको छ । कसैलाई नजरबन्दमा राख्दा उचित र पर्याप्त आधार र कारण हुनुपर्ने(मिरा श्रेष्ठ विरुद्ध गृह मन्त्रालय समेत, ने.का.प.२०५५ अंक १ पृष्ठ ११,कृष्णध्वज खड्का विरुद्ध गृह मन्त्रालय समेत, ऐ.अंक ४ पृष्ठ १९५ आदि), निवारक नजरबन्दमा राख्ने आदेशमा उल्लिखित संभावना वस्तुगत र तथ्यगत पनि हुनुपर्ने (संजय भन्ने टेकबहादुर श्रेष्ठ विरुद्ध गृह मन्त्रालय समेत, ने.का.प.२०६१ अंक १ पृष्ठ ६५), आदेशमा उल्लेख भएका कार्यहरू भरपर्दो तथ्यबाट पुष्टि नभएको अवस्थामा केवल प्रहरी प्रतिवेदन पर्याप्त नहुने, भइसकेको अपराधिक कार्यको लागि सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ आकर्षित नहुने (देउप्रसाद पौडेल विरुद्ध गृह मन्त्रालय समेत, स.अ. बुलेटिन, वर्ष १३, पूर्णाक ३००, अंक १८, पृष्ठ १२), स्थानीय अधिकारीबाट नजरबन्दमा राख्ने आदेश भएपश्चात मात्र प्रहरीले पक्राउ गर्नसक्ने (रुपनारायण श्रेष्ठ विरुद्ध गृह मन्त्रालय समेत, स.अ. बुलेटिन वर्ष १४, पूर्णांक ३१०, अंक ४, पृष्ठ १३), आदेश दिने अधिकारीले नजरबन्दमा राख्नुपर्ने पूर्वावस्था छ छैन वस्तुनिष्ठ आधारमा विचार गर्नुपर्ने (मीरा श्रेष्ठ विरुद्ध गृह मन्त्रालय समेत, ने.का.प. २०५५, अंक १, पृष्ठ ११) नागरिकलाई नजरबन्दमा राखी जीउज्यान जोगाउने भन्ने अवधारणा कानूनतः स्वीकार्य नहुने (सम्वत् २०६२ सालको रि.नं. ६२३, रामचन्द्र पौडेल विरुद्ध गृह मन्त्रालय, निर्णय मिति २०६२।३।१४।३) सार्वजनिक सुरक्षा ऐन अन्तर्गतको थुना निरोधात्मक प्रकृतिको हुने (बेनोज अधिकारी विरुद्ध गृह मन्त्रालय समेत, ने.का.प. २०५५, अंक १, पृष्ठ १ आदि), सगोलको भाषा उल्लेख गरी दिइएको आदेशलाई ऐनको दफा ३.१ मा प्रयुक्त उचित र पर्याप्त आधार भएको भनी मान्न मिल्ने नदेखिने (संजय भन्ने टेकबहादुर श्रेष्ठ विरुद्ध गृह मन्त्रालय समेत, ने.का.प. २०६१, अंक १, पृष्ठ ६५), कसैको वैयक्तिक स्वतन्त्रतामा असर पर्ने गरी कारवाही गर्दा Substantive due process / Procedural deu process दुबैलाई अनिवार्य रुपमा पालना गर्नुपर्ने (प्रेम चौलागाई विरुद्ध गृह मन्त्रालय समेत, ने.का.प. २०६१, अंक २, पृष्ठ १९०) जस्ता सिद्धान्तहरू प्रतिपादन गरिएका छन् । जुन प्रस्तुत सन्दर्भमा पनि त्यतिकै सान्दर्भिक देखिन्छन् ।

१६. उपरोक्तानुसारको संवैधानिक र कानूनी व्यवस्था तथा यस अदालतबाट प्रतिपादित सिद्धान्त बमोजिम कुनै व्यक्तिलाई नजरबन्दमा राख्न निम्न कुरा विद्यमान रहन आवश्यक छ :

(क) नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधारको विद्यमानता,

(ख) नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्नसक्ने काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने कुनै उचित र पर्याप्त आधार रहेको स्वयं स्थानीय अधिकारीको निष्कर्ष,

(ग) नजरबन्दमा राख्नुपर्ने कारण र आधार स्पष्ट रुपमा खुलेको नजरबन्दमा राख्ने आदेश,

(घ) आदेशमा उल्लिखित संभावना वस्तुगत र तथ्यगत पनि हुनुपर्ने,

(ङ) आदेशमा उल्लेख भएका कार्यहरू भरपर्दो तथ्यबाट पुष्टि नभएको अवस्थामा केवल प्रहरी प्रतिवेदन पर्याप्त नहुने,

(च) सार्वभौमसत्ता, अखण्डता वा शान्ति र व्यवस्था भन्ने शब्दले भिन्नाभिन्नै अवस्था बुझाउने हुँदा सगोलको भाषा प्रयोग गरी नजरबन्दमा राख्न नमिल्ने,

(छ) कानूनको उचित प्रक्रिया पूरा नगरी कसैको पनि वैयक्तिक स्वतन्त्रता हनन् गर्न नहुने, वैयक्तिक स्वतन्त्रता हनन गर्दाको अवस्थामा पनि कानूनले तोकेको सरवान र कार्यविधिगत उचित प्रक्रिया अनिवार्य रुपमा अनुशरण गर्नु पर्ने ।

(ज) भइसकेको अपराधिक कार्यको लागि निवारक नजरबन्दको आदेश जारी हुन नसक्ने,

(झ) बन्दीको जीउज्यान जोगाउने उद्देश्यले निवारक नजरबन्दमा राख्न नमिल्ने ।

(ञ) आधार र कारण खुलेको आदेश नजरबन्दमा राखिने व्यक्तिलाई दिएको हुनुपर्ने,

(ट) स्थानीय अधिकारीबाट नजरबन्दमा राख्ने आदेश भएपश्चात मात्र प्रहरीले पक्राउ गर्नसक्ने ।

(ठ) आदेशको प्रतिलिपिसहित नजरबन्दमा राखिएको जानकारी गृह मन्त्रालयलाई दिएको हुनुपर्ने,

(ड) नजरबन्दमा राख्ने आदेश जारी भएकोमा जुन जिल्लामा नजरबन्द राख्ने आदेश भएको हो सो जिल्लाको जिल्ला अदालतलाई चौबीस घण्टाभित्र आदेशको प्रतिलिपि सहित स्थानीय अधिकारीले सूचना पठाउनु पर्ने,

१७. नजरबन्द आदेश जारी गर्ने स्थानीय अधिकारीबाट उपरोक्तानुसारको संविधान र कानूनबाट व्यवस्था गरिएको तथा तत्सम्बन्धमा यस अदालतबाट भएका व्याख्या तथा प्रतिपादित सिद्धान्तलाई सघन र सार्थक अनुशरण गर्नुपर्ने हुन्छ ।

१८. निवेदकलाई नजरबन्दमा राख्दा जारी गरिएको आदेशमा काठमाडौं जिल्लाको विभिन्न स्थानमा नारा, जुलुस र विरोधका कार्यक्रमहरू सञ्चालन भइरहेको, त्यस्ता कार्यक्रमहरूलाई सक्रिय तुल्याई जनआन्दोलनबाट प्राप्त जनताको सार्वभौमसत्ता र जनअधिकारलाई खलल पुऱ्याउने, दबाउने, बिथोल्ने किसिमको गोप्य बैठक लगायतका षडयन्त्रमूलक क्रियाकलाप निजले गरिरहेको भन्ने प्रहरी प्रतिवेदनबाट बुझिन आएको र तत्काल नजरबन्दमा नराखे जनआन्दोलनबाट प्राप्त जनताको सार्वभौमसत्ता र जन अधिकारमा खलल पुग्न गई नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्नसक्ने भएकोले सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ बमोजिम ९० दिनसम्म थुनामा राख्ने आदेश जारी गरिएको भन्ने उल्लेख छ । सो आदेशबाट स्थानीय अधिकारी अर्थात प्रमुख जिल्ला अधिकारी स्वयं नजरबन्दमा राख्नुपर्ने अवस्था प्रति निश्चित नभै प्रहरी प्रतिवेदनलाई आधार लिएको प्रष्ट देखिन्छ । यो निवेदनसँग नै पेश भएका अन्य निवेदनहरूको प्रहरी प्रतिवेदन र आदेशको व्यहोरा यस निवेदनमा जस्तै हुबहु एउटै छ । भिन्न भन्ने अवस्थामा रहे बसेका निवेदकहरूको सम्बन्धमा हुबहु एउटै स्थिति रहेको भन्ने विश्वस्त हुने आधार समेत देखिदैन । ऐनको दफा ४.१ र ४.२ ले उक्त आदेशको प्रतिलिपि निवेदकलाई उपलब्ध गराउनु पर्ने, गृह मन्त्रालय र सम्बन्धित जिल्ला अदालतलाई समेत सो आदेशको प्रतिलिपि सहित जानकारी गराउनु पर्ने व्यवस्था गरेकोमा सो आदेशको प्रतिलिपि निवेदकलाई दिएको र गृह मन्त्रालय एवं सम्बन्धित जिल्ला अदालतलाई समेत जानकारी गराइएको सम्बन्धित फाइलबाट देखिएको छैन । सो नजरबन्द राख्ने आदेशमा गोप्य बैठकका कारण नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्नसक्ने के कस्तो कार्य गर्नबाट रोक्नुपर्ने हो ? त्यसको उचित र पर्याप्त आधार देखाउन सकिएको छैन । नजरबन्द आदेशमा उल्लेख भएकै व्यहोराको प्रहरीको प्रतिवेदनको आधारमा जिल्ला प्रहरी कार्यालय

काठमाडौंका प्रहरी उपरीक्षकले कानूनबमोजिम कारवाही गरिपाऊँ भनी लिखित अनुरोध गरेको र सो अनुरोध बमोजिम निवेदकका विरुद्धमा नजरबन्द राख्ने आदेश जारी भएको देखिन्छ । स्थानीय अधिकारी स्वयंबाट निवेदकलाई नजरबन्दमा राख्नुपर्ने उचित र पर्याप्त आधार के रहेको हो ? स्पष्ट रुपमा सो आदेशमा खुलाइएको देखिंदैन । सार्वजनिक सुरक्षा ऐन, २०४६ (संशोधन सहित)को व्यवस्था अनुसार स्थानीय अधिकारीले नजरबन्दमा राख्नुपर्ने उचित आधार र कारण उल्लेख गरी आदेश जारी गर्नुपर्ने र सो आदेशको कार्यान्वयन प्रहरीबाट हुनुपर्ने देखिन्छ तर प्रस्तुत सन्दर्भमा प्रहरीको प्रतिवेदन र अनुरोधको आधारमा स्थानीय अधिकारीले नजरबन्दमा राख्ने आदेश जारी गरिएको देखिन्छ । त्यसै गरी ऐनको दफा ३.१ मा उल्लेख भएको नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा शान्ति र व्यवस्थामध्ये कुन विषयमा निवेदकले खलल पुऱ्याउने कार्य गरेको हो, सो स्पष्ट रुपमा खुलाएको आधार र कारण पनि उल्लेख भएको देखिदैन । ऐनमा परेको वाक्यलाई एकमुष्टरुपमा उल्लेख गरी नजरबन्द आदेश जारी गरिएको छ । ऐनमा परेको वाक्य उल्लेख गर्नु मात्र नजरबन्दमा राख्नको लागि पर्याप्त हुंदैन । त्यसमा लिइएको आधार र कारण उचित र पर्याप्त देखिनु पनि पर्छ ।

१९. विपक्षीको लिखित जवाफबाट सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ बमोजिम निवेदकका विरुद्ध नजरबन्द आदेश जारी गरेको भन्ने देखिएको छ । दफा ३.१ बमोजिम आदेश जारी गर्नु मात्र पर्याप्त हुँदैन, त्यस आदेशमा लिइएका आधार र कारण तथ्यगत र वस्तुनिष्ट रुपमा पुष्टि पनि हुनुपर्दछ । आदेश जारी गरिसकेपछि दफा ४.१ बमोजिम सम्बन्धित व्यक्तिलाई आदेशको प्रतिलिपि दिइनु पर्ने, सो आदेशको प्रतिलिपि सहितको जानकारी गृह मन्त्रालयलाई दिनुपर्ने र दफा ४.२ बमोजिम त्यसरी नजरबन्दमा राखेको आदेश सहितको सूचना २४ घण्टा भित्र सम्बन्धित जिल्लाको जिल्ला अदालतलाई समेत दिनुपर्नेमा सो दिइएको सम्बन्धित निर्णय फाइलबाट देखिएको छैन । लिखित जवाफ मा पनि सो कुराको जिकिर लिइएको अवस्था छैन । आदेशमा उल्लेख भएका कुराहरू निवेदकलाई दिइएको पूर्जिमा उल्लेख गरिएको भनी लिइएको जिकिर मात्रले ऐनले तोकेको अनिवार्य कार्यविधि पूरा भएको मान्न सकिदैन । निवेदकले बैठक गरी षड्यन्त्रमूलक कामकारवाही गरेको भन्ने आदेशमा उल्लेख भएको र बैठक गर्ने कुरालाई कानूनले प्रतिबन्ध नगरेको अवस्थामा सोही कुरालाई मात्र नजरबन्दमा राख्ने आधार तय गरिएको कानूनसम्मत देखिन आएको छैन । यहाँ एकातिर सार्वजनिक सुरक्षा ऐन, २०४६ ले तोकेको कार्यविधिलाई यथोचित रुपमा अनुशरण गरिएको पाइदैन भने अर्को तर्फ तत्सम्बन्धमा माथि उल्लेख भए बमोजिम यस अदालतबाट कायम गरिएका सिद्धान्तको परिपालना पनि भएको देखिंदैन । यस्तो अवस्थामा निवेदकलाई नजरबन्द आदेश जारी गरी थुनामा राखेको विपक्षीको निर्णय र कामकारवाहीलाई कानून अनुरुप मान्न सकिने भएन ।

२०. अब तेश्रो प्रश्न तर्फ विचार गरौं । यो प्रश्न निवेदकको मागबमोजिमको आदेश जारी हुने, नहुने के हो ? त्यससँग सम्बन्धत छ । माथि विभिन्न प्रकरणहरूमा उल्लेख भएबमोजिम निवेदकलाई नजरबन्द आदेश जारी गरी थुनामा राखिएको निर्णय र कामकारवाही नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२ र १५, सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१, ४.१ र ४.२ को विपरीत हुनको साथै यस अदालतबाट यस्तै बन्दीप्रत्यक्षीकरण मुद्दामा कायम गरिएका सिद्धान्तहरूको प्रतिकूल रहेको देखिएकाले निवेदकका विरुद्ध काठमाडौं जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारीले ०६३।१।२९ मा जारी गरेको नजरबन्द आदेश र सो बमोजिमको पूर्जिलाई कानूनसम्मत मान्न सकिएन । ०६३।१।२९ को आदेश र पूर्जिबमोजिम राखिएको निवेदकको थुना गैरकानूनी हुँदा निवेदकलाई थुनाबाट मुक्त गर्नू भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिएको छ । निवेदकलाई

सार्वजनिक सुरक्षा ऐन,२०४६ को दफा १२ बमोजिम काठमाडौं जिल्ला अदालतका जिल्ला न्यायाधीशको रोहवरमा थुनाबाट मुक्त गर्नु भनी आज यसै इजलासबाट छुट्टै आदेश भइसकेकोले त्यसमा अरु केही गरिरहनु परेन । विपक्षीहरूको जानकारीका लागि प्रस्तुत आदेशको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालय मार्फत पठाउनु ।

उपरोक्त रायमा हामी सहमत छौं ।

प्र.न्या. दिलीपकुमार पौडेल
न्या. रामनगिना सिंह
न्या. अनुपराज शर्मा
न्या. खिलराज रेग्मी

संवत् २०६३ साल जेष्ठ २१ गते रोज १ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री केदारप्रसाद गिरी
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ

संबत् २०६३ सालको रिट.नं. ६२४

आदेश मितिः २०६३।२।३१।४

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : का.जि.का.म.न.पा. वडा नं. १३ बस्ने शान्ति श्रेष्ठ समेत

विरुद्ध

विपक्षी : का.जि.का.म.न.पा. वडा नं. १३ कालीमाटी बस्ने मैयाँ वज्राचार्य समेत

- **एउटाको जग्गाबाट ढल निकास र अर्कोको जग्गाबाट बाटो हिड्नु पर्ने अवस्थामा रहेका निकट छिमेकी निवेदक र विपक्षीहरु बीच सामान्य वादविवाद हुनु अस्वाभाविक नदेखिए पनि १०-१० जनाको संख्यामा रहेका निवेदकहरुलाई निजहरुकै घरमा विपक्षीहरुले बन्दी बनाएको भन्ने निवेदन दावी पत्यारलायक नदेखिने ।**

- **प्रहरी समेतको सहयोगमा आफू सो घरबाट निस्की प्रस्तुत निवेदन गर्न आएको भन्ने निवेदनमानै उल्लेख गरेको देखिदा राजधानी जस्तो ठाउँमा रहेका नागरिक- नागरिक वीचको त्यस्तो सामान्य शान्ति सुरक्षाको विवादलाई प्रहरी र स्थानीय प्रशासनिक निकायबाटै निरुपण गर्न नसक्ने दण्डहीनताको अवस्थाको परिकल्पना गर्न नमिल्ने ।**

- **निवेदन लेखबाटै प्रहरीमा समेत उजुरी दिएको कुरालाई स्वीकारै गरेको देखिएको र त्यही बाटो भएर प्रस्तुत रिट दिन आएको भन्ने विपक्षीहरुको कथनलाई समेत इजलास समक्ष उपस्थित भएकी निवेदकहरुको हकमा निवेदन दिने बबिता श्रेष्ठले अन्यथा भन्न सकेको नपाईदा निवेदकहरुलाई विपक्षीहरुले बन्दी बनाएको भन्न नसकिने ।**

- **रिट निवेदनमा विपक्षीहरुले बन्दी बनाएको भन्ने कुराको भरपर्दो र विश्वसनीय आधार प्रमाण उल्लेख गर्न नसकी व्यक्तिको वैयक्तिक स्वतन्त्रताको संरक्षण गर्न जारी गरिने विशिष्ट प्रकृतिको बन्दीप्रत्यक्षीकरणको उपचारको हलुका ढंगबाट सहारा लिई आफूहरु बीच चलेको ढल निकास सम्बन्धी देवानी मुद्दालाई प्रभावित गर्न खोजेको अवस्था देखिएकोले निवेदन मागअनुरुप सर्च वारेन्ट समेत जारी गरिरहनु नपर्ने ।**

- **निवेदकहरुलाई निजहरुकै घरमा विपक्षीहरुले बन्दी बनाएको भन्ने अवस्था पुष्टि प्रमाणित हुन नआई अदालतमा विचाराधीन ढल निकास सम्बन्धी देवानी प्रकृतिको मुद्दालाई प्रभावित पार्ने उद्देश्यबाट निवेदन दिएको देखिदा बन्दी नै नरहेका निवेदकहरुलाई छाडि दिनु भनी निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने ।**

आदेश

- न्या. कल्याण श्रेष्ठ

१. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ र ८८(२) अन्तर्गत यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः

२. निज बन्दीहरु मध्ये केही मेरा आफन्त र केही घरमा भाडामा बस्ने व्यक्ति हुनुहुन्छ । विपक्षीहरुसँग ढल निकास सम्बन्धी विवादमा यसै अदालतमा मुद्दा चली विचाराधीन छ । सो कारवाही अन्तिम नहुँदै ढल निकास दिनका लागि दबाब दिदै आउनु भएको थियो । यस्तैमा मिति २०६३।२।१२ मा म निवेदिकाको घरमा प्रवेश गर्ने प्रवेशद्वारमा फलामे ग्रील लगाई दिए उपर मिति २०६३।२।१४ मा जिल्ला प्रहरी कार्यालयमा छलफल हुँदा सर्वोच्च अदालतमा विचाराधीन मुद्दा टुंगो नलागे सम्म अस्थायी रुपमा ढल बाटो प्रयोग गर्न दिने र झगडा नगर्ने सहमति भएको थियो ।

३. सो सम्झौताको वेवास्ता गर्दै विपक्षीहरुले पुनः मिति २०६३।२।२२ मा मेरो घर पस्ने मूलद्वारमा ग्रिल लगाई वेल्डिङ समेत गरी बन्दी बनाएकोमा प्रहरीको सहयोगले मिति २०६३।२।२३ गते छिमेकीको घरको छतबाट बाहिर आई प्रहरी कार्यालयमा निवेदन दिदा समेत ढोका खुलाउन सकिएको छैन ।

४. यसप्रकार विपक्षीहरुले फलामको ढोका लगाई निवेदकहरुलाई आफ्नै घरमा बन्दी बनाई संविधानको भाग ३ द्वारा प्रदत्त मौलिक हक उपभोग गर्नबाट वञ्चित तुल्याएको र निवेदकहरुलाई यातना दिई बेपत्ता समेत पार्नसक्ने संभावना हुँदा निज बन्दीहरुलाई अदालत समक्ष उपस्थित गराई बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने समेत व्यहोराको रिट निवेदन पत्र ।

५. यसमा के कसो भएको हो ? आगामी मिति २०६३।२।२८ भित्र लिखित जवाफ साथ उपस्थित हुनु भनी विपक्षीहरुलाई सूचना पठाई नियमानुसार पेश गर्नु भन्ने समेत व्यहोराको यस अदालत एक न्यायाधीशको इजलासबाट मिति २०६३।२।२५ मा भएको आदेश ।

६. यसमा विपक्षीहरुको नाउँमा म्याद तामेल भएको नदेखिदा पूर्व आदेश बमोजिम गर्ने गरी मिति २०६३।२।३१ को तारेख तोकी सूचना तामेल गरी नियमानुसार पेश गर्नु भन्ने समेत यस अदालतबाट मिति २०६३।२।२८ मा भएको आदेश ।

७. विपक्षीको निवेदन कथन झुट्ठा हो । हामीले विपक्षीहरुलाई बन्दी बनाएका छैनौ । विपक्षी र हामी बीच चलेको ढल निकास सम्बन्धी विवाद टुङ्गो नलाग्दा सम्म विपक्षीको जग्गाबाट हाम्रो ढल बग्न दिनु पर्ने र हाम्रो जग्गाबाट निजहरुलाई बाटो निकास दिनु पर्ने गरी प्रहरीमा भएको सहमती हामीले तोडेको छैन । उल्टै विपक्षीहरुले ढल निकास नदिई दुर्गन्धित अवस्थामा बस्नु परेको छ । पुनरावेदन अदालतबाट समेत ढल निकास पाउने गरी भएको फैसला बमोजिम ढल निकास नदिन विपक्षीहरुले बन्दीको बहाना बनाएको हो । विपक्षी त्यही बाटो भएर अदालतमा आएकी हुन । जुन तथ्य अदालतबाट निरीक्षण भएमा समेत स्पष्ट हुने नै छ । झुट्ठा निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको विपक्षीहरुको लिखित जवाफ ।

८. नियम बमोजिम पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री खेमनारायण ढुङ्गाना र विद्वान अधिवक्ता श्री शिबबहादुर भुजेलले

निवेदकहरुको घरको प्रवेश मार्गमा विपक्षीहरुले फलामे ढोका लगाई घर भित्रै बन्दी बनाई राखेको अवस्था छ । दुबै पक्ष बीच ढल निकास र बाटोको सम्बन्धमा विवाद चली रहेको भन्ने देखिएको अवस्थामा निवेदन दावी काल्पनिक मात्र हो भन्न सकिने स्थिति छैन । अदालतबाट सर्च वारेन्ट समेत जे जो प्रक्रिया पूरा गर्नु पर्न हो गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिनु पर्दछ भन्ने समेत वहस प्रस्तुत गर्नु भयो ।

९. विपक्षीहरुका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री हिरा रेग्मीले विपक्षी र निवेदकहरु एक अर्काको जग्गाबाट ढल निकास र बाटो हिड्नु पर्ने अवस्थाका छिमेकी हुन । निजहरु बीच यसै सम्बन्धमा मुद्दा चली यसै अदालतको विचाराधीन रहेको अवस्था पनि विद्यमान छ । निवेदकहरुलाई विपक्षीले बाटो थुनी बन्दी बनाएको होइन, छैन ? निवेदक बबिता श्रेष्ठ स्वयं त्यही बाटो हिडेर अदालतमा उपस्थित हुनु भएको छ । ढल निकास सम्बन्धी यस अदालतमा विचाराधीन रहेको मुद्दालाई प्रभावित पार्ने उद्देश्यबाट मात्र प्रस्तुत निवेदन दिएको हुँदा झुट्टा र कपोलकल्पित रिट निवेदन खारेज गरिनु पर्दछ भनी गर्नु भएको वहस समेत सुनियो ।

१०. रिट निवेदन सहितको फाइल अध्ययन गरी हेर्दा निवेदकहरुलाई विपक्षीहरुले बन्दी बनाएको अवस्था छ, छैन ? र निवेदन माग बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु पर्ने हो, होइन ? भन्ने विषयमा निर्णय दिनु पर्ने देखियो ।

११. रिट निवेदकहरुलाई विपक्षीहरुले बन्दी बनाएको हो, होइन ? भन्ने निर्णय दिनु पर्ने हुन आएको प्रथम प्रश्न तर्फ विचार गर्दा विपक्षीहरुसँग ढल निकास सम्बन्धी मुद्दा अदालतमा विचाराधीन छँदा छँदै निवेदकहरुको घरमा प्रवेश गर्ने मूल द्वारमा विपक्षीहरुले फलामे ग्रिल लगाई वेल्डिङ्ग गरी घर बाहिर निस्कन नपाउने गरी बन्दी बनाएको भन्ने निवेदन लेख रहेको पाइन्छ । विपक्षीहरुको लिखित जवाफ हेर्दा निवेदकहरुको प्रवेश मार्ग बन्द गरी बन्दी बनाएको छैन । निवेदिका बबिता श्रेष्ठ स्वयं यहीबाटो भएर अदालतमा उपस्थित भएकी छन्। ढल निकास सम्बन्धमा निवेदकहरुसँग चलिरहेको मुद्दालाई प्रभावित पार्ने उद्देश्यबाट झुट्टा व्यहोराको निवेदन दिएको हो भन्ने समेत उल्लेख गरेको देखिन्छ । रिट निवेदन लेख र लिखित जवाफ व्यहोराबाट निवेदक र विपक्षीहरु बीच ढल निकास सम्बन्धमा मुद्दा चलि हाल यस अदालतको विचाराधीन रहेको भन्ने तथ्यमा विवाद छैन । एउटाको जग्गाबाट ढल निकास र अर्कोको जग्गाबाट बाटो हिड्नु पर्ने अवस्थामा रहेका निकट छिमेकी निवेदक र विपक्षीहरु बीच सामान्य वाद विवाद हुनु अस्वाभाविक नदेखिए पनि १०-१० जनाको संख्यामा रहेका निवेदकहरुलाई निजहरुकै घरमा विपक्षीहरुले बन्दी बनाएको भन्ने निवेदन दावी पत्यारलायक देखिन आउँदैन । प्रहरी समेतको सहयोगमा आफू सो घरबाट निस्की प्रस्तुत निवेदन गर्न आएको भन्ने निवेदनमानै उल्लेख गरेको देखिदा राजधानी जस्तो ठाउँमा रहेका नागरिक- नागरिक वीचको त्यस्तो सामान्य शान्ति सुरक्षाको विवादलाई प्रहरी र स्थानीय प्रशासनिक निकायबाटै निरुपण गर्न नसक्ने दण्डहीनताको अवस्थाको परिकल्पना गर्न मिल्ने पनि हुँदैन ।

१२. निवेदन लेखबाटै प्रहरीमा समेत उजुरी दिएको कुरालाई स्वीकारै गरेको देखिएको र त्यहीबाटो भएर प्रस्तुत रिट दिन आएको भन्ने विपक्षीहरुको कथनलाई समेत इजलास समक्ष उपस्थित भएकी निवेदकहरुको हकमा निवेदन दिने बबिता श्रेष्ठले अन्यथा भन्न सकेको नपाईदा निवेदकहरुलाई विपक्षीहरुले बन्दी बनाएको भन्न सक्ने अवस्था देखिएन । निवेदकले रिट निवेदनमा विपक्षीहरुले बन्दी बनाएको भन्ने कुराको भरपर्दो र विश्वसनीय आधार प्रमाण उल्लेख गर्न नसकी व्यक्तिको वैयक्तिक स्वतन्त्रताको संरक्षण गर्न जारी गरिने विशिष्ट प्रकृतिको बन्दीप्रत्यक्षीकरणको उपचारको

हलुका ढंगबाट सहारा लिई आफूहरु बीच चलेको ढल निकास सम्बन्धी देवानी मुद्दालाई प्रभावित गर्न खोजेको अवस्था देखिएकोले निवेदन माग अनुरुप सर्च वारेन्ट समेत जारी गरी रहनु पर्ने अवस्था देखिएन ।

१३. तसर्थ उल्लेखित आधार कारणबाट निवेदकहरुलाई निजहरुकै घरमा विपक्षीहरुले बन्दी बनाएको भन्ने अवस्था पुष्टि प्रमाणित हुन नआई यस अदालतमा विचाराधीन ढल निकास सम्बन्धी देवानी प्रकृतिको मुद्दालाई प्रभावित पार्ने उद्देश्यबाट निवेदन दिएको देखिदा बन्दी नै नरहेका निवेदकहरुलाई छाडिदिनु भनी निवेदन माग बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । फायल नियमानुसार गरी बुझाई दिनु ।

उक्त रायमा सहमत छु ।

न्या. केदारप्रसाद गिरी

इति सम्वत् २०६३ साल जेष्ठ ३१ गते रोज ४ शुभम्

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री खिलराज रेग्मी
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ

सम्वत् २०५५ सालको रिट नं. ३५७५
सम्वत् २०५९ सालको रिट नं. १००
सम्वत् २०५९ सालको रिट नं.१०४

आदेश मितिः २०६३।५।१२।२

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : अधिवक्ता राजेन्द्रप्रसाद ढकालको हकमा रविन्द्रप्रसाद ढकाल

विरुद्ध

विपक्षी : गृह मन्त्रालय समेत

निवेदक : विपिन भण्डारीको हकमा एकराज भण्डारी

विरुद्ध

विपक्षी : गृह मन्त्रालय समेत

निवेदक : दिलबहादुर राइको हकमा उदयबहादुर राई

विरुद्ध

विपक्षी : गृह मन्त्रालय समेत

- **अदालतले विपक्षीहरुसँग निवेदनमा उल्लेखित विषयमा लिखित जवाफ माग गर्दै समय समयको आदेशद्वारा विभिन्न जानकारी प्राप्त गर्न खोजेको भएपनि हिरासतमा नलिएको भन्ने एकनासको जवाफ पटक-पटक दिइरहेकोमा प्राप्त अन्य तथ्यहरुको आधारमा त्यसलाई भरपर्दो मान्न सकिने अवस्था नरहेको र तार्किक र भरपर्दो निष्कर्षमा पुग्न अदालतकै संयन्त्र भित्रबाट निवेदनमा उल्लेखित विषयमा विशेष अनुसन्धान गर्न वाञ्छनीय भएकोले यसका लागि एउटा कार्य टोली गठन गर्न उपयुक्त ठानी निम्न बमोजिमको कार्यादेश सहितको कार्य टोली गठन गरी सो मार्फत कार्य सम्पादन गराउन निम्न व्यवस्था मिलाउन यस अदालतको रजिष्ट्रारको नाममा आदेश जारी हुने ।**

- **कार्यटोलीको मनोनयन भई आएपछि अविलम्ब कार्यटोलीलाई निम्नानुसारको कार्यादेश सहितको काम गर्न खटाउने ।**

    (क) **निवेदनमा उल्लेखित बन्दीको हकमा निवेदनमा उल्लेख भएका मितिदेखि हालसम्मको स्थिति एकिन गर्न जो जोसँग बुझ्नु पर्ने बुझी अनुसन्धान तहकिकात गर्ने,**

(ख) **पक्राउ गर्ने, पक्राउ गर्न आदेश दिने, पक्राउको प्रयोजन, सम्बन्धित अधिकारीको दर्जा र हाल पदस्थापना भएको कार्यालय समेत स्पष्ट गर्ने,**

(ग) **बन्दीको विरुद्ध मुद्दा चलाईएको छ वा छैन स्पष्ट गर्ने,**

(घ) **बन्दीको स्थिति कहिलेसम्म ज्ञात र कहिलेदेखि अज्ञात रहेको हो, त्यसमा कुन-कुन निकाय वा पदाधिकारी संलग्न भएको देखिन्छ स्पष्ट गर्ने,**

(ङ) **बन्दीप्रत्यक्षीकरणको निवेदनको रोहमा सान्दर्भिक देखिने अन्य तथ्यहरुको समेत अनुसन्धान गर्ने,**

- **कार्यटोलीले आफ्नो काम समाप्त गरी प्रतिवेदन पेश गरेपछि प्रतिवेदन सहित इजलास समक्ष पेश गर्ने ।**

आदेश

१. यसमा रि.नं. ३५७५ को राजेन्द्रप्रसाद ढकालको हकमा निवेदक रविन्द्रप्रसाद ढकाल विपक्षी गृह मन्त्रालय समेत रि.नं. १०० को विपिन भण्डारीको हकमा निवेदक एकराज भण्डारी विपक्षी गृह मन्त्रालय समेत रिट नं. १०४ को निवेदक दिलबहादुर राईको हकमा उदयबहादुर राई विपक्षी गृह मन्त्रालय समेत भएको बन्दीप्रत्यक्षीकरणको निवेदनको सम्बन्धमा विपक्षीहरुबाट प्राप्त लिखित जवाफ र यस अदालतबाट समय समयमा भएको आदेश बमोजिम प्राप्त जवाफ एवं जानकारीबाट समेत निवेदकहरुले उल्लेख गरेका विपक्षीहरुले गैह्रकानूनी रुपमा थुनामा राखेको भनेका व्यक्तिहरुको हकमा पक्राउ गरेको स्थितिको प्रकाश पार्ने केहि आधार खुलाइएको अवस्था देखिएको तर तिनीहरुको यथार्थ र अद्यावधिक स्थिति स्पष्ट हुन नसकेको भै सो सम्बन्धमा सुनवाईको क्रममा निवेदक तर्फका विव्दान कानून व्यवसायीहरु एवं विपक्षी तर्फबाट उपस्थित महान्यायाधिवक्ताको कार्यालयका उपन्यायाधिवक्ता समेतलाई थप न्यायिक अन्वेषण गर्ने उपयुक्तता सम्बन्धमा समेत वहस नोट प्रस्तुत गर्न आदेश दिइएको र प्राप्त वहसनोटहरुको अध्ययन गरियो । राज्यले संविधान र कानून बमोजिम देशवासीहरुको जीउ धन र हकको सुरक्षा गर्नुपर्ने कुरा संविधान बमोजिम पूरा गर्नुपर्ने अनिवार्य दायित्व भएपनि उल्लेखित निवेदकहरुको हकमा निवेदकहरु हिरासतमा रहे नरहेको, भए अध्यावधिक स्थितिकै भयो भन्ने कुराको आधारभूत कुनै जानकारीसम्म पनि दिन सकेको नदेखिएको, त्यस्तो स्थिति रहन दिने हो भने जनताको हक र हित गर्ने जुन उद्देश्यको लागि राज्यको निर्माण भएको हुन्छ र संविधान र कानून बमोजिमको आफ्नो कर्तव्य पूरा गर्न राज्य प्रतिबद्ध हुन्छ भनी जुन भरोसा जनतालाई राज्यले दिनपर्ने हो सोबाट राज्य पन्छिने वा पन्छिन सक्ने स्थिति सिर्जना हुने र त्यसबाट देशमा शान्ति र अमन चयन खलबलिनुको अतिरिक्त कानूनी राज्यको आधारहरु नै भत्किन सक्ने अवस्था आउँछ । संविधान र कानून बमोजिम आफ्नो हकहरुको प्रचलन गराई पाउने जनताको हकको संरक्षण गर्ने संवैधानिक कर्तव्य भएको न्यायिक संस्था भएको नाताले यस अदालतले विगतमा प्रस्तुत मुद्दाहरुको निवेदनहरुमा उल्लेखित बन्दीहरुको हकमा तथ्यहरु उद्घाटित गर्ने गराउने विभिन्न कोशिशहरुको वावजुद पनि सरकारी एवं सार्वजनिक निकायहरुबाट पर्याप्त सूचनाहरु सहित भरपर्दो जवाफ प्राप्त हुन नसकी बन्दी बनाइएका भनेका व्यक्तिहरुको हकमा सार्थक उपचार प्रदान गर्न व्यवधान महसुस भएको छ । अदालतले आफू समक्ष जनताको हकको उलङ्घन गरी गैह्रकानूनी हिरासतमा राख्यो भनी दिएको उजुरी वा निवेदनहरुलाई तार्किक रुपले सार्थक निष्कर्षमा नपुर्‍याई विपक्षी बनाइएका

निकायहरु अधिकारीहरु वा व्यक्तिहरुको खास सूचना विनाको जवाफको भरमा हिरासतमा राखिएका भनेका व्यक्तिहरु हिरासतमा परे वा नपरेको र त्यससँग सम्बन्धित अन्य तथ्यहरुको सम्बन्धमा कुनै प्रकाश नै पार्न नसकी परेको निवेदनहरुको फछ्र्यौटसम्म गर्ने हो भने राज्यसँग सँगै अदालतले पनि न्यायिक उत्तरदायित्वको इमान्दारीतापूर्ण पालना नगरेको भन्नु पर्ने स्थिति आउन सक्ने र यस्तो स्थिति संवैधानिक पद्धति र कानूनी राज्यको कार्यान्वयनको हिसावले स्वीकार्य नहुने हुनाले अदालतले विपक्षीहरुले हिरासतमा राखेका भनी निवेदनमा उल्लेखित व्यक्तिहरुको सम्बन्धमा यथार्थ र अद्यावधिक स्थिति पत्ता लगाउन थप प्रयास गर्न पर्छ भन्ने कुरामा यो इजलास विश्वस्त रहेको छ । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८४ बमोजिम नेपाल अधिराज्यको न्याय सम्बन्धी अधिकार यो संविधान र अन्य कानून तथा न्यायका मान्य सिद्धान्त अनुसार अदालत तथा अन्य न्यायिक निकायहरुबाट प्रयोग हुने व्यवस्था भएको, नेपालले नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धि लगायतका विभिन्न मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धिको पक्ष भै आफूले निर्वहन गर्नुपर्ने दायित्वहरु राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा निर्वहन गर्ने प्रतिबद्धता व्यक्त गरी सकेको भै त्यस्ता दायित्वहरु पूरा गर्न स्वयं अदालत समेत तत्पर रहनु पर्ने र अरु निकायबाट गराउनु पर्ने काम कुराहरुको निग्रानी र अनुगमन समेत गर्नुपर्ने हुँदा मानव अधिकार र कानूनी राज्यको संरक्षणको लागि आवश्यक पर्ने जुनसुकै उपयुक्त उपाय गर्न अदालत पछि पर्न नहुने कुरा स्पष्ट छ ।

२. अदालतले विपक्षीहरुसँग निवे्दनमा उल्लेखित विषयमा लिखित जवाफ माग गर्दै समय समयको आदेशद्वारा विभिन्न जानकारी प्राप्त गर्न खोजेको भएपनि हिरासतमा नलिएको भन्ने एकनासको जवाफ पटक-पटक दिइरहेकोमा प्राप्त अन्य तथ्यहरुको आधारमा त्यसलाई भरपर्दो मान्न सकिने अवस्था नरहेको र तार्किक र भरपर्दो निष्कर्षमा पुग्न अदालतकै संयन्त्र भित्रबाट निवेदनमा उल्लेखित विषयमा विशेष अनुसन्धान गर्न वाञ्छनीय भएकोले यसका लागि एउटा कार्य टोली गठन गर्न उपयुक्त ठानी निम्न बमोजिमको कार्यादेश सहितको कार्य टोली गठन गरी सो मार्फत कार्य सम्पादन गराउन निम्न व्यवस्था मिलाउन यस अदालतको रजिष्ट्रारको नाममा आदेश जारी गरिएको छ ।

१. निवेदनमा उल्लेखित व्यक्तिहरुको हकमा निवेदनमा उल्लेखित व्यहोरा अनुसार हिरासतमा लिइएको हो होइन, निजहरुको अद्यावधिक र यथार्थ स्थिति पत्ता लगाई प्रस्तुत निवेदनको विषयमा र यस्तो प्रश्न उपस्थित हुन आएका विषयहरुमा समेत के गर्न मुनासिव हुन्छ सो सम्बन्धमा कार्य शुरु गरेका मितिले बढीमा ३ महिना भित्र आफ्नो राय ठहर साथ प्रतिवेदन पेश गर्न निम्न बमोजिमको बन्दी अनुसन्धान कार्य टोली गठन गर्ने :

- न्यायाधीश, पुनरावेदन अदालत — संयोजक
- सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय — सदस्य
- प्रतिनिधि नेपाल वार एशोसियसन — सदस्य

३. उपरोक्त बमोजिम संयोजकको हकमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९२ बमोजिम कार्यटोलीमा संलग्न भई काम गर्न पुनरावेदन अदालतको न्यायाधीश मध्येबाट उपयुक्त एकजना न्यायाधीशलाई मनोनयन गरी पठाई दिन न्याय परिषदलाई अनुरोध गर्ने, सदस्यहरुको हकमा महान्यायाधिवक्ताको कार्यालयबाट सम्बन्धित विषयका ज्ञाता एकजना सहन्यायाधिवक्ता र नेपाल वार एशोसियसनबाट सम्बन्धित विषयका ज्ञाता वरिष्ठ अधिवक्ता वा अधिवक्ता मध्ये एकजना

प्रतिनिधि तोकी पठाई दिन अनुरोध गर्ने, उपरोक्त बमोजिम मनोनयन भइ आएपछि अविलम्ब कार्यटोलीलाई कार्यादेश सहितको काम गर्न खटाउने

(२) कार्यादेशः टोलीको काम कर्तव्य मूलतः निम्न बमोजिम हुनेछः

(क) निवेदनमा उल्लेखित बन्दीको हकमा निवेदनमा उल्लेख भएका मितिदेखि हालसम्मको स्थिति एकिन गर्न जो जोसँग बुझ्नुपर्ने बुझी अनुसन्धान तहकिकात गर्ने,

(ख) पक्राउ गर्ने, पक्राउ गर्न आदेश दिने, पक्राउको प्रयोजन, सम्बन्धित अधिकारीको दर्जा र हाल पदस्थापना भएको कार्यालय समेत स्पष्ट गर्ने,

(ग) बन्दीको विरुद्ध मुद्दा चलाईएको छ वा छैन स्पष्ट गर्ने,

(घ) बन्दीको स्थिति कहिलेसम्म ज्ञात र कहिलेदेखि अज्ञात रहेको हो, त्यसमा कुन कुन निकाय वा पदाधिकारी संलग्न भएको देखिन्छ स्पष्ट गर्ने,

(ङ) बन्दीप्रत्यक्षीकरणको निवेदनको रोहमा सान्दर्भिक देखिने अन्य तथ्यहरुको समेत अनुसन्धान गर्ने,

४. कार्यटोलीले यस अदालतको अङ्गको रुपमा काम गर्नेछ । कार्यटोलीको काममा सहयोग गर्नु गृह मन्त्रालय, रक्षा मन्त्रालय एवं सबै सरकारी निकाय एवं व्यक्तिको समेत कर्तव्य हुनेछ । कार्यटोलीले गर्ने काममा सहयोग नगरे वा बाधा दिए अदालतको अवहेलनामा यस अदालतबाट कारवाही हुनसक्नेछ । कार्यटोलीको मुकाम खर्च, कर्मचारी, अनुसन्धानमा आउने साक्षी विशेषज्ञ आदिको रकम, भत्ता भ्रमण एवं दैनिक खर्च, मसलन्द आदि खर्चहरुको व्यवस्था नेपाल सरकारले व्यहोर्नु पर्ने हुँदा सो को लागि कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय मार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा लेखी पठाउने ।

५. कार्यटोलीको काम एवं प्रगती प्रत्येक पन्ध्र दिनमा यस इजलास समक्ष प्रेषित गर्नुपर्ने छ । कार्यटोलीले गडबड गरेको कुनै विषयमा निकासा वा आदेशको लागि इजलास समक्ष अनुरोध गर्नसक्नेछ र त्यस्तोमा इजलासबाट भएको आदेश बमोजिम काम गर्नुपर्ने छ । कार्यटोलीले आफ्नो काम समाप्त गरी प्रतिवेदन पेश गरेपछि प्रतिवेदन सहित यस इजलास समक्ष पेश गर्नु ।

न्या. खिलराज रेग्मी
न्या. कल्याण श्रेष्ठ

इति सम्वत् २०६३ साल भाद्र १२ गते रोज २ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलास
श्री माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ
श्री माननीय न्यायाधीश श्री पवनकुमार ओझा

संम्वत २०६३ सालको रिट नम्वर ५३

आदेश मितिः २०६३।९।६

विषय : बन्दीप्रत्यक्षीकरण ।

निवेदक : झापा जिल्ला मेचीनगर नगरपालिका वडा न. ८ घर भई हाल कारागारशाखा जगन्नाथदेवल त्रिपुरेश्वर काठमाण्डौमा थुनामा रहेको इन्द्रनारायण गिरी

विरुद्ध

विपक्षी : श्री समरी जनरल सैनिक अदालत, नेपाल जङ्गी अड्डा भद्रकाली काठमाण्डौ समेत

- **तत्काल प्रचलित कानूनले दिएको अधिकारक्षेत्र ग्रहण गरी भैसकेको निर्णय उपर सम्बन्धित कानूनले व्यवस्था गरेको अन्य उपचार ग्रहण गरी बदर गराउन वा परिवर्तन गराउन सक्नुपर्नेमा सो नगरिकन कायम रहेको फैसलामा स्पष्टतः अधिकारक्षेत्रको अभाव भएमा बाहेक बन्दीप्रत्यक्षीकरणको रोहबाट हस्तक्षेप गर्न मिल्ने देखिदैन ।**

- **समरी जनरल सैनिक अदालतले गरेको निर्णय उपर निर्णय वा सजायको पुनर्विचार गर्नसक्ने व्यवस्था व्यवस्थाको विकल्प यस अदालतले दिन नसक्ने ।**

- **सैनिक कर्मचारी र गैर सैनिक मिलेर अपराध गरेमा सैनिक कर्मचारी उपर पनि गैर सैनिक अदालतमा कारवाही वा इन्साफ हुनुपर्छ वा हुन सक्छ भन्ने कानुनी व्यवस्था कतै नभएकाले सैनिक ऐनको दफा ६० ले सैनिक कर्मचारीले गरेको कसूर अपराध मध्ये ज्यान र जबरजस्ती करणी बाहेकका अन्य मुद्दाको अनुसन्धान तहकिकात एवं कारवाही गर्नसक्ने अधिकारक्षेत्र सैनिक अदालतलाई भएको देखिने ।**

- **निवेदक उपर कानून बमोजिमको कारवाहीद्वारा निजको कसूर प्रमाणित भई सैनिक ऐन बमोजिम स्थापित अदालतले कानूनको रित पुऱ्याई सजाय गरेको अवस्थामा त्यस्तो सजाय गर्ने अधिकारलाई तत्काल प्रचलित कानूनले मान्यता दिएको कुरा अनाधिकार भन्न नमिल्ने ।**

आदेश

- न्या. कल्याण श्रेष्ठ

नेपाल अधिराज्यको संविधान,२०४७ को धारा २३ तथा धारा ८८(२) अन्तर्गत यसै अदालतको अधिकार क्षेत्रभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ ।

म रिट निवेदकलाई विपक्षीले दोहोरो कानूनको आधार लिई कारवाही गरी मलाई प्रतिवाद गर्ने उचित मौका समेत नदिएको हुँदा च.न.७८९५ मिति २०६३।३।७ गते कारागारमा राखेको गैरकानूनी थुनाबाट मुक्त गरिपाऊँ भनी विपक्षी सैनिक अदालत समक्ष निवेदन दिएकोमा वेवास्ता गरी सो विषयमा कुनै जानकारी समेत नदिएको हुँदा यो निवेदन पेश गरेको छु । कथित मुद्दा चन्दा ऐन, २०३० अर्न्तगत पर्नेमा त्यस तर्फ ध्यान नदिई आतङ्ककारी अध्यादेश,२०६१ को दफा ३ लाई आधार लिई र उक्त ३ न. को कुन दफा आकर्षित हुने हो त्यस तर्फ केहि नबोली अध्यादेश २०६१ अन्तर्गतको अभियोग लगाई सकेपछि सजाय गर्दा सैनिक ऐन, २०१६ अनुसार असान्दर्भिक तरीकाले ठूलो सजाय गरी गैरकानूनी किसिमले थुनामा राखेको र हाल उक्त अध्यादेशनै खारेज भई शून्यको स्थितिमा रहे भएको परिप्रेक्ष्यलाई समेत विचारै नगरी उचित र पर्याप्त आधार कारण बेगर गैरकानूनी तवरले थुनामा राखेको हुँदा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३,८८(२) बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी विपक्षीहरुले राखेको गैरकानूनी थुनाबाट मुक्त गरिपाऊँ भन्ने समेत व्यहोराको निवेदन दावी ।

यसमा के कसो भएको हो ? निवेदन माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? यो आदेश प्राप्त भएको मितिले बाटाका म्याद बाहेक ३(तिन) दिन भित्र सम्बन्धित मिसिल साथ राखी महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पठाउनु भनी रिट निवेदनको एक प्रति साथै राखी विपक्षीहरुको नाममा सूचना पठाई नियमानुसार पेश गर्नु भन्ने यस अदालतको आदेश ।

निवेदक इन्द्रनारायण गिरिलाई श्री समरी जनरल सैनिक अदालत नेपाल जङ्गी अड्डाको पं.स. २१०१।प्राड। २०६१।०६२।१७२१ मिति २०६२।२।५को आदेशले सोहि मिति देखि यस कारागार शाखामा थुनामा रहेका छन् । अधिकार प्राप्त अधिकारीको आदेशबाट निवेदकलाई कैद थुनामा राख्ने आदेश भएकोले यस कार्यालयको काम कारवाहीबाट निवेदकको हकमा कुनै असर नपरेको हुँदा रिट रिट खारेज गरी पाउन अनुरोध गर्दछु भन्ने कारागार शाखा, जगन्नाथदेवलको लिखित जवाफ ।

निवेदक इन्द्रनारायण गिरि नेपाली सेनामा बहाल रहदा रहदैको अवस्थामा आतङ्ककारी गतिविधिमा संलग्न भई जबरजस्ती चन्दा सङ्कलन गरेको भन्ने समेतको अभियोगमा मिति २०६१।११।१५ गते त्रिपुरेश्वर पेट्रोल पम्प इलाकाबाट माओवादी चन्दा रसिद सहित निजलाई श्री जंग गण सिंहदरवारबाट खटिई गएको टोलीले पक्राउ गरी उक्त घटनावारे छानविन गर्न गठित कोर्टअफ इन्क्वायरी बोर्डले निजलाई कडा कारवाही गर्न राय पेश गरेपछी सैनिक ऐन,२०१६ अनुसार गठित एक सक्षम सैनिक अदालतले वहालवाला सैनिक उपर सेवामा रहदा रहदैको अवस्थामा गरेको गम्भीर कसूरको छानविन गरी संकलित सबुत प्रमाणको आधारमा निजलाई सैनिक ऐन बमोजिम सैनिक ऐनको प्रकृया अनुरुप कसूरदार ठहराई फैसला गरी उक्त फैसला कार्यान्वयनको लागि पत्र सहित कारगार शाखामा थुनामा राख्न पठाईएको हो । निवेदकलाई सैनिक अदालतले सफाईको पूर्ण मौका दिएको तथ्य मिसिलबाट समेत स्पष्ट देखिन्छ । तसर्थ निवेदक एक सैनिक व्यक्तिलाई सक्षम सैनिक अदालतले सैनिक ऐन बमोजिम गरेको कारवाही र सजाय कानून अनुकूल नै भएको हुँदा निवेदकको कपोलकल्पित एवं आधारहीन रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको श्री समरी जनरल सैनिक अदालत, जङ्गी अड्डा भद्रकालीको लिखित जवाफ ।

निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री अग्नी खरेल र अधिवक्ता श्री मोहन बहादुर बंजाराले निवेदकलाई आतङ्ककारी गतिविधिमा संलग्न भई जबरजस्ती चन्दा सङ्कलन गरेको भन्ने अभियोगमा समरी जनरल सैनिक अदालतबाट कारवाही चलाउदा सैनिक ऐन,२०१६ तथा आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजाय) अध्यादेश,२०६१ समेतको प्रयोग गरी दोहोरो कानुनको सहारा लिएको छ । समरी जनरल सैनिक अदालतबाट दोहोरो कानूनको सहारा लिई, गलत क्षेत्राधिकारको प्रयोग गरी,निवेदक आफु उपर लगाइएको अभियोगको खण्डन गर्न उचित सुनवाईको मौका दिनबाट समेत पूर्णतः वञ्चित गराई

स्वेच्छाचारी ढंगले कसूरदार ठहर्ने गरी उक्त सैनिक अदालतले हचुवाको भरमा गरेको फैसलाको आधारमा निवेदकलाई दिइएको मिति २०६२।२।४ को कैदी पुर्जी स्वयममा त्रुटिपूर्ण भएको र सोहि कैदि पूर्जीको आधारमा विपक्षीले निवेदकलाई राखेको थुनासमेत स्वतः गैरकानूनी भएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निवेदकलाई गैरकानूनी थुनाबाट अविलम्ब मुक्त गरिनु पर्दछ भन्ने समेत व्यहोराको बहस जिकिर गर्दै सोहि व्यहोराको बहसनोट विद्वान अधिवक्ता श्री अग्नी खरेलले पेश गर्नु भयो । विपक्षी श्री समरी जनरल सैनिक अदालत,नेपाल जङ्गी अड्डा भद्रकाली समेतको तर्फबाट उपस्थित विद्वान सरकारी सह-न्यायाधिवक्ता श्री युवराज सुवेदीले निवेदक नेपाल सरकारको एक राष्ट्र सेवक कर्मचारी भई आफ्नो पदीय आचरण र अनुशासन विपरित हुनेगरी निजले आतङ्ककारी गैरकानूनी काम गरेको कुरामा विवाद छैन् । निवेदकले उक्त सैनिक अदालत समक्ष गरेको पटक-पटको वयानबाट निजलाई उचित सुनवाईको मौकाबाट समेत वञ्चित नगरिएको भन्ने मिसिल कागजातबाट देखिदा कानुन बमोजिम भइरहेको काम कारवाही उपर बन्दीप्रत्यक्षीकरणको आदेश जारी नमिल्ने हुँदा रिट निवेदन खारेज हुनपर्छ भनी बहस गर्नु भयो ।

आज निर्णय सुनाउन तारेख तोकिएको प्रस्तुत रिट निवेदन को निवेदन पत्र सहितको मिसिल अध्ययन गरी हेर्दा देहायको विषयमा निर्णय दिनुपर्ने देखियो

१) निवदकलाई सैनिक ऐन बमोजिम कारवाही गर्ने गरेको सैनिक जनरल अदालतको निर्णय मिलेको छ छैन ?

२) निवेदकलाई राखेको थुना निवेदन दावी बमोजिम गैरकानूनी छ छैन ?

प्रथम प्रश्न, निवेदकलाई सैनिक ऐन बमोजिम कारवाही गर्ने गरेको निर्णय मिलेको छ छैन ? भन्ने तर्फ विचार गर्दा निवेदक सैनिक कर्मचारी भएको कुरामा विवाद देखिदैन । निवेदक आफैले लेटर प्याडमा हस्ताक्षर गरी चन्दा सङ्कलन गरेको छ जुन कार्यलाई तत्कालीन प्रचलित कानूनले प्रतिबन्ध लगाएको देखिन्छ । निवेदकलाई तत्काल प्रचलित सैनिक ऐनको दफा ६० अर्न्तगत निवेदक उपर विध्वंसात्मक अपराध तथा सजाय अध्यादेश बमोजिमको अभियोगका सम्बन्धमा मुद्दा चलाई निर्णय गरेको देखिन्छ । उक्त दफा ६० ले अन्य ऐन अर्न्तगतको कसूरमा पनि ज्यान वा जबरजस्ती करणी बाहेक अन्य कसूरमा सैनिक ऐन अनुसार सैनिक अदालतमा कारवाही हुनसक्ने क्षेत्राधिकार स्पष्ट गरिदिएको देखिदा प्रस्तुत मुद्दा त्यस रोहमा उक्त दफा ६० को अधिकार क्षेत्र भित्र नपर्ने भन्न मिलेन । यसमा उक्त ऐन को दफा ६० लाई चुनौती दिएको देखियो, त्यसमा पनि अहिले नँया सैनिक ऐन जारी भई सकेको छ । तत्काल प्रचलित कानूनले दिएको अधिकारक्षेत्र ग्रहण गरी भैंसकेको निर्णय उपर सम्बन्धित कानूनले व्यवस्था गरेको अन्य उपचार ग्रहण गरी बदर गराउन वा परिवर्तन गराउन सक्नु पर्ने हुन्छ । सो नगरीकन कायम रहेको फैसलामा स्पष्टतः अधिकार क्षेत्रको अभाव भएमा बाहेक बन्दीप्रत्यक्षीकरणको रोहबाट हस्तक्षेप गर्न मिल्ने देखिदैन ।

निवेदक तर्फका कानून व्यवसायीले विध्वंसात्मक अपराध सम्बन्धी ऐनले व्यवस्था गरेको पुनरावेदनको हक समेत कुण्ठित भएको भनेको हकमा पनि निवेदक उपर कारवाही गरेको ऐन अर्न्तगत समरी जनरल सैनिक अदालतले गरेको निर्णय उपर निर्णय वा सजायको पुनर्विचार गर्नसक्ने ठाँउहरु राखेको देखियो, सो बमोजिम त्यस्तो व्यवस्था अर्न्तगत उपचार खोज्ने कार्य निवेदकको हक एवं कर्तव्यको कुरा हो । त्यस्तो व्यवस्थाको विकल्प यस अदालतले दिनसक्ने अवस्था देखिदैन ।

त्यसैगरी सैनिक कर्मचारी र गैर सैनिक मिलेर अपराध गरेमा सैनिक कर्मचारी उपर पनि गैर सैनिक अदालतमा कारवाही वा इन्साफ हुनुपर्छ वा हुन सक्छ भन्ने कानुनी व्यवस्था समेत कतै छैन् । तसर्थ सैनिक ऐन को दफा ६० ले सैनिक कर्मचारीले गरेको कसूर अपराध मध्ये ज्यान र जबरजस्ती करणी बाहेकका अन्य मुद्दाको अनुसन्धान तहकिकात एवं कारवाही गर्नसक्ने अधिकारक्षेत्र सैनिक अदालतलाई

भएको देखिदा निवेदक एक सैनिक कर्मचारी उपर सैनिक अदालतले गरेको निर्णयमा कुनै कानूनी त्रुटि नदेखिंदा उक्त समरी जनरल सैनिक अदालतले तत्कालीन कानून बमोजिम गरेको काम कारवाही एवं निर्णय मिलेको नै देखियो ।

अब दोश्रो प्रश्न, निवेदकलाई राखेको थुना निवेदन दावी बमोजिम गैरकानूनी छ छैन ? भन्ने तर्फ विचार गर्दा उपरोक्त प्रश्न न १ बाट नै यी निवेदक उपरको कसूरमा निवेदक एक वहालवाला सैनिक भएको र निजले तत्काल प्रचलित कानून बमोजिम प्रतिबन्धित काम गरेको भन्ने कुरा सबुत प्रमाणद्वारा पुष्टि भई रहेको देखिदा निजको हकमा सैनिक ऐनको दफा ६० आकर्षित हुने देखिन्छ । वहालवाला सैनिकलाई ज्यान र जबरजस्ती करणी बाहेकको मुद्दामा गैर सैनिक अदालतमा पठाउन मिल्ने देखिदैन् । निवेदकले सैनिक अदालतले गरेको कारवाही उपर पुनरावेदनको हकको उपयोग समेत गरी सकेको देखिन्छ । सैनिक अदालतले यी निवेदकको बयान गराई, सबुत प्रमाण सङ्कलन गरी, त्यसको मूल्याङ्कन गरी गरेको निर्णयमा कुनै कानूनी त्रुटि भएको नदेखिदा कानून बमोजिम भएको काम कारवाहीलाई अन्यथा भन्न नमिल्ने हुँदा निवेदकलाई राखेको थुना गैरकानुनी छ भन्ने निवेदन दावीसँग यो इजलास सहमत हुन सकेन ।

अतः निवेदक उपर कानून बमोजिमको कारवाहीद्वारा निजको कसूर प्रमाणित भई सैनिक ऐन बमोजिम स्थापित अदालतले कानूनको रित पुऱ्याई सजाय गरेको अवस्थामा त्यस्तो सजाय गर्ने अधिकारलाई तत्काल प्रचलित कानूनले मान्यता दिएको कुरा हुँदा अनाधिकार भन्न नमिली त्यस्तो सजाय बहाल रहेको अवस्थामा बन्दीप्रत्यक्षीकरण आदेशद्वारा निवेदकलाई रिहाई गर्न नमिल्ने देखिंदा निवेदन माग बमोजिमको आदेश जारी गर्न मिलेन । निवेदन खारेज हुने ठहर्छ । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी नियमानुसार मिसिल अभिलेख शाखामा बुझाई दिनु ।

उक्त रायमा म सहमत छु ।

न्या. पवनकुमार ओझा

इति सम्वत् २०६३ साल पौष ६ गते रोज शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री गौरी ढकाल

सम्वत् २०६३ सालको रिट नं. ००२४

आदेश मितिः २०६३।११।२४

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : जिल्ला काठमाडौ का.म.न.पा. वडा नं ३ विशालनगर घर भई हाल २ नं. प्रहरी पहरा गण महाराजगञ्जमा थुनुवा रहेको कमल थापाको हकमा जिल्ला काठमाडौ का.म.न.पा. वडा नं ३ बस्ने दामोदर वाग्ले

विरुद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार काठमाडौ समेत

- **लिखित संविधानद्वारा मौलिक हक समेतको व्यवस्था भएको मूलुकमा संविधान एवं सो अन्तर्गत बनेको कानूनको सारवान व्यवस्था र त्यस अन्तर्गत गरिने कुनै कारवाहीको दुरुपयोग रोक्नलाई व्यवस्थित कानूनको उचित प्रकृयाको सिद्धान्तलाई अक्षरशः पालन गर्नुपर्ने ।**

- **पक्राउ गर्ने व्यक्तिले कारणको औचित्य दर्शाउँदैमा सुरक्षा कवचको रुपमा राखिएको कानूनको शर्तहरु र प्रकृयाहरु कुनै पनि वहानामा उल्लंघन गर्ने कुरा ग्राहय हुनसक्दैन र कानूनको निर्धारित प्रकृया गौण बनाउन नसकिने ।**

- **पक्राउ पर्ने कानूनी आवश्यकता अनुरुप पक्राउ गरेको हो भने सो सम्बन्धी कानूनको रीत पूर्णतया पुऱ्याउनु पर्ने ।**

- **वस्तुतः कुनै कुरा बुझ्ने प्रयोजनको लागि कानून बमोजिम अख्तियार प्राप्त अधिकारीको आदेश बेगर र स्पष्ट प्रयोजन बेगर कसैको व्यक्तिगत स्वतन्त्रता अपहरण हुने वा सो मा बन्देज लगाउने गरी तोकिएको कुनै कार्यविधि पूरा नगरी पक्राउ गर्ने र गर्न लगाउने जस्ता कुनै पनि कुरा कानूनको नजरमा आपत्तिजनक कुराहरु हुने ।**

- **मौलिक वा कानूनी हक प्राप्त कुनै व्यक्ति वा नागरिकको हकमा बन्देज लगाउने वा त्यसको उपयोगमा प्रत्यक्ष वा अप्रत्यक्ष ढंगले कुनै किमिसको अबरोध गर्ने कार्य कानून बमोजिम बाहेक हुन नसक्ने ।**

- **कसैलाई कुनै कुरा बुझ्ने नाउँमा बुझ्न खोजिएको व्यक्तिको हकमा अबरोध गर्ने कुनै कार्य वा कार्यशैली कानूनको दृष्टिमा स्वीकार्य छैन । तर प्रशासनिक क्षेत्रमा कानूनले कुनै अख्तियार प्रदान गरेको छ भन्ने आडमा कानूनको विधिसम्मत प्रयोग नगरी अतिरिक्त कानूनी वा गैह्र कानूनी तरिका अपनाई आफ्नो प्रशासनिक प्रयोजन हाँसिल गर्ने प्रवृत्ति रहेको समेत देखिन आउँछ ।**

- **प्रशासनिक सहजताको लागि कानूनको अख्तियारीको उचित र कानूनसङ्गत प्रयोजनको आवश्यकतालाई नै कुनै हदसम्म पनि तोडमरोड गर्ने वा विकृत प्रयोग गर्ने र त्यसबाट कसैको हकलाई प्रभावित गर्ने कुरा स्वीकार्य हुन सक्तैन ।**

- **कुनै कुरा बुझ्ने सिलसिलामा भनी निवेदकलाई कानूनको स्पष्ट अधिकार प्रयोग नगरी र उचित प्रकृया पूरा नगरी अधिकारविहीन अधिकारीले पक्राउ गरेको कुरा कानूनसङ्गत उचित मान्न नमिल्ने ।**

- **उचित र पर्याप्त आधार छ वा छैन भन्ने कुरा अधिकार प्राप्त अधिकारीको आत्मनिष्ठ विश्वासको मात्रै कुरा नभएर त्यो यथार्थमा रहे भएको कुरामा विश्वस्त हुनसक्ने आधार पनि चाहिन्छ । उचित र पर्याप्त आधार भएमा मात्रै प्रयोग गर्ने गरी प्रदान गरेको त्यस्तो अधिकार अधिकार प्राप्त अधिकारीको आत्मनिष्ठ विश्वासको कुरा हो भनी मान्ने हो भने उचित र पर्याप्त आधार जस्तो न्यायिक निरोपणको शब्दहरु प्रयोग गर्नुको तात्विक अर्थ नरहने ।**

## आदेश

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७ अनुसार यसै अदालतको क्षेत्राधिकार भित्र पर्ने प्रस्तुत रिट निवेदन सहितको संक्षिप्त तथ्य र आदेश यस प्रकार छः-

मिति २०६३।१०।१४ गते राती ९:३० को समयमा निवेदक बन्दी कमल थापाको घर कम्पाउण्डमा विना सूचना एक्कासी प्रहरी पसी विपक्षी नं. २ को सही भएको पक्राउ पूर्जि दिई अपहरण शैलीमा निवेदकलाई पक्राउ गरि लगेको र यो रिट निवेदन दर्ता गर्न ल्याउँदाका बखत मिति ०६३।१०।१७ गते सम्म विपक्षी नं २ प्रहरी पहरागण महाराजगञ्जमा गैरकानूनी थुनामा राखेका छन् । बन्दी कमल थापालाई पक्राउ गरी लैजादा दिएको पक्राउ पूर्जिमा निजलाई पक्राउ गर्नुपर्ने कुनै आधार, कारण, अभियोग, कुनै ऐन कानूनको उलङ्घन भएको वा हुने आशंका भएको लगायत केही कुरा उल्लेख भएको देखिदैन । केवल उपरोक्त सम्बन्धमा तपाइसँग केही कुरा बुझ्न पर्ने भएकोले खटी आएको प्रहरी साथमा आउनु हुन तपाईलाई यो पक्राउ पूर्जि दिइएको छ भन्ने सम्मको व्यहोरा उल्लेख छ । जो कुनै कानूनमा आधारित छैन ।

सम्मानित अदालतबाट गैरकानूनी नजरबन्द वा थुनाका सम्बन्धमा अनेकन नजिर सिद्धान्तहरु प्रतिपादन भएका छन् । खासगरी वर्तमान सन्दर्भमा मिति ०६३।१।११ गतेपछिको राजनीतिक परिवर्तनको सन्दर्भ पश्चात पनि यिनै थुनुवा कमल थापा समेतको मुद्दामा होस अथवा निवेदक रमेशनाथ पाण्डेको बन्दीप्रत्यक्षीकरण मुद्दामा यस सम्मानित अदालतको बृहत पूर्ण इजलासले परिवर्तित विशेष परिस्थितिको सम्बन्धमा भइरहेको कानूनी व्यवस्था एवं प्रतिपादित कानूनी सिद्धान्तको परिपालनामा जटिलता भएको भन्ने परिकल्पना गर्नु कानुनको शासन अनुकूल हुनजाने देखिदैन भनी भइरहेको कानून तथा सम्मानित अदालतबाट प्रतिपादित कानूनी सिद्धान्त समेतको प्रतिकूल हुनजाने कुनै कार्यहरु विधिको शासन अनुकूल नहुने भनी प्रष्टसँग उल्लेख छ (२०६३ पु.ई १६ मुद्दाः बन्दीप्रत्क्षीकरण) । साथै नेपालको अन्तरिम संविधानको धारा २४(१) ले कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा राख्ने छैन भन्ने सुनिश्चितता प्रदान गरेको, मूलुकी ऐन अ.वं. १२१ नं. बमोजिम कारण खोली पूर्जि नदिई कसैलाई पनि थुनामा राख्न नमिल्ने व्यवस्था छ । यसैगरी अ.वं. ११६ नं. जनाउ दिएर गिरफ्तार गर्ने भन्ने व्यवस्था हुँदा

हुँदै त्यसको विपरीत निवेदकलाई पक्राउ गरी थुनामा राखेको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी बन्दीलाई थुनामुक्त गरिपाऊँ भन्ने रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएको मितिले बाटाका म्याद बाहेक ३ दिन भित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पठाउनु भनी विपक्षीहरुलाई सूचना दिनु साथै निवेदनपत्रको विपक्षी खण्डमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाए पनि सो कार्यालयको कुनै भूमिका निवेदन पत्रमा उल्लेख नभएकोले विपक्षी नं. १ बाट लिखित जवाफ मगाई रहनु परेन भनी यस अदालतबाट भएको आदेश ।

जिल्ला प्रशासन कार्यालय काठमाडौको मिति ०६३।१०।१७ को पत्रादेशानुसार सार्वजनिक सुरक्षा ऐन, २०४६ बमोजिम यस परिसरमा नजरबन्दमा राख्न आदेश भएका कमल थापालाई ताँहा गणमा नजरबन्दमा राख्ने प्रयोजनार्थ पठाइएको भन्ने महानगरीय परीसर काठमाडौको मिति २०६३।१०।१७ गतेको पत्रबाट अनुरोध भई आएकोले यस गणलाई विपक्षी बनाई दिएको रिट निवेदन वदरभागी छ खारेज गरिपाऊँ भन्ने सशस्त्र प्रहरी गण नं. २ महाराजगंज काठमाडौको लिखित जवाफ ।

हालका दिनहरुमा सिराहा जिल्ला लगायतका तराइका अन्य जिल्लाहरुमा भई रहेको तोडफोड, आगजनी एवं विध्वंसात्मक घट्नाहरुका सम्बन्धमा पूर्व गृह मन्त्री कमल थापाले राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालको पार्टी कार्यालय वानेश्वर भन्ने ठाउँमा बसी ०६३।१०।१ गते जारी भएको अन्तरिम संविधानको विरोध गर्ने र आगामी जेष्ठ महिना संविधानसभाको निर्वाचन समयमा गर्न नसकिने किसिमको परिस्थिति सिर्जना गर्न तराईको सिराहा, धनुषा, रौतहट, वारा, पर्सा लगायतका विभिन्न ठाउँमा हुलदंगा मच्याउन कार्यकर्ता खटाएको र सो क्षेत्रमा साम्प्रादायिक सद्भाव भड्काउने, सार्वजनिक सम्पत्ति तोडफोड गर्ने र जनजीवनलाई नै अस्तव्यवस्था बनाई मूलुकको अखण्डता र सार्वभौमसत्ता माथि आँच आउने गतिविधि गरेको भन्ने विशेष सुराकबाट प्राप्त हुन आएकोले निजबाट त्यस्तो गतिविधि दोहोऱ्याई रहने र निजलाई तत्काल नियन्त्रणमा नलिदा भविष्यमा पनि निजबाट त्यस्ता गतिविधि सञ्चालन गरी गंभीर परिस्थिति उत्पन्न गर्नसक्ने विश्वसनीय आधार पाइएकोले सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ बमोजिम उल्लेखित कार्य हुन गर्नबाट रोक्न सोही ऐनको दफा ५.१ बमोजिम मिति ०६३।१०।१५ गतेबाट लागू हुने गरी बढीमा ९० दिनसम्मको लागि नजरबन्दमा राख्ने आदेश जारी गरिएको छ भन्ने जिल्ला प्रशासन कार्यालय काठमाडौको मिति ०६३।१०।१७ गतेको आदेश भएकोले निवेदकलाई पक्राउ गरी थुनामा राखिएको हो । पक्राउ गर्नुपर्ने आधार कारण नभई पक्राउ गरी थुनामा राखेको भनी लिएको जिकिर झुठ्ठा हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने विपक्षी प्रहरी नायव उपरीक्षक दिपक कुमार थापाको र सोही व्यहोराका नेपाल सरकार गृह मन्त्रालयको समेत लिखित जवाफ ।

नियम बमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत रिट निवेदन सहितको मिसिल अध्ययन गरी निवेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री त्रिलोचन गौतम, श्री बालकृष्ण न्यौपाने र श्री विष्णु प्रसाद भट्टराईले निवेदकलाई विना आधार र कारण आत्मगत स्वेच्छाचारी किसिमबाट विपक्षीहरुले रातको समयमा अपहरण शैलीमा पक्राउ गरी कसैलाई भेटघाट समेत गर्न नदिई थुनामा राखेको र विपक्षीहरुको लिखित जवाफमा निवेदकको मधेशको आन्दोलनमा संलग्नता देखिएको कुरा उल्लेख भएपनि त्यसलाई पुष्टि गर्ने त्यस्तो कुनै वस्तुनिष्ठ सबुद प्रमाण निजहरुले पेश गर्न सकेको देखिदैन । यदि निवेदकबाट त्यस्तो काम भइसकेको भए प्रचलित कानून बमोजिम मुद्दा चलाउनु पर्ने त्यो पनि छैन । भविष्यमा गर्ने कार्यबाट रोक्न भए त्यसको विश्वसनीय प्रमाण विपक्षीले दिनुपर्ने हो त्यो पनि मिसिल साथ संलग्न देखिदैन । यसबाट विपक्षीहरुले निवेदकलाई थुनामा राख्ने गरेको कार्य नेपालको अन्तरिम संविधानको धारा २४, मूलुकी ऐन अ.वं. १२१ नं. एवं अ.वं. ११६ को विपरीत भै गैरकानूनी भएकोले संविधानको धारा

३२ र १०७ बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी विपक्षीहरुको त्यस्तो गैरकानूनी थुनाबाट निवेदकलाई मुक्त गरिपाऊँ भनी र विपक्षी तर्फबाट उपस्थित विद्वान सह न्यायाधिवक्ता श्री युवराज सुवेदीले हाल सिराहा जिल्ला लगायतका तराईका जिल्लाहरुमा भएको तोडफोड र आगजनीमा निवेदकको समेत संलग्नता भएको भन्ने विशेष सुराकीबाट सूचना प्राप्त भए अनुसार देशको शान्ति, सुरक्षा, क्षेत्रीय अखण्डता, साम्प्रदायिक सद्भाव कायम राख्न निजलाई पक्राउ गर्नुपर्ने भएकोले सार्वजनिक सुरक्षा ऐन २०४६ अनुसार जिल्ला प्रशासन कार्यालय काठमाडौका प्रमुख जिल्ला अधिकारीको आदेशबाट निजलाई थुनवा पूर्जि दिई कानून सम्मत किसिमले थुनामा राखिएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी रहन पर्ने अवस्था छैन । रिट निवेदन खारेज गरिपाऊँ भनी गर्नु भएको बहस समेत सुनियो ।

प्रस्तुत निवेदन निवेदकलाई सार्वजनिक सुरक्षा ऐन अन्तर्गत नजरबन्दमा राखेको उपर परेको देखिन्छ । निवेदकलाई मिति ०६३।१०।१५ मा नायव उपरिक्षकले जारी गरेको पक्राउ पूर्जिबाट गिरफ्तार गरी थुनामा राखेको र तत्पश्चात निजको हकमा जिल्ला प्रशासन कार्यालयमा प्रतिवेदन गरी सोही आधारमा सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ को आधारमा दफा ५.१ बमोजिम नजरबन्दमा राख्ने आदेश जारी गरेको भन्ने सरकारी वकिलले पेश गरेको फाइलबाट देखिन्छ निवेदकले भने नायव उपरिक्षकको पक्राउ पूर्जि बाहेक अरु पूर्जि साधिकार निकायबाट प्राप्त नभएको र अन्य प्रकृयाबाट निवेदकले पाउनु पर्ने पक्राउ पूर्जिको तात्पर्य हासिल नहुने भनी जिकिर लिएको देखिन्छ । यस अवस्थामा मूलतः देहायका प्रश्नहरु विचारणीय हुन आएको छः

(१) प्रहरी नायव उपरीक्षकले केही कुरा बुझ्न भनी निवेदकलाई पक्राउ पूर्जि जारी गरी पक्राउ गर्न हुन्छ, हुँदैन ? त्यसरी गरिएको पक्राउको वैधता के हुन्छ ? नजरबन्दमा राख्ने आदेश दिने अधिकारीको आदेश बेगर पक्राउ गरी थुन्न हुन्छ, हुँदैन ?

(२) सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ को आधारहरु विद्यमान भएर नजरबन्दको आदेश जारी भएको हो, होइन ? नजरबन्दमा राख्ने अधिकारीले सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ बमोजिमको आधार उल्लेख गर्नु पर्छ पर्दैन ? अरुले दिएको प्रतिवेदनलाई नै आफनो आधार बनाउन हुन्छ, हुँदैन ?

(३) निवेदकको माग बमोजिम आदेश जारी हुनुपर्ने हो, होइन ?

उपरोक्त प्रश्नहरुको रोहमा सर्वप्रथम पहिलो प्रश्न तर्फ विचार गर्दा वर्तमान नेपालको अन्तरिम संविधान, २०६३ को धारा २५ को उपधारा (१) मा नेपाल राज्यको सार्वभौमसत्ता र अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभै कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन भन्ने व्यवस्था भएको, धारा २४ को उपधारा (१) कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन भन्ने व्यवस्था भएको, धारा १२ को उपधारा (१) मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ र सोहीको उपधारा (२) मा कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुने छैन भन्ने व्यवस्था उल्लेख भएको देखिन्छ । उक्त व्यवस्थाको उपयोग अन्य नागरिक सरह निवेदकले पनि गर्नसक्नेमा विवाद रहेन । यसरी संविधानद्वारा व्यक्तिको मौलिक हक प्रत्याभूत भइरहेको अवस्थामा त्यसको सम्मान गरी हरेकको मौलिक हकको प्रचलनमा बाधा नपुऱ्याउनु र सो को उपयोगको लागि सघाउने राज्यको कर्तव्य हुन्छ । प्रचलित संविधानले प्रदान गरेको स्वतन्त्रता उपायोग गर्ने कुरामा कानून बमोजिम बन्देज लगाउन परेको अवस्थामा पनि कानूनको उचित प्रकृया पुऱ्याएर मात्रै त्यस्तो कार्य गर्न सकिन्छ । लिखित संविधानद्वारा मौलिक हक समेतको व्यवस्था भएको मूलुकमा संविधान एवं सो अन्तर्गत बनेको कानूनको सारवान व्यवस्था र त्यस अन्तर्गत गरिने कुनै कारवाहीको दुरुपयोग रोक्नलाई व्यवस्थित कानूनको उचित प्रकृयाको सिद्धान्तलाई

अक्षरशः पालन गर्नुपर्ने हुन्छ । संविधानको यो प्रत्याभूति, व्यक्ति र परिस्थिति निरपेक्ष हुन्छ र केवल कानून सापेक्ष हुन्छ । पक्राउ गर्ने व्यक्तिले कारणको औचित्य दर्शाउँदैमा सुरक्षा कवचको रुपमा राखिएको कानूनको शर्तहरु र प्रकृयाहरु कुनै पनि वहानामा उल्लंघन गर्ने कुरा ग्राहय हुनसक्दैन र कानूनको निर्धारित प्रकृया गौण बनाउन पनि सकिदैन ।

प्रस्तुत मुद्दामा निवेदकलाई प्रहरी नायव उपरीक्षकले पक्राउ गरेको देखिन्छ, तर सो गर्नलाई अख्तियार प्राप्त अधिकारीको कुनै पूर्व आदेश प्राप्त गरेको देखाउन सकेको छैन, नत कुनै अपराध घटित भइरहेको सिलसिलामा वारदात स्थलमा प्रचलित प्रहरी कानून बमोजिम तत्काल गिरफतार गर्नुपर्ने भै गरेको जस्तो तत्कालिक आदेश जारी भएकोमा कुनै जिकिर आउन सकेको छ । निवेदकलाई केही कुरा बुझ्न भनी पक्राउ गरिएको अवस्था छ । कुनै कुरा बुझ्न भनी सहयोगको लागि बोलाईएको भए पक्राउ गर्नु पर्ने हुँदैन । अन्य तरिकाले उपस्थितिको अनुरोध गर्नुपर्ने हुन्छ । पक्राउ पर्ने कानूनी आवश्यकता अनुरुप पक्राउ गरेको हो भने सो सम्बन्धी कानूनको रित पूर्णतया पुऱ्याउनु पर्ने हुन्छ । निवेदकलाई केही कुरा बुझ्न पर्ने भएको हो, त्यो अहिलेसम्म पनि खुलेको छैन । वस्तुतः कुनै कुरा बुझ्ने प्रयोजनको लागि कानून बमोजिम अख्तियार प्राप्त अधिकारीको आदेश बेगर र स्पष्ट प्रयोजन बेगर कसैको व्यक्तिगत स्वतन्त्रता अपहरण हुने वा सो मा बन्देज लगाउने गरी तोकिएको कुनै कार्यविधि पूरा नगरी पक्राउ गर्ने र गर्न लगाउने जस्ता कुनै पनि कुरा कानूनको नजरमा आपत्तिजनक कुराहरु हुन् । यथार्थमा मौलिक वा कानूनी हक प्राप्त कुनै व्यक्ति वा नागरिकको हकमा बन्देज लगाउने वा त्यसको उपयोगमा प्रत्यक्ष वा अप्रत्यक्ष ढंगले कुनै किमिसको अबरोध गर्ने कार्य कानून बमोजिम बाहेक हुनै सक्दैन । कसैलाई कुनै कुरा बुझ्ने नाउँमा बुझ्न खोजिएको व्यक्तिको हकमा अबरोध गर्ने कुनै कार्य वा कार्यशैली कानूनको दृष्टिमा स्वीकार्य छैन । तर प्रशासनिक क्षेत्रमा कानूनले कुनै अख्तियार प्रदान गरेको छ भन्ने आडमा कानूनको विधिसम्मत प्रयोग नगरी अतिरिक्त कानूनी वा गैह्र कानूनी तरिका अपनाई आफ्नो प्रशासनिक प्रयोजन हाँसिल गर्ने प्रवृत्ति रहेको समेत देखिन आउँछ । प्रशासनिक सहजताको लागि कानूनको अख्तियारीको उचित र कानूनसङ्गत प्रयोजनको आवश्यकतालाई नै कुनै हदसम्म पनि तोडमरोड गर्ने वा विकृत प्रयोग गर्ने र त्यसबाट कसैको हकलाई प्रभावित गर्ने कुरा स्वीकार्य हुन सक्तैन । त्यसैले कुनै कुरा बुझ्ने सिलसिलामा भनी निवेदकलाई कानूनको स्पष्ट अधिकार प्रयोग नगरी र उचित प्रकृया पूरा नगरी अधिकार विहीन अधिकारीले पक्राउ गरेको कुरा कानूनसङ्गत उचित मान्न मिलेन । त्यसैले त्यस्तो पक्राउ गरी नजरबन्द राखेकोलाई वैध मान्न मिल्दैन ।

दोश्रो प्रश्न तर्फ विचार गर्दा सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ बमोजिम निवेदकलाई नजरबन्दमा राखिएको भन्ने विपक्षीहरुको लिखित जवाफ देखिन्छ । उक्त दफा ३.१ को कानूनी व्यवस्थालाई हेर्दा "नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल गर्नसक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने उचित र पर्याप्त आधार भएमा स्थानीय अधिकारीले निजलाई कुनै खास अवधिसम्म कुनै खास ठाउँमा नजरबन्दमा राख्ने आदेश जारी गर्नसक्नेछ" भन्ने देखिन्छ । विपक्षीहरुको लिखत जवाफमा हालका दिनहरुमा सिरहा जिल्ला लगायतका तराईका जिल्लाहरुमा हुलदंगा मच्याउन, तोडफोड गर्न र जनजीवनलाई अस्तव्यस्त बनाई मूलुकको अखण्डता र सार्वभौमसत्ता माथि आँच ल्याउन निवेदकले आफ्ना कार्यकर्ता खटाएको र निजबाट त्यस्तो गतिविधि दोहोऱ्याई रहने विशेष सुराकबाट विश्वसनीय सूचना पाएको हुँदा निजलाई पक्राउ गरी नजरबन्दमा राखिएको भन्ने उल्लेख भएको भएपनि त्यस्तो विश्वास गर्न लायक उचित र पर्याप्त आधार विपक्षीहरुले पेश गर्न सकेको देखिदैन । सार्वजनिक सुरक्षा ऐनमा जुन प्रयोजनका लागि निवेदकको हकमा रोक लगाउन खोजिएको हो सो प्रयोजनको लागि नै उक्त कानूनी व्यवस्था आकर्षित गर्नुपर्ने कानूनको उद्देश्य देखिन्छ । त्यसको लागि उक्त कानूनको प्रयोग गर्दा कानूनमा उल्लेखित प्रयोजनको लागि वस्तुनिष्ट आधारहरु

यथार्थमा रहे भएको हुनुपर्दछ र त्यस्तो स्थिति रहे भएको देखिने उचित र पर्याप्त अधार हुनु पनि पर्दछ। उचित र पर्याप्त आधार छ वा छैन भन्ने कुरा अधिकारी प्राप्त अधिकारीको आत्मनिष्ठ विश्वासको मात्रै कुरा नभएर त्यो यथार्थमा रहे भएको कुरामा विश्वस्त हुनसक्ने आधार पनि चाहिन्छ । उचित र पर्याप्त आधार भएमा मात्रै प्रयोग गर्ने गरी प्रदान गरेको त्यस्तो अधिकार अधिकार प्राप्त अधिकारीको आत्मनिष्ठ विश्वासको कुरा हो भनी मान्ने हो भने उचित र पर्याप्त आधार जस्तो न्यायिक निरोपणको शब्दहरु प्रयोग गर्नुको तात्विक अर्थ रहँदैन । कुनै अधिकारीले प्रयोग गरेको अधिकार उचित र पर्याप्त आधार भएर प्रयोग गरेको हो वा होइन भनी निराकरण गर्न न्यायिक निकायले समेत नसक्ने हो र अधिकार प्राप्त अधिकारीले उचित र पर्याप्त आधार छ भनी जारी गरेको आदेशलाई सोही बमोजिम भए गरेको मान्नु पर्छ भनी मानेको खण्डमा उचित र पर्याप्त आधार भन्ने शब्दले आफ्नो स्वाभाविक अर्थ गुमाउँछ र जुनसुकै उचित वा अनुचित आधारमा जारी भएको अधिकारलाई पनि उचित र पर्याप्त आधार सहित प्रयोग गरेको होला भनी अनुमान गर्नुपर्ने अवस्था आउँछ । यस्तो विवेकहिन र असम्भव स्थिति सहितको अख्तियारी यो ऐन बमोजिम अधिकार प्रयोग गर्ने अधिकारीलाई दिएको होला भन्न सम्भन मिल्दैन । उदारवादी प्रजातन्त्रमा आधारीत भएको वर्तमान संवैधानिक संरचनाले विधिबाट निरोपित सीमित शासनको अवधारणालाई कार्यान्वयन गरिरहेको देखिने हुनाले त्यस्तो विषम र अनियन्त्रित शासनको पक्षमा तर्क गर्ने ठाउँ दिएको देखिन आउँदैन ।

प्रस्तुत मुद्दामा निवेदकको हकमा ऐनको दफा ३.१ मा उल्लेखित शब्दावलीहरु प्रयोग गरिएको भएपनि यथार्थमा त्यस्तो स्थिति सृजना भएको विश्वास गर्ने उचित र पर्याप्त आधारहरु आदेश जारी गर्ने अधिकारीको पर्चामा तथा फाइल संलग्न अन्य कागजात कतैबाट पनि देखिन आउँदैन । आरोपहरु गम्भीर रुपमा लगाइएको छ, तर आधारहरु खंदिलो र पर्याप्त भएनन् भने त्यसले कुनै तार्किक निष्कर्षमा पुऱ्याउँदैन । हरेक आरोपहरु तथ्यमा आधारीत नभएसम्म तिनको खासै असर पनि हुँदैनन । निवेदकको हकमा लगाइएको आरोपहरु तथ्यपरक भन्दा मनोगत ज्यादा देखिएको र त्यस्तो स्थिति जुनसुकै पक्षको भएपनि कानूनको दृष्टिमा स्वीकार्य नहुने हुनाले वैयक्तिक ढंगले विचार गर्नुपर्ने हुन्छ । ऐनमा उचित र पर्याप्त अधारहरु र अख्तियारी प्रयोग गर्ने सिलसिलामा यस अदालतबाट विभिन्न अबसरमा विभिन्न निर्णयहरु भई एक किसिमको मापदण्ड नै निर्धारित भएको पाइन्छ । जस्तै "कसैलाई नजरबन्दमा राख्दा उचित र पर्याप्त आधार र कारण हुनुपर्ने" (मिरा श्रेष्ठ वि. गृह मन्त्रालय समेत ने.का.प. २०५५ अंक १ पृष्ठ ११, कृष्णध्वज खड्का वि. गृह मन्त्रालय समेत ने.का.प. २०५५ अंक ४ पृष्ठ १९५), "आदेशमा उल्लेख भएका कार्यहरु भरपर्दो तथ्यबाट पुष्टी नभएको अवस्थामा केवल प्रहरी प्रतिवेदन पर्याप्त नहुने, भईसकेको अपराधिक कार्यका लागि सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ आकर्षित नहुने" (देउ प्रसाद पौडेल वि. गृह मन्त्रालय समेत स.अ. बुलेटीन वर्ष १३ पूर्णाङ्क ३०० अंक १८ पृष्ठ १२) "स्थानीय अधिकारीबाट नजरबन्दमा राख्ने आदेश भएपश्चात मात्र प्रहरीले पक्राउ गर्नसक्ने" (रुप नारायण श्रेष्ठ वि. गृह मन्त्रालय समेत स.अ. बुलेटीन वर्ष १४,पूर्णाङ्क ३१० अंक ४ पृष्ठ १३) "कसैको वैयक्तिक स्वतन्त्रतामा असर पर्ने गरी कारवाही गर्दा substantive due process र procedural due process दुबैलाई अनिवार्य रुपमा पालना गर्नुपर्ने" (प्रेम चौलागाई वि. गृह मन्त्रालय समेत ने.का.प. २०६१ अंक २ पृ. १९०), "ऐनको दफा ३.१ मा उल्लेख भएको नेपाल राज्यको सार्वभौमसत्ता, अखण्डता वा शान्ति र व्यवस्था मध्ये कुन विषयमा निवेदकले खलल पुऱ्याउने कार्य गरेको हो सो स्पष्ट रुपमा खुलाएको आधार र कारण पनि उल्लेख भएको देखिदैन । ऐनमा परेको वाक्यलाई एकमुष्ट रुपमा उल्लेख गरी नजरबन्द आदेश जारी गरिएको छ । ऐनमा परेको वाक्य उल्लेख गर्नु मात्र नजरबन्दमा राख्नको लागि पर्याप्त हुँदैन । त्यसमा लिइएको आधार र कारण उचित र पर्याप्त देखिनु पर्छ" (रमेशनाथ पाण्डे वि. गृह मन्त्रालय समेत ०६३ सालको रिट पूर्ण इजलास नं. १६ फैसला मिति ०६३।२।२१।१) आदि ।

माथि विवेचित आधार कारण एवं सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्त समेतबाट विपक्षीहरुले निवेदकलाई सार्वजनिक सुरक्षा ऐन २०४६ को दफा ३.१ बमोजिम उचित र पर्याप्त आधार सहित नजरबन्दमा नराखिएको एका तर्फ छ भने अर्को तर्फ ऐ को दफा ३.१ बमोजिम आदेश जारी गर्नु मात्र पर्याप्त हुँदैन । त्यस आदेशमा लिइएका आधार र कारण उचित र पर्याप्त हुनाका साथै तथ्य एवं वस्तुपरक पनि हुनुपर्दछ । त्यसरी आदेश जारी गरिसकेपछि पनि निवेदकको हकमा कतिपय प्रकृयात्मक रोह रीत र सूचनाका शर्तहरु प्रयोग गर्नुपर्ने हुन्छ जस्तै दफा ४.१ बमोजिम सम्बन्धित व्यक्तिलाई आदेशको प्रतिलिपि दिनुपर्नेमा सो आदेशको प्रतिलिपि सहितको जानकारी गृह मन्त्रालयलाई दिनुपर्ने र दफा ४.२ बमोजिम नजरबन्दमा राखेको आदेश सहितको सूचना २४ घण्टा भित्र सम्बन्धित जिल्लाको जिल्ला अदालतलाई समेत दिनुपर्ने कानूनी व्यवस्था देखिन्छ । तर सो अनुसार जानकारी दिइएको सम्बन्धित निर्णय फायलबाट देखिदैन । निवेदकले सिराहा जिल्ला लगायतका तराईका अन्य जिल्लाहरुमा भइरहेको तोडफोड, आगजनी एवं विध्वंसात्मक घटनाहरु घटाउन दुरुत्साहन गर्ने, अन्तरिम संविधानको विरोध गर्ने र आगामी जेष्ठ महिनामा हुने भनिएको संविधानसभाको निर्वाचन हुन नदिन साम्प्रदायिक सद्भाव भड्काउने, सार्वजनिक सम्पत्ति तोडफोड गरी जनजीवनलाई नै अस्तव्यस्त बनाई मूलुकको अखण्डता र सार्वभौमसत्ता माथि आँच आउने गतिविधि गरेकोले निजलाई तत्काल नियन्त्रणमा नलिंदा भविष्यमा पनि निजबाट त्यस्ता गतिविधि सञ्चालन गरी झन गंभीर परिस्थिति उत्पन्न गरी ठूलो धनजनको क्षति पुऱ्याउन सक्ने अवस्था हुँदा सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ बमोजिम ९० दिनसम्म थुनामा राखिएको भनिए पनि पहिले प्रहरी नायव उपरिक्षकले मिति ०६३।१०।१५ मा पक्राउ पूर्जि दिई निवेदकलाई पक्राउ गरी थुनामा राखेपछि स्थानीय अधिकारीले मिति ०६३।१०।१७ मा आदेश गर्दा मिति ०६३।१०।१५ देखि लागू हुने गरी भनी पश्चादर्शी असर पर्ने गरी आदेश गरेबाट उक्त ऐनले तोकेको यथोचित कार्यविधि अनुशरण गरी तत्सम्बन्धमा माथि विवेचित गरिएको संवैधानिक कानूनी एवं यस अदालतबाट प्रतिपादित सिद्धान्त अनूकुल प्रकृया पुऱ्याई निवेदकलाई नजरबन्दमा राखेको देखिदैन । यसरी प्रहरी नायव उपरीक्षकले दिएको प्रतिवेदनलाई आधार मानि ऐनको दफा ३.१ बमोजिम विश्वास गर्न सकिने उचित र पर्याप्त आधार उल्लेख नगरी र दफा ४.१ एवं ४.२ को प्रकृया पूरा नगरी निवेदकलाई नजरबन्दमा राख्ने गरेको विपक्षीहरुको कार्य कानून सम्मत देखिएन ।

अब, तेश्रो र अन्तिम प्रश्न तर्फ विचार गर्दा माथि विवेचित आधार प्रमाणबाट प्रस्तुत मुद्दामा निवेदकलाई शुरुमा पक्राउ गर्दा प्रहरी नायव उपरीक्षकले सार्वजनिक सुरक्षा ऐन २०४६ बमोजिमको स्थानीय अधिकारीको कानून बमोजिमको आदेश बेगर पक्राउ गरी थुनामा राखेको, स्थानीय अधिकारीले मिति ०६३।१०।१७ मा आदेश जारी गर्दा मिति ०६३।१०।१५ देखि लागू हुने गरी भनी पश्चातदर्शी असर दिई आदेश गरेको र प्रहरीले पक्राउ गरी बुझाएको प्रतिवेदनका आधारमा सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति कुन कुरामा खलल हुने कस्तो काम गरेको हो उचित र पर्याप्त प्रमाणको आधार उल्लेख नगरी नजरबन्दमा राख्ने आदेश जारी गरेको भै मिति ०६३।१०।१५ को प्रहरी नायव उपरीक्षकको कानून र आधारविहीन पक्राउपूर्जि सहितको पक्राउलाई नै निरन्तरता दिइएको देखिएको, निवेदकलाई सार्वजनिक सुरक्षा ऐन २०४६ को दफा ३.१ को प्रयोजनका लागि दफा ४.१ र ४.२ प्रकृया पुऱ्याई दफा ५.१ बमोजिमको आदेश जारी गरी उचित र पर्याप्त कानून सहितको पूर्जि बुझाएको समेत देखिन नआएको र यस अदालतबाट निवेदक रमेशनाथ पाण्डे विरुद्ध गृह मन्त्रालय समेत भएको बन्दीप्रत्क्षीकरण मुद्दामा उल्लेखित आधारहरु विपरीत समेत निवेदकलाई गैरकानुनी थुनामा राखेको देखिएकोले निवेदकलाई थुनाबाट मुक्त गरीदिनु भनी विपक्षीहरुका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ । निवेदकलाई सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा १२ बमोजिम काठमाडौ जिल्ला अदालतका जिल्ला न्यायाधीशको रोहवरमा थुनाबाट मुक्त गरीदिनु भनी आज यसै इजलासबाट छुट्टै आदेश भइसकेकोले अरु केही गरिरहनु

परेन । विपक्षीहरुको जानकारीको लागि प्रस्तुत आदेशको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालय मार्फत पठाउनु । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरि बुझाइदिनु ।

उक्त रायमा सहमत छु ।

न्या. गौरी ढकाल

इति सम्वत् २०६३ साल फाल्गुन २ गते रोज ४ शुभम् ।

एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री बलराम के.सी.

सम्बत ०६४ सालको रिट नं. ०६३-WH0-००३५

फैसला मिति: २०६४।२।२।४

विषय: बन्दीप्रत्यक्षीकरण ।

निवेदक : जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. ३३ मैतीदेवी घर भै हाल कारागार कार्यालय काठमाडौं अन्तर्गत केन्द्रीय कारागार कार्यालय काठमाडौंमा थुनामा रहेको शिबलाल पोडे

विरुद्ध

विपक्षी : काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौं समेत

- **अदालतको फैसला कार्यान्वयनको सिलसिलामा परेको थुनालाई** Lawfull Detention **मानिन्छ ।** Lawfull Detention **बाट व्यक्ति स्वतन्त्रता अपहरण हुन नहुने ।**

- **देशको दण्डनीय कानून उल्लंघन गरेको कारण कानूनले अधिकार पाएको राज्यको अपराध अनुसन्धान गर्ने निकायबाट अपराधको अनुसन्धान भै संवैधानिक व्यवस्था बमोजिम सरकारी वकिलले अभियोग लगाई कानूनले तोकेको अदालतले सबुद प्रमाण बुझी सबूद प्रमाणको आधारमा सक्षम अदालतले कानून बमोजिम गरेको सजायमा चित्त नबुझेकोले कानूनी व्यवस्था बमोजिम माथिल्लो अदालतमा पुनरावेदन गर्नुपर्ने ।**

- **देशको दण्डनीय कानून उल्लंघन गरे बापत सक्षम अदालतबाट भएको सजाय उपर असाधारण अधिकार क्षेत्र अन्तर्गत निवेदन लाग्न सक्दैन । साधारण अधिकार क्षेत्र अन्तर्गत पुनरावेदन गर्न पर्दछ । अदालती निर्णय उपर असाधारण अधिकार क्षेत्र अबरुद्ध हुने केही अपवाद हुन सक्छ । जस्तो अधिकारै नभएको निकायले मुद्दा चलाई** Prosecute **गरेको** Apparent error on the face of the record **का केही सीमित अवस्थाहरुमा मात्र असाधारण अधिकार क्षेत्र अन्तर्गत बन्दीप्रत्यक्षीकरणको निवेदनबाट हेरिन्छ । सो बाहेक अन्य अवस्थामा सक्षम अदालतले गरेको फैसलामा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) को असाधारण अधिकार क्षेत्रबाट हेर्न नमिल्ने ।**

आदेश

१. नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ र ३२ बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ:-

२. म निवेदकलाई मिति २०६२।८।१९ गते म बाट BUPRENORPHINE INJECTION पिस तथा NITPAZEPAM TABLESTIP NITRAVAT 10 भनी लेखिएको tablet ५६ पिस NITRAZEPAM TABLETS IP NITROSUN 10 भनी लेखिएको tablet ९० पिस तथा BUPRENORPHINE

INJECTION IP BORPHIN भनी लेखिएको इन्जेक्शन १५० सम्पूल बरामद भएको भनी वरामदी मुचुल्का तयार गरी लागु औषध नियम कानून कार्यालय इकाई नयाँ वानेश्वरले पक्राउ गरी अनुसन्धान गरी लागु औषध नियन्त्रण ऐन, २०३३ को संशोधन सहितको दफा ४ को देहाय (१) र (च) बमोजिमको निषेधित कसूरमा ऐ. को दफा १४(१) को देहाय (भ) बमोजिमका सजाय माग दावी गरी काठमाडौं जिल्ला अदालतमा अभियोग पत्र दायर गरी मुद्दाको कारवाही शुरु भएको र थुनछेकको आदेशको क्रममा मलाई रु.३५,०००।- धरौटी माग गरिएको र सो बमोजिम मैले रकम दाखिल गरी तारेखमा बसी मुद्दा पुर्पक्ष गरी आएकोमा मिति २०६३।१२।१९ मा साढे तीन वर्ष कैद र १२,५००।- रुपैयाँ जरिवाना भएको भनी मिति २०६४।१।७ मा लागुऔषध नियन्त्रण कानून कार्यान्वयन इकाई नयाँ वानेश्वरबाट पक्राउ गरी थुनुवा पूर्जि नदिई सोही दिन श्री कारागार कार्यालय जगन्नाथदेवलमा थुनामा राखिएको छ ।

३. लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा २३(क) मा प्रचलित कानून बमोजिम हुने भनी यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३ को खण्ड (क) को उपखण्ड (७) बमोजिम तोकिदिएका प्राकृतिक वा कृत्रिम लागु औषध तथा मनोदिपक पदार्थ र तिनका लक्षणहरुका सम्बन्धमा औषधी टेब्लेट, क्याप्सुल, इनजेक्सन जस्ता फर्मास्यूटिकल बनौटका सम्बन्धमा यसै ऐन बमोजिम हुनेछ भनी उल्लेख भएको छ । यसरी ऐनमा नै स्पष्ट साथ औषधी ऐन, २०३५ बमोजिम हुनेछ भनी उल्लेख भएको कुरालाई नजरअन्दाज गरी म मा लागु नै नहुने लागु औषध नियन्त्रण ऐन, २०३३ अन्तर्गत सजाय गरी थुनामा राखिएको छ । विपक्षीको उक्त कार्य नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(२) र २४(४) प्रतिकूल भएको हुँदा ऐ. संविधानको धारा १०७(२) बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी गैरकानूनी थुनाबाट मुक्त गरिपाऊँ भन्ने निवेदन ।

४. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको निवेदन सहितका मिसिल कागजात अध्ययन गरी निवेदक तर्फबाट उपस्थित विद्वान अधिवक्ता नारायण श्रेष्ठले विना आधार र कारण नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(२), १४(१) र २४(४) विपरीत हुने गरी विना पूर्जि थुनामा राख्ने कार्य विपक्षीहरुबाट भएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्छ भन्ने व्यहोराको बहस प्रस्तुत गर्नुभयो ।

५. विद्वान कानून व्यवसायीले प्रस्तुत गर्नु भएको उपर्युक्त बहस बुँदा समेतलाई अध्ययन गरी निर्णय तर्फ विचार गर्दा निवेदन माग बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने हो होइन ? सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

६. यसमा निवेदक उपर लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ४ को देहाय (छ) र (च) को कसूरमा दफा १४(१) देहाय (भ) बमोजिम सजाय माग गरी अभियोग पत्र दायर भै निवेदक रु. ३५,०००।- धरौटी मा पुर्पक्षको लागि बसेकोमा मिति २०६३।१२।१९ गते काठमाडौं जिल्ला अदालतले निवेदकलाई ३½ वर्ष कैद र १,२५,०००।- जरिवाना गर्ने गरी फैसला गरे उपर नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम प्रस्तुत निवेदन पर्न आएको देखियो । निवेदन लेखबाट सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा लागुऔषध नियन्त्रण ऐन, २०३३ को अपराध समावेश भएको कारण उक्त ऐनको व्यवस्था बमोजिम नेपाल सरकार वादी निवेदक प्रतिवादी भै काठमाडौं जिल्ला अदालतमा मुद्दा चली सबुद प्रमाणको आधारमा निवेदकलाई सजाय भएको भन्ने देखिन आउँछ । अब सक्षम अदालतबाट कैद सजाय भएको यस्तो अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भनी निवेदन गर्ने हक

निवेदकलाई धारा ३२ ले प्राप्त हुन्छ हुँदैन र धारा १०७(२) बमोजिम यस अदालतले असाधारण अधिकार प्रयोग गरी निवेदकलाई प्रस्तुत निवेदन दर्ता गरी थुना मुक्त गर्नसक्छ, सक्दैन सो हेर्न पर्ने हुन आयो ।

७. संविधानको धारा ३२ को हक भनेको धारा १२ देखि धारा ३१ सम्मका मौलिक हक वा संविधानको अन्य धाराहरुले दिएको अन्य कुनै संवैधानिक हक वा नेपालको व्यवस्थापिका संसदले बनाएको कुनै ऐन वा नियमावली बमोजिम प्राप्त अन्य कानूनी हक गैरकानूनी तरिकाले अपहरण भएमा यस अदालतमा निवेदन गर्न पाउने मौलिक हक हो । धारा १०७(२) अन्तर्गत यस अदालतको असाधारण अधिकार भनेको माथि उल्लेखित मौलिक, संवैधानिक वा नेपाल कानूनद्वारा प्राप्त अन्य हकहरु गैरकानूनी तरिकाले अपहरण भै त्यस्तो अपहरित हक प्रचलन गराउन अन्य वैकल्पिक प्रभावकारी उपचारको व्यवस्था नभएको अवस्थामा मात्र यस अदालतले विभिन्न आदेशहरु जारी गरी हक प्रचलन गराई दिने अधिकार हो । निवेदकको थुना कानूनी गैरकानूनी के कस्तो हो भनी हेर्दा निवेदकलाई लागु औषध नियन्त्रण ऐन, २०३३ को अपराधमा सक्षम अदालतलका मुद्दा हेर्ने अधिकारीले अर्थात न्यायाधीशले कानून बमोजिम मुद्दा फैसला गरी सबुद प्रमाणको आधारमा दोषी ठहर गरेको कारण कैद सजायको फैसला कार्यन्वयनको सिलसिलामा थुनामा रहेको भन्ने देखिन्छ ।

८. नेपालको अन्तरिम संविधानको धारा १२ देखि धारा ३२ सम्मका मौलिक हकहरु र धारा १२ को वैयक्तिक स्वतन्त्रताको हक Absolute नभै कानून बनाएर रोक लगाउन सकिने स्वतन्त्रता हो । धारा १२(३) को खण्ड (क) देखि खण्ड (च) सम्म विभिन्न स्वतन्त्रताहरुको व्यवस्था छ । धारा १२(२) मा कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुने छैन भन्ने उल्लेख छ । धारा १२(२) ले सार्वजनिक हितको लागि कानून बनाएर कानून बमोजिम स्वतन्त्रताहरुको प्रयोगमा रोक लगाउन सक्ने व्यवस्था गरेको छ । कुनै पनि हक स्वतन्त्रता Absolute हुनसक्दैन । राष्ट्रको सार्वभौमसत्ता अखण्डताको रक्षा गर्न, विभिन्न जातजाति, धर्म र सम्प्रदायहरुका बीच सुसम्बन्ध कायम राख्न अपराध रोकथाम गर्न सार्वजनिक जनताको ज्यू धन र स्वतन्त्रताको सुरक्षा गर्न व्यवस्थापिकाले आवश्यक कानून बनाउन सक्छ । व्यवस्थापिकाले कानून बनाएर के कस्तो कार्य गर्न हुने के कस्तो कार्य गर्न नहुने, के कस्तो कार्य अपराध मानिने, के कस्तो कार्य अपराध नमानिने प्रतिबन्ध लगाएको कार्य गरेमा वा कानूनले अपराध भनी परिभाषा गरेको कार्य गरेमा सजाय हुने व्यवस्था गरी व्यवस्थापिकाले दण्डनीय कानूनहरु बनाउन सक्छ । यसरी बनाएको दण्डनीय कानून अन्तर्गत सबुद प्रमाणको आधारमा सक्षम अदालतले कसैलाई दोषी ठहर गर्दा वैयक्तिक स्वतन्त्रता अपहरण भएको मानिदैन । व्यवस्थापिकाले बनाएको दण्डनीय कानून अन्तर्गत सक्षम अदालतले गरेको कैद सजायबाट मौलिक हक हनन हुँदैन । निवेदकले यो बुझ्न पर्ने हो ।

९. निवेदकलाई लागु औषध नियन्त्रण ऐन, २०३३ अन्तर्गत सजाय भएकोले निवेदक कानून बमोजिम सजाय कार्यन्वयनको सिलसिलामा थुनामा परेकोमा विवाद भएन । बन्दीप्रत्यक्षीकरणको आदेश गैरकानूनी थुनाबाट मुक्त गर्न जारी हुने आदेश हो । निवेदक प्रशासनिक वा कार्यपालिकीय अधिकारीको आदेश वा निर्णयबाट थुनामा परेको नभै न्यायिक प्रक्रिया एवं न्यायिक निर्णयबाट कानून बमोजिम थुनामा परेको देखियो । सक्षम अदालतको फैसला कार्यन्वयनको सिलसिलामा परेको थुनालाई Unlawfull Detention मानिदैन । अदालतको फैसला कार्यन्वयनको सिलसिलामा परेको थुनालाई Lawfull Detention मानिन्छ । Lawfull Detention बाट व्यक्ति स्वतन्त्रता अपहरण हुदैन ।

१०. दण्डनीय कानून उलङ्घन गरेको कारण कानून बमोजिम कारवाही गर्दा र अदालतबाट भएको कैद सजाय अन्तर्गत थुनामा पर्दा वैयक्तिक स्वतन्त्रता हनन वा अपहरण हुँदैन भन्ने कुरा नेपाल कानून सरह लागु International Covenant on Civil and Political Rights १९६६ को धारा ९(१) बाट स्पष्ट हुन्छ । धारा ९(१) मा Every one has the right to liberty and security of person. No one shall be subjected to arbitary arrest or detention. No one shall be deprived of his liberty except on such grounds and in accordance with such procedure as are established by law. भनिएको छ । त्यसैगरी सक्षम अदालतबाट सबुद प्रमाणको आधारमा भएको फैसलामा असाधारण अधिकार क्षेत्र अन्तर्गत रिट निवेदन सही माग होइन । साधारण अधिकार क्षेत्र अन्तर्गत पुनरावेदन गर्नुपर्छ भन्ने कुरा उक्त I. C. C. P. R. को धारा १४(५) बाट पनि स्पष्ट हुन्छ ।

११. धारा १४(५) यस प्रकार छ: Everyone convicted of a crime shall have the right to has conviction and sentence being reviewed by a hither tribunal according to law भनिएको छ । न्याय प्रशासन ऐन, २०४८ बमोजिम पुनरावेदन लाग्ने व्यवस्था यही प्रयोजनको लागि बनेको हो ।

१२. देशको दण्डनीय कानून उल्लंघन गरेको कारण कानूनले अधिकार पाएको राज्यको अपराध अनुसन्धान गर्ने निकायबाट अपराधको अनुसन्धान भै संवैधानिक व्यवस्था बमोजिम सरकारी वकिलले अभियोग लगाई कानूनले तोकेको अदालतले सबुद प्रमाण बुझि सबूद प्रमाणको आधारमा सक्षम अदालतले कानून बमोजिम गरेको सजायमा चित्त नबुझेकोले कानूनी व्यवस्था बमोजिम माथिल्लो अदालतमा पुनरावेदन गर्न पर्दछ । पुनरावेदन एक सशक्त प्रभावकारी र वैकल्पिक उपचारको व्यवस्था हो । देशको दण्डनीय कानून उल्लंघन गरे बापत सक्षम अदालतबाट भएको सजाय उपर असाधारण अधिकार क्षेत्र अन्तर्गत निवेदन लाग्न सक्दैन । साधारण अधिकार क्षेत्र अन्तर्गत पुनरावेदन गर्न पर्दछ । अदालती निर्णय उपर असाधारण अधिकार क्षेत्र अबरुद्ध हुने केही अपवाद हुन सक्छ । जस्तो अधिकार क्षेत्र भएको अदालतले मुद्दा हेरी कैद सजाय गरी थुनामा राखेको अवस्था वा कानून मै कैदको सजाय हुन नसक्ने अपराधमा कैदको सजाय गरेको अवस्था वा अधिकारै नभएको निकायले मुद्दा चलाई Prosecute गरेको Apparent error on the face of the record का केही सीमित अवस्थाहरुमा मात्र असाधारण अधिकार क्षेत्र अन्तर्गत बन्दीप्रत्यक्षीकरणको निवेदनबाट हेरिन्छ । सो बाहेक अन्य अवस्थामा सक्षम अदालतले गरेको फैसलामा धारा १०७(२) को असाधारण अधिकार क्षेत्रबाट हेर्न मिल्दैन । निवेदकको हकमा देशको दण्डनीय कानून लागु औषध नियन्त्रण ऐन, २०३३ अन्तर्गतको अपराधमा सबुद प्रमाण बुझी सबुद प्रमाणको आधारमा निवेदकलाई कैद सजाय गरेकोमा साधारण अधिकार क्षेत्र अन्तर्गत पुनरावेदन गर्नुपर्नेमा निवेदक असाधारण अधिकार क्षेत्र अन्तर्गत निवेदन गर्न आएकोले यस्तोमा विपक्षीहरुबाट लिखित जवाफ मगाई अदालतको समयको वरवाद गर्न मिलेन । निवेदन खारेज हुने ठहर्छ । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनु ।

इति सम्बत २०६४ साल जेठ २ गते रोज ४ शुभम् ।

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री खिलराज रेग्मी
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ

रिट नं. ३५७५, १००, १०४, ३२३, ५००, ४५, ४१, १५५, १६२, १६४, १६७, ९७, ११०, १११, १४२, २११, २५०, २२३, २६२, ३७८, ४१८, ४८५, ६१७, ६३२, ६३५, ५४(०००२), ०००४, २५८८/००३८

आदेश मितिः- २०६४।२।१८।६

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : अधिवक्ता राजेन्द्रप्रसाद ढकालको हकमा निजको सहोदर भाई रविन्द्रप्रसाद ढकाल

विरुद्ध

विपक्षी : नेपाल सरकार, गृहमन्त्रालय सिंहदरवार समेत

निवेदक : विपिन भण्डारीको हकमा निजको बुबा एकराज भण्डारी

विरुद्धः

विपक्षी : नेपाल सरकार,गृहमन्त्रालय सिंहदरवार समेत

निवेदक : दिल बहादुर राईको हकमा निजको बुबा उदय बहादुर राई

विरुद्धः

विपक्षी : नेपाल सरकार,गृहमन्त्रालय सिंहदरवार समेत

निवेदक : नवीन कुमार राई समेतको हकमा कृष्ण कुमारी राई

विरुद्धः

विपक्षी : नेपाल सरकार,गृहमन्त्रालय सिंहदरवार समेत

निवेदक : श्रीराम थारुको हकमा अभिवक्ता सीताशरण मण्डल

विरुद्धः

विपक्षी : नेपाल सरकार, रक्षा मन्त्रालय सिंहदरवार समेत

निवेदक : जगना थारुको हकमा अभिवक्ता सीताशरण मण्डल

विरुद्धः

विपक्षी : नेपाल सरकार, रक्षा मन्त्रालय सिंहदरवार समेत

निवेदक : हरिराम चौधरीको हकमा अभिवक्ता सीताशरण मण्डल

विरुद्धः

विपक्षी : नेपाल सरकार, रक्षा मन्त्रालय सिंहदरवार समेत

निवेदक : टाटेराम थारुको हकमा अभिवक्ता सीताशरण मण्डल

विरुद्धः

विपक्षी : नेपाल सरकार,गृहमन्त्रालय सिंहदरवार समेत

निवेदक : विहारीलाल गोडियाको हकमा अभिवक्ता सीताशरण मण्डल

विरुद्धः

विपक्षी : नेपाल सरकार, रक्षा मन्त्रालय सिंहदरवार समेत

निवेदक : अयोध्याप्रसाद गोडियाको हकमा अभिवक्ता सीताशरण मण्डल

विरुद्धः

विपक्षी : नेपाल सरकार, रक्षा मन्त्रालय सिंहदरवार समेत

निवेदक : ढकबहादुर बस्नेतको हकमा अभिवक्ता सीताशरण मण्डल

विरुद्धः

विपक्षी : नेपाल सरकार, रक्षा मन्त्रालय सिंहदरवार समेत

निवेदक : रञ्जित दर्नालको हकमा रञ्जु दर्नाल समेत

विरुद्धः

विपक्षी : नेपाल सरकार,गृहमन्त्रालय सिंहदरवार समेत

निवेदक : धिरेन्द्र बस्नेतको हकमा निजको आमा चन्द्र कुमारी बस्नेत

विरुद्धः

विपक्षी : नेपाल सरकार, रक्षा मन्त्रालय सिंहदरवार समेत

निवेदक : पुष्पराज बस्नेतको हकमा निजको आमा चन्द्र कुमारी बस्नेत

विरुद्धः

विपक्षी : नेपाल सरकार, रक्षा मन्त्रालय सिंहदरवार समेत

निवेदक : मुकुन्द सेढाईंको हकमा निजको श्रीमती शान्ता सेढाईं

विरुद्धः

विपक्षी : नेपाल सरकार,गृहमन्त्रालय सिंहदरवार समेत

निवेदक : निश्चल नकर्मीका हकमा निजकी आमा मनोरमा नकर्मी

विरुद्धः

विपक्षी : नेपाल सरकार,गृहमन्त्रालय सिंहदरवार समेत

निवेदक : अमर वि.क.को हकमा निजको श्रीमती श्रृजना वि.क.

विरुद्धः

विपक्षी : नेपाल सरकार,गृहमन्त्रालय सिंहदरवार समेत

निवेदक : रेनुका दुलालको हकमा निजको पिता चन्द्रबहादुर दुलाल

विरुद्धः

विपक्षी : नेपाल सरकार, गृहमन्त्रालय सिंहदरवार समेत

निवेदक : श्याम भनी बोलाउने चतुरमान राजवंशीको हकमा अधिवक्ता ओमप्रकाश सिंह

विरुद्धः

विपक्षी : नेपाल सरकार, गृहमन्त्रालय सिंहदरवार समेत

निवेदक : पूर्ण पौडेल समेतको हकमा कृष्ण राई

विरुद्धः

विपक्षी : नेपाल सरकार,गृहमन्त्रालय सिंहदरवार समेत

निवेदक : चेतनाथ ढुङ्गानाको हकमा निजको एकाघर भाई देवराज ढुङ्गाना

विरुद्धः

विपक्षी : नेपाल सरकार,गृहमन्त्रालय सिंहदरवार समेत

निवेदक : अरुण नेपालीको हकमा कृष्ण राई

विरुद्धः

विपक्षी : नेपाल सरकार,गृहमन्त्रालय सिंहदरवार समेत

निवेदक : विशाल लामाको हकमा रमिला लामा

विरुद्धः

विपक्षी : नेपाल सरकार,गृहमन्त्रालय सिंहदरवार समेत

निवेदक : चक्रबहादुर कटुवालको हकमा निजकी छोरी विमला कटुवाल

विरुद्धः

विपक्षी : नेपाल सरकार, गृहमन्त्रालय सिंहदरवार समेत

निवेदक : बाबु राजा मालीको हकमा निजको दाजु धर्मराज माली

विरुद्धः

विपक्षी : नेपाल सरकार,गृहमन्त्रालय सिंहदरवार समेत

निवेदक : हरिप्रसाद लुईटेलको हकमा अभिवक्ता सीताशरण मण्डल

विरुद्धः

विपक्षी : नेपाल सरकार,गृहमन्त्रालय सिंहदरवार समेत

निवेदक : अर्जुनलाल श्रेष्ठको हकमा श्रीमती गमला श्रेष्ठ

विरुद्धः

विपक्षी : नेपाल सरकार,गृहमन्त्रालय सिंहदरवार समेत

निवेदक : लेखनाथ न्यौपाने समेत

विरुद्ध

विपक्षी : नेपाल सरकार,गृहमन्त्रालय सिंहदरवार समेत

- नेपाल सन्धि ऐन, २०४७ को धारा ९ ले नेपालले अनुमोदन गरेका सन्धि सम्झौताको व्यवस्था नेपाल कानून सरह लागू हुने व्यवस्था गरेकाले नेपालले समेत स्वीकार गरिसकेका यी दस्तावेजहरुले निर्धारण गरेको दायित्वबाट राज्यले उन्मुक्ति पाउन सक्ने अवस्था नरहने ।

- विदेशी तथा मानव अधिकार सम्बन्धी क्षेत्रीय अदालतहरुले गरेको निर्णय अनुरुप विकसित भएका मानव अधिकार सम्बन्धी मापदण्ड र सिद्धान्तहरु हाम्रो संविधानले अङ्गिकार गरेको न्यायका मान्य सिद्धान्तका रुपमा बेपत्ता भएका नागरिकहरुप्रति राज्यको के कस्तो दायित्व रहने भनी स्थापित सिद्धान्तलाई यस अदालतले उदाहरणको रुपमा लिनसक्ने ।

- संविधानको भाग ४ अन्तर्गतको प्रावधानहरु कार्यान्वयन भए वा नभएको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन नसकिने भनी धारा ३६ ले व्यवस्था गरेको भए तापनि यी प्रावधानहरुमा भएका व्यवस्था राज्यका प्रतिबद्धता हुन भन्ने कुरामा विवाद नदेखिने ।

- राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरुको विषयमा राज्यले आफ्नो प्राथमिकता अनुसार कहिले आयोग गठन गर्ने भन्ने कुरा उसको सुविधाको विषय भन्न सक्ला र राज्यको निर्देशक सिद्धान्तको कार्यान्वयन आफ्नो तजविजको विषय भन्न सक्ला, तर मौलिक हककै अङ्गको रुपमा उपचारात्मक संयन्त्रको दृष्टिले गरिने कानूनी अनुसन्धान अभियोजन र उपचारको विषय दोस्रो प्राथमिकताको विषय हुन सक्तैन र अदालतको क्षेत्राधिकार बाहिरको विषय पनि हुन नसक्ने ।

- अन्तराष्ट्रिय कानूनी दस्तावेजहरु, विदेशी तथा मानव अधिकार सम्बन्धी क्षेत्रीय अदालतहरुको निर्णय, हाम्रो संवैधानिक प्रावधान समेतबाट बेपत्ता भएका व्यक्तिहरुको यथार्थ स्थिति पहिचान गरी अवस्था सार्वजनिक गर्ने, दोषी देखिएका जिम्मेवार अधिकारीहरुलाई कानूनी कारवाही गर्ने र पीडित पक्षलाई उचित राहतको व्यवस्था गर्ने दायित्वबाट राज्य पन्छिन सक्ने अवस्था नदेखिने ।

- संविधानले यस अदालतलाई संविधानको संरक्षक र नागरिक स्वतन्त्रताको पहरेदारको रुपमा दायित्व सुम्पेको हुनाले संविधानले तोकेको दायित्व राज्यका अन्य संयन्त्रले पूरा गर्न नसकेको अवस्थामा त्यस्तो दायित्व पूरा गराउन यस अदालतले उचित र आवश्यक आदेश दिनसक्ने ।

- अदालतको कार्यक्षेत्र तथा स्रोत साधनको सीमितता समेतका कारण सम्पूर्ण निवेदनहरुमा उल्लिखित व्यक्तिहरुका सम्बन्धमा यस अदालतले छुट्टाछुट्टै छानविन गराउन सम्भव नभए तापनि छानविन गराइएका निवेदनहरुमा प्राप्त प्रतिवेदनको निष्कर्षको आधारमा बेपत्ता गराइएका भनिएका अन्य व्यक्तिहरुको हकमा समेत छुट्टै प्रभावकारी संयन्त्र बनाई समग्रतामा थप छानविन गर्नुपर्ने देखिन आउने ।

- बेपत्ता नागरिकहरुको खोजी गरी न्याय प्राप्ती गर्ने क्रममा पीडितको परिवारहरुले भोग्नुपरेको शारीरिक मानसिक यातना तथा आर्थिक क्षति समेतलाई ख्याल गरी प्रस्तुत निवेदनबाटै तत्काल अन्तरिम प्रकृतिको राहतको आदेश दिन उपयुक्त देखिने ।

- वलपूर्वक बेपत्ता बनाइएका व्यक्तिहरुको संरक्षण सम्बन्धी ऐन कार्यान्वयनको लागि सोही ऐनमा वा छुट्टै रुपमा त्यस्ता वलपूर्वक बेपत्ता बनाइएका व्यक्तिहरुको सम्बन्धमा छुट्टै जाँचबुझ आयोग गठन गर्ने व्यवस्था समेत समावेश गर्न वाञ्छनीय हुने ।

- यस किसिमको समस्याको जाँचबुझ गर्न छुट्टै अधिकार, शिप र प्रकृयाको आवश्यकता हुने हुनाले संयुक्त राष्ट्रसंघको मानव अधिकार उच्चायुक्तको कार्यालयको तत्वावधानमा विकसित वलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरुको सम्बन्धमा जाँचबुझ गर्ने आयोगको आधारहरु (Criteria for Commission on Enforced Disappearance) लाई मार्ग निर्देशकको रुपमा शर्तहरु किटान गर्न उपयुक्त हुने ।

- बेपत्ता पारिएको व्यक्तिहरुको संरक्षण सम्बन्धी ऐन, तिनीहरुलाई बेपत्ता पारिएको कारण र अवस्थावारे जाँचबुझ आयोगको व्यवस्था कानूनबाटै गरी व्यापक रुपमा छानविन गर्न अधिकार सम्पन्न उपयुक्त आयोग गठन गरी निवेदनमा उल्लेखित व्यक्तिहरुको हकमा छानविन गरी प्रतिवेदन प्रस्तुत गर्न लगाउने र सो आधारमा फौज्दारी अनुसन्धान पूरा गरी आवश्यकता र उपयुक्तता अनुसार सम्बन्धित व्यक्तिको हकमा अभियोजन लगायतको निर्णय गर्नु गराउनु भनी विपक्षी नेपाल सरकार, तथा गृहमन्त्रालय तथा महान्यायाधिवक्ताको कार्यालयको नाममा निर्देशात्मक आदेश जारी हुने ।

- बेपत्ता पारिएका व्यक्तिहरुलाई संरक्षण गर्नु र न्याय दिलाई दिनु राज्यको सम्पूर्ण अङ्गको उत्तरदायित्व रहने हुनाले जिम्मेवार अङ्गसँग संविधानसम्मत कार्यमा सकारात्मक भूमिकाको आशा एवं विश्वास गर्नु प्रस्तुत मुद्दाको रोहमा स्वाभाविक र वैध अपेक्षा भएकोले यस क्रममा नेपाल सरकारले कानून निर्माणको प्रकृयामा विशेष पहल गर्नु जरुरी देखिने ।

- यस अदालतको आदेशबाट गठित कार्यटोलीको अनुसन्धानबाट समेत मृत्यु भैसकेको पुष्टि भएको भनिएका व्यक्ति चक्रबहादुर कटुवालको हकमा तात्कालिक राहतको रुपमा तिनको नजिकको हकवालालाई र अन्य मृत घोषित भएका परिवारलाई जनही २ लाख रुपैया क्षतिपूर्ति दिने, यस अदालतको अनुसन्धान टोलीबाट छानविन गरिसकिएको सुरक्षाकर्मीले पक्राउ गरि बेपत्ता पारिएको निष्कर्ष निकालिएको राजेन्द्रप्रसाद ढकाल, विपिन भण्डारी र दिलबहादुर राईको हकमा जनही एक लाख पचास हजार र बाँकी निवेदनमा उल्लेखित स्थिति प्रष्ट नभएका व्यक्तिहरुको हकमा जनही १ लाख रुपैया तात्कालिक राहत स्वरुप अविलम्ब उपलब्ध गराइ दिनु भनी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको नाममा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०० र १०७(२) अनुसार आदेश जारी हुने ।

- विभिन्न प्रकरणमा उल्लेखित कुराहरुमा प्रतिकूल असर नपर्ने गरी हालसम्मको पीडितहरुको अवस्था र यस पछि पनि बेपत्ता भएका कारणले निरन्तर भोग्नु परेको क्षति र असुविधालाई विचार गरी आर्थिक, शैक्षिक, रोजगारी लगायतको विभिन्न पक्षहरु विचार गरी उपयुक्त राहत कार्यक्रम तर्जुमा गरी लागु गर्नु भनी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी हुने ।

आदेश

- न्या. कल्याण श्रेष्ठ

१. राज्यका सुरक्षाकर्मीले विभिन्न मितिमा पक्राउ गरी गैरकानूनी रुपमा हिरासतमा राखेको र लामो समयसम्म बन्दीको स्थिति सार्वजनिक नगरी बेपत्ता पारेकोले गैरकानूनी थुनामा राखेको बन्दीहरुलाई बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गर्न, बन्दीको स्थिति सार्वजनिक गर्न र मानव अधिकारको गम्भीर र सुनियोजित (gross and systematic violation of human rights) उल्लंघन गर्ने कार्य दण्डहीनताको अवस्था (state of impunity) मा रहन नदिन त्यस्तो कार्यमा संलग्न जिम्मेवार अधिकारीलाई कानून बमोजिम कारवाही गर्ने समेत माग दाबी लिई नेपाल अधिराज्यको संविधान २०४७ को धारा २३,८८ अनुसार विभिन्न मितिमा विभिन्न रिट निवेदनहरु दर्ता हुन आएका छन् ।

२. नागरिकको आधारभूत मौलिक अधिकारको संरक्षणको संवेदनशीलतालाई यस अदालतले प्राथमिकता दिनुको साथै सँधै चासोको विषयको रुपमा लिएको छ । विगत समयमा देशमा फैलिएको द्वन्द्व र त्यसको समाधानको सिलसिलामा कानून सँगको द्वन्द्वका अनेकौं अवस्थाहरु खडा भएको र द्वन्द्वको यो अवस्थामा कानून उलङ्घनको घटनाको धेरै उजुरी र गुनासाहरु सार्वजनिक भएका छन् जुन कुरा अदालतमा पर्न आएका हजारौं निवेदनहरु समेतबाट पुष्टि हुन्छ । यस अदालतमा परेका कतिपय निवेदनहरु मौकैमा टुङ्गिसकेको भए तापनि समकालीन समयमा नै परेका कतिपय निवेदनहरु हालसम्म पनि यस अदालतमा विचाराधीन रहेका छन् । विभिन्न निवेदकहरुले विभिन्न मितिमा फरक-फरक निवेदनहरु लिई आफन्तको रिहाई वा स्थिति सार्वजनिक गरिपाउन यस अदालतमा प्रवेश गरेको भएपनि निवेदनमा उल्लेखित व्यक्तिहरुको हकमा प्रष्ट स्थितिको जानकारी नदिएको कारणले तिनको सत्य तथ्य उद्‌घाटित गर्ने सिलसिलामा अदालतले लामो र महत्वपूर्ण समय लगाएको छ ।

३. निवेदकहरुले निवेदनमा उल्लेख गरेका विवरण, छलफलको क्रममा सम्बन्धित कानून व्यवसायीहरुले देखाउनु भएको सरकारी प्रतिवेदन तथा मानव अधिकार सम्बन्धी नियोगहरुको प्रतिवेदन लगायतबाट द्वन्द्वको क्रममा भएका कानून उल्लंघन सम्बन्धी घटनाहरुको विस्तार र तिनको परिणामको डरलाग्दो झलक दृष्टिगोचर हुन्छ । प्रस्तुत निवेदनहरुलाई तात्कालिक द्वन्द्वग्रस्त अवस्थामा भएका कानूनसँगको द्वन्द्वको एउटा महत्वपूर्ण अंशको रुपमा लिन सकिन्छ । यस कुरालाई हृदयंगम गरी अदालतमा हाल विचाराधीन रहेका समान समस्याहरु विद्यमान रहेका निवेदनहरुको हकमा एकमुष्ट विचार गरी संभावित उपचारको सम्बन्धमा समग्रमा निर्णय गर्न भएको यस अदालतको पूर्व आदेश अनुरुप विभिन्न मितिमा सम्पन्न बहस एवं छलफल समेतको आधारमा यी निवेदनहरु आज निर्णयार्थ यस इजलास समक्ष पेश हुन आएका छन् ।

४. निवेदनहरुको अध्ययनबाट प्रायसः सबै निवेदनहरुमा एकै प्रकृतिको विवाद समावेश भएको, कतिपय निवेदनहरुमा निवेदकहरुको नाम दोहोरिएको, बन्दीप्रत्यक्षीकरणको निवेदनमा माग गरिएको आदेशको प्रकृतिकै आदेशको माग गरी छुट्टै परमादेशको निवेदन दायर भएको, एकै प्रकृतिका सुरक्षा निकायहरुलाई विपक्षी बनाई रिट निवेदन दायर भएको समेतको कारणले सबै निवेदनहरुको समग्रतामा विवेचना गरी एक साथ आदेश हुन उपयुक्त देखिएकाले नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७(२) बमोजिम जारी गरिएको प्रस्तुत आदेशको तथ्य र निष्कर्ष निम्न बमोजिम छ :

रिट निवेदनहरुको संक्षिप्त व्यहोरा :

रिट नं. ६३५

बाबुराजा मालीलाई सुरक्षाकर्मीले मिति २०६१।९।३ मा राती १२ बजे घरबाट पक्राउ गरी लगेका हुन् । पक्राउ गर्दा २ जनाले देखेको र १ जनाले प्रतिआतङ्कवाद इकाइ सामाखुसीमा देखेको भनेका छन् । निजको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी समेत दिइएको छ । निजको स्थिति हालसम्म अज्ञात रहेकोले खानतलासी गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने निवेदन रहेको छ ।

रिट नं. ३७८

पूर्ण पौडेललाई सुरक्षाकर्मीले मिति २०५९।१।१३ मा कालीमाटी कुलेश्वरबाट पक्राउ गरी लगेको हो । कृष्ण के.सी.ले पुनरावेदन अदालत पाटनमा बयान गर्दा र निजले कारागारबाट लेखेको मिति २०६२।७।२५ को पत्रमा समेत निज भैरवनाथ गणमा रहेको भनी उल्लेख भएकोमा हालसम्म निजको स्थिति अज्ञात रहेको छ ।

ज्ञानेन्द्र त्रिपाठीलाई सुरक्षाकर्मीले मिति २०६०।६।९ मा दिनको १० देखि ११ बजेको समयमा बानेश्वरस्थित शान्तिनगर गेटबाट पक्राउ गरी लगेका हुन् । कृष्ण के.सी.ले पुनरावेदन अदालत पाटनमा बयान गर्दा र निजले कारागारबाट लेखेको मिति २०६२।७।२५ को पत्रमा समेत निज भैरवनाथ गणमा रहेको भनी उल्लेख भएकोमा हालसम्म निजको स्थिति अज्ञात रहेको छ ।

ईश्वर कुमार लामालाई सादा पोषाकका सुरक्षाकर्मीले मिति २०५९।१।१३ मा कालीमाटी कुलेश्वरबाट पक्राउ गरेका हुन् । हालसम्म निजको स्थिति अज्ञात रहेको छ ।

रुपक अधिकारीलाई सुरक्षाकर्मीले मिति २०६०।७।४ मा महाराजगञ्जबाट पक्राउ गरी लगेको हुन । कृष्ण के.सी.ले कारागारबाट लेखेको मिति २०६२।७।२५ को पत्रमा निजलाई बन्दी बनाइएको भनी उल्लेख भएकोमा हालसम्म निजको स्थिति अज्ञात रहेको छ ।

राजेन्द्र थापालाई नेपाली सेनाका सुरक्षाकर्मीले मिति २०६०।९।३ मा आफ्नै घर डेरामा बसिरहेको अवस्थामा पक्राउ गरी लगेको हुन । कृष्ण के.सी.ले पुनरावेदन अदालत पाटनमा बयान गर्दा निज भैरवनाथ गणमा रहेको भनी उल्लेख गरेकोमा हालसम्म निजको स्थिति अज्ञात रहेको छ ।

रामचन्द्र काफ्ले लाई नेपाली सेनाका सुरक्षाकर्मीले मिति २०६०।७।१२ मा आफ्नै घर डेरामा बसिरहेको अबस्थामा पक्राउ गरी लगेको हुन । कृष्ण के.सी.ले पुनरावेदन अदालत पाटनमा बयान गर्दा निज भैरवनाथ गणमा रहेको भनी उल्लेख गरेकोमा निजको स्थिति हालसम्म अज्ञात रहेको छ ।

बुद्धि लामालाई नेपाली सेनाका सुरक्षाकर्मीले मिति २०६०।८।१३ मा क्याम्पसबाट घर फर्कने क्रममा घर नजिकैबाट पक्राउ गरी लगेको हुन । कृष्ण के.सी.ले कारागारबाट लेखेको मिति २०६२।७।२५ को पत्रमा भैरवनाथ गणमा रहेको भनी उल्लेख भएकोमा निजको स्थिति हालसम्म अज्ञात रहेको छ ।

सुचेन्द्र महर्जनलाई नेपाली सेनाका सुरक्षाकर्मीले मिति २०६०।८।१४ मा क्याम्पसबाट घर फर्कने क्रममा घर नजिकैबाट पक्राउ गरी लगेका हुन । कृष्ण के.सी.ले कारागारबाट लेखेको मिति २०६२।७।२५ को पत्रमा निज भैरवनाथ गणमा रहेको भनी उल्लेख भएकोमा निजको स्थिति हालसम्म अज्ञात रहेको छ ।

भीम गिरीलाई सादा पोषाकमा आएका सुरक्षाकर्मीले मिति २०६०।८।१८मा नयाँ बानेश्वरबाट पक्राउ गरी लगेका हुन । कृष्ण के.सी.ले पुनरावेदन अदालत पाटनमा बयान गर्दा र निजले कारागारबाट लेखेको मिति २०६२।७।२५ को पत्रमा समेत भैरवनाथ गणमा रहेको भनी उल्लेख भएकोमा निजको स्थिति हालसम्म अज्ञात रहेको छ ।

रेबकला तिवारीलाई सेनाका सुरक्षाकर्मीले मिति २०६०।७।३ मा क्याम्पसबाट डेरा फर्कने क्रममा चाबहिलबाट पक्राउ गरी लगेको हो । निजको स्थिति हालसम्म अज्ञात रहेको छ ।

भवनाथ धमलालाई नेपाली सेनाका सुरक्षाकर्मीले मिति २०६०।७।३ मा आफ्नो पसलमा बसिरहेको अवस्थामा चावहिलबाट पक्राउ गरी लगेको हो । कृष्ण के.सी.ले पुनरावेदन अदालत पाटनमा बयान गर्दा र निजले कारागारबाट लेखेको मिति २०६२।७।२५ को पत्रमा समेत निज भैरवनाथ गणमा रहेको भनी उल्लेख भएकोमा निजको स्थिति हालसम्म अज्ञात रहेको छ ।

अर्जुन श्रेष्ठ (महर्जन) लाई सादा पोषाकमा आएका सेनाका सुरक्षाकर्मीले मिति २०६०।७।२ मा किर्तिपुरबाट पक्राउ गरी लगेको हो । कृष्ण के.सी.ले पुनरावेदन अदालत पाटनमा बयान गर्दा र निजले कारागारबाट लेखेको मिति २०६२।७।२५ को पत्रमा समेत भैरवनाथ गणमा रहेको भनी उल्लेख भएकोमा निजको स्थिति हालसम्म अज्ञात रहेको छ ।

कौशल्या पोखरेललाई सादा पोषाकमा आएका सेनाका सुरक्षाकर्मीले मिति २०६०।८।१३ मा क्याम्पसबाट डेरा तर्फ फर्कने क्रममा पुल्चोकबाट पक्राउ गरी लगेकोमा निजको स्थिति हालसम्म अज्ञात रहेको छ ।

दिपेन्द्र पन्त अस्कल क्याम्पसका विद्यार्थी हुन । निजलाई सादा पोषाकमा आएका नेपाली सेनाका सुरक्षाकर्मीले मिति २०६०।७।३ मा क्याम्पसबाट डेराफर्कने क्रममा नयाँ बजारबाट पक्राउ गरी लगेको हो । कृष्ण के.सी.ले कारागारबाट लेखेको मिति २०६२।७।२५ को पत्रमा भैरवनाथ गणमा रहेको भनी उल्लेख भएकोमा निजको स्थिति हालसम्म अज्ञात रहेको छ ।

बि.के. श्रेष्ठलाई सेनाले मिति २०६०।७।२२ मा ललितपुर उपमहानगरपालिका वडा नं. ७ स्थित आफ्नै घर पसलबाट पक्राउ गरी लगेको हो । कृष्ण के.सी.ले पुनरावेदन अदालत पाटनमा बयान गर्दा र निजले कारागारबाट लेखेको मिति २०६२।७।२५ को पत्रमा समेत भैरवनाथ गणमा रहेको भनी उल्लेख भएकोमा निजको स्थिति हालसम्म अज्ञात रहेको छ ।

लिला पाण्डेलाई सेनाका सुरक्षाकर्मीले मिति २०६०।७।२ मा क्याम्पसबाट डेरा फर्कने क्रममा पक्राउ गरी लगेको हो । कृष्ण के.सी.ले कारागारबाट लेखेको मिति २०६२।७।२५ को पत्रमा भैरवनाथ गणमा रहेको भनी उल्लेख भएकोमा निजको स्थिति हालसम्म अज्ञात रहेको छ ।

हेम नारायण श्रेष्ठलाई सुरक्षाकर्मीले मिति २०६०।७।२ मा वसुन्धराबाट पक्राउ गरी लगेको हो। कृष्ण के.सी.ले पुनरावेदन अदालत पाटनमा बयान गर्दा र निजले कारागारबाट लेखेको मिति २०६२।७।२५ को पत्रमा समेत भैरवनाथ गणमा रहेको भनी उल्लेख भएकोमा निजको स्थिति हालसम्म अज्ञात रहेको छ ।

प्रकाश लामालाई सुरक्षाकर्मीले मिति २०६०।७।१७ मा दिनको १० देखि ११ बजेको बीचमा पुरानो बानेश्वरबाट पक्राउ गरी लगेको हो । कृष्ण के.सी.ले पुनरावेदन अदालत पाटनमा बयान गर्दा र निजले

कारागारबाट लेखेको मिति २०६२।७।२५ को पत्रमा समेत भैरवनाथ गणमा रहेको भनी उल्लेख भएकोमा निजको स्थिति हालसम्म अज्ञात रहेको छ ।

हिरा बहादुर रोक्कालाई सादा पोषाकका सुरक्षाकर्मीले मिति २०६०।६।२४ मा बिहान १० देखि ११ बजेको समयमा ललितपुर जिल्लाको ढोकाटोलबाट पक्राउ गरी लगेको हो । कृष्ण के.सी.ले पुनरावेदन अदालत पाटनमा बयान गर्दा र निजले कारागारबाट लेखेको मिति २०६२।७।२५ को पत्रमा समेत भैरवनाथ गणमा रहेको भनी उल्लेख भएकोमा निजको स्थिति हालसम्म अज्ञात रहेको छ ।

तेजमान बि.क.लाई सुरक्षाकर्मीले मिति २०६०।८।१० मा बिहान १० देखि ११ बजेको समयमा चाबहिलबाट पक्राउ गरी लगेको हो । कृष्ण के.सी.ले पुनरावेदन अदालत पाटनमा बयान गर्दा र निजले कारागारबाट लेखेको मिति २०६२।७।२५ को पत्रमा समेत भैरवनाथ गणमा रहेको भनी उल्लेख भएकोमा निजको स्थिति हालसम्म अज्ञात रहेको छ ।

जालन्धर गौतम (बास्तोला) लाई सुरक्षाकर्मीले मिति २०६०।८।१७ मा चाबहिलबाट पक्राउ गरी लगेको हो । कृष्ण के.सी.ले पुनरावेदन अदालत पाटनमा बयान गर्दा र निजले कारागारबाट लेखेको मिति २०६२।७।२५ को पत्रमा समेत भैरवनाथ गणमा रहेको भनी उल्लेख भएकोमा निजको स्थिति हालसम्म अज्ञात रहेको छ ।

लिला आचार्यलाई नेपाली सेनाका सुरक्षाकर्मीले मिति २०६०।७।३ मा क्याम्पसबाट घर फर्कने क्रममा चाबहिलबाट पक्राउ गरी लगेको हो । कृष्ण के.सी.ले पुनरावेदन अदालत पाटनमा बयान गर्दा र निजले कारागारबाट लेखेको मिति २०६२।७।२५ को पत्रमा समेत भैरवनाथ गणमा रहेको भनी उल्लेख भएकोमा निजको स्थिति हालसम्म अज्ञात रहेको छ ।

भीम महर्जनलाई सुरक्षाकर्मीले मिति २०६०।७।५ मा दिनको १२ बजेको समयमा आफ्नै घरबाट पक्राउ गरी लगेको हो । कृष्ण के.सी.ले पुनरावेदन अदालत पाटनमा बयान गर्दा र निजले कारागारबाट लेखेको मिति २०६२।७।२५ को पत्रमा समेत भैरवनाथ गणमा रहेको भनी उल्लेख भएकोमा निजको स्थिति हालसम्म अज्ञात रहेको छ ।

राजेन्द्र मालीलाई सुरक्षाकर्मीले मिति २०६०।८।१७ मा ललितपुरस्थित आफ्नै घरबाट पक्राउ गरी लगेको हो। कृष्ण के.सी.ले पुनरावेदन अदालत पाटनमा बयान गर्दा र निजले कारागारबाट लेखेको मिति २०६२।७।२५ को पत्रमा समेत भैरवनाथ गणमा रहेको भनी उल्लेख भएकोमा निज राजेन्द्र मालीको स्थिति हालसम्म अज्ञात रहेको छ ।

अनुमान श्रेष्ठलाई सादा पोषाकमा आएका सुरक्षाकर्मीले मिति २०६०।७।३ मा बिहान आफ्नो किराना पसलमा बसिरहेको अवस्थामा पक्राउ गरी लगेको हो । कृष्ण के.सी.ले पुनरावेदन अदालत पाटनमा बयान गर्दा र निजले कारागारबाट लेखेको मिति २०६२।७।२५ को पत्रमा समेत भैरवनाथ गणमा रहेको भनी उल्लेख भएकोमा निज अनुमान श्रेष्ठको स्थिति हालसम्म अज्ञात रहेको छ ।

सुरेन्द्र खड्गीलाई सादा पोषाकका सुरक्षाकर्मीले मिति २०६०।८।१७ मा ललितपुरस्थित आफ्नै घरबाट पक्राउ गरी लगेको हो । कृष्ण के.सी.ले पुनरावेदन अदालत पाटनमा बयान गर्दा र निजले कारागारबाट लेखेको मिति २०६२।७।२५ को पत्रमा समेत भैरवनाथ गणमा रहेको भनी उल्लेख भएकोमा निज सुरेन्द्र खड्गीको स्थिति हालसम्म अज्ञात रहेको छ ।

देशभक्त चापागाईलाई नेपाली सेनाका सुरक्षाकर्मीले मिति २०६०।७।१८ मा नयाँ बानेश्वरस्थित आफ्नो किराना पसलमा बसिरहेको अवस्थामा पक्राउ गरी लगेको हो । कृष्ण के.सी.ले पुनरावेदन अदालत पाटनमा बयान गर्दा र निजले कारागारबाट लेखेको मिति २०६२।७।२५ को पत्रमा समेत भैरवनाथ गणमा रहेको भनी उल्लेख भएकोमा निज देशभक्त चापागाईको स्थिति हालसम्म अज्ञात रहेको छ ।

कमला वाइबा मिति २०६०।७।३ मा क्याम्पसको अध्ययन सकी डेरा तर्फ फर्कने क्रममा सेनाका सुरक्षाकर्मीले पक्राउ गरी लगेको हो। कृष्ण के.सी.ले पुनरावेदन अदालत पाटनमा बयान गर्दा र निजले कारागारबाट लेखेको मिति २०६२।७।२५ को पत्रमा समेत भैरवनाथ गणमा रहेको भनी उल्लेख भएकोमा निजको स्थिति हालसम्म अज्ञात रहेको छ ।

अमरराज वज्राचार्यलाई सुरक्षाकर्मीले मिति २०६०।७।३ मा ललितपुरस्थित आफ्नै घरबाट पक्राउ गरी लगेकोमा निजको स्थिति हालसम्म अज्ञात रहेको छ ।

हिरा बहादुर सारु मगरलाई मिति २०६०।७।३ मा क्याम्पसबाट डेरा तर्फ फर्कने क्रममा सुरक्षाकर्मीले पक्राउ गरी लगेको हो । कृष्ण के.सी.ले पुनरावेदन अदालत पाटनमा बयान गर्दा र निजले कारागारबाट लेखेको मिति २०६२।७।२५ को पत्रमा समेत भैरवनाथ गणमा रहेको भनी उल्लेख भएकोमा निजको स्थिति हालसम्म अज्ञात रहेको छ ।

अमृत कंडेललाई मिति २०६०।७।३ मा क्याम्पसबाट डेरा तर्फ फर्कने क्रममा बागबजारबाट सेनाका सुरक्षाकर्मीले पक्राउ गरी लगेको हो। कृष्ण के.सी.ले पुनरावेदन अदालत पाटनमा बयान गर्दा र निजले कारागारबाट लेखेको मिति २०६२।७।२५ को पत्रमा समेत भैरवनाथ गणमा रहेको भनी उल्लेख भएकोमा निजको स्थिति हालसम्म अज्ञात रहेको छ ।

बाबुकाजी श्रेष्ठलाई का.म.न.पा. वडा नं. ३५ स्थित आफ्नो किराना पसलमा बसिरहेको अवस्थामा सेनाका सुरक्षाकर्मीले पक्राउ गरी लगेको हो । कृष्ण के.सी.ले पुनरावेदन अदालत पाटनमा बयान गर्दा र निजले कारागारबाट लेखेको मिति २०६२।७।२५ को पत्रमा समेत भैरवनाथ गणमा रहेको भनी उल्लेख भएकोमा निजको स्थिति हालसम्म अज्ञात रहेको छ ।

सत्यनारायण प्रजापतिलाई मिति २०५९।१।३ मा सामा भन्ज्याङ्गस्थित आफ्नै घरमा बसिरहेको अबस्थामा साँझपख सेनाका सुरक्षाकर्मीले पक्राउ गरी लगेकोमा निजको स्थिति हालसम्म अज्ञात रहेको छ ।

गंगाराम श्रेष्ठलाई मिति २०५८।११।११ मा भक्तपुर सल्लाघारीस्थित आफ्नै घरमा बसिरहेको अवस्थामा सेनाका सुरक्षाकर्मीले पक्राउ गरी लगेकोमा निजको स्थिति हालसम्म अज्ञात रहेको छ ।

५. यसप्रकार उल्लिखित व्यक्तिहरुलाई विभिन्न सुरक्षाकर्मीले विभिन्न ठाउँबाट पक्राउ गरी लगेकोमा परिवारका व्यक्तिहरुलाई भेट्न नदिएको, जीवन रक्षाका लागि राष्ट्रिय मानव अधिकार आयोगमा हार गुहार गर्दा समेत हालसम्म निजहरुको स्थिति थाहा नभएकाले बन्दीहरुको मरेबाँचेको अवस्थाका बारेमा जानकारी पाऊँ भन्ने र जीवितहरुका हकमा अदालतमा उपस्थित गराई गैरकानूनी थुनामुक्त गर्नुभनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने समेतको निवेदकहरुको माग देखिन्छ ।

६. साथै उपरोक्त व्यक्तिहरु बाहेक दिल बहादुर राई, विपिन भण्डारी, नवीन राई, ईश्वर लामा, पुष्पराज बस्नेत, धिरेन्द्र बस्नेत, निश्चल नकर्मी, रेणुका दुलाल, हरिशरण महर्जन, दुर्गा बिशंखे,

अशोक सुनुवार, डोलेश्वर लिम्बू, सुदर्शन शर्मा, कुमार ढकाल, विपल श्रेष्ठ, माधव अधिकारी, गोकुल निरौला, निभा लामा, अर्जुन न्यौपाने, शान्तिराम भट्टराई, पदम नारायण श्रेष्ठ र सुरेन्द्र थापा समेतका व्यक्तिहरु हाल बेपत्ता पारिएको सूचीमा नाम उल्लेख भएकोले के कसरी कहिले पक्राउ भएको हो थाहा नभएकाले अदालतबाटै आवश्यक छानविन गरीपाऊँ भन्ने समेतका माग निवेदकले लिएका पाइन्छ ।

रिट नं. ११०

प्रस्तुत रिट निवेदनमा धिरेन्द्र बस्नेतलाई मिति २०६०।८।२८ मा कलङ्किबाट चियापसलमा चिया खाईरहेको अवस्थामा सुरक्षाकर्मीले पक्राउ गरेको हो । बन्दीको खोजीको लागि विभिन्न मानव अधिकारवादी संघ संस्थामा निवेदन दिइएको थियो । भैरवनाथ गणमा थुनामा परी छुटि आएका एकजना व्यक्तिले त्यहाँ भेट भएको भनी बताएका थिए । निजको स्थिति हालसम्म अज्ञात रहेकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरि गैरकानूनी थुनाबाट मुक्त गरिपाऊँ भन्ने मुख्य निवेदन माग दाबी रहेको देखिन्छ ।

रिट नं. १११

प्रस्तुत रिट निवेदनमा पुष्पराज बस्नेतलाई मिति २०६०।८।१९ मा कालिमाटीमा हिंडिरहेको अवस्थामा सादा पोसाकका सुरक्षाकर्मीले पक्राउ गरेको हो । बन्दीको अवस्थाको जानकारी र जीवन रक्षाको लागि विभिन्न मानव अधिकारवादी संघ संस्थामा निवेदन दिएको छौं । भैरवनाथ गणमा रहेको भनी त्यहाँबाट थुनामुक्त भएको व्यक्तिले बताएकोमा निजको स्थिति हालसम्म अज्ञात रहेकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरि गैरकानूनी थुनाबाट मुक्त पाऊँ भन्ने निवेदन दाबी रहेको छ ।

रिट नं. ३२३

प्रस्तुत रिट निवेदनमा नवीन कुमार राई अनेरास्ववियु (क्रान्तिकारी) का केन्द्रीय सदस्य र ईश्वर कुमार लामा आर.आर. क्याम्पसको सो सङ्गठनको इकाई कोषाध्यक्ष्य हुन् । निजहरुलाई मिति २०५९।१।१३ मा कालिमाटी डेराबाट मध्यरातीमा प्रहरी निरिक्षक रामचन्द्र राई समेतका सुरक्षाकर्मीले पक्राउ गरेको हो । शुरुमा छाउनी र पछि हनुमानढोका राखिएको सूचना पाएको थियौं । नजिकै डेरागरी बस्ने पुष्कर लामाले पक्राउ गरेको र लिला लामाले प्रहरी कार्यालयमा देखेको भनेका छन् । निजहरुको स्थिति हालसम्म अज्ञात रहेकोले खानतलासी पूर्जि जारी गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने निवेदन देखिन्छ ।

रिट नं. ५४(०००२)

प्रस्तुत रिट निवेदनमा हरिप्रसाद लुइटेललाई मिति २०६०।११।१६ मा घरमा सुतिरहेको अवस्थामा राती १:३० बजे बैरनी व्यारेक धादिङ्गबाट आएका सेनाले पक्राउ गरेको हो । बैरेनी व्यारेकमा बुभ्दा अनुसन्धान पछि छाड्छु भनेका थिए । केही दिनपछि जगदल गणमा लगेको जानकारी व्यारेकले दिएको थियो । बन्दीको अवस्थाको जानकारी र जीवन रक्षाको लागि विभिन्न मानव अधिकारवादी संघ संस्थामा निवेदन दिइएको छ । निजको स्थिति हालसम्म अज्ञात रहेकोले गैरकाननी थुनामा राख्ने कार्यमा संलग्न विपक्षी निकायका अधिकारीहरुलाई संजाय गर्नुका साथै बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी गैरकानूनी थुनाबाट मुक्त गरिपाऊँ भन्ने निवेदन रहेको छ ।

रिट नं. २६२

प्रस्तुत रिट निवेदनमा चतुर्मान राजवंशीलाई मिति २०५९।९।१३ मा भारत पश्चिम बंगालको तेन्जिङ्ग नोर्के बसपार्कबाट भारतीय प्रहरीको सहयोगमा गिरफ्तार गरी सोही रात नै नेपाली सेनालाई बुझाएको भन्ने कुरा सँगै पक्राउ परी रिहा भै आउने व्यक्तिहरुले भनेका हुन । निज बटुक दल गुल्म चारआली झापामा थुनामा रहेको कुरा मलाई पूर्ण विश्वास छ । खानतलासी पूर्जि जारी गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरि गैरकानूनी थुनाबाट मुक्त गरिपाऊँ भन्ने निवेदन देखिन्छ ।

रिट नं. ००१५

चेतनाथ घिमिरेलाई गरुड दल गुल्म भोर्लेटार लम्जुङ्गमा मिति २०५८।१०।१३ देखि पटक-पटक तारीखमा बोलाईएकोमा मिति २०५८।१०।२० देखि गुल्ममै राखी घर फर्कन दिइएन । निजलाई ५४ दिनसम्म खाल्डोमा राखेको भनी सोही खाडलमा सँगै थुनामा बसी थुनामुक्त भएर आएका श्रीकान्त अधिकारी समेतका अन्य व्यक्तिहरुले जानकारी दिएका छन । त्यसपछि निजलाई कहाँ र कुन अवस्थामा राखेका छन् परिवारलाई भेट्न नदिएकोले केही जानकारी छैन । बन्दीको अवस्थाको जानकारी र जीवन रक्षाको लागि राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी निवेदन दर्ता गराएको छौं। बेपत्ता भएका व्यक्तिहरुको स्थिति सार्वजनिक गर्न गठित वामनप्रसाद न्यौपाने समितिको प्रतिवेदनमा निज भोर्लेटारस्थित नेपाली सेनाको व्यारेकमा हालसम्म पनि सम्पर्कमा रहेको भनी नेपाली सेना कार्यरथी विभागको पत्रमा उल्लेख भै आएको भन्ने व्यहोरा उल्लेख भएको छ । निजको स्थिति हालसम्म अज्ञात रहेकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरि गैरकानूनी थुना मुक्त गरिपाऊँ भन्ने मुख्य निवेदन जिकिर रहेको पाइन्छ ।

रिट नं. ४८५

प्रस्तुत रिट निवेदनमा अरुण नेपालीलाई मिति २०६१।३।९ गते दिउंसो ३ बजे काठमाडौं पुतलीसडकबाट सादा पोषाकका सुरक्षाकर्मीले पक्राउ गरी १ नं. वाहिनी बालाजु लिएर गै सोही स्थानमा राखिएको भन्ने जानकारी प्राप्त भएकोमा भेटघाट गर्न जाँदा भेटघाट गर्न दिइएन । बन्दीको खोजतलास गरिपाऊँ भनी राष्ट्रिय मानव अधिकार आयोग लगायतका संघ संस्थामा निवेदन दिइएको छ । निजलाई कहिले जगदल गण छाउनी कहिले भैरवनाथ गण महाराजगञ्ज तथा अन्य सैनिक व्यारेकहरुमा समेत स्थानान्तरण गर्दै गैरकानूनी रुपमा थुनामा राखिएको भन्ने अनौपचारिक जानकारी प्राप्त भएपनि निजको स्थिति हालसम्म अज्ञात रहेकोले गैरकानूनी थुनाबाट अविलम्ब मुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने निवेदन मागदाबी रहेको छ ।

रिट नं. ५००

प्रस्तुत रिट निवेदनमा श्रीराम थारुलाई मिति २०५९।२।९ गते राती अन्दाजी १ बजेको समयमा रम्भापुर चेकपोष्टबाट आएका सैनिकहरुले बर्दिया देउडाकलास्थित आफ्नै घरबाट पक्राउ गरी लगेको हो । पक्राउ गर्दाका प्रत्यक्षदर्शी श्रीमती तथा भतिजा पटक-पटक भीमकाली दल गुल्ममा गै बन्दीको बारेमा बुझ्दा हाल केही भन्न मिल्दैन, आवश्यक सोधपुछ गरी छोडिदिन्छौं भनी भेट्न दिइएन । निजको स्थिति हालसम्म अज्ञात रहेकोले गैरकानूनी थुनाबाट अविलम्ब मुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने निवेदन जिकिर रहेको पाइन्छ ।

रिट नं. ०००४

प्रस्तुत रिट निवेदनमा अर्जुनलाल श्रेष्ठलाई मनमैंजू गा.वि.स. वडा नं. २ स्थित निजको मामाको छोरा प्रेमलाल श्रेष्ठको घरबाट मिति २०६१।९।३ गते बेलुका ८ बजेको समयमा १ नं. वाहिनी बालाजूबाट सादा पोषाकमा आएका सेनाहरुले पक्राउ गरी सोही वाहिनीमा लगेका थिए । उक्त वाहिनीमा पुष ६ गतेसम्म राखी जगदल गण छाउनीमा ७ गते लगेछन् । सो स्थानमा २०६२।२।३ गतेसम्म राखी ऐ ४ गतेका दिन निज लगाएत १८ जनालाई हेलिकोप्टरमा राखी अन्यत्रै लगिएको भनी सोही गणमा सँगै थुनामा रही थुनामुक्त भएका व्यक्तिहरुले जानकारी गराएका छन् । त्यसपछि निजलाई कहाँ कुन अवस्थामा राखिएको छ निजको स्थिति हालसम्म अज्ञात छ । बन्दीको खोजतलास गरिपाऊँ भनी राष्ट्रिय मानव अधिकार आयोगमा निवेदन दिएको हो । हालसम्म स्थिति पत्ता नलागेकोले निवेदकलाई गैरकानूनी थुनाबाट अविलम्ब मुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने निवेदन जिकिर रहेछ ।

रिट नं. २२३

प्रस्तुत रिट निवेदनमा रेनुका दुलाललाई मिति २०६०।८।१४ गते साँझ चावहिलबाट सादा पोषाकमा आएका सुरक्षाकर्मीहरुले पक्राउ गरी लगेका हुन । निजको गिरफ्तारीका सम्बन्धमा तत्कालै प्रहरी प्रधान कार्यालय, जिल्ला प्रहरी कार्यालय काठमाडौं लगायतमा गै बुझ्दा कुनै कुरा पत्ता नलागेपछि निज बन्दीको खोजतलास र जीवन रक्षाको लागि विभिन्न मानव अधिकारवादी संघ संस्थामा निवेदन दिएको हो । राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरुले निजलाई भैरवनाथ गणमा भेट गरेको कुरा मौखिक जानकारी प्राप्त भएको छ । हालसम्म निजको स्थिति अज्ञात रहेकाले निवेदकलाई गैरकानूनी थुनाबाट अविलम्ब मुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने निवेदन दावी रहेको पाइयो ।

रिट नं. ४१८

प्रस्तुत रिट निवेदनमा चेतनाथ ढुङ्गानालाई मिति २०६०।५।१४ मा डिल्लीबजारको कालिकास्थानबाट सादा पोसाकमा आएका सुरक्षाकर्मीहरुले पक्राउ गरेको कुरा स्थानीय व्यक्तिहरुले भनेकाले निजको खोजतलास गर्न तत्कालै वडा प्रहरी कार्यालय सिंहदरबार गै बुझ्दा कुनै जानकारी पाइएन । निजको खोजी जानकारीका लागि जिल्ला प्रहरी कार्यालय काठमाडौं तथा राष्ट्रिय मानव अधिकार आयोग समेतमा निवेदन गरेको हो । निज बन्दीलाईृ रिहाई तथा सार्वजनिक गर्न माग भन्ने शीर्षकमा मिति २०६०।५।९ र १० को राजधानी दैनिकमा समाचार प्रकाशित भएको थियो । निजलाई भैरवनाथ गणमा राखिएको थियो भनी नख्खु कारागरमा बन्दी अवस्थामा रहेका कृष्ण के.सी. र हिमाल शर्माले मौखिक जानकारी गराएका थिए । हालसम्म निजको स्थिति अज्ञात रहेकाले यस अदालतबाटै बन्दीको स्थितिका सम्बन्धमा अनुसन्धान गरी प्रतिवेदन पेश गर्नु भन्ने सरकारका नाममा उपयुक्त आदेश जारी गर्नुका साथै गैरकानूनी थुनाबाट मुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने निवेदन जिकिर रहेको पाइन्छ ।

रिट नं. १५५

प्रस्तुत रिट निवेदनमा टाटेराम थारुलाई मिति २०५९।४।२४ गते बर्दिया जिल्ला मगरागढी गा.वि.स. वडा नं. ५ स्थित आफ्नै घरमा सुतिरहेको अवस्थामा राती अन्दाजी तीन बजे रम्भापुर चेकपोष्टका सुरक्षाकर्मी आई केही कुरा बुझ्नु छ भनी पत्निहरुका सामु नै गैरकानूनी ढङ्गले पक्राउ गरी लगियो । बन्दीका सम्बन्धमा बुझ्नका लागि रम्भापुर चेकपोष्ट तथा भीमकाली गुल्म गै बुझ्दा हाल केही भन्न मिल्दैन भनी कुनै जानकारी दिएनन् । हालसम्म निजको स्थिति अज्ञात रहेकाले निज बन्दीलाई

गैरकानूनी थुनाबाट अविलम्ब मुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने निवेदन दावी रहेको देखिन्छ ।

रिट नं. ४५

प्रस्तुत रिट निवेदनमा जगना थारुलाई मिति २०५९।४।२६ गते राती ९ बजे बर्दिया जिल्ला मगरागढी गा.वि.स. वडा नं. ५ स्थित आफ्नै घरबाट बुबा चिन्का थारु र आमा डसनी थारु समेतको सामन्नेमा रम्भापुर चेकपोष्टबाट आएका चेकपोष्ट प्रमुख महेन्द्र थापा समेतका सुरक्षाकर्मी आई केही कुरा बुझ्नु छ पक्राउ गरी लगियो । बन्दीका सम्बन्धमा बुझ्नका लागि जिल्ला प्रशासन कार्यालय बर्दियामा निवेदन दिएकोमा कुनै थाहा जानकारी दिएनन् । हालसम्म निजको स्थिति अज्ञात रहेकाले निज बन्दीलाई गैरकानूनी थुनाबाट अविलम्ब मुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने निवेदन व्यहोरा रहेछ ।

रिट नं. ४१

प्रस्तुत रिट निवेदनमा हरिराम चौधरीलाई रम्भापुर चेकपोष्टबाट आएका चेकपोष्ट प्रमुख महेन्द्र थापा समेतका सुरक्षाकर्मीले मिति २०५९।४।२४ गते राती करिव ३ बजे बर्दिया जिल्ला मगरागढी गा.वि.स. वडा नं. ५ स्थित घर घेरा हाली निजका बाबु, बहिनी समेतको सामन्नेबाट पक्राउ गरी रम्भापुर चेकपोष्टमा लगिएको हो । निजलाई हालसम्म कहाँ किन कुन अवस्थामा राखिएको छ केही जानकारी नभएकाले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निजलाई गैरकानूनी थुनाबाट अविलम्ब मुक्त गरिपाऊँ भन्ने निवेदन दाबी लिइएको पाइन्छ ।

रिट नं. १६७

प्रस्तुत रिट निवेदनमा ढक बहादुर बस्नेतलाई मति २०५८।१२।२ गते बाग्लुङ्ग जिल्ला नरेठाँटी गा.वि.स. स्थित आफ्नै घरमा बसिरहेको अवस्थामा संयुक्त सुरक्षा फौजको सुरक्षा चेकपोष्ट हरिचौरबाट क्याप्टेन अञ्जन के.सी.को कमाण्डमा खटी आएको सुरक्षाकर्मीको टोलीले सम्पूर्ण परिवारको सामुन्नेबाट पक्राउ गरी लगेको हो । बन्दीको स्थितिबारे संयुक्त सुरक्षाफौजको चेकपोष्टमा पटक-पटक बुझ्न जाँदा पनि कुनै जानकारी नदिई उल्टै अब आइन्दा बुझ्न आएमा गोलीले उडाइदिन्छु भनी डर धाक दिई फर्काइयो । बन्दीको श्रीमती १३ वर्षको छोरासहित बन्दीको बारेमा बुझ्न जाँदा कहिले बाग्लुङ्ग त कहिले कुश्मा व्यारेकमा पठाइयो भने तापनि ती व्यारेकमा गै बुझ्दा त्यहाँ नल्याएको भनी जवाफ दिइयो । विपक्षीहरुले निज बन्दीलाई हालसम्म कहाँ किन कुन अवस्थामा राखेको छन् केही जानकारी नदिई बेपत्ता पारेकाले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निजलाई गैरकानूनी थुनाबाट अविलम्ब मुक्त गरिपाऊँ भन्ने निवेदन जिकिर रहेको पाइन्छ ।

रिट नं. १६२

प्रस्तुत रिट निवेदनमा विहारीलाल गोडियालाई मिति २०६०।७।१४ मा बिहानको समयमा संयुक्त सुरक्षा फौज बेस क्याम्प बाँकेका ७ जना सुरक्षाकर्मीले बन्दीको श्रीमती सावित्रीदेवी गोडियाको अगाडि नै घरबाट पक्राउ गरी आँखामा पट्टी बाँधी लगेको हो । सुरक्षा बेस क्याम्पमा सोध्नजाँदा सेनालाई बुझाएको भनी जवाफ दिएको थियो । निजको स्थिति हालसम्म अज्ञात रहेकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने निवेदन माग दावी देखिन्छ ।

रिट नं. १६४

प्रस्तुत रिट निवेदनमा अयोध्याप्रसाद गोडिया कक्षा १० मा अध्ययनरत विद्यार्थी हुन । मिति २०६०।७।१४ मा बिहानको समयमा संयुक्त सुरक्षा फौज बेस क्याम्प बाँकेका ७ जना सुरक्षाकर्मी बन्दीको घरमा आई निजको आमाको सामुन्ने बन्दी र निजको बाबु विहारीलाल गोडियालाई केही सोध्नु छ भनी आँखामा पट्टी बाँधी पक्राउ गरी लगेका हुन् । बन्दीको स्थिति बारेमा सुरक्षा बेस क्याम्पमा पटक-पटक सोध्नजाँदा कहिले सेनालाई बुझाएको कहिले नेपालगञ्ज पठाइएको भनी जवाफ दिए । निजको स्थिति हालसम्म अज्ञात रहेकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरि थुनामुक्त गरिपाऊँ भन्ने निवेदन रहेको पाइन्छ ।

रिट नं. ६१७

प्रस्तुत रिट निवेदनमा विशाल लामा गलैंचा कारखानाका मजदुर हुन् । मिति २०५९।२।१९ गते बिहान कारखानामा काम गरिरहेको अवस्थामा सादा पोषाकका सुरक्षाकर्मीहरु पक्राउ गरी लगी एक हप्तासम्म बेपत्ता पारे । मिति २०५९।२।२६ मा आइसिआरसि को सहयोगमा वडा प्रहरी कार्यालय तीनकुनेमा परिवारजनले भेटघाट गरेको हुन । सो को एकहप्ता पश्चात निजको श्रीमती मेनुका लामाको अगाडि नै भक्तपुर डि.एस. पि. कार्यालय लाने भनी गाडीमा राखी लिएर गएकोमा बेलुका जिल्ला प्रहरी कार्यालय गै सोधपुछ गर्दा केही थाहा छैन भन्ने जवाफ दिइयो । त्यसपछि निजसँग हालसम्म भेटघाट हुन सकेको छैन । निजको खोजतलास गर्न मानव अधिकार आयोग लगायतका संघ संस्थामा निवेदन समेत दिइएको भए तापनि निजको सम्बन्धमा हालसम्म कुनै कुरा पत्ता लाग्न सकेको छैन । बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरि थुनामुक्त गरिपाऊँ भन्ने निवेदन जिकिर रहेछ ।

रिट नं. ९७

प्रस्तुत रिट निवेदनमा रञ्जित दर्नाल, अमृत दर्नाल, राजेन्द्र चौरेल सिलाई पेशामा संलग्न व्यक्ति हुन् । निजहरु मध्ये रन्जित दर्नाल राजेन्द् चौरेललाई २०६०।९।२५ गते कपन स्थित निजहरुको डेराबाट र अमृत दर्नाललाई ऐ २८ गते जमल स्थित सँगम रेष्टुरेण्टबाट पक्राउ गरि लगिएको हो । निजहरुलाई केही समय जगदलगण छाउनीमा राखिएको जानकारी प्राप्त भएकोमा भेटघाट गर्न जाँदा भेटघाट गर्न दिइएन । निजहरुको गैह्रकानूनी गिरफतारीको सम्बन्धमा तत्कालै प्रहरी प्रधान कार्यालय, नेपालीजंगी अड्डा समेतमा बुझ्दा कुनै कुरा पत्ता लगाउन नसके पछि विभिन्न मानव अधिकार वादी संघसंस्थामा निवेदन दिइएको छ । निजहरुका सम्बन्धमा हाल सम्म कुनै कुरा पत्ता लगाउन नसकेको हुँदा सम्मानित अदालतबाटै बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरि थुनामुक्त गरिपाऊँ भन्ने निवेदन रहेको छ ।

रिट नं. २५०

प्रस्तुत रिट निवेदनमा अमर वि.क.काठमाडौंको टेकुमा डेरा गरी वसन्तपुरमा भाँडा पसलमा काम गर्दै आउनु भएको थियो । मिति २०६१।८।५ मा अन्दाजी १/२ बजे सम्म खाना खान नआउनु भएपछि किन आउनु भएन भनी बुझ्दा ५/६ जना सुरक्षाकर्मीहरुले १ जनालाई पक्राउ गरेको खवर पाई त्यही दिन जिल्ला प्रहरी कार्यालय हनुमानढोकामा गई बुझ्दा केही पत्ता लागेन । त्यसको ४ दिन पछि मंसिर ९ गतेको दैनिक समाचार पत्रमा सुरक्षाकर्मीहरुले निज पति लगायतका व्यक्तिहरुलाई पक्राउ गरिएको भन्ने समाचार प्रकाशित भएपछि पतिको जीवन रक्षाको लागि विभिन्न मानव अधिकार वादी संघसंस्थामा निवेदन दिएको छु । १ जना व्यक्तिले आफ्नो नाम नबताउने शर्तमा तपाईको पतिसँग म ३ महिना अगाडि श्रीजंग गणमा

सँगै बसेको कुरा बताएका थिए । सो आधारमा निज पतिसँग भेटन जाँदा भेटघाट गर्न नदिई निजको अवस्थाका सम्बन्धमा कुनै जानकारी नदिइएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरि गैह्र कानूनी थुनाबाट मुक्त गरिपाऊँ भन्ने निवेदन दावी रहेको पाइन्छ ।

रिट नं. १४२

प्रस्तुत रिट निवेदनमा मुकुन्द सेढाईलाई मिति २०६०।९।४ गते अन्दाजी दिउंसो ४ बजेको समयमा काठमाडौं भीमसेन स्थानमा आफ्नै गाउँले राजु खौरालको चिया पसलमा सादा पोषाकमा आएका ३/४ जना सुरक्षाकर्मीले पक्राउ गरी लगेका थिए । बन्दीसँगै थुनामा रही छुटी आएका अच्युत के.सीले यस अदालतमा वयान गर्दा बन्दी मुकुन्द सेढाईलाई २०६० साल पुष महिना तिर विपक्षी जगदल गण छाउनीमा भेटेको भनेका छन् । निज श्रीमानले विपक्षी जगदल गंणमा रहँदाको अवस्थामा मलाई पत्र समेत लेख्नु भएको थियो । मिति २०६१ साल पौष ११ गते प्रकाशित नेपाल पाक्षिक पत्रिकाको पृष्ठ २७ मा मुकुन्द सेढाइलाई अन्यत्र सारिएको छ भनी समाचार प्रकाशित भएको छ । यी सम्पूर्ण कुराहरुले मुकुन्द सेढाईलाई विपक्षीहरुले पक्राउ गरी गैह्र कानूनी तरिकाले थुनामा राखी हालसम्म पनि कसैलाई भेटघाट गर्न नदिएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरि गैह्र कानूनी थुनाबाट मुक्त गरिपाऊँ भन्ने निवेदकले निवेदनमा जिकिर लिनु भएको पाइन्छ ।

रिट नं. २११

प्रस्तुत रिट निवेदनमा निश्चल नकर्मी सिद्धार्थ वनस्थलीमा अध्ययन रत विज्ञान विषयका विद्यार्थी हुन् । निजलाई मिति २०६०।८।१७ गते साँझ ५:१५ मा डिल्ली बजारबाट ४ जना साथी सहित बसीरहेको अवस्थामा कर्णेल राजु बस्नेतको कमाण्डमा काठमाडौंमा खटिएको सुरक्षाकर्मीहरुले पक्राउ गरी भैरवनाथ गणमा लगेको हो । सो कुरा निश्चल नकर्मी सँगै पक्राउ परी छुटेका व्यक्तिहरुले राष्ट्रिय मानव अधिकार आयोग समेतका संघसंस्थामा वयान दिएको बुझीएको र हाल सम्म पनि निज निश्चल नकर्मीलाई सोही स्थानमा राखिएको भन्नमा बुझ्न आएको छ । निश्चल नकर्मीले मिति २०६१ साल मंसिर २२ गते आफू सुरक्षा कर्मीबाट पक्राउ परेको कुरा फोन गरी बताएका थिए । २०६१ साल असार ५ गते निश्चलका पिता सुर्य बहादुर नकर्मीलाई कालीमाटी चोकबाट पक्राउ गरेर कालीमाटी प्रहरी चौकामा लगी तेरो छोरा निश्चल नकर्मी हाम्रो नियन्त्रणमा छ भनी बताएका थिए तर भेटघाट गर्न भनी दिइएन । हाल सम्म बन्दीको अवस्था थाहा नलागेकोले पत्ता लगाई बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरि गैह्र कानूनी थुनाबाट मुक्त गरिपाऊँ भन्ने निवेदन दावी रहेको पाइन्छ ।

रिट नं. २५०

प्रस्तुत रिट निवेदनमा चक्र बहादुर कटुवाल नेपाल शिक्षक सङ्गठन ओखल ढुंगाको अध्यक्ष हुनुहुन्थ्यो । वहाँलाई २०५८।८।२८ गते जिल्ला शिक्षा कार्यालयबाट नेपाली सेनाका सुरक्षाकर्मीले पक्राउ गरी रणभीम गुल्ममा लगेको स्थानीय प्रत्यक्षदर्सीले बताएका थिए । वहाँलाई केही समय पछि रणभीम गुल्मबाट जिल्ला प्रहरी कार्यालय ओखलढुंगामा लगियो । सो समयमा परिवारलाई भेटघाट गर्न पनि दिएको थियो । केही समय पछि वहाँलाई जिल्ला प्रहरी कार्यालय सप्तरी लगियो । त्यहाँ परिवारलाई भेटघाट गर्न दिएन । पछि केन्द्रिय कारागारबाट काठमाडौंमा ल्याएको जानकारी दिइयो । परिवारलाई भेटघाट गर्न बोलाइए तापनि भेटघाट गर्न दिइएन । हाल सम्म वहाँलाई छाडिएको छैन । वहाँलाई कसैले भैरवनाथ गणमा र कसैले केन्द्रिय कारागारबाटमा राखेको भनी बताउने गरे तापनि वहाँलाई के कती कारणले पक्राउ गरियो, हाल के कुन अवस्थामा राखिएको छ । कुनै जानकारी नभएकोले यस अदालतबाट खानतलासी पूर्जि समेत

जारी गर्नुका साथै बन्दीप्रत्येक्षीकरणको आदेश जारी गरी अदालतकै रोहवरमा गैह्रकानूनी थुनाबाट मुक्त गरी पाउँ भन्ने निवेदन जिकिर रहेको पाइन्छ ।

रिट .नं.१०४

प्रस्तुत रिट निवेदनमा दिल बहादुर राई विद्यार्थी हुन् । निजलाई २०५९।३।३ गते ज्ञानेश्वरबाट सुरक्षाकर्मीले पक्राउ गरेको खवर पाएपछि जिल्ला प्रहरी कार्यालय काठमाडौंमा जाँदा केही जानकारी दिइएन, भेटघाट गर्न समेत पाइएन । निज हालसम्म सोही कार्यालयमा छन् । निजलाई के कती कारणले पक्राउ गरियो ? कुन अवस्थामा राखिएको छ ? केही जानकारी समेत नभएकोले सम्मानित अदालतबाट खानतलासी पूर्जि जारी गरी यस अदालतमा उपस्थित गराई गैह्रकानूनी थुनाबाट मुक्त गर्नु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी पाउँ भन्ने निवेदन जिकिर देखियो ।

रिट .नं.१००

प्रस्तुत रिट निवेदनमा विपिन भण्डारी विद्यार्थी हुन् । निजलाई पक्राउ गर्न मिति २०५९।१।२४ गते लगायत पटक-पटक डि.एस.पि. विक्रमसिंह थापाको नेतृत्वमा सुरक्षाकर्मी घरमा आएका थिए । मिति २०५९।३।३ गते बिहान करिव १० बजे तिर विपिनलाई काठमाडौं बानेश्वरबाट प्रत्यर्थीहरुले पक्राउ गरी कब्जामा राखेका छन् । सो बारे जानकारी लिन तत्काल जिल्ला प्रहरी कार्यालय हनुमानढोका जाँदा माथिको आदेशले केही बताउन मिल्दैन, भेट्न पनि पाइदैन भनी जवाफ दिए । हालसम्म निज विपिनलाई सोही कार्यालयमा राखेको छ । निजलाई के कती कारणले पक्राउ गरियो ? कुन अवस्थामा राखिएको छ ? केही जानकारी समेत नदिइएकोले सम्मानित अदालतबाटै खानतलासी पूर्जि जारी गरी यस अदालतमा उपस्थित गराई गैह्रकानूनी थुनाबाट मुक्त गर्नु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी पाउँ भन्ने निवेदन दाबी लिइएको पाइन्छ ।

रिट .नं.३५७५

प्रस्तुत रिट निवेदनमा अधिवक्ता राजेन्द्रप्रसाद ढकाल नेपाल बार एसोसिएसन गोरखा जिल्ला अदालत बार इकाइका पूर्व अध्यक्ष्य हुनुहुन्छ । मिति २०५५।९।२४ मा निज आफन्तलाई भेट्न गैरहेको अवस्थामा तनहुँ खैरेनीटारमा प्रहरीले पक्राउ गरेको भन्ने खबर पाएकोले सो ठाउँमा गै बुझ्दा निजलाई प्रहरी निरीक्षक कुश विक्रम राणाको डफ्फाले पक्राउ गरेको भनी निजसँगं पक्राउ परी छुटी आएका प्रेमबहादुर थापा र नयनदत्त अधिकारीले भने । निजलाई जिल्ला प्रहरी कार्यालय तनहुँमा लगेको जानकारी पाई सो कार्यालयमा गै बुझ्दा जिल्ला प्रहरी कार्यालय नवलपरासी चलान गरियो भन्ने जानकारी दिइयो । तत्पश्चात सो कार्यालयमा गै बुझ्दा पोखरामा चलान गरेको भनेको र जिल्ला प्रहरी कार्यालय कास्कीमा गै सोधपुछ गर्दा सशस्त्र प्रहरी गण पोखरामा होलान् भनी जानकारी दिइयो । त्यहाँ गै बुझ्दा गोरखा चलान गरिसकिएको छ भनी जानकारी दिइएकोले सो जिल्ला प्रहरी कार्यालय गोरखामा गई बुझ्दा पक्राउ गरी थुनामा राखिएको छ तर माथिको आदेशले भेटघाट गर्न दिन मिल्दैन भन्ने जवाफ दिइयो । निजलाई के कती कारणले पक्राउ गरियो ? कुन अवस्थामा राखिएको छ ? केही जानकारी समेत नदिइएकोले सम्मानित अदालतबाटै खानतलासी पूर्जि जारी गरी गैह्रकानूनी थुनाबाट मुक्त गर्नु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी पाउँ भन्ने निवेदन रहेको छ ।

रिट .नं.२५८८/००३८ परमादेश

प्रस्तुत रिट निवेदनमा मिति २०५८।८।११ मा संकटकाल घोषणा भएपश्चात हामी निवेदकहरुलाई राजनीतिक आस्थाका आधारमा पक्राउ गरी भैरवनाथ गण महाराजगञ्जमा राखिएको थियो । उक्त गणमा रहँदा हामी निवेदकहरुलाई सेनापति प्यारजङ्ग थापाको आदेशले उक्त गणका लेफ्टिनेण्ट कर्णेल राजु बस्नेत, मेजर विवेक बिष्ट, क्याप्टेन इन्दिवर राणा र सैनिक गुप्तचर विभाग प्रमुख दिलिप रायमाझीले आँखामा कालोपट्टी र हात पछाडि पट्टी लगि बाँधी पानीमा डुबाउने, हिटरमा पिसाब फेर्न लगाउने, औंलामा पिन घोच्ने, तातो पानीमा डुबाउने लगायत चरम यातना दिई राखेका थिए । हामी उक्त गणमा रहेकै समयमा हाम्रा साथी पदम नारायण नकर्मी, खड्ग बहादुर घर्तीमगर र किरण रायमाझीलाई निजहरुले नै चरम यातना दिई हत्या गरेको हुन । सोही समयमा हाम्रा साथीहरु ज्ञानेन्द्र त्रिपाठी, माधव अधिकारी, धिरेन्द्र बस्नेत, जालन्धर बाँस्तोला, लिला आचार्य, रुपक अधिकारी, पुष्प बस्नेत, शान्तिराम भट्टराई, दुर्गा बिशंखे, तेजमान विश्वकर्मा, देशभक्त चापागाईं, जनक के.सी., चन्द्र कुमार ढकाल, भवनाथ धमला, चेतनाथ ढुङ्गाना, रेनुका दुलाल, भीम गिरी, रामचन्द्र काफ्ले, अमृत कँडेल, बुद्धी लामा, निमा दोर्जे लामा, डोलेश्वर लिम्बू, अर्जुन महर्जन, भीमराज महर्जन, राजेन्द्र माली, निश्चल नकर्मी, गोकुल निरौला, लिला पाण्डे, दिपेन्द्र पन्त, अर्जुन पोखरेल, कौशल्या पोखरेल, हिराबहादुर रोक्का, हिरा बहादुर थारु, बाबुकाजी श्रेष्ठ, सूचीन्द्र श्रेष्ठ, अशोक सुनवार, राजेन्द्र थापा, रेबकला तिवारी, पूर्ण पौडेल, विपिन भण्डारी, दिल बहादुर राई, नविन राई र अष्टराज वज्राचार्यलाई विभिन्न मितिमा पक्राउ गरी गणमा ल्याई सेनापतिले नै यिनीहरुलाई मार्नु भन्ने आदेश दिएको छ भन्दै चरम यातना दिएका थिए । तिमीहरुलाई यातना दिएर नै मारिदिन्छौं भनी पटक-पटक भनेका पनि थिए । यस्तैमा २०६० पौष ५ गतेका दिन उल्लिखित साथीहरुलाई ट्रकमा हाली लगेपश्चात निजहरुलाई फेरी देख्न र भेट्न पाएका छैनौं । निजहरुलाई हालसम्म बेपत्ता पारी राज्यले हस्ताक्षर गरेका अन्तराष्ट्रिय महासन्धिहरु र संविधानले प्रत्याभूत गरेको जीवनको अधिकारको उल्लंघन गरेका छन् ।

७. अतः बेपत्ता बनाइएका उपरोक्त व्यक्तिहरु बाँचे मरेको के कुन अवस्थामा छन् सो सम्बन्धी यथार्थ विवरण अविलम्ब प्रकाशित गर्न तथा यथार्थ विवरण आउन नसकेमा छानविन गर्नका लागि एक उच्चस्तरीय छानविन आयोग गठन गर्नु तथा मानव अधिकारको उल्लंघन गर्ने सेनाका प्यारजङ्ग थापा, राजु बस्नेत, विवेक बिष्ट, इन्दिवर राणा र दिलिप रायमाझीलाई कानून बमोजिम कारवाही गर्नु गराउनु भनी परमादेश जारी गरिपाऊँ भन्ने उक्त भैरवनाथ गणमा थुनामा रही रिहा भएका लेखनाथ न्यौपाने समेतले निवेदनमा जिकिर लिएको पाइयो ।

यस अदालतबाट जारी भएको कारण देखाउ आदेश:

उपरोक्त रिट निवेदनहरु विभिन्न मितिमा यस अदालतको एक न्यायाधीशको इजलास समक्ष पेश हुँदा विपक्षीहरुबाट लिखित जवाफ मगाउने आदेश भएको पाइन्छ भने रिट नं. १०० र ४८५ मा बन्दीसहित अदालतमा उपस्थित हुनु भनी विपक्षीहरुका नाममा आदेश जारी भएको देखिन्छ ।

विपक्षीहरुबाट पर्न आएको लिखित जवाफको संक्षिप्त व्यहोरा:

निवेदनमा विपक्षी बनाइएका निकायहरु मध्ये मन्त्रिपरिषद सचिवालय प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय र प्रहरी प्रधान कार्यालयले निवेदनमा उल्लेख गरेका व्यक्तिहरुलाई ती निकायले पक्राउ गर्ने एवम् थुनामा राख्ने आदेश नगरेको तथा निवेदकहरुको कुनै हक अधिकार समेत हनन नगरेकोले रिट निवेदन खारेज हुनुपर्छ भन्ने व्यहोराको लिखित जवाफ पेश गरेका छन्।

नेपाली सेनाको जङ्गी अड्डाले सबै रिट निवेदनमा उल्लेख भएका व्यक्तिहरुलाई पक्राउ नगरिएको तथा सैनिक हिरासतमा नराखिएको भनी लिखित जवाफ पेश गरेको पाइन्छ ।

विपक्षी मध्येका जिल्ला प्रशासन तथा जिल्ला प्रहरी कार्यालयहरुले माथि उल्लिखित रिट निवेदनमा उल्लेख गरिएका व्यक्तिहरुलाई ती कार्यालयहरुले पक्राउ गर्ने तथा थुनामा राख्ने आदेश नगरेको, पक्राउ गरी नल्याइएको तथा थुनामा नराखिएको भनी लिखित जवाफ पेश गरेका छन् ।

रिट नं. ६३२ मा चक्र बहादुर कटुवालको हकमा जिल्ला शिक्षा कार्यालय ओखलढुङ्गाले निज समेतका शिक्षकहरुलाई च.नं. ५०५ को पत्र मार्फत जिल्ला प्रशासन कार्यालयमा हाजिर हुन पठाएको र निज उक्त कार्यालयमा गएपछि फर्की विद्यालयमा हाजिर हुन नआएको भनी जिल्ला शिक्षा कार्यालयको लिखित जवाफमा उल्लेख भएको छ । जिल्ला प्रशासन कार्यालयको लिखित जवाफमा निज कटुवाल उक्त कार्यालयमा हाजिर भएपछि रणसिंह दल गुल्ममा पठाएको, उक्त गुल्मबाट प्रहरी कार्यालय ओखलढुङ्गामा बुझाएको तथा प्रहरी हिरासतमा राखिएको अवस्थामा २०५८।९।२ गते राती शौचालयको झ्याल तोडी फरार भएको भन्ने उल्लेख भएको पाइन्छ ।

जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गाको लिखित जवाफमा निजलाई जिल्ला शिक्षा कार्यालयबाट पक्राउ गरी ल्याएको नभई २०५८।९।१ गते आफै हाजिर हुन आएको, सोधपुछको लागि हिरासतमा राखेकोमा राती शौचालयको झ्याल तोडी फरार भएकोले तत्काल हिरासतमा रहेका व्यक्तिहरुको सोही व्यहोराको कागज गराई राखिएको भन्ने उल्लेख भएको पाइयो ।

रिट निवेदनमा विपक्षी बनाइएका नेपाली सेनाका विभिन्न पृतना, वाहिनी गण तथा गुल्महरुले निवेदनमा उल्लिखित व्यक्तिहरुलाई पक्राउ नै नगरिएको, सैनिक हिरासतमा नराखिएको भनी लिखित जवाफ पेश गरेका छन् ।

रिट नं. ३७८ को लिखित जवाफका क्रममा जगदल गण छाउनीले निवेदनमा उल्लिखित व्यक्तिहरु मध्ये सुचेन्द्र महर्जन छानविन तथा अनुसन्धान केन्द्र सुन्दरीजलमा थुनामा रहेकोमा सर्वोच्च अदालतको २०६१।८।१६ को आदेशानुसार ऐ १७ मा थुनामुक्त गरिएको भन्ने उल्लेख छ । भैरवनाथ गणले रिट निवेदनमा उल्लेख गरेको व्यक्तिहरुमध्ये अनुमान श्रेष्ठ र सुरेन्द्र खड्गीलाई पक्राउ गरी सोधपुछ गरेपछि राजदल गण लगनखेलमा बुझाएको भन्ने उल्लेख गरेको छ । नेपालीजङ्गी अड्डाले अनुमान श्रेष्ठ र सुरेन्द्र खड्गीलाई राजदल गण लगनखेलले मिति २०६०।१२।३० गते ललितपुर जिल्ला अदालतको रोहवरमा जित गोविन्द महर्जनलाई बुझाइसकिएको अन्य व्यक्तिहरुलाई पक्राउ नगरिएको भन्ने उल्लेख गरेको भनी लिखित जवाफ पेश गरको देखिन्छ ।

रिट नं. ५४ मा नेपालीजङ्गी अड्डाको लिखित जवाफमा निवेदनमा उल्लेख गरिएका हरिप्रसाद लुइटेललाई ६ नं. वाहिनीले २०५९।४।२९ मा पक्राउ गरी जिल्ला प्रहरी कार्यालय धादिङ्गमा बुझाएको हो । जिल्ला प्रशासन कार्यालयको आदेशले २०५९।५।४ मा ९० दिन नजरबन्दमा राख्ने आदेश भएको र २०५९।८।१ मा पुनः ९० दिनका लागि म्याद थप भएको हो । २०५९।११।७ मा निजका दाजु रामप्रसाद लुइटेलको जिम्मा लगाई नजरबन्दमुक्त गरेको र तत्पश्चात निजलाई पक्राउ नगरिएको, हिरासतमा नराखिएको भन्ने उल्लेख छ ।

नेपाली सेना जङ्गी अड्डाले रिट नं. ००१५ को निवेदनको लिखित जवाफमा निवेदनमा उल्लिखित व्यक्ति चेतनाथ घिमिरेलाई तारीखमा नबोलाएको, पक्राउ नगरिएको भनी पत्राचार भएकोमा टाइपको

भूलबस फरक अर्थ लाग्न गएको हो । उक्त पत्र संशोधन समेत भैसकेको अबस्थामा सोही पत्रलाई आधार मानी हालसम्म हिरासतमा रहेको भनी अर्थ गर्न मिल्दैन । मानव अधिकार हनन भएको भन्ने सम्बन्धमा पश्चिम पृतना हेडक्वाटरबाट कोर्ट अफ इन्क्वायरी गठन भै छानविन तथा अनुसन्धान भैरहेकोले यथार्थ विवरण छानविन पछि आउने नै हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने लिखित जवाफ पेश गरेको पाइन्छ ।

रिट नं. ४१८ मा विपक्षी बनाइएको राष्ट्रिय मानव अधिकार आयोगले निवेदनमा उल्लिखित व्यक्ति चेतनाथ ढुङ्गाना (सी.एन.ढुङ्गाना) लाई आयोगले जाँचबुझको क्रममा दि फेमस महिन्द्र दल गण गोरखाको निरीक्षण भ्रमण गर्दा त्यहाँ बन्दी बनाइएका कृष्ण के.सी. समेतसँग लिइएको बयानमा निज सी.एन. ढुङ्गाना २०६० साल पुषको पहिलो हप्तातिर युद्ध भैरव गणमा सैनिक हिरासतमा रहेको बताएका छन् । भैरवनाथ गणमा नै थुनामा राखिएका गणेश ढकालसँग लिइएको बयानमा पनि निज ढुङ्गानालाई भैरवनाथ गणको सैनिक हिरासतमा देखेको भनी उल्लेख गरेका छन् । निज बन्दीलाई २०६० साल पुष ५ गते ट्रकमा राखेर अज्ञातस्थल तर्फ लगेको त्यसपछि फर्काएर ल्याएको थाहा भएन भनी बयानमा उल्लेख गरेबाट निज ढुङ्गाना त्यसबखत सैनिक हिरासतमा रहेका थिएनन् भनी भन्न सकिने मनासिव आधार नभएको भनी यस अदालतमा लिखित जवाफ पेश गरेको देखियो ।

रिट नं. २५८८ परमादेश

प्रस्तुत रिट निवेदनमा विपक्षी बनाइएका निकायहरुमध्ये प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, प्रहरी महानिरिक्षक, प्रधान सेनापति, जिल्ला प्रहरी कार्यालय काठमाडौं, जिल्ला प्रशासन कार्यालय काठमाडौं र नेपाली सेना मानव अधिकार सेलले निवेदनमा उल्लेख गरेका व्यक्तिहरुलाई पक्राउ गर्ने, थुनामा राख्ने, यातना दिने तथा बेपत्ता पार्ने लगायतका कुनै कार्य नगरेको भन्ने लिखित जवाफ पेश गरेका छन् ।

भैरवनाथ गणले निवेदनमा उल्लेख भएका व्यक्तिहरुमध्ये बन्दी खडक बहादुर घर्ती मगरको यातनाको कारण नभई रोगको कारण मृत्यु भएको हो । अन्य व्यक्तिहरुलाई यस गणबाट पक्राउ नगरिएको तथा गणको हिरासतमा मृत्यु समेत नभएको भनी लिखित जवाफ पेश गरेको पाइन्छ ।

राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो लिखित जवाफमा आयोगले मानव अधिकार आयोग ऐन २०५३ अनुसार मानिस बेपत्ता पारिएको, हत्या गरिएको, यातना दिइएको लगायत विभिन्न विषयमा दोषीहरुलाई कारवाही गर्ने, बेपत्ता पारिएका व्यक्तिहरुको स्थिति सार्वजनिक गर्ने र पीडित पक्षलाई आवश्यक क्षतिपूर्ति दिन नेपाल सरकार र सम्बन्धित निकाय वा अधिकारीहरुको जिम्मेवारी पूरा गराउन ध्यानाकर्षण गराउने लगायतका कानून बमोजिमको आफ्नो जिम्मेवारी पूरा गरिआएको छ । निवेदनमा उल्लिखित कतिपय व्यक्तिहरुका सम्बन्धमा आयोगले आवश्यक अनुसन्धान पश्चात निर्णय गरी कारवाहीका लागि सरकार समक्ष लेखी पठाइसकेको र कतिपय व्यक्तिहरुका सम्बन्धमा अनुसन्धान र छानविन गरिरहेको छ । निवेदनमा माग गरिए बमोजिम दोषीलाई कानून बमोजिम कारवाही गर्ने, गराउने र पीडित पक्षलाई न्याय दिने दिलाउने सम्बन्धमा सम्मानित अदालतको आदेश बमोजिम थप सहयोग गर्नुपर्ने भएमा आयोग तयार रहेको व्यहोरा उल्लेख गरेको देखिन्छ ।

निवेदनमा उल्लिखित व्यक्तिहरुको स्थिति पत्ता लगाउने कारवाहीका सम्बन्धमा यस अदालतबाट विभिन्न मितिमा भएका आदेश र सो बमोजिम भएका काम कारवाहीहरुः

- निवेदकहरुले निवेदनमा उल्लिखित व्यक्तिहरुलाई सुरक्षाकर्मीले पक्राउ गरेको, हिरासतमा राखेको र निजहरुको अवस्थाको बारेमा हालसम्म कुनै जानकारी सूचना नदिएको भन्ने दाबी लिएको तर निवेदनमा विपक्षी बनाइएका निकायहरुले मूलरुपमा निवेदनमा उल्लिखित व्यक्तिहरुलाई पक्राउ नगरिएको, पक्राउ गर्ने आदेश नदिएको र हिरासतमा नराखेको भन्ने लिखित जवाफ पेश गरेका छन् । निवेदनमा उल्लेख भएका केही व्यक्तिहरुलाई पक्राउ गरेका स्वीकार गरे तापनि आवश्यक अनुसन्धान सोधपुछ पछि थुनामुक्त गरिएको भन्ने लिखित जवाफ भए तापनि रिट निवेदनको कारवाहीको क्रममा निज बन्दीहरुको अवस्था मूल रुपमा हालसम्म पनि अज्ञात नै रहेको देखिएकाले यस अदालतबाट बन्दीहरुको अवस्था पत्ता लगाउने क्रममा विभिन्न मितिमा पटक-पटक आदेश भएको छ ।
- यस अदालतबाट भएका आदेशहरुको समग्रतामा अध्ययन गर्दा निम्न प्रकृतिका आदेशहरु भएको देखिन्छ र जवाफ एवं जानकारी समेत निम्न बमोजिम रहेको पाइन्छ :
  - निवेदनमा उल्लेख गरिएका व्यक्तिहरुको अवस्था पत्ता लगाउन र जीवनरक्षाको लागि राष्ट्रिय मानव अधिकार आयोगमा निवेदन समेत दिएको भन्ने व्यहोरा उल्लेख भएको निवेदनहरुमा र बहसको क्रममा कतिपय बन्दीहरुको अवस्थाका बारेमा आयोगले अनुसन्धान गरिरहेको भन्ने जानकारी इजलासलाई उपलब्ध गराइएकोमा बन्दीको अवस्था पत्ता लगाउने सन्दर्भमा के कस्ता कारवाही भएको छ र के अवस्था पत्ता लागेको छ, बुझिएसम्मका तथ्य र विवरण उपलब्ध गराउन राष्ट्रिय मानव अधिकार आयोगमा लेखी पठाउने आदेश भएकोमा आयोगले आफुले गरेको कारवाही अनुसन्धानको जानकारी यस अदालतलाई उपलब्ध गराएको देखिन्छ ।
  - आयोगले उपलब्ध गराएको सूचना र जवाफमा निवेदनमा उल्लेख गरेका अधिकांश व्यक्तिहरुलाई सुरक्षाकर्मीको हिरासतमा देखेको भनी हिरासतबाट छुटेका व्यक्तिहरुले आयोग समक्ष गरेको बयान एवं आयोगले गरेको स्थलगत निरीक्षण समेतको आधारमा बन्दीहरुलाई कुनै न कुनै समयमा सुरक्षाकर्मीको हिरासतमा राखिएको भन्ने निष्कर्ष निकालेको पाइन्छ ।
  - राष्ट्रिय मानव अधिकार आयोगले यस अदालतमा उपलब्ध गराएको जवाफमा निवेदनमा उल्लेख गरिएका अधिकांश बन्दीहरु सुरक्षाकर्मीको हिरासतमा रहेको भन्ने उल्लेख भएको देखिएको तर भैरवनाथ गण लगायतका कतिपय सुरक्षा निकायहरुले निवेदनमा उल्लिखित व्यक्तिहरुलाई पक्राउ नै नगरिएको तथा हिरासतमा समेत नराखिएको भन्ने लिखित जवाफ पेश गरेकाले रिट नं. ९७ र १११ समेतका रिट निवेदनमा उल्लिखित पुष्पराज बस्नेत, रञ्जित दर्नाल, अमृत दर्नाल, राजेन्द्र चौरेल समेतका व्यक्तिहरुका हकमा निवेदकहरुलाई गैरकानूनी थुनामा राखिएको छैन भनी किन गलत लिखित जवाफ पेश गरेको हो ? आयोगको पत्रको नक्कल समेत पठाई सो सम्बन्धमा रक्षा मन्त्रालय, नेपालीजङ्गी अड्डा र भैरवनाथ गणबाट स्पष्टिकरण लिनु भनी यस अदालतबाट आदेश भएको देखिन्छ । यसरी भएको आदेश बमोजिम पेश गरिएको स्पष्टिकरणमा समेत तीनै निकायले पूर्ववत लिखित जवाफ बमोजिम नै निवेदनमा उल्लिखित व्यक्तिहरुलाई कहिल्यै पक्राउ नगरिएको र गैरकानूनी रुपमा हिरासतमा समेत नराखिएको भनी जवाफ दिएको पाइन्छ ।
  - रिट नं. २४८ मा राष्ट्रिय मानव अधिकार आयोगले निवेदक चेतनाथ ढुङ्गानाको सम्बन्धमा गरेको अनुसन्धानबाट निज ढुङ्गाना २०६० साल पौषको पहिलो हप्तातिर भैरवनाथ गणमा रहेको भन्ने खुल्न आएको भनी आयोगले आफ्नो लिखित जवाफमा उल्लेख गरेको तर भैरवनाथ गणले निवेदकलाई पक्राउ नै नगरेको भनी जवाफ दिएकोमा यस अदालतबाट मिति २०६३।१।१७ मा मानव अधिकार आयोगको लिखित जवाफको प्रतिलिपि समेत भैरवनाथ गणलाई पठाई गणप्रमुख स्वयंले हेरी यथार्थ विवरण सहितको पूरक जवाफ पठाउनु भन्ने आदेश भएकोमा सो गणबाट प्राप्त पूरक लिखित जवाफमा राष्ट्रिय मानव अधिकार आयोगको लिखित जवाफ सत्यतथ्यमा

आधारित नभएको र सो गणबाट निवेदकलाई पक्राउ गरी हिरासतमा नराखिएको भन्ने उल्लेख भएको देखिन्छ ।

- रिट नं. २११ को निवेदनमा उल्लिखित निश्चल नकर्मीका हकमा पनि राष्ट्रिय मानव अधिकार आयोगको छानविन समेतबाट निवेदक बन्दी भैरवनाथ गणमा नै रहेको भन्ने देखिएको तर उक्त गण समेतको लिखित जवाफबाट निवेदकलाई पक्राउ नै नगरिएको तथा हिरासतमा नराखिएको भन्ने देखिएका कारण सो सम्बन्धमा प्रधान सेनापति स्वयंले जानकारी लिई जवाफ दिनु भनी यस अदालतबाट २०६३।८।२० मा भएको आदेशानुसार निवेदक बन्दी भैरवनाथ गणको सैनिक हिरासतमा रहेको नदेखिएको र सो सम्बन्धमा तथ्य जानकारी प्राप्त गर्नका निमित्त प्रयासरत रहेको भन्ने प्रधान सेनापतिको जवाफ पत्र प्राप्त भएको देखियो ।

- सुरक्षा निकायहरुको उक्त स्पष्टिकरण जवाफ पश्चात पुनः राष्ट्रिय मानव अधिकार आयोगबाट निवेदनमा उल्लिखित बन्दीहरुलाई हिरासतमा देखेको भनी उक्त हिरासतबाट छुटी आयोगमा आई बयान गर्ने १५ जना व्यक्तिहरुको बयान सहितको सक्कल फायल अदालतमा झिकाई अध्ययन भएको देखिन्छ । उक्त फायलबाट रिट नं. ११११ को निवेदनमा उल्लिखित पुष्पराज बस्नेतलाई गैरकानूनी रुपमा थुनामा राख्ने जिम्मेवार सुरक्षाकर्मीलाई कारवाही गर्न र पीडित व्यक्तिलाई कानूनी प्रकृयामा लैजाने व्यवस्था गर्न आयोगको मिति २०६२।८।१४ को निर्णयले प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा लेखी पठाएको भन्ने देखिंदा उक्त निर्णय सिफारिस कार्यान्वयन भयो भएन भनी यस अदालतबाट पुनः प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, मानव अधिकार प्रवर्धन शाखा तथा मानव अधिकार आयोगमा बुझ्ने आदेश भएकोमा सो निर्णयको कार्यान्वयन सम्बन्धमा रक्षा मन्त्रालयबाट कुनै जानकारी नआएको भन्ने व्यहोरा उल्लेख भएको राष्ट्रिय मानव अधिकार आयोगको पत्र यस अदालतमा प्राप्त हुन आएको देखियो ।

- रिट नं. १४२ मा यस अदालतको २०६२।६।१४ र २०६३।३।९ को आदेशानुसार निवेदनमा उल्लिखित मुकुन्द सेंढाइका हकमा राष्ट्रिय मानव अधिकार आयोगले गरेको अनुसन्धान छानविनबाट प्राप्त विवरण अनुसार निवेदकलाई पक्राउ गरी लामो समयसम्म जगदल गण छाउनीमा सेनाको हिरासतमा राखिएको, निजको स्थिति सार्वजनिक नगरि बेपत्ता पारिएकोले त्यसरी थुनामा राख्ने जिम्मेवार सैनिक अधिकारीको पहिचान गरी निजहरुलाई वैयक्तिक जवाफदेहिताको आधारमा संजाय गरी सो को जानकारी आयोगलाई उपलब्ध गराउनु भनी नेपाल सरकारलाई सिफारिस गरी पठाउने भनी आयोगबाट २०६३।२।२३ मा निर्णय भएको देखिन्छ । सो निर्णय कार्यान्वयनका सम्बन्धमा आयोगमा बुझ्ने आदेश भएअनुरुप आयोगबाट प्राप्त विवरण अनुसार आयोगको निर्णय कार्यान्वयनका लागि रक्षा मन्त्रालयमा लेखि पठाइएकोमा सो निर्णय कार्यान्वयन भएको जानकारी हालसम्म प्राप्त नभएको भन्ने व्यहोरा उल्लेख भएको राष्ट्रिय मानव अधिकार आयोगको पत्र यस अदालतमा प्राप्त हुन आएको रहेछ ।

- रिट नं. ००१५ को निवेदनमा उल्लिखित चेतनाथ घिमिरे भोर्लेटार लमजुङ्गस्थित नेपाली सेनाको व्यारेकमा हालसम्म सम्पर्कमा रहेको भनी नेपाली सेना कार्यरथी विभागको २०६३।१०।२० को पत्रबाट उल्लेख भै आएकोमा निजलाई २०६३।१२।६ गते यस अदालतमा उपस्थित गराउनु भनी यस अदालतबाट मिति २०६३।११।३० मा आदेश भएकोमा टाइपको गल्तीले सो कुरा उल्लेख हुन गएको भनी गृह मन्त्रालयको २०६३।१२।१८ को पत्र प्राप्त हुन आएको देखिन्छ ।

- रिट नं. १६२ समेतको रिट निवेदनमा विपक्षी बनाइएका रणशूर गुल्म, संयुक्त सुरक्षा फौजको आधार शिविर सोनवर्षा बाँके, रम्भापुर चेकपोष्ट बर्दिया समेतका नाममा यस अदालतबाट कारण देखाउ आदेश जारी भएकोमा सम्बन्धित जिल्ला अदालत मार्फत पटक-पटक म्याद तामेल गर्न

जाँदा पनि म्याद बुझ्न इन्कार गरेको देखिन्छ । हुलाक मार्फत तामेल गर्दा समेत तामेल हुन नसकेकाले मुद्दाको कारवाही र किनारा गर्नमा अनाबश्यक ढिलाई र कठिनाई भएकोले यस अदालतबाट मिति २०६१।९।१ मा समेत पटक-पटक नेपाली जङ्गी अड्डालाई सूचना म्याद तामेल गर्ने सम्बन्धमा आवश्यक सहयोग पुर्‍याउन पत्राचार भएको र त्यस कार्यालयले मातहत निकायमा निर्देशन जारी गरेपछि मात्र यस अदालतको म्याद तामेल हुन सकेको अवस्था देखिन आयो ।

- रिट नं. १०० को रिट निवेदनमा उल्लेख गरिएका निवेदक बन्दी विपिन भण्डारीलाई विपक्षीहरुले पक्राउ नगरिएको, हिरासतमा नराखिएको भन्ने लिखित जवाफ पेश गरेकोमा यस अदालतको आदेशले निजका सम्बन्धमा भएको छानविन बारे राष्ट्रिय मानव अधिकार आयोगमा बुझिएकोमा आयोगमा उपस्थित भै बयान गर्ने कवि गौतमले मिति २०५९ आषाढ ३ गते स.ई. विजयप्रसाद शाह, अ.स.ई. रुद्र बहादुर शाही, तीर्थ रिमाल, हवल्दार अम्बर कुवँर र राम बहादुर नगरकोटीले आफूसँगै एउटै कोठाबाट पक्राउ गरेको हुन भनी बयान गरेको देखिएको हुँदा यसरी बयानमा पक्राउ गर्ने भनी उल्लेख गरेको प्रहरी कर्मचारीलाई यस अदालतमा उपस्थित गराई बयान गराउंदा निज विपिन भण्डारीलाई आफूहरुले नचिनेको र पक्राउ समेत नगरेको भनी बयान गरेका छन् । सोही निवेदन उपरको कारवाहीको क्रममा निवेदककी आमा शान्ता भण्डारीलाई बन्दीको अवस्थाका सम्बन्धमा थप जानकारी पाएको भनी निजका कानून व्यवसायी मार्फत अदालतलाई जानकारी गराइएकोले यस अदालतबाट सो सम्बन्धमा निज शान्ता भण्डारीलाई बुझ्ने आदेश भएकोमा निज शान्ता भण्डारीले यस अदालत समक्ष उपस्थित भै गरेको कागजमा बन्दीलाई महाराजगञ्जस्थित भैरवनाथ गणमा बन्दी बनाइराखेको छ भनी उल्लेख गरेअनुरुप पुनः उक्त गणमा बन्दी राखिए नराखिएबारे सोधनी हुँदा उक्त गणले निवेदकलाई पक्राउ नगरिएको र हिरासतमा नराखिएको भनी जवाफ पेश गरेको देखिन आएको छ ।

- रिट नं. ३५७५ को रिट निवेदनमा उल्लिखित अधिवक्ता राजेन्द्रप्रसाद ढकाललाई पक्राउ गरिएको भनिएको बेलचौतारा इलाका प्रहरी कार्यालय समेतका विपक्षीहरुले निजलाई पक्राउ नै नगरिएको भनी लिखित जवाफ दिएको हुँदा यस अदालतबाट निजको अवस्था पत्ता लगाउने सन्दर्भमा पटक-पटक भएका आदेश र कारवाही निम्नानुसार छन् :

  - मिति २०५५।१२।९ मा निवेदक बन्दी राजेन्द्रप्रसाद ढकाल नेपाल अधिराज्यभित्र जहाँ छन खोजतलास गर्न लगाई यस अदालतमा उपस्थित गराउनु भनी प्रहरी प्रधान कार्यालयको नाउँमा आदेश भएकोमा निज उपर प्र.ना.नि. बल बहादुर गौलीलाई गोली हानी कर्तव्य गरी मारेको मुद्दा चलाईएकोमा निज हालसम्म फरार रहेको भनी जवाफ प्राप्त भएको देखियो ।
  - बन्दीको अवस्थाका सम्बन्धमा निवेदक राजेन्द्रप्रसाद ढकालसँगै पक्राउ परेका प्रेम बहादुर थापा र नयनदत्त अधिकारीलाई बुझी कागज गराउने भनी यस अदालतबाट मिति २०५६।७।३० मा भएको आदेशानुसार निजहरुलाई बुझी गराइएको कागजमा मिति २०५५।९।२४ गते प्रहरी निरिक्षक कुश विक्रम राणाको कमाण्डमा गएको टोलीले निजहरुसँगै निवेदक राजेन्द्रप्रसाद ढकाललाई पनि पक्राउ गरेको हो, निजहरुलाई दुई दिन पछि जिल्ला प्रहरी कार्यालय तनहुँबाट छोडिदिएको तर राजेन्द्रप्रसाद ढकाललाई थुनामुक्त नगरेको भनी यस अदालतमा कागज गरिदिएको पाइन्छ ।
  - निवेदक राजेन्द्रप्रसाद ढकाललाई थुनामा राखिएको छ, छैन ? राखिएको छ भने कहाँ कसरी राखिएको छ ? राखिएको छैन भने निज कहाँ छन् ? सो समेत यथार्थ कुरामा गृह मन्त्रालयको सहसचिव स्तरको अधिकृतबाट आवश्यक जाँचबुझ र छानविन गरी १० दिन भित्र सत्यतथ्यमा आधारित जवाफ सहितको प्रतिवेदन पेश गर्नु भनी यस अदालतबाट मिति

२०५६।८।२१ मा गृह मन्त्रालयको नाममा भएको आदेशानुसार प्राप्त प्रतिवेदनमा राजेन्द्रप्रसाद ढकाललाई प्रहरीद्वारा पक्राउ गरेको नबुझिएको, राजेन्द्रप्रसाद ढकाल उपर जिल्ला प्रशासन कार्यालय गोरखामा चलेको सार्वजनिक अपराध मुद्दामा कार्यालयले खोजेका बखत हाजिर गराउने भनी जिम्मा लिएका रुद्रनाथ पोखरेलले समेत निजलाई पुनः प्रहरीमा हाजिर नगराएको र निजसँग हाल कुनै सम्पर्क नरहेको भनी गरेको बयान कागज सहितको प्रतिवेदन यस अदालतमा प्राप्त भएको देखिन्छ ।

- निवेदकलाई इलाका प्रहरी कार्यालय बेलचौतारा वा जिल्ला प्रहरी कार्यालय दमौलीले पक्राउ गरी राखेको हो, होइन ? पक्राउ भएको भए अन्यत्र लगे नलगेको सम्बन्धमा सम्बन्धित कार्यालयको श्रेस्ता हेरी बुझी १५ दिनभित्र प्रतिवेदन गर्नु भनी पुनरावेदन अदालत पोखराका रजिष्ट्रारका नाममा आदेश भएकोमा निजहरुलाई पक्राउ गरेको तथा अन्यत्र कार्यालयमा चलानी गरेको भन्ने समेत उपलब्ध गराइएको श्रेस्ताबाट नदेखिएको, सामान्य सोधपुछको लागि पक्राउ गरि ल्याइएको मान्छेको हकमा ल्याउँदा र छोड्दा श्रेस्ता नराख्ने गरेको भन्ने मौखिक जानकारी दिएको भन्ने समेत व्यहोराको पुनरावेदन अदालत पोखराका रजिष्ट्रारको प्रतिवेदन मिसिल संलग्न रहेको देखियो ।

- निवेदकलाई पक्राउ गरेको स्थानको सर्जमिन समेत गरी प्रतिवेदन दाखेल गर्न लगाउने भनी यस अदालतबाट पुनरावेदन अदालत पोखराको रजिष्ट्रारको नाममा पुनः भएको आदेश बमोजिम २०५८।४।५ मा भएको सर्जमिन मुचुल्कामा मिति २०५९।९।२४ गते इलाका प्रहरी कार्यालय बेलचौताराका प्रहरी निरिक्षक कुश विक्रम राणाको कमाण्डमा गएको टोलीले राजेन्द्रप्रसाद ढकाल, प्रेम बहादुर थापा तथा नयनदत्त अधिकारीलाई सँगै पक्राउ गरी लगेकोमा प्रेमबहादुर थापा तथा नयनदत्त अधिकारीलाई जिल्ला प्रहरी कार्यालय तनहुँबाट छोडिदिएको तर राजेन्द्रप्रसाद ढकाललाई अबदेखि खोजखबर नगर्नु भनी इलाका प्रहरी कार्यालय बेलचौतारामा राखिएको भनी अधिकांशले उल्लेख गरेको भन्ने समेत व्यहोराको सर्जमिन मुचुल्का सहितको प्रतिवेदन प्राप्त हुन आएको देखिन्छ ।

- उपरोक्त सर्जमिन समेतको सन्दर्भमा निवेदकलाई इलाका प्रहरी कार्यालय बेलचौताराले पक्राउ गरेको भन्ने देखिएकाले निवेदक हाल मरे बाँचेको के कस्तो अवस्थामा रहेका छन् सो सम्बन्धमा छानविन गरी जिवित रहेको भए निजलाई यस अदालतमा उपस्थित गराउने र मृत्यु भैसकेको भए के कसरी मृत्यु भएको हो सम्पूर्ण विवरण खोली यथार्थ कुराको प्रतिवेदन पेश गर्नु भनी मिति २०५९।९।५ मा गृह मन्त्रालयलाई आदेश भएकोमा पुनः निवेदकलाई पक्राउ गरिएको भन्ने अभिलेखबाट नदेखिएको भन्ने समेत व्यहोराको गृह मन्त्रालयको प्रतिवेदन प्राप्त भएको देखिन्छ ।

- निवेदकलाई पक्राउ गर्ने टोलीको नेतृत्व गर्ने प्रहरी निरिक्षक कुश विक्रम राणासँग निवेदकलाई पक्राउ गरिएको घटनाका सम्बन्धमा यथार्थ विवरण खुलाई प्रतिवेदन लिनु भन्ने यस अदालतको आदेश भएकोमा निज २०५६।११।२६ मा राजिनामा दिई अवकाश लिइसकेको भन्ने जवाफ प्राप्त भएको देखियो । तत्पश्चात निजलाई पुनरावेदन अदालत पोखराका रजिष्ट्रार मार्फत कागज गराउने भनी आदेश भए बमोजिम निजले मिति २०६०।३।३१ मा गरेको कागजमा उक्त दिन आफू कार्यालयमा नै हाजिर रही कार्यरत रहेको, आफ्नो नेतृत्वमा निवेदकलाई पक्राउ गर्न टोली खटी नगएको र निवेदकलाई पक्राउ समेत नगरेको भनी उल्लेख गरेको देखिन्छ ।

- निवेदकलाई पक्राउ गर्न कुश विक्रम राणाको नेतृत्वमा गएको टोलीमा संलग्न प्रहरी कर्मचारीहरुलाई सम्बन्धित जिल्ला न्यायाधीशको रोहवरमा कागज गराई पेश गर्न लगाउने भनी मिति २०६१।९।१२ मा भएको आदेश बमोजिम विभिन्न प्रहरी कर्मचारीहरुको कागज गराइएकोमा निजहरुले निवेदक राजेन्द्रप्रसाद ढकाललाई पक्राउ नगरेको भनी उल्लेख गरेको पाइन्छ ।

- निवेदनमा विपक्षी बनाइएका निकायहरुले यस अदालतबाट पटक-पटक भएका आदेशहरुमा समेत निवेदक समेतलाई पक्राउ नै नगरिएको भनी सँधै एकै व्यहोराको जवाफ दिएको तर निवेदनको कारवाहीको क्रममा प्राप्त भएका तथ्यहरुको आधारमा उक्त भनाईलाई भरपर्दो मान्न सकिने अवस्था यस अदालतले नदेखेकोले अदालतकै संयन्त्रभित्रबाट निवेदनमा उल्लिखित विषयमा विशेष अनुसन्धान गर्नका लागि पुनरावेदन अदालतका माननीय न्यायाधीशको संयोजकत्वमा महान्यायाधिवक्ताको कार्यालयका सहन्यायाधिवक्ता र नेपाल बार एसोसिएसनका प्रतिनिधि सदस्य रहने गरी एक कार्यटोली गठन गर्नका लागि यस अदालतबाट मिति २०६३।५।१२ मा आदेश भई उक्त कार्यटोलीलाई निम्नासारको कार्यादेश तोकिएको थियो:

  क) निवेदनमा उल्लेखित बन्दीको हकमा निवेदनमा उल्लेख भएको मितिदेखि हालसम्मको स्थिति एकिन गर्न जो जो सँग बुझ्नुपर्ने बुझी अनुसन्धान तहकिकात गर्ने,

  ख) पक्राउ गर्ने, पक्राउ गर्न आदेश दिने, पक्राउको प्रयोजन, सम्बन्धित अधिकारीको दर्जा र हाल पदस्थापन भएको कार्यालय समेत स्पष्ट गर्ने,

  ग) बन्दीका विरुद्ध मुद्दा चलाइएको छ वा छैन स्पष्ट गर्ने,

  घ) बन्दीको स्थिति कहिलेसम्म ज्ञात र कहिले देखि अज्ञात रहेको हो, त्यसमा कुन-कुन निकाय वा पदाधिकारी संलग्न भएको देखिन्छ स्पष्ट गर्ने र

  ङ) बन्दीप्रत्यक्षीकरणको निवेदनको रोहमा सान्दर्भिक देखिने अन्य तथ्यहरुको समेत अनुसन्धान गर्ने ।

८. उपरोक्त आदेश बमोजिम गठित बन्दी अनुसन्धान कार्यटोली रिट नं ३७७५, १००, १०४ र ६६२ मा दावी गरिएका व्यक्तिहरुका सम्बन्धमा अनुसन्धान गरेको थियो उक्त कार्य टोली यस अदालतको अङ्गको रुपमा रहेको र टोलीले गरेको अनुसन्धानको प्रगती विवरण प्रत्येक १५ दिनमा इजलास समक्ष प्रस्तुत भएको थियो । मिति २०६३।१२।२५ कार्यटोलीले आफ्नो राय सुझाव सहितको पूर्ण प्रतिवेदन इजलास समक्ष पेश गरेको छ ।

रिट नं.००३८/२५८८ परमादेश

निवेदन दावीमा बेपत्ता पारिएको भनिएका विभिन्न व्यक्तिहरुको स्थिति सार्वजनिक गर्न र मानव अधिकार उल्लङ्घन गर्ने दोषीहरुलाई कानून बमोजिम कारवाही गर्न गराउन माग गरिएको भए तापनि बन्दीहरुको वास्तविक स्थिति सार्वजनिक नभैसकेका कारण त्यस्तो आदेश जारी गर्नुको कुनै सार्थकता रहँदैन । यस्तो स्थितिमा यस अदालतबाट २०५५ सालको रिट नं ३५७५ को रिट निवेदनमा भएको आदेश बमोजिम बन्दी अनुसन्धान कार्यटोली गठन भई कार्यरत रहिरहेको हुँदा प्रस्तुत निवेदनमा लिइएका जिकिरमध्ये बेपत्ता पारिएका व्यक्तिहरुको यथार्थ स्थिति सार्वजनिक गर्ने भन्ने जिकिरको लागि समेत सोही

गठित कार्यटोलीबाट पूर्वनिर्धारित कार्यादेश बमोजिम नै छानविन प्रतिवेदन लिनु भन्ने मिति २०६३।९।२५ मा यस अदालतबाट आदेश भएको थियो ।

सो आदेश बमोजिमका कारवाहीको लागि मिसिल कार्यटोली समक्ष पठाइएकोमा उक्त कार्यटोलीले पूर्व निर्धारित कार्यादेश बमोजिमको कार्यसम्पन्न भै प्रतिवेदन प्रस्तुत भैसकेपछि आवश्यकता अनुसार कार्यटोलीको अवधि थप भएमा मात्र आदेश बमोजिम कार्यसम्पन्न गर्न सकिने भनी प्रतिवेदन पेश गरेको देखिएकोमा यस अदालतबाट रिट नं. ३५७५ मा कार्यटोलीले पेश गरेको प्रतिवेदनसाथ प्रस्तुत मुद्दा समेत साथै पेश गर्ने भनी भएको आदेश बमोजिम प्रस्तुत मुद्दा समेत साथै पेश हुन आएको देखिन्छ ।

पूरक निवेदन (बन्दीप्रत्यक्षीकरण)

निवेदनमा बेपत्ता बनाइएको भनी उल्लेख गरिएका विभिन्न व्यक्तिहरुका परिवार निजहरुकै आय आर्जनमा आश्रित रहेका, निजहरुको खोजबिन र मुद्दा मामिलाका क्रममा थप खर्च व्यहोर्नुपरेको र निजहरुलाई त्यसरी बेपत्ता पारेपछि परिवारका सदस्यहरुले मानसिक रुपमा समेत यातना भोगिरहनु परेकाले परिवारका सदस्य तथा नाबालक छोराछोरी समेतलाई उचित क्षतिपूर्ति दिनु साथै गैरकानूनी रुपमा पक्राउ गरी चरम यातना दिई बेपत्ता समेत गराउने कार्यमा संलग्न सुरक्षा निकायका व्यक्तिहरुलाई सँजाय गर्न निर्देशनात्मक आदेश जारी गरिपाऊँ भन्ने समेत व्यहोराका मिति २०६३।१०।२९ मा निवेदक विहारीलाल गोडिया समेतको तर्फबाट यस अदालतमा पूरक निवेदन दायर हुन आएको छ ।

हालसम्म बन्दीको स्थितिका सम्बन्धमा गरिएको छानविनबाट देखिएको तथ्य

माथि उल्लेख गरिएका निवेदक बन्दीहरुको स्थिति र अवस्था पत्ता लगाउने क्रममा यस अदालतबाट विभिन्न मितिमा विभिन्न निकायहरुका नाममा आदेशहरु भएको थियो । सोही क्रममा बन्दीहरुको अवस्था पत्ता लगाउन विभिन्न सरकारी तथा मानव अधिकार वादी, संघ संस्थाबाट बन्दीका सम्बन्धमा भएका छानविन प्रतिवेदन समेत यस अदालतमा पेश गर्न लगाई अध्ययन गरिएको थियो । ती प्रतिवेदनहरुको संक्षिप्त निष्कर्ष निम्नअनुसार रहेको पाइन्छ :

१. बेपत्ता भएका नागरिकहरुको स्थिति सार्वजनिक गर्न गृहमन्त्रालयका सह–सचिव वामनप्रसाद न्यौपानेको समितिले पेश गरेको प्रतिवेदनः

बेपत्ता नागरिकहरुको सम्बन्धमा छानविन गरी यथार्थ स्थिति सहितको प्रतिवेदन तयार गर्न र स्थिति सार्वजनिक हुन नसकेका नागरिकहरुको हकमा के गर्नुपर्ने हुन्छ सुझाव दिनका लागि नेपाल सरकारको मिति २०६३।२।११ को निर्णय अनुसार गठित यस समितिले विभिन्न स्रोतको आधारमा बेपत्ता रहेको भनिएको व्यक्तिहरुको संख्या ७७६ जना देखाएको छ । जसमध्ये १७४ जनाको अवस्था एकिन गरी ६०२ जनाको स्थिति अज्ञात रहेको भनिएको छ । उक्त प्रतिवेदनमा स्थिति एकिन भएका भनी देखाइएका व्यक्तिहरुको सूचीमा यस अदालतमा दायर भएका निवेदनहरुमा उल्लेखित व्यक्तिहरुमध्ये चेतनाथ घिमिरे, भोर्लेटार स्थित नेपाली सेनाको व्यारेकमा सम्पर्कमा रहेको भनी नेपाली सेनाको कार्यरथी विभागको पत्रबाट उल्लेख भएको, चन्द्र कुमार ढकाल २०५९।११।१ मा कारागारबाट शाखा जगन्नाथ देवलबाट रिहा भएको र अर्जुनप्रसाद न्यौपाने २०६३।२।३० मा कारागारबाट शाखा नख्खुबाट थुनामुक्त गरिएको भन्ने र विशाल लामा, जालन्धर बाँस्तोला, माधव अधिकारी र खड्ग बहादुर घर्तीमगरको मृत्यु भै सकेको भनी उल्लेख गरेको देखिन्छ । सो बाहेक रिट निवेदनमा उल्लेखित अधिकांश व्यक्तिहरुको नाम प्रतिवेदनमा स्थिति अज्ञात रहेको व्यक्तिहरुको विवरणमा उल्लेख गरेको देखिन्छ ।

९. उक्त समितिले सुरक्षाकर्मी तथा अन्य समुहद्वारा गिरफतार वा अपहरण गरी बेपत्ता गराइएका भनी मानव अधिकारवादी संस्थाहरुले सार्वजनिक गरेको व्यक्तिहरु वास्तव मै बेपत्ता भएका हुन वा होइनन् भन्ने एकिन गरी यथार्थ स्थिति सार्वजनिक गर्न स्थानीय प्रशासन, स्थानीय निकाय राजनीतिक दल तथा नागरिक समाज संलग्न कार्यजालो जिल्ला स्तरमा नै स्थापना गरी थप छानविन र अनुसन्धान गर्न उपयुक्त हुने भनी आफ्नो प्रतिवेदन दिएको देखियो ।

२. नेपाल स्थित संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्तको कार्यालयले काठमाडौं महाराजगन्ज स्थित नेपाली सेनाको व्यारेकमा २००३–२००४ मा भएको स्वेच्छाचारी थुना यातना र बेपत्ता सम्बन्धमा गरेको छानविन प्रतिवेदनः

संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्तको कार्यालयले सन् २००३ मा पक्राउ गरी विभिन्न समयमा महाराजगन्ज स्थित सैनिक व्यारेकमा लामो समय सम्म राखेको भन्ने आरोपका सम्बन्धमा छानविन गरेको देखिन्छ । छानविनको क्रममा कार्यालयले बेपत्ता पारिएका परिवार, पूर्व थुनुवा, प्रत्यक्षदर्शी समेतका ५० भन्दा बढीको अर्न्तवार्ता र भैरव नाथ र युद्धभैरव गणको स्थलगत निरीक्षण गरी सन् २००३ मा सेनाको व्यारेकमा गोप्य थुनामा राखिएको, अन्यत्र स्थान्तरण गरिएको तथा रिहा गरिएको भनी स्वीकार गरिएका व्यक्तिहरुको विवरण सूचीकृत गरिएको छ । उक्त प्रतिवेदनले ने.क.पा. (माओवादी) को आशंका गरिएकाहरुलाई पक्राउ गर्ने थुनामा राख्ने र केरकार गर्ने लगायतको काम कारवाहीमा सेनाको दशौं वाहिनीको भैरवनाथ गणले केन्द्रिय भूमिका खेलेको निष्कर्ष निकालेको पाइन्छ । प्रतिवेदनमा व्यारेकबाट बेपत्ता पारिएका भनी ४९ जनाको नामावली उल्लेख गरिएकोमा अधिकांश व्यक्तिहरुको हकमा यस अदालतमा रिट दायर भएको देखिन आयो ।

उच्चायुक्तको कार्यालयले बेपत्ता पारिएको भनिएका अन्य व्यक्तिहरुका हकमा अनुसन्धान जारी राखेको तथा त्यस्ता व्यक्तिहरुको स्थिति पत्ता लगाउन भरपर्दो दक्ष र स्वतन्त्र छानविन गर्ने र मानव अधिकारको उल्लङ्घनमा संलग्न सेनाको इकाहरुको जिम्मेवारी एकिन गरी फौज्दारी दायित्वमा दोषी पाइएको व्यक्तिहरुलाई नागरिक अदालतमा पेश गर्नुपर्ने भनी सुझाव दिइएको छ । साथै त्यसरी छानविन नभइन्जेल उनीहरुलाई निलम्बन गर्ने र संयुक्त राष्ट्रसंघको शान्ति स्थापना कार्यमा भाग लिन प्रस्तावित गरिन नहुने, प्रत्यक्षीदर्शी तथा पूर्व थुनुवाहरु डर धम्कीबाट मुक्त भएको कुराको सुनिश्चता हुनुपर्ने र छानविनका निष्कर्षहरु सार्वजनिक रुपमा प्रचार र प्रसार गरिनु पर्ने भनी प्रतिवेदनले निष्कर्ष सहित सिफारिस गरेको देखिन्छ ।

३. राष्ट्रिय मानव अधिकार आयोगले गरेको छानविनः

यस अदालतमा दायर भएका अधिकांश रिट निवेदनमा निवेदकहरुलाई पक्राउ गरे पछि निवेदकहरुको खोजविन र जीवन रक्षाको लागि राष्ट्रिय मानव अधिकार आयोगमा समेत निवेदन दिएको भनी उल्लेख भएको समेत सन्दर्भमा यस अदालतबाट पटक-पटक आदेश भई सो सम्बन्धमा भएको छानविनको विवरण आयोगसँग माग गरेको पाइन्छ । आयोगबाट प्राप्त विवरणमा त्यस्ता निवेदनहरुका सम्बन्धमा परिवारका सदस्य, प्रत्यक्षदर्शी, थुनामा सँगै बसी हाल थुना मुक्त भएका व्यक्तिहरुसँग समेत वयान गराई आवश्यक सूचना सङ्कलन गरेको देखियो । आयोगले छानविनको क्रममा कतिपय बन्दीहरुलाई थुनामा राखेको स्थानको स्थलगत निरीक्षण गरेको र सुरक्षा निकायसँग सो वारे जानकारी माग गरेको समेत देखिन आयो । कतिपय निवेदन उपरको कारवाहीमा मानव अधिकारको गम्भीर उल्लङ्घन भएको ठहर गरी सम्बन्धित जिम्मेवार अधिकृतलाई आवश्यक कारवाही गर्न र बन्दीको स्थिति सार्वजनिक गर्न सरकारलाई सिफारिस गरी आयोगको निर्णय कार्यान्वयन गर्न लेखी पठाएको समेत देखियो ।

४ सर्वोच्च अदालत, बन्दी अनुसन्धान कार्यटोली, २०६३ को प्रतिवेदन

रिट नं. ३५७५, १०० र १०४ का निवेदनमा उल्लिखित व्यक्तिहरुको हकमा निवेदनमा उल्लिखित व्यहोरा अनुसार निवेदकहरुलाई हिरासतमा लिइएको हो होइन यथार्थ स्थिति पत्ता लगाई यस्ता विषयमा के गर्न मनासिव हुन्छ सो सम्बन्धमा समेत राय पेश गर्न यस अदालतबाट मिति २०६३।५।१२ मा भएको आदेश बमोजिम बन्दी अनुसन्धान कार्यटोली गठन भएको हो । सोही कार्यटोलीलाई रिट नं. ६३२ मा समेत पूर्वोक्त कार्यादेश बमोजिम नै छानविन गरी प्रतिवेदन पेश गर्न मिति २०६३।७।२१ मा आदेश भए बमोजिम उक्त कार्यटोलीले छानविन गरी प्रतिवेदन पेश गरेको हो ।

कार्यटोलीको प्रतिवेदनमा आयोगले छानविन गरेको व्यक्तिहरुमध्ये चक्रबहादुर कटुवाललाई सेनाका अधिकारीले हिरासतमा लिई निर्मम यातना दिएका कारण मृत्यु भएको निष्कर्षमा पुगेको देखिन्छ । निवेदक मध्येका राजेन्द्रप्रसाद ढकाल, विपिन भण्डारी र दिल बहादुर राईलाई सुरक्षाकर्मीले पक्राउ गरी योजनाबद्ध ढङ्गले बेपत्ता पारेको देखिएकाले जिवितै हुनसक्ने सम्भावना क्षीण रहेको भनी निष्कर्ष निकालेको देखियो ।

कार्यटोलीले आफ्नो प्रतिवेदनमा अदालतमा दायर भएका यस किसिमको बन्दीप्रत्यक्षीकरणका मुद्दामा सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता पारिएका व्यक्तिहरुको स्वतन्त्र र निश्पक्ष अनुसन्धान गरी दोषि उपर कानूनी कारवाही गर्न र पीडितलाई क्षतिपूर्ति दिने सम्बन्धमा अन्तराष्ट्रिय मापदण्ड बमोजिमको एक उच्चस्तरीय छानविन आयोग गठन गर्न, मानवता विरुद्धका अपराध जस्ता विषयमा आवश्यकता अनुसार पश्चातदर्शी कानून समेत बनाउन, स्वेच्छाचारी पक्राउ र गैरकानुनी थुना जस्ता कार्यको पुनरावृत्ति हुन नदिन आवश्यक न्यायिक निर्देशन जारी हुन समेत राय ठहर पेश गरेको छ । प्रतिवेदनमा मानव अधिकारको उल्लंघन गर्ने सुरक्षा निकायका जिम्मेवार अधिकारीलाई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गर्न तथा पीडित परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउने समेतको आदेश जारी गर्न सुझाव पेश गरिएको छ ।

५. यस अदालतबाट निर्णय गरिनुपर्ने विषयहरुः

निवेदकहरुले रिट निवेदनमा लिएको जिकिर, विपक्षीहरुले लिखित जवाफमा उल्लेख गरेको व्यहोरा, यस अदालतबाट मुद्दाको कारवाहीको क्रममा भएको आदेश र सोबाट खुल्न आएका थप तथ्यहरु तथा निवेदक एवं विपक्षीहरु तर्फका कानून व्यवसायीहरुले बहसका क्रममा उठाउनु भएका प्रश्नहरु समेतको समग्र विवेचनाबाट यस अदालतले निम्न लिखित प्रश्नहरुको निरुपण गर्नुपर्ने देखिन आएको छः

१. हालसम्म खुल्न आएको तथ्यका आधारमा निवेदनमा सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारेका भनिएका व्यक्तिहरुको स्थिति के कस्तो देखिन्छ ?

२. बेपत्ता पारिएका वा पत्ता नलागेका नागरिकहरुको हकमा खासगरी द्वन्द्वरत अवस्थामा राज्यको के कस्तो दायित्व रहन्छ ? यस्तो दायित्व निर्वाह गर्ने गराउने कुरामा न्यायिक उपचारको के कस्तो सम्भावना रहन्छ र सो सिलसिलामा अदालतको भूमिका के कस्तो हुन सक्छ ?

३. बेपत्ता भएका नागरिकहरुको स्थिति जाँचबुझ गर्न तथा सार्वजनिक गर्न हालसम्म के कस्तो संयन्त्र मार्फत प्रयास भयो ? सो प्रयास पर्याप्त र प्रभावकारी भयो भएन ? त्यस सम्बन्धमा के गर्न उपयुक्त हुन्छ ?

४. अनुसन्धान एवं छानविन गरी बेपत्ता भएका नागरिकहरुको स्थिति पत्ता लगाउन, दोषीलाई दण्ड दिन र पीडितलाई क्षतिपूर्ति लगायतका उपचार दिने सम्बन्धमा के कस्तो कानूनी व्यवस्था विद्यमान छ ? त्यस्तो कानूनी व्यवस्था पर्याप्त र प्रभावकारी छ, छैन ? छैन भने के कस्तो कानूनी संरचना र पहल आवश्यक छ ?

५ बेपत्ता पारिएको भनिएका नागरिकहरुको सम्बन्धमा खोजबिन गर्ने लगायतको उपचार प्राप्त गर्न तथा बेपत्ता पारिएको कारणले सम्बन्धित परिवारमा पर्न गएको क्षति तथा असरलाई मध्येनजर राखी तत्काल भोग्न परेको पीडा र क्षति कम गर्न तात्कालिक राहत स्वरुप कुनै अन्तरिम व्यवस्था गर्नु वाञ्छनीय हुन्छ, हुंदैन ? यदि हुन्छ भने हाल परिरहेकै निवेदनहरुबाट नै यस्तो आदेश गर्न मिल्छ, मिल्दैन ?

६. निवेदन जिकिर बमोजिम विपक्षीहरुले आफ्नो कानूनी दायित्व पूरा गरेको छ वा छैन ? माग बमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन ? उचित उपचारको लागि के कस्तो आदेश जारी गर्नुपर्ने हो ?

प्रश्न नं. १ को सम्बन्धमाः

यस अदालतमा दायर भएका सबै रिट निवेदनहरुमा उल्लिखित व्यक्तिहरुलाई सुरक्षाकर्मीले विभिन्न मिति र स्थानमा पक्राउ गरेका हुन, निजहरु हालसम्म पनि परिवार वा आफन्तको सम्पर्कमा आउन नसकेका र निजहरुको अवस्था समेत अज्ञात रहेको भन्ने निवेदन दाबी छ ।

विपक्षीहरुले मूल रुपमा निवेदकहरुलाई पक्राउ नै नगरिएको भन्ने लिखित जवाफ दिएकोले निवेदनमा उल्लिखित व्यक्तिहरुलाई सुरक्षाकर्मीद्वारा पक्राउ गरिएको हो होइन भन्ने सम्बन्धमा यस अदालतबाट विभिन्न निकाय बुझ्ने लगायत पटक-पटक आदेश भएको देखिन्छ । आदेशका क्रममा ती व्यक्तिहरुको खोजबिनका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले गरेको छानविन प्रतिवेदन माग गरेको, तत्कालीन श्री ५ को सरकार गृह मन्त्रालयलाई जाँचबुझ गरी यथार्थ बुझी प्रतिवेदन पेश गर्न लगाएको तथा यस सम्बन्धमा नेपाल सरकारबाट भएको छानविन प्रतिवेदन (वामनप्रसाद न्यौपाने समिति) समेत माग गरी मिसिल सामेल भएको देखिन्छ ।

यसै प्रश्नमा निवेदक तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ताहरु श्री सतीशकृष्ण खरेल, हरिकृष्ण कार्की, केदार दाहाल, मिलन कुमार राई, हरि फुयाल समेतले निवेदनमा उल्लिखित सबै व्यक्तिहरुलाई विभिन्न मिति र स्थानमा सुरक्षाकर्मीले पक्राउ गरेका छन् । निजहरुलाई सेना र प्रहरीका विभिन्न हिरासतमा राखिएको तथ्य मानव अधिकार सम्बन्धी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुको प्रतिवेदनमा उल्लेख छ । विभिन्न हिरासतमा सँगै थुनामा रही थुनामुक्त भएका कृष्ण के.सी. र हिमाल शर्माले निवेदनमा उल्लिखित व्यक्तिहरु थुनामा रहेको भनी पुनरावेदन अदालत पाटनमा बयान गरेका छन् । कृष्ण के.सी. ले कारागारबाट लेखेको पत्रबाट समेत उक्त तथ्य खुल्न आएको छ । निवेदकहरुलाई पक्राउ गरेको देख्ने प्रत्यक्षदर्शी एवं हिरासतमा सँगै बसेका व्यक्तिहरुले राष्ट्रिय मानव अधिकार आयोगमा गरेको बयानबाट समेत निवेदकहरुलाई सुरक्षाकर्मीले गैरकानूनी रुपमा पक्राउ गरेको पुष्टि भएको र निजहरुको अवस्था हालसम्म अज्ञात रहेकाले त्यस्ता व्यक्तिहरुलाई राज्यले गैरकानूनी रुपमा बलात् बेपत्ता पारेका पुष्टि हुन्छ भनी बहस गर्नुभयो ।

विपक्षी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान उप–न्यायाधिवक्ता श्री भरतमणी खनालले सम्बन्धित सुरक्षा निकायहरुले निवेदकहरुलाई पक्राउ नै नगरिएको भनी लिखित जवाफ पेश गरेका छन् ।

त्यस्तो लिखित जवाफलाई विश्वास नगर्नुपर्ने कुनै कारण छैन । यस अदालतबाट पटक-पटक भएका आदेश र आदेश बमोजिम गरिएको छानविनबाट समेत निवेदकहरुलाई पक्राउ गरिएको तथ्य भेटिन सकेको छैन । विगतको सशस्त्र द्वन्द्वका क्रममा कैयौं व्यक्तिहरु विदेश गएको तथा कैयौं व्यक्तिहरु सकुशल रहेको समेत पाइएको सन्दर्भमा निवेदकहरुलाई बिना आधार पक्राउ गरिएको भनी निष्कर्षमा पुग्न उपयुक्त हुंदैन भन्ने बहस गर्नुभयो ।

यस अदालतको आदेशले अदालतको सहयोगी (एमिकस क्युरी) को रुपमा उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री खेम नारायण ढुङ्गानाले हालसम्म खुल्न आएका तथ्यबाट नै निवेदनमा उल्लेख गरिएका व्यक्तिहरुलाई सुरक्षाकर्मीहरुले पक्राउ गरेको स्थापित भएको छ । निजहरुको अवस्था हालसम्म अज्ञात रहेकाले निजहरु बेपत्ता भएको कुरा पुष्टि हुन्छ तर सो सम्बन्धमा प्रहरी र सेनाका जिम्मेवार व्यक्तिहरुले उनीहरुलाई थाहा भएको सूचना पनि साङ्गठनिक अनुशासन र गोपनियताको सपथ लिएका कारण व्यक्त गर्न नसकेका हुन् भनी बहस गर्नुभयो ।

यस अदालतको आदेशले राष्ट्रिय मानव अधिकार आयोगको तर्फबाट अदालतको सहयोगी (एमिकस क्युरी) को रुपमा उपस्थित विद्वान अधिवक्ता द्वय श्री वासुदेव बजगाई र ओम प्रकाश अर्यालले २०३२ जना राज्यबाट बेपत्ता पारेको भनी आयोगमा उजुरी परेकोमा ६४६ जनाको अवस्था अद्यापि बेपत्ता छ । आयोगमा परेको उजुरीका सम्बन्धमा आयोगले आवश्यक जाँचबुझ गरी पत्ता लगाएको तथ्यको आधारमा निवेदनमा उल्लिखित कतिपय व्यक्तिहरुलाई बेपत्ता बनाएको छैन भनी आयोग निष्कर्षमा पुग्न नसकेको र मानव अधिकारको गम्भीर उल्लंघन गर्ने दोषीलाई आयोगले कानूनी कारवाही गर्न सिफारिस गर्ने निर्णय गरेको छ भन्ने व्यहोराको बहस प्रस्तुत गर्नुभयो ।

निवेदनमा उल्लिखित तथ्य, लिखित जवाफ व्यहोरा तथा उपरोक्त बहस जिकिर समेतलाई विचार गर्दा निवेदनमा उल्लिखित व्यक्तिहरु परिवारजन तथा आफन्तको सम्पर्कमा नरहेको तथ्यमा विवाद छैन । रिट नं. ३७८ को पेटबोलीमा उल्लिखित हरिशरण महर्जन समेतका केही व्यक्तिहरुका हकमा निवेदनमा के कसरी कहिले कुन स्थानबाट पक्राउ गरिएको भन्ने तथ्य उल्लेख नगरेको भए तापनि अधिकांश निवेदनमा निवेदकहरुलाई पक्राउ गरेको मिति, समय र स्थान समेत किटानी उल्लेख गरेको देखिन्छ । लिखित जवाफमा निवेदकहरुलाई पक्राउ नै गरिएको छैन भन्ने जिकिर लिएको भए तापनि रिट नं. ३५७५ लगायतका कतिपय रिटमा निवेदकलाई पक्राउ नगरिएको भए के कहाँ छन अदालतमा हाजिर गराउनु भनी यस अदालतबाट पटक-पटक भएको आदेशमा विपक्षी निकायले ती व्यक्तिहरुलाई यस अदालतमा हाजिर गराउन वा यो यस ठाउँमा छन् भनी अदालतलाई भन्न नसकी पक्राउ नै नगरिएको भनी एकोहोरो जवाफ दिएको पाइन्छ । रिट न. ६१७ को निवेदनमा उल्लिखित विशाल लामालाई २०५९।२।२६ मा आई.सी.आर.सी.को सहयोगमा वडा प्रहरी कार्यालय तीनकुनेमा परिवारजनले भेटघाट गरेको र सो को एक हप्ता पश्चात निजको श्रीमती मेनुका लामाको अगाडि नै भक्तपुर डि.एस.पि. कार्यालयमा लाने भनी गाडीमा राखी लगेकोमा बेलुका जिल्ला प्रहरी कार्यालय भक्तपुरमा बुझ्दा उक्त कार्यालयले सो बारेमा कुनै थाहा छैन भनी जवाफ दिएको भन्ने उल्लेख भैरहेको देखिंदा विपक्षीहरुले पक्राउ नै गरिएको छैन भनी दिएको लिखित जवाफलाई यक्तिकैमा भरपर्दो र विश्वसनीय मानी निष्कर्षमा पुग्न सकिने अवस्था रहेन ।

रिट नं. १४२ मा उल्लिखित मुकुन्द सेढाइलाई विपक्षीहरुले पक्राउ नगरेको भनी लिखित जवाफ पेश गरेको देखिन्छ तर निजकै हकमा यस अदालतमा मिति २०६०।८।२९ मा दायर भै २०६२।२।११ मा यस अदालतको आदेशले तामेलीमा राखिएको रिट नं. १९३ को बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा यस अदालतको आदेशले मिति २०६१।९।२६ मा अच्युत के.सी.ले बयान गर्दा बन्दी मुकुन्द सेढाइलाई आफूले २०६० पुषमा जगदल गण छाउनीमा सँगै थुनामा रहेको अवस्थामा भेटेको भनी बयान गरेको देखिन्छ ।

बन्दी मुकुन्दप्रसाद सेढाइले २०६०।१०।२ मा निवेदक शान्ता सेढाइलाई लेखेको पत्रले निज छाउनीमा नै रहेको भन्ने देखाउँछ । मिसिल संलग्न राष्ट्रिय मानव अधिकार आयोगको मिति २०६३।२।२३ को ठहर निर्णयमा पनि निवेदनमा उल्लेख गरिएका मुकुन्द सेढाइलाई सुरक्षाकर्मीले पक्राउ गरी स्थिति सार्वजनिक नगरी लामो समयसम्म जगदल गण छाउनीको सेनाको हिरासतमा गैरकानूनी रुपमा थुनामा राखेको भन्ने निष्कर्ष निकालेको देखिन्छ ।

रिट नं. २६२ मा बन्दी चतुर्मान राजवंशीले बटुकदल व्यारेकबाट आफ्नो घर परिवारलाई पठाएको मिति २०५९।१२।२४, २०६०।३।३१ र २०६०।८।१९ को मिसिल संलग्न पत्रको प्रतिलिपिमा आफू सैनिक व्यारेकको हिरासतमा नै रहेको तथ्य उल्लेख गरेको देखिन्छ तर विपक्षी बटुक दल गण समेतले निजलाई पक्राउ नै नगरिएको भन्ने लिखित जवाफ पेश गरेको, निजका परिवारजनले हालसम्म पनि निजसँग सम्पर्क स्थापित गर्न नसकेको र यस अदालतबाट भएको आदेशको कार्वाहीबाट समेत निजको यथार्थ स्थिति खुल्न सकेको नदेखिंदा बन्दी चर्तुमान राजवंशीको अवस्था अज्ञात रहेको देखिन आयो ।

रिट नं. १११ को निवेदनमा बन्दी पुष्पराज बस्नेतलाई पक्राउ गरी भैरव नाथ गण महाराजगन्जमा थुनामा राखेको भन्ने निवेदन भएकोमा भैरवनाथ गण समेतले लिखित जवाफमा निजलाई पक्राउनै नगरेको भनी उल्लेख गरेको देखिन्छ । मानव अधिकार आयोगले निज बन्दीका सम्बन्धमा अनुसन्धान पश्चात गरेको ठहरमा पुष्पराज बस्नेतलाई सुरक्षाकर्मीद्वारा पक्राउ गरी नेपाली सेना अन्तरगतको भैरवनाथ गणको थुनामा राखेको भनी निष्कर्ष निकालेको भन्ने समेतको राष्ट्रिय मानव अधिकार आयोगको मिसिल संलग्न निर्णयको प्रतिलिपिबाट देखिन्छ ।

माथि उल्लेखित विभिन्न निवेदनहरुमा भएको तथ्यको विश्लेषण समग्र निवेदनहरुमा भएका तथ्यहरुको प्रवृत्तिको उदाहरण मात्र हो । यी उदाहरणहरुले अन्य निवेदनहरुमा भएका यस्तै प्रकृतिका तथ्यहरुको उजागर र प्रतिनिधित्व समेत गर्ने भएकाले सबै निवेदनहरुमा भएको तथ्य र बन्दीहरुको स्थिति पत्ता लगाउन गरिएको थप कारवाहीको विवरण विस्तृत रुपमा विवेचना गरिरहनु पर्ने आवश्यकता देखिएन ।

बेपत्ता भएका नागरिकहरुको सम्बन्धमा छानविन गरी यथार्थ स्थिति सहितको प्रतिवेदन तयार गर्न र स्थिति सार्वजनिक हुन नसकेका नागरिकहरुको हकमा के गर्नुपर्ने हुन्छ सुझाव दिनका लागि नेपाल सरकारद्वारा गठित वामनप्रसाद न्यौपानेको प्रतिवेदनमा हालसम्म स्थिति अज्ञात रहेका व्यक्तिहरुको विवरणमा ६०२ जनाको नामावली समावेश भएको देखिन्छ[१] । यस अदालतमा रिट निवेदन पर्न आएका अमृत कणेल, अर्जुन महर्जन, बाबुराजा माली समेतका अधिकांश व्यक्तिहरुको नाम उक्त प्रतिवेदनको स्थिति अज्ञात रहेको व्यक्तिहरुको विवरणमा उल्लेख भएको देखिएबाट पनि निवेदनमा उल्लेख भएका व्यक्तिहरुको स्थिति हालसम्म एकिन हुन सकेको भन्ने देखिन आएन ।

सोही प्रतिवेदनमा स्थिति एकिन भएका भनी देखाइएका व्यक्तिहरुको सूचीमा[२] यस अदालतमा दायर भएका निवेदनहरुमा उल्लेखित व्यक्तिहरुमध्ये चेतनाथ घिमिरे, भोर्लेटार स्थित नेपाली सेनाको व्यारेकमा सम्पर्कमा रहेको भनी नेपाली सेनाको कार्यरथी विभागको पत्रबाट उल्लेख भएको देखाइएको छ । प्रतिवेदनमा उल्लेखित सोही विवरणलाई आधारमानि यस अदालतबाट निज ढुङ्गानालाई यस अदालतमा हाजिर गराउन आदेश भएकोमा टाइपको गल्तीबाट मात्र त्यस्तो तथ्य उल्लेख हुन पुगेको भन्ने जवाफ यस

१ बेपत्ता भएका नागरिकहरुको स्थिति सार्वजनिक गर्न गठित छानविन समिति (वामनप्रसाद न्यौपाने) को प्रतिवेदन, २०६३

२ ऐ.अनुसूची ३

अदालतलाई प्राप्त हुन आएको देखिंदा निवेदनमा उल्लेख गरिएका व्यक्तिहरुको स्थिति थप जटिल बन्दै गएको आभाष हुन्छ । सोही प्रतिवेदनमा निवेदक चन्द्र कुमार ढकाल र अर्जुनप्रसाद न्यौपाने क्रमशः मिति २०५९।११।१ मा कारागारबाट शाखा जगन्नाथ देवलबाट र २०६३।२।३० मा कारागारबाट शाखा नख्खुबाट थुनामुक्त गरिएको भन्ने उल्लेख गरिएको देखिएपनि निजहरुको सम्बन्धमा यस अदालतमा परेका निवेदनहरुको कारवाहीको क्रममा निजहरुको हालको स्थिति र अवस्था बारे कुनै एकिन सूचना र जानकारी खुल्न आएको देखिंदैन । कारागार शाखाबाट रिहाई गरिएको भन्ने पत्राचारको उल्लेखन गर्नुले मात्र निजहरुको स्थिति अबगत भएको भनी निष्कर्षमा पुग्न मिल्दैन । सोही प्रतिवेदनमा विशाल लामा, जालन्धर बाँस्तोला र माधव अधिकारीको दोहोरो मुठभेडमा मृत्यु भएको भनी उल्लेख भएको भए तापनि उक्त कुराको पुष्टि हुने गरी पोष्टमार्टम भएको वा परिवारले लाश बुझेको वा लाश दबाएको ठाऊं देखिएको तथ्य मिसिलबाट खुल्न नआएकाले सोही प्रतिवेदनलाई मात्र आधार मानी निजहरुको मृत्यु भैसकेको मान्न वा मृत्यु भएको भए कसरी भएको हो त्यस क्रममा कानुनको उल्लंघन भएको छ वा छैन भन्ने बारे थप छानविन नै गर्नु नपर्ने भनी यस अदालत निष्कर्षमा पुग्न मिल्ने देखिएन ।

नेपालस्थित संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्तको कार्यालयले पनि द्वन्द्वको समयमा सुरक्षाकर्मीको हिरासतबाट बेपत्ता भएका भनिएका व्यक्तिहरुको सन्बन्धमा छानविन र अनुसन्धान गरेको प्रतिवेदन रिट नं. २५८८ को निवेदनसाथ पेश गरेको देखिन आउँछ । सो प्रतिवेदनले नेपाली सेनाको भैरवनाथ गणबाट बेपत्ता पारेको भनी ४९ जनाको नाम उल्लेख गरेको र सो मध्ये माधव अधिकारी, धिरेन्द्र बस्नेत, देशभक्त चापागाई समेतका अधिकांश व्यक्तिहरुका सम्बन्धमा यस अदालतमा रिट निवेदन पर्न आएको देखिन्छ । उक्त प्रतिवेदन छानविनको क्रममा कार्यालयले बेपत्ता पारिएका परिवार, पूर्व थुनुवा, प्रत्यक्षदर्शी समेतका ५० भन्दा बढीको अर्न्तवार्ता र भैरव नाथ र युद्धभैरव गणको स्थलगत निरीक्षण गरी तयार पारेको भनी प्रतिवेदनमा उल्लेख भएको छ ।

राष्ट्रसंघीय मानव अधिकारको उच्चायुक्तको कार्यालय नेपालमा स्थापना गर्ने सम्बन्धमा राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्त र तत्कालीन श्री ५ को सरकारका परराष्ट्रमन्त्री बीच १० अप्रिल २००५ मा सम्झौता भएको देखिन्छ । उक्त सम्झौताले सो कार्यालयलाई निर्धारित मापदण्डको अवलम्बन गरी नेपालमा भएको मानव अधिकारको स्थिति अनुगमन गरी प्रतिवेदन गर्नसक्ने अख्तियारी दिएको देखिन्छ[३] । सोही सम्झौता बमोजिम स्थापित संस्थाले आफ्नो छानविन पद्धति (Methodology) समेत उल्लेख गरी सार्वजनिक गरेको प्रतिवेदनलाई यस इजलासले प्रस्तुत मुद्दाको सुनवाईको क्रममा तथ्यको विश्लेषण गर्ने प्रयोजनका लागि सन्दर्भ सामग्रीको रुपमा लिन उपयुक्त ठानेको छ ।

उक्त प्रतिवेदनले पनि छानविनको क्रममा ४९ जना बेपत्ता पारिएको र बेपत्ता पारिएको भनी प्राप्त सूचीका अन्य व्यक्तिहरु समेतका सम्बन्धमा थप छानविन भैरहेको भन्ने उल्लेख गरेको देखिंदा निवेदनमा उल्लिखित व्यक्तिहरुलाई पक्राउ नगरिएको भन्ने लिखित जवाफ व्यहोरा तथा विद्वान उपन्यायाधिवक्ताको बहस उक्त प्रतिवेदन समेतबाट विश्वसनीय र भरपर्दो हुन नसकी निजहरुको अवस्था अज्ञात नै देखिन आयो ।

प्रस्तुत मुद्दामा प्राप्त प्रतिवेदनहरुबाट बन्दी बनाइएका व्यक्तिहरुलाई थुनामा राख्न सैनिक व्यारेकलाई समेत प्रयोग गरेकोबाट पनि बन्दीको स्थिति एकिन गर्न समस्या परेको देखिन आएको छ ।

---

३ See in detail: Agreement Between the United Nations High Commissoner for Human Rights and the Government of the Kingdom of Nepal Concerning the Establishment of an Office in Nepal held on 10/04/05.

संविधान एवं कानूनले अधिकार प्राप्त अधिकारीहरुले रीतपूर्वक थुनामा राख्ने गरेको भए भैरवनाथ गण जस्तो विशुद्ध सैनिक व्यारेक भित्र थुनामा राख्न पठाउन पर्ने अवस्था नै रहँदैन । द्वन्द्वको क्रममा आतंकको स्थितिलाई विशेषरुपमा निपट्न सुरक्षित थुनाको व्यवस्थाको लागि सैनिक व्यारेकको प्रयोग गरेको भन्ने तर्क आउन नसक्ने होइन तर सो अघि त्यस्तो प्रयोजनको लागि सैनिक स्थलहरुलाई गैरसैनिक फौज्दारी कारवाहीको लागि प्रयोग गर्ने कानूनमा आधारित निश्चित नीति बन्नु पर्ने हुन्छ ।

फौज्दारी कानूनको प्रयोजनका लागि हिरासतमा लिइएको अवस्थामा थुनामा राखिएका व्यक्तिका कतिपय हकहरुमा असर पर्न जान्छ र हिरासतमा लिइएकै बेलामा तिनको प्रचलन गराई दिनुपर्ने हुन्छ । बन्दी बनाइएका हरेक व्यक्तिको परिवारजनसँगको भेट, कानून व्यवसायीसँगको परामर्श, शारीरिक एवं मानसिक यातना नहुने अवस्थाको प्रत्याभूति, उचित खानपीन, सूचनाको अधिकार, कानूनी उपचारका लागि न्यायमा पहुँचको अवस्था आदि अधिकारको सम्मान गर्नुपर्ने हुन्छ ।

थुनुवाको लागि मानव अधिकारको विचार गरी पूर्वाधार विकास गर्दै नगरेको सैनिक व्यारेक जस्तो ठाउँमा थुनामा राख्नाले बन्दीको मानव अधिकारको व्यापक उलङ्घन हुने अवस्था सिर्जना हुन्छ । सैनिक व्यारेक भित्र गैरसैनिक व्यक्तिलाई थुनामा राख्ने गरेबाटै प्रस्तुत मुद्दामा यस्तो धेरै समस्याका स्वाभाविक कारण सिर्जना भएको देखिन्छ ।

संयुक्त राष्ट्रसंघीय मानव अधिकार सम्बन्धी उच्चायुक्तको कार्यालय, राष्ट्रिय मानव अधिकार आयोग जस्तो संस्थालाई त भैरवनाथगण जस्तो सैनिक स्थलको थुनुवा कोठा निरीक्षणको लागि विशेष पहल पछि मात्र ढोका खुलेको छ भने बन्दीका आफन्तजनको लागि त्यस्तो थुनुवा स्थलमा प्रवेश वा पहुँच हुने कुरा भएन । प्राप्त प्रतिवेदनहरु र ती स्थलहरुमा थुनामा परी सकेका व्यक्तिहरुको भनाइबाट थुनाको अवस्था, त्यहाँको भौतिक सुबिधा, खानपीन, थुनुवालाई गरिएको व्यवहार एउटा मानिसलाई गरिन सक्ने न्यूनतम व्यवस्था भन्दा धेरै तल झरेर सर्वथा आपत्तिजनक, यातनापूर्ण र त्रासदीपूर्ण देखिन आउँछ । हिरासतमा लिइएकै कारणले यस्तो निम्न स्तरको मानव व्यवहार हुने स्थिति आउनु भनेको सरकार र राज्य दुबैका लागि लज्जास्पद स्थिति हो ।

जतिसुकै गम्भीर कसूरको आरोप भए पनि मानिसलाई गरिने व्यवहार मानवोचित र स्वीकृत मापदण्ड भित्र हुनै पर्दछ । बन्दीलाई थुनामा राख्ने गरिएको ठाउँको भौतिक स्थिति र त्यहाँ गरिएको व्यवहारहरुले बन्दीहरुप्रतिको त्यस निकायको समग्र दृष्टिकोण अभिव्यक्त हुने गर्दछ र बन्दीहरुले त्यहाँ भोगेको कठिनाई र व्यवहारले उनीहरु बेपत्ता हुने आधारहरुलाई अझ प्रष्ट गर्दछ । यस्तो कठोर र अनुपयुक्त थुनुवा स्थलमा थुनामा राख्दा शारीरिक वा मानसिक स्वास्थको कारणबाट पनि धनजनको क्षतिको स्थिति सिर्जना हुन सक्छ । त्यसमा पनि औपचारिक अभिलेख समेत पनि नराख्ने, सूचना प्रवाह पनि नगर्ने आदि कुराहरुले बन्दी बेपत्ता हुनसक्ने स्थितिको पनि संकेत गर्दछ । वस्तुतः गैरसैनिक व्यक्तिहरुलाई सैनिक व्यारेकमा थुना प्रयोजनको लागि लैजाने नीति वा कार्य स्वयंमा दुर्भाग्यपूर्ण बन्न गएको छ । सैनिक व्यारेकमा लगी थुनामा राख्ने सोच नीति र सो अनुसार गरिएका क्रियाकलापको पछाडि के दृष्टिकोण थियो भन्ने कुराको छुट्टै अनुसन्धान सरकारले गर्नुपर्ने देखिन आउँछ ।

यथार्थमा माथि उल्लेख गरिएझै विभिन्न प्रतिवेदनहरु र भैरवनाथ गण जस्तो सैनिक व्यारेकमा थुनामा परीसकेका व्यक्तिहरुले दिएको जानकारी समेतबाट ठूलो संख्यामा बन्दीहरु लगी त्यहाँ थुनामा राख्ने गरेको भन्ने कुरामा विवाद भएन । सैनिक सङ्गठनलाई नभएको नगरेको अनर्गल कुराको लागि यी सबै प्रतिवेदन एवं व्यक्तिहरुले आरोपित गर्नुको कारण पनि देखिएको छैन । विशुद्ध सैनिक सङ्गठनको रुपमा प्रस्तुत हुनुपर्ने निकायहरुलाई अन्य प्रयोजनको लागि प्रयोग गरिन्छ भने त्यसको सिलसिलामा उपस्थित हुने

चुनौती र जिम्मेवारीहरु पनि सम्बन्धित निकाय वा पदाधिकारीहरुले जुन हद सम्म जिम्मेवारी लिनु पर्ने हो, सो लिनु पर्ने नै हुन्छ । यस्तो स्वाभाविक उत्तरदायित्व वहन गर्नु पर्नेमा सोलाई उपेक्षा गरी निवेदनमा उल्लेख भएका सबै कुराहरुलाई आधारभूत रुपले इन्कार गर्ने एकोहोरो जवाफ पठाई रहेर मात्रै बचाउको स्थिति खडा हुनसक्ने देखिएन । निवेदनमा उल्लेख भै प्रतिवेदनहरुबाट समेत समर्थित भएका सैनिक हिरासतमा लगिएका देखिएका व्यक्तिहरुको हकमा सैनिक जिम्मेवारी र अन्ततः सरकारी जिम्मेवारी रहने कुरा स्पष्ट देखिएको छ ।

रिट निवेदनमा उठाइएका विभिन्न व्यक्तिहरुको हकमा राष्ट्रिय मानव अधिकार आयोगमा समेत निवेदन परेको र सो आयोगले समेत यस सम्बन्धमा छानविन गरेको भन्ने उक्त आयोगबाट प्राप्त छानविन सम्बन्धी विवरणबाट खुल्न आउँछ । आयोगबाट उपलब्ध गराइएको जानकारी अनुसार निवेदनमा उल्लेख गरिएका पुष्पराज बस्नेत, मुकुन्द सेंढाई समेतका व्यक्तिलाई लामो समयसम्म गैरकानूनी थुनामा राखी बेपत्ता पारेकोले जिम्मेवार अधिकारीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न सरकारलाई सिफारिस गरी पठाएको देखिन्छ । सुरक्षाकर्मीको हिरासतमा बसी थुनामुक्त भएका व्यक्तिहरुले मानव अधिकार आयोगमा उपस्थित भै गरेको बयानमा समेत निवेदनमा उल्लेख गरिएका विभिन्न व्यक्तिहरुलाई आफूले हिरासतमा भेटेको भनी बयान गरेको देखिन्छ । सो बयान, बेपत्ता भएका व्यक्तिका परिवारजनहरुले आयोगमा दिएको निवेदन तथा जानकारी र आयोगले बन्दीहरु रहेको सम्भावित स्थलको स्थलगत निरीक्षण समेत गरी सो को आधारमा आफ्नो छानविन र ठहर निर्णय गरेको देखिन आएकोले आयोगबाट उपलब्ध तथ्यबाट पनि यी निवेदनमा उल्लेखित व्यक्तिहरु समेतको स्थिति अज्ञात नै रहेको चित्रण हुन्छ ।

यस अदालतमा परेका विभिन्न रिट निवेदनहरुमध्ये रिट नं. ३५७५, १००, १०४ र ६३२ मा यस अदालत स्वयंले बन्दीहरुको स्थिति एकिन गर्न अदालतकै संयन्त्र भित्रबाट अनुसन्धान कार्यटोली गठन गरिएको हो । उक्त बन्दी अनुसन्धान कार्यटोलीले गरेको छानविन अनुसन्धानबाट रिट नं. ६३२ का चक्रबहादुर कटुवाल मिति २०५८।८।२८ गते जिल्ला प्रशासन कार्यालय ओखलढुङ्गामा स्वयं उपस्थित हुन गएकोमा प्रमुख जिल्ला अधिकारीको आदेशले जिल्ला प्रहरी कार्यालय र त्यसपछि सेनाको व्यारेकमा गैरकानूनी थुनामा राखिएको तथा सेनाका अधिकारीहरु समेतले दिएको निर्मम यातनाको कारण मिति २०५८।९।१ गते प्रहरी हिरासतमा मृत्यु भएको तथ्य खुल्न आउँछ । सो बाहेक अन्य रिट निवेदनमा उल्लिखित व्यक्तिहरु राजेन्द्रप्रसाद ढकालको हकमा मिति २०५५ साल पौष २४ गते तनहु जिल्ला खैरेनीटार गा.वि.स. जाम्दी खोलामा नुहाइरहेको अवस्थामा इलाका प्रहरी कार्यालय बेलचौतारा तनहुँका तत्कालीन प्रहरी निरीक्षक कुश विक्रम राणाको नेतृत्वमा खटिएको १०, १२ जनाको प्रहरी टोलीले पक्राउ गरी जाम्दी खोलाको किनारै किनार भन्ज्याङ्गको घुमाउरो र कम चल्तीको बाटो हुँदै इलाका प्रहरी कार्यालय बेलचौतारा ल्याई सोही मिति देखि योजनाबद्ध ढँगले बेपत्ता बनाएको निष्कर्षमा पुगेको देखिन्छ । निवेदक विपिन भण्डारी र दिल बहादुर राईलाई मिति २०५९।३।३ गते सुकेधारा स्थित डेरा कोठाबाट इलाका प्रहरी कार्यालय बालाजुबाट प्र.ना.नि. विजयप्रताप शाहको नेतृत्वमा खटिएको प्रहरी टोलीले पक्राउ गरी इलाका प्रहरी कार्यालय बालाजुमा बुझाएकोमा र निजहरु दुबै जना ने.क.पा. माओवादीको भातृ सङ्गठन अनेरास्ववियु (क्रान्तिकारी) सँग आबद्ध भएकाले राजनीतिक आस्थाको कारणबाट निजहरुलाई पक्राउ गरी बेपत्ता पारेको[४] भन्ने निष्कर्ष सहितको प्रतिवेदन कार्यटोलीले यस अदालतमा बुझाएको देखिन्छ ।

यस प्रकार यस अदालत तथा अन्य विभिन्न निकायहरुको छानविन अनुसन्धान समेतबाट अधिकांश बन्दीको हालको अवस्थाबारेमा एकिन स्थिति खुल्न आएको देखिएन । यस अदालतले बन्दी अनुसन्धान

४ सर्वोच्च अदालत, बन्दी अनुसन्धान कार्यटोली, २०६३ को प्रतिवेदन पृष्ठ १२६-१२७

कार्यटोली गठन गरि गरेको छानविनबाट रिट नं. ६३२ का चक्र हादुर कटुवालको २०५८।९।१ मा मृत्यु भएको, रिट नं. ३५७५ का राजेन्द्रप्रसाद ढकाल, रिट नं. १०० का विपिन भण्डारी र रिट नं. १०४ का दिल बहादुर राईलाई सुरक्षाकर्मीहरुले गैरकानूनी रुपमा वलपूर्वक बेपत्ता पारेको निष्कर्ष निकालेको देखिन्छ । उक्त अनुसन्धान यसै अदालतको आदेशबाट गठित बन्दी अनुसन्धान कार्यटालीले गरेको न्यायिक अनुसन्धान भएकोले सो कार्यटोलीको प्रतिवेदनको निष्कर्षलाई यस इजलासले निवेदकहरुको अवस्थाको सन्दर्भमा अन्तिम निष्कर्षको रुपमा लिएको छ । सो प्रतिवेदन बमोजिम चक्र बहादुर कटुवाल, विपिन भण्डारी, राजेन्द्रप्रसाद ढकाल र दिल बहादुर राईको हकमा प्रतिवेदनको निष्कर्ष बमोजिम नै स्थिति एकिन भएको र सो बाहेक रिट निवेदनहरुमा उल्लिखित अन्य सम्पूर्ण व्यक्तिहरुको स्थिति उपरोक्त तथ्यगत अवस्थाबाट एकिन हुन नसकी अन्यौलपूर्ण एवं अज्ञात अवस्थाको नै देखिन आएको हुँदा तथ्य पत्ता लगाई एकिन गर्नुपर्ने अवस्था देखिन आउँछ ।

प्रश्न नं. २ का सम्बन्धमाः

माथि उल्लिखित प्रश्न नं. १ को विवेचनाबाट निवेदनमा सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता बनाएको भन्ने दाबी लिइएका व्यक्तिहरुलाई विपक्षी निकायहरुले मूल रुपमा पक्राउ नै नगरिएको भन्ने लिखित जवाफ पेश गरेबाट ती व्यक्तिहरुको अवस्था मूलतः अज्ञात नै रहेको देखिन आयो । हामीले हालसम्म अवलम्बन गरि आएको न्यायिक अभ्यासमा बन्दीको स्थिति एकिन भै थुना गैरकानूनी देखिएको अवस्थामा मात्र बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्ने गरिएको भए तापनि द्वन्द्वको अवस्थाले गर्दा ठूलो संख्यामा गैरकानूनी पक्राउ गरिएको भन्ने उजुरी आउने तर राज्यले पक्राउ नगरेको भनी जवाफ दिने गरेकोबाट थुनामा रहे नरहेको र जीवित वा मृत के अवस्थामा व्यक्ति रहेको छ भन्ने नै अज्ञात रहने गरेको हुँदा यस्तो अवस्थामा राज्यको नागरिक प्रतिको जिम्मेवारी के हुने र यस अवस्थामा अदालतका के कस्तो भूमिका रहने भन्ने प्रश्न टड्कारो रुपमा उब्जेकोले उपस्थित कानून व्यवसायीहरुबाट सो प्रश्नमा लिखित बहस नोट समेत माग गरिएको थियो ।

निवेदक तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री मिलन कुमार राई र केदार दाहालले जबर्जस्ती बेपत्ता पार्ने कार्य निरन्तर प्रकृतिको अपराध (continuous crime) हो । नेपालले अनुमोदन गरिसकेको संयुक्त राष्ट्र संघीय नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्धको धारा २ ले जबर्जस्ती बेपत्ता लगायत प्रत्येक मानव अधिकार उल्लंघनको घटनामा राज्यले अनुसन्धान गर्नुपर्ने दायित्व तोकेको छ । राज्यले उक्त दायित्व पूरा नगरेमा अदालतले बेपत्ता सम्बन्धी घटनाको गाम्भीर्यता, अन्तराष्ट्रिय समुदायको चासो, पीडित परिवारहरुको चाहना र सरोकार, दण्ड विहीनताको अन्त्य गर्नुपर्ने आवश्यकता समेतको अवस्थालाई विचार गरी बेपत्ता व्यक्तिहरुको यथार्थ स्थिति पत्ता लगाई आवश्यक परेमा भूतलक्ष्यी कानून समेत बनाई दोषीहरुलाई कारवाही गर्नु भनी आदेश दिन सक्छ भनी बहस गर्नुभयो ।

निवेदक तर्फकै अधिवक्ता हरिकृष्ण कार्की, सतीसकृष्ण खरेल, हरि फुयालले नेपाल अधिराज्यको संविधान २०४७ तथा नेपालको अन्तरिम संविधान २०६३ ले समेत प्रत्येक व्यक्तिको बाँच्न पाउने हक र वैयक्तिक स्वतन्त्रताको हकको संरक्षण गरेको छ । यसैगरी नेपालले अनुमोदन गरेका मानव अधिकारसँग सम्बन्धित विभिन्न अन्तराष्ट्रिय अनुवन्धहरुले पनि सो कुराको निश्चितता प्रदान गरेको छ । विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनहरुले सृजना गरेको यो दायित्वलाई राज्यले सम्मान गरी कार्यान्वयन गर्नुपर्छ । राज्यले यो दायित्व पूरा नगरेको अवस्थामा नागरिक स्वतन्त्रताको रक्षा गर्नको लागि अदालतले जस्तो सुकै प्रकृया अवलम्बन गर्नसक्ने अधिकार सम्बन्धित अदालतमा अन्तर्निहित रहेको हुन्छ भनी बहस गर्नु भयो ।

एमिकस क्युरीको रुपमा उपस्थित विद्वान अधिवक्ताहरुले द्वन्द्वको क्रममा हराएको, बेपत्ता भएका वा स्थिति पत्ता नलागेका व्यक्तिहरुको अवस्था पत्ता लगाउने जिम्मेवारी सरकारको हो । सरकारले आफैले पक्राउ नगरेको भनेर मात्र आफ्नो दायित्वबाट उम्कन सक्तैन । त्यस्ता व्यक्तिहरुको स्थिति प्रष्ट गराउनका लागि यस अदालतले उपयुक्त आदेश जारी गर्न सक्दछ भनी वहस प्रस्तुत गर्नु भयो ।

त्यस्तै विपक्षीहरुका तर्फबाट उपस्थित विद्वान सह–न्यायाधिवक्ता श्री युवराज सुवेदी तथा उप–न्यायाधीवक्ता व्रजेस प्याकुरेलले परिवर्तित सन्दर्भमा यस्ता प्रश्नहरुको राजनीतिक सहमतिका आधारमा समाधान खोजिनु पर्छ । अदालतको आफ्नै सक्रियतामा हुने न्यायिक अन्वेषण व्यवहारिक वा परिणाममुखी नहुन सक्छ । अदालतले जारी गरेका आदेशहरु कार्यान्वयन हुन नसकेमा यसले थप जटिलता सिर्जना गर्नसक्छ । द्वन्द्वको समयमा उत्पन्न समस्याको निराकरण गर्न सत्यनिरुपण तथा मेलमिलाप आयोग गठन गर्ने सहमती समेत भैसकेको हुनाले यस तर्फसमेत विचार गर्न जरुरी छ भनी वहस गर्नु भयो ।

उपरोक्त तथ्य एवं वहस जिकिरको पृष्ठ भूमिमा हेर्दा आज इजलासमा निर्णय सुनाउन प्रस्तुत भएका मुद्दाहरुमध्ये सबभन्दा पुरानो दर्ता २०५५।१०।७ को देखिए तापनि सो अघि देखि शुरु भएको सरकार र ने.क.पा. माओवादी बीचको सशस्त्र विद्रोहबाट सृजित परिस्थितिसँग अर्न्तसम्बन्धित देखिएकाले यस्तो विषम परिस्थितिमा राज्यको के कस्तो दायित्व रहन्छ भनी विचार गर्नुपर्ने देखिन आएको छ ।

राज्यका कर्तव्यहरुमध्ये सीमा सुरक्षा गरी आफ्ना नागरिकहरुको हकहितको संरक्षण गर्नु नै पहिलो कर्तव्य हो भन्ने कुरामा कुनै विवाद छैन । राज्यको कार्यसञ्चालनको जस्तोसुकै सहज वा जटिल परिस्थितिहरु बीच पनि आफ्नो नागरिकको ज्यू धनको संरक्षण गर्ने र त्यससँग सम्बन्धित सरोकारहरुलाई जिम्मेवारीपूर्वक र प्राथामिकताकासाथ संबोधन गर्नुपर्ने दायित्वबाट राज्यमुक्त हुनसक्दैन । जुन राज्य यस्तो प्राथमिक उत्तरदायित्व निर्वाह गर्न विफल रहन्छ त्यो राज्यमा आन्तरिक विद्रोह बढेर शान्तिमा खलल पुग्दछ र अन्ततः राज्यले आफ्नो अस्तित्वको संकटसम्म व्यहोर्नुपर्ने अवस्था आउन सक्दछ । आधुनिक राजनीतिशास्त्रले राज्यलाई नागरिकको संरक्षकको रुपमा स्वीकार गरेको छ । सामान्य अवस्थामा पनि राज्यको नागरिकहरुप्रति विशेष दायित्व त हुन्छ नै जस्तोसुकै कठिन र विशेष परिस्थितिमा पनि राज्यले यो दायित्वबाट उन्मुक्ति पाउन सक्दैन । यो दार्शनिक आधारबाट पनि विगतको द्वन्द्वबाट सृजित परिस्थितिप्रति राज्यको दायित्व नरहेको भन्ने निष्कर्षमा पुग्न सक्ने आधार र अवस्था देखिंदैन ।

व्यक्तिका आधारभूत मानव अधिकारको संरक्षणको सुनिश्चितता दिलाउनका लागि अन्तराष्ट्रियस्तरमा समेत विभिन्न प्रयासहरु भएका छन् । संयुक्त राष्ट्रसंघीय मानव अधिकारको विश्वव्यापी घोषणापत्रले व्यक्तिको जीवन र स्वतन्त्रताको अधिकारलाई आधारभूत मानव अधिकारको रुपमा स्वीकार गरी अन्तराष्ट्रिय समुदायले सो अधिकारको सम्मान र संरक्षण गर्नुपर्ने कुराको घोषणा गरेको छ[५] ।

द्वन्द्वको समयमा मानिस बेपत्ता हुने/गराइने कार्यलाई अन्तराष्ट्रिय कानूनमा परम्परागत ढङ्गले मानव अधिकारको उल्लंघनको प्रश्नको रुपमा लिने गरिएकोमा सोबाट मात्र बेपत्ता बनाइने क्रममा न्युनता आउन नसकेकोले संयुक्त राष्ट्र संघले बेपत्ता बनाउने कार्यलाई मानवता विरुद्धको अपराध मानी १८ डिसेम्बर १९९२ मा जबर्जस्ती बेपत्ताबाट सबै व्यक्तिलाई बचाउ गर्ने सम्बन्धी घोषणापत्र जारी गर्‍यो[६] । सो घोषणापत्रले राज्यपक्षलाई निर्धारण गरेको दायित्व अनुकूल नै संयुक्त राष्ट्र संघीय महासभाले २० डिसेम्बर २००६ मा जबर्जस्ती बेपत्ताबाट सबै व्यक्तिलाई बचाउ गर्ने सम्बन्धी अन्तराष्ट्रिय महासन्धि जारी गरेको

---

५ Article III, Universal DecaLration of Human Rights, 1948, UN.

६ General Assembly Resolution 47/133, United Nations.

छ[७]। उक्त महासन्धि हालसम्म लागू भैनसकेको र नेपालले अनुमोदन समेत नगरेको भए तापनि बेपत्ता भएका व्यक्तिहरुको सुरक्षाका सम्बन्धमा यस महासन्धिले राज्यले पूरा गर्नुपर्ने दायित्वका सम्बन्धमा एउटा आधारभूत मापदण्ड निर्धारण गरेको र यसलाई अन्तराष्ट्रिय समुदायले स्वीकार समेत गरिसकेको अवस्थामा उक्त महासन्धिले निर्धारण गरेको मापदण्डलाई अन्तराष्ट्रिय कानूनको मापदण्डको रुपमा स्वीकार गरी राज्यले तदनुरुप आफ्नो व्यवहार गर्नु वाञ्छनीय हुन्छ ।

उक्त महासन्धि महासन्धिको प्रस्तावनामा उल्लेख भए झै संयुक्त राष्ट्रसंघको वडापत्रमा उल्लेखित सिद्धान्तहरु, वडापत्रको धारा ५५ ले औंल्याएको मानव अधिकार र आधारभूत स्वतन्त्रता प्रति आमरुपमा सम्मान, सम्वर्धन तथा पालना गर्ने (To promote universal respect for, and observance of, human right and fundamental freedoms) कुराहरुबाट अनुप्राणित देखिन्छ । संयुक्त राष्ट्रसंघको वडापत्रमा उल्लेखित सिद्धान्तहरु मध्ये विश्वव्यापी रुपमा मैत्री, न्याय र शान्तिको आधारको रुपमा मानव समाजका सबै सदस्यहरुको अन्तर्निहित प्रतिष्ठा, सम्मान र अहरणीय अधिकार रहेको हुन्छ भन्ने सिद्धान्तले सबै मानव अधिकार सम्बन्धी अर्न्तराष्ट्रिय अभिसन्धि, प्रतिज्ञापत्र वा संयन्त्रहरु निर्देशित भएको देखिन आउँछ । त्यसमध्ये विश्वव्यापी मानव अधिकार सम्बन्धी घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र, यातना तथा अन्य निर्मम अमानवीय वा अपमानजनक व्यवहार वा दण्डं विरुद्धको महासन्धि प्रस्तुत विषयसँग सम्बन्धित भै विशेषरुपले आकर्षित हुन आउने देखिन्छ ।

उपरोक्त वडापत्र, महासन्धि, प्रतिज्ञापत्र लगायतका कार्यान्वयनको लागि कानून कार्यान्वयन गर्ने अधिकारीहरुको आचार संहिता, कानून कार्यान्वयन गर्ने अधिकारीहरु द्वारा हुने वलको प्रयोग तथा विस्फोटक पर्दाथ प्रयोग सम्बन्धी आधारभूत सिद्धान्तहरु (Basic principles on the use of force and firearms by law enforcement officials), अपराध तथा अख्तियारको दुरुपयोगबाट पीडित व्यक्तिहरुको लागि जारी भएको न्यायको आधारभूत सिद्धान्तहरुको घोषणापत्र (DecaLration of basic principles of Justice for victims of crime and abuse of power) र बन्दीहरुसँग गरिने व्यवहार सम्बन्धी न्यूनतम मापदण्ड सम्बन्धी नियमहरु (the standard minimum rules for the treatment of prisoners) कडीको रुपमा आएको पाइन्छ ।

उल्लेखित मानव अधिकार सम्बन्धी दस्तावेजहरु नेपालले सही गरेका मानव अधिकार सम्बन्धी महासन्धिहरुको कार्यान्वयनसँग सम्बन्धित देखिएकोले हाल सन् २००६ मा पारीत भएको जबरजस्ती बेपत्ता पारिएका व्यक्तिहरुलाई संरक्षण गर्ने सम्बन्धी महासन्धि पनि सोही कडीको रुपमा हेर्नु पर्ने भएको छ । यस महासन्धिले स्थापित भैरहेको मानव अधिकार सम्बन्धी अर्न्तराष्ट्रिय कानूनको भन्दा भिन्न कुनै मूल्य स्थापना गरेको नभै मूलप्रवाहका कानूनको पृष्ठपोषण मात्रै गरेको देखिएकोले यस महासन्धि अनुमोदन नगरेको सम्म कारणले मात्र मूल प्रवाहका मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय कानून अर्न्तगत सिर्जित राज्यको उत्तरदायित्वलाई कुनै हद सम्म न्यूनतम बनाएको सम्झन मिल्ने आधार देखिन्न । तसर्थ उक्त सन् २००६ को महासन्धिको अनुमोदन हुन बाँकी रहेको अवस्थामा नै पनि नेपालले अनुमोदन गरेको अन्य महासन्धिहरुबाट सिर्जित दायित्व र मानव अधिकारको संरक्षणको सम्बन्धमा प्रचलित अर्न्तराष्ट्रिय कानूनको सिद्धान्तको रुपमा समेत उक्त महासन्धिका प्रावधानहरुलाई सैद्धान्तिक रुपमा मार्गनिर्देशक तत्वको रुपमा अंगिकार गर्न बाधा नपर्ने मात्र होइन, आवश्यक समेत देखिन आएको छ ।

आफ्नो देशका नागरिकहरुको जीवन, प्रतिष्ठा र स्वतन्त्रताको लागि हाम्रो देशले पनि उक्त महासन्धिका सिद्धान्तहरु अपनाउन त्यस्ता अधिकारको सम्मान र सम्वर्धनका लागि सहज र उपयोगी हुने

---

७ General Assembly Resolution 61/177, United Nations.

भएकोले हाम्रो कानून प्रणालीमा तिन्को समावेशीकरण गर्नमा आपत्ति रहँदैन । हाम्रो कानून र व्यवहार दुबैमा त्यो आपत्तिजनक होइन, बरु आवश्यक देखिन आएको छ । यस्तो महासन्धिलाई राज्यले आफ्नो संवैधानिक पद्धति भित्र रहेर यथाशीघ्र अनुमोदनको प्रकृया अघि बढाउनु अपेक्षित देखिन्छ ।

यसबाट हामीले आफ्नो नागरिक सुरक्षाप्रतिको संवेदनशीलता र विश्व समुदायप्रति राज्यको मानव अधिकारको संरक्षण गर्ने प्रकृयामा उत्तरदायित्व बोध गरेको देखिन आउनेछ । अब महासन्धिका मूलभूत प्रावधानहरु तर्फ विचार गरौं ।

उक्त महासन्धिको धारा २ ले बेपत्ता बनाइने कार्यलाई राज्यका निकाय वा राज्यद्वारा अख्तियारी, समर्थन वा सम्मति पाएका व्यक्ति वा समुहहरुले कुनै पनि व्यक्तिलाई पक्राउ गरी, थुनामा राखी, अपहरण गरी वा अन्य कुनै तरिकाले स्वतन्त्रता तथा कानूनको संरक्षणबाट वञ्चित गर्ने र त्यसरी वञ्चित गर्नुको कारण तथा ती व्यक्तिहरु कहाँ र कुन अवस्थामा छन् भन्ने जानकारी नदिने कार्यलाई लिएको छ[८] ।

उक्त महासन्धिले राज्य पक्षहरुद्वारा व्यक्तिलाई जबर्जस्ती बेपत्ता नगराइने कुराको प्रत्याभूति गर्नका लागि राज्यलाई निम्न लिखित दायित्व तोकेको छ :

- कसैलाई पनि जबरजस्ती बेपत्ता नगराईने र गोप्य थुनामा नराखिने,
- जबरजस्ती बेपत्ताको कार्यलाई कानूनद्वारा फौज्दारी कसूर कायम गरी दण्डनीय बनाउने, राजनीतिक कसूर नमान्ने र आरोपित व्यक्तिको उपस्थितिको सुनिश्चतिता दिलाउन, सुपुर्दगी वा प्रत्यर्पणको व्यवस्था गर्ने,
- जबरजस्ती बेपत्ता सम्बन्धी कार्यको अनुसन्धान गर्ने र जिम्मेवार रहेको व्यक्तिलाई न्यायको कठघरामा उभ्याउने,
- जबरजस्ती बेपत्ताका पीडितहरुलाई प्रभावकारी उपचारको अधिकार, प्रत्याभूत गर्ने,
- जबरजस्ती बेपत्ताको आरोप लगाईएको घटनाको सम्बन्धमा निश्पक्ष छानविनको सुनिश्चितता तुल्याउने,
- उजुरकर्ता, साक्षी र पीडितका आफन्तहरुको संरक्षणको व्यवस्था गर्ने,

१०. उपरोक्त महासन्धि जारी हुनुपूर्व नै जबर्जस्ती बेपत्ता पार्ने कार्यका सम्बन्धमा अमेरिकी महाद्विपका राष्ट्रहरुले सन् १९९४ मा नै क्षेत्रीयस्तरमा Inter American Convention on Forced Disappearance of persons जारी गरेका र कोलम्बिया, ग्वाटेमाला, पारागुवे, पेरु र भेनेजुयलाले उक्त कन्भेन्सन अनुसार नै जबर्जस्ती बेपत्ता बनाइने कार्यसम्बन्धी छुट्टै कानून बनाई त्यस्तो कार्यलाई फौज्दारी कसूरको रुपमा परिभाषित गरेको पाइन्छ [९].

---

८ For the purposes of this Convention, enforced disappearances is considered to be the arrest, detention, abduction or any other form of deprivation of liberty by agents of the state or a persons or groups of person acting with authorization, support or acquiescence of the state followed by a refusal to acknoweLdge the deprivation of liberty or by concealment of the fate or whereabout of the disappeared person, which place such a person outside the protection of the law.

९ Report submitted by Mr. Manfred Nowak to 58th Session of Comission on Human Rights, Item 11 of the Provisional Agenda at January 2002.

११. नेपालले अनुमोदन गरेका र पक्ष भएका आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र १९६६ ले राज्यले परिवारको स्थापना, बालबालिकाको हेरचाहा तथा शिक्षाको लागि सम्भव भएसम्म व्यापक सुरक्षा तथा सहायता दिनुपर्ने दायित्वलाई पक्ष राष्ट्रले स्वीकार गरेका छन्[१०] । त्यस्तै, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय अनुबन्धको धारा ६ मा प्रत्येक व्यक्तिलाई नैसर्गिक अधिकारको रुपमा जीवनको अधिकार रहेको र सो अधिकार कानूनद्वारा संरक्षण भएको प्रत्याभूति दिइएको छ[११] । सो धारामा अभिव्यक्त जीवनको अधिकार भन्ने व्यवस्थालाई संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्तको कार्यालयले जीवनको अधिकार जस्तो सुकै शङ्कटको अवस्थामा पनि निलम्बन हुन नसक्ने व्यक्तिको सर्वोच्च अधिकार हो भनी व्याख्या गरेको छ[१२]। सोही प्रतिज्ञापत्रले पक्ष राष्ट्रहरुलाई नागरिकका निम्न अधिकारको संरक्षण गर्ने दायित्व समेत सुम्पेको छ[१३]।

- प्रत्येक व्यक्तिलाई स्वतन्त्रता तथा सुरक्षाको अधिकार छ । कसैलाई पनि स्वेच्छाचारी रुपले पक्राउ गर्न वा थुनामा राख्न पाइने छैन । कानूनबाट निर्धारित आधारमा वा कार्यविधि बमोजिम बाहेक कसैको वैयक्तिक स्वतन्त्रताको अपहरण गरिने छैन ।
- पक्राउ गरिएका व्यक्तिलाई पक्राउ गरिएको समयमा निजलाई पक्राउ गरिएको कारणको सूचना दिइने छ तथा निज विरुद्ध लगाइएको आरोपको तुरुन्त जाकारी दिइने छ ।
- कुनै फौज्दारी अभियोगमा पक्राउ गरिएको वा थुनिएको कुनै पनि व्यक्तिलाई न्यायाधीश वा कानूनद्वारा न्यायिक शक्ति प्रयोग गर्न पाउने अधिकारप्राप्त अधिकारी समक्ष तुरुन्त ल्याइने छ तथा त्यस्तो व्यक्तिलाई न्यायोचित समयावधिभित्र सुनवाई गरिपाउने वा छुटकारा पाउने अधिकार हुनेछ ।
- पक्राउ वा थुनाबाट स्वतन्त्रता अपहरण गरिएको कुनै पनि व्यक्तिले कुनै अदालत समक्ष कारवाही थालनी गर्न पाउने छ ताकि सो अदालतले बिलम्ब नगरी निजको थुनाको वैधताको सम्बन्धमा निर्णय गर्न तथा थुना कानूनी नभएमा निजलाई रिहाई गर्न आदेश दिनसक्नेछ ।
- गैरकानूनी पक्राउ वा थुनाबाट पीडित भएको कुनै पनि व्यक्तिलाई क्षतिपूर्तिको कार्यान्वयन गर्न सकिने अधिकार हुनेछ ।

१२. प्रतिज्ञापत्रको धारा २ को व्याख्या गर्ने क्रममा मानव अधिकार उच्चायुक्तको कार्यालय मानव अधिकार समितिले व्यक्तिलाई जबर्जस्ती बेपत्ता बनाउने कार्य प्रतिज्ञापत्रको धारा ६,७ र ९ को उल्लंघन हुनाका साथै सो कार्य मानवता विरुद्धको अपराध हुने भनी उल्लेख गरेको छ[१४] ।

---

१० Article 10, International Covenant on Economic, Social and Cultural Rights, 1966

११ Everry human beings have the inherent right to life. This riht shall be protected by law. No one shall be arbitrarily deprived of his life.

१२ CCPR General Comment No. 14, Office of the High Commissioner for Human Rights, Twenty-third Session, 1984

१३ Article 9 International Covenant on Civil and Political Rights, 1966

१४ CCPR General Comment No. 31, Office of the High Commissioner for Human Rights, Eightieth Session, 2004

१३. प्रतिज्ञापत्रमा पक्ष राष्ट्रहरुले स्वीकार गरेका व्यक्तिका यी अधिकारहरुको सम्मान र सुनिश्चितता प्रदान गर्न विद्यमान व्यवस्थापकिय उपायहरुबाट कार्यान्वयन हुन नसक्ने भएमा आवश्यक व्यवस्थापकीय उपायहरु अवलम्बन गर्ने तथा सरकारी हैसियतमा कार्य गर्ने व्यक्तिहरुबाटै यी अधिकारहरुको उल्लंघन भएको भए तापनि प्रभावकारी उपचारको सुनिश्चितता प्रदान गर्ने दायित्व स्वीकार गरेका छन्[१५] ।

१४. यसैगरी यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि १९८४ ले पनि हिरासत वा थुनामा रहेका व्यक्तिहरुलाई कुनै प्रकारको अमानवीय यातना दिन निषेध गरेको छ ।

१५. नेपाल सन्धि ऐन २०४७ को धारा ९ ले नेपालले अनुमोदन गरेको यस्ता सन्धि सम्झौताको व्यवस्था नेपाल कानून सरह लागू हुने व्यवस्था गरेकाले नेपालले समेत स्वीकार गरिसकेको यी दस्तावेजहरुले निर्धारण गरेको दायित्वबाट राज्यले उन्मुक्ती पाउन सक्ने अवस्था रहँदैन ।

१६. यस्ता विषयमा विदेशी अदालतहरुले के कस्तो अभ्यास गर्ने गरेका रहेछन् भन्ने तर्फ हेर्दा Rudal Sah v. Union of India को मुद्दामा भारतीय सर्वोच्च अदालतले निवेदक Rudal Sah लाई गैरकानूनी थुनामा राखेको देखिएको स्थितिमा गैरकानूनी थुनामुक्त गर्नुका साथै बन्दीप्रत्यक्षीकरणको निवेदनबाटै मौद्रिक क्षतिपूर्ति समेत भराइदिने निर्णय गरेको छ । अदालतले उक्त क्षतिपूर्तिको निर्णयलाई साधारण अधिकारक्षेत्र अन्तर्गत दिइने क्षतिपूर्तिको रुपमा नलिई राज्यले प्रत्याभूत गरेका नागरिकको आधारभूत मौलिक अधिकारको उपभोग गर्नबाट वञ्चित गरेबापत दिइने क्षतिपूर्ति हो र यो क्षतिपूर्ति दिने आदेशको अभावमा अदालतबाट हुने आदेश राज्यका तर्फबाट भएका मानव अधिकारको गम्भीर उल्लंघनका घटनामा व्यक्तिको वैयक्तिक स्वतन्त्रताप्रति अदालतले देखाएको ओठेभक्ति मात्र साबित हुन्छ (...... the refusal of the Supreme Court to pass an order of compensation in favour of the petitioner will be doing mere lip-service to his fundamental rights to liberty which the state government has so grossly violated.) भनी व्याख्या गरेको छ[१६] ।

१७. त्यस्तै Sebastian M. Hongray v. Union of India को मुद्दामा C.Daniel / C. Paul लाई भारतीय सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता बनाएको भनी निवेदकले दाबी लिएको र विपक्षीहरुले निजहरुलाई पक्राउ नै नगरिएको भनी लिखित जवाफ दिएको भए तापनि घटनाको तथ्यबाट निवेदकहरुको अस्वाभाविक मृत्यु भएको देखिएको र राज्यले उक्त घटनाप्रति आफ्नो दायित्व पूरा गरेको नदेखिएको भन्ने आधारमा मृतकका विधवा हरुलाई जनही एक लाख क्षतिपूर्ति र घटनाबारे आवश्यक अनुसन्धान गर्न प्रहरी समादेशक (Superitendent of Police) का नाममा परमादेश जारी गरेको देखिन्छ ।[१७]

१८. मानिसहरुलाई जबर्जस्ती बेपत्ता बनाएका घटनाहरुप्रति मानव अधिकार सम्बन्धी क्षेत्रीय अदालतहरुबाट समेत निर्णय भएको देखिन्छ । Inter-American Court of Human Rights ले Velasquez Rodriguez v. Honduras को मुद्दामा राज्यले जबर्जस्ती बेपत्ता पारेको भन्ने पूर्ण र

---

१५ Article 2 ibid.

१६ AIR (1983) 4 SCC 141.

१७ AIR (1984) 3 SCC 83

प्रत्यक्ष प्रमाणको अभावमा पनि राज्यको उत्तरदायित्व कायम रहने सिद्धान्त प्रतिपादन गरेको छ । उक्त मुद्दामा Manfredo Velasquez Rodriguez भन्ने एक विद्यार्थीलाई होण्डुरसको सशस्त्र प्रहरीले पक्राउ गरेको भन्ने दाबी लिइएको थियो । सो कुराको प्रत्यक्ष प्रमाणको अभावमा पनि राज्यको उत्तरदायित्व स्थापित गर्न अदालतले परिस्थितिजन्य र अनुमानित प्रमाण (Circumstantive and presumptive) को आधार लिनसक्ने र नागरिकका मानव अधिकारको पूर्ण उपभोग हुनसक्ने संयन्त्रको सृजना गर्नु राज्यको उत्तरदायित्व हुने भनी सिद्धान्त कायम गरेको छ[१८] ।

१९. सोही अदालतमा Trujillo Oroja v. Bolivia भएको मुद्दामा पीडित Jose Carlos Trujillo Oroja लाई बोलिभियाको सुरक्षाकर्मीले १९७१ को डिसेम्बरमा पक्राउ गरी फेब्रुअरी १९७२ मा बेपत्ता पारिएको दाबी लिई १९९९ मा मुद्दा दायर भएको थियो । उक्त मुद्दामा बोलिभियन सरकारले न्यायिक अनुसन्धान गरी सो को प्रतिवेदनको आधारमा Jose Carlos Trujillo Oroja लाई जबर्जस्ती बेपत्ता गराएको तथ्यलाई स्वीकार गरी परिवारजनसँग क्षमा याचना गरेको, जबर्जस्ती बेपत्ता हुने घटना दोहोरिन नदिन र दोषीलाई संजाय गर्न कानूनमा आवश्यक संशोधनको तयारी गरेको तथा परिवारलाई ४००० अमेरिकी डलर क्षतिपूर्तिको प्रस्ताव गरेको थियो । उक्त मुद्दामा बोलिभियन सरकारले नागरिक प्रतिको आफ्नो दायित्वलाई स्वीकार गरिसकेकाले अदालतले सो मुद्दा तामेली राखेको भए तापनि बोलिभिया सरकारले Inter American Convention on Human Rights द्वारा संरक्षित मानव अधिकार र नागरिकहरु प्रति रहेको राज्यको दायित्वको उल्लंघन गरेका घोषणा गरेको थियो[१९] ।

२०. जबर्जस्ती बेपत्ताकै सम्बन्धमा European Convention for the Protection of Human Rights and Fundamental Freedoms 1950 अन्तर्गत स्थापित European Court of Human Rights ले Kurt v. Turkey को मुद्दामा उक्त अदालतले दिएको निर्णयलाई उल्लेखनीय मान्ने गरिन्छ । टर्कीका सुरक्षा अधिकारीले नोभेम्बर १९९३ मा Uzeyir Kurt लाई पक्राउ गरी हिरासतबाटै बेपत्ता पारेको दाबी लिई निजको आमाले १९९४ मा European Commission of Human Rights मा निवेदन दायर गरेपछि उक्त मुद्दाको सुरुवात भएको थियो । सो मुद्दामा उक्त अदालतले टर्की सरकारले Uzeyir Kurt को अवस्थाबारे निजको आमालाई लामो समयसम्म कुनै जानकारी नदिइ पीडा र छट्पटीमा राखेको तथा निजको बेपत्ताका सम्बन्धमा राज्यका तर्फबाट खोजबिन गर्ने कुनै सार्थक प्रयास समेत नगरी European Convention for the Protection of Human Rights and Fundamental Freedoms 1950 अन्तर्गतको राज्यको दायित्वको गम्भीर उल्लंघन गरेको भन्ने निर्णय गरी निवेदिकाले सहनुपरेको पीडा बापत १०,००० स्टर्लिङ्ग पाउण्ड र निजको छोरालाई बेपत्ता बनाइए बापत १५,००० स्टर्लिङ्ग पाउण्ड क्षतिपूर्ति दिलाईदिने आदेश समेत गरेको पाइन्छ[२०]।

२१. माथिका निर्णयहरुबाट Inter-American Court of Human Rights तथा European Court of Human Rights मानव अधिकार सम्बन्धी क्षेत्रीय अभिसन्धिहरुले खडा गरेका र सोही अभिसन्धिहरुले निर्धारित गरे बमोजिमको राज्यको दायित्वको व्याख्या ती अदालतले गरेको

---

[१८] Velasquez Rodriguez v. Honduras Petition No. 7920/1981, Judgement of 29 July 1988

[१९] Trujillo Oroja v. Bolivia Judgement of 26 January 2000

[२०] Kurt v.Turkey, Application No. 24276/94 Judgement of 25 May 1998

देखिन्छ । नेपाल मानव अधिकार सम्बन्धी त्यस्तो कुनै छुट्टै क्षेत्रीय अभिसन्धिको पक्ष नरहेको भए तापनि संयुक्त राष्ट्र संघको एक सक्रिय सदस्य रहेको, मानव अधिकारसँग सम्बन्धित विभिन्न अन्तराष्ट्रिय अनुबन्धहरुलाई स्वीकार गरेको तथा संविधान तथा अन्य कानूनी प्रबन्ध मार्फत मानव अधिकार र नागरिक स्वतन्त्रता प्रति पटक-पटक आफ्नो प्रतिबद्धता समेत व्यक्त गरिसकेको छ । सो सन्दर्भमा माथि उल्लिखित विदेशी तथा मानव अधिकार सम्बन्धी क्षेत्रीय अदालतहरुले गरेको निर्णय अनुरुप विकसित भएका मानव अधिकार सम्बन्धी मापदण्ड र सिद्धान्तहरु हाम्रो संविधानले अङ्गिकार गरेको न्यायका मान्य सिद्धान्तका रुपमा बेपत्ता भएका नागरिकहरुप्रति राज्यको के कस्तो दायित्व रहने भनी स्थापित सिद्धान्तलाई यस अदालतले उदाहरणको रुपमा लिनसक्ने नै देखिन्छ । त्यसलाई अन्यथा गर्नुपर्ने अवस्था पनि रहँदैन ।

२२. सामान्य अवस्थामा वा द्वन्द्वको अवस्थामा राज्यको नागरिकहरुप्रति के कस्तो दायित्व हुने रहेछ भन्ने सम्बन्धमा हेर्दा नेपाल अधिराज्यको संविधान २०४७ को प्रस्तावनामा नै नागरिकको आधारभूत मानव अधिकारको प्रत्याभूति गरी कानूनी राज्यको अवधारणलाई साकार पार्ने प्रतिबद्धता व्यक्त गरिएको पाइन्छ । सोही संविधानको भाग ३ मा मौलिक हक शीर्षक अन्तर्गत धारा १२ को उपधारा (१) मा कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण नहुने प्रावधान छ । त्यस्तै, धारा १४ को फौज्दारी न्याय सम्बन्धी हक अन्तर्गत उपधारा ४ मा अनुसन्धान, तहकिकात वा पुपर्क्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको कुनै व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन भन्ने व्यवस्था गरेको छ । सोही धाराको उपधारा ५ ले पक्राउ भएको व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना यथाशिघ्र चाँडो नदिइ थुनामा नराखिने र उपधारा ६ मा पक्राउ गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाई पक्राउ भएको ठाउँबाट बाटाको म्याद बाहेक २४ (चौविस) घण्टा भित्र मुद्दा हेर्ने अधिकारीका समक्ष उपस्थित गराउनु पर्छ र कुनै पनि व्यक्तिलाई त्यस्तो अधिकारीको आदेशले बाहेक सो अवधि भन्दा बढी थुनामा राखिने छैन भन्ने व्यवस्था गरेको छ ।

२३. नेपालको अन्तरिम संविधान, २०६३ ले पनि उपरोक्त २०४७ सालको संविधानले प्रत्याभूत गरेको आधारभूत मौलिक अधिकारलाई थप सुरक्षित गरेको छ । संविधानको प्रस्तावनामा नै नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार तथा कानूनी राज्यको अवधारणा प्रति पूर्ण प्रतिबद्धता व्यक्त गरिएको छ ।

२४. संविधानको धारा १२ को उपधारा(१) ले स्पष्ट शब्दमा व्यक्तिको बाँच्न पाउने अधिकार (Right to Life) को संरक्षण गरी प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक प्रदान गरेको छ । न्याय सम्बन्धी हक अन्तर्गत धारा २४(१) मा कुनै व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन भन्ने व्यवस्था गरेको देखिन्छ । सोही धाराको उपधारा (२) मा पक्राउ गरिएका व्यक्तिलाई पक्राउ भएको समयबाट बाटोको म्याद बाहेक २४ घण्टा भित्र मुद्दा हुर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ र यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएका व्यक्तिलाई थुनामा नराखिने कुराको प्रत्याभूति दिइएको छ । उपधारा ८ मा प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिएको कारवाहीको जानकारी पाउने हक हुनेछ भन्ने र उपधारा ९ मा कुनै पनि व्यक्तिलाई सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनवाइको हक हुनेछ भन्ने व्यवस्था गरेको देखिन्छ ।

२५. यसैगरी संविधानको धारा २६ मा यातना विरुद्धको हक अन्तर्गत उपधारा १ मा अनुसन्धान, तहकिकात वा पुपर्क्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन भन्ने व्यवस्था गरेको छ । सोही धाराको उपधारा २ मा उपधारा (१) बमोजिमको कार्य कानूनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानूनले निर्धारण गरे बमोजिमको क्षतिपूर्ति दिईने छ भन्ने व्यवस्था गर्नुका साथै संविधानको धारा १४३ को उपधारा (७) को प्रतिबन्धात्मक वाक्यांशले यस्ता अधिकारलाई मूलुकमा संकटकाल घोषणा गरेको अवस्थामा समेत निलम्बन गर्न नसकिने व्यवस्था गरी व्यक्तिको जीवनको अधिकार प्रति संवैधानिक व्यवस्था सम्वेदनशील रहेको तथ्य पुष्टि हुन्छ ।

२६. सामान्य अवस्थामा व्यक्तिको मौलिक हकको संरक्षण गरी सम्मानपूर्वक बाँच्न पाउने हकको संरक्षण गर्ने दायित्व राज्यको रहने कुरामा विवाद भएन । द्वन्द्वको अवस्थामा व्यक्तिका नागरिक अधिकारहरु अझ बढि जोखिमपूर्ण अवस्थामा रहने हुँदा त्यस्तो विषम परिस्थितिमा राज्यको दायित्व अझ बढि सम्वेदनशील र जिम्मेवारीपूर्ण हुन्छ । अन्तराष्ट्रिय स्तरमा पनि द्वन्द्वको समयमा मानव अधिकारको संरक्षण र अन्तराष्ट्रिय मानवता सम्बन्धी कानूनको परिपालनाको प्रश्न चुनौतीको रुपमा रहिआएको देखिन्छ । नेपालमा सन् २००३ र २००४ मा बन्दीहरुलाई गैरकानूनी रुपमा थुनामा राख्ने र जबर्जस्ती बेपत्ता बनाउने प्रवृत्ति संसारमै सबैभन्दा उच्च रहेको भन्ने एक अध्ययन प्रतिवेदनमा उल्लेख भएको पाइन्छ[२१] ।

२७. उपरोक्त बमोजिमका घोषणापत्र, महासन्धि र अनुबन्ध समेतका दस्तावेजहरुले मानिसहरुलाई जबर्जस्ती बेपत्ता गराइने कार्यबाट व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने अधिकार, यातना विरुद्धको अधिकार, व्यक्तिगत स्वतन्त्रताको अधिकार,स्वच्छ सुनवाई र न्यायमा सहज पहुँचको अधिकार तथा पारिबारिक जीवन सम्बन्धी अधिकारमा गम्भीर आघात पुग्ने पक्षलाई औंल्याएको पाइन्छ ।

२८. नेपालमा जबर्जस्ती बेपत्ता बनाइने कार्यसम्बन्धी छुट्टै कानूनी व्यवस्था भैसकेको नभए तापनि अन्तरिम संविधान २०६३ का कतिपय प्रावधानहरुले द्वन्द्वरत अवस्थामा यस्ता घटनाहरुको विद्यमानतालाई स्वीकार गरेको पाइन्छ । यस संविधान निर्माणको पृष्ठभूमिमा रहेको र संविधानले आफ्नो अङ्गका रुपमा स्वीकार गरेका ने.क.पा. (माओवादी) र सात राजनीतिक दलका बीच द्वन्द्वको शान्तिपूर्ण रुपान्तरणको लागि विभिन्न चरणमा भएका राजनीतिक सहमती एवं नेपाल सरकार र ने.क.पा. (माओवादी) बीच २०६३।८।५ मा भएको विस्तृत शान्ति सम्झौताले पनि अन्तराष्ट्रिय मानवीय कानून तथा मानव अधिकार सम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरुप्रति प्रतिबद्धता जनाएको छ । संविधानको अनुसूची ४ मा रहेको उक्त शान्ति सम्झौताको दफा ५.२.३ मा दुबै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिहरुको तथा युद्धको समयमा मारिएकाहरुको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएका मितिले ६० दिन भित्र सूचनाहरु सार्वजनिक गरी परिवारजनलाई समेत जानकारी उपलब्धी गराउन मञ्जुर गर्दछन् भनी र दफा ५.२.५ मा दुबै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकारको उलङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्नताहरुको वारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतीबाट उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमती जनाइएको र दफा ७ मा आधारभूत मानव अधिकारको परिपालना अन्तराष्ट्रिय मानवीय कानूनको परिपालनामा दुबै पक्षले

२१ Amnesty International Report, the State of the World's Human Rights, 2005, P. 23

प्रतिबद्धता व्यक्त गरेबाट समेत राज्यले बेपत्ता भएका नागरिकहरु प्रति आफ्नो दायित्व रहेको तथ्यलाई स्वीकार गरिसकेको देखिन आउँछ ।

२९. राज्यले उपरोक्त शान्ति सम्झौता तथा अन्य विभिन्न राजनीतिक सहमति मार्फत व्यक्त गरेका प्रतिबद्धताहरुलाई अन्तरिम संविधान २०६३ ले समेत आत्मसात गरेको छ । संविधानको भाग ४ अन्तर्गत राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरु शीर्षक अन्तर्गत धारा ३३(थ) मा सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता पारिएका व्यक्तिहरुका सम्बन्धमा गठित छानविन आयोगको प्रतिवेदनको आधारमा त्यस्ता व्यक्तिहरुको पीडित परिवारहरुलाई राहत उपलब्ध गराउने तथा ३३(ध) मा सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उलङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिहरुका बारेमा सत्य अन्वेषण गर्न तथा समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्ने व्यवस्था गरेको देखिन्छ ।

३०. उल्लेखित संविधानको भाग ४ अन्तर्गतको प्रावधानहरु कार्यान्वयन भए वा नभएको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन नसकिने भनी धारा ३६ ले व्यवस्था गरेको भए तापनि यी प्रावधानहरुमा भएका व्यवस्था राज्यका प्रतिबद्धता हुन भन्ने कुरामा विवाद रहेको देखिंदैन । राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु अदालतबाट कार्यान्वयन गराउन नसकिने भए तापनि यी केवल देखाउनका लागि मात्र राखिएको होइन, राज्यले यी सिद्धान्त तथा नीतिहरुको उपेक्षा गर्न सक्दैन भनी यस अदालतले योगी नरहरीनाथ वि. मन्त्रिपरिषद सचिवालय समेत भएको रिट निवेदन[२२]मा प्रतिपादन समेत गरेकोले राज्यले संविधानको निर्देशक सिद्धान्तमा उल्लेखित विषयलाई उपेक्षा गर्न मिल्दैन ।

३२. नागरिकहरुको मूलभूत जीवन, स्वतन्त्रता र न्यायको अधिकारको उल्लंघनको घटनाको रुपमा बेपत्ता पारिएको घटनालाई लिइने हुनाले वस्तुतः बेपत्ता पारिएकाहरुका सम्बन्धमा गरिने कानूनी अनुसन्धान वा कारवाहीहरु मौलिक हक अन्तर्गतकै उपचारको हकको अङ्गको रुपमा लिइने हुनाले सो को कार्यन्वयनको रुपमा पनि सत्यनिरुपणको प्रकृया प्रशस्त गर्न सकिन्छ । राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरुका विषयमा राज्यले आफ्नो प्राथमिकता अनुसार कहिले आयोग गठन गर्ने भन्ने कुरा उसको सुविधाको विषय भन्न सक्ला र राज्यको निर्देशक सिद्धान्तको कार्यान्वयन आफ्नो तजविजको विषय भन्न सक्ला, तर मौलिक हककै अङ्गको रुपमा उपचारात्मक संयन्त्रको दृष्टिले गरिने कानूनी अनुसन्धान अभियोजन र उपचारको विषय दोस्रो प्राथमिकताको विषय हुन सक्तैन र अदालतको क्षेत्राधिकार बाहिरको विषय पनि हुन सक्तैन ।

३३. यथार्थमा भन्ने हो भने बेपत्ता पारिएको व्यक्तिहरुको हकमा सत्यतथ्य पत्ता लगाई निकास दिने कुरामा राज्यका अन्य अङ्ग र अदालतको क्षेत्राधिकार भित्र आपसमा द्वन्द्वको अवस्था रहनु पर्ने कारण पनि देखिन्न । बरु यस सम्बन्धी राज्यको उत्तरदायित्व साझा रुपमा पूरा गर्नुपर्ने किसिमको दायित्व हो भनी मान्न सकिन्छ । देशमा लोकतान्त्रिकरणको दिशामा ठूलो आशा र विश्वास सहित फडको मारिरहेको बखत द्वन्द्वको क्रममा बेपत्ता परेको मानिसहरुको सन्दर्भमा नै समकालीन राज्यसत्ताले गम्भीरता देखाउदैन भने परिवर्तनको कारणको औचित्य र परिवर्तनले लक्ष्य गरेको दिशा हराउने सम्भावना रहन्छ । द्वन्द्वले व्यवस्थापनको र समाधानको बाटो पक्रेको छ भन्ने अनुभूति दिलाउने पहिलो कार्य नै द्वन्द्वको क्रममा भएको धनजनको क्षतिको आंकलन र उपचार हो । त्यसैले पनि यो विषय सामाजिक, आर्थिक राजनीतिक कारणहरुको अतिरिक्त कानूनी रुपले नै

[२२] ने.का.प. २०५३, अङ्क १, नि.नं. ६१२७ पृ.३३

न्यायनिरोपण योग्य विषय देखिन आएको छ । त्यसैले राज्यले सो अनुसारको दायित्वको परिपालना गरेको छ वा छैन भनेर यस अदालतले न्यायिक मूल्याङ्कन गर्नसक्ने भै गर्न पर्ने समेत हुन्छ ।

३४. उपरोक्त संवैधानिक व्यवस्था समेतको आधारमा द्वन्द्वको अवस्थाबाट सृजित परिस्थितिप्रति राज्यको दायित्व रहने तथ्यमा विवाद देखिंएन । सशस्त्र द्वन्द्वको बेला स्वाभाविक रुपमा अन्य सामान्य अवस्थामा भन्दा मानव अधिकार र मानवीय कानूनको बढी उलङ्घन हुन्छन् । द्वन्द्वको अवस्थामा खस्किएको मानव अधिकारको अवस्था र मानवीय कानूनको उल्लङ्घनको यथार्थतालाई घटनालाई द्वन्द्वको शान्तिपूर्ण रुपान्तरण गर्न राज्यले जिम्मेवार र संवेदनशील रुपमा सम्बोधन गर्नुपर्ने दायित्व हुन्छ । द्वन्द्वको समयमा व्यक्तिका नागरिक स्वतन्त्रता र सम्मानजनक रुपमा बाँच्न पाउने अधिकारहरुको अपहरण भएको घटनाप्रती राज्य मौन भइ बस्न मिल्दैन । राज्यले द्वन्द्वको चपेटामा परेका र विस्थापित भै पीडित हुन पुगेका नागरिकहरुलाई दिइने राहतका सम्बन्धमा स्पष्ट नीति निर्धारण गरी बिना भेदभाव समानताको आधारमा पारदर्शी ढङ्गले राहत बितरण गर्नु राज्यको कर्तव्य हुने भनी यस अदालतले निवेदक भीम प्रकाश ओली विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत भएको २०६१ सालको रिट नं. ३३९४ मा आदेश गरेको समेत देखिएबाट द्वन्द्वको समयमा भएको मानव अधिकारको उल्लङ्घनप्रति राज्य सम्वेदनशिल हुनुपर्ने र राज्यले यस्तो सम्वेदनशीलता देखाउन नसकेमा अदालतले आवश्यक निर्देशन दिनसक्ने मान्यता हाम्रो न्यायिक प्रणालीमा समेत अवलम्बन गरिसकिएको देखिन आयो ।

३५. प्रस्तुत सन्दर्भमा माथि प्रश्न नं.१ को विवेचनाबाट निवेदनमा उल्लेखन गरिएका अधिकांश व्यक्तिहरुको स्थिति अज्ञात नै रहेको अवस्था देखिएकोले माथि उल्लेख भए बमोजिमका अन्तराष्ट्रिय कानूनी दस्तावेजहरु, विदेशी तथा मानव अधिकार सम्बन्धी क्षेत्रीय अदालतहरुको निर्णय, हाम्रो संवैधानिक प्रावधान समेतबाट बेपत्ता भएका व्यक्तिहरुको यथार्थ स्थिति पहिचान गरी अवस्था सार्वजनिक गर्ने, दोषी देखिएका जिम्मेवार अधिकारीहरुलाई कानूनी कारवाही गर्ने र पीडित पक्षलाई उचित राहतको व्यवस्था गर्ने दायित्वबाट राज्य पन्छिन सक्ने अवस्था देखिएन ।

३६. अब उपरोक्त बमोजिमको दायित्व राज्यले पूरा गरेको छ वा छैन अथवा पूरा गर्ने तर्फ के कस्ता कदम चालेको रहेछ भन्ने सन्दर्भमा हेर्दा विपक्षीहरुबाट प्राप्त लिखित जवाफ तथा महान्यायाधिवक्तको कार्यालयबाट उपस्थित सहन्यायाधिवक्ताले समेत राज्यले यस तर्फ यो यस्तो कारवाही गरेको छ भनी ठोस र आधारयुक्त तथ्यगत अवस्था एवं विवरण देखाउन सकेको पाइएन । राज्यले ने.क.पा.(माओवादी) र नेपाल सरकार बीच २०६३।८।५ मा भएको विस्तृत शान्ति सम्झौता तथा अन्तरिम संविधान २०६३ मा समेत यस सम्बन्धी दायित्वलाई स्वीकार गरिसकेको भए तापनि सो दायित्व पूरा गर्न हालसम्म ठोस कदम चालेको देखिएन । जीवन र सम्मानपूर्वक बाँच्न पाउने वैयक्तिक स्वतन्त्रताको हकको संरक्षण हुन नसकेको अवस्थामा राज्यले संविधानमार्फत स्वीकार गरेका सम्पूर्ण दायित्व नै अर्थहीन हुन जान्छ (Life is significant precondition for enjoying all freedoms. Other preconditions, such as capacity for autonomy, and social and economic structure which allow people to choose between realistic options, are valuable only while we continue to enjoy life[२३]). जबर्जस्ती बेपत्ताले व्यक्तिको अस्तित्व नै अज्ञात र शंकास्पद हुने भै त्यस्ता व्यक्तिको लागि अन्तराष्ट्रिय तथा राष्ट्रिय कानूनले प्रत्याभूत गरेका आधारभूत मौलिक तथा मानव अधिकारमा

२३ David Feldman, Civil Liberties and Human Rights in England and Wales, 2nd ed. Oxford University Press, 2002, p 179

पहुँच हुनसक्ने अवस्था नै रहँदैन । लिखित संविधान भएका मूलुकमा संविधान तथा राज्यले प्रतिबद्धता व्यक्त गरेका मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय दस्तावेजहरुले व्यक्त गरेका नागरिकका अधिकारहरुको सुनिश्चितता तुल्याउने प्राथमिक दायित्व राज्यको हुने कुरामा दुईमत हुनसक्दैन । तर संविधानले यस अदालतलाई संविधानको संरक्षक र नागरिक स्वतन्त्रताको पहरेदारको रुपमा दायित्व सुम्पेको हुनाले संविधानले तोकेको दायित्व राज्यका अन्य संयन्त्रले पूरा गर्न नसकेको अवस्थामा त्यस्तो दायित्व पूरा गराउन यस अदालतले उचित र आवश्यक आदेश दिनसक्ने नै देखियो ।

प्रश्न नं. ३ का सम्बन्धमा

बेपत्ता भएका नागरिकहरुको स्थिति सार्वजनिक गर्ने सम्बन्धमा हालसम्म भएका प्रयासको रुपरेखा र यसको पर्याप्ताको मूल्याङ्कन गर्दै यस सम्बन्धमा अब के कस्ता कदम चाल्न आवश्यक र उपयुक्त हुन्छ भन्ने प्रश्नमा निवेदक तर्फबाट उपस्थित विद्वान अधिवक्ता हरिकृष्ण कार्की र हरि फुयालले वामनप्रसाद न्यौपाने समितिले राम्रोसँग छानविन गर्न नसकेको तथ्य स्वयं प्रतिवेदनमा उल्लिखित सीमाहरुले देखाएको छ । जाँचबुझ आयोग ऐन, २०२६ अन्तर्गत बन्ने आयोगको गठन, काम कर्तव्य र अधिकार समेत सरकारको स्वविवेकमा रहने भएकाले सो ऐन अन्तर्गत गठन हुने आयोगले यस विषयमा प्रभावकारी छानविन गर्न नसक्ने भएकाले अन्तराष्ट्रिय मापदण्ड अनुसारको छुट्टै ऐन बनी सोही ऐन अन्तर्गत उच्चस्तरीय आयोग गठन हुनुपर्छ भनी बहस गर्नुभयो ।

निवेदक तर्फकै विद्वान अधिवक्ता मिलन कुमार राई र केदारप्रसाद दाहालले बेपत्ता भएका व्यक्तिहरुका सम्बन्धमा हाल अदालतमा परिरहेका मुद्दाहरु प्रतिनिधिमूलक मुद्दा मात्र हुन । यस सम्बन्धी घटनाको छानविनका लागि उच्चस्तरीय न्यायिक आयोग गठन गर्नुपर्ने र सो आयोगले अदालतमा परेका मुद्दाहरुमा मात्र सीमित नरही बृहत रुपमा जबर्जस्ती बेपत्ता पारिएका घटनाहरुलाई समेट्ने गरी क्षेत्राधिकार दिइनु पर्छ भनी बहस गर्नुभयो । विद्वान अधिवक्ता सतीशकृष्ण खरेलले बेपत्ता भएका व्यक्तिहरुका सम्बन्धमा परेका सम्पूर्ण निवेदनहरुको तथ्य एकिन गर्न संयुक्त राष्ट्र संघ मानव अधिकार उच्चायुक्तको कार्यालयले दिएको परामर्श, "Criteria for Commission of Inquiry on Enforced Disapperance" मा उल्लेख गरिएको कार्यविधि अपनाई छानविन गर्न हाल गठन भैरहेकै बन्दी अनुसन्धान कार्यटोलीलाई जिम्मा दिन उपयुक्त हुन्छ भनी बहस गर्नुभयो ।

एमिकस क्युरीका रुपमा उपस्थित विद्वान वरिष्ठ अधिवक्ता खेम नारायण ढुङ्गानाले प्रस्तुत मुद्दाको चरित्रबाट जाँचबुझ आयोग ऐन अन्तर्गत गठित आयोगले सत्य तथ्य पत्ता लगाउन सक्ने अवस्था छैन, अन्य उपयुक्त विकल्प खोजिनु पर्छ भन्ने र अधिवक्ता प्रकाश राउतले त्यस्तो विकल्पका रुपमा उच्चस्तरीय न्यायिक छानविन समिति (High Level Judicial Inquiry Committee) गठन गर्न सकिन्छ भनी बहस गर्नुभयो ।

महान्यायाधिवक्ताको कार्यालयबाट उपस्थित सहन्यायाधिवक्ता युवराज सुबेदी र उपन्यायाधिवक्ता भरतमणी खनालले सरकारले बेपत्ता रहेका व्यक्तिहरुको स्थिति पत्ता लगाउने कर्तव्य बोध गरी निजहरुको स्थिति सार्वजनिक गर्ने कार्य गरिरहेको छ । राजनीतिक सहमतिका आधारमा उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्ने प्रकृयामा शुरु भैसकेको हुँदा यस अदालतबाट पुनः जाँच आयोग गठन गर्नु भनी थप आदेश भैरहनु पर्ने अवस्था छैन भनी बहस गर्नुभयो ।

३७. यस इजलासमा आज निर्णय सुनाउन पेश भएका मुद्दाहरुमध्ये सबैभन्दा पुरानो दर्ता २०५५।१०।७५ को निवेदक राजेन्द्रप्रसाद ढकालका हकमा दायर भएको बन्दीप्रत्यक्षीकरणको निवेदन देखिन्छ । तत्पश्चात विभिन्न मितिमा विभिन्न व्यक्तिका हकमा बन्दीप्रत्यक्षीकरणको निवेदन दायर हुन आएको र मिति २०६३।४।११ मा बन्दीहरुको स्थिति सार्वजनिक गर्न तथा दोषीहरुमाथि कार्वाही गर्ने आदेश माग गरी परमादेशको निवेदन पर्न आएको देखिन्छ । उपरोक्त सबै मुद्दाहरुमा विपक्षी निकायहरुले मूल रुपमा निवेदनमा उल्लेख गरिएका व्यक्तिहरुलाई पक्राउ नै नगरिएको तथा हिरासतमा नराखिएको भन्ने जवाफ दिएका छन् । निवेदन लेखबाट बन्दीहरुको स्थिति सार्वजनिक गर्न तथा निजहरुको जीवनरक्षाको लागि राष्ट्रिय मानव अधिकार आयोग लगायतका मानव अधिकार सम्बन्धी विभिन्न संघ संस्थाहरुमा समेत निवेदन दिएको भन्ने खुल्न आउँछ । ती निकायहरुले बन्दीको स्थिति एकिन गर्ने सम्बन्धमा आ-आफ्नो संयन्त्र मार्फत प्रयास गरेको भन्ने यस अदालतमा प्राप्त हुन आएको ती निकायहरुको जवाफ तथा प्रतिवेदनहरुबाट देखिएको छ ।

३८. विपक्षी निकायहरुले निवेदनमा उल्लिखित व्यक्तिहरुलाई पक्राउ नगरेको भनी जवाफ दिएको भए तापनि यस अदालतले उक्त जवाफमा चित्त नबुझाई सो जवाफको पुष्ट्याईंको लागि पटक-पटक स्पष्टिकरण र पूरक जवाफ समेत मागेको थियो । राष्ट्रिय मानव अधिकार आयोगले कतिपय निवेदनहरुमा बन्दीलाई गैरकानूनी रुपमा थुनामा राखेको ठहरसाथ बन्दीलाई कानूनी प्रकृयामा लैजान र दोषी देखिएका जिम्मेवार अधिकारीलाई कारवाहीको सिफारिस गरेको भए तापनि आयोगको उक्त निर्णयको कार्यान्वयन भएको भन्ने देखिन आउंदैन ।

३९. बन्दीहरुको स्थिति पत्ता लगाउने सम्बन्धमा यस अदालतले विभिन्न उपायहरुको अवलम्बन गरेको देखिन्छ । बन्दीलाई पक्राउ गरेको देख्ने प्रत्यक्षदर्शी, थुनामा सँगै बसी रिहा भएका भनिएका व्यक्तिहरु तथा पक्राउ गर्ने भनी देखाइएका कतिपय सुरक्षाकर्मीलाई समेत यस अदालतमा झिकाई बयान गराएको देखिन्छ । रिट न ३५७५ को निवेदनमा यस अदालतले निवेदनमा उल्लेखित व्यक्तिलाई पक्राउ गरिएको हो वा होइन भन्ने एकिन गर्नका लागि गृह मन्त्रालयको सहसचिवस्तरबाट छानविन गराई प्रतिवेदन माग गरिएको देखिन्छ । साथै सोही निवेदनमा पुनरावेदन अदालतका रजिष्ट्रारबाट निवेदनमा पक्राउ गरिएको भनिएको कार्यालयको स्रेस्ता समेत हेरी बुझी पक्राउ गरिएको हो होइन ? पक्राउ गरिएको भए अन्यत्र लगे नलगेको समेत बुझी प्रतिवेदन गर्ने तथा स्थलगत सर्जमिन गरी सो को प्रतिवेदन समेत लिएको मिसिलबाट देखिन आएको भए तापनि यी कुनै पनि प्रयासबाट बन्दीको एकिन स्थिति खुल्न सकेको देखिंदैन ।

४०. उपरोक्त निवेदनहरु यस अदालतमा विचाराधीन रहेकै अवस्थामा नेपाल सरकारबाट बेपत्ता भएका नागरिकहरुको स्थिति सार्वजनिक गर्न गृह मन्त्रालयका सहसचिव वामनप्रसाद न्यौपानेको एक सदस्यीय छानविन समिति गठन गरेको देखिन आउँछ । उक्त समितिले विभिन्न स्रोतको आधारमा बेपत्ता रहेको भनिएको व्यक्तिहरुको संख्या ७७६ जना देखाएको छ । जसमध्ये १७४ जनाको अवस्था एकिन गरी ६०२ जनाको स्थिति अज्ञात रहेको भनिएको छ । यस अदालतमा दायर भएका रिट निवेदनमा उल्लेखित अधिकांश व्यक्तिहरुको नाम प्रतिवेदनमा स्थिति अज्ञात रहेको व्यक्तिहरुको विवरणमा उल्लेख गरेको देखिन्छ ।

४१. उक्त प्रतिवेदनमा बेपत्ता भएका नागरिकहरुको नाम, थर, ठेगाना, पक्राउ परेको मिति, स्थान, पक्राउ गर्ने निकाय, आदि स्पष्ट नभएको र कतिपय व्यक्तिहरुको हकमा सुरक्षा निकायले पक्राउ गरेको भनिएकोमा पक्राउ गरेको अभिलेखबाट नदेखिएको भनी सुरक्षा निकायबाट जवाफ प्राप्त भएको भनी बेपत्ता भएका व्यक्तिहरुको अवस्था एकिन गरी प्रतिवेदन तयार पार्ने कार्य चुनौतीपूर्ण

रहेको स्वीकार गरिएको छ । समिति एक सदस्यीय भएको, छोटो कार्यावधि भएको तथा स्थलगत निरीक्षण, जाँचबुझ र अनुसन्धान समेत नगरी सुरक्षा निकायले दिएको विवरणको आधारमा प्रतिवेदन तयार भएको देखिन्छ । जुन निकायले नागरिकहरुलाई पक्राउ गरी बेपत्ता पारिएको भनिएको छ तिनै निकायहरुले दिएको विवरणको आधारमा प्रतिवेदन तयार पारिएको हुनाले प्रतिवेदनले बेपत्ता भएका नागरिकहरुको बारेमा विस्तृत तथ्य उजागर गर्न सकेको पाइएन । उक्त प्रतिवेदनले स्थिति एकिन भएका भनिएका व्यक्तिहरुको हकमा पनि सो कुराको पुष्टी हुनसक्ने आधार तथा स्थिति अज्ञात रहेका भनी उल्लेख गरेका व्यक्तिहरुको विस्तृत विवरण दिन सकेको देखिंदैन । प्रतिवेदनले समितिको सीमा र विषयवस्तुको गाम्भीर्यतालाई मनन गरी यस सम्बन्धमा सरकारको तर्फबाट कानूनी रुपमा सम्बन्धित व्यक्तिलाई बोलाउने, बयान गराउने, प्रमाण बुझ्ने, स्थलगत रुपमा निरीक्षण एवं अनुसन्धान गर्ने लगायतका कार्यहरु समेत गरी छानविन तथा अनुसन्धान गर्न उपयुक्त हुने भनी सुझाव दिएको भए तापनि हालसम्म पनि सरकारका तर्फबाट उक्त सुझावलाई कार्यान्वयनमा ल्याई थप छानविन गर्ने तर्फ प्रयास गरेको देखिदैन ।

४२. नेपाल स्थित संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्तको कार्यालयले पनि विभिन्न व्यक्तिहरुलाई विभिन्न समयमा महाराजगन्ज स्थित भैरवनाथ र युद्धभैरव व्यारेकमा लामो समय सम्म राखी बेपत्ता पारेको भन्ने सम्बन्धमा छानविन गरी प्रतिवेदन सार्वजनिक गरेको देखिन्छ । प्रतिवेदनमा उक्त व्यारेकबाट बेपत्ता पारिएका भनी ४९ जनाको नामावली उल्लेख गरेको बेपत्ता पारिएको भनिएका अन्य व्यक्तिहरुका हकमा अनुसन्धान जारी राखेको उल्लेख छ । प्रतिवेदनले त्यस्ता व्यक्तिहरुको स्थिति पत्ता लगाउन भरपर्दो दक्ष र स्वतन्त्र छानविन गर्ने र मानव अधिकारको उल्लंघनमा संलग्न सेनाको इकाहरुको जिम्मेवारी एकिन गरी फौज्दारी दायित्वमा दोषी पाइएका व्यक्तिहरुलाई नागरिक अदालतमा पेश गर्नुपर्ने भनी सुझाव दिएको छ । साथै त्यसरी छानविन नभइन्जेल उनीहरुलाई निलम्बन गर्ने र संयुक्त राष्ट्रसंघको शान्ति स्थापना कार्यमा भाग लिन प्रस्तावित गरिन नहुने, प्रत्यक्षदर्शी तथा पूर्व थुनुवाहरु डर धम्कीबाट मुक्त भएको कुराको सुनिश्चता हुनुपर्ने र छानविनका निष्कर्षहरु सार्वजनिक रुपमा प्रचार प्रसार गरिनु पर्ने भनी प्रतिवेदनले निष्कर्ष सहित सिफारिस गरेको भए तापनि सो सम्बन्धमा नेपाल सरकारले थप अनुसन्धान तथा कारवाही गरेको देखिन आउदैन ।

४३. यस बाहेक, राष्ट्रिय मानव अधिकार आयोगबाट पनि यस अदालतमा पेश हुन आएका निवेदनमा उल्लिखित व्यक्तिहरु र यस्तै प्रकृतिबाट बेपत्ता भएका अन्य व्यक्तिहरुका सम्बन्धमा मानव अधिकारको गम्भीर उल्लंघन भएको ठहर गरी सम्बन्धित जिम्मेवार अधिकृतलाई आवश्यक कारवाही गर्न र बन्दीको स्थिति सार्वजनिक गर्न सरकारलाई सिफारिस गरी आयोगको निर्णय कार्यान्वयन गर्न लेखी पठाएको समेत देखिएको भए तापनि बेपत्ता भएका भनिएका व्यक्तिहरुको स्थिति एकिन गरी सार्वजनिक गर्ने तर्फ थप अनुसन्धान तथा कारवाहीको प्रकृया अगाडि बढाएको भन्ने देखिन आएन ।

४४. बन्दीहरुको स्थिति एकिन गर्ने सन्दर्भमा नै यस अदालतमा परेका रिट निवेदनहरु मध्ये यस अदालतले रिट नं. ३५७५, १००, १०४ र ६३२ का निवेदनहरुमा उल्लिखित व्यक्तिहरुको हकमा निवेदनमा उल्लिखित व्यहोरा अनुसार निवेदकहरुलाई हिरासतमा लिइएको हो होइन यथार्थ स्थिति पत्ता लगाई यस्ता प्रकृतिका अन्य विषयमा समेत के गर्न मनासिव हुन्छ भनी राय पेश गर्न भएको आदेश बमोजिम बन्दी अनुसन्धान कार्यटोली गठन भै उक्त कार्यटोलीले छानविन गरी प्रतिवेदन पेश गरेको छ । निवेदनमा उल्लिखित अधिकांश व्यक्तिहरुको स्थिति अज्ञात नै रहेको र सो

सम्बन्धमा थप छानविन गर्नुपर्ने भन्ने पूर्वोक्त समिति तथा मानव अधिकार सम्बन्धी संघ संस्थाहरुको सिफारिस भए तापनि यसरी छानविन गर्ने जिम्मेवारी मूलतः कार्यपालिकाको नै हो । तर कार्यकारिणी निकायबाट हालसम्म त्यस्तो छानविनको प्रयास नगरेको अवस्थामा यस अदालतले सम्पूर्ण निवेदनहरुमध्ये प्रतिनिधिमूलक ढङ्गले केही निवेदनहरुमा अदालतकै तर्फबाट छानविन गराईएको हो । अदालतको कार्यक्षेत्र तथा स्रोत साधनको सीमितता समेतका कारण सम्पूर्ण निवेदनहरुमा उल्लिखित व्यक्तिहरुका सम्बन्धमा यस अदालतले छुट्टाछुट्टै छानविन गराउन सम्भव नभए तापनि छानविन गराइएका निवेदनहरुमा प्राप्त प्रतिवेदनको निष्कर्षको आधारमा बेपत्ता गराइएका भनिएका अन्य व्यक्तिहरुको हकमा समेत छुट्टै प्रभावकारी संयन्त्र बनाई समग्रतामा थप छानविन गर्नुपर्ने देखिन आयो ।

४५. यसप्रकार बेपत्ता भएका नागरिकहरुको सम्बन्धमा नेपाल सरकारबाट वामनप्रसाद न्यौपाने समिति गठन गरी सीमित प्रयास भएको भए तापनि सो प्रतिवेदनले नै बेपत्ताभएका व्यक्तिहरुका सम्बन्धमा थप अनुसन्धान गर्नुपर्ने भनी निष्कर्षमा पुगेको, राष्ट्रिय मानव अधिकार आयोग र संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्तको कार्यालयले पनि यस सम्बन्धमा थप छानविन गर्नुपर्ने भनी सिफारिस गरेकोमा सो सिफारिसको कार्यान्वयन भएको नदेखिएको र यस अदालतबाट पनि बेपत्ता बनाइएका भनिएका सम्पूर्ण व्यक्तिहरुका हकमा अनुसन्धान छानविन गर्न सम्भव नरहेकाले हाल सम्म यस सम्बन्धमा राज्यका तर्फबाट भएका प्रयास पर्याप्त र प्रभावकारी देखिएन । यी निवेदनमा उल्लिखित व्यक्तिहरु र यस्तै प्रकृतिबाट द्वन्द्वका समयमा बेपत्ता भएका सम्पूर्ण नागरिकहरुका सम्बन्धमा स्थिति एकिन गर्न राज्यकै तर्फबाट प्रभावकारी छानविन गर्नु अपरिहार्य देखिन आयो ।

प्रश्न नं. ४ का सम्बन्धमा

माथि उल्लिखित प्रश्नहरुको विवेचनाबाट द्वन्द्वका समयमा जबर्जस्ती बेपत्ता भएका नागरिकहरुको स्थिति एकिन गरी सार्वजनिक गर्ने समेतको प्रयोजनका लागि राज्यका तर्फबाट पर्याप्त र प्रभावकारी प्रयासहरु हुन नसकेको स्थिति चित्रण भैसकेको छ । जबर्जस्ती बेपत्ता बनाइएका व्यक्तिहरुको स्थिति एकिन गरी सार्वजनिक गर्न, दोषीलाई कारवाही गर्न तथा पीडितलाई राहत उपलब्ध गराउने समेतको प्रयोजनको लागि राजनीतिक इच्छाशक्ति त अनिवार्य हुन्छ नै, साथै कानूनी संयन्त्रको पनि उत्तिकै आवश्यकता पर्दछ । विगतको द्वन्द्वलाई शान्तिपूर्ण रुपमा रुपान्तरण गर्ने क्रममा राजनीतिक सहमतिको रुपमा आएको अन्तरिम संविधान २०६३ ले विगतको द्वन्द्वको समयमा बेपत्ता भएका व्यक्तिहरुका सम्बन्धमा छानविन आयोग गठन गर्ने तथा त्यस्ता व्यक्तिहरुका पीडित परिवारहरुलाई राहत उपलब्ध गराउने दायित्वलाई राज्यले स्वीकार गरेको छ ।

राज्यले राजनीतिक सहमति तथा संविधान मार्फत व्यक्त गरेका प्रतिबद्धताहरुलाई कार्यरुप दिनका लागि प्रभावकारी कानूनी तथा संस्थागत संयन्त्र आवश्यक हुन्छ । बेपत्ता भएका नागरिकहरुको स्थिति छानविन गर्ने सम्बन्धमा विगतमा नेपाल सरकारको कार्यकारी निर्णयबाट वामनप्रसाद न्यौपानेको एक सदस्यीय समिति गठन भएको र यस अदालतको आदेशले बन्दी अनुसन्धान कार्यटोली गठन भएको भए तापनि सार्वजनिक महत्वको घटनाको जाँचबुझ गर्ने आयोगको गठन जाँचबुझ आयोग ऐन २०२६ अन्तर्गत मात्र हुनसक्ने देखिन्छ । सो ऐन बमोजिमको जाँचबुझ आयोगको गठन तथा काम कर्तव्य अधिकार नेपाल सरकारले राजपत्रमा तोकिदिए बमोजिम हुने भन्ने कानूनी व्यवस्था देखिन्छ । उक्त ऐनले जाँचबुझ आयोगको गठन हुनसक्ने आधारसम्म दिएको भए तापनि आयोग गठनको स्पष्ट कार्यविधि निर्धारण नगरेको, आयोगको सक्षमता र निष्पक्षताका स्पष्ट आधारहरु खुलाउन नसकेको, आवश्यक क्षेत्राधिकारको व्यवस्था

नगरेको, आयोगको गठनमा सम्बन्धित पक्षको प्रतिनिधित्वको सुनिश्चितता नभएको, साथै पीडित, साक्षी, उजुरीकर्ता, कानून व्यवसायी र अनुसन्धानकर्ताको सुरक्षाको सुनिश्चितता दिने प्रावधानहरु भएको पाइएन ।

बेपत्ता भएका व्यक्तिहरुको स्थिति पत्ता लगाउने कार्यलाई अन्तराष्ट्रिय स्तरमा नै निजको यथार्थ स्थिति पत्ता नलागेसम्म निरन्तर खोजी हुनुपर्ने मान्यतालाई स्वीकार गरिएको अवस्थामा जाँचबुझ आयोग ऐन अन्तर्गत गठित आयोगले त्यस्तो मान्यतालाई अवलम्बन गर्नसक्ने अवस्था देखिंदैन । बेपत्ता गराइने कार्यको प्रकृति अनुसार नै बेपत्ता भएका व्यक्तिहरुका सम्बन्धमा भएको छानविनको ठहर प्रतिवेदन निजहरुको परिवारजन तथा आफन्तहरुलाई उपलब्ध गराउनुपर्ने तथा सो सार्वजनिक समेत गराउन अपरिहार्य हुनेमा सो कुराको निश्चितता जाँचबुझ आयोग ऐनले दिन सकेको पाइंदैन ।

द्वन्द्वको समयमा बेपत्ता बनाइएका नागरिकहरुको यथार्थस्थिति पत्ता लगाउने कार्य निश्चित रुपमा जटिल र चुनौतिपूर्ण कार्य हो ।स्पष्ट र प्रभावकारी कानूनी संयन्त्र नभएसम्म यस्तो कार्यमा अपेक्षित उपलब्धी हासिल हुने कम सम्भावना रहन्छ । हामीकहाँ भएको विद्यमान जाँचबुझ आयोग ऐन सामान्य अवस्थाको सार्वजनिक घटनाको जाँचबुझ गर्ने प्रयोजन सम्मको लागि जारी भएको देखिन्छ । द्वन्द्वको समयमा उत्पन्न हुनसक्ने यस किसिमको विशेष प्रकृतिको घटनालाई समेटने परिकल्पना ऐनले गरेको देखिंदैन । यस किसिमको घटनालाई समेटनका लागि यो ऐन निर्माण गरिएको पनि होइन । उक्त ऐनको समग्र अध्ययनबाट सो ऐन अन्तर्गत बेपत्ता बनाइएका नागरिकहरुको स्थिति पत्ता लगाउन आयोग गठन भएकै अवस्थामा पनि उक्त आयोगले यस सम्बन्धमा प्रभावकारी छानविन गर्नसक्ने विश्वसनीय आधार देखिन आएन ।

राज्यको संयन्त्रबाट पीडित व्यक्तिहरुले उपचार प्राप्त गर्ने सम्बन्धमा नागरिक अधिकार ऐन २०१२ र यातना सम्बन्धी क्षतिपूर्ति ऐन २०५३ अन्तर्गत सीमित मात्रामा राज्य विरुद्ध क्षतिपूर्तिको दाबी लिनसक्ने देखिएतापनि बेपत्ता भएका नागरिकहरुको स्थिति नै एकिन नभै अज्ञात रहेको अवस्थामा उपरोक्त ऐन बमोजिम पनि पीडित पक्षहरुले पर्याप्त र प्रभावकारी उपचार पाउन सक्ने अवस्था नदेखिंदा बेपत्ता सम्बन्धी विषयलाई सम्बोधन गर्ने छुट्टै कानूनी संयन्त्र देखिन आएन ।

कुनै पनि व्यक्तिलाई बलजफ्ती बेपत्ता बनाउने कार्यबाट उसलाई कानूनको समान संरक्षणबाट वञ्चित गरी व्यक्तिको वैयक्तिक स्वतन्त्रताको हरण र न्यूनतम मानवीय मूल्य र मान्यताको उल्लंघन गरेको हुन्छ । यस्तो कार्यले उसका सबै वैयक्तिक स्वतन्त्रताहरुलाई त्यही विन्दूमा नै समाप्त पारिदिन्छ । त्यसैकारण मानव अधिकार र मौलिक स्वतन्त्रताहरुको विश्वव्यापी सम्मान तथा पालना र प्रवर्धन गर्ने दायित्वलाई स्वीकार गरेका कुनै पनि राष्ट्रले यसरी हुने जबर्जस्ती बेपत्ताका घटनाहरुप्रति गम्भीर र सचेत रहनै पर्ने हुन्छ । विशेष गरी द्वन्द्वरत अवस्थामा दण्डहीनता मौलाउन सक्ने खतराका कारण राज्य यस विषयमा थप सजग हुन जरुरी मानिन्छ ।

माथि विवेचना गरिए अनुरुप नेपालमा बेपत्ता सम्बन्धी विषयलाई विशेष रुपमा सम्बोधन गर्ने गरी छुट्टै कानून नरहेको परिप्रेक्षमा बलपूर्वक बेपत्ताका घटनाहरुलाई छानविन गर्ने, बेपत्ता बनाइएका व्यक्तिहरुको स्थिति एकिन गरी सार्वजनिक गर्ने, दोषी देखिएका व्यक्तिहरुलाई कारवाही गर्ने र पीडितलाई राहत उपलब्ध गराउने लगायतका आवश्यक व्यवस्थाहरु भएको बिशेष कानूनको निर्माण हुनुपर्ने आवश्यकता देखिन आयो । पीडितपक्षलाई राज्यको न्याय प्रणाली प्रति विश्वास र आस्था कायम राख्ने वातावरण बनाउनु तथा दोषी देखिएका जिम्मेवार अधिकारीहरुलाई कानूनको उल्लंघन गर्ने कार्यबाट उत्पन्न हुने दायित्वबाट उन्मुक्ति पाउन सकिंदैन भन्ने बोध गराउनु पनि राज्यको दायित्व हो । यो दायित्व राज्यको छुट्टै र विशेष दायित्व नभई राज्यले नागरिकको आधारभूत मौलिक अधिकार र मानव अधिकारप्रति व्यक्त गरेका

प्रतिबद्धता अनुरुपकै दायित्व हो । यो दायित्व पूरा गर्नका लागि पनि राज्यले यस्तो विशेष किसिमको कानुनको निर्माण गर्नुपर्छ भन्ने निष्कर्षमा यो इजलास पुगेको छ ।

नेपालको अन्तरिम संविधान २०६३ ले कुनै पनि विषयमा कस्तो कानूनको निर्माण गर्ने वा नगर्ने अधिकार पूर्णत: व्यवस्थापिका संसदलाई दिएको छ । व्यवस्थापिका संसद सो बमोजिम कानून बनाउन सक्षम छ र यसरी कानून बनाउँदा संविधानले सुम्पेको दायित्व बमोजिम आफ्नो उच्चतम विवेक प्रयोग गर्ने कुराको अपेक्षा संधै गरिएको हुन्छ । यस इजलासले यो विषयमा यो यस्तो कानून बनाउन उपयुक्त हुन्छ भन्नु व्यवस्थापिका संसदको अधिकारक्षेत्रमा हस्तक्षेप र अतिक्रमण गरेको नभई राज्यले प्रतिबद्धता व्यक्त गरेका नागरिक स्वतन्त्रताको संरक्षणको लागि अन्तराष्ट्रिय स्तरमा स्थापित मापदण्ड समेतलाई ख्याल गरी थप प्रभावकारी कानून बन्नुपर्छ भन्ने न्यायिक चासोको वैधानिक अभिव्यक्ति हो भन्ने रुपमा लिन जरुरी छ ।

अत: राज्यले उपरोक्त बमोजिमको कानूनको निर्माण गर्दा बेपत्ता भएका नागरिकहरुप्रति संविधानमा व्यक्त गरिएका प्रतिबद्धताहरु, नागरिकका मौलिक हक तथा स्वतन्त्रताहरु, राज्यले अनुमोदन गरेका मानव अधिकार र मानवता सम्बन्धी विभिन्न अन्राष्ट्रिय कानूनका दस्तावेजहरु, अन्तराष्ट्रिय समुदायले स्वीकार गरेका संयुक्त राष्ट्र संघको बडापत्र, मानव अधिकारको विश्वव्यापी घोषणापत्र लगायत व्यक्तिहरुलाई जर्बजस्ती बेपत्ता पार्ने कार्यबाट संरक्षण सम्बन्धी घोषणापत्र १९९२ र सो सम्बन्धी अन्तराष्ट्रिय महासन्धि २००६ (International Convention for the Protection of All Persons from Enforced Desapperance, 2006) समेतलाई मापदण्डको रुपमा लिई तदनुकूल हुने गरी कानून बनाउन वाञ्छनीय देखिन्छ ।

प्रश्न नं ५ का सम्बन्धमा

यस अदालतमा दायर भएको रिट नं. १६२ को बन्दीप्रत्यक्षीकरणको निवेदनमा उल्लिखित विहारीलाल गोडिया समेतको तर्फबाट निवेदनमा बेपत्ता बनाइएको भनी उल्लेख गरिएका विभिन्न व्यक्तिहरुका परिवार निजहरुकै आय आर्जनमा आश्रित रहेका, निजहरुको खोजबिन र मुद्दा मामिलाका क्रममा थप खर्च व्यहोर्नुपरेको र निजहरुलाई त्यसरी बेपत्ता पारेपछि परिवारका सदस्यहरुले मानसिक रुपमा समेत यातना भोगिरहनु परेकाले सो बापत परिवारका सदस्य तथा नाबालक छोराछोरी समेतलाई यसै अदालतबाट उचित क्षतिपूर्ति समेत भराइदिने आदेश समेत गरिपाऊँ भन्ने निवेदन परेको देखिन्छ । यसरी गैरकानूनी रुपमा थुनामा रहेका निवेदनमा उल्लिखित विभिन्न व्यक्तिहरुलाई बन्दीप्रत्यक्षीकरण को आदेश जारी गरी थुनामुक्त गरिपाऊँ भनी मुख्य माग भएको रिट निवेदनबाटै क्षतिपूर्ति वा यस्तै अन्य कुनै अन्तरिम प्रकृतिको राहत समेत उपलब्ध गराउनु भनी आदेश गर्न मिल्छ वा मिल्दैन भनी यस इजलासले कानुन व्यवसायीहरुसँग जिज्ञासा राखेको थियो ।

निवेदक तर्फबाट उपस्थित विद्वान अधिवक्ता केदार दाहालले निवेदकहरुले परिवारका सदस्य पनि गुमाएका छन, निजहरुको खोजबिनमा शारीरिक, मानसिक र आथिर्क व्यय सहनु परेको छ । मुद्दाको लामो कारवाहीले पीडितका परिवारको आर्थिक व्ययभार अझ बढाएको छ तर कारवाही हुनपर्ने दोषीहरुको तर्फबाट राज्यले आफ्नो कोष खर्च गरी मुद्दाको प्रतिरक्षा गरेको छ । न्यायमा सहज पहुँचको प्रत्याभूतिको लागि र परिवारजनको आर्थिक र मानसिक पीडा कम गर्न पनि क्षतिपूर्ति तथा राहत दिइनु पर्छ भनी बहस गर्नुभयो ।

निवेदक तर्फकै विद्वान अधिवक्ता श्री हरिकृष्ण कार्कीले भारतीय संविधानको धारा ३२ अन्तर्गत सर्वोच्च अदालतले आवश्यक निर्देशन दिनसक्ने व्यवस्थाको प्रयोग गरी भारतीय सर्वोच्च अदालतले कैयौं

यस्तै प्रकृतिका मुद्दाहरुमा क्षतिपूर्तिको आदेश दिएको छ । नेपाल अधिराज्यको संविधान २०४७ को धारा ८८(२) तथा नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७(२) ले सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण लगायतका निवेदनमा निवेदकहरुलाई पूर्ण रुपमा न्याय गरी उचित उपचार दिन अदालतले उपयुक्त आदेश दिनसक्ने भएकाले सोही प्रावधान बमोजिम क्षतिपूर्ति लगायत कुनै पनि उपयुक्त राहतको व्यवस्था गर्नु भनी आदेश गर्नसक्छ भनी बहस गर्नुभयो । अधिवक्ता हरि फुयाँलले निवेदनमा उल्लिखित व्यक्तिहरु बेपत्ता भएको तथ्य स्थापित भएको छ । राज्यद्वारा जबर्जस्ती बेपत्ता पारिएका व्यक्तिहरुलाई मानव अधिकार सम्बन्धी विभिन्न क्षेत्रीय अदालतहरुले क्षतिपूर्ति दिने गरी फैसलाहरु भएका छन । ती फैसलाहरुलाई यस अदालतले उदाहरणको रुपमा लिन सक्छ । जबर्जस्ती बेपत्ताबाट संरक्षण सम्बन्धी महासन्धिले क्षतिपूर्ति र अर्न्तकालीन उपायहरुका सम्बन्धमा व्यवस्था गरेको हुनाले परिवारको भावनात्मक मूल्य, आर्थिक व्ययभार, खोजबिनमा लाग्दा गुमाइएको उत्पादकत्व, परिवार तथा समाजमा पर्न गएको क्षति समेतलाई मूल्याङ्कन गरी अदालतले उचित क्षतिपूर्तिको आदेश गर्नसक्छ भनी बहस गर्नुभयो ।

विपक्षी निकायहरुको तर्फबाट महान्यायाधिवक्ताको कार्यालयबाट उपस्थित सहन्यायाधिवक्ता तथा उपन्यायाधिवक्ताहरुले बेपत्ता भएको भनिएका कतिपय व्यक्तिहरु सार्वजनिक समेत भएका छन् । अनुमानको आधारमा बेपत्ता पारिएको भनी निष्कर्षमा पुग्न र त्यस्तो निष्कर्षको आधारमा अदालतले क्षतिपूर्तिको आदेश गर्न सक्दैन । नागरिकहरु प्रतिको आफ्नो कर्तव्यबोध सरकारले गरेको छ । आफ्नै संयन्त्रमार्फत उपयुक्त उपचार प्रदान गर्ने तर्फ सरकार क्रियाशील भैरहेकाले क्षतिपूर्तिको आदेश दिइरहनु आवश्यक छैन भनी बहस जिकिर प्रस्तुत गर्नुभयो ।

उपरोक्त बमोजिम विद्वान कानून व्यवसायीहरुको बहस जिकिर समेत सुनी प्रस्तुत निवेदनहरुको कारवाहीबाटै यस अदालतले क्षतिपूर्तिको आदेश जारी गर्नसक्छ वा सक्दैन भन्ने सम्बन्धमा विचार गर्दा माथि प्रश्न नं. ४ मा विवेचित आधारबाट बेपत्ता भएका नागरिकहरुको स्थिति छानविन गर्ने एवं पीडित पक्षको लागि क्षतिपूर्ति एवं उपयुक्त राहतको व्यवस्था गर्ने छुट्टै कानूनको विद्यमानता देखिन आएन तर यस्तो कार्यबाट पीडित पक्षलाई नागरिक अधिकारको उल्लंघनमा प्रदान गरिने अन्य उपयुक्त उपचारकै एक पाटोको रुपमा क्षतिपूर्ति तथा राहतलाई लिन नसकिने भन्न मिल्ने देखिएन ।

माथि विवेचित विभिन्न प्रश्नहरुबाट व्यक्तिलाई बेपत्ता बनाइने कार्यबाट व्यक्तिको जीवन तथा वैयक्तिक स्वतन्त्रताको अधिकार लगायत संविधान प्रदत्त अनेकौं मौलिक हकको उल्लंघन हुनजाने कुरा स्थापित भैसकेको छ । यसरी संविधान प्रदत मौलिक हकको उल्लंघनमा नेपाल अधिराज्यको संविधान २०४७ को धारा २३ अनुसार धारा ८८(२) बमोजिम र नेपालको अन्तरिम संविधान २०६३ को धारा ३२ अनुसार धारा १०७(२) बमोजिम उपचारको प्रत्याभूति गरेको देखिन्छ । साबिक संविधानको धारा ८८(२) तथा वर्तमान संविधानको धारा १०७ (२) मा "यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भएपनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादको निरुपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ । सो प्रयोजनको लागि पूर्ण रुपमा न्याय गरी उचित उपचार प्रदान गर्न सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्नसक्नेछ" भन्ने व्यवस्था गरेको देखिन्छ । संविधानको उपरोक्त प्रावधानबाट नागरिकको आधारभूत मौलिक अधिकारको प्रभावकारी संरक्षण गरी नागरिकहरुलाई पूर्ण न्यायको प्रत्याभूति दिनका लागि विद्यमान हकलाई प्रचलित गराउन उपयुक्त उपचारको व्यवस्था गर्न

उपयुक्त आदेश जारी गर्नसक्ने यस अदालतको अन्तर्निहित अधिकार रहेको देखिन आयो । यस प्रकारको आदेश जारी गर्नु नागरिक अधिकार संरक्षणका लागि यस अदालतको संवैधानिक दायित्व पनि हो ।

यसै गरी संविधानको धारा १०० ले यस अदालतलाई संविधान, अन्य कानून र न्यायका मान्य सिद्धान्त अनुसार न्यायिक अधिकारको प्रयोग गर्ने अख्तियारी प्रदान गरेको तथा यस अदालत स्वतन्त्र न्यायपालिकाको मूल्य मान्यतालाई अनुशरण गरी लोकतन्त्र र जनआन्दोलनको भावनालाई आत्मसात गर्दै यस संविधानप्रति प्रतिबद्ध रहने व्यवस्था गरेको छ । जनआन्दोलनको भावना राजनीतिक अर्थमा प्रयोग गरिएको शब्दावली भएकोले यसको कानूनी अर्थ र परिणाम निकाल्न सजिलो छैन । जनआन्दोलनको आव्हानकर्ता र सहभागी महत्वपूर्ण राजनीतिक शक्तिहरुको निर्णयको अभिव्यक्तिको रुपमा नेपाली जनताको तर्फबाट जारी भएको वर्तमान संविधान नै समग्रमा जनआन्दोलनको भावनाको अभिव्यक्ति हो भनी मान्नु पर्नेहुन्छ । जनआन्दोलनको भावना भनेको यो संविधानको संरचना र भावना भन्दा भिन्न रुपमा बुझ्न खोजिएमा संविधानले आफूलाई सर्वोच्च कानूनको रुपमा घोषित गरेको तथ्य नै खण्डित हुने अवस्था आउँछ । जनआन्दोलनको मूल्य मान्यता र भावनाको मर्म बोध गर्न वर्तमान संविधानको संरचना र यस भित्र अर्न्तनिहित सिद्धान्तहरुले प्रशस्त प्रकाश पार्न सक्दछन् । संविधान भन्दा बाहिर गएर जनआन्दोलनको भावना खोज्न संवैधानिक पद्धति भित्र बाँधिएर बसेको सबैलाई सम्भव हुँदैन भने न्यायपालिकाको लागि झनै सम्भव हुँदैन । यदि कुनै निकायले संविधान र सो अर्न्तगत बनेको कानून बमोजिम कुनै कार्य गरेको छ भने त्यो जनआन्दोलनको भावना विपरीत गरेको भनी निष्कर्ष कुनै हालतमा पनि निकाल्न सकिंदैन । तसर्थ जनआन्दोलनको भावनालाई संवैधानिक पद्धतिको सापेक्षतामा कानूनी परिणामहरुको सन्दर्भमा बुझ्नु पर्ने हुन आउँछ ।

मानव अधिकार, शान्ति र न्याय लोकतन्त्रको आधारशिला हुन । द्वन्द्वको शान्तिपूर्ण रुपान्तरण गरी न्यायपूर्ण समाज स्थापना गर्नका लागि नै विगतमा जनआन्दोलन भै तत्पश्चात जारी गरिएको संविधानमा पनि सोही मूल्य मान्यताप्रति प्रतिबद्धता व्यक्त गरिएको छ । द्वन्द्वमा भएको धनजनको क्षतिको उचित छानविन गरी दोषी देखिएकालाई न्यायको कठघरामा उभ्याउनु र पीडित पक्षलाई क्षतिपूर्ति लगायत उचित राहत दिनु भनी संविधानमा गरिएका प्रावधानहरुको कार्यन्वयन गर्नु यथार्थमा जनआन्दोलनको भावनाको सम्मान नै हो । उपरोक्त संवैधानिक प्रावधानबाट पनि विगतको द्वन्द्वको क्रममा स्थिति अज्ञात रहेको भनी यस अदालतमा निवेदन दायर गर्ने व्यक्तिहरुका लागि यस अदालतले उचित क्षतिपूर्ति तथा राहतको आदेश दिन नसक्ने भन्ने देखिन आएन ।

हाम्रो जस्तै संवैधानिक प्रावधान भएको भारतीय संविधानको धारा ३२(२)ले पनि भारतीय सर्वोच्च अदालतलाई संविधानप्रदत्त मौलिक हकको प्रभावकारी संरक्षणको लगि उपयुक्त उपचार प्रदान गर्नसक्ने अधिकार प्रदान गरेको देखिन्छ[२४] । संविधानको यही प्रावधानको प्रयोग र व्याख्या गरी माथि प्रश्न नं. २ मा उल्लेखित Rudal Sah v. Union of India को मुद्दामा भारतीय सर्वोच्च अदालतले निवेदक Rudal Sah लाई गैरकानूनी रुपमा थुनामा राखेकोमा बन्दीप्रत्यक्षीकरणको निवेदनबाटै क्षतिपूर्ति समेत दिलाईदिने निर्णय गरेको र यसरी सर्वोच्च अदालतले दिएको क्षतिपूर्तिको निर्णयबाट निवेदकको साधारण अधिकारक्षेत्र अन्तर्गत क्षतिपूर्तिमा दाबी गर्नसक्ने अधिकारलाई प्रतिकूल प्रभाव नपर्ने भनी निर्णय गरेको पाइन्छ ।

---

२४ "The Supreme Court shall have power to issue directions or orders or writs, including writs in the nature of habeas corpus, mandamus, prohibition, quo-warranto and certiorari, whichever may be appropriate, for the enforcement of any of the rights conferred by this part"

त्यस्तै Smt. Postasangbom Ningol Thokchom and others v. General Officer Commanding and others[२५] को मुद्दामा निवेदिकाहरुका छोराहरु समेत तीनजनालाई प्रहरीले पक्राउ गरेकोमा एकजनालाई मात्र छाडेको र अन्य दुईजनालाई बेपत्ता बनाएकाले निजहरुको हकमा बन्दीप्रत्यक्षीकरणको निवेदन दायर भएको देखिन्छ । बन्दीलाई हिरासतबाट मुक्त गरिसकेको भन्ने विपक्षी निकायको लिखित जवाफ भएकाले भारतीय सर्वोच्च अदालतले बेपत्ता गराइएका व्यक्तिहरुका सम्बन्धमा छानविन गर्न सम्बन्धित जिल्ला अदालतको न्यायाधीशको जाँचबुझ समिति बनाएको थियो । उक्त समितिले सँगै हिरासतमा रही छुटेका पूर्वबन्दीको बयान समेतका अन्य प्रमाणका आधारमा बन्दीहरुलाई हिरासतबाट मुक्त गरेको प्रमाणको अभाव रहेको भन्ने प्रतिवेदन दिएको थियो । सो प्रतिवेदन समेतका आधारमा सर्वोच्च अदालतले मुद्दाको कारवाहीकै क्रममा जुन विषयमा Private law मा क्षतिपूर्तिको उपचारको व्यवस्था छैन त्यस्ता विषयमा संविधानको धारा ३२ अनुसार पूर्ण न्यायको प्रत्याभूतिका लागि क्षतिपूर्तिको आदेश दिनसक्ने भनी व्याख्या गरेको थियो । सो मुद्दामा अदालतले अन्तरिम उपचारलाई निश्चितता प्रदान गर्नुका साथै पीडितहरुलाई क्षतिपूर्तिबापत रकम दिलाईदिने आदेश समेत गरेको पाइन्छ । यस्तै प्रकृतिको तथ्य भएको Nilabati Behera v. State of Orissa[२६] भएको मुद्दामा पनि भारतीय सर्वोच्च अदालतले संविधानको धारा ३२ कै व्याख्या गरी पीडितलाई क्षतिपूर्ति भराइदिएको देखिन्छ ।

राज्यले बलपूर्वक बेपत्ता बनाएको अवस्थामा Inter-American Court of Human Rights n] Velasquez Rodriguez v. Honduras, Trujillo Oroja v. Bolivia भएको मुद्दा तथा European Court of Human Rights ले Kurt v. Turkey को मुद्दामा क्षतिपूर्ति भराइदिने गरी भएको फैसलाको दृष्टान्त माथि प्रश्न नं. २ मा विवेचना गरिसकिएको छ ।

अन्तराष्ट्रिय समुदायले स्वीकार गरिसकेको जबर्जस्ती बेपत्ताबाट सबै व्यक्तिहरुलाई संरक्षण गर्ने सम्बन्धी महासन्धि २००६ को धारा २४(४) ले हरेक राज्य पक्षलाई आफ्नो कानून प्रणालीमा जबर्जस्ती बेपत्ताका पीडितहरुलाई पुनर्लाभ (reparation) प्राप्त गर्ने तथा शिघ्र, स्वच्छ र पर्याप्त क्षतिपूर्ति पाउने अधिकारको सुनिश्चितता तुल्याउने दायित्व तोकेको छ[२७] । यस्तै किसिमको व्यवस्था संयुक्त राष्ट्र संघीय महासभाको १८ डिसेम्बर १९९२ मा भएको प्रस्ताव नं. ४७/१३३ बाट स्वीकार गरिएको जबर्जस्ती बेपत्ताबाट सबै व्यक्तिहरुलाई संरक्षण गर्ने सम्बन्धी घोषणापत्रको धारा १९ मा समेत देखिन्छ[२८] । उक्त धाराको व्याख्या गर्ने क्रममा UN Working Group on enforced or involuntary disappearance[२९] ले जबर्जस्ती बेपत्ताका पीडितहरुलाई मौद्रिक क्षतिपूर्ति भराइंदा शारीरिक तथा मानसिक क्षति, गुम्न पुगेका अबसरहरु, भौतिक क्षति र आय आर्जनमा हुन गएको नोक्सानी, ख्याती वा प्रतिष्ठामा लागेको आँच तथा कानूनी वा विशेषज्ञ सेवामा लागेको खर्च समेतका आधारहरु लिनुपर्ने भनी सिफारिस गरेको देखिन्छ ।

---

२५ www.jodis.nic.in/supremecourt/ website visited on 2064/02/14

२६ AIR (1993) 2 SCC 746

२७ Each state Party shall ensure in its legal system that the victim of enforced disappearance have the right to obtain reparation and prompt, fair, and adequate compensation.

२८ The victims of acts of enforced disappearance and their family shall obtain redress and shall have the right to adequate compensation, including the means for as complete a rehabilitation as possible. In the event of death of the victim as a result of an act of enforced disapperance, theirs dependts shall also be entiteLd top compensation.

२९ www.hri.ca/fortherecord1998/vo11/disappearances.htm website visited on 2064/02/13

संयुक्त राष्ट्र संघको महासभाद्वारा महासभाको ६० औं सभामा पारित प्रस्ताव नं. ७१(ए) को दफा ७ मा मानव अधिकार र अन्तराष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लंघनबाट पीडित पक्षहरुलाई न्यायमा समान र प्रभावकारी रुपमा पहुँच हुनुपर्ने, पीडितले भोग्नु परेको क्षति बापत पर्याप्त, प्रभावकारी र शिघ्र पुनर्लाभ (reparation) पाउनुपर्ने तथा यस सम्बन्धी सूचनामा पीडितको पहुँच हुनुपर्ने भनी प्रस्ताव पारित गरेको[३०] र नेपाल पनि संयुक्त राष्ट्र संघको सदस्य भएको नाताले त्यस्ता प्रस्तावहरु मार्फत देखाइएको प्रतिबद्धता प्रति राज्य उदासिन रहन सक्ने अवस्था देखिन आउँदैन ।

नेपाल पक्ष भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्धको धारा २ तथा ९ को व्याख्या गर्ने क्रममा संयुक्त राष्ट्र संघीय मानव अधिकार समितिले उक्त धाराद्वारा प्रदान गरिएको व्यक्तिका अधिकारहरु उल्लंघन भएको अवस्थामा राज्यले अन्य उपचारका अतिरिक्त उपयुक्त मात्रामा क्षतिपूर्ति समेत दिनुपर्ने र तात्कालिक रुपमा अन्तरिम उपायहरु समेत अवलम्बन गर्नुपर्ने भनी व्याख्या गरेको देखिन्छ[३१] । द्वन्द्वको क्रममा जबर्जस्ती बेपत्ता हुने घटनाबाट बेपत्ता हुने व्यक्ति मात्र पीडित हुने नभई निजका परिवार र आफन्तजन समेत पीडित हुने हुँदा राज्यद्वारा प्रदान गरिने क्षतिपूर्ति तथा राहत त्यसरी बेपत्ता भएका नागरिक तथा निजहरुका आफन्तजनहरुले समेत प्राप्त गर्नसक्ने व्यवस्था हुनुपर्ने भन्ने मान्यता रहेको देखिन आउँछ[३२] ।

४६. यस प्रकार नेपालको संवैधानिक व्यवस्था, विदेशी अदालत तथा मानव अधिकार सम्बन्धी क्षेत्रीय अदालतहरुको फैसला, नेपालले अनुमोदन गरेका मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय दस्तावेजहरु तथा संयुक्त राष्ट्र संघ एवं अन्तराष्ट्रिय समुदायले जारी गरेका प्रस्ताव र घोषणापत्र समेतका दस्तावेजहरुका आधारमा नागरिक तथा मानव अधिकारको गम्भीर उल्लंघनका घटनाबाट पीडित पक्षहरुलाई तात्कालिक राहत तथा उचित क्षतिपूर्ति दिनुपर्ने राज्यको दायित्व रहेको कुरा स्थापित हुन आउँछ । माथि विवेचित आधारबाट निवेदनमा उल्लिखित व्यक्तिहरु द्वन्द्वको क्रममा बेपत्ता भएको देखिएका र त्यस्ता व्यक्तिहरु प्रति राज्यको विशेष दायित्व हुने कुरा स्थापित भैसकेको छ । अब निजहरुको खोजी गरी न्याय प्राप्ती गर्ने क्रममा पीडितको परिवारहरुले भोग्नुपरेको शारीरिक मानसिक यातना तथा आर्थिक क्षति समेलाई ख्याल गरी प्रस्तुत निवेदनबाटै तत्काल अन्तरिम प्रकृतिको राहतको आदेश दिन उपयुक्त देखियो ।

प्रश्न नं. ६ का सम्बन्धमा

माथि विभिन्न प्रश्नहरुको सिलसिलामा निवेदनहरुमा उल्लेख भएका बेपत्ता भएका भनिएका व्यक्तिहरुका सम्बन्धमा हालसम्म राष्ट्रिय मानव अधिकार आयोग र राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको नेपाल स्थित कार्यालयले गरेको अध्ययन प्रतिवेदन, यस अदालतले राजेन्द्र ढकाल लगायत चारजनाको हकमा विशेष गरी पुनरावेदन अदालतको न्यायाधीशको संयोजकत्वमा गठित अनुसन्धान टोलीको प्रतिवेदन एवं विपक्षीहरुको लिखित जवाफ समेतबाट अधिकांश व्यक्तिहरुको स्थिति हाल सम्म

---

३० Resolution No 60/147: Basic Principles and Guidelines on the Right to a Remedy and a Reparation for Victims of Gross Violation of International Human Rights Law and Serious Violation of International Humanitarian Law

३१ General Coment No. 31(80) The Nature of the General Legal Obligation Imposed on State Parties to the Covenant adopted on 29 March 2004. cited from www.unhchr.ch/tbs/doc.nsf visited on 2064/2/13

३२ Supra note 9, P. 36

अज्ञात रहेको देखिन आयो । यस अदालतले गठन गरेको अनुसन्धान टोलीको प्रतिवेदनबाट चक्र बहादुर कटुवालको हकमा हिरासतमा नै मृत्यु भै सकेको भन्ने र अन्य राजेन्द्रप्रसाद ढकाल, विपिन भण्डारी र दिल बहादुर राईका हकमा शुरुमा पक्राउ गर्दा सुरक्षा निकायले पक्राउ गरेको विन्दु सम्म एकिन हुन आएको भनी निष्कर्ष दिएको देखिए पनि तत्पश्चातको अवस्था अद्यापि स्पष्ट हुन सकेको अवस्था छैन । आफ्नो नागरिकको खोज खवर गर्ने र संरक्षण गर्ने राज्यको सामान्य उत्तरदायित्व हो । राज्यकै अङ्गको संलग्नतामा पक्राउ गरिएको अवस्थामा तिनको सुरक्षा र अधिकारहरुको संरक्षण गर्ने राज्यको उत्तरदायित्व अझ व्यापक हुन्छ । प्रस्तुत निर्णय अन्तर्गत विचार गरिएका विभिन्न मितिका निवेदनहरु जसमध्ये पहिलो निवेदन २०५५ सालमा परेको देखिन्छ, मुद्दा परी लिखित जवाफ माग भए पश्चात पनि निवेदनमा उल्लेखित बेपत्ता पारिएका भनिएका व्यक्तिहरुको सम्बन्धमा सरकारी स्तरबाट खोजवीन गर्ने, कानूनी प्रणालीलाई सुधार वा सुदृढ गर्ने, पीडितलाई राहत र उपचार दिने, अनुसन्धान प्रकृयालाई व्यवस्थित एवं प्रभावकारी बनाउने आदि कुराहरुमा गंभीर प्रयास भएको पाइएन । राष्ट्रिय मानव अधिकार आयोग र राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको कार्यालयले दिएको प्रतिवेदन र सुझाव गरिएको कुराहरुले पनि गंभीर ध्यानाकर्षण पाएको देखिएन । यस अदालतबाट भीम प्रकाश ओलीको मुद्दामा दिएको निर्णय बमोजिम द्वन्द्व पीडितको हैसियतमा समस्या समाधानको लागि गर्नुपर्ने विचार भएको पाइएन । गृह मन्त्रालयले आन्तरिक रुपमा सहसचिव स्तरीय छानविन प्रकृया सञ्चालन गरेको भए पनि त्यस प्रतिवेदनलाई स्वतन्त्र र यथार्थपरक बनाउन वाञ्छित प्रयास भएको पाइएन । उक्त प्रतिवेदन बमोजिम गर्नुपर्ने भनिएका कुराहरु पनि भए गरेको पाइएन । वर्तमान अन्तरिम संविधानको विभिन्न धारामा यस समस्यालाई सम्बोधन गर्न म्याद समेत तोकी प्रतिबद्धता जनाइएकोमा सो पनि हाल सम्म भएको पाइदैन । यसरी माथि वर्णन गरिए बमोजिम बेपत्ता भएको व्यक्तिको खोजी गर्ने, संरक्षण दिने, उपचार दिने बेपत्ता पार्ने कार्यलाई मानव अधिकार उलङ्घनको गम्भीर अपराध मानी दण्डहीनता अन्त्य गर्न जो चाहिने कार्य गर्ने लगायतको राज्यको अविभाज्य उत्तरदायित्व रहँदा रहँदै पनि द्वन्द्व समाधानको क्रममा पहिलो प्राथमिकता साथ ध्यानाकर्षण हुनैपर्ने यो जस्तो समस्याले उचित स्थान पाएको देखिएन । यसबाट जुन स्तरमा राज्यले बेपत्ता भएका व्यक्ति, निजका परिवार तथा निजहरुको धनजनको सुरक्षाको प्रत्याभूति मार्फत समस्त समाजलाई सुरक्षाको भावना उदबोध गराउन सक्नु पर्थ्यो सो गर्न नसकेको देखिन आयो ।

निवेदनमा उल्लेख गरिएका व्यक्तिहरुमध्ये मृत भनी प्रमाणित गरिएको बाहेक अरुको अवस्था लिखित जवाफ र छानविन समेतबाट हाल सम्म पनि निजहरु जीवित रहेका वा नरहेको, जीवित रहे कहां कस्तो अवस्थामा छन् भन्ने लगायतका सम्पूर्ण प्रश्नहरु अज्ञात देखिन आयो । त्यस्तो अज्ञात स्थिति रहनु राज्यको लागि बचाउ योग्य विषय देखिन आएन । बेपत्ता हुनेहरुको संख्या ठूलो देखिएको र यो गम्भीर प्रश्नको रुपमा रहेको देखिएकोले उक्त समस्यालाई निवेदकले माग गरे जस्तो बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्ने वा नगर्ने भन्ने विषयमा सीमित नभएर यी र यस्तै संभावित मुद्दाहरुलाई समेत समग्रमा सम्बोधन गर्ने गरी विभिन्न चरणमा कानूनी, संरचनात्मक र उपचारात्मक पक्ष तर्फ विचार गर्नुपर्ने हुन आयो ।

४७. प्रस्तुत मुद्दाको छलफलको क्रममा मृत भनिएका खड्ग बहादुर घर्ती मगरको हकमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्ने सान्दर्भिकता रहेन भने अन्यको अवस्था अहिले पनि अज्ञात देखिएकोले निजहरुको हकमा पनि बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्ने अवस्था देखिदैन । निवेदक लेखनाथ न्यौपाने समेतले निवेदनमा उल्लेखित व्यक्तिहरुका सम्बन्धमा स्थिति सार्वजनिक गर्न विभिन्न मागहरु सहित परमादेशको आदेश माग गर्नु भएको छ । साथै पूरक रुपमा निवेदन दिंदै अन्तरिम राहत तथा क्षतिपूर्ति समेत माग गरिएको छ । साथै त्यस्ता व्यक्तिको वारेमा खोजविन गरी उपचार दिन कानूनी एवं व्यवस्थापिकीय पक्षहरुमा सुधारहरु ल्याउन विपक्षी नेपाल सरकारको

नाममा निर्देशात्मक आदेश जारी गरी पाउन माग गर्नु भएको छ । यस रोहमा समेत विचार गर्दा निवेदकहरु मध्ये यस अदालतले अनुसन्धान टोली गठन गरी छानविन गरिएको व्यक्तिहरु चक्र बहादुर कटुवाल, राजेन्द्रप्रसाद ढकाल, दिल बहादुर राई र विपिन भण्डारीको हकमा तथा त्यस्तो छानविन गर्न बाँकी रहेका अन्य व्यक्तिहरु समेतका सम्बन्धमा विशेष रुपले व्यवस्था गर्नु वाञ्छनीय भएकोले निवेदकहरुका मागका सम्बन्धमा निम्न बमोजिमको व्यवस्था गरी सम्बोधन गर्नु भनी विपक्षी नेपाल सरकारको नाममा निम्न आदेश जारी हुने ठहर्छ :

(क) निवेदनमा बेपत्ता गरिएका भनिएका मध्ये चक्र बहादुर कटुवाल, राजेन्द्रप्रसाद ढकाल, दिल बहादुर राई र विपिन भण्डारीका सम्बन्धमा यस अदालतले गठन गरेको बन्दी अनुसन्धान टोलीको छानविनबाट निजहरु मध्ये चक्र बहादुर कटुवालको हिराशतमा यातनाको कारणबाट मरेको भन्ने र अन्यको हकमा माथि उल्लेख भए झै सुरक्षा निकायमा पक्राउ गरी लगिएको सम्म स्थिति बुझिन आएको र तदुपरान्तको स्थिति अद्यापि अस्पष्ट देखिन आएको छ । यसरी हिरासतमा मृत्यु हुन गएको चक्रबहादुर कटुवालको हकमा निजको मृत्यु सम्बन्धमा अब प्रचलित कानून बमोजिम अपराध अनुसन्धान गरी अभियोगको उचित प्रकृया अवलम्बन गर्नुपर्ने देखिएकोले तत्काल त्यस प्रकृयामा कुनै रुपमा संलग्न भएका निकाय, पदाधिकारी वा कर्मचारी र सो प्रकृयामा साथ दिने अन्य सम्बन्धित व्यक्तिको हकमा अपराध अनुसन्धान गरी मुद्दा चलाउने, र सम्बन्धित कार्यालय प्रमुख तथा कर्मचारी लगायतलाई विभागीय कारवाही र सँजायको प्रकृया चलाई टुङ्गो लगाई दिनु भनी विपक्षी गृहमन्त्रालय तथा नेपाल सरकारको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ । सो कार्यान्वयनको सिलसिलामा आवश्यक र सम्बन्धित देखिन आउने सम्बन्धित निकाय वा सो अन्तर्गत काम गर्ने कर्मचारीहरुलाई आवश्यक निर्देशन दिन समेत यो आदेश जारी गरी दिएको छ ।

न्यायिक अनुसन्धान टोलीले सुरक्षा वलले पक्राउ गरी लगेको तर हाल सम्म स्थिति अज्ञात रहेको भनी पहिचान गरिएका राजेन्द्र ढकाल, विपिन भण्डारी र दिल बहादुर राईको हकमा पनि सो प्रकृयामा संलग्न पदाधिकारी वा व्यक्तिहरुको हकमा पूरा गर्नुपर्ने थप अनुसन्धान पूरा गरी कानून बमोजिम मुद्दा चलाई पीडितलाई न्याय दिनु पर्ने स्थिति देखिन आएको छ । तर सो बमोजिम तत्काल मुद्दा चलाउनलाई बेपत्ता पार्ने कार्य अपराधको रुपमा परिभाषित गर्ने, तथा सजाय तोक्ने र क्षतिपूर्ति लगायतको पर्याप्त व्यवस्था सुनिश्चित नगरीकन प्रचलित कानून अन्तर्गत नै समाधान खोज्ने हो भने पूर्ण रुपमा न्याय प्राप्त गर्नसक्ने सम्भावना नदेखिएको हुनाले निजहरुको हकमा प्रकरण ख बमोजिमको कानून निर्माण भएपछि यस अदालतबाट गठित बन्दी अनुसन्धान कार्यटोलीको प्रतिवेदनको आधारमा आवश्यकता अनुसार जो चाहिने थप अनुसन्धान पूरा गरी बेपत्ता पार्ने कार्य गर्न जिम्मेवार देखिएका तत्कालीन सम्बन्धित सुरक्षा निकायका प्रमुख तथा अन्य कर्मचारीहरु उपर समेत मुद्दा चलाउने र सम्बन्धी व्यक्ति तथा पीडित परिवारलाई कानून बमोजिमको क्षतिपूर्ति दिने लगायतको व्यवस्था गर्नु भनी विपक्षीका नाममा आदेश जारी गरिएको छ ।

साथै निजहरुलाई सुरक्षा वलले पक्राउ गरी एक विन्दु सम्म पुऱ्याएको भन्ने भन्ने बन्दी अनुसन्धान कार्यटोलीको निष्कर्ष रहेको र तदोपरान्त निजहरुको स्थिति अज्ञात देखिएकोले पक्राउ गरी पछि अज्ञात अवस्थामा पुऱ्याउने कार्यमा संलग्न सम्बन्धित निकायका प्रमुख तथा अन्य कर्मचारीहरुलाई यथास्थितिमा गैर जिम्मेवार रुपमा दण्डहीन रुपमा छाडी राख्न मनासिव नहुने हुनाले निजहरुका हकमा तत्कालै विभागीय कारवाही एवं संजाय गर्नुपर्ने देखिएको बन्दी अनुसन्धानको कार्यटोलीको प्रतिवेदनले पहिचान गरेका व्यक्ति तथा थप जाँचबुझबाट जिम्मेवार देखिन आएका अन्य कर्मचारी समेतलाई विभागीय कारवाही गरी सजायँ

समेत गर्नु भनी विपक्षी नेपाल सरकार तथा गृहमन्त्रालय समेतका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ ।

(ख) यस अदालतबाट न्यायिक छानविन गर्न बाँकी रहेको निवेदक लेखनाथ न्यौपाने समेत भएको परमादेशको आदेश जारी गरी पाउँ भन्ने मुद्दा र अन्य बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी पाउँ भन्ने मुद्दामा उल्लेखित थप अनुसन्धान हुनुपर्ने अवस्था बाँकी रहेको र त्यस्तै अवस्थाका बेपत्ता पारिएका भनी उजुरी पर्नसक्ने अन्य व्यक्तिहरुको हकमा समेत निवेदकहरुले विशेष व्यवस्थाहरुको माग गर्नु भएको सम्बन्धमा यस अदालतले विचार गरेको छ ।

४८. बेपत्ता पारिएको भनेका व्यक्तिहरुका हकमा प्राप्त लिखित जवाफले निजहरुको स्थिति एकिन गर्न मद्दत नगरेको र औपचारिक अनुसन्धान कतैबाट भए गरेको पनि नदेखिएकोले अनुसन्धान नै बाँकी रहेको स्थितिमा निश्चित राय बनाउन सहज भएन । त्यसमा पनि बेपत्ता पारिएको भनेको व्यक्तिहरु र तिनको परिवारजनलाई पर्न गएको असरलाई विशेष रुपले सम्बोधन गर्ने गरी कानूनी, संरचनात्मक तथा उपचारात्मक व्यवस्थाहरु नै पर्याप्त नरहेको अवस्थामा भै रहेको कानूनी व्यवस्थाले समस्याहरुलाई सम्बोधन गर्नसक्ने सम्भावना पनि देखिन आएन । तसर्थ निम्न बमोजिमको व्यवस्था गरी निजहरुको समस्यालाई सम्बोधन गर्न विपक्षी नेपाल सरकारलाई निर्देशनात्मक आदेश जारी गरिएको छ ।

(१) द्वन्द्वको क्रममा भएको व्यापक प्रकृतिको बेपत्ता पारिएको घटनाहरु र अन्य अवस्थामा पनि बेपत्ता पारिएका अवस्थामा पक्रने, थुन्ने, बन्धक राख्ने, थुन्दाको वापतमा अपनाउनु पर्ने सतर्कता र व्यवस्था पीडित व्यक्ति तथा निजका परिवारजनको अधिकार, निजहरुले प्राप्त गर्नसक्ने उपचार, निजहरुका सम्बन्धमा गरिने प्रभावकारी अनुसन्धान जस्ता विषयहरुमा सम्बोधन गरिएको हामीकहां कानूनकै अभाव देखियो । सार्वजनिक महत्वको कुनै प्रश्नमा जाँचबुझ गर्ने ऐन सम्मको व्यवस्था भए पनि बेपत्ता पारिएका व्यक्तिहरुका सन्दर्भमा सो प्रयोजनका लागि जाँचबुझ गर्न वनेको ऐन नै नहुनाले त्यस्तो ऐन विना वास्तविक, व्यवहारिक र प्रभावकारी जाँचबुझ हुन नसक्ने देखियो । साथै विद्यमान फौज्दारी कानून भित्र पनि यससँग सम्बन्धित प्रश्नहरुलाई सम्बोधन गर्ने कानूनी र संरचनात्मक व्यवस्था गरिएको पाइएन । तसर्थ यो समस्याको प्रभावकारी सम्बोधन गर्नको लागि बेपत्ता पार्ने कार्यलाई कसूर कायम गर्ने, बलपूर्वक बेपत्ता पारिएको कुरालाई बेपत्ता पारिएकाहरु संरक्षण सम्बन्धी महासन्धि २००६ मा समावेश गरिएको परिभाषा अनुरुप परिभाषित गर्ने, थुनुवाको अधिकार, थुनामा राख्नेको दायित्व, थुनामा राख्ने ठाउँको किटान र थुनामा रहनेसँग निजको वकिल र परिवारजनको सम्बन्ध र पहुँचको व्यवस्था, थुनुवालाई थुनाको कारणको सूचनाको हक, थुनुवाका न्यायिक उपचारको हकको व्यवस्था, गैरकानूनी थुनामा राखेको अवस्थाको थुनुवा तथा निजलाई थुनामा राखिएबाट वा बेपत्ता पारिएबाट पीडित भएका सम्बन्धित व्यक्ति तथा परिवारको क्षतिपूर्ति लगायतको उपचारको हक, अनुसन्धान प्रकृया लाई प्रभावहीन हुन नपाउने गरी लचिलो हदम्याद सम्बन्धी व्यवस्था, गैरकानूनी थुनामा राखेको वा बेपत्ता गऱ्यो भन्ने सम्बन्धी उजुरी सुन्ने निकाय र तिन्को उत्तरदायित्व, थुनामा राख्दा थुनुवाको प्रयोजनको लागि औपचारिक बन्दीगृहको व्यवस्था गरी त्यस्तोमा मात्रै थुनामा राख्ने, थुनामा राख्दा मानवीय व्यवहार गर्ने, थुनुवाको लागि थुनामा राख्दाको समय, अवस्था, थुनामा राख्न आदेश दिने अधिकारीको नाम नामेसी र

ठेगाना लगायतका प्रासङ्गिक विवरणहरु र थुना हस्तान्तरण गर्दा पनि तदनुरुपको व्यवस्था गर्नुपर्ने दायित्व, थुनुवाका सबै अवस्थाबारे परिवारजनले थाहा पाउने अधिकार र सो सहज साध्य गर्ने प्रकृयाको विकास, थुनाबाट मुक्त गर्दा पनि वास्तवमा मुक्ति पाएको स्थिति झल्किने शर्तहरुको व्यवस्था र निजको शारीरिक एवं मानसिक अवस्थाको अभिलेख राख्ने जस्ता व्यवस्थाहरु समेटिएको कानूनको निर्माण प्राथमिकताको साथ गर्नुपर्ने आवश्यकता महशुस भएको छ । बेपत्ता पार्ने कार्यमा संलग्न भई मुद्दा चलाईएको अवस्थामा वा सजायँ तोकिएका व्यक्तिहरुलाई माफी दिन नमिल्ने जस्ता अर्न्तराष्ट्रिय मापदण्डको सम्बन्धमा पनि ध्यानाकर्षण गरी उचित व्यवस्था गर्नु उत्तिकै महत्वपूर्ण छ । यस प्रयोजनको लागि वलपूर्वक बेपत्ता पारिएका सबै व्यक्तिहरुका संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (International convention for the Protection of all Person from Enforced Disappearance) लाई मार्गनिर्देशकको रुपमा ग्रहण गर्न वाञ्छनीय हुन्छ ।

(२) उपरोक्त बमोजिम वलपूर्वक बेपत्ता बनाइएका व्यक्तिहरुको संरक्षण सम्बन्धी ऐन कार्यान्वयनको लागि सोही ऐनमा वा छुट्टै रुपमा त्यस्ता वलपूर्वक बेपत्ता बनाइएका व्यक्तिहरुका सम्बन्धमा छुट्टै जाँचबुझ आयोग गठन गर्ने व्यवस्था समेत समावेश गर्न वाञ्छनीय हुन्छ । यस किसिमको समस्याको जाँचबुझ गर्न छुट्टै अधिकार, शीप र प्रकृयाको आवश्यकता हुने हुनाले संयुक्त राष्ट्रसंघको मानव अधिकार उच्चायुक्तको कार्यालयको तत्वावधानमा विकसित वलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरुका सम्बन्धमा जाँचबुझ गर्ने आयोगका आधारहरु (Criteria for Commission on Enforced Disappearance) लाई मार्ग निर्देशकको रुपमा शर्तहरु किटान गर्न उपयुक्त हुने देखिन्छ ।

यस अन्तर्गत अन्य कुराका अतिरिक्त प्रस्तुत विषयसँग सम्बन्धित सबै घटनाहरुको जाँचबुझ गर्ने, आयोगको कार्यक्षेत्र स्पष्ट गर्ने, त्यस्तो जाँचबुझले अदालतको प्रतिस्थापन नगर्ने, आयोगमा मनोनित व्यक्ति सो कामको लागि उपयुक्त र दक्ष हुनुपर्ने, निजहरु स्वतन्त्र र निष्पक्ष हुनुपर्ने, सो को लागि आवश्यक सेवाशर्त र सुविधाको व्यवस्था गर्नुपर्ने, त्यसमा महिला वा अन्य जाती वा समुदायको प्रतिनिधित्व हुनुपर्ने, आयोगको काम कर्तव्य र अधिकार ऐनमा नै तोकिनु पर्ने, समस्याका प्रकृति अनुसार कुनै पनि स्रोतबाट प्राप्त जानकारीको आधारमा जाँचबुझ गर्नसक्ने, स्थिति स्पष्ट नभए सम्म जाँचबुझ निरन्तर गर्नुपर्ने व्यवस्था, जाँचबुझको लागि महत्वपूर्ण पीडित, साक्षी, उजुरवाला, वकिल र अनुसन्धानकर्ता सबैलाई अनुसन्धानमा सहयोगी बनिरहनको लागि निजहरुको सुरक्षाको व्यवस्था गर्ने, पीडितहरुले आफ्नो सरोकार र भनाई राख्न पाउने अधिकार र अबसरको व्यवस्था, निजहरुको भनाई गोप्य राख्न सकिने व्यवस्था गर्न जरुरी हुन्छ भने त्यस्ता आयोगलाई आवश्यक ठाउँ, कार्यालय आदिको निरीक्षण गर्ने, बुझ्नपर्ने देखिएका व्यक्तिहरु बुझ्ने लगायतका सबै अधिकार दिन आवश्यक हुन्छ । त्यस्ता आयोगलाई आफ्नो तोकिएको कार्यसम्पन्न गर्न आवश्यक स्रोत साधन उपलब्ध गराउने व्यवस्था पनि सुनिश्चित गर्न जरुरी हुन्छ । यी सबै कुराहरु विधि निर्माणको क्रममा विचार गरिन वाञ्छनीय हुन्छ ।

कानून बनाउने कुरामा सार्वभौम नेपाली जनताले सुम्पेको विधायिकी अधिकार अन्तर्गत बुद्धिमानी पूर्वक विधिनिर्माण गर्ने सिलसिलामा उपरोक्त कुराहरुलाई वाञ्छित स्थान दिएमा यस किसिमको समस्या भोगेका जनता कुनै न कुनै हद सम्म लाभान्वित हुनसक्ने आशा गर्न सकिन्छ ।

(ग) यसरी बेपत्ता पारिएका व्यक्तिहरुको संरक्षण सम्बन्धी ऐन, तिनीहरुलाई बेपत्ता पारिएको कारण र अवस्थावारे जाँचबुझ आयोगको व्यवस्था कानूनबाटै गरी व्यापक रुपमा छानविन गर्न अधिकार सम्पन्न उपयुक्त आयोग गठन गरी निवेदनमा उल्लेखित व्यक्तिहरुको हकमा छानविन गरी प्रतिवेदन प्रस्तुत गर्न लगाउने र सो आधारमा फौज्दारी अनुसन्धान पूरा गरी आवश्यकता र उपयुक्तता अनुसार सम्बन्धित व्यक्तिको हकमा अभियोजन लगायतको निर्णय गर्नु गराउनु भनी विपक्षी नेपाल सरकार, तथा गृहमन्त्रालय तथा महान्यायाधिवक्ताको कार्यालयको नाममा निर्देशात्मक आदेश जारी गरिदिएको छ।

(घ) उपरोक्तानुसार सम्बन्धित कानून बनाउने, जाँचबुझ आयोग गठन गर्ने, त्यसबाट प्रतिवेदन लिने र सो आधारमा अभियोजन गर्ने सम्मका काम गर्दाको चरणहरु पार गर्दा लामो समय लाग्ने कुरा निश्चित छ। तर समस्याको जटिलता र छिटो समाधान गर्नुपर्ने अनिवार्यतालाई विचार गरी यसलाई कार्यपालिका एवं विधायिकाले अति प्राथमिकता दिएमा मात्रै यस समस्या समाधान गर्नमा सघाउ पुग्ने देखिन्छ। बेपत्ता पारिएका व्यक्तिहरुलाई संरक्षण गर्नु र न्याय दिलाई दिनु राज्यको सम्पूर्ण अङ्गको उत्तरदायित्व रहने हुनाले जिम्मेवार अङ्गसँग संविधानसम्मत कार्यमा सकारात्मक भूमिकाको आशा एवं विश्वास गर्नु प्रस्तुत मुद्दाको रोहमा स्वाभाविक र वैध अपेक्षा हो भन्ने हामीलाई लागेको छ। यस क्रममा नेपाल सरकारले कानून निर्माणको प्रकृयामा विशेष पहल गर्नु जरुरी देखिन आउँछ।

उपरोक्त चरणहरु पूरा गरेर मात्रै निवेदनमा उल्लेखित व्यक्तिहरु र तिनीहरुको परिवारले न्यायको अनुभूति लिनसक्ने हुनाले वाञ्छित प्राथमिकताको साथ यस सम्बन्धी कारवाही अघि बढाउन अनिवार्य देखिन आएको छ।

(ङ) माथि प्रकरण (घ) मा उल्लेख भए झैं यस मुद्दामा निवेदकहरुले लामो समय देखि ( कतिपय ०५५ साल देखि) अदालतबाट विभिन्न किसिमको उपचार मागी प्रतिक्षारत अवस्थामा बसेको पाइन्छ भने माथि उल्लेख गरिएको प्रकृया पूरा गरी प्रभावकारी उपचारको लागि अझै केही समय लाग्ने देखिएको छ। बेपत्ता भएको कारणले सम्बन्धित व्यक्तिले भोगेको असरको अतिरिक्त परिवारजन बेपत्ता भएको कारणले परिवारले विभिन्न सामाजिक आर्थिक एवं मानसिक क्षति निरन्तर रुपमा भोग्न परिरहेको हुन्छ। बेपत्ता भएको मानिसको खोजवीन गर्नको लागि लाग्ने समय, श्रम र व्यय अनि सो सिलसिलामा आफूले गुमाएको शान्ति र व्यहोरेको भार साथै बेपत्ता पारिएको भनेको व्यक्तिको अनुपस्थितिले श्रम उत्पादकत्व तथा सुरक्षा लगायतमा परेको असरको मूल्याङ्कन गरियो भने यसको दूरगामी सामाजिक तथा आर्थिक परिणामहरु देखिन आउछन्। राज्यले एकातिर बेपत्ता पारिएको भनिएका व्यक्तिहरुको स्थिति सार्वजनिक गर्न नसकेको र अर्को तिर परिवारजनले सो सिलसिलामा निरन्तर क्षति र दायित्व व्यहोर्नु परिरहेको हुँदा बेपत्ता पारिएको भनेको व्यक्तिहरुको स्थिति निर्णायक रुपमा स्पष्ट नभए सम्म यसबाट सिर्जित पीडा निरन्तर हुने हुनाले यसको सम्बोधन पनि कुनै रुपमा गर्न अनिवार्य देखिन्छ।

४९. उपरोक्त उल्लेख भए अनुसार ऐन बनाई कार्यान्वयन गराउने सिलसिलामा अन्तिम रुपमा नतिजा हासिल भै जो स्थिति स्पष्ट हुन्छ, सोबाट नै निवेदकहरुको मागको सम्बन्धमा यथोचित रुपमा सम्बोधन हुनसक्ने देखिन्छ। अर्को शब्दमा सम्बन्धित व्यक्तिको स्थिति प्रष्ट भई दोषी समेत किटान भएमा निजहरुले कानूनले निर्धारित दण्ड प्राप्त गर्ने तथा कानून बमोजिम क्षतिपूर्तिको व्यवस्था

भएमा सोही बमोजिम पीडितले सो प्राप्त गर्ने अवस्था त्यही प्रकृयामा निर्धारित हुनसक्ने देखिन्छ । तथापि त्यतिञ्जेल आफ्नो मानिस खोजी बसेका परिवारजनले न्यायको यो लामो बाटो तय गर्नको लागि आफ्नो मात्रै सीमित साधन र बेचैन अवस्थाले सम्भव देखिन आउंदैन । स्वजनको खोजी गर्ने यो प्रकृयामा निराश भै न्यायको बाटोबाटै पलायन हुनबाट बचाउन, आफ्नो स्वजन खोजी गर्ने वैधानिक मार्ग अवलम्बन गर्न सहयोग र समर्थन दिन र आंशिक रुपमा भए पनि तत्कालिक राहतको रुपमा कुनै सहयोग दिनुपर्ने कुरामा यो इजलाश विश्वस्त छ ।

५०. बन्दीको यथार्थ अवस्था स्पष्ट नभएको अवस्थामा दण्ड वा क्षतिपूर्ति जस्तो खास कानूनी उपचार दिन सम्भव नभए पनि पछि अनुसन्धानबाट पत्ता लाग्न आई कानून बमोजिम दिइने उपचारको मात्रा र किसिमको समेत कुनै गणना वा असर नहुने गरी हाललाई पीडित परिवारलाई न्यायमा पहुँच खोज्दा व्यहोर्नु परेको दायित्व वहन गर्न सघाउने सीमित उद्देश्यले यो मुद्दाको निर्णय गर्दाको अवस्था विचार गरी सांकेतिक रुपमा भएपनि अनुदान स्वरुप राहत दिनु वाञ्छनीय देखिन आएको छ ।

५१. जीवनको सुरक्षा र स्वतन्त्रताको अधिकार उलङ्घनको घटनालाई कुनै मौद्रिक वा आर्थिक रुपमा क्षतिपूर्ति हुनसक्ने अवस्था नै रहन्न । त्यसो भए पनि पीडितको परिवारलाई किन्चित भए पनि सहयोग गर्न राज्यको उत्तरदायित्व भएको र अधिकारहरु उपचारको प्रभावकारी व्यवस्था विना अर्थहीन हुने हुनाले उपचार खोज्ने पीडितको परिवारको हकलाई सम्मान गर्न पनि अन्तरिम प्रकृतिको तात्कालिक राहत स्वरुप सहायता दिनुपर्ने आवश्यकतालाई यो इजलासले हार्दिक रुपमा हृदयङ्गम गरेको छ ।

५२. सो सिलसिलामा माथि प्रकरण १ मा उल्लेखित यस अदालतको आदेशबाट गठित कार्यटोलीको अनुसन्धानबाट समेत मृत्यु भै सकेको पुष्टि भएको भनिएका व्यक्ति चक्र बहादुर कटुवालको हकमा तात्कालिक राहतको रुपमा तिनको नजिकको हकवालालाई र अन्य मृत घोषित भएका परिवारलाई जनही २ लाख रुपैया क्षतिपूर्ति दिने, यस अदालतको अनुसन्धान टोलीबाट छानविन गरी सकिएको सुरक्षाकर्मीले पक्राउ गरि बेपत्ता पारिएको निष्कर्ष निकालिएको राजेन्द्रप्रसाद ढकाल, विपिन भण्डारी र दिल बहादुर राईको हकमा जनही एक लाख पचास हजार र बाँकी निवेदनमा उल्लेखित स्थिति प्रष्ट नभएका व्यक्तिहरुको हकमा जनही १ लाख रुपैया तात्कालिक राहत स्वरुप अविलम्ब उपलब्ध गराइ दिनु भनी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको नाममा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०० र १०७(२) अनुसार यो आदेश जारी गरिदिएको छ ।

५३. साथै माथि विभिन्न प्रकरणमा उल्लेखित कुराहरुमा प्रतिकूल असर नपर्ने गरी हाल सम्मको पीडितहरुको अवस्था र यस पछि पनि बेपत्ता भएका कारणले निरन्तर भोग्नु परेको क्षति र असुविधालाई विचार गरी आर्थिक शैक्षिक रोजगारी लगायतको विभिन्न पक्षहरु विचार गरी उपयुक्त राहत कार्यक्रम तर्जुमा गरी लागु गर्नु भनी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरी दिएको छ ।

५४. आदेशको कार्यान्वयनको लागि यो आदेशको सूचना महान्यायाधिवक्ताको कार्यालय मार्फत नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई दिनु ।

५५. आज निर्णय सुनाइएका निवेदनहरुको कारवाही तथा निष्कर्षमा पुग्ने क्रममा आफूले गरेको अनुसन्धान विवरण उपलब्ध गराई सहयोग गर्ने राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्र संघीय मानव अधिकारको उच्चायुक्तको कार्यालय, सर्वोच्च अदालत बन्दी अनुसन्धान कार्यटोली र संलग्न हुनु भएका माननीय लोकेन्द्र मल्लिक, सह न्यायाधिवक्ता सरोज गौतम र अधिवक्ता गोविन्द बन्दी तथा अदालतको सहयोगीको रुपमा कानून व्यवसायीहरु पठाई सहयोग गर्ने नेपाल बार एसोसिएसन र सर्वोच्च अदालत बार इकाइ, बहसमा उपस्थित हुनु भएका कानून व्यवसायीहरु, प्रस्तुत विषयमा अनुसन्धान गरी विशेष रुपले सहयोग गर्ने यस अदालतका उपसचिवहरु प्रकाश खरेल र नहकुल सुवेदीलाई र निवेदनको कारवाहीका क्रममा सहयोग पुऱ्याउने निकाय तथा महानुभावहरुलाई यो इजलास विशेष धन्यवाद दिन चाहन्छ।

उक्त रायमा म सहमत छु।

न्या. खिलराज रेग्मी

इति संवत् २०६४ साल जेठ १८ गते रोज ६ शुभम्।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री अनुपराज शर्मा
माननीय न्यायाधीश श्री रामकुमार प्रसाद शाह

सम्वत् २०६४ सालको रिट नं. ००२२

आदेश मितिः २०६४।१२।७५

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदक : वाग्लुङ्ग जिल्ला, बुर्तिवाङ्ग गा.वि.स. वडा नं. १ बस्ने राजेन्द्र शेरचन र ऐ वोवाङ्ग गा.वि.स. वडा नं. ८ बस्ने इमान बहादुर घर्ति मगर समेतको हकमा अधिवक्ता दिनेश प्रसाद शर्मा

विरुद्ध

विपक्षी : जिल्ला प्रशासन कार्यालय, काठमाडौं समेत

- **घरमा हातहतियार सहित डाँका चोरी उद्योग गरेकोमा तत्काल हात हतियार खरखजाना तर्फ समेत सोही बखतमा अनुसन्धान गरी अभियोग पत्र दायर गर्नुपर्नेमा अदालतको फैसला बमोजिम सजाय भुक्तान गरे पछि एउटै घटनाबाट उठेको जरियाको सम्बन्धमा सबै भन्दा ठूलो कलममा सजाय हुने कानूनी व्यवस्था रहेकोमा सोही बखतमा मुद्दा नचलाई हाल आएर पक्राउ गरी अनुसन्धानको लागि निवेदकहरुलाई विपक्षीबाट थुनामा राख्ने कार्यलाई प्रवृत्त हुनुको साथै सो कार्य कदापि कानून र न्यायसङ्गत भन्न मिल्ने अवस्था देखिन नआउने ।**

आदेश

- न्या. अनुपराज शर्मा

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२।१०७(२) बमोजिम यस अदालतमा दर्ता भै इजलास समक्ष पेश हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार रहेको छः-

भीम बहादुर के.सी.को जाहेरीले नेपाल सरकार वादी विरुद्ध प्रतिवादीहरु राजेन्द्र शेरचन र इमान बहादुर घर्ति मगर समेत भएको डाँका मुद्दामा विपक्षीहरुबाट अनुसन्धान गरी ६ जना प्रतिवादीहरु उपर २०६२।१०।६ मा काठमाडौं जिल्ला अदालतमा अभियोग पत्र दायर गरिएको थियो । उक्त अभियोग पत्रमा निवेदकहरु उपर हात हतियार खरखजाना सम्बन्धी मुद्दा समेत दायर गर्नुपर्ने हुँदा जिल्ला प्रहरी कार्यालय काठमाडौंमा फिर्ता पठाई पाऊँन अनुरोध समेत गरिएको रहेछ । अदालतको मिति २०६२।१०।७ को आदेशानुसार निवेदकहरु पुर्पक्षको लागि थुनामा रही आएकोमा काठमाडौं जिल्ला अदालतबाट राजेन्द्र शेरचन र इमान बहादुर घर्ति मगर कसूरदार ठहरी मिति २०६४।९।११ मा फैसला भयो ।

अदालतको फैसला बमोजिम थुनामा रहेका राजेन्द्र शेरचन र इमान बहादुर घर्ति मगर कारागार ऐन अनुसार २०६४।११।९ गते थुनामुक्त भएकोमा कारागार शाखाको गेट बाहिर निस्कन लाग्दा प्रहरीले पक्राउ गरी तपाईहरु महानगरिय प्रहरी परिसरमा हाजिर हुनुपर्छ भनी पक्राउ गरी जिल्ला सरकारी वकिल

कार्यालय, काठमाडौंबाट २०६४।११।१० मा म्याद थप समेत गरी गैरकानूनी ढँगले थुनामा राखी आफन्तहरुलाई समेत भेटघाट गर्नबाट वञ्चित गरेकोले निजहरुको हकमा कानून व्यवसायीको हैसियतले सम्मानित अदालत समक्ष प्रस्तुत निवेदन साथ उपस्थित भएको छु ।

अभियोजन पक्षबाट २०६२।९।१० बाट आफ्नो कब्जामा लिई डाँका मुद्दा दायर गर्दा नै अन्य मुद्दा चलाउने आशयको अभियोग दायर भएपछि मुद्दाको अनुसन्धान र अभियोग नै दायर नगरी मुद्दाको रुप हेरी थुनामुक्त हुने वित्तिकै थुनामा राख्ने र म्याद थप गर्ने समेतको कार्य गैरकानूनी छ । सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १५ ले कुनै पनि व्यक्तिलाई गिरफ्तार गरी सकेपछि बढीमा २५ दिन सम्म थुनामा राखी तहकिकात र अनुसन्धान गरी अभियोग दायर गर्नुपर्नेमा २ वर्ष भन्दा बढी समय व्यतीत गरी मुद्दाको अनुसन्धानको क्रममा २०६४।११।९ देखि थुनामा राख्ने कार्य गैरकानूनी भएकोले विपक्षीहरुको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निवेदकहरुलाई थुनामुक्त गरी पाऊँ भन्ने समेत व्यहोराको निवेदन ।

यसमा के, कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएको मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र लिखित जवाफ लिई उपस्थित हुन विपक्षीहरुलाई सूचना दिई नियम बमोजिम पेश गर्नु भन्ने यस अदालतको मिति २०६४।११।१४ को आदेश ।

विपक्षी निवेदकहरुलाई २०६२।१०।७ गते पुर्पक्षको लागि थुनामा राखेकोमा सोही बखत नै निवेदकहरुलाई अर्को मुद्दामा पुनः अनुसन्धान हुन्छ भन्ने कुराको जानकारी थियो । सोही बखत आफूहरु उपर लगाइएको अर्को मुद्दामा समेत अनुसन्धान होस भनी निवेदकहरुको सम्बन्धित निकायमा निवेदन नदिई हाल आएर डाँका उद्योग मुद्दामा प्रयोग गरेको हात हतियारको सम्बन्धमा अनुसन्धान कार्य बाँकी रहेको हुँदा निजहरुलाई पक्राउ गरी सम्बन्धित निकायबाट थुनामा राख्ने अनुमति लिई अनुसन्धान कार्य भै रहेको हुँदा झुट्ठा व्यहोराको निवेदन खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंको लिखित जवाफ ।

प्रहरी प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी इमान बहादुर घर्ति मगर समेत भएको हात हतियार खरखजाना मुद्दामा निवेदकहरुलाई सम्बन्धित निकायको अनुमति लिई हिरासतमा राखी अनुसन्धान कार्य भै रहेकोले गैरकानूनी ढङ्गले थुनामा राखेको भन्ने निवेदन झुट्ठा हुँदा खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको महानगरीय प्रहरी परिसर हनुमानढोकाको लिखित जवाफ ।

यसमा यस अदालतमा राजेन्द्र शेरचन र इमान बहादुर घर्ति मगरको जिल्ला प्रशासन कार्यालय, काठमाडौं, महानगरीय प्रहरी परिसर, काठमाडौं र जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंलाई विपक्षी बनाई बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी पाऊँ भनी परेको निवेदनमा यस अदालतबाट विपक्षीहरुको नाउँमा कारण देखाउ आदेश जारी भै जिल्ला प्रशासन कार्यालय, काठमाडौंको नाउँमा २०६४।११।१६ मा म्याद तामेल भएकोमा तामेली म्याद भित्र बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनु नपर्ने कुनै कारण पेश हुन आएन । गैरकानूनी पक्राउ एवं गैरकानूनी थुना विरुद्धको हक संविधानद्वारा संरक्षित मानव अधिकार सम्बन्धी हक भएको र व्यक्तिको त्यस्तो हक संरक्षण गरी न्याय प्रदान गर्ने कार्यमा सम्बन्धित सबैको सहयोग हुनुपर्नेमा जिल्ला प्रशासन कार्यालय, काठमाडौंको तर्फबाट लिखित जवाफ पेश हुन नआएबाट न्याय प्रशासनको कार्यमा असहयोग गरेको देखिन आएबाट सर्वोच्च अदालत ऐन, २०४८ को दफा ७ बमोजिम अदालतको अवहेलनामा किन कारवाही हुनु नपर्ने हो ? जिल्ला प्रशासन कार्यालय काठमाडौंको प्रमुख जिल्ला अधिकारीबाट लिखित जवाफ लिई यो आदेश प्राप्त भएका मितिले बाटाको म्याद बाहेक ३ दिन भित्र उपस्थित हुनु भनी म्याद पठाउनु ।

निवेदक राजेन्द्र शेरचन र इमान बहादुर घर्ति मगर उपर डाँका उद्योग मुद्दा २०६२।१०।६ मा दायर भएको, तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(६) र सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १५(४) बमोजिम २५ दिन अदालतको अनुमतिबाट अनुसन्धानको क्रममा थुनामा राखिएको देखिएको र थुनामा नराखिएको अवस्थामा पनि मुद्दा चलाउन पर्ने भए चलाउन सकिने नै अवस्था हुँदा हाल वादीलाई हाजिर जमानीमा छाड्नु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३३ बमोजिम विशेष आदेश जारी गरिदिएको छ भन्ने व्यहोराको यस अदालतको मिति २०६४।१२।१ को आदेश ।

शुरुमा सम्मानित अदालतबाट जारी भएको म्याद यस कार्यालयमा २०६४।११।१६ मा तामेल भै फाँटवालाले रेकर्डमा जनाई राखेको देखिन्छ । २०६४।१२।२८ गते हुने संविधान सभाको चुनाव र प्रमुख जिल्ला अधिकारीको हैसियतले सहभागी हुनुपर्ने अन्य विभिन्न सुरक्षा लगायत प्रशासनिक काम सम्बन्धी बैठकमा भाग लिई रहनु पर्ने भएकोले पुरै समय कार्यालयमा उपस्थित हुन नसकेको र कार्यालयमा उपस्थित नभएका कारण सम्बन्धित फाँटवालाले पनि समयमा म्याद र सो विषयमा जानकारी गराउन नसकेको कारण अदालतबाट तोकिएको र कानूनले थमाउने पाउने म्याद समेत गुज्रन गएको हुँदा लिखित जवाफ पेश गर्न नसकिएको हो । अदालतको न्याय सम्पादन गर्ने कार्यमा असहयोग गर्ने नियतले बद्नियत राखी लिखित जवाफ पेश नगरेको नभई कार्य व्यस्तताले गर्दा भूलबस लिखित जवाफ पेश हुन नसकेको हुँदा क्षमा याचना गदर्छु भन्ने समेत व्यहोराको प्रमुख जिल्ला अधिकारी जय मुकुन्द खनाल, जिल्ला प्रशासन कार्यालय, काठमाडौंको लिखित जवाफ ।

नियम बमोजिम पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत निवेदनमा निवेदक तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री रजितभक्त प्रधानाङ्ग, श्री गोपाल प्रसाद शर्मा र श्री दिनेश शर्माले सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १५ ले कुनै पनि व्यक्तिलाई गिरफ्तार गरी सकेपछि बढीमा २५ दिनसम्म थुनामा राखी तहकिकात र अनुसन्धान गरी अभियोग लगाउनु पर्नेमा २ वर्ष भन्दा बढी समय व्यतित गरी मुद्दाको अनुसन्धानको नाउँमा थुनामा राख्ने कार्य गैरकानूनी छ । यस्तो गैरकानूनी थुना एवं स्वच्छाचारी थुनालाई मान्यता दिनु कानून विपरीत हुँदा निवेदकलाई थुनामुक्त गरिनु पर्छ भन्ने व्यहोराको वहस प्रस्तुत गर्नु भयो ।

विपक्षी जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंका तर्फबाट उपस्थित विद्वान उप न्यायाधीवक्ता श्री ब्रजेस प्याकुरेलले डाँका उद्योग मुद्दामा निवेदकले प्रयोग गरेको हतियारको सम्बन्धमा अदालतको अनुमतिबाट अनुसन्धानको लागि थुनामा राखिएको हो भन्ने व्यहोराको वहस प्रस्तुत गर्नु भयो ।

विद्वान कानून व्यवसायीहरुले गर्नु भएको वहस समेत सुनि निवेदन सहितको मिसिल अध्ययन गरी हेर्दा निवेदन माग दावी बमोजिमको आदेश जारी गर्न मिल्ने हो, होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

निर्णय तर्फ विचार गर्दा निवेदक इमान बहादुर घर्ति मगर र राजेन्द्र शेरचन समेत उपर मिति २०६२।९।१० गतेका दिन पेस्तोल देखाई छिमेकी मीन बहादुर के.सी.को घरमा डाँका चोरी उद्योगमा मीन बहादुर के.सी.को जाहेरी परी अनुसन्धान तहकिकात पश्चात् काठमाडौं जिल्ला अदालतमा मिति २०६२।१०।६ मा अभियोग पत्र दर्ता भएको देखिन्छ । उक्त अभियोग पत्रमा प्रतिवादीहरु प्रस्तुत मुद्दाबाट छुटी जाने भएमा हात हतियार खर खजाना सम्बन्धी मुद्दामा जिल्ला प्रशासन कार्यालय, काठमाडौं समक्ष पेश गर्न र अबैध रुपमा अमेरिकी डलर लिई हिडें तर्फ कारवाही गर्न राजश्व अनुसन्धान विभागमा समेत पेश गर्न निजहरुलाई जिल्ला प्रहरी कार्यालय, काठमाडौंमा फिर्ता पठाई पाउन अनुरोध गरिएको सम्म पाइन्छ । प्रतिवादीहरुले जाहेरवालाको घरमा डाँका उद्योग गरेकोले प्रतिवादीहरु इमान बहादुर घर्ति मगर र

राजेन्द्र शेरचन समेतलाई चोरीको १, ६ र १७ नं. बमोजिम डाँका उद्योग गरेको ठहरी जनही ३ वर्ष कैद हुने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०६४।९।११ मा फैसला भएको र कारागार कार्यालय, काठमाडौंको मिति २०६४।११।९ को पत्रले प्रतिवादीहरु इमान बहादुर घर्ति मगर र राजेन्द्र शेरचन समेत डाँका चोरी मुद्दामा कैदमा रहेकोमा कारगार व्यवस्थापन विभागको च.नं. ७९४, मिति २०६४।११।८ को पत्र बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६४।११।७ को निर्णयानुसार राष्ट्रिय प्रजातन्त्र दिवस २०६४ साल फाल्गुन ७ गतेको उपलक्ष्यमा ५० प्रतिशत कैद भुक्तान भएका कैदीहरुको कारागार नियमावली, २०२० को नियम २९ बमोजिम बाँकी कैद (सजाँय) माफी मिनाहा दिई कारागारबाट छाडी दिने भनी लेखि आएकोले मिति २०६४।११।९ गते कैदबाट छाडिएको भन्ने मिसिल संलग्न पत्रबाट देखिन आउँछ ।

निवेदकहरु इमान बहादुर घर्ति मगर र राजेन्द्र शेरचन नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६४।११।७ को निर्णय अनुसार प्रजातन्त्र दिवसको उपलक्ष्यमा ५० प्रतिशत कैद भुक्तान भई बाँकी कैद (सजाँय) माफी मिनाह पाई मिति २०६४।११।९ गते छाडिएकोमा महानगरीय प्रहरी परिसर, काठमाडौंबाट हात हतियार खरखजाना अपराधमा अनुसन्धान तहकिकातको सिलसिलामा प्रहरी हिरासतमा राखी मुद्दाको अनुन्धान कार्य गर्नुपर्ने भनी २०६४।११।९ को थुनुवा पूर्जिबाट प्रहरी हिरासतमा राखिएको अबस्थामा प्रस्तुत निवेदन परेको पाइन्छ । विपक्षी महानगरीय प्रहरी परिसर, हनुमानढोका, काठमाडौंको लिखित जवाफ हेर्दा प्रहरीको प्रतिवदनले वादी नेपाल सरकार प्रतिवादी इमान बहादुर घर्ति मगर समेत भएको हात हतियार खरखजाना मुद्दामा कारागार कार्यालय, काठमाडौंको पत्र साथ मिति २०६४।११।९ गते दाखिला हुन आएका विपक्षी राजेन्द्र शेरचन र इमान बहादुर घर्ति मगरलाई मिति २०६४।११।९ गते जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा पेश गरी प्रहरी हिरासतमा राख्ने अनुमति लिई अनुसन्धान कार्य जारी रहेको भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ ।

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १५ बमोजिम "कुनै अपराधको तहकिकातको सिलसिलामा पक्राउ गरिएको र थुनामा राखिएको व्यक्तिको सम्बन्धमा २४ घण्टा भित्र तहकिकात पूरा नहुने भई निजलाई थुनामा राखी तहकिकात जारी राख्नु पर्ने देखिएमा अदालतको अनुमति लिई बढीमा २५ दिनसम्म थुनामा राख्न सकिने" व्यवस्था रहेको छ । निवेदकहरु इमान बहादुर घर्ति मगर र राजेन्द्र शेरचनले मिति २०६२।९।१० गतेका दिन पेस्तोल समेतको हतियार देखाई मीन बहादुर के.सी.को घरमा डाँका चोरीको उद्योग गरेको भनी अनुसन्धान, तहकिकात गरी मिति २०६२।१०।६ मा काठमाडौं जिल्ला अदालतमा डाँका उद्योग मुद्दामा प्रतिवादीहरुलाई सजाँयको माग गरी अभियोग पत्र दर्ता भएको र एउटै घटनामा प्रतिवादीहरुको साथमा हात हतियार समेत फेला परेको सम्बन्धमा हातहतियार खरखजाना मुद्दा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा सोही समयमा दायर नगरी काठमाडौं जिल्ला अदालतमा दायर गरेको डाँकाको अभियोग पत्रमा प्रतिवादीहरु प्रस्तुत मुद्दाबाट छुटी जाने भएमा हातहतियार खरखजाना सम्बन्धी मुद्दामा जिल्ला प्रशासन कार्यालय, काठमाडौं समक्ष पेश गर्न निजहरुलाई जिल्ला प्रहरी कार्यालय काठमाडौंमा फिर्ता पठाई दिन अनुरोध गरेको आधारमा तत्काल अनुसन्धान गरी हात हतियार खर खजाना मुद्दाको अभियोग दायर नगरी काठमाडौं जिल्ला अदालतमा चलेको डाँका उद्योग मुद्दामा प्रतिवादीहरुले ३ वर्ष कैदको सजाँय पाउने ठहरी भएको फैसला अनुसार कानून बमोजिम सजाँय भुक्तान गरे पछि मिति २०६२।९।१० मा जाहेरवाला मीन बहादुर के.सी.को घरमा पेस्तोल सहित डाँका उद्योग गरेकोमा हातहतियार खरखजाना सम्बन्धी अभियोगमा हाल आएर जिल्ला प्रशासन कार्यालय, काठमाडौंको अनुमतिबाट अनुसन्धान तहकिकातको लागि निवेदकहरुलाई थुनामा लिएको कार्यलाई कानून बमोजिम थुनामा राखेको भन्न मिल्ने देखिँदैन ।

मूलुकी ऐन, अ.वं. ४१ नं. अनुसार "एकै मानिसलाई एकै वा धेरै मुद्दाको धेरै कलमको कैद ठेक्नु परेमा जुन कलममा कैदको सबभन्दा ठूलो हद छ सो हद ननाघ्ने गरी एकै वा धेरै मुद्दामा एकै वा धेरै कलममा गरी कैद ठेक्नु पर्छ । त्यसरी कैद ठेकिएकोमा कैद भुक्तान हुन नपाउँदै अर्को कलममा कैद ठेक्नु पर्ने भयो र अघि ठेकिएको जम्मा कैद भन्दा पछि ठेक्नु पर्ने कलमको हद बढी छ भने अघि कैद ठेक्दा थुनामा परेको मिति देखि पछि ठेकिएको कमलको हद ननाघ्ने गरी कैद ठेक्नु पर्छ । अघि ठेकिएको कैद भन्दा पछि ठेक्ने कलमको हद घटी रहेछ भने थप कैद ठेक्नु पर्दैन । फैसला, कैदी पूर्जि, कैद ठेक्ने किताबसम्म खुलाई दिनु पर्छ र पछि ठेकिने कलमको हद घटी भएपनि अघि कैद गर्दा ठूलो कलमको हद नपुगेको रहेछ भने सो नपुग दिन सम्म पछिल्लो कलममा कैद गर्नु पर्छ । धेरै कलमको कैदको हद वरावर हुन आयो भने सो मध्ये एक कलमको कैद ठेक्नु पर्छ । अरु कलमका हकमा फैसला, कैदी पूर्जि, कैद ठेक्ने किताबमा सम्म खुलाउन पर्छ । तर फैसला भइसकेपछि कैद नबस्दै वा थुना कैद बसेको अबस्थामा वा थुना कैदबाट छुटेको वा भागेको अवस्था अर्को कसूर गरेकोमा सो कसूर वापत कानून बमोजिम थप कैद ठेक्नु पर्छ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । निवेदकहरुले मिति २०६२।९।१० गते जाहेरवाला मीन बहादुर के.सी.को घरमा हातहतियार सहित डाँका चोरी उद्योग गरेकोमा तत्काल हात हतियार खरखजाना तर्फ समेत सोही बखतमा अनुसन्धान गरी अभियोग पत्र दायर गर्नुपर्नेमा अदालतको फैसला बमोजिम प्रतिवादीहरुले सजाय भुक्तान गरे पछि एउटै घटनाबाट उठेको जरियाको सम्बन्धमा सबै भन्दा ठूलो कलममा सजाय हुने कानूनी व्यवस्था रहेकोमा सोही बखतमा मुद्दा नचलाई हाल आएर पक्राउ गरी अनुसन्धानको लागि निवेदकहरुलाई विपक्षीबाट थुनामा राख्ने कार्यलाई प्रवृत्त हुनुको साथै सो कार्य कदापि कानून र न्यायसङ्गत भन्न मिल्ने अवस्था देखिन आउँदैन ।

अतः निवेदकहरुलाई गैरकानूनी थुनाबाट मुक्त गर्नु भनी विपक्षीहरुको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिएको छ । आदेशको पूर्ण प्रति तयार हुन समय लाग्ने हुँदा यस अदालतको मिति २०६४।१२।१ गतेको आदेशले निवेदकहरुलाई हाजिर जमानीमा छाडेको देखिंदा निजहरुलाई हाजिर जमानी र थुनामा समेत नराख्नु भनी तत्काल विपक्षीहरुलाई जानकारी समेत दिई सकेको देखिंदा अरु केही गरी रहनु परेन । मिसिल नियमानुसार गरी बुझाई दिनु ।

उक्त रायमा सहमत छु ।

न्या. रामकुमारप्रसाद शाह

इति सम्वत् २०६४ साल चैत्र ७ गते रोज ५ शुभम् ।

## नेपाल कानून समाजका प्रवन्घ समितिका सदस्यहरु

| | |
|---|---|
| श्री कुसुम श्रेष्ठ | अध्यक्ष |
| श्री काशीराज दाहाल | उपाध्यक्ष |
| श्री अनिलकुमार सिन्हा | सचिव |
| श्री सजनराम भण्डारी | कोषाध्यक्ष |
| श्री पुष्पा भुषाल | सह-सचिव |
| श्री कोमल प्रकाश घिमिरे | सदस्य |
| श्री उदय नेपाली श्रेष्ठ | सदस्य |
| श्री तीर्थमान शाक्य | सदस्य |
| श्री कुसुम शाखः | सदस्य |
| श्री सुधीर श्रेष्ठ | सदस्य |
| श्री तुलसी भट्ट | सदस्य |
| श्री कृष्णमान प्रधान | कार्यकारी निर्देशक |

# नेपाल कानून समाजको संक्षिप्त परिचय

नेपाल कानून समाज कानूनी शासन, स्वतन्त्र न्यायपालिका, मानव अधिकार र सुशासनको विकासमा सहयोग पुऱ्याउने उद्देश्यले कानून र न्याय क्षेत्रका विज्ञहरुद्वारा २०३८ सालमा स्थापना गरिएको संस्था हो। न्यायाधीश, कानून व्यवसायी, न्याय र कानूनका क्षेत्रमा कार्यरत व्यक्ति एवं कानूनका प्राध्यापक गरी करिव ३५० जना समाजका सदस्यको रुपमा सक्रिय छन्।

## प्रमुख कार्यक्षेत्रहरु

- स्वतन्त्र न्यायपालिका,
- संवैधानिक विकास,
- कानूनी शासन,
- मानव अधिकार,
- महिला र लैङ्गिक न्याय,
- सुशासन र संसदीय अभ्यास।

## मुख्य उद्देश्यहरु

- कानूनी शासन, मानव अधिकार, स्वतन्त्र न्यायपालिका, संसदीय अभ्यास, सुशासनको विकास, संरक्षण र सम्वर्द्धन गर्ने,
- नीति निर्माण र क्षमता बृद्धि गर्न सहयोग पुऱ्याउने उद्देश्यले अनुसन्धान, तालिम, अन्तरक्रिया, गोष्ठी, सम्मेलनको आयोजना गर्ने,
- जनचेतनामूलक कार्यक्रम गरी सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्ने,
- विभिन्न पुस्तक, प्रतिवेदन, बुलेटिनको प्रकाशन गर्ने।

## रणनीति

- समाजले सरोकारवालाहरुको संलग्नतामा कानूनी शासन, सुशासन, मानव अधिकार, स्वतन्त्र न्यायपालिकाको विकासमा सघाउ पुऱ्याउने रणनीति अवलम्वन गर्दछ,
- समाजले सरकारी, गैरसरकारी तथा स्थानीय तहमा रहेका विभिन्न क्षेत्रहरुसँग साझेदारीमा कार्यक्रम सञ्चालन गर्दै आएको छ। विशेषगरी न्यायपालिकामा अर्धन्यायिक निकायहरु, स्थानीय निकायसँग समन्वय गरी क्षमता अभिबृद्धिको कार्यक्रम सञ्चालन गर्दै आएको छ। समाजले मुलुकका विभिन्न क्षेत्रमा अनुसन्धान, गोष्ठी, अन्तरक्रिया, तालिम गरी विभिन्न प्रतिवेदन र पुस्तकहरु प्रकाशित गरेको छ। समाजले मुलुकका सबै जिल्लाहरुमा कार्यक्रम सहज रुपमा सञ्चालन गर्न, समाजका सदस्यहरु, सम्पर्क व्यक्ति, स्थानीय संघसंस्थाहरुसँग सम्वन्धन राखेको छ।

नेपाल कानून समाज International Bar Association को सक्रिय सदस्य र International Commission of Jurists सँग आवद्ध भई सक्रिय रुपमा कार्य गर्दै आएको छ।